## कर्णाली प्रदेश सभा

# चौथो अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण




कर्णाली प्रदेश सभा

**प्रदेश सभा सचिवालय**

वीरेन्द्रनगर, सुर्खेत

**भाग-२**

कर्णाली प्रदेश सभा

# चौंथो अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण

## बैठक संख्याः १७ देखि ३३ सम्म

कर्णाली प्रदेश सभा
**प्रदेश सभा सचिवालय**
वीरेन्द्रनगर, सुर्खेत

**चौंथो अधिवेशन**

कूल बैठक संख्या-३३

**<u>सम्पूर्ण कार्यवाहीको संक्षिप्त विवरण</u>**

| बैठक संख्या | संक्षिप्त विवरण |
|---|---|
| बैठक संख्या १७ | • मा० जीवनबहादुर शाही (खर्च कटौती प्रस्तावक)<br>• सामाजिक विकास मन्त्री मा० दल रावल (सवालको जवाफकर्ता)<br>• कर्णाली प्रदेश विनियोजन विधेयक, २०७६ अन्तरगतको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको शीर्षकहरूमाथिको छलफलमा सहभागी माननीय सदस्यहरूः<br>१. मा० जीवनबहादुर शाही<br>२. मा० चन्द्रबहादुर शाही<br>३. मा० सिताकुमारी नेपाली<br>४. मा० दीनवन्धु श्रेष्ठ<br>५. मा० कौशिलावती खत्री<br>६. मा० अमृता शाही<br>७. मा० कुर्मराज शाही<br>८. मा० हिमबहादुर शाही<br>९. मा० सुशीलकुमार थापा<br>१०. मा० झोवा वि.क.<br>११. मा० मिनासिंह रखाल<br>१२. मा० सोशिला शाही<br>१३. मा० करबीर शाही<br>१४. मा० गोपाल शर्मा<br>१५. मा० विन्दमान बिष्ट<br>१६. मा० यज्ञबहादुर बि.सी.<br>१७. मा० पदमबहादुर रोकाया<br>१८. मा० अम्मरबहादुर थापा<br>१९. मा० पद्मा खड्का<br>२०. मा० ठम्मरबहादुर बिष्ट<br>२१. मा० गणेशप्रसाद सिंह<br>२२. मा० रातो कामी |
| बैठक संख्या १८ | • कर्णाली प्रदेश विनियोजन विधेयक, २०७६ अन्तरगतको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको शीर्षकहरूमाथिको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएको प्रश्न एवम् जिज्ञासाको जवाफ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री मा० नन्दसिंह बुढाले दिनुभएको । |
| बैठक संख्या १९ | • कर्णाली प्रदेश विनियोजन विधेयक, २०७६ अन्तरगतको आर्थिक मामिला तथा योजना मन्त्रालयको शीर्षकहरूमाथि सभामा छलफलमा सहभागी माननीय सदस्यहरूः<br>१. मा० हिमबहादुर शाही<br>२. मा० चन्द्रबहादुर शाही<br>३. मा० झोवा वि.क. |

| बैठक संख्या | संक्षिप्त विवरण |
|---|---|
| | ४. माo अम्मरबहादुर थापा<br>५. माo पदमबहादुर रोकाया<br>६. माo रातो कामी<br>७. माo करबीर शाही<br>८. माo अमृता शाही<br>९. माo गणेशप्रसाद सिंह<br>१०. माo गोपाल शर्मा<br>११. माo धर्मराज रेग्मी<br>१२. माo यज्ञबहादुर बि.सी.<br>१३. माo विन्दमान बिष्ट<br>१४. माo दानसिंह परियार<br>१५. माo ठम्मरबहादुर बिष्ट<br>१६. माo सोशीला शाही |
| बैठक संख्या २० | • माo जीवनबहादुर शाही (खर्च कटौती प्रस्तावक)<br>• आर्थिक मामिला तथा योजना मन्त्री माo प्रकाश ज्वाला (सवालको जवाफकर्ता)<br>• कर्णाली प्रदेश विनियोजन विधेयक, २०७६ अन्तरगतको भौतिक पूर्वाधार विकास मन्त्रालयको शीर्षकहरूमाथिको छलफलमा सहभागी माननीय सदस्यहरूः<br>१. माo दीनवन्धु श्रेष्ठ<br>२. माo अम्मरबहादुर थापा<br>३. माo हिमबहादुर शाही<br>४. माo रातो कामी<br>५. माo यज्ञबहादुर बि.सी.<br>६. माo सुशीलकुमार थापा<br>७. माo धर्मराज रेग्मी<br>८. माo झोवा वि.क.<br>९. माo गणेशप्रसाद सिंह<br>१०. माo अमृता शाही<br>११. माo करबीर शाही<br>१२. माo विरबहादुर शाही<br>१३. माo पद्मा खड्का<br>१४. माo दानसिंह परियार<br>१५. माo पदमबहादुर रोकाया<br>१६. माo गोपाल शर्मा<br>१७. माo ठम्मरबहादुर बिष्ट |
| बैठक संख्या २१ | • माo जीवनबहादुर शाही (खर्च कटौती प्रस्तावक)<br>• भौतिक पूर्वाधार विकास मन्त्री माo खड्कबहादुर खत्री (सवालको जवाफकर्ता)<br>• कर्णाली प्रदेश विनियोजन विधेयक, २०७६ अन्तरगत प्रदेशसभा सचिवालय, कर्णाली प्रदेश योजना आयोग, लोकसेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको शीर्षकहरूमाथिको छलफलमा सहभागी माननीय सदस्यहरूः |

| बैठक संख्या | संक्षिप्त विवरण |
|---|---|
| | १. मा० जीवनबहादुर शाही<br>२. मा० यामलाल कंडेल<br>३. मा० अम्मरबहादुर थापा<br>४. मा० धर्मराज रेग्मी<br>५. मा० ठम्मरबहादुर बिष्ट |
| बैठक संख्या २२ (पहिलो) | • कर्णाली प्रदेश विनियोजन विधेयक, २०७६ अन्तरगत विनियोजन भएको प्रदेशसभा सचिवालयको शीर्षकहरूमाथिको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएको प्रश्न एवम् जिज्ञासाको जवाफ आन्तरिक मामिला तथा कानून मन्त्री मा० नरेश भण्डारीले दिनुभएको ।<br>• कर्णाली प्रदेश विनियोजन विधेयक, २०७६ अन्तरगत विनियोजन भएको कर्णाली प्रदेश योजना आयोग, लोकसेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको शीर्षकहरूमाथिको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएको प्रश्न एवम् जिज्ञासाको जवाफ मुख्यमन्त्री मा० महेन्द्रबहादुर शाहीले दिनुभएको ।<br>• कर्णाली प्रदेश विनियोजन विधेयक, २०७६ पारित गरियोस् भनि सभासमक्ष आर्थिक मामिला तथा योजना मन्त्री मा० प्रकाश ज्वालाले प्रस्ताव पेश गर्नुभएको । |
| बैठक संख्या २२ (दोस्रो) | • प्रदेशसभा अन्तरगतका विभिन्न विषयगत समितिहरूको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएका माननीय अध्यक्षहरू:<br>१. मा० अम्मरबहादुर थापा (अध्यक्ष, अर्थ तथा प्राकृतिक स्रोत समिति)<br>२. मा० पदमबहादुर रोकाया (अध्यक्ष, विधायन तथा प्रदेश मामिला समिति)<br>३. मा० राजु नेपाली (अध्यक्ष, सामाजिक विकास समिति)<br>४. मा० दीनवन्धु श्रेष्ठ (अध्यक्ष, सार्वजनिक लेखा समिति) |
| बैठक संख्या २३ | • माननीय सभामुखज्यूबाट भौतिक पूर्वाधार विकास मन्त्री मा० खड्कबहादुर खत्रीलाई पदमुक्त गरिएको भनि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त पत्र वाचन गरी सुनाउनुभएको ।<br>• राष्ट्रिय सभा अध्यक्ष सम्माननीय गणेशप्रसाद तिमिल्सेनाले सभा समक्ष आफ्नो मन्तव्य राख्नुभएको । |
| बैठक संख्या २४ | • प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनु पर्ने विषयमा विशेष समयमा आफ्नो धारणा राख्नुभएका माननीय सदस्यहरू:<br>१. मा० जीवनबहादुर शाही<br>२. मा० यामलाल कंडेल<br>३. मा० सोशिला शाही<br>४. मा० चन्द्रबहादुर शाही<br>५. मा० पदमबहादुर रोकाया<br>६. मा० मिनासिंह रखाल<br>७. मा० दानसिंह परियार<br>८. मा० ठम्मरबहादुर बिष्ट<br>९. मा० रातो कामी<br>१०. मा० राजु नेपाली |

| बैठक संख्या | संक्षिप्त विवरण |
|---|---|
| बैठक संख्या २५ | • प्रदेश सरकार र प्रदेश सरकारमार्फत सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनु पर्ने विषयमा विशेष समयमा आफ्नो धारणा राख्नुभएका माननीय सदस्यहरूः<br>१. मा० जीवनबहादुर शाही<br>२. मा० सीताकुमारी नेपाली<br>३. मा० पद्मा खड्का<br>४. मा० बिन्दमान बिष्ट<br>५. मा० गणेशप्रसाद सिंह<br>६. मा० गोपाल शर्मा<br>७. मा० देवी ओली<br>८. मा० कुर्मराज शाही<br>९. मा० ठम्मरबहादुर बिष्ट<br>१०. मा० सुशीलकुमार थापा<br>११. मा० यज्ञबहादुर बि.सि.<br>• प्राङ्गारिक कृषिसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथिको विषयगत समितिको प्रतिवेदन सहित सभासमक्ष छलफलका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री मा० विमला के.सी.ले प्रस्ताव पेश गर्नुभएको ।<br>• प्राङ्गारिक कृषिसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथिको विषयगत समितिको प्रतिवेदन सहितको छलफलमा मा० अम्मरबहादुर थापा सहभागी हुनुभएको ।<br>• प्राङ्गारिक कृषि सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथिको विषयगत समितिको प्रतिवेदन सहितको छलफलमा माननीय सदस्यले उठाउनु भएको प्रश्न एवम् जिज्ञासाको जवाफ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री मा० विमला के.सी.ले दिनुभएको । |
| बैठक संख्या २६ | • सार्वजनिक सरोकारका विषयमा सरकारको ध्यानाकर्षण गराउनु पर्ने विषयमा शून्य समयमा आफ्नो धारणा राख्नुभएका माननीय सदस्यहरूः<br>१. मा० झोवा वि.क.<br>२. मा० अम्मरबहादुर थापा<br>३. मा० यज्ञबहादुर बि.सि.<br>४. मा० अमृता शाही<br>• प्रदेश सरकार र प्रदेश सरकारमार्फत सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनु पर्ने विषयमा विशेष समयमा आफ्नो धारणा राख्नुभएका माननीय सदस्यहरूः<br>१. मा० दीनवन्धु श्रेष्ठ<br>२. मा० विरबहादुर शाही<br>३. मा० पद्मा खड्का<br>४. मा० ठम्मरबहादुर बिष्ट<br>५. मा० गणेशप्रसाद सिंह<br>• सार्वजनिक सरोकारका विषयमा उठेका प्रश्न एवम् जिज्ञासाको आन्तरिक मामिला तथा कानून मन्त्री मा० नरेश भण्डारीले जवाफ दिनुभएको ।<br>• सार्वजनिक सरोकारका विषयमा उठेका प्रश्न एवम् जिज्ञासाको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री मा० विमला के.सी.ले जवाफ दिनुभएको । |

| बैठक संख्या | संक्षिप्त विवरण |
|---|---|
| बैठक संख्या २७ | • प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनु पर्ने विषयमा विशेष समयमा आफ्नो धारणा राख्नुभएका माननीय सदस्यहरू:<br>१. मा० गुलाबजंग शाह<br>२. मा० विन्दमान बिष्ट<br>३. मा० कुर्मराज शाही<br>४. मा० मिनासिंह रखाल<br>५. मा० देवी ओली<br>६. मा० ठम्मरबहादुर बिष्ट<br>• कर्णाली प्रदेश स्वयंसेवक परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको विषयगत समितिको प्रतिवेदन समितिका अध्यक्ष मा० राजु नेपालीले सभासमक्ष पेश गर्नुभएको ।<br>• कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई पहिलो संशोधन गर्न बनेको विधेयकको विषयगत समितिको प्रतिवेदन समितिका अध्यक्ष मा०अम्मरबहादुर थापाले सभासमक्ष पेश गर्नुभएको ।<br>• सामाजिक संघसंस्था संचालन तथा व्यवस्थापन विधेयक, २०७४ को विषयगत समितिको प्रतिवेदन समितिका अध्यक्ष मा० राजु नेपालीले सभासमक्ष पेश गर्नुभएको । |
| बैठक संख्या २८ | • प्रदेश सरकार र प्रदेश सरकारमार्फत सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनु पर्ने विषयमा विशेष समयमा आफ्नो धारणा राख्नुहुँदै माननीय सदस्यहरू:<br>१. मा० जीवनबहादुर शाही<br>२. मा० गुलाबजंग शाह<br>३. मा० सीताकुमारी नेपाली<br>४. मा० चन्द्रबहादुर शाही<br>५. मा० पदमबहादुर रोकाया<br>६. मा० कुर्मराज शाही<br>७. मा० कृष्णा शाह<br>८. मा० रातो कामी<br>• शून्य र विशेष समयमा सार्वजनिक सरोकारका विषयहरूमा माननीय सदस्यहरूले उठाउनु भएको प्रश्न एवम् जिज्ञासामा सरकारको कामकारबाही र धारणाका बारेमा आन्तरिक मामिला तथा कानून मन्त्री मा० नरेश भण्डारीले भनाइ राख्नुभएको । |
| बैठक संख्या २९ | • प्रदेश सरकार र प्रदेश सरकारमार्फत सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनु पर्ने विषयमा विशेष समयमा आफ्नो धारणा राख्नुभएका माननीय सदस्यहरू:<br>१. मा० जीवनबहादुर शाही<br>२. मा० धर्मराज रेग्मी<br>३. मा० कुर्मराज शाही<br>४. मा० पद्मा खड्का<br>५. मा० अम्मरबहादुर थापा<br>६. मा० रातो कामी<br>७. मा० राजु नेपाली<br>८. मा० ठम्मरबहादुर बिष्ट |

| बैठक संख्या | संक्षिप्त विवरण |
|---|---|
| | ९. मा० कृष्णा शाह<br>१०. मा० सुशीलकुमार थापा<br>११. मा० गणेशप्रसाद सिंह<br>• सामाजिक संघसंस्था संचालन तथा व्यवस्थापन विधेयक, २०७४ सभाबाट फिर्ताको प्रस्ताव सामाजिक विकास मन्त्री मा० दल रावलले पेश गर्नुभएको ।<br>• प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ सामाजिक विकास मन्त्री मा० दल रावलले सभासमक्षेश पेश गर्नुभएको । |
| बैठक संख्या ३० | • प्रदेश सरकार र प्रदेश सरकारमार्फत सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनु पर्ने विषयमा विशेष समयमा आफ्नो धारणा राख्नुभएका माननीय सदस्यः<br>१. मा० जीवनबहादुर शाही |
| बैठक संख्या ३१ | • प्रदेश सरकार र प्रदेश सरकारमार्फत सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनु पर्ने विषयमा विशेष समयमा आफ्नो धारणा राख्नुभएका माननीय सदस्यहरूः<br>१. मा० जीवनबहादुर शाही<br>२. मा० पदमबहादुर रोकाया<br>३. मा० विरबहादुर शाही<br>४. मा० रातो कामी<br>५. मा० धर्मराज रेग्मी<br>६. मा० कौशिलावती खत्री<br>७. मा० देवी ओली<br>८. मा० गोपाल शर्मा<br>९. मा० सोशिला शाही<br>१०. मा० पद्मा खड्का<br>११. मा० अम्मरबहादुर थापा<br>• प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनु पर्ने विषयमा विशेष समयमा माननीय सदस्यहरूले उठाउनु भएको प्रश्न एवम् जिज्ञासाको जवाफ आर्थिक मामिला तथा योजना मन्त्री मा० प्रकाश ज्वालाले दिनुभएको ।<br>• कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई पहिलो संशोधन गर्न बनेको विधेयक सभासमक्ष प्रस्ताव आर्थिक मामिला तथा योजना मन्त्री मा० प्रकाश ज्वालाले पेश गर्नुभएको ।<br>• प्रदेशमा खेलकुदको विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ को विषयगत समितिको प्रतिवेदन समितिका अध्यक्ष मा० राजु नेपालीले सभासमक्ष पेश गर्नुभएको । |
| बैठक संख्या ३२ | • प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनुपर्ने विषयमा विशेष समयमा आफ्नो धारणा राख्नुभएका माननीय सदस्यहरूः<br>१. मा० अमृता शाही<br>२. मा० झोवा वि.क.<br>३. मा० ठम्मरबहादुर बिष्ट<br>४. मा० गणेशप्रसाद सिंह |

| बैठक संख्या | संक्षिप्त विवरण |
|---|---|
| | • उपभोक्ता संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि छलफलको लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री मा० नन्दसिंह बुढाले सभासमक्ष प्रस्ताव पेश गर्नुभएको ।<br>• उपभोक्ता संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथिको छलफलमा सहभागी माननीय सदस्यहरूः<br>१. मा० सिताकुमारी नेपाली<br>२. मा० देवी ओली<br>३. मा० कृष्णा शाह<br>४. मा० दीनबन्धु श्रेष्ठ<br>• उपभोक्ता संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि छलफलमा माननीय सदस्यहरूले उठाउनु भएको प्रश्न एवम् जिज्ञासाको जवाफ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री मा० नन्दसिंह बुढाले दिनुभएको ।<br>• उपभोक्ता संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ सभाबाट अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाइयोस् भन्ने प्रस्ताव उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री मा० नन्दसिंह बुढाले पेश गर्नुभएको ।<br>• प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि छलफलको लागि सभासमक्ष प्रस्ताव सामाजिक विकास मन्त्री मा० दल रावलले पेश गर्नुभएको ।<br>• प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथिको छलफलमा सहभागी माननीय सदस्यहरूः<br>१. मा० अम्मरबहादुर थापा<br>२. मा० गोपाल शर्मा<br>• प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएको प्रश्न एवम् जिज्ञासाको जवाफ सामाजिक विकास मन्त्री मा० दल रावलले दिनुभएको ।<br>• प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ लाई थप छलफलको लागि सामाजिक विकास समितिमा पठाउने प्रस्ताव सामाजिक विकास मन्त्री मा० दल रावलले पेश गर्नुभएको ।<br>• प्रदेशमा खेलकुदको विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ का सम्बन्धमा विषयगत समितिले पेश गरेको प्रतिवेदनमाथि छलफल गरियोस् भनि सामाजिक विकास मन्त्री मा० दल रावलले सभामा प्रस्ताव पेश गर्नुभएको।<br>• प्रदेशसभा नियमावली, २०७४ को नियम दोस्रो संशोधन सम्बन्धी प्रतिवेदन मा० धर्मराज रेग्मीले सभासमक्ष पेश गर्नुभएको । |
| बैठक संख्या ३३ | • आ.व. २०७४/०७५ को म.ले.प.को वार्षिक प्रतिवेदन मुख्यमन्त्री मा० महेन्द्रबहादुर शाहीले सभामा पेश गर्नुभएको ।<br>• कर्णाली प्रदेशसभा नियमावली, २०७४ को दोस्रो संशोधन प्रतिवेदन माथिको छलफलको प्रस्ताव मा० धर्मराज रेग्मीले पेश गर्नुभएको ।<br>• कर्णाली प्रदेशसभा नियमावली, २०७४ को दोस्रो संशोधन प्रतिवेदन माथिको छलफलमा सहभागी माननीय सदस्यहरूः |

| बैठक संख्या | संक्षिप्त विवरण |
|---|---|
| | १. मा० सीताकुमारी नेपाली<br>२. मा० धर्मराज रेग्मी<br>३. मा० अम्मरबहादुर थापा<br>४. मा० यामलाल कंडेल<br>• कर्णाली प्रदेशसभा नियमावली, २०७४ को दोस्रो संशोधन प्रतिवेदन माथिको छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएको प्रश्न एवम् जिज्ञासाको जवाफ नियमावली संशोधन समितिका सदस्य मा० धर्मराज रेग्मीले दिनुभएको।<br>• चौथो अधिवेशनको समिक्षा सहितको आफ्नो धारणाहरू राखुभएका माननीय सदस्यहरूः<br>१. मा० सोशिला शाही<br>२. मा० दीनवन्धु श्रेष्ठ<br>३. मा० यामलाल कंडेल |

# विषय-सूची

पृष्ठ संख्या

## चौथो अधिवेशन


| | | |
|---|---|---|
| १. | बैठक संख्या १७ | १-४४ |
| २. | बैठक संख्या १८ | ४५-५० |
| ३. | बैठक संख्या १९ | ५१-७७ |
| ४. | बैठक संख्या २० | ७८-१२२ |
| ५. | बैठक संख्या २१ | १२३-१४८ |
| ६. | बैठक संख्या २२ (पहिलो) | १४९-१६७ |
| ७. | बैठक संख्या २२ (दोस्रो) | १६८-१७४ |
| ८. | बैठक संख्या २३ | १७५-१७९ |
| ९. | बैठक संख्या २४ | १८०-१९१ |
| १०. | बैठक संख्या २५ | १९२-२१२ |
| ११. | बैठक संख्या २६ | २१३-२२४ |
| १२. | बैठक संख्या २७ | २२५-२३४ |
| १३. | बैठक संख्या २८ | २३५-२४९ |
| १४. | बैठक संख्या २९ | २५०-२६८ |
| १५. | बैठक संख्या ३० | २६९-२७३ |
| १६. | बैठक संख्या ३१ | २७४-२९६ |
| १७. | बैठक संख्या ३२ | २९७-३१४ |
| १८. | बैठक संख्या ३३ | ३१५-३४२ |

# बैठक संख्या-१७

(२०७६ साल असार २४ गते मंगलबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश, प्रदेश सभाको चौंथो अधिवेशनको सत्रौं बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक २०७६ अन्तर्गत विनियोजन भएका सामाजिक विकास मन्त्रालयको शीर्षकहरूमाथि खर्च कटौतिको प्रस्ताव प्राप्त हुन आएको छ । कटौतिको प्रस्तावकर्ता माननीय श्री जीवनबहादुर शाहीलाई प्रस्ताव राख्न समय दिन्छु ।

**माननीय श्री जीवनबहादुर शाहीः** सम्माननीय सभामुख महोदय, यो खर्च कटौतिको प्रस्ताव राख्नुभन्दा अगाडि एउटा म सदनको ध्यान आकर्षित गर्न चाहान्छु । मन्त्रीहरूले जवाफ दिने क्रममा बजेट भाषण नै पढ्न थाले सभामुख महोदय । जवाफ भनेको कसैले बजेट भाषण पढ्ने होइन र म आज भन्न चाहान्छु आजबाट यो परम्परा शुरु होस यो हाम्रो संसदीय प्रणाली हो । जुन जुन माननीयज्यूहरूले जुन जुन मन्त्रालय अन्तर्गत बोल्नुभएको छ । उहाँहरूले जब मन्त्रीले जवाफ दिइसकेपछि उहाँहरूले कोइशन राख्न पाउनुहुन्छ, उहाँहरूले १र१ मिनेटको समय पाउनुहुन्छ र त्यो जुन जुन मन्त्रालयको विषयमा माननीयज्यूहरू बोल्नुभएको १ मिनेटको कोइशन राखिसकेपछि मन्त्रीले जवाफ दिइसकेपछि फेरि पूरक प्रश्न पनि सोध्न पाइन्छ, त्यो परम्परा पनि हामीले आजबाट शुरु गर्नुपर्छ नत्र चाहिँ यहाँ के देखियो भने मन्त्रीज्यूहरू आउने, बजेट भाषण नै पढ्ने अनि घरतिर हिंडिहाल्ने । त्यसकारण यसको लागि पनि म हार्दिक अनुरोध गर्दै यो विनियोजित विधेयक सामाजिक मन्त्रालयको बारे मैले खर्च कटौतिको प्रस्ताव चाहिँ पेश गरेको छु । सभामुख महोदय, यो पि.एल.याम.वि.आइ.एस. अब यो पि.एल.याम.वि.आइ.एस. भन्ने पनि के होला भन्ने पनि धेरैलाई त्यो हुन सक्छ त्यसकारणले यो प्रभिन्स लाइनमिनिस्ट्री बजेट इनफरमेसन सिष्टम भनेर जुन वास्तवमा माथि चाहि लाइनमिनिस्ट्री बजेट इनफ्ररमेसन सिष्टम हो यहाँ चाहि प्रोभिन्स भएर यहाँ चाहि अगाडितिर पी राखिएको हुन्छ सभामुख महोदय, त्यही ढंगले चाहि उहाँहरूले चाहि बजेटको विनियोजित गर्नुभएको छ र यसमा मैले खर्च कटौति यो शीर्षकमा चाहिँ १ (एक) रुपैयाँ चाहिँ खर्च कटौति गरियोस् भनेर मैले प्रस्ताव पेश गरेको छु । कुन सन्दर्भमा भन्दा परामर्श, बहस, पैरवी, अन्तरक्रिया, अन्तरसंवाद, अभिमुखीकरण, अभिलेखीकरण, अध्ययन, अनुसन्धान, अभियान, खोज, संरक्षण, सहजीकरण, परिचालन, नियमन, कार्यशाला सन्देश, सहकार्य, प्रसारण उपशिर्षक राखी करौडौं रुपैयाँमा विनियोजित गरी नीतिगत त्रुटी गरेको हुनाले कुनै पनि उपलव्धविहिन कार्यक्रम राखेको हुनाले १(एक) रुपैयाँ खर्च कटौति गरियोस् भनि मेरो प्रस्ताव राख्छु सम्माननीय सभामुख महोदय, धन्यवाद । जय नेपाल ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक २०७६ अन्तगत विनियोजन भएका सामाजिक विकास मन्त्रालयको शिर्षकहरू माथिको छलफलमा माननीय सदस्यहरूले उठाउनुभएका प्रश्न एवं जिज्ञासामा सम्बन्धित मन्त्रीले जवाफ दिनका लागि कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १२५ को उपनियम ८ बमोजिम समय निर्धारण गरेको छु । सर्वप्रथम सामाजिक विकास मन्त्रालयको शीर्षकहरू माथिको छलफलमा माननीय सदस्यहरूले उठाउनुभएका प्रश्न एवम् जिज्ञासाको जवाफ दिनका लागि सामाजिक विकास मन्त्री माननीय श्री दल रावललाई समय दिन्छु ।

**सामाजिक विकास मन्त्री माननीय श्री दल रावलः** माननीय सभामुख महोदय, जुन ऐतिहासिक घडिमा यो रोष्टममा उभिएर माननीय सदस्यज्यूहरूले कर्णाली प्रदेशको सम्वृद्धिका लागि जुन रचनात्मक सुझाव दिनुभयो

यस्तो सुझाव दिने जुन समयको व्यवस्था गर्नुभयो । यसका लागि माननीय सभामुखज्यूलाई हृदयदेखि आभार प्रकट गर्न चाहान्छु र बिचमा बिल पेश गर्दा बाहेक गत वर्षको बजेटदेखि आजै बोल्न पाएको हुनाले म अलिकति प्रसंग बाहिर मेरो जिल्लामा करिब १ महिना अगाडि दुःखद् घटना घट्यो, हुम्लामा रोड त छैन गाडी पनि लाइसेन्स प्राप्त छैनन् रोड परमीड केही पनि थिएन तर पनि काम चलाऊ ढंगले गाडी चलिराख्थे मान्छेहरू, त्यो गाडी चाहिँ कर्णालीमा वेपत्ता भयो । आदरणीय खार्पुनाथ गाउँपालिका उपाध्यक्ष लगायतका यात्रुहरू वेपत्ता हुनुभयो । म आफै पनि सरकारको प्रतिनिधिका नाताले संघीय सरकारसँग समन्वय गरेर त्यहाँ पुगें तर त्यो सम्भव भएन । त्यसपछि आइसकेपछि मैले आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूलाई ती पिडितहरूको राहात र उद्धारका लागि मैले चाहिँ अनुरोध गरेको छु यति चाहिँ आग्रह गर्न चाहान्छु ती मृतकप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दै ती मृतक परिवारहरूप्रति संवेदना प्रकट गर्न चाहान्छु । अब हिजो चाहिँ सामाजिक विकास मन्त्रालयको छलफलमा करिब १४ जना माननीय सदस्यज्यूहरूले आफ्नो अत्यन्तै मर्मस्पर्सी कर्णालीको समृद्धि कर्णालीको सामाजिक पूँजीको विकासका निमित्त अत्यन्तै राम्रा कन्स्ट्रक्टिभ प्रोडक्टिभ सुझावहरू दिनुभयो । यसका लागि म चौधैजना माननीय सदस्यज्यूहरूलाई सामाजिक विकास मन्त्रालयको तर्फबाट हृदयदेखि म आभार प्रकट गर्न चाहान्छु । यहाँहरूको सुझावले भावी दिनहरू अझ कर्णाली प्रदेशको सामाजिक क्षेत्रको उन्नति, प्रगति र जनताहरूको चाहिँ हिजो, को माननीयज्यूले प..उ..प ऊ केरे जिडिवी वर्ष भन्नुहुन्थ्यो जिडिवीभन्दा यो चाहि एचडिआई वर्ष यो मन्त्रालय चाहि इन्ट्रोभेन्सले गर्दाखेरि यो एचडिआई बढ्नेतिर कर्णालीका जनताहरूको जुन अलिकति सामाजिक हैसियतमा स्तरोन्नति गर्ने गरी यहाँहरूले दिएका प्राप्त सुझाव मेरा लागि ऐतिहासिक छन् भन्ने म महशुस गरेको छु । यसका लागि पनि म फेरि पनि सम्माननीय सभामुखज्यू मार्फत् माननीयज्यूहरूलाई म धन्यवाद दिन चाहन्छु ।

अब भारतमा संघीयता लागू हुँदाखेरि १९४७ पछि १९६३ सम्म लगातार १६ वर्ष नेहरूले चाहिँ त्यहाँका मुख्यमन्त्रीलाई चिठी लेख्नुभाुछ, हामी संक्रमण कालमा छौं, संस्थाहरू जन्मिन्छन्, संगठनहरू जन्मिन्छन् तर एउटा नेताको काम संस्था र संगठन जन्माउने मात्र होइन त्यसको जीवन भर्ने पनि हो, भनेर निक्र्याैलका साथ उहाँले चिठी लेख्नुभको छ । आज हामी पनि ऐतिहासिक संघीयताको अवसरमा छौं जो पहिलो चरणमा छौं, पहिलो कार्यान्वयनको चरणमा छौं । बल्ल बल्ल हामी एक वर्षको अभ्यासमा पूरा गरेर अर्को अर्को वर्षतिर लाग्दैछौं । यसले गर्दाखेरि पनि हामीले पनि हाम्रा संरचनाहरूमा जीवन भर्न चुनौति नै छ, हामीले गठन गरेका मन्त्रालयमा पनि जीवन भर्नुछ, हाम्रा व्यवस्थित गरेका संगठनहरूलाई जीवन भर्नुछ । स्वयम् हामी जहाँ छौं, त्यहाँ पनि जीवन भर्न बाँकी नै छ । यो कार्य क्रमशः अगाडि बढ्छ र संस्थागत विकास हुन्छ, नेपालको संघीयताको अनौठो र मौलिक मोडलचाहिँ सफल हुने,हुन्छ भन्नेमा म विश्वस्त छु । अनि त्यसपछि अब, आज अब बल्लबल्ल रोष्टम पाकोले अलि अलि समयका लागि म अनुरोध पनि गर्छु म छोटै बोल्नेछु म । एउटा हुम्लामा उखान छ, आदरणीय प्रतिपक्ष दलको नेता दाइ माननीयज्यूलाई थाह छ यो उखान पक्का पनि अलि लोकल भा हुनाले अरु माननीयज्यूलाई अलि जानकारी नहोला । हाम्रो पहिला पहिला यो बाटर इकोनोमी थियो । ताग्लाकोटतिर नून लिन जाने चलन थियो । अलि साहु महाजनहरू अलि पाठा हुन्थे तिनीहरूका । अलि गरिबका एकदुई पाठा हुने । पाठा भन्या खसीबोका त्यो जाग्न चाहिँ नासो लाउने चलन थियो । एउटा नासो लाएछन् एक जना दाइले । अनि त्यो ल्याउने भाइले के भने, के ल्याइदिऊँ त अब नासो लाएपछि भनेछन् । अब के ल्याउनु नून छैन तिमीलाई नै थाहा छ, घर खाऊँ भने केही छैन त्यो पनि तिमी नै थाहा छ, बालबच्चा नागै छन् लाउने लुगा नाइ, त्यो पनि तिमी नै थाहा छ, ऊन छैन त्यो पनि थाहै छ, जे ल्याउन सक्छौ, ल्याइदिए, भनेछन् । त्यस्तै मेरो मन्त्रालय पनि शिक्षा तथा मानव संसाधन, स्वास्थ्य तथा जनसंख्या, महिला तथा बालबालिका तथा समाज कल्याण, यूवा तथा खेलकुद, भाषा

धर्म तथा संस्कृति, श्रम तथा रोजगार, पोषण तथा खानेपानी सरसफाई । सात वटा विभिन्न विभागीय अत्यन्तै संविधानका आधारवस्तुसँग जोडिएको, फन्डामेन्टल राइट्ससँग जोडिएको, जीवन पद्दतिसँग जोडिएको, जनताको जीवनसँग जोडिएको मन्त्रालय भको नाताले पनि यी सबै क्षेत्रहरू त्यत्तिकै महत्वका छन् । यी क्षेत्रलाई सीमित स्रोतलाई व्यवस्थापन गर्न अलिकति चुनौति नै हुँदोरैछ । मैले त्यो महशुस गरेको छु । र गत वर्ष त कमसेकम मन्त्रालयले मात्रै बजेट बनाको हुनाले त्यो चुनौति अलिअलि फेस गरियो जस्तो लागेको थियो । यो अहिले काँ अन्तिम अन्तिम त पीएलआइएमबीएस भन्ने आइदियो, सफ्टवयर । अब यल्ले त तलबाट हामीलाई चाहिँ तपाईंको सिलिंग प्राप्त करिब करिब बैशाखको अन्तिम जेठको पहिलो हप्तातिर हो जस्तो प्राप्त भयो फेरि अर्को सिलिंग चाहिँ अझ अझ ढिलो प्राप्त भयो त्यो तल तल पठाउनु पर्ने थियो तलबाट इन्ट्री गरी झिकाउनुपर्ने थियो । कतिपय चाहिँ नेटले काम नगर्ने जिल्लाहरूको पासवर्ड हामी आफै मागेर पनि गर्नुपर्ने थियो । यस्ता मेरो मात्रै हैन अरु मन्त्रालयको पनि बाध्यताहरू रहे । र हामीले केही चाहि बजेट निर्माणको क्रममा अलिकति कन्स्ट्रक्टिभ रूपमा चाहिँ लाग्न नपाएकै अवस्था हो, त्यसलाई स्वीकार्नु नै पर्छ । तर पनि बजेट त हामी कार्यान्वयनको चरणमा जाँदाखेरीको प्रभावकारीता पो छैन, हामी समीक्षा त गर्न सक्छौं नि । माननीयज्यूहरूको सुझावलाई अत्यन्तै गहनतापूर्वक मैले महशुस गरेको छु । हामीले नोट गर्यौं हामी बिहानै बस्यौं, मैले सबै सचिवज्यू, निर्देशकहरू, महाशाखा प्रमुखहरू र मेरा मातहतका सबै प्रमुखहरूलाई बोलाएर मैले बिहान समीक्षा गरें, बजेट माथिको समीक्षा गरँे । माननीयज्यूहरूले हिजो राख्नुभएका एकदुइटा कुराहरू मैले पहिला एकचोटी बस्दा हटेका थिए । मेनुअल सिस्टम हुन्थ्यो भनेदेखि हिजो आउने थिएनन् । सफ्टवयरमा रेकर्ड भइहाल्दो रहेछ त्यो पहिला बनाका कुराहरू पछि संशोधन गरेका डिलिट भएनन्, यसले पनि केही समस्या ल्यायो । र एकदुइटा कार्यक्रमहरू साँच्चैका नगर्नु पर्ने कार्यक्रमहरू, साँच्चैका मन्त्रालयमा नहुनु पर्ने कार्यक्रम पनि इन्ट्री भको मलाई पनि महशुस भयो । त्यो हामीले बसेर बिहानचाहिँ अलिकति समीक्षा गरेर त्यो कुराहरूको व्यवस्थापन हामी गर्ने प्रतिवद्धता चाहिँ गरेका छौं । त्यसैमध्ये हाम्रो प्राप्त कूल बजेटमध्ये तलब भत्ता, कार्यालय संचालन, मेरो अलिकति संगठन ठूलो छ । अस्पतालदेखि लिएर धेरै संरचनाहरू छन् । २१ प्रतिशत कूल बजेटको चालुतर्फ ३२ प्रतिशत र पूँजीगत तर्फ ४७ प्रतिशत बजेट व्यवस्था गरेको छु । अर्थबाट हामीलाई चाहिँ दुई अरब चाहिँ चालु, एक अरब पूँजीगत भनेर प्राप्त भको थियो । तर हामीले चालुलाई सकेसम्म घटाएर पूँजीगत पूँजी निर्माणमै हामीले लगानी गर्नुपर्छ भनेर त्यतातिर हामी उन्मुख भयौं, प्रयास गर्यौं । अझंै पनि माननियज्यूका हिजो सुझाव आइसकेपछि हामीले त्यो प्रयत्नलाई जारी राखेका छौं, सुझबुझका साथ हामी अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु । अब अलिकति बजेट छनौटका सिद्धान्त हाम्रो मन्त्रालयले बनाएका थियौं । मैले हाम्रा कर्मचारी साथीहरूलाई पहिलो प्राथमिकता पूँजी निर्माणमा दिनुस्, दिऔं त्यसपछि रोजगारी सिर्जना, श्रम तथा रोजगार मन्त्रालय पनि यो भको नाताले कर्णालीमा बेरोजगारीको समस्या छ, कालापहाडमा यूवाहरू गएका छन्, यसलाई कसरी सम्बोधन गर्न सकिन्छ र हामी स्थानीय साधनस्रोत र साधनको परिचालनबाट समृद्ध कर्णाली सुखारी कर्णालीबासी कसरी बनाउन सकिन्छ यो कल्पना चाहिँ हामी गरौं । त्यसपछि सामाजिक सुरक्षाका पनि तमाम इस्यूहरू चाहिँ कर्णाली प्रदेशमा छन् त्यो हाम्रो मन्त्रालयले सम्बोधन गर्नुपर्छ । विभिन्न कम्पोनेन्ट छन् - महिला तथा बालबालिकासँग जोडिएका थुप्रै छन्, बालबालिकाभित्र पनि अपांगता बालबालिका, सडक बालबालिका, अटिजम भएका बालबालिका लगायतका इस्यूहरू छन् । दलितका इस्यूहरू छन्, जनजातिका इस्यूहरूका छन्, पछाडि परेका वर्ग, क्षेत्रका समस्याहरू छन् यसलाई नछुट्ने गरी सम्बोधन गरौं भन्ने ढंगले नै हामीले चाहिँ त्यो खालको सामाजिक सुरक्षाको मलाई लाग्छ, मलाई के लाग्छ भने कर्णालीको इतिहासमा अहिले प्रदेश सरकारले ल्याएको सामाजिक सुरक्षाको प्याकेज ऐतिहासिक छ, त्यो खालको व्यवस्था हामीले गरेका छौं । अब यसलाई सफल कार्यान्वयन चाहिँ गरेर

अगाडि बढ्नुपर्ला, र भोलि व्यवहारत प्रमाणित हुँदै जान्छ । म सम्मानित सदनमा माननीय सभामुखज्यू मार्फत् माननीयज्यूहरूलाई चाहिँ आग्रह गर्न चाहन्छु । त्यसैगरी मैले अघि पनि भनिसकें, चालुमा रहेका विभिन्न प्रकृतिका केही कार्यक्रमहरू मैले बिहान छलफल गरेर यसलाई यल्लाई चाहिँ स्थगित गरेर अब यो पूँजी निर्माणतिर नै लगाउने ढंगले चाहिँ हामीले एक खालको विचार बनाएका छौं, त्यो पनि म प्रतिवद्धता आदर.. यो सम्मानित सदनमार्फत् माननीयज्यूलाई गर्न चाहन्छु । त्यसपछि यो साक्षरताको कुरा उठेको थियो, माननीयज्यूहरूलाई म के आग्रह गर्न चाहन्छु भने प्रदेश सरकार साक्षरता अभियानमा समन्वयकारी मात्रै छ, सशर्त अनुदानमार्फत् संघीय सरकारले ३६ वटा पालिका चाहिँ यो कर्णालीमा साक्षरता घोषणा गर्न बाँकी रैछन्, ३६ पालिकामा चार चार दर बजेटका दरले सशर्तमार्फत् संघको सरकारले पठाएको छ । त्यसैमा थप दुई दुई लाखको दरले प्रदेश सरकारले पठाएका छौं । त्यो चाहिँ अर्थबाट डाइरेक्ट चाहिँ ३६ वटा पालिकामा पुग्ने गरी पठायौं किनभने सामाजिक मन्त्रालयसँग तल जिल्लामा शिक्षा हेर्ने कुनै चाहिँ यूनिट भएन । स्वास्थ्यबाट पठाउन पनि मिलेन । त्योभन्दा स्थानीय तहमै डाइरेक्ट पठाऔं भनेर अर्थबाटै जाने गरी हामीले त्यो पठाइदिएका छौं । त्यसको समन्वय गर्ने, अनुगमन गर्ने र प्रभावकारीतालाई हेर्ने गरी जिल्ला समन्वय समितिलाई पनि एक एक लाख रुपैयाँ हामी त्यहीँबाट उपलब्ध गराइदिएका छौं । हामीले राखेको बजेट भनेको त केबल समन्वय समिति स्थानीय तहसँग के कसो भयो भनेर अनुगमन गर्ने बजेट मात्र राखिएको हो माननीय सदस्यज्यू । त्यो भको नाताले यो बजेट गइसकेको म जानकारी गराउन चाहन्छु । त्यसैगरी बाल शिक्षकहरूको पनि हिजो कुरा उठेको थियो । यहाँले किताब देख्नुभएन, त्यो पनि हाम्रो बाल शिक्षक भन्ने शिक्षाका हाम्रा निकाय जिल्लामा नहुँदा कसरी पठाउने यो पनि अर्थबाटै डाइरेक्ट जाने गरी हामी स्थानीय तहमा पठाइदिएका छौं । सात सत केरे सत्ताइस सय हाम्रा चाहिँ यहाँ त्यो बाल शिक्षकहरू हुनुहुन्छ । उहाँहरूलाई प्रति महिना १० हजारका दरले हामीले २ करोड ७० लाख रुपैयाँ चाहि हामीले त्यो अर्थबाटै डाइरेक्ट जाने गरी हामीले व्यवस्था गरिसकेका छौं । यो सम्मानित सदनमा माननीय सभामुखज्यू मार्फत् चाहि माननीयज्यूहरूलाई म अवगत गराउन चाहन्छु । त्यसैगरी पूर्वाधारको बजेट सबैतिर एकै भयो भन्ने माननीय सदस्यज्यूको कन्सर्न थियो । हामीले त्यहाँ लेखेका छौं माननीयज्यू सबै एकै प्रकारका प्रदेशका संरचना बन्छन् बिल्डीङ्गहरू बन्छन् जुन जिल्लाको दररेटमा जस्तो क्यालकुलेशन आउँछ, त्यही कायम हुन्छ । त्यो हामीले कस्ट लागत इष्टिमेट तयार पारिसकेपछि लागत इष्टिमेटकै आधारमा चाहिँ त्यो कायम हुन्छ । अहिले हामीले पचास हजार अथवा बीस हजार यसरी बीस लाख पचास लाख भएपनि पछि चाहिँ हामी प्रदेशका छुट्टै संरचना प्रदेशका नमूना स्कूल, प्रदेशका बहुप्राविधिक स्कूल, प्रदेशका आवासीय स्कूल भन्ने छुट्टै एउटा पहिचान दिने गरी हामीले संरचना निर्माण गर्ने हुनाले यसमा पनि चाहिं कन्फ्यूजन नभइदिन हुन सम्मानित सदनमा सम्माननीय सभामुख मार्फत् संसदज्यूहरूलाई आग्रह गर्न चाहन्छु । त्यसपछि संस्कृति कला केन्द्र सरकारले प्रतिबद्धता नीतिमा भनेको छ प्रदेशमा एउटा इज्जेतको विषय पनि हो । बहुसाँस्कृतिक प्रदेश हो हाम्रो । यसमा चाहिँ साँस्कृतिक कला केन्द्र चाहिन्छ भनेर सुर्खेत राजधानी सुर्खेतमा चाहिँ साँस्कृतिक कला केन्द्र स्थापना गर्ने गरी हामीले बजेट व्यवस्था गरेका छौं । यो चाहिँ छिटो भयो हामीले छिटै स्थापना गर्नुपर्ने भयो भन्ने हाम्रो नीतिमा पनि ल्याइसकेको हुनाले संस्कृति एकेडेमी बनाउछु भन्ने प्रतिष्ठान बनाउछु भन्ने नीतिमा आएको हुनाले गठन भइहाल्यो भने संचालन गर्नु पनि पर्ला त्यसको डिपिआर पनि बनाउनुपर्ला भनेर पैसाको व्यवस्था गरिएको हो, माननीय सदस्यज्यू म यो पनि स्पष्ट गर्न चाहन्छु । त्यसपछि विशषज्ञ स्वास्थ्य शिविरहरू अलि बढी भए कि अथवा भएनन् कि अथवा माननीयज्यूहरूलाई बोलाइएन कि भन्ने जुन यहाँहरूको गुनासो थियो म सम्मान गर्न चाहन्छु तर जनताको घरदैलोमा केही स्वास्थ्य शिविर पुगे १ सय ७७ जना विभिन्न रोगका बिरामीहरू जो चाहिँ नेपालगञ्ज सुर्खेत आउन सक्दैनथिए, तिनीहरूले घरमै उपचार अप्रेसन पाए । ७ सय

१० जना वृद्धवृद्धा आमाबुवाले चाहिँ आँखाको अप्रेसन गर्ने मौका पाए । सत... पचहत्तर सय असी जनाले चाहिँ आँखा चेक गर्ने मौका पाउनुभयो । त्यसैगरी १२ सय ५४ जना विभिन्न बिरामीहरूले विभिन्न विधाका विशेषज्ञहरूबाट चाहिँ त्यो त्यो घरदैलोमै बसीकन शिविरबाट त्यो अवसर पाउनुभयो । त्यसको शुरुवात पहिला जाजरकोटबाटै गरियो । माननीयज्यूलाई म माफी चाहन्छु, कतिपय त खबर भएकै थियो होला तर हरेक कार्यक्रम गर्दा अब माननीयज्यूलाई अब माननीयज्यूहरू पनि बिजी हुनुहुन्छ त्यो कत्तिको व्यवहारिक हुन्छ, अबका कार्यक्रममा बोलाइराख्दा कार्यक्रममा गइराख्नुस् भन्दा त्यो कति सम्भावना हुन्छ । हजुरहरू त्यहि क्षेत्रमा रहेको बेला बोलाउनु स्वाभाविकै हुन्छ, तर यहाँबाट फलानो ठाउँ फलानो कार्यक्रम संचालन मन्त्रालयको हुँदैछ भन्दा अलि व्यवहारिक नहोला कि भनेर माननीयज्यूहरूलाई खबर नभको हुन सक्छ । यसमा माननीयज्यूहरूले आफै गर्नु हुनेछ । करिब करिब दुई करोडमा संचालित यी यसको चाहिँ क्यालकुलेशन गर्दाखेरि नर्मल्ली सरकारी अस्पतालमा आवतजावतमात्रै क्यालकुलेशन गरी हेर्दाखेरि घरमै बसेर जनताले २ करोड पनि नपुगेको बजेट खर्च गर्दाखेरि ३ करोड ९६ लाख ६४ हजार जति बराबरको पैंसाको स्वास्थ्य सुबिधा घरमै पाएका यति लोकप्रिय यति राम्रो जनताको घरदैलोमा स्वास्थ्य सुबिधा पुग्ने कार्यक्रम कसरी हटाउने होला माननीयज्यू । यसमा पनि यहाँहरूको म चाहिँ सम्माननीय सभामुख मार्फत् चाहिँ आग्रह गर्न चाहन्छु, ध्यानाकर्षण गर्न चाहन्छु । त्यसैगरी नमूना सामुदायिक विद्यालय कुन मापदण्डले छानियो भन्ने जुन छ, माननीय सदस्यज्यूको क्वइशन थियो यसमा त्यहीं लेखिएको छ । मापदण्ड बनाइएका पनि छन् । संघको पनि मापदण्ड छ, नमूना विद्यालयको । हामीले पनि गत वर्षको मापदण्ड बनाएकै छौं, त्यसमा पनि लेखिएको छ । प्राप्त नाम माथि नाममाथि पनि मन्त्रालयबाट अध्ययन गरी प्राविधिक स्टडी गरी मात्रै हामी सामुदायिक विद्यालय शुरु गर्छौं भनी लेखिएको छ माननीयज्यू, त्यही मापदण्डका आधारमा चाहिँ हामीहरू अगाडि बढाउने सम्मानित सदनमा माननीय सभामुखज्यू मार्फत् आग्रह गर्न चाहन्छु । त्यसगरी, त्यसैगरी बहुप्राविधिक विद्यालयको कुराहरू माननीयज्यूहरूले उठाउनुभएको थियो जिल्ला किन जिल्ला संविधानमै छैन । जिल्ला केन्द्रित किन भन्नुभको थियो । यो पनि माननीयज्यूको कन्सन्र्ट पछि म सम्मान गर्न चाहन्छु । तर हामीले बनाउन खोजेको बहुप्राविधिक विद्यालय एउटै कृषि पढाउनको निम्ति होइन, यही एउटै ईन्जिनियरिङ्ग पढाउनको निम्ति होइन, बहुप्राविधिक भन्दाखेरि कमसेकम ३/४ वटा टेक्नोलोजी टेक्निसि टेक्निकल विषयहरू चाहिँ त्यहाँ सुरु गर्न सकौं । जसका लागि एउटा स्वास्थ्य संचालन गर्नको निम्ति अस्पताल त जिल्लामै छ नि त्यसलाई ५० बेडको हामी बनाउदैछौं । एचए स्टाफ नर्स बढाउनु पर्ने भएपछि अस्पताल त चाहियो नि । हाम्रा दुरदराजका अर्का पालिकाबाट जिल्ला त आउन सक्दैनन् नि सम्भव छैन नि । र त्यसैगरी म्यानपार पढाउने म्यानपावर डक्टर नियुक्त गरी लिन सक्ने टिचरको रूपमा, इन्जिनियर नियुक्त गरेर लिंदाखेरि महँगो पर्ने हुन्छ । त्यहीं काम गरिराखेका साथीहरूलाई बिहानबेलुका पार्ट टाइम चाहिँ हामीले प्रयोग गर्न सक्यौं भने त्यो पनि एकदमै सम्भावना हुन्छ र त्यो चलाउन सक्छौं र अस्पतालमा चाहिँ भोलि एचए स्टाफ नर्स पढाउँदाखेरि त्यो टिचिङ्ग प्राक्टिस गर्नुपर्यो भने ओजेटी गर्नु पर्यो भने त्यो अस्पताल त्यहाँ नजिकै हुन्छन् । यसले गर्दाखेरि कम्फर्टेबल हुन्छ । यो विजीबल हुन्छ, त्यही भएर जिल्ला सदरमुकामभन्दा पनि जिल्ला सदरमुकामको पालिकामा संचालन गरौं भनेर त्यो व्यवस्था गरिएको छ । माननीय सदस्यज्यूहरूलाई त्यो असुबिधा भएछ भने म क्षमा चाहन्छु तर जिल्ला सदरमुकाममा भयो भने प्रभावकारी हुन्छ । र त्यसको एफिलियसनको कुरा उठाउनुभएको थियो । त्यसको एफिलियसन दुई तरिकाले हुन सक्छ, एउटा हाम्रो नीति कार्यक्रम गत वर्ष र अहिले पनि प्राविधिक शिक्षा परिषद् गठन गर्छु भनेका छौं । प्रदेश सरकारले गर्न सक्छ त्यसबाट एफिलियसन हुन सक्छ, यदि भएन भने पनि सिटीइभिटीको पनि सबै कार्यक्रम मन्त्रालय, सामाजिक मन्त्रालयमा आइसकेको छ, सशर्तमार्फत् आइसक्याछ र अब एफिलियसनको अधिकार पनि नदिई सुखै छैन,

त्यो आउँछ यही मन्त्रालयले संचालन गरेको हुनाले यही मन्त्रालयले सम्भाव्यता अध्ययन गरी फिजीबल कम्पीलिट भयो भने पूर्वाधार बन्यो भने त्यो एफिलियसनको कुनै अफ्ठ्यारो छैन । हिजो माननीयज्यूले भन्दाखेरि विश्वविद्यालय भन्नुभाथ्यो । यो विश्वविद्यालय होइन माननीयज्यू, दश वटा जिल्लामा कहाँ एउटै विश्वविद्यालय गाह्रो छ । विश्वविद्यालय होइन, बहुप्राविधिक विद्यालय नै हुन् । त्यसरी बुझिदिन म माननीय सदस्यज्यूहरूलाई हार्दिक आग्रह गर्न चाहन्छु । त्यसपछि सेभहाउसको कुरा पनि उठाउनुभएको थियो, माननीय सदस्यज्यू यो चाहिँ तपाईको सेभहाउस सिरियल नं. २० मा उल्लेख छ । एक करोड २० लाख छ, सुर्खेतमा २० लाख, अरु जिल्लामा १०-१० लाख स्पष्ट रूपमा हामीले व्यवस्था गरेका छौं । हिंसापीडित महिला दिदीबहिनीहरूको राहतका लागि यो चाहि व्यवस्था हुन्छ र एउटा सामाजिक सुरक्षा घर पनि सुर्खेतमा गत वर्षदेखि नगरपालिकाको सहकार्यमा निर्माणाधिन छ, नगरपालिकाले टेण्डर गरेर हामीले पैंसा दिएका छौं, अहिले पनि पैंसाको व्यवस्था गरेका छौं । राम्रो सोसियल सेक्यूरिटी हाउस एउटा भिलेजको रूपमा चाहिँ विकास गरेर त्यहाँभित्र ती दिदीबहिनीहरूलाई व्यवस्थापन गर्छौं र हामीले सकेसम्म कानुनी उपचार पनि दिन्छौं सीपमूलक पेन्ट पनि सिकार त्यसरी जान्छौं भन्ने म चाहिँ आग्रह गर्न चाहन्छु । त्यसपछि जडिबुटीको काम सामाजिकले गर्ने भन्ने पनि कुरा उठ्याथ्यो । एक दुई ठाउँमा परेको पनि छ, माननीयज्यूहरू । तर आयुर्वेद औषधालय पनि त हामीसँग छन्, अहिले पनि ९ प्रकारका जडिबुटी माननीयज्यूहरूलाई म आग्रह गर्न चाहन्छु, सभामुखज्यू मार्फत् ९ प्रकारका कर्णालीमै रहेका जडिबुटीहरूको हामीले औषधि बनाइसक्यौं, ग्यास्ट्रिकको औषधि त अत्यन्त झन प्रभाकारीता प्रयोग गरिदिन म आग्रह गर्न चाहन्छु । त्यो त जडिबुटीबाटै बन्ने भ त अनि जडिबुटीका कुरा राख्नै पर्यो । त्यसरी जडिबुटी पर्या हामी उद्योग संचालन गर्न खोज्या होइन, त्यो औषधि प्रोसेसिङ्ग गर्न खोजेको हो । त्यसका लागि पनि म सम्मानित सदनमा माननीय सभामुखज्यू मार्फत् सदनलाई जानकारी गराउन चाहन्छु । अनि होटलमा कर्मचारी भेटिन्छन् भन्ने जुन हिजो चाहिँ अलिकति कुरा आको थियो, हामीले माननीय मुख्यमन्त्रीज्यूको निर्देशनअनुसारै सकेसम्म सकिने हाम्रा, हाम्रा मन्त्रालयका कार्यक्रमहरू हामीले तालिम केन्द्रमा गर्ने गरेका छौं अलि स्वभावैले अरु मन्त्रालयभन्दा बढी कार्यक्रम हाम्रा हुन्छन्, स्वास्थ्य छ, शिक्षा छ, श्रम रोजगारका कुराहरू छन्, धेरै हुन्छन् नै तर हामीले नगरी नहुने हलले नअट्ने बाहेकका कार्यक्रमहरू चाहि हामीले चाहि तालिम केन्द्र र मन्त्रालयमै गर्ने गरेका छौं । तर एउटा कुरा के आग्रह गर्न चाहन्छु भने संघीय मन्त्रालयका कार्यक्रम पनि हामीसँग साझेदारी गर्ने कार्यक्रमहरू र उनीहरूले सशर्तबाट पठाएका कार्यक्रमहरू, उनीहरूले गर्ने कार्यक्रमहरू, यहाँ मन्त्रालयमा आयोजना गरिदिनुपर्यो, समन्वय गरिदिन पर्यो, होटल खोजदिन केरे मिलाइदिन पर्यो अर्को गरिदिन पर्यो भन्छन् त्यसमा हाम्रा कर्मचारी परिचालित हुन्छन् । शिक्षाका पनि त्यति धेरै कार्यक्रम, स्वास्थ्यका पनि उति संघीय कार्यक्रम, मैले त हिजो अस्ति पनि भने हिजो अस्ति पनि कार्यक्रम थिए, त्यो बेला तपाईहरू के राख्नुहुन्छ ? हामी बजेट बनाउन यस्तो चटारोमा छौं, संघको के हो यस्तो भनेर पनि भनियो । भने पछि त्यता जाँदाखेरि अलि माननीयज्यूहरूले बढी भेट्नु भो होला । त्यो प्रदेश सरकारको बजेटबाट हुने कार्यक्रमहरू सकेसम्म हामीले तालिम केन्द्रमा गरेका छौं । स्वास्थ्य तालिम केन्द्र हाम्रो डेली करिब करिब हाम्रा संरचनाभित्रका कार्यक्रमहरू त्यहाँ हुन्छन् । त्यो भको नाताले त्यसरी बुझिदिन पनि म माननीय सदस्यज्यूलाई आग्रह गर्न चाहन्छु । त्यसपछि मुख्यमन्त्री महिला दलित कार्यक्रम छात्रवृत्तिका कार्यक्रम केही कार्यक्रम किन डल्लोमा राखियो भन्ने माननीयज्यूको भनाई थियो त्यसलाई अहिलै कार्यविधि नबनाइकन कुन मोडलमा हामी जाने हो, छलफल नगरिकन त्यो टुक्र्याउन सकिएन । त्यो चाहिँ हामीले सोच एउटा बनाएका छौं । मैले त भनेको छु, जुन इस्यूको कार्यक्रम हो त्यही इस्यूका माननीय सदस्यज्यूहरूलाई राखेर अझ कार्यविधि निर्माण गरौंला अनि अझ प्रभावकारी होला भन्ने ढंगले नै यो डल्लो पनि होइन, ५ करोड छ, ३ करोड छ, ढाइ करोड छ, यो चाहिँ यसरी राखिएको

छ । म प्रतिबद्धता के गर्न चाहन्छु भने हामीले उचित कार्यविधि बनाएर त्यो पछि चाहिँ डल्लोमा कार्यान्वयन हुँदैन, त्यो बजेट ब्रेकडाउन गर्नैपर्छ । एक्टिभिटीवाइज गएर चाहिँ छलफल गर्नु केरे कार्यान्वयन गर्नुपर्ने हुन्छ यो पनि माननीय सदस्यज्यूहरूलाई आग्रह गर्न चाहन्छु । त्यसपछि समिति परिषद्मा बजेट किन व्यवस्था गरियो अलिकति खेलकुद यूवा समिति अब यो भन्ने थियो । यो पनि म के आग्रह गर्न चाहन्छु भने माथि पनि कतिपय क्याविनेटमा छन्, कतिपय सदनमा छन्, यो सम्बन्धी विधेयक संघीय सरकारका पनि, त्यसमा गरिएका प्रभिजन पनि हामीलाई जानकारी छ, हामीसँग छलफल गरेर गरिएको छ, प्रदेशमा परिषद् हुने त व्यवस्था राखिएको छ र प्रदेश सरकारले नै गठन गर्नेछ, प्रदेशले बनाए अनुसार हुने छ नै भन्या छ, र हाम्रा पनि खेलकुदको ऐन सम्मानित सदनको समितिमै छ, युवाको ऐन छ, अब यस्ता ऐनहरू यहाँ छन्, यो पनि छलफल बहस पछि अब छिटो टुंगो लाग्यो भने प्रदेशमा चाहिँ यो गठन गर्नुपर्ने हुन्छ । यो क्षेत्र, अस्ति तपाईको हामीले खेल यो आठौं राष्ट्रिय खेल खेल्दाखेरि यो प्रदेशमा प्रदेश कमिटी नै भइदिएन । अरु प्रदेशमा भए । हिजो राखेपले गठन गरेका यहाँ चाहि माथिबाट एउटा त्यो कार्यबाहक तोकेर पठायो उसले खेलाउनु पर्ने अवस्था भयो । यो छिटो चाहिने संरचनाहरू हुन् त्यो भको नाताले यलाई बरु म आग्रह गर्न चाहन्छु । बिलहरू यहाँ छन्, यो बिललाई छिटो पास गरिदिएर, बरु यस्तो खालका संरचनाहरू बनाएर खेल क्षेत्रको विकास, युवा क्षेत्रको विकास र सामाजिक क्षेत्रबाट जुन गैरसरकारी संस्थाबाट हुने आइएनजियो एनजियोबाट हुने कार्यक्रम छन् यसको नियमन, यसको प्रभावकारी परिचालन र डुब्लीकेशन घटाउनको निम्ती पनि सहज हुन्छ । म आग्रह गर्न चाहन्छु, त्यसैका लागि बजेटको व्यवस्था गरिएको म सम्मानित सदनलाई चाहिँ म जानकारी गराउन चाहन्छु । त्यसपछि अलि नीतिभन्दा बाहिर गयो कि बजेट भन्ने माननीय सदस्यज्यूहरूको आफ्नो राय थियो, म आग्रह गर्न चाहन्छु माननीय सदस्यहरू, प्रत्येक नीतिलाई हामीले चाहि अहिले उ बनाएर, यता नीति राखेर, यता कार्यक्रम बनाएर, यता बजेट गर्या हौं । नीतिभन्दा बाहिर यो छँदैछैन । म हार्दिकताका साथ आग्रह गर्न चाहन्छु नीतिसंगत छ, नीतिमा टेकिएको छ । तर एक करोड भनियाथ्यो किन तल भन्ने चाहिँ माननीयज्यूको चाहिँ आयो । बजेट एक करोडकै छ, ब्रेकडाउन गर्दा कम पनि भयो र हजुरहरूले नै यो त अस्ति बजेटको छलफल दुई दिन हुँदाखेरि मैले नाम टिप्याछु हजुरहरूका सबैका, नोट गर्याछु हजुरहरूले नै जिल्लामा सम्बोधन गर्नुपर्छ साना कार्यक्रम पनि चाहिन्छ । एक करोड किन भनेर धेरै माननीयज्यूहरूको सुझाव छ, सैद्धान्तिक छलफलको बेला । त्यो कुरालाई पनि अलिकति सरकारले अंगिकार गरेको हो भन्ने म आग्रह गर्न चाहन्छु । त्यसपछि स्वास्थ्य बीमाको कुरा उठ्याथ्यो । माननीयज्यूलाई म आग्रह गर्न चाहन्छु स्वास्थ्य बीमा संघीय सरकारको देशभरि गर्ने छ, यो हाम्रो कर्णाली प्रदेशमा आठ वटा जिल्लामा भइसक्या, लागू भइसक्याछ, दुईटा जिल्ला बाँकी छन् । यो आउँदो आर्थिक वर्षमा लागू हुनेछन् र यसको समन्वय र सहजीकरणका निम्ती प्रदेश सरकारले थोरै बजेट व्यवस्था गर्याछौं । अरु सबै संघीय सरकारबाट आउने हुनाले हामीले बजेटको व्यवस्था गर्न जरुरी भएन । अनि संवैधानिक अधिकार क्षेत्रभन्दा बाहिर गइयो कि भन्ने थियो । अलिकति अब स्कूलका कुराहरू गर्दाखेरि सेडुल ५ मा केरे ६ मा हाम्रो उच्च शिक्षा र प्रदेश विश्वविद्यालय भन्ने नै छ । तर ९ मा गएर तीनै सरकारको अधिकार क्षेत्रमा शिक्षा भन्ने राख्याछ । अब यो संघले क्लियर कानून बनायो भने मात्रै कसको क्षेत्र कहाँ भन्ने पर्छ तर हामीले त स्कूलका पूर्वाधार स्थानीय सरकारकै मातहत भएपनि सहयोग गरिदिएको मात्रै हो । अझ त माननीय, विद्वान माननीयज्यूहरूबाट म त के पनि सुझावको अपेक्षा गर्याथिए भने तपाईंले स्कूलका भवन मात्रै बनाएर शिक्षाको सुधार हुन्छ ? भित्रको क्वालिटीको पैंसा खै ? भन्नुहोला भन्ठानेको अब क्वालिटीकातिर लागौं भने फेरि त्यही चालुतिर जाने भो यो कुरा चाहिँ आएन । म आउँछ कि भन्ने मैले अपेक्षामा थिएँ । किनभने घर मात्रै बनाएर स्वास्थ्य सुबिधा दिन सकिदैन, घर मात्रै बनाएर यूनिभर्सिटी मात्रै बाहिर खडा गरेर

भित्र चाहिँ भ्वाङ्ग भयो भने शिक्षाको क्वालीटी सुधार गर्न सकिदैन, स्कूल मात्रै बनाएर हुँदैन, स्कूलभित्र पनि गुणस्तरीय शिक्षाका निम्ति विभिन्न मेथोडोलोजीहरू छन् टेक्नोलोजीहरू छन् त्यो इन्टरभेन गर्नुपर्ने हुन्छ । यतातिर पनि माननीयज्यूहरूको सुझाव आउँछ आउँछ जस्तो लाग्याथ्यो, अलिकति आएन । त्यसपछि अब म लास्टमा छु, अलि लामो भयो होला माफी पनि चाहन्छु । अलिअलि हुम्लामा बढी गयो भन्ने भयो, धेरैले त ठिकै हो आफ्नो जिल्ला पनि भन्नुभयो । अब अलिअलि बाध्यता थिए माननीयज्यूहरू, मैले अलिकति लेख्याछु, थोरै सानो भन्छु सम्बन्धित जिल्लाको मन्त्री हुन गाह्रो रहेछ, स्थानीय बाध्यता र आवश्यकता नजिक आउँदा रहेछन्, यत्ति भने काफी होला । यत्ति भने मैले तर पनि न्याय र सम्मूनत, ए सन्तुलनको सिद्धान्तलाई आत्मसाथ गरेको छु मेरो बजेटमा र म फेरि पनि ग्रहण केरे गर्ने प्रण गर्दै फेरि पनि माननीय सभामुख मार्फत् सम्मानित सदनमा यहाँहरूका जिज्ञासा, यहाँहरूले दिनुभएको सुझाव अत्यन्तै कन्स्ट्रक्टिभ थिए, अत्यन्तै प्रोडक्टिभ थिए, प्रदेश सरकारको हित र उन्नतिमा थिए, प्रदेशका जनताको उन्नति र समृद्धिका लागि थिए, यसलाई म उच्च सम्मानका साथ ग्रहण गर्ने प्रतिबद्धता व्यक्त गर्दै विदा हुन्छु । धन्यवाद ।।

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७६ अन्तर्गतको सामाजिक विकास मन्त्रालयको शीर्षकहरूमाथिको छलफल समाप्त भएको व्यहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १३२ को उपनियम (७) बमोजिम कर्णाली प्रदेश विनियोजन विधेयक २०७६ अन्तर्गतको उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालयको शीर्षकहरूमाथिको छलफल प्रारम्भ हुन्छ । सर्वप्रथम माननीय श्री जीवनबहादुर शाही ।

**माननीय श्री जीवनबहादुर शाहीः** सम्माननीय सभामुख महोदय, म रोष्टममा आउँदा टोपी लाएरै आउँथे । सबैले बुझ्नु भयो । नेपाली हिजो आयो सभामुख महोदय, धर्मकर्म गर्ने कुराहरू हुन्छ, त्यसमा हामी अलि अगाडि नै छौं, यस मानेमा कि मन्दिरमा जाँदा टोपी झिकिन्छ, कि दुखद् कुरा सुन्दाखेरि टोपी झिकिन्छ । यी बजेट भनेका दुखद् भएको हुनाले मैले टोपी झिकेर आउन मन लाग्यो । मैले टोपी झिकेर आएको छु, सभामुख महोदय । मन्त्रीका कुरा सुन्दा लाग्न थाल्यो, कि अब यो संसारमा उहाँहरूभन्दा अरु कोही पनि छैनन्, कसैले बुझेका छैनन्, जानेका छैनन् । मलाई लाग्छ यो जुन बजेट बनिरहेको छ, सभामुख महोदय कि त मेरो क्षेत्रमा, मेरो प्रदेशमा आएका कर्मचारीहरू हिजोअस्ति मात्र सुनेको थिएँ, कुन जिल्ला हो त्यो कुन मान्छे हो जान्दिन तर एउटा ठूलै पदको मान्छेले जाँड खाएर ठूलै पदका मान्छेलाई चाहिँ उले चाहिँ नानाभाँती के भनेछ, अनि त्यसपछि त्यलाई तँ चाहिँ यो ठाउँमा आएर आफूभन्दा ठूलालाई नानाभाँती भन्ने भनेर उलाई सरुवा काँ गरिएछ त कर्णाली प्रदेशको सुर्खेतमा गरिएको छ कि त त्यस्तै त्यस्तै कर्मचारीहरू आएर एलएमबीआइएसको सिस्टमा ढालेको हुनुपर्छ, होइन भने मेरो ब्रम्हले भन्छ सभामुख महोदय यो चाहिँ हुकुमबक्सका कारणहरूले यी बजेटहरू यसरी आएका हुन् भन्ने कुरा देखिन्छ । यो सिस्टममा हिंडेको छैन, कर्मचारीहरू निरही हुनुपर्छ, मैले त्यसरी बुझेको छु । कुनै कुनै मन्त्रालयका त सचिवहरू डक्टरै डक्टर छन् किताबै दुईचार वटा लेखेका छन्, त्यस्ता मान्छेहरूले यो खालको बजेट बनाएन भन्ने मलाई विश्वास लाग्दैन । आज टोपी झिकेर आउनुपरेको अवस्थामा उद्योग, पर्यटन, वन वातावरण मन्त्रालय वास्तवमा मलाई बोल्ने कुनै पनि उसमा चाहना थिएन तर मैले बोल्ने बाध्यता सम्झें र म यो धेरै, यो भित्र त बोल्नै हुने छैन, कि हेर्नैं पनि लेउ हरियो, किताब हरियो आएको छ, लेउ हरियो लागेको छ, काँनेर चिप्लेर को लड्ने हो त्यो थाहा छैन । त्यसकारण म कवि पनि होइन सभामुख महोदय, म सायरीकार पनि होइन, तर पनि कतै यो हेर्दा धुकधुकी लाग्यो यस्तो गजबको छ । अस्ति एक जना माननीयज्यूले भन्दै हुनुहुन्थ्यो, धामी काले भने एउटा शीर्षक राख्यो अनि पछि काले धामी भन्यो, त्यसपछि अर्को राख्यो, अनि बीचमा काले

छेउछेउमा धामी भनेर त्यसरी पनि किताबमा राखेका रहिछन् । त्यसैले मलाई एउटा सानो कविता भन्न मन लाग्यो । यो बजेट,

यो बजेट मन्त्रीका लागि चौरासी बेञ्जनको रासन भएछ,

यो बजेट मन्त्रीका लागि चौरासी बेञ्जनको रासन भएछ ।

हामी जस्ता सांसदका लागि दिने आश्वासन भएछ,

हामी जस्ता सांसदका लागि दिने आश्वासन भएछ ।

आम जनताका लागि सुन्ने भाषन भएछ,

आम जनताका लागि सुन्ने भाषन भएछ ।

बिचौलियाका लागि जीवन परिवर्तन गर्ने सुशासन भएछ,

बिचौलियाका लागि जीवन परिवर्तन गर्ने सुशासन भएछ । सभामुख महोदय ।।

त्यसैले सभामुख महोदय, यो पवीत्र मुखबाट सम्मानित सदनका पवीत्र कानहरूलाई यो अपवीत्र बजेटका वाक्यहरू वाचन गर्न चाहिन, यो वार्षिक विकराल कार्यक्रम सभामुख महोदयमार्फत् सम्बन्धित मन्त्रालयमा यो फिर्ता गर्न चाहन्छु किनकि यो धेरै गरुङ्गो भयो यो चाहिँ सम्मानित सभामुख मार्फत् सम्बन्धित मन्त्रालयमा फिर्ता गरियोस् । धन्यवाद । जय नेपाल ।।

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७६ अन्तर्गतको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको शीर्षकहरूमाथिको छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूले रोष्टमको वायाँतर्फ रहेका सचिवालयका कर्मचारीहरूकोमा नाम टिपाउनु होला । अब माननीय चन्द्रबहादुर शाही ।

यसपछि माननीय श्री सीताकुमारी नेपाली तयार रहनुहोला । समय ७ मिनेट ।

**माननीय श्री चन्द्रबहादुर शाहीः** सभामुख महोदय, आज हामी आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले यो सदनमाथि राख्नुभएको बजेट वक्तव्यसँग जोडिएका कुरालाई लिएर उद्योग तथा पर्यटन मन्त्रालयसँग सम्बन्धित विषयमा छलफलको लागि हामी यहाँ उपस्थित भएका छौं र छलफलमा भाग लिंदै छौं । सर्वप्रथम त आर्थिक मामिला मन्त्रीज्यूले गत साल, गत साल आर्थिक मामिला मन्त्रालयबाट हामीलाई अर्कै बुकलेट रातो किताब सम्मानित सदनमा राखेर छलफल गराइएको थियो, अहिले त्यो रातो बुक काँ थन्कियो । मन्त्रालयवाइजको खेस्रा गरेर हामीलाई छलफलमा समावेश गराइएको महशुस हामीलाई भएको छ । सभामुख महोदय, नेपालको संविधानमा प्रस्तावनामै भनिएको छ, हामी सार्वभौम सत्ता सम्पन्न नेपाली जनता, त्यही नेपाली जनताको जनप्रतिनिधि यो सम्मानित सदनमाथि जनताका आवाज र जनताका पक्षमा वकालत गर्नको लागि हामी यहाँ उपस्थित भएका छौं । त यो सम्मानित संसद आज मन्त्रीज्यूले गफ गर्ने चौतारीको रूपमा परिणत भएको महशुस मलाई भएको छ किनभने यो गफ गर्ने चौतारी होइन । यो मुलुकमा मुक्ति चाहने मुक्तीगामी त्यो क्षमताका आवश्यकतासँग बहस गर्ने थलो हो, त्यसैले सांसदज्यूहरूले यहाँ उठाएका कुरासँग सरोकार राखेर मन्त्रीज्यूहरूले जवाफ दिनुपर्ने ठाउँमा फेरि पनि एकपछि अर्को, अर्कोपछि अर्को गर्दै मेरो सरकारले यसो गर्नेछ, मेरो सरकारले यसो गर्नेछ भन्न मात्रै बाँकी रहेको छ । सबै फिरी नीति तथा कार्यक्रम दोहोर्याइतेहेर्याइ यहाँ प्रस्तुत भएकोले यो सम्मानित सदनलाई गफ गर्ने

चौतारीको रूपमा सरकारले, सरकारका प्रतिनिधिले गराएको महशुस मलाई भएको छ । सभामुख महोदय, यहाँ आज उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयसँग सम्बन्धित विषयमाथि हामी छलफलका लागि यहाँ उभिएका छौं । पर्यटन, म पर्यटन क्षेत्रको मान्छे हो । रारा, रारा कर्णाली प्रदेश सरकारले पर्यटन वर्ष रारामा सम्मानित प्रधानमन्त्री केपी शर्मा ओलीलाई निमन्त्रणा गरेर मुलुकको मात्रै होइन, अन्तर्राष्ट्रकोमा पनि ध्यानाकर्षण गर्ने काम गर्यो । यसको लागि हामी सबैले स्वागत गर्यौं तर अहिले रारामा ४५ प्रतिशत पर्यटन बढे भनेर अस्ति नीति तथा कार्यक्रममा यहाँ उल्लेख गरिएको छ । रारामा पर्यटन बढ्ने होटल बनाइदियौं कि प्रदेश सरकारको तर्फबाट । रारामा पर्यटन बढ्ने बाटो पीच गराइदियौं कि । रारामा पर्यटन बढ्ने जहाज खरिद गरेर कर्णाली फिरी अहिले नीति तथा कार्यक्रमा आएको छ, बजेटमा पनि अलिअलि राखिएको छ । कर्णाली एयरलाइन्स बनाएर हामीले त्यो रारामा अवतरण गराइदियौं कि रारा वरिपरिका सबै बस्तीमा होमस्टे खडा गरेर पर्यटनको ओइरो लाग्ने काम गर्यौं कि कर्णाली प्रदेश सरकारले त्यो राराको लागि के गतिलो काम गरेर त्यहाँ पर्यटन वृद्धि भयो भनेर हामीले आज हाम्रो प्रगतिमा देखाउने काम भएको छ । त्यहाँको रेकर्ड अनुसार गत सालभन्दा घटेको भन्ने कुराहरू आएको छ । त त्यसो भएकोले राराको फोहोर, राराको पर्यटन वर्षको फोहोर पनि सारी नसक्ने कर्णाली प्रदेश सरकारले त्यो फोहोर अहिले पनि किनभने अनियमितताबाट भनेर त्यसको कुनै पनि हिसाबकिताब भएको छैन, सरकार उम्किएको छैन । त्यो फोहोर हटाउन नसक्ने सरकारले रारामा पर्यटन यति वृद्धि भयो भनेर जनतालाई ढाँट्ने काम शिवाय अरु केही हुन सकेको अवस्था देखिंदैन । सभामुख महोदय, हाम्रो संविधानले समावेशी, सहकारी, सहअस्तित्व, समानुपातिक कुनै पनि विन्दुमा, कुनै पनि ठाउँमा, कुनै पनि निकायमा उल्लेख भएको छ । तर आज माननीय मन्त्रीज्यूहरूले समानुपातिक होइन, आफूसँग सम्बन्धित रहेर मात्रै यो प्रदेश यो मन्त्रालय मेरो मात्रै पेवा हो र अरुको होइन भनेर त्यो कोणबाट बजेट विनियोजन गरिरहेको अवस्था यहाँ देखिएको छ । सभामुख महोदय मैले १ मिनेट समय मागें । मैले तथ्य कुरा नै मैले यहाँ राख्न चाहन्छु । म पनि यो प्रदेशको यो प्रदेशका जनताले चुनेर पठाएको एउटा क्षेत्रको सांसद हो । सभामुख महोदय, उद्योग पर्यटन तथा वन वातावरण मन्त्रालयले हाम्रो हातमा दिएको बुकलेटमा प्रत्येक शीर्षक छन् यहाँ, यो प्रत्येक शीर्षकमा मैले ती शीर्षकमा मात्रै भन्न चाहे सभामुख महोदय । १ नं. मा हेलिप्याड निर्माण छ, हेलिप्याड निर्माण मेरो क्षेत्रमा गाडी, निर्वाचन क्षेत्रमा गाडी पुगेको छैन तर हेलिप्याड मेरो क्षेत्रमा मिल्छ तर सम्बन्धित मन्त्रीज्यूको क्षेत्रमा ३० लाख रुपैयाँ विनियोजन गरिएको छ सभामुख महोदय । प्रदेशले पहिचान गरेका एक सय एक गन्तव्यको पूर्वाधार विकासको विस्तृत परियोजनाको शीर्षकमा २ करोड ३५ लाख सम्बन्धित मन्त्रीको निर्वाचन क्षेत्रमा छ भने मेरो क्षेत्रमा ८० लाख मात्रै विनियोजन गरिएको छ सभामुख महोदय । (समयलाई ध्यान दिऊँ माननीय सदस्य) त्यस्तै भेरी कर्णाली र सिचा नदीमा जलयात्राको पूर्वाधार विकास भनिएको छ २० लाख छ मेरो क्षेत्रमा नील छ, कर्णाली पर्यटन सर्किटमा पर्ने पदमार्गहरूको पनि मेरो क्षेत्रमा नील छ अनि त्यसपछि उहाँको क्षेत्रमा २ करोड १५ लाख रुपैयाँ छ । त्यस्तै पर्यटन सडक निर्माण तथा पूर्वाधार विकासमा मेरो क्षेत्रमा नील छ, सम्मानीत मन्त्रीज्यूको क्षेत्रमा ३ करोड छ । अनि त्यसपछि साल विकास संरक्षण तथा अनि विकासको शीर्षकमा अनि २० लाख रुपैयाँ मन्त्रीको क्षेत्रमा छ भने मेरो क्षेत्रमा नील छ (अब सकौं माननीय सदस्य) पर्यटकीय महत्वका धार्मिक तथा ऐतिहासिक क्षेत्रको पूर्वाधार विकासमा अनि मन्त्रीज्यूको क्षेत्रमा १ करोड ८५ लाख छ भने मेरो क्षेत्रमा नील छ । त्यस्तै यावत् रूपले त्यो ८० लाख बाहेक अनि त्यसपछि मन्त्रीज्यूको क्षेत्रमा १५ करोड रुपैयाँ अनि त्यही प्रत्येका तिनै जनताले जिताएको एउटा सांसदको क्षेत्रमा ८० लाख मात्रै सीमित राख्नु, के यो संविधानतः ठीक छ ? के विधि अनुसार ठीक छ ? त्यसैले यो संसदलाई प्रदेशलाई विधिको प्रदेश, विधानको

प्रदेश बनाउन पर्छ तर यो गफ गर्ने चौतारी, चौतारीमा केटाकेटी जम्मा भएर खेलाउना खेल्ने ठाउँ बनाउनुहुन्न भन्ने सुझाव राख्न चाहन्छु । धन्यवाद !

**माननीय सभामुखः** माननीय सीता कुमारी नेपाली । यसपछि माननीय श्री दिनबन्धु श्रेष्ठ तयार रहनुहोला ।

**माननीय श्री सीताकुमारी नेपालीः** माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्यभन्दा अगाडि नीति कार्यक्रम आयो, नीति कार्यक्रमपछि बजेट वक्तव्य आयो। र आज हामी वार्षिक विकास कार्यक्रमका बारेमा छलफल गरिरहेका छौं । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गतका दफावार छलफलमा हामी भाग लिंदै गर्दा अघिल्लो मन्त्रालयका विषयमा भाग लिने अवस्था रहेन । र मन्त्रीज्यूहरूले जवाफ पनि दिइराख्नु भएको छ । मलाई कस्तो लागिरहेको छ भने पढाए पढाए पाठ सोह्र दुना आठ' भन्ने खालको जस्तो स्थिति काग कराउँदै जान्छ पिना सुक्दै जान्छ, भन्ने जस्तो खालको अवस्था कताकता त्यस्तै प्रकारको महशुस भइराखेको छ । र यो मन्त्रालयमा त्यसो नहोस् भन्नका लागि सभामुखमार्फत् म अनुरोध गर्न चाहन्छु । मैले यो मन्त्रालय अन्तर्गत बोल्दै गर्दाखेरि अलिकति हिसाबकिताब पनि गर्न मन लाग्यो मलाई । अध्ययन गर्दै जाँदाखेरि २६ वटा पेज छन्, यसमा प्रशासनिक खर्चतर्फ २७ वटा सिरियल नम्बर छ तर त्यो सिरियल नम्बर अनुसार जुन बजेटहरू राखिएको छ, त्यसको एकमुष्ट यति भनेर लेखिएन किन होला ? के कारणले होला ? एकमुष्ट लेख्दाखेरि धेरै बजेट देखिन्छ भनेर हो या अरु कारणले हो ? मैले बुझ्न सकिन । र हेलिप्याड १५ वटा, १५ वटा हेलिप्याडमा कालिकोटमा ३ वटा, हुम्ला, डोल्पा, रुकुम, जुम्ला, दैलेखमा २,२ ओटा मुगु र जाजरकोटमा १,१ वटा हेलिप्याड राख्ने छुट्याइएको रहेछ । सुर्खेत र सल्यान छुटेछ । सुर्खेतमा त एयरपोर्ट छँदैछ, सल्यान किन छुट्यो होला मलाई दंग लाग्याछ । किन छुट्यो होला सल्यान ? र सुर्खेतमा पनि विकट क्षेत्र छ, पश्चिमको लगाम, छाप्रे, र पूर्वको धारापानी असाध्यै विकट छ, यो सुगम भएता पनि कर्णाली प्रदेशको राजधानी भएतापनि यहाँ पनि विकट छ, हेलिप्याड यहाँ पनि आवश्यकता पर्छ तर किन यो छुट्याइएको होला मैले बुझ्न सकिन । र अर्को कुरा एक सय एक ओटा प्रदेश पहिचान गरेका पर्यटकीय गन्तव्यहरू यहाँ भनेर शीर्षक आएको छ, त्यसका निम्ती २५ करोड छुट्याइएको छ । त्यो २५ करोडमा यसो हिसाब गर्दैगर्दा यहाँचाहिँ कालीकोट जिल्लामा ४ वटा त्यसमा चाहिँ ३ करोड ५५ लाख । सल्यानमा ५ वटा २ करोड ४० लाख । डोल्पामा ५ वटा २ करोड ३५ लाख । सुर्खेतमा ६ वटा ३ करोड ६० लाख । रुकुममा ३ वटा १ करोड ५० लाख । हुम्लामा ३ वटा १ करोड ६० लाख । दैलेखमा ५ वटा ४ करोड । मुगुमा २ वटा १ करोड ६० लाख । जाजरकोटमा २ वटा १ करोड ६० लाख । जुम्लामा ३ वटा २ करोड ८० लाख । यसरी हेर्दाखेरि २५ करोड त्यो पुग्छ ? एक सय एक वटा गन्तव्यमा जम्मा ३८ वटा मात्रै हो त बजेट छुट्याउनु पर्ने ? त्यो ६३ वटा योजनाहरू कता गए ? ६३ वटा पर्यटकीय गन्तव्यहरू छैन ? त्यो उल्लेख गर्नुपर्छ कि पर्दैन ती पर्यटकीय गन्तव्यहरूको पनि त विकास गर्नुपर्छ होला । त्यसको पनि संरक्षण गर्नुपर्छ होला यो । अब जानी जानी छुटाइएको हो या फेरि अर्को आर्थिक वर्षमा ६३ ओटा योजनालाई समावेश गर्ला बजेट सम्बोधन गर्नका लागि हो मैले बुझ्न सकिन । र अर्को कुरा पदमार्गको कुरा गर्दाखेरि ११ करोड ४० लाख छुट्याइएको रहेछ । र यसमा चाहिँ डोल्पामा ८ वटा छ, २ करोड १५ लाख । हुम्लामा ९ वटा छ, २ करोड । कालीकोटमा ३ वटा छ, ७५ लाख । जुम्लामा ५ वटा छ, एक करोड ४० लाख । मुगुमा ८ वटा छ, २ करोड १५ लाख । दैलेखमा एउटा छ, २५ लाख । सुर्खेतमा ३ वटा छ, ६५ लाख । सल्यानमा ३ वटा छ, एक करोड । रुकुममा छैन, अघिल्लो वर्ष नै बढी परेर होला अहिले रुकुममा नभको । जाजरकोटमा ३ वटा, एक करोड ५ लाख । यसरी पदमार्गहरू छुट्याइएको छ र मैले मेरो लेटरप्याडमा दिएको एउटा चाहिँ परेछ, २५ लाखको छुट्याइएछ अरुभन्दा

एकदम कमै छुट्याइएको मैले यहाँ बुझेको छु र जलाधार पूर्वाधारको कुरा गर्दाखेरि जलयात्राको पूर्वाधार कस्तो प्रकारको हुन्छ ? मैले बुझ्नै सकिन, प्रष्ट भइन म त्यसैले गर्दाखेरि मैले यो प्रश्न गर्न चाहन्छु । अब कति धेरै हिसाब गर्नु, हिसाबैहिसाब गर्दा फेरि अरु विषय पनि छुट्ला भन्ने पनि लाग्यो, त्यही भएर मैले पर्यटन सडक पूर्वाधारको हिसाब गरिन । अब समन्यायिक, सन्तुलित नभइसकेपछि कति हिसाब गर्नु भनेर मैले त्यो विषय गरिन । अघिल्लो वर्ष सुर्खेतको मटेला ठाटीकाँडा ढुवानी चुली मौलाहालेमा १ करोड थियो अहिले त ३० लाख घटाएर ७० लाखमा मात्रै आएछ । किन हो ? त्यो तीस लाख कुन आधारमा हटाइयो ? प्रष्ट हुन चाहन्छु । र ताल तथा सीमसार संरक्षण र व्यवस्थापनको योजना पनि रैछ । त्यो योजना हेर्दै गर्दाखेरि कर्णाली प्रदेशको राजधानीबाट नजिकै यो वीरेन्द्रनगरसँग जोडिएको बराहताल गाउँपालिका अन्तर्गत बराहताल छ, त्यो पनि सीमसार क्षेत्रै पर्छ, त्यो क्षेत्रलाई हामीले संरक्षण गर्न सक्यौं, त्यसको विकास गर्न सक्यौं भने कर्णाली प्रदेशको राजधानीका पर्यटकीय क्षेत्र घुम्दै गर्दा नजिकको त्यो ताल पनि घुम्न सकिने, पर्यटकहरू त्यहाँ भित्र्याउन सकिने अवस्था हुन्छ । त्यले गर्दाखेरि यो छुटेको जस्तो लाग्यो, यलाई चाहिँ समावेश गर्दा राम्रै हुन्छ भन्ने लागेको छ । पर्यटकीय, धार्मिक र ऐतिहासिक स्थलहरूको पूर्वाधार निर्माण शीर्षकै छ, त्यो पूर्वाधार निर्माणमा अध्ययन गर्दैगर्दा त मन्दिरैमन्दिर र गुम्बा मात्रै मैले भेटैं । हाम्रो राष्ट्र, धर्म निरपेक्ष राष्ट्र होइन ? हामीले मन्दिर र गुम्बालाई सम्बोधन गर्दैगर्दा मस्जित र चर्चलाई किन हामीले यहाँ समावेश गर्न सकेनौं ? मस्जित पनि छ, हाम्रो प्रदेशमा चर्चहरू पनि छन्, त्यहाँ खै त राज्यले सम्बोधन गर्नुपर्ने होइन ? यो सम्बोधन नगरेको मैले अनुभूति गरेको छु । त्यस्तै यहाँ एउटा छ शीर्षक हैन, जस्तो ठेगानाहरू अस्पष्ट भए, देउती बज्यै मन्दिर भनेर लेखियो अब वीनपा लेख्याछ त्यो वीनपा १० र ११ को बीचमा पर्छ के त्यो एकदम साँधमा पर्छ त्यही हो कि अरु देउती बज्यै हो । देउती बज्यैका सात बहिनी छन्, सात बहिनी कुन देउतीबज्यै हो, प्रष्ट नभको जस्तो मैले संरक्षण गरैं । र यी ऐतिहासिक स्थलको संरक्षण गर्दैगर्दाखेरि जस्तो ऋषिओढार, लेकवेशी नगरपालिकामा ऋषिओढार छ, त्यो ऋषिओढार भनेको ऋषिमुनिहरूले त्यहाँ गएर तपस्या गरेको ठाउँ हो त्यो । त्यो ऐतिहासिक स्थल हो, त्यसको संरक्षण र विकास गर्नुपर्ने आवश्यकता हुन्छ कि हुँदैन ? र नजिकै, यो सदरमुकाम नजिकै लेकवेशी नगरपालिका भित्रै पर्छ, विरसिङ्ग, चमेरे गुफा । यसमा लगभग डेढ दुई लाख चमेराहरू त्यहाँ बस्छ, एकदम ठूलो ओढार छ । चमेरे गुफा हो त्यो, त्यो गुफाको संरक्षण र विकास गर्नुपर्ने आवश्यकता देखिएको छ । त्यले गर्दाखेरि यी ऐतिहासिक स्थलहरू पनि हामीले राख्न जरुरी छ । र अर्को यहाँ होमस्टे भन्ने आएको छ, होमस्टेमा हामीले जुन बजेट, जुन स्केलमा बजेट हालेका छौं नि, होमस्टे संचालन गर्नका निम्ती हामीले तालिम गर्ने होला, त्यसको निम्ती बाटो देखाउने होला, यो तरिकाबाट होमस्टे संचालन गर्नुपर्छ होला भन्ने तरिकाबाट आउनुपर्ने भन्दा पनि होमस्टेका निम्ती अब होटलै बनाइदिने जस्तो गरेर बजेट आएको मैले अनुभूति गरेको छु । र यहाँ सुर्खेत जिल्लामा थारु होमस्टे भनेर लेखिएको छ । यसको पनि ठेगाना अस्पष्ट छ, वीनपा ९ मा त्यो पातालगंगामा पर्छ, जहाँ थारु समुदायले त्यहाँ होमस्टेका निम्ति आफ्नो घरमा चाहिँ दुई ओटा कोठामा चाहिँ बेड पाहुनाका निम्ती बेडहरू बनाएको मैले देखेको छु, त्यले गर्दाखेरि ठेगाना अस्पष्ट भयो, र स्पष्ट लेख्दा राम्रो हुन्छ । लघुउद्योगसँग सम्बन्धित महिला दलित युवाका जुन कार्यक्रम छ, त्यसमा कार्यविधि राम्रो बनाएर जाँदा राम्रो हुन्छ भन्ने कुरा म राख्न चाहन्छु । र यहाँ कतिपय उद्योगहरू व्यक्तिगत उद्योगहरूलाई चाहिँ बजेट छुट्याइएको छ । थुप्रै नामहरू छन् अब सबै नाम पढ्दा पहेंलो बत्ती बलिसकेको छ मैले सबै नाम पढिन । जस्तो ऋषिराज फलफूल प्रशोधन उद्योग, यो कुनै समूह, सहकारीको होइन जस्तो लाग्छ मलाई । अरु त अरु द सुपर ओली सेनेटरी प्याड उत्पादन उद्योग, अब काठ उद्योग, ब्लक उद्योग, इटा उद्योग, ड्राइक्लिनिक उद्योग, ड्राइक्लिनिक उद्योग हुन्छ ? कस्तो हुन्छ ड्राइक्लिनिक उद्योग ? मैले देखेको छैन । कम्तिमा बरु हामीले

उत्पादन गरेको घरेलु सामग्रीहरूलाई बिक्रीवितरण गर्नका निम्ति बरु त्यो किन्दियौं र बिक्री गरौं, कर्णाली प्रदेश सरकारले व्यापार गरोस् तर यो उद्योग, व्यक्तिगत उद्योगहरूमा लगानी नगरोस् । व्यक्तिगत उद्योगहरूलाई सम्बर्द्धन गर्नका निम्ति केही सहयोग गर्न सकिन्छ तर ती व्यक्तिगत उद्योगै संचालन गर्ने गरी जुन प्रकारबाट बजेट छुट्याइएको छ, यो सह्य (समयलाई ध्यान दिऊँ माननीय सदस्य) हुँदैन । सभामुख महोदय, म एक मिनेटमा सक्नेछु, धेरै छैन । र मदानेचौरमा जडिबुटी प्रशोधन केन्द्रका निम्ति एक करोड अघिल्लो वर्ष छुट्याइएको थियो त्यहाँ पनि २० लाख कता हरायो । र छाला प्रशोधन र निर्माण उद्योगको निम्ती हामीले सुर्खेत जिल्ला भनेर भनेका थियौं, त्यहाँ चाहिँ लेकवेशी नगरपालिका भनेर उल्लेख भको छ, त्यो लेकवेशी नगरपालिका नभइकन, त्यहाँ जहाँ सम्भावना हुन्छ, त्यहाँ नै खोल्ने हो । सुर्खेत जिल्लामा हामीले छाला प्रशोधन र निर्माण उद्योग संचालन गर्दा राम्रो हुन्छ भन्ने कुरा म राख्न चाहन्छु । र अन्त्यमा कर्णाली प्रदेशको समृद्धि र विकासका लागि आयआर्जन गर्ने गरी उद्योग र पर्यटनको महत्वपूर्ण भूमिका हुन्छ । त्यसैले समन्यायिक र सन्तुलित परिणाम आउने गरी ५१ प्रतिशत बहुआयामिक गरिबीको अन्त्य हुने गरी यो बजेट आएको छ त ? र म अन्तमा के भन्न चाहन्छु भने माननीयज्यूहरूले जुन प्रकारको रचनात्मक सल्लाह र सुझावहरू दिनुभएको छ, त्यसको ग्रहण गर्दै यो बजेटलाई केही सुधारेर ल्याइयो भने अवश्य पनि कर्णाली प्रदेशले चाहेको जस्तै समृद्ध कर्णाली र सुखारी कर्णालीबासी हुनेछन् भन्ने कुरा राख्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री दिनबन्धु श्रेष्ठ । यसपछि माननीय श्री कौशिलावती खत्री तयार रहनुहोला ।

**माननीय श्री दिनबन्धु श्रेष्ठः** माननीय सभामुख महोदय, आज छलफलमा हामीसँग, हाम्रो हातमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको वार्षिक आर्थिक वर्ष २०७६⁄७७ को वार्षिक विकास कार्यक्रमको पुस्तिका छ । मलाई लाग्दछ, यो मन्त्रालयहरू यति महत्वपूर्ण मन्त्रालय हो, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, यो मन्त्रालयले सही ढंगले बजेट विनियोजन कार्यक्रम विनियोजन गरेको खण्डमा कर्णाली प्रदेशलाई समृद्धि र विकासलाई यहाँका जनतालाई सुखी देख्न धेरै टाढा थिएन तर सरसर्ती यो किताब पढ्दा कर्णाली प्रदेशका आम जनताले जुन अपेक्षा राखेका थिए, त्यो भावना विपरीत यो किताबमा बजेट विनियोजन गरिएको छ । सभामुख महोदय, अर्को कुरो बजेट विनियोजन गर्दा मलाई लाग्यो, माननीय संसदज्यूहरूको राय सुझावभन्दा पनि बिचौलियाहरूको राय सुझावले प्रभाव पारेको मैले महशुस गरेको छु, सभामुख महोदय । यो किताब पढ्दा संघीय विरोधीहरूलाई, संघीय अफाप भन्नेहरूलाई बल पुर्याउने किसिमका बजेट विनियोजन कार्यक्रम गरिएको छ, यो किताबले कर्णाली प्रदेशका आम जनताको हितमा छैन र उहाँहरूको भावना प्रतिकूल छ, त्यसैले माननीय सभामुख महोदय, म कर्णाली प्रदेशका आम जनताका भावना विपरीत आएको यो किताब वार्षिक विकास कार्यक्रममा छलफलको औचित्य म ठान्दैन । र माननीय सभामुखज्यू मार्फत् सम्बन्धित मन्त्रालयमा यो किताब फिर्ता गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुखः**माननीय श्री कौशिलावती खत्री, यसपछि माननीय श्री अमृता शाही तयार रहनुहोला ।

**माननीय श्री कौशिलावती खत्रीः**_माननीय सभामुख महोदय, मेरो आफ्नै गलाको समस्याको कारण मैले यहाँभन्दा अघिल्लो विनियोजन वार्षिक विकास कार्यक्रममा भाग लिन सकिन, आज पनि मैले भाग लिइन भने, यो सुझाव दिनको लागि अझैं पनि मैले एक वर्ष पर्खिनुपर्छ र मेरो जिल्लाका जनताले एक वर्ष होइन, पाँचै वर्ष पनि न्याय पाउने छैनन् भन्ने जस्तो मलाई अनुभूति भएकोले म कतिसम्मन मेरो गलाले साथ दिन्छ आफूलाई लागेको सुझाव दिन चाहन्छु । माननीय सभामुख महोदय, हामीले लगातार दुई दिन अघिदेखि कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्रीले सभामा पेश गर्नुभएको कर्णाली विनियोजन विधेयक २०७६ अन्तर्गतको मन्त्रालयमा छलफल गर्दै आज उद्योग, पर्यटन, वन तथा वातावरण

मन्त्रालयको वार्षिक विकास कार्यक्रमको छलफल गर्ने क्रममा छौं । कसरी भनौं म, सबै कार्यक्रम यति उपलब्धिमूलक छैनन् भनेर, एकागत कार्यक्रम मात्र केही उपलब्धिमूलक भएको मलाई आफूलाई लागेको छ, जम्मै कार्यक्रमहरू तपाईले सन्तुलन मिलाउनको लागि अलि प्रयास गर्नुपर्ने थियो मन्त्रीज्यू । पोहोरसाल पनि हामीलाई अन्याय भएकै थियो, तपाईंले भन्नुभएकै थियो, अर्को साल यसलाई सन्तुलन गरेर लैजानेछु, तर जाजरकोटी जनताले त एउटा छ नि गाउँघरमा भाकामा गाइने गीर्त अहिले दिएइ आइसल दिएइ, खाउँला कहिले जिएइ' भन्ने जस्तो मलाई अनुभूति भाछ, त्यस्तै अनुभूति मेरा जिल्लाका मान्छेले गरेका छन् । सबभन्दा कम विनियोजन भएको बजेट पनि मेरै जिल्लामा छ, त्यसपछि मुगुमा भएजस्तो मलाई लाग्छ । मैले जुन नीति तथा कार्यक्रममा मेरो सुझाव राख्ने क्रममा मैले भनेकी थिएँ, मन्त्री नभएकै दृष्टान्तले हो त साँच्चै प्रमाणित भएजस्तो लागेको छ मन्त्रीज्यू । खै मैले किताब राम्रोसँग अध्ययन गर्न नजानेर हो कि या मेरो ब्रम्हले यही देखेर हो । यो किताबमा हेर्दै जाँदा यसको कहाँ त्यस्तो दृष्टान्त रह्यो भन्ने कुरा म भन्न चाहन्छु । पेज नं. ९ देखि १६ सम्म सात वटा कार्यक्रममा बजेट छुट्याएको छ, सभामुख महोदय तर मेरो जिल्लामा त्यो अन्तर्गतको शीर्षकमा एउटा मात्रै कार्यक्रम छुट्याएको छ, एउटा मात्रै कार्यक्रममा बजेट छ । ५० लाख छुट्याएको छ, त्यो युवा तथा स्वरोजगार कार्यक्रममा मात्र त्यो बजेट छ । यस्तै १७ देखि २२ सम्म पनि सात वटा कार्यक्रम छन् मेरो जिल्लामा छ वटा मात्रै छुट्याएको छ । यस्तै थुप्रै दृष्टान्तहरू छन् यस्तो दृष्टान्तले कहिले न्याय पाउला ? हामी भन्ने गर्छौं, कम्यूनिष्टहरू अन्तर्राष्ट्रियवादी हुन्छन् रे । त्यो कुरा रे मा मात्रै सीमित गर्नुभएन । आखिरी मन्त्रीज्यूहरूको जवाफ सुन्दा पनि मलाई के लाग्छ भने । रत्नपार्कमा जुन मुकुन्दे छ त्यले असाध्यै मार्मिक कुरा र असाध्यै, असाध्यै जनताओवै कुरा गर्छ तर त्यो कुरा सुनिदिने कसले ? त्यस्तै हामी सांसदहरूले रोष्टमबाट बोलिएका कुरा त्यस्तै भएजस्तो मलाई अनुभूति भएको छ । सभामुख महोदय, यति मात्र होइन, जुन कार्यक्रमहरू आएका छन्, जाजरकोटमा छुट्याएका छन्, ती कार्यक्रम पनि प्रिन्ट मिस्टेकले नामहरू पनि फरक पर्न गएका छन् । जस्तै गार्मेन्ट उद्योग छेडागाड ५ मा हो त्यहाँ ८ जना थोरै मात्र जग्गा भएका किसानहरूले आफ्नो जग्गा छेडागाड नगरपालिकाको नाममा गरिदिएका छन्, उद्योग स्थापना गर्नको लागि । र त्यो वनगाड ५ जाजरकोट भनी आएको छ, त्यो वनगाड ५ जाजरकोट होइन, छेडागाड ५ जाजरकोट हो । र यस्तै गरी कृषि सडक, यस्तै गरी पर्यटन सडक भनेर मालिका, सुयडामालिका २ भनेर आएको छ, त्यो सुयडामालिका २ होइन, शिवालयदेखि सुयडा हुँदै पर्यटन सडक हो, हो जस्तो लाग्छ । यस्तै, यस्तैयस्तै विभेद फेरि पनि जाजरकोटी जनताले सहनुपरेको छ, यस्तो विभेद कति दिनसम्म सहन सकिन्छ ? र मैले भर्खरै पनि अस्ति नीति तथा कार्यक्रममा भनेकी थिएँ र कुन मूल्य चुकाउनुपर्ने हो के गर्न पर्ने हो, त्यो हामी गर्न तयार छौं जाजरकोटका जनप्रतिनिधि भनेको थिएँ । यदि मन्त्रीज्यूलाई टाइम छ भने म यही रोष्टमबाट आग्रह गर्न चाहन्छु, मन्त्रालयलाई व्ययभार नपर्ने गरी मेरो जिल्लाको क्षेत्र नं. २ को टिकाचौर र जुनीचाँदेमा गएर एकछिन अनुगमन गर्नको लागि म मेरो सारसामले नपुग्ला मेरो घरखर्च कटाएर हजुरलाई त्यहाँ देखाउन चाहन्छु किनभने मेरो जिल्ला जहाँ हवाइसेवा मैदान एउटा पनि छैन, त्यहाँ एउटा मात्रै हेलिप्याड भनेर व्यवस्था गरिएको छ । नीति तथा कार्यक्रम अनुसार त प्रत्येक स्थानीय तहमा एउटा हेलिप्याड भनिएको हो तर पनि जाजरकोट जिल्ला साविकको कर्णाली जस्तै, त्यस्तै दुखारी जिल्ला हो । त्यहाँभन्दा सुगम जिल्ला होइन, त्यहाँ गएर एकजोटी स्थान आफ्ना दृष्टिहरू राख्नुस् त । त्यहाँका सुत्केरी अस्पताल आउन नपाएर, घरको धुरीमा डोरी लगाएर त्यही डोरीमा सुत्केरी हुन नपाएर मरेका छन् । भीरबाट खसेका मान्छेहरू स्टेचरमा बोक्दाबोक्दै गाडी चल्ने ठाउँ अस्थायी रूपमा छेडागाड नगरपालिकाको थलह ल्याउँदाल्याउँदै उनीहरूले प्राण त्याग्न परेको छ । यो दृष्टान्तलाई कले हेरदिने । यसैले मन्त्रीज्यू, फेरि पनि यो बजेटलाई यस्तैगरी राख्नुभयो भने तपाईं त, तपाईंहरू दशै जिल्लाको मन्त्री होला नि । आफ्नो कर्णालीका साविकका

कर्णालीका जिल्ला जस्तै जाजरकोटका दुर्गम जिल्लालाई पनि त्यहि दृष्टान्तले हेरिदिन म यही रोष्टमबाट सभामुखमार्फत् अनुरोध गर्न चाहन्छु । यस्तैगरी अरु अन्य उत्पादनमुखी शीर्षकमा बजेट छुट्याउन, बजेट कार्यान्वयन गर्नको लागि पनि म यो मन्त्रालयलाई अनुरोध गर्न चाहन्छु किनभने मैले बुझ्न सकिन कि, या त मन्त्रालयले यही भनेर कार्यक्रम छुट्याएको हो, मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन कार्यक्रम भनेको यो के हो ? मलाई यो पनि प्रष्ट भएन । भ्रमण वर्ष २०२० प्रचारप्रसार तथा कर्णाली रारा भ्रमण वर्ष २०७५ प्रचारप्रसार तथा सामग्री उत्पादनमा एक करोड छ यो सामग्री प्रचारप्रसार गर्नेमा दश, दश करोड यो त्यति दश करोड खर्च हुन्छ र ? यलाई कतै उत्पादनतिर लगाए हुन्थ्यो कि मेरो सल्लाह । अन्त्यमा सभामुख महोदय, जसरी आर्थिक मितव्ययिता र वित्तीय जोखिम व्यवस्थापनविनाको समृद्ध कर्णालीको आशा गर्नु, मञ्चबाट समृद्ध कर्णालीको भाषण सुनाउनु, पशुपतिको यार्थार्ःयात्रा सिद्राको व्यापार, र मूर्ख मान्छेको दाउरी कटाई, रुखको हाँगाको टुप्पामा बसेर फेद फेद काटेजस्तै हुनेछ भन्दै मेरो सुझाव यही बिट मार्ने अनुमति चाहन्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री अमृता शाही । यसपछि माननीय श्री कुर्मराज शाही तयार रहनुहोला ।

**माननीय श्री अमृता शाहीः** सभामुख महोदय, आज हामीले यो ०७६÷०७७ को बजेटमा छलफल गर्दै आउँदा आज ४ दिन भइसक्यो हामीले चारवटा मन्त्रालयको बजेटमा छलफल गर्दै आउँदा हामीले मैले त हिजो पनि भनेको थिएँ कि यस्तो खालको किताबहरू आउँछ भनेदेखि तपाईहरूले सच्याएर ल्याउनुहोला भनेर मैले भनेको थिएँ । अब यो चाहिँ मैले हेरेको छैन । जस्तो छ त्यस्तै छ, अबचाहिँ हामी यस्तो भएन उस्तो भएन भनेर हामी अब बोल्ने पक्षमा पनि छैनौं तपाईहरू मन्त्री हुँदा, हामी सभासद कराउने यहाँ भाषण सुनाउने तपाईहरूलाई तपाईहरू सुन्नुहुन्छ एउटा कानबाट एउटा कानबाट उडाउनुहुन्छ । हामीले बोलेको कुरा लागु हुन्न भने हामीले बोलेर पनि केही फाइदा छैन । र तपाईहरूले हामीले एउटा भन्छौं तपाईहरूले एउटा गर्नुभाको हुन्छ । यस्तो पाराले एउटा उखान पनि छ, तेल हेर्नु तेलको धार हेर्नु भनेजस्तै अब हेरिसक्यो । यो मन्त्रालयको तपाईहरू सबै किताबहरू यस्तै आउने पनि होलान् यस्तै पनि छन् होला, सायद । कसरी गर्ने के गरी गर्ने ? हजुरहरूले गर्नुस् र सुखी कर्णाली र सुखारी कर्णालीबासी । यस्तै चाल हो भनेपछि अब हामीले एकदमै हुन्छ जस्तो पनि लाग्छ । तपाईहरूको यस्तो चालले गर्दा सुखारी कर्णाली र सुखारी कर्णालीबासी र सुखी कर्णाली हो कि या त समृद्ध कर्णाली हुन्छ जस्तो लाग्छ मलाई तपाईहरूको यस्तै कारणले हो भने को सुखी हुने हो कर्णाली सुखी हुने हुन कि मन्त्री सुखी हुन कि अब यो किताबले अथवा यो बजेटले जे गर्छ, गर्छ यो भन्दा हामी धेरै बोल्ने पक्षमा पनि छैनौं तपाईंहरूले आफ्नो मर्जीले जे गर्नुहुन्छ गर्नुस् । यत्ति नै हो मेरो भनाई हवस् त धन्यवाद । यो किताब मैले पनि सभामुख समक्ष... धन्यवाद । जय नेपाल ।

**माननीय सभामुखः** माननीय श्री कुर्मराज शाही । यसपछि माननीय श्री हिमबहादुर शाही तयार रहनुहोला ।

**माननीय श्री कुर्मराज शाहीः** सभामुख महोदय, विनियोजन विधेयक ०७६ अन्तर्गत कार्यक्रमको शीर्षकवाइज हामी छलफल गरिरहेका छौं । त्यो छलफलमा म सहभागी भएको छु । अँ.. दुईटा पुस्तकमाथि सायद मलाई लाग्छ, तीनटा पुस्तकमाथि, तीनटा कार्यक्रममाथि छलफल भइसकेका छन् र आज यो अन्तिम कार्यक्रमको अघिल्लो कार्यक्रममा हामी छलफल गरिरहेका छौं । र मैले दुई दिन लगातार सुनें माननीयज्यूहरूको, उहाँहरूले आफ्नो अभिव्यक्ति दिइरहँदाखेरि सायद मलाई लाग्छ यो सरकारको पक्षमा बोल्ने मान्छे कोही पनि भेटिएन यहाँनेर, हन्ड्रेडको हन्ड्रेडै प्रसेन्ट विरोधमा आए त मान्छे त हाम्रो सरकार गम्भीर छ कि छैन म यहाँनेर सोचिरहेको छु । मैले बसिरहँदाखेरी, हेरिरहँदाखेरि कुनै पनि माननीयज्यूहरूले अन्यथा नहोस् सकारात्मक बोलेको कुरा आउँदै आएन । मैले सोचेको थिएँ, अब सरकारको पक्षमा

सकारात्मक मैले बोल्नुपर्छ । अब यसो बुक हेर्दाखेरि त मलाई पनि रिसै उठ्यो कसरी सकारात्मक बोल्ने गाह्रो त भो नि यहाँनेर, त्यही भएर मैले तीनटा कुरा ल्याएरआको छु यहाँहरूको बीचमा । मैले नामै राख्याछु, यो अन्यथा नहोस् फेरि कैले मानहानी भो भन्ने चाहिँ लाग्न सक्छ । तीनटा कुरामा चाहिँ तीनटै यो चारवटै कार्यक्रमलाई अध्ययन गरी एउटा कार्यक्रम त ठूलो कार्यक्रम त अध्ययन गर्न बाँकी नै छ, भोलि । सबभन्दा भुवासागर भएर आउने चीज त्यहीवाला छ, यो त सानो सानो कुरा मात्रै हो यहाँ त । ठूलो त्यही आउने छ भोलि । र यसमा चाहिँ के लाग्यो मलाई भन्दाखेरि अँ यहाँ चाहिँ म जुवाको खालमा आको छु, मलाई लाग्या कुरा है फेरि । मैले आफ्नो सस्टेन गरेको कुरा । अनि म टेण्डर दिनको निम्ति ठेकेदार भएर आको छु । मैले मेरो पक्षमा ठेक्का पार्नका निम्ति मैले केही पैंसाहरू चाहिँ व्यवस्था गर्नुपर्छ अरु ठेकेदारहरूलाई । जुवाका खालमा त जबरजस्ती जति पैसा तान्यो, लिए हुँदोरहेछ, त्यसको कुनै कानून हुँदैन । त्यो वैधानिक व्यवस्था नै रैन्छ, जुवामा बस्यो बस्यो अलि बलबाहु जो छ नि जबरजस्ती तानेर लग्यो भने लग्यो लग्यो सक्यो त्यो हिसाबकिताबै हुँदोरैन्छ । अनि म एउटा टेण्डर भर्खरै हुँदै रहिछ, त्यहाँ पुगें, त्यो ठेकेदारहरू आफ्नो ठेक्का पार्न निम्ति सबैले पैंसा बाँड्ने प्रचलन रैछ त्यहाँ । त्यहाँ जाँदाखेरि करिब एउटाले १७ लाख बोक्या रैछ, त्यहाँ त्यत्रो गुण्डाहरू प्रयोग हुँदारहिछन् त्यो गुण्डा गयो भने त्यो पैंसा खोसेर लग्यो भने लग्यो लग्यो, त्यसको कानून नै रैन्छ । यस्तै हो कि त तपाईंले यसो गम्भीर ढंगले सोचौं त त्यसै गर्या हौं त हामीले नम्बर एक । नम्बर दुई चाहिँ कहाँनेर भन्दाखेरि हामी सायद खलो माग्ने कतिले बुझ्नु भाछ तपाईहरूले । तपाईंहरू नरे साहु हुनुभो हामी खलो माग्ने खले भयौं । कत्तिको बुझ्नु भो तपाईहरूले यहाँहरू नरे साहु, हामी खलो माग्ने खले, खले भयौं । तपाईहरूले एक पाथी दिए पनि हुने, एक मुरी दिए पनि हुने, एक मानो दिए पनि हुने । जबरजस्त ढंगले चित्त बझाउनुपर्ने खालको स्थिति यहाँनेर पैदा भयो । हामी यसको मतलब आजदेखि माननीय हैन हामीलाई खले भनेर भन्नुहोला तपाईंहरू । दोस्रो कुरा, वर्षभरि त्यही खलो बोक्ने, खलो लिने मान्छेले नै काम गर्या हुन्छ फेरि । असारमा त्यले काम गर्या हुन्छ, असोजमा धान त्यले काट्छ, तर अन्तिममा त्यो नरे साहु रिसायो भने ए खले धेरै माग्न पाइँदैन भनेर एक मानो दिएँ पनि चित्त बुझाउनुपर्ने, पाथी दिए पनि चित्त बुझाउनुपर्ने, मुरी दिए पनि चित्त बुझाउनुपर्ने । हामी आजदेखि खले भएका छौं । थोरै ठण्डा दिमागले सोच्नुहोला, दोस्रो कुरा भन्दैछु । तेस्रो कुराचाहिँ म कहाँनेर तपाईलाई जाँदैछु भन्दाखेरि । तपाईंहरूलाई म कोदे साहु बनाउँछु । विश्वास छ, हाम्रो गाउँमा एक जना साह्रै गरिब रहेछ, हर्के भन्ने मान्छे । यो हर्के साह्रै गरिब भो सधैं घरमा माग्नै माग्न मात्र आउन थाल्यो, अब यलाई साहु बनाउनुपर्यो । साहु क्यारी बनाऔं त, सबैले प्रत्येक घरमा एक एक पाथी कोदे उठाउनुपर्यो भन्ने भो के यहाँ त । अनि जम्मैले कोदे उठाएछन् र त्यलाई साहु बनाएछन् । पाँच छ महिना कम्तिमा एक वर्षका निम्ती । आफूसँग सीप छैन, कला छैन भने भोलिपल्ट त्यो कोदे सकिया दिन त गरिब भैगो नि त मान्छे । म आग्रह गर्न चाहन्छु, सबैलाई अब लाग्न सक्छ हामी तपाईहरूलाई कोदे साहु बनाउन तयार, बनाउने भयौं अब, गर्नुहुन्छ क्या त अब । कुरा हामीले बोलेका कुराहरू अभिव्यक्तिहरू के रुपान्तरण हुने हुन् भने सम्बोधन हुने हुन् भने बोलेको अर्थ छ । यदि होइन भने तपाईंहरू कतिन्जेलसम्म टिक्नुहुन्छ हामी तपाईहरूलाई कोदे साहु बनाउन निम्ति प्रण गर्दछौं यहाँनेर । कोदे साहुका निम्ति हारजित भन्नुस् आमनिर्माण क्षेत्रमा । कोही त भन्लान् नि त्यहाँको मान्छेले, अहो मन्त्री भए हाम्रो त कोदे साहू भए, तपाईहरूलाई कोदे साहु हुन आग्रह गर्न चाहन्छु । र अब अन्तिममा म धेरै बोल्दिन, अब यसमा त म छलफल गर्ने पक्षमै छैन किनभने मेरो फाइलै हरायो मैले पेश गरेको । सचिवज्यूलाई दिएको, सचिवज्यूले मन्त्रीज्यूलाई दिएँ भन्नुहुन्छ । अब मन्त्रीज्यूले कता हराउनुभो ठेगानै भएन । पछि फोन गरें, मेरो फाइल कता गो भने मैले, तपाईंको फाइल हैन के, तपाईंको निर्माण क्षेत्रमा फलानाले, फलानले, हलानाले, ढिस्कानाले चाहिँ योजना दिएको छ, तपाईं त्यलाई स्वीकार्ने कि

नस्वीकार्ने ? म बाध्य भएर स्वीकार्याछु हजुर । त्यहीभएर भित्र विषयवस्तुमा प्रत्येक शीर्षकमा जान म तयार छैन । र त्यो भएको हुनाले तपाईहरूलाई चाहिँ तपाईको मलाई चाहिँ के लाग्छ भन्दाखेरि आफू त्यत्रो बलियो साहु भइरहँदाखेरि कम्तिमा हामीलाई पनि थोरै थोरै साहु बनाउनु न, के फरक पर्छ त नि । हामी त समाजवाद उन्मुख भन्छौं त हजुर । समृद्ध प्रदेश बनाउँछौं, सुखारी यहाँका जनता बनाउँछौं । माननीय नै सुखारी भएनन् भने कसरी समृद्ध प्रदेश होला यहाँ । पहिला माननीय नै सुखारी छैनौं हामी ल सक्यो अब, मेरो आत्मा रोयो, मेरो मन रोयो, यो प्रदेशलाई कसरी सुखारी बनाउन सक्छौं । सुखारी बनाउनका निमित्त जनताले अनुमोदन गरेका छन्, अनि माननीयहरूलाई तपाईहरूले खुसी बनाइदिनुभयो भने बल्ल सुखारी प्रदेश बन्न सक्छ । यहाँ आएका यो हल केरे मलाई लाग्छ यो सभाभित्रकै माननीयहरू चाहिँ तपाईको सुखारी छैनन् भने सुखारीको महशुस अनुभूति उनीहरूले गर्दैनन् भने जनतालाई सुखको अनुभूति र सुखारीको अनुभूति कसरी दिलाउन सक्छौं हामी ? मेरो कोइशन यहाँनेर छ । यहाँ त यसो हेर्दाखेरि के देखिन्छ बहस त दुइटा विषयमा छ नि यहाँनेर, पूँजीगत र चालुगत । पूँजीगत र चालु, पूँजीगत र चालु, पूँजी र चालुकोबीचमा अन्तरसंघर्ष त छ नि यहाँनेर । हामीचाहिँ पूँजीको पक्षमा छौं माननीयहरू, तपाईहरू चालूको पक्षमा हुनुहुन्छ । चालुले सिध्याउँछ भन्दैछौं हामी तपाईंहरूलाई । सिध्यायो पञ्चायतकालदेखि राणाकालदेखि अहिलेसम्म सिध्यायो कि सिध्याएन चालुले । चालुले हैरानै बनाएछ, चालुलाई घटाउनुस् भन्दैछौं हामी । हामीले भनेर ...ले कहिलेकाही प्रतिपक्षलाई सपोर्ट गर्यो भन्नुहुन्छ । पत्रिकाले पनि त्यही लेख्याछ । स्वर त फरक आएन रे सत्ता पक्षको माननीय र प्रतिपक्षको । चालु र लामो समयसम्म संघर्ष गरेका छौं । आन्तरिक ढंगले पनि हामीले भनेका छौं । चालु घटाउनुस्, चालु घटाउनुस् । चालु भनेको ब्वाँसो हो बुझ्नुभाछ । ब्वाँसो, ठूलो ठूलो भैंसीलाई ठूलो ठूलो हात्तीलाई पनि मार्दिन्छ । विस्तारै चालुले क्याअर्छ भने कोट्याउँछ । भैंसीलाई विस्तारै विस्तारै लपाक्कदै लपाक्दै, लपाक्दै लपाक्दै जान्छ, जब आन्द्राभरि झिकेर ब्वाँसाले खाइसक्यो भैंसी मरिसकेपछि मात्र थाहा पाउँछ कि हाम्रो सरकार । चालुको हर्ताकर्ता को हुन्छन् यो बुझ्नुहोला । चालुको हर्ताकर्ता भनेको लामो समयसम्म विउरोक्रेसी अन्यथा नमान्नुहोला माथि तपाईंहरू बस्नुभाछ । प्रत्येक दृष्टिकोणले हेरिराछु यहाँनेर, भन्दिन माननीयहरूले धेरै भन्नुभाछ । चालुले सिंगो भैंसी सिध्याउँछ, चालुले सिंगो हात्ती सिध्याउँछ । यसमा हामी सतर्क रहनुपर्यो । धेरै कुरा आइसक्याछ । त्यो भको हुनाले हामी चालुलाई बढावा दिएर ब्वाँसो उत्पादन गर्ने परिपाटीतिर नजाऔं । म तपाईलाई आग्रह गर्न चाहन्छु सरकारलाई । त्यो भको हुनाले अर्को संगै विषय धेरै मान्छेहरू लोकप्रिय त छन् नि विश्वमा । लोला असाध्यै लोकप्रिय मान्छे हो ब्राजिलको । धेरै लोकप्रिय मान्छे, घन ठटाउने मान्छे हो ब्राजिलको लोला । नेपालमा आज कम्युनिष्ट शासन आछ । त्यहाँ पनि कम्यूनिष्ट शासन हो लोला । ब्राजिलमा घन ठटाउने मान्छे आज जेलमा बस्नुपर्याछ, यही चालुले गर्दाखेरि । पूँजीले होइन, पूँजी गर्देको भए लोला आजीवन रहिरन्थे । आज पूँजी चाहि मलाई लाग्छ, माओले नगरेको भए, डेन्साकले नगरेको भए चीन आजसम्म कम्यूनिष्ट सत्ता टिक्नेवाला थिएन । दुई तिहाइको कम्यूनिष्ट सत्ता यहाँनेर छ लोला आज जेलमा हुनुपर्याछ । पेरुमा आज गोन्जालो काँ हुनुपर्याछ, जेलमा हुनुपर्याछ । हामीले घमण्ड देखाउन जरुरत छैन चालुलाई प्रसय गर्यौं भने, पूँजीलाई प्रसय गर्यौं भने लामो समय टिक्छ सत्ता । रसिया ७० को दशकमा ७० वर्षमा पतन बन्ने खालको...भाछ, त्यो भको हुनाले लामो कम्यु..यो ठूलो दुईतिहाइ मतको दम्म हामीले देखाउन आवश्यक छैन । त्यो भको हुनाले सबभन्दा म आग्रह गर्न चाहन्छु प्रदेश सरकारलाई चालु घटाएर पूँजीलाई बढाएर चाहिँ मलाई लाग्छ समृद्धिको दिशातिर अगाडि लानुस् । समृद्ध कर्णाली प्रदेश समृद्ध..अ या सुखी कर्णाली जनता बनाउनुस् म यही आग्रह यही सुझाव दिन चाहन् मेरो सुझाव ...।

**माननीय सभामुखः** माननीय श्री हिमबहादुर शाही । यसपछि माननीय श्री सुशिल कुमार थापा तयार रहनुहोला ।

**माननीय श्री हिमबहादुर शाहीः** सभामुख महोदय, अब यसमा म यस्तै मञ्चमा यो रोष्टममा आएपछि अलमल अलमल हुन्छु । बजेटको बारेमा रोष्टममा आएर बोल्दाखेरि जे देख्यो त्यो बोल्नुपर्छ । जे देख्यो, त्यो बोल्नुपर्छ । मैले रोष्टममा आएर बारम्बार भनिरहेको छु, कर्णाली प्रदेशको आर्थिक वर्ष २०७६र०७७ को प्रस्तुत बजेटमा कुनै आर्थिक मितव्ययिता र पारदर्शिता छैन । जवाफदेहिता नै छैन । सोझो ठाडो भाषामा भन्ने हो भने, यो राज्यको सम्पत्तिलाई व्यक्तिको सम्पत्तिलाई पजनी गरेजस्तो, व्यक्तिको सम्पत्तिलाई बाँडेजस्तो, व्यक्तिको सम्पत्तिलाई दक्षिणा दिएजस्तो गरेर यी बजेटहरू आएका छन् । यसको सन्दर्भमा मैले खोजी गर्दा साँच्चै भन्दा अत्यन्त विज्ञ महामहिम कर्णाली प्रदेशका मन्त्रीज्यूहरू हुनुहुन्छ । उहाँले ठूलो आन्दोलन, ठूलो क्रान्तिबाट अगाडि आएर यो पदमा आउनुभएको छ । तर उहाँले त्यो विगतको धरातलीय आफ्नो राजनीतिक बिर्सेर आज उही राजनीतिमा आउनुभएको छ । केही कुरालाई स्पष्ट भन्नुभन्दा आफ्नो राजनीतिक धरातलालाई धरातलीयलाई बिर्सेर यो बजेट ल्याउनु भनेको कर्णाली प्रदेशका जनताको हित र कल्याणमा छैन । यहाँ मन्त्रीज्यूहरूको के देखियो भने तीन जना मन्त्रीज्यूहरूको त हामीले अभिव्यक्ति सुनिसक्यौं, जवाफ सुनिसक्यौं । मलाई लाग्छ मीठा शब्दको नाङ्लो ठटाएर कर्णालीबासी जनताको १७ लाख जनताको अपेक्षा पूरा हुन सक्तैन, आकांक्षा पूरा हुन सक्दैन । मन्त्रीज्यू विज्ञ हुनुहुन्छ, शास्त्रीय हुनुहुन्छ, अत्यन्तै मीठो शब्द महभन्दा पनि अझ गुलिया शब्दको नाङ्लो ठट्याएर कर्णाली जनताका अपेक्षा पूरा हुन सक्दैन । कर्णाली जनताको अपेक्षा पूरा गर्ने हो भने आदरणीय, सम्माननीय सभामुखज्यूलाई सभामुख महोदय मात्रै भन्छु, म यस शब्दबाट कर्णाली प्रदेशका मुख्यमन्त्री लगायत सम्माननीय मन्त्रीज्यूहरूलाई आग्रह गर्दछु, तपाईंहरू आत्मबोध गरेर अवश्य पनि सुधारको बाटो अग..अँगाल्नुहोस् । यहाँ देखियो सरकारको तीन जना मन्त्रीहरूको आएको जुन मीठास शब्द छ, जुन तारि.. आगामी वर्षको तारिख माग्ने शब्दहरू अगाडि आएका छन्, त्यसले आत्मबोध गरेर बजेटलाई सुधार गरेर अगाडि जाने कुनै गुन्जायस देखिएन । एउटा उखान छ, रसी जलगई बरहिठन नगई जति माननीय कराए पनि रसी जल्यो पुरै तर गाँठो फुकेन रे के । जति माननीयहरूले यहाँ बोले पनि, जति यहाँ चाहिने भाषण गरे पनि माननीय मन्त्री, सम्माननीय मन्त्रीज्यूहरूको गाँठो फुक्नेवाला छैन, एक छैन, दुई छैन, दुई छैन । त्यसैले सरकारको सरकारले संसदमा बोलिएका शब्दहरू संसदमा बोलेका संसद, माननीय संसदहरूको आवाजलाई आत्मबोध गरेर सुधार गर्ने कुनै गुन्जायस नदेखिएको हुनाले यसैभित्र यो पर्यटन मन्त्रालयको भित्र पनि दुईतिहाइ आठ दुई तियाँ पन्ध्र भनेर भन्न नसकेर मैले फिर्ता गरेको छु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुखः** माननीय श्री सुशीलकुमार थापा । यसपछि माननीय श्री झोवा वि.क.तयार रहनुहोला ।

**माननीय श्री सुशीलकुमार थापाः** माननीय सभामुखज्यू, आर्थिक वर्ष २०७६र०७७ को वार्षिक विकास कार्यक्रम उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आज हामी मन्त्रालयगतको तेस्रो दिन यहाँ छलफलमा सहभागी भइरहेका छौं । यसै सन्दर्भमा म आफू यो मन्त्रालयको विषयसँग केन्द्रित भएर छलफलमा सहभागी भइरहेको छु र म छलफलमा सहभागी भइरहँदा म केही विगतमा अर्थात ०७५र०७६ सालको केही कुरा म स्मरण गराउन चाहन्छु ।

माननीय सभामुखज्यू, गत साल ०७५र०७६ को बजेटमा पनि हामीले यही रोष्टममा थुप्रै कुराहरू उठाएका थियौं । जस्तैः दैलेखको मेरो निर्वाचन क्षेत्रमा ११ वटा योजना मेरो निर्वाचन क्षेत्रमा पर्दा दुईटा मेरो लेटरप्याडमा अर्थात मैले छलफलबाट दैलेखका दुईटा मेरा पालिका दुल्लू नगरपालिका र भैरबी

गाउँपालिकाबाट वृहत छलफलबाट ल्याएका योजना, धन्न मैले २७ वटा दिएको योजनामध्ये दुइटा योजना मेरा परे । ११ मध्ये ९ वटा अन्तैबाट परे । ती दुईवटामध्ये एउटा कार्यान्वयन भयो, एउटा अहिलेसम्म कार्यान्वयन भएन । त्यो मन्दिर भाको कारणले कार्यान्वयन भएन भन्ने मैले बुझें । त्यो मध्ये जो ९ वटा अन्य क्षेत्रबाट त्यहाँ प्रवेश गरेका योजना थिए, ती ९ वटा मध्ये ८ वटा ती कार्यान्वयन भएछन्, ती सबै मन्दिर हुन फेरि । ती मन्दिर सम्बन जोडिएका ती योजनाहरू कार्यान्वयन भएछन् । मैले अस्ति मात्रै, केही दिन अगाडि मात्रै त्यहीमध्येको एकजना साथी काम अपूरो भयो यसपटक तपाईंकै लेटरप्याडबाट जानपर्ने भो, गाह्रो भो अब नदोहोरिने भो, त्यो योजना हाल्दिनुपर्यो भन्दा के तपाईंको योजना कार्यान्वयन भो भन्दा मैले त सिडीदेखि मन्दिर बनाउने काम सकियो, म तर्से त्यतिबेला त्यो १५ लाखको मन्दिर बनेछ । त्यस्तै आठओटा योजना बनेछन् तर मैले दिएका योजना दुईटा परेका २७ मा त्यो पनि एउटा कार्यान्वयन भको अर्को त्यो कार्यान्वयनै नभको त्यो मन्दिर भाको कारणले । तर बाहिरबाट आएका ती योजनाहरू कार्यान्वयन भएछन् । अहिले पनि मैले यो बुकमा हेरें, हेर्दै जाँदा पर्यटज मन्त्रालयको मैले सकभर यो पटक मन्त्रीहरूको यो रेडबुक आइसकेपछि छलफलमा खास रोष्टममा गएर बोल्न पर्ला जस्तो लाग्या थिएन, नबोल्दै राम्रो हुन्छ भनेर म यो भन्दा अगाडि तीनटा मन्त्रालयका बजेटमा बोलिन तर यसपटक आज म अत्यन्तै ठूलो कार्यक्रम दैलेखमा हुँदाहुँदै पनि छोडेर बसें किनभने बजेटको भोल्यूम यसरी आएछ, मेरोमा यसरी योजना परेछ, यतिमात्रै हो योजना एउटा मात्रै, मन्त्रीजीकोमा हेर्नुभो भने यसरी आछ यसरी लिपीबद्ध भएर यी सबै योजना मन्त्रीजीका मैले टिपेर राखेको छु यसरी योजना परेका छन् मन्त्रीजीकोमा तर मेरोमा यसरी एउटा योजना परेको छ । उहाँकोमा ५१ वटा योजना छन् क्रमागत ती छोडेर, विगतका यो चोटीका तर मेरोमा एउटा योजना छ, दुइटा योजना छन् तर मलाई थाह नभएका योजना छन् अन्तैबाट । यस्तो खालले आएको यो यति गह्रौ किताबमाथि कसरी छलफल गर्ने ? के छलफल गर्ने ? कुन विषयमा छलफल गर्ने ? सभामुख महोदय । म आफै अन्यौल छु । दैलेखका ४ वटा निर्वाचन क्षेत्रमा एकातिर मन्त्रीको निर्वाचन क्षेत्र एकातिर जोड्ने हो भने डबलले बढी योजना छन् । यस्तो खालको अवस्था भएपछि मैले त्यो महत्वपूर्ण कार्यक्रम पनि छोडेर मेरो दैलेखका ८५ देखिन ९० हजार जनताहरूको अधिकारलाई आज यो रोष्टममा रेकर्ड गराउनुपर्छ भनेर म चाहिँ उपस्थित भए सभामुख महोदय । यस्तो खालको बजेट विनियोजन गर्ने अधिकार मन्त्रीलाई हुन्छ कि हुँदैन ? यो कुरा पनि म प्रश्न गर्न चाहन्छु, सभामुख महोदय । यदि यही ढंगले हामी अगाडि जाने हो भने गत सालका दुईटा बजेट आइरहँदा विभिन्न अभ्यास र विभिन्न अनुभव नभएका कारणले कमिकमजोरी आए, यसपटक हामी सुधाछौं भन्ने आयो तर यसपटक हेर्दा उहाँहरूले एउटा हामलाई त्यो सिलिङ्ग पनि दिनुभाथ्यो, भरेर पनि दिएका छौं । त्यो योजना पनि अहिले मैले अस्ति दुईतीन दिन अगाडि फोनमार्फत् एसएमएस मार्फत् त्यो कुनै पनि हाल्नपर्छ है पञ्चकोशी, नेपालकै ऐतिहासिक गौरबको योजना कर्णाली प्रदेशले आफ्नो गौरवको योजनामा राख्याछ, त्यलाई कसै हालतले पनि छुटाउनु हुँदैन भनेर एसएमएस फोनमार्फत् दवाव दिएको कारणले होला जस्तो लाग्छ, त्यो परेछ । अघि एकजना माननीयले भन्दै हुनुहुन्थ्यो मेरो फायलै हराएछ, सायद मेरो फायल पनि हराएछ होला जस्तो छ । किनभने त्यो फायलका एउटै पनि योजना त्यहाँ समावेश छैनन् । यस्तो तरिकाले मन्त्रालयहरूले योजना छानिरहेका छन् । अरु अझैं गम्भीर कुरा के हो त भन्दा यो रेडबुक यहाँ आउनुभन्दा अगाडि हिजो हामीले पाउनुभन्दा अगाडि नै केही दिन अगाडि यरिचोक लगायतका दैलेखका केही ठाउँमा जावो दुइटा अन्यत्रै क्षेत्रमा योजना पर्याछ, उनले पाटीको व्यवस्था गरिसके । पाटी खाएर, माननीय सुशिल थापाले केही गर्न सक्नुभएन, हामीले योजना हालिसक्यौं विशेष ठाउँबाट विशेष व्यवस्था गरेर भनेर दुई ठाउँमा पाटीसहित भएर मलाई विभिन्न ठाउँबाट फोट आइराको, यस्तो तरिकाले यो योजनाहरू निर्माण भइरहेका छन् । सत्ता पक्षकै सांसद धेरै विरोध गर्नु हुँदैन भन्ने छ, विरोध केका लागि भन्दा सरकारलाई बलियो बनाउनका लागि

हामीले विरोध होइन सकारात्मक तरिकाले आलोचना गर्या हो । यदि यही ढंगले सरकार अगाडि बढिरहे, यही ढंगले अगाडि बढिरहने हो भने के मन्त्रीहरूको निर्वाचन क्षेत्रका जनता मात्रै जनता, हाम्रो निर्वाचन क्षेत्रका के हामी काहीँबाट टिपेर ल्याएको, कतैबाट हामी चाहिँ उम्रेर आको त होइन नि । हाम्रा पनि क्षेत्रका जनता छन्, त्यो क्षेत्रमा पनि छन् । अझ विशेषगरी हुन्छ भने पर्यटकीय स्थलका हिसाबले दैलेखको दुल्लू कर्णाली प्रदेशकै सबैभन्दा गौरवको क्षेत्र होलाजस्तो मलाई लाग्छ, काँक्रेविहार पछिको दैलेखको दुल्लू भन्यो भने आफैमा ऐतिहासिक एउटा पर्यटकीय धार्मिक स्थल भको ठाउँ हो, जहाँ पञ्चकोशी छ, जहाँ दुल्लू दरबार छ, जहाँ नेपाली भाषामा लेखिएको दामुपालको सिलालेख कीर्तिस्तम्भ छ, त्यहाँ पात्थारनाउलीदेखि लिएर थुप्रैखाले योजनाहरू त्यहाँ संग्रहालयदेखि लिएर त्यहाँ थुप्रै छन्, पौवा संग्रहालयदेखि लिएर । हिजोको, आजभन्दा ११ सय वर्ष अगाडिदेखिका संरचनाहरू भएको ऐतिहासिक क्षेत्रमा पर्यटकीय पर्यटन मन्त्रीले योजनै देख्नुभएन । त्यत्रा ऐतिहासिक, दैलेखको सबै संरचना मेरै निर्वाचन क्षेत्रमा पर्दछन्, दुइटा पालिकामा पर्छन् सबैभन्दा महत्वपूर्ण । मलाई लाग्छ, यो पावर र पहुँचकै आधारमा केयौं योजनाहरू विनियोजन भाछन् । त्यहिँ उता सभामुखको योजना, सभामुखको क्षेत्रमा हेरियो भने म क्षेत्र नं. २ को 'क', सभामुख 'ख' । त्यही १४ वटा छन् मेरोमा एउटा छ, यता १ नम्बरतिर हेरियो भने 'ख'मा चाहिँ ७-८ वटा छन्, 'क' तिर ६-७ वटा छन्, योजना छन् तर मेरो निर्वाचन क्षेत्रमा एउटा छ, यस्तो ढंगले चाहिँ लाटाका मन्दिर पर्यटकीय धार्मिक स्थलदेखि लिएर ती योजना पर्छन् । दैलेखका शीरस्थान, नाभिस्थान, धुलेश्वर, पादुका, तल्लोडुङ्गेश्वर, कोटिला, भैरवी यी थुप्रैखाले मालिका यी थुप्रैखालका पर्यटकीय स्थलहरू ओझेलमा पर्छन् । यस्तो खालले योजनाहरू अगाडि बढिरहेका छन् । त्यसकारणले सभामुख महोदय, मैले त अब कुन योजना मेरो पर्यो, कुन योजना परेन भन्दा एउटा योजना छ कता पर्यो कता परेन ? त्यो कसरी विश्लेषण गर्ने त्यो विश्लेषणै गर्न गाह्रो छ । मन्त्रीले आफ्नो १७ वटा पर्यटकीय सर्किट, पर्यटकीय सडक पदमार्ग राख्नुभाछ, आफ्नोमा । मेरोमा शून्य । एउटा छ, पञ्चकोशी अब त्यो भने पछि अरु सबै शून्य भनेपछि सबैमा शून्य मेरो । उहाँका गुम्बा, मन्दिर, तार, घेरबार, ताल, पर्खाल, गुफा, होमस्टेदेखि लिएर कुनै पाँचवटा त होमस्टे मात्रै छन् यी कुनै चिज छुटेनन् उहाँकामा तर हाम्रोमा हेर्नुहुन्छ भने अब ती सबै शून्य छ मेरोमा । यस्तो शून्य पनि योजना हाल्न मिल्ने रहेछ, अरु माननीयको क्षेत्रमा । आफ्नोमा १७ हाल्दा अन्त शून्य । यो ढंगले बजेट विनियोजन हुँदा यो बजेटलाई कुन ढंगले हामीले हेर्ने, त्यसकारण सभामुख महोदय, बजेट कल्ले बनायो, मलाई लाग्छ, सरकारले बनायो, सम्बन्धित मन्त्रालयले बनाउनु पर्ने हो जस्तो लाग्छ । त्यहाँका कर्मचारीहरू सचिवहरू अरु कर्मचारीहरू, महत्वपूर्ण कर्मचारीहरू बसेर बनाउनपर्छ जस्तो लाग्छ । त्यो बनाउँदा कम्तिमा पनि यो क्षेत्रमा भएका २४ वटा निर्वाचन क्षेत्र, १० वटा जिल्ला, ७९ वटा पालिकाका त्यहाँका वास्तविक पहिचान हेरेर गरिन्छ होला त । १ सय १ पर्यटकीय स्थलको पहिचान गर्दा हामी संगै थियौं । एक दिन संगै बसेर ती पहिचान गर्यौं, त्यतिबेला हामीले टिपायौं, मैले त सबै योजनाहरू टिपाएँ । अहो महत्वपूर्ण यी अनिवार्य १ सय १ भित्र अटिन्छन् भनेर ती ७-८ वटा महत्वपूर्ण थिए पञ्चकोशीका ती ९ वटा मन्दिरलाई छोडेर भने ती कुनै पनि परेनन् । यस्तो ढंगले यी बजेटहरू आए, आफ्ना चाहिँ कुनै फेरि योजना छुटेका छैनन् । अर्कोतर्फ गत भ्रमण रारा पर्यटकीय (समयलाई ध्यान दिऔं माननीय सदस्य) भ्रमण वर्षले त्यत्रो हंगामा मच्चायो, फेरि यस वर्ष पनि १ करोड रुपैयाँ छुट्याइए छ । त्यसकारणले समय पनि छोटो भाको कारणले म यता धेरै जान चाहन्न । यस्तो जुन कारणले सिंगो सरकार, सिंगो कम्यूनिष्ट सरकारमाथि, सिंगो सदनमाथि यत्रो क्वेशन उठ्यो, दुनियाँ मिडियावाजी भो फेरि त्यही माथि १ करोड विनियोजन गरेर फेरि अर्को कुन तामासा गर्न खोजिएको हो । म यही कुरा राख्न चाहन्छु । हस त धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री झोवा वि.क. । यसपछि माननीय श्री मिना सिंह रखाल तयार रहनुहोला ।

**माननीय श्री झोवा वि.क.:** सभामुख महोदय, अब भने भने के भन्या, कति बोल्न्या, कति भन्या, अब यो ०७६र७७ को किताब आएछ, हरिया । सकभर चाहि यो त्यही वन मन्त्री वन हरियो हुन्छन्, त्यहीलाई हरिया किताब ल्याएछ । किताब हरिया, जनताको धन, हरिया किताब जनताको धन, त्यहीमा चाहिँ धानको धान चाहिँ बीउ छरेछ, झारपातले धान उम्राउन दिएछैन, कतै कतै छेउछेउतिर धान उम्रेर बालो टिप्न गएर बाँदरले खाएर हामीलाई रित्तो, त्यही क्यारे हामी त त्यही भन्छन् तित्के हजुरहरू के भन्छ कि माननीयज्यूहरू, त्यही रित्तै ल्यायो । अब के भन्ने त अरुको यहाँ आएर किताब हेरर उही दश, अर्को किताब हेरेर उही दश, अर्को किताब हेरेर उही दश, यो दश काहिँ नेचुक्ने भयो । यो मन्त्रीहरूले मलाई माया गरे हो कि क्या हो दश नचुक्ने । एकलाई हेरेर दश, उहीलाई हेरेर दश, उहीलाई हेरेर दश । यो दश मलाई धेरै माया गरे हो कि । एक वर्षै मैले बस्न नसकेर सब वर्ष यो त्यही क्यारे हाम्रो यो ४० जनामध्येमा म लाटी, म सोझी, म त्यही भाषा नजाने, म त्यही पढ्न ने, नपरेको मान्छे देखेर हेलाँ हो कि माया गरे हो । म यो क्वेशन मन्त्रीहरूलाई सोध्न चाहेछ, क्वेशन दिनुहोला । कि माया गर्ने हो, माया हो भनेपछि उही म माया भन, कि रिस उठेर नदिए भने पछिम उही कुरा गर । के भन्ने त उही दश ने छुटाउने, कुनै मन्त्री त २०र४० हाले त हुने थियो । ५० हाले त हुने हो । उही दश, दश । यिनीहरू भित्रभित्र फोन गरेर सल्लाह गरे कि त्यहीलाई नदिनु है उही म पनि दश दिएछ, तपाई पनि दश दियौ, तपाई पनि दश देऊ भने हो कि । के भन्ने त, म यस्सरी मन रुइराखेछ, चिन्ता लागिराखेछ । यो ३३ जना माननीय छ, यो ७ जना मन्त्रीले माननीय खाइसके । डबल त्रिबल हामी छ, यो मन्त्रीहरू र हामीलाई रोग जागिसक्यो, उही जेसुकै त्यही क्यारे रोगलाई औषधि हुन्छन्, यो चिन्ता रोगलाई औषधि हुँदैन, बरु यही लाटोकोशीमा चिन्ता मेटाउने हो । म त झन् यो चिन्ता लागिपछि यही छोर्छु, त्यैले म दुब्लो भयो त, यो मन्त्रीहरू कारणले हो मलाई । म यसरी दुब्लो छु त, त्यही मन्त्रीहरूको कारणले हो । यस्तरी मलाई चाहिँ फिरी अन्याय, अत्याचारी नगर्नुहोला । नानो पालेर ठूलो जान्छ, दुब्लो पालेर मोटो जान्छ, तपाईहरू पनि मलाई पढ्न पाएन । माथि चाहिँ साविक कर्णालीमा म त्यहि केरे । हाम्रो माथितिर एक दुइटा कर्मचारी आएपछिमा हामी त्यतिखेर यो खसान आयो भने हामीचाहिँ गाग्रीभित्र लुक्न जान्छ । हामी देख्नु पाउँदैनन् खसान देखेपछिमा हामी डर लाग्छ । आजभोलि त हामी यहाँ यो स्थानमा आएर माननीय भएर हामी डर नलाग्ने हो । त्यही पनि एक वर्ष चाहिँ मैले त्यही केरे घरमा चाहिँ यो बन्छ, उ बन्छ म कसीकासीकन आएर सदनभित्र म पसिना आएर चुप लागेर बसेछ, त्यही पनि माया हुँदैन, दया हुँदैन ? त्यही तपाईहरूलाई यस्तो पाप लाग्छ । यति न्या बस्नु नसक्दै बोल्यो । मन्त्रीसँग जान नसक्दै गइसकेपछिमा उही दश । जता हेर्छन् उही दश, जता हेर्छन् उही दश । के भनेर मलाई उही समस्या पार्यो कि यो त्यै केरे पहिला यो एउटा उखान थियो, हजुरहरूले सुन्यो कि सुनेन, म त यो सुनेछ, अब श्रीमती मरे रैछन् अनि श्रीमान् एक्लै भएर तीन छोराको बुहारी ल्याएरछन् अब के गर्ने, कोलाई त्यही केरे भान्सा, भान्सा गर्ने राख्ने कि यो ठूलो, हुन त पाउने त त्यही ठूलो छोराको त्यही श्रीमतीलाई हो । अब यिनीहरूको ढेंग कसरी छ भनेर अनुमान गरेर तीनटै गर्न पठाए रैछ, यो कले के गर्छ कि, कले के गर्छ कि अनुमान गरेर पछि चाहि त्यही ठूलो बुहारीलाई राख्नेकोलाई कान्छी बुहारीलाई चाहिँ राख्ने कारण आउदै त्यमा बाटोमा चाहि कुकुरको गु भेटेछ, त्यही घरमा ल्याएर, ओ यो त सही यले चाहि काम गर्ने जो ढेंग छ भनेर त्यहीलाई फेरि भान्सा राख्यो गरे । बुहारी कान्छी बुहारीलाई, हो त्यहीलाई फेरि चाहिँ । हामी पनि चाहिँदो, गु पुछेको ढुंगो पनि चाहिँदो, कालो बादल फाटेर घाम लाग्छ, हामी दुःखीलाई सम्झेर काम लाग्छ, हामी पनि काम लाग्ने मान्छे हो । हामी मान्छे, माथिबाट प्रतिनिधि गरेर हामी आएको, यसरी चाहिँ काँ जता हेरेर उही दश, म त अचम्मै लाग्यो त, के गयौं त म । बोल्न नसक्दै यहाँ बोल्यो, बोल्न नसक्दै आफ्नो यति

लेखाइ पढाइ नभएपछि मा त यले सबैको जनजाति एउटै छ, सबैको पिछडिए क्षेत्र एउटै छ, त्यैलाई माया गरेर अलिक बढी दिए त के हुन्छ र । अब यो चाहिँ त्यही क्यारे यो अरिया यामा चाहिँ पान त्यही छ रंग छ, हरिया, निलो, रातो, सेतो यी म धेरैको छ, यी रंग धेरै फेरी फेरी रंग चाहिँ मैले लिन सक्दैन, यो सदनमा दर्ज गरेर म...

**माननीय सभामुखः** माननीय श्री मिना सिं रखाल । यसपछि माननीय श्री शोसिला शाही तयार रहनुहोला ।

**माननीय श्री मिना सिं रखालः** सभामुख महोदय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय आर्थिक वर्ष ०७६र७७ को वार्षिक विकास कार्यक्रममा आज हामी छलफल गरिरहेका छौं र यो किताबमा छलफल गर्नुपूर्व म पूर्व केही कुराहरू राख्न चाहन्छु र यो किताबले उद्योगिकलाई सम्बोधन गरेको छ, पर्यटन, वन तथा वातावरण भनेछि वन र वातावरणलाई पनि सम्बोधन गरेको छ । मलाई लाग्छ तीनटा मन्त्रालय यसभित्र परेको छ । र यसभित्र थुप्रै कुराहरू यहाँ आइरहेको मैले देखेको छु । हाम्रो निर्वाचन क्षेत्र म दैलेखको कुरा गर्दाखेरि हाम्रो निर्वाचन क्षेत्र ४ वटा छ, र हामी ४ वटामा ६ जना माननीय छौं । र यो बजेट विनियोजन भइसकेपछि अथवा नीति तथा कार्यक्रम आइसकेपछि हाम्रो दलले हामीलाई के भनेको थियो त भनेपछि समानुपातिक माननीय र प्रत्यक्ष माननीय जुन निर्वाचन क्षेत्रमा समानुपातिक पदमा हुन्छ र त्यस निर्वाचन क्षेत्रको माननीयसँग मिलेर सहकार्य गरेर निर्वाचनबाहेक कार्यक्रम दिनु भन्ने हाम्रो दलको मान्यता अनुसार हामीले त्यस्तै किसिमका कार्यक्रमहरू बनाएर दिएका थियौं । सामाजिकमा पनि हामी त्यसरी नै गयौं र हामले पर्यटनमा पनि त्यसरी नै गएर माननीय अमरबहादुर थापा, म मिना रखाल हामीले एउटा योजना बनाएर दिएका थियौं । हामीले त्यसमा हाम्रो क्षेत्रलाई पुग्ने गरेर मागहरू राखेका थियौं, उद्योगको मागहरू राखेका थियौं, वन वातावरणका मागहरू राख्या थियौं, हेलिप्याडको कुरा राख्या थियौं । सहिद स्मृति भवनका कुराहरू राखेका थियौं । जडिबुटीका कुराहरू राखेका थियौं र साथसाथै मैले पूर्व बजेटमै एउटा कोटिलाको पञ्चकोशी निर्माण ताल भन्ने यी हामी सबै माननीयहरूको माग पनि थियो । गत वर्ष हामीलाई असाध्यै ओझेलमा पारियो र यसलाई यस तालको लागि हामीले दलमा कुरा उठायौं, दलमा कुरा उठाइसकेपछि माननीय मुख्यमन्त्री जी पोजेटिभ हुनुभयो । र यसलाई म सम्बोधन गर्नेछु भन्ने कुराहरू आयो । र अहिले हाम्रो क्षेत्रमा हामीले ताल प्राप्तको लागि ३ करोड प्राप्त गरेका छौं । र यो मात्रै हाम्रो क्षेत्रको एउटा ठूलो कार्यक्रम हो र यसले हामलाई गौरवमय बनाएको छ । किनकि त्यहाँका नगरपालिका स्थानीय तहले पनि माग थियो कि यो दैलेख जिल्लाको पञ्चकोशी कोटिला माललाई यदि हामले ठूलो रूपमा अथवा हामीले त्यसलाई विकसित गराउन सक्यौं भने त्यहाँ थुप्रै पर्यटनहरू आउने र त्यहाँ चाहिँ हामले हाइड्रो पावरहरू निकाल्न सक्ने, त्यहाँ हामले माछा पाल्न सक्ने, त्यस्तो किसिमको माललाई बनाउनुपर्छ भनेर गत वर्षबाटै आवाज उठाउँदा उठाउँदा आज यसलाई सम्बोधन भएको मैले पाएको छु । र हाम्रो कार्यक्रम ३५ वटा परेका छन्, र निर्वाचन क्षेत्रको कार्यक्रममा ठूलो कार्यक्रम भनेको त्यही पञ्चकोशी ताल परेको छ । म के भन्न चाहन्छु भने यदि कार्यक्रमै पर्थेन भने नमाग्दा पनि हुन्थ्यो होला । अथवा जिल्लाबाहेक जिल्लाका सबै माननीयहरू मिलेर यो कार्यक्रम दिनुहोला भन्या भए पनि हुन्थ्यो होला । अलिकति दुःखलाग्दो कुरा त्यहाँ रहेको छ र यस कार्यक्रमभित्र यहाँ थुप्रै महिलाले अथवा माननीयहरूले आभाष गर्ने र महशुस गर्ने कार्यक्रमहरू पनि छन् । जस्तैः युवा उद्यमी कार्यक्रम, महिला उद्यमी कार्यक्रम । त्यस्तै अपांग उद्यमी कार्यक्रम, यी कार्यक्रमले एउटा के गराएको छ भने सुनिश्चित ठाउँमा सुनिश्चित युवाहरूले पनि वैदेशिक रोजगारमा जान नपरेर युवाहरूको उद्यम चल्नेछ । त्यस्तै महिलाले पनि उद्यमी चलाउनेछन् । त्यसैगरी अपांगहरूले आफ्नो सीप र दक्षता अनुसारको उद्यम चलाउनेछन् भन्ने कुराहरू यहाँ फोकस गरेको छ । यसलाई म धन्यवाद दिन चाहन्छु । त्यसैगरी ४०

वटै माननीयहरूको लागि वन वातावरण वृक्षारोपण भनेर २० लाख रुपैयाँ छुट्याइएको छ । र यो पनि एकदम राम्रो छ, आजसम्म हामीले हाम्रो जिल्ला, हाम्रो ठाउँ, हाम्रो गाउँलाई वातावरणीय बनाउन र हराभरा बनाउनको लागि निश्चित माननीयहरूले ती सामुदायिक उपभोक्ता समितिहरूलाई सम्बोधन गरेर वृक्षारोपण गरेर हराभरा र वातावरणमय बनाउने कुरा जो आएको छ, यसलाई पनि म स्वागतयोग्य र धन्यवाद दिन चाहन्छु र यहाँ कार्यक्रमहरू थुप्रै आएका छन्, र कसैको क्षेत्रमा कम होला, कसैको क्षेत्रमा बढी होला, मैले अघि नै हाम्रो संख्याको भन्ने कुरा जुन गराएँ, हामी छ जना माननीयहरू मध्येमा हामीसँग दुइटा तीनटा कार्यक्रम परेको छ, जहाँ हामी दुईजना माननीय छौं । र यसमा हामले असन्तुष्टी गरेर हाम्रो कार्यक्रम परेर, परेन भन्न हामी सक्दैनौं । मलाई लाग्छ त्यो तीन करोडमै विभाजन गरेर हामीकहाँ कार्यक्रम कम परेको होला यो मैले महशुस गरेको कुरा त्यो । सभामुख महोदय, हरेक वर्ष यसरी आएका विनियोजित विधेयकमा छलफल गर्दा यी कार्यक्रमहरूले महिलालाई सम्बोधन गर्छ कि गर्दैन, दलितलाई सम्बोधन गर्छ कि गर्दैन, युवालाई सम्बोधन गर्छ कि गर्दैन र हामीले आएका यी ल्याएर आएका योजनाले आज कार्यान्वयन भए कि भएन । हामीले सम्पन्न गरिम कि गरेनम् र हामी यो कर्णाली प्रदेशलाई समृद्धि गराउन चाहन्छम् हामीले यहाँको जनतालाई सुखी र सुखारी बनाउन चाहन्छम् र हामीले यहाँका जनतालाई दुःखको महशुस नहोस्, भोको नरहोस्, नांगो नरहोस् र हामीले यो सुखा यो प्रदेशमा हामीले त्यस्तो किसिमको महशुस गर्न नपरोस् भनेर नै हामी कर्णाली प्रदेशलाई समृद्ध कर्णाली प्रदेश भनेका थियौं, तर हाम्रा कार्यक्रम, हाम्रा योजना, हाम्रो कार्यशैली, हाम्रा व्यवहारले हामी कर्णाली प्रदेशलाई समृद्ध बनाउन सक्दैनौं कि जस्तो मलाई लागिरहेछ । दश औंठा अथवा दुइटा हात बजेमात्रै ताली बच्छ, तर एउटा हातले केही सम्भव छैन, त्यसमा पनि हामी कम्यूनिष्ट पार्टीका सदस्य, अनि हाम्रा दुईतिहाइको सरकार र हामीले योजना प्राप्त गर्न सकेनौं, काम पनि गर्न पाएनौं भने यो सम्भव देखिदैन । त्यसैले हरेक माननीयहरूलाई सम्बोधन गरेर, हरेक माननीयहरूको इच्छा, आकांक्षालाई बुझेर योजना बाँडफाँड हुनुपर्छ भन्ने मेरो मान्यता छ किनकि माननीयहरू जनतासँग प्रत्येक्ष सम्पर्कमा हुन्छन्, ती जनताले नै माननीयहरूलाई एउटा नेतृत्व बनाएर पठाएका हुन्छन्, आज माननीयकै कुराहरू ओझेलमा पर्ने, माननीयकै कुराहरू सुन्न नसक्ने, नसुन्ने हो भने हाम्रो कुनै पनि त्यस्तो हामीले मान्यता प्राप्त गर्न सक्दैनौं । त्यसैले हाम्रो सम्पर्क जनतासँग हुन्छ, जनता, जनताको आवाजलाई माननीयहरूले बोल्नुपर्छ र त्यहीअनुसारका हाम्रा योजनाहरू बाँडिनुपर्छ र हामीले त्यही अनुसारको काम गर्नुपर्छ । र हामीले कर्णाली प्रदेशलाई समृद्धि त्यसरी नै बनाउन सक्छौं भन्ने मेरो आफ्नो भनाई राख्दै विदा हुन्छु हवस् त धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री शोसिला शाही । यसपछि माननीय श्री करविर शाही तयार रहनुहोला ।

**माननीय श्री शोसिला शाहीः** सभामुख महोदय, सधैं म लेखेर ल्याउँथे । आज चाहिँ लेखेर ल्याको छैन, किताब हेरें र के भन्ने हो । राम्रो भनौं या नराम्रो भनौं । के भन्ने, के भन्ने मैले त्यो उ गर्नै पाको छैन, सोच्नै पाको छैन । कसो भने राम्रो भन्ने हो भनेपछि लगभग ०७४र०७५ को मा एउटा योजना पनि मेरो पेश भएको थिएन । अहिले चाहिँ बल्ल बल्ल एउटा चाहिँ भाको छ । भाको छ, अब अव लेटर केरे लेटरप्याडमा छपाइदिएको पनि लगभग किनभने यो लेटरप्याड छपाएर दिएको पनि, फेरि पनि फोनद्वार पनि ल है लास्ट तपाईंले छान्नुपर्छ भनेर त्यस्तो फोन समेत आयो, हैन । त्यो एउटा हिसाबले खुसी व्यक्त गर्न चाहन्छु यहाँ । किनभने सोध्नुभको छ मन्त्रीज्यूले र सम्माननीय सभामुख महोदय धेरै थोरै भएपनि सबैका चित्त बुझेकै होलान् तर किनभने सबै आफूले विरोध गरिहाल्नुपर्ने त्यस्तो केही देखिन त देखिदैन । मन्त्रीज्यूहरूले पनि म यहाँ सुझाव दिन चाहन्छु । सुझाव कस्तो भने अबदेखि यो ०७६,अब ०७६/०७७ को जस्तै भयो । अब ०७७/७८ को बेला माननीय, माननीयज्यूको लेटरप्याडका प्रत्येक योजनाहरू

हजुरले स्वीकार गर्नुहुनेछ । आसेपासे, भरौ,भरौटे भन्छन् ती तिनीहरूका सम्बोधन गर्नुहुनेछैन भन्ने आशा राखेको छु मैले यहाँ । किनभने कहिलेकाहिँ बोल्दाबोल्दै तलमाथि पनि हुन सक्छ, त्यसको लागि पनि हजुरहरूले सुधार्नुहुनेछ भन्ने आशा राखेको छु र किनभने कालीकोट जिल्लामा हेलिप्याड भन्ने पनि आयो । त्यो बाटै नगएको ठाउँमा हेलिप्याड छ, यस्तो ठाउँमा अलिकित विचार गर्नुहुनेछ भन्ने आशा राखेको छु किनभने त्यस्ता त्यस्ता ठाउँहरू पहिल्याइयो भने यो समृद्धि कर्णाली भन्ने नारा यो उचित हुने छैन । भन्ने यहाँहरूलाई सुझाव दिन चाहन्छु र अर्को कुरा के हो भने, एउटा अर्को कुरा भन्न चाहन्छु, नेत्रज्योति जहाँ कर्णालीका पाँच जिल्ला नेत्रज्योति छ कालीकोट जिल्लामा, त्यलाई पनि सम्बोधन गरिदिएको भए, त्यहाँ बुढाबुढीका त्यहाँ दैनिक पाँच जिल्लाका त्यहाँ बुढाबुढी आउँछन् त्यहाँ । त्यो नेत्रज्योतिलाई अलिकता रकम अथवा भवन निर्माणको लागि यहाँहरूले प्रयास गरिदिएको भए अझैं राम्रो हुने थियो भन्न चाहन्छु । र अर्को कुरा, बोल्दै जाँदा कहिलेकाहिँ तल हुनसक्छ, कहिलेकाहिँ माथि हुनसक्छ । यहाँहरूले सम्पूर्ण बुझदिनुहुने छ, आशाभरोसाको साथ माननीयज्यूहरूले हजुरका सातवटा मन्त्रालयहरूमा आशाभरोसाका साथ जुन योजनाहरू पेश गर्नुभएको थियो, त्यो किनभने लागू हुन्छन् भनेर उहाँहरूले पेश गर्नुभको थियो होला, तर उहाँहरूको सम्बोधन गरिदिनु पर्थ्यो, हजुरहरूले चाहिँ सम्बोधन गरिदिनु भएन, त्यसैकारणले यो सम्माननीय सदनमार्फत् म भन्न चाहन्छु, आइन्दा यो ०७७र७८ को मा धेरैभन्दा धेरै सम्मान हुनेछन् तर चाङ्गचाहिँ लाग्नु हुँदैन भन्ने त्यसमा पनि उ छ किनभनेछि मन्त्रीज्यूहरूलाई पनि धेरै कठिनाइहरू छन्, त्यहाँ बाधा अवरोधहरू छ, त्यहाँ विभिन्न बाधाअवरोधहरू किन, किनभनेछि त्यहाँभित्र उहाँहरूले पनि झेल्नुभएको होला, कर्मचारीहरूले पनि झेल्नुभएको होला । किनभने भोलि यस्ता बाधा अफठ्याराहरू हजुरहरू पनि मन्त्री हुन सक्ने योग्य मान्छे हुनुहुन्छ, उहाँहरू माननीय, माननीय भएको बेला उहाँहरूले पनि त्यही क्वइशन क्यारे दिनुपर्ने हुन्छ, आफूले ती त्यस्ता कुराहरू अलिकता सोचेर भन्नुहुनेछ भनेर आशा राखेको छु किनभने यी बाधा अवरुद्धहरू भोलि जुनसुकै बेला पनि आउन सक्छन् भन्ने सोच, सोचका साथ सबैले विरोध गर्नुभको छ । मैले पनि विरोधै गरेको हो तर चाहिँ मैले पनि समर्थन दिएको छैन, किनभने समर्थन मैले पनि दिएको छैन, यो किताबमा सम्पूर्ण मेरा क्यारे यो योजनाहरू परेका छन् भनेर मैले यसमा समर्थन गरेको छैन । मेरा पनि दुःख छन् यहाँभित्र । प्रत्येक मन्त्रालयले प्रत्येक उ क्यारे किताबमा त्यस्ता त्यस्ता ऊ हरू छन् मैले हेरेकै छु । यो अघि धर्मको बारेमा कुरा उठ्यो, अलिकति धर्मको बारेमा पनि थोरै कुरा राखौं कि भन्ने लाग्यो मलाई । यो धर्म, धर्म भन्दाखेरि जस्तै मठमन्दिरहरू नभएपछि पर्यटन के कसरी केले आउँछन् पर्यटनहरू, कसरी आउने हुन् । पदमार्ग मात्रै भएर पर्यटन आउँदैनन् नि, मन्दिर भएछि त्याँ पर्यटनहरू आउँछन्, भेटी चढाउँछन् त्याँ, भेटी चढाएपछि भोलि क्यारे राजश्व संकलन हुन्छन् संकलन भयो भने भोलि यहाँको उ हुन्छ क्यारे सदनको क्यारे हरेक कुराहरू, आयआर्जनमा हरेक कुराहरूमा, वृद्धि हुँदै जान्छ । पर्यटन नै, पदमार्गै पदमार्ग राख्ने, मन्दिरहरू राख्दै नगराख्ने, मन्दिर भएकै ठाउँ त हो यो यो, मन्दिर नभको ठाउँ हो । कर्णाली भनेको देवीदेउताको भूमि हो के ? देवी देवताको भूमि भएको कारणले यो हुनुपर्छ भन्ने मेरो मान्यता हो । यमा एकदम ध्यान, ध्यान दिनुहोला भन्ने आशा गरेको छु । मन्त्रीज्यूहरूले एकदम आउँदा वर्षहरूमा यो क्यारे पर्यटन क्षेत्रका क्यारे यो पदमार्ग साथसाथै यहाँ क्यारे यो ऊ मन्दिर पनि निर्माण गर्नुहुनेछ भन्ने आशा गरेको छु मैले यहाँ । सबै, सबैले क्यारे हामले हामले मात्रै मैलेमात्रै क्यारे देविदेवताको मन्दिर मान्ने हो र ? हजुरहरूले मान्नुहुँदैन ? यहाँ ८१ प्रसेन्ट हिन्दु हिन्दूत्व त छ । ८१ प्रसेन्ट हिन्दु हिन्दू मान्नेले ए क्यारे दिनुहरूलाई मठमन्दिर चाहिँदैन ? चाहिन्छ । हजुरहरूले उठाको कारणले मैले यो उठाको हुँ कुरा फेरि । हजुरहरूले प्रत्येक जनाले उठाको कारणले मैले उठाको । त्यसो भको हुनाले सभामुख महोदय, मैले धेरै कुरा गर्न चाहिन, धेरैथोरै भएपनि यहाँहरूले माननीयका पीरमर्काहरू बुझदिनु हुनेछ र आउँदा दिनहरूमा धेरैभन्दा धेरै सोच राख्दिनुहुनेछ यो विरोध, विरोधका

आवाजहरू यो सदनभित्र नउठून् भन्ने सबैको सोच हो तर फेरि पनि म भन्न चाहन्छु, यो विरोधका आवाजहरू फेरि यहाँ भित्र नउठून भन्दै म आफ्ना दुई शब्द राख्दै जय राष्ट्रवाद । जय जनता ।।

**माननीय सभामुखः** माननीय श्री करविर शाही । यसपछि माननीय श्री गोपाल शर्मा तयार रहनुहोला ।

**माननीय श्री करविर शाहीः** माननीय सभामुख महोदय, आज हामी विनियोजन विधेयकको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको शीर्षकमा मन्त्रालयगत शीर्षकमा छलफल गर्दैछौं । हरेक दिन नयाँ नयाँ घटनाक्रमहरू विकास भइरहेका छन्, पहिलो दिन सरकारको रसदपानी सहितको किताब आयो, दोस्रो दिन अलि धमिलो केही रसदपानीहरू छुटेर, केही हिसाबकिताब नगरेर र बीचमा मोटाएको जस्तो भएर आयो र बिचमा आज आउँदा यहाँ मैले कहिँपनि देखिन, चालु खर्चका सन्दर्भमा लेखिनुपर्ने, तपाईंहरूका कति वटा कार्यालय हुन् ? कुन कुन कार्यालयले के-के शीर्षकमा काम गर्छन् ? जिल्लामा एउटा कार्यालय छ कि दुईटा कार्यालय छन् ? ती कार्यालयमा कर्मचारीहरूको संख्या कति हो ? खर्च कति हो ? कहिँ पनि यलाई बाँधिएको छैन । यहाँ आर्थिक मामिला तथा योजना मन्त्री भएको भए भन्न हुन्थ्यो, तपाईंले छाडा छोड्नु भो वा वित्तीय अनुशासनमा तिनीहरू बस्न सकेनन् । यस्तो किताबमा कहिंपनि कुनै पनि रकमको अन्तिममा कनकुलुजन कहिँ पनि गरिएको छैन । कुनै पनि शीर्षकमा कनकुलुजन छैन यहाँ । कति खर्च हो ? के गर्न खोजिएको हो ? यहाँ कहिँ पनि कनकुलुजन छैन । र हामीले भन्न खोजेको कुरा विकासमा कि त तपाईहरूले एउटा प्रदेशको योजना आयोगले यस्तो गर्नुपर्थ्यो, प्रदेश प्रदेशका सर्भेकहरू गर्नुपर्थ्यो, मुख्य केही पर्यटकीय स्थलहरूको पहिचान हुनुपर्थ्यो, त्यस्तो हुँदा हामी स्वभावैले जिल्लामा हाम्रो जिल्लामा यो छैन हामी कम पर्छौं भन्ने हिसाबले हामी चित्त बुझाउँथ्यौं । तर तपाईंले त्यस्ता केही चिजहरूको पहिचान पनि गर्नु हुँदैन, पहिचान के गर्नुहुन्छ भन्दा आफूलाई पहिचान गर्नुहुन्छ । आफू जहाँ बस्छु, आफ्नो वरिपरि, आफ्नो ठाउँहरूमा भएका सबै गुम्बा, तालतलैया के हुन् ? खोला खहरे के हो, ती सबैलाई चाहिने यो पटक दामासाहीका हिसाबले बजेट बाँड्नुहुन्छ । यो कति न्यायोचित हो, हामीले भन्दै आएको, पटक पटक उठाउँदै आएको, शुरुदेखि नीति तथा कार्यक्रमदेखि नै यलाई ब्यालेन्स गरौं भन्न खोजेको । रारालाई यो प्रदेशको सबभन्दा ठूलो गन्तव्य स्थल मान्ने हो भने हामी त्यलाई २५ करोड, ५० करोड, एक अरब जे राख्न पर्ने हो, हामी राख्न तयार छौं । सुर्खेतको काँक्रेविहारलाई यो प्रदेशको पहिचानको गन्तव्य हो भन्ने राख्ने हो भने हामी जत्ति पनि बजेट राख्न तयार छौं । हामी जाजरकोट लिनका लागि कुनै आतुर छैनौं । तर तपाईंहरू वर्ष दिन, १७ महिना भयो । बारम्बार भन्यौं पहिचान गर्नुहोस् यो प्रदेशको पूर्वाधार किताबमा लेख्नुभाछ, यो प्रदेशको विकासको आधार पर्यटन र पूर्वाधार भन्नुभाको छ । यत्रो समयसम्म तपाईहरूले यी गन्तव्यहरूको पहिचान किन गर्न नसक्नुभएको म प्रश्न उठाउन चाहन्छु, प्रश्न गर्न चाहन्छु । हामीले दामासायी मागेको होइनौं । हामीले भन्दै आएको कुरा वास्तवमा समन्यायिक विकासको कुरा मात्र गरेका हौं, लक्षित वर्गको कुरा पनि राख्न राखेका छौं, हामीले लैंगिक हिसाबले पनि त्यो कुरा, लैंगिक समताको विकासको कुरा पनि राख्यौं, हामीले पटक पटक उठाको विषय के हो भन्दाखेरि हामी दामासायीका हिसाबले केही पैंसा माग्नुपर्छ, आफ्नो निर्वाचन क्षेत्रमा लिनुपर्छ, निर्वाचन क्षेत्र मात्र मूल हो हामीले भनेका छैनौं, त्यसकारणले यो, यो पटक पनि यो मन्त्रालय यस्ता पहिचानलाई उठाउने क्रममा फेरि पनि यले ल्याकअपै राख्यो पछि रह्यो, त्यसकारणले म यो सन्दर्भमा म केही कुरा म भन्न चाहन्छु । यहाँ धरै विषयहरू साँच्चै भन्ने हो भने संविधानले नचिनेका संस्थाहरूलाई उजागर गर्न खोजिएको छ, सबै शीर्षकहरूलाई यति लामो समयसम्म बजेट बनाउनु पर्दा बनाउँदा यति लामो समय थियो, केले अट्कायो र जम्मै जिल्ला भनेर लेख्दिनुभएको छ । जिल्लामा जिल्ला छ अंक छैन, जिल्ला छ कार्यक्रम छैन । यलाई म पछि समअफ गर्ने बेला केही कुरा भन्नेछु । केही चिजले काम गरिरहेको छ मन्त्रालयमा, यो सामाजिक मन्त्रालयलाई

एलएमबीआइस लाग्छ, तपाईंलाई किन लाग्दैन ? त्यसैले मैले यो आर्थिक मामिला मन्त्रालयलाई यो सन्दर्भमा क्वेशन गर्न खोजेको । किनभन्दा बजेटका शीर्षकहरू कताबाट तपाईंको चाहिने इन्ट्री भएर आउनुपर्ने हो, कसैका तलबाट इन्ट्री भएर आउने रे, तपाईको चाहिने के भन्छ सिस्टममा हुने, कसैको नहुने । के कारणले भएको हो ? यो सरकारलाई सोध्ने क्वेइशन हो वास्तवमा । यहाँ धेरै विषयहरू छन्, तपाईंलाई बजेटमा थोरै भएजस्तो पनि लाग्ने, अल्छि लाग्याजस्तो पनि गर्ने, अब सुनचाँदी पसललाई दिने भनेकै छ, ड्राइक्लिनर्सलाई दिने भनेकै छ, यी के-के उद्योग गर्न खोजेको हो ? यसका शीर्षकहरू के छन् भन्दाखेरि जिल्लागत हिसाबले पहिचान गरेका, आफ्नो जिल्लामा के हुन सक्छ, सुर्खेतमा सुनचाँदी रैछ, एउटा ड्राइक्लिनर्स रैछ, अब हामीले अलि चिटिक्क परेको धारा परेको पाइन्ट र कोट लाउन पाइने भइयो । म खुसी नै छु । वास्तवमा जिल्लाको कुरा धेरै कुरा भन्न चाहन्न । पटकपटक धेरै चोटी भनिसकियो । जिल्लाको कुरा पनि सानो टिपिकल कुरा भन्ने हो भने मेरो निर्वाचन क्षेत्रमा दुई जना छौं, माननीय कौशिलावती खत्री र म आफै । दुईटा बाटा दुईटा पहिरो नियन्त्रण, सकियो । अरु केही पनि छैन, व्यक्ति हेरेर एउटालाई एउटा दियो भने पुग्छ । आफ्नोमा मैले क्वइशन उठान खोजेको होइन । विकास त्यतैबाट गरौं, विकासमा पछि परेका ठाउँबाटै शुरु गरौं भन्ने हो भने हामी तयारै छौं । हामीलाई किन कन्भिन्स गर्न नसक्नुभाको, कन्भिन्स गर्नुहोस् हामी के भन्छ, डोल्पाबाटै, हुम्लाबाटै, मुगुबाटै गर्न तयार छौं । केही हामी सबैलाई भाग सम्झी जय नेपाल गर्ने पक्षमा छैनौं हामी भन्दैनौं । हामी जनताका प्रतिनिधि हौं, यति भन्न सक्छौं, भन्नुपर्छ आफ्नो निर्वाचन क्षेत्रमाथि उत्तरदायी हुनै पर्छ, बोल्नै पर्छ । यहाँ मैले राख्न खोजेको विषय अर्को पनि छ, अब होमस्टे भनेर यो लहरै लगाएर कसलाई दिन खोजेको हो । हामीले कर्णालीको फोहार साल शुरु गरेको होमस्टेलाई अर्को मन्त्रालय त डिजिटलाइज्ट गर्ने पनि भन्यो । गर्न खोजेको के हो ? होटलहरूलाई के गर्न खोजेको ? होटलहरूलाई के गरेर विकास गर्न खोजेको ? त्यो निजी क्षेत्रका उ हरू होइनन्, सरकार अब होटल चलाउने हो ? सरकारले अब चाहिँ ड्राइक्लिनिर्स चलाउने हो ? सरकारले सुनचाँदी पसल राख्ने हो ? के खालको हामीले चाहिने यो यो उद्योगधन्दाका चाहिने शीर्षकहरूमा शीर्षक मिल्छ कि मिल्दैन । कत्तिमा पनि त्यो पनि रीत पुग्याछ कि छैन । त्यो रीत त्यो सम्बन्धी मिल्छ कि मिल्दैन । त्यो शीर्षक राख्यो भने सुहाउँदिलो होला कि नहोला । मन्त्रालयले मन्त्रीले यो सभा हो, यो गाउँसभा होइन, यो वडा कार्यालयको कुनै वडासभा, वडाको चाहिने बैठक होइन । त्यसकारणले मैले यी विषयहरू जस्ताको तस्तै राख्न चाहन्छु । मैले मन्त्रीज्यूसँग एउटा बैठक बनाउनु भो, बोलाउनु भो हामी सबै सहभागी भयौं । २१ सय चानचुन पैंसा पनि दिनुभो । १ सय १ वटा गन्तव्यमा कसरी छान्ने होला भन्दा एउटा पालिका एउटा तहमा गरौं । त्यसपछि विशिष्टखालका अरुहरू गरौं र संघले छानेका १७ वटा यो प्रदेशमा पर्ने गन्तव्यहरूलाई नराखौं । त्यलाई छुट्याएर अलग्गै राखौं र अरु उ गरौं, विशिष्ट खालका कुनै जिल्लामा चार वटा पाँच वटा होलान त्यसरी गरौं भनेर हामीले गरियो र त्यसमा सबै गर्ने होला भन्ने सोच्याथें मैले । मैले फोन गरेर सोधें उहाँलाई कुन राख्नुहुन्छ कति वटा राख्नुहुन्छ भन्दा सबै पालिका राख्नुहुन्छ हैन यसपालि एउटा निर्वाचन क्षेत्रमा एउटा पालिकामा राख्ने भनेर भन्नुभो तर ३८ वटा छनौट हुँदाखेरि मेरो निर्वाचन क्षेत्र खाली छ । यो के खालको विन्यास हो ? कसरी विन्यास गरियो ? उहाँसँगै भनेको छु मैले, एउटा राख्ने हो यसपालि भन्दाखेरि एउटा जुन मैले दिएको साढे तीनवटा पालिका पर्छन् तीनवटा पालिकाका सेन्टरहरू छन् ती ठाउँहरू भन्याछु तीमध्ये जुन राखेपनि हुन्छ मैले कुनै बै..के भन्छ मेरो छनोट छैन भन्याथें, लेखेर पनि दियाथें । त्यसैले हामी भन्छौं एउटा गर्छौं अर्को कम्तिमा सांसदहरूलाई यी सांसदहरू मञ्चमा गएर उभिएर, सभामा गएर उभिएर यति कुरा त भन्दाहुन्, भन्छन् होला मलाई यो म आलोचित हुन्छु होला भन्ने सोच छैन, चेत छैन, त्यसकारणले सरकारलाई, सरकारका मन्त्रीलाई, माननीय मन्त्रीज्यूलाई मैले प्रश्न गर्न चाहन्छु । सरकार बुलबुलेमा नुहाउन गएका

मान्छेहरूको रेकर्ड राखेर कर्णाली प्रदेशमा पर्यटकको वृद्धि भएको चाहिने हिसाब गरेर बसिराख्याछ, मुसुमुसु मुस्कुराइरहेको छ । मैले मन्त्रालयमा धेरैचोटी भन्याछु सुर्खेतमा जेठ महिनातिर काकाकुल भएको बेला एउटै मान्छे तीनचोटी चारचोटी बुलबुलेमा जान्छ । पानी लिन, वा नुहाउन, वा कपडा धुन, त्यहाँ लेखिएको त्यहाँ चिट छ, त्यहाँ छिर्ने उसमा चाहिँ द्वारमा चिट काटिन्छ, ती चिटलाई हेरेर सरकार रमाइरहेको छ । यो रमाइले कर्णालीको समृद्धिको यात्रा हामी कहाँसम्म पुग्छौं । त्यो यात्रा कति निरन्तर होला, कसरी हामी अघि अगाडि बढौंला । म सोच्न र प्रश्न गर्न चाहन्छु । अब यो अघि माननीय सुशिल थापाले भन्याजस्तो यो बजेट निर्माणको सन्दर्भमा यहाँभित्र केही शीर्षकहरू छन् ती शीर्षकहरूलाई नभनौं, मैले यो मञ्चबाट रेकर्ड हुने विषय हो तर पनि मैले भन्न बाध्य छु । भन्नुपर्छ, यो रेकर्डकै लागि भन्नुपर्छ, त्यो तथ्यगत हिसाबले कति पुग्ला नपुग्ला । जेसुकै होला तर म भन्ने मैले जमर्को गर्याछु । वास्तवमा यहाँभित्रका शीर्षकहरूमा केही शीर्षकहरू उस्तै प्रकृतिका शीर्षकहरूमा ठाउँ र बजेट तोक्या छ, उस्तै प्रकृतिका केही शीर्षकहरूमा ठाउँ तोक्या छ, बजेट तोक्या छैन, त्यसकारणले दुईटा विषयले काम गरेको छ, उहाँको मन्त्रालयमा भन्ने सुन्याछु मैले प्रिपेड र पोष्टपेड । प्रिपेडको सबै तोकेर आयो, नाम पनि, ठाम पनि, दाम पनि । पोष्टपेडको नाम छ, दाम छैन, त्यो पोष्टपेडको हिसाबकिताब भइसकेपछि, पछि त्यसको सबै कुरा हिसाबकिताब हुन्छ यो तजविजि अधिकारका हिसाबले पछिल्लो पानामा करोडका करोड, पछिल्लो पाना अलि धेरै हेर्दैन होला अगाडि धेरै हेर्छन् होला भनेर जम्मै शीर्षकमा करोड मात्र राखिएको छ । यसमा कुनै हिसाबकिताब छैन, के काम गर्ने हो ? शीर्षकहरू छन्, कहाँ गर्ने हो ? कहिले गर्ने हो ? सबभन्दा मन्त्रालयको पूँजीगत शीर्षकको धेरै बजेटहरू यो पछाडिको पातामा तजविधि अधिकार प्रयोग गर्ने गरेर राखिएको छ । यो वास्तवमा यसरी राख्न मिल्छ कि मिल्दैन, वित्तीय अनुशासनले यसलाई राम्रो मान्छ कि मान्दैन ? यो वास्तवमा सरकारले आफूले छलफल गर्नुपर्ने । सरकारका मन्त्रीहरूले, आर्थिक मामिला मन्त्री लगायतले छफलफ गर्नुपर्ने बाध्य मैले देख्छु । त्यतिकै हिसाबले यस्तै पानालाई सांसदहरूले बजेट पास गर्छन् वा के गर्छन्, यो सोचको विषय हो । यति भनेर म विदा हुन चाहन्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री गोपाल शर्मा । यसपछि माननीय श्री विन्दमान बिष्ट तयार रहनुहोला ।

**माननीय श्री गोपाल शर्माः** माननीय सभामुख महोदय, हामी परिवर्तनको यात्रामा लामो रगत, आँसु र पसिना बगाएर यहाँ आएका हौं । त यो परिवर्तनको यात्रामा हामीले जे उद्देश्य राखेका थियौं, जे लक्ष्य राखेका थियौं, जुन संकल्प बोकेका थियौं, जहाँ आएर आज आएर हामी जुन कुराको सामना गर्दै छौं, काहिँ न काहिँ हामी अन्तरविरोधमा बसेको जस्तो अनुभूति आज हामीलाई भइराखेको छ । एउटा उखान छ, सभामुख महोदय, खाऊँ केरे भनौं भने गाउँका मुखिए नभनौं भने चल्ला सकिए, भन्ने खालको उखान छ । म सत्तापक्षको सांसद सरकारको ल्या, सरकारले ल्याएको नीति तथा कार्यक्रम तथा बजेटसँग समर्थन गर्नुपर्ने मेरो नैतिक जिम्मेवारी हो । नैतिक धरातलमा उभिदाखेरि म बजेटको समर्थनमै छु, तर यो नैतिक धरातल र जनताले दिएको जिम्मेवारीमा काहिँ न काहिँ अन्तरविरोध आज भइराखेको छ, नैतिक धरातलमा मात्रै उभिएर यसलाई जिन्दावाद भनौं वा जनतातिर फर्केर यसलाई केही न केही प्रश्न गरुँ यो बाध्यात्मक अवस्थामा उभिएको छु । हामीले यहाँसम्म आउँदाखेरि औपचारिक बहस मात्रै गरिराखेका छौं, त्यो पनि थाहा छ हामीलाई । तर जनतालाई हामी भन्न बाध्य छौं कि हामीलाई तपाईंहरूले जे जिम्मेवारी दिनुभो, जनप्रतिनिधिको हिसाबले जे जिम्मेवारी दिनुभो, आजसम्म हामीले जे अपेक्षा थियो, त्यो सम्झिराखेका छैनौं भन्ने मात्रै म प्रायश्चितको हिसाबले आत्मालोचनाको हिसाबले यहाँ भन्न चाहन्छु, सम्मानित सदन मार्फत् । सभामुख महोदय, माननीय मन्त्रीमार्फत्, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयको शीर्षकहरू हामीले हेरिराखेका छौं, गम्भीरतापूर्वक हेरिराखेका छौं । कर्णालीको यात्रा, कर्णाली बढी सम्वेदनशील प्रदेश हो ।

हामी तीब्रत्तर गतिमा कर्णालीको विकास र समृद्धिमा जान चाहन्छौं, त्यो समृद्धिको यात्रा तय गर्न चाहन्छौं र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको यसमा निर्णायक भूमिका छ । हामीले उद्योगहरू, ठूलाठूला उद्योगहरू सिर्जना गरेर रोजगारी सिर्जना गर्ने कुराहरू । व्यापक पर्यटकहरूलाई भिœयाएर पर्यटनका व्यापक पूर्वाधारहरू तयार गरेर पर्यटनहरूमार्फत् हामीले देशको आयआर्जनमा वृद्धि गर्ने कुरा प्रदेशको आयआर्जनमा वृद्धि गर्ने कुरा स्वाभाविक अपेक्षा छ, तर हामी यहाँ के देखिराखेका छौं भने न दृष्टिकोण छ, भिजन र मिसनका कुराहरू यहाँ चल्छन् । न दृष्टिकोण छ, न लक्ष्य छ । लक्ष्य र दृष्टिकोण दुइटै भएन भने हामी परम्पराको यात्रामा थालनी केरे हिंड्नुबाहेक हामीसँग केही पनि देखिदैन । सरकार र सरकारका मन्त्रीहरू परम्परागत, पुरातनवादी प्रक्रियामा हिंडिरहेको देख्दा हामीलाई एक खालको विडम्बना मात्रै हामीले व्यक्त गर्नुपर्छ, माननीय सोशिला शाही, सोशिला शाहीज्यूले अन्यथा नठान्नु होला । आज उहाँले कम्तिमा समर्थन गर्ने स्थितिमा यो बजेट आइपुगेको छ । हामी संघीयताको मोडेलमा ठूलो बलिदान गरेर आइपुगेका हौं, त्यो संघीयताको मर्ममा बजेट व्यक्त भयो कि भएन माननीय सोशिला शाहीजीको वक्तव्यबाटै प्रष्ट हुन्छ । त्यसकारण म यो भित्र धेरै जान चाहन्न सभामुख महोदय, मैले न यहाँ भिजन देखेको छु, न मिसन देखेको छु । मैले मिसन देखेको छु, यो अर्थमा कि यहाँ केही न केही यसको पछाडि केही उद्देश्य राखिएको छ र त्यो उद्देश्यसँग बजेट निर्माण गरिएको छ । म यत्ति मात्रै भन्न चाहन्छु, यो उद्देश्यसँग बजेट निर्माण गरिएको छ, तपाईंलाई म धेरै कुरा भन्दैन । यस्तो अन्याय पनि हुन्छ ? के उद्देश्यमा बनाइएको हो ? पर्यटनका पूर्वाधारहरूसँग जोडौं भने मुगु १ नम्बर हो । रारा र छायाँनाथलाई जोड गरेर पर्यटनका सम्भावनाहरूलाई खोजी गर्नुपर्छ । तर राराको मैले यहाँ हिसाब गर्दाखेरि रारामा अहिले, मैले पछाडि क्रमागतको हिसाब गरेको छैन, राराको हिसाब के छ भने ७ करोड ४९ लाख छ, जबकि डोल्पाका माननीय मन्त्रीज्यूको जिल्लामा १७ करोड ७४ लाख छ, सुर्खेतभन्दा ३ लाखले मात्रै कमि छ । यसले पर्यटनको विकास हुन्छ कि हाम्रा निजी आकांक्षाहरूको परिपूर्ति हुन्छ । निजी आकांक्षाहरूको परिपूर्ति गर्ने व्यहोरा म यहाँ पढ्न चाहन्छु । सभामुख महोदय, निजी आकांक्षाहरूको परिपूर्ति ड्राइक्लिन खरिदको लागि रु. १५ लाख, अब कोट धुनेको लागि सम्झौता भएको हो मन्त्रीज्यूको रु निःशुल्क कोट धुनको लागि यो ड्राइक्लिनको व्यवस्था भएको हो ? हिमाली चीज उद्योग, नामै किटेर राख्न पाइन्छ बजेटमा ? कहाँ हो हिमाली चीज उद्योग, कहाँ छ ? यो बजेटले त्यो चिन्नुपर्छ कि पर्दैन ? कर्णाली उद्योग सुनचाँदी व्यवसायी संघको लागि टन्ज मेशिन खरिदका लागि सहयोग, हामी कसको सहयोग गर्दैछौं रु सभामुख महोदय । हामी त, कि त उद्योग व्यवसायी बनाउने हो भने निम्न वर्गलाई व्यवसायीमा ल्याऔं, तिनलाई रोजगार बनाऔं । जो रोजगार धनी छन्, होटेलहरू छन्, होटेलमा लगानी गर्दैछौं । हो जो व्यवसायी छन् तिनीमा लगानी गर्दैछौं । मैले सभामुख महोदाय, यहाँ आएर भन्नुपर्छ गत वर्षका पनि कैयौं लगानीहरू, व्यक्तिका निजी व्यवसायमा भएका छन् हामी खोजविनमा छौं । यस्तै प्रकृतिका खोजविनहरू म अरु पनि भन्न चाहन्छु, सरस्वती जुस उद्योग कसको उद्योग हो ? अरु यस्तै जेनिस फलफूल तथा जडिबुटी उद्योग कसको हो ? यस्ता कैयौं नामै किटेर बजेटमा ल्याउने जो व्यवस्था छ, त्यसमा हामी छलफलमा भाग लिने कि नलिने ? यो अवस्था हामीमा आइलागेको छ । शक्तिको सदुपयोग गर्नुभो, यस अर्थमा माननीय मन्त्रीज्यूलाई म धन्यवाद दिन चाहन्छु । रुकुमलाई ७ वटा कार्यक्रममा रुकुमलाई शून्य बजेट व्यवस्था गरेकोमा पनि म धन्यवाद दिन चाहन्छु । अगाडि माननीयज्यूले भन्नु भो अघिल्लो पटक धेरै लिइसकेको हुनाले होला भनियौं । एउटा मात्रै पर्यटक सडक थियो, यो पटक पनि एउटा व्यवस्था गरेकोमा धन्यवाद छ । रुकुमले अहिले पनि कर्णाली पर्यटन सर्किट रुकुममा पर्छ कि पर्दैन ? मन्त्रीज्यूले थाहा पाउनु भएछ ...परेन । ताल सीमसार क्षेत्र सम्बर्द्धन र सम्बर्द्धनका कुराहरू, पार्क तथा स्वागतद्वारमा, प्रतिष्ठानका पूर्वाधारमा, जडिबुटि, वनपैदावार तथा फलफूल प्रशोधन उद्योगमा रुकुमले चिनेन । रुकुमलाई चिनिएन ।

कि त जे छ त्यो व्यवस्थामा समानताको आधारमा बजेट बाँडौं । कि त कर्णालीलाई समृद्ध बनाउनको लागि रुकुमको सम्पूर्ण बजेट जहाँ तपाईले भिजन बनाउनुभको छ, मिसन बनाउनुभको छ, दिन तयार छौं हामी । रुकुममा चाहियो भन्न तयार छैनौं । हामी यस्तो जनप्रतिनिधि छौं कर्णालीलाई छिटो बनाऔं, तीव्रत्तर गतिमा लैजाऔं भन्ने हुटहुटी राखेर आएका प्रतिनिधि हौं हामी । हामी हाम्रो भागबण्डा खोज्नलाई आएका होइनौं । कि त भिजन चाहियो मन्त्रीज्यू कि त समान व्यवहार चाहियो म यति कुरा तपाईलाई केरे सम्मानित सदन, सम्मान..माननीय सभामुखमार्फत् भन्न चाहन्छु । सभामुख महोदय, यहाँ खासगरी म धेरै यस्तो बजेटका कैयौं यस्ता विचलनहरू देखिराख्याछन्, रुकुमका त नाम पनि थाहा छैन, रुकुमका यस्ता नामहरू छन्, जहाँ हामी सन्नीत्रिवेणी गाउँपालिका भनेर आछ, त्यो रुकुमको हो कि होइन ? चान्सले जिल्ला रुकुम परेको हुनाले त्यो चाहिँ म फिर्ता सन्नीत्रिवेणी गाउँपालिका जहाँ छ, त्यतै लैजान अनुरोध गर्दछु वा त्यसलाई, त्यस्ता कैयौं प्रस्तोताहरू यहाँ छन् । मैले यो बजेटको समर्थन गर्न सक्दिन सभामुख महोदय, नैतिक हिसाबले । दलप्रति म जिम्मेवार हुन चाहौला, हौंला पनि तर आजको यो धरातलमा म समर्थन गर्न चाह सक्दिन यसको लागि म माफी माग्दै सभामुखज्यूलाई हार्दिक धन्यवाद दिंदै विदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री विन्दमान बिष्ट । यसपछि माननीय श्री यज्ञबहादुर बि.सी. तयार रहनुहोला ।

**माननीय श्री विन्दमान बिष्टः** माननीय सभामुख महोदय, हामी आज उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको शीर्षकमा छलफलमा सहभागी छौं । पक्कै पनि हाम्रो कार्यतालिका अनुसार भोलि माननीय मन्त्रीज्यूले जवाफ दिनुहुनेछ । हिजोको छलफलको क्रमलाई सामाजिक विकास मन्त्रीले आज जवाफ दिनुभो । यद्यपि अघि यहाँ उठेजस्तै प्रश्नहरू पूरक प्रश्नहरू गर्न पाउने व्यवस्था हाम्रो नियमावलीमा थप व्यवस्था गर्नुपर्ने आवश्यकता छ, नियमावली संशोधनको समिति पनि बनेको छ, यहींबाट म सुझाव दिन चाहन्छु । सुझावको अपील पनि गरेको छ, समितिले उपसमितिले । मेरो कुरा के छ भने सभामुख महोदय, माननीय सामाजिक विकास मन्त्रीज्यूले भन्नु भो पाठा पठाइयो अब नून पनि छैन, खाना पनि छैन, लुगा पनि छैन, भनेर भन्नु भो । हामीले पनि पाठा पठायौं, नून पनि थिएन, अन्न पनि थिएन, लुगाफाटो पनि थिएन तर उहाँहरूले कस्मेटिक सामानहरू ल्याइदिनुभो । नून ल्याए आवश्यकता पूरा हुने थियो, अन्न ल्याए आवश्यकता पूरा हुन्थ्यो, लत्ताकपडा ल्याए पनि आवश्कता पूरा हुन्थ्यो तर फेयरएण्डलबली ल्याइदिनुभो फेयरएण्डहेण्डसम ल्याइदिनुभो, परफ्यूम ल्याइदिनुभो, त अनि कसरी हाम्रो आवश्यकता भनेको आज नूनको छ, हाम्रो आवश्यकता भनेको आज चामलको छ, हाम्रो आवश्यकता भनेको आज लत्ताकपडाको छ, तर माननीय मन्त्रीज्यूहरूले आफ्नो मन्त्रालयमार्फत् ल्याइदिनुभो कि कस्मेटिक सामान ल्याइदिनुभो यति मात्र भन्न चाहन्छु र म आजको मन्त्रालयको छलफलमा प्रवेश गर्न चाहन्छु । दिनदिनै यो रोष्टममा उभिएर सरकारको प्रति आलोचना गरिराख्नु कति विरोधमात्रै गरिराख्नु । म त्यतातिर भन्दा पनि आज म के भन्न चाहन्छु त भन्दाखेरि सभामुखज्यू मार्फत् अब धेरै माननीयज्यूहरूले आफ्नो धारणा प्रस्तुत गर्नुभएको छ । म यसो मैले कुरा गर्दै गर्दाखेरि कोही माननीयज्यूहरूको लाई अफठ्यारो पनि अनुभूति हुन सक्ला । आफ्नो निर्वाचन क्षेत्रमा परेका योजनाहरू के हुन्छन् कसो हुन्छन् भनेर । म एकमुष्ट के भन्न चाहन्छु भन्दाखेरि पदमार्ग भनेर जति ११ करोड ४० लाख हो जस्तो लाग्छ मलाई । ११ करोड ४० लाख रुपैयाँ जो छुट्याइएको छ, म माननीय सभामुखज्यू मार्फत् यो पर्यटन मन्त्रालयलाई आग्रह गर्न चाहन्छु, रारादेखि छायाँनाथसम्मको पदमार्ग बनाऔं अरु सबै पदमार्ग कटाइदिऔं । हामी पर्यटनलाई हाम्रो आधार बनाउने हो, हाम्रो प्रदेशको आम्दानीको, हाम्रो प्रदेशको आयस्रोतको एउटा आधार बनाउने भने हामी सबै आआफ्नो निर्वाचन क्षेत्रबाट प्रतिनिधित्व गर्ने हामी सबै यो सदनमा सम्मानित सदनमा भएका ४० जना हामी सबैले खुल्ला छातीले, खुल्ला हृदयका साथ के भनौं त भन्दाखेरि रारादेखि छायाँनाथसम्मको पदमार्ग बनाऔं, अरु

सबै पदमार्ग हामी हटाइदिऔं । केही उद्योगहरू प्रस्ताव गरिएको छ, पूर्ववक्ता माननीयज्यूहरूले थुप्रै नामहरू यहाँ लिनु भो । हुँदा हुँदा ड्राइक्लिनर्ससम्म पनि हामीले, अब सरकारले अनुदान दिनपर्ने अवस्थामा पुगेछौं हामी । यी प्रकारका उद्योगहरू कति आवश्यकता छ, कति के छ, त्यसको पहिचान गरेर त्यलाई पनि केही करेक्सन गरौं । र त्यसपछि गएर अरु पर्यटनका पूर्वाधारहरू निर्माण गर्ने सन्दर्भमा हामीले अहिले अब धेरै हामीले, हामीले नै भन्यौं निर्वाचन क्षेत्रमा केरे सन्तुलित बजेट हुनुपर्छ भन्ने कुरा गर्दै गर्दाखेरि निर्वाचन क्षेत्रमा सन्तुलितको कुरा उठाउँदै गर्दाखेरि जहाँ पायो त्यहीं, जुन पायो त्यही शीर्षकमा र परिणाम नदिने शीर्षकमा बजेट छुट्याउनुपर्छ भन्ने सायद हामी कसैको पनि मान्यता होइन । यदि सरकारले र सम्बन्धित मन्त्रालयले त्यस्तो कुरा बुझेको छ भने म विनम्रतापूर्वक आग्रह गर्न चाहन्छु, ती बुझाइमा करेकसन गर्नुस् र सम्बन्धित ठाउँमा केरे परिणाममुखी काममा बजेटको विनियोजन गरौं । हामी तीनचार दिनदेखि छलफलमा छौं, अब यो केरे बजेट त विभाजित गर्नुपर्ने त भइसक्यो । अब बनाउँदाखेरी, अब नयाँ बनाउँदाखेरी, कार्यक्रम नयाँ बनाउँदाखेरी, अब अघि यहाँ एउटा प्रसंग उठ्यो, एलएमबीआइएसको । अब ती सबै, अब त्यलाई मैले बन्धन भन्छु, अब यसरी त्यसरी अब मन्त्रीले चाहेको कार्यक्रमै संशोधन गर्न नपाउने हो अन्तिम फाइनल गर्ने बेलामा चेन्ज गर्न नपाउने हो भने त्यलाई म बन्धन भन्छु । त्यो बन्धन हामी तोड्नुपर्छ । त्यो बन्धन तोड्नुपर्छ । हिजो नै त्यत्ति मात्रै करेक्सन गर्न नसकेपछि त यो जे प्रकारको भद्रगोल छ, यो भद्रगोललाई त करेक्सन गर्न सक्ने स्थिति त हुँदैन । त्यो बन्धनहरू तोडेर हामीले नयाँ कार्यक्रमहरू बनाएर हामी अगाडि बढ्न जरुरी छ । अर्को कुरा यहाँ जलयात्राको सम्भावना हाम्रो प्रदेशमा छ । जलयात्राको सम्भावनाको कुरा गर्दाखेरि मेरो आफ्नो निर्वाचन क्षेत्र म जहाँबाट प्रतिनिधित्व गर्छु, भेरी र कर्णालीको संगम हो र त्यसमा सेतीले पनि कर्णालीमा छुन्छ । दुइटा दोभान छन् त्यहाँ । दुइटा ठूला नदिहरू जहाँ जलयात्राको निमित्त एकदम राम्रो अवसर छ, अथवा त्यो वातावरण छ, त्यसको लागि मैले मन्त्रीज्यूसँग आग्रह गरेको कुरा के थियो त भन्दाखेरि कर्णालीको जलयात्रा गर्नको लागि त्यसका केही पूर्वाधारहरू खासगरी र्याप्टिङ्ग शुरु गर्दाखेरि नास्ता खाने ठाउँ बास बस्ने ठाउँ र त्यसपछि पर्यटकहरूलाई सांस्कृतिक मनोरञ्जनको लागि केही जनजातिका बस्तीहरू पूर्वाधारहरू निर्माण गर्नको लागि मैले शुरुदेखि नै पर्यटन बोर्ड र त्यसपछि गएर यहाँको मन्त्रालय, र त्यसपछि गएर संघीय मन्त्रालय, सबैसँग सहकार्य गरेर यसको जलयात्राको लागि व्यवस्थित योजना बनाम भनेर मैले लागिराखेकै थिएँ । पर्यटन बोर्डबाट केही होमस्टेहरू बनाउने र त्यसपछि गएर र हाम्रो यो यहाँको पर्यटन मन्त्रालयबाट केही होमस्टेहरू निर्माण गरेर त्यसपछि त्यलाई सहज बनाऔंला भनेर मैले विभिन्न ठाउँमा, दुईतीनवटा ठाउँमा होमस्टेको लागि प्रस्ताव गरेको थिएँ तर जलयात्राको लागि भनेर अर्कै ठाउँमा जहाँ पर्यटन बोर्डले काम गर्दैछ, मेरो सूचना अनुसार । पर्यटन बोर्डले काम गर्ने ठाउँमा उहाँले बजेट प्रस्ताव गरिदिनु भएको छ । हामीले त मलाई लाग्छ, कुनै न कुनै आधार विकास गर्ने, पूर्वाधार निर्माण गर्ने सबै काम गर्ने यहाँको प्रदेश सरकार मात्र होइन, स्थानीय सरकार छ, प्रदेश सरकार छ, संघीय सरकार छ, त्यसका साझेदार निकायहरू छन्, सबै निकायहरू छन् । हामी जनप्रतिनिधिको हुनुको हैसियतले हामीले आफ्नो निर्वाचन क्षेत्रमा कहाँ कहाँबाट के-के काम हुन खोज्दैछन् भन्ने कुराको समन्वय त हामीले गरेका छौं । त्यो समन्वय गर्दाखेरि त्यसलाई डबल नपर्नेगरी हामीले प्रस्ताव गरेका हुन्छौं । अब समस्या के भइदिन थाल्यो त भन्दाखेरि माननीय मन्त्रीज्यूहरूले आफ्नो मनलाग्दि ढंगले अथवा अन्त कतैबाट कसैले भनेर कि गरेर कार्यक्रम जथाभावि प्रस्त केरे प्रस्ताव गरिदिंदाखेरि फेरि प्रश्न उहाँहरू नै गर्नुहुन्छ, कार्यक्रम दोहोरियो, डबल पर्यो, र त्यसपछि गएर समस्या पैदा भो, यो प्रकारका समस्याहरू आइराखेका छन् । त्यसो नगरौं, त्यसकारणले म के भन्न चाहन्छु भन्दाखेरि यहाँ पूर्ववक्ता माननीयज्यूहरूले राखेका कुराहरू छन् जो ती कुराहरूलाई मैले समर्थन गर्दै मेरो आफ्नो के राख्न चाहन्छु त भन्दाखेरि हामी यो

बजेटलाई जे बजेट छ, पर्यटन क्षेत्र हाम्रो प्रदेशको लागि महत्वपूर्ण क्षेत्र, उद्योगको क्षेत्र हाम्रो प्रदेशको लागि महत्वपूर्ण क्षेत्र, जडिबुटीको क्षेत्र हाम्रो प्रदेशको लागि अझ महत्वपूर्ण क्षेत्र, हैन, वन वातावरणको क्षेत्र हाम्रो प्रदेशको लागि अझ महत्वपूर्ण क्षेत्र, यति महत्वपूर्ण क्षेत्र ओगटेको प्रदेश मन्त्रालय जो छ, यो मन्त्रालयको अवस्था, हामीले जे बुक हेरेका छौं, हामीले जे किताब हेरेका छौं, त्यहाँभित्रको अवस्था हेर्दाखेरी, त्यसपछि हामी कहाँ पुग्छौं भन्ने कुरा सहजै जसले पनि अनुमान गर्न सक्ने ठाउँमा हामी पुग्छौं । तर माननीय मन्त्रीज्यूले र मन्त्रालयले त्यो कुराको पहिचान गरेको छ कि छैन, यो प्रश्न गर्न चाहन्छु र यो बजेटलाई अलि परिणाममुखी बनाऔं, यसलाई रिभ्यू गरौं, त्यसपछि गएर परिणाममुखी काममा केन्द्रित गरौं । म यही आग्रह गर्न चाहन्छु । धन्यवाद ।।

**माननीय सभामुखः** माननीय श्री यज्ञबहादुर बि.सी. । यसपछि माननीय श्री पदमबहादुर रोकाया तयार रहनुहोला ।

**माननीय श्री यज्ञबहादुर बि.सी. :** सभामुख महोदय, चौंथो अधिवेशनको १७औं बैठकमा हामी वार्षिक बजेट आर्थिक वर्ष २०७६/०७७ को बजेटमा छलफल गर्दैछौं । जसमध्ये सभामुख महोदय आन्तरिक मामिला तथा कानून मन्त्रालयको वार्षिक प्रतिवेदनप्रति छलफल गर्यौं । त्यसैगरी भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको, र त्यसैगरी सामाजिक विकास मन्त्रालयको वार्षिक विकास बजेट अथवा आयोजनाहरूका बारेमा । सभामुख महोदय, आज हामी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको वार्षिक बजेट प्रति छलफल गर्दैछौं । यसको सम्बन्धमा म यो सरकारले ०७६र०७७ को जुन वार्षिक बजेट प्रस्तुत गर्यो, नीति तथा कार्यक्रम प्रस्तुत गर्यो, त्यो नीति तथा कार्यक्रम यस गरिमामय सदनबाट जुन पारित भयो, त्यो अनुरूप आज सरकार सभामुख महोदय, हिंडिरहेको अवस्था छैन सभामुख महोदय । आज सबै मन्त्रालयका जो अहिलेसम्म छलफल भएका मन्त्रालयका बजेटप्रति जुन यस गरिमामय सदनका माननीयज्यूहरूबाट व्यक्त भएका कुराहरूले पनि आज सरकार यदाकता आफ्नै पारामा हिंडिरहेको छ । हाम्रो २०७६/०७७ को वार्षिक बजेट वक्तव्यमा यो कर्णाली प्रदेशलाई समृद्ध कर्णालीः सुखी कर्णालीबासी, आफ्नो प्रदेश आफै बनाऔं, खाना नाना र छाना, र शिक्षा स्वास्थ्य रोजगार र उत्पादन त्यसका लागि पूर्वाधार भन्ने मूल नाराका साथ सरकारले जुन बजेट वक्तव्य प्रस्तुत गरिरहेको जुन पुस्तिकामा उल्लेख भएको थियो । आज आएर हामीलाई लाग्थ्यो सभामुख महोदय, अब निश्चित रूपमा कर्णाली प्रदेशका १७औं लाख जनताहरूको अनुहार चम्किलो हुनेछ भन्ने हामीलाई लागिरहेको थियो । जब यो सरकारले बजेट र मन्त्रालयवाइज आफ्नो वार्षिक कार्यक्रम प्रस्तुत गर्यो, प्रस्तुत गर्दा धेरै कुराहरू कर्णाली प्रदेश यस गरिमामय सदनले नीति तथा कार्यक्रममा प्रस्तुत गरेका विषयहरूलाई छाडेर आफ्नो मनोपली ढंगबाट आज यो कार्यक्रम वार्षिक विकास कार्यक्रम प्रस्तुत गरेको पाइएको छ, सभामुख महोदय । त्यसो भएर धेरै कुराहरू यस गरिमामय सदनका माननीयज्यूहरूबाट चिन्ता व्यक्त गरिसकिएको छ, सभामुख महोदय । मैले पनि यो कर्णाली प्रदेशलाई परिवर्तन गर्नका लागि गरिबी निमुखा विपन्न परिवारलाई माथि उठाउनका लागि आज यो सिंगो सदन आज चिन्तित बनेको छ, यो सरकारको कामकारबाहीले सभामुख महोदय । जब यसो सरर हेर्दा, खै आज सरकारले प्रदेश गौरवका आयोजनाहरू ल्याएको ? जनताका आवश्यकता परिपूर्ति गर्ने योजनाहरू ल्याएको खै ? त्यो देखिदैन सभामुख महोदय । त्यसो भएर धेरै कुराहरू आइसके, आज योजनाहरू समग्र रूपमा सम्मानित सदनका माननीय सदस्यज्यूहरूले प्रस्तुत गरेका योजनाहरू पेश गरेका योजनाहरू यो कार्ययोजनाभित्र अथवा यो पुस्तिकाभित्र वार्षिक विकास कार्यक्रमभित्र नभएर झ्यालबाट बाहिर आएका योजनाहरू आज समावेश भएका कुराहरू यहाँ प्रष्टिएका छन्, सभामुख महोदय । म सभामुख महोदयमार्फत् कर्णाली प्रदेशको सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु, सम्पूर्ण यहाँ यस गरिमामय सदनका

सांसदज्यूहरूबाट प्रस्तुत गरिएका अभिव्यक्तिहरू यो कर्णाली प्रदेश सरकारले अविलम्ब चाहिँ सम्बोधन गरोस् भन्ने कुरा सभामुख महोदयमार्फत् म कर्णाली प्रदेश सरकारलाई अनुरोध गर्न चाहन्छु । सभामुख महोदय, यहाँ धेरै कुराहरू आए । आज सरकारले कर्णाली प्रदेशका जनताहरूको अनुहार पनि परिवर्तन आयआर्जनका लागि अगाडि बढाउने नभई आज मन्त्री र मन्त्रीका आसेपासेहरूको पोषण भरणपोषण गर्नेखालको जुन वार्षिक योजना आएको छ, त्यलाई परिवर्तन गरेर कर्णाली प्रदेशका गरिब निमुखा जनताहरूको आयआर्जनका लागि ०७६/०७७ को वार्षिक बजेट पुनरावलोकन गर्दै यो सरकारले ल्याउनेछ भन्ने कुरा म अनुरोध गर्न चाहन्छु र साथै आज यो सरकार आज ब्वाँसोको संज्ञा पाइसक्यो । आज यो सरकार ब्वाँसो बन्ने हैन, यो सरकार गाई बनोस् भनेर म अनुरोध गर्न चाहन्छु र सभामुख महोदय, अन्तमा आज यो जुन उद्योग, वन, पर्यटन तथा वातावरण मन्त्रालयले पेश गरेको जुन वार्षिक विकास कार्यक्रम छ, यो कार्यक्रम पुस्तिका अन्तर्गत यो साह्रै त्यही अवस्थामा जो कि आज माननीय सांसदज्यूहरूको पेश गरेका आयोजनाहरू नभई बाहिरिए हिसाबले झ्यालबाट आएका योजनाहरू समावेश भएका कारण म यसलाई कुनै छलफलको रूपमा प्रस्तुत नगरिकन सभामुख महोदय मार्फत् म उद्योग, वन, पर्यटन तथा वातावरण मन्त्रालयमा फिर्ता दिन चाहन्छु । हवस्, धन्यवाद, जय नेपाल ।।

**माननीय सभामुखः** माननीय श्री पदमबहादुर रोकाया । यसपछि माननीय श्री अम्मरबहादुर थापा ।

**माननीय श्री पदमबहादुर रोकायाः** माननीय सभामुख महोदय, हामी यो उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आर्थिक ०७६/०७७ को वार्षिक विकास कार्यक्रममा दफावार छलफल गरिरहेका छौं । सबैभन्दा लामो समयसम्म सदन चलेको आजै जस्तो लाग्छ । कि यो मन्त्रालयप्रति धेरै पारदर्शी भएर मायाले होला, कि यो मन्त्रालयप्रति अपारदर्शी भएर धेरै माननीयले बोलेका हुन जस्तो लाग्छ । सबभन्दा बढी बोल्ने माननीय आजै, आजै जस्तो लाग्यो मलाई । म सर्वप्रथम यो मन्त्रालयलाई धन्यवाद दिन चाहन्छु, अब माननीयको मनमनमा खुलदुली लोगजस्तो छ, किनभने माननीयहरूले सिफारिस गरेका योजनाहरू कुनै पनि नसमेटिएर बिचौलियाहरूले सिफारिस गरेका योजनाहरू समेटिएको कारणले उहाँलाई धन्यवाद दिन चाहन्छु, यो मन्त्रालयलाई । माननीयको मर्यादा र लाई उहाँ पनि माननीय हुनुहुन्छ, मन्त्री हुनुहुन्छ, माननीयबाट आएर मन्त्री हुनुभएको होला । माननीयज्यूहरूको मर्यादालाई आँच आउने हिसाबले उहाँहरूले योजना हाल्नुभएको छ । मैले विरोधमा विरोध गरेको होइन, म प्रमाणको हिसाबले देखाउन चाहन्छु । मेरो क्षेत्रमा बजेट बढी परेको छ, मैले सबै ठाउँ हेरेको छु, हिसाबकिताब अंकमा गरेको छु । बजेट छ, बढी परेको छ, कम परेको भन्दैन । उहाँको क्षेत्रमा त जिल्लामा १७ करोड १४ लाख, मैले सोचें त्यही अनुसार मुख्यमन्त्रीकहाँ पनि पर्यो होला, मुख्यमन्त्री भएको कारणले सोचें मैले, मुख्यमन्त्रीकहाँ ८ करोड ८७ लाख । मैले सोचें आर्थिक मामिला मन्त्रालयमा पर्यो होला सोचें मैले उनी अर्थ मन्त्री भएको कारणले उहाँको क्षेत्रमा ७ करोड ३१ लाख, मैले सोचें डोल्फा सामाजिक मन्त्रीकोमा पर्यो होला जस्तो लाग्यो मलाई त्यहाँ पनि हेरे मैले ७ करोड ९६ लाख । पोहोर साल मैले भनें मन्त्रीहरूले मीत लगाए, साँठगाँठ गरे । अहिले त्यो मित छुटिहालेछन् अहिले । मित लगाएर उनीहरूले छुटिहालेछन् अहिले । मीत लगारैन्छन् अहिले । उहाँको जिल्लामा १७ करोड १४ लाख पड्नु अरु जिल्लामा ७र८ करोडको के हो त यो ? जबकि दैलेख जस्तो दुई दुई वटा निर्वाचन क्षेत्र भएको छ, सुर्खेतजस्तो प्रदेश चारचार ओटा छ, दैलेख चारछ ओटा छ, त्यहाँ कम, डोल्फा जिल्लामा बढी त्यहाँ । मैले डोल्फा जिल्लाको विरोध गरेको होइन । डोल्फा जिल्ला, हुम्ला जिल्ला अति विकट छन्, मैले पोहोर साल पनि भनेको हुँ, त्यहाँ सडक पुर्याउनुपर्छ, सबै बजेट त्यहाँ हालौं भनेको थिएँ मैले तर पर्यटनले त पदमार्गले सडक पुर्याउने गाडी जाँदैन त्यहाँ । त्यसैकारणले कि त हामी माननीयलाई उहाँले तपाईंहरूको योजना सिफारिस गरेर ल्याउनुस् नभन्नु

पर्ने हामीलाई । तपाईं जलाई हाल्नुहुन्थ्यो हाल्नुहोन्थ्यो, मन लागेको मान्छेलाई हाल्नुहुन्थ्यो तपाईहरूले, कुन कुन साथी थिए, कुनकुन इष्टमित्र थिए तपाईहरूका त्यही हाल्नुहुन्थ्यो । हामीले २०/२२ दिनसम्म सदन स्थगित भयो, १ गते बजेट आएको थियो । किन सदन स्थगित भयो ? अनि हामीहरू तपाईहरूले सजग गराउनका निम्ति सदन स्थगित भएको हो, तपाईंहरूले सही बाटोमा ल्याउनको निम्ति सदन स्थगित भएको हो । अझैं पनि तपाईंहरूले १२ वर्ष कुकुरको पुच्छुर बांगो डुंग्रामा हाले पनि बांगोको बांगै । जति जे गरे पनि तपाईंको उस्तै रहेछ ताल । मेरो क्षेत्रमा २० वटा योजना । अघि हाम्रो माननीयजीले एउटाको त्यो भन्दा धेरै रहेछ, २० ओटा योजना मेरो क्षेत्रमा । तर मेरो सिफारिसमा ४ वटा योजना । त्यही पनि साना साना दुईटा हेलिप्याड आठ आठ लाखका, एउटा पदमार्ग २० लाखको, एउटा पर्यटन सडक २५ लाखको । एक करोड पनि पुगेको छैन, अरु पैंसा सबै बाहिरबाट । कस्तो अन्याय हो यो ? कस्तो अच्चम्म हो यो ? भने पछि यताको जुम्लाको एउटै क्षेत्रमा १ नं. क्षेत्रमा मैले मन्त्री नरेश भण्डारीसँग सोधे उनले आफै फोन गर्नुभो मलाई, माननीयज्यू मेरो क्षेत्रमा त एउटै गोठीचौर पर्यटन मात्रै डेढ करोडको पर्यो, अरु मेरो सिफारिसमा एउटै परेन भन्नुभो उहाँले । अनि के भयो यो ? यही हो तरिका ? मन्त्रीज्यू, लाज लाग्दैन, शरम लाग्दैन ? तपाईंहरूले सोध्नुहोला, मैले व्यक्तिको विरोध गरेको होइन, व्यक्तिगत हिसाबले पर्यटन मन्त्रीजीसँग राम्रो सम्बन्ध छ, हरेक दिन पर्यटन मन्त्रालयमा गएर म गफ गर्छौं उहाँसँग । काठमाडौंबाट सफथग्रहण गर्न आउँदाखेरीमा अशोका होटलमा सँगै बस्यौं, सँगै खाइम, सँगै सुतिम । यो कुनै व्यक्तिको विरोध होइन हाम्रो, यो तपाईंको यो गरेको गरिविनीको विरोध हो । त्यसैकारणले हामी कर्णाली समृद्धिको नारा ल्याइराछौं । समृद्धि कर्णाली सुखारी कर्णाली नारा ल्याइराखेका छौं, समृद्धि कर्णाली सुखारी मन्त्री, दुखारी माननीय, दुखारी कर्णालीका जनता, तपाईहरूका कारणले गर्दा, त्यसैकारणले मैले ४ वटा पर्यटन सडक दिएको थिएँ मैले एउटै पर्यो तीनवटा अरुले हालेछन्, ४ वटा पर्यटन मार्ग पदमार्ग दिएको थिएँ, एउटै पर्यौं तीनटा अरुले हालेछन्, मैले तटबन्धन दिएको थिएँ ४ वटा एउटै परेन छ, होमस्टे दिएको थिएँ दुईवटा दुवै अरुले हालेछन्, भने के होला यो ? मैले त सोचें हाम्रो आदरणीय दाजु माननीय दीनबन्धु दाइले हाल्नु भयो कि सोचें । तर शीर्षक हेर्दाखेरि उहाँले पनि हालेजस्तो देखिन । उहाँहरू यस्तो शीर्षकमा हाल्न चाहनु हुँदैन, मसँग थाहा छ । यो जहाँ पायो त्यहीं शीर्षकमा हाल्नु हुन्न उहाँले । उहाँले हालेको भए म म खुसी हुनेथिएँ । ए यहाँ छ । अब हाम्रो दाजु आदरणीय माननीय दाजु दीनबन्धु दाजु थाह छ, तपाईहरूलाई थाह छैन, हैन । नरेश भण्डारी जानुभयो, न्यूम न्याउरीघाट ऋणमोक्ष पर्यटकीय क्षेत्र ५० लाख न्यूम भन्ने चौतिस पर्छ, न्याउरीघाट सिंजा पर्छ, ऋणीमोक्ष भन्ने मुगु पर्छ । त्यो कहाँबाट जान्या हो पर्यटन पद पदमार्ग त्यो ५० लाख छ यो । अर्को छ यहाँ जुम्ला र कालीकोटको सिमानामा पुग्ने पर्ने मुगेनीमाईको स्तम्भसम्म पदमार्ग कालीकोट जुम्ला पुगेनीमाई भन्ने थाहा छैन हामीसँग, स्तम्भ भन्ने पनि थाहा छैन, त्यहाँसम्म पुग्ने पदमार्ग ४० लाख । कहाँ हो यो ? हामी त त्यही ठाउँमा जन्मेको हो । त्यहाँको भुगोल थाह छ हामीसँग । यो पैंसा के त्यो दलालको रजितोलिया त होला यो, मैले मन्त्रीजीसँग भनिराछु मैले मन्त्रीज्यू तपाईंको बजेट छनोट, योजना छनोट गर्दाखेरि हामीलाई बोलाउनुहोस् । कहाँ कहाँ हाल्नुपर्छ हामी त्यहाँको जनताबाट हामी चुनिएर आएका हौं हामी भनेको थिएँ हो थाह थियो, शंका थियो हामीलाई । सामाजिक मन्त्रीले हामीलाई पहिले नै योजना दिनुभयो, रकम तोकेर दिनुभयो । कृषि मन्त्रीले पहिल्यै रकम तोकेर दिनुभयो । तर उहाँले दिनुभएन । चाल त यही यसरी देखियो नि यहाँनेर । यही चालले गर्दाखेरि दिनुभएन उहाँले भने कृषि मन्त्री सामाजिक मन्त्री हुनुहुन्न अहिले । हामीले सिफारिस गरेका योजनाहरू हन्ड्रेट प्रसेन्ट हाल्नु भएको छ । हो चालुतर्फ बढी हाल्नुभयो होला, देखिएको छ । माननीयहरूले बोलिसकेका छन् । चालुतर्फले कर्णालीको समृद्धि हुन सक्दैन, पूँजीगतमा जानुपर्दछ । त्यसैकारणले समृद्धि कर्णाली, सुखारी कर्णाली यो किताबको हन्ड्रेट प्रसेन्ट

विपक्षमा छु, यो किताबको । सरकारको विरुद्धमा होइन यो किताबको हन्ड्रेट प्रसेन्ट विपक्षमा छु म । म यो कित्ता बुझाउ भने पछि कसैस देखाउन, देखाउनेलाई देखाउनुपर्यो शीर्षक त हेर्नुपर्यो । के बुझाउने, त्यसकारण यो किताबको विपक्षमा छु । कर्णाली प्रदेश आर्थिक रुपान्तरणको पक्षमा छ, आर्थिक पर्खाइको पक्षमा छ, तर यसरी कर्णाली प्रदेशको रुपान्तरण हुँदैन । त्यसकारणले माननीय सदस्यज्यूहरू म सभामुख मार्फत् मेरो आफ्नो भनाई यही अन्त गर्न चाहन्छु धन्यवाद ।

**माननीय सभामुखः** मानननीय श्री अम्मरबहादुर थापा । यसपछि माननीय श्री पद्मा खड्का तयार रहनुहोला ।

**माननीय श्री अम्मरबहादुर थापाः** माननीय सभामुख महोदय, आज हामी तेस्रो दिन, पर्यटन मन्त्रालय, उद्योग तथा वन  पर्यटन मन्त्रालयको विषयमा, छलफलमा सहभागी भएका छौं र सहभागी त भयौं । मलाई लाग्छ, यो बजेट किताबको दफावार छलफल हो, यो संसद हो यो कुनै गाउँसभा, गाउँपञ्चायतको सभा होइन यो । मलाई लाग्छ यो बजेटमा न शीर्षक छ, न यो बजेट कति हो यो पर्यटन उद्योग मन्त्रालयको कहाँनेर लेखेको छ, यो के हामी विद्यार्थी हौं कि कति छ तिमी परीक्षा दिन हामी यहाँ आएका हौं ? कहाँनेर छ तपाईंलाई विनियोजित गरेको केरे सिलिङ्ग दिएको बजेट कहाँनेर छ ? अर्थ मन्त्रालयले सिलिङ्ग दिएको बजेट यहाँनेर छ भनी हामीलाई देखाउनुस् या त हामीलाई जोड भन्नुस् तर पनि मैले जोडे । चालू बजेटै छैन, हामी माननीयहरूले भन्या थियौं चालु बजेट बढी भयो, बढी भयो भन्या त यहाँ छँदै छैन । चालू लेख्या छैन, पूँजीगत र चालु भनेर लेख्या छैन । यसकारण यो किताबमाथि के छलफल गरौं, अझ त्यहाँभित्र हेरेर जाँदैजाँदा गर्दा १६ करोड, १६ करो..केरे १६ करोडको जाहिने एउटा पदमार्ग भन्ने एउटा शीर्षक छ, पदमार्ग नाई उद्योग उद्यमी, उद्योग गर्ने, उद्यमीहरू युवाहरूलाई उद्यमशीलता बनाउने, यो त्यो मन्त्रालयमा गणित पढेका मान्छे छन् कि छैनन् ? १६ करोड माथि लेख्याछ, त्यसको टोटल बजेट हिसाब गर्दाखेरि ५० करोड हुन्छ, कति, ५० र १६ कति हुन्छ ६६ करोड । ६६ करोड ५० करोड, ५ करोड लेख्ने ठाउँमा ५० करोड लेखिएको छ । १६ करोडको मातहतमा रहनुपर्ने बजेट होइन र ? यो कुनै विद्यार्थीले पनि परीक्षा दिंदा सही प्रश्नावली हुन्छ । त्यसकारणले यो बजेटको कुनै चालु पनि छैन, कुनै पूँजीगत पनि छैन, शीर्षकचाहिँ छन्, त्यसको कति नम्बर शीर्षक हो शीर्षक चाहिँ छन्, त्यसकारणले यसका २८ वटा शीर्षकहरू छन् । २८ वटा शीर्षकहरूमा बाँडिएका छ तर मलाई त कहिलेकाहिँ यस्तो भनिरहँदा लाग्थ्यो सुनचाँदी पसललाई १५ लाख, ड्राइएनक्लिन गर्ने एउटा मेशिनलाई २० लाख, यो तपाईंको कोही नातेदार त छैन ? त्यस्तो काम गर्ने काहिँ सुन सुन यसो हिसाबकिताब गर्ने त छैन ? सुनचाँदी पसललाई यो देशमा कहिले काहिँ बाँडेको छैन, ड्राइ कि किलिन ड्राइ क्लिक्लि त्यो कोट लाउने कोटमा प्रेस गरिदिने मान्छेलाई पैंसा बाँड्या छैन । त्यो उद्योम गर्ने उद्यमीले गर्छन् । मलाई लाग्छ, तपाईंका एकदुईटा कुरा सकारात्मक भेटियाछन्, सुर्खेतमा एउटा के हो त्यो जाहिने, पञ्चको, एउटा उद्योग राख्नुभा रैछ, त्यो उद्योगले कमसेकम जाहिने, भोलिका निमित्त एउटा यो प्रदेशमा जाने कुरा ३ करोड राख्नुभाछ, त्यो पनि अब त्यो तरिकाको बजेट हो भने त कार्यान्वयन त नहोला । काठका सडेका चीजहरूबाट उत्पादन गरेर वितरण गर्ने भनेपछि त्यो राम्रै उद्योग हो । एउटा उद्योगमा त्यो गर्नुभारैछ, एउटा हाम्रो पञ्चकोशी ताल हाल्दिनुभारैछ, धन्यवाद । अरु केही छैन । पञ्चकोशी ताल मैले तपाईंलाई भन्न चाहन्छु, यो प्रदेशको ताल हो, यो दैलेखको ताल होइन । यदि त्यो ताल फेवातालमा रुपान्तरित गरी हामीले गर्न सक्यौं भने यो प्रदेशका पर्यटकहरूलाई रमाउने ताल हुनेछ, होइन तपाईहरूले यस्तै २ करोड १ करोड गर्दै बाँडिचुडी खाने ताल भयो भनेदेखि त्यो कुनै हुने छैन । तर तपाईंले पर्यटन यहाँ उद्योग त छदै छैन, पर्यटन उद्योग छ । उद्योग पनि पर्यटन छ । त्यसकारणले तपाईले पर्यटनको विकास गर्न खोजेकै हो भने साथी पूर्ववक्ता

माननीय साथीहरूले भन्नु भो नि हाम्रो कर्णाली प्रदेशको सर्किट कहाँ हो । त्यो सर्किट पनि कहाँ पास गर्नु भो, यो सदनलाई जानकारी छैन, कुनै सांसदलाई सोध्नुभाथ्यो थाहा छैन । कहाँ हो यो प्रदेशको पर्यटन सर्किट भनेको कहाँ के छ कसरी पास गर्न पर्छ र यसलाई गौरबको योजना कसरी बनाउन सक्छ, यो संसदले तपाईले सूचना दिनुभाछ ? आफ्ना खुसीले एक वटा पर्यटन क्षेत्र भनेर ती क्षेत्र कहाँ हुन्छ थाहै छैन । तोकिएका क्षेत्र कहाँ छन् थाहै छैन । अनि आफूखुसी को आफ्नो आफन्त हो, को आफ्नो नजिक छ, त्यसले भनेका योजना हाल्ने रु मलाई त लाग्छ कहिलेकाहिँ सबै बाबुले सम्पत्ति दिंदा तपाईंहरूलाई अंश यही मन्त्रालय दिएछ कि जस्तो लाग्यो । आफूले जे गरे पनि हुने, किन आफ्नो सम्पत्ति हो जे गरे पनि हुन्छ नि । यो सामुहिक सम्पत्ति हो भने यसलाई वितरण गर्दा कसरी अगाडि बढ्न सकिन्छ ? गौरबका योजना कसरी बनाउन सकिन्छ ? यो पर्यटनको विकास कसका निमित्त यो कर्णाली प्रदेशको उन्नतिका निमित्त हामीले के काम गर्दा उपयुक्त हुन्छ भन्ने तपाईंहरूले विज्ञ राख्नुभाछ, विज्ञ समूह छ, त्यो समूहले यही तपाइहरूलाई सहयोग र सल्लाह दिएको हो ? के को लागि त्यो विज्ञ राखिएको ? त्यसकारण यो बजेट किताबमा छलफल गर्नपर्ने मैले फिर्ता त गर्दिन, जो बजेटमा चालु खर्चै छैन, चालु खर्चको कि किताब अर्को आउँछ भन्न पर्यो । मन्त्रालय लेख्याछ, मन्त्रालयको विकास पूँजीगत हो कि त्यो चालु हो थाहा छैन । पूँजीगत बजेट कहाँ हो त्यो पनि थाहा छैन, शीर्षक त दुईटा हुन्छन् चालूगत खर्च, पूँजीगत खर्च यो परम्परा तरिकाले आएको हो । त्यसकारणले यो किताबमा छलफल गर्ने कि नगर्ने ? सभामुख महोदयमार्फत् यो सरकारलाई तत्काल ध्यानाकर्षण गराउनुपर्यो कि यो हिसाब किताबमा पनि यो किताब ठीक छैन, यो किताबको जाहिने शीर्षकवाइजमा पनि ठीक छैन, अनि आफू तजविज आफ्नो बाउको सम्पत्ति बाँडिजस्तै बाँडिएको भित्र राखिएका कुरामा के छलफल गरिरहने (यत्रो लामो छलफल गरिसकेपछि छलफल गर्न व गर्न हुन्न भन्न भएन नि माननीय सदस्य) छलफल कस्तो भयो सभामुख महोदय, छलफल कस्तो भयो हामीलाई यो यहाँ ल्याइसकेपछि दिइसकेपछि कि बहिष्कार गर्नुपर्ने भयो कि सभामुखले बोलाइसके रोष्टममा आउनुपर्ने भो । कले कहाँनेर सकारात्मक छ, यो किताबलाई । सत्ता पक्षले त एउटै कुरा हो मलाई थाह छ, भाषण त कहिलेकाहिँ चित्त नबुझ्या गरिन्छ तर बजेट पास गर्दाखेरि आनन्दकासाथ पास गर्नैपर्छ । सत्ता पक्षको धर्म हो तर यो किताब पढ्न लायकै छैन यी सत्ता पक्षकै सांसदले कसरी पढ्ने भनिराछन् त छलफल त्यस्तै हो त सभामुखले मूल्याङ्कन गर्ने छलफल । त्यो त सभामुखले अझैं चिन्ता गर्न पर्यो, सोच्न पर्यो अब यो सरकारलाई के निर्देशन गर्न पर्छ संसदको तर्फबाट । सरकारले निर्देशित गरेर यसलाई व्यवस्थित तरिकाले आउने वातावरण बनाउन पर्यो तब मात्रै यो संसदको गरिमा बढ्न सक्छ । काहिँनेर सुनचाँदी पसललाई, काहिँनेर ड्राइनि क्लि..क्लिनरलाई, काहिँनेर जाहिने क..कसैलाई व्यक्ति, जात, धर्म बाँडिएर राष्ट्रको ढुकुटी कुनै बाउको सम्पत्ति होइन, कुनै व्यक्तिलाई दिने होइन । हामी सर्वहारा श्रमजीवि जनतालाई काहिँनेर छैन, त्यो जाहिने सुनचाँदी पसललाई बाँड्ने पैसाले यो बजेट हामीले पास गर्न सक्छौं कि सक्तैनौं ? यो सभामुखको ध्यानाकर्षित हुन्छ कि हुँदैन ? सभामुखज्यूले यी कुराहरू हामी सांसदहरूको हजुर जाहिने अभिभावक हो, हामी हजुर हाम्रो अभिभावक भएपछि हामीले बोलेका कुरा तपाईंले यो सरकारलाई निर्देशित गर्न पर्छ कि पर्दैन ? त्यसकारणले यो बजेटमा यस्ता तरिकाका आफूखुसी, ठीक छ गौरवका योजना ल्याउनु भाछ, हामीलाई सोधन परेन । ल काँक्रिविहार बनाउँछु भन्नुहुन्छ, कति हो करोड हाल्नुस् । रारा ताल बनाउनु भन्नुहुन्छ सबै पर्यटनको विकासको त्यहीं हाल्नुस् । चन्दननाथ जानुहुन्छ, त्यहाँ कहाँ हो, कसरी हाल्नुहुन्छ हाल्नुस् । सर्किटका कुरा गर्ने गाउँगाउँमा जाहिने बिचौलीलाई पैंसा बाँड्ने । यस्ता प्रवृत्तिका बजेटले यो कर्णाली प्रदेश उभो लाग्न सक्छ ? (समयलाई समयलाई ध्यान दिऊँ माननीय सदस्य) समयलाई ध्यान दिएर धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री पद्मा खड्का ।

**माननीय श्री पद्मा खड्काः** सभामुख महोदय, चौंथो अधिवेशनको १७औं बैठकमा हामी २०७६र०७७ को बजेट मन्त्रालयगत विषयगत मन्त्रालयगत बजेटमाथि हामी छलफलमा भाग लिइरहेका छौं । र आज उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको छलफलमा मैले भाग लिइरहँदा, यहाँ आफू अगाडि आइरहँदा यस मन्त्रालयले ल्याइएका जुन कार्यक्रमहरू र कार्यक्रमका शीर्षकसँग बजेट जसरी ल्याइएको छ, त्यो विषयमा मैले केही सुझावहरू यहाँ राख्न चाहन्छु । सभामुख महोदय, यो किताबले २६ पेजमा २८ वटा शीर्षकहरूलाई समेटेर जुनखालको शीर्षकसँग सम्बन्धित कार्यक्रमहरू, कार्यक्रमसँग सम्बन्धित बजेटहरू जुन छुट्याइएको छ, केही हदमा यो एउटा सकारात्मक पक्ष छ, र केही त्यस्ता शीर्षकहरू केही त्यस्ता कार्यक्रमहरू जसको शीर्षकमात्रै छ, कार्यक्रम छैन । एकमुष्ट बजेट अन्तिम पानामा छुट्याइएको छ र आज कर्णालीको जुन हामी कर्णाली प्रदेशका जनप्रतिनिधि भइरहँदा अन्य प्रदेशका जनप्रतिनिधिसँग पनि भेटघाट हुँदा तपाईहरू कर्णाली प्रदेश यस्तो सम्भावना, अथाह सम्भावनाले भरिएको कर्णाली प्रदेश भनेर हामी परिचित भइरहेका छौं, जहाँ हाम्रो जल, जमिन र जडिबुटी, जंगलले यो कर्णाली प्रदेशलाई भोलि सबै प्रदेशभन्दा अग्रस्थानमा राख्ने एउटा धेरै महत्वपूर्ण सम्भावना छ । त्यो सम्भावनालाई आज हामीले किन समात्न सकिरहेका छैनौं ? किन आज त्यो सम्भावनालाई हामीले दिशानिर्देश गर्न सकेका छैनौं ? आज कुरा गम्भीर त्यहाँ, त्यहाँनिर छ । यहाँ धेरै पूर्ववक्ता माननीयहरूले बोलिसक्नुभएको छ । धेरै कुराहरू राख्नुभएको छ तर मैले तिनी कुराहरूलाई दोहोर्याउन चाहँदैन । सभामुख महोदय, र बजेटले महत्वपूर्ण जहाँका जुन ठाउँमा साविकको कर्णाली र अहिले पनि सबै कर्णालीका त्यस्ता विकट ठाउँहरू जहाँ हामी प्लेनले, सुर्खेत ल्याण्ड गर्ने प्लेनले ती ठाउँमा छटपटाइरहेका बिरामीहरूलाई सहजरूपले सुबिधासम्पन्न हस्पिटलमा हामी पुर्याउन सक्दैनौं, त्यस्तो ठाउँलाई मध्यनजर गर्दै हेलिप्याडको जुन सम्भावनालाई यहाँ ल्याइएको छ, कार्यक्रम र बजेटमार्फत् ल्याइएको छ । यलाई धेरै ल्याउनुभन्दा थोरै प्रभावकारी कार्यान्वयनमा जानेगरी ल्याइदिएको भए यो असाध्यै, कर्णालीका लागि राम्रो हुने थियो भन्ने मैले सुझाव राख्न चाहन्छु । यसैगरी कर्णाली प्रदेशमा सर्किट जुनखालको पर्यटन सर्किटका कुराहरू गरिरहँदा धेरै संख्यामा जुन यहाँ लेखिएको छ, मैले पनि यहाँ आफ्ना रचनात्मक सुझाव के राख्न चाहन्छु भने कर्णालीको सम्भावना, कर्णालीका ऐतिहासिक ठाउँहरू, कर्णालीका त्यस्ता महत्व बोकेका ठाउँहरू, जहाँ पर्यटनहरूले नेपालमा आइसकेपछि नेपालको एक पटक जानै पर्ने ठाउँ कर्णाली हो भन्ने जुनखालको छाप छ, त्यस्ता महत्व बोकेका ठाउँ जहाँ रारा त्यस्तो खालको ठाउँमा हामीले बरु २० वटा, ४० वटा योजनालाई कटाएर एउटै योजनालाई त्यो बजेट केन्द्रित गर्न सकेको भए आज हामी हजारौंहजार पर्यटकहरूलाई सहजै त्यो गन्तव्यमा पुर्याउने एउटा बाटोको शुरुवात गर्थ्यौं होला भन्ने म सुझाव राख्न चाहन्छु । र यसैगरी ताल र सीमसार संरक्षणका शीर्षकमा पनि बजेट यहाँ कार्यक्रम ल्याइएको छ । मलाई लाग्दछ म सुर्खेत जिल्लाको एउटा जनप्रतिनिधि पनि हो । मेरो भूगोल यहीं छ, र सुर्खेतमा पनि त्यस्ता तालतलैयाहरू छन्, जहाँ एउटा बुलबुलेमात्र ताल नभइकन सुर्खेतको पश्चिममा रहेको जाजुरा दह, सुर्खेतको पश्चिमा रहेको बराहा ताल, सुर्खेतमै रहेको यस्तो ठाउँ छ, जहाँ आज सीमसार हामीले खोज्न पर्ने जहाँ आफ्नो ठाउँमा पनि सीमसार क्षेत्र त्यो संगसंगै गिद्दको बासस्थान भएको ठाउँ छ, त्यस्तो महत्वपूर्ण ठाउँ जुन संघीय सरकारको कार्यक्रममा पनि पर्यटकीय गन्तव्यको सूचीमा परेको छ । र हामी यस्ता महत्वपूर्ण बोकेका ठाउँहरूलाई पनि सम्बोधन गरेर जाँदा राम्रो हुने थियो भन्ने मैले सुझाव राख्न चाहन्छु । र यस्तैगरी मैले सुर्खेतको देउतीबज्यैको कुरा गरिरहँदा देउतीबज्यैबाट काँक्रेविहार जोड्ने एउटा जुनखालको बाटो छ, त्यो बाटो महत्वपूर्ण छ, तर हामीले अन्य साना फेरि पनि स्थानीय तहले गर्न सक्ने, स्थानीय तहले हाम्रा गाउँपालिका

नगरपालिकाहरूले पनि त्यहाँ सम्बोधन गर्न सक्ने ती बाटाहरू, ती मन्दिरहरू आज प्रदेश सरकारले त्यहाँ किन अलमलिरहेका छौं । हामीले गर्नै पर्ने रारा छायाँनाथ जस्ता हुम्लाका खार्पुनाथ जस्ता डोल्पाको से फोक्सुण्डो जस्तो त्यस्तै गरी त्रिपुरासुन्दरी मन्दिर यस्ता विभिन्न हाम्रा १० वटा जिल्लाका महत्व बोकेका जुन ऐतिहासिक धरोहर छन्, तिनीलाई हामीले महत्वका साथ हेरेको भए आज यो बजेटले जानुपर्ने गन्तव्यमा बजेट अगाडि पुग्थ्यो भन्ने मलाई लाग्छ । र आज सभामुख महोदय मैले यहाँ भनिरहँदा कर्णालीमा अहिलेको अहिलेसम्मको अवस्था हेर्दा कर्णालीले आफै उत्पा.. कर्णालीमा उत्पादन भएको बिजुली आज हामी कर्णालीलाई मात्र नभएर सिंगो नेपालभरि र विदेशमा पनि बेच्न सक्ने हामीसँग त्यति ठूलो सामर्थ्य छ । तर आज हामी त्यतातिर ध्यानकेन्द्रित गरिरहेका छैनौं । अहिलेसम्मन बनिरहेका सानातिना जलविद्युत आयोजनाहरूको जम्मा ७ मेघावाट मात्रै छ, हामीसँग सम्भावना २५ हजार मेघावाट बिजुली छ, तर हाम्रो ध्यान किन त्यतातिर केन्द्रित हुन सक्दैन । र आज भुटानले २१ सय मेघावाट बिजुली निकालेर ३ सय मेगावाट भुटानमा खपत गरी १८ सय मेघावाट विद्युत आज भारतलाई बेच्दा भुटान सम्पन्नशाली भइसकेको छ । र आज हामी त्यस्तो खालको योजनामा किन योजना बनाउन सकिरहेका छैनौं । किन हामी छलफल गर्न सकिरहेका छैनौं ? हाम्रा बहस किन त्यता केन्द्रित भएका छैनन् ? आज प्रश्न यहाँनेर गम्भीर छ । आज हामीले भनिरहेका छौं, कर्णालीमा ठूलो गरिबी छ । कर्णालीको टोटल जनसंख्यामा ५१ प्रसेन्टभन्दा बेसी बहुआयामिक गरिबीहरूको जुन रेखा छ, त्यो गरिबी संगसंगै यहाँ कर्णाली प्रदेश सरकारले एउटा गोरेटो निर्माण गरिदिने हो भने वास्तवमा भन्ने हो भने यहाँ कर्णालीमा पाइने सयौं प्रकारका जडिबुटीहरू जसमध्ये ६० प्रजातिका जडिबुटीले कच्चा पदार्थको रूपमा बाहिरी निकासी हुन्छन् भने बर्षेनी १९ लाख ३३ हजार १ सय ४१ किलोग्राम जडिबुटी, गैह्रकाष्ठ वनपैदावार ३१, ३१ लाख । ३ करोड १३ लाख ६८ हजार ३ सय ५६ राजश्व संकलन हुँदोरैछ भने र त्यसको बजार मूल्यको आधार हेर्दा ४ देखि ६ अरब रुपैयाँसम्म यस प्रदेशमा भित्रिन्छ, त्यो बजारमा भित्रिन्छ । यहाँका व्यापारीहरूमा भित्रिन्छ भने कर्णाली प्रदेशमा कर्णाली प्रदेश सरकारले एउटा गोरेटो तयार गर्यो भने आज हामी एउटा त्यस्तो योजना प्रोजेक्ट आज हामी आफै निर्माण गर्न सक्छौं । त्यसमा हामीले आँट गर्न किन सकिरहेका छैनौं ? किन हामीले प्रोजेक्ट बनाउन सकिरहेका छैनौं ? आज हामी कर्णालीबासीका त्यस्ता व्यापारीहरू, त्यस्ता उद्यमीहरूलाई आज त्यहाँ किन हामीले समेट्न सकिरहेका छैनौं ? त्यतातिर ध्यान केन्द्रित गर्दा यो कर्णाली प्रदेशको जुन खालको एउटा हामीले सपना देखिरहेका छौं, जुन खालको कर्णालीबासीलाई हामीले सुखारी बनाउने भनिरहेका छौं, जबसम्म हामीले यस्ता खालका महत्वका योजनाहरूलाई विकासको जुन पूँजीगत बजेटलाई केन्द्रित गर्न सक्दैनौं, तबसम्म यो कर्णाली हामी हरेक बजेटमा प्रत्येक वर्ष हामी यसैगरी बोल्ने, यसैगरी आलोचना गर्ने, सुझावहरू राख्ने, त्यसैमा हाम्रो कार्यकाल बित्ने प्रबल सम्भावना देखिरहेको छु मैले । त्यसकारणले सरकारले गरेका सकारात्मक प्रयासहरूलाई गत वर्ष गरेका सकारात्मक प्रयासहरूलाई कार्यान्वयनमा जुनखाले अगाडि बढेका छन्, तिनलाई निरन्तरता दिंदै गत वर्ष भइरहेका केही असन्तुलनहरूलाई मिलाउँदै आउने बजेटमा तपाईहरूले यो जुन खालको परिस्थिति सिर्जना भएको छ, त्यो परिस्थितिलाई फेरि तपाईहरूले सकेसम्मन मिलाएर यो बजेटलाई अन्तिम रूप दिनुहुनेछ भन्ने कुरा राख्दै मेरो भनाई यही अन्त्य गर्छु । धन्यवाद ।।

**माननीय सभामुखः** माननीय श्री ठम्मरबहादुर बिष्ट । यसपछि माननीय श्री गणेश प्रसाद सिं तयार रहनुहोला ।

**माननीय श्री ठम्मरबहादुर बिष्टः** माननीय सभामुख महोदय, हामी यो मन्त्रालयवाइज बजेटको छलफलका क्रममा छौं र हामी आज वन, पर्यटन मन्त्रालयको हामी छलफलमा भाग लिइरहेका छौं । अब यस

सन्दर्भमा यहाँ थुप्रै विषयवस्तुहरू आइसकेको छ, यहाँ कथा कविता पनि आइसकेका छन् । मलाई एउटा यो सरकार र माननीयहरूको स्थिति र हालत देख्दाखेरि एउटा त्यस्तै एउटा याद आयो, दुईजना चाहि मित रहेछन्, अनि यो भैंसी एउटै बाँडौ भन्ने भएछ, अलि बाठो रहेछ, (कथा जस्तो छ नि हा हा) शुरुमा भैंसी पनि नदेखेको त्यसकारण चाहिँ एउटाले चाहि, बाठोले चाहिँ के भने छ भने यो दिसापिसाव आउने पछाडी यस्तै हो म रोज्छु, अगाडि मजाको जाहिने बोल्ने पनि तपाईको मजाले तपाई अगाडि जाँदा छाम्ने मसक मसर्याउने सबै ढंगले तपाई जाहिने अगाडि रोज्नुस् कसो हुन्छ मिज्जु भनेछ, ठिकै छ । रोज्दै जाँदा दूध खान त कहिलै पाएन, ऊ घाँसमात्रै हाल्न पर्ने फेरि दूत खान त नपाउने छँदैछ, लामो समय चाहिँ उले पटारोमा खेपेर उले भनेछ कि त अब भैंसी कि चाहिँ तपाईको आधा आधा गरौं, काटेर हुन्छ जे गरेर हुन्छ, कि त दूध बाँड्न पर्यो भनेपछि, त्यस्तै गलफत्ति हुँदाहुँदा पछि लास्टमा दूध बाँड्नेसम्म पुगेछन् । यस्तै चंखे चतुरेको कहानी भइराख्याछ, त्यसकारण अब यो दूत चाहिँ तपाईको बाँड्नेसम्ममा जान्छौं कि भैंसी काट्नेसम्म जान्छौं, यो त अन्तिम अन्तिममा थाहा होला, बजेटको अन्तिमतिर जाँदा । हैन त्यस अनुसारकै राम्रै गरेकै होला त्यो विषयमा । अब दोस्रो कुरा अब जहाँसम्म तुलनाको कुरा छ, मन्त्री र हाम्रो तुलना गर्दा अलिअलि पो तुलना हुन्छ के, वयस्क मान्छे र केटाकेटीको हुन्छ, राँगो र पाडोको हुन्छ, वहर र बाच्छोको हुन्छ, यहाँ त हात्ती र चाहिँ भालेको भो के तुलना त । हात्ती र भालेको के तुलना गर्नु, कति वटा खुट्टा हुन्छन्, कति हुन्छ हात्ती यो त बहुला हुने मात्रै काइदा छ, थामी नसक्नु छ । अब जस्तो यसको लागि मैले केही तथ्यांक पनि पेश गर्छु । त्यसकारण यो बजेट मैले शुरुमै भन्न चाहन्छु यो विकेन्द्रित छ, असन्तुलित छ, व्यक्ति केन्द्रित छ, मनोमानी ढंगबाट ल्याइएको छ, यसको लागि के हुन्छ ? मैले यहाँ प्रश्न चिन्ह खडा गर्न चाहन्छु । अब जस्तो मैले किन चाहिँ असन्तुलित छ मैले सुर्खेतको कुरा लिएँ । सुर्खेतमा चाहिँ चार वटा निर्वाचन क्षेत्रमा मेरै कुरा गरौं । पश्चिमबाट आउँदा ४ करोड समथिङ्ग छ है टोटल बजेटमा । त्यसपछि यता राजधानीमा आउँदा ५ करोड समथिङ्ग छ, उता अब मन्त्रीजीको भाहुनाले ६ करोड समथिङ्ग छ, मेरोमा १ करोड समथिङ्ग छ भने यो असन्तुलित हो कि के हो ? म उहाँलाई प्रश्न गर्न चाहन्छु यति भने काफी हुन्छ । त्यस्तै टोटल सुर्खेतको बजेटमा हामीकहाँ चानुचुन १६ करोड छ, उहाँका चानचुन १८ करोड छ । अहिले के चाइनातिर मिस्सिएर केही ठूलो भाछ कि के छ त्यो भूगोल । अझ ठूलो त छँदै थियो । भने यो यस्तो सुर्खेत जस्तो राजधानी जस्तो क्षेत्र जहाँ चारचारवटा निर्वाचन क्षेत्र छन् कतै हिसाब त गर्नुपर्छ । भाँङ्गै खा बेला पनि त कुनै न कुनै त भाँङ्ग छोड्यो होला नि त २४सै घण्टा भाङ्ग खाइएन होला । यस्तो खालको अवस्था गाईजात्राको हिसाबले आको छ । त्यस्तै अर्को कुरा म उहाँलाई प्रश्न गर्न चाहन्छु, अब यहाँ कतिपय बुँदाहरू छन् ५० वटा बुँदामा, यी २८ वटा बुँदा छन् त्यसमा चारवटा बुँदा मात्रै समेटेर मेरो बजेट ल्याइएको छ, बाँकी बुँदामा के पर्न सक्तैन ? म त्यो प्रश्न चिन्ह उहाँलाई खडा गर्न चाहन्छु । त्यस्तै उहाँको झण्डै ५० वटा बुँदामा बजेट समेटिएको छ, मेरो ४ वटा बुँदामा समेटिएको छ, म उहाँलाई प्रश्न गर्न चाहन्छु । के ती बुँदा बढ्न सक्तैनन्, कसरी अध्ययन हुन्छ, कसरी चाहिँ सन्तुलित तरिकाले अगाडि बढ्छ, भन्ने कुरा यहाँ दखिन्छ । दोस्रो कुरा, अब यहाँ केही चाहिँ तपाईको टपिकहरू छन्, महत्वपूर्ण टपिकहरू छन्, जस्तो केही शीर्षकहरू छन्, जस्तो चाहिँ तपाईको हेलिप्याडको कुराहरू, पर्यटन सडकका कुराहरू, त्यसपछि बाढीपहिरोको कुरा, त्यसपछि क्रमागत बजेटको कुरा, त्यसपछि यो बायोइन्जिनियरिङ्गको कुरा, जुडिबुटीको कुरा, यो उद्योगधन्दाको कुरा, लघुउद्योगका कुराहरू, अझैं हुँदाहुँदा यतिसम्म कुरा छ कि महिला युवा, जनजाति, दलित, अपाङ्ग यो यी लगायतका चाहिँ तपाईंको चाहिँ बजेट केन्द्रित गरिएको छ । अब यसमा यो पार्कको कुरा छ, त्यसपछि तपाईंको धार्मिक चाहिँ छ, त्यसपछि पर्यटन निर्माणका कुरा छन्, यी सबै बुँदाहरू जति महत्वपूर्ण बुँदाहरू छन्, त्यो काटिएको छ मेरो क्षेत्रमा । त्यसकारण यो गम्भीर आपत्ती छ, तपाईंले कुन

आधारबाट गर्नु भो ? यसको जवाफ चाहिन्छ, त्यस्तै त्यसमध्येमा पनि अझ यहाँ तटबन्धनको कुरा त मेरो क्षेत्रमा पर्दैपरेन एउटा पनि । जब कि तपाईंको ०७१ को बाढी पहिरोले त्यहाँ अहिले पनि तपाईंको अब त्यो सेता चाहिँ ढुंगाहरूले देखाइराख्या छ, त्यहाँ । हाँसिराख्याछ, त्यो सेतो चाहिँ ढुंगाहरू खोलाहरूमा चाहिँ त्यस्तो खालको सिन देखिन्छ । त्यस्तै बजेट आयो भने के हुन्छ भन्ने चाहिँ एउटा त्रास । भनेपछि कुन आधारमा चाहिँ तपाईंले काट्नु भो तटबन्धनमा ? म प्रश्न गर्न चाहन्छु । म यो पनि तपाईंलाई भन्न चाहन्छु कि आगामी यदि यो खालको बजेट आयो र जनधनको क्षति भयो भने तपाईंले त्यो तिर्ने गरिकन तयारी गरिराख्नुस् अहिले । त्यो हामी यहाँ कुरा पनि राख्ने छौं, या त अदालतको विषय हुनेछ, जनता सिधै चाहिँ तपाईको के गर्नुपर्छ संवैधानिक या चाहिँ कानूनी या त्यो विषय अगाडि बढ्नेछ । त्यस्तै यो धार्मिक साँस्कृतिकको ऐतिहासिक विषय छ त्यहाँ पनि एउटा यहाँ अघि माननीयजीहरूले अगाडि उठाउनुभो यहाँ शोसिला शाही अरु कतिपय माननीयले यहाँ, यहाँ चाहि तपाईको धर्मको कुरा हो मन्दिरको कुरा यहाँ मन्दिरको, मन्दिरको कसैले विरोध गरेकै छैन, यहाँ त एउटा पनि मन्दिर किन परेन भन्ने विरोध हो के । तपाईकहाँ दर्जनौं पर्ने या अन्य ठाउँ दर्जनौं पर्ने के हामीकहाँ के नास्तिक हुन्, सबै नास्तिक हुन् ? किन परेन मन्दिर भन्ने कुरा हो । सँगसँगै अर्को पनि के हो भने, हिजो राजाको पालामा त तपाईंको चार जात तत्तिस वर्ण भन्ने हुन्थ्यो, अहिले गणतन्त्रको पालामा अर्थात जो मेजरिटीमा हिन्दू धर्म, साना सानालाई सम्बोधन गर्नुपर्दैन ? ह्वाट ईज माइनरिटी ? संघीयताले सबैभन्दा माइनरिटीलाई ख्याल गर्छ भन्ने होइन परिभाषा, संविधानले बोलेको कुरा । खै तपाईंले लेखेको, लेख्ने भए सबैको लेखौं न, क्रिश्चियनको तपाईंले खै छुट्याएको ? मस्जितको खै तपाईंले छुट्याएको ? इशाइको केरे तपाईंको शिखको खै ? अरु कुमारी धर्महरूको खै ? अरु कैयौं धर्म, नेपालमा दर्जनौं धर्म छन्, खै छुट्याएको ? यस्तो संविधान विरोधी, धर्मनिरपेक्षताको परिभाषा के हो ? राज्यले बोल्न मिल्दैन भन्ने होइन ? धर्म व्यक्तिको हुन्छ, राज्यले बोल्न मिल्दैन । संसारको परिभाषै यही हो । झण्डै २०० राष्ट्रमा १०० राष्ट्रमा धर्म निरपेक्षता छ, विकसित देशहरूमा । अनि तपाईंले, मन्त्रीले सरकारको तर्फबाट कुनै निश्चित धर्मलाई चाहिँ तपाईं प्रोटेक्सन गर्ने गरी जान मिल्छ ? यो अपराध हो कि होइन, संविधान विरोधी हो कि होइन ? यो जवाफ कले दिने हो ? यो मैले उहाँलाई प्रश्न गर्न चाहन्छु । त्यस्तै हेलिप्याडको कुरा छ, हुन त हामीले अगाडि पनि हेर्यौं मन्त्रिहरूले अँगालो हाल्दै माथि कर्णालीतिरबाट मान्छे झार्दै गरेको । के यहाँ सुत्केरी हुँदैनन् । सबै थारा भइसके, के यहाँ बिरामी हुँदैनन्, सबै चाहिँ ग्यारेन्टी भो, सरकारले ग्यारेन्टी दियो, ट्यावलेट बाँड्यो ? मेरै क्षेत्रमा पनि धारापानी जस्तो, काफलकोट जस्तो कैयौं त्यस्ता क्षेत्र छन्, मैले उहाँलाई टिपाएको पनि छु । हुँदा हुँदा यहाँ शंका के छ भने हेलिप्याडको नाममा अरबौं रुपैयाँ त्यहाँ चाहिँ भ्रष्टाचार हुने संकेत छ । किनभने अहिलेसम्म कुनै त्यसको तथ्याङ्क छैन । के हलिप्याट, के जात, को उड्याछ, कति पैंसा खर्च भा'छ कुनै छैन । त्यो देखिसक्या छौं हामीले लक्षण, अनि यो के काइदा हो ? त्यसको पनि यहाँ जवाफ चाहियो । त्यस्तै अब जडिबुटीको कुराहरू छुटाइएको छ, उद्योगधन्दाको कुरा छुटाइएको छ, जाति, जनजाति, महिला, यूवा, दलित केही पनि छैनन् हामीकहाँ ? के देख्नुभो तपाईंले ? सबै समलिङ्गी छन् ? यस्तो पनि गर्न पाइन्छ ? त्यस्तै होमस्टेको कुरा गर्दा, अझ दैलेख र सुर्खेतमा राजी राउटेदेखि कैयौं चाहिँ त्यस्तो खालको सप्रदायहरू छ, जबकि मेरो क्षेत्रमा तपाईंले चाहिँ कुनै पनि जनजाति या कुनै पनि चाहिँ तपाईंको समावेशी मुद्दामा सम्बोधन गर्नुभाछैन । यसो गर्न मिल्छ ? म प्रश्न गर्न चाहन्छु । त्यसकारण मैले भन्न चाहन्छु कि यो गम्भीर चाहिँ तपाईंको संविधान विरोधी बजेट आको छ, संघीयता विरोधी बजेट आको छ, धर्मनिरपेक्षता विरोधी बजेट आको छ, यो चाहिँ तपाईंको समावेशी र समानुपातिक विरोधी आको छ, उहाँहरूलाई कुन कठगारामा हाल्ने हो सभामुख महोदय म हजुरमार्फत् प्रश्न गर्न चाहन्छु । अब यहाँ त बजेट धेरैको कुरा होइन, उहाँहरूलाई कुन चाहिँ तपाईंको कानूनमा चाहिँ लिएर उभ्याउनु पर्ने हो, त्यस्तो

गम्भीर चाहिँ तपाईंको त्रुटी गर्न पाइन्छ ? मनपरी छ यहाँ देशमा के छ ? के यहाँ चाहिँ पञ्चायत छ ? अलिकति चाहिँ तपाईंको होश हुनुपर्दैन ? त्यसकारण त्यतिमात्र होइन, यहाँ त आइसक्यो नि कुरा । बिचौलियाबाट अपराधीकरण गरेर योजनाहरू ल्याइएको छ, मेरोमा पनि त्यो परेको छ । अब एक त चाहिँ चरी कति ठूलो झन् चाहिँ मैदानमा भन्या जस्तो । एक त चारपाँच ओटा योजना त्यै पनि अन्तबाट आको छ, भने के हालत होला । त्यसकारण यो गम्भीर चाहिँ तपाईको आयोग छानविन बनाउनु पर्यो । छानविनको म माग गर्दछु । किन यसरी अपराधीकरण गरेर चाहिँ योजना, यो मात्रै मन्त्रालयको कुरा मात्र होइन अन्यको पनि भको छ । एउटा छानविन आयोग चाहियो, संवैधानिक हिसाबले उहाँहरूले के चाहिँ तपाईंको जवाफ दिनुपर्छ, त्यसको पनि एउटा कानुनी प्रक्रिया अगाडि चालियोस् । यहाँ सरकारको कुरा यो बजेटको कुरामात्रै सीमित भएन । त्यसकारण यो किसिमले उहाँहरू जानुपर्छ, त्यो ढंगले तपाईहरू तयार हुनुहोस् । यथार्थ धरातलमा आउनुस्, अब बुलेटप्रुफ लाएर होइन, अब मुख..मुखौडा छोपेर होइन, यथार्थ धरातलमा आउनुस् र अब यो बजेटलाई रिभाइज गर्ने ढंगले तपाईंहरू तयार हुनुस् । यति त्यो हुनुभएन भने एउटा हिन्दीमा उखान छ, हाम त डुबे सनम, तुम भि लेवे डुबे भन्याजस्तो तपाई डुब्ने ग्यारेन्टी छ, हामी पनि डुब्ने ग्यारेन्टी छ, प्रदेश डुब्ने ग्यारेन्टी छ, अब इतिहासको कठघरामा कले कसरी जवाफ दिने हो त्यसको तयारी राम्ररी दिनुस् । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री गणेश प्रसाद सिंह । यसपछि माननीय श्री रातो कामी तयार रहनुहोला ।

**माननीय श्री गणेश प्रसाद सिंहः** माननीय सभामुखज्यू, यो वन पर्यटन तथा उद्योग मन्त्रालयको विषयगत छलफलमा मैले संक्षेपमा केही कुरा राख्न चाहन्छु । धेरै मेरो लामो कुरा हुँदैन । संक्षेपमा यो बजेट कस्तो छ, यो हरियो किताब कस्तो छ भन्दा, मैले यसको सारसंक्षेपमा । अब मैले आफ्नो सुझाव त भएन, कमेन्ट र यसको बारेमा थोरै कुरा राख्न चाहन्छु । बजेट हामीले भन्दै गरेको, दिंदै गरेको, यसका लागि गोष्ठीमा सहभागी हुँदै गरेको र हामीले दिएको सुझावको विपरीत यो अब असन्तुलित विधेयकको निरन्तरता भइहाल्यो । यो दोस्रो श्रृंखला हो । गत साल विगतको भन्दा अहिले त्यसलाई फेरि उहाँले निरन्तरता दिनु भाछ । यसको थोरै भएपनि यसलाई सन्तुलित भनाएर ल्याउनुपर्थ्यो, थोरै भए पनि यलाई चाहिँ मतलब अलिकति वैज्ञानिक पारदर्शी बनाउनुपर्थ्यो, यो बनाउन सक्नुभाछैन । र अब कैयौं शीर्षकमा मेरो जिल्लाको मेरो निर्वाचन क्षेत्रमा त छुँदै छैन । यो कुरा उहाँले हामीले दिएका सुझावहरू हुन् उद्योग त्यहाँ चाहि फलाम उद्योग संचालन गरौं भनेर दियाछौं हामीले । बारेकोटको फलाम खानी यो प्रदेशकै प्रख्यात र प्रसिद्ध फलाम हो, त्यलाई शुरुवात गरौं भन्याछौं । यो भन्दा एक वर्ष पहिला भेरी नगरपालिकाको १० नम्बरमा ग्रेनाइट सर्टिफाइट भएको छ । केन्द्रीय खानी विभागबाट ग्रेनाइट सर्टिफाइड भएको प्रमाण म आगामी चालु संसदकोमा पेश गर्छु प्रमाण । त्यहाँचाहिँ त्यो उद्योग गरौं भनेर सुझाव दिइएको छ । जनताको लाइफ स्टकसँग सम्बन्धित मतलव अव यो के भन्छ, मकैको च्याँख्ला उद्योग शुरु गरौं भन्याछौं, मिनरल वाटर उद्योग गरौं भन्याछौं, तपाईंलाई फर्निचर उद्योग गर्ने भन्या त होइन । तपाईलाई गार्मेन्ट उद्योग त होइन, त्यो गार्मेन्ट उद्योग सल्यान वनगाड वडा नं. ५ को हो, त्यो हाम्रो जिल्लाको होइन । हैन, के तरिका हो के रु हामीले दिदै दिदै सल्लाह दिदै गयो, ४, ५ दिन हुन्छ, त्यो बजेटको किताबको फाइनलाइज गर्ने बेला उहाँहरूको आइसी उड्दोरहेछ जस्तो लाग्यो मलाई । आईसीले काम नगरेजस्तो लाग्यो के, यस्सो हेर्दाखेरि के हो त छलफल महिनौं गर्यो विभिन्न स्रोतबाट सुझाव लियो, लास्टमा फाइनल गर्ने बेला यो लेखुँ कि ऊ लेखुँ भनेर एकदम पूरै चाहिने मतलव आईसी उठ्याजस्तो छ के किताबको चाहिने मतलव विवरणहरू । यस्तो तरिका पनि हो त ? डल्लो बजेट छ दश करोडसम्म छ । जडिबुटीमा बाँड्ने भनेको डल्लो छ त्यहाँ । हेर्नुस् त यो पनि निर्वाचनमा जिल्ला क्षेत्रमा बाँडदिए हुन्थ्यो नि त ।

यस्तो तरिका पनि काहिँ हो हामीले भन्या के ? हाम्रो साइकोलोजी के ? हाम्रो भनाईको सार के ? कमसे कम यसो गर्नुस् है । निर्वाचन क्षेत्र वेश बनाइदिनुस्, सन्तुलित गर्दिनुस् अब हाम्रोमा साढे पाँच करोड मात्रै छ । तपाईंकोमा साढे सत्र छ, पन्ध्र तियाँ..पान तीया पन्ध्र भ, त्रिपल पनि भयो नि त । यो भन्दा पहिले छलफलको क्रममा माननीय सदस्य भन्नु र, अति गर्नु अत्याचार नगर्नु भनेकै त हो नि । यो त हदै भयो नि । हात्ती हिन्दारहेगा कुत्ता भुक्ता रहेगा, एउटा हिन्दीमा चाहिने कहावत छ नि त हात्ती चल्ता रहेगा, कुत्ता भुक्ता रहेगा । क्या माननीयलाई त्यसरी तपाईहरूले बुझ्नुभाछ । त्यसरी बुझ्नुभाछ भने यो दुर्भाग्य हो । यो किताब समृद्ध भएर आउनुपर्छ, परिस्कृत भएर आउनुपर्छ, संशोधन भएर आउनुपर्छ, परिमार्जित भएर आउनुपर्छ, अनिमात्र पास गरिन्छ, नत्र गरिदैन । त्यो कुरा ख्याल गर्नुहोला । जनताको हितमा बोल्ने हो, भलै दलले कारबाही गर्ला कारबाही भोग्न तयार, म मेरो तर्फबाट भन्दाखेरि । कारबाही भोग्न तयार छु, गलत कुरामा कुनै पनि हालतमा सही गर्दिन । घोडा खाइंगे गर्दन कभि नहिं दिएंगे । हाम जनतासे आया है, पब्लीक फुटपातसे आया नही । यो कुरा ठट्टा होइन, ख्याल खेलाउँची होइन, तपाईहरूलाई मनोपोली हुने कसैले राइट दियाछ, माननीयहरूले यो के चल्ती बजेटलाई घटाउनुस् भन्दै गरा भए, चल्ती शीर्षक नराख्दिएपछि भयंकर बढिया । राम्रो भो भन्ने कुराले ल्याइएको छ यहाँ, तलबभन्दा प्रशासन खर्च राख्नुपर्दैन, के हो, के तरिका ? त्यसकारणले यो किताबको बारेमा म समर्थ छैन हेर्नुस् । एउटा, चारवटा गाउँपालिका छ, नलगाड नगरपालिका र कुशे गाउँपालिकामा त त्यहाँ कुनै पनि छैन । मात्रै भेरी नगरपालिका र तपाईंको बारेकोटमा छ, दुईचार वटा, चारछ वटा छन् । त्यो पनि सन्तुलित छैन । हैन हामीले भन्या एउटा छ तपाईलाई सुझाव दिएको, तपाईंले अर्को गरिदिनुभाछ । त्यहाँको दीर्घकालीन महत्व राख्ने हामी सुरु गर्‍यौं नि त अहिले एउटा हुन्थ्यो, अर्को साल एउटा हुन्थ्यो । त्यो मैले लगाको हाम्रो यो चाहिँ ३ नं. प्रदेशको हो सिन्धुपाल्चोकको हो, यो बन्न सक्ने क्षमताको मेरो मतलव बारे, कुशे गाउँपालिकामा छ उद्योगपतिहरू । परापूर्वकालदेखि अल्लोको चाहिने मतलव खेती पनि गर्छन्, त्यो गर्न सकिन्छ, तपाईंलाई म गरेर देखाइदिन्छु, देख्नु भो, गरेर देखाइदिन्छु । तपाईंले यो प्लान गरेर विनियोजित गर्नुस् भन्या पो हो त । गलत कुरा भन्याछौं भने माननीयले भन्या कुरा गलत भन्नुस्, हाम्रो । हैन हामीलाई त्यसो भन्या हैन यहाँ अघि माननीयले भनिसक्नु भो, ड्राइ क्लिनमा सुनचाँदीमा हाल्नुस् भनेर मैले लेखेर दिएकै छैन । त्यस्ता मतलव घरेलुमा दर्ता भएका कैयौं चाहिने तमाम उद्योगहरू छन् । म इन्डिभिज्यूल इन्डीकेट गरेर प्रस्तावै गर्दैन । हामीले गतसाल भन्याथियौं सहकारी र समूहलाई खबरदारी त्यहाँ चाहिँ बजेट नहाल्नुस् भनेर कृषि मन्त्रीलाई भनिएको थियो । अहिले सुधारेर आएको जस्तो छ, कसैलाई प्रतिस्पर्धा गराउने ज्ञान केन्द्रमा कसैलाई यहाँबाट तोक्ने, तरिका के ? तोक्ने भए तोकौं यहाँबाट । समानता, समानुपातिक समावेशी सबै बेला प्रयोग गर्नुपर्छ है यो फर्मुला । आफ्नो स्वाद लाग्याबेला समावेशी गर्ने ? अघि पूर्ववक्ता माननीयले भनिसक्नु भो मेरो यसमा पूर्ण समर्थन छ । तपाईंहरू कटघरामा उभिनुपर्छ, अहिले जाजरकोटमा बाढी पहिरो भयो भने तपाईंहरूलाई अदालतमा उभ्याइन्छ । सम्पूर्ण क्षेतिपूर्ति तपाईंहरूले तिर्नुपर्छ । जाजरकोटको पनि हो, तपाईंहरूलाई कटघरामा उभ्याइन्छ । अदालत काँ काँ हो । पोहोरसालको पनि क्षेतिपूर्ति तिर्नपर्छ । धेरै पटक सदनमा मैले बोल्याछु । धेरै पटक फाइल ल्याएर बुझाइयाछ, सरकार प्रमुखमा । खै क्षेतिपूर्ति दिएको ? अहिले खै त तटबन्ध हालेको ? खै त बाढीपीडितको बारेमा चाहिँ मतलव सम्बोधन गरेको ? तपाईंहरूको आफ्नो आवश्यकता आफ्नो इन्ट्रेस्टमा । यो बिचौलियाको किताब, विभेदकारी किताब, असन्तुलित किताब । यो किताब परिमार्जित भएर आउनुपर्छ, माननीयहरूले उठाएको कुरा जेन्यून छन् भन्ने कुरा । यो विकेन्द्रितलाई केन्द्रित गर्न खोजिएको हो, असन्तुलनलाई सन्तुलन गर्न खोजिएको हो । यहाँ यो देशमा उद्योग, पर्यटन र चाहिँ यो वन पर्यावरणलाई व्यवस्थित गर्न खोजिएको हो । जनताको जाहिने मतलव एउटा चाहिने मतलव जिउने जनाधार बनाउन खोजिएको हो । खै

जडिबुटीको चाहिने उत्पादनको कार्ययोजनामा बजेट विनियोजन गरेको रु जाजरकोट जिल्ला जडिबुटीको एउटा चाहिने मतलव महत्वपूर्ण ठाउँ हो, महत्वपूर्ण एउटा चाहिने केन्द्र हो, जहाँ एउटा सेतो चिनीको लागि लडाइँ भिडाइ भाछ, मान्छेको चाहिने मतलव हातमुखको चाहिने मतलव जिउने एउटा स्रोत छ, त्यहाँ । खेत बजेट छुट्याको हामीले त्यो..लाई बजेट विनियोजन गरौं भन्याछौं । त्यसकारणले यो कुरालाई माननीय सभामुखमार्फत् यो बजेट सच्याएर आउनैपर्छ, यो पोष्टर..मतलव संशोधन गरेर आउनै पर्छ त्यसपछिमात्र पास हुन्छ भन्ने कुरा यो सम्मानित सदनमा राख्दै मेरो धारणा राख्दै म विदा हुन्छु धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री रातो कामी ।

**माननीय श्री रातो कामीः** माननीय सभामुखज्यू, आज हामी कर्णाली प्रदेश सरकारले प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको २०७६र७७ को बजेटमाथि छलफल गरिरहेका छौं । र बजेटका बारेमा पूर्ववक्ता माननीयज्यूहरूले थुप्रै धारणा राखिसक्नुभयो र मैले पनि यो बजेटको बारेमा छलफल गर्न उभिरहेको छु । अब यो कर्णाली प्रदेश सरकारले दुईवटा बजेट पूरक बजेट र एउटा अर्ध चौमासिक बजेट ल्यायो । यसका बारेमा हामीले बजेटको छलफल गरिरहँदा कर्णाली प्रदेशका जनताहरू यो आशावादी नभईकन एउटा निराशा हुने प्रकारले चाहिँ हामी व्यक्त गर्न बाध्य छौं । यो परिवर्तनको मतलव चाहिँ परिवर्तनपछिको जुन जनताले आशाअपेक्षा गरेका थिए, त्यसका खिलाफमा छ, र यो चाहिँ यसले ठीक सन्देश दिइरहेको छैन । यसप्रति पूर्णत म कहाँनेर म निष्कर्षमा पुगिरहेको छु भन्दा । यस्तै प्रकारका चाहिँ खैलाबैला मच्चाउने र संघीयतालाई नै समाप्त गर्ने र पुरातनवादी एकल केन्द्रिकृत राज्य व्यवस्थातिर फेरि फर्कने हो कि कैले भन्ने कुरा पनि चाहिँ कताकता लागिरहेको छ । यसले गर्दा उत्पिडित समुदाय, वर्गीय रूपले पछि परेको र क्षेत्रगत रूपले पछि परेको हाम्रो कर्णाली प्रदेश, हामी धरापमा हुन्छौं र यो बारेमा सम्बन्धित कर्णाली प्रदेश सरकार र सम्बन्धित मन्त्रालयले ध्यान दिनुपर्थ्यो । यत्रो खैलाबेला भइरहेको छ, यति चाहिने असन्तुष्टी भइराखेका छन्, बजेट असन्तुलित भइरहेको छ, यसका बारेमा कसैको पनि ध्यान छैन, मन्त्रीको झन् झन् ध्यान छैन, यहाँ आउँदा छाती फुलाएर, आफ्ना कुराहरू राखेर, स्पष्टीकरण दिएर बजेटलाई फेरि पुनः बाचन गरेर यहाँ फर्किने काम भइरहेको छ । यसले गर्दा यसप्रति ब्रोड समस्याहरू खट्किरहेका छन् । हामी परिवर्तन पछि के चाहिरहेका छौं, कर्णालीबासी के चाहिरहेका छन् यो कुरातिर भन्दा पनि अहिले कसले आफ्नो चाहिँ सत्ताको चाहिँ मतलव सदुपयोग गर्ने अथवा पहुँच पावरको सदुपयोग गर्ने, कसरी असन्तुलित गर्ने, कसरी जनमानसमा चाहिँ एकप्रकारको चाहिँ वैमनस्य प्रदान गर्ने भन्नेतिर बढी प्रेरित भइरहेको हुनाले यो चाहिँ असाध्यै चाहिँ एउटा समस्याजनक छ भन्ने कुरा राख्न चाहन्छु । माननीय सभामुखज्यू, हामी परिवर्तनका लागि एउटा लामो संघर्ष गरेर यो संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको हो । हामीले अहिले खासगरी भन्ने हो भने विकासका हिसाबले हामी समाजवादी अथवा चाहिं समाजवादी बाटोमै जानुपर्छ, नेपालमा समाजवादीहरूको समाजवादी भन्नेहरूको संख्या नै बढी हो । अहिले हामी यो हलभित्र जति पनि छौं समाजवादको गाठे गरिरहेका छौं, छलफल गरिरहेका छौं, समाजवादका पिता अर्थात प्रवद्र्धक कार्लमाक्सले के भन्नुभाकोछ भने, जुन तरिकाले मान्छे जिरहेको छ, त्यही तरिकाले मान्छेले सोचिरहेको हुन्छ । जिउने तरिका र सोच्ने तरिका फरक हुँदैन । आज कर्णाली प्रदेश सरकारका, प्रदेश सरकार र प्रदेश सरकारका माननीय मन्त्रीज्यूहरूले यो तरिकालाई तपाईंहरूले आफ्नो ढोकाबाट मात्रै हेर्नुभएको छ, सिंगो कर्णालीबाट हेर्नुभएको छैन । यसले गर्दा आज असन्तुलित छ, अव्यवहारिक छ, अवस्तुवादी छ, र यो समग्रतामा भन्दाखेरि यो चाहिँ, यो सही छैन । यो चाहिँ पुरानो पुरातनवादी छ । र यो आज हामीले गर्नुपर्ने काम, आज हामी उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयको बारेमा गरेका छौं, छलफल गरिरहेका छौं, उद्योग मन्त्रालयले गर्नुपर्ने आज देखिने गरिकन

डोल्पा जिल्लाको, जुम्ला जिल्लाको र चाहिँ हुम्ला जिल्लाको स्याउ सम्बर्द्धनका बारेमा उद्योगको चाहिँ त्यहाँ भएका स्याउहरूका चाहिने जुस बनाउने कुरा होस् अथवा त्यलाई चाहिँ ड्राइ गरेर तल सम्मन ल्याउने कुराको त्यलाई देखिने गरिकन त्यो गर्दिएको भए ती जनताहरूले सामान्य एनजीओ आइएनजिओमार्फत् धाएर बनाएका ती चाहिँ ड्राइ चानाहरू चाहिँ यहाँसम्मन आइपुग्छन् । त्यो कर्णाली प्रदेश सरकारले त्यो गर्नुपर्थ्यो त्यलाई चाहिँ धन्यवाद दिन सकिन्थ्यो । र मध्यक्षेत्रमा रहेका मतलव कैयौं चिउरीका पकेट क्षेत्रहरू छन्, त्यसबाट चाहिँ जुसहरू निकाल्न सकिन्छ, जामहरू बनाउन सकिन्छ, जेलीहरू निर्माण गर्न सकिन्छ, हामी ठूलठूला होटलमा गएर खाइरहेका चाहिँ छौं, ती चीजहरू पनि यी फलफूलबाट बनेका हुन् । र हामी खाने जानेका छौं, हामीले गर्न जानेका छैनौं, हामीले हुन्छ कि कहाँबाट हुन्छ, कतैबाट हुन्छ भन्ने बुझेका छौं । त्यो यहाँ हुन्छ, यो कुराको हामीले बारबार भनेका छौं, सानोभन्दा सानो कुरा गर्दाखेरि पनि यहाँ भको छैन । र यहाँ बदामहरू चाहिँ अल्माउण्डोहरू उत्पादन हुने क्षेत्र छन्, ओखरहरू हुने क्षेत्र छन् त्यसमा बजेटहरू किटेको छैन, स्याउ पकेट क्षेत्रका किसानहरूलाई त्यो ढंगले चाहिँ ऊ गरेको छैन । र पर्यटन वन वातावरणले उद्योगतिर, उद्योगले उद्योगतिर गर्नुपर्ने काम र पर्यटन क्षेत्रको बारेमा सानासाना कूल देउताका खोपीहरू बनाएर मात्रै पर्यटन हुँदैन । त्यो कुरा पोहोरसालको बजेटमै निश्कर्षमा आएको कुरा हो । तसर्थ अहिले ठूलाठूला ती चाहिँ जो पुरात्वात्विक छन्, जो चाहिँ ऐतिहासिक छन्, जसलाई गर्न नै पर्नेछ, त्यलाई पनि पर्यटन सर्किटसँग जोडेर १० वटै जिल्लाको सर्किट एउटा बनाएर त्यलाई पर्यटन पदमार्ग, पर्यटन सडकमार्फत् र कि एउटा सर्किटलाई अर्को सर्किटमा जोडेर एउटा बनाउन सकेको भए राम्रो हुन्थ्यो । यो छ्यासम्यास ढंगले र एउटा कस्तो भयो भने यो जुँगाको लडाई जस्तो भयो । यस्तो किसिमको लडाई लडयौं भने कर्णालीबासीहरू कर्णाली समृद्ध हुन सक्दैन । फेरि गाउँघरमा एउटा उखान भन्ने गरेका छन् मान्छेहरू, मही खाने र ढिडो खानेको थरेली हुँदैन, यो सरकारमा बस्नेहरूको सधैंभरि सरकारमा बसिरहने थरेली छैन । कि हत्तासिएर चाहिँ अब यहीबेला गरिहालौं के हो के हो भन्ने ठान्या हो भने पनि गर्दाखेरि पनि राम्रो गर्दा राम्रो हुन्छ, जग हाल्ने कुरा हो । अर्कोले पनि त्यसमा टेकेर जाँदा त्यो काहीं पछि पर्नेवाला छैन । किन डोल्पा पछि पर्छ, किन चाहिँ अर्को ठाउँ पछि पर्छ, त्यो त जग हाल्ने कुरा हो । जग राम्रोसँग भएन भने त्यो एउटा जग राम्रो निर्माण नगरिकन बनाएको घर त फेरिपनि हुनेवाला चाहिँ छैन । त्यसैले गर्दा यो चाहिँ असाध्यै चाहिँ सन्तोसजनक छैन । प्रकृति मात्रै नभइकन माननीय सभामुखज्यू यो उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गतको जलाधार क्षेत्र संरक्षण विकास भनेर केही शीर्षकहरू छन्, जहाँ जलमग्न भएर पहाड पखेराहरू भत्केर कैयौं घरहरू पुरै ३१ घर, ३१ घर । रुकुम जिल्लाको आठबिसकोटमा गत वर्षको श्रावण २८ देखि भदौ ६ गतेसम्मनको अविरल वर्षाका कारणले त्यहाँचाहिँ ३१ घर मान्छेहरू पूरै सर्वनाश भएर त्यहाँ अहिले छैनन् विस्तापित छन् । त्यो ठाउँमा ठूलो एक डेढसय हेक्टर जमिन तल जिउलो पुरिएको छ । त्यो ठाउँमा हामीले केही बाँस निगालो समान्यतया तारजाली गरेर त्यहाँ बनाऔं भन्ने ध्येयका साथ पटकपटक कुरा गरिएको छ, अरु नानातिना, साना, झिनामसिना ठाउँहरू पनि छन्, त्यस्ता ठाउँमा बजेट छ, जहाँ ३१ घर पहिरोमा छ, त्यहाँ बजेट छैन । पर्यटन मन्त्रीले कुन कुन कस्तो किसिमले काम गरिरहेको छ, मन्त्रीको धेय कताबाट बोलिरहेको छ, त्यहाँ गर्ने कामदारहरूको कतामुखीबाट भइराख्याछ, यो एउटा चाहिँ एलएमबीआइएस भन्ने जोलाई अहिले एप्स आइपुग्या छ, त्यले के मन्त्रीका ठाउँमा मात्रै बजेट हाल्नु भनेर कसरी लेखेछ हँ यो बढो गज्जबको कुरा भयो । यो अन्त कलमै नचल्ने त्यहाँ आउँदाखेरि फ्याट्ट चाहिँ दुई करोड, ढाइ करोड, तीन करोड आउने अन्त आउनेबेला २० लाख हुने गरी यो कतामुखीको सफ्टवयर हो यो । यस्तो पनि हुन्छ काहिँ यसरी पनि ठग्न पाइन्छ ? यसका बारेमा सबै शक्ति, सबैभन्दा ठूलो शक्ति भन्या मानवीय शक्ति हो मन्त्रीज्यू । सरकारका मन्त्रीज्यूहरूलाई म भन्न चाहन्छु, मानवीय शक्ति नै सबैभन्दा सर्वश्रेष्ठ हो, अरु बाँकी

(समय समयलाई ध्यान दिऔं माननीय सदस्यज्यू) अरु बाँकी कुराहरू मान्छेले निर्धारण गरेका र बाँकी कुराहरू मान्छेले चाहिँ कल्पना गरेका र त्यसलाई चाहिँ एउटा प्रयोगमा ल्याएका कुरा हुन् तसर्थ यो कुरालाई चाहिँ बढो गम्भीरतापूर्वक म ध्यानाकर्षण गराउन चाहँदै आफ्ना कुराहरू म यही अन्त्य गर्दछु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू कर्णाली प्रदेश विनियोजन विधेयक, २०७६ अन्तर्गत विनियोजन भएको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको शीर्षकहरूमाथिको छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनुभएका प्रश्न एवम् जिज्ञासामा सम्बन्धित मन्त्रीले जवाफ दिनका लागि भोलि असार २५ गतेको बैठकको शुरुमै समय निर्धारण गरेको छु, माननीय सदस्यहरू कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १३२ को उपनियमको ६ बमोजिम समय तोकिएकोमा सो अनुसार कर्णाली प्रदेश विनियोजन विधेयक २०७६ अन्तर्गतको भौतिक पूर्वाधार विकास मन्त्रालयको शीर्षकहरूमाथि असार २५ गते छलफल हुने जानकारी गराउँछु ।

माननीय सदस्यहरू अब यो बैठक २०७६ साल असार २५ गते बुधबार दिनको ३:०० बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

# बैठक संख्या-१८

(२०७६ साल असार २५ गते बुधलबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरू कर्णाली प्रदेश, प्रदेश सभाको चौंथो अधिवेशनको १८औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

**माननीय श्री विन्दमान बिष्टः** माननीय सभामुखज्यू

**माननीय सभामुखः** के हो माननीय सदस्य ?

**माननीय श्री विन्दमान बिष्टः** माननीय सभामुख महोदय, सभामुख महोदयमार्फत् कर्णाली प्रदेश सरकारको गम्भीरतापूर्वक ध्यानार्कषण गराउन चाहान्छु कि हामी गत २२ गतेबाट मन्त्रालयगत छलफल गरिराखेका छौं आर्थिक वर्ष २०७६/७७ को विनियोजित शीर्षकहरूमाथि । मन्त्रीज्यूहरूले जवाफ पनि दिइरहनु भएको छ । हिजोको जवाफसम्म आइपुक्दाखेरि सभामुख महोदय, यहाँ केही अपूगताको महशुस भएको छ । जस्तो मैले उदाहरणको रूपमा भन्न चाहन्छु साक्षरता अभियानको सन्दर्भमा हामीले प्रश्न उठाएका थियौं । माननीय मन्त्रीज्यूले जवाफ दिने सन्दर्भमा स्थानीय तहलाई पैसा पठाइएको कुरा सशर्त अनुदानबाट पैंसा आएको कुरा त्यहाँबाट त्यो कुरालाई फूलफिल गर्ने कार्यक्रमिक, कार्यक्रमिक बजेट त्यहाँबाट फूलफिल गर्ने भन्ने जवाफ आयो सभामुख महोदय । अब म प्रश्न गर्न चाहन्छु कि हामीलाई यो सम्मानित सदनमा आधा बजेट ल्याएर कार्यक्रम आधा ल्याएर त्यसमाथि छलफल गराएर त्यसपछि गएर बजेटको सम्पूर्ण रूपमा त्यसलाई व्यक्त गर्न सकिन्छ कि सकिंदैन ? खासगरी म आर्थिक मामला मन्त्रीज्यूलाई माननीय आर्थिक मामिला मन्त्रीज्यूलाई म विनम्रतापूर्वक प्रश्न के गर्न चाहन्छु त भन्दाखेरि हामीले सशर्त अनुदानबाट आएको बजेट कहिले हो थाहा पाउने ? त्यसपछि गएर अन्य शीर्षकबाट स्थानीय तहलाई पठाइएका बजेटहरूको शीर्षक हामीले कहिले हो थाहा पाउने ? त्यसपछि गएर आधा बजेट ल्याएर सदनलाई गुम्राहमा राखेर त्यसपछि गएर यसमाथि बहस गराएर र त्यसपछि गएर सांसदहरूले त केहि पनि अध्ययन गर्दा रहिन्छन्, अपूर्ण रहिछन्, नहेरेर टिकाटिप्पणी गर्दा रहिछन् भन्ने प्रकारको सन्देश बाहिर जो प्रवाह गर्न खोजिएको छ सभामुख महोदय । यसप्रति म यो सम्मानित सदनमा माननीय सभामुखज्यूमार्फत् प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु र

**माननीय सभामुखः** छोटयाउनुस् छोटयाउनुस्

**माननीय श्री विन्दमान बिष्टः** र म के पनि कुरा जोड्न चाहन्छु त भन्दाखेरि सभामुख महोदय । अब यी कुराहरू कुन कुन मन्त्रालयबाट स्थानीय तहमा कसरी कसरी गइराखेको छ । हामीले अब छलफल गर्दाखेरि त्यही कुरालाई पूर्ण मानेर छलफल गर्ने हो वा अपूर्ण मानेर छलफल गर्ने हो । यसको हामीले जवाफ पाउनु पर्दछ र त्यसपछि गएर हामी यो प्रक्रियामा पूर्णताका साथ बजेटमा छलफल बहस गर्ने वातावरण सिर्जना गरियोस् । धन्यवाद ।

**माननीय सभामुखः** ध्यानआर्कषण भयो माननीय सदस्य, अ सरकारको पनि यस बिषयमा ध्यानआर्कषण हुन्छ । माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७६ अन्तर्गत विनियोजन भएका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको शीर्षकहरूमाथिको छलफलमा माननीय सदस्यहरूले उठाउनुभएका

प्रश्न जिज्ञासामा सम्बन्धित मन्त्रीले जवाफ दिनका लागि कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १३२ को उपनियम ८ बमोजिम समय निर्धारण गरेको छु । सर्वप्रथम उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको शीर्षकहरूमाथिको छलफलमा माननीय सदस्यहरूले उठाउनुभएका प्रश्न एवम् जिज्ञासामा जवाफ दिनका लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय नन्दसिंह बुढालाई समय दिन्छु ।

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाः** माननीय सभामुख महोदय, यस ऐतिहासिक घडिमा सदनमा मन्त्रालयको तर्फबाट आर्थिक वर्ष २०७६/७७ को बजेट तथा कार्यक्रममा माननीय सदस्यहरूले उठाउनुभएका सवाल, जिज्ञासाहरूमाथि छलफल तथा सम्बोधन गर्न पाउँदा गौरवान्वित महशुस गरेको छु । माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकारको आकांक्षाअनुरूप समृद्ध कर्णाली, सुखी कर्णालीबासी भन्ने दीर्घकालीन सोच अनुरूप समाजवादको यात्राउन्मुख कार्यहरूको थालनी गरिरहेको कुरा विश्वस्त तुल्याउन चाहान्छु । यस मन्त्रालयले बजेट र कार्यक्रम यसै दीर्घकालीन सोचअनुरूप तयार गरेको छ र यस सम्मानित सभामा कर्णाली प्रदेश सरकारको तर्फबाट नेपालको संविधानको मर्म भावना र मार्ग निर्देश सिद्धान्तप्रति प्रतिबद्ध रही हरेक कार्य गरिरहेको र गर्ने अठोट व्यक्त गर्न चाहान्छु । विशाल भौगोलिक अवस्थितिमा देशको कूल भूभागको २०.५३ प्रतिशत छरिएर रहेका बस्तीहरूमा विकासका गतिविधि संचालन गर्नु र सडक सञ्जालमा नजोडिएका क्षेत्रका कार्यक्रम संचालन गर्दा लागत बढी र नतिजा कम देखिने तितो यथार्थ हाम्रोसामु रहेको अवगत गराउन चाहान्छु । तर पनि सामाजिक न्यायको सिद्धान्तबमोजिम हरेक नागरिकका आधारभूत आवश्यकता पूर्तिमा सर्मपित हुनु प्रमुख कर्तव्य ठानेको कुरा माननीय सभामुखमार्फत् सम्मानित सभालाई जानकारी गराउन चाहान्छु । मन्त्रालयको बृहत कार्यक्षेत्र रहेको र कर्णाली प्रदेश समेटिएको प्रमुख आधार पर्यटन, वनमा आधारित खानी र खनिजमा आधारित उद्योगहरूको स्थापना तथा व्यवस्थापनमार्फत् युवा जनशक्ति परिचालन तथा रोजगार सिर्जना गरी प्रदेशको आन्तरिक राजश्व बृद्धि गरी प्रदेशलाई आत्मनिर्भर बनाई संघीयता कार्यान्वयन र संस्थागत गर्ने यस मन्त्रालय कार्यक्षेत्र रहेको हुँदा सोहीअनुरूप बिषयगत बजेट विनियोजन गरेको छु ।

माननीय सदस्यज्यूहरूले मन्त्रालयको कार्यक्षेत्रको आधारमा सिफारिस गरेका कार्यक्रम केन्द्रिकृत प्राप्त बजेट विनियोजनको माग राख्नु स्वाभाविक हो । म सम्मानित सभा सदस्यज्यूहरूसँग निवेदन गर्न चाहान्छु । हामीसँग बजेटको निकै सीमितता थियो र यस मन्त्रालयले प्राप्त गरेको बजेट सिलिङ्ग २ अर्ब ४५ करोड ६ लाख ७८ हजारको सीमाभित्र रही सम्पूर्ण माननीय सदस्यहरूको माग, अति आवश्यक रणनीतिक कार्यक्रम विभिन्न सरोकारवाला निकायहरूको मागसमेत ती बजेट तयार पार्दा माननीयज्यूहरूले सिफारिस गरेका सबै योजना समेट्न नसकेको यथार्थ अवगत गराउन चाहान्छु । माननीय सभामुख महोदय, यस सभामा हामी विविधताभित्रको एकतामा छौं । फरक फरक पृष्ठभूमि र भौगोलिक, सामाजिक, आर्थिक परिवेशबाट प्रतिनिधित्व गर्दछौ र लिङ्ग, भाषिक, भौगोलिक सामाजिक विविधताको सम्मान गर्नु र हामीले तय गर्ने कार्यक्रमको सामाजिक न्यायको प्रतिनिधित्व गरेको महशुस गराउनु र यस मन्त्रालयको अविचलित कर्तब्य र निस्ठा सम्झेको छु । मैले भोगेको, देखेको, सिकेको र हालसम्म यस जिम्मेवारीमा रहेर गरेको अनुभवको आधारमा यथार्थ धरातलमा रही समाजको प्रतिबिम्बलाई न्यायोचित न्यायिक विकासको मूलधारमा ल्याउने उद्देश्य अनुसार यसमा समावेश गरिएका कार्यक्रमहरू कुनै पनि बदनियत र लोभ–लालचको प्रभावमा नरहेको कुरा सम्मानित सभालाई स्पस्ट पार्न चाहान्छु । हामी नीति, निर्माण र कार्यान्वयनकर्ताले हरेक बिपन्न र सीमान्तकृत समुदाय तथा वर्गभित्र आफूलाई नदेखेसम्म दिगो विकासका लक्ष्य कर्णाली प्रदेशको दीर्घकालिन सोचले पूर्णता पाउने कुरामा आशा पैदा हुन जान्छ । माननीय सभामुख महोदय, अब म माननीयज्यूहरूले बिषय केन्द्रिकृत जिज्ञासामा प्रवेश गर्न चाहान्छु । उद्योग, पर्यटन, वन तथा वातावरण

मन्त्रालय अन्तर्गत तथा कार्यान्वयनको छलफलमा कार्यक्रममा २२ जना माननीयज्यूहरूले महत्वपूर्ण तथा रचनात्मक सल्लाह तथा सुझाब राख्नुभएको थियो । यसको लागि म मेरो मन्त्रालयको तर्फबाट हृदयदेखि नै आभार प्रकट गर्न चाहान्छु र यसको लागि सम्पूर्ण माननीयज्यूहरूलाई माननीय सभामुखमार्फत् धन्यवाद दिन चाहान्छु । हाम्रो मन्त्रालयले उद्योग बाणिज्य तथा आपूर्ति, पर्यटन, विज्ञान प्रविधि, जलवायु परिवर्तन, वन तथा वातावरण लगायतका प्रदेश समृद्धिका महत्वपूर्ण क्षेत्रहरूमा कार्य गरिरहेको छ । यसै कर्णाली प्रदेश सरकारले कर्णाली रारा भ्रमण वर्ष २०७५ मा विभिन्न क्षेत्रहरूमा विभिन्न कार्यक्रमहरूको आयोजना गरी विभिन्न माध्यमबाट प्रचारप्रसार गरी कर्णाली प्रदेशप्रति आन्तरिक तथा बाह्य पर्यटक पर्यटन प्रचार कार्यहरू भएका छन् । जसबाट यस प्रदेशको पर्यटन क्षेत्रको विकासमा टेवा पुगेको छ । साथै यस प्रदेशमा बाहिरी पर्यटक संख्यामा ३४ प्रतिशतले बृद्धि भएको देखिएको छ । यो र आन्तरिक पर्यटनमा समेत उल्लेखनीय रूपमा बृद्धि भएको छ । जस्तै जिल्लाहरूमा सुर्खेतमा आ.व. ०७४/७५ मा ३०० जना र आ.व. ०७५/७६ मा ६५४ जना यसको ४५.९ प्रतिशत बृद्धि भएको छ । दैलेखमा आ.व. ०७४/०७५ मा ० प्रसेन्ट र आ.व. ०७५/७६ मा १४ जना र यसको संख्या १०० प्रतिशतले बृद्धि भएको छ । जाजरकोटमा आ.व. ०७४/७५ मा ० र ०७५/०७६ मा यसको ७ जनाले १०० प्रतिशत बृद्धि भएको छ । रुकुमपश्चिम ०७५/७६ मा ० र ०७५/७६ मा १३ जनाले यो १०० प्रतिशत बृद्धि भएको छ । सल्यानमा आ.व. ०७४/७५ मा यसको ० रहेको छ भने ०७५/०७६ मा ९ जनाले १०० प्रतिशत बृद्धि भएको छ । कालिकोटमा ०७४/०७५ मा यसको शुन्य थियो भने ०७५/०७६ मा २१ जना बृद्धि भएर यसको १०० प्रतिशत बृद्धि भएको छ । त्यस्तै जुम्लामा ०७४/७५ मा ० थियो भने यो ०७५/७६ मा ६२ जनाले १०० प्रतिशत बृद्धि भएको छ । मुगुमा २८२ जनामध्ये यो ०७५/०७६ मा ३३४ जनाले यो १८.४ प्रतिशतले बृद्धि भएको छ । हुम्लामा १३ हजार ३ सय ९८ मा यो वर्ष तपाईको १७ हजार ४ सय ८९ यो ३०.५ प्रतिशत बृद्धि भएको छ । डोल्पामा १८ सय ८४ मध्ये ०७५/७६ मा २६ सय ८८ जना ४२.७ प्रतिशतले बृद्धि भएको छ भने यो प्रदेशमा ०७४/७५ मा १५ हजार ८ सय ६४ जना थियो भने ०७५/७६ मा २१ हजार २ सय ९१ तपाईको बाह्य पर्यटकहरू भएको छ र यसले ३४.२ प्रतिशत यो प्रदेशमा उपलब्धि भएको छ । यो पर्यटन आगमन अध्यागमन विभागको तपाईको डाटा अनुसार प्रस्तुत गरेको छु । यस चालु आ.व.मा विभिन्न स्थानहरूमा पर्यटन पद मार्ग, पर्यटन होमस्टे, धार्मिक सम्पदा निर्माण तथा संरक्षण सातै प्रदेशका महत्वपूर्ण पर्यटकीय क्षेत्रहरूको पूर्वाधार विकासका लागि बजेट विनियोजन गरेको छ, छु । युवा तथा दलित लक्षित उद्यमशील विकास कार्यक्रममार्फत् लक्षित वर्ग लाभान्वित हुने छन् भने वन क्षेत्रको दीगो संरक्षण तथा उपभोगबाट स्थापित समुदायहरू लाभान्वित हुने छन् । साथै वातावरण संरक्षण विकासको आधारबाट सँगसँगै लैजाने र प्रविधिमा समेत सकारात्मक परिवर्तन देखा परेको पनि माननीय सभामुखमार्फत् यस सम्मानित सभालाई अवगत गराउन चाहान्छु । कर्णाली प्रदेशमा आर्थिक कृयाकलाप निकै न्यून रहेको र रोजगारको दर निकै उच्च रहेको हुँदा यस प्रदेशमा बसोबास गर्ने आमजनसमुदायले आर्थिक कृयाकलापमा सक्रिय बनाउन पर्यटनतर्फ विभिन्न सीपमूलक तालिमहरूको ब्यबस्था गरी दक्ष जनशक्ति उत्पादन गरी पर्यटन क्षेत्रमा सक्रिय गराउने र होमस्टे संचालन गर्नेको लागि अनुदान रकमको व्यवस्था गरेको छु । लक्षित वर्ग र लक्षित वर्ग कार्यक्रममार्फत् विभिन्न उद्यमशील वर्गलाई अनुदान उपलब्ध गराउन बजेटको व्यवस्था गरिएको हो र सरसर्ति हेर्दा यो रकम वितरणमुखी देखिए पनि यस कार्यक्रमले कर्णाली प्रदेशमा रोजगारी सिर्जना गर्नुका साथै अहिले स्थापना भएका उद्योगहरू भविश्यमा कर्णाली प्रदेशका ठूला करदाता उद्योगको रूपमा विस्तार हुनेछन् भन्ने विश्वास लिएको छु । आम कर्णालीबासीको आम्दानी बढाउन र जीवनस्तरमा सुधार गर्नका लागि वृक्षारोपण कार्यक्रम अन्तर्गत ओखर, टिमुर, जैतुन, रिठा, लौठसल्ला, चिराइतो, केशर, अलैंची, अर्घेली,

अलमोट, देवदार लगायतका फलफूल जडिबुटीमा बजेट राखिएको छ र यसले माननीयज्यूहरूलाई एक दिन तपाईको माननीयज्यूको एउटा बगैंचा नमुनाको कामको निर्माण हुनेछ र आगामी दिनमा ०७६/०७७ मा मन्त्रालयको प्रदेशतर्फको कुल बजेट २ अर्ब ४५ करोड ६ लाख ७८ हजार रकममा चालुतर्फको कूल खर्च, चालुतर्फको कूल खर्च ८६ करोड ५० लाख १६ हजार मध्ये प्रशासनिक तर्फ १४ लाख १६ हजार अर्थात कूल बजेटको ३५ प्रतिशत मात्र रहेको छ । चालुतर्फको कार्यक्रम खर्चभित्र दुर्गम हुम्ला, मुगु, डोल्पा लगायत जेष्ठ नागरिक र पूर्ण अपाङ्गता भएका व्यक्तिहरूलाई हवाइटिकट सहुलियत अनुदान, लघु घरेलु उद्यममार्फत् महिला, दलित, अपाङ्ग तथा जनजातिहरूको रोजगार कार्यक्रम जस्ता कार्यक्रम सरकार र सरोकारवाला र समुदायिक वनमा आधारित पार्टिकल बोर्ड, उद्योग स्थापना गर्ने र रोड जस्ता कार्यक्रम समेत चालु बजेट शीर्षकमा राखिएको र चालु केही बढी देखिएको हुन सक्छ र कूल चालु बजेटको ३२ करोड ३६ लाख लगभग चालुतर्फ रातो किताबमा २२५२२ को खर्च शीर्षक अन्रतगत राखिएको सम्मानित सभामा जानकारी गराउन चाहन्छु र चालुले हाम्रो मन्त्रालयमातहतका सम्पूर्ण संरचना जस अन्तर्गत ८६ वटा कार्यालयमा रहेका ७ सय ४९ कर्मचारीको तलब भत्ता व्यवस्थापन गरिएको छ । विकास तथा पूँजीगत बजेट १ अर्ब ५८ करोड ५६ लाख ६२ हजार अर्थात कूल बजेटको ६५ प्रतिशत रहेको छ । मन्त्रालय तथा मातहतका निकायहरूले चालु खर्च पूँजीगत खर्चको तुलनामा न्यून रहेको देखिन्छ र चालु खर्चलाई सकेसम्म कटौति गरी पूँजीगततर्फ बजेट बिनियोजन गर्ने प्रयास गरेको छु । यस मन्त्रालयको मुख्य ३ वटा सिद्धान्तमा आधारित रहेर कार्यक्रम छनौट गरियको छ । एक जसमा माननीयज्यूहरूको मागलाई नै पहिलो प्रथामिकता दिएको छु र दोस्रोमा स्थानीय आबश्यक्ताको पहिचान योजना सञ्चालन गर्न सकिने सम्भावना र जिल्ला स्थित मातहतका कार्यालयहरूको माग तथा सिफारिस र सम्भाब्यता अध्यनका आधारमा योजना छनौट गरिएको छ । तीन, स्थानीय तहमा स्थानीय समुदायको मागलाई आधार मानी कार्यक्रमहरू तर्जुमा गरिएको छ । यसमा बिचौलिया अथवा अन्य पक्षको कुनै पनि किसिमको भूमिका प्रभाव तथा चलखेल नरहेको पनि माननीय सभामुखमार्फत् यस सम्मानित सभालाई जानकारी गराउन चाहान्छु । मन्त्रालयले कार्यक्रम तर्जुमा गर्दा प्रदेश सरकारको ०७६/७७ को नीति तथा कार्यक्रमसँग तालमेल मिले न मिले, मिलाउने प्रयास गरेको छु र माननीयज्यूहरूले भन्नुयो– कुनै भिजनबिनाको कार्यक्रम आयो भनेर म माननीयज्यूहरूको भनाईप्रति असहमति जनाउदै कर्णाली प्रदेशको भिजन नै समृद्धि कर्णाली, सुखारी कर्णालीबासी बनाउने उद्देश्य बमोजिम सोहि भिजन प्रासिका लागि उद्योग, पर्यटन, वन तथा वातावरण क्षेत्रबाट योगदान पुग्ने किसिमले नै योजनाहरू तर्जुमा गरिएको पनि माननीय सभामुखज्यूमार्फत् यस सम्मानित सभालाई जानकारी गराउन चाहान्छु । साथै यसमा जो जो माननीयज्यूहरूले आआफ्नो योजना परेन भनेर गुनासो गर्नुभएको छ, उहाँहरूलाई यो आग्रह गर्दछु कि माथि उल्लेखित ३ प्रकृयाबाट जसरी योजना परेको भए पनि तपाईहरूको निर्वाचन क्षेत्रमा परेको योजनाहरूले तपाईकै निर्वाचन क्षेत्रको विकास हुनेहुँदा कुनै पनि आफ्नो निर्वाचन क्षेत्रमा योजनाहरूलाई आफ्नै योजनाको रूपमा लिनको लागि हार्दिक अनुरोध गर्न चाहान्छु । माननीयज्यूहरूले कार्यक्रम छनौट गर्नुभएको सहयोग माननीयज्यूहरूको निर्वाचन क्षेत्रको हिसाबमा अधिकांश निर्वाचन क्षेत्रमा सन्तुलन बजेट व्यवस्था गरेको छु र यद्यपि सीमित बजेटका कारण केही निर्वाचन क्षेत्रमा असन्तुलन कायम गर्न नसकिएको महशुस गरेको छु र यसै सम्मानित सदनमा सभामुखज्यूमार्फत् उक्त स्थानहरूमा अन्य शीर्षकबाट सन्तुलन कायम गर्ने प्रयास गर्ने छु र प्रतिबद्धता जाहेर गर्न चाहान्छु । कतिपय योजनाहरूको बजेट रकम नखुलेको भन्ने सन्दर्भमा केही योजनाहरू क्रमागत योजनाका रूपमा संचालन गर्ने निर्णय भएको, भए बमोजिम सो योजनाहरू अहिले पनि संचालन भइरहेको र असार मसान्तसम्म केही कति रकम खर्च हुन सक्छ, यकीन नभएको हुनाले खर्च रकम यकीन भइसकेपछि मात्र बजेट रकम यकीन गर्न सकिने अवस्था भएकाले बजेट रकम नखुलेको जानकारी सभामा पेश गर्न

चाहान्छु । केही बजेट शीर्षकहरूको कार्यक्रम र बाँडफाँड नभएको भन्ने सन्दर्भमा पर्यटन बोर्डको संस्थागत क्षमता विकास र पर्यटकीय स्थलहरूको पूर्वाधारको लागि विशिष्ट परि, परियोजना प्रतिवेदन जस्ता कार्यक्रमहरू बाँडफाँड प्रदेश पर्यटन बोर्डको गठनपश्चात बाँडफाँड गरिने तथा प्रदेशले पहिचान गरेका पर्यटकीय गन्तव्यहरूको विशिष्ट परियोजना प्रतिवेदन बनाउनको लागि छुट्याइएको र क्रमिक रूपमा विशिष्ट परियोजना प्रतिवेदन तयार गरिने व्यहोरा माननीय सभामुख मार्फत् यस सम्मानित सभालाई जानकारी गराउन चाहान्छु । जस्तै सामुदायिक वन विकास कार्यक्रम यो मन्त्रालयको जुन मन्त्रालय र प्रदेश सरकारको ०७६।७७ को नीति तथा कार्यक्रम अन्तगत यो नियमित कार्यक्रम र अभियानको रूपमा संचालन भइरहेको छ, र जुन पीएलएमबीआइएसमा समावेश नगरिएको भन्ने सन्दर्भमा माननीयज्यूहरूलाई प्रदान गरिएको किताबमा, किताबमा भएका सबै कृयाकलापहरूको शीर्षकहरू तथा चालु तथा प्रशासनिक खर्च तर्फका कार्यक्रमहरू पीएलएमबीआइएसमा प्रबिष्ट भैसकेको छ भने मूल शीर्षक अन्तर्गत विभाजन भएका कार्यक्रमहरूलाई पुनः पीएलएमबीआइएसमा समावेश गरिने जानकारी गराउन चाहन्छु । मानव वन्यजन्तु के हो ? भन्ने सन्दभमा सुर्खेत लगायत पहाडि तथा हिमाली क्षेत्रमा वन्यजन्तु जस्तै चितुवा, भालु, हिमचितुवा र कहिलेकाहि मानव बस्तीमा पसी धनजनको क्षति पुर्याइरहेको घटना सार्बजनिक भइ सार्वजनिक भइरहेको सन्दभमा पीडित पक्षलाई उचित क्षतिपूर्ति प्रदान गरी पीडित पक्षको पिडालाई सम्बोधन गर्ने तथा वन्यजन्तु संरक्षणप्रति सकारात्मक धारणा विकास गर्न यो कार्यक्रम राखिएको माननीय सभामुखमार्फत् यस सम्मानित सभालाई जानकारी गराउन चाहन्छु ।

प्रदेश सरकारले सरोकारवालाहरूको सहभागितामा प्रदेशको पर्यटकीय एकसय एक गन्तव्यहरू पहिचान गर्ने कार्य भइरहेको छ । र आ.व. ०७६।७७ मा यस प्रदेशमा रहेका महत्वपूर्ण ३८ वटा गन्तव्यहरूमा मात्र पर्यटकीय पूर्वाधार विकासमा माननीयज्यूहरूको सरसल्लाह तथा सुझाब बमोजिम बजेट विनियोजन गरिएको छ भने बाँकी गन्तव्यहरूमा बजेटको सीमिततालाई समेत मध्यनजर राख्दै आगामी आ.व.मा क्रमशः सम्बोधन गर्दै र यस समयको बाँकी रहेका पर्यटकीय क्षेत्रहरूको सम्भाव्यता अध्ययन र डीपीआरसमेत तपाइको गर्नलाई मन्त्रालयले बजेट छुट्याइएको छ । जलयात्रा भेरी, कर्णाली, तिला नदी जलयात्राको पूर्वाधार विकास कार्यक्रम सम्बन्धमा यस प्रदेशमा जलयात्राको सम्भावना प्रचुर मात्रामा रहेकोले जलयात्राको विकासको लागि जलयात्रामा पर्ने रुटहरूमा साधारण विश्राम स्थल निर्माण, नीजि क्षेत्रको लागि प्रबद्र्धनात्मक कार्यक्रम संचालन गर्ने जस्ता कार्यक्रम संचालन हुनेछन् । र कार्यक्रम तर्जुमा गर्दा सकेसम्म सन्तुलित समावेशी तथा पारदर्शी किसिमले तयार गरी आर्थिक रूपले मितब्ययी तथा र उत्पादनमुखी, सामाजिक रूपले सन्तुलित र समावेशी र प्राविधिक तथा वातावरणीय दृष्टीकोणबाट उपयुक्त योजनाहरू तर्जुमा गरी समृद्ध कर्णाली सुखारी कर्णालीबासी भन्ने भिजन प्राप्तिको लागि कार्यक्रम तर्जुमा गरिएको छ । माननीयज्यूहरूले दिनुभएका महत्वपूर्ण तथा रचनात्मक सुझाव र मार्गदर्शनहरूलाई मन्त्रालयले सिरोधार गर्दै आगामी दिनहरूमा समेत यस्तै मार्गदर्शनको अपेक्षा गर्दै मन्त्रालयबाट तर्जुमा हुने नीति नियम कार्यविधि तथा कार्यक्रम कार्यान्वयनमा समेत रचनात्मक सुझाब तथा सहभागिताको अपेक्षा गरेको छ । माननीय सभामुख महोदय, हिजो माननीयज्यूहरूले यस सम्मानित सदनमा राख्नुभएका जिज्ञासा तथा प्रश्नहरू सान्दर्भिक र महत्वपूर्ण तथा मन्त्रालयको लागि मार्गदर्शनको रूपमा लिएको छु । मन्त्रालयले माननीयज्यूहरूको सुझाबहरूलाई ससम्मान, ससम्मान ग्रहण गर्दै आउने दिनहरूमा सोही अनुसार मन्त्रालय सुधार गर्दै लैजानेसमेत प्रतिबद्धता जाहेर गर्न चाहन्छु र जुन माननीयज्यूहरूले कुरा राख्नुभएको छ र जुन यो सुन लगायत विभिन्न उद्योगहरूको बारेमा र त्यो पनि सम्बन्धित माननीयज्यूहरूकै अनुरोध र सिफासिका आधारमा राखेको छु र त्यसलाई केही कुराहरू तपाईको चेन्ज गर्नु पर्यो भने भोलि पीएलएमबीआइएसमा हामीले इन्ट्री गर्दाखेरि त्यो गर्नेछौं र जुन यो सुनको बारेमा हाम्रो जस्तो कर्णाली प्रदेशमा सुनमा धेरैजसो

तपाईको एउटा तपाईको मान्छेले १ केजी चिनी तपाईकोमा २।४ रुपैयाँको तलमाथि हुन सक्छ तर सुनजस्तो महङ्गो चीजहरूमा त्यसमा तपाईको मिसावट बढी हुन सक्छ र त्यो मेसिनले जब यो सुनको गुण तपाईको के कति यसमा मिसावट छ भन्ने खालको तपाईको अहिले तपाईको यसले तपाईको त्यो खालको तपाईको पुर्याउनु भएको हुँदा यो कार्यक्रम राखिएको हो र त्यसकारण यहाँहरू सम्पूर्ण प्रदेश सभाका माननीयज्यूहरूलाई म फेरि पनि अनुरोध गर्न चाहान्छु जुन कार्यक्रमहरूले यो प्रदेश निर्माण र आर्थिक उन्नति र समृद्धिमा यले तपाईको सकारात्मक हुन्न भनी यसलाई हामी सल्लाह गरेर यसलाई कसरी हुन्छ तपाईको सम्बोधन गर्नेछु र यहाँहरूको जुन भनाइ छ, त्यो भनाइ तपाइको एकदमै आत्मसाथ गर्दै आगामी दिनमा हामी अगाडि बढ्ने छौं र यसकारण म यहाँहरूलाई फेरि पनि अनुरोध गर्न चाहान्छु । हामी तपाईको अहिले जुन हामीले तपाईको हेर्ने दृष्टिकोणमा जुन हामी सकारात्मक सोचौं र तपाईको नकारात्मक सोच नअरौं । त्यसैले म अन्तमा यहाँहरूलाई फूलको आँखामा फूलै संसार, काँडाको आँखामा काँडै संसार भनेर भन्दै यहाँबाट म बिदा हुन चाहान्छु । धन्यवाद । नमस्कार ।।

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७६ अन्तर्गतको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको शीर्षकहरूमाथिको छलफल समाप्त भएको जानकारी गराउछु । माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक २०७६ अन्तर्गतको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत लगायत अन्य मन्त्रालयहरूको शीर्षकहरूमाथि छलफल हुने पूर्वनिर्धारित कार्यतालिका परिवर्तन गरी निम्नानुसारको कार्यतालिका निर्धारण गरेको जानकारी गराउँछु । जसअनुसार,

असार २६ गते, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश सभा सचिवालय र कर्णाली प्रदेश योजना आयोग ।

असार २७ गते, भौतिक पूर्वाधार विकास मन्त्रालय, लोकसेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका शीर्षकहरूमाथि छलफलका लागि दिन निर्धारण गरेको छु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७६ साल असार २६ गते बिहीबार दिनको १:०० बजेसम्मका लागि स्थगित हुन्छ ।

□□□

# बैठक संख्या-१९

(२०७६ साल असार २६ गते बिहीबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १३२ को उपनियम ७ बमोजिम कर्णाली प्रदेश विनियोजन विधेयक २०७६ अन्तर्गतको आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश सभा सचिवालय र कर्णाली प्रदेश योजना आयोगको शीर्षकहरूमाथिको छलफलको कार्यतालिका निधारण भएकोमा प्रदेश सभा सचिवालय र कर्णाली प्रदेश योजना आयोगका शीर्षकहरूमाथिको निर्धारित छलफल कार्यतालिकाबाट हटाएको छु । आज आर्थिक मामिला तथा योजना मन्त्रालयका शीर्षकहरूमाथि मात्र छलफल हुने व्यहोरा माननीय सदस्यहरूलाई जानकारी गराउछु । माननीय सदस्यहरू कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १३२ को उपनियम ७ बमोजिम कर्णाली प्रदेश विनियोजन विधेयक, २०७६ अन्तर्गतको आर्थिक मामिला तथा योजना मन्त्रालयको शीर्षकहरूमाथिको छलफल प्रारम्भ हुन्छ । सर्वप्रथम माननीय श्री हिमबहादुर शाही ।

**माननीय श्री हिमबहादुर शाहीः** सभामुख महोदय, आज हामी आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त बजेटको शीर्षकमाथि छलफल गर्दै अगाडि आएका छौं । अब छलफलको बारेमा भन्ने हो भने यसभन्दा पहिले पनि धेरै मन्त्रालयको बारेमा छलफल गरिसकेका छौं । मैले अस्ति नै भनिसकेको थिएँ कि अंकको जोड घटाउलाई कति हेर्ने ? आज सर्वप्रथम यो अंकको जोड घटाउलाई म हेर्दाखेरि यहाँ आएको छ अर्थमन्त्रालयबाट । यो स्थानीय तहलाई प्रदान गर्ने समपूरक विषेश अनुदान भन्ने एक ठाउँमा छ भने अर्को ठाउँमा पनि त्यस्तै छ । अर्को उसमा, यसमा के छ भने पूर्वाधार विषेश कार्यक्रम १ करोड २०, १ अरब २० करोड भेरी बबई डाइभर्सन ड्याम साईड विद्युतीय परियोजना १ अरब ३० करोड माथि छुट्टाइएको छ भने जगदुल्ला जलविद्युत योजना डोल्पा, रामघाट, मटेला जलविद्युत परियोजना ठाँठीकाँध दैलेख, सहुलियत ऋण कार्यक्रम, कर्णाली हवाई सेवा पूर्वाधार सम्बन्धी योजना टोटल २ अरब ५० करोड नै छ । तर यो अरु योजनाहरूमा कुनै रकम तोकिएको छैन तर नीति तथा कार्यक्रममा १ अरब कर्णाली हवाई सेवामा नै छुट्टाइएको हामीले पाएका छौं । नीति कार्यक्रममै १ अरब स्पष्ट रूपमा कर्णाली हवाई सेवामा उठाइएको छ । अब ३० करोडले ५० करोडले यी सबै योजना सम्भव छन् कि छैनन् ? यो भेरी बबई डाईभर्सन जगदुल्ला जलविद्युत, रामघाट मटेला जलविद्युत सहुलियत कार्यक्रम पूर्वाधार सम्बन्धी योजनाहरू यी सफल छन् कि छैनन् यी दिगो विकास अथवा गन्तव्यमा पुग्न निमित्त बनाइएका हुन् कि होइनन् । यसैले यी जति बजेट आएका छन् । जति कार्यक्रम आएका छन् यी कसरी आएका छन् ? किन आएका छन् ? यसको लागि नेपाली कांग्रेसको गम्भीर ध्यानाकर्षण भएको छ । म एउटा कुरो सभामुखमार्फत् सरकारको ध्यानाकर्षण गर्ने चाहान्छु । आज योजनामा आएको कार्यक्रम हटाइएको छ । योजना आयोगको कार्यक्रम ल्याउदाखेरि यी योजना आयोगको कार्यक्रम भनेर पेश गरिएको यही चिठी हो एउटा, पहिला हामीले पाइसकेका छौं । यो एउटा सायद नागपञ्चमी जस्तो आउँदै छ । कांग्रेसहरू गएर घरघरमा टाँस्लान् भनी दिएको हो कि अनन्तो बासुकि पद्म महापद्म तत्क्षक कुलीर कर्कट शंख अष्ठ नागौ प्रकृति तावन च । ए अष्ठ नाग हो कि कुली नाग हो कि कर्कट नाग हो कि शंख नाग हो कि अनन्त नाग हो कि यो कसरी दिएको योजना आयोगको कसैलाई पनि थाहा छैन, सम्मानित सदनको म ध्यानार्कषण गर्न चाहान्छु । र मन्त्रीज्यूको पनि ध्यानार्कषण गर्न चाहान्छु । यस बारेमा बोल्ने पालो पर्सी आउँदैछ तर हिजो नै हामीलाई नाग हात पारिएको छ । यो नाग पञ्चमी आउँदैछ भनेर हो कि जस्तो मलाई लागिरहेको छ । स्पस्ट

तपाईहरूले हेर्नुस् यी । यसैले म भन्न चाहान्छु सभामुख महोदयमार्फत् म के आग्रह गर्न चाहान्छु भने यो जति किस ज ज ज मुख्यतया आर्थिक मन्त्रीज्यूको ध्यानार्कषण गर्न चाहान्छु । लोकतन्त्रको सुन्दर पक्ष भनेको सदन र सरकारको बीचको अत्यन्तै राम्रो साभार सम्बाद र निष्कर्शबाट मात्र त्यहाँको जनजीविकाको उद्धार, त्यहाँको शान्ति सुरक्षाको व्यवस्थापन, त्यहाँको चाइने विकासको गति अगाडि बढ्न सक्छ तर सरकारको दुरदर्शिता कुशलता र व्यवस्थापन कस्तो छ भन्ने कुरा यो प्रस्तुत बजेटका किताबहरूले यो नाग जस्ता दिएका कागजहरूले स्पस्ट पारिसकेको छ । मैले देखें स्पष्ट भन्ने हो भने हिजो उद्योग मन्त्रीजीले यहाँ जवाफ दिनुभो, जवाफ दिने क्रममा उहाँले फूलको आखाँले फूलै संसार आँ काँडाको आखाँले काँडै संसार भनेर गीतको लयमा भनेर जानुभाछ । म स्पस्ट भाषामा के जान्छु भने के भन्छु भने तेत्रा यूगको एकचोटि बालीको र रामचन्द्रको बालीलाई बाण लागेर मरिसकेपछि बालीले भनेको थियो रामचन्द्रसँग पदको के रे उले रामचन्द्रसँग भनेको थियो चोरी मारी लिँदा नै हे सुन गयो... न मासु खानु भयो धरमात्मा पनि तिमी पापीझैं हुन गयो, ज्यान मेरो व्यर्थै गयो भनेर बालीले भनेको थियो । रामचन्द्र भगवानले के भन्नुभएको थियो भने पापको डर रत्तिभर नमानी तैंले, बाली बुहरी हरिश्वही पाप प्रकट हुन गई त्यस पापले पो मरिस । आज कुनै पनि प्रायः प्रतिपक्षमा रहेको नेपाली कांग्रेस होस्, चाहे सम्मानित सदनका सत्ता पक्षकै माननीयहरूले दिएका अभिव्यक्तिहरू कुनै विरोधमाथि विरोध छैन, कुनै प्रतिशोध छैन, स्पष्ट रूपमा दिएका छन् । काँडामा काँडाको आँखाले काँडै संसार भनेर भन्नु यो अवश्य पनि अपमान हो, अमर्यादित हो । यस्ता कुराहरूलाई म नेपाली कांग्रेस स्वीकार गर्न सक्दैन । यहाँ त यस्तो स्थिति सुरु भइसक्यो अर्थ मन्त्रीज्यू अरु मन्त्री हुनु हुन्न अर्थ मन्त्री यस्तो स्थिति भइसक्यो जोगीदेखि भैंसी तर्से, भैंसीदेखि जोगी तर्से भइसक्यो अर्थ मन्त्रीज्यू । सरकार सदन र सरकारको बीचमा जोगीदेखि भैंसी तर्स्या, भैंसीदेखि जोगी तर्स्या भन्ने अवस्था आइसक्यो । यो अवस्थालाई तपाई कसरी कुशल व्यवस्थापन गर्नुहुन्छ ? तपाई कस्तो किसिमको दूरदर्शिता देखाउन सक्नुहुन्छ ? हामीले देखेका छौं, सरकार पक्ष एकदम कुर्ची पावर, जे निर्णय गर्‍यो, जे सरकारले आफ्नो अडान लियो, त्यही सदनलाई लागु गर्न खोजन खोज्दैछ । त्यसैलाई निर्णयमा लिन खोज्दै छ । तर नेपाली कांग्रेस प्रतिपक्ष त्यो कुर्ची पावर हैन । सरकारले त क्यापिटल पावर देखाउनु पर्छ । सरकारले त अवश्य पनि प्रदेशको समृद्धि, प्रदेशको विकास, प्रदेशको रोजगार, प्रदेशको गरिबीलाई अन्त्य गर्नको निमित्त क्यापिटल पावर देखाएर अगाडि बढ्न सक्नु पर्छ तर सरकारले यहाँ पेश गरेका जे जति योज, केरे चाहे अर्थ मन्त्रालयको होस् चाहे भौतिक त भोलि आउँदैछ । चाहे उद्योगको होस्, चाहे सामाजिक होस्, चाहे चाइ केरे कृषिको होस्, चाहे भोलि आउनेहरू पनि को यो किताबहरूले के देखाएको छ भने मन्त्रीज्यू नरहे बाँस, नबजे बाँसुरी । बाँस पनि रहँदैन, बाँसुर पनि बज्दैन । तपाईहरूको यो किताबले, तपाईको यो प्रस्तुत बजेटले, सरकारले ल्याएको नीति कार्यक्रमले, कर्णाली प्रदेशमा नरहे बाँस नबजे बाँसुरी को अवस्था आइसक्यो । यस्तो गम्भीर भएर अगाडि बढ्न म आग्रह गर्दछु । सरकारको ध्यान आर्कषण गर्न चाहान्छु । अवश्य पनि सरकार दुरदर्शीता र कुशलताको हैसियदले यो सम्पूर्ण यो बजेटको पुस्तिकाहरूलाई, बजेटको किताबहरूलाई अगाडि लिएर आफूले आत्मसम्मानका साथ आत्माबोध गरेर अगाडि लिएर सच्चाएर आवस्, नेपाली कांग्रेस स्वागत गर्दछ । यदि सच्चाएर आउँदैन भने यहि प्रकृतिको बजेटलाई नेपाली कांग्रेस सर्मथन गर्न सक्दैन । नेपाली कांग्रेसलाई नाग टाँसे झैं यी किताब लिएर जनता जनताको घरघरमा, दैलो दैलोमा, विद्यालयमा, चोकहरूमा टाँस्न बाध्य नपारियोस्, सरकारसँग आग्रह गर्दछु । म यति भन्दै समय पनि धेरै केरे कम छ, बत्ती पनि बलिसकेको छ । हामीले सम्मान गर्दछौं । अर्को कुरा म भन्न चाहान्छु सभामुख महोदय । यहाँ संसदीय मर्यादाका कुरा पनि उठछन्, यो नियमावलीको परिच्छेद १९ को धारा १४८ अहिलेसम्म किन सुतेको छ ? किन कुम्भकरणको निद्रामा छ ? यसको लागि पनि सम्पूर्ण सम्मानित सदनको ध्यानार्कषण हुन जरुरी छ । यति भन्दै हवस् अहिले बिदा हुन्छु । अब के भन्दिऊँ दुःख नमान्नु होला । अब धन्यवादै भो । जय नेपाल । जय नेपाल ।।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७६ अन्तर्गतको आर्थिक मामिला तथा योजना मन्त्रालयको शीर्षकहरू माथिको छलफलमा भाग लिन चाहानु हुने माननीय सदस्यहरूले रोस्टमको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीहरूकोमा नाम टिपाउनु होला । अब माननीय श्री चन्द्रबहादुर शाही ।

**माननीय श्री चन्द्रबहादुर शाहीः** सभामुख महोदय, खैके खैके, कहिलेकाहिँ मन्त्रालयको शीर्षकमाथि छलफलको तयारी गरेर आउँदा बुक आएको हुँदैन । कहिलेकाहिँ प्रीजन हलमा राखिएका यजेण्डा हटाइएका हुन्छन् । अब यो सरकारको खैके खैके सभामुख महोदय, आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले जुन टेबुल गर्नुभएको सम्मानित सदनमा विनियोजन विधेयकहरूमाथिका विभिन्न मन्त्रालय अन्तर्गत छलफल भइरहेको छ । आज हामी आर्थिक मामिला तथा योजना मन्त्रालयकै विषयमा हामी छलफल गर्दै छौं । माननीय मन्त्रीज्यूले कडा मेहेनतका साथ यो कपि हामीलाई उपलब्ध गराउनु भको छ । यो कपिको म स्वागत गर्छु, सम्मान गर्छु । तर यो कपिप्रति, मन्त्रालयप्रति, सरकारप्रति, मेरा केही विमतिहरू छन् । केही सुझाबहरू छन् । सभामुख महोदय, नेपाली जनताले तिरेको तिरो जम्मा भएको पैंसामाथि हामीले राज गरेर, राज जमाएर त्यहि जनतामाथि दोहन गरिरहेका छौं । सभामुख महोदय, हामीले गत सालभन्दा यो साल केही सुध्रिएर आउँछ भनेर हामीले सुनिरहेका थियौं तर गत साल ६ करोड चालु खर्चमा बजेट विनियोजन भको थियो भने यो साल त्यसको दोम्बर मात्र हैन, अझै बढाएर चालुमा १३ अरब बजेट विनियोजन गरेर आएको छ । त चालु खर्चले कर्णालीबासी जनताको सम्बृद्धि हुँदैन । कर्णालीबासी जनताको प्रगति त हुँदैन र त्यसो भएकोले आज सरकारले जनताका आयआर्जनसँग गाँसिएको कुरा, यो प्रदेशले रोजगारी उपलब्ध गराउने कुरामा सरकारको ध्यान नगइकन, आज कपास उद्योग, स्याउ उद्योग, किमी उद्योग लगायत कर्णालीमा सिमी उद्योगदेखि लिएर अरु थुप्रै उद्योगहरू सम्भावना नै सम्भावना भएको अब प्रदेश हो ती कुरामा छाडेर, यहाँ मिस्त्री लगाउने उद्योग, सुन अब छान्ने उद्योग भनेर सरकार अलमलिरहेको अवस्था हो । हाम्रो भनाई संसदको भनाई के रहेको छ भने अर्थ मन्त्रालय भनेको आर्थिक व्यवस्थापनको मेरुदण्ड हो । आज यी कुरामा किन ख्याल गरिएन ? जनताले रोजगारी पाउने कुरामा, यो प्रदेशले फड्को मार्ने कुरामा अर्थ मन्त्रालयको ध्यान किन गएन । जानु पर्थ्यो, आज सबै मन्त्रालयहरू छाडा छन् । एक मन्त्रालयले अर्को मन्त्रालयसँगको कोअर्डिनेशन देखिदैन, सरसल्लाह देखिदैन । आउँदाखेरि कमसेकम आफूले तयार गरेको बुकहरू पनि हेरेर यँ मन्त्रीज्यू आएको पाइँदैन । यो छाडा किन भइरहेको छ ? यो जिम्मेवारी अर्थ मन्त्रालयको हो कि हैन । त्यो भएकोले यस विषयमा अर्थ मन्त्रीज्यूको गम्भीर ध्यान जानुपर्छ भन्ने मलाई लागेको छ । अहिले लास्ट आवरमा आएर हिजो बजेट विनियोजन भएका शीर्षकबाट मनपरि ढङ्गले रकम अनेत्र सारिरहेको अवस्था देखिन्छ । हिजो आवश्यक थिएन कुनै पनि अब योजनामा आवश्यक थिएन तर आवश्यक नभएको ठाउँमा योजना हालियो, अहिले त्यो ठाउँबाट त्यो शीर्षकबाट अर्को ठाउँमा धमाधम सारिएको छ तर अर्थ मन्त्रालय रमिते भएर हेरिरहेको छ । हाम्रो विमति यहाँनिर हो । त त्यो भएकोले मन्त्रीज्यूहरूले, सरकारले आफ्नो हात जगनाथ गरेर बजेट नीति विपरीत आएको कुरा छ । बजेट मन्त्रीमुखी आएको छ, बजेट जनतामुखी आउन सकिरहेको छैन । जनतामुखी बजेट ल्याउनको लागि सरकार तयार पनि देखिएको छैन । जनतामुखी बजेट ल्याउनु पर्‍यो । सबै संसदको सांसदज्यूहरूको भनाई यही थियो कि जनतामुखी बजेट भएन, जनतामुखी बजेट आउनु पर्छ भन्ने कुराहरू म यहाँ सुझावको रूपमा राख्न चाहान्छु । मैले एउटा मन्त्रीज्यूको हिजोअस्तिको जुन जवाफ हामीले सुन्यौं, मलाई के लाग्यो भने मन्त्रीज्यूका धाकभन्दा धक्कु ठूला मन्त्रीज्यूका धाकभन्दा पनि धक्कु ठूला, हिंड्दाखेरि खुट्टा लुला । धागभन्दा धक्कु ठूला हिंड्दाखेरि खुट्टा लुला । त्यो अवस्था यहाँ सिर्जना भएको छ । त्यो भएकोले यो यतातिर ध्यान जानु पर्छ भन्ने कुराहरू रहेको छ । अर्को यो जुन अर्थ मन्त्रालयले प्रोजेक्ट बनाउने

प्रोजेक्टलाई सफल पार्ने भनेर भनिएको छ सकभर त यो प्रोजेक्ट बैंकलाई राष्ट्रिय योजना आयोगमा राख्ने र अनि यो प्रोजेक्टै प्रोजेक्ट भएको प्रदेश हो, यले प्राइभेट सेक्टर र वैदेशिक लगानीकर्तालाई आकर्षण गर्नलाई जुन किसिमले यलाई हामीले ध्यान दिनुपर्ने यलाई प्रसय दिनुपर्ने त्यो दिएको देखिदैन र अर्को कुरा यहाँ कर्णाली हवाई जहाज उपलब्ध गराउने भन्ने कुराहरू यहाँ आएको छ । सा.ने.बा.नि.मा काम गरेका र त्यो मन्त्रालयले हेण्डिल गरेका मन्त्रीज्यूहरू हाम्रो अगाडि हुनुहुन्छ । विज्ञ मन्त्रीज्यू यहाँ हुनुहुन्छ । आज सा.ने.बा.नि. केरे अब सानेबानि त्यो जुन संस्था हो, आज त्यस्तो अवस्था कुन अवस्थामा उभिएको छ ? राज्यलाई, राज्यलाई कति अप्ठारो परिस्थिति बनेको छ ? अब यस विषयमा हामीले गम्भीर ध्यान नदिइकन हामीले कर्णाली हवाई जहाज सञ्चालन गर्ने कुरामा अग्रसर भएर बजेट विनियोजन गरेर फेरि पनि कर्णाली प्रदेशलाई अब डुबाउने, वर्षैभरि अनि बजेट जति त्यही जहाजलाई हाल्ने अवस्था आउन सक्छ । त्यो कुरामा ध्यान जानुपर्छ भनेर मैले सुझाब राख्न चाहे हस्त, धन्यवाद ।

**माननीय सभामुखः** अब माननीय श्री झोवा वि.क. । यसपछि माननीय श्री अम्मरबहादुर थापा तयार रहनुहोला ।

**माननीय श्री झोवा वि.क.:** सभामुख महोदय, यो आर्थिक वर्ष ०७६/०७७ को हाम्रो आर्थिक मामिलाको मन्त्रीको तै कार्यक्रममा म भाग लिएको छ । आज म यति खुसी ना धेरै छ । हामी कुनाकोप्चोमा बसेको मान्छेलाई जहाँज देखे छैन, प्लेन देखे छैन, अब त प्लेन पनि चल्ने भयो, हेलिप्याड पनि जाने भयो, यत्ति मलाई खुसी छ कि अब भोलिबाट हाम्रो जनतालाई चाहिँ माथिबाट प्लेन बसाल्न्या, हेलिकप्टर बसाल्न्या चाहिँ बसाल्ने बनाउनु पऱ्यो । यत्ति खुसी म त खुसीले क्या गचगच छ । अब यता महिलालाई पनि सुक हुन्या, छोरी, पहिले भन्छन् छोरा पायो कि छोरी पायो भन्छन् । छोरा पाएपछिमा राम्रो हो, छोरी पायपछिमा अपुरी हो भन्छन् । छोरी पाउनेवित्तिकै भर्ता पाएपछिमा हामी त छोरीछोरी पाउने ईच्छा छ अब । अब हामीले त पाउने छैन । अब हाम्रो छोरीबुहारीलाई सिकाउने थियो । अब छोरा भएपछिमा फाल, छोरी भएपछिमा पहिला चेक गर, छोरी पाएपछिमा राख, भन्ने थियो । पहिलो छोरा फाल्छन् त्यही छोरी फाल्छन् छोरा राख्छन् । आब त छोरी राख, छोरा फाल्छन् भन्ने हो । खुसीको पर मत्तरी आज खुसीको खबर म सुनाउछु । हिजो दुःखको खबर सुनायो, जुरायो । आज फेरि भोलि मोटाउने हो । अब भोलि मोटाउछन् । अब जेसुकै घरमा आइसकेपछिमा हामी खुसी नभएर के गर्ने त ? अब दलितलाई पनि आइसक्यो, महिलालाई पनि आइसक्यो, अनि यो जनजातिलाई कुनाकोप्चामा आएकोलाई हेलिकप्टर, अनि प्लेन आएपछिमा हामी खुसी नगरे को गर्ने हो त ? हाम्रो माथितिर अब बाटो सुरु गर्नुपऱ्यो । पहिला यो तै क्या रे, त्यइमा रारा पर्यटन त्यइ नयाँ वर्षमा हामी उदघाटन हाम्रो मन्त्री त्यइ केरे प्रधानमन्त्री आउनु उद्घाटन गर्न बेलाला नाक्चे नाका खोल्ने हो भनेर हामीले त्यति बेलाला आसपासन खुसी कति दिए त । अहिलेसम्म केई त के अझ केहि सुक्को पनि नाक्चेला खुले छैन । अब यो खुसीको खबर सुन्यो, त्यइले फेरि खुसी हुने हो कि अझ काम रोक्ने हो कि थाहा छैन । काम गरे त्यसै हुने हो, यो तै केरे १७ चाहिँ गाडी अब सबैलाई पाइसकेछ अब हामी चाहिँ २३ जनालाई गाडी छैन, बरु हेलिकप्टर किन्नु, बरु तै प्लेन तै पछेर गरे भ त । हामी चाहिँ १ घण्टा लुलुक लुलुक पानीभित्र अनि पसिना आउँदै चाहिँ हामी खाल्डोखुल्डोमा हिंडिराख्याछ । बरु हामीलाई चाहिँ एक गाडी किनेपछिमा हामी सबै सरसल्लाह गरेर त्यही गाडीमा चडेर आउने थियो । हामीलाई यो पनि तै केरे माथि गाउँको सपना देख्नुभन्दा हाम्रो पनि सपना देखेर हुनेथियो । अब हाम्रो केही सपना देखिएन, हामीलाई पनि दुःख छ । अनि यो पहिला चाहिँ यो माथितिर हाम्रोतिर हेलिकप्टर, यो प्लेन आएपछिमा हामी काहाँ काहाँ हेर्न आउछु । के छ कसो छ भनेर आब त घरदैलोमा आइसकेपछिमा हामी खुसी नगरे को गर्ने होला ? अब यति किताबमा आइसक्यो हामी त खुसी नै छ । हवस् । धन्यवाद ।।

**माननीय सभामुखः** माननीय श्री अम्मरबहादुर थापा । यसपछि माननीय श्री पदमबहादुर रोकाया तयार रहनु होला ।

**माननीय श्री अम्मरबहादुर थापाः** माननीय सभामुख महोदय, आज आर्थिक मामिला तथा योजना मन्त्रालयको बजेटमामाथि छलफल गर्दैछौं । दफावार छलफलमा सहभागी छौं । मैले यो बजेट पढें, बजेट पढ्दाखेरि अर्थ मन्त्रालयले यस्तो बजेट बनाउछ कि बनाउदैन मलाई थाहा भएन । अर्थ मन्त्रालय भनेको यो प्रदेशको ढुकुटीको मालिकै हुन्छ । अरु मन्त्रालयले त अर्थ मन्त्रालयले दिएपछि त पाउने हो । हैन भने वित्तीय अनुशासन र मर्यादा अर्थ मन्त्रालयमा हुन्छ । जब अर्थ मन्त्रालयले वित्तीय अनुशासनको मर्यादा गर्दैन, त्यो ठाउँमा अनेत्र अरु मन्त्रालय पनि त्यस्तो किसिमको छाडा अवस्था हुन्छ । त्यसकारणले मैले अहिले यो प्रदेशमा देखिराछु कि योजना बनाउँदा अथवा बजेट वक्तव्य गर्दा कुनै कसैलाई थाहा हुँदैन । प्रधानमन्त्री अथवा मुख्यमन्त्री र अर्थ मन्त्रीलाई मात्रै थाहा हुन्छ । त्यो लक गरिन्छ भन्ने छ त्यो लकमा साँचो दुई जनासँग पनि हुँदैन, त्यो मुख्यमन्त्रीसँग पनि हुँदैन । निर्देशन मुख्यमन्त्रीको अनुसारको योजना बन्छ तर अर्थ मन्त्रीको त्यो लक अर्थ मन्त्रीसँग हुन्छ । यो लक त पहिलै खुलिजान लाग्यो । त्यसकारणले साँच्चिकै यो बजेट यो जुन ३३ अर्बको बजेट छ, यो जुन किसिमले अहिले हामीकहाँ छलफल, दफावार छलफलमा आको छ । यति वित्तीय अनुशासन र मर्यादाभन्दा बाहिर गको छ कि अब यो सांसदहरूले बारबार कुरा उठाइराख्नु भाछ । योजना आयोगको हेर्दा के हो त्यो चिरपटो अघि चाहिने हाम्रो नागपञ्चमी बाँड्ने भनेर भन्नु भो हाम्रो माननीयज्यूले । योजना आयोगको त दास्रो किताबै हुन्थ्यो । अर्थ मन्त्रालय र योजना आयोगले भाग–२ निकाल्थे र म कुन–कुन मन्त्रालयलाई कसरी वितरण गर्ने भन्ने हुन्थो । यहाँ त प्रत्येक मन्त्रालयलाई सिलिङ्ग त्यो पनि समय कति थियो ? के थियो ? समय छ कि छैन । अनि सिलिङ्ग दिइसकेपछि फटाफट उनले योजना बनाउने अहिले मन्त्रीज्यूहरू भन्नुहुन्छ, हामीले बनाएको योजना हामीले लागु गर्न पाएको भए यो प्रदेशलाई त सुन्दर बनाइदिन्थ्यौं । यो त हरेक किसिमको दबाफ हुन लायो, दबाफ मात्र भन्नुहुन्छ योजना आफै बनाउनु भाछ हाम्रो माननीयहरू । बजेट पास गर्ने, थपडी गर्ने, थपडी बजाउने मात्रै साधन हो भन्ने महशुस भइराछ । मैले सुने, मन्त्रीज्यूहरूका पनि कुरा सुने, जति कराउँछन्, त थपडी त्यहाँ कराउने हुन् लास्टमा थपडी नबजाई सुक्क छैन । त्यसकारणले यदि वित्तीय अनुसाशनबाट बाहिरगएको बजेटलाई थपडी बजाउने कि नबजाउने यहाँ समस्यामा छौं । हामी वित्तीय अनुशासन, मर्यादा कायम भएन भने अनि त्यो बजेटलाई के भन्ने आफू तजित जनताको तिरो तिरेको पैसा भनिहाल्नु भो पूर्व माननीयज्यूले त्यो तिरो तिरेको पैसामा एउटा संस्थागत मर्यादा संस्थागत रूपले अगाडि बढ्ने कुरा त्यो भएन भने असम्भब हुन्छ । त्यसैले जले ३३ अर्ब रुपैयाँ बाँड्दै छ उले छुट्टैछुट्टै योजना । अहिले त चाहिने केरे कति सल्लाह भए, क्षेत्र विकास भनिएको पूर्वाधार कार्यक्रम अर्थ मन्त्रालयबाट पाउने, त्यहाँ के हामी ईन्जिनियर पाउने कि नपाउने ? १ अर्ब २० करोड अथवा त्यो कुनै मन्त्रालय प्रविधिक रूपले असक्षम छ भने त्यो विभाजन गर्न पर्‍यो । वास्तवमा यहाँ समस्या पनि छ । कुनै मन्त्रालय १ अरबमा पर्ने कुनै मन्त्रालयमा १० अरब जानेछ भने क्याविनेटमा बसेर कसको कसको कार्य विभाजन गर्न पर्‍यो । सिंचाई कृषि मन्त्रालयलाई दिएपछि हुन्छ भने त्यो सिचाँई कृषि मन्त्रालयको भागमा अलि ठूलै डल्लै लाग्छ कि त्यसकारणले यो कार्यविभाजन यो सरकारले गर्न पर्ने हो । अब हामीले यो रोस्टमबाट भन्नु पर्‍यो कले कति सक्छ त्यो भित्रका क्याविनेटमा रहेका मन्त्रीहरूले कले कति काम गर्न सक्छ भने कुराको समीक्षा त्यो क्याविनेटले गर्न पर्न हो । कार्यविभाजन त हामीले गर्न मिल्दैन त्यो भाको हुनाले यो वित्तीय मर्यादालाई उलघङ्ग गर्नु हुँदैन । वास्तमै मैले बुझेको त के हो भने सबै कुरा प्रमुख जिम्मेवारी माथि प्रधानमन्त्रीको र अर्थ मन्त्रीको यहाँ मुख्यमन्त्रीको र अर्थ मन्त्रीकै हो । मुख्यमन्त्री र अर्थ मन्त्रीको सल्लाह निर्देशन यो तरिका यो मोडालिटी यो योजना भन्ने कुरा प्रमुखले त बोल्न पाउनु

पऱ्यो । त्यो बनाइसकेपछि त्यसको डाइरेक्सनमा अर्थ मन्त्रीले सबै योजनाहरू बनाउनु पर्छ । तर त्यो जब हामी पास गर्छौं प्रधानमन्त्री मुख्यमन्त्रीले मलाई यो बजेट चाहियो भनेर पाउनुहुन्न । अर्थ मन्त्रालयको अनुमतिबिना प्रत्येक मन्त्रालयले, अर्थ मन्त्रालयको अनुमति र सहमति बिना कुनै बजेट खर्च गर्न पाउदैन । त्यसकारणले यो वित्तीय अनुशासन मर्यादा यस अर्थमा रहन सक्छ । त्यसकारण मैले आग्रह गर्न चाहान्छु तपाईले योजना बाँड्नुभन्दा पनि बजेट बाँड्ने हो तपाईले कुन मन्त्रालयले के गर्न सक्छ ? त्यो क्याविनेटमा राखेर कले के गर्न सक्छ, सक्दैन भनेर त्यो क्याविनेटको निर्णय गरेर त्यस, त्यस अर्थमा बाँड्न पर्नेमा, यहाँ कले कति ओटा योजना, सडक कले चलाउने, कले खानेपानी चलाउने, कले सिचाँई चलाउने, प्राविधिक रूपले कहाँ कहाँ त्यहाँ सबै कुराहरूले पुग्न सक्छ सक्दैन, पैसा बाँडेर योजना चल्दैन । त्यसको व्यवस्थापन चाहिन्छ । अब कृषि मन्त्रालयले सडक बनाउने भन्दिएपछि त बर्बाद भएन ? सडकको प्रविधिक त्यहाँ सबै ज्ञान भएको ईन्जिनियर, डिई, डिभिजन ईन्जिनियर चाहियो कि चाहिएन ? त्यहाँ त्यो पुऱ्याउन सक्छौं कि सक्दैनौं । त्यसकारणले यो विषयमा यो अवस्थामा वित्तीय अनुशासन र मर्यादालाई अगाडि बढाउनु पर्छ भन्ने मेरो मान्यता हो । दोस्रो कुरो म अर्थ समितिको अध्यक्ष हुँ । मैले अर्थ समितिबाट २/३ वटा कुरा निर्देशित गरेको थियौं हामी अर्थ समितिको निर्णयले । हामी सबै सदस्यहरूले सहमतिका साथमा हाम्रो अर्थ समितिले एउटा निर्णय गरेर पठाएको थियौं । अहिलै यो कर्णाली प्रदेश निर्माण गर्ने हो भने यो वितरणमुखी योजना नबनाऔं र यो कर्णाली प्रदेशको उन्नति, प्रगतिका निमित्त कुन कुन काममा अगाडि बढ्न सकिन्छ, यो योजनाको ब्याङ्क बनाएर अगाडि बढौं भन्ने एउटा थियो । दोस्रो कुरा योजनाको ब्याङ्क बनाउँदा पनि हामीले यो यो क्षेत्रमा जानुस् है । जलश्रोतमा कति ? छुट्टाउनुस् । त्यसबाट हामीलाई हामी आर्को आर्केमा परनिर्भर मात्रै हुने, हामी आफू आत्मनिर्भर हुन सक्नका लागि भोलिको यो प्रदेश अगाडि बढ्न सक्छ । उद्योगको क्षेत्रमा यसरी लगानी गर्नुस् । अनि पर्यटनको क्षेत्रमा यसरी लगानी गर्नुस् र कृषिको क्षेत्रमा यसरी लगानी गर्नुस् । यो चार वटा कम्पोनेन्टलाई तपाईहरूले कुनै हालतमा पनि बिल्कुल यो वर्षको बजेटलाई त्यता लक्षित गरेर अगाडि बढ्नु भो भने बल्ल यो हाम्रो पर्यटन अथवा देखि लिएर सबै यो प्रदेशको जीवनस्तरमा माथि उठ्न सक्छ भनेर हामीले निर्देशित गरेका थियौं । अर्थ समिति भनेको पनि यस्तै काम गर्ने हो । स्रोतको पहिचान गर्ने, स्रोत अर्थ तथा स्रोत परिचालन समिति भनेको छ । हाम्रा कुरालाई उलङ्घन गर्दै अगाडि बढ्ने प्रवृत्तिले यो सरकारको त्यसै अर्थमा वित्तीय अनुशासनलाई मर्यादा भएन । तपाईहरूले के बनाउनु भो ? पर्यटनलाई यहाँ बनाउने हो कि यो पर्यटनलाई यो यो बनाउने ठूला मेगा रूपले चाहिने रारा छ, काँक्रिबिहार हाम्रो सर्किट एउटा सर्किट निर्माण गरेर त्यो सर्किटमा खर्च गर्ने हो कि गाउँगाउँ बाँड्ने हो । के गाउँगाउँमा सबै पर्यटन सुन्दर अब अमेरिका बनिसक्यो हाम्रो कर्णाली प्रदेश ? छैन । हामीले मुख्यमुख्य कुराहरूलाई ध्यान पुऱ्याउन सकेनौं, कृषिको क्षेत्रमा ध्यान पुऱ्याउन सकेनौं । त्यसैले यी हरेक क्षेत्रमा ध्यान पुऱ्याउनलाई अर्थ मन्त्री र मुख्यमन्त्रीले यसको नियन्त्रण गरेर योभन्दा अगाडि बढ्न पाइदैन भनेर निर्देशित गर्नपर्ने हो । यदि त्यो निर्देशन नमान्ने मन्त्रीले एक मिनेट पनि त्यहाँ बस्न पाउँदैन (समयलाई ध्यान दिऔं समयलाई ध्यान दिऔं माननीय सदस्य) । निर्देशन पालना नगर्ने मन्त्री यसरी एक मिनेट अगाडि बस्न पाउँदैन । त्यसकारणले यो वित्तीय अनुशासनलाई मर्यादाका साथ फेरि पुनः पनि यसलाई अगाडि बढाउने प्रयत्न गरौं । धन्यवाद ।।

**माननीय सभामुखः** माननीय श्री पदमबहादुर रोकाया । यसपछि माननीय श्री रातो कामी तयार रहनुहोला।

**माननीय श्री पदमबहादुर रोकायाः** माननीय सभामुखज्यू हामी आज आर्थिक मामिला मन्त्रालयको विषयमा यहाँ भाग लिइरहेका छौं । आर्थिक मामिला मन्त्री भनेको कर्णाली प्रदेशकै ०७५/०७६ को २८ अर्ब २८ करोड ०७६/०७७ को ३४ अर्ब ७५ करोडको एउटा घरिना भन्नुपर्छ । बैंक मेनेजर भन्नु पर्छ र साधारण हिसाबले घरको घरिना भन्नु पर्छ । घरिनाले जथाभावि बाँड्न खोज्यो भने घरिनाल उ घरिना के हुन्छ त्यो

आफै थाहा हुन्छ । अब ०७५/०७६ मा २१ अर्ब २४ करोड रुपैयाँ पूँजीगत थियो भने चालु ०७६/०७७ मा २१ अर्ब २९ करोड भयो र पूँजीगततर्फ ५ अर्ब मात्रै बढ्यो र चालुतर्फ ०७५/०७६ मा ६ अर्ब थियो भने लगभग ०७६/०७७ मा १३ अर्ब भएको छ । ७ अर्ब रुपैयाँ बढ्दाखेरिमा पूँजीगत ६ करोड बढ्यो चालुतर्फ ७ अर्ब बढ्यो भने अनि यो कर्णाली प्रदेशको समृद्धि कसरी अगाडि जान सक्दछ ? चालु भनेको त यो होटलमा यति, यो कार्यक्रमा यति, यो कर्मचारीको यति, यो शुभ होटलमा यति, सिदार्थ होटलमा यति भन्ने त्यहि होला त्यहिमा खर्च हुने होला पूँजीगत भनेको त खानेपानी, सिंचाई, सडक, विघुत त्यसमै खर्च हुने होला । अनि जनतालाई होटलमा कार्यक्रम गरेर फाईदा होला कि बाटो, सिंचाई, खानेपानी दिए फाईदा होला भने बाँड्न त जति पनि बाँड्न सकिन्छ । १ खरब रुपैयाँको बजेट ल्याउनुस् म बेलुकासम्म सबै टुङ्गाइदिन्छु । भौतिक मन्त्रीले एक हप्ता भो अहिलेसम्म बाँड्न सक्यानाई अझ । १ खर्ब ल्याउनु बेलुकासम्म म बाँडिदिन्छु । बाँड्नलाई के छ ? मिलाउनलाई के छ ? प्रमाण पेश गर्नु छैन त्यहाँ, अगाडि त्यो घण्टशंख राख्नु पनि छैन, फटाफट बाँड्नु पर्ने त हो । त्यसै कारणले म एउटा सानो उदारण दिन्छु । एउटा घरमा २५/३० जनाको परिवार रहेछ त्यो घरकी घरिना चाहिँ सासु माँ हुनुहुदो रहेछ । अब उनी बूढी भइसकेपछि ऊ स्वर्गीय भइसकेपछि अब घरिना कसले लाने ससुराले को बुहारीलाई घरिना लगाउने भनेछन् । घरमा सात ओटा बुहारी रहेछन् हाम्रो कर्णाली प्रदेशको अहिले यो नेपालको सात प्रदेश जस्तै सात ओटा बुहारी रैछन् । पहिला जेठी बुहारीको पालो गरेछन् । जेठी बुहारीभित्र अब त्यति खेरको मासु भनेको त खीर मासु भनेको त अहिलेको साधारण भयो, चाड पर्वमा दशैंमा खाने हो मासु। ठूलो परिवारलाई ५/१० किलो मासु ल्याएछन् । ताउलोमा पकाएछन् बुहारीको विचार गर्नलाई अनि पहिला जेठी बुहारीको पालो गरे जेठी बुहारी गइन् अनि माइली बुहारीबाट ढोकामा हेर्दैछन र जेठीले के गर्छन् त्यहि अनुसार म गरुँला भनेर अनि माइली बुहारी त ढोकामा लागेर हेर्दैछन् जेठी बुहारीभित्र गइछिन् । ठूलो बटुको लिएर सबभन्दा बढी मासु एक भाग लुकाइन् उनले त्यो घरिना लाग्नेले मासुको बटुको लुकाइहालिन् अनि माइली बुहारीले देखी अब जेठीले लुकाई अब म पनि लुकाउँछु । माहीली बुहारीले पनि त्योभन्दा सानो बटुको लिएर त्यो पनि लुकाइन् उनले गर्दा गर्दा ठ वटा ६ ओटा बुहारीले लगभक २ तिहाई रित्याई सकिन त्यो भाँडो मासुको । एक तिहाई मात्रै बाँकी छ । अनि कान्छी बुहारी गइन् कान्छी बुहारीले बटुको पनि लिइनन्, लुकाउने विचार पनि थिएन, साधारण उले झोल मुखमा हालेर बटुकामा चाखिन नून भएको नभएको । नुन अलि बढी देखेर उनले पानी हालिन् अनि घरका परिवार आएर मासु खाउँ भन्दाखेरिमा सबै लुकाइहाले के खाने ? अलि अलि मात्रै भाग पऱ्यो, भागमा पऱ्यो । कसैले चित्त बुझाए, कसैले चित्त बुझाएनन् । त्यस्तै कर्णाली प्रदेशमा हुन लाग्यो अहिले, यहाँ त भनो भनो कि तार, जसका मौका पऱ्यो उही फेरि हामी हुन्छौं या हुदैनौं, आउछौं या आउदैनौं, आउन दिन्छन् या दिदैनन् मौको यतिखेरै हो । भने जस्तै त्यही कर्णाली प्रदेशमा अहिले हुन लाग्यो । पहिला हामीले सोचेका थिएम् हामी भर्खरै माननीय आहाम्, केही माननीयज्यूहरू त पुरना आउनुभएको छ यहाँ । हामी त राजनीतिमा त पुरानै हौं तर संसदमा नयाँ थिएम् हामी राजनीतिमा केहि न केहि तयहरूमा पुरानै जस्तै छम हामी । संसदमा नयाँ भएको अनुभव नभएको हुनाले हामीले नयाँ संघीयता, नयाँ माननीय, नयाँ मन्त्री केही जानेबुझेका थिएनौं । अर्को वर्ष त अब बुझ्दै आउला जानौंला । कर्णाली प्रदेशको समृद्धि हुन्छ होला जस्तो लाग्यो हामीले तर माननीयज्यू त सुधारिदै आउनुभयाको सबै बोलाइ, चलाइ, हिंडाइ, डुलाइ, लवाइ, खवाइ अनुशासन धरै सुधारिसकेका छन् तर मन्त्री चाहिँ यी देवीदेउताको लागो लागेका हुन् कि उल्टाउल्टा विफराविफरामा हिंडाउन लाग्या । जब अर्को वर्ष आउँछ, उल्टो, उल्टो यिनीहरूको खोपडीमा के भो यो त्यसैकारण यिनी त अब कि यिनलाई सुधारखानामा हाल्नुपऱ्यो कि देवीदेउता पाठो परेवा लिई देवीदेउता हेराउन जानु पऱ्यो अब । त्यो बाहेक अरु रहेन अब त्यसै कारणले अब यो आर्थिक मामिला

मन्त्रीज्यू अनुभवि हुनुहुन्छ योभन्दा अगाडि संसदमा माननीय भइसकेका, सभापति पनि भइसकेका समितिको, अलि विज्ञ हुनुहुन्छ सोचेको थियौं, यो तरिकाले भएन मन्त्रीज्यू, तपाईहरूलाई अनुरोध गर्दछौं, जथाभावि दिनुभएन यहाँ, जथाभावि दियो भने घर रित्तिन्छ, घर रित्तियो भने पाउना कसरी पाल्ने ? छोराछोरी कसरी पढाउने ? कसरी लेखाउने ? त्यसै कारणले अलि समयमै होश गर्नुपर्‍यो । त्यसै कारणले हामी एउटा उखान छ, नपाउनेले पैसो पायो उई पैसो हरायो । त्यस्तै भयो अहिले, कहिले त्यो पैंसो हराउने, पायाछौ कैले पैसो हराउने हो त्यो । हामीलाई केही आतुर छैन । राम्रो काम गर्नुहोस् कर्णाली प्रदेशको जनजीविकाको सवाल, महिलाको सवाल, दलितको सवाल, बालबालिकाको सवाल, पिछडिएको क्षेत्र छ काम राम्रो गर्दै जानुहोस् ५ वर्षसम्म चलाउनुहोस् सत्ता, केही हामीलाई छैन, माननीय भएकै छौं, हैन भने मन्त्रीज्यू यही चाल हो भने पछि त आज हो कि भोलि । दिन गन्ति गन्न सुरु गर्नुपर्ने अवस्था आउँछ । मैले भनेको हैन, सबै माननीयले भनेका छन् । कोहि माननीयले कोही पोजेटिभ भनेका छन् ? भनेकै छौन्न । सबै नेगेटिभ, तपाई रिस मानेर हैन, दया मानेर हैन, तपाईको व्यवहारले ढाया देखियो व्यवहारले । यहाँ त्यसै कारणले कर्णाली प्रदेश सरकार हामी सबै प्रदेशभन्दा कमजोर प्रदेश हो । यो प्रदेश रुपान्तरणको पर्खाइमा छ, आर्थिक समृद्धिको पर्खाइमा छ, यहाँ धेरै आवश्यकता छन् यहाँ । तपाईहरूलाई सब थाहा छ, सिचाँईको आवश्यक, खानेपानी आवश्यक, विद्युतको आवश्यकता छ । पैंसा छ १०२ माननीय छन् अरु प्रदेशमा, ८३ जना माननीय छन् अरु प्रदेशमा, हामी ४० जना छौं । भाग त हामी त्यही पाएका छौं हामीले । अरु प्रदेश बराबर भाग पाएका छौं हामीले तर जति भए नि पुग्दैन । यो त के भो ? भुसमा आगो लागे जस्तै भयो यो । बालुवामा पानी हाले जस्तै भयो यो । त्यसै कारणले हाम्रो कर्णाली प्रदेशका सरकार मन्त्रीज्यूहरू तपाईहरूलाई नै आग्रह गर्न चाहान्छु, अनुरोध गर्न चाहान्छु, तपाइहरू समयमै हेक्का गर्नुहोस् । यदि समयमै हेक्का गरिएन भने पछि पछुताउनु होला, पर्ला ? त्यसै कारणले म यति भन्दै म आफ्नो भनाई यहि राख्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री रातो कामी । यसपछि माननीय श्री करवीर शाही तयार रहनु होला ।

**माननीय श्री रातो कामीः** माननीय सभामुखज्यू, आज हामी आर्थिक मामिला तथा योजना मन्त्रालयको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक कार्यक्रमका बारेमा हामी छलफलमा छौं र योसँग सम्बन्धित केही कुराहरू म राख्न चाहान्छु । पहिलो कुरा त कर्णाली प्रदेशको वित्तीय अनुशासन कायम गर्ने मन्त्रालय पनि पर्‍यो । विभिन्न मन्त्रालयलाई यसले गाइड गदर्छ । र आर्थिक मामिला तथा योजना मन्त्रालयले आफ्नो चालु खर्चका अलवा २ अरब ५० करोडको केही त्यस्ता महत्वपूर्ण योजनाहरू अगाडि बढाउने सन्दर्भसँग जोडेर यहाँ बजेट विनियोजन गरेको छ । निश्चित रूपमा यो स्वागतयोग्य कुरा हो, यसलाई सही ढङ्गले यी छानिएका योजनाहरूमा प्रभावकारी ढङ्गले अगाडि बढाउने नै छ । र बाँकी कर्णाली प्रदेशको यो आर्थिक अनुशासन कायम गर्ने मन्त्रालय भएको हुनाले हामीले यो दुई ओटा बजेटहरू खास गरिकन ०७५/०७६ र ०७६/०७७ को बजेट दुईओटा हामीले पूरा बजेटउपर हामी छलफल गरेका चाहीं छौं । यसमा सबै माननीयहरूले पनि आफ्नो धारणा राखिरहनु भएको छ, बजेट सन्तुलित भयो, बजेटले सहि प्रकारले मतलब चाहीं ट्र्याक पक्रन सकेन, बजेटको चाहीं जुन प्रकारले बजेट विविधतायुक्त चाहिँ ढङ्गले आयो र बजेटले चाहिँ मूल स्प्रिड, कर्णालीको मूलस्प्रिड पकड्न सकेन भन्ने कुरा हामीले राखिरहेका पनि छौं । र गत वर्ष मात्रै माननीय आर्थिक मामिला मन्त्रीज्यूले भन्नुभाथ्यो कि बजेट कर्णालीमा असाध्यै सन्तुलित ढङ्गले अगाडि बढाउन सकिन्छ र सक्छु भनेर भन्नुभाथ्यो । लाग्दछ गए वर्ष र यो वर्ष हामीले बजेट हेरिरहँदा र बजेटका किताबहरू यहाँ चाहिँ आउँदा त्यसमा सन्तुलित कायम भएको हामीले पाइरहेका छैनौं । र बजेटले समग्र कर्णालीको विकासलाई अगाडि बढाउने सन्दर्भमा थुप्रै समस्याहरू जन्माएको छ । बजेटले

कर्णालीको विकासको लागि उद्यमशिलता विकाससँग सम्बन्धित रहेर ठ्याक्क देखिने गरिकन त्यसमा रोजगारी सिर्जना हुन र त्यहाँको कच्चा माल मेट्रियलहरूलाई पाको बनाएर अगाडि बढाउनेसँग पनि केन्द्रित छैन । यहाँको वन पर्यावरण अथवा वन वातावरण पर्यावरणसँग सम्बन्धित भएर पनि त्यो बजेट आइरहेको छैन र यहाँका खानीहरू उत्खनन् गरेर रोजगारी सिर्जना गर्न र यहाँको चाहीं खानी उत्खनन्बाट हामीले आयआर्जन गर्ने कुरा पनि चाहिँ अगाडि बढाएको छैन । र बजेट जलविद्युतको देखिने गरिकन अगाडि बढाउने प्रकारको बजेट पनि हामी पाइरहेका छैनौं । यातायातका हिसाबले एउटा कुनै त्यस्तो दुर्गम ठाउँ होस् जहाँ यातायात छैन र त्यतातिर केन्द्रित छ भनेर हामीले जनतालाई अहिले त्यतातिर हो भनेर भन्ने ठाउँ पनि छैन । त्यसैले गर्दा बजेट समग्रमा के छ भने परम्परावादी छ बजेट सारसंग्रह टाइपको छ । बजेट खिचडी टाइपको छ । बजेटले नयाँ भाव पैदा गरिरहेको छैन । नयाँ भाव पैदा गर्नका लागि समग्रमा मन्त्रालयको बजेट विनियोजनको मुख्य जिम्मेवारी भनेको अर्थ मन्त्रालय हुन्छ । त्यसको चाहिँ फाइनल गर्ने कुरा चाहिँ मुख्यमन्त्रीको हुन्छ । आर्थिक मामिला मन्त्री र मुख्यमन्त्रीज्यूको दुईटाको जिम्मेवारी जो हो त्यसमा चाहिँ अरु ती दुईटाको कमाण्डमा चाहिँ अरु मन्त्रालयहरूले आफ्नो बजेटहरू बनाइरहेका छन् । त्यसो भएको हुनाले बजेटले यो समग्र भाव पैदा नगर्नुमा हामी के हो त भन्दाखेरि कर्णाली प्रदेश अझैं पनि योजनाको खोजीमा अथवा चाहिँ यहाँको रणनैतिक योजनाहरू बनाउने क्रममै अगाडि बढिरहेको छ र यले सही प्रकारको चाहिँ नेतृत्व प्राप्त गर्न सकेन भन्ने हो । कर्णाली विकासका लागि नेतृत्व हुन सकेन । अहिले माननीय मन्त्रीज्यूहरू र सांसदज्यूहरूको सप्पैको भाव सप्पै सबै हिसाबले हेर्दा यहाँ अलिकति के लाग्यो भने मलाई भित्रैदेखि अलिकति चाहिँ कमाण्ड गर्ने कमाण्डरहरू र अरु सदस्यहरूको चाहिँ हैसियतमा समान जनक हैसियत भयो कि जस्तो लाग्न थाल्यो । किनभने त्यसको हैसियतमा चाहिँ डिफ्रेन्ट हुनु पर्थो । तल माथि हुनु पर्थ्यो कम्तिमा कमाण्ड गर्नेले अलिकति कमाण्डरको हैसियतबाट प्रचलित परिचालन गर्नु पर्थ्यो र सदस्यलाई एउटा जवाफ दिइसकेपछि त्यो जाने प्रकारको वातावरण बनाउनु पर्दथ्यो । सभामुख महोदय आज यहाँ समन्यायक हिसाबले बजेट कत्ति पनि हुन सकिराख्याको छैन । विभेदकारी बजेट विनियोजन भइराख्याछ अर्थ विविध सम्बन्धी चाहिँ जिम्मेवारी पाएको मन्त्रालयले त्यत्रो चाहिँ ग्याप हुँदा पनि त्यत्रो विभेद हुँदाखेरि पनि त्यलाई चाहिँ न्याय गर्न नसकिरहेको छैन अर्थ मन्त्रालयले किनकि म यहाँ भन्न चाहान्छु सम्मानित सदनमा सभामुखमार्फत् म भन्न चाहान्छु गत वर्ष मात्रै प्रदेशका कैयू ठाउँमा ठूला ठूला चाहिँ प्रकोपका घटनाहरू घटे, त्यसमा चाहिँ कालिकोटमा त्यत्रो आगलागि भयो रुकुममा ३१ घर भत्किने गरिकन बाढीपहिरोले जाइने घरहरू भत्कायो, त्यसका बारेमा हामी सदनमा बोलिराख्या चाहिँ छौ । र त्यहाँ रुकुममा ५/७ वटा घर आगलागिबाट चाहिँ त्यहाँ पूरै चाहिने उनको धनजनको क्षति भयो तर पनि कालिकोटको बाहेक चाहिँ अन्य ठाउँका चाहिँ जनताले त्यसको राहात पाइरहेका छैनन् । त्यसको चाहिने व्यवस्थापनको लागि अन्य पाइरहेका छैनन् । एउटै टेबुलमा दुई प्रकारका दुई प्रकृतिका कामहरू जो भएका छन् । एउटै सरकारले मतलव चाहिँ आफ्नो दर्शनलाई चाहिँ भुलेर चाहिँ आफ्नो मतलब चाहिँ मनपोली ढङ्गले आफूतिर हुँदा चाहिँ त्यसको चाहिँ कार्यान्वयनतिर जाने अलिकति चाहिँ टाढा हुँदा त्यसको कार्यान्वयन नगर्ने प्रकारको जो वातावरण बनिराख्या छ यसका बारेमा सदनमा हामीले बारबार बोलेका चाहिँ छौं । हामीले यो कुराको सुनुवाई भइरहेको छैन । अहिले पनि ती जोखिम ठाउँहरू, अहिले एउटा वर्षयाम शुरु भइसक्यो ती ठाउँहरूमा चाहिँ अहिले पनि बाढीपहिरोको क्रम अगाडि बढिराख्याको चाहिँ छ । बाढीपहिरो पिडितहरूको मतलब चाहिँ फेरि मनमा चिसो पसिसक्या छ र उनीहरू एक ठाउँबाट आफ्नो झिटिझ्याम्टी लगेर अर्को गाउँ पसिसक्या चाहिँ छन् । त्यसका बारेमा कर्णाली प्रदेश सरकारले अहिले पनि मतलब त्यसप्रतिको चाहिँ पूर्व सचेतता र त्यसका चाइने विपदमा पर्ने जनताहरूको बारेमा त्यसको चाहिँ कुनै किसिमको उ गरिरहेको छैन अथवा विपद व्यवस्थापन गर्नेका लागि

त्यसको चाहिँ पूर्व प्लान छैन । त्यसो भएको हुनाले म सम्मानित मतलब चाहिँ सदनमा यो कुरा मैले बारबार उठाएको थिएँ र आज पनि उठाउन उठाएर र खासगरिकन कुरो के हो भने अहिले धेरै प्रवक्त माननीयज्यूहरूले भन्नु भो त्यसमा हाम्रो सबैको मत एउटै हो । बजेट समन्यायिक ढङ्गले अगाडि बढ्नु पर्दछ । बजेटले दुर्गम र मतलब चाहिँ पीछडिएको ठाउँ र मतलब चाहिँ पछि परेको जाइने क्षेत्रलाई विकास गर्नु पर्दछ । समुदायकै हिसाबले पनि पछि परेका समुदायलाई छुने गरी बजेट आउनु पर्दछ र बजेट त्यति भयो भने कर्णाली माथि उठ्ने कुरामा अलिकति केही एउटा मतलब चाहिँ सपोर्ट हुन्छ अन्यथा हामीले केही त्यस्ता चाहिँ वित्तीय अनुशासन कायम नगरिकन र हामीले एउटा प्लान नबनाइकन गयौं भने बजेट चाहिने एउटा पुरानो शैलीबाट अगाडि बढ्यो भने कर्णाली समृद्धिको कुरा पछि पर्छ, ओझेल पर्छ र त्यसो हुन दिनुहुन्न भन्ने कुरा हामीले जोडदार रूपले उठाई पनि रहेका छौं र त्यो बारेमा चाहिँ आर्थिक मामिला मन्त्रीको मतलब चाहिँ जुन प्रकारको यो वित्तीय अनुशासनलाई चाहिने अगाडि बढाउने कुरामा मतलब चाहिँ हामीले फुलरूपमा साथ दिने छौं । र यो बारेमा सम्बन्धित मन्त्रालयले बढीभन्दा बढी ध्यान दिनु पर्नेछ भन्ने कुरा राख्दै आफ्नो दुई शब्द यहि अन्त गर्दछु । धन्यवाद ।।

**माननीय सभामुखः** माननीय श्री करविर शाही । यसपछि माननीय श्री अमृता शाही तयार रहनुहोला ।

**माननीय श्री करविर शाहीः** माननीय सभामुख महोदय, आज हामी आर्थिक मामिला तथा योजना मन्त्रालयको विनियोजन शीर्षकमाथि छलफलमा सहभागी छौं । माननीय सभामुख महोदय, आजसम्म छलफल भएका विनियोजन शीर्षकहरू जो मन्त्रालयहरूले जवाफ दिए, जवाफको तरिका हेर्दाखेरि एकपछि अर्को सभालाई कन्भिन्स गर्नेभन्दा पनि सासंदहरूलाई बजेटप्रति पोजेटिभ बनाउनेभन्दा पनि धाकधम्की रवाफ जस्ता जवाफहरू आए । हामीले यसो खोजेको हैन । हामीले खोजेको हामीले उठाएका प्रश्नहरूको जवाफ र स्पष्टीकरण हो । संसदमा माननीय मन्त्रीज्यूहरू उभिएर उठाएका काइशनहरूको जवाफ दिनुपर्ने हुन्छ । माननीय सदस्यज्यू, यो सन्दर्भमा यसकारणले यो जवाफ दिन सकिने अवस्था छैन भनेर भन्नुपर्नेमा काँडा आउछन् फूल आउँछन् । यो हिसाबले हामी यो छलफललाई कता धक्केल्दै छौं ? कता लिदै छौं ? बजेट पास गर्ने र गराउने बाटोतर्फ जाँदै छौं कि बजेटलाई का छलफललाई उत्तेजित बनाएर विनाशको बाटोतिर लिने बाटोमा हिँड्दै छौं । यो समीक्षाको विषय भयो । यो मन्त्रालयको आफ्नो छुटै खर्च छैन, हिसाब हेर्दाखेरि मैले १२ करोड जस्तो लाग्याथ्यो, शीर्षकमा छुट्टाउदा यहाँ १२ करोड पुगेन कि जस्तो लाग्छ । हिसाब अलमलिएको हो कि यो किताब अलमलिएको हो । म शुरुमा केही विषयलाई राख्न चाहान्छु, वास्तवमा हामीले सुरुदेखि उठाउँदै आएको विषय चालु खर्चको शीर्षकहरूमाथिको हाम्रो कन्सर्न थियो, हामीले पटक पटक चालु खर्चका शीर्षकहरू हामीले हेर्न पाऊँ, छलफल गर्न पाऊँ र त्यसका बारेमा हामीले आफ्ना राय राख्न पाऊँ भनेका थियौं तर हामीले त्यो अवसर पाएनौं आज फेरि त्यहि विषय त गम्भीर भयो आयो । चालु खर्चका शीर्षकहरू बजेट होल्ड गर्नका लागि त्यलाई खण्डित गरेर ठाउँठाउँमा राखिएको उस्तै प्रकृति, उस्तै शीर्षकहरू पटक पटक दोहोर्‍याइएको हामीले भेटायौं । यहि चीज आजभन्दा पहिला हामीले छलफल गर्न खोजेका थियौं । माननीय अर्थ मन्त्रीज्यूलाई म एउटा कुरा भन्न चाहान्छु, बजेट मनलाग्दी बनाउन पाइन्छ ? तपाई सिलिङ्ग दिनुपर्छ, सिलिङ्ग दिइसकेपछि मन्त्रालयहरूले आफ्ना कार्यक्रमका शीर्षकहरू प्रस्तुत गर्छन् । त्यो चाहिँ के भन्छ सिलिङ्गको मातहत रहेर, त्यहाँ अनावश्यक तपाईको खर्च गर्ने शीर्षकहरू राखियो भने त्यो कले काट्ने भन्दा तपाईले हेर्नुपर्ने हुन्छ । तपाईले हेरेर यो शीर्षकमाथि यो ओभरल्यापिङ्ग भयो क्रमागत योजनाहरूको यति हुन्छ र बाँकी अधुरा योजनाहरूको यस्तो हुन्छ, यसमा यो बजेट ओभरल्यापिङ्ग भयो भनेर कले काट्ने भन्दाखेरि संसदले छलफलका क्रममा भन्नुपर्ला भनौंला तर त्यो पहिले नै करेक्सन भएर आउनु पर्थ्यो, बजेट शीर्षकहरू । शीर्षकहरू हेर्न नपाउँदा तपाईले हेर्न पाउनुभएन

वा यो सरकारै कसरी चल्यो ? एकले अर्कालाई तपाई कसरी झोला कब्जा गर्ने भन्ने हिसाबले बढेको जस्तो लाग्छ । यो झगडाको एउटा किताब यहाँ दिनदिनै हामीले पाठ गरिरहेका छौं र छलफल गरिरहेका छौं । हामीले वास्तवमा झगडाको किताबको पाठ गर्ने होइन । वास्तवमा तपाईहरूले यो पहिलै निक्र्यौल गरेर ल्याउनु पर्ने थियो । यसमा मन्त्रालयको कमजोरी भनौं वा तपाईहरूले छलफल गर्नु भएन सरकारकै सन्दर्भमा भन्नु पर्दाखेरि तपाईहरूको अवस्था के रह्यो त्यसको जवाफ सपाड हिसाबले त दिनुहोला तर हामीले त्यस्तो देख्छौं । चालु खर्चको बडो बडोत्तरीको जो कुरा छ, यलाई हामीले प्रतिशतका हिसाबले हेर्दाखेरि तल दिने अनुदान र चालु खर्चको बडोत्तरी एउटै हिसाबले अगाडि बढ्यो । तपाईहरूले प्रष्ट्याउन खोज्नु भो, त्यलाई चाहिँ ठीक हो, यलाई चाहिने कायम गर्न सकिन्छ भन्नु भो भन्दाभन्दै पनि दुईटा तीनओटा मन्त्रालयका शीर्षकहरूमा छलफल गर्दा त त्यो आफैमा बढी रहेछ भन्ने कुरा देखिसकियो । संसदले थाहा पाइसक्यो अब ती शीर्षकहरू जस्ताका तस्तै यसै भएर ती शीर्षकहरू पास हुँदैन्न । सम्बन्धित मन्त्रीले वा तपाईले कोले हो ? आर्थिक अनुशासन कायम गर्नुपर्ने हो, को ले हो ? कुन मन्त्रालय हेर्ने हो ? त्यले ती ओभरल्याप भएका शीर्षकहरू ओभरल्यापिङ्ग भएका बजेटहरू संशोधित गराएर ल्याउनै पर्ने हुन्छ । होइन भने संसद यही हालतमा, यही अवस्थामा ती शीर्षकहरू जस्ताको तस्तै अनुमोदन गर्ने पक्षमा छैन । माननीय सदस्यहरूले बारम्बार यो मन्चबाट तीन दिनदेखि चार दिनदेखि दोहोऱ्याइरहनु भएको छ । दोस्रो कुरा तल स्थानीय तहलाई दिने जान त हाम्रै निर्वाचन क्षेत्रमा गयो, हाम्रै प्रदेशमा गयो तर शतप्रतिशत बृद्धि गर्नका लागि पनि त कुनै मापदण्ड थियो होला, बनाउनु पर्थ्यो होला । बजेट निर्माणको सिद्धान्त हुन्छ । शतप्रतिशत बजेट कहिलै पनि बढ्दैन आकस्मिक अवस्था बाहेक १०० को १०० प्रतिशत बजेट कहिलै पनि बढेको मैले देखेको छैन । जसरी तलब वा भत्ता वा यस्तै विषय त्यसको हरेक वर्षको आर्थिक वर्षको प्रतिशतका हिसाबले १०/१५ र २० प्रतिशतका हिसाबले बढ्छ तर यी विषयहरू यसरी बढाइएका छन् । जान त हाम्रै निर्वाचन क्षेत्रमा आफ्नै जिल्लामा, हाम्रै प्रदेशमा गयो तर यो बढाउनुको औचित्य वास्तवमा प्रष्ट्याउनु पर्ने हुन्छ । पोहोर साल हामीले सुझाव दियौं । यो वर्ष त हाम्रो संरचना छैन, स्थानीय तहलाई जति सक्नुहुन्छ धेरै दिनुस् भनिम् । अहिले हामी संरचनामा १३ अर्ब खर्च पुऱ्याउदै छौं । बजेट तल पठाउदै छौं, अलि यो विरोधाभाषी भयो कि भन्ने मलाई लागिराख्याछ किनभने पोहोर साल हामीसँग सम्बोधन थिएन । त्यसकारण हामीले जति सक्यो तल विन्यास गऱ्यो भने खर्च हुन्थ्यो खर्चको अवस्था आज यो हुँदैनथ्यो तर आज हामी ६ अरबको चालु खर्चबाट १३ अरब पुऱ्याउँछौं । नयाँ संरचना बनाउछौं, नयाँ कर्मचारी राख्छौं तर बजेट विन्यास शतप्रतिशत के भन्छ स्थानीय तहहरूलाई दिन्छौं । यो आफैमा अलिकति विरोधाभाषपूर्ण कुरा भयो जस्तो मलाई लाग्याछ । योजना मन्त्रालय भएर होला केहि योजनाहरू पनि छन्, वित्तीय अनुशासन कायम गर्ने मन्त्रालयले आफै योजनामा फस्यो भने त्यसको अनुगमन कसले गर्ने ? केही भइपरी आउने शीर्षकहरू र कोषहरू मैले यो आकस्मिक कोष पोहोर साल भएको जस्तो लाग्थ्यो । यो किताब मैले देखिन कहि भित्र लुक्याथ्यो कि प्रदेशमा आपत आइलाग्यो भने कहाँबाट खर्च गर्ने होला ? के गर्ने होला ? यो कता हरायो वा अब मुख्यमन्त्री र आर्थिक मामिलाको एकै दिन छलफल भको हुन सक्छ संगै राखेर कम्पायल पनि गर्न पाइएन र यो योजनामा माफ गर्नुहोला मैले आजसम्म छलफल नभएको छलफल भयो कि मलाई थाहा भएन । म अनुपस्थित थिए कि, भेरी बबई र जगदुल्ला निकै दिन छलफल भएका नामहरू हुन् । तर यो रामघाट पनि संगै आयो, यो त मैले म अनुपस्थित भएको दिन छलफल चल्याथ्यो कि जिल्लाका हिसाबले यसरी परेकोमा मलाई कुनै दुःख छैन तर विषयहरू एकाएक आउँदा आकस्मिक आउँदा अलिकति मान्छेलाई अनौठो लाग्दोरहेछ । म यो सन्दर्भमा यति कुरा भन्न चाहान्छु । र माननीय मन्त्रीज्यूको वित्तीय अनुशासन कति कायम गर्नुभयो ? मन्त्रालयलाई सिलिङ्गमा रहेर कति बजेट बनाउन दिनु भयो कति शीर्षकहरूमा तपाईले आफै हेरेर कलेक्सन गर्नु भो यो आफ्नो

छँदै छ । म अलिकति गत आर्थिक वर्षका सन्दर्भमा अलिकति कुरा भन्न चाहान्छु । गत आर्थिक वर्षको करिव २ अरव केही करोड पैंसा रकमान्तर भएको छ, केही योजनाहरू बिना कुनै आधार क्रमागत रहेका छन् । मलाई लाग्छ उपभोक्ता समितिले गरेका कामको क्रमागत राख्ने प्रचलन कसरी आयो ? उपभोक्ता समिति त जन्मिन्छ । त्यो आर्थिक वर्षभित्र काम गर्छ जति सक्छ त्यति भुक्तानी लिन्छ सकिन्छ । अर्को आर्थिक वर्ष अर्को उपभोक्ता समिति, उपभोक्ता समिति स्थायी हुँदैनन् । तिनलाई क्रमागत राख्न पाइदैन ती योजनाहरू क्रमागत रहँदैनन् । त्यस कारणले नयाँ योजनामा राख्नु पर्ने हुन्छ । त्यस्तो पनि मैले केही दृस्टान्त पाएको छु । २ अरब सम्थिङ्ग केही करोड हुँदाखेरि कृषिको चाहिँ ४४ करोड जस्तो छ । हामीले संरचना भएन, कर्मचारी भएन, हामीले बजेट खर्च गर्न पाएनौं भनेर समीक्षा लेख्छौं तर बजेट रकामान्तर गरेर खर्च गरेको गरेइ हुन्छौ । हामीले के मा खर्च गर्यौं योजनामा गर्यौं कि सफ्टवयरको काममा गर्यौं यसकारणले योजना हाडवेयर र सप्टोवेयरका हिसाबले पनि वित्तीय अनुशासन कायम भएको मैले देखिदैन किन भन्दा त्यो त जम्मै रकमान्तर २ अरब, २८ अरबमा २ अरब हामीले रकमान्तर गर्छौं । त्यो सबै सप्टवेयरको काममा खर्च गर्यौं जस्तो लाग्छ । केही थान गाडी आए । गेहेन्द्र दाहालले त्यो प्रतीकका हिसाबले मुख्यमन्त्रीज्यूलाई एउटा रातो कार हस्तान्तण गर्नुभो । मुख्यमन्त्रीज्यूले त्यो बुझ्न कति राम्रो हुन्थ्यो कि हुँदैनथ्यो प्रदेशको प्रमुख प्रदेशको कार्यकारी प्रमुखले त्यो लिन हुन्थ्यो कि हुँदैन्थ्यो । त्यसकारणले यी प्रतिकका हिसाबले पनि सरकारका काम कारबाहीप्रति केही चिन्तित केही देखिने दृष्टान्तहरू हुन् त्यसकारणले यी सबै विषयलाई कले कब्जा गर्नु पर्थ्यो कले चाहिँ त्यलाई ठीक ठाउँमा राख्नु पर्थ्यो भन्दा त्यो चापी भको मान्छे आर्थिक मन्त्रालयले यलाई चाहिँ हेर्नु पर्थ्यो । वास्तवमा त्यो हेर्न सकिए जस्तो लाग्दैन र आगामी वर्षमा र यो बजेटका सन्दर्भमा पनि माननीय मन्त्रीज्यूले सबै मन्त्रीलाई संगै राखेर ओभरल्यापिङ्ग भएका विषयहरूलाई तपाईले एक ठाउँमा ल्याएर बजेटलाई यलाई अन्यथा नभनौं संशोधन होइन, करेक्सन गर्ने ठाउँमा पुर्‍याएर त्यो हिम्मत गर्नका लागि म माननीय अर्थ मन्त्रीज्यूलाई अनुरोध गर्न चाहान्छु । हाम्रो हामी कहाँ बजेटको समीक्षा निकै कम हुने गर्छ । यो नेपालकै समस्या हो, बजेट जन्मिन्छ मर्छ, त्यसका बारेमा छलफल चल्दैन । (समय समयलाई ध्यान दिऊँ माननीय सदस्य) पोहोर साल हामीले जे विषय उठायौं ती विषयहरू वास्तवमा यसकारणले सम्पन्न हुन सकेनन् भनेर यो वर्ष हटाउनुका पनि त कारण चाहिन्छ होला । यो सन्दर्भमा हामीले कहिल्यै पनि छलफल गरेनौं । हरेक वर्ष नयाँ योजनामा रमायौं नयाँ चाहिँ एजेण्डामा रमायौं यो रमाउने बाटोबाट अगाडि नबढौं, कर्णाली समृद्धिको आधार वास्तवमा रमाउने ठाउँबाट हुँदैन, काम गर्ने ठाउँबाट अगाडि बढौं भन्ने कुरा राख्न चाहान्छु । धन्यवाद ।।

**माननीय सभामुखः** माननीय श्री अमृता शाही । यसपछि माननीय श्री गणेशप्रसाद सिंह तयार रहनुहोला ।

**माननीय श्री अमृता शाहीः** माननीय सभामुख महोदय, आज आर्थिक मामिला तथा योजना मन्त्रालय अन्तर्गतको बजेट छलफलमा भाग लिंदै गर्दा सर्वप्रथम त म यो किताब हेरेर यो हाम्रो मन्त्रीज्यूहरूले एकदमै बजेट खर्च कम गर्नु भाहोला जस्तो लाग्यो मलाई । यो ठूलो किताब भएपछि त खर्च धेरै हुन्छ । यसमा एकदमै के होशियार भएर खर्च छपाईमा अलि धेरै लाग्ने होला किताब ठूलो भयो भने त्यही भएर एकदमै कम गर्नु भारहिछ । यसको यसमानेमा मैले धन्यवाद दिन्छु उहाँहरूलाई । धन्यवाद छ उहाँहरूलाई, खर्च कम गरेकोमा । सबै माननीयज्यूहरूले भनिसक्नु भयो म धेरै यसमा यो पूरै बुँदा पढेर भन्न पनि चाहान्न । यो कर्णाली हवाई सेवा भन्ने छ, अहिलेसम्म पनि हामीहरूको कर्णालीमा हवाई सेवा चल्या छैन र ? यो नयाँ कुरा हो ? यो मलाई अनौठो पनि लाग्याछ के । त्यही भएर मैले यो कुरा यहाँ राखें । हवाई सेवा उपलब्ध भन्नुभको छ अहिलेसम्म रहिन्छ अब नयाँ होला सायद अब कस्तो दैनिक जाने

हो कि दैनिक कस्तो खालको नयाँ किनेर ल्याएर चलाउने हो कि त्यो सेवा अनि यसमा के छ भने अब सबै मन्त्रालयको किताबहरूमा यस्तै छ । एउटा उछ, जस्तै यहाँ लेखिएको छ, मन्त्रालयको यो छ नि भम्रण केरे यो रणनीति योजना तर्जुमा भनेर यो यहाँ माथि भन्या छ भने तल पनि त्यस्तै खालको तर्जुमा तथा खरिद बिक्री योजना त्यसपछि योजना तर्जुमा गोष्ठी, तालिम गोष्ठी, यो छुटछुटै के नाम त्यो माथि एउटै सबै छुटछुटै गरेर एउटै राखे के हुन्छ र ? यो हामीलाई थाहा हुन्छ भनेर हो कि या त के हो ? हामीलाई अब लटपटयाए जस्तो अथवा यो नबुझल्लान् जस्तो गरेर भन्ने के । प्रष्ट राखेको भए हामी सबैले बुझ्ने पनि थियौं होला सायद । यस्तोरी राख्नु भछ सबै मन्त्रालयले अनि अब भोलि यसको जवाफ आउने होला अब । हिजो एक जना मन्त्रीले फूलै क्या फूलको आँखामा फूलै संसार, काँडाको आँखामा काँडै संसार भन्नुभाछ । भोलि पनि त्यस्तै होला फेरि काँडा माननीयहरूको आँखामा काँडा हुने भए, मन्त्रीका आँखामा फूल हुने भए अब । यस्तो हुने भो यहाँ, यस्तो दोहोरी चल्ने भयो यहाँ । हामीले भन्या छौं कि योजना राम्रोसित चल्नु पर्‍यो, जनताले सुविधा पाउनु पर्‍यो अनि यस्तो यो खालि केरे गोष्ठी अध्ययन अथवा यो भम्रण यो दुनियाँभरिको छ नि, यो यस्तो छुट्टाएको यो नगर्नुस्, जनताको लगानी लगाउनुस् अथवा जनताको उसमा आवश्यकमा खर्च गरौं भनेर हामीले भन्ने अब मन्त्रीहरूलाई त्यहि किन यति किचकिच गर्‍यौं किन यति तिमीहरूले भन्यौ भनेर अब अनि यस्तो भन्ने हाम्रा आखाँमा काँडा छन्, उनीहरूको आँखामा फूल । अब हामीले केही भन्नु भएन अब, उहाँहरूले कसरी कर्णालीलाई सुखी र समृद्धि गराउनु हुन्छ ? यो मा मन्त्रीज्यूहरूको हातमा छ । म यसमा धेरै बोल्न चाहान्न । हामी कति बोल्ने ? जति बोले पनि हाम्रो कुरा नसुनिने उहाँहरूले अब अस्ति नै देखि हामीले भनेका यहाँ यस्तो तपाईहरूले छुट्टाछुटै गराएर ल्याउनुस् यो तपाईहरूले खालि यो अध्ययन, गोष्ठी यस्तोमा नराख्नुस् भनेर यसमा पनि त्यस्तै, हिजोकोमा पनि त्यस्तै, अब जतिओटा किताब आए, भोलि भौतिक मन्त्रालयको आउँछ कि अब भौतिकले अब के ल्याउछन् त्यो हेर्नुछ हामीले बाँकी । म त भन्छु, हामीले यो किताब अर्को नल्याउने सम्मरी मान्नेवाला छैनौं । अर्को किताब ल्याउनु पर्छ । हाम्रो विचारमा यो भएन यस्तो जहिले नि माननीयले यहाँ छ योजना केरे रामघाट, मटेला भन्ने रैछ । म त रामघाट भनेपछि फेरि रामघाटमा हाम्रो भेरी नदीबाट बत्ती आउछ कि भने फेरि यसो तल हेरें मटेला ठाँठीकाँध, दैलेख भन्याछ । पहिला म त अब बर्बइको पनि बत्ती बाल्न पाइने भो, रामघाटको पनि बत्ती बाल्न पाउने भए भनेर खुसी पनि लाग्यो एकचोटि । यसो हेर्दा त दैलेख पो रैछ, ठाँठीकाँध अनि त्यहि भएर अब यो भेरी बबई डाईभर्सनको कुरा पनि छ । अस्तिनै एउटा लामो चिठी पनि आइसकेको छ । यसको बारेमा अब अझैं पनि जनताहरूले त्यहाँको जनताहरूको माग के छ ? अझैं पनि आउँछन होला त्यस्ता खालका पत्र चिठी मन्त्रीले एकदमै ध्यान दिनुपर्छ होला जस्तो लाग्छ मलाई र हाम्रा त्यहाँको जनताहरूको कतिको जग्गाहरू डुबानमा परेको छ अस्थायी लालपूर्जा नभएको जग्गाहरू त्यो सुकुम्बासी त्यो जग्गाको के हो ? कस्तो हो ? त्यसको पनि यहाँ प्रस्टै गर्नुपर्ने छ । यो भेरी डाईभर्सनको कुरा आउदाखेरि सिंचाई कति कतिले पाए ? कतिले पाएन्न ? त्यसको बारेमा पनि हामीले त्यत्रो कार्यक्रम गरिम् मन्त्रीज्यू आउनु भो, प्रधानमन्त्रीज्यू आउनु भो, त्यो कार्यक्रममा हामीहरूले अब भन्याजस्तो उहाँबाट हामीले आश्वासन पाएनौं भनेर त्यहाँको जनताले एकदमै गुनासो गरेका छन् । यो यो किताबमा आको हुँदा मैले यो राखें । यस्तो कुरा अझैं पनि यहाँ जनताहरूको हुल उठ्नेछ र प्रदेश सरकारले सभामुख महोदय, प्रदेश सरकारले र संघीय सरकारले यसमा ध्यान दियोस् भन्ने चाहान्छु हस्त धन्यवाद । जय नेपाल ।।

**माननीय सभामुखः** माननीय श्री गणेशप्रसाद सिंह । यसपछि माननीय श्री गोपाल शर्मा तयार रहनु होला ।

**माननीय श्री गणेशप्रसाद सिंहः** माननीय सभामुखज्यू, अर्थ तथा योजना मन्त्रालयको वार्षिक विकास कार्यक्रम माननीय अर्थ मन्त्रीज्यूले यो पेश गर्नुभएको कार्यक्रमउपर मेरा आफ्ना केही धारणाहरू मैले संक्षेपमा राख्न

चाहन्छु । हाम्रो कर्णाली प्रदेशको आ.व. ०७६/७७ को वार्षिक बजेटमा माननीय अर्थ मन्त्रीज्यूले ल्याउनुभएको कार्यक्रममा आफ्नो प्रदेश आफै बनाऔं भन्ने सोलोगन आएको छ । त्यसअनुसार बजेटको दफवार छलफल चलिरहेको छ । ३४ अर्ब बजेटलाई २१ अरबको पूँजीगत र २३ अरबको चालुगत बजेटको शीर्षक विभिन्न मन्त्रालयवाइजमा हामी छलफल गर्दै जाँदा विशेषगरी मैले २/३ वटा ठाउँमा मैले यहाँ आफ्नो जोड र त्यसमा चाहिँ रेज गर्न चाहान्छु । अब यो पूर्वाधार विकास कार्यक्रम १ अरब २० करोडलाई भौतिक विशेष पूर्वाधार विशेष कार्यक्रमलाई हामीले निर्वाचन क्षेत्र कोष पूर्वाधार विकास कार्यक्रमको रूपमा लेखेर ल्याइनुपर्छ भन्ने हाम्रो जोडदारसँग हाम्रो कुरा हो । र अब यो कुरालाई अब जस्ताको तस्तै पूर्वाधार विकास कार्यक्रम भनेर आयो । यसमा यो कुरा क्लिएर लेखेर आउँदा राम्रो होला । यो माननीयले उठाएको कुरा अब यो नाजायज त नहोला दोस्रो कुरा अब यो अर्थ विविध तथा न्यायिक न्यायिक चाहिने यो उसमा चाहिँ शीर्षकको तल सशर्त विषेश अनुदान र समपूरक अनुदान ३ ओटा र बाँकी चाहिँ यो समानीकरण यो ४ ओटा शीर्षकमा मलाई अलिकति के लाग्छ भन्दाखेरि यो योजना माननीयहरूले छान्न पाउनु पर्छ । त्यो सशर्तको पनि र त्यो विशेष अनुदान पनि र त्यो समपूरक पनि अब यहाँ चाहिँ अब सशर्तमा ५० करोड, विषेश अनुदानमा ३० करोड र समपूरकमा १ अरब छ र यो अब सशर्त अनुदानमा छान्न पाउनु पऱ्यो रातो किताबमा चाहिने त्यो प्वाइन्टेट भएर आउनुपऱ्यो र विषेश अनुदान भनेको गरिबीको निरपेक्ष्य रेखामुनि परेका एकदम उत्पीडित पीछडिएको क्षेत्रमा रहेका त्यो वर्ग र समुदायलाई उत्थान गर्ने त्यो विषेश अनुदानको रूपमा आउने बजेट हो । र यसमा हामीले योजना छान्नु पाउनु पर्छ । त्यसले पनि निर्वाचन क्षेत्रलाई सन्तुलन गर्छ । हामीले यहि बुझाछौं मैले यहि बुझाछु । त्यसो हुँदा समपुरकको कुरा आउँछ समपूरकमा पनि हामीले अझ छान्न पाउनु पर्छ अब समानीकरणको कुरा गत सालको बजेटमा ४० करोड थियो अहिले डबल चाहिने ८० करोड अर्थ मन्त्रालयले विनियोजन गरेर स्थानीयमा पठाइसकियो । त केका आधारमा पठाइयो स्थानीय तह केन्द्रीय संघको मातहतमा छ । त प्रदेशलाई स्वीकार्यकै छैन । त केका आधारमा दियो त्यसको कारण माननीय अर्थ मन्त्रीज्यूले दिनु हुनेछ चित्तबुझ्दो कारण यो म त्यसमा चाहिने मैले चित्त बुझ्या छैन र अब यो सार्वभौम संसदलाई सभामुखज्यूमार्फत् सन्तुष्टि अथवा चित्तबुझ्दो जवाफ दिनुहुनेछ । र यो एक किसिमले अब आर्थिक अनुशासन वित्तीय अनुशासन र यो प्रदेशमा चाहिँ शुसासनलाई एउटा चाइने सिस्टममा विधिमा एउटा प्रकृयामा विकसित गरेर यो हामीले तीनटा चाहिँ मतलब अब बजेट हामीले विनियोजन गरिसक्यौं आ.व. ०७४/०७५, ०७५/०७६ र ०७६/०७७ को बजेटमा आइपुग्दा अब अर्थ मन्त्रालयले विषेश गरेर सुशासन र आर्थिक वित्तीय अनुशासनलाई कायम गर्नका निमित्त भष्ट्राचार यहाँ चाहिने मतलब अनाआश्यक चाइने मिसियूज हुने कुरालाई विशेष गरेर कन्ट्रोल गर्नुपर्छ र उहाँले गर्नु पर्थ्यो । यो अर्थ मन्त्रालयले गरेन, यो दृष्टान्त रारा खर्चको यो अनियमितताको दृस्टान्तको जवाफ पनि आउनेछ । किन कन्ट्रोल गर्न सकेन ? किन नियन्त्रण गर्न सकेन ? चालु घटाऔं र पूँजी चाहिने घटाउनु पर्छ । जनजीविकाको कुरा हो, यो देशमा संघीय राज्य निर्माण भइरहेको छ, जनजीविकालाई शीर्ष भागमा राखेर केन्द्र भागमा राखेर चालु बजेटलाई घटाएर पूँजीगत बजेटलाई विकास निर्माणमा चाहिने मतलब केन्द्रित गरौं र यसलाई कार्यान्वयनमा लिएर जाऔं भन्ने हाम्रो माननीयहरूको धारणा हो मेरो पनि धारणा हो । र यो धारणालाई अवज्ञा गरेर आज जसरी चाइने मन्त्री विषयगत मन्त्रालयको मन्त्रीहरूले जवाफ दिने बेला धाकधम्की र रवाफको हिसाबले जवाफ दिनुभएको छ, त्यो जवाफमा हाम्रो सहमति छैन । तपाईहरूले सुधार गरेर सं यलाई परिमार्जित गरेर ल्याउनु हुनेछ अन्यथा फेरि पनि यो बजेट पास हुने छैन । मेरो तर्फबाट यति कुरा भन्दै म बिदा हुन्छु, हस्त । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री गोपाल शर्मा । यसपछि माननीय श्री धर्मराज रेग्मी ।

**माननीय श्री गोपाल शर्माः** माननीय सभामुख महोदय, यो बजेटको केन्द्र भागमा रहेको आर्थिक मामिला तथा योजना मन्त्रालयले सबभन्दा सानो पुस्तिका ल्याएर हाम्रो बीचमा प्रस्तुत भएको छ । सभामुख महोदय, मैले हिसाब गर्न नजानेको हुँ वा अर्थ मन्त्रालय आफै हिसाबमा चुकेको हो मैले ९ करोड ७६ लाख ८८ हजारको बजेट अंकमा फरक परेको देखेको छु । आर्थिक मामिला मन्त्रालयले अघिल्लो पटक बजेट बक्तव्यमा १२ करोड ८६ लाख ७० हजार आफ्नो मातहतको बजेट आफ्नो मातहतको बजेट सुनाएको थियो हामीलाई र लेखेको पनि त्यहि छ । तर यहाँ ३ करोड ९ लाख ८२ हजारको मात्रै रकम पेश गरेको छ । शीर्षकमा आउदाखेरि यो मात्रै भेटिन्छ । कुल रकम जस्तो अर्थ विविध वित्तीय व्यवस्था स्थानीय तहको अलग अलग कुरा त्यो त ६ अरब १५ करोड २२ लाख ८० हजार अलग कुरा हो यो समग्र गर्दाखेरि ६ अरब २८ करोड ९ लाख ५० हजारको बजेट हुन्छ । तर यहाँ ६ अरब १८ करोड ३२ लाख ६२ हजारको मात्रै बजेट पेश भएको छ । यसो गर्दा आर्थिक मामिला मन्त्रालय आफैमा यस्तो अवस्थामा छ भन्दाखेरि अरु मन्त्रालयहरू कस्तो होलान् भन्ने कुरा सहजै अनुमान हुन्छ र हाम्रो अर्थबाट हेर्दाखेरि हिजोसम्म जे आक्रोस व्यक्त भए त्यो आर्थिक मामिला मन्त्रालय योजना मन्त्रालयको कारणले व्यक्त भएका छन् भन्ने कुरा म भन्न चाहान्छु । हाम्रो प्रदेश सबैभन्दा अव्यवस्थित र सबैभन्दा भद्रगोल अवस्था आर्थिक मामिला मन्त्रालयको कारणले भइराखेको छ म भन्न चाहान्छु । सभामुख महोदय, बजेटमा धेरै छलफल जरुरी छैन किनभने यत्ति मात्रै पुस्तिका छ, यसमा पनि धेरै छलफल जरुरी छैन । मैले यसमा टिप्पणी मात्रै के गर्न चाहान्छु भने यहाँ पनि तालिम, गोष्ठी लगायतका धेरै कुरा झण्डै १ करोड, ३ करोडमध्येमा १ करोड झण्डै त्यसैमा व्यक्त भएको छ । हाम्रो आसय भनेको फजुल खर्चबाट बच्ने अनावश्यक खर्च प्रकृया घटाउने र पूँजीगत खर्च बढाउनेतिर नै हाम्रो माग हो । हामी त्यसैलाई नै केन्द्रित गर्न चाहान्छौं । मैले यसमा धेरै टिप्पणी गरेन तर हाम्रो दृष्टान्त के छ भन्दा मलाई गत वर्षको पनि बजेट वक्तव्य थाहा छ । आर्थिक मामिला मन्त्रीज्यूको बजेट बक्तव्यमा के थियो भन्दाखेरि असारमा आएर बजेट खर्च गर्ने प्रकृयालाई निरुत्साहित गरिनेछ भन्ने त्यो भाषणमा व्यक्त भएको थियो तर सभामुख महोदय, आज पनि हामीले देखिराखेका छौं सम्झौता भइराखेका छन् । असारको लास्टमा गइराछौं सम्झौताको प्रकृया अगाडि बढिराछन् रकमान्तरका प्रकृया अगाडि बढिराछन् । यो वित्तीय अनुशासन कसले कायम गर्नुपर्ने हो सभामुख महोदय, कार्यान्वयनको प्रकृया सबैभन्दा वित्तीय अनुशासन आर्थिक मामिला मन्त्रालयबाट उल्लङघन भइरा'छ । आर्थिक अनुशासन कायम गर्ने मन्त्रालयले नै वित्तीय अनुशासनमा छैन भने अरु मन्त्रालय अनुशासनमा हुन्छन् कि हुँदैनन् ? योजना मन्त्रालय भनेको योजनालाई व्यवस्थापन गर्ने, योजनालाई निश्चित गर्ने र योजनाको हिसाबले कर्णाली प्रदेशलाई समृद्ध गराउने योजनाको खाका तयार गर्ने, त्यलाई गतिशिल बनाउने प्रकृयाको नेतृत्व गर्नु पर्ने हो । मलाई लाग्छ, यो आर्थिक योजना मन्त्रालयले त्यसको नेतृत्व गर्न सकेको छैन, आशा छ यस्ता प्रकृयाहरूबाट योजना मन्त्रालयले अलिकति अगाडि बढ्नेछ र समग्रमा बजेटलाई हामीले आशय गरेको हिसाबले चालु खर्च घटाउने र पूँजीगत खर्च बढाएर कर्णाली आर्थिक समृद्धिको यात्रालाई अगाडि बढाउनेछ भन्ने कुरा म राख्न चाहान्छु । धेरै भन्नु छैन सभामुख महोदय, यी कुराहरूलाई ख्याल गर्दै खासगरी समग्रमा बजेटको नेतृत्व गर्ने अर्थ मन्त्रालयले आफैले पनि आफ्नो बजेट समीक्षा गरोस् । धन्यवाद ।।

**माननीय सभामुखः** माननीय श्री धर्मराज रेग्मी । यसपछि माननीय श्री यज्ञबहादुर बि.सी. तयार रहनुहोला ।

**माननीय श्री धर्मराज रेग्मीः** माननीय सभामुख महोदय, अर्थ मन्त्रालयसँग सम्बन्धित विषयहरूमा संक्षिप्त टिप्पणी गर्न यहाँ उभिएको छु र यो अवसरको लागि माननीय सभामुखज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु । अर्थ मन्त्रालयको सानो पुस्तिका छ, सभामुख महोदय । सानो पुस्तिकामाथि धेरै लामो छलफल गरिराख्नु पर्ने छैन सभामुख महोदय । अर्थ मन्त्रालयको विषयगत भएकोले स्वभाविक रूपमा बजेट निर्माण प्रकृया, बजेट निर्माण प्रकृया बजेट प्रणाली हामी जे बनाइराख्या छौं सभामुख महोदय । यो बजेट प्रणालीबाट हामी प्रदेशलाई ५ वर्षमा चाहिँ कुन ठाउँमा लैजादै छौं सभामुख महोदय । यसको बारेमा अर्थ मन्त्रीज्यूसँग केही प्रश्नहरू छन् र अर्थमन्त्रीले आफ्नो मन्त्रालयको जवाफ दिने क्रममा यी प्रश्नहरूको उत्तर दिनुपर्छ सभामुख महोदय । बजेटमा हामीले के परम्परा बसाल्न खोज्याको हो सभामुख महोदय । माननीय अर्थमज्त्रीज्यूले अर्थमन्त्रालयले यो के परम्पराको सुरुवात गर्न थालेको हो, अहिले त स्थिति के छ भन्दाखेरि सभामुख महोदय, पुस्तक माग्यो पुस्तक आउँछ मन्त्रालयबाट यो पुस्तक चित्त बुझेन अर्को ल्याएर आउनुस् भने त्यो पुस्तक पनि आउँछ सभामुख महोदय । पेज थप्नु भन्यो पेज पनि थपिन्छ सभामुख माहेदय । एउटै मन्त्रालयले दुइटा/तीनटा पुस्तक छापदिन्छ । कतिपय विषयहरू पुस्तकमा आउछन् कतिपय विषयहरू पेजमा आउँछन् सभामुख महोदय । जुन किताब माग्यो त्यहि किताब आउँछ सभामुख महोदय । जति बेला माग्यो त्यति बेला आउँछ सभामुख महोदय । यो परम्परा के बसाल्न थालेको हो सभामुख महोदय, अर्थ मन्त्रालयले यो परम्परा के बसाल्न थालेको हो ? पछिल्ला सरकारहरूले भोलि यहि सिकेर जाने हो । पछिल्ला सभाहरूले भोलि कसैले हेर्‍यो भने सभामुख महोदय, कोहि रिसर्च गर्ने ५/१० वर्षपछि आएछ र अर्थ मन्त्रालयको प्रदेशमा बजेट निर्माणको चाहिँ परम्परा के रैछ यो चाहिँ तपाईको ट्राईजेशन हेर्न थाल्यो भने सभामुख महोदय, योभन्दा विचित्र तस्विर के आउने होला सभामुख महोदय । पुस्तकहरू प्रत्येक मन्त्रालयले बजेटमा यही तरिकाले निकाल्ने हो कि सभामुख महोदय । एउटै मन्त्रालयले दुइटा/तीनटा पुस्तकहरू निकाल्ने हो कि यसको सार के हो भनेर भन्दाखेरि सभामुख महोदय, अर्थ मन्त्रालयले सैद्धान्तिक रूपमा केही आर्थिक मान्यताहरू छन् र ती आर्थिक मान्यताहरूबाट अर्थ मन्त्रालय र सरकार विचलित छ । त्यसो भो भने सभामुख महोदय, जल्ले माग्यो त्यो पुस्तक पाइन्छ, मलाई त के लाग्छ भने यो मैकामा बजेट माग्दाखेरि थप बजेट पनि आउँछ कि उहाँहरूको सिलिङ्ग अरु बजेट बक्तव्यमा आको विषयमा भन्दा अरु रकम पनि थपिन्छ कि सभामुख महोदय । यो मैले बढो अनौठो मानिराछु सभामुख महोदय । यो त नयाँ छ सबै ठाउँ यो सिद्धान्त लागु गरेर गयो भनेपछि यो चाहिँ त्यसबाट अर्थ व्यवस्था काहाँ पुग्छ होला । मैले यो हिसाबले के भने भने सभामुख महोदय, ५ वर्षमा यो बजेटको कार्यान्वयन गरिसकेपछि आउने रिटन के हो चाहिँ, त्यो रिटेन के हो ? यसको बारेमा अर्थ मन्त्रालयले आफ्नो भिजन चाहिँ यहाँ राख्नु पर्छ सभामुख महोदय । यसमा केही भई परिआउने पूँजीगत र वित्तीय व्यवस्थापन अन्तर्गत पूर्वाधार विषेश कार्यक्रमहरू भन्दा तल सभामुख महोदय । भेरी बबई डाईभर्सन भेरी बबई डाईभर्सन ड्याम जगदुल्ला, रामघाट मटेला लगायतका प्रोजेक्टहरू चाहिँ ऊर्जा मन्त्रालयमा रहनुपर्ने हो सभामुख महोदय । ऊर्जाको काम चाहिँ मेरो विचारमा भौतिक मन्त्रालयले ऊर्जा सेक्टर हेर्छ होला सभामुख महोदय । यी अर्थ मन्त्रालयहरूमा रहनुपर्ने विषय यसको जस्टिफिकेशन के हो विद्युत निर्माणसँग सम्बन्धी विषय के हो भने यो चाहिँ ऊर्जा हेर्ने मन्त्रालयमा दिनुपर्छ सभामुख महोदय । यसको जस्टिफिकेशन माननीय अर्थ मन्त्रीज्यूले गर्नुहोला । यस कारणले अर्थ मन्त्रालयमा या त एउटा अर्को अनौठो मैले यो चोटिको बजेटमा के देख्यछु सभामुख महोदय भने पछि राख्न चाहिँ ठाउँमा राख्ने, खुलाउदा चाहिँ पछि त्यो फलानालाई दिने हो । अहिलै दिए के हुन्छ सभामुख महोदय सम्बन्धित मन्त्रालयलाई अहिले पठाईदिए के हुन्छ किन भने यही पुस्तक यो तपाईले पछि फलाना ठाउँमा पठाउने हो भनेर भन्न सक्नुहुन्छ भने त्यो अहिले पठाइदिए के हुन्छ भने भने त्यसको पछाडि यसैमा छ सभामुख

महोदय । समस्या यसैमा छ । त्यो पछि पठाउदा चाहिँ यसमा अरु अतिरिक्त विषयहरू उठ्छन् सभामुख महोदय । त्यसकारणले पछिको लागि पनि छलफल गर्न यो राखिराख्ने योजनाबद्ध रूपमा यो आउँछ सभामुख महोदय । सामान्य सिद्धान्त यसको के होला भने अर्थ मन्त्रालयलाई बजेटको चापी अर्थ मन्त्रालयसँग हुने हो र त्यो लग चाहिँ अर्थ मन्त्रालयले अघि प्रश्न उठाथ्यो अर्थ मन्त्रालयले राखिराख्ने यता त समस्या के भो भने अरु ६ ओटा मन्त्रालयसँग पनि नक्कली चापी छन् सभामुख महोदय । उले आफ्नो चापी खोल्छ, आफ्नो बजेटमा चाहिँ थप्छ, त्यसपछि चाहिँ माननीय सभामुखज्यू त्यसपछि त्यो विषय सम्बन्धित मन्त्रीले मानौं कि त्यो चाहिँ प्रदेशको अर्थ मन्त्रीले जस्तै चाहिँ रोस्टममा उभिने र बजेटको विषयमा यति कुराहरू हिसाबकिताब गरौंला यति कुराहरू बाँडौंला भनेर दिइसकेपछि यो चापी अर्थ मन्त्रालयमा हुने र अरु नक्कली चापीहरू सबै मन्त्रालयमा हुने विषय चाहिँ डरलाग्दो विषय छ । अर्को एउटा विषय के छ भन्दाखेरिमा सभामुख महोदय फाइनाइनसियल डिसिपिलिङ्गको बारेमा जति प्रश्नहरू उठ्यो तीनचार ओटा विषय चाहिँ स्वभाविक रूपमा यसका इन्डिकेटर छन् । गुड गर्भनेन्स हामीले यो १ वर्षमा डेढ वर्षमा १७/१८ महिनामा यो कायम गर्न सक्यौं कि सकेनौं क्रप्सन कन्ट्रोल खासगरी भ्रष्ट्राचार नियन्त्रणमा चाहिँ अर्थ मन्त्रालयले यसको अगुवाई कत्तिको गर्‍यो फाइनाइनसियल कन्ट्रोल सबै मन्त्रालयको चाहिँ आर्थिक नियन्त्रण अर्थ मन्त्रालयले कत्तिको आर्थिक नियन्त्रण जस्तो सुपरिवेक्षणहरू यो १ वर्षमा गर्‍यो
सभामुख महोदय । ट्रान्सपरेन्सी पारदर्शी चाहिँ पारदर्शिता चाहिँ सरकारले कति गर्‍यो भन्ने प्रश्नहरू जहिले पनि यो आर्थिक अनुशासनको चाहिँ इण्डिकेटर हुन्छ सभामुख महोदय । ट्रान्सफरेन्सी चाहिँ कति छ भन्दाखेरि सरकारी कागजातहरू भेटिदैनन् सभामुख महोदय । पारदर्शिताको बारेमा डेमोक्रेसीमा रुल अफ ल को प्रश्न बढी उठ्छ सभामुख महोदय । संसदीय समितिहरूले मागेका कागजातहरू सरकारले पुर्‍याउन नसक्ने अवस्था त्यो अत्यन्तै डरलाग्दो अवस्था हो सभमुख महोदय पारदर्शीताको हिसाबले सरकार चाहिँ यति अपारदर्शी हुने हो सरकारले पनि सूचना लुकाउने हो भने सरकारले पनि समाग्रीहरू लुकाउने हो भने सरकारले पनि चाहिँ लुकाएर काम गर्ने हो भने तपाईको अपारदर्शिता हुन सक्दैन सभामुख महोदय । त्यस कारणले अर्थ मन्त्रालयले यो पारदर्शिताका सन्दर्भमा के गरेको छ र सरकारका अङ्गहरू, निकायहरू र संरचनाहरूमा आर्थिक अनुशासनका सन्दर्भमा अर्थ मन्त्रालयको नियन्त्रण छ कि छैन सभामुख महोदय । यदि अर्थ मन्त्रालयको नियन्त्रण छ भने पछि सभामुख महोदय यी कुराहरू चाहिँ करेक्शन हुनुपर्छ र यसको कमिटमेन्ट चाहिँ अर्थ मन्त्रालयले गर्नु पर्छ सभामुख महोदय । संगै असारे विकासहरू र चाहिँ विकास खाने प्रणालीको बारेमा जोडतोडले कर्णालीमा कुरा उठ्या छ सभमुख महोदय । यो रोस्टममा मैले केही समय अगाडि भनेको थिएँ सभामुख महोदय । मैले सरकारको ध्यानार्कषण गराएको थिएँ । कर्णालीमा यहि ढङ्गले कमिशन बढेर जाने हो भने कमिशन सम्बन्धी कानून चाहियो भनेर मैले यो मञ्चमा चाहिँ पहिले बोलेको थिएँ । मैले यहाँ आफ्नो भनाई राख्ने क्रममा सरकारको ध्यानार्कषण गराएको थिएँ म मेरो त्यो भनाईलाई फेरि दोहोर्‍याउदै सभामुख महोदय म के कुरामा जोड दिन चाहान्छु भने दुइटै मोडलहरू असफल भएको हो खासगरी चाहिँ टेन्डरिङ्ग र चाहिँ सभामुख महोदय । उपोभोक्ता प्रणाली छन् अर्थात सार्वजनिक खरिद ऐनका चाहिँ बजेट कार्यान्वयन गर्न यो दुईटा चाहिँ कम्पोनेन्टहरू फेल भएको हो । सरकारलाई यो महशुस छ कि छैन बजेट प्रणालीसँग केही कानूनहरू यले रिभाईज गरेर जानुपर्छ त्यो कानूनहरू रिभाईज गर्दा प्रदेशको सार्वजनिक खरिद ऐनको बारेमा अर्थ मन्त्रालयको स्टाटस के हो ? सभामुख महोदय । प्रदेशको सार्वजनिक खरिद ऐनमा यी कम्पोनेन्टहरूलाई कसरी लिएर जाने हो यसमा अर्थ मन्त्रालयसँग सम्बन्धित कुनै पनि डकुमेन्टमा यहाँ प्रस्तुत गर्दा डकुमेन्टहरूमा यो पाइँदैन । प्रस्तुत बजेट पनि यहि प्रचलित सार्वजनिक खरिदको आधारमा लिएर जाने र प्रस्तुत बजेटहरू पनि यहि ठेक्का प्रणाली र उपभोक्ता प्रणालीबाट लिएर जाने र प्रस्तुत बजेट पनि यही विकास खाने परम्पराबाट जाने हो

भने सभामुख महोदय । यसको १ वर्ष पछि फेरि हामीले छलफल गर्दाखेरि आर्थिक अनुशासनको भयङ्कर ठूलो मात्रामा चाहिँ दुरूपयोग हुने मैले चाहिँ देख्याछु सभामुख महोदय । मैले निश्कर्षमा सारमा मैले के भने भने बजेटलाई अर्थ मन्त्रालयले अर्थ मन्त्रीज्यूले जवाफ दिनुहुन्छ यो दिदा फाइनाइनसियल कन्ट्रोल फाइनाइनसियल डिसिपिलियन अर्थ मन्त्रालयको छ कि छैन भन्ने बारेमा उहाँले यसमा स्पष्टीकरण दिनुपर्छ । उहाँले यसमा जवाफ दिनुपर्छ यो न्यायिक फिर्ता भनेको के हो ? सभामुख महोदय । मैले यो कुरा बुझ्याछैन सम्भवतः अर्थ मन्त्रीज्यूले यहाँ यो विषयमा न्यायिक फिर्ताको बारेमा उहाँले टिप्पणी गर्नुपर्नेछ । र स्थानीय तहलाई दिने जुन अनुदान छ सभामुख महोदय म पहेंलो बत्तीको हेरेर म निश्कर्षतिर गएँ । स्थानीय तहलाई दिने जुन अनुदान छ, त्यो चाहिँ प्रदेशको प्रदेशले गरेको चाहिँ गोष्ठीमा केही उहाँले कमिटमेन्ट गरेर हो कि सभामुख महोदय । संसदले यो विषयमा प्रश्न गर्न पाउनुपर्छ संसदले यो विषय करेक्शन गर्न पाउनु पर्छ सभामुख महोदय । प्रदेश समन्वयबाट त चाहिँ हामीले गरेको कमिटमेन्टको आधारमा संसदलाई बजेट बनाइदिने अथवा अनुदान थप दिने पर्ने चाहिँ त्यो बाध्यता संसदलाई पर्दैन सभामुख महोदय । त्यसकारणले मैले यति कुरा राखेर समग्र सबै मन्त्रालयमाथि उठेका प्रश्नहरूको सरकारका सबै निकायमाथि उठेका आर्थिक अनुशासन जन्य प्रश्नहरूको एक मुस्ट जवाफ दिने गरी माननीय अर्थ मन्त्रीज्यूले यसको जवाफ दिनुपर्छ त्यो नहुँदासम्म चाहिँ आर्थिक अनुशासनको योभन्दा बढी धज्जी उड्छ त्यसकारणले मैले यति कुराहरूमा मेरो कन्सर्न राखें । धेरै धेरै धन्यवाद ।।

**माननीय सभामुखः** माननीय श्री यज्ञबहादुर बि.सी. । यसपछि माननीय श्री विन्दमान बिष्ट तयार रहनुहोला।

**माननीय श्री यज्ञबहादुर बि.सी.:** सभामुख महोदय, आर्थिक मामिला तथा योजना मन्त्रालयको वार्षिक विकास कार्यक्रमको आज छलफलमा भाग लिन उपस्थित भएको छु । सभामुख महोदय, जुन आर्थिक मामिला तथा योजना मन्त्रालय यो कर्णाली प्रदेशकै मेरुदण्डको रूपमा रहेको मन्त्रालय हो सभामुख महोदय । जब यो आर्थिक मन्त्रालयले आर्थिक अनुशासनका कुराहरूमा अगाडि बढ्न सक्दैन, तबसम्म हामीले कर्णाली प्रदेशका १७ लाख जनताहरूलाई समृद्धिशाली अथवा सुखी कर्णालीबासी बनाउन सक्दैनौं । त्यो भएर सभामुख महोदय म चाहिँ जुन वार्षिक विकास कार्यक्रमको केही बुँदाहरूमा सभामुख महोदय मार्फत् कर्णाली प्रदेश सरकारको तथा अर्थ मन्त्रालयको ध्यानार्कषण गराउन चाहान्छु । विषेश गरिकन आज हामी कर्णाली प्रदेशकै लागि कर्णाली प्रदेशको अनुहार बदल्नका लागि जुन कर्णाली प्रदेशका जनताले हामीलाई यो सम्मानित सदनमा जिम्मेवारी दिएर पठाएका छन् । आज त्यहि जिम्मेवारीअनुसार यस गरिमामय सदनका सांसदज्यूहरूले आफ्ना कुराहरूमार्फत् जनताका आधारभूत आवश्यकतालाई यहाँ प्रस्ट्याउनु भएको छ । विषेश गरिकन आर्थिक अनुशासनविना हामी अगाडि बढ्न सक्दैनौं सभामुख महोदय र हाम्रो प्रदेशमा ७ ओटा मन्त्रालयहरू छ र आर्थिक मन्त्रालय अन्तर्गत ६ अन्य मन्त्रालयहरू छन् । अन्य मन्त्रालयहरूलाई अख्तियारीविना आर्थिक अनुशासनको पाटोमा अथवा कार्यान्वयनको पाटोमा तिनी मन्त्रालयहरू अगाडि बढ्न सक्दैनन् सभामुख महोदय । विषेश गरिकन आर्थिक पारदर्शीता, वित्तीय अनुशासन मुख्य गरिकन अर्थ मन्त्रालयले अन्तर्गत नै हो । त्यसो भएर जुन अर्थ मन्त्रालयले यो जुन वार्षिक विकास ०७६/७७ को पेश गरिरहेको छ । जलविद्युतकै बारेमा यहाँ प्रस्ट पूर्ववक्ता माननीयले भनिसक्नु भाछ । यो अधिकार अन्य मन्त्रालय अथवा पूर्वाधार विकास योजना मन्त्रालय अन्तर्गतको तर चाहिँ अर्थ मन्त्रालयले आर्थिक अनुशासन अनुसार त्यो योजनालाई लाग्ने बजेट र खर्च विनियोजित गर्ने र साथै सम्बन्धित मन्त्रालयलाई पठाउने विषय हो जस्तो मलाई लाग्दछ र विषेश गरिकन यहाँ चालु खर्चको र पूँजीगत खर्चमा जुन सरकारले चालु खर्चलाई कम गरेर पूँजीगत खर्चलाई बढाएर कर्णाली प्रदेशका विभिन्न योजनाहरूलाई द्रुत गतिमा अगाडि बढाएर लैजानु पर्छ भन्ने यो गरिमामय सदनको निर्णय हो अथवा

गरिमामय सदनका माननीय संसदज्यूहरूको आवाज हो सभामुख महोदय । जस्तो योजना आयोगले यो कर्णाली प्रदेशको योजना आयोगले कर्णाली प्रदेशका १० वटै जिल्लाका सम्पूर्ण योजनाहरूलाई अनुसन्धान गरेर परीक्षण गरेर अनुगमन गरेर वास्तविक प्रथामिकताको आधारमा कर्णाली प्रदेशका योजनाहरू बजेट विनियोजन गर्नुपर्ने हो सभामुख महोदय । हामीले जुन बजेट विनियोजन गरेका छौं आफ्नो हचुवाको तालमा आफ्नै मनोपली ढङ्गबाट हामीले चाहिँ वार्षिक विकास कार्यक्रमहरू अगाडि बढाएर ल्याएका छौं सभामुख महोदय । यसमानेमा यस गरिमामय सदनका सांसदज्यूहरूले अब यो कर्णाली प्रदेशलाई सम्पन्नशाली बनाउनका लागि आफ्ना रायहरू सुजावहरू यो रोस्टमबाट प्रस्तुत गर्दा माननीय मन्त्रीज्यूहरूले जवाफ दिदा आज सदन र मन्त्रालय प्रतिनिधिज्यूहरूको बीचको दोहोरी चाहिँ चलिरहेको अवस्था छ सभामुख महोदय । यो तरिकाले आज यो सम्मानित सदनको प्रति उत्तरदायी छ कि छैन कर्णाली प्रदेशको सरकार त्यसो भएर आखिर म यहाँ सभामुख महोदयमार्फत् केहि कुराहरू राख्न चाहान्छु जो स्थानीय तहमा जाने सशर्त अनुदान होस् विषेश अनुदान समपूरक अनुदान र समानीकरण अनुदान जुन स्थानीय तहमा जाने हो ७९ वटै स्थानीय तहमा समावेशीताको आधार समानताको आधारमा सन्तुलन भएर जानुपर्छ भन्ने मेरो भनाई छ सभामुख महोदय । जुन भेरी बबई ड्राईर्भसनका कुराहरू जो छ । भेरी ड्राईर्भसन बबई ड्राईर्भसन अन्तर्गत पर्ने जुन जनताका जग्गाजमिनहरूको क्षति अथवा मुआव्जाका निमित्त कर्णाली प्रदेशको सरकारले संघीय सरकारलाई तत्काल समन्वय गरेर व्यवस्था गरोस् भन्ने कुरा राख्दै मेरो भनाई यहि अन्त्य गर्दछु । हस्त धन्यवाद । जय नेपाल ।।

**माननीय सभामुखः-** माननीय श्री विन्दमान बिष्ट । यसपछि माननीय श्री दानसिंह परियार तयार रहनुहोला ।

**माननीय श्री विन्दमान विष्टः-** माननीय सभामुख महोदय, हामी आर्थिक मामिला तथा योजना मन्त्रालयको २०७६ को विनियोजित बजेटको शीर्षकमा शीर्षकहरूमाथि छलफल गरिराखेका छौं । अब मन्त्रालयगत बजेटको बारेमा मैले त्यति त धेरै टिप्पणी गर्नुपर्ने केहि पनि छैन । अब केही तालिमहरू केही गोष्ठिहरू केही अन्तरक्रियाहरू आयोजना गरिएको छ । यसमा मेरो कुरा के छ भन्दाखेरि आर्थिक मामिला मन्त्रालयको यो नै पूँजी हो जस्तो लाग्छ । प्राविधिक रूपमा जनशक्ति तयार गर्न नसक्दाखेरि बजेट निर्माणदेखि लिएर योजना तर्जुमादेखि लिएर बजेट निर्माणदेखि लिएर जे आज हाम्रो गाँठो परिराखेको छ त्यहाँको जनशक्तिमा अलिकति अझ प्रस्टता कायम गर्नको लागि यस्ता प्रकारका कार्यक्रमहरूको आयोजना गर्न जरुरी छ जस्तो लाग्छ मलाई । त्यस हुँदाखेरि अरु शीर्षकगत टिप्पणी मेरो केही पनि छैन तर यहाँ कुरा आर्थिक मामिला तथा योजना मन्त्रालय समग्र प्रदेशको वित्तीय अनुशासन कायम गर्ने र त्यसपछि गएर बजेट निर्माण गर्ने र त्यसपछि योजना कार्यान्वयनका सन्दर्भमा यसले पहलकदम लिने एउटा महत्वपूर्ण मन्त्रालय हुनुको नाताले यसमा छलफलका केही विषयहरूमा प्रवेश गराउन चाहान्छु । जस्तो सदनमा निरन्तर रूपमा छलफल चलिराखेको छ चालु खर्च र पूँजीगत खर्चको कुरा । हामीले बजेटमाथि सामान्य सैद्धान्तिक छलफलमा हामीले यो विषयमा पर्याप्त मात्रामा विषयहरू उठेछन् । र माननीय आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले जवाफ दिने सन्दर्भमा मलाई याद छ विभिन्न प्रदेशसँग तुलना गरेर हाम्रो चालु पूँजी हाम्रो चालु पूँजीको खर्च कम छ भनेर यहाँ उदाहरणसहित प्रस्तुत गर्नुभएको थियो । यसमा मेरो टिप्पणी कति मात्रै के हो भन्दाखेरि सभामुख महोदय हामी यो प्रदेश जस्तो ३ नम्बरसँग तुलना गर्दाखेरि कति प्रशेन्ट त्यहाँको चालु छ कति पूँजी छ भन्दाखेरि ३ नम्बर प्रदेशको प्रदेश सभा ११० जनाको छ हाम्रो प्रदेश सभा ४० जनाको छ । ३ नम्बर प्रदेशमा १३ ओटा जिल्ला छन् हाम्रो प्रदेश १० ओटा जिल्ला छन् । ३ नम्बर प्रदेशमा झण्डै ५५ लाख जनसंख्या छ । हाम्रो प्रदेशमा १७ लाख जनसंख्या छ । चालु पूँजीसँग केरे चालु खर्चसँग यी विषयहरू जोडिन जान्छन् जस्तो लाग्छ मलाई । त्यसो हुँदाखेरि ३ नम्बर

प्रदेशसँग २ नम्बर प्रदेशसँग १ नम्बर प्रदेशसँग ५ नम्बर प्रदेशसँग हामीले तुलना गरेर हामी यो उपयुक्त छ जायज छ भन्ने ठाउँमा हामी छैनौं जस्तो लाग्छ मलाई । पूँजीगत खर्च गरेर पूर्वाधार निर्माण गर्न सन्दर्भमा झण्डै केरे ३ नम्बर प्रदेशको २० हजार ३ सय स्क्वायर वर्ग किलो मिटर क्षेत्रफल छ भने हाम्रो प्रदेशमा २७ हजार ९ सय ८४ वर्ग किलोमिटर हाम्रो क्षेत्रफल हो । र त्यसपछि गएर पूर्वाधार विकासका पूर्वाधार निर्माण गर्न हिसाबले हेर्दाखेरि ३ नम्बर प्रदेश र हाम्रो प्रदेशकोबीचमा तुलना नै हुन सक्दैन । यस अर्थमा हामीले उठाएको विषय के हो त भन्दाखेरि सभामुख महोदय । अब हामीले हाम्रो चालु खर्चलाई खुम्चाउनु पर्छ र हाम्रो पूँजीगत खर्चलाई बढाउनु पर्छ, पूर्वाधार निर्माणमा हाम्रो केरे बजेटलाई केन्द्रित गर्नुपर्छ यस अर्थमा हामीले यो विषय उठाएको हो । यस मानेमा म के आग्रह गर्न चाहान्छु त भन्दाखेरि अझैं विभिन्न मन्त्रालयगत शीर्षकहरूमा हामी छलफल गरिराखेका छौं । पूँजी केरे चालु खर्चलाई हामीले अझैं कटौति गरौं र पूर्वाधार निर्माणमा पूँजीगत खर्चमा हाम्रो बजेटलाई बढोत्तरी गरौं अगाडि बढाऔं मेरो आग्रह गर्न चाहान्छु । र दोस्रो कुरा अब यो किताबमा उल्लेख भएको छ बजेट यहाँबाट व्यवस्था गरिएको छ स्थानीय तहलाई विभिन्न प्रकारका अनुदानहरूको व्यवस्था गरेका छौं । स्थानीय सरकार र प्रदेश सरकारको समन्वय गर्न सम्बन्ध कायम गर्ने हिसाबले हेर्दाखेरि यो अत्यन्तै सकारात्मक छ । प्रश्न एउटै मात्रै हो कि समानीकरण अनुदान एकाएक त्यति कसरी बढ्यो भन्ने कुरा एउटा प्रश्न हो । मैले सुनेको, मैले सुनेको धेरै बुझेको त छैन । मैले सुनेको कुरा के छ भन्दाखेरि सभामुख महोदय, संघीय मन्त्रालयमा बजेटको सिलिङ्ग १० प्रसेन्टभन्दा माथि बढ्दैन भन्ने मैले सुनेको थिएँ त्यो कति यथार्थ त्यो त्यत्ति धेरै क्लियर छैन । एउटा मन्त्रालयको एक वर्षदेखि अर्को वर्षसम्म आइपुग्दाखेरि १० प्रतिशतभन्दा बढी सिलिङ्ग बढ्दैन भन्ने कुरामा मैले सुनेको तर हामी के गर्दै छौं, हामीले के गरिम् त भन्दाखेरि स्थानीय तहलाई समानीकरण अनुदान दिने सन्दर्भमा हामीले हन्ड्रेट प्रसेन्ट बृद्धि गऱ्यौं । अब जे भयो भइहाल्यो । त्यसपछि हामी सशर्त अनुदान दिदैछौं, समपूरक अनुदान दिदैंछौ विषेश अनुदान दिदैछौं । जब हामीले स्थानीय तहलाई समानीकरण अनुदान दिने हाम्रो संवैधानिक दायत्व हो भने स्थानीय तहको पनि वित्तीय अनुशासन कायम गर्ने हाम्रो दायत्व हुन्छ कि हुँदैन ? हामीले त समानीकरण अनुदान त हामीले दिइएका छौं । हामी फेरि सशर्त अनुदान दिदैंछौं । हामी समपूरक अनुदान दिदैछौं । हामी विषेश अनुदान दिदै छौं स्थानीय तहलाई । अब यी स्थानीय तहमा वित्तीय अनुशासन कायम गर्नको लागि प्रदेश सरकारको दायत्व हो कि हैन । त्यो दायित्व हो भनेपछि त्यो दायित्व प्रदेश सरकारको कुन मन्त्रालयले कायम गर्ने हो । र त्यो यदि आर्थिक मामिला तथा योजना मन्त्रालयमार्फत् यी कार्यक्रमहरू जाने हुन् भनेपछि त्यसको वित्तीय अनुशासन कायम गर्नको लागि त्यसको संरचना र त्यसको निमित्त आवश्यक पर्ने बजेटको व्यवस्था गरिएको खै ? यो जरुरी छ, हामी स्थानीय सरकारहरू, मैले सबै स्थानीय सरकार र त्यसप्रति मैले कुनै आलोचना गर्न खोजेको, टिप्पणी गर्न खोजेको हैन । अगाडि जसरी बढिराखेका छन्, त्यो कुरालाई कुनै न कुनै जस्तो संघीय सरकारले स्थानीय तहलाई समानीकरण अनुदान दिन्छ । त्यसको वित्तीय अनुशासन कायम गर्नको निमित्त संघीय सरकारले व्यवस्था गर्छ । हामीलाई समानीकरण अनुदान दिन्छ संघीय सरकारले । हामी अहिले भन्दै छौं एउटा केरे एलएमविआईएस हामीले भनेपछि अब चापी बन्द भो भनेपछि माथि संघीयबाटै चापी खुलाउनु पर्छ भन्दैछौं । यसरी कन्ट्रोल गरिराखेको छ, बजेट निर्माणका सन्दर्भमा भनेपछि अब हामीले प्रदेशले पनि स्थानीय तहलाई अब यसको केरे अनुगमन गर्ने, त्यलाई वित्तीय अनुशासन कायम गर्ने यो व्यवस्था यदि प्रदेशले हामीले गर्न नसक्ने हो नगर्ने हो भनेपछि यी तमाम प्रकारका अनुदानहरूमा हामीले कटौति गर्नुपर्छ । म यो कुरा सम्मानित सदनमा राख्न चाहान्छु । यसमा खासगरी आर्थिक मामिला तथा योजना मन्त्रालयको मन्त्रीज्यूको ध्यान जाओस् म यो कुरा गर्न चाहान्छु । अब अर्को मेरो विषय के छ भने सभामुख महोदय । मैले रेगुलर जस्तो उठाइराखेको छु अस्ति जवाफ

दिने सन्दर्भमा एउटा मन्त्रालयको बजेट अर्थ मन्त्रालयबाट स्थानीय तहमा जाने व्यवस्था गरिएको छ भन्ने एउटा शीर्षकको यहाँ जवाफमा हामीले सुनेका थियौं तर यो किताबमा कहिँ पनि देखिएन । त्यो कुन द्वारबाट, कुन डोकाबाट त्यो बजेट स्थानीय तहमा जान्छ ? त्यो त काहिँ पनि शीर्षकमा उल्लेख छैन त ? कि त्यो जवाफ गलत हो कि यो किताब गलत हो । कुनै न कुनै त गलत हुनुपर्‍यो सभामुख महोदय । त्यसकारणले गर्दाखेरि म त्यो साक्षरता अभियानको लागि जो पैंसा जा जाने भनिएको छ । त्यो पैंसाको खोजी गर्न चाहान्छु म सभामुख महोदय, खोजी म गर्न चाहान्छु । अब खासगरी आर्थिक मामिला तथा योजना मन्त्रालयले वित्तीय अनुशासन कायम गर्ने कुरा यहाँ पूर्ववक्ता सबै माननीयज्यूहरूले जोडदार रूपमा आफ्नो विषय प्रस्तुत गर्नुभएको छ मेरो कुरा के छ भन्नुहुन्छ भन्दाखेरि जहाँतहिँका पनि अर्थ मन्त्रालयहरू कडा हुन्छन् भन्ने कुरा हामीले सुन्दै आएको कुरा हो नत्र वित्तीय अनुशासन कायम गर्न सकिदैन । हाम्रो अनुभूति मेरो अनुभूति के छ भने सभामुख महोदय । हाम्रो आर्थिक मामिला तथा योजना मन्त्रालय नहुनु पर्ने ठाउँमा कडा भइदिने हुनु पर्ने ठाउँमा फितलो भइदिने यो समस्या देखा परेको छ । मन्त्रालयले माननीय मन्त्रीज्यूले त्यो कुराको कुन स्तरसँग अनुभूति गर्नुहुन्छ ? अनुभूति होस् भन्ने चाहान्छु म अनुभूति होस् र त्यसपछि गएर कडा हुनुपर्ने ठाउँमा कडा रूपमा प्रस्तुत हुने र त्यसपछि गएर कर्णाली प्रदेशको समृद्धि र विकासको लागि अलिकति फितलो भएर प्रस्तुत हुनुपर्ने ठाउँमा फितलो भएर प्रस्तुत भएर अगाडि बढ्नको निमित्त म सुझाब दिन चाहान्छु । र मैले विषय अन्त्य गरैं धन्यवाद । लालसलाम ।।

**माननीय सभामुखः** माननीय श्री दानसिंह परियार ।

**माननीय श्री दानसिंह परियारः** सभामुख महोदय, आर्थिक मामिला तथा योजना मन्त्रालयको वार्षिक विकास कार्यक्रममा म आफ्नो धारणा राख्न यहाँ उपस्थित भइरहेको छु । र प्रथमतः मैले आज खासै मेरो बोल्ने चाहिँ चाहना थिएन, किनभने हामीले दुईतीन ओटा मन्त्रालयको अघिल्लो वार्षिक विकास कार्यक्रम हेर्दा नै ठूलो निराशा आइसकेपछि यसको बोल्नुको कुनै औचित्य थिएन भन्ने भावनाले चाहिँ मैले चाहिँ कुनै पनि कार्यक्रममा सहभागी भएको थिएन तर आज मैले अन्तिम अवस्थासम्म मैले सोचेर केही बोल्नै पर्छ अर्थ मन्त्रालयको सन्दर्भमा भन्ने सन्दर्भमा चाहिँ म भाग लिन उपस्थित भएको छु । यहाँ म पहिलो कुरा त के गर्न चाहान्छु भने जसरी हामी ठूलो संघर्ष, बलिदानी र त्यागका साथ नयाँ व्यवस्थाको अभ्यास गर्न खोज्दै छौं र ठूलो कुर्बानी र बलिदानीका साथ हामी यो संसदमा यहाँ हामी उपस्थित भएका छौं । र यहाँसम्म आइरहँदा जति आशा थियो, के हाम्रै कार्यकालमा केही गर्न सक्छौं ठूलो अपेक्षा थियो कि आफ्नो निर्वाचन क्षेत्रका जनतालाई केही दिन सक्छौं हामी तर मैले यो एक वर्ष त करिब करिब केही नगरेर बित्यो अब हामीसँग चार वर्ष पनि छैन र साढे तीन वर्ष मात्रै हामीसँग छ । अघिल्लो वर्षको बजेट पनि त्यही ढङ्गले अगाडि बढ्यो र यो वर्षको चाहिँ सुरुवाती चरणमै तपाईको चाहिँ के भयो भने जतिको जनअपेक्षा थियो त्यो अनुसारको चाहिँ बजेट आएन । यहाँ तीनटा कुराको चाहिँ गलत देख्छु मैले तपाईको चाहिँ । पहिलो कुरा त बजेट बनाउँदै गलत गरिएको छ, कुनै पनि कुरालाई चाहिँ इ इण्डिकेटरको रूपमा लगिएको छैन मैले बारम्बार भनेको थिएँ । बजेटको प्लानिङ्ग गर्दा कुन कुरालाई हामीले आधार मानेर योजना बनायौं, त्यो आधारले देखिएन पहिलो कुरा । दोस्रो कुरा के देखियो बजेटलाई निर्वाचन क्षेत्रको चाहिँ न्यूनतम चाहिँ बजेट विनियोजन गर्नु पर्थ्यो त्यो पनि चाहिँ गरिएन, दोस्रो गलत त्यो गर्‍यौं हामीले र तेस्रो गलत हामीले के गरेका छौं भने तपाईको चाहिँ अहिलेसम्म पनि हामीले खासै ठोस गौरबका आयोजना हामीले तय गर्न सकेनौं । हामीले के गर्न खोजिराख्या यहाँ, त्यो पनि प्रष्ट देखिएन यहाँ तपाईको चाहिँ । त्यसो भकोले मलाई लाग्छ अहिले अर्थ मन्त्रालयको सन्दर्भमा किन बोल्नुपर्छ भन्ने मैले सोचें भने हामीसँग आर्थिक अनुशासन कायम गर्ने हामीसँग मापदण्ड छ कि छैन अथवा जो ले जे गर्दा पनि हुने हो कि हैन ?

बजेटलाई व्यवस्थित गर्नको निमित्त बजेटलाई प्रभावकारी बनाउनको निमित्त बजेटलाई सामाजिक न्यायसहितको वितरण गर्नको निमित्त हामीसँग त्यस्तो इण्डिकेटर हामी तयार गर्न सक्छौं कि सक्दैनौं । यो पहिलो कुरा हो किनभने अघिल्लो वर्षको बजेट पनि त्यही ढङ्गले अगाडि बढ्यो र यो वर्षको बजेट त झनै निराशाजनक जति हाम्रो अपेक्षा थियो, जति हामीले चाहेका थियौं ताकि हामीले अहिले चाहिँ सत्ता र सरकारमा हामी भइरहँदा एउटा कमसेकम मैले अस्ति पनि भनेको थिएँ केही केही कुरामा हामीले एउटा कम्यून पनि गरौं । केही केही कुरा चाहिँ जनतालाई एउटा नयाँ चाहिँ समृद्धिको चाहिँ आभाष पनि गरौं भन्ने पनि कतै देखिन मैले । त्यसो भकोले अहिले बजेट बाँडफाँड गर्दा पहिलो कुरा त बजेट बाँड्दै अनियमितता गरिएको छ । जाँ जाँ बाँडिएको छ त्यहाँ सत्ता र शक्तिको दुरूपयोग गरिएको छ । दोस्रो कुरा अहिले अन्तिम चौमासिकमा चाहिँ बजेटको रकमान्तर गरिएको छ । बजेटको शोधान्तर गरिएको छ । हिजो त मन्त्री भको जिल्लामा त बजेट गएको थियो थियो । आज फेरि रकमान्तर गर्दा पनि ती पैंसाहरू फेरि आफ्नै निर्वाचन क्षेत्र केन्द्रित गरिएको छ यहाँ । त्यसो भकोले म अर्थ मन्त्रीलाई यहाँ कोइशन गर्न चाहान्छु । के बजेट वितरण गर्दा हामीले मापदण्ड तय गर्न सक्छौं कि सक्देनौं ? बजेटलाई न्यायोचित वितरणको एउटा इण्डिकेटर तयार गर्न सक्छौं कि सक्दैनौं । यहिँ ढङ्गले हामीले साँच्चिकै बजेट बनाउँदै जाने हो भने यहि ढङ्गले हामीले विकासका नीति कार्यक्रम तय गर्दै जाने हो भने हामीले खोजेको समृद्धि के हो ? हामीले खोजेको परिवर्तन के हो ? न हामीले गौरवका आयोजना तय गर्न सक्या छौं, न सामाजिक न्यायसहितको बजेट बनाउन सक्या छौं, न हामीले तपाईको बेरोजगारीता अहिले विशेष गरेर सबैभन्दा ठूलो समस्या कैयौं यूवाहरू अहिले पनि बेरोजगार छन् हजारौं यूवाले हामीले प्रस्तुत गरिराख्याछन् कि प्रदेश सरकारको तर्फबाट के रोजगारी दिन सक्छौं अथवा यूवाहरूलाई हामीले उत्पादनको रोजगारमा लगाउने किसिमको कुनै प्लानिङ्ग देखिदैन यहाँ । त्यसो भकोले यो व्यवस्था त हामीले नयाँ ल्यायौं, नयाँ व्यवस्थाको अभ्यास गर्दै छौं । संघीयता भनेकै वास्तवमा मैले बुझेको संघीयता र अहिले गरेको अभ्यासको संघीयताको चाहिँ ठीक उल्टो चाहिँ मैले देखिराख्या छु किनभने संघीयता भनेको वास्तवमा अल्पसंख्यकको सम्मान हो । संघीयता भनेको के हो ? पहुँचविहिनहरूको प्रतिनिधित्व, संघीयता भनेको के हो ? पीछडिएको क्षेत्रको चाहिँ न्यायोचित सहभागिता हो । संघीयता भनेको के हो ? हरेक क्षेत्रमा चाहिँ समानुपातिक समावेशी सिद्धान्तलाई अवलम्बन गराउने कुरा हो तर यो कहिँकतै मैले देख्दिन । त्यसो भकोले मैले अहिले यही सन्दर्भमा यदि यही ढङ्गले हामीले बजेट बनाउने हो भने आशा मात्रै होइन अब निराशा जनतामा चाहिँ एकातिर व्यवस्था प्रति निराशा चाहिँ सिर्जना भइराख्याछ अर्कोतिर हाम्रो सरकारप्रति जनताको ठूलो वितृष्णा चाहिँ जागिराख्याछ । अहिले कैयौं मिडियाहरूले कैयौं बौद्धिक व्यक्तित्वहरूले हामीले बनाएको नीति कार्यक्रमलाई नजिकबाट हेरिराख्या छन् र त्यसको प्रतिक्रिया दिइराख्याछन् त्यसो भकोले म के भन्न चाहान्छु भने यदि जसरी हामीले बजेट ल्याएका छौं । यो बजेटलाई संशोधन गर्न सक्नुपर्छ हामीले यो बजेटलाई परिमार्जन गर्नुपर्छ र अहिले जति पनि विषयगत मन्त्रालयका बजेटहरू हामीले हेऱ्यौं र ती मन्त्रालयगत बजेटहरूमा पनि कैयौं शीर्षकहरू न कुनै एजेण्डालाई सम्बोधन गरिएका छन्, न कुनै गौरबका आयोजनालाई सम्बोधन गरिएको छ, न कुनै विशिष्टखाले कार्यक्रमलाई सम्बोधन गरिएको छ । त्यसो भकोले यो ढङ्गले आएको बजेटलाई यही सतही ढङ्गले चाहिँ पास हुने सन्दर्भमा मेरो चाहिँ सर्मथन हुनेवाला छैन । मैले देखेको छु गत वर्ष बजेट विनियोजन हुँदा पनि सबैभन्दा कम मेरो निर्वाचन क्षेत्रमा बजेट गएको थियो । र यो वर्षको बजेट पनि मैले हेरें । प्रत्येक मन्त्रालयको बजेट हेरें, यो वर्ष पनि कर्णाली प्रदेशभित्र सबैभन्दा पछाडि परेको जिल्ला मुगु यो वर्षको बजेटले पनि सबैभन्दा बढी चाहिँ मुगुलाई अपमान गरेको मैले देख्याछु मैले । किनभने मुगुबाट प्रतिनिधित्व यहाँ भएन संसदमा हामीले प्रतिनिधित्व गऱ्यौं तर सरकार र सत्तामा हामीले प्रतिनिधित्व गर्ने ठाउँमा पुगेनौं हामीले । त्यसो भकोले

यहाँ देखिएको छ यहाँ । त्यसो भकोले म भन्न चाहान्छु अर्थ मन्त्रीलाई प्रश्न गर्न चाहान्छु कि यो बजेट यो ढङ्गले पास हुन्न । यसमा मेरो सर्मथन हुन्न । यो ढङ्गले ल्याइएको बजेटले केही पूँजीवादीहरू, केही संशोधनवादीहरू, केही परिवर्तन बिरोधीहरूलाई त टेवा पुग्ला । साँच्चिकै गरिब, निमुखा, बेरोजगार, उत्पीडित क्षेत्र, वर्ग समुदायका मान्छेले यो बजेटले छुँदैन । यो बजेटले छुदैन, कुनै पनि शीर्षकले छुदैन । त्यसो भकोले पनि म अन्तमा के भन्न चाहान्छु भने साँच्चिकै हामीले खाजेको समृद्धि हो भने कमसेकम कुन गौरवको आयोजनामा हामीले लगानी गर्दा छोटो समयमा चाहिँ प्रदेश पूँजीको विकास गर्न सक्छौं हामीले । हामीले समादवादउन्मुख अर्थ व्यवस्थाको कुरा गरिराख्या छौं । अहिले केन्द्रको केही वित्तीय समानीकरण अनुदानबाट आको पैंसाबाट मात्र हामीले चाहिँ बजेट बनाइराख्याछौं हामीले । हामीले थोरै समयभित्र प्रदेश पूँजीको विकास गर्नको निमित्त कुन कुन गैरवको आयोजनामा हामीले लगानी गर्ने त समाजवाद त्यो बेलामा मात्र पूर्ण हुन्छ कि जुन बेला प्रदेश पूँजीको हामीले विकास गर्न सक्छौं । समाजवाद त्यो बेलामा मात्र पूर्ण गर्न सक्छौं कि जुन बेला जनताले सजिलैले राज्यलाई कर दिन सक्छन् । समाजवाद त्यो बेलामा मात्र पूर्ण हुन सक्छ कि जुनबेला हरेक व्यक्तिले राज्यप्रतिको जवाफदेहिता हुन्छ । त्यसो भकोले यो आशा नयाँ व्यवस्थाप्रति चाहिँ जनताको आशालाई निराशामा परिणत गर्ने व्यवस्था फेरिँदा चिन्तन फेरिएको देखिएन यहाँ, प्रवृत्ति फेरिएको देखिएन यहाँ, कैयू पात्रहरू पनि यहाँ फेरिएको देखिएन । व्यवस्था त हामीले नयाँ ल्यायौं । न चिन्तन फेर्‍यौं हामीले, न चेतना फेर्‍यौं हामीले, न पात्र फेर्न सक्यौं हामीले, न हामीले नयाँ प्रणालीको विकास गर्न सक्यौं । त्यसो भकोले यो बजेट जसरी आइराखेको छ यो ढङ्गले आएको बजेटलाई एकपटक म अर्थमन्त्रीलाई कोईशन गर्न चाहान्छु कि बजेट संशोधनसहित फेरि अर्थमन्त्रीले चाहिँ यो सम्मानित सदनमा फेरि पेश गर्नुपर्छ बजेट । यदि यो बजेट परिमार्जनसहित फेरि संसदमा आउन सक्दैन भने यसमा मेरो कुनै पनि समर्थन नरहने कुरा म राख्दै मेरो भनाई टुङ्गगाउछु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री ठम्मरबहादुर बिष्ट । यसपछि माननीय श्री सोशिला शाही तयार रहनु होला।

**माननीय श्री ठम्मरबहादुर विष्टः** माननीय सभामुख महोदय, हामी आज आर्थिक मामिला मन्त्रालयको बजेटको छलफलको क्रममा छौं । मैले पनि यो मन्त्रालयको बजेटलाई समृद्धि बनाउनलाई र रचानात्मक केही सुझावहरू पेश गर्ने अनुमति चाहान्छु । पहिलो कुरा अब यो अलिकति यो पृष्ठभूमि यहाँ राख्दाखेरि जसरी हामी छलफलको क्रममा छौं । मैले सुरुमै एउटा प्रश्न गर्न चाहान्छु हाम्रो अर्थमन्त्रीज्यूलाई कि हामीले बनाएको बजेट २०७४ सालको ०७५ सालको चौमासिक त्यसपछि ०७५ र ०७६ सालको पूर्ण बजेट र अहिलेको बजेट आइरहेको छ यसो गर्दाखेरि जुन किसिमले गत सालमा असन्तुलित बजेट बनाइयो । त्यति मात्रै होइन जुन बजेट मन्त्री केन्द्रित थियो नै असन्तुलित क्षेत्रगत रूपमा पनि थियो । असन्तुलित जनसंख्या रूपमा पनि थियो । सबै रूपले असन्तुलित थियो । र दोस्रो कुरा त्यो बजेट त्यसो हुँदाहुँदै पनि हामीले त्यो कुराहरू राख्दाराख्दै पनि जसरी चाहि पारित भएर आयो र त्यो बजेट खर्च किन हुन सकेन ? यसको चाहिँ जवाफ तपाईले दिनुपर्छ । यो गम्भीर प्रश्न छ । दोस्रो प्रश्न भनेको अहिले हामीले उठाउदै आएको जस्तो बजेट आउनुभन्दा अगाडि प्रि बजेट आयो, नीति कार्यक्रम आयो, हामीले विभिन्न फोरमहरूमा संसदमार्फत् पनि हामीले उठाउदै आएको कुरा के थियो भने अहिले कमसेकम त्यो असन्तुलित बजेटलाई ठीक ट्रयाकमा ल्याउनु पर्छ । र सन्तुलित बनाउनु पर्छ, त्यसको हल भनेको जो क्रमागत मन्त्रीज्यूहरूका चाहिँ योजनाहरू छन् । त्यसलाई कतै न कतै रिकभर गर्नलाई अहिले माननीयहरूको चाहिँ क्षेत्रमा अलिकति योजना बढाउने मन्त्रीहरूको योजनालाई कहि न कहि ब्यालेन्सेप गर्नलाई यो योजनाहरूलाई तपाईको विशेष गरिकन नपुगेका चाहिँ क्षेत्रहरूमा बजेट बढाउने भन्ने कुराहरू

चाहिँ भएको थियो र आइसकेपछि डल्लो बजेटको कुरा पनि यहाँ थुप्रै रूपमा हामीले भन्यौं यो कुनै पनि मेगा प्रोज्जेक्ट या जुनसुकै नाममा भए पनि अहिले हामीसँग बजेट कम छ १३ अर्ब चालु भनिएको छ बाँकी केही ४/५ अरब रुपैयाँ हाम्रो चाहिँ पूँजीगत खर्च हुन आउछ । त्यसकारण त्यो नगरौं, यी कुराहरू हामीले गम्भीर ढङ्गले यहाँ उठाएका थियौं र मन्त्री केन्द्रित जो भको छ, त्यो ढङ्गले यो एउटा राम्रो पनि म्यासेज गको छैन । तपाईहरूकै लागि पनि यो राम्रो छैन । यलाई कमसेकम ब्यालेन्सिप गरौं । एक दुई ओटा २/४ ओटा प्रशेन्टमा तलमाथि हुन सक्छ भन्ने ढङ्गले हामीले थुप्रै कुराहरू उठायौं, जो कुरा अहिले पनि हल भएन । हल नभएको मात्रै हैन, त्यो कुरा अझैं बढने गरी अझैं चाहिँ तपाईको गम्भीर स्थिति यहाँ देखिएको छ । त्यो सुदृढ हुनेतिर अथवा त्यो सच्चिएर आउनेतिर छैन त्यसकारण यस्तो किन गरियो अहिले पनि यो चाहिँ तपाईको बजेटमा यो खालको चाहिँ कमजोरी किन दोहोरियो ? म अर्थ मन्त्रीजीलाई यो प्रश्न गर्न चाहान्छु । यसको जवाफ चाहिन्छ संसदमा । संसदले समग्र रूपमा सरकारबाहेक लगभग अलमोस्ट अल सप्पैले कुरा उठाउँदा उठाउँदै पनि यो कुरा किन ध्यान दिइएन ? यो खास कारण के हो ? तपाईले नसकेको हो या कसैले चलाएको हो या हुन नसक्ने के हो ? यसको जवाफ चाहियो । म यो कुरा यहाँहरूलाई निवेदन गर्न चाहान्छु । दोस्रो कुरा भनेको यहाँ यो सशर्तको कुराहरू यो यहाँ बजेटमा जाँदाखेरि उठेको छ । सशर्त, समपूरकको कुराहरू विषेश अनुदानको कुराहरू, यो समानीकरणको कुराहरू । मलाई कस्तो अनुभव भाछ भने यो सशर्त भन्दै गर्दा, सशर्त होइन कि सशस्त्र भइसक्यो । यो त पेस्तोलबाट फाएर भएको जस्तो भइसक्यो त्यहाँ नजिक को पर्ने ? एउटा हाम्रो चाहिँ तपाईको साइलेन्ट किल भन्छ यसो घच्याकघुचुक नपड्किने गरी गोली हान्ने भन्ने हुन्छ लडाईमा । त्यस्तै साइलेण्ट किलको रूपले आयो । शसस्त्र सशस्त्र भएर आयो यो सशर्त होईन । किन यो आयो भने हामीलाई जानकारी नै भएन । गत साल पनि हामीले त्यो ब्यहोऱ्यौं । अहिले पनि अस्ति सामाजिक मन्त्रीले अरुअरुले पनि यहाँ पढ्दै गर्दा यति गइसक्यो ३६ ओटा नगरपालिकामा माथिबाट आयो दुई दुई लाख हामीले थपेर सशर्तमा थपेर दियौं भनेर अस्ति आइसक्यो, पढिसक्नु भयो भने त्यो दिने कुरामा दिन सक्थ्यो होला सरकारले त्यो पनि हाम्रो विरोध होइन तर त्यसको स्वामित्व, त्यसको अनुगमन, त्यसको मूल्याङ्कन जनतासँगको सम्बन्ध त्यहाँको पालिकासँगको सम्बन्ध त्यो हुन्छ कि हुँदैन त्यो जनप्रतिनिधिको ? यो मेले गम्भीर प्रश्न उठाउन चाहान्छु । यसरी नेतृत्वलाई समग्र प्रदेश तपाईको क्षेत्र र जनताबाट कटाई सकेपछि उसको के भ्यालु हुन्छ ? त्यसकारण यो कुरा कसरी गरियो ? यसको पनि मैले जवाफ चाहान्छु । दास्रो कुरा यो संगसंगै यहाँ अब आन्तरिक मन्त्रालयले पत्रकार भनेर ल्याएको थियो सामाजिकले पनि पत्रकार भनेर ल्यायो, हजुरले पनि पत्रकार शीर्षक फेरि यहाँ चाहिँ के भनेको छ भने चौमासिक पत्रकार भेटघाट यो आ.व. २०७७ अन्तर्गत फेरि वार्षिक बजेटको प्रत्यक्ष प्रशारण अरु के-के भनेर यो चाहिँ तपाईको यो फेरि सञ्चारसँगै जोडिएर दुई तीनटा शीर्षक आको छ । यो मलाई के पनि शंका लागेको छ भने कर्णाली प्रदेश जसरी उन्मात भएर गइराख्या छ सरकार । यो कतै न कतै तपाईको पत्राकारलाई घान हाल्यो भने अलिकति हाम्रो पक्षमा लेख्लान भनेर यो खेल भाछ । मैले पत्रकारलाई आह्वान गर्न चाहान्छु यो घानमा तपाईहरू नलाग्नु होला यो । ठीक छ सरकारले लिने कुरो लिनुस् किन मैले यसो पत्रिकाको सबै हेर्दाखेरि अलि त्यो आको पनि छैन । यत्रो यहाँ तपाईको आगो लागिराख्याछ तर तपाईहरूले कहाँ आगो लाग्यो भन्नु हुन्न उही नियमित चाहिँ चलेको छ सदन भन्ने मात्रै सुन्छु मैले त । जहाँसम्म मलाई लाग्छ पत्रकारहरू गल्नुहुन्न । हामीलाई थाहा छ बीबीसी लण्डनको चाहिँ विवाद हुँदाखेरि सरकार र उसको चाहिँ तपाईको त्यहाँ कोटमा गयो लास्टमा सरकारसँग उले बीबीसी लण्डनले मुद्दा जित्यो बीबीसी सेवाले । त्यसकारण सरकार र पत्रकार भनेको ईट्स नट सेम थिङ्ग, ईट्स अपोजिट थिङ्गस यो विपरीतहरूको एकत्व भन्या जस्तो हो । यो कहिल्यै पनि चाहिँ तपाईको यो यस्तो मित मित ला जस्तो

हुँदैन । त्यसकारण यसमा पनि शंका छ । त्यसकारण जे जे नाममा सरकारबाट गए पनि पत्रकारहरूको कलम नडक्माउनु होला । यो डकमकायो भने हाम्रो प्रदेश डकमकाउनेछ हाम्रो सत्यानाश हुनेछ । अब तपाईहरूनै हो अहिलेको चाहिँ क्रान्तिकारी पण्डित तपाईहरूले लेख्नु भएन भने भ्याइयो नत्र चोरको सादु, सादुको चोर भो भने भ्याइयो । त्यसकारण यो मैले आह्वान गर्न चाहान्छु । अब अलिकति यलाई चाहिँ खरो रूपमा कलम आउनुपऱ्यो । जे जे घान हाले पनि सरकारले अझैं हालोस् शुभकामना छ तपाईहरूको स्वास्थ्य राम्रो होस्, बिमाको कुरा आको छ पढ्न चाहिँ स्नातकोत्तरसम्म आको छ । अरु पनि तपाईहरूको चाहिँ जे जे आवस् त्यो ठिकै छ । यहाँको नागरिकलाई समृद्धि गराउने कुरा त्यो हाम्रो विरोध छैन । तर कलम नडकमगाउनु होला । अलि डकमगाको छ कि जस्तो मैले हेरिराख्याछु हैन । यो मैले अनुरोध गर्न चाहान्छु । दोस्रो कुरा यहाँ यो मेगा प्रोज्जेक्टको कुराहरूमा यसमा जस्तो तपाईको १ अर्ब २० करोडको पैंसा यहाँ आको छ । पूर्वाधार विषेश कार्यक्रम, भेरी बबई डाईर्भसन अनि त्यसपछि लिएर फेरि डायाम साईडको कुरा, फेरि जगदुल्लाको कुरा यी सबै चाहिँ तपाईको कर्णाली हवाई सेवाका कुरा, पूर्वाधार सम्बन्धी गरेर जम्मा १ अर्ब २० करोडको यहाँ राखिएको छ । पहिलो कुरा त म प्रश्न गर्न चाहान्छु यी योजना छान्दाखेरि माननीयहरूलाई किन सहभागी गर्नुभएन ? यिनै योजना आउथे होला तर हामीले स्वामित्व हामीले नि छाती फुल्याएर फलानो ठाउँ भको छ है भेरी बबई डाईर्भसन यो यो कारणले छुट्टिदै छ है, जगदुल्लामा यो यो कारणले छुट्टिदै छ । अरु चाहिँ अलि कम महत्वका हुन् भनेर भन्ने स्थिति हुन्थ्यो नि । त्यो तपाईहरूले किन गर्नु भो ? तपाईहरूको कुनै माथिबाट एकदम बाँड्ने र तलबाट हात थाप्ने जस्तो यो अवस्था किन बनाउनु भो ? यहाँ पनि तपाईहरूले कहि न कहिँ जनप्रतिनिधिलाई कटाउने खालको स्थिति मैले देखिराख्या छु । दोस्रो कुरा यो बजेट, यो बजेटले चाहिँ तपाईको यो योजना पूरा हुन्छ ? मैले प्रश्न गर्न चाहान्छु । तेस्रो कुरा उज्यालो नेपाल भन्ने त नेपाल सरकारले घोषणा गरेकै छ, ठीक छ त्यो नेपाल सरकारले बनाए पनि त्यो त चाहिँ तपाईको नेशनल डिजिटमा जोडिने नै छ भने तपाईले त्यहाँ अहिले उट्पटाङ्ग गरेर त्यहिनिर खोँचे थाप्नु पर्ने कारण के छ ? अनि त्यो तपाईहरूको नाममा आउदा केहि कमिसनको कुरा छ कि अरु के छ ? त्यो पनि यहाँ प्रष्ट पार्नु पऱ्यो । उज्यालो नेपाल त छँदै छ त अब त अँध्यारो भन्ने त चाहिँ तपाईको कि बत्ती बाल्न पऱ्यो, मार्न पऱ्यो । सरकार त्यति अगाडि बढिसक्यो भने यो उखरमाउलो गर्ने कारण के हो ? त्यसको जवाफ चाहियो । आवश्यकै छैन जहाँ । वीरेन्द्रनगरको पानीमा बढाऔं, सडकमा बढाऔं, ठीक छ नाग्मा हिल्सा सडक बढाऔं, रोजगारमा बढाऔं, उद्योगमा एउटा खोलौं । खै तपाईहरूको अनावश्यक चाहिँ तपाईको यी कुराहरू राखेर यसको कुनै अर्थ छ । त्यसकारण यसमा कन्सन्ट्रेसन गर्न आवश्यक छैन मेरो बुझाईमा । यो मैले यहाँहरूलाई निवेदन गर्न चाहान्छु र यो रकम पर्याप्त पनि छैन, जहाँ रकमै अहिले छैन यो रकम काटेर त्यहाँ अत्यावश्यक जो आधारभूत ठाउँहरूमा आवश्यक छ, त्यहाँ हाल्न पऱ्यो । दोस्रो कुरा यो पीएलएमबिआईएस भन्ने छ नि यो अत्यन्तै षडयन्त्रको बुटी हो यो । यो पीएलएमबिआईएस भन्ने षडयन्त्रको बुटि यलाई के राख्नु पर्छ भने माननीय अर्थमन्त्रीले टिप्नु होला । पीएलएमपीबिआईएस राख्नुस् प्रोभिन्स लाईन मिनिस्टरी बजेट ईनफरमेसन सिस्टम रहिछ । यलाई के बनाऔं भने प्रोभिन्स लाईन मिस्ट्रि एण्ड पारलियामेन्ट यहाँ त ल्याउनै पर्ने भो एण्ड पारलियामेन्ट बजेट ईनफरमेसन सिस्टम राख्नुस् त । नत्र यो त तपाईको शुत्र आइगो भन्ने शुत्रमा चाहिँ दुनियाँलाई चाहिँ तपाईको यहाँ घाइते बनाउने र अपाङ्ग बनाउने खेल हुने भो यो त । प्रदेश ध्वस्त गर्ने खेल हुने भो त । कस्तो शुत्र रहिछ माथि बनाउने पनि यसको नाम थाहा पाउन पाए । त्यहि शुत्रमा डाल्नु है गाँठि भनेर भन्ने फेरि त्यो को रैछ ? यहाँ योजना आयोग हो कि कस्तो चाहिँ तपाईको कति राम्रो हो । यति राम्रो बनेको छ । त्यसकारण यलाई तुरुन्तै सुदृढ भएन भने अब यो निरन्तर चाहिँ यहाँ चाहिँ सहिद हुनेको लाईन लाग्छ । प्रदेश सहिद हुन्छ

ब्यक्तिगत हिसाबले हामी सहित हुन्छौं । भौतिक सहिदको कुरा गर्‍या होइन । हाम्रो सबै योजना ध्वस्त हुन्छ त्यो भो भने हामी चाहिँ कङ्गालतिर अगाडि बढ्छौं । त्यसकारण यो कुरा मैले निवेदन गर्न चाहान्छु । र अन्तिमा के हो भने अब मैले अर्थमन्त्रीज्यूलाई भन्न चाहान्छु नेतृत्व तपाईले गर्‍या हुनाले कानुनी भाषामा एउटा भनियाछ एउटा मतिहार भनिन्छ, एउटा अभियुक्त भनिन्छ । तपाईले अहिलेसम्म यो ३/४ वर्षकोमा तपाईले नेतृत्व गरेर जसरी यहाँ खाल्डामा परेको छ प्रदेश, त्यसको नेतृत्वको हिसाबले तपाईले जवाफ दिनैपर्छ र कहिले सुधार गरेर ल्याउनुहुन्छ ? त्यो पनि जवाफ चाहियो । जो हामीले तपसिलका विषय उठाइराख्या छौं । दोस्रो कुरा जो मन्त्रीजीहरू हुनुहुन्छ तपाईहरू मतियार हुनुहुन्छ । उहाँले त्यो गरे पनि हामी त यो गर्दैनौं हो भन्न सक्नु पर्थ्यो नि । त्यसकारण अब तपाईहरूको अगाडि दुईटा मात्रै विकल्प छ, बजेट सुधारेर ल्याउने कि वस्तुवादी र वैज्ञानिक बनाएर ल्याउने कि सरकार वा मन्त्री छोड्ने दुईटामध्ये एउटा रोज्नुस् अब त किन देखिहालियो सूर्यलाई हत्केलाले छेकेर छेकिदैंन । अब त तपाईहरूका जतिसुकै कलम चले पनि केहि हुनेवाला छैन । त्यसकारण ढुक्कसँग गर्नुस् तपाईहरूकै केही प्रेस्टिज बिग्रदैन जनताकै लागि हो । पीएलएमबिआईएस के-के विएस सिएस भनेर हटाउनुस् । अब यो प्रदेशको चाहिँ तपाईको विएस हालौं त्यो ढङ्गले वैज्ञानिक र वस्तुवादी बनाएर आउनुस् अन्यथा यसको विकल्प मैले देख्दैन । धन्यवाद ।।

**माननीय सभामुखः** माननीय श्री सोशिला शाही ।

**माननीय श्री सोशिला शाहीः** सभामुख महोदय, आज खासै म बोलुला भन्ने मैले सोचेको पनि त थिएन तर मैले सचिवज्यूले फोन चाहिँ गर्नु भाथ्यो मलाई । मैले चाहिँ गर्नु भारैछ मैले चाहिँ हेरेन त्यो हिँन्दाहिन्दै ढिला भयो बाटोमा । यहाँबाट मिटिङ्गमा मिटिङ्गबाट जाँदाजाँदै मलाई ढिला भएको कारणले फोन चाहिँ मैले उठाउन सकिन । कपडा लाउदा त्यहाँबाट आउँदा मलाई धेरै ढिला हुन्थ्यो त्यसकारणले अलि उ भयो ढिला भएको कारणले । मैले भन्न चाहेको के हो भने यो सिदासिदा कुरा गर्न चाहान्छु । म मलाई नौ सय, चार सय डिग्री मलाई चाहि आउँदैन । मैले त्यो सिक्दा पनि सिकिन बचपनदेखि अहिलेसम्म सिकेको पनि छैन र सोझो मान्छेको अलिकता केहि मूल्याङ्कन हुन्छ कि नाई भन्न म चाहान्छु यहाँ । अर्को कुरा के हो भने आज आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले यहाँ किताब चाहिँ सानो यहाँ कति पानाको छ त्यो पाना चाहिँ हेरेन मैले त्यहाँ । पाना हेर्न पाइदेको भए पनि अलिकति हुन्थ्यो कि भन्ने सोच हो । दुई चार ओटा पाना होलान् तर मैले चाहिँ त्यो किताब पाउन सकिन । दुईटा हुन् कि चार ओटा हुन् पाना त्यो पाउन नसकेको कारणले आज म पनि १७ लाख जनताको प्रतिनिधित्व गर्ने ठाउँमा म पनि पुगेको कारणले मैले पनि दुईचार कुरा राख्नै पर्छ । आफ्नो कार्यकालसम्म जस्तो भए पनि सुखदुःख भए पनि मैले यो स्टेजमा बेल्नै पर्छ भन्ने एउटा मान्यता राखें सभामुख महोदय । यो कस्तो विभेद हो ? मैले बुझन सकिन यो विभेदै गरिया हो गरेको हो कि अथवा गर्न लगाइएको हो कि मैले सरकारलाई लाई र सभामुखमार्फत् सरकारलाई ध्यानार्कषण गर्न चाहान्छु । अर्को कुरा के हो भने बजेट आउँदै गरेको यति करोडको बजेट आको छ र यहाँ यहाँ कार्यक्रम हुँदै छ भन्ने मैले पनि भन्न पाइदेको भए म पनि खुसी हुन्थें तर म सित चाहिँ एउटा कापी मात्रै छ, मैले चाहिँ त्यो विनियोजन विधेयकको त्यो पाना चाहिँ मैले पाको छैन । अब राष्ट्रिय प्रजातन्त्र पाटी भएकै कारणले नपाको हो कि भन्ने कहिलेकाहि शंका चाहिँ लाग्न लाग्यो है फेरि मलाई पनि । यो अलिकता यसमा चाहिँ विभेद नगरिदिनु होला भन्ने आशा राखेकी छु । र अर्को कुरा दश ओटा जिल्लाको जुन कार्यक्रम दिदै गर्दा, दिदै गर्दाको उ लेटरप्याटमा सम्माननीय सभामुख महोदय, म धेरै धेरै कुरा राख्न चाहान्न यहाँ । त्यमा तोक लगाइएको छ, विशेष माननीयको मात्रै क्षेत्रले मात्रै दिन पाउने र अरु माननीयले दिन नपाउने भन्ने तोक लगाइएको छ मन्त्रालयबाट यो कस्तो हो ? यसको लागि

जवाफ पाउनुपर्छ सभामुख महोदय । नत्र सम्मानित सम्माननीय सदनमा हामी बोलिरहेको कुनै औचित्य मलाई देखिर उचित चाहिँ लागिरहेको छैन । भोलि किनभने यस्तै कोईशनहरू जनताहरूले प्रत्येक दिन उठाउँदै जानेछन् र हामीले कोईशन दिन नसक्ने परिस्थिति आउन सक्छ । यी यी परिस्थितिहरूमा भोलि जुनसुकै कार्यक्रम गर्दा आर्थिक मामिलाज्यू मन्त्रीज्यू हजुरहरूले केरे प्रदेशदेखि केरे केन्द्रदेखि प्रदेशसम्म मन्त्रालय केरे आफ्नो क्षेत्रमा आफ्नो त्यो उ केरे केन्द्रदेखि यहाँसम्म आउनुभएको छ दश ओटा जिल्लाको लागि, दश ओटा जिल्लाको लागि आईन्दादेखि बराबर भाग हुनुपर्छ भन्ने म चाहान्छु । र तलमाथि हुनु हुँदैन, दश ओटा जिल्लाको लागि एक रूपैयाँ पनि तलमाथि हुनुहुँदैन र यमा विषेश ध्यान जावस मन्त्रालय मा केरे सभामुख महोदय र आशा छ मेरो जनताप्रति र मैले जुन बोलिरहेका शब्द छन्, यी शब्दमा कुनै तलमाथि पनि भको हुन सक्छ । यहाँहरूले मेरा शब्दहरू र यी शब्दहरूलाई एकदम मूल्याङ्कन गर्नु हुनेछ र एक्लै भएको नाताले एक्लै भएको नाताले मैले त्यो फिल गरिरहेको छु । पहिला चाहिँ मलाई फिल भएको थिएन, अहिले चाहिँ त्यो मलाई धेरै फिल भइरहेको छ यसमा । धेरै पिर परिहेरहेको छ दशै जिल्लाका जनतालाई भन्न चाहान्छु म र यसकारणले म यहाँहरूको दश जिल्लाको राजश्व आयव्यय पनि जुन, जुन तोकिदैछ जनताको । त्यो तोकिएको कारणले यो केरे पहिला त जग्गाको मात्रै कर तिर्न भनिन्थ्यो अहिले त जग्गाको करभन्दा घरको कर मूल्यसमेत बढेको छ । यसमा जनताहरू एकदम केरे मर्कामा परेका छन् । यी जनताहरूलाई सरकारले ध्यान दिनुहुने छ र बीचमा मैले अर्कै प्यानल समाते पनि मैले जानीनजानी भए पनि यी शब्दहरूलाई यहाँहरूले कैद गर्नुहुने छ भन्ने आशा राखेको छु र अर्को कुरा के हो भने यो बीचबीचमा बोल्दाखेरि कतिखेर काटिएको जस्तो, कतिखेर नकाटिएको जस्तो माईक स्वर चाहिँ आउँदै छ यो के हो ? चाहिँ मैले चाहिँ अलि कति बुझ्न नसकेको कारणले यसमा पनि विषेश सभामुख महोदयमार्फत् म ध्यानार्कषण गर्न चाहान्छु । मैले बोलिरहेका शब्द नकाटियोस् भन्न चाहन्छु । कुनै कुनै गल्ती शब्द बोलेको भए पनि यहाँ जनताहरूले मलाई माफ गर्नुहुनेछ । र कुनै तलमाथि परेकोमा आफ्ना, रातो बत्ती बलिसकेको छ तर आईन्दादेखि यस्तो यो शब्दहरू दोहोरिने छैनन् भन्दै आफ्ना दुई शब्द यही टुङ्गयाउन चाहान्छु । धन्यवाद । जय रास्ट्रवाद ।।

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक, २०७६ अन्तर्गत विनियोजन भएको आर्थिक मामिला तथा योजना मन्त्रालयको शीर्षकहरूमाथिको छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनुभएका प्रश्न एवम् जिज्ञाशामा सम्बन्धित मन्त्रीले जवाफ दिनका लागि भोलि असार २७ गतेको बैठकको सुरुमै समय निर्धारण गरेको छु ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक २०७६ अन्तर्गतको भौतिक पूर्वाधार विकास मन्त्रालय लगायत अन्य मन्त्रालयहरूको शीर्षकहरूमाथि छलफल हुने पूर्वनिर्धारित कार्यतालिका पुनः परिवर्तन गरी निम्नानुसारको कार्यतालिका निर्धारण गरेको जानकारी गराउछु । जस अनुसार असार २७ गते भौतिक पूर्वाधार विकास मन्त्रालय, असार २८ गते प्रदेश सभा सचिवालय, कर्णाली प्रदेश योजना, लोक सेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयका शीर्षकहरूमाथि छलफलका लागि दिन निर्धारण गरेको छु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७६ साल असार २७ गते शुक्रबार दिनको १:०० बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

# बैठक संख्या-२०

(२०७६ साल असार २७ गते शुक्रबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश, प्रदेश सभाको चौंथो अधिवेशनको बीसौं बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू कर्णाली प्रदेश विनियोजन विधेयक, २०७६ अन्तर्गत विनियोजन भएका आर्थिक मामिला मन्त्रालयको शीर्षकहरूमाथि खर्च कटौतिको प्रस्ताव प्राप्त हुन आएको छ । खर्च कटौतिको प्रस्तावकर्ता माननीय श्री जीवनबहादुर शाहीलाई प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**माननीय श्री जीवनबहादुर शाहीः** सम्माननीय सभामुख महोदय, म सम्माननीय सभामुख महोदयका अनुमतिले यो खर्च कटौतिको कुरा राख्नुभन्दा अगाडि केही कुरा राख्न चाहन्छु, सभामुख महोदय । तीनचार दिनसम्म यो सदनमा फूलको आँखाले फूलै संसार काँडाको आँखाले काँडै संसार भनेर जनायो । हिजो पनि यस्ता धेरै कुराहरू आए । र एक जना मन्त्रीज्यूले जवाफ दिंदा फूलका आँखा र काँडाका आँखाका कुरा गर्नुभो । सम्माननीय सभामुखको अनुमतिले उहाँले जानेको फूलको आँखा काँडाको आँखा मात्र रहेछ । यसमा केही भनाइहरू पनि छन् । आनी छोइङ्गले डोल्माले गाएको गीत हो । यो फूलको आँखा र काँडाको आँखा भइहाल्यो । त्यसपछि म केही शब्दहरू म पढ्न चाहन्छु, झुल्किन्छ है छायाँ वस्तु अनुसार, काँडाको आँखामा काँडै संसार भइहाल्यो । चित्त शुद्धी होस् मेरो बोली बुद्धको भन्ने छ, त्यसपछि टह टह जुन देखुँ कालो रातैमा, जीवनसंगी चुनुँ म सुख पातैमा भनेर यो गीतको लयमा आनी छोइङ्गले चाहिँ गीत गाउनुभएको । अब फूलको आँखामा फूलै संसार काँडाको आँखामा काँडै संसार भन्ने आइसकेपछि मलाई पनि लाग्यो सभामुख महोदय, यी गीत गाउनै पर्ने रैछ भन्ने मलाई लाग्यो । किनकि यो बजेट कसरी आएको छ त भन्ने, हुन त यलाई भनिन्छ मुमेन्ट अफ ब्लिस एकदम माथि तौलेर हिंड्ने भन्ने हुन्छ । म गायक होइन मेरो स्वर त्यति राम्रो छैन तर मैले यलाई भाकामा गाउने अनुमति मागे सभामुख महोदय ।

फूलको आँखामा फूलै संसार, काँडाको आँखामा काँडै संसार ।
झुल्किन्छ है बजेट मान्छे अनुसार, काँडाको आँखामा काँडै संसार ।
फूलको आँखामा फूलै संसार, काँडाको आँखामा काँडै संसार ।।
चित्त शुद्ध होस् तिम्रो बोली अनुसारको
चित्त शुद्ध होस् तिम्रो बोली अनुसारको
तिम्रो पैतलाले कुल्चिसक्यो सबै थोक,
तिम्रो पैतलाले कुल्चिसक्यो सबै थोक ।
राम्रो आँखामा फुल्छ राम्रै संसार
काँडाको आँखामा काँडै संसार ।
टह टह बजेट देखु कालो रातैमा
टह टह बजेट देखु कालो रातैमा
जीवन परिवर्तन गर्न सकूँ एकै रातैमा,
फूलको आँखामा फूलै संसार, काँडाको आँखामा काँडै संसार ।
पापी मनमा खुल्छ है पापी संसार,
काँडाको आँखामा काँडै संसार

मन्त्रीको आँखामा काँडै संसार,
मन्त्रीको आँखामा काँडै संसार ।।

धन्यवाद सभामुख महोदय, यो वास्तवमा मैले यति घुमाएर भन्नुपर्ने त थिएन, (गीत राम्रो छ, संगीतको अभाव छ, गीत चाहिँ राम्रो छ ।) अब अर्को चोटी संगीतको व्यवस्थाको लागि पनि अनुरोध गर्न चाहन्छु सभामुख महोदय । तर जुन हामीले अपेक्षा गरेका थियौं, एउटा मन्त्री जस्तो मान्छेले आएर यो भन्दाखेरि मैले यो सबै गीत गाउन बाध्य भएँ, सभामुख महोदय । अब मैले यो विनियोजित, विनियोजिन विधेयक आर्थिक मामिला तथा योजना मन्त्रालयको मैले १ रुपैयाँको खर्च कटौति र सय रुपैयाँको खर्च कटौति गरेको छु । कर्णाली हवाइसेवाको विषयमा यो नीतिगत भएन भन्ने मेरो मान्यता हो । मैले नीतिको बेला पनि बोलेको थिएँ र बजेटको बेला पनि बोेलेको थिएँ । सरकारले हवाइ सेवा संचालन गर्न सक्ने कुरा पनि हुँदैन र कर्णाली सरकारबाट यो सम्भव पनि छैन । नीति तथा कार्यक्रम मन्त्रीको जवाफ अनुसार प्राइभेट कम्पनिलाई पैंसा दिने र उनीहरूले नै संचालन गर्ने भन्ने जुन जवाफ आएको छ, त्यो नीति विपरीत र बदनियतपूर्ण छ । त्यसकारण यो शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ गरियोस् सभामुख महोदय । अर्को छ, पूर्वाधार विशेष कार्यक्रम यलाई चाहिँ मैले १०० रुपैयाँ घटाइयोस् भनेर राखेको छु । पूर्वाधार विशेष कार्यक्रम भनेर यस मन्त्रालयमा रु. एक अरब २० करोड विनियोजित गरिएको छ, यति पूर्वाधार विशेष कार्यक्रम हो भने पूर्वाधार मन्त्रालयमा हुनुपर्दथ्यो । २४ वटा योजनालाई भनेर बजेट विनियोजित गरेको देखिन्छ । यो बुँदामा रहने गरी बजेट आएको हुनाले सरकारको जवाफदेहिता भएन किनकि २४ वटा भनिसकेपछि हामीले बुझ्ने कुरो के हो भने २४ वटा क्षेत्र हो भन्ने हामीले बुझेका छौं । १ अरब २० करोड रुपैयाँ छुट्याइसकेपछि सम्बन्धित मन्त्रालयमा त्यलाई राखिनुपर्छ । त्यो नराखेर यो चाहिँ जवाफदेहिताभित्र नपरेको हुनाले १०० रुपैयाँ खर्च कटौति गरियोस् भन्ने कुरा चाहिँ मैले पेश गरेको छु, सभामुख महोदय । धन्यवाद । जय नेपाल ।।

**माननीय सभामुखः** माननीय सदस्यहरू कर्णाली प्रदेश विनियोजन विधेयक २०७६ अन्तर्गत विनियोजन भएका आर्थिक मामिला तथा योजना मन्त्रालयको शीर्षकहरूमाथि भएको छलफलमा माननीय सदस्यहरूले उठाउनुभएका प्रश्न एवम् जिज्ञासामा सम्बन्धित मन्त्रीले जवाफ दिनका लागि कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १३२ को उपनियम ८ बमोजिम समय निर्धारण गरेको छु । आर्थिक मामिला तथा योजना मन्त्रालयको शीर्षकहरूमाथिको छलफलमा माननीय सदस्यहरूले उठाउनुभएका प्रश्न एवम् जिज्ञासामा जवाफ दिनका लागि आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाः** सभामुख महोदय, आर्थिक वर्ष २०७६/०७७ को विनियोजन विधेयक अन्तर्गत आर्थिक मामिला तथा योजना मन्त्रालय शीर्षकमा माननीय सदस्यजीहरूले छलफलमा भाग लिएर महत्वपूर्ण सुझावहरू दिनुभएको छ । त्यसका निम्ति म सबै माननीयज्यूहरू छलफलमा भाग लिने र छलफलमा भाग नलिएर पनि सहयोग गर्ने सबै माननीयजीहरूलाई म मन्त्रालयको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । खासगरी हिजो रमाइलो पनि भयो । हुन त यहाँ चाहिँ अब गीतको दोहोरी पनि चलिरहेकै छ । म त त्यतातिर जान चाहन्न, हिजो पनि आर्थिक मामिला तथा योजना मन्त्रालयको बारेमा छलफल हुँदा अरु मन्त्रालयकै पनि विषयहरू त्यसमा प्रवेश गरे, आर्थिक विषयसँग जोडिएकाले, योजनासँग जोडिएकाले । त्यसरी विभिन्न ढंगले ती विषयहरू जोडिनुलाई पनि मैले अन्यथा ठानेको छैन । सबै माननीय मन्त्रीज्यूहरूले माननीयजीहरूका कुरा सुन्नुभएको छ । विभिन्न मन्त्रालयसँग जोडिएका अब कतिपय माननीयज्यूहरूले सम्बन्धित मन्त्रालयकै छलफलमा पनि आफ्ना कुरा प्रष्ट राख्नुभएको छ । केही कुराहरू आर्थिक मामिला तथा योजना मन्त्रालयको शीर्षक अन्तर्गत छलफल

गर्दा पनि ती विषय राख्नुभएको छ । ती विषयमा सम्बन्धित मन्त्रीज्यूहरूले नै पनि गम्भीरतासाथ ध्यान दिनुहुनेछ भन्ने कुरा म अनुरोध गर्न चाहन्छु । म शुद्ध रूपमा हाम्रो मन्त्रालयसँग जोडिएका विषयहरू, आर्थिक मामिला तथा योजना मन्त्रालयसँग जोडिएका विषयहरूमा केन्द्रित भएर संक्षेपमा आफ्नो जवाफ राख्ने अनुमति चाहन्छु, माननीयजीहरूले उठाएका जिज्ञासाहरू, प्रश्नहरू, सवालहरूलाई प्रष्ट पार्ने कोशिस गर्न चाहन्छु । सबभन्दा पहिले यो कार्यक्रम पुस्तिकाको बारेमा पनि यहाँ चाहिँ केही कुरा उठ्यो यो पुस्तिका निकाल्ने सन्दर्भमा चाहिँ दुईखालका मोडल छन् । अहिले केन्द्रमा पनि रातो किताब भाग १ र भाग २ भन्ने निकालिन्थ्यो । अनि पछि आएर के गरियो भने खासमा रातो किताब भाग १ नै हो । अनि भाग २ भनेर कार्यक्रम वार्षिक कार्यक्रम पुस्तिका निकाल्ने गरिन्थ्यो, त्यो योजना आयोगले निकाल्थ्यो तर यसपटक हाम्रो यहाँ चाहिँ अब कर्णाली प्रदेशमा पनि गत वर्ष हामीले रातो किताब त बजेटसँगै चाहिँ वितरण हुने नै भो, गत वर्ष पनि अहिले पनि । त्यसपछि वाषर्िक कार्यक्रम पुस्तिका भनेर मन्त्रालयले निकाल्यो । पछि फेरि प्रत्येक मन्त्रालयको अलग—अलग चाहिँ विकास कार्यक्रम डिटेलमा निकाल्न परेपछि मन्त्रालयका पनि पुस्तिकाहरू निकाल्नुपर्यो । त्यसैले यसपटक हामीले के गर्यौं भने त्यस्ता पुस्तिकाहरू जहाँ चाहिँ कार्यक्रम मात्र होइन, चालु खर्च समेत डिटेलमा सम्बन्धित मन्त्रालयले नै निकाल्ने भइपछि धेरै पुस्तक निकाल्न परेन, यो कुरा म प्रष्ट पार्न चाहन्छु । अब यहाँ अलि धेरै माननीयजीहरू अलि गम्भीरतासाथ उठाएको विषय भनेको चालु खर्चको सम्बन्धमा छ । यसमा मैले चालु खर्च, जुन १३ अर्बको सिलिङ्ग छ, अँ..यो अरु प्रदेशसँग तुलना गरेर यो असाध्यै राम्रो गर्यौं हामीले भनेर पुष्टी गर्न खोजेको पनि होइन, खासमा चाहिँ कम्प्यारिजन गर्न मात्रै खोज्या हो । अरु प्रदेशसँग तुलना गर्दाखेरि हाम्रो त्यति धेरै छैन । यद्यपि चालु बजेट जतिसक्यो धेरै कम गर्नुपर्छ, घटाउनुपर्छ, नियन्त्रण गर्नुपर्छ भन्ने कुरामा हामी प्रष्टै छौं । प्रयत्न गर्दागर्दै पनि हामीले त्यसलाई जति नियन्त्रण गर्नुपर्ने त्यति गर्न सकेनौं, अब गत वर्षकै ठाउँमा त हामी पुगिन सक्दैनथियौं । गत वर्षभन्दा किन बढी भयो भन्ने कुरामा त अब यसको धेरै छलफल गर्नैपर्छ जस्तो मलाई लाग्दैन । किनभने गत वर्ष त मैले भनिपनि सकें, कर्मचारीहरूको तलबभत्ता समेत संघले संघीय सरकारबाट आउँथ्यो, ठूलो चाहिँ एमाउन्ट त त्यसले नै कन्ट्रोल गरिहाल्थ्यो । त्यस्तै संरचना पनि हाम्रो अब गत वर्षकोमा कम नै थियो, स्वभाविक रूपमै त्यसले गर्दा कम थियो, चालु बजेट चाहि १०० प्रसेन्ट खर्च हुन्छ सामान्यतया । हाम्रोमा चालु बजेट पनि बचेको छ के बचत भएको छ । त्यो किन त भन्दाखेरि संरचना पनि पर्याप्त भएन, कर्मचारीको तलब भत्ता चाहिँ संघीय सरकारबाट व्यवस्था भइहाल्यो, अनि हामीले प्राविधिक कर्मचारी व्यवस्था गर्ने भनेको अख्तियारले चाहिँ नगर भनेर निर्देशन दिएपछि त्यो पनि गर्न परेन भनेपछि धेरै चालु खर्च खासमा प्रशासनिक खर्च चाहिँ कन्ट्रोल भको हो र त्यसका बावजुत पनि जुन चालु खर्च छ, माननीय मुख्यमन्त्रीज्यू पनि यसमा एकदमचाहिँ गम्भीर रूपमा चासो दिइरहनुभको छ, हामी लागि पनि रहेका छौं । यसपटक एउटा चाहिँ कम्जोरी म महशुस पनि गर्छु त्यो बजेटको चाहिँ जो सिलिङ्ग अथवा चाहिँ मन्त्रालयले ल्याएको कार्यक्रमलाई अलि मसिनो गरी, अलि शीर्षकवाइज, टपिक्सवाइज, त्यसको चाहिँ एकएक गरेर हामीले अध्ययन गरेर, त्यसलाई चाहिँ सम्याउने काम गर्न सकेनौं । त्यो हामीले अलि सिलिङ्ग दिंदा पनि ढिलो भयो, त्यो पनि हाम्रै कमजोरी हो, केन्द्रबाट सिलिङ्ग आउन त यसै ढिलो भाको त्यसमा हामीले अझैं ढिलो गरियौं, त्यसमा मन्त्रालयले कार्यक्रम बनाएर अर्थ मन्त्रालयमा ल्याउँदा धेरै ढिलो भइसक्यो । अब बजेट बक्तव्य पनि तयार पार्नुपर्ने त्यसपछि मन्त्रालयको कार्यक्रम पनि अध्ययन गर्नुपर्ने । यो एकदमै प्रेसरकाबीच हामीले धेरै हेर्न सकेनौं, यो रिअलाइज मैले गरेको छु । र त्यसका वावजुत पनि हाम्रो चाहिँ अब मन्त्रालयको चाहिँ सचिव लगायतको टिमलाई सम्बन्धित मन्त्रीज्यूहरूलाई सम्बन्धित मन्त्रालयका सचिवज्यूहरूसहितलाई कुनै हालतमा पनि चालु खर्च कन्ट्रोल गर्नुस् हैन, हामी जुनसुकै फोरममा पनि छलफल गर्न सक्छौं, कन्ट्रोल गरौं, नियन्त्रण गरौं, कम गरौं

भनेर प्रयत्न चाहिँ नगरिएको होइन, आर्थिक मामिला मन्त्रीको हैसियतमा मैले त्यसको निम्ति कोशिस पनि गरें, माननीय मुख्यमन्त्रीज्यूले निकै धेरै कोशिश पनि गर्नुभो, कन्ट्रोल पनि सकेसम्म भको छ । तर चाहिँ त्यति हुँदाहुँदै पनि कतिपय शीर्षक दोहोरिएका छन्, ओभरल्यापिङ्ग भएको छ, केही चाहिँ नआउनुपर्ने शीर्षकहरू पनि आएका छन्, बजेट पनि कतिपय शीर्षकहरूमा बढी भएको छ, यो कुरा चाहिँ महशुस भको छ र म चाहिँ यो सम्मानित सदनसमक्ष के अनुरोध गर्न चाहन्छु भने हामीले त्यो संशोधन पनि गर्न सक्छौं । बसेर छलफल गरेर, अनावश्यक, दोहोरो परेको अथवा बढी बजेट भएको, खर्च हुन नसक्ने, त्यो बजेट चाहिँ चालू खर्च हामीले कटाउने कुरामा, घटाउने कुरामा मेरो प्रतिबद्धता छ । र मैले भन्दै पनि आएको छु कि चालू शीर्षकको बजेट हामीले कटाएर पूँजीगतमा लिन सक्छौं, यो एउटा सुबिधा हामीसँग छ । त्यसकारण चाहिँ तपाईहरूको सहयोग हामीलाई चाहिएको छ, तपाईहरूले पनि सुझाव दिनुस्, हामी छलफल गरेर त्यो चाहिँ अनावश्यक खालको अलि फजुल खर्च हुने खालको, अनुत्पादक खर्च हुने खालको कुरालाई नियन्त्रण गर्ने कुरामा जति सकिन्छ हामी चाहिँ त्यसलाई कन्ट्रोल गर्ने कुरा म अनुरोध गर्न चाहन्छु । अब अर्को यहाँ उठेको, सबै धेरै जनाले उठाउनुभको यो आर्थिक अनुशासन, पारदर्शीता, सुशासन, भ्रष्टाचार नियन्त्रण, बजेटको दुरूपयोग रोक्ने जस्ता कुराहरू छन्, एकमुष्ट रूपमा म यसमा धेरै लामो कुरा गर्न चाहन्न । अब हामीले यो आर्थिक पारदर्शिताको निम्ती प्रयत्न नगरेको पनि होइन, नयाँ नयाँ भएको हामीले सिस्टम धेरै व्यवस्थित गर्न पनि सकेनौं, अब यहाँ माननीयज्यूहरूले एलएमबीआइएसको पनि आवश्यकता छैन सम्म भनिदिनुभो । वास्तवमा चाहिँ एउटा निश्चित विधि पद्धति निश्चितखालका एउटा यो सिस्टम नबनाएसम्म हामीले यो अनियमितता नियन्त्रण गर्ने कुरा, अपारदर्शीता चाहिँ हटाउने कुरा गर्न गाह्रो कुरा हुन्छ, त्यसकारणले सिस्टममा लैजाने कुरा जस्तो अघिल्लो वर्ष भनौ न यो चालु वर्षमा सुत्र भन्ने एउटा सफ्टवयर थियो यो संघीय सरकारको संघको पनि त्यस्तै समस्या छ, त्यो सुत्र सहज थियो सजिलो पनि थियो, त्यसैलाई फ्लोअप गर्न पाएको भए, त्यसैलाई अहिले पनि लागू गर्न पाएको भए, गत वर्ष त्यस त्यो सफ्टवयरमा ट्रेनिङ्ग पनि प्राप्त गरेका थिए कर्मचारीहरूले, अनि त्यसमा अभ्यस्त पनि थिए, अहिले सजिलो हुन्थ्यो । अनि त्यो फेरि हटाइदिएर अब स्थानीयले अहिले पनि सुत्र प्रयोग गर्छ, क्गत्च्ब् भन्ने एउटा सफ्टवयर छ । अनि संघले एलएमबीआइएस पहिले देखि गर्दै आएको थियो अनि प्रदेशको निम्ती पीएलआईएमबीएस भनेरचाहिँ त्यो केन्द्रकै ढाँचाको चाहिँ हामीले गर्ने भनेपछि अब अन्तिम बेलामा त्यो सुत्रमा केरे त्यो सफ्टवयर हामीलाई उपलब्ध गराउने, त्यो अनुसार फेरिचाहिँ कार्यान्वयन इकाईबाट हाम्रा जो चाहिँ कार्यान्वयन गर्ने कार्यालय छन्, त्यहाँदेखि नै पीएलएमबीआईएस भर्दै आउने भनेपछि असाध्यै धेरै प्रेसरमा हामी पर्यौं, त्यसले गर्दा केही समस्याहरू देखिएका हुन् । तर त्यसलाई अझैं डेपलभ गर्नुपर्छ, व्यवस्थित गर्नुपर्छ, जसले गर्दाखेरि पारदर्शीता पनि हुन्छ, र अनियमितता नियन्त्रण गर्ने कुरा पनि हुन्छ भन्ने म विश्वास दिलाउन चाहन्छु । र जहाँ अनियमितता हुन्छ, जहाँ अपारदर्शिता हुन्छ, त्यो कुराको निम्ती अब हाम्रो चाहिँ क्षमता के छ, हाम्रो संरचना, हाम्रो कानून सबै कुराले त्यसलाई नियन्त्रण गर्ने कुरामा हाम्रो प्रतिबद्धता छँदै छ, नीति कार्यक्रम बजेटमा प्रष्ट रूपमा यो विषयमा चाहिँ यो भ्रष्टाचार अनियमितता नियन्त्रण गर्ने कुरामा हामीले प्रतिबद्धता जाहेर गरेकै छौं । अब अर्को कुरा यहाँ उठेको तेस्रो विषय अलि महत्वपूर्ण विषय भनेको रकमान्तर र स्रोतान्तरको पर्छ । यो बजेट भनेको आय व्ययको अनुमान नै हो । एक्ज्याक्ट त चालु वर्षको असार मसान्तमा निस्कने हो, आगामी आर्थिक वर्षको चाहिँ बजेट भनेको अनुमानित आय व्यय हो । त्यसैले त्यो अनुमानित विवरण भएकोले कहिलेकाहिँ चाहिँ अत्यावश्यक ठाउँमा चाहिँ बजेट नपुग्न सक्छ, अनि हामीले विनियोजन गरेको ठाउँमा बजेट बढी हुन सक्छ । अथवा आवश्यक नहुन सक्छ, त्यो पहिले नै त्यो एक्दम चाहिँ अनुमान गरेर गर्ने त होइन, काम गर्दै जाँदाखेरि यस्तो देखिन सक्छ, त्यस्तो देखिँदाखेरि कानुनी रूपमै हामीले चाहिँ प्रक्रियाबाटै रकमान्तर गर्न सक्छौं । त्यो माननीयज्यूहरू

पनि यसमा चाहिँ जानकार हुनुहुन्छ । यहाँहरूले पनि कतिपय सुझाव दिनुभएको छ, अनुरोध गर्नुभएको छ, अलि जोड पनि गर्नुभएको छ, यसमा खर्च भएन, यसमा खर्च भयो, यसमा लैजाउन त भन्ने कुरा त राम्रै कुरा हो । अब त्यो गर्ने क्रममा बदमासी भको छ, अनियमितता भएको छ, कहिँ चाहि कुनै इन्ट्रेस्ट छ भने त्यो कुरामा छलफल गरौं, समितिमा पनि एजेण्डा बनेकै छ, समितिमा पनि छलफल गरौं, कुनै मन्त्रीको, कुनै कर्मचारीको, अथवा अर्थमन्त्रीकै केही इन्ट्रेस्ट रैछ भने छलफल गर्न सकिन्छ । होइन भने, अहिले त के बाध्यता भयो भन्दा अब कतिपय योजनाहरू सुरु हुन नै सकेनन्, कतिपय कार्यक्रममा बजेट खर्च नै हुन सकेन, केही केहीमा खर्च भए केरे खर्च गरिसकियो, काम भइसक्यो । त्यस्तामा बजेट आवश्यक पनि छ । त्यसो हुँदाखेरि त्यसमा केही लैजाऔं भन्ने कुरामा अलि लचिलो चाहिँ भएको । अलि खर्च होल काम अलि होला भन्ने त्यो चाहनाले पनि काम गर्यो होला । तर त्यहाँ चाहिँ बदमासी होस्, अव्यवस्थित होस्, अनियमितता होस् भन्ने ढंगले सोचेर गरेको होइन, यसमा हामी प्रष्ट छौं । र फेरि यो रकमान्तर गर्दाखेरि अब सम्बन्धित मन्त्रालय नै यसको मुख्य जिम्मेवार हुन्छ, किनभने सम्बन्धित मन्त्रालयले सबै अध्ययन गरेर प्रक्रिया पूरा गरेर अर्थमा ल्याउने हो अनि अर्थले त्यसमा कति रोक्नु पर्ने कुन कुन हो, नरोक्न पर्ने कुन हो विचार गर्ने कुरा हो आवश्यक विषयहरूमा महत्वपूर्ण विषयहरूमा मुख्यमन्त्रीज्यूसँग सल्लाह गर्ने हो । त्यसमा हामीले चाहिँ जति बजेट पहिले विनियोजन भएको हुन्छ, भएको थियो त्यसमा बढ्ने गरी कुनै पनि हालतमा चाहिँ यो रकमान्तर नगरौं भन्ने एउटा चाहिँ आधार बनाउने त्यसपछि आएर पहिले विनियोजन भएको रकम अथवा बजेट खर्च भइसकेको सम्बन्धित कार्यालयको विवरण सम्बन्धित कार्यालयको रिपोर्टलाई हामीले आधार बनायौं र त्यसपछि तेस्रो भनेको अब खर्च गर्न सकिने अब काम गर्न सकिने चाहिँ कामको बजेट अनुसारको लागत स्टिमेट त्यो समेत ल्याएपछि मात्रै रकमान्तर गर्ने, गर्नैपर्ने अवस्थामा भनेर हामीले त्यसलाई पनि एउटा सिस्टममा ढालेर केही चाहिँ रकमान्तर भएको छ, त्यो चाहिँ आवश्यक बजेट, अत्यन्त जरुरी कार्यक्रममा, योजनामा मात्रै रकमान्तर भएको छ, र यसको भोलिका दिनहरूमा पनि जो चाहिँ रकमान्तर गर्दाखेरि औचित्यता कति आवश्यक छ भन्ने कुरामा ध्यान जानेछ, माननीयज्यूहरूले जे होस यसमा सजक र सतर्क बनाउनुभएको छ । भोलि अझै पनि यो रकमानतर गर्ने कुरामा चाहिँ गम्भीर हुनुपर्ने कुराको निम्ति हामी प्रष्ट छौं । यसले हामीलाई पनि गाइडलाइन चाहिँ गरेको छ । अर्को एउटा विषय उठेको छ, यो टेण्डर प्रणाली र उपभोक्ता समिति अब यो चाहिँ विकास मोडेल कस्तो गर्ने भन्ने सम्बन्धमा यो ठूलो बहसको विषय छ । यो माननीयज्यूहरूलाई यस विषयमा जानकारी पनि हुनुपर्छ भन्ने मलाई लाग्छ । टेण्डर प्रणाली र उपभोक्ता समितिको प्रणाली यो दुइटा सिस्टम मूलत हाम्रो विकास निर्माणका निम्ति खर्च गर्ने प्रणाली हो, यी चाहिँ अब पूरै टोटलै फेलिएर भए, भन्ने निश्कर्ष त अहिले नै निकाल्न सकिदैन । तर यी पूर्ण रूपमा सक्सेस पनि छैनन् भन्ने कुरामा सबैतिर बहस चलेकै छ, केन्द्रमा पनि निकै लामो बहस मैले यहाँहरूको बीचमा पटक-पटक भन्ने गर्याछु, आर्थिक केरे अर्थ समितिको सभापति हुँदाखेरि हाम्रै समितिमा पनि निकै समय यसमा बहस पनि गयौं । र यो जुन चाहिँ अहिलेको कानुनी व्यवस्था छ, अहिलेको जुन मोडेल छ, अहिलेको जुन प्रक्रिया छ, यसलाई सुधार गर्नै पर्छ । विकास निर्माणको निम्ति यो अत्यन्तै जरुरी पनि छ, यसमा कुनै दुई मत छैन । तर अब कर्णाली प्रदेश सरकारले चाहिँ किन चाहि सार्वजनिक खरिद ऐन, बनाउँदैन त यो चाहिँ अब टेण्डर प्रणाली उपभोक्ता समितिवाला प्रणालीलाई सुधार्नका निम्ति भन्ने जहाँसम्म प्रश्न छ । हामी बाँधिएका छौं यहाँनेर, हामीले सार्वजनिक खरिद ऐन..विधेयक ड्राफ्ट गरेर बसेका छौं, हामीले संघीय सरकारसँग समन्वय पनि गयौं, हामीले लामो छलफल पनि गयौं मन्त्रीहरूका बीचमा । अनि कर्मचारीहरूका बीचमा छलफल पनि गयौं तर अब हाम्रो बाध्यता त तपाईंहरू सबैले बुझ्नु हुन्छ कि हामीले बनाउन सक्छौं, केरे प्रदेश सार्वजनिक खरिद ऐन बनाउन सक्छौं, तर बनाउँदा के गर्न, कहाँनिर हामी बाँधिन्छौं त भन्दाखेरि संघीय कानूनसँग नबाँझिने गरी बनाउनुपर्यो, हैन । संघीय कानूनसँग

नबाँझिने गरी बनाउनुपर्ने, अनि संघीय कानून अलरेडी छँदैछ । संघीय कानूनले समस्या पारेको छ, त्यसलाई चाहि तोड्न हामी पाउँदैनौ, त्यसलाई नतोड्ने भने त्यही छदैछ त, भने पछि अर्को बनाउनुको केही अर्थ भएन, नियमावलीबाट केही सुधार हुन्छ कि भनेर मैले केन्द्रमा प्रयत्न पनि भयो, त्यो पनि अहिले त्यतिकै अड्किएको छ । हामीले जस्तो ३५ दिने सूचना निकाल्नुपर्ने कुरा लामो समय भयो भन्यौं, अब संघीय कानूनमा ३५ दिने सूचना निकाल्ने व्यवस्था छ, प्रदेशको कानूनमा १५ दिने गराउन त पाइएन त्यो त कट्राडिक्ट गर्यो नि त । ३५ सै दिन निकाल्ने सूचना निकाल्ने गरी हामीले अर्को कानून किन बनाउनुपर्यो ? यो एउटा समस्यामा हामी छौं, त्यही भएर हामीले यहा चाहिँ मानीनय मुख्यमन्त्रीज्यू हुनुहुन्छ, अन्तर प्रदेशको परिषद्को बैठकमा मुख्यमन्त्रीज्यूहरूले, अन्तर सरकारी वृत्त परिषद्को बैठकमा हामीले अर्थमन्त्रीहरूले गम्भीर रूपमा यो मूल एजेण्डाको रूपमा हामीले संघीय सरकारसँग राखेका छौं । यो संशोधन नभई सुखै छैन, विकास निर्माणको कामलाई छिटोछरितो बनाउने, पारदर्शी बनाउने अलि व्यवस्थित बनाउने भने यो चाहिँ सार्वजनिक खरिद ऐन चाहि संशोधन हुनुपर्छ, विकासमैत्री हुनुपर्छ भन्ने कुरामा हामी प्रष्ट छौं, अन्य तरिकाले के गर्न सकिन्छ, अन्य कानुनी भनौं न त्यो मूल कानूनको अन्तर्गत रहेर के गर्न सकिन्छ, छलफल गरौं, निकास निकालौं भन्ने कुरामा हामी फेलेक्जीबल नै छौं । त्यसपछि यो अब हामीले योजना आयोगले अहिले कर्णाली प्रदेशका महत्वपूर्ण योजनाहरू समेटेर परियोजना बैंक, प्रोजेक्ट बैंक तयार पार्दैछ । परियोजना बैंक तयार भइसक्यो भने हामीले पुस मसान्त, पुसमहिनाभित्र लगानी सम्मेलन गर्छौं, लगानी सम्मेलन पहिल्यै गर्ने कि भन्ने थियो, अब लगानी सम्मेलन मात्र गरेर हामीले चाहिँ लगानीकर्ता दिने कुनै हामीसँग मेटरियल भएन भने त्यसको अर्थ हुँदैन भन्ने हिसाबले पहिले हामीले प्रोजेक्ट बैंक तयार पारौं, त्यसपछि अनि लगानी सम्मेलन गरौं भनेर त्यसको निम्ती हामीले टाइम फिक्स गरेका छौं । यो कर्णाली हवाई सेवाको अलि बढी बहस पनि चल्यो, माननीयज्यूले चाहिँ १ अर्ब बजेट त्यसमा छुटियो भनेर सेपरेटली कर्णाली हवाई सेवा भनेर १ अर्ब छुट्टै छुट्याइएको छैन । अब नीति कार्यक्रममा छुट्टीयो भन्नुभो नीति कार्यक्रममा त बजेट छुट्टिने कुरै भएन, बजेटमा पनि छैन । हामीले एकमुष्टै बजेट छुट्यायौं, प्रष्टै रूपमा के भन्यौं भने जलविद्युत आयोजना एउटा मात्रै हैन जुनसुकै पनि गर्न सकिने गरी, कर्णाली हवाई सेवा, अनि चाहिँ सहुलियतपूर्ण ऋण, पूर्वाधार विकासका निम्ति भनेर एकमुष्ट बजेट छुट्याएका हौं । त्यो बजेट पनि अब मुख्यमन्त्री कार्यालय अन्तर्गत रहेको बजेट मुख्यमन्त्री कार्यालयको बजेट होइन त्यो त्यसमा पनि प्रष्टै हुनुपर्यो, त्यो चाहिँ कर्णाली पूर्वाधार विकास कोष हो, त्यो कोष चाहिँ मुख्यमन्त्री कार्यालय अन्तर्गत रहने हुनाले ३ अर्ब रुपैयाँ त्यहाँ थियो, त्यसको पनि ब्रेकडाउन अब आइसकेकै छ, त्यो माननीय मुख्यमन्त्रीज्यूको पुस्तकमा हजुरहरूले अब मुख्यमन्त्री कार्यालयको पुस्तकमा हेर्नु नै होला । र यो कर्णाली हवाइ सेवा यो काम शुरु नहुँदै यसका बारेमा धेरै आशंका गर्नुपर्ने जस्तो मलाई लाग्दैन । अब यसले चाहिँ कर्णालीलाई डुबाउँछ भन्ने निश्कर्ष पनि पहिल्यै कसरी निकाल्ने ? हामी त यसको निम्ति शुरुवात नै गर्या छैनौं, भर्खर हामीले बजेटमा बोल्यौं, त्यसका निम्ति कति बजेट भनेर पनि एकदम चाहि किटानी भाछैन, हामीले त्यो जस्तो जलविद्युत आयोजना, हवाई सेवा लगायतका कामहरूको निम्ति एकमुष्टै बजेट छुट्याएका छौं, भोलि के का निम्ती कति आवश्यक पर्छ त्यो अध्ययनका आधारमा हामीले बजेट चाहिँ त्यसमा छुट्याउला । तर हामीले सोचेको त के हो भने यो कमसेकम कर्णाली प्रदेशमा सडक यातायातले सबै ठाउँमा जोडिदैनौं हामी, हुम्ला सदरमुकाममै अहिलेसम्म पुग्याछैनौं, डोल्पामा बाटो पुग्यो गाडी पुग्या छैन, अरु जिल्लाहरूमा पनि अब सदरमुकाममा पुगिएला निश्चित ठाउँमा पुगिएला तर अत्यन्त धेरै दुर्गमता छ, विकटता छ, अफ्ठयारो छ, त्यसकारण चाहि हवाई सेवाले हामीलाई धेरै सपोर्ट गर्छ, त्यो चाहि सुबिधाको निम्ति सेवाको निम्ति पनि आवश्यक पर्यो । अब प्राइभेट कम्पनीहरूका जहाँजहरू हेलिकप्टर उनीहरूको अनुकूलमा आउने भए, फाइदा हुनेबेला आउँछन्, फाइदा नहुनेबेला अर्को ठाउँमा जान्छन् । त्यसले त कर्णालीबासीहरूले सुबिधा

पाउदैनन्, त्यसको एउटा विकल्प खाजौं भन्ने एक, अर्को कुरा चाहि हामीले कोही घाइते हुन्छ, कोही शक्त बिरामी हुन्छ, अब जोखिममा परेका चाहि कतिपय गर्भवती दिदीबहिनीहरूको कुरा छ, यी उनीहरूलाई उद्धार गर्नुपर्यो, कहि प्राकृतिक प्रकोप पर्ला, बाढीपहिरो होला, के होला, उद्धार राहतको निम्ति पनि कमसेकम हामीले भनेको बेला चाहिँ त्यो सेवा दिन सकियोस्, उद्धार र राहतको काममा लगाउन सकियोस् भन्ने हिसाबले यो कुरामा चाहिँ हामी केन्द्रित भएका हौं, बरु कसरी जाने भन्नेमा त छलफल गरौं । हामीले चाहि सिधै हाम्रो पैसा चाहि निजी कम्पनीलाई चाहि दिइहाल्ने र उसले चलाउने भन्या पनि हैन । यो त एउटा छुट्टै कम्पनी बन्छ, त्यो कम्पनीमा हाम्रो लगानी हुन्छ, त्यो कम्पनीमा निजी क्षेत्रको लगानी होला । त्यसको त शेयरको पछि बाँडफाँड होला, जनताको लगानी हुन्छ हैन, माननीज्यूहरूकै पनि लगानी गरौंला । त्यसकारण चाहिँ यसको त मोडेल हामीले बसेर बनाउने हो, अहिल्यै शंका उपशंका धेरै गर्न पर्दैन, एउटा नयाँ काम हामी शुरु गरौं भनेर यो एकदम चाहिँ बडा पवीत्र भावनाले कर्णाली प्रदेशले उठाएको कदम हो, यसमा चाहिँ हामी छलफल गरेर यसलाई राम्रो बनाउने कुरामा जाऔं भन्ने मेरो एकदम विनम्र अनुरोध छ । पूर्वाधारका कार्यक्रम चाहिँ आर्थिक मामिला मन्त्रालयमा किन रहे भन्ने कुरा पनि आयो, अब यो चाहि आर्थिक मामिला मन्त्रालयले कुनै योजना कार्यक्रम कार्यान्वयन गर्दैन । यो त एकमुष्ट बजेट खासगरी लगानीवाला बजेट मात्रै हामीसँग रहेको हो, त्यो चाहिँ जलविद्युत आयोजना अनि त्यसपछि हवाईसेवा र सहुलियत दरको ऋणका निम्ति एकमुष्ट बजेट चाहिँ वित्तीय व्यवस्थापन भनेर राखिएको हो, त्यो पनि आर्थिक मामिला मन्त्रालयको आफ्नो बजेट होइन । मन्त्रालयभित्रको बजेट होइन यो, अब कहाँ राख्ने त भन्दाखेरि कहीं त राख्नुपर्यो नि त । अर्थसँग जोडिएको मन्त्रालय भा हुनाले उसको चाहि शीर्षकभित्र रहेको हो । यो सिंगो सरकारको बजेट हो, वित्त व्यवस्थापन भनेको, अर्थ विविध भनेको, यो चाहिँ अर्थ मन्त्रालयको बजेट होइन, अर्थ मन्त्रालयको बजेट होइन, आफ्नो खर्च गर्ने बजेट १२ करोड हो । अनि त्यसकारण चाहिँ त्यो बजेट चाहि हामीले विनियोजन गरिसकेपछि सरकारले निर्णय गरिसकेपछि सम्बन्धित मन्त्रालयमै जान्छ, ऊर्जामा विद्युतको काम अथवा चाहि ऊर्जा मन्त्रालयले गर्ला, त्यो चाहि अर्थ मन्त्रालयले गर्ने होइन, यसमा पनि प्रष्ट हुन अनुरोध गर्न चाहन्छु । अब समितिका निर्देशनहरू पालना भएनन् कि भन्ने कुरामा, यो बजेट बनाउँदाखेरि अब सबै कुरा समेट्न सकियो कि सकिएन त्यसको पनि सीमा थिए होला हैन । तर चाहिँ म विनम्रतासाथ के अनुरोध गर्न चाहन्छु भने बजेटका सिद्धान्त र प्राथमिकताका बारेमा माननीयज्यूहरूले उठाएका विषयहरू, अर्थ तथा प्राकृतिक स्रोत समितिमा भएको छलफल, अन्य समितिमा भएका छलफल र विभिन्न ठाउँबाट आएका सुझावहरूलाई हामीले आधार बनाएर नै बजेट बनाएका हौं । त्यो कुरा चाहिँ बजेटको सैद्धान्तिक छलफलमा पनि माननीयज्यूहरूले अभिव्यक्त गर्नुभएको छ म सम्मान गर्न चाहन्छु । र समितिले चाहि निश्चित रूपमा पनि बजेट अलि कन्सुलिडेट गर्नुपर्छ, छर्न हुँदैन, ठूला योजनामा जानुपर्छ भन्ने किसिमले पनि सोच्यो, जान नसक्ने बाध्यताहरू सबै प्रष्टै छ, मैले धेरै भन्न पर्दैन । कतिपय ठूला योजनामा जाने किसिमले पनि योजनाहरू बनेकै छन् । त्यसपछि आएर संसदीय समितिले मागेका सूचना कागजात नदिने भन्ने कुरा छैन, सबै मन्त्रालयले दिन्छन् हाम्रो मन्त्रालय पनि दिनेछ, अब दिने क्रममा कहिलेकाहिँ केही ढिलो हुन सक्छ, त्यो चाहिँ काम गर्नका निम्ति अलिकति टाइम लाग्न सक्छ । यसमा चाहिँ समितिहरूलाई र संसदलाई सम्मान गर्ने कुरा र मर्यादा गर्ने कुरामा कहिँकतै कमि रहन हुँदैन, यो कुरामा चाहिँ पूर्णरूपमा विश्वास दिलाउन चाहन्छु । अब यहाँहरूले भने जस्तै हामीले चाहे जस्तो अब बजेटले कर्णालीको मूल स्प्रीडलाई पकड्न नसकेको हुन सक्छ तर पकड्ने कोशिस गरिएको छ । रोजगारीमा केन्द्रित गरौं अलि बजेट भनेर चाहिँ मुख्यमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री दलित तथा महिला रोजगार कार्यक्रम समेतका विभिन्न रोजगारमूलक कार्यक्रम पनि आएका छन् । अब भर्खर त बजेट आयो, कार्यक्रम आयो त्यसको त फेरि हामीले फेरि मोडालिटी तय गरौंला, कार्यक्रम बनाऔंला । त्यो अनुसार हामी

जाऔंला हैन, अहिले नै त्यसको चाहिँ रिटर्न देखिने कुरा पनि भएन । गतवर्षको चाहि अनुभवबाट हामीले सिकेर केही केही कुरामा हामीले सुधार पनि गरेका छौं । सामाजिक न्यायका क्षेत्रमा हामीले चाहि छुवाछुत मुक्त प्रदेश घोषणा गर्ने जस्ता कुराहरू गरेका छौं, छुवाछु केरे यो छाउपडी प्रथालाई नियन्त्रण गर्ने कुरा गरेका छौं, बाल विवाह चाहिँ नियन्त्रण न्यूनीकरण गर्ने जस्ता कुराहरू हामीले बजेटमा ल्याएका छौं, त्यसैले हामीले हाम्रो क्षमताले भ्याएसम्म तपाईंहरूका सुझावलाई आधार बनाएर बजेटमा ती विषय सम्बोधन गर्ने कुरा गरेका छौं, विभेदहरूलाई कसरी अन्त्य गरिन्छ, पिछडिएको क्षेत्रलाई कसरी सम्बोधन गर्न सकिन्छ, पिछडिएको समुदायलाई कसरी सम्बोधन गर्न सकिन्छ भन्ने हिसाबले हामी ध्यान दिएकै हौं । त्यति गर्दागर्दै पनि तलमाथि परेको होला त्यसमा तपाईंले सुझाव दिनुभएको छ, मन्त्रालयगत रूपमा पनि दिनुभएको छ, त्यसमा फेरि पनि हामीले सुधार गर्नुपर्ने कुरा गर्छौं नै । अब स्थानीय तहलाई प्रदान गरिने अनुदानको एउटा विषय अलि छलफल भयो । अब यसका चाहि आधार के हुन् ? भनेर पनि भन्नु भो, आधार त अब प्रष्ट छ, नेपालको संविधान छ, अन्तर सरकारी वित्त हस्तान्तरण ऐन छ, अनि संविधान, ऐन, कानून अनुसार चाहिँ एउटा सरकारले अर्को सरकारलाई वित्त हस्तान्तरण गर्ने व्यवस्था छ । जस्तो संघीय सरकारले चाहिँ प्रदेश सरकार र स्थानीय तहमा वित्त हस्तान्तरण गर्छ, त्यही नै हाम्रो मुख्य बजेटको स्रोत हुन्छ । हामीले चाहिँ अब प्रदेश सरकारले स्थानीय तहलाई चाहिँ हस्तान्तरण गर्नुपर्छ । एउटा कुरा चाहिँ अब यो जुन चाहिँ समानीकरण अनुदान एकैचोटी हन्ड्रेड प्रसेन्ट बढ्यो भन्ने कुरामा चाहिँ मैले पनि अलि महशुस भयो । अब धेरै अलि बढी भयो कि धेरै ठाउँबाट चाहि चालिस करोड मात्रै थोरै भयो कम भयो भन्ने असाध्यै धेरै प्रेसरकाबीचमा अलि केन्द्रबाट पनि त्यतिबेला बढी बजेटको अपेक्षा पनि हामीले गरेका थियौं । त्यसले यो चाहिँ हामीले निर्णय गरेर पठायौं ।

अ अब समानीकरण अनुदानको बजेटमा हाम्रो योजना छनौट आदि इत्यादिमा केही लाग्दैन, माननीयज्यूहरूले समानीकरण, सशर्त, समपूरक, विशेष सबै सांसदले नै छान्न पाउनुपर्छ योजनाहरू भन्नु भो । त्यसो भए त संघका योजना हैन, स्थानीयका समेत हामीले छानौं भन्न थाल्यौं भने हामी कहाँ पुगौंला । समानीकरणको त उसको कोषमा जाने हो हामीले त छलफलै गर्न पाएनौं । अब सशर्तका सन्दर्भमा चाहिँ यो ०७५/०७६ मा हामीले सशर्तको शीर्षक नै राखेनौं, आगामी दिनको लागि हामीले ५० करोड राखेका छौं । अहिले नै त्यो योजनाहरू ल्याउने भनेर माननीयज्यूहरूसँग अलिकति छलफल पनि भाथ्यो । मन्त्रालयहरूका चाहि योजनाहरूको सन्तुलन हेरौं, त्यसपछि चाहिँ हामीले छलफल गरौंला भनेर हामीले केही समय रोकेका छौं, तपाईंहरूसँग छलफल गरेर, सरसल्लाह गरेरै हामीले सशर्तका योजनाहरू ल्याउँछौं, यसमा केही पनि छैन । र सशर्तका योजना हामीले छानेर प्रदेश सरकारले छनौट गरेर बजेट छुट्याएर स्थानीय तहलाई कार्यान्वयन गर्न दिने हो । अब विशेष र समपूरकको हकमा स्थानीय तहले चाहिँ सिफारिस गर्छ, सिफारिस गरेका भित्रका योजना प्रदेश सरकारले छान्ने हो । गत वर्ष पनि हामीले योजना छान्दाखेरि माननीयज्यूहरूसँग मैले सकेसम्म समन्वय गरेकै जस्तो लाग्छ । पठाकामध्ये फेरि पठाकोभन्दा बाहिर जान पाइएन, सिफारिस गरेको भन्दा तेस्रो दुई वटा उले सिफारिस गर्छ तेस्रो जान पाएनौं, पाँचवटा स्थानीय तहले सिफारिस गर्‍यो भने हामीले त्योभित्र दुईवटा छान्न सक्छौं । त्यसैले त्यो विषयमा तपाईंहरूसँग छलफल हुन्छ, यो कुरामा प्रष्टै छ, स्थानीय तहको पनि रेस्पन्स भयो, माननीयज्यूहरूको पनि रेस्पन्स हुन्छ, विशेष र समपूरकको हकमा । विशेष यो वर्ष नभाहुनाले समपूरकको मात्रै हामीले छानविन र अर्को कुरा चाहिँ यो हामीले वित्त हस्तान्तरण स्थानीय तहमा गर्छौं, कन्ट्रोल गर्ने मेकानिजम पनि हुनुपर्‍यो भन्ने कुरा बहुत जायज छ । अब केही केही व्यवस्था त छ, हामीले अनुगमन गर्न सक्छौं, मूल्यांकन गर्न सक्छौं, कमजोरी भको छ भने सच्याउनका निम्ति, सुधार्नका निम्ति हामीले निर्देशन पनि दिन सक्छौं तर चाहिँ नियन्त्रण गर्न कारबाही गर्ने

कानुनी व्यवस्था हाम्रो छैन, किनभनेदेखि सेपरेट गभर्नमेन्ट भयो । ऊ अलग सरकार भयो, हामी अलग सरकार भयौं । त्यसका निम्ति हामी छलफल पनि गरौं कहाँनिरबाट कहाँनिरबाट खुल्न सक्छ, एकातिर चाहिँ जिल्ला समन्वय समितिलाई पनि हामीले अलिकति यो चाहिँ अनुगमन, मूल्यांकन, रिपोर्टिङ्गको निम्ति उसलाई पनि भूमिका दिने, केही बजेट हामीले छुट्याएकै छौं । त्यो भूमिका पनि दिने, त्यसका निम्ति पनि कानून बनाउने, अर्कोतिर चाहिँ स्थानीय तहमा कार्यान्वयन हुने योजनाहरूको चाहि सम्बन्धमा कसरी चाहि हामीले त्यो अनियमितता नहुने, अपारदर्शिता नहुने, त्यसपछि आएर ढिलासुस्ती नहुने कुरालाई कसरी कानूनी रूपमा कन्ट्रोल गर्न सकिन्छ, कानुनी संरचना बनाउने कुरामा हामी छलफल गरेर लागौं भन्ने लाग्छ । त्यसपछि यो भेरी बबई आयोजनाबाट प्रभावित क्षेत्रका जनता मूलतः अब सुर्खेतका त्यो भेरीगंगा, लेकवेशी र अर्को तीनवटा चाहिँ गुर्भाकोट नगरपालिकाका जो जनता छन् अथवा तल्लो तटीय क्षेत्रका जनताहरूको अधिकारका निम्ति माननीय मुख्यमन्त्रीज्यू हामीले ऊर्जा मन्त्रीसँग संघीय सरकारसँग पटक-पटक यो कुरा गर्दै पनि आएका छौं । उहाँहरूले चाहि जो एउटा सम्झौता गर्नुभाछ, ती पनि कतिपय कार्यान्वयन हुन बाँकी छन्, त्यसमा पनि हामीले ध्यानाकर्षण गराइरहेका छौं । हामीले मन्त्राल..केरे क्याविनेटबाटै निर्णय गरेर पनि हामीले कतिपय विषयमा सरकारको ध्यानाकर्षण गराएका छौं । खासगरी ऊर्जा प्राप्त गर्ने कुरा, सिंचाईको कुरा, खानेपानीको कुरा, त्यस्ता कुराहरूमा हामी गम्भीर छौं । यसमा अझैं पनि हामीले सहजीकरण गर्ने कुरामा संघीय सरकारसँग समन्वय गर्ने कुरा हामी गर्छाै । अब यो आर्थिक मामिला मन्त्रालयको चाहिँ तालिम गोष्ठी धेरै भए भन्ने कुरा हामीले त अति धेरै कन्ट्रोल गयौं भन्ने लाग्या हो । अब चाहिँ शीर्षकै देख्नवित्तिकै झस्किने हो भने त के भन्नु र ? होइन भने चाहिँ अब जस्तो कि पत्रकारसँग भेटघाट ३ लाख हो हैन, ३ लाखले वर्षभरि । बचिहाल्यो भने त्यहि ३ लाख पनि बच्च नि जानेवाला कहिँ पनि छैन । र हामीले चाहिँ यो चालु खर्चको तालिम गोष्ठी अब केही अनिवार्य छन् के, योजना छनौट सम्बन्धी तालिम नगरी नहुने भो, समपूरक र विशेष यो चाहिँ अनुदान सम्बन्धी स्थानीय तहहरूलाई चाहिँ अलिकति तालिम गर्न पर्यो, अभिमुखीकरण गर्नै पर्यो । यो अनिवार्य खालका नगरी नहुने खालका कार्यक्रम मात्रै हामीले राखेका छौं । यसमा चाहिँ अन्यथा ठान्नुपर्छ जस्तो मलाई लाग्दैन । त्यसपछि आएर एउटा अलि सिरियसली उठेको कुरा यो असारे विकास यो वर्षको बाध्यता पनि भयो । हामीसँग कर्मचारी संरचना पनि भएनन् । ढिलोढालो पनि भयो, त्यसले गर्दाखेरि असारमा चाहिँ काम गर्ने स्थिति बन्यो । अब हाम्रै आँगनमा पनि यो असारको अन्तिममा आज कति २७ गते पनि यहाँ काम हुँदैछ, हाम्रै आँगनमा हैन, यो बाध्यता हो विवशता हो । तर असारे प्रवृत्ति भन्या असारमा काम गर्ने कुरा मात्रै खराब भन्या होइन कि, असारे प्रवृत्ति भनेको असारमा एकैचोटी काम गर्ने, त्यसैबेला धेरै चाहिँ बजेट खर्च गर्ने, त्यसको दुरूपयोग गर्ने, त्यो चाहिँ परिणाम नदेखिने भन्ने कुरा हो । त्यो असारे प्रवृत्तिलाई कन्ट्रोल गर्ने कुरा र आगामी आर्थिक वर्षदेखि यो चाहिँ सकेसम्म असारमा चाहिँ काम गर्ने कुरालाई चाहिँ असारसम्म काम गर्न पर्ने अवस्थालाई नियन्त्रण गर्ने कुरामा हामी प्रतिवद्ध नै छौं । एउटा चाहिँ अब यो बजेटका इन्डिकेटरहरूको कुरा त्यसको सिद्धान्तहरूका कुरा, सन्तुलनका कुरा पनि उठाउनुभको छ, त्यसमा मेरो ध्यानाकर्षण भको छ । अब आकस्मिक कोषको रकमका सम्बन्धमा के हो भने यो चालु आर्थिक वर्ष ०७५/०७६ मा हामीले दुई करोड रुपैयाँ छुट्याकै छौं, संसदले पास गर्याछ, हैन ऐन बन्याछ, ऐनमा । अझ हामीले १ करोड रुपैयाँ प्रस्ताव गर्याथियौं, संसदबाट २ करोड गयो । त्यो ठीक छ, त्यो दुई करोड चाहिँ छदैंछ । त्यो आकस्मिक कोषको पैसा भन्या चाहिँ प्रत्येक वर्ष थप्दै जाने पैसा होइन । त्यो चाहि खर्च भयो भने त्यो चाहि त्यसलाई इन्भर्स गर्ने हो, त्यसमा चाहिँ के भन्छ, यो सोधभर्ना गर्ने कुरा हो । अब भएकै छैन खर्च भने फेरि थपिरहन पर्दैन । त्यसकारण हामीले २ करोड छँदैछ, त्यसैलाई कायम छ । अब आगामी वर्षमा त्यो खर्च भयो भने फेरि अर्कोपटक हामीले थप्छौं । त्यसमा चिन्ता गर्नु पर्ने विषय भएन यो ।

न्यायिक फिर्ताको विषय के हो भने अब हामीले त्यो पनि सोचिरहनुपर्छ । त्यो पनि एउटा शीर्षक हामीले राखिरहनुपर्छ । कहिलेकाहिँ अदालतले चाहिँ अब यो भनौ न प्रदेश सरकारले कुनै दायित्व तिर्नुपर्ने भयो, कुनै फैसला गरेर, कुनै अदालतले चाहिँ प्रदेश सरकारलाई दायित्व पर्ने गरी कुनै फैसला गर्‍यो, कुनै मुद्दामा हामीले चाहि केही पैसा तिर्नुपर्ने भो भनेपछि त्यसको निम्ति पनि त शीर्षक चाहियो । त्यसैले न्यायिक फिर्ता भनेको हामीले कुनै त्यस्तो आइलाग्यो भने कुनै त्यस्तो न्यायिक फैसला भयो भने अदालती निर्णय भयो भने अदालतले कुनै दायित्व सिर्जना गरिदियो भने त्यतिबेला तिर्नका निम्ति हामीले एउटा कोष बनाएर सानो रकम २० लाख रुपैयाँ राख्याछौं । त्यो २० लाखमा चाहिँ हामीले परिआयो भने थप्न पनि सक्ने भयौं शीर्षक राखिदए भएन परेन भने २० लाख बच्छ, केही फरक परेन त्यो हो यसलाई म अलिकति प्रष्ट पार्न मात्रै चाहन्छु । अब बजेट खर्च किन भएन भन्ने कुराको कथा चाहि तपाई हामीहरूले व्यहोरिरहेकै छौं, यसमा धेरै जान परेन । अब असन्तुलन मेट्नका निम्ति वास्तवमा निकै धेरै प्रयत्न गरिएको पनि हो, गरिएको पनि छ । सन्तुलन पनि अब अलि सापेक्षित नै हुनुपर्यो, जस्तो मैले आफैले पनि माननीय मन्त्रीज्यूहरू यहाँ हुनुहुन्छ, मन्त्रीज्यूहरूलाई चाहिँ क्षेत्र खासगरी अब निर्वाचन क्षेत्रहरूलाई सन्तुलन गरौं । कहिकहि योजना आवश्यकता अनुसार बढी पनि हुन सक्छन्, कहिँ घटी पनि हुनसक्छन् । कहिँ चाहि २ करोडको एउटै बाटो बन्ला, कहिँ चाहिँ एक एक करोडका बाटा बन्लान तर बजेट चाहिँ सन्तुलित निर्वाचन क्षेत्र सन्तुलित हुनुपर्छ भनेर हामीले भनिरहेका छौं । मुख्यमन्त्रीजीले पनि भन्नुभाछ, मैले पनि भन्याछु । त्यसमा के कति भयो तपाईंहरूले अब सम्बन्धित मन्त्रालयको बारेमा छलफल गरिरहनुभएकै छ । अब ठोस रूपमा चाहिँ सन्तुलन हुने गरी यो केरे जनता सडक कार्यक्रममा चाहिँ हामीले १० करोड रुपैयाँ प्रत्येक निर्वाचन क्षेत्रमा बनाइसकेकै छौं । त्यो कसैले कहिँ कतै दायावायाँ गर्न पाउने कुरा भएन, त्यसपछि आएर पाँच करोड विशेष पूर्वाधार विशेष कार्यक्रम केरे पूर्वाधार विशेष कार्यक्रम छ, त्यो पनि पाँच करोड प्रत्येक निर्वाचन क्षेत्रमा जाने कुरा सहित भइसकेपछि एउटा सन्तुलन यले कायम गर्छ र अर्कोतिर चाहिँ मन्त्रालयहरूले चाहिँ विनियोजन गर्ने बजेट र कार्यक्रम पनि सन्तुलन गर्ने गरी चाहिँ यो हामीले चाहिँ मन्त्रीहरूसँग भनिरहेकै छौं । त्यसका निम्ति पनि म अनुरोध गर्न चाहन्छु । अन्तिममा फेरि पनि अब बजेटलाई चाहिँ पारदर्शी बनाउने कुरा, अनियमितता नियन्त्रण गर्ने कुरा, जवाफदेहिता कायम गर्ने कुरा र वित्तीय अनुशासन कायम गर्ने कुरामा हाम्रो क्षमताले, जनशक्तिले, हैसियतले भ्याएसम्म इमान्दारिताका साथ प्रयत्न गरिरहेका छौं । तपाईंहरूको सल्लाह सुझाव अनुसार अझैं त्यसमा हामी चाहिँ लागि पर्ने छौं । तपाईंहरूको सुझाव भन्या चाहिँ यही फरमल्ली यो सम्मानित सदनमा बोल्ने कुराले मात्र होइन, तपाईहरूले जतिबेला पनि हामीलाई गाइडलाइन गर्नुहुनेछ, दिशानिर्देश गर्नुहुनेछ, सुझाव सल्लाह दिनुहुनेछ, सहयोग गर्नुहुने छ, तपाईंहरूका सल्लाह सुझाव चाहिँ हामी सधैं मार्गदर्शकका रूपमा लिने आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यसलाई चाहिँ सधैं आत्मसात गरेर चाहिँ त्यसलाई एउटा पालना गर्ने प्रतिवद्धता सहित म फेरि पनि एक पटक सबै माननीयज्यूहरूलाई चाहिँ सम्माननीय सभामुखज्यू मार्फत् हार्दिक धन्यवाद सहित अहिलेलाई आफ्नो यो प्रष्टीकरण यो जवाफ यही टुंग्याउँछु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू कर्णाली प्रदेश विनियोजन विधेयक २०७६ अन्तर्गतको आर्थिक मामिला तथा योजना मन्त्रालयको शीर्षकहरूमाथिको छलफलको समाप्त भएको जानकारी गराउँछु ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १३२ को उपनियम ७ बमोजिम कर्णाली प्रदेश विनियोजन विधेयक २०७६ अन्तर्गतको भौतिक पूर्वाधार विकास मन्त्रालयको शीर्षकहरूमाथिको छलफल प्रारम्भ हुन्छ । सर्वप्रथम माननीय श्री दिनबन्धु श्रेष्ठ । समय ७ मिनेट, यसपछि माननीय श्री अम्मरबहादुर थापा तयार रहनुहोला ।

**माननीय श्री दिनबन्धु श्रेष्ठः** माननीय सभामुख महोदय, आज हामी आर्थिक वर्ष २०७६/०७७ को यो भौतिक पूर्वाधार विकास मन्त्रालय वार्षिक बजेटमाथि हामी छलफल गर्दै छौं । पक्कै पनि यो मन्त्रालयले धेरै महत्व राख्छ । भौतिक पूर्वाधार विना हामी कर्णाली प्रदेशको समृद्धि र विकासको कल्पना गर्न सक्दैनौं । यहाँ सडक सञ्जाल, पुल, खानेपानी, सिंचाई महत्वपूर्ण कुराहरू यो भौतिक पूर्वाधार मन्त्रालयले हेर्ने भएकोले अब यो विकास निर्माणका कुराहरू सडकमा जोडिएको छ । सडक विना हामी त कल्पना गर्न सक्दैनौं । त्यसपछि हामी उद्योगधन्दाका कुराहरू गरौं कृषिका कुराहरू गरौं, विभिन्न जति पनि हामी सिचाईंका कुराहरू गरौं, अब यिनी कुराहरूमा हामीले हाइड्रोपावरका कुराहरू गरौं, कर्णालीलाई आर्थिक रूपमा र विकासको समृद्धि कसरी गर्ने भन्ने कुरो यो मन्त्रालयसँग जोडिएको छ । सभामुख महोदय, त्यसैले मलाई लाग्दछ, यो मन्त्रालयले बढी गम्भीर भएर बजेट र कार्यक्रम विनियोजन गर्नुपर्छ ताकि हामी कहिँ चुक्यौ भने यले दीर्घकालीन हामीलाई असर पार्न सक्छ र आम जनता कर्णालीबासीले पनि यो मन्त्रालयको बजेट के कसरी आउँछ भन्ने चासोको विषय पनि हो । किन ? त्यो आम जनतासँग जोडिएको छ, यो मन्त्रालय । मलाई लाग्दछ, गएको वर्षमा यो मन्त्रालयले जसरी बजेट कार्यक्रम विकासमा विनियोजन गरियो, र खर्च करिब करिब हामीले सोचेजस्तो भएन र खर्च नै भएन जस्तो मलाई लाग्दछ, विकास निर्माणका कुरामा धेरै पछि पर्यो । हामीले विकास निर्माणमा बजेट बढी छुट्याउने या लोकप्रिय योजनाहरू राख्दैमा हुँदैन, कार्यान्वयन पक्ष एकदमै महत्वपूर्ण हो । यदि कार्यान्वयन पक्ष फितलो भयो भने त्यले कुनै महत्व राख्दैन । त्यसैले अब यो पटकको आर्थिक वर्ष २०७६/०७७ केही यसमा बढी गम्भीर र बढी ध्यान दिएर आएको जस्तो लाग्छ । बजेट सरसर्ती हेर्दा समानुपातिक र समावेशी गर्न खोजेजस्तो पनि लाग्छ, विगतको भन्दा । र मुख्य कुरा त के हो भने यो सदनमा बजेट प्रस्तुत हुँदाखेरि हामीले धेरै छलफल गर्यौं, धेरै मन्त्रालयवाइज तर त्यहाँ चालु खर्च र पूँजीगत खर्चमा धेरै कुराहरू उठ्यो, कुन मन्त्रालयले चालुमा बढी राख्यो र पूँजीगतमा भन्ने यही एउटा महत्वपूर्ण विषय पनि हो । तर यो मन्त्रालयको सरसर्ती हेर्दाखेरि मलाई के लाग्दछ भने चालुमा चाहिँ २५ करोड ३७ लाख र ९२ हजार मात्रै विनियोजन छ, यो कूल पूँजीको यो फाइप प्वाइन्ट सत्र प्रतिशत रैछ, र यसमा पूँजीगतमा चाहिँ के छ भने तपाईंको यो मन्त्रालयले खर्च गर्ने, १० अर्ब १५ करोड १० लाख ३१ हजार रैछ । गत वर्षको खर्च नभएर आएको रकम चाहि अब यसमा १० अर्ब ७० करोड ४८ लाख २३ हजार रैछ । यले गर्दा यहाँनेर धन्यवाद दिन किन चाहन्छु भने यो मन्त्रालयलाई चालू पूँजीमा धेरै कम प्रतिशत विनियोजन गरेको देखियो । र यसमा चालूमा धेरै कम र पूँजीगतमा बढी गरेको हुनाले हामीले आश गरौं, अबका दिनका निर्माण जसरी यो मन्त्रालयले भौतिक पूर्वाधार मन्त्रालयले ल्याएको छ, कार्यान्वयन पक्षमा पनि गम्भीर हुन्छ, भन्ने लाग्छ । तर यहाँनिर अरु विषयमा कुरा उठाउँदाखेरि विकास निर्माणका कति कहाँ परे, कुन कार्यक्रम परे भन्ने त्यो महत्वपूर्ण हैन जस्तो मलाई लाग्छ । विकास निर्माण तर्जुमा गर्दाखेरि कुन मापदण्डअनुसार त्यो तर्जुमा गरियो ? कुन विधि अनुसार गरियो ? त्यो समानुपातिक समावेशी छ कि छैन ? त्यो प्रभावकारी छ कि छैन ? हामीले लक्षित वर्गसम्म त्यसको पहुँच पुग्छ कि पुग्दैन ? हामीले यी कुराहरूलाई पनि ध्यान दिनुपर्छ । सस्तो लोकप्रियको लागि हामीले बजेट जतिपनि ल्याउँछौं । गत वर्षका यस्ता उदाहरण छ, कति खर्च भयो ? विकास निर्माण करिब करिब हाम्रो त हुँदै भएन । त्यले गर्दाखेरि हामीले हेर्ने मेन त्यो हो । एकएक यसमा किताबमा पल्टाएर यो क्षेत्रमा यति पर्यो, यो गाउँपालिकामा यति पर्यो, यो माननीयले यति पाउनुपर्ने हामीले यति पाउनु, म यो बहसमा जान चाहन्न । हाम्रो लक्ष्य भनेको कर्णाली प्रदेशको समृद्ध विकास नै हो । विकास निर्माण एउटा वर्ग एउटा व्यक्ति एउटा पार्टीले उपभोग गर्ने होइन, सम्पूर्ण कर्णालीबासीहरूले उपभोग गर्ने हुन्, त्यहाँनिर हाम्रो लक्ष्य हुनुपर्छ, त्यहाँ हामी केन्द्रित हुनुपर्छ, बढीभन्दा बढी कर्णाली प्रदेशका बासीहरूको अपेक्षा के छ ? आवश्यक के छ ? तत्काल हामीले

गर्न सक्ने एउटा परिणाममुखी योजना के त ? त्यसको छनोट गर्न सक्नुपर्छ । अनिमात्र हामी लक्ष्यमा पुग्न सक्छौं । र दवाबमूलक, दवावमा या प्रभावमा यदि हामीले विनियोजन गर्यौं भने हामी त्यहाँ पुग्न सक्दैनौं । विगतका हामीलाई अनुभव छ । सभामुख महोदय, यसैले म यो मन्त्रालयगतको केही खर्चहरूको म सामान्य म के भन्न चाहन्छु भने विगतमा खर्च नै भएन, र विगतमा खर्च नभएका ३० लाख, ५० लाख, १ करोड पनि अहिले के भो क्रमागतमा । हामी विनियोजन गर्छौं ३० लाख, ५० लाख, १ करोड त्यो पनि क्रमागतमा राख्यौं भने अनि हामीले सोचेजस्तो विकास निर्माण समृद्ध कसरी हुन्छ ? यो सम्बन्धित मन्त्रालयले निकायले बुझ्ने कि नबुझ्ने ? हो तपाईंको प्रदेश गौरवका योजनाहरू भए, अनि त्यसपछि गएर अरु ठूला-ठूला योजनाहरू तपाईका धेरै बजेटहरू हुन्छ, त्यसमा हामीले बहुवर्षीय योजनाहरू क्रमागत हुन्छ, सकिदैन । ३० लाखका, ५० लाखका, १ करोडका, २ करोडका क्रमागत राख्यौं भने हाम्रो समृद्धि यसैले होला त ? माननीय मन्त्रीज्यू यसमा ध्यान दिऔं । र आर्को कुरो माननीय मन्त्रीज्यूले मैले यहाँ कसैको विरोध गर्न चाहेको हैन, प्रदेश निर्वाचन क्षेत्रमा तपाईंले २५ करोड विनियोजन गर्नु भयो । र एक माननीय संसद बारबर १ करोडको सडक तपाईंले राख्नु भो, यसमा मेरो स्वागत छ, मैले पाउनुपर्छ भनेको होइन । तर पनि हामीलाई राखेर छलफल गरेको भए, हामीले केही सुझाव दिन्थ्यौं होला । हामी संसदहरूले कसैले हाम्रा घरका सडक, हाम्रा घरका तटबन्धन, सिचाईंका लागि तपाईहरूलाई भन्ने होइन, सरसल्लाहबाट लिएको भए हुन्छ । मैले त भनेको छु, माननीय सभामुख महोदय, हाम्रा क्षेत्र हाम्रा जिल्लामा आन्तरिक मामिला कानून मन्त्री हुनुहुन्छ, माननीय । त्यसपछि माननीय संसद पदम रोकाय भाइ हुनुहुन्छ । मैले भने तपाईंहरू नै हाल्नुस् सप्पै, मैले मेरो घर र खेत बनाउने होइन, तर कहाँ कहाँ आवश्यक छ ? बसौं सल्लाह गरौं र त्यो काम जनमुखी होस्, व्यक्तिमुखी नहोस् । वितरणमुखी नहोस्, उत्पादनमुखी होस् । तेरोमेरो भनेर बाँड्नु जरुरी छैन । जाऔं जिल्लामा एकै मञ्चमा बोलाऔं । यहाँको आवश्यक अनुसार हामी तिनटैको सहितमा हालेको भनौं के को झगडा ? हामी व्यक्तिको लागि झगडा गर्न खोजेको होइन, माननीय मन्त्रीज्यूले पनि यो कुरामा ध्यान दिन जरुरी छ । हाम्रो एउटै लक्ष्य भनेको कर्णाली प्रदेश समृद्ध विकास हो, यहाँका जनतालाई खुसी चाहि हो । यदि हामीले खराब नियत नराखेर सही नियतवश, हामीले नेगेटिभ सोच नराखेर पोजेटिभ सोच राखेर अगाडि बढ्यौं भने यो सम्भव छ, हामी अगाडि यसरी बढ्न सक्छौं जस्तो मलाई लाग्दछ । माननीय सभामुख महोदय, म यहींनेर केही केन्द्रित गर्न चाहन्छु भने बजेटका नाउँमा माननीयहरूलाई डिवेट गर्ने कुरा बन्द गरौं, छलफलबाट जाऔं । सबैको लक्ष्य एउटा होस । एउटो कुरो त म यहाँ जोड्न चाहन्छु अन्तमा, म बडा खुसी पनि थिएँ, गत साल साविकको कर्णाली अञ्चलले हामी जहिले पनि पञ्चायतकालबाट बोल्दै आयौं, कर्णाली अञ्चल साविकको धेरै पछि पर्यौं विकास निर्माणका कुरामा, अन्य कुराले पनि शिक्षा, स्थास्थ्यका कुरा हुन् । तर कर्णाली प्रदेशमा मुख्यमन्त्री लगायत ४ वटा मन्त्री साविकको कर्णाली अञ्चलले पाएको छ, यो गौरवको कुरा हो । यो खुसीको कुरा हो, यो सम्मानको कुरा हो । तर साविकका कर्णाली प्रदेशका जनताले जुन अपेक्षा राखेका थिए, त्यो १७ महिनामा यो अपेक्षा सबै पूरा हुन्न होला, सामान्य पनि तपाईंहरूबाट त्यलाई ध्यान दिने र परिपूर्ति गर्नेतिर ध्यान दिएको हामीले महशुस गरेनौं । यो वर्षको मन्त्रीज्यूहरूले प्रस्तुत गरेको बजेट हेर्यौं हो यो पटक सुर्खेतमा धेरै बजेट परेको छ, म स्वागत गर्न चाहन्छु । यो राजधानी हो, विगतमा पनि हामीले भनेका थियौं, भौतिक पूर्वाधार मन्त्रालयले लागेको छ, यलाई झिलिमिली बनाऔं, पानी आउँदैन, बत्ती आउँदैन, सडकको यो हालत छ, यसमा लागौं । त्यसमा हाम्रो विरोध छैन, तपाईंको पैंसा खर्च हुन्न भने हिमाली जिल्लामा पछि गरौंला हामीले भनेकै हो । त्यसैले हामी अहिलेको केही बजेटहरूमा मैले भने अघि व्यक्तिमुखी, वितरणमुखी, अनि बिचौलियामुखी भएकै छ, यलाई सुधार्नै पर्छ । हामी उत्पादनखुखी बनाऔं, व्यक्तिमुखी नबनाऔं, जनतामुखी बनाऔं यो भने र अघि मैले जोड्न लाग्याको अन्तमा, सभामुख महोदय, मैले

सकिसके । कर्णाली प्रदेशले मुख्यमन्त्रीलाई पाउनु गौरवको कुरा हो तर म यहाँ आग्रह गर्न चाहन्छु, विगतमा पछि परेको हुनाले नै यो अवसर, यो भूमिका निर्वाह गर्ने एउटा जिम्मेवारी हामीले पाएका छौं, सधैं यो जिम्मेवारी पाउन पनि सक्छौं, नपाउन पनि सक्छौं । तर तपाईंहरू कर्णाली प्रदेशमा केन्द्रित हुनुभएन, तपाईंहरू जिल्लामा केन्द्रित हुनुभएन, तपाईंहरू आफ्नो निर्वाचन क्षेत्रमा मात्रै केन्द्रित हुनुभयो । तपाईंहरू एउटा गाउँपालिकाको अध्यक्ष जस्तो भूमिका निर्वाह गर्न लाग्नु भयो । म तपाईंहरूलाई सम्मान गर्न चाहन्छु, तर पनि सच्चियौं तपाईहरू कर्णाली प्रदेशको प्रस्तावित, साविकको कर्णाली अञ्चलबाट आएका मन्त्रीज्यूहरूले कर्णाली प्रदेशलाई हामी हराभरा बनाउछौं, समृद्धि बनाउछौं, विकास निर्माणमा अघि लिन्छौं भन्ने अठोट गर्नुहोस् तपाई निर्वाचित क्षेत्रमा लागि राख्नुभयो भने तपाईंको क्षमताको पनि मूल्यांकन साविकका कर्णाली अञ्चल र कर्णाली प्रदेशले गर्नेछ भन्दै विदा हुन्छु, धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरू कर्णाली प्रदेश विनियोजन विधेयक २०७६ अन्तर्गतको भौतिक पूर्वाधार विकास मन्त्रालयको शीर्षकहरूमाथिको छलफलमा भाग लिन चाहने माननीय सदस्यहरूले रोष्टमको वायाँतर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनु होला । अब माननीय श्री अम्मरबहादुर थापा ।

**माननीय श्री अम्मरबहादुर थापा :** माननीय सभामुख महोदय, यो बारबार, दिनका दिन हामी छलफल, दफावार छलफलमा छौं, आज भौतिक मन्त्रालयको दफावार छलफल छ । भौतिक मन्त्रालयले शीर्षक राख्यो करिब ४८ वटा शीर्षकमा बजेट विनियोजन गरेको छ । र यसको टोटल बजेटमा जाहिने १० अरब ७० करोड ४८ लाख २३ हजार छ । यसले वितरण गर्दा यो जाहिने रोष्टमा उभिदाँ मलाई के लाग्यो भने मन्त्री हुनुपर्दो रहेछ, जिल्ला र निर्वाचन क्षेत्र बनाउनलाई । त्यही भएर होला सांसदहरू अलि आत्तिनुभाको । तपाईं यो सरकारका कारणले जुन जुन मन्त्रा, मन्त्रीजीहरू हुनुहुन्छ, त्यो जिल्ला हेरे पनि हुन्थ्यो, आफ्नै क्षेत्र हेर्नुभाछ । सुर्खेतका योजना मैले गन्ति गर्न सकिन । त्यो हिसाब जोडौं भन्दा सुर्खेतका योजनै गन्ती गर्न सकिएन एउटा कुरा । अर्को कुरा अस्ति हामीले पनि भन्यौं, अर्थ समितिले पनि ठूला योजना बनाउनुस है भनेर निर्देशन गर्यो, हामी बहुवर्षीय बनाउछौं भन्नु भो । बहुवर्षीय योजनामा ठूला नेता १० जना रहेछन् यो प्रदेशभित्र, अरु त सबै हामी थपडी बजाउनेवाला रहेछौं । डेढ करोडको सबैभन्दा सानो बहुवर्षीय योजना दैलेखमै रहेछ । दैलेखको क्षेत्र नं. २ को (क) मा डेढ करोड छ, १ को (क) मा दुई करोड छ, अन्यत्र ठूला नेताहरू भएका ठाउँमा १३ करोड छ । आफू मन्त्री भया ठाउँमा त १३ जेठो त उही हुनुभो १३ करोड छ ५० लाख । त्यसपछि मुख्यमन्त्रीकोमा १२ करोड, अनि यो तेलपानी कता हाम्रो सहइन्चार्जज्यूको हो भन्छन् उहाँको २ किलोमिटर पर्दैन, मलाई थाहा छैन भन्नुहुन्छ । साडे १२ करोड छ, ३० करोड हामीले तेलपानीलाई १२ करोड होइन भने ५० करोड हालौ भन्याछौं । त्यो हामी सबैको हो, जसरी पनि भुरेगाउँ हामीले त्यो बाटोलाई ट्र्याक ओपन गरेर जाहिने यसलाई प्रदेशको गौरवको योजना बनाऔं भनेर गत वर्षबाटै हामी लाग्यौं । त्यसमा साढे १२ करोड छ, सायद हाम्रो सहइन्चार्जकै नाममा होला जस्तो लाग्छ । उहाँ होइन भन्नुहुन्छ, मलाई थाहा छैन भन्नुहुन्छ । त्यसकारणले यस्ता किसिमका योजनाहरू वितरण गर्ने र कसैको ठूला मान्छे भएपछि मात्रै यो देश निर्माण गर्ने कि हामी समाजवादी हामी सर्वहारा श्रमजिवी जनताको लागि समाजवाद ल्याउने भनेर जाहिने हामी अहिले दुई तिहाइको सरकार ल्याउछ कि भनेर नै दुईतिहाईको सरकार नेपाली जनताले दिए त । अब यस्तै तरिकाले जनता आत्तिने हो कि होइन । यो पनि रैन्छ भनेर अर्को विकल्प जनताले खोज्ने वातावरण सिर्जना गर्ने हाम्रो सरकारले यस्तो तरिकाले अगाडि बढ्यो भने त्यही के हालत होला हाम्रो । हाम्रो सर्वहारा श्रमजीवी जनताको नेतृत्व गर्छौं भन्नेको के हालत होला । त्यसकारणले यस्तो किसिमको प्रवृत्तिबाट

दिनप्रतिदिन यो रोष्टममा सांसदहरूले भनिरहेका छन् सन्तुलित विकास भएन, आफूखुसी भयो, सरसल्लाह केही नगरेर आफ्नो हिसाबले आयो भनेर जाइने सांसदहरू कराकाकराई छन् । बजेट पास गर्दैनौं भन्याभन्यै हुनुहुन्छ । तर दिनप्रतिदिन आउँदै गर्छ, झनझन थपिदै आउँछ, झन झन सांसदहरूलाई आक्रोशित गर्ने तरिकाका योजनाहरू आउँछन् । यो के भएको होला । आज मुख्यमन्त्रीज्यू पनि यहीं हुनुहुन्छ । हिजोअस्तिका कुरा सुन्नुभएन होला, आज त सुन्नुहुन्छ होला । त्यसकारणले यो सरकारले छुट्टै या चाहिने संसदैमा पेश नगरेर सरकारले क्याविनेटले निर्णय गरेर योजना बनाएको भए हुन्थ्यो । हामी सांसदहरूलाई सोध्दै नसोध्या भए हुन्थ्यो । हामी बरु कानूनसानुन पास गर्ने, वास्तवमा यसको नीति पनि त्यही हो । संसदको काम कानूनै पास गर्ने हो । अर्थको के हो त्यो विधेयक मात्रै ल्याएको भए, त्यत्तिमात्रै कानून बनाएर हामी पठाइदिन्थ्यौं । त्यसकारणले यो विनियोजन गर्दा सरकारका सदस्यहरू भएको ठाउँमा मात्रै ठूला ठूला योजना, सरकारका सदस्यहरू भएका ठाउँमा मात्रै योजनाहरू छन्, सांसदहरू पनि ए कलास र बी कलासका छन् । कुनले अलि बढी जाइने अलिकति ऊ गर्न सक्छन्, कलाई कसरी चित्त बुझाएर सकिन्छ त्यता चित्त बुझाइयाछ । पेल्नेलाई पेलिएकै छ । त्यसकारले हैसियत तपाई हामी सांसदको एउटै हो, कि जनताबाटै निर्वाचित भएकार आएका हौं । यो सदनबाट मुख्यमन्त्री बनायौं, मन्त्री बनायौं, हामीभन्दा माथिल्लो तह हाम्रो अभिभाकत्व गरेर तपाईहरूलाई सरकार चलाउनुस्, यो कर्णाली प्रदेशलाई हराभरा बनाऔं भनेर तपाईहरूलाई जिम्मा दिइयो । हराभरा यही तरिकाले हुन्छ त ? अहिलेसम्म यो वर्षको ३४ अरबको बजेटमा मेघा प्रोजेक्ट भन्ने छैन । यो कर्णाली प्रदेशको कुन लक्ष्यमा पुग्ने हो । जन, किसानलाई केरे मुख्यमन्त्री रोजगार कार्यक्रम भनिएको छ । त्यसको त अब के हुन्छ, भोलिको कुरा थाहा हुन्छ । अहिले हामीलाई त्यो सूचना छैन, सिरिफ कार्यक्रम मात्र राखियाछ । तर बाँकी तपाईहरूले ल्याएका योजना छन् यो कर्णाली प्रदेशलाई हराभरा होइन, यो कर्णाली प्रदेशमा वितरण गरेर कति वटा मान्छे तपाईहरू आफ्ना बनाउनु हुने हो, कसरी तपाईहरू योजना संचालन गर्नु हुने हो । यो कुराले हामीलाई अन्यौल पार्याछ । कहिले हिसाब मिल्दैन, कमसेकम बजेट ल्याउँदा त यकिन, कानून हो त्यो यकिन एक शब्द तल र माथि हुनुहुँदैन । कहिले हिसाबकिताब मिल्दैन कहिले ६६ करोडको १६ करोडको ६६ करोड भाको हुन्छ, कहिल्यै जाइने अरु प्रदेशको अस्ति एउटा किताब पाइयाथ्यो, हाम्रो प्रदेश सभा जाइने ३ करोडले चल्ने भएछ । यस्ता प्रवृत्ति यो किसिमको हिसाबकिताब छैन भने ढिलो गर्नुपर्थ्यो या सल्लाह गर्न पर्यो । मैले तपाईलाई भने सरसल्लाह गरेर कसरी कुन कुन, यो १, २, ३, ४ वटा भनेर जाइने सबैले त्यतातिर अंकित गरेको भए, आज कर्णाली प्रदेशका यी हुन् आधारहरू यी हुन् १, २, ३, ४, ५ यी हुन् यसमा हामी ध्यान दिऔं । हामी वितरणमुखी नजाऔं, वितरणमुखी बजेट नबनाउनुस् भनेर बारबार भनियो । यो प्रदेशको आम्दानी र स्रोतका कुराहरू खोजौं भन्दा खोजिएकै छैन । अहिले कता कसोकसो अर्थमन्त्रीजीले हिजो पनि भन्दै हुनुहुन्थ्यो अस्ति कि कता भन्दै हुनुहुन्थ्यो । हाइड्रोपावर केरे त्यो पनि हात लाग्ने हो कि होइन, बबई डाइभर्सन, सरकार सबै जाइने केन्द्रिय सरकारले लगानी गर्याछ, हामीले आन्दोलन फेरि गरेपछि कही हात लाग्छ कि त्याँ पनि लाग्ला जस्तो लाग्दैन । नयाँ प्रोजेक्टहरू के छन्, यो कर्णाली प्रदेशको आम्दानी हुने स्रोत के हो ? ऊर्जा मन्त्री, ऊर्जामन्त्रीले एउटा ल्याउनु भो ? जलस्रोत मन्त्रीले कुन ठाउँको कुन हाइड्रोपावर अथवा यो यो यहाँनेर ५ मेघावाट, ४ मेघावाटको हाइड्रोपावर अध्ययन गरेर ल्याउनुभाछ ? कहाँनेर हो जडिबुटीको कारखाना, जडिबुटी संचालन केन्द्र कहाँ हो ? ल्याउनुभाछ ? माननीय कसैलाई को कोलाई हो चित्त बुझाउने ? यो सारा सांसदहरूले गर्नपर्ने थप्पडी पास गर्नुपर्ने हामले, तपाईहरूले योजना अन्तै बनाएर ल्याउन पर्ने ? योजना अन्तै बनाउनु हुँदैन । हामीले बनाउनुपर्छ भन्ने मान्यता होइन, हामीले कर्णाली प्रदेशलाई हराभरा हुने यहाँका गरिब किसानहरूको जीवनस्तर माथि उठाउने योजना तपाईंहरूले त्यही सरकारले ल्याएपछि त हामीले थप्पडी बजाउने त हो नि । हामीले त्यसको केही

सानातिना कुराहरू कहाँनेर मिलेन कि भनेर यो रोष्टममा बोलौं भन्ने तर सबै कुरा तपाईंहरूले मिलाएर ल्याएपछि त, हामीले बोल्नै पर्दैन । त्यस्तरी कहाँ कहाँ कस-कसको चाकडी गर्नपर्छ ? कुन ठूला मान्छे हुन् ? कुन साना मान्छे हुन् ? को बिचौलिया छन् ? को कसका योजना कहाँबाट पार्न पर्छ ? अहिले तपाईंहरूले प्रचार गर्नुभारैछ । सांसदले अरुलाई योजना बनाउन दिन्नन्, सबै कुरा सांसदहरूलाई सोध्नुस् भन्ने बेला फटाफट तपाईहरूले हाल्ने गाली गर्ने बेला सांसदहरूले सांसदहरूको सिफारिस चाहियो रे । सांसदहरूले भन्या योजनै नहाल्ने सिफारिसको योजना कहीं पर्ला ? त्यसकारणले यस्ता प्रवृत्तिले यो प्रदेश बन्न सक्दैन । जे परिकल्पना गरेका थियौं हामले, त्यो साँच्चिकै कच्चा पदार्थबाट भएको यो प्रशस्त कच्चा पदार्थ भएको र यसलाई परिचालन गर्न सकियौं भने यो प्रदेश सबैभन्दा धनी प्रदेश हुन सक्छ भनेर भाषण गरियौं । मैले त तपाईंहरूको भाषणमै पनि भने केरे यहाँ धेरै ठूलो स्रोत पहिचान र हामीसँग भएको छ, त्यसलाई बनाउन सक्छौं भन्नु पहरामा सुन छ, स्वास छ मात्रै भन्ने त्यसलाई त्यो पहरा नफुटाले सुन कसरी आउन सक्छ ? पहरो फुटाल्नतिर नलाग्ने भाषणमात्रै गरेर यो प्रदेश बन्न सक्छ ? त्यसकारणले मैले हेरें कुन कृषकहरूको जीवन स्तर माथि उठाउने विषय कृषिमा आयो ? कहाँनेर पर्यटनको विकासको लागि आयो ? कहाँनेर भौतिक सडकका लागि कहाँनेर आयो ? भौतिक निर्माणका लागि कहाँनेर आयो ? केही निश्चित मान्छेका कुनाकाप्चामा गएर बनाउने, ठूला सडकहरू बनाउनुस् तपाईंहरू, भौतिक मन्त्रीले कमसेकम तेलपानीलाई चाइने १ अर्ब हाल्नुभो भने पछि किन हाल्नु भो भनेर त्याँ प्रश्नै उठ्दैन । यहाँबाट जुम्ला जाने सडकलाई तपाईं १ अरब हाल्नुस् प्रश्नै उठ्दैन । तर गाउँगाउँमा बाँड्ने, ठाउँठाउँमा वितरण गर्ने अनि वितरणमुखी योजना बनाएर कर्णाली प्रदेश सहज समृद्ध बन्छ भन्ने कुराको कल्पना गर्ने ? खानेपानी मैले खानेपानीका लिष्ट हेरें अब यही वर्षमै खानेपानी कर्णाली प्रदेश सम्पन्न हुन्छ । गत वर्षका योजना कहाँ गए कि एकातिर गइसके यो वर्ष फेरि थपिए, गन्ती गर्न नसक्ने खानेपानीका योजना छन् । तपाईं यो वर्ष निर्माण गर्न सक्नुहुन्छ ? गत वर्षको समीक्षा गरेर तपाईहरू यो सरकारले गत वर्षको यो आयोजना किन हुन सकेन भनेर छलफल गर्नु भो ? समीक्षा गर्नु भो, त्यो समीक्षा गरेर आज यो बजेट यहाँ ल्याउनुपर्थ्यो, यो बजेटको सही समीक्षा छैन । तपाइहरूले आफूखुसी अब हिजो त्यस्तै बाडियौं हिजोकालाई कति छापो लगाउन सकियौं, यो वर्ष कतिलाई छापो लगाउने भन्ने हिसाबले कर्णाली हराभरा हुन सक्दैन । त्यसकारणले यो बजेट म अलिकति गम्भीर रूपले छलफल गरौं, यत्तिकैमै पास हुन्छ भन्ने कुरामा सबै सांसदहरूले बोल्याछन् म पनि त्यहीसँगै मिसिएकै छु । गत वर्ष अलिअलि भन्याथें मैले । यी यस्ता वेफथलबमा खर्च नगरौं ठोस योजना बनाऔं भन्याथे अब के गर्ने बाध्यता छ । तपाईंहरूका हिसाबले त यहाँ त यो त म त पागलै भइसकेछु । त्यसो भन्ने नहुने रहेछ, असल काम गरौं भन्ने नै नहुने रहेछ । त्यसकारणले त्यो प्रवृत्तिको विकास सम्भव छैन, कर्णाली समृद्ध बनाउने यो तरिकाको योजनाले बन्दैन । धन्यवाद ।

**माननीय उपसभामुखः** माननीय श्री हिमबहादुर शाही समय ७ मिनेट । त्यसपछि माननीय श्री रातो कामी तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री हिमबहादुर शाहीः** सभामुख महोदय, धेरै कुराहरू संसदको माझमा आइसकेको छ । म संक्षिप्तमा पहिले त यो भौतिक पूर्वाधार विकास मन्त्रालयको बारेमा मात्रै केही कुरा भन्न चाहन्छु । भौतिक पूर्वाधार विकास मन्त्रालयले कर्णाली प्रदेशमा एउटा यथार्थ हो भने धन्यवाद देखाए, धन्यवाद पाउँछ । जादू हो भनेमा भन्न सक्दैन । भौतिक पूर्वाधार मन्त्रालय धन्यवाद छ, धन्यवाद दिन्छु । पूँजीगत खर्च ९४.८३, चालू खर्च ५.१७ बनाएर लिएर आउनु भनेको अत्यन्तै कर्णालीबासीको लागि कर्णाली जनजीवनको लागि प्रशंसनीय कुरा हो, खुसीको कुरा हो । अहिलेसम्म प्रस्तुत बजेट कहिँ ४२ प्रतिशत चालू छ, कहिँ ४५

प्रतिशत छ, कहिँ ४८ प्रतिशत छ, कहिँ ३३ प्रतिशतले अगाडि आएको छ । तर भौतिक पूर्वाधार विकास मन्त्रालयले जो ल्याएको छ, त्यसका लागि भौतिक पूर्वाधार मन्त्रालयलाई म धन्यवाद दिन चाहन्छु । अर्को कुरो प्रदेश सभाको सदस्यको हैसियतले यसभित्र मेरा मायाका योजना परे कि परेनन् ? कहाँ परे, कति परे ? भन्ने विषयमा म छैन । मैले यसभन्दा पहिले पनि प्रस्तुत बजेटका किताब हेर्दिन भनेको छु, किताबै म हेर्दिन, किताबै पढ्दिन भनेको छु । मैले केबल उदारो, एक किसिमले आफ्नो अभिव्यक्ति दिएको छु, जो नीति र कार्यक्रम छ, जो बजेट छ, त्यसमाथि मैले आफ्नो अभिव्यक्ति दिंदै आएको छु । कार्यक्रम किन परेनन् ? परे कि परेनन् भनेर म कसरी ढुक्क छु भने यत्रो कम्यूनिष्ट पार्टीको दुई तिहाई दम्भ भएको सरकार त्यसमा सानो नेपाली कांग्रेस प्रतिपक्षमा ५ जना, औंलामा गन्ने ५ जना नेपाली कांग्रेसका सदस्य, त्यसमा पनि नेपाली कांग्रेसबाट प्रमुख सचेतक अब, त्यसमा पनि फेरि हिमबहादुर शाही, ठकुरी, अनि मेरा भनेका योजनाहरू नपरेर कसका परे होलान् त, अरु कसका परेका होलान् तपाईंहरू ढुक्कै भएर कुनै किताब पनि मैले पल्टाएको छैन । ढुक्कै भएर पल्टाएकै छैन, त्यसकारणले मेरा परे या परेनन् यसबारेमा भन्न म धेरै कुरा भन्न म चाहन्न । आज म खुसी छु, हाम्रो कर्णाली प्रदेशको श्रदय मुख्यमन्त्रीको उपस्थिति जो देखिएको छ, त्यसको लागि म हर्ष व्यक्त गर्दछु । म, मैले धेरै कुरा भनिसकेको छु, मुख्यमन्त्रीज्यूका अगाडि आज केही कुरा भन्न चाहन्छु । यहाँ त म किताब पल्टाउँदिन किताब, घर गएर पल्टाउछु, कोठामा गएर पल्टाउछु, खाटमा गएर पल्टिन्छु, पल्टाउँछु, झसङ्ग हुन्छु, झसङ्ग हुन्छु, झसङ्ग हुन्छु । कता कता यो बजेट आएर कर्णाली प्रदेशको बजेट आएर म आफै प्रदेश सभा सदस्यलाई मृगिनी रोग त लाग्न आँट्योन, भनेर पनि मलाई मनमा आउँछ । अत्यन्तै आउँछ, यसको लागि मैले धेरै कुरा भनिरहन पर्दैन । अवश्य सभामुख महोदय, सभामुख मार्फत् आज श्रदेय मुख्यमन्त्रीज्यूको ध्यानाकर्षण गर्न चाहन्छु । यस कर्णाली प्रदेशमा भएको २०७६/७७ को बजेट कर्णाली प्रदेशका १७ लाख जनताको जनजीविका उहाँहरू उनीहरूको गतिशिल विकासको लागि सम्भव छैन । बजेट पूर्णतया खोक्रो छ, पूर्णतया परजीवी र संस्थागत रूपमा नै भ्रष्ट र भ्रष्टाचारको पूँजी जस्तो एउटा पोखरी जस्तो छ । मुख्यमन्त्रीज्यूको ध्यानाकर्षण गर्न चाहन्छु, यसकारणले यस प्रस्तुत बजेटलाई प्रतिपक्षको हैसियतले प्रतिपक्षको अवश्य पनि आफ्नो दायित्व र जिम्मेवारीलाई बहन गर्नको निमित्त नेपाली कांग्रेस सहज रूपमा समर्थन जनाउन सक्दैन । म सभामुख मार्फत् नै मुख्यमन्त्रीको ध्यानाकर्षण गर्न चाहन्छु, यहाँ उठेका जति धारणाहरू हुन्, प्रदेश सभाका सदस्यहरूले चाहे सत्ता पक्षका चाहे प्रतिपक्षका सदस्य हुन् उहाँहरूले हामीहरूले उठाएको धारणामा आज अर्थमन्त्रीलाई त म त्यति भन्दैन, यी धारणाहरूप्रति हजुरको नेतृत्वमा रहेया मन्त्रीज्यूहरूले सजक होइन, सौहार्दता होइन, ठूलो रवैया देखाएर, असहमति छु, के काँडा तिम्रा आँखा सबै काँडा हुन्, मेरो मैले ल्याएको बजेट सबै महैमह छ, दूधै दूध छ भनेर पनि भनेका छन् । यसलाई केबल प्रस्तुत बजेटलाई आफ्नो रक्षाकवज बनाएर, आज सम्पूर्ण सदनलाई निरही, लूलो बनाउने ठूलो प्रयास भएको छ । यसको बारेमा सभामुख महोदय मार्फत् म मुख्यमन्त्रीज्यूको ध्यानाकर्षण गर्न चाहन्छु । ९ जनालाई चाहियोन, प्रतिपक्ष र सत्ता पक्षका गरेका ३१ जनालाई एउटा पहेंलो कुर्ता, एउटा सेतो धोती, एउटा कमण्डलु ल्याइदिनुस्, हामी योजना माग्न हजुरको नेतृत्वमा रहेका मन्त्रीज्यूको कोठाकोठामा जान्छौं । हाम्रो यस पोशाकले उहाँहरू योजना दिन सक्नुहुन्न । कर्णालीबासीलाई योजना दिन सक्नुहुन्न, मलाई त आज यो पनि आभाष भएको छ, यो पनि आभाष भएको छ, एउटा कर्णाली प्रदेशमा प्रत्यक्ष सरकार छ, एउटा अप्रत्यक्ष सरकार पनि छ कि भन्ने कुराहरूको आज आशंका उठेको छ । आज जति योजनाहरू आएका छन्, हाम्रा साथीहरू बिचौलिया भन्नुहुन्छ, म त बिचौलिया के हो ? मलाई थाह नै छैन, सायद अहिले थाहा पाइसकें, त्यहाँ अप्रत्यक्ष रूपमा स्वयम् मन्त्रीज्यूको कमाण्डभन्दा बाहिर गएर पनि, हुन त यो डिजिटल प्रदेश, वैज्ञानिक युग, त्यो कम्प्यूटरले हार्यो होला, फटाफट फाटाफट खानेपानी हुन कि सिंचाई हुन कि तटबन्धन हुन् कि बाटा हुन कि के हुन्

के हुन् ? यी सबै मन्त्रीज्यूलाई पनि थाहा नभएर त्यो चाइने अप्रत्यक्ष अदृश्य शक्तिले हालेको रहेछ, त्यो भनेको कम्प्यूटर रहेछ । मैले अहिले कम्प्यूटर ठहराएँ । तर त्यसमा मन्त्रीज्यूको निगरानी कसरी भएन ? किन भएन ? मलाई थाहा भएन । हिजो एकजना साथी भन्दै हुनुहुन्थ्यो, हामी मन्त्रीज्यूहरूलाई के गरौं, देउता भाकौं, हामी के गरौं मन्त्रीज्यूहरूलाई ? मन्त्रीज्यूहरूलाई यदि मन्त्रीज्यू यसरी नै बोक्सी नै भएर बस्नुहुने हो भने त हामीले झाँक्री त बोलाउनै पर्यो । झारफुक त गर्नै पर्यो, नत्र मन्त्रीज्यूको कसरी हुन्छ ? त्यसैले म मुख्यमन्त्रीज्यूको अगाडि स्पष्ट भाषामा के राख्न चाहन्छु भने प्रस्तुत ०७६/७७ को बजेटमा जुन लोभलालसा राखेर भ्रष्टाचारको संकेत रहेका सबै योजनाहरू हटाइयोस्, कुनै योजना पनि नराखियोस् । हामीले पाइसकेका छौं, भ्रष्टाचारका योजनाहरू, यिनै हुन् भन्ने पनि हामीले थाहा पाएका छौं । त्यस्तै मुख्यमन्त्रीज्यूको कार्यालय, अर्थ मन्त्रालय वा अन्य मन्त्रालयमा भकारी बनाएर राखेको बजेट जुन हो, त्यो भकारीको बजेट चाहे धान हो कि, कोदो हो कि, मकै हो कि, चामल हो यो भकारीको बजेट कुन ठाउँमा लगानी गर्ने ? कुन सडकमा हो कि, खानेपानीमा हो कि, कुन ठाउँमा लगानी गर्ने हो ? त्यसको स्पष्ट यो प्रदेश सभामा त्यसको स्पष्ट आउनुपर्दछ । अर्को कुरा हामीलाई प्रदेश गौरबका योजना को—को हुन् त ? कहाँ कहाँ हुन् त त्यसको स्पष्ट प्रदेश सभालाई जानकारी, जानकारी होस् । २४ वटा निर्वाचन क्षेत्रमा योजनाको बाँडफाँड समान भए पनि अति आवश्यक योजनामा कुनै क्षेत्रमा जाऊन्, त्यसमा कुनै आपत्ति छैन, तर योजनाको प्रकृति हेरेर रकम तलमाथि गरियोस् त्यसमा अन्यथा लिनुपर्ने कुरो छैन । योजनाको बजेटलाई प्रकृति हेरेर मात्र रकम छुट्याइयोस् । अर्को कुरा वार्षिक योजनाहरू को हुन् ? दुई वर्षमा पूरा गर्ने योजना को हुन् ? तीन वर्षका को हुन् ? पाँच वर्षका योजना कुन ? ती योजनाको स्पष्ट लिष्ट चाहियो । होइन भने पजनीमुखी बजेट बनाएर, यहाँ त मैले डल्लोको भकारी भनेको छु । भोलिका दिनमा गएर भ्रष्टाचारको भकारी बनेर कर्णाली प्रदेश अगाडि आउन अवस्था नपरोस् म यही आग्रह गर्दै अहिले विदा हुन्छु । मुख्यमन्त्रीजी लाई हवस् फेरि भेट्ने छु । जय नेपाल ।

**माननीय उपसभामुखः** माननीय श्री रातो कामी, समय ७ मिनेट । त्यसपछि माननीय श्री यज्ञबहादुर बि.सी. तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री रातो कामी :** माननीय सभामुखज्यू, हामीले आज भौतिक पूर्वाधार मन्त्रालयको वार्षिक बजेटका बारेमा छलफल गरिरहेका छौं । अब यस सन्दर्भमा हामीले गरेका छलफलहरू जे जति थिए, त्यसका त्यो लाइनबाट भन्दा पनि बजेटले अर्को लाइन पक्रिसकेपछि यसका बारेमा धेरै कुरा गर्न त मन छैन । तर पनि यसका बारेमा म केही कुरा गर्न मनमा लागेर म यहाँ उभेको छु । जहाँसम्म मलाई चालु र पूँजीगत खर्चको सन्दर्भमा भौतिक पूर्वाधार मन्त्रालयले चालु खर्चलाई भन्दा पूँजीगत खर्च बढाएर ल्याएकोमा यसमा धन्यवाद दिन चाहन्छु । र सँगसँगै हामीले संसदमा व्यापक ढंगले छलफल गरेका र विभिन्न तरिकाले चाइने बजेटका बारेमा छलफल गरेको विषय हामीले भौतिक पूर्वाधारबाट त अलि १ करोडभन्दा माथिको बजेट विनियोजन भएर आउला, त्यसले जहाँ कि अलि ठूलोबडो काम गर्न सकिएला भन्ने थियो, आशा थियो । यो मन्त्रालय त झन् १० लाख, १५ लाख, २५ लाखभन्दा माथि नगएर यसमा चाहिँ १०-१५ मै रुमलिएपछि यले ठूलो अन्यौलता छाई नै हाल्यो हामीलाई । र यो यहाँ बजेटको बारेमा छलफल गरिरहँदा एउटा यो भन्दा अगाडि हामीले गरेका छलफलहरूको पनि स्मरण मलाई भयो । प्रयास सरकारको बारेमा पनि हामीले बारबार भनेका छौं, सरकारले राम्रोसँग कर्णाली प्रदेशलाई कर्णाली प्रदेशको पहिलो सरकार हुनुको नाताले एउटा नयाँ प्रकारको जग बसाल्ने, त्यसको रीतिथितिका बारेमा नयाँ ढंगले अगाडि बढ्ने र आगामी दिनमा पनि कर्णालीलाई एउटा समृद्धिको बाटोमा अगाडि लैजानका लागि यले एउटा मार्ग निर्देशन गर्नका लागि यो पहिलो सरकार हो भनेर यलाई जतिसक्यो व्यवस्थित र एउटा

सुशासित र एउटा चाहिँ सबै हिसाबले मर्यादित ढंगले अगाडि बढाउने हामी सबैको चाहना छँदैछ, अहिले पनि छ । र यहाँ कुरो कहाँ चलिगो भने यहाँ एउटो योभन्दा अगाडि एउटो बालबच्चाहरूले पढ्ने बेला त्यसमा कतिपय एउटा सानोतिनो चाहिँ एउटा उनीहरूले पढ्ने लयमा एउटा के थियो भने यो घर कसको आलेको भित्रबाहिर टालेको, डोको बन्न थालेको नजानेर फालेको भन्ने मैले पढ्याथ्यैं या बुझ्याथें, बच्चाबच्चीले पढ्दा मैले सुन्याथैं । हामीले यो नजानेर जाइने कतै जाहिँ अलगापमा पर्न सक्ने खतरा यहाँ भइराख्याछ । यो दर्शनको भाषामा के कुन्छ भने कुनै वस्तुको विकास वा विनाश हुनुको, हुने कुरामा उसको आन्तरिक कुरा नै महत्वपूर्ण हुन्छ, निर्णायक हुन्छ । यहाँ कसैले चाहिँ अलिअलि जाइने आलोचना विरोध, छलफल गर्दाखेरि यो के हो यो ? हामीलाई खतम बनाउन खोज्या हो कि भनेर झसङ्ग झसङ्ग हुने त्यो कुराले प्रभाव पार्दैन, बाह्य कुराले प्रभाव त्यति पार्दैन । कुनै वस्तुको विनाश या विकास हुने कुरामा त्यसको आन्तरिक तत्व नै चाहिने प्रमुख निर्णायक हुने भको हुनाले अहिले कर्णाली प्रदेशको सरकार संचालनमा भएका माननीय मन्त्रीज्यूहरू नै तपाईहरू निर्णायक हो । तपाईंहरूले गर्ने क्रियाकलापले नै यसका बारेमा निधो गर्दछ भन्ने कुरामा ठम्याई हो । त्यसैले गर्दा भौतिक पूर्वाधार विकास मन्त्रालय जस्तो महत्वपूर्ण मन्त्रालयले आज कर्णालीको जाहिँ विकटलाई कर्णालीमा जाहिँ हेरक समस्याबाट ग्रसित कर्णालीलाई अरु मन्त्रालयको कुरा त कृषि, वन वातावरण अरु आदि इत्यादि मन्त्रालयले छोटामोटा बजेट बनाउने कुरा ठीक छ । तर यत्रो चाहिँ सयौं योजना बनाएर बजेटलाई टुक्रा टुक्रा बनाएर यो कसैको जाहिँ आफ्नो पकेटको जस्तो दानदातव्यका आधारमा जाहिँ दुनियाँलाई बाँड्ने कुरा सही छैन । यो कुरा मान्न सकिदैन, यो कुराले कर्णालीको समृद्धि पनि हुँदैन र विकास पनि हुँदैन । जहाँ ठूला ठूला मतलव चाहिँ ढल निकासहरू अगाडि बढिराख्या जाहिँ छन्, जसले गर्दा जाहिने मान्छेको जाहिँ धनजनको क्षति बनाइराख्याछ, गाउँबस्तीहरू बगाइराख्या छ, त्यस्ता ठाउँमा दशलाख बाह्रलाखले त्यो हुँदैन, त्यसको चाहिने पहिचान गर्ने कुरामा आजका मितिसम्मनलाई मन्त्रालय र यो कर्णाली प्रदेश सरकारलाई विभिन्न किसिमका कुराहरूको चाहिँ अनुसन्धान र अन्वेषण गर्ने भनेर विभिन्न प्रकारको चाहिँ मतलव क्षमताहरूलाई केन्द्रीकरण गरेको हिजो हामीले पायौं । विभिन्न किसिमका विज्ञ जाहिने समूहहरूको छलफलदेखि लगेर व्यापक चाहिँ हामीले पायौं । त्यसको खै त, कहाँको जाहिने समस्या कहाँ हो ? बाटो नपुगेको कहाँ हो ? गर्नुपर्ने जाहिने सरकारले जाहिँ गर्नुपर्ने ठूलो बाटो कहाँ हो ? ढल निकासका हिसाबले कहाँ हो ? जलविद्युतका हिसाबले कहाँ हो ? अरु जाइने परियोजनाका हिसाबले कहाँ हो ? भन्ने कुरालाई आजका मितिसम्म पहिचान नभएको र माननीय सदस्यहरूले तलबाट जाइँ दुखजिलो गरेर पहिचान गरेर जाइने भौतिक एउटा जाइने आँखाले देखेर त्यहाँको जाइने वस्तुगत स्थितिलाई जाइने बुझेर ल्याएका योजनालाई पनि मुख्यलाई जाइने सहायक बनाइदिने सहायकलाई जिरोमा झार्दिने । माननीय सभामुखज्यू, गत वर्ष मात्रै हामीले कतिपय योजनामा भौतिक पूर्वाधार मन्त्रालयबाट १ करोडको हाराहारीमा हामीले बजेट विनियोजन गरेका थियौं र प्राप्त गरेका थियौं । ती बजेटको फेरि अहिले क्रमागत सिलिङ्गमा ६० लाख ५५ लाख आएको छ । माननीय मन्त्रीज्यूसँग जाइने हामीले बुझ्दाखेरि यो गत वर्ष चाहिँ टेण्डर भको त्यहाँ घटेर हाल्या हो भने त्यही बजेट हो यो त त्यहाँ हाली न काम हुन्छ, बजेट घट्दै आउने यो कतामुखीको कुरा हो यो । न काम भएको छ, अनि बजेट पनि त्यतातिरबाट आउँछ । त्यसो भएपछि त यो विकास गर्न त चाहिँ गाह्रो हुने भयो । त्यसैले गर्दा यो यतिबेलाको बजेटका बारेमा व्यापक छलफल पनि हामी गरिरहेका छौं, यतिबेला चाहिँ निर्णायक मण्डलमा रहनुभएका माननीय मन्त्रीज्यूहरूले यलाई चाहिँ अलि गम्भीरतापूर्वक सोचेर कर्णालीको समृद्धका लागि समृद्धिका लागि हामी कर्णाली प्रदेशका सांसदहरू र अरुहरूलाई पनि अलिकता चाहिँ गतिलो गरी जवाफ दिने प्रकारले सोचेर अगाडि बढेको खण्डमा हाम्रो साथ रहिराख्ने छ । अन्यथा चाहिँ यसका बारेमा भन्न सकिदैन, भन्न सकिदैन । त्यसैले गर्दा यो वडा गम्भीर कुरा उठिरहेको छ, यो, यो चाहिँ

कुरालाई जाइने समयमै निरूपण गर्न सकिएन भने कर्णालीको समृद्धि मात्रै होइन हामीले चाहिँ कर्णालीलाई मुलुकमा हामीले परिचित बनाउन अथवा जवाफ दिन भनेर हामीले यो सरकारको पहिलो भर्सन नै के थियो भने कर्णालीलाई चाहिँ सबै प्रदेशमध्येमा अब्बल प्रदेश बनाउने एउटा जाइँ भनेर संकल्प पाउँदा हामीलाई गर्व लागेको थियो । सरकारका मुख्य व्यक्तित्वहरूले त्यसो कुरा गरिरहँदा हामीलाई गर्व लागिरहेको थियो आजका मितिमा त्यो कुरालाई पहि...मतलब चाहिँ पछ्याउनका लागि त्यतातिर केन्द्रित गरेर बजेट नआउँदा सबै कुरा चाहिँ के हो भने यो चाहिँ अर्थतन्त्र नै त्यसको केन्द्रविन्दु भागमा भएको हुनाले अर्थतन्त्रलाई सही ढंगले परिचालन र सही ढंगले चाहिँ त्यसको चाहिँ खर्च गरिएन र सही प्रकारले योजनालाई चाहिँ पहिचान गरेर अगाडि लग्न सकिएन भने यसको चाहिँ हाम्रा कुरा के हुन्छन् भने कुरै त हुन् मित भन्या जस्तो हुन्छ, जति कुरा गरे पनि कुरै त हुन् मित भन्या जस्तो हुन्छ है । खाइयो त पत्याइयो मित भन्या जस्तो हुन्छ । अन्यथा चाहिँ समस्या हुन्छ । त्यसैले गर्दा सरकारमा रहेका माननीय मन्त्रीज्यूहरूलाई रणनैतिक र चाहिँ महत्वपूर्ण योजना बनाउने कुरामा कसैले पनि रोक्या छैन, त्यसमा चाहिँ हामीले साथ दिएकै छौं । यसरी टुक्र्याएर बजेटलाई चाहिँ पूरै छरपस्ट बनाउने कुरा चाहिँ यसमा चाहिँ कत्ति पनि चित्त बुझ्या छैन । यले कर्णाली समृद्धिका लागि पनि यले ट्र्याक पकड्न सक्दैन भन्ने कुराको भाव व्यक्त गर्दै म विदा हुन्छु । धन्यवाद । लाल सलाम ।।

**माननीय उपसभामुखः** माननीय श्री यज्ञबहादुर बि.सी., समय ७ मिनेट, त्यसपछि माननीय श्री शोसिला शाही तयारी अवस्थामा रहनुहोला । सुशीलकुमार थापा तयारी अवस्थामा रहनुहोला।

**माननीय श्री यज्ञबहादुर बि.सी.:** सम्माननीय सभामुख महोदय, आज वार्षिक कार्यक्रम आर्थिक वर्ष ०७६/०७७ को भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतको बजेट प्रति छलफलमा भाग लिन म उपस्थित भएको छु, सभामुख महोदय । अहिलेसम्म कर्णाली प्रदेश सरकारका प्रस्तुत भएका वार्षिक बजेट कार्यक्रममा छलफल भइरहँदा सबैभन्दा भौतिक पूर्वाधार विकास मन्त्रालयले चालु खर्च र पूँजीगत खर्च जुन चालु खर्च कम हिसाबले अन्य मन्त्रालयभन्दा कम चाहिँ जुन यहाँ ल्याएर प्रस्तुत गर्यो । ५.१७ प्रतिशत पूँजीगततिर ९४.८३ प्रतिशत म भौतिक पूर्वाधार विकास मन्त्रालयका मन्त्रीज्यूलाई पूँजीगत बजेटमा बढी प्रतिशत राखेर कर्णाली प्रदेशलाई समृद्धि बनाउने तर्फ कदम चाल्नुभएकोमा धन्यवाद ज्ञापन गर्न चाहन्छु । तर यो वास्तविक गत वर्षको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका आयोजनाहरू चाहे सडकको कुरा होस्, चाहे खानेपानीको कुरा होस्, चाहे सिंचाइका कुरा होस् हामीले विनियोजित गरेका अथवा पास भएका योजनाहरू, बजेटहरूको कार्यान्वयन पक्ष क्रियाशिल हुन सकेन । र सभामुख महोदय, हामीलाई आशा थियो, के आशा थियो भने सरकारले नीति तथा कार्यक्रम बजेट प्रस्तुत गर्दा १ करोडभन्दा मुनिका बजेटहरू प्रस्तुत हुँदैनन् । र १ करोडभन्दा माथिका बजेटहरू प्रस्तुत गरेर कर्णाली प्रदेशका १७ लाख जनताहरूको समृद्धिका लागि यो सरकार अगाडि बढ्छ । त्यसको फलस्वरूप सभामुख महोदय, अन्य मन्त्रालयबाट वितरणमुखी बजेट प्रस्तुत गरियो र त्यसपश्चात आज भौतिक पूर्वाधार विकास मन्त्रालयले यो गरिमामय सदनमा प्रस्तुत गरिएको नीति तथा कार्यक्रम, पास गरिएको त्यस कार्यक्रम अन्तर्गत भौतिक विकास पूर्वाधार मन्त्रालयले १ करोड भन्दामाथिका योजनाहरू ल्याउँछ भन्ने हामीलाई लागिरहेको थियो । आज फलस्वरूप, आज भौतिक पूर्वाधार विकास मन्त्रालय, आज जो मन्त्रालयले यस कर्णाली प्रदेशको मुहार फेर्नको लागि र भौतिक पूर्वाधारलाई बलियो बनाउनका लागि प्रदेश गौरव आयोजनाहरूका योजनाहरू बजेटहरू प्रस्तुत हुन्छन् भन्ने मलाई लागेको थियो सभामुख महोदय । आज यसो हेर्दा सब टुक्रामुक्रा ६० लाख, ५० लाख, १० लाखका योजनाहरू यहाँ विनियोजित गरिएको छ । पूँजीगत खर्चमा कम यहाँ चाहिँ मने चालू खर्चमा कम चाहिँ यहा प्रस्तुत गरिए पनि तर चाहिँ वितरणमुखी जुन बजेट प्रस्तुत गरिएको छ र

त्यसको साथै यहाँ भन्ने गरिन्छ, शक्तिको आडमा अथवा जो बलियो अथवा मन्त्री भएकै क्षेत्रमा यहाँ बढी चाहिँ रकमहरू विनियोजित गरिएको छ, यथार्थवादी छैन, आवश्यकतावादी छैन, भन्ने कुरा पनि सभामुख महोदयमार्फत् म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । जस्तो वहुवर्षीय सडक कार्यक्रम यहाँ प्रस्तुत गरिएको छ, र जसमा १ करोड, ए १ अरब २९ करोड ४० लाख विनियोजित गरिएको छ । म यसमा जिल्लाको नाम पनि सरसर्ती पढेर सुनाउँछु । हुम्ला १६ करोड, मुगु ५ करोड ७० लाख, जुम्ला ८ करोड ४० लाख, कालीकोट १४ करोड ५० लाख, दैलेख ११ करोड ५० लाख, सुर्खेत ३७ करोड २० लाख, जाजरकोट ५ करोड ४० लाख, सल्यान ३ करोड ५० लाख, रुकुम पश्चिम १४ करोड ४० लाख, डोल्पा ३ करोड ६० लाख, यसमा चाहिँ १ अरब २९ करोड ४० लाखमा यो जम्मा चाहिँ हुन सक्छ, म पनि गलत हुन सक्छु सभामुख महोदय, १ अरब २० करोड ४० लाख रुपैयाँ मात्रै यहाँ विनियोजित भएको छ । त्यस्तै किसिमले जनता सडक भनेर कार्यक्रम जुन क्रमागत जुन राखिएको छ, रकम चाहिँ ६३ करोड छ, रकम चाइने यो सरकारले ६३ करोड विनियोजित गरेको छ, हुम्लामा ४ करोड, मुगुमा ५ करोड २५ लाख, जुम्लामा ३ करोड ७५ लाख, कालीकोटमा ७ करोड ५० लाख, दैलेखमा ८ करोड ७० लाख, सुर्खेतमा ८ करोड ४० लाख, जाजारकोटमा ३ करोड ६५ लाख, सल्यानमा ६ करोड, रुकुम पश्चिममा ३ करोड ५० लाख, डोल्पामा ७ करोड ३० लाख । यसबाट के देखिन्छ भने देखिन् जहाँ मन्त्रीज्यूहरूको जिल्ला अथवा जिल्ला भन्दा पनि उहाँहरूको निर्वाचन क्षेत्र जहाँ छ, त्यसैलाई नै मध्यनजर गरेर आज यो बजेट आएको छ, सभामुख महोदय, अब यसमा मन्त्रीज्यूहरूले के भन्ने गर्नुभएको रहेछ भने यसो सरर्र सुन्दा यस गरिमामय सदनलाई आज मन्त्रीज्यूहरूले उल्लु बनाउनु भएको छ । किन उल्लु बनाउनु भएको छ भने सभामुख महोदय । हामीले योजना सांसदहरूका जुन जिष्टबाट हालिरहेका छौं, लेटरप्याडमा लेखेर पठाउनुहुन्छ हामीले त्यही योजनाहरू तिनी योजनाहरू समावेश गरेका छौं भन्नुहुँदो रहेछ । यसमानेमा के भने जुन सांसदज्यूहरूले आफ्नो लेटरप्याडमा समावेश गरेका योजनाहरू समावेश भएको मैले भेटाएको छैन । हुन त दशै जिल्लामा जुनसुकै जिल्लामा पनि विकास निर्माणका आयेजनाहरू अगाडि बढे भने त्यो कर्णाली प्रदेशकै समृद्धिका लागि हो, मैले मेरो क्षेत्र, मेरो जिल्ला, मेरो गाउँ भनेर भनेको छैन । र यो सरकार जहाँसम्म लाग्छ, विभेदकारी सरकार हो । सभामुख महोदय, यहाँ चाहिँ बजेट विनियोजित गर्दा धेरै तलमाथिका कुराहरू छन्, यो सरकारले चाहिँ विभेदकारी नीति ल्याएको छ, यो सरकारले विभेदकारी नीतिलाई अन्त्य गरेन भने निश्चित रूपमा यो सरकारले यो कर्णाली प्रदेशलाई समृद्ध बनाउन सक्ैन, कर्णाली प्रदेशका कर्णालीबासी समृद्धि र सुखी हुन सक्दैनन् र यो सरकारले ल्याएको जुन नारा छ, त्यो नारा पनि सफल हुन सक्तैन भन्ने कुरा राख्दै मेरो भनाई यहीं अन्त्य गर्दछु, धन्यवाद । जय नेपाल ।

**माननीय उपसभामुखः** माननीय श्री सुशीलकुमार थापा, समय ७ मिनेट । त्यसपछि माननीय श्री धर्मराज रेग्मी तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री सुशीलकुमार थापाः** सभामुख महोदय, ०७६/०७७ सालको विषयगत मन्त्रालयको बजेटमाथि छलफल गर्दा आज भौतिक पूर्वाधार विकास मन्त्रालयको बजेटमाथि म बजेटको छलफलमाथि उपस्थित भइरहेको छु । हाम्रा सामु कर्णाली प्रदेशका १७ लाख जनताले सबैभन्दा बढी ध्यान दिएर सुन्ने बजेट भनेको असार १ गते कर्णाली प्रदेशको बजेट र त्यसपछि सबैभन्दा महत्वपूर्ण जनतासँग जोडिएको सबै मन्त्रालयगत हुँदाहुँदै पनि बढी चासोको बजेट आजको भौतिक पूर्वाधार विकास मन्त्रालयको यो बजेटसँग जोडिएको हुन्छ । सभामुख महोदय, यो बजेट अत्यन्तै मेहनतका साथ समय थपिएर, दिन थपिएर, बढो मेहेनतका साथ आएको छ । मैले यो बजेट आउँदै गर्दा मलाई के विश्वास थियो त भन्दा योभन्दा अगाडि चौमासिक र ०७५/०७६ सालको बजेटबाट ठूलो शिक्षा सिकेर अहिले यो बजेट साँच्चै पनि जनतामुखी,

निर्वाचन क्षेत्रमुखी र आवश्यकतामुखी यो बजेट निर्माण हुन्छ भने ठूलो अपेक्षा लिएको थिएँ सभामुख महोदय । मैले यो बजेट सरसर्ती आज बिहान आउँदै गर्दा धन्न आदि घण्टाभित्र मैले हेरेर भ्याएँ । हेर्दै गर्दा यो बजेटभित्र यति ठूलो असमानता छ कि यो बजेटभित्र यति ठूलो अव्यवहारिक ढंगले आएको छ, पूर्ववक्ता माननीयहरूले पनि बोल्नुभो आज बजेट हेरिरहँदा, किताब हेर्दा त अत्यन्त खुसी लाग्यो, तर जब किताबभित्र पल्टाइयो, यो बजेट हेर्दा पूरै रेड बुक नै छ, तर यस्सो यो पछाडि हेर्दा ब्लाक छ । बजेटभित्र पनि भित्री बाहिर हेर्दा रेडबुक नै देखिन्छ, तर भित्री जुन कुरा रेडबुककै आधारमा आउनुपर्थ्यो त्यो नभएर ब्लाकमेलिङ्ग गरेर ल्याइएको छ । त्यसकारण सभामुख महोदय थोरै म विषयतिर जान चाहन्छु । यहाँ मैले हेरे पूर्ववक्ता माननीय अमर थापाले पनि भन्नु भो । बहुवर्षीय सडक कार्यक्रम सबैभन्दा थोरै दैलेखको मेरो निर्वाचन क्षेत्रमा दुल्लु भैरवी क्षेत्रमा छ जहाँ १ करोड ५० लाख, मन्त्रीकोमा १३ करोड ५० लाख छ । उहाँलाई थोरै भयो होला, म सभामुखमार्फत् यो १ करोड ५० लाख त्यहाँ थपिदिनका लागि हार्दिक अनुरोध गर्न चाहन्छु । त्यो डेढ करोड पनि भौतिक मन्त्रालयको निर्वाचन क्षेत्रमा यो १ करोड ५० लाख पनि त्यतै थपिदिन म आग्रह गर्न चाहन्छु । हेरें मैले सुर्खेतका बहुवर्षीय योजना ९ करोड, १२ करोड ५० लाख, १३ करोड ५० लाख हुँदा दैलेखमा हाइयस्ट २ करोड ५० लाख छ । २ करोड, १ करोड ५० लाख, हुन त सभामुखकोमा ५ करोड ५० लाख छ सभामुखकोमा । तर अरु हाम्रोतिर ३ जना माननीयको हेरियो भने २ करोड ५० लाख आइयस्ट माननीय अमर थापाकोमा, माननीय धर्मराज रेग्मीकोमा २ करोड, मेरोमा १ करोड ५० लाख । यो ढंगले बजेट आको छ । जनता सडक जस्तो महत्वपूर्ण माननीय सांसदले नै सिफारिस गर्ने सडक मैले भन्दा बाहिरबाट आका छन् । रणनीतिक सडक त एउटा पनि छैन, मेरोमा । अन्तरप्रदेश सडक एउटै छैन, जहाँ चाहिँ कर्णाली हामीले अहिले चाहिँ एउटै पर्यटकीय क्षेत्र, गौरवको आयोजना रारा भनिराछौं, पञ्चकोशी जहाँ त्यही क्षेत्र वरपर पर्छ । जहाँ सबैभन्दा छोटो बाटो पर्छ, त्यलाई अन्तरप्रदेश सडक जोडर हामी रारा जाने फास्ट ट्र्याकको बाटो थोरै लगानीले जान सक्छौं, त्यस्तो ठाउँमा हामीले जाहिँ देख्दै देखेनौं । अन्तरप्रदेशको रणनीतिक सडकहरू पनि त्यो क्षेत्रमा एउटै छैन । प्रदेश महत्वको सडक पनि एउटै परेन, त्यो क्षेत्र यस्तो परेछ, जहाँ प्रदेशको महत्वको पनि नजर परेन, जहाँ मुख्यमन्त्री गएर, अर्थमन्त्री गएर त्यो सडक उद्घाटन गर्नुभो शिलान्यास गर्नु भो । गत साल ०७५, २०७५ साल जेठ ७ गते मुख्यमन्त्री र अर्थमन्त्री गएर उद्घाटन गरेर आउनु भो, अस्तिभर्खरै हाम्रो भौतिक मन्त्री फेरि म छुटेछु भनेर यो साल, अस्तिभर्खरै गएर उहाँले पनि १ करोडको त्यो सडक उद्घाटन त्यही ठाउँमा उद्घाटन गरेर आउनुभएछ, अस्तिभर्खरै । एक निर्वाचन क्षेत्र एक सडक, एउटा चाहिँ त्यो कस्सो त्यो चाहिँ मैले दिएकै आधारमा चाहिँ परेछ, त्यसका लागि धन्यवाद दिन चाहन्छु । अर्को झोलुङ्गे पुल त एउटै पनि छैन, एउटा निर्वाचन क्षेत्र एउटा झोलुङ्गे पुल, अन्य झोलुङ्गे पुल पनि भनियाछ, एउटा निर्वाचन क्षेत्रको त्यो एउटा झोलुङ्ग पुल कम्तिमा त्यो त बिचौलियाबाट आउनुपर्छ, अरु त आए, आए, त्यो त आइदिए हुन्थ्यो नि कम्तिमा मेरो निर्वाचन क्षेत्रमा त जान्थ्यो नि, त्यो पनि परेन । निर्वाचन क्षेत्र एउटा झोलुङ्गे पुल त्यो पनि परेनछ । अरु झोलुङ्गे पुल पनि छ यहाँ कार्यक्रम, त्यो पनि परेनछ । के दैलेख पूरै सम्मै छ त्यहाँ, खोल्साखाल्सी खोलानाला केही छैन, दुल्लुभैरवी अझैं सम्म छ त ? त्यहाँ खोलानाला केही छैनन् ? माननीय भौतिक पूर्वाधार विकास मन्त्रीलाई त्यो राम्रोसँग थाह छ, जहाँ कर्णाली नदी, जहाँ लोहोरे खोला, छामघाट खोला, पादुका खोला लगायतका थुप्रै नदीहरू, खोलाहरू बगेर त्यही निर्वाचन क्षेत्रबाट अगाडि जान्छन् थुप्रै खालका त्यस्ता ठाउँ छन् । त्यस्तो ठाउँमा निर्वाचन क्षेत्र एउटा पुल भन्या छ, त्यो पुलै छैन । त्यस्तो ढंगले यो बजेट आको छ । अन्य निर्वाचन क्षेत्रमा पनि त्यस्तै हो कि त्यहाँ मेरो निर्वाचन क्षेत्रमा त्यस्तो हो, त्यो मैले बुझ्न सक्याछैन, माननीय सभामुखज्यू । अन्य योजनाहरू पनि त्यस्तै छन् । माननीय सभामुखज्यू म ३१ वर्षको उमेरमा निर्वाचन भएर प्रदेश सभाको सांसद त्यो पनि हाम्रो देशको पहिलो

अभ्यासबाट संघीय संरचना आइसकेपछिको पहिलो निर्वाचनमा ३१ वर्षको उमेरमा प्रदेश सभाको सांसद भएर निर्वाचित भएर आइरहँदा थुप्रै मान्छेहरूको, थुप्रै जनताहरूको, थुप्रै खाले जनताहरूको थुप्रै आशाभरोसा पलाएको थियो, तर यहाँ चाहिँ हामीले हाम्रो क्षमता, योग्यता, दक्षताहरू हामीले प्रष्फुटन गर्ने त्यस्तो परिस्थिति चाहिँ निर्माण भएन, सभामुख महोदय रहस्यको कुरा त के भन्दा मेरो निर्वाचन क्षेत्रमा खानेपानीको योजना पर्यो ८० प्रतिशत, मैले आज ३१ वर्षको उमेरमा निर्वाचित भएर आइसकेपछि यो सम्मानित सदनमा मेरा स्वरहरू रेकर्ड गराइरहँदा अझैं ४५, ५०, ५५ वर्ष राजनीति गर्ने उमेर छ, कुनै बेला ७०-७५ वर्षको म पुग्दा मेरो अहिलेको यो रेकर्ड सुन्दा काहिँकतै गलत नहोस् हुनु हुँदैन । यो त्रुटी, पछि त्यो समयसम्म सत्य हुनुपर्छ भनेर म एकदम सजक छु, सभामुख महोदय । त्यसकारण खानेपानीको योजना निर्माण मेरो क्षेत्रमा हेर्दा मैले क्यालकुलेटर गरें मैले हालेकोमा ठढ प्रतिशत अरुले हाल्याछन् मैले चाहिँ जम्मा द्दढ प्रसेन्ट, द्दज्ञ प्रसेन्ट मेरो छ, मैले हालेकोमध्ये पर्छ । सिंचाईमा ७२ प्रतिशत चाहिँ अरुले हाल्याछन्, अरु मैले हालेको मात्र पर्छ, मैले दिएको । कस्सो तटबन्धनमा चाहिँ ५५ प्रतिशत मैले हालेको परेछ, ४५ अरुले हालेको परेछ । यसरी योजनाहरू मेरो निर्वाचन क्षेत्रमा यसरी डिभाइड भएका छन् । यो ढंगले रेडबुक आइरहँदा म कुन ढंगले मन्त्रीलाई हार्दिक बधाई धन्यवाद दिने आभार प्रकट गर्ने म आफै अन्यौल छु । यद्यपि हामीले यो ०७६/७७ को बजेट निर्माणको प्रक्रियामा म माननीय मन्त्रीज्यूलाई तपाईं मात्रै एक्लै हुनुहुन्न, तपाईको जो सचिवालय छ बजेट निर्माण गर्दा, त्यहाँ तपाईंको सचिवालय पनि कतै ती दलाल ती बिचौलियाको चंगोलको घेराभित्र त छैनन् ? म राष्ट्रसेवक कर्मचारीलाई दोष दिन चाहन्न, त्यहाँभित्र १-२ जना गलत प्रवृत्तिका मान्छेले आज सिंगो राष्ट्रसेवक कर्मचारीमाथिको बद्रामी, बदनाम चाहिँ कमाउन सक्छन्, त्यो कुरा माननीय मन्त्रीले ख्याल गर्नुपर्छ, र अन्य राष्ट्रसेवक कर्मचारीले ख्याल गर्नुपर्छ । त्यो सचिवालयको बडीबाट पनि त्यस्तोखालको योजनाहरू प्रवेश गर्या हुन सक्छ, मैले माननीय मन्त्रीलाई केही दिन अगाडि भन्याथैं, मन्त्रीज्यू त्यहाँ केही हुन सक्छ है ख्याल गर्नुहोला । मैले आशंकाहरू प्रकट गरिराछु, मैले त्यहाँ गएर पटक पटक पनि अरुलाई पनि भनेको थिएँ, त्यो भइराछ अन्य अन्य मन्त्रालयहरूमा पनि । अहिलेसम्मन जति पनि मन्त्रालयमा आए त्यो सबै मन्त्रालयमा मेरो क्षेत्रमा बजेट विनियोजन हुँदा त्यस्तो क्षेत्र मैले देखें । त्यसकारण सभामुखज्यू यो बजेटले दलाल पूँजीवादीभित्रको कमिशन खाने र दलाल गर्न सक्ने चतुर धूर्तहरूका लागि समाजवादउन्मुख त्यो बजेट हुन सक्छ । र तिनीहरूका लागि सुखारी कर्णाली जनताको सपना पूरा हुन सक्छ ती धूर्तहरूका लागि, सरकार कुन भाग भूमिमा टेकेर आर्थिक बजेट तर्जुमा गरिरहनुभएको छ र लागू गर्न भगिरतयन्त्र गर्नुभएको छ, त्यो मलाई थाहा छैन सभामुख महोदय । अवसरवादको कुनै सिद्धान्त हुँदैन, उनीहरूका निमित्त सत्ता शक्ति र पैंसा अन्तिम सत्य हो । यसका निमित्त दलालहरू जता पनि पल्टिन सक्छन्, अहिलेको बजेट अवसरवादीहरू दलालहरू र बिचौलियाहरूका लागि अखण्ड बन्न पुगेको छ । यस्तो अवस्थामा के हुन्छ भने सभामुखज्यू, विचार, सिद्धान्त, उद्देश्य र अनुशासन ओझेलमा पर्छ । सत्ता, शक्ति र पैंसा जीवन बदल्ने लक्ष्य हुन्छ । त्यसकारण संसदीय अभ्यासमा सांसदहरूको छनोटमा स्वतन्त्रता हुन्छ, क्षमता उसको प्राथमिकतामा पर्छ, तर यहाँ मन्त्रीहरूका लागि गणेशप्रवृत्ति हावी भएको छ । यो प्रवृत्ति नै मन्त्रीहरूको मूल प्राथमिकतामा परेको छ । त्यसकारण सभामुख महोदय, यो बजेट जुन ढंगबाट आएको छ, फेरि पनि म आग्रह गर्न चाहन्छु, यो बजेटलाई पुनः यसको व्यापक छलफल गरेर नयाँ ढंगले आयोस् । यो भन्दा अगाडि पनि कुरा उठ्याछ, यसका लागि एउटा छानविन समिति बनाएर हुन्छ कि कसरी हुन्छ, मन्त्रालयवाइजका बजेटहरूका बारेमा फेरि एकचोटी ब्यापक छलफल र बहस गरेर, दुईटा ढंगबाट बजेट ल्याउनु पर्यो । कि त सांसदहरूको व्यापक उपस्थितिबाट सांसदहरूको..ले दिएको प्लानिङ्ग अनुसार बजेट ल्याउनुपर्यो कि त बिचौलियाहरू, दलालहरू, ती नोकरशाहीहरू, ती पूँजीवादीहरू जो छन्, तिनीहरूको एउटा चंगुलबाट बजेट ल्याउनु पर्यो ।

हामीलाई बाहिरभन्दा सांसदहरूबाहेकको लेटरप्याडभन्दा बाहिर ल्याउन सकिन्न है भन्ने । होटल रेष्टुरेण्ट र केही चोकहरूमा निश्चित मान्छेहरूको छलफल गराएर आफ्नो प्रतिनिधि पठाएर अनि योजना छानेर ल्याएरआउने । यस्तो प्रवित्तिबाट यो बजेट आउँदा आज हामीलाई हाम्रै सरकार हो भन्न पनि लाजमर्दो अवस्था भइरहेको (समयलाई ख्याल गर्नुस् माननीय सदस्य) सभामुख महोदय, थोरै समय लिन चाहन्छु म । त्यसकारण सभामुख महोदय, हामी आज ०७६/७७ को १७ लाख जनताको सपना भएको यो बजेट कतै डेढसय मान्छेहरूको सपना मात्रै पूरा गर्ने त भएको छैन । ती डेढसय मान्छेहरूको सपना पूरा गर्दैगर्दा तपाईहरूले १६ लाख ९९ हजार, १६ लाख ९९ हजार ८ सय ५० जना मान्छेहरूको भविष्य अन्धकार गराउने गरी यो बजेट आइरहँदा हामी सांसदहरूले कसरी यसलाई अति उत्तम हामीले देखेको हाम्रा जनताले देखेको त्यो बजेटको कुञ्जी वामपन्थी सरकार अर्थात दुई तिहाई सरकारले ल्याएको राम्रो छ भनेर कसरी यो रोष्टममा हामीले भन्न सक्छौं, सभामुख महोदय । त्यसकारण यो बजेट पुनः फेरि व्यापक छलफल गरेर कि सांसदहरूकै सल्लाहमा बजेट आओस् कि बिचौलिया, दलाल ती पूँजीवादी यथास्थितिवादीहरूकै छलफलबाट आओस् हामीलाई त्यसमा मोछने काम नगरियोस् । धन्यावद । अभिवादन ।।

**माननीय उपसभामुखः** माननीय श्री धर्मराज रेग्मी, समय ७ मिनेट । त्यसपछि माननीय श्री झोवा वि.क. तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री धर्मराज रेग्मीः** माननीय सभामुख महोदय, भौतिक मन्त्रालयसँग सम्बन्धित विषयमा आफ्नो टिप्पणी राख्न उपस्थित छु र म यो अवसरको लागि माननीय सभामुखप्रति आभारी छु । सभामुख महोदय, पूरै रणनीतिक योजनाहरूले भरिएको पस्तक छ, हातमा यति ठूलो रणनीतिक योजनाहरूले भरिएको पुस्तक छ सभामुख महोदय, यत्रो पुस्तक दुईतीन घण्टाको समयमा यो अध्ययन गरेर यसमा चाहिँ हरहिसाब गरेर छलफलमा आउने समय चाहिँ भएन सभामुख महोदय । यो हरहिसाब गर्न पाको भए, यसमा चाहिँ राम्रोसँग सबै अध्ययन गर्न पाको भए यसमाथि चाहिँ टिप्पणी गर्न सजिलो हुन्थ्यो । त्यो चाहिँ सबै माननीयज्यूहरूलाई भएको जस्तै अवस्था मलाई पनि हो सभामुख महोदय । यो किताबै रणनीतिक तरिकाले प्राप्त भयो सभामुख महोदय सायद । यो छलफलको टाइम संयोग हो, के हो ? छलफलको टाइम समेत विचार गरेर किताबै रणनीतिक तरिकाले आको हुनाले धेरै यसमा वृहत्तर अध्ययन नहोस् भन्ने सरकारको चाहना हो भने सभामुख महोदय, त्यो चाहिँ उद्देश्यमा सरकार पूरा सफल भको छ । धेरै अध्ययन गर्न नपाएरै यसमाथि चाहिँ टिप्पणी गरियो सभामुख महोदय । एउटा त पुस्तकभरि रणनीतिक योजना छन्, अर्को पुस्तक आफै रणनीतिक तरिकाले संसदमा प्रस्तुत भयो । मैले पुस्तकका बारेमा हिजो पनि टिप्पणी गर्याथिएँ माननीय अर्धमन्त्रीज्यूले जवाफ दिनुभो । पुस्तकहरू जुनसकै बेला र जतिसुकै पुस्तकहरू ल्याएर आउने हो कि हैन म अहिले मैले ब्रेक टाइम, केरे बाहिर निस्क्याथिएँ सभामुख महोदय, एउटा संसद सचिवालय सम्बन्धी पुस्तक बाहिर पिजन हलमा थियो, मैले बोकेर ल्याछु । एउटा अर्को पुस्तक आज आइसक्यो त्यहाँ छ, सभामुख महोदय । अस्ति पनि एउटा पुस्तक सचिवालय सम्बन्धी आइसक्यो । बजेटमा मैले फेरि यलाई चाहिँ गम्भीरतापूर्वक के भने भने, माननीय अर्थमन्त्रीजी सम्मुख मौन हुनुहुन्छ अगाडि । बजेटमा यो परम्परा हामीले के बसाल्न खोज्या हो, मैले हिजो पनि भने र आज पनि जोडदार रूपमा यो चाहिँ म उठाउन चाहन्छु कि यो पुस्तकहरू मैले त सभामुख महोदय सबभन्दा पहिले यो विषयमाथि प्रवेश गर्नुभन्दा नै अगाडि भन्छु कि सरकारको बजेटको सिलिङ्ग के कति हो ? मन्त्रालयहरूले लिएको बजेटको अवस्था के हो ? अहिले पुस्तकहरूमा आको बजेटको अवस्था के हो ? यसको टुङ्गो लगाउन प्रदेश सभाले एउटा चाहिँ सभामुख महोदय, सी.ए., त्यो पनि अलि राम्रो चाटर्ड एकाउन्टेन्ट राखेर

हिसाबकिताब गराएर त्यसको प्रतिवेदन दिएपछि चाहिँ बल्ल हिसाबको यकीन गराई पाउनुपर्ने खालको अवस्था देखियो सभामुख महोदय । यो हिसाबको यकिन सरकारलाई पनि छैन, यो जोड्न नभाको मान्छे हामीलाई कसरी यकिन हुन्छ सभामुख महोदय । यो नीति कार्यक्रममा हामीले सभामुख महोदय भौतिक पूर्वाधारलाई हामीले पहिलो प्राथमिकता मान्यौं, अघिल्लो वर्ष पनि मान्यौं, यो वर्ष पनि मान्यौं हामीले । त्यसको पछाडि यो हाम्रो जस्टिफिकेसन छ, के छ भन्दाखेरि कर्णाली प्रदेश पूर्वाधारका हिसाबले सबैभन्दा पछाडि छ, त्यसकारणले हामीले चाहिँ भौतिक पूर्वाधारलाई पहिलो प्राथमिकतामा राख्यौं । मुलुकका दुईटा सदरमुकाम नजोडिने जिल्ला यही क्षेत्रमा छन, सभामुख महोदय । त्यसकारणले हामीले हाम्रो पहिलो प्राथमिकता भौतिक पूर्वाधार हो भन्ने मान्यौं, भौतिक पूर्वाधार मन्त्रीसँग चाहिँ माया भएर अथवा भौतिक पूर्वाधार मन्त्री यहाँ हुनुहुन्छ, त्यसकारणले चाहिँ प्राथमिकतामा पहिलो राखेनौं कि यो क्षेत्रको भौतिक पूर्वाधार निर्माणको हामीलाई समस्या छ, त्यो चाहिँ पहिलो चुनौति हो । त्यसकारणले हामीले भौतिक पूर्वाधारलाई पहिलो राख्यौं, प्राथमिकतामा राख्यौं । अहिले पनि करिब १० अरब ७० करोड करिब ११ अरब जस्तो बजेट त हामीले चाहिँ भौतिक पूर्वाधारलाई छुट्याछौं सभामुख महोदय । त्यो चानचुने कुरा होइन, हाम्रो जस्तो चाहिँ विपन्न आयआस्था भएको मान्छेहरूका लागि हाम्रो जस्तो प्रदेशका लागि आफ्नै ट्याक्स चाहिँ २१ करोड, २५ करोडभन्दा बढी नजानेहरूका लागि यो ठूलो स्रोत हो सभामुख महोदय राज्यकोषको । त्यसो हुँदाखेरि यो प्राथमिकता दियौं । हामीले यो भौतिक मन्त्रालयको पुस्तकमा अहिले एउटा कमिटमेन्ट आउनुपर्थ्यो सभामुख महोदय र कमिटमेन्टसँगै पैसा आउनुपर्थ्यो । डोल्पा र हुम्लाको सदरमुकाममा गाडी पुग्ने विषयमा संघीय सरकारसँग चाहिँ ती योजना र यी योजनाको तालमेल गरेर आवश्यक बजेट ती क्षेत्रमा छुट्याउनु पर्थ्यो सभामुख महोदय । सदरमुकामहरूमा राम्रोसँग गाडी चाहिँ हामी पुर्याउँछौं, जोड्छौं र प्रदेश सरकार पनि यसमा चाहिँ दत्तचित्त छ भन्ने प्रतिबद्धता र पैंसा आउनुपर्थ्यो सभामुख महोदय । प्रतिबद्धता र पैंसा आएन, केही रणनीतिक सडकहरू छन् । कर्णाली करिडोर सुरु गर्न सकेको भए, कर्णाली करिडोरमा आवश्यक रकम भएको भए सभामुख महोदय, यसको खुलेर प्रशंसा गर्न सकिन्थ्यो । म कर्णाली करिडोरको तल म चाहिँ त्यो सेप्टीदेखि चाहिँ डुङ्गेश्वरको खण्डमा म कहिलेकाहिँ हिंड्छु त्यहाँ हिंड्दा सभामुख महोदय, अहिले त गाडी डुब्छ, त्यो बेला मोटर बीचमा चाहिँ पानी नपर्ने सिजनमा मोटरसाइकल पूरै चक्का तल पर्छ, अहिलेचाहिँ गाडी डुब्ने खालको बाटो त त्यही नजिक छ, सभामुख महोदय । केही जिल्ला र क्षेत्र सदरमुकामहरू जोड्ने प्रदेशको राजधानी र सदरमुकाम जोड्ने रोडहरू छन् । हामीसँग पनि प्रदेशको राजधानीबाट सदरमुकाम जोड्ने रोड छ दैलेखमा । तर यतातिर बजेट पर्दैन सभामुख महोदय । यो बाटोको अवस्थाको बारेमा धेरै मन्त्रीजीहरू, माननीय मुख्यमन्त्रीजी म आफै, माननीय मुख्यमन्त्रीजी र म आफै धेरै पटक घ्यारघ्यार गर्दै हिंडयाछौं, अर्थमन्त्रीजी हरेक पटक योजना आयोगको गोष्ठीमा अपडाउनु गरिराख्नुभा हुन्छ, भौतिक मन्त्रीजीको पनि त्यहाँबाट धरमपोखरा भएर उहाँ उता जानुहुन्छ, जहाँ एउटा महत्वपूर्ण रणनीतिक सडक छ । तर यो बाटोको बारेमा चाहिँ प्राथमिकतामा परेन, यो प्राथमिकतामा नपर्नुको अर्थ के हो ? सभामुख महोदय । यसको पनि मन्त्रालयसँग मैले जिज्ञासा राखें सभामुख महोदय । त यसमा केही विषयहरू जोड दिनुपर्ने छ, सभामुख महोदय । बहुवर्षीय सडकहरू एउटा काफी छ सभामुख महोदय । बहुवर्षीय सडक के काफी छ भने यो १३ करोड ५० लाखबाट शुरु भएर डेढ करोडमा गएर टुंगिन्छ सभामुख महोदय । क्षेत्र विशेषमा माननीयजीहरूले भनिसक्नुभएको छ, विभिन्न क्षेत्र विशेष छन्, क्षेत्र विशेषमा १३ करोड हुँदै १२ करोड हुँदै सभामुख महोदय विभिन्न क्षेत्रमा १ नम्बरमा चाहिँ यो १३ करोड ५० लाख हुन्छ, २ नं.मा यो १२ करोड ५० लाख हुन्छ सभामुख महोदय । ३ नम्बरमा यो चाहिँ १२ करोड हुन्छ । यो हुँदै हुँदै आएर पूर्ववक्ता माननीयज्यूकोमा डेढ करोड हुन्छ सुशिलज्यूकोमा र मेरोमा २ करोड हुन्छ । यसमा मैले हुन सक्छ हामी सुगमलाई

प्रतिनिधित्व गर्छौं त्यसकारणले पैंसा कम भयो होला तर यी पूर्वाधारका यी रणनीतिक सडकहरूका बारेमा सभामुख महो..बहुवर्षीयका बारेमा सभामुख महोदय यो स्टयाण्डर्ड चाहिँ के स्टयाण्डर्ड हो ? कुन आधारमा चाहिँ बनाइयो ? स्टयाण्डर्ड नेताहरूको वेटको आधारमा बनाइयो भने त्यो दुर्भाग्यपूर्ण छ सभामुख महोदय । कर्णालीको माथिल्लो जिल्लामा उदाहरणको लागि हुम्लामा दुइटा सडकमा ८/८ करोड रुपैयाँ हालेकोमा मेरो चाहिँ कुनै चित्त दुखाइ छैन सभामुख महोदय, त्यहाँ चाहिँ पैंसा थप्दा हुन्छ ती ठाउँहरूमा तर त्यले प्रतिनिधित्वका हिसाबले भन्यो भने त्यो अपोजिसनलाई पनि प्रतिनिधित्व भयो सभामुख महोदय, सरकारको माननीय मन्त्रीज्यूलाई पनि प्रतिनिधित्व भयो । क्षेत्र त कसै न कसैले प्रतिनिधित्व गर्नुपर्यो । तर त्यहाँको जेन्यून समस्या चाहिँ हो सभामुख महोदय यसमा रकम बढाउँदा पनि हुन्छ । मैले एउटा पछिल्लो सडक छ सभामुख महोदय यो विचित्र छ, यो धेरै चाहिँ हेर्न पाइया छैन, यसमा प्रथम चाहिँ माननीय मन्त्रीज्यूको प्रथम सडक हुन्छ सुर्खेत, धरमपोखरा । धरमपोखरामा हाम्रो सडक जोडिन्छ सभामुख महोदय, यो अलिकति मलाई पनि योगदान छ सभामुख महोदय । मेरो क्षेत्रको धरमपोखरासम्म पनि सायद त्यहीभएर मेरो उता बजेट परेन होला । धरमपोखरा, अवलचिङ्ग, ढाँडखेत, रानीवास स्कूल, बाधासाल हुँदै छिन्चु जाजरकोटतिर आउने हो । यसो माथिबाट तपाईं चाहिँ, यो डिजाइनरहरू, यो इन्जिनियरहरू यो को हुन् सभामुख महोदय । यिनीहरूलाई चाहिँ पुरस्कार दिन पर्छ, यिनलाई प्रशंसा गर्नपर्छ, यिनीहरूले यस्तो सडकको डिजाइन कसरी गर्छन् सभामुख महोदय । एउटा पछाडि महान इन्जिनियरहरू हुन् म एउटा बाटो यता मेरो धरमपोखराबाट यतापट्टिको डिजाइन गर्न पनि, मेरो त एउटा जनता सडक छ, त्यसमा १ करोड रुपैयाँ राख्याछु सभामुख महोदय । यतापट्टि म सरकारलाई गम्भीरतापूर्वक ध्यानाकर्षण गराउँदै रणनीतिक सडकहरू छन् सभामुख महोदय, क्रमागत रणनीतिक सडक छन्, ७.४ मा एउटा सडक छ सभामुख महोदय, कोहलपुर छिन्चु, जीवनज्योति मावि दशरथपुर डाँडागाउँ सडक योजना छ सभामुख महोदय । यो चाहिँ क्रमागत हो अहिले चाहिँ २ करोड ४० लाख होला, यसको सर्वे र डिपीआर गर्ने इन्जिनियर भेटियो भने सभामुख महोदय उलाई हामीले पुरस्कार दिनुपर्छ, उलाई सम्मान गर्नुपर्छ । कोहलपुर छिन्चु भन्यो भने यो चाहिँ कोहलपुरदेखि छिन्चुसम्म पनि यो बाटो अब फोरलेन होला सभामुख महोदय त्यसपछि जीवनज्योति मावि दशरथ डाँडागाउँ सडक । वास्तवमा यो चाहिँ के हो भने यो रणनीतिक सडकहरू खासगरी यो चाहिँ अन्तरप्रदेशै जोड्ने होला सभामुख महोदय । कोहलपुर जोड्नुको यसको उद्देश्य के हो भने यो अन्तरप्रदेश जोडिन्छ कोहलपुरसँग, ५ नं. प्रदेशसँग सभामुख महोदय । मेरो यसमा चाहिँ के प्रस्ताव छ भने पछि खास चाहिँ सडक कहाँ होला भन्नुहुन्छ भनेदेखि सभामुख महोदय, जीवनज्योति मावि दशरथपुरदेखि डाँडागाउँ सडक होला सभामुख महोदय । जीवनज्योति माविदेखि डाँडागाउँ सडक भन्यो भने त्यो चाहिँ अर्को प्रदेश जोडिए सभामुख महोदय त्यसको लागि कोहलपुर जोड्नुपर्ने भो । म यहाँ विनम्रतापूर्वक यहाँ चाहिँ सरकारका सबै साथीहरू अर्थमन्त्रीज्यू यतै हुनुहुन्छ, यसको केही कानुनी अरु बाटो अर्थमन्त्रीजीले मिलाउनुहोला । यसमा एउटा प्रस्ताव गर्नुपर्यो सभामुख महोदय, कोहलपुर छिन्चु, जीवनज्योति मावि दशरथपुर, डाँडागाउँ सडकलाई २ करोड ४० लाख कम भयो । र यलाई अलिकति अगाडि बढाएर तपाईंको कोहलपुरदेखि तपाईंको यदि हामीले चाहिँ सभामुख महोदय २१ किलोमिटर पर गयौं भने रुपैइडिया पुग्छ, सभामुख महोदय । यदि कोहलपुरदेखि पर २१ किलोमिटर रुपैइडियासम्म जोड्यो भने तपाईंको यो चाहिँ अन्तर्राष्ट्रिय नाकासँग जोडिन्छ र यो सडक तपाईंको अन्तर्राष्ट्रिय नाकासँग जोडिने एउटा महत्वपूर्ण सडक हुने सम्भावना मैले देख्याछु । २१ किलोमिटरको किन लोभ गर्ने सभामुख महोदय । यलाई म पहेंलो बत्तीको मैले ख्याल गरें सभामुख म निष्कर्षमा महोदय म निश्कर्षतिर जाँदैछु । यल्लाई चाहिँ मैले अन्तर्राष्ट्रिय नाकासँग २१ किलोमिटर एक्स्टेन्ड गर्न आवश्यक प्रक्रिया पुर्याइदिन माननीय अर्थमन्त्रीज्यूलाई म विनम्रतापूर्वक यहीँबाट अनुरोध गरें र यस्तो बाटोको सर्वे गर्ने र डिपीआर गर्ने

इन्जिनियरहरूलाई कारबाही हुन्छ कि हुँदैन सभामुख महोदय । मैले फाइनाइन्सीयसल कन्ट्रोलको कुरा हिजोअस्तिदेखि लगातार उठाइराछु । यो बाटो त डिपीआर भयो र सर्वे गरेर अहिले क्रमागत गाको होइन सभामुख महोदय । कोहलपुरबाट के गर्न खोज्या ? छिन्चुसम्म यो चाहिँ के बनाउन खोज्या सभामुख महोदय । यस्तो बाटोको डिपीआर गर्ने नक्सा गर्ने कन्सल्टयान्ट यलाई कारबाही हुँदैन सभामुख महोदय । कोहलपुर यो अलाइनमेन्ट दिने को हो ? सभामुख महोदय, कुन निकाय हो ? यिनीहरू उपर कारबाही हुँदैन ? जीवनज्योतिदेखि चाहिँ सभामुख महोदय जीवनज्योतिसम्म देखि चाहिँ तपाईको बाटो अगाडि बढाएर चाहिँ लिँदाखेरि कल्ले के चाहिँ छेक्छ, कसैले केही छेक्छ सभामुख महोदय । त्यो अन्तरप्रदेश नहुने भो सडक त्यसकारणले मैले यलाई अन्तर्राष्ट्रिय मार्ग बनाउन म विनम्रतापूर्वक अनुरोध गर्छु सभामुख महोदय । सुर्खेतमा बहुवर्षीय बाटोहरूमा करिब ३८ करोड पैंसा छ सभामुख महोदय ३७ करोड २० लाख छ, यो भनेको बहुवर्षीय सडकमा २८.७४ प्रतिशत छ, त्यो भनेको के हो ? सभामुख महोदय भनेर भन्दाखेरि बहुवर्षीयमा माननीय मन्त्रीज्यूले गरेको सन्तुलन के हो भने । योजनाका शीर्षकहरूसँग सन्तुलित हो करिब २३ वटा क्षेत्रमै २३ वटा बाटा बनाउनु भो । त्यो शीर्षकमा सन्तुलन हो, त्यसको बजेटमा चाहिँ सभामुख महोदय, बजेटमा चाहिँ गहिरो असन्तुलन छ । बजेटमा चाहिँ गहिरो असन्तुलन छ, यसमा चाहिँ गम्भीरतापूर्वक म यसमा असहमति मैले जनाएँ । हुन त प्रणाली के छ भने त्यो पीएलआइएमबीएसमा त अस्ति एकजना मन्त्रीज्यूले भन्नु भो, यो त यस्तो खतरा छ, यसमा चाहिँ मोटरसाइकलको अर्डर गर्यो भने हेलिकप्टर आउँछ भन्नुभो । यो अर्डर गर्दा केही समस्या पर्या हो कि चाहिँ सभामुख महोदय । अर्डर गरेर चाहिँ नजिकको बाटो राख्दा अन्तर्राष्ट्रिय बाटोसँग जोडिन पुग्या हो कि । सामान्यतया, यो कम्प्यूटर प्रणाली धेरथोर हामी जे बुझ्छौं, यसमा इनपुट जे दियो आउटपुट त्यही आउँछ सभामुख महोदय । सफ्टवयरहरूले कम्प्यूटरहरूले चाहिँ कहिल्यै गल्ती गर्दैन, गल्ती चाहिँ हामीले गर्छौं सभामुख महोदय । त्यो अपरेटिङ्ग गर्ने मान्छेहरूले गर्छौं । त्यसकारणले मैले विनम्रतापूर्वक मैले यो पुस्तक धेरै अध्ययन गर्न पाछैन । निश्कर्षमा मैले के भने भने यो पुस्तकका बहुवर्षीय बाटोहरूमा चाहिँ गम्भीर असन्तुलन छ, केही रणनीतिक सडकहरू केवल रणनीतिक छन् र ती रणनीतिक होइनन्, यले कर्णाली करिडोर लगायतका महत्वपूर्ण सडकहरूमा चाहिँ यल्ले कुनै प्रतिवद्धता पनि छैन र यसमा बजेट पनि छैन । यो प्रक्रियाले सभामुख महोदय कर्णालीको भौतिक पूर्वाधारको विकास हुन्छ कि हुँदैन भन्यो भने म आफू चाहिँ व्यक्तिगत रूपले यो प्रक्रियाले विकास हुँदैन र यले हामीलाई विकासको भौतिक संरचनाको विकासको छटपटिमा परेका मान्छेहरूको चाहिँ हाम्रो रेस्पन्स हुँदैन भन्ने गम्भीर चिन्ता व्यक्त गर्छु । पछाडिका खानेपानीदेखि लिएर अरु आदि इत्यादि डिपीआरको बारेमा गइन सभामुख महोदय, यो समय भएन । यति गरेर मैले चाहिँ समयको लागि यहाँहरूप्रति आभार व्यक्त गर्दै आफ्नो भनाई यहीं टुंग्याउँछु । धेरै धन्यवाद ।

**माननीय उपसभामुखः** माननीय श्री झोवा वि.क., समय ७ मिनेट । त्यसपछि माननीय श्री गणेशप्रसाद सिंह तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री झोवा वि.क.:** सभामुख महोदय, यो आर्थिक वर्ष ०७६/०७७ को यो भौतिक मन्त्रीको विषयमा हामी छलफलमा उभिएको छ । अब बिहान बिहान किताब रातो किताब हातमा दियो म खुसी लागेको धन्यवाद मन्त्रीज्यूलाई । अब किताब चाहिँ ठूलो चाहिँ गरुङ्गो छ, हातमा दिएर खुसी लाग्यो । भित्तचाहिँ अबै भनौं भने के भन्या, नभनौं भनेर के भन्या । अब पेट पोलिराखेछ, अब यो मन्त्री सबैले मलाई के दस नेछोड्ने भयो फेरि दसदस उनकै के भनौं म आफैलाई पनि भन्न गाह्रो भएछ । अब माथि साविक कर्णाली त्यक्यारे मुगुम कार्मारोङ्गमा दश दिएर यो गर्न के, के पुग्दो होला । यो सिंचाइमा अब त्यही सिंचाईलाई मर्मत गरेर राख्ने हो कि त्यै अगाडि नबनाएर पछाडि, के मर्मत मात्रै भएलाई त हुने थियो । मर्मत होइन,

पहिलेदेखि अब कुल्लो बनाउनै ल्याउनै पर्यो त्यहीलाई दशले केही पनि काम आफूको दिएजसो पनि नहु, हुँदैन । हामीले लिएजसो पनि हुँदैन । अब अइले त्यहीमा अलिकता बढी थपथाप ३० सम्म पुर्याए ते अब काम हुने थियो पोर मैले एउटा सिंचाई मागेर २५ लाख त्यही हालें लाख हाल्यो । त्यही मायामा चित्त बुझें ठिकै एउटा मात्रै दिए ठिकै भयो, यसचोटी त अलिकै एकदुई बढी त छ, त्यैपनि दुईचारमा ६० पनि नपुर्यापछि त क्या सिंचाई गर्ने क्या खानेपानी गन्र्या क्या तटबन्धी गन्र्या, आफूलाई आफूलाई भन्न पनि अब मन्त्रीसँग, सबै मन्त्रीसँग कति बोलीराख्न्या, नबोलेपछिमा पोर एक पोरसाल नेबोलेर बस्यो । जो होचो छ, त्यहीलाई घोचो गद्दो रहेछन् । अब भन्नेको पिठो विक्दो रहेछ, नभन्नेको चावल पनि नबिक्दोरहेछन् । अब हाम्रो पनि अलिकता समानुपाती भए पछिमा अब पद हो सत्यै हुन बराबर, हामीले चाहिँ यो प्रदेशमा हामी बराबर त हामी पनि हो भन्दिनँ । तैपनि कसैले चाहिँ १० दिएपछि कसैले चारपाँच दिएपछिमा हुने थियो, तैपनि अलि १० ले के हुन्या । एकको चाहिँ त्यै केरे कसै माननीयको एकलाई ६० पुर्याउँछ भने हामी तीनचारलाई ६० पुर्याएर त के-के हुन्या । के काम पनि हुने जसो नाइ त के । अब माथि मुगुम कार्मारोङ्गमा जानुलाई अब हिनेर जान ३ दिन लाग्छन्, त्यहीमा हामीलाई एउटा बाटो दिए छैन, अब के हामी चल्ला जसो उरेर जाऔं कि अब गुड्न्या गाडी त छैन, अब उरेर चल्ला जसो उरेर जानुपर्यो । अब एक हामीलाई चाहिँ बाटो दिएछैन, पुल दिएछैन, हामीचाहिँ वारीपारी हाम फालेर जाऔं कि यसरी पिछेरिए क्षेत्रमा, झन् पिछेरिए क्षेत्रलाई हेर्ने भन्छन् अनि जनजातिलाई हेर्ने हो भन्छ, यो माननीय यति जना ४० जनामध्येमा म जनजाति एउटै छ । झन जनजातिलाई त धकेल्दै धकेल्दै पछाडि राख्छ त, अगाडि कइलेइ डोराएर लिने हो कि कइलेइ सारेर लिने हो कि, कइलेइ पनि यो मन्त्रीहरूलाई पछाडि पारेर फाल्दै दुई मन्त्रीले पछाडि फाल्दै, फाल्दैफाल्दै त झन् कहाँसम्म पुर्याउने हो कि थाहै छैन, अब त्यहीमा मेरो मन सन्तोस छैन अलि थपथाप गरेर आफूलाई चाहिँ दिए जसो, यो फलेन ठाउँमा फलान मन्त्रीले काम दिएर केही काम पूरा भएछ, यति मान्छे हिंड्ने, त्यै क्येरे खाने खानेपानी पुगेछ, भनेर भे राम्रो हो । अब त्यै मा केही पनि भएछैन, त्यै खनिराखेछ भनेर त्यै आफूलाई पनि गिज्याउदा, अब तपाईंको चाहिँ सुर्खेत बराबर हामी पनि देऊ भन्दैन, सुर्खेतलाई बढि दिएर हामी पनि धन्यवाद दिन्छौं, हामी सब ५ सालसम्म हामी यो खाल्डोखुल्डी हामी पनि देखेछ, वरिपरि हामी पनि घुमिराखेछ, अब यो सुर्खेतमा बढी छ भनेर मैले झन् खुसी नै लागेछ, म निराश छैन । त्यै पनि हाम्रो मुगुम कार्मारोङ्ग सबभन्दा पछाडि पारेको मुगुम कार्मारोङ्ग हो । अब त्यैलाई फेरि चाहिँ हुन त यो साविक कर्णालीको मन्त्रीले हेरेन, सुकमको, दुर्गुमको माननीय त्यही मन्त्रीले त हेरेन भने सुगुमको मन्त्रीले कहाँ हेरला । हुन पनि ठिकै हो । त्यही पनि अलि बढी भएको पैंसा, बढी नै आर्थिक बढी नै आउन्या मन्त्री भएपछिमा अलि मलाई चाहिँ कामलाई देखाले हुन्याको किसिमले मलाई थपथाप गर्नुहोला । हवस् धन्यवाद ।

**माननीय उपसभामुखः** माननीय श्री गणेशप्रसाद सिंह, समय ७ मिनेट । त्यसपछि माननीय श्री अमृता शाही तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री गणेशप्रसाद सिंहः** माननीय सभामुखज्यू, आर्थिक वर्ष ०७६/०७७ को वार्षिक कार्यक्रम भौतिक पूर्वाधार मन्त्रालयको योजनाको बारेमा हामी अब छलफलमा छौं र म यस विषयमा केही कुरा राख्न गइरहेको छु । मूलभूत रूपमा भौतिक पूर्वाधार वास्तवमा देशको, यो कर्णाली प्रदेशको महत्वपूर्ण मन्त्रालय हो । यो मन्त्रालयसँग सडक यातायात, वास्तवमा विकासको मेरुदण्ड भौतिक पूर्वाधार, भौतिक पूर्वाधारको पनि सडक याताया । विकास भनेको सडक र यातायात हो । एक गाउँबाट अर्को गाउँमा जानु, एउटा गाउँपालिकाबाट अर्को गाउँपालिका, अर्को नगरपालिकाबाट अर्को नगर, अर्को जिल्लाबाट अर्को जिल्ला, एउटा प्रदेशबाट अर्को प्रदेश जानु अहिले सबैको आवश्यकता छ । त्यसो पनि हाम्रो विकट जिल्ला, भीरपाखा

भएको जिल्ला, यातायात मोटरेबल सडक, मोटरेबल पुल, झोलुङ्गे पुल, ट्रस ब्रिज धेरैधेरै प्रकारका यातायातका विकासका कम्पोनेन्टहरूले विकास गर्नुपर्ने जिल्ला र निर्वाचन क्षेत्रको रूपमा जाजरकोट जिल्ला चिनिन्छ । र सबै जिल्ला र सबै निर्वाचन क्षेत्रहरू त्यस्ता छन्, हाम्रो प्रदेशमा । त्यसो हुँदा त्यहाँ बजेट विनियोजन अथवा त्यो योजना तर्जुमाको मोडालिटी योजना कार्यान्वयनको तौरतरिका, हामीले दुई वर्षको बजेट विनियोजन गरेर हेरिसक्यौं । र अब यो सार्वभौम संसदमार्फत् म के चाइने आग्रह गर्न चाहन्छु सभामुख मार्फत् भने मन्त्रीज्यू हुनुहुन्छ, मन्त्रीज्यूलाई धेरैपटक हामीले सल्लाहसुझाव रचनात्मक दियौं । सौहार्द र सभ्य, शिष्ट तरिकाले उहाँलाई भौखिक रूपले लिखित रूपले सुझाव धेरै दियौं र सरकारलाई हामीले धेरै दियौं । गत सालकै योजनाहरू सडकहरूमा कुनै पनि कार्यान्वयन भएका छैनन् । ती बहुवर्षीय भनिए, ती चाहिँ निर्वाचन क्षेत्रीय सडक भनिए, तिनी प्रदेशका गौरवका सडक भनिए, विभिन्न नाम दिइयो तर कार्यान्वयन केही पनि भएनन् । तिनी अब टेण्डर भए, अब तिनी कता गयाछन्, थाहा छैन, अन्धाधुन्दा छ । अहिले अब उहाँले बहुवर्षीय भनेर साढे तीन करोड भन्नुहुन्थ्यो, अब यहाँ यसो हेर्दाखेरि त्यो बहुवर्षीयमा २ करोड ७० लाख छुट्याउनुभाछ, अहिले । त्यहाँ त अब साढे तीन करोड भनेपछि त, असीलाख त त्यहाँबाट घटाउनु भो । अब यो कस्तो देखिन्छ भन्दाखेरी, हामीले भन्दै आयौं के गतसाल संश्लेषण गरिसकियो, विभेद, असन्तुलन यो नै मतलव हाम्रो कर्णाली प्रदेशको सरकारको रोग हो, अब त्यसबाट हाम्रो दृष्टिकोण भिजन झल्किन्छ । अथवा हाम्रो आउटलुक झल्किन्छ । सरकारका नेतृत्व गर्ने अथवा यो प्रदेशका माननीय जनप्रतिनिधिहरूको भिजन आउटलुक के रैछ त ? बाहिर जेजे भने पनि, बाहिर जेजे कुरा गरे पनि तर हाम्रो अन्तरआत्मा त्यहाँ झल्किन्छ के । वस्तु विनियोजन अथवा वस्तु बाँडफाँड गर्ने बेला हाम्रो मतलव के हो त भित्र अन्तरआत्मा बाहिर व्यक्त हुन्छ । यसो हेर्दाखेरि आफ्नो निर्वाचन क्षेत्रमा बढी स्वतः देखिन्छ । अहिले पनि हामी देख्यौं बहुवर्षीयमा माननीय मन्त्रीज्यूको चाइने उसमा १३ करोड छ हैन, अब हाम्रोमा दुई पचास, दुई सहत्तर छ । १ नं. क्षेत्रमा दुई सहत्तर छ, २ नं.मा दुई पचास । हामी २ सय ७० नम्बरका मान्छे हौं, अथवा जनप्रतिनिधि, अथवा त्यो निर्वाचित क्षेत्रलाई त्यसरी ट्याग लगाइएको छ के । २ सय ७० । कतिपय ठाउँमा हाम्रो माननीय सुशिलजीकोमा १ सय ५० को अथवा १ सय ५० को ट्याग लगाइयो । त्यस्तो हुँदाखेरि मन्त्रीज्यूले कमसेकम स्वभाविक अस्वभाविक बाँडफाँडको तरिका मिलाए हुन्थ्यो भन्ने हो के । ठिकै छ गयो केही भएन, तर मान्छेले सरर्र हेर्दाखेरि है र सुझाव र यो बजेटलाई चाइने मतलव ठीक छ, बेठीक छ, भन्ने तर्क दिंदाखेरि त असन्तुलित छ भन्ने कुरा अब बाहिरबाट मान्छेहरूले कमेन्ट गर्छ, हामीले गर्न आवश्यक छैन । हामीले संश्लेषित रूपमा भनिसकियो । त्यसकारण हाम्रो दृष्टिकोण हाम्रो दूर भिजन के हो त ? यल्ले राम्रो ठाउँ पुर्याउँदैन है । एउटा गाउँबाट अर्को गाउँ, एउटा स्थानीय तहबाट अर्को स्थानीय तह, एउटा जिल्लाबाट अर्को जिल्ला जोड्नु अहिलेको आवश्यकता हो । जस्तो जाजरकोट जुम्ला जोडिनै पर्छ, जाजरकोट आर्थिक सामाजिक रुपान्तरणको लागि आर्थिक सामाजिक परिवर्तन र समृद्धिको लागि जुम्ला जोडिनै पर्छ, यो कुरा माननीय नरेश भण्डारी माननीय पद्मा, केरे पदमबहादुर हाम्रो रोकाय जी । उहाँहरूसँग हामीले सहकार्य र उहाँसँग हामी जोडिनै पर्छ जतिसक्दो छिटो । यो हामीले आवश्यकता बोध गरोस् यो कर्णाली प्रदेश सरकारले भनेकै छौं । तर पनि महशुस गरिदिनु भएको छैन, यलाई चाइँने कमसेकम सहानुभूति राखिदिनुभएको छैन । के गर्ने यो भन्दा अर्को, हामीले अब गाली गर्ने, पाँडे गाली गर्ने त अब यो भएन के, एउटा स्तरमा एउटा उसमा चाहिने कुरा राखिसकियो । अब ट्यागै लगाउने हो भने १ नं.मा ट्याग विभेदकारी मन्त्री भनेकै हाम्रो भौतिक मन्त्री हो, ट्याग, १ नं. ट्याग उहाँलाई लगाउनुपर्यो, २ नं. अर्कोलाई लगाउनुपर्यो, ३ नं. अर्कोलाई नम्बर लगाउँदै अनि उ भए । कर्णाली प्रदेश सरकारको भिजिन के हो भन्ने कुरा त भइगो सन्तुलन कायम गर्न सकेन । सक्नुपर्छ नि त । सबै जनता बराबर हुन् है, त्यहाँ जाति, वर्ग, क्षेत्र, लिंग, भूगोल, जनता सबै हिसाबले त्यहाँ

चाइँ विविध प्रकारका विभेदमा पूरै मतलव प्रताडित भएको छ, ग्रसित छ त्यो क्षेत्र । त्यलाई सन्तुलन गर्ने हामीसँग भएको वस्तुलाई समान ढंगले वितरण गर्नु हाम्रो चाइने जिम्मेवारी हो । त्यो केन्द्र भाग सम्माननीय मन्त्रीज्यूहरू, यो सरकारका मन्त्रीज्यूहरू हुनुहुन्छ । तपाईंहरूले बाँड्दाखेरि तपाईंहरू बाँड्ने डाडु के हो ? पन्यू के हो ? बाँड्ने साधन के हो ? हैन बाँड्ने तपाईंहरूको सुत्र के हो ? यो कुरा बडो ठिट लाग्छ । बडो चाइने मतलव चिन्ता लाग्छ, भने पनि तपाईंहरूको शैली के हो त ? तपाईहरूको यो तरिका प्रति कोही सहमत छैन, यो सार्वभौम संसद त सहमत छैन, छैन । बाहिर आम जनसमुदाय पनि समर्थन छैन । यल्ले तपाईंहरूको हाम्रो शीर झुक्छ । हामीले बाहिर जवाफ दिने ठाउँ छैन । के गर्या हो त, खै अब यस्तै भयो छलफल त गयौं क्यारे अब यस्तै भयो भनेर भन्नुपर्ने स्थिति छ । बहुवर्षीय, आआफ्नो ठाउँको आआफ्नो ठाउँमा महत्व छ, आआफ्नो ठाउँमा आआफ्नो विशेषता छ त्यो, त्यहाँ जनताको अपेक्षा छ, जनताको मनोविज्ञान छ, जनताको चाहना छ, जनताको चाइने आशाअपेक्षा छ । त्यसकारण तपाईंहरूले जे गर्नु भो, यो गलत गरिराख्नुभाछ, यो बाँकी अरु विभिन्न शीर्षकहरूमा हाम्रो जिल्ला मेरो निर्वाचन क्षेत्रमा सन्तुलित गर्ने टाइपका दुइटा तिनटा, दुइटातिनटा १० लाख, मोटरेबल पुलमा झोलुङ्गे पुलमा १० लाख राख्नुभाछ । जो नलगाड नगरपालिकाको ११ बाट आठबिसकोट नगरपालिकाको ४ नं. बथानकोट जोड्ने झोलुङ्गे पुल हो, त्यहाँ १० लाख राख्नुभाछ । १० लाखले कहिले बन्छ ? मतलव एउटा जनरल्ली पनि क्या ? पुग्दैन भनेपछि नराखिदिए हुन्थ्यो नि त । त्यो राइट यहाँहरूलाई थियो । त पैंसा बाँड्, बाँडफाँडको तरिका या योजना निर्माणको तरिका हामीले अलिकति तपाईहरूले वैज्ञानिक, पारदर्शी ए मतवल एउटा समावेशी सन्तुलित टाइपको बनाइदिनुस् भनेर हाम्रो विशेष आग्रह हो । बनाउनुभएन ठिकै छ, करा राख्ने हो, मान्ने गर्ने तपाईंहरूको कुरा हो । हामीले राख्दै जाने हो, जायज कुरा, ठीक कुरा है । तपाईहरूले चाइने हामीलाई दिनुभयो उदाहरण काँडाको यो आँखा, काँडा रैछ यो आँखा जनताको आँखा हो । मेरो आँखा होइन, १६ हजार जनताको आँखा हो, १६ हजार जनताले चुनेर आको मान्छे हुँ म । १६ हजारको आँखा हो आँखाले यही देख्छ, मेरो आँखाले । तपाईहरूले विभेद गरेको देख्छ, तपाईंहरूले असन्तुलन गरेको देख्छ । तपाईंहरूले मतलव पूर्वाग्रही भएको देख्छ, तपाईंहरू संकिर्ण भएको देख्छ । तपाईंहरू क्षेत्रीयतावादी तपाईंहरू स्थानीयता वादी भएको देख्छ । त्यसो नबन्नुस् तपाईहरू प्रदेश सरकारको तपाईंहरू मतलव मन्त्री बन्नुस् भन्या हो । यो आँखाले त्यो भनेको हो । त्यसो भएपछि अनि फूलको मन्त्रीको आँखा हुन्छ, त्यो हुँदैन, त्यो किताब बोल्छ, यी सबै किताब बोल्छन्, त्यहाँ भित्रका चाहिँ तपाईंहरूको विनियोजन गरेका योजनाका शीर्षक बोल्छन् । तपाईंहरूले भन्न जवाफको सवाल दिन सकियो, डिक्सनरी खोजेर शब्द ल्याउन सकियो । तर त्यो कोइ तुक र दम छैन, त्यो कृषि मन्त्रीको जवाफ, त्यो वन पर्यटन मन्त्रीजीको जवाफ, त्यो सामाजिक विकास मन्त्रीको जवाफ, त्यो भौतिक मन्त्रीको जवाफ यिनी किताबले जवाफ दिन्छ । तपाईंहरूले हाम्रो जवाफ त दिनुहोला सभ्य भाषामा, रवाफ, दवाव, धाकधम्की लगाएर दिनुहोला । ठिकै छ, हैन । तपाईंहरू सरकार हो, तपाईंहरू सरकारको पावरवाला सत्ताको चाइने मतलव, मतलव प्रमुख जिम्मेवार व्यक्ति हो । हामी चाइँ तपाईको, तपाईकै यही जाइने कर्णाली वक्तव्यमा आएको किताब अनुसार सुखारी कर्णाली, समृद्ध कर्णाली भन्नुभाथ्यो । माननीय भिखारी कर्णाली, भिखारी र दुःखारी कर्णाली भन्छु मैले । माननीय हामी भिखारी र कर्णाली जाइने बासी जनता दुःखारी । यही तरिकाको बजेट विनियोजनको स्टायल, विधि, तौरतरिका हो भने यो नारालाई अपोजिट उल्टाएर हेर्यो भने यसलाई एन्टोन्यायम्सको हिसाबले उल्टयाएर हेर्यो भने भिखारी माननीय र दुःखारी जनता । मेरो एनलाइसि यो हो, हेर्नुस् त काँडाको आँखाले यसरी एनलाइसिस गर्दिरहेछ । यो जनताको आँखा हो यो, यो मेरो आँखा होइन, यो गणेश सिंको आँखा हैन, यो जनताको आँखा हो । यो सुझाव हो, अहिले तेस्रो बजेटको सुझाव हो, चौंथो बजेटमा जाँदा पनि यही भयो भने फेरि जवाफ दिइने छैन । तपाईंहरूको बजेट एकदम

राम्रो, सुपरफाइन भनेर भनौंला । त्यही भन्दिएपछि राम्रो ? त्यहाँ जस्ताको तस्तै, जे देख्यो त्यही भन्नु । कालालाई सेतो भन्ने हैन, कालालाई कालै भनिन्छ, सेतालाई सेतै भनिन्छ । रातालाई रातै भनिन्छ । गणेशलाई चाइ कालो भनेर सुहाउँछ कहिल्यै ? गणेश रातै हो, हैन । अर्को कोही चाइने कालो कलरको हुनुहुन्छ भने कालै हो । ज्यान कालालै कालै, सेतालाई सेतै भन्ने हो, हैन । त्यो भन्ने कुरा राख्दै फेरि पनि यो तपाईंले आफ्नो पुस्तक सच्याएर, संशोधन गरेर, ठूलो छाती गरेर यलाई सुधारेर, १३ करोडलाई घटाएर जाइने ६, मतलव ६ करोड, साढे ६ करोडमा ल्याएर तपाईंले भोलि चाहिँ मतलव फेरि यो सदनमा पेश गर्ने हुनेछ भन्ने सुझाव दिंदै म विदा हुन्छु धन्यवाद ।

**माननीय उपसभामुखः** माननीय श्री अमृता शाही, समय ७ मिनेट । त्यसपछि माननीय श्री करविर शाही तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री अमृता शाहीः** सभामुख महोदय, आज ०७६/७७ को भौतिक पूर्वाधार विकास मन्त्रालयको बजेटमा छलफलमा भाग लिंदै गर्दा, भाग लिंदै छु । र यसमा हामीले यो किताब बिहान मात्रै आफ्नो हाम्रो हातमा पर्यो । हामीले, मैले त हेरिन धेरैजसो, अलिअलि हेरें सुर्खेत, सुर्खेत अलि बोल्ने माननीयज्यूहरूले पनि सुर्खेतमा धेरै छ भन्नुभो । हेरें मैले पनि सुर्खेत सुर्खेतमात्रै देखें । धेरै छन् हाम्रो सुर्खेतमा योजनाहरू, किनकि अब त्यो मलाई मेरो अथवा मैले दिएको लेटरप्याडमा पर्यो कि परेन त्यो मलाई त्यसको बारेमा म भन्दिन, यो भन्दा गत वर्ष पनि मैले भनिन, किनकि हाम्रो क्षेत्रको अथवा हाम्रै ठाउँको अथवा मेरो र मन्त्रीको एउटै ठाउँमा बास भको हुनाले, एउटै नगरमा बास । त्यही भएर मेरोमा पर्यो कि परेन भनेर भन्दिन, सुर्खेतको सुर्खेतमा पडेको छ, नाम चाहिँ धेरै छ, तर काम चाहिँ कति हुने हो । नाम चाहिँ बजेटका अथवा यिनी योजनाहरू धेरै बढेको छन् । यो क्षेत्रमा माननीयज्यूहरू अलि धेरै भएर पनि होला सायद धरै बढेको । म भन्छु सुर्खेतको यता राजधानी, यो यति सुर्खेतको नाम धेरै आछ, योजनाहरू पनि धेरै छन् भने यो सुर्खेतको राजधानी कस्तो हुनुपड्यो भनेपछि हामीले एकदमै हामी हिंड्दाखेरि बाटामा खाल्डाखुल्डी भएर हामी पैदल हिंड्दै पनि लोटेर खाल्डाखुल्डीमा हैरान छौं । तर त्यो खाल्डाखुल्डी चिल्ला हुनुपड्यो । यो भौतिक मन्त्रीले त्यस्तो बनाइदिनुपर्यो । हाम्रो राजधानी जस्तो बनाइदिनुपर्ने भो । हाइन भने यति धेरै योजना किन हाल्नुभएको हो, सुर्खेतमा ? सबै जिल्लामा हाल्नुपर्यो बराबरी । यति धेरै हाल्नुभको छ भने तपाईंले यो सभामुख म महोदयमार्फत् म भन्न चाहन्छु, होइन भने अब यो राजधानीलाई जहिले पनि बाहिर केरे पर्यटन क्षेत्र, पर्यटन जाने बाटो अथवा द्वार हो यसलाई चाहिँ राम्रो गराउन पर्यो । योजनाहरू मैले हेरें यहाँ र उसको अरु अरु मन्त्रालयको किताबमा अलि डल्लो सल्लो केरे बजेटहरू हुन्थ्यो यसमा केरे त्यस्तो डल्लो देखिन मैले । कनिका छरेजस्तो के जताकतै छरेको छ, यसले कत्तिको हाम्रो कर्णालीलाई सुखी र, सुखी र सुखारी गराउने हो ? यो चाहिँ मन्त्रीलाई थाहा होला । अब हामी कति कराउने दिनको दिन आछ, यस्तो भएन, उस्तो भएन भनी कराउँदै जाँदै । यो मन्त्रीजीले हेर्ने कुरा र अथवा काम गर्ने कुरा हो । गत वर्षकोमा पनि यस्तै थियो, बजेटहरू धेरै गको छ, भौतिक मन्त्रालयको । भौतिक मन्त्रालयमार्फत् भन्याँ थे तर त्यो काम कति भो ? के भो ? हामीले देख्न पनि पाएनौं । त्यो काम हेर्न जान पनि पाएनौं हामीले । अहिले चाहिँ यस्तो, गत वर्ष जस्तो नहोस् । काम जति योजना परेका छन् त्यो काम चाहिँ पूरा होस् । सबभन्दा त राजधानी एकदमै वीरेन्द्रनगर हामीले हिंड्दाखेरि अबदेखि यस्तो खाल्डाखुल्डी देख्न नपरोस् । सबै मन्त्रालयहरूबाट बजेट छुटिएको छ, खानेपानीको अभाव नहोस्, यो बत्तीको अभाव नहोस् । जहिले पनि हामीले खानेबेला बत्ती गइहाल्ने, खाना पकाउने बेला बत्ती जाने यो समस्याबाट पनि मुक्त । सबै मन्त्रालयले यो राजधानीलाई एकदमै राजधानी जस्तो बनाओस् र हामीले कुनै राजधानीमा बस्याजस्तो अनुभव पनि गर्न पाऊँ र बाहिरबाट आउने मान्छेहरूले पनि अहो राजधानी भन्या यस्तो हुँदोरैछ, भन्ने

उहाँहरूले अनुभोग गर्न पाऊन् । मैले भौतिक मन्त्री अथवा यो मन्त्रालयबाट यति उति बजेट मलाई परेन, मैले गर्न पाइन म भन्दिनँ । किनकि उहाँको र मेरो निर्वाचन क्षेत्र एउटै हो, जनताहरूले सुख पाउने अथवा उहाँहरूले कामको अनुभोग गर्ने, सुबिधा पाउने र उ केरे मैले गर्नुपर्ने र उहाँले गर्ने काम, जनताहरूले सुख पाए भैगो मलाई त्यत्ति छ । मैले मेरो लेटरप्याडमा आएन, बजेट भनेर म गुनासो गर्न चाहन्नँ । म धेरै कुरा गर्न चाँहदिन । किताब चाहिँ एकदम ठूलो मसिना नदेखिने खालका अक्षर छन्, र मिहिनेत गरेर ल्याजस्तो छ । एकदमै दुईतीन दिन, हामी त ढिलै आउँछ राम्रै आउँछ भन्थ्यौं, अब कसैको मनमा शान्ति भएन, नभए पनि यसलाई धन्यवाद दिन्छु । हवस् त जय नेपाल ।।

**माननीय उपसभामुखः** माननीय श्री करविर शाही, समय ७ मिनेट । त्यसपछि माननीय श्री विरबहादुर शाही तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री करविर शाहीः** माननीय सभामुख महोदय, आज हामी भौतिक पूर्वाधार विकास मन्त्रालयको मन्त्रालयगत छलफलमा सहभागी छौं । पूर्ववक्ता माननीयज्यूहरूले उठाएका विषयहरूलाई समर्थन गर्दै म केही विषयहरू राख्न चाहन्छु । सर्वप्रथम त्यो किताब रेडबुक अघि धर्मजीले भन्याजस्तो वडा रणनैतिक तरिकाले प्राप्त भयो । त्यसको वेटका कारणले र जाजरकोट जिल्लामा का सन्दर्भमा र जाजरकोट जिल्लाको मेरो निर्वाचन क्षेत्रमा राखिएका योजना र बजेटको अंकका कारणले मैले यहाँसम्म बोकेर ल्याउने ल्याकत मैले राखिन । ल्याउन सकिन, र मैले दुई लाइन टिप्पणी गर्न चाहन्छु । यो मर्यादित संसद हो, यहाँ अर्को मान्छे लगाएर ल्याउनुपर्ने अवस्थाको किताब छ, बोक्ने भरिया यहाँसम्म ल्याउन नपाइने, संसदीय मर्यादाका कारणले म आफू बोक्न नसक्ने, त्यसकारणले त्यो मेरो टेबुलमा छ । हरेक दिन घटनाहरू नयाँ घटिरहेका छन्, २२ गतेदेखि सुरु भएको मन्त्रालयगत छलफलमा, २२ गतेबाट जे शुरु भयो, हरेक दिन संकलित हुँदै, विकसित हुँदै, सप्रिदै, झन राम्रो बन्दै र झनझन विकासमा सन्तुलन हुँदै निर्वाचन क्षेत्रतर्फ उन्मुख हुँदै गइरहेको छ, आजको यो बजेट सन्तुलित रातो किताबका लागि माननीय पूर्वाधार मन्त्रीलाई मैले धन्यवाद दिन चाहन्छु किनभने यति सन्तुलन यति अफ्ठ्यारो संसदलाई पनि ३ दिन गुम्ब्राहमा पारेर बडा अप्ठ्यारो पारेर ल्याउनुभयो । मलाई लाग्थ्यो यति ढिलो गुम्ब्राहमा पार्नुको अर्थ पोहोर साल मैले आफैले गरेको विभेदलाई आफैबाट मैले चाहिने मिलाएर ल्याउछु भनेर सोच्नुभएको थियो होला भन्ने हिसाबले माननीय सांसदहरूले सोच्नुभएको थियो होला, मैले पनि त्यही सोचिरहेको थिएँ । तर त्यो किताब बाहिर रातो भित्र कालो, मान्छे पनि कालो, मन पनि कालो । त्यसकारणले यो पुस्तकका सन्दर्भमा यति भन्न चाहन्छु । हामीले कस्तो खालको विकासको पोहोरसाल अनुभव भएन । पोहोर साल अनुभव भएन भनियौं, हामीले स्वीकारिऊँ पहिलो वर्ष हो । १७ महिना जाँदा कस्तो अनुभव संगालेछौं, त्यले यहाँ बताइरहेको छ, किताबले बोलिरहेको छ, म बोलिरहेको छैन, किताबले भित्र बोलिरहेको छ, त्यसका भाषाले त्यसका शैलीले सबै विषयहरू भनिरहेको छ । त्यसकारणले मैले धेरै विषय वास्तवमा यो पूर्वाधार विकास मन्त्रालयको हाम्रो भौतिक पूर्वाधार विकास मन्त्रालयको सन्दर्भमा मैले धेरै भन्न चाहन्न मन्त्रालयगत सन्तुलन र क्षेत्रगत सन्तुलन कति भो ? म यति मात्र हिसाब गर्न चाहन्छु । मेरो मिनीमाइण्डले धेरै हिसाब गर्न सक्दैन, त्यहाँ धेरै हिसाब छ, त्यो धेरै हिसाब भको हुनाले मैले मेरो एकदम दिमाग सानो छ, मैले त्यो हिसाब गर्न सक्तिन । मैले केही थोरै हिसाब मात्र ल्याएको छु । त्यो धेरै माननीय सांसद र मेरो । मैले हिसाब गरेको छु, निर्वाचन क्षेत्रको हिसाबले त्यही ठम्मरबहादुर बिष्ट त्यही खड्गबहादुर खत्री, माननीय मुख्यमन्त्री महेन्द्रबहादुर शाही, माननीय कुर्मराज शाही । यत्तिको हिसाब निकाल्यो भने कसरी कसरी विन्यास भएछ, यसपालि पनि उहाँहरूले गर्न खोजेको र चोरबाटोबाट कति पैसा राखिएछ, के सिद्धान्तका आधारबाट पैंसा थपिएछ ? हिसाब आफै लगाउनुहोला माननीय सदस्यज्यूहरू । मैले पोहोरसाल एउटा यो

वर्ष वहुवर्षीय गरेको सडकमा मैले १ करोड ४० लाख पैंसा छुट्याएको थिएँ । अहिले २ करोड ७० लाख छ, हड्रेड प्रसेन्ट वृद्धि गरेको हो भने २ करोड ८० लाख हुनुपर्थ्यो । उहाँले छुट्याएको बाटोमा ४ करोड थियो कसरी १३ करोड हुन्छ । ७ करोड थियो र त्यो बाटोमा । पोहोरसाल हामीले हेर्न बिर्स्यौं र ? देखिरहेकै थियौं नि, कस्तो खालको सिद्धान्त हो, ३०० गुना बढ्ने उहाँ सय गुना बढ्ने, हामीले विकासको धारणा, हामीले बनाउने बाटा बाटोको सन्दर्भ धर्मजीले अब कता पुग्ने हो कहाँ पुग्ने हो भनिसक्नु भो । उहाँको क्षेत्रमा सिंचाइतर्फ क्रमागत सिंचाईमा ८ करोड छ, नयाँ सिंचाई २ करोड ६० लाख । यसो गर्दा १० करोड ६० लाख उहाँको निर्वाचन क्षेत्रमा हुन्छ, हिसाब गरिराख्नुस् माननीय मन्त्रीज्यूको नदी नियन्त्रण उहाँले नयाँ १ करोड ८८ लाख राख्नुभाको छ, खानेपानीतर्फ नयाँ ४ करोड ९० लाख छ । क्रमागत ७ करोड १२ लाख थियो, यो १२ करोड २ लाख हुन्छ । सडकतर्फ ५१ करोड, ५ करोड जनता सडक गरी ५६ करोड थियो, ५६ र ५ छँदै थियो यो हिसाब राख्दाखेरि त्यो १३ करोड बनाको हिसाब १३ करोड ५ हजार बनाको ५ लाख बनाको हिसाबले हेर्दाखेरि करिब करिब उहाँको निर्वाचन क्षेत्रमा १ अरब ३५ करोडको हाराहारीमा हिसाब बनाउनु हुन्छ, पर्ला जस्तो लाग्छ मलाई । मैले सन्दर्भ मिलेन, अरु कुनै सन्दर्भमा मैले हिसाब गरेर बताउनेछु, मैले यो दुई घण्टाका मा, यति ठूलो हिसाब गर्न सकिएन, म क्षमा प्रार्थी छु । अर्को बजेट होल्डका हिसाबले यो उत्तरी जलाधार तटबन्धन भनेर ४ करोड राखिएको छ, यस्तो नाम नराखेर जहाँ गर्नुपर्ने हो, त्यही ६ करोड राखेको भए म सहमत हुन्थे, सुर्खेतमा कहाँ छ, उत्तरी जलाधार क्षेत्र ? यो जलाधार क्षेत्रको काम गर्ने उहाँले होइन, भू संरक्षण तथा जलाधार कार्यालयले हो, उहाँले होइन, उहाँले त नदी नियन्त्रणको काम गर्ने हो । जहाँको नदी नियन्त्रण गर्ने हो सुर्खेत राख्नलाई हामी ठूलो कुरा केही पनि छैन । सुर्खेत उपत्यका परारसाल ०७१ सालको बाढीले ग्रसित पनि छ, बनाउनुपर्छ । यही चिज राखेर किन नराख्ने ? किन नराखेको ? जहाँ बनाउनुपर्ने हो १० करोड राखे हुँदैन ? त्यसकारणले यो लुकाउने प्रवृत्ति यसपालि पनि जारी रह्यो । यो कहिलेसम्म जारी रहन्छ ? हामी समृद्ध कर्णालीको सपना देख्छौं । भन्दाखेरि समृद्ध कर्णालीको नारा भन्छौं । तर काम गर्दाखेरि विन्यास गर्ने ठाउँमा हाम्रा ठाडुपन्याहरू हाम्रा मनहरू, कताबाट परिचालित हुन्छन्, अगाडि बढ्छन्, त्यो हिसाबले माननीय मन्त्रीज्यूलाई यो जिज्ञासा राख्नु चाहन्छु । अब यो सन्तुलनका हिसाबले मैले अघि जे भने, मेरोमा सिंचाईतर्फ १ करोड ४५ लाख छ, नदी नियन्त्रणमा १ करोड छ, खानेपानीतर्फ १ करोड छ, तर समस्या के भएछ, एउटा उल्लु भन्ने चरो हुन्छ, त्यले दिउँस देख्दैन, त्यले राति मात्र देख्ने, एउटा अर्को चरोले दिउँस मात्र देख्ने । अब दुईटाको भेट कतिबेला हुने भन्दा झिसमिसेमा उले देख्नेबेला, उले आँखा खोल्ने उले सुताउने बेला झिसमिसेमा झिमझिम हुने भो, त्यस्तोबेला यो चाहिँ मेरो निर्वाचन क्षेत्रको यो बजेट । कम भयो भन्ने हिसाब होइन, पोहोर साल खानेपानीमा ८ वटा योजना थिए, कुनै पनि योजना सम्पन्न भाका छैनन् । तपाईंका कर्मचारी तपाईंका इकाइमा के भाँगो खान्छन् कि के खान्छन् के हिसाब गरेको ? सम्पन्न नभएका योजना यो उसमा राख्नुपर्दैन ? ४ वटा योजना हटाएर ४ वटा पुराना योजना राख्दिने ? तटबन्धनमा पनि पोहोर सालकै ४ वटा राख्दिने ? खानेपानीमा पनि पुरानै राख्ने ? थोरै राखेकोमा केही छैन । तपाईंको आँखा त्यस्तै छ, थोरै राख्न चाहनुहुन्छ । यदि तपाईंहरूलाई समस्या थियो, म कर्मचारी मित्रहरूलाई पनि भन्न चाहन्छु, देख्ने समस्या थियो भने मोतियाविन्दुको अप्रेशन गरेर आउनका लागि उपचार गर्नका लागि मैले पैंसा हाल्दिन्थें, मेरो तलबबाट । यस्तो पनि बेढंगको बजेट ल्याउने ? पोहोरसालका कार्यक्रमहरू अहिले साटदिने ? नयाँ कुनै इन्ट्री नै नगर्ने ? तपाईंलाई लाज लाग्दैन ? ५१ वटा आफ्नो जिल्लाका जाइने के भन्छ, क्षेत्रका जिल्लाका जाइने इन्ट्री गर्दाखेरि एउटा जाजरकोटका इन्ट्री गर्न सक्दैन योजना ? ५६ वटा दैलेखमा इन्ट्री हुँदा जाजरकोटमा ४ वटा पुराना त्यो पनि के भन्छ, ४ वटा अरु हटाइदिएर राख्ने हो ? यद्यपि पैंसा त थोरै छ, त्यो संख्या मात्र धेरै छ, त्यहाँ अर्को तरिकाले उल्लू बनाउन

खोजिएको छ । देखेकै छौं, अंकका हिसाबले । त्यसकारणले यो तरिकाको हामीले काम गर्ने, बजेट विन्यास गर्ने, जे काम गर्दैछौं । मैले त सजिलोका लागि सफ्टकपी नै त्यॉं छोडेर आको थिएँ । मैले १० वटा खानेपानीमा, ८ वटा नदी नियन्त्रणमा यस्तै लेखेर दिएको थिएँ । यसैले मैले के भन्न चाहन्छु, भन्दा मेरो लेटरप्याडको जे बेजेत भयो, माननीय मन्त्रीज्यूले बिहानै सबेरै ल्याएर एउटाले मलाई भरपाई पनि गराको छ, भोलि बिहान सबेरै त्यही टाइममा, त्यही कर्मचारीलाई, त्यही गाडी पठाएर, मैले सचिवज्यूलाई पनि भन्न चाहन्छु, मेरो त्यो लेटरप्याडमा लेखिएका योजनाहरूको बुक २ लाइन छ, त्यो जसरी पनि फिर्ता, सरासर फिर्ता र तपाईहरूको किताबको मूल्य लिएर जानको लागि मैले अनुरोध गर्न चाहन्छु । यो कुनै काइदा हो ? हामी सांसदहरूलाई जहिले पनि गुम्राहमा पार्ने ? के गर्न खोजिएको हो ? म त भन्न चाहन्छु, ती तिनटा शीर्षकका योजनाहरू अब जनता सडक निर्वाचन क्षेत्रमा टिकिएको ठाउँ हो त्यो फिर्ता गर्न मिल्दैन । उहाँले सक्नु पनि हुन्न । त्यलाई कानून संशोधन गर्नुपर्ने होला । बजेट वक्तव्य संशोधन गर्नुपर्ने होला । अरु विषयहरू क्षेत्र तोकिएका छैनन्, माननीय मन्त्रीज्यू पुग्याछैन भने म तीनैवटा शीर्षकका करिब करिब ३ करोड समथिङ्ग केही लाख हुन्छ, पुग्दैन भने तपाईंका निर्वाचन क्षेत्रमा मैले यहाँ मञ्चबाटै भने लैजानका लागि मैले अनुरोध गर्न चाहन्छु । मलाई चाहिया छैन, यस्तो खालको एउटा जनप्रतिनिधिले यो भन्दा लज्जाबोध के गर्न सक्छ ? पोहोरसालका योजना राख्दियाछ, त्यो पनि एकदम ठूलो टर्च खोलेर हेर्न पर्ने, कहिँ कहिँ एकदम भयंकर खोज्दाखेरि बल्ल बल्ल कहिँ जाजरकोटा भेटिने । जाजरकोटप्रतिको पूर्वाग्रह के हो ? तपाईंकहाँ खोला छैनन्, नदी छैनन्, गर्नुपर्ने छैन भनेर तपाईंहरूले सर्वे गरिसकेको हो भने मैले छोड्दिन्छु । कोही बात छैन, लिइँदैन । हामीकहाँ खोलै छैनन्, किन तटबन्ध गर्ने ? हामीकहाँ खेतै छैनन्, खोलाले बगाउँदै बगाउँदैन हामी किन लिन्छौं त ? हामी पालिनका लागि वा कुनै अरु तरकारी खेती गर्नका लागि बार हाल्नका लागि लिने होइन । त्यहाँ पनि खोला छन्, नाला छन्, त्यहाँ खेत छ, कृषियोग्य जुन भूमि छ, त्यसकारणले त्यसको तटबन्धन गर्ने होला । त्यसकारणले मैले यति कुरा वास्तवमा माननीय मन्त्रीज्यूलाई भन्न चाहन्छु, र मेरो क्षेत्रको कुरा भन्नुपर्दा फिर्ता लैजानलाई फेरि पनि अनुरोध गर्न छाहन्छु । यो लज्जाबोध वास्तवमा यो खालको मान्छेलाई को पिडा फेरि दोहोर्याउने गरी जे आइरहेका छन्, भोलि पनि यसरी आइरहनेछन्, आउँछने होला । तर हामी सुध्रिने कहिले ? हामी सधैं उही भोगमरीवाला, हामी भोकमरीवाला माग्ने, तपाईं महाभोगकमरीवाला दिनै नचाहने, घुमाइघुमाइ थला पार्ने । यो प्रवृत्तिको अन्त्य गर्नका लागि अनुरोध गर्न चाहन्छु, माननीय सभामुख महोदय धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री विरबहादुर शाही । यसपछि माननीय श्री पद्मा खड्का तयार रहनुहोला ।

**माननीय श्री विरबहादुर शाहीः** सभामुख महोदय, ०७६/०७७ को यो भौतिक पूर्वाधार विकासको बजेट छ..बजेटमा छलफल गर्दा यो मन्त्रालय अत्यन्तै महत्वपूर्ण मन्त्रालय हो र यसमा खानेपानी सिंचाई लगायतका सडकको महत्वपूर्ण आज यो किताबमा छलफल गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ र मैले यो किताब धेरै हेर्न त पाएको छैन, तैपनि सरसर्ती हेर्दा अन्तरप्रदेश भनेको छ, के डोल्पामा अन्तरप्रदेश पर्दैन, एउटा पनि यहाँ लेखेको छैन, डोल्पा त अन्तराष्ट्र पनि पर्छ, डोल्पा त तिब्बत छुएको जिल्ला पनि पर्छ । र अन्तर जिल्ला भनेको छ, एउटा जिल्ला, एउटा पनि यो किताबमा समेटेको छैन र एउटा म कर्णाली प्रदेश भौतिक पूर्वाधार मन्त्रीलाई मैले धन्यवाद दिन चाहन्छु । एउटा एकदमै चाहिँ मैले हेर्नुहोला साथीहरू, एउटा सिचाईंमा पाँच लाख रुपैयाँ परेको छ, डोल्पामा पाँच लाखले सिंचाई कुन ठाउँमा बन्छ ? अलिकता तपाईंले पनि शरम मान्नु पर्नै हो । यो हिजोको चाहिँ परम्परामा चाइँ साविक कर्णालीका बुरापाकाहरूले तामा गाग्रामा पानी बोक्थे, त्यही हो कि सिंचाई । त्यो मैले बुझ्न सकेन । यो मन्त्रालयलाई अनुरोध गर्न चाहन्छु, यो उपभोक्ता नकाट्दिनुहोला यलाई टेण्डर गराइदिनुहोला । टेण्डर के

सबैले देख्छन् होला यो चाहिँ केरे बन्छ कि उपभोक्ताले पाँचलाखले सिंचाइ बन्न सक्दैन । अनि जलविद्युतमा एउटा पनि परेको छैन, मैले बिहान बुझ्दामा यो हैन, यहाँ डोल्पामा केन्द्रीय लाइन पुगेको छैन, भन्ने कुरो भो । दुनै सदरमुकामबाट त्रिपुराकोटसम्म केन्द्रिय लाइनको खाँबा जोडिसक्या छ, यो प्रदेशले किन किताब आएको छैन, डेण्डर खोलेर तपाईंको १५ किलोमिटर तल सम्म आइसक्याछ, केन्द्रीय लाइन चाहिँ को पोल गाडिसकेको छ, अनि यो किताबमा केन्द्रीय लाइन परेको छैन, तपाईहरूको राख्न सकिएन, भन्ने कुरो छ । यो मैले त केही बुझ्न सकेन, पोचको आधारले हो कि, अब चाहिँ भोटको आधारले हो कि । मैले यो बुझ्न सकेन । यो कर्णाली र भेरी करिडोर चाहिँ के यो कर्णाली प्रदेशको भूमिमा पर्दैन होला । एउटा कमसेकम यो चाहिँ सडक त डोल्पामा सडक खण्डले छोएको त कुनै पनि पुगेको छैन, संघीय सरकारलाई सम्बोधन गर्ने गरी किताबमा ल्याउन त सकिन्थ्यो होला । कर..यो कर्णाली करिडोर हुम्लामा लाए पनि केही न केही यसको समाधान गर्न सकिन्थ्यो होला । कमसेकममा हामी तिनी निर्वाचन क्षेत्रबाट आको माननीयहरूलाई हामीले भोटको अनुभव छ, त्यहाँको बाटोको अनुभव छ, त्यहाँको खानेपानीको अनुभव होला । हाम्रो उ भन्दा ठ्याक्कै उल्टो भएको छ, योजनाहरू । यो कसरी चाहिँ विकास गर्ने हो ? कसरी चाहिँ समृद्धि कर्णाली सुखी कर्णाली बन्छ ? हामीले सोचेको भन्दा उल्टो बाटो जाँदैछ, हिजो हामी नीति कार्यक्रममा चाहिँ १ करोड भन्दा मुनि तलतिरको नगर्ने भौतिक पूर्वाधारको । ठीक छ, कृषि, सामाजिक मन्त्रालयमा तला आएको यसमा चाहिँ पाँच लाखसम्म जान परेको तल । हो गत सालको भन्दा बिचौलीयाको चाहिँ कुनै योजना परेको छैन, उहाँ मन्त्रीलाई धन्यवाद दिन चाहन्छु । बिचौलियाको चाहिँ हामीले मैले समानुपातिक माननीय हाम्रो पदम भाइलाई पनि सोधे तपाईंको हो कि हाम्रो हामीले कुनै पनि बाहिरबाट योजना आएको छैन, धन्यवाद दिन चाहन्छौं । तर कमसेकममा चाहिँ भूगोलको हिसाबले अन्तरप्रदेश जोड्ने बाटो सडक मैले एउटा एउटा सडक दियाछु, अन्तरजिल्ला जोड्ने एउटा सडक दिइएको छ, कुनै पनि सम्बोधन भएको छैन । अब मटेरबल पुल ...लो हाइड्रोपावर भनेर मैले मन्त्रीज्यूलाई निवेदन दिंदाखेरीमा तपाईं किटविनी मोटरेबल पुल दिएको छु, उहाँले मोटरेबल अर्को ठाउँमा राखिदिनुभएको छ । अब त्रिवेणी हाइड्रोबाँध बन. हामीले मुख्यत कर्णालीको चाहिँ क.हैं..रेगुलर हाइड्रोपावरलाई नै अगाडि बढाउनको लागि मैले त्यसमै जोड दिएको छु र मैले दुईटा मोटरेबल पुल अहिले तत्काल चाहियो । दुइटा पटक दिइसकेपछि हाम्रो डेख्दुलाको आइड्रोपावर नरखुबाट साविकको नौखुबाट सुरुवात हुन्छ भन्ने मैले अनुरोध गरेको थिएँ । हामीले डोल्पा साविक कर्णालीका जनताहरूले आशा पनि गरेका थिए कि यो संघ संघीय संरचनाभन्दा पहिला चाहि साविक कर्णाली ठगिएको छ, अहिले कर्णाली प्रदेशले मुख्यमन्त्री पनि त्यही साविक कर्णालीले पाएको छ, लगायत ४ जना मन्त्री साविक कर्णालीले पाएको छ, र अब साविक कर्णाली केही विकास हुन्छ । भने त्यो आशा अपेक्षा गरेको थिए, त्यसको विपरीत देखिएको छ । आफ्नो निर्वाचन क्षेत्र, आफ्नो गाउँपालिकामा मात्रै केन्द्रित भएर यो कर्णाली प्रदेश कसरी अगाडि बढ्छ ? हामीले पनि व्यक्तिगत हिसाबले त हामीले मैले त सुरुमा चाहिँ डेक्दुला हाइड्रोपावर त्रिवेणीबाट काइगाउँ भनेर निवेदनमा त्यही छ, अहिले फेरि डेख्दुला भालु आको छ । यो डेक्दुला भालु अर्को सांसद त्यो निर्माण व्यवसायी तथा को बस्छ त्यहाँ, बारम्बार भनिराछु, डेक्दुला, त्रिवेणी छोर्दी कालीका लँ डेक्दुला भनिया छ, तर यो किताबमा भालु आको छ फेरि, जुम्ला भालु । ए अर्को डेक्दुला भालु हाइडोपावर जुम्लामा छ कि । त्यो बुझ्न मैले सकेन । अब बहुवर्षीयबाट १ करोडबाट वहुवर्षीय ग्याप १३ करोडसम्म लिइएको छ, ठ्याक्कै म नाम त नभनु जिल्लै त नतोकु, अब हाम्रो बहुवर्षीयमा गत साल ३,५ करोडको टेण्डर भएको छ, त्यसको सम्झौता भएको छैन । अहिले ३ करोड ७ लाख मात्रै आएको छ । बहुवर्षीय भनेको त, अब त्यसभन्दा डबल भइजान पर्छ र यति नभए त्यो बराबरको पैंसा जानुपर्ने हो, अलि घटेको आको छ या टेण्डर भएर काम सिद्धिया हो कि मैले नबुझ्या पनि हुन सक्छु । बहुवर्षीय भनेको त तपाईंको हाम्रो

लगभग तपाईंको १५ २० किलोमिटर १० किलोमिटर त रहकै छ, दशौंकरोड बीसौं करोड नभयासम्म त्यो डेक्दुला हाइडोपावर काम गराउन सकिन्न । एउटा भूगोलको हिसाबले पनि क्षेत्रको हिसाबले पनि बजेट विनियोजन गराउन मन्त्रीहरूले ध्यान दिनुपर्ने हो । यसमा ध्यान दिन सक्नुभएन । अब यो किताबलाई केही संशोधन गर्न सकिन्छ भने पछि यो संशोधन गरेर ल्याउन म आग्रह गर्दै मेरो भनाई यही राख्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री पद्मा खड्का । यसपछि माननीय श्री दान सिं परियार तयार तयार रहनुहोला ।

**माननीय श्री पद्मा खड्काः** सभामुख महोदय, सर्वप्रथम मैले यो सम्मानित सदनमा मैले पहिलो एउटा, एउटा विषय राख्न चाहन्छु । आपत्ति जनाउन चाहन्छु । माननीय हिमबहादुर शाहीले जुन यहाँ विषय बोल्नुभाको छ, मन्त्रीज्यूहरूलाई बोक्सी भएपछि झाँक्री ल्याउने कुरा जुन राख्नु भो, एउटा गम्भीर विषय छ । यो एउटा गम्भीर शब्द छ, यसका लागि म आपत्ति जनाउछु र वहाँले भन्नुभएको जुन बोक्सी शब्द मन्त्रीहरूलाई इंकित गरेर भन्नुभएको छ र यो शब्दप्रति हाम्रो आपत्ति छ, र यो शब्दलाई यस गरिमामय सदनको रेकर्डबाट हटाउनको लागि म माग गर्न चाहन्छु । सभामुख महोदय, हामी २०७६/०७७ को बजेट वक्तव्यमाथि विषयगत मन्त्रालयको छलफलमा आज महत्वपूर्ण यो कर्णालीको जुन खालको हामीले विकासको सपना देखिरहेका छौं, त्यो धेरै प्रतिशत विकासको एउटा गोरेटो निर्माण गर्ने मन्त्रालय भौतिक विकास, भौतिक पूर्वाधार विकास मन्त्रालयको छलफलमा भाग लिइरहँदा धेरै महत्वपूर्ण सल्लाहसुझावहरू पूर्ववक्ता माननीयज्यूहरूले राखिसक्नुभाको छ, त्यलाई म दोहोर्याउन चाहँदैन । र मैले सर्वप्रथम माननीय मन्त्रीज्यू, भौतिक पूर्वाधार मन्त्रालय र म सुर्खेतको पनि जनप्रतिनिधि भएको कारणले यो गरिमामय सदनमा सुर्खेतका विभिन्न सामुहिक समस्याहरूलाई हामीले सुर्खेतका जनप्रतिनिधि मात्र नभइकन सिंगो कर्णालीका जनप्रतिनिधिहरूले पनि राजधानीका लागि विशेष आवाजहरू उठाउनुभएको थियो, आज त्यो आवाजले केही सम्बोधन पाएको छ, त्यसका लागि म माननीय मन्त्रीज्यू र सम्बन्धित मन्त्रालयलाई हार्दिक धन्यवाद दिन चाहन्छु । धन्यवाद सँगै यो बजेटलाई कार्यान्वयनमा लैजाने कुरा एकदमै समय सापेक्ष छिटो कार्यान्वयनका लागि पनि मैले सुझाव दिन चाहन्छु र आज हामीले जतिपनि यहाँ कुरा उठाइरहेका छौं, विकासको मोडेलका कुरा गरिरहेका छौं, आज हामीसँग नजिकै रहेको, रहेको अन्तर्राष्ट्रिय सम्बन्ध जो इण्डिया हाम्रो छिमेकी भारत, भारतको हामले गुजरातबाट एउटा विकासको मोडेल शुरुवात गरेर आज भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले जुन खालको एक कार्यकाल विताएर पनि अर्को कार्यकालमा उहाँ जुन परिस्थितिले अहिले फेरि पुनः सरकारमा जानुभाको छ, र जुनखालको विकासको एउटा गुजराती मोडेलले उहाँले सिंगो भारतलाई आज त्यो स्थानमा पुर्याउन सफल हुनुभाको छ, र आज नजिकै रहेको नेपालको अवस्था हेर्दा त्यसमा पनि कर्णालीको अवस्था हेर्दा, कर्णालीले पनि सिंगो नेपाललाई चिनाउने र सिंगो यो प्रदेशहरूलाई चिनाउने कर्णाली मोडेल के हो ? भन्ने कुरा आज हामीले बुझिरहेका छैनौं, आज हामीले त्यतातिरका गोरेटाहरू कोर्न अझैं सकिरहेका छैनौं, आज हामी सबै मन्त्रालयगत योजनाहरू आउँदा आज हामी फेरि सानातिना योजनाहरूमा अलमलिएका, आज हामी ती सानातिना योजनाहरूमा बजेटलाई बाँडफाँड गरिरहेको अवस्था देख्दा हाम्रो यो विकासको गोरेटो कता जाँदैछ, भन्ने कुरा चित्रण देखिन्छ यहाँ । र मैले सुर्खेतकै कुरा गरिरहँदा प्रदेशका राजधानीका सडकहरूको निरन्तरता जो काम सम्पन्न अधुरो छ, भर्खर सुरुवात भएको छ, निरन्तरतामा राख्नुभको छ, यसका लागि पनि म धन्यवाद दिन चाहन्छु । र नयाँ बन्ने जुन २५ वटा फेरि सवारी सडकहरू आका छन्, एकदमै यी सडकले पनि राजधानीलाई सुन्दर बनाउनेछ, राजधानीलाई व्यवस्थित गराउनेछ, बजेट केही तलमाथि होला । बजेटको केही अपुगता होला त्यसमा पनि

मन्त्रीजीको ध्यानाकर्षण हुनेछ र यो राजधानीलाई अझ विशेष ध्यानाकर्षण हुनेछ, भन्ने कुरा मैले यहाँ राख्न चाहन्छु । र यसैगरी वीरेन्द्रनगरको साइकिल ट्र्याकको लागि २ करोड पनि छुट्याइएको छ, नीति तथा कार्यक्रममा आएर नै होला, नीतिमा टेकेरै होला तर अहिले हामीले सडकका पूर्वाधारहरू बनाइसकेको अवस्था छैन, सडकहरू बनाउनु पर्ने हाम्रो धेरै जिम्मेवारी छ, धेरै सडकहरू अलपत्र अवस्थामा छन्, अहिले साइकिलको ट्र्याकको लागि हामीले त्यो बजेट नछुट्याएर सडकको लागि हामीले राख्दा अझ यले उपयुक्त बाटो निर्माण गर्दछ भन्ने कुरा म सुझाव दिन चाहन्छु । र यसैगरी राजधानीको वीरेन्द्रनगर, जुन चक्रपथको विषयले दिनानुदिन हामीले यही सदनमा पनि बोल्नुपर्ने र मन्त्रीहरूले जवाफ दिंदा चक्रपथ त हाम्रो होइन संघीय सरकारको हो भन्न पर्ने, र तल आमनागरिकले जुन दुःख पाइरहेका छन्, चक्रपथ भन्ने स्थानीय सरकारले पनि बजेट नहाल्ने, प्रदेश सरकारले पनि बजेट नहाल्ने र संघीय सरकारले बजेट कसबेला हाल्ने भने जेठको अन्तिम सातामा टेण्डर हुने असारको महिनामा काहिँ १ किलोमिटर काम पनि भाछैन, काहिँ चाहिँ ५ सय मिटर अनि चाहिँ त्यहाँका जनताले दुःख मात्रै पाउने । र यसलाई अहिले प्रदेश सरकारले जुन बजेट राख्नुभाको छ, यो समन्वय गरेर राख्नुभाको होला भन्ने मैले बुझिरहेको छु । यलाई छिटोभन्दा छिटो यो भ्यालीलाई सुन्दरता यो राजधानीलाई सुन्दरता, हामीले यो चक्रपथलाई निर्माण गर्न सकियौं भने यसको महत्व धेरै बढ्नेछ, यसका लागि पनि म धन्यवाद दिन चाहन्छु । र खानपानी र सिंचाईको कुरा गरिरहँदा मैले अघि पनि भनिसकेको छु, उपत्यकाको एउटै खानेपानी त्यसैमा हाम्रो जोड छ, र फेरि छरछिटयान भएर हामीले अरु योजना होइन, यही योजनालाई सबै बजेट केन्द्रित गर्न पर्छ भनेर हामीले पटक पटक भनिरहेका छौं र फेरि पनि मन्त्रीज्यूलाई सुझाव अन्यत्र ठाउँमा फेरि बजेट होइन, एकै ठाउँमा बजेट केन्द्रित गरेर यो योजना सफल र छिटोभन्दा छिटो सम्पन्न गर्नका लागि तपाईंको ध्यान जानेछ भन्ने कुरा म यहाँ राख्न चाहन्छु । र मैले पटक पटक उत्तरी जलाधारको कुरा उठिरहँदा मैले यस गरिमामय सदनमा मैले एउटा कुरा भन्न चाहन्छु । सभामुखज्यू, उत्तरी जलाधार भनेको सुर्खेत उपत्यकाको दक्षिणतिरका जुन पहाडहरूछन् ती पहाडहरूबाट बग्ने तीनवटा जुन खोला छन्, ती खोलाले २०७१ को बाढीमा सुर्खेतको अवस्था चित्रण गरिसकेका छन् । ती खोलालाई व्यवस्थित गर्नको लागि ती खोलाहरूलाई अतिक्रमण गर्नबाट जोगाउनका लागि विभिन्न यसका बहुआयामिक हामीले त्यसका विषयहरूलाई त्यहाँ जोडिरहेका छौं, त्यसकारणले पनि यो बजेट अझैं अपुग भएको भन्न म चाहन्छु, यसलाई हामीले व्यवस्थित गर्न सक्यौं भने यो राजधानीको सुन्दरता यसले पनि झल्काउनेछ, भन्ने कुरा म यहाँ राख्न चाहन्छु । र यसैगरी हामीले जति पनि बजेटका योजनाहरू कुरा गरिरहँदा सुर्खेतका अन्य निर्वाचन क्षेत्रका योजनाहरू जसरी यहाँ बजेटमा आइरहेका छन्, सबै सुर्खेत जिल्लाको मैले सरर्र हेर्दाखेरि सुर्खेतमा आएको बजेट सुर्खेतमा जुन राखिएका बजेटका शीर्षकहरूले र हामीले मैले अघि पनि उदाहरणको रूपमा भनीसकें, कि एउटा गाउँबाट, एउटा शहरबाट हामीले विकासलाई सुरुवात गरौं र यसलाई व्यवस्थित गर्दै जाऔं, पक्कै पनि १० वटा जिल्ला यसको नमुना हुनेछ यसको सिकाई हुनेछ, यसलाई नै मोडेल मानेर अगाडि बढ्नेछौं र यो कर्णालीको मुहार फेरिने छ भन्दै अन्तमा पुनः यस बजेटका लागि र यो राजधानीलाई छिटोभन्दा छिटो यो राजधानीले सुन्दरता सबै जिल्लामा छर्ने गरी विकासको एउटा गोरेटोलाई कार्यान्वयनमा अगाडि बढाउने कुरा म चाहिँ एकदमै ध्यान दिंदै, सुझाव दिंदै, मन्त्रीज्यूलाई एकदम धन्यवाद दिंदै आफ्ना भनाई यही अन्त्य गर्छु धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री दान सिंह परियार । यसपछि माननीय श्री पदमबहादुर रोकाया तयार रहनुहोला ।

**माननीय श्री दान सिंह परियारः** सभामुख महोदय, सर्वप्रथम त म आज भौतिक पूर्वाधार विकास मन्त्रालयको वार्षिक विकास कार्यक्रममा म आफ्नो धारणा राख्नको निमित्त संसदमा उपस्थित भएको छु । र मैले जहिले पनि आफूलाई एउटा राजनीतिज्ञको रूपमा बुझ्थैं । आज प्रमुख प्रतिपक्ष दलको नेताले एउटा कविता भनेपछि म पनि अब साहित्यतिर जान्छु कि भन्ने अलिकति मलाई चिन्ता लाइराख्याछ । किनभने हामीले राजनीतिक जीवनमा धेरै चुनौतिहरूका वावजुत पनि सामाजिक रुपान्तरणको एउटा महान अभियानमा लाग्छौं, र कमसेकम राष्ट्रको नेतृत्व गर्न नसकेपनि प्रदेशको नेतृत्व गर्न नसकेपनि आफ्नो जिल्लाको नेतृत्व गर्छौं र जिल्लाको समग्र रुपान्तरणको निमित्त आफ्नो जीवन चाहिँ पार्टी संगठन र तपाईंको चाहिँ सामाजिक रुपान्तरणमा बलिदानी गर्छु भन्ने उद्देश्यका साथ एकदमै सानो उमेर ताकि देशैभरि मैले भन्छु तपाईंको कुनै समुदायबाट संघर्ष गर्दैन र अहिले संघर्षबाट सायद देशैभरिको तपाईंको चाहिँ सबैभन्दा कान्छो प्रत्येक्ष निर्वाचित सांसद म हो । तर मलाई लाग्छ आज संसदमा म बोलिरहँदा कैयौं मान्छेहरूले मलाई प्रतिक्रिया दिइराख्याछन्, कैयौं युवाहरूले प्रतिक्रिया दिइराख्याछन्, कैयौं उत्पिडित समुदायका मान्छेले मलाई प्रतिक्रिया दिइराख्याछन्, कैयौं पार्टीका जिल्लास्तरका बौद्धिक नेतृत्वहरूले प्रश्न गरिराख्याछन् कि आज तिमीहरूले संसदमा के कुरा राखिराख्याछौं । जनताको आवाज त्यहाँ पुर्याउन सक्याछौं कि छैनौं भन्ने कुरा पहिलो क्वेशन गरिराख्याछन् । हामीले भनेका छौं, मानव विकास सूचकांकमा सबैभन्दा पछाडि परेको जिल्ला हिजोको ७५ जिल्लामा सबैभन्दा पछाडि परेको, १ नम्बर पछाडि परेको जिल्ला कहाँ हो ? त्यो मुगु जिल्ला हो र आज दैत, पहिलो पटक हामीले संघीयताको अभ्यास गयौं, केन्द्रीकृत शासन व्यवस्थाको कारणले गर्दा कर्णाली पछाडि पर्यो भनेर यसका विरुद्धमा ठूलो बलिदानी पनि भयो । कैयौं आन्दोलनमा म आफै पनि उपस्थित जनआन्दोलनमा करिब ५ दिन जेल बसेको छु म । तर अहिले संघीयता प्राप्त गरिसकेपछि पनि एउटा नयाँ शासन व्यवस्थाको अभ्यास गरिरहँदा पनि चाहिँ शासन व्यवस्था के देखिन्छ भने एकातिर हामीले कम्यूनिष्ट सरकार भनेजस्तो अर्कोतिर चिन्तन र चेतना तपाईंको चाहिँ कार्यशैली हेर्दा नितान्त बुर्जुवा, नितान्त पुरातनवादी, नितान्त यथास्थितिवादी, र नितान्त तपाईंको चाहिँ पश्चगामि सोचका साथ हामीले हाम्रा नीति तथा कार्यक्रम तय गरिराख्याछौं । त्यो देख्छु मैले त चाहिँ । त्यसो भएको मैले यो कुरा धेरै पछिका धेरै संसदमा पनि कुरा राख्छु तर अहिले मैले एउटा भौतिक पूर्वाधार विकास मन्त्रालयको वार्षिक विकास कार्यक्रममा मैले केही कुरा राख्न चाहन्छु मैले । यहाँ धेरै माननीयज्यूहरूले कुरा राखिसक्नुभाछ यहाँ, धेरै कुरा प्रष्ट गरिसक्नु भाछ कि सायद अहिले देशभरिका ७ वटा चाहिँ प्रदेशको सबैभन्दा नाटक कहाँ भइराख्याछ ? कर्णाली प्रदेशमा भइराख्या छ । यो जस्तो लज्जास्पद त सायद विश्वको काहिँकतै पनि छैन जस्तो लाग्छ मलाई । यहाँ कुनै नैतिकता छैन यहाँ । राजनीतिमा के भन्छ भने उच्च नैतिकवान मान्छेले गर्ने पेशा राजनीति हो । तर देख्छु मैले, नितान्त नैतिक हिनहरू, नितान्त चरित्रहिनहरू, नितान्त भ्रष्टहरू, नितान्त कमिशनखोरहरू आज कम्यूनिष्ट सरकार र सत्ताको नेतृत्व गर्दैछन् । जनतालाई हामीले उत्तर दिने ठाउँ छैन । कुनै मिडियामा हामीले उत्तर दिने ठाउँ छैन । फेरि जनस्तरमा गएर त्यस जनताका भोट माग्ने कुनै ठाउँ छैन । त्यसो भकोले यस्ता चिन्तन देख्दा कहिलेकाहिँ लाग्छ आफूलाई लाज लाग्छ, समामुख महोदय । कहिलेकाहिँ लाग्छ आफ्नो सिर्जनशील समय कहिले गलत ठाउँमा त मैले लगानी गरिराख्याछैन । कहिले आफ्नो सिर्जनशील समय सामाजिक रुपान्तरणको अभियानमा लाग्दा कहिले पश्चगामी त हुने हैन, भन्ने कुरा सोचिराख्याछु मैले । त्यसो भकोले मैले धेरै कुरा गर्दिन मैले, केही विषयगत कुरामा मैले कुरा राख्न चाहन्छु मैले । पहिलो कुरा म यहाँ के राख्छु, हामीले भनेका छौं, शिक्षा स्वास्थ्य उपात्पादन र रोजगार यसका निमित्त पूर्वाधार यी यो कर्णाली प्रदेशको प्रमुख नारा हुनेछ भनेर हामीले तय गयौं । आज मानवीय पूँजीको विकास जसरी भइराख्याछ, त्यसमा आधा हिस्साको हैसियत चाहिँ भौतिक पूर्वाधारले राख्छ भन्ने कुरा चाहिँ अहिलेको विश्व परिवेशले

त्यो भन्छ । तर अहिले यहाँ हामीले देखे मैले केही शीर्षकमा हेरे मैले । बजेट विनियोजनको केही शीर्षकमा हेरे मैले । पहिलो शीर्षक यहाँ मैले हेरें, अहिले यहाँ जत्ति पनि छलफल भयो, हामीले नीतिमा १ करोडभन्दा चाहिँ मुनिका योजना नल्याउने भनेर हामीले छलफल गयौं तर यहाँ पाँचलाख सम्मको योजना भौतिक पूर्वाधार मन्त्रालयमै छ । नीतिसँग कार्यक्रम समायोजन हुँदैन भने त्यो नीति बनाउनुको कुनै अर्थ छैन । पहिलो मेरो क्वेशन यो छ तपाईको चाहिँ । हामीले नीतिलाई जोडेनौं, नीतिभन्दा बाहिर गयौं हामी, नीतिभन्दा बाहिरको चाहिँ योजना बनायौं । अरु मन्त्रालयले नसके पनि कमसेकम भौतिक पूर्वाधार मन्त्रालयले १ करोडभन्दा माथिको योजनालाई तपाई प्राथमिकता दिनुपर्थ्यो । यहाँनेर पहिला हामी चुक्याछौं । यो कुरा सुधार्न चाहिँ अपिल गर्छु पहिलो कुरा । दोस्रो कुरा ग्रामीण विद्युतीकरणको चाहिँ यहाँ ल्याइएको छ शीर्षक सायद मुगु जिल्ला ८० प्रसेन्ट मान्छेहरू तपाईंको चाहिँ विद्युतबाट विहिन मान्छेहरूको चाहि क्षेत्र हो । यहाँ ग्रामीण विद्युतीकरणमा करिब ७ वटा शीर्षकमा चाहि बजेट ल्याइएको छ, मुगु जिल्ला शून्य बनाइएको छ । मेरो पहिलो प्रश्न यो हो, ८० प्रसेन्ट मुगाली जनताहरू अहिले पनि उज्यालो देख्न पाइराख्या छैनन् । ग्रामीण विद्युतीकरणको शीर्षकले ० पनि मुगु जिल्लालाई छोएको छैन, पहिलो यो किन भयो ? यो म पहिलो क्वेशन गर्न चाहन्छु म । दोस्रो कुरा रणनीतिक सडकमा, रणनीतिक सडकमा पनि तपाईंको केही एउटा सडकलाई मात्र प्राथमिकता दिइएको छ, गत वर्ष मैले दुईवटा सडकको प्राथमिकता दिइएको थिएँ, त्यसमा शून्य बनाइएको छ, अहिले यो वर्षको रणनीतिक सडकमा मेरो निर्वाचन क्षेत्रलाई चाहिँ शून्य बनाइएको छ । यो कुरा पनि राख्न चाहन्छु मैले यहाँ । अर्को कुरा अहिले मैले बारम्बार भनिराख्याछु तपाईहरू चाहिँ कर्णाली प्रदेशको समृद्धिको एउटै सडक भनेको नाक्चे नाग्ला सडक हो, त्योभन्दा अर्को कुनै सडक छैन यहाँ । जसले जसरी व्याख्या गरेपनि, आज हामीले कर्णाली करिडोरको कुरा गरौं, या तपाईको चाहिँ भेरी करिडोरको कुरा गरौं, सबैभन्दा उत्तरका बाह्रवटा नाकामा सबैभन्दा छोटो सडक चाहिँ गमगढी नाक्चेनाग्ला सडक हो । एक वर्षभित्र कम्पीलिट गरेर हामीले तपाईंको चाहिँ उत्तरका कैयौं सामानहरू चाहिँ १ वर्षभित्र हामी सुर्खेत ल्याउन सक्थ्यौं । न केन्द्रीय सरकारले गमगढी नाक्चेनाग्ला सडकलाई लगेर सम्बोधन गरेको छ, न अहिले प्रदेश सरकारले एब रुपैयाँ पनि सम्बोधन गर्याछैन यहाँ । त्यसैले गमगढी नाक्चेनाग्ला सडकलाई किन चाहिँ यो प्रदेश गौरवको सडकभित्र किन राखिएन ? के यसको महत्व छैन ? के गमगढी नाक्चेनाग्ला सडक मुगु जिल्लाको मात्र हो ? त्यसोभकोले गमगढी नाक्चेनाग्ला सडकलाई ओझेलमा पार्नु भनेको कर्णाली प्रदेशलाई ओझेलमा पार्नु हो । गमगढी नाक्चेनाग्ला सडकलाई ओझेलमा पार्नु भनेको कर्णालीको समृद्धिलाई प्रश्नचिन्ह खडा गर्नु हो । त्यसो भएकोले प्रदेशको गौरवको आयोजनाभित्र गमगढी नाक्चेनाग्ला सडकलाई प्राथमिकतामा राख्नुपर्छ भन्ने लाग्छ । अर्को कुरा राख्छु मैले, खानेपानीहरू हाम्रो मन्त्रीज्यूको चाहिँ जिल्लामा ३९ वटा खानेपानी छन्, मेरो जिल्लामा गत सालको खानेपानी सिंचाई सडक ० पनि कार्यान्वयन भएन । मसँग ५५ वटा खानेपानीका योजनाहरू माग भइराख्याछ, जनताको । तर अहिले ४ वटा मात्रै खानेपानी स्वीकृत भएको छ, गत सालका ४ वटा खानेपानी स्वीकृत भएका कुनै पनि योजनाको यहाँ नाम छैन । त्यो क्रमागत हुने हो कि या के हुने हो त्यो । त्यो पनि यहाँ थाहापाइराख्या छैन त्यो म चाहिँ । अनि यहाँ अर्को कुरा राख्छु मैले चाहिँ यहाँ, नयाँ प्रविधिको खानेपानी आयोजना भन्ने एउटा शीर्षक छ यहाँ, त्यसमा ७ वटा शीर्षकमा चाहिँ बजेट विनियोजन गरिएको छ, त्यसमा मेरो जिल्ला मुगु जिल्ला ० छ । यो किन भयो ? के नयाँ प्रविधिको खानेपानीमा मुगुलाई आवश्यकता पर्दैन ? यो प्रश्न चाहिँ गर्न चाहन्छु मैले । अर्को चाहिँ स्थानीय तहमा सहकार्य सार्वजनिक शौचालय भनेर दैलेख र सुर्खेतलाई मात्र सम्बोधन गरिएको छ, मेरो जिल्ला शून्य छ यो किन भयो ? यो कुरा पनि राख्न चाहन्छु मैले यहाँ । अर्को छ, यहाँ तपाईंको, सिचाईं । गत सालको सिंचाई मुगु जिल्लामा एउटा पनि परेनन् । भको एउटा मात्रै सिंचाई पनि ० कार्यान्वयन भएन । तर अहिले सुर्खेतमा

५१ वटा सिंचाई छन्, सुर्खेत जिल्लामा ५१ वटा सिंचाई र मेरो निर्वाचन क्षेत्रमा थोरै मात्रै सानासाना शीर्षकका ४ वटा सिंचाई छन् । यो ५१ र ४ बीचको विभेद कसरी भयो यो ? यो प्रश्नचिन्ह खडा गर्न चाहन्छु मैले । अर्को छ, (समयलाई समयलाई ध्यान दिऔं माननीय सदस्य) अर्को छ, नयाँ प्रविधिबाट सिंचाई । सभामुख महोदय, यो विषयवस्तुमा मैले कुरा राख्दैछु मैले यहाँ । नयाँ प्रविधिको चाहिँ सिंचाई छ, यसमा १३ वटा शीर्षकमा बजेट विनियोजन गरिएको छ, त्यसमा मेरो जिल्ला निल भएको छ, यो पनि सम्बोधन गरिएको छैन । त्यस्तै आएर अहिले पूर्वसम्भाव्यता अध्ययन तथा नयाँ परियोजना प्रतिवेदन तयार गर्ने, गुरुयोजना तयार गर्नको निमित्त १२ करोड विनियोजन गरिएको छ, यसमा तपाईंको ५३ वटा योजना छन् तर मेरो जिल्लामा ० । कुनै पनि समयभित्र डीपीआरको लागि यहाँ चाहिँ बजेट छुट्याइएको छैन । त्यसो भएकोले मैले के भन्न चाहन्छु भने यहाँ ३ वटा कुराको गलत गरिएको छ, (सकौं, सकौं माननीय सदस्य) पहिलो कुरा, पहिलो कुरा के गलत गरिएको छ, भने पहिलो वर्षको योजनामै चाहिँ गलत नियत गरिएको छ, दोस्रो कुरा के गरिएको छ, आफ्नो जिल्लालाई प्राथमिकता गरिएको छ, तेस्रो कुरा के गरिएको छ भने अहिले फेरि गुमाएर डीपीआरको नाममा आफ्ना एकजनालाई फेरि क्रमागत थप गर्ने षडयन्त्र गरिएको छ । त्यसो भकोले मलाई लाग्छ यही ढंगले यो कर्णाली प्रदेशको बजेट जसरी आइरहेको छ, यसमा मेरो कुनै समर्थन रहँदैन भन्ने कुरा राख्दै, मेरो भनाई यही टुंग्याउछु, धन्यवाद ।

**माननीय सभामुखः** मानननीय सदस्यहरू प्रदेश सभाको बैठकमा आफ्नो मन्तव्य राख्ने क्रममा सभाको मर्यादालाई ध्यानमा राखेर मर्यादित र सन्तुलित शब्दहरूको प्रयोग र हाउभाउ प्रदर्शन गर्न ध्यानाकर्षण गर्दछु । अब माननीय श्री पदमबहादुर रोकाया, यसपछि माननीय श्री गोपाल शर्मा तयार रहनुहोला ।

**माननीय श्री पदमबहादुर रोकायाः** माननीय सभामुखज्यू, हामी भौतिक पूर्वाधार विकास मन्त्रालयको विषयमा हामी भाग लिइरहेका छौं । सर्वप्रथम म भौतिक मन्त्रालयलाई धन्यवाद दिन चाहन्छु । किनभने हाम्रा प्रतिपक्ष दलका माननीयहरूले धन्यवाद दिनुभयो, हामी सत्तापन पक्षले त धन्यवाद नदिनु सुखै छैन । हिजो प्रतिपक्षले धन्यवाद दिएनन्, हामीले पनि दिएनौं । आज उहाँहरूको शब्दलाई सापटी लिएर हैन, उहाँहरू धन्यवादलाई सापटी लिएर हैन मैले, म कसरी धन्यवाद दिन चाहन्छु भने हिजोअस्ति मन्त्रालयका किताबहरू हामीले समात्ताखेरीमा शुभ होटल र सिद्धार्थ होटलको कार्यक्रम गएकोजस्तो दुइटा पेपर मात्रै पाउँथ्यौं हामीले । आज अलिकता यो रातो किताब रंक पनि रातो छ, किताब पनि अलि वेटवाला रहेछ अलि, अलि समातेजस्तो पनि लागिराछ । यसको लागि र अर्को हामीले अहिलेसम्म छलफल गरिरह्यौं, धेरै माननीयहरूले विरोध गर्‍यौं, चालु र पूँजीगत तर्फबाट । मेरो ठाउँमा खानेपानी पर्योन, मेरो ठाउँमा सिंचाई परेन भनेर हैन हामीले । कोही ठाउँ यो तराजु जोखेझैं नहुन सक्छ, बढीकमको हामी विरोध गरेका थिएनौं । हामीले विरोध चालु र पूँजीतर्फ विरोध गरेका थियौं । फिप्टी फिप्टी चालु र पूँजी आएको पूँजी आएको थियो अरु मन्त्रालयमा । तर भौतिक मन्त्रालयमा आज प्रशासनिक कूल बजेट फाइभ सिक्टीन प्वाइन्ट र पूँजीगत बजेट नाइन्टी एठ त्री प्वाइन्ट । भन्नाले कति फरक भयो ? चौरानब्ब, चौरानब्बे त्रिरानब्बे र पाँच प्वाइन्ट पूँजीगत, चालुतर्फ अनि अरु मन्त्रालयमा कार्यक्रमहरू हुन्छन्, अरु मन्त्रालयका कर्मचारी छन्, भौतिकमा कार्यक्रम हुँदैनन् ? त्यहाँ कर्मचारी छैनन् ? सबभन्दा विकासे मन्त्रालय त त्यही हो, त्यहाँ कर्मचारी धेरै हुन्छन् । त्यहाँ चालू कसरी कम आयो ? त्यसैकारणले धन्यवाद दिइरहेकोछु उहाँहरूलाई । चालु भनेको त हामीले हिजोअस्ति पनि भनिसक्यौं । कार्यक्रम गर्ने ५० जना कार्यक्रममा उपस्थित भए भने १०० जनाको बिल देखाउने, एक लाख रुपैयाँ खर्च भयो भने दुई लाखको बिल देखाउने अनि कमाउने भाँडो चालु त हो । यहाँ आज त्यही नदेखिएको हुनाले मैले भौतिक मन्त्रालयलाई धन्यवाद दिएको हो । र अर्को हिजोअस्ति पनि हामीले भन्यौं, मन्त्रालयगत विषयमा भाग लिइरह्यौं, माननीयले

सिफारिस गरेका योजनाहरू धेरै कम परे, हामी बिचौलिया दलाल भनम् उनीहरूको योजना धेरै बढी परे तर भौतिक मन्त्रालयमा मैले माननीयहरूको के कस्तो छ, मैले थाहा छैन । म यो किताब पनि ढोकाभित्र आउँदाखेरि किताब पाएको थिएँ मैले । अध्ययन गर्न पनि पाएको थिएन, संसदमा भित्र आइसकेपछि मैले सरसर्ती हेरें । अरु जिल्लाको हेर्न पाइन मैले मेरो जिल्लाको मात्रै हेरें । मेरो जिल्ला पनि बढी देखेर खुसी भयो कि सोच्नुहोला । बढी छैन माननीयज्यू । खानेपानीको हेरें मैले १० । १२ वटा खानेपानी सिफारिस गर्याथें, १० । १२ वटा पर्याछ । के-के छ भने मैले एउटा खानेपानीमा ३० । ३५ लाखको मैले मागेको थिएँ । खानेपानीमा १० । १० लाख पर्याछ, हेर्नुस् त जुम्लाको खानेपानीमा १० । १० लाख मात्रै छ, किनभने मैले एउटै योजना मागेको भयाले २ करोड पर्थ्यो । उहाँहरूलाई लेख्न पनि सजिलो हुने थियो । एउटैमात्र २ करोड लेख्न । १० । १५ वटा मागें, लेख्न पनि गाह्रो भयो, १० । १० लाख पर्याछ, खानेपानीमा । एउटै योजना झन् सजिलो हुने थियो, मलाई पनि हामीलाई पनि सजिलो । तर एउटै एक करोडको खानेपानी मागेको भयाले मेरो क्षेत्रमा सम्भव थिएन । एउटै गाउँमा हुन्थ्यो खानेपानी, अरु गाउँको चित्त बुझ्दैन थियो । अब सिंजाको क्षेत्र माननीयज्यूहरूलाई थाह छ, जुम्लाको भूगोल थाह छ । एउटा, एक ठाउँमा खानेपानी दियो भने एक ठाउँमा सिचाईं सबै ठाउँमा भ्याउदैन । सबै ठाउँमा भ्याउने भनेको सडक मात्रै हो । तलदेखि माथिसम्म सडक मात्रै जान्छ । खानेपानी त गाउँगाउँमा चाहिया । सिचाईं जीउला जीउला चाहियो । तटबन्ध जीउला जीउला चाहियो । बत्ती गाउँ गाउँमा चाहियो । त्यसैकारणले मैले सानासाना मागेको थिएँ, त्यसमा पनि फिप्टी प्रसेन्ट घटाएर सबै मेरो सिफारिसमा परेका छन् । त्यसैकारणले म खुसी छु । बढी परेर होइन, हेर्नुहोला पछाडि रेडबुकमा । हिजोअस्ति पर्यटन मन्त्रालयका कुरा गर्यौं, २४ वटा योजना दिएकोमा ४ वटा योजनामात्रै परे, त्यही पनि ८ लाख, ८।८ लाखका मात्रै । आज जति छन् उति परेपछि खुसी हुनुपरेन ? अनि धन्यवाद नदिने अझ उहाँलाई गाली गर्ने अझ । त्यसै कारणले म गाली गर्न चाहदिन आज, उहाँलाई म खुसी छु, धन्यवाद दिन चाहन्छु, माननीयले सिफारिस गरेका योजना पार्नुभयो । किताबमा पनि चालु घटाउनुभयो, पूँजीगत बढाउनुभयो, किताब पनि अलि गरुगो वेटवाला ल्याउनु, त्यसैकारणले पनि धन्यवाद । त्यसैकारणले अब ०७५/०७६ को बजेटमा सबभन्दा आलोचना भौतिक मन्त्री हुनुहुन्थ्यो, तपाईं हामी सबैले गाली गर्याथियौं, त अहिले त्यसको अलिकता सुधारिएर आउनुभयो मन्त्रीजी, यसको लागि पनि धन्यवाद । ०७४/०७५ भन्दा ०७६/०७७ मा धेरै तपाईंहरूले ऊ गर्नुभएछ । अरु मन्त्रालयमा यो भएको थिएन, हामीले पढेका थियौं, बुझेका थियौं । तपाईं अलिकता पहिलाभन्दा अहिले निकै राम्रो, अलिकति सन्तुलित भएर, समावेशी समानुपातिक भएर आउनुभएछ, त्यसको लागि हामी खुसी नै छौं । अरु अब हामी १ करोडका अघि भनिसक्यौं । १ करोडका योजना हो, हामीलाई १० वटा खानेपानीमा एक एक करोड हालिदिए त हामी झन् खुसी हुन्थ्यौं । बरु हजुरको क्षेत्रमा हाल्नुभयो होला, हाम्रो क्षेत्रमा त्यो सम्भव थिएन, त्यति हाल्न सकिदैनथ्यो । त्यति बजेट दिनु हुँदैन थियो, त्यति मन्त्रालयमा छ कि छैन । हामी जति आवश्यक थियो, त्यति माग्यौं त्यसभन्दा पनि फिप्टी प्रसेन्ट घटेर पाएका छौं हामीले । अब बाटोको कुरा छ, यहाँ सडकको । अब ८ करोड जनता सडक त बाँकी छ भन्नुहुन्छ । अरु क्रमागत योजनामा पनि १ । १ करोड, ७५ । ७५ लाख पडेको छ, जनता सडकमा २ करोड आएकै छ, त्यो सबै ठाउँमा होला जस्तो लाग्छ । मेरो क्षेत्रमा चाहिँ सबै ठाउँमा होला त्यो । त्यसैकारणले धेरै विभेद देखेको छैन मैले अहिले । मेरो आफ्नो मेरो हेर्ने दृष्टिकोणले मैले विभेद देखेको छैन, पोहरसाल त विभेद गर्नै भएको थियो । हामी सबैले भनेकै थियौं मन्त्रीको आलोचना गरेकै थियौं । अब अलि सुन र पित्तल छुट्याउनै पर्छ, राम्रो नराम्रो छुट्याउनै पर्छ । जति अरु मन्त्रालयमा विभेद आएको छ, त्यति यो मन्त्रालयको अहिले यो साल म देख्दैन । त्यसैकारणले हामीले अब यो मन्त्रालयको विषयमा करिब करिब अन्त भइसक्यो । त्यसैकारणले

जो अरु छन् चालु र पूँजीगत छन्, फिप्टी फिप्टी छ त्यो, त्यो चालु पूँजीगतमा नसच्याएसम्म हामीले त्यो, त्यो विषयमा हामीले बजेट पास गर्न पनि दिनु हुँदैन । हामी कराउने मात्रै, भोलि हुन्छ र हुन्न भन्ने ठाउँमा हुन्छ भनेर ताली पिट्नुपर्ने ह्वीप जारी हुनुपर्ने भयो भने कराएको साध्यै भएन । त्यो मन्त्रीलाई गाली गरेर मात्रै रिस फेरिदैन हाम्रो । मन्त्रीलाई जे भनेर पनि रिस फेरिने हैन, हाम्रो रिस फेरिन त चालूलाई घटाउनुपर्छ, असन्तुलित बजेट सन्तुलन गर्नुपर्छ, नपरेको ठाउँमा हामीले पार्नैपर्छ, त्यसैकारणले सबै निर्वाचन क्षेत्र एउटै हो, सबैलाई विकास चाहिएको छ, सबैलाई खानेपानी सिंचाई चाहिएको छ, त्यसैकारणले जुन डल्लो छ, त्यहाँ । जुन मन्त्रालयमा डल्लो छ बाँडिएको छैन, नपरेको क्षेत्रमा न स्कूल नभएको क्षेत्रमा, खानेपानी नभएको क्षेत्र निर्वाचन क्षेत्रमा कमभएको ठाउँमा त्यो डल्लोबाट चालु तर्फ घटाएर हाल्नुपर्दछ हामीले । यहाँ त्यसैकारणले मैले भनिसके मैले भौतिक मन्त्रालयलाई अहिले उहाँहरूले धेरै राम्रो गर्नुभएको छ, उहाँहरूलाई धन्यवाद, फेरि पनि धन्यवाद दिन चाहन्छु भन्ने मेरो भनाईलाई यही अन्त गर्ने अनुमति चाहन्छु, धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री गोपाल शर्मा, यसपछि माननीय श्री ठम्मरबहादुर बिष्ट तयार रहनुहोला ।

**माननीय श्री गोपाल शर्माः** माननीय सभामुख महोदय, भौतिक पूर्वाधार विकास मन्त्रालय हाम्रो प्रदेशको सबैभन्दा महत्वपूर्ण मन्त्रालय हो । हामी पूर्वाधारको विकास नगरेर कर्णालीको समृद्धिको यात्रामा अगाडि बढ्न सक्दैनौं, मुख्यत पूर्वाधारको क्षेत्रमा सडक पूर्वाधार हाम्रो लागि धेरै महत्वपूर्ण कुरा हो र त्यसपछि जलस्रोतको उपयोग गर्ने कुरा त्यससँग सँगै त्यो पूरक प्रश्न वा विषय हो । सभामुख महोदय, हामी यहाँसम्म आइपुग्दा हाम्रो प्रवृत्ति कस्तो भइसक्यो भन्दाखेरि हामी अब हाम्रो हामी अलि बढी सकारात्मक खोज्न खोजिराहुन्छौं, रचनात्मक खोजिराहुन्छौं तर विषयवस्तुले हामीलाई कस्तो बनाइराछ भने हाम्रो दिमागलाई कहिलेकाहिँ नकारात्मक मात्रै बनाइराख्ने हो कि भन्ने जस्तो हुन पुगिराछ, अब यसो गर्दा खासगरी भौतिक पूर्वाधार मन्त्रालयले अथवा सिंगो हाम्रो सरकारले पूर्वाधारको क्षेत्रमा हामीले केन्द्रीकृत रूपले लगानी गर्नुपर्ने क्षेत्र कहाँ हो र कुन कुन क्षेत्रमा हामीले प्राथमिकता दिंदाखेरि कर्णाली क्षेत्रको विकास हुन्छ भन्ने कुराको खाका हामीले प्रस्तुत गर्न सक्याछैनौं वा प्रस्तुत हुन सकेको छैन । अब त्यो नहुँदाखेरि हामीकहाँ र हामीले भोगेको एउटा अवस्था के छ भने हामीसँग नयाँ देखाउने अवस्था काहिँ पनि बनेन, यो नयाँ गर्दैछौं, यो नयाँ उदाहरण पेश गरौं, नयाँ उदाहरण पेश गर्ने अवस्था बनेन, बनिराख्या छैन । त्यसो गर्दा हामी प्रतिस्पर्धा केमा छौं भन्दाखेरि हामीले पुरानो प्रवृत्तिलाई दोहोर्याउने कसरी ? बोक्ने कसरी ? र त्यसैलाई लागू गर्ने कसरी ? भन्ने कुराको निरन्तरता, त्यो प्रवृत्ति हामीले अँगालिराख्याछौं । हाम्रो प्रवृत्ति अलि बढी सामन्तवादी प्रवृत्ति छ, मलाई थाह छ पहिले, पहिले पहिले यसो पूजापाठमा जाने मान्छेहरूले पनि के गर्थे भन्दाखेरि थाममा यसो एउटा कुखुरा काट्ने अथवा एउटा बोका काट्ने हो भने त्यसको टाउको चाहिँ त्यसको पूजारीलाई चाहिने, यो प्रवृत्ति हामीकहाँ छ, पूजारीले टाउको खानुपर्ने, बाँकीले चाहिँ यसो अलिकति यताउता गर्नुपर्ने, अब कुनै पनि भागवण्डामा पनि अलिकति ठूला मान्छेले ठूलो भागवण्डा लगाउनुपर्ने, यो खालको प्रवृत्तिमा हामी आयौं, त्यो प्रवृत्ति हुर्किदै हुर्किदै हुर्किदै आउँदा हाम्रो मन्त्रालयभित्र छिर्यो, सरकारभित्र छिर्यो, हामी जनप्रतिनिधिहरूकहाँ छिर्यो । यो आउँदा हामीलाई अहिले भौतिक मन्त्रालयसम्म पुग्दाखेरि पनि भौतिक मन्त्रालयको मन्त्री भनेको त पुजारी नै प्रमाणित हुने स्वभाविकै कुरा भयो । त्यसकारण यसो हेर्छु म हि.. अब हामी अलि इमान्दारै हुन्छौं र भौतिक पूर्वाधार मन्त्रलायले विनियोजन गर्ने कुरा आफूलाई पनि कम नगरोस्, हामीलाई पनि कम नगरोस् भन्ने अपेक्षा स्वभाविक हुन्छ । यसो गर्दाखेरि हामीले के देख्यौं भन्दा, मैले यसो हिसाब गरें, हामी कहिलेकाहिँ अलि बढी आलोचनात्मक त त्यसै बनिराछैनौं भन्दाखेरि त झण्डै झण्डै मेरो निर्वाचन क्षेत्रको कुरा गर्दा त झण्डै ४

गुना झण्डै झण्डै हुन पुग्दो रैछ जिल्लालाई हिसाब गरे मैले सिंगो रुकुम जिल्लाको बजेट अहिले क्रमागत पनि नयाँ पनि कति छ भन्दा ४० करोड २० लाख बराबर जिल्लाले प्राप्त गरेको छ, माननीय भौतिक पूर्वाधार मन्त्रीको निर्वाचन क्षेत्रमा मात्रै मैले यहाँ राजधानीको त हामी बनाउनै खोजीराछौं, राजधानी एकदम व्यविस्थत होस् भन्न चाहन्छौं, राजधानीतिर म केन्द्रित छैन । उहाँको निर्वाचन क्षेत्रमा मात्रै मैले यसो हिसाब गरे ७४ करोड ६० लाख २५ हजार हुँदोरैछ, झण्डै झण्डै एक अरबको व्यवस्था त उहाँले नै गर्नुभाछ, भन्दाखेरि अब यो पूजारीको व्यवस्थापन अब हुने नै भयो, त्यसको लागि मैले खासमा हाम्रो चलनचल्तीको कुरा भया हुनाले मैले अन्यथा ठान्याछैन । उहाँ फेरि हाम्रा कतिपय अस्ति ऊ पनि भाछन्, हामीसँग छलफल चल्दाखेरि के हुन्छ भने अलिअलि वण्डा लिएकोले हामी पनि सन्तुष्ट हुन्छौं फेरि । जिम्मा लिएकोले अलिअलि खाने त भयो, अलिअलि लिने त भयो भन्ने प्रवृत्ति हामीसँग छ, त्यसकारण मलाई यसमा धेरै टिप्पणी गर्न छैन । हाम्रो चासो के मात्र हो भन्दाखेरि उहाँकोमै जाला तर अगाडि माननीयजीहरूले टिप्पणी गर्याजस्तो धरमपोखरा अथवा त्यो केरे स्कुल भन्दै छिन्चु जोडेर फेरि उता जाजरकोट जोड्नुभन्दा जे छ, त्यही राखेर आफ्नै ठाउँमा लगेपछि त्यति धेरै हुँदैन । यो त के भयो भन्दा भयंकर बाठो हुने अस्ति पनि देखियो, सामाजिक विकास मन्त्रालयमा त्यस्तै छ, अर्कोमा मन्त्रालयमा त्यस्तै छ, यहाँ पनि यसो देखेपछि काहिँनेर अलिकति हुन्छ कि भन्ने खालको हिसाबकिताब साथीहरूले मन्त्री माननीय मन्त्रीजीहरूले जे गरिराख्नुभाछ, त्यसले हाम्रो सम्मत र सोचलाई कुण्ठित बनाइराखेको छ, हामी सोच, हामी हाम्रो निर्वाचन क्षेत्रमा केन्द्रित हुन चाहछैनौं सभामुख महोदय, हामी सिंगो कर्णालीको विकास बारे बहस गर्न चाहन्छौं, सिंगो कर्णालीको विकास कहाँ हो ? कहाँ हो केन्द्रित गर्नुपर्ने ? भन्दा त्यसको पहिलो भाग राजधानीबाटै दिऔं, राजधानीका पूर्वाधारको विषयमा केन्द्रित गरौं, त्यसपछि हामी अन्तर्राष्ट्रिय नाकाहरूलाई खोल्ने गरी हामी खासगरी यसलाई तिब्बतसँग कसरी हामी चाइनासँग कसरी जोड्ने भन्ने कुरालाई प्राथमिकता दिऔं, राजधानी केन्द्रित गर्ने, जिल्लाहरूलाई राजधानीसँग जोड्ने सडकहरूलाई प्राथमिकता दिऔं, त्यसमा हामीले बजेट देखेनौं । म सभामुख महोदय, म आफ्नो केन्द्रित भएको होइन, चौरजहारी, सल्लीबजार चौरजहारी सडक भनेको चौर रुकुमको मात्रै होइन, त्यले डोल्पालाई जाजरकोटलाई स्वयम् सल्यानलाई पनि नजिक बनाउँछ, १९ किलोमिटरको यात्रामा अहिले हामी ४ घण्टा लगाएर यात्रा गर्छौं, १९ किलोमिटर मात्रै छ । ४ घण्टा त्यहाँ हिंड्न नसकेर हामी तुलसीपुर निस्केर तुलसीपुरबाट कोहलपुर निस्केर यहाँ आउँदाखेरि झण्डै झण्डै १० देखि १२ घण्टा हामीले गर्छौं यहाँका सबै त्यसमा जानु नै भएको छ । अब अहिले यसो हेर्छु, अब कुभिण्डे समेत त्यसमा मिस्याएर, कुभिण्डे दहतिर पनि बाँडेर ४ प्लस ४ गरेर ८ करोड । ४ करोड मात्रै छ, गर्नुछु पिच झण्डै झण्डै डेढ अरबको लागत छ, तर ४ करोड छुट्याएर त्यो गर्नुभन्दा बरु कुभिण्डे दहतिरै बरु राम्रो बनाऔं भन्नेतिर छ मेरो कुरा । कम्तिमा राजधानी, अब अरु माननीयजीहरूले पनि यहाँ अस्ति टिप्पणी गर्नुभो मेरो कुरा के छ भने धेरै ठाउँ राजधानी जोडिसक्याछ, पिचरोडले जोड्याछ, तीनटा चारओटा जिल्ला मात्रै हो, मुगु, हुम्ला, डोल्पा त्यो अब सडक विस्तारको योजनामा छ, विस्तार भइसकेको ठाउँलाई सडक स्तरोन्नति गर्ने कुरामा चाहिँ रुकुम छुट्याछ, रुकुम जोड्ने कुरा १९ किलोमिटर मात्रै स्तरोन्नति गरिदिने हो भने रुकुम राजधानीसँग ४ घण्टामा जोड्नेछ, रुकुमको सदरमुकाम । त्यसकारण यो कुरामा त्यो देखिदैन, एकदम कुण्ठित यसो औपचारिकतामा बजेट छुट्याउने जो प्रवृत्ति छ, त्यसले हामी कसैलाई सन्तुष्ट गरिराख्या छैन, कुण्ठित भनाइराख्याछ, यो स्थितितिर म खासगरी माननीय सभामुख मार्फत् सम्बन्धित मन्त्रालयको ध्यान आकर्षण, ध्यानाकर्षण गराउन चाहन्छु, हामी यो प्रवृत्तिले पूजारी प्रवृत्तिले विकास अगाडि बढ्दैन, जो आउँछ, भागवण्डा लगाएर आफ्नोतिर केन्द्रित गर्ने जो परिपाटी छ, यसतिर हामी केन्द्रित नहोऔं, हामी सप्पैले एकचोटी सोच बनाऔं, दिर्घकालिन सोच बनाऔं, दीर्घकालीन सोच बनाएर समग्र कर्णालीको समृद्धिको यात्रातिर अगाडि बढौं । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री ठम्मरबहादुर बिष्ट ।

**माननीय श्री ठम्मरबहादुर विष्टः** माननीय सभामुख महोदय, हामी करिब करिब चार मन्त्रालयको छलफल सकेर यो आज भौतिक पूर्वाधार मन्त्रालयको छलपलको क्रममा छौं र यो मन्त्रालयसँग सम्बन्धित भएर यहाँ केही रचनात्मक सुझावहरू राख्दाखेरि विशेषगरी पहिलो कुरा त मैले अघि माननीयजीले भनेजस्तै उहाँलाई मैले पनि धन्यवाद दिन चाहन्छु, किनभने हाम्रो त्यसको अलि मसिनो कुरा त त्यतिभित्र हेर्न बाँकी छ, तपाईंहरूले भनेजस्तै अब सरसर्ती मोटो खाकामै मैले पनि हेरेको छु, तर उहाँले कमसेकम पाँच प्रसेन्ट चालु पूँजी र ९५ प्रसेन्ट पूँजीगत राखेर जो ल्याउनु भो, त्यो साँच्ची नै उहाँलाई धन्यवाद दिनै पर्छ, अब दिइएन भने उहाँको चित्त दुख्ने सम्भावना धेरै हुन्छ, किनभने सम्भवत त्यसैमा बढी मेहेनत गर्नुभाहोला अझ, त्यो धेरै चुनौतिपूर्ण कुरा पनि हो । त्यसकारण उहाँलाई धन्यवाद पनि छ, र सँगसँगै अब धेरै मागहरूमध्ये त्यो उहाँले करिब करिब पूरा गर्नुभाछ, है, तपाईं त्यसमा घेराबन्दीमा पर्नुहुन्न अब । अरु माग त छँदैछन्, त्यो घेराबाट तपाईं उम्किनु भो । अरु चार पाँचओटा मन्त्रालय पाँचवटा मन्त्रालय त घेराभित्रै हुनुहुन्छ, उहाँहरू त्यो छदैछ । दोस्रो कुरा अब जहाँसम्म यो अब मेरो अब संयोगले उहाँ र मेरो निर्वाचन क्षेत्र पनि नजिक अब संयोगले दौतर पनि र संयोगले चाहिँ तुलना पनि कान्तिपुर लगायत सबै चाहिँ तपाईको मिडियाहरूले उहाँको र मेरो नै तुलना गर्यो गत सालको ५६ करोड र ६ करोड भन्ने भो । त्यो करिब करिब उहाँले कहिलेकाही भेट हुँदा वादै भइसक्यो भन्नुहुन्थ्यो उहाँले । त्यसकारण अब अहिलेको बजेटसँग तुलना गर्दाखेरि अब करिब करिब तपाईंको पोहोर ५६ र ६ गर्दा त्यसलाई १० गुना भनौं, अहिले झण्डै झण्डै त्यो फिप्टी प्रसेन्ट घटयाछ, ५ गुनामा आइपुग्याछ, फेरि पनि एउटा विज्ञानको नियममा यो घटेर आउनु पनि उहाँलाई धन्यवाद दिनै पर्छ । र करिब करिब ४ । ५ ओटा बुँदामध्ये रणनीतिक सडक निरन्तरता, प्रदेश महत्वका सडक निरन्तरता, खानेपानी योजना निर्माण, बहुवर्षीय सडकको कुराहरू त्यसपछि यो सिंचाई निरन्तरता कुराहरू, सिचाईं संरचनागत कुराहरू जो छ, यसमा धेरै डिस्ब्यालेन्स छ उहाँको । उहाँको र मेरो अलिकति नजिक नजिक भनेको तटबन्धनमा रहेछ, त्यसमा उहाँको २ करोड र मेरो पुगनपुग १ करोड हुन आउँछ, त्यसकारण अब यसलाई अब यो कति सन्तुलित छ, त्यो अब फोटो आफै बोल्छ भन्याजस्तो यो तथ्यले आफै बोल्छ । दोस्रो कुरा जिल्लागत हिसाबले हिसाब गर्दाखेरि पनि वीरेन्द्रनगरको विशेषगरी यो क्षेत्रको यो स्पेशलिष्ट अलि विशिष्ट पहिचान भो । यलाई त राजधानीलाई आँगनै भन्याछौं केही गराउनै पर्छ यसमा हाम्रो कुनै आपत्ती केही छैन । अरु क्षेत्रसँग तुलना गर्दाखेरि पनि मेरो कम नै छ । यो कुरा पनि यहाँ यो म्याथमै देखिया हुनाले यो कुनै लुकाइराख्नुपर्ने कुरा छैन, दोस्रो कुरा जहाँसम्म यो जिल्लागत हिसाबले टोटलमा हेर्दाखेरि सरर सबैतिरको चाहिँ यो हेर्दा तुलनात्मक हिसाबले जस्तो कति हिजअस्ति पनि हामीले शीर्षक हेरौं, १०औं गुना, १५औं गुना फरक पर्याछ, केही शीर्षकहरूमा । अहिलेको बजेटमा उहाँले करिब करिब त्यलाई उहाँले अलि सन्तुलित गर्न खोज्नुभाछ, त्यो राम्रो पक्ष हो । त्यति धेरै चाहिँ त्यहाँ ग्यापिङ्ग देखिदैन, यो कुरा पनि यहाँ देखिन्छ, त्यसकारण सारमा मन्त्रालयगत हिसाबले तुलना गर्दाखेरि अलिकति कम ग्यापिङ्ग देखिन्छ उहाँको । यो पूँजीगतकै रूपमा चाहिँ यलाई विकेन्द्रित गर्ने सवालमा पनि जिल्लागत हिसाबमा पनि एउटा त्यो देखिन्छ । अर्को कुरा अरु बजेटहरूमा अलि बढी मन्त्री केन्द्रित र केही न केही तपाईंको म्याच फिक्स अथवा फिक्सिङ्ग भएजस्तो देखिन्थ्यो भने यो अलि बढी चाहिँ सबै मन्त्रीतिर हेर्दाखेरि पनि मन्त्री केन्द्रित जस्तो देखिदैन । बरु चाहिँ सांसदहरूकै बीच तलमाथि पर्याछ, माननीयहरूले भनेजस्तै त्यो मेरोमा पनि परेकै छ । म आफै पनि त्यसको चाहिँ अब पिडित छँदैछु, तर चाहिँ यो त्यति धेरै यो नेतृत्व केन्द्रित या मन्त्री केन्द्रित भएरै गएको जस्तो यहाँ देखिदैन । त्यो पनि एक किसिमले यो कालो बादलभित्र चाँदीको घेरा जस्तो यो हेर्न सकिन्छ,

दोस्रो कुरा अब तुलना गर्दाखेरि यो नै हो जस्तो लाग्छ । अब यो बजेटसँग सम्बन्धित रहेर अलिकति यहाँ कुरा गर्दाखेरि अब मैले उहाँलाई एउटा प्रश्न गर्न चाहन्छु, पोहोर जो हामीकहाँ समस्या आयो जस्तो असारमा टेण्डर गर्ने स्थिति भो त्यो उहाँले मंसिर पुसमा किन गर्न सक्नुहुन्नथ्यो । आखिर कर्मचारी तिनै हुन्, इन्जिनियर तिनै हुन्, त्यसले गर्दा हामीकहाँ एउटा ठूलो के प्रश्न आयो भने कमसेकम यो अरु तीनचार वटा मन्त्रालयको काम कति सन्तुलित भयो, कति अब त्यहि तपाईंको स्पष्ट छ, या प्रष्ट रूपमा भको छ, या तपाईंको चाहिँ अनियमितता भएको छ, छैन, त्यो त आफ्नो ठाउँमा छँदैछ, बहसको विषय । तर कमसेकम ती मन्त्रालयहरूले केही न केही जनतासँग लगेर जाने कुराको एउटा सन्देश दियो, चाहे सामाजिक विकास मन्त्रालय होस, जाहे आन्तरिक मन्त्रालय होस, चाहे तपाईंको त्यो कृषि मन्त्रालय होस् या चाहिँ वन पर्यटन होस् तर सडकको हामीसँग साह्रै निराशाजनक स्थिति रह्यो । हामीले जनता, के रे प्रदेशको योजनाबाट एक बेल्चा पनि माटो फाल्न सकेनौं त्यो अत्यन्तै हामीसँग एउटा चाहिँ दुःखद् हाम्रो अन्त्य भयो यो वर्ष त्यसकारण यो कुरा अहिले के छ, अहिलेको स्थितिमा उहाँले के सोच्नु भाछ, यो कुरा पनि मैले यसको लागि सुरुमै तयारी गर्न पनि अनुरोध गर्न चाहन्छु, सँगसँगै मैले सरकारको चाहिँ मुख्यमन्त्री र अर्थमन्त्रीलाई पनि यो प्रश्न हो, उहाँहरूले पनि के हेरेर बस्नु भो त्यत्रो ५/७ महिनासम्म र ठूलो यहाँ बहस चल्यो तपाईंको उपभोक्ताबाट गर्ने कि टेण्डरबाट । नेपालको स्थिति हेर्यो भने टेण्डरको स्थिति गर्दा, नेपालको स्थिति त्यति राम्रो छैन । यो सत्य कुरा हो, किनकि २००७ सालदेखि यता हामीले आधुनिक नेपाललाई गन्ने हो भने अरबौं, खरबौं खरबौं खरबौंचाहिँ खर्च भको छ, तर संस्थागत भ्रष्टाचार, प्रशासनिक भ्रष्टाचार, संरचनागत भ्रष्टाचार भकोछ, यो संसारले स्वीकार्या कुरा हो, हामीले लुकाइराख्नु पर्दैन । यद्यपि सबै ठेकदार त्यस्ता नहोलान्, हिज पनि त्यही ब्याग्राउण्डबाट आहुनाले मन्त्री त्यसमा नहुनुहोला, त्यो अलग कुरा हो । तर स्थिति त्यो छ । त्यसकारण अब यो कुरालाई चिर्ने के उपाय छ, त्यसो भएर यो बजेट यनकिन अगाडि बढ्यो, कार्यान्वयन हुने सिलसिला भयो भने पनि अहिले सरकारको मन्त्रीज्यूहरूबाट सुन्ने गरिया के छ भने पोहोर त अलिअलि भयो अहिले त त्यो पनि हुन्न भन्ने तपाईहरूबाट आइराछ । नत्र यत्रो चाहिँ तपाईंको चाहि गलफत्याइँ गरेर फोडा पहाड निक्ला चुहा हुनेवाला छ, केही पनि हुनेवाला छैन, त्यसकारण यसको लागि पनि सुरुमै तपाईंहरूले के गर्ने हो त्यो गर्न अनुरोध गर्न चाहन्छु त्यसको चाहिँ तयार गर्नको लागि । एउटा मैले हेरे अनुसार एउटा समाजवादी व्यवस्थामा जान खोजिराख्याछौं, अलि जनतासहितको परिचालनमा हामी जाऔं, उपभोक्ताले पनि हिजो जसरी पञ्चायतकालमा यहाँ बहुदलकालमा या पछिल्लो चरणमा पनि जसरी घरमै अथवा कोठामा त्यसको सबै कागज फिटफाट बनाउने र खाने जो खालको अलि अगाडि प्रचलन थियो, त्यलाई पनि हामीले अलिकति त्यो दृष्टिकोणबाट अगाडि आउनुपर्छ । र जनतामाथि हामीले विश्वास गर्नैपर्छ । किनकि हामीले हेर्यौं भने अब यही जानेमानेको तरिकाबाट हामी अगाडि बढ्न सक्तैनौं त्यो त यहाँ देखिसकियो, प्रूफ भइसक्यो । चाइनामा हामीले हेर्यौं भने त्यहाँ देनसाउथ्टेनले थारै मोडनाइजेसन भनेर उहाँले अगाडि सार्नुभो त्यसमा चाहिँ कृषि, उद्योग, यातायात, टेक्नोलोजी भनेर सार्नुभो, जनतासहित त्यहाँ काम गरेर त्यो तपाईंको मोडल भएर चाइना नै अहिले अमेरिकालाई वीनओभर गर्ने स्थितिमा गएको छ । चाहे त्यो रसिया होस् या अरु देशको कुराहरू पनि हामीले त्यहाँ हेर्छौंं । त्यसकारण यो ढंगले मैले अन्तिममा जोड दिएर भन्न चाहन्छु कि के पोलिसी छ, सरकारसँग के छ यसको कार्यक्रम अब उपभोक्ताबाट जानलाई पनि मैले के जोड दिएर भन्न चाहन्छु भने त्यही अहिलेकै जानेमाने आको उपभोक्ता होइन, इन्जिनियर पनि त्यहीं केन्द्रित गरौं, ठेकदार पनि त्यहीं केन्द्रित गरौं र अरु सबै कुराहरू त्यहाँ केन्द्रित गरेर त्यहाँ हामी जनप्रतिनिधि पनि त्यहीं केन्द्रित गरौं र त्यसरी ल एकडेढ करोड, दुई तीन करोड कतिसम्म गर्न सक्ने उपभोक्तालाई हामीले गरौं, अरु दशौं करोडका योजना प्रोजेक्टहरू ठूलो टेण्डरहरूलाई दिऔं, नभए त फेरि पनि यो वर्षमा ०७६/७७ मा त १ बेल्चा माटो नफाल्ने त

कनफर्म छ भने अनि यो सरकारले अहिले चाहिँ कमसेकम पोहोरबाट सिकेर तुरुन्त यसको चाहिँ निकास गर्ने गरी तपाईहरूको कमसेकम बुद्धि पलाओस् म यो अग्रिम शुभकामना दिन चाहन्छु । र जहाँसम्म अब सरकारको पोलिसीको कुरा गर्दैगर्दाखेरि जे यहाँ देखिएको छ, अब जस्तो भौतिक पूर्वाधारको कुरा गर्दैगर्दाखेरि जो किसिमले यहाँ काम नगरेर हो या उहाँलाई चाहिँ के आधारमा हो त्यो खालको योजनाहरू कतिपय सिंचाईका कुरा कृषिका कुरा या अरु चाहिँ सडकका कुराहरू अन्य मन्त्रालयमा हालिएका छन्, अन्य मन्त्रालयमा हालेकोमा अन्य मन्त्रालयसँग मेरो आपत्ति होइन, ठीक छ त्यो जनतासँग जोड्ने कुरामा उहाँले लिनु भो त्यो उहाँहरूलाई धन्यवादै छ । तर यो स्थितिमा अहिले जस्तो अर्थमन्त्री या मुख्यमन्त्रीकहाँ जोड्दै गर्दा उहाँहरूसँग रहेका प्रोजेक्ट, मेघाप्रोजेक्टको काम गर्ने तपाईंको संयन्त्र के छ ? यदि छैन भने त त्यही, त्यही भौतिक पूर्वाधार मन्त्रालयलाई नै हामीले मेकानिजमलाई फूल बनाएर जान नै उपयुक्त हुन्छ होला । त्यसकारण कि त यसको जवाफ हामीसँग चाहियो । त्यसकारण यो ढंगले यो एउटा चाहिँ हामीले परिपाटी पनि कस्तो बसाल्दैछौं ? भन्ने कुराको पनि यहाँ यसको पनि यहाँ जवाफ कतै न कतै हामीले दिनुपर्ने अवस्था छ । हामी कस्तो विधिबाट अगाडि बढ्न खोज्दैछौं ? हैन । त्यसो भएर यो ढंगले अब काम गर्न नै नसकेको हो भने, मैले भन्न चाहन्छु कुनै, कुनै पनि मन्त्रालयलाई ल भौतिक योजना मन्त्रालयले पनि काम गर्न नसकेको भने (समय समयलाई ध्यान दिऔं माननीय सदस्य) कारबाही गरौं, सरकारलाई मैले यो प्रस्ताव गर्न चाहन्छु । अन्यथा अब यो, जति पनि यो एउटा मन्त्रालयबाट भोलि पर्यटनले नसक्ला फेरि चाहिँ अर्थमन्त्रीकहाँ, मुख्यमन्त्रीकहाँ । अर्को मन्त्रालयले नसक्ला फेरि चाहिँ त्यहाँ गर्दै जाँदा हामी के थितिमा जान्छौं, हामी कहाँ पुग्छौं ? त्यसकारण मैले भन्न खोजेको यलाई एउटा संरचना बनाएर बेलैमा चाहिँ तपाईको आफ्नो मकानिजमलाई ठीक पारोस् यही कुरा मैले यहाँहरूलाई राख्दै म विदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू कर्णाली प्रदेश विनियोजन विधेयक २०७६ अन्तर्गत विनियोजन भएको भौतिक पूर्वाधार विकास मन्त्रालयको शीर्षकहरूमाथिको छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनुभएका प्रश्न एवम् जिज्ञासामा सम्बन्धित मन्त्रीले जवाफ दिनका लागि भोलि असार २८ गतेको बैठकको शुरुमै समय निर्धारण गरेको छु ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १३२ को उपनियम ६ बमोजिम समय तोकिएकोमा सो अनुसार कर्णाली प्रदेश विनियोजन विधेयक, २०७६ अन्तर्गतको प्रदेश सभा सचिवालय, कर्णाली प्रदेश योजना आयोग, लोक सेवा आयोग, मुख्यन्याधिवक्ताको कार्यालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको शीर्षकमाथि असार २८ गते छलफल हुने जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७६ साल असार २८ गते शनिबार दिनको ११:०० बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

# बैठक संख्या-२१

(२०७६ साल असार २८ गते शनिबार)

राष्ट्रिय धुन,

मानननीय सभामुखः माननीय सदस्यहरू, कर्णाली प्रदेश, प्रदेश सभाको चौंथो अधिवेशनको २१औं बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक २०७६ विनियोजन भएका भौतिक पूर्वाधार विकास मन्त्रालयको शीर्षकहरूमाथिको खर्च कटौतिको प्रस्ताव प्राप्त हुन आएको छ । खर्च कटौतिको प्रस्तुतकर्ता माननीय श्री जीवनबहादुर शाहीलाई प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**माननीय श्री जीवनबहादुर शाहीः** धन्यवाद सभामुख महोदय, सम्मानननीय सभामुखज्यू यो अब एउटा मन्त्रालयबाहेक अरु सबैमा खर्च कटौतिका प्रस्तावहरू पेश गरिएकै छन् । अनि सभामुख महोदय, यसो हेर्दा हाम्रो संसद कति अनुशासित भएर चल्दोरैछ भन्ने पनि लाग्यो । आफ्नै सरकारको मुख्यमन्त्री पुग्दा पनि मन्त्रीहरूलाई आउने फुर्सद चाहिँ हुँदैनरैछ । यहाँका मुख्यमन्त्री पनि पहिला मन्त्री भएको याद छ । हाम्रो यहाँ सत्ता पक्षका माननीयज्यू पनि मन्त्री भएको याद छ, म पनि मन्त्री भएकै हो । प्रधानमन्त्री आउने दिनमा चाहिँ हामी माथिबाट सबै कि झ्यालीबाहिर छ भनेबाहेक दौडेर आउथ्यौं के आज प्रधानमन्त्री आउने भनेर । भन्दाखेरि ह धेरै मुख्यमन्त्री रैछन् भन्ने जस्तो लाग्यो । र हामी कहिले कहिले गाली मात्र हैन धन्यवाद पनि दिन्छौं । हिजो आर्थिक मामिला मन्त्रीले कुरा बाङ्गाटिङ्गा जेसुकै भए पनि सभ्य भाषामा मृदुभाषी भएर जुन कुराहरू गर्नुभयो त्यसको लागि पनि म धन्यवाद दिन चाहन्छु । हामी केही नभए पनि राम्रो गरेकोलाई धन्यवाद र नराम्रो गरेकोलाई गाली त हामी गर्दैनौं, विरोध पनि हामी गर्दैनौं । सचेत गर्ने कुरा हो तर अब मन्त्रीहरूले नै सांसदहरूलाई धम्काउने भाषा आएकोमा हिजो अलिकति चाहिँ भए पनि ठिकै छ यो यस्तो भएको भन्ने कुरा आयो । यो पनि अरुले पनि सिकून भन्ने चाहन्छु । र अब आउने जवाफ दिनेले पनि ती कुरामा भन्नै पर्छ भने पनि अलिकति मिलाएर भनोस् भन्ने कुराहरू राख्दै सभामुख महोदय, म यो भौतिक पूर्वाधार विकास कार्यक्रमका यी सबै जति कार्यक्रमहरू आएका छन् तिनीहरूमाथि चाहिँ शीर्षकको खर्चमा चाहिँ एक रुपैयाँ घटाइयोस् भनेर चाहिँ प्रस्ताव पेश गरेको छु । नीति तथा कार्यक्रमको बुँदा नं. ७ मा लागत अनुमान सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयार भएका परियोजनाहरू मात्र बजेट विनियोजन गरिने भनिएकोमा त्यसो नभएको र नीति त्यसैको ७.२ मा प्रदेश सरकारले रु. १ करोडको भन्दा बढी लागत अनुमान भएका आयोजनाहरूमा मात्रै बजेट विनियोजन गरिने भनिएकोमा रु. भनिएकोमा पनि रु. ५ लाखसम्मका योजनाहरू विनियोजित गरिएको पाइयो । यसले के देखाउँछ भने यो विनियोजित बजेट भनेको वितरणमुखी बजेट हो भन्ने कुरो भएकोले यो नीतिको पूर्णरूपले विपरीत भएकोले उक्त शीर्षक खर्च रकमलाई घटाई १ रुपैयाँ गरियोस् भनि खर्च कटौतिको प्रस्ताव चाहिँ पेश गरेको छु, धन्यवाद सभामुख महोदय । जय नेपाल ।।

**माननीय सभामुखः** माननननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक २०७६ अन्तर्गत विनियोजन भएका भौतिक पूर्वाधार विकास मन्त्रालयको शीर्षकहरूमाथिको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएको प्रश्न एवं जिज्ञासामा सम्बन्धित मन्त्रीले जवाफ दिनका लागि कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १३२ को उपनियम ८ बमोजिम समय निर्धारण गरेको छु । भौतिक पूर्वाधार विकास मन्त्रालयको शीर्षकहरू माथिको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवं जिज्ञासामा जवाफ दिनका लागि भौतिक पूर्वाधार विकास मन्त्री माननीय श्री खड्कबहादुर खत्रीलाई समय दिन्छु ।

**भौतिक पूर्वाधार विकास मन्त्री माननीय श्री खड्कबहादुर खत्रीः** माननीय सभामुख महोदय, भौतिक पूर्वाधार विकास मन्त्रालय कर्णाली प्रदेशको आ.व. २०७६/०७७ को वार्षिक विकास कार्यक्रम तथा बजेटमा सम्मानित यस सदनमा माननीय सदस्यजीहरूले उठाउनु भएका प्रश्नहरूको जवाफ दिन म उपस्थित भएको छु । माननीय सदस्यज्यूहरूले हाम्रो विषयगत मन्त्रालयको बजेटमाथि उठाउनु भएका प्रश्न एवं सुझावहरू एकदमै मनन्योग्य ग्रहणयोग्य एवम् अनुकरणीय छन् । यसप्रति आभार व्यक्त गर्न चाहन्छु । आगामी दिनमा उपयुक्त सुझावलाई शिरोधार्य गरी अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछु । कर्णाली प्रदेश सरकारको कार्यविभाजन नियमावली २०७४ को ७४ बमोजिम भौतिक पूर्वाधार विकास मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने भनी किटानसाथ परेका खानेपानी तथा सरसफाई, यातायात सडक, पुल जलस्रोत तथा सिचाई नदी नियन्त्रण, ऊर्जा सहरी विकास तथा भवन निर्माण लगायतका भौतिक पूर्वाधार सम्बन्धी काम यस मन्त्रालयबाट सम्पादन हुने आइरहेको व्यहोरा सर्वविदित छ र यस मन्त्रालयले पाउनुपर्ने र जुन जिम्मेवारी छ त्यो त्यसै मन्त्रालय अन्तर्गत रहने भएको हुँदा मन्त्रालय गठनको सुरुवातै वर्षमा विभिन्न संगठन संरचना निर्माणमा ढिला भई प्राविधिक कर्मचारी न्यूनतमका कारणले काम हुन सकेन यो सर्वविदितै छ र विशेष कार्यक्रम तथा योजना तर्जुमा गर्दा माननीय मुख्यमन्त्री लगायत मन्त्रीजीहरू, प्रदेश सभाका माननीयजीहरू, सभामुख, उपसभामुख, माननीय सांसदहरू, विज्ञ विभिन्न क्षेत्रबाट भएका आधारबाट सरोकारवाला नागरिकको सुझाव सल्लाह एवम् सिफारिसको मागलाई मुख्य आधार बनाई व्यहोरा सम्मानित यस सम्मानित सदनमा जानकारी गराउन चाहन्छु । मन्त्रालयलाई प्राप्त बजेट सिलिङ्ग थोरै चालु आ.व.को बहुबर्षीय एवं क्रमगत योजनाका दायित्व धेरै करिब सवा तीन अर्ब मन्त्रालयको कार्यक्षेत्रभित्र दायरा फराकिलो, जनआकंक्षा बढी माननीय सदस्यहरूको सिफारिस र आम सरोकारवाला नागरिकहरूबाट योजना माग धेरै र मागअनुरूपको योजनामा कार्यान्वयन गर्न करिब ५० अर्ब जतिको, अर्ब जतिको लागतको कारणले यो योजनाहरू धेरै हुन गई साना योजना बनाउनु परेको जानकारी गराउन चाहन्छु । र विशेष म के आग्रह गर्न चाहन्छु भने यो वितरणमुखीको कुराहरू उठिरहेको छ र मलाई लाग्छ । भौतिक पूर्वाधार मन्त्रालयको यस कर्णाली प्रदेशमा गत वर्ष २०७५/०७६ भन्दा अगाडि सुरुवात भयो र कर्मचारी अभाव भयो र अब हामी सुरुवात अब पर्यटनले पर्यटन मार्ग बनाउने, पर्यटनले पर्यटकका कामहरू गर्ने, सामाजिकले पनि स्वास्थ्य शिक्षाका भवनहरू बनाउने, कृषिले कृषि सडक बनाउने, सिचाई बनाउने सबै मन्त्रालयले बनाऔं हामी । जिम्मेवारी विभाजन गरेर काम गरौं भन्ने किसिमले त्यस्तो गरियो । म के आग्रह गर्न चाहन्छु भन्दा विशेष अहिले प्रश्न भौतिक पूर्वाधारमाथि छ । साईनबोर्ड पूर्वाधार विकास मन्त्रालयको छ । विभिन्न ठाउँमा काम छ । म हजुरहरूलाई जानकारी गराउन चाहन्छु अहिले सिलिङ्ग सिंचाईको ३८ छ अरु मन्त्रालय पनि सिंचाईको काम गर्दछ । सिंचाईले उपभोक्ता समितिबाट एउटा एउटा प्रणालीबाट गर्छ । भौतिक पूर्वाधारले सिंचाई उपभोक्ता प्रणालीबाट पनि गर्छ । प्रतिस्पर्धात्मक ठेक्का प्रणालीबाट पनि गर्छ । त्यसैले यहाँ विवाद छ अलिकति मलाई के आग्रह गर्न चाहन्छु भने बजेट पूर्वाधार विकास जुन गर्नुपर्ने गति, जुन लिनुपर्ने गति, देखिएका भौतिक पूर्वाधारको परिणाम नदेखिएसम्म यसको प्रगति आउँदैन । यहाँ प्रश्न पनि सोधिएको छ र माननीयजीहरूको म के आग्रह गर्न चाहन्छु भन्दा असारे बजेट मलाई लाग्छ जेठमा अथवा उपभोक्ता समिति सम्झौता गर्दा या ठेक्कामा सम्झौता गरेर काम गर्दा वा कायदिश दिंदा फिल्डमा गएर काम गर्नुपर्छ, त्यसपछि डिलिङ्ग गर्नुपर्छ, त्यसपछि परिणाम आइसकेपछि त्यसको बिल हुन्छ र भुक्तानी हुन्छ । त्यसैले म के आग्रह गर्न चाहन्छु भने संघीय सरकारमा यो प्रणालीको सुरुवात छ, संघीय प्रणालीबाट पनि यी कुराहरूबाट सुधार्न जरुरी छ, जरुरी छ र विशेषगरी अहिले सार्वजनिक खरिद ऐन नेपाल सरकारको बजेटलाई चाहिँ कसरी बचाउने ? कसरी पारदर्शी बनाउने ? कसरी प्रतिस्पर्धात्मक बनाएर यसलाई बजेट सन्तुलन गर्ने अथवा बजेटलाई भनौ राज राजश्वलाई ठीक ढंगले ठीक ठाउँमा लिने भन्ने किसिमको जुन

संघीय सरकारले प्रणाली बनायो, सार्वजनिक खरिद ऐनमा धेरै समस्या छ । मलाई लाग्छ, आज बाधकका रूपमा नेपाल सरकारले जुन हिजो बनेका कानून आज संशोधन हुन सकेन । म के आग्रह गर्न चाहन्छु भन्दा, आदरणीय माननीय सदस्यज्यूहरूलाई के आग्रह गर्न चाहन्छु भन्दा तपाईहरूबाट पनि अब कर्णाली प्रदेश सरकार अथवा विभिन्न मन्त्रालय विषयगत मन्त्रालय, मुख्यमन्त्री कार्यालयमा कर्मचारीको बारेमा पनि संघीय सरकारले जुन समायोजन गऱ्यो, जुन समायोजन गरेर हाम्रो हातमा कर्मचारी नियन्त्रणमा अहिले पनि छैन, हिजो पनि थिएन । मलाई लाग्छ भोलि पनि छैन । भोलि पनि एउटा सामना गर्नुपर्ने परिस्थिति छ । जस्तै हामीले संघीय सरकारबाट कर्मचारी प्राविधिक हाम्रो कार्यालयमा भएको भए मलाई लाग्छ काम अगाडि बढ्न सक्थ्यो म अहिले तपाईहरूलाई भन्न चाहन्छु । यो कागज पनि मलाई तीन दिन लाग्यो, जस्तै समपूरकको बजेट अथवा सशर्तका बजेटहरू केन्द्रबाट ३ अरब ९६ करोड छ । कहीं ३ लाख छ, कहीं ४ लाख छ, कहीं भनौं ७ लाख छ कहीं ७७ हजार छ । यस्ता किसिमका बजेट आए त्यो लग मेरो मन्त्रालय अस्ति मुख्यमन्त्री गएर खोलेर भनौं, ३ दिन उही आफै बस्नुभयो ४ दिन चार घण्टा बसिसकेपछि यो बजेट बनाउनमा दुईदिन तपाईहरूसँग म ढिला गरें म माफ माग्न चाहन्छु । मलाई केही अन्यथा छैन अफ्ठ्यारो मान्नु पर्ने छैन । मलाई लाग्छ संघीय सरकारबाट जुन कर्मचारी समायोजनबाट कर्मचारी अभाव भयो र आज दुनियाँभरका कर्मचारी पनि मलाई लाग्छ अब ४-५ दिन पछि उहाँहरू जानुहुन्छ आफ्ना-आफ्ना क्षेत्रमा त्यसैले यो क्षेत्रमा एकदम कठिनाई अवस्था छ र विशेषगरी पूर्वाधार विकास, यो कोठाभित्र भन्दा पनि फिल्डमा अथवा परिणाममा भनौं बाहिर जानुपर्ने, कुनै पुल बनाउनु पर्ने, कुनै बाटो बनाउनु पर्ने, कुनै खानेपानी बनाउनु पर्ने सम्बन्धित क्षेत्रमै जाने भएको कारणले ती योजना बनाउँदा चाहे उपभोक्ता समितिबाट बनाऔं, चाहे ठेक्का प्रणालीबाट बनाऔं, कठिन छ । मेनेजमेन्टको पाटो ४०-५० प्रतिशत छ, व्यवस्थापन छ भने ६० प्रतिशत फिल्डमा छ । मलाई लाग्छ अहिले दिन प्रतिदिन नयाँ प्रविधिले गर्दा आज यो गरेर भनौं पारदर्शी हुन्छ कि यो गरेर छिटो विकास हुन्छ कि छिटो बजेट हुन्छ कि भन्ने किसिमले छ । म आग्रह गर्न चाहन्छु आज ठेक्कापट्टा हुँदा जति योजनाहरू गत वर्ष चाहिँ योजना छनौट भएका छन्, सदनले पास गरेका त्यसभन्दा बाहिर एक एउटा पनि भएको छैन । सदनबाट पास भएका योजनाहरू सबै टेण्डर भएका छन्, मलाई लाग्छ अब साउन १ गतेबाट अथवा भदौबाट वर्षाका कारणबाहेक काम सुरुवात हुन्छ । मलाई लाग्छ गत वर्षका योजनाहरू म तपाईहरूलाई म आग्रह गर्न चाहन्छु, प्राविधिक व्यवस्थापन माथि संघीय सरकारबाट काजमा भनौं २५ प्रसेन्ट जति ल्याउन सक्ने अथवा हामी प्रदेश सरकारबाट लोकसेवाबाट हामीले ६०० मुख्यमन्त्रीले अघि भनिसक्नुभा छ मुख्यमन्त्रीले बताइसक्नु भा छ । ६०० कर्मचारी न्यूनतम भयो भने पनि कार्यालय कुर्ने भयो भने पनि कम्तीमा प्रक्रिया पुऱ्याउनलाई परामर्शदाता लिनलाई पनि प्रक्रिया पुऱ्याउनलाई गरियो भने पनि यो काम अगाडि बढ्छ । अब फिल्डमा धेरै मान्छे चाहिने हुँदैन, कम्तिमा पनि एउटा योजना छ भने त्यसमा १ जना भनौं जानेको मान्छे भयो भने अरु परामर्शदाताबाट अथवा अरु दैनिक ज्यालादारीबाट ल्याएर पनि काम अगाडि बढाउन सकिन्छ र काम अगाडि बढाइनेछ, म तपाईहरूलाई ढुक्कका साथ भन्न सक्छु । म तपाईहरूलाई यो काम जति टेण्डर भएका छन् । मलाई लाग्छ असाढ मसान्तसम्म टोटल काम चाहिँ भनौं कर्मचारी व्यवस्थापन गर्न गरिनेछ । र म के आग्रह चाहन्छु भन्दा अरु विभिन्न विषयमा बजेटका कुरा मैले गत वर्षको कुरामा जति बजेट थियो त्यो बजेटलाई मन्त्रीमुखी हैन । मलाई लाग्छ म मुख्यमन्त्री भएर म कालीकोट गएको हैन। त्यो ठाउँ जाँदा एउटा लालुलैफदेखि रुप्सा जाने बाटोलाई अलि प्राथमिकता वास्तविक त्यहाँ त अहिले अरबौं रुपैयाँ हाले पनि पुग्ने अवस्था छैन । त्यो बाटोमा त्यो क्षेत्र हेर्दा मैले त्यहाँ बाटो हेरें । जस्तै सुर्खेतको सवाल सुर्खेतमा बजेट केन्द्रित भयो, मन्त्री केन्द्रित भयो भन्नुहुन्छ मलाई लाग्छ यहाँ अरु हाम्रो माननीयजीहरू पहिला यो क्षेत्रकै माननीय यामलाल कँडेलजी हुनुहुन्थ्यो । त्यस्तै अरु माननीयजीहरू

अम्मर थापासँग जोडिएको छ, जस्तै धर्म माननीयज्यूसँग जोडिएको जाजरकोट चिङ्गाड क्षेत्र त्यहाँ ४ करोडबाहेक अरु छैन । सुर्खेतसँग जोडिदा बजेट बढी केन्द्रित भो, केन्द्रित भो भन्ने किसिमको जुन गत वर्षको योजना छ । सुर्खेतसँग जोडिएको दैलेख, सुर्खेतसँग जोडिएको जाजरकोट, सुर्खेतसँग जोडिएको सल्यान, सुर्खेतसँग जोडिएको रुकुम र त्यस्तै योजना भको कारणले बाटो जाँदा कहिले पनि सुरुवात गर्दाखेरि कार्यालयले भनौं सुर्खेतदेखि दैलेख, सुर्खेतदेखि जाजरकोट, सुर्खेतदेखि सल्यान यस्ता कुरा राख्दाखेरि बजेट बढी देखिन गएको छ । त्यो मलाई लाग्छ, गत वर्षको लागि मैले तपाईहरूका लागि जुन सुझाव सल्लाह रायलाई शिरोधार्य गरी मैले अहिलेको बजेटमा तपाईहरू जोड्न सक्नुहुन्छ । मेरो बुद्धि विवेकले भ्याएर प्राविधिकलाई भनौं दुई जना एउटा सचिव र म आफू बसेर योजना बनाउँदा पनि मलाई लाग्छ, अहिले सकभर सन्तुलन गरौं भन्ने किसिमले कहिँ ५०-६० ला हजार लाख बाहेक र एक डेढ लाख बाहेक, करोडबाहेक अरू त्यस्तो किसिमको योजनाहरू अहिले सकभर सन्तुलन गरी बजेट पारिएको छ । जस्तैः खानेपानीमा लगभग ७ १२ करोड पैसा राखिया छ । त्यो-त्यो किन राखियो त भन्दा जस्तै सुर्खेतको डिभिजन अन्तर्गतको कालीकोट, दैलेख, सुर्खेत टेण्डर भएका योजनाहरूलाई क्रमागत राख्ने अर्थ मन्त्रालयमा त्यही रुल छ, त्यही नियम बना छ भनौं, एउटा कार्यविधि बनाएको चाहिँ पाइयो र वास्तविकता दुईवटा प्रणालीबाट जान्छ, एउटा ठेक्का प्रणाली, एउटा उपभोक्ता प्रणाली । काम नभएका ठाउँलाई पनि क्रमागत गरौं भनेर म आज पनि आग्रह गर्न चाहन्छु अर्थमन्त्रीलाई । अझै पनि उपभोक्ताबाट भएका सम्पन्न नभएका योजनाहरू सुरुवात भएका योजनाहरू भोलि अलपत्र पर्छन् । न हामी अहिले बजेट हाल्ने, न हिजोकामा चाहिँ क्रमागत राखेनौं भने पनि अझ तीन दिन बाँकी छ । एउटा पत्र तयार गरियो भने पनि भोलि पैंसा जति हामी टेण्डरबाट गर्छौं, उपभोक्ताबाट गर्दा पनि २० प्रसेन्ट, २५ प्रसेन्ट जनश्रमदान राख्यौं भने पनि श्रम लागतको त्यस्तो राख्न सकियो त्यो बचेको पैसाले पनि ती कामलाई चाहिँ गर्न सक्छ । र सुर्खेतदेखि कालीकोट, सुर्खेत, दैलेख यी तीनटा ठाउँका चाहिँ ठेक्का भएका योजनाहरूलाई क्रमागत राख्दा कुनै योजनाहरू ७-८ करोड पैंसा त्यसमा छ भने बाँकी चौरजहारीबाट हुने रुकुम, डोल्पा र जाजरकोट त्यहाँ क्रमागत हुने अवस्था छैन । त्यहाँ जम्मै उपभोक्ताबाट, समितिबाट काम भो त्यो ठाउँबाट योजना आउँदा अहिले क्रमागत कार्यविधिले रोक्दाखेरि हामी अर्थ तथा भौतिकसँग जोडिन सक्छ । त्यसैले बाटो फुकाउनका निम्ति मैले त्यसका निम्ति पनि एउटा १२ खानेपानीमा १२ करोड जति छ । त्यस्तै ७ करोड खानेपानीमा छ । भोलि अलपत्र भए पनि ती योजनातिर जानलाई उपभोक्ता समितिबाट सम्पर्क भएका कुनै एउटा ज अरु आशयले पैंसा त्यसरी राखिएका छैन । तिनै योजना सम्पन्न गर्नका निम्ति अब क्रमागत भनौं अर्थबाट भोलिपर्सीका दिनसम्म पनि हुन सकेन भने त्यो बजेटबाट पनि अधुरा योजनालाई चाहिँ सम्पन्न गर्नका निम्ति राखिएको छ । र ती सम्पन्न हुने बजेट त्यहाँ राख्न सकिएन भने पनि जहाँ जहाँ बजेट कम छ, जहाँ सन्तुलन भएको छैन, जहाँ आवश्यक छ । त्यस्तो ठाउँमा त्यो बजेटमा हाल्ने प्रतिवद्धता म तपाईहरूलाई जाहेर गर्न चाहन्छु । र त्यस्तै भौतिक पूर्वाधार विशेष जोडिएको विषय छ । त देखिने विषय छ, चाहें बाटोको कुरा होस्, चाहे खानेपानीको कुरा होस् । त्यसै तीनटा प्रश्न छ । एउटा काम कसरी गर्ने ? र कामको व्यवस्थापन कसरी गर्ने र बजेटको कुरा विशेषगरी सबै चीज पैंसामा आउँछ । यो द्रव्यमै आउँछ पैंसा सबै कुरा छलफल चलायो, अन्तिममा चाहे बाटो बनाउँदा होस्, चाहे खानेपानी बनाउँदा होस्, चाहे मन्त्रालय बनाउँदा होस् र अहिले जटिलता विशेषगरी म के आग्रह गर्न चाहन्छु भने म यहीबाट पनि केन्द्रिय सरकार अथवा म यो सभामार्फत् सरकारलाई केन्द्रिय सरकारलाई जरुरी छ एकदम कानूनका निम्ति छिटोभन्दा छिटो कानून फुकाउन सकियो विधि विधानलाई एउटा सही ट्र्याकमा ल्याउन सकियो भने मात्रै हामी अगाडि बढ्न सकिन्छ। हिजोकै कानून छन् हिजोकै कानूनमा टेकेर काम गर्दा हामीलाई ढिलो भएको छ । आज हिजोको कानून बाधक छ र ती कानूनको फुकाउनका

निम्ति पनि अन्तरप्रदेश सरकारको मिटिङ्ग हुन्छ । त्यसमा पनि मुख्यमन्त्रीले पहल गर्न म आग्रह गर्न चाहन्छु । र विशेषगरी अब एकातिर यता विद्युत मन्त्रालय छ । विद्युत बत्ती बल्दैन, हाम्रो जिम्मामा छैन, कर्मचारी हाम्रो जिम्मा छैन, कार्यालय सहयोगीदेखि सचिवसम्म हाम्रो जिम्मामा नभएपछि हाम्रो अण्डरमा नरहने अवस्था छ । यसो हेर्दा बाहिर सरकार छ, मन्त्री छौं हिँडिराछौं अब बाहिर भनौं बोली पनि राछौं । र बजेट सबै माथिबाट आउँछ म विशेषगरी २१ करोड मात्रै पैसा उठ्यो म आग्रह गर्न चाहन्छु । भौतिक पूर्वाधार मन्त्रालय तपाई लिखितरूपमा दस्ताबेज माग्नुहोस्, मलाई लाग्छ चार करोड चाहिँ चार अरब टेण्डर भाछ भने १ अरब ९० करोड पैसा चाहिँ उपलब्ध भाछ । मलाई लाग्छ त्यो टेण्डर प्रतिस्पर्धा घट्नु पनि राज्को लागि त्यो ढुकुटी हो । राज्यको त्यो आम्दानी हो । यसलाई अन्यथा नमान्नुस्, हामी राज्यको ढुकुटीलाई पनि कसरी बचाउनु पर्दछ, संरक्षण गर्नुपर्छ भन्ने म आग्रह गर्न चाहन्छु । र विशेषगरी दुईवटा प्रणालीबाट काममा जाने कुरा जस्तै उपभोक्ता प्रणालीबाट र ठेक्का प्रणालीबाट उपभोक्ता प्रणालीको पनि रित छ, नियम छ त्योभित्र रहेर गर्न सकियो भने प्रभावकारी हुन्छ म त्यसको विरोधी छैन । म त्यस उपभोक्ताबाट गर्न हुँदैन भन्ने पक्षमा छैन र विभिन्न यहाँ कार्यालय मन्त्रालय अगाडि आएर चाहिँ उपभोक्ता समिति गठन गर्ने, होटलबाट गराएर गर्ने यस्ता किसिमका जुन गतिविधि भको छ र विशेषगरी बिचौलियाको नाम हामी दिइराछौं यी बिचौलियाको नाम दिने पनि मलाई लाग्छ मेरो मन्त्रालयबाट त्यस्तो छैन र अरु मन्त्रालयबाट पनि मलाई थाहा छैन । त्यस्तो किसिमको मेरो मन्त्रालय अन्तर्गत कसै साथीहरूलाई कोही भनौं जनताहरूबाट तपाईहरूसँग कुरा आइसकेको छ भने माननीयजीहरूले त्यो कुरा देखाउनुहोस् म त्यसको निराकरण म तुरुन्तै गर्नेछु । र म अरु के आग्रह गर्न चाहन्छु भन्दा विशेषगरी ध्यान बजेट कम भयो र अर्को यो प्रदेशमा मैले हिजो नसकेको अवस्था, हिजोका पूर्वाधार मन्त्रालयलाई सम्पूर्ण आफ्नो-आफ्नो क्षेत्रका काम दिने कुरा भो, बाझियो । जस्तै एउटा मन्त्रालयले उपभोक्ताबाट ६ दिनमा काम गरिहाल्छ, भौतिक पूर्वाधारलाई प्रक्रिया पुऱ्याउँदा ३० दिन लाग्छ । प्रक्रियामा जान पर्ने हुन्छ, त्यसको आशय निकाल्नु पर्दछ विधि विधानअनुसार चल्दाखेरि दुई महिना भौतिक पूर्वाधारलाई लाग्ने अर्को मन्त्रालयले उपभोक्ता समिति गठन गरेर यहाँ चाहिँ भनौं बजेट छुट्टायाएको छ उता उपभोक्ता समितिबाट गठन गराउने प्रक्रिया छ यो प्रक्रियालाई मलाई लाग्छ मेरो मन्त्रालयबाट त्यस्तो हुन नदिने म प्रतिबद्धता जाहेर गर्ने चाहन्छु । र विशेष धेरै समिष्टिगतमा ४-५ वटा कुरा उठेका छन् । जस्तै दैलेखको कुरा, जाजरकोटको कुरा, दैलेखको कुरा सुशिल माननीयजीले उठाउनुभएको कुरामा म विशेष उहाँलाई के भन्न चाहन्छु भने उहाँले बारम्बार पुलको लागि विशेष जोड दिनुभयो र अम्मर माननीयजीले पनि त्यस्तो कुराहरू पुलको निम्ति दुईटा पुल त्यहाँ लाउनु पर्ने थियो र बहुवर्षीय योजनामा जुन राखिने कुरामा पुलमा बहुवर्षीय राख्दिनु पर्ने कुरा भएको थियो र हामीले सडकको निर्णय गर्यौं । एउटा २३ वटा मात्रै भएको छ । त्यतिखेर पनि मलाई लाग्छ माननीय हाम्रो मन्त्रीज्यू हुनुहुन्छ, पर्यटन मन्त्रीज्यू उहाँलाई सोध्दाखेरि त्यही बाटोलाई स्वीकृत दिनुभयो यी बहुवर्षीय योजनाको पनि अहिले किलियर के हुन पऱ्यो भन्दा कहिँ १ लाख जनता सडकमा राख्दा कहिँ ५ लाख राखिया छ, कहिँ ५ लाख हुँदा ५ लाख थप्दा १० लाख देखिएको छ जस्तै यो सुर्खेतको पश्चिममा जनता सडकको ५ लाख राख्नुभा थियो माननीय विन्दमान बिष्टजीले त्यहाँ ५ थप्दा १० भयो यो भुरीगाउँ उसमा ४ करोड थियो ६ थपियो १० भयो र मलाई लाग्छ त्यहाँ ईन्चार्ज भएर कोही माननीयसँग नजिक भएर आज गरेको हैन । मलाई लाग्छ यो चौरजहारी यो सल्लीबजारदेखि आज भनौं रुकुम जाने बाटो यति अफ्ठायारो छ, यति लामो छ त्यो ठाउँमा मलाई लाग्छ कालिकोटमा रूपसादेखि भन्ने हो भने बाटोमा बजेट अरबौं रुपैयाँ हाल्ने हो भने पनि त्यो बाटो ट्र्याकै खोलिएको छैन, न त्यहाँको मान्छे हिंड्ने स्थिति छ । त्यसैले मलाई लाग्छ मेरो जस्तै यो जीवनज्योतिदेखि लिएर कता दशरथपुर धरमपोखरा घुम्ने कुरा हो । यसमा के जोड थियो त

प्रदेशको नाम राख्दा अन्तरप्रदेश जोडियो हामीले भनौं कोहोलपुर नजोड्न पर्‍यो त्यसमा मैले अब म माफी माग्न चाहन्छु । वास्तवमा आउँदा दिनदेखि मलाई माफी माग्न केही छैन । यो जनताले सुनून् जोले सुनून् हामी देखिने एउटा रूप, एउटा सार जुन छ शैली सुर्धान जरुरी छ नेपालीले । हामी देखिदाखेरि जात्रा जाँदा नयाँ कपडा लगाएर लाउने घरको अवस्था हाम्रो उस्ता उस्तै छ । त्यसैले मलाई लाग्छ भित्र आत्मादेखि जबसम्म हामी सुर्धिन्नौं तबसम्म चाहिँ स्थिति चाहिँ अगाडि बढ्ने छैन । त्यसैले मलाई लाग्छ जीवनज्योति हिजोदेखि भनौं जुम्लादेखि दैलेखदेखि जाजरकोटदेखि हिंड्ने बाटो गरेको चिङगाडदेखि आज दशरथपुर हुँदै छिन्चु जाने बाटो भएको हुँदा त्यो बाटोमा मात्रै जम्मा ४ करोड मात्रै पैसा छ । त्यहाँ पुल तयार हुने अवस्था भैसक्यो टेण्डर भएको दुईवर्ष भयो त्यहाँ बाटो तयार नभएको हुँदा त्यो बाटोलाई हालिएको हो र विशेष म के आग्रह गर्न चाहन्छु भन्दा म दैलेखका क्षेत्रमा दुईवटा पूलको चाहिँ कुरा भएको छ । बहुवर्षीय पुललाई हाल्न म अब बजेटले अथवा घटेको आको बजेटले सदनबाटै पास गरेर एउटा निकास भयो भने बहुवर्षीय योजना र मुगु, डोल्पा र पुल नपरेको ठाउँमा पहिलो पुल बनाउने हामीले बजेटमा पनि निश्चित गर्‍याछौं, तपाईहरू रेडबुकमा हेर्ने सक्नुहुन्छ । जहाँ पुल परेको छैन, त्यहाँ प्राथमिकता दिने भनेर हामीले लेखिराछौ । त्यस्तै अरु जुन डोल्पाको एउटा क्षेत्र छुटेको छ, त्यो क्षेत्रलाई पनि बहुवर्षीय बनाउनका लागि मैले फाईल अगाडि बढाएको छु । अर्थ मन्त्रालयबाट स्वीकृति भयो भने तत्काल भोलि या पर्सिभित्र त्यो टेण्डर म गराउने म प्रतिवद्धता जाहेर गर्न चाहन्छु । जम्मा २३ मात्रै भयो । र अर्को यो क्रमागत योजनामा जुन किसिमको यो ५ लाखको किन घटेर ३.५० मा आयो भन्ने छ । जस्तै कस्तो भयो त भन्दा हामीले जेठको महिना, जेठको २ गते टेण्डर निकालेपछि हामीले ३० प्रसेन्ट खर्च गर्न सक्छौ भने अर्थ मन्त्रालयलाई हामीले, हामीले जुन योजना दियौं, चौमासिक त्यही कारणले गर्दाखेरि हामीले बजेट ५ करोड राख्ने ठाउँमा ३.७० जस्तै अब जाजरकोटको ३.७० को ठाउँमा २.७० हुन आछ ८० घटेको छ । र त्योभन्दा अझ बिलो गा'छ निर्माण व्यवसायहरू अथवा ठेक्कापट्टा धेरै घटेको छ । तर त्यो पैंसा त्यस किसिमले राख्दाखेरि त्यस्तो पर्न गएको छ । जस्तै १० लाख परेको ठाउँमा ८ छ कहिँ १५ परेको ठाउँमा साढे तेह्र हुन गएको छ । त्यो कुनै काहिँ तलमाथि गरिएको पनि हैन, कुनै नियतवश गरिएको पनि छैन र विशेषगरी जुन ठाउँमा सन्तुलन भएको छैन बजेट, जुन ठाउँमा मलाई लाग्छ घटेका बजेट गर्न सकिने समयमा कर्मचारी चाहिँ भनौं समयमा पूर्णरूपले चाहिँ उपस्थित हामीसित लिन सक्यौं ल्याउन सक्यौं भने त्यहाँ सन्तुलन नभएको ठाउँमा अथवा बहुवर्षीय ठाउँमा सुरुवात भएको छ त्यो ठाउँमा बजेट अब निरन्तरता लाउने त्यो बजेट, त्यो जहाँ कम छ त्यहाँ बजेट हाल्ने म प्रतिवद्धता जाहेर गर्दै समिष्टगतमा माननीयजीहरूको जुन सुझाव सल्लाह जुन दिनु भाछ, त्यसलाई म अनुशरण गर्दै आउँदा दिनमा जुन यसपालि बजेट छ तपाईहरू रातो किताब आउँछ हेर्नुहोस् मलाई लाग्छ क्रमागत र बहुवर्षीय छुट्टाएर हेर्नु भयो भने मलाई लाग्छ ५०-६० लाख अथवा १ करोड २ करोडभन्दा बढीको अन्तर परेको छैन र बजेट भनेको पनि अर्को के हो त भन्दा बराबर भाग लगाउनभन्दा पनि आवश्यकता कति हो ? परिणाम कति हो ? मलाई लाग्छ म सुर्खेतको मान्छे माननीय भएर हैन सुर्खेत एउटा भ्यालीभित्रै छ । म अन्यथा नजाओस् यो पश्चिम लगाम,अहिले भनौं छाप्रे, पूर्वको चिङ्गाड, लेखपराजुल, सिम्ता कस्तो हालत छ ? मात्रै हिजो सदरमुकाम भो यही खनियो र अर्को के हुन सक्छ भने केन्द्रिय बजेटको पनि हामीले हेक्का राख्नुपर्ने हुन्छ मैले यो भाषण गरे जस्तो भाछ । जस्तै पुल अहिले डोल्पामा दुई अरब जतिको चाहिँ आर्मीले काम गर्‍याछ । हुम्लामा न्यापले काम गरिरहेको छ । जहाँ केन्द्रको बजेटलाई पनि मलाई लाग्छ अलिकति कहाँकहाँ परेको छ । नपरेको ठाउँमा सन्तुलन गर्न पर्छ भन्ने माननीयजीहरूको राय सल्लाह सुझाव आयो भने त्यस्तो किसिमले हामी अगाडि बढ्न सक्यौं भने यो कर्णाली प्रदेशको जुन एउटा गन्तव्य भनौं जहाँ हामी पुग्न सक्छौं । त्यसैले म पनि नयाँ मान्छे हुँ, हामी

नयाँ माननीय भइयो नयाँ चाहिँ संरचनास्वरूप आ'छ । नयाँ मन्त्री भइएको छ । अब त्यसैले अब विधि र कानूनको कुराले समस्या भैराखेको छ । यो समस्यालाई फुकाउनका निम्ति आदरणीय माननीयजीहरूको ठूलो देन यसै सभामा पास गरेर कर्मचारी १५ दिन अथवा १ महिनामा भदौ १ गतेभित्र ठोस रूपले कर्मचारी चाहिँ उपस्थित भयो भने हामीले परिणाम दिन सक्छौं सक्दैनौं मन्त्रीले त्यसपछि हामी कर्मचारी भएर मलाई लाग्छ । कर्मचारी सबै उपस्थित हुँदा काम गर्न सकेनौं भने मलाई लाग्छ एक महिनाभित्र त्यसपछि म छोड्ने प्रतिवद्धता जाहेर गर्दै म यहाँबाट म विदा हुन्छु । धन्यवाद ।।

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक २०७६ अन्तर्गतको भौतिक पूर्वाधार विकास मन्त्रालयको शीर्षकहरूमाथिको छलफल समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरू, कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १३२ को उपनियम ७ बमोजिम कर्णाली प्रदेश विनियोजन विधेयक २०७६ अन्तर्गतको प्रदेश सभा सचिवालय, कर्णाली प्रदेश योजना आयोग, लोक सेवा आयोग, मुख्यन्याधिवक्ताको कार्यालय, र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयहरूको शीर्षकहरूमाथिको छलफल प्रारम्भ हुन्छ । सर्वप्रथम माननीय श्री जीवनबहादुर शाही ।

**माननीय श्री जीवनबहादुर शाहीः** सम्माननीय सभामुख महोदय, आज हामी वार्षिक योजना तथा कार्यक्रम मुख्यमन्त्री कार्यालय, प्रदेश सभा सचिवालय, कर्णाली योजना आयोग, लोक सेवा आयोग, प्रमुख मुख्यन्याधिवक्ताको कार्यालयको विषयमा म यहाँ छलफल गर्न उपस्थित भएको छु । यसको लागि म सम्माननीय सभामुखज्यूलाई धन्यवाद दिन चाहन्छु । र अर्को म सरकारलाई पनि धन्यवाद दिन चाहन्छु । सरकारले ठूलै प्रगति गरिदिएको छ । यो प्रदेश सभा सचिवालयमा वास्तवमा प्राक्टिस हेर्दाखेरि प्रदेश सभाको हामीले यहाँ पेश गर्ने चलन चाहिँ हुँदैन, नर्मल्ली चाहिँ हुँदैन । यो यसको राख्ने हुन्छ तर पनि यले के देखायो भने राम्रो कुरो के भने कति हुन्छ, के हुन्छ, पारर्दशिता गर्ने कुरो देखायो र यसमा जुन यतापट्टि कार्यक्रम र क्रियाकलाप रहिछन् सांसदहरूको लागि यति पैंसा भनेर, अनि विपक्षी दलको नेता भनेर पनि राखेको रैछ । त्यसमा धन्ने १३ लाख रुपैयाँ राखेको रै छ । भनेपछि मैले अरु विपक्षी दलको नेता त देख्या छैन । मैले पाउनु पर्ने चाहिँ वार्षिक रूपले साढे ६ लाखसम्म भेट्छ जस्तो लाग्छ यो अब करसर कटाएर होला । १३ लाख भनेपछि त विपक्षी धेरै कराउन थाले भनेर पो बढाएको हो कि त्यो भायाहुनाले मैले धन्यवाद दिनै पर्दछ, मैले अब यति प्राप्त गर्ने भएछु । यसको लागि चाहिँ सरकारलाई मैले धन्यवाद दिए अथवा अरु प्रतिपक्ष दल पनि छन् भन्ने त मलाई थाहा भएन । मैले बुझेको चाहिँ प्रतिपक्ष दल त एउटा हुन्छ भन्ने सुनेको थिएँ । यो यहाँ देखिएको हुनाले त्यसलाई मैले धन्यवाद दिए । अनि राष्ट्रिय योजना आयोग, कतै तालाबन्दी गरेर पो गएको हो कि भन्ने जस्तो लाग्छ । आज छलफल हुँदैन कोही काहिँ देख्दिन । यस्तो मजाक पो आयो । यो त अस्ति पनि माननीयज्यूहरूले देखाइसक्नु भयो । जोले प्लानिङ्ग गर्छ, जसले प्लानिङ्ग गर्छ प्लानिङ्गको हालत यस्तो छ । कमसेकम एउटा मर्यादाको लागि भए पनि एउटा किताब यस्तो बनाउन सकिन्थ्यो होला । भित्र एउटै पाना होला धेरै खर्च छैन होला । त्यो गर्न सकिन्थ्यो र यसमा पनि म केही कुरा भन्न चाहिँ चाहें । यो अनि मैले अस्ति भनेको थिएँ यी कागजहरूले प्रमाणित गर्दै जान्छ । प्लानिङ्ग र कमिसन । प्लानिङ्ग हरायो कमिसन मात्र रह्यो कि भनेर भन्या थिएँ । यहाँ चाहिँ के भनेको छ भने अब प्लानिङ्ग कमिसन के हो भने विज्ञहरूको लागि नै भनेर प्लानिङ्ग बनाएको हो । यसमा के भन्छ, मैले नबुझेको होला । विज्ञ र सल्लाहकार सेवा खर्च भनेर भन्छ । एउटा विज्ञ भनेर प्लानिङ्ग कमिसन बनाउनु, फेरि अर्को विज्ञ र सल्लाहकार भनेर फेरि अरु ल्याउनु पर्ने भयो । त्यसको लागि २४ लाख राखिएछ, हेलो । अनि कर्णाली प्रदेशको तथ्याङ्क संकलन भनेर कर्णालीको तथ्याङ्क संकलन ठीक छ यो त गर्नै पऱ्यो । यसले नगरेर त प्लानिङ्ग बन्दैन ६० लाख

राखिएछ । त्यसपछि तल फेरि आएर मैले बीचका कुराहरूलाई चाहिँ छोडिदिए अब यी कति नै उनै गर्नु र तत्थ्याङ्क संकलन कार्यक्रम भनेर फेरि ४० लाख राख्यो । अनि प्लानिङ्गले नै के गर्‍यो भने एकमुष्ट राख्यो भने त एक करोड भनेर माननीयहरूका आँखा ठूलो होला भनेर त्यसरी टुक्रयाउने जुन काम भएको छ, यले राम्रो गर्दैन । अनि के भन्छ कर्मचारी अनुगमन तथा मूल्याङ्कन खर्च छ अब कर्मचारी हुन् भने फेरि विज्ञ पनि छन् कर्मचारी । मैले बुझेको के हो भने त्यहाँ हुने माननीय सदस्यहरूको जसरी यहाँ २२ जना संसदको यस्तो, विपक्षी दलको यस्तो, फलानोको यस्तो, भनेर आए जस्तै यहाँ आउनु पर्थ्यो नि । प्लानिङ्गमै त्रुटी भैसकेपछि प्लानिङ्ग कार्यालय चाहिने हो कि हैन ? अब उहाँको पनि हालत यस्तै छ, हाम्रो मुख्यन्याधिवक्ताको पनि । यलाई एउटा बाहिर कभर गर्न सकिन्थ्यो होला नि बजेट उहाँहरूको कम छैन । १ करोड ६२ लाख ६३ हजार छ । त्यसमा एउटा कापी, एउटा किताब, एउटा मर्यादाको लागि राख्नको लागि त कति नै लाग्थ्यो होला र ? हजारै रुपैयाँ लाग्थ्यो होला । बढी त लाग्दैन्थ्यो होला । पहिला पहिला हामीले यहाँ सुझाव दियौं । यहाँ पनि यस्तै चलन थियो, एउटा कागज ल्याएर दिने पहिलाको अहिलेको मैले हाम्रा मुख्यसचिवज्यूलाई भन्न खोज्या हैन कि । हाम्रा मुख्य सचिवलाई भन्न खोजेको हैन । पहिलेका ती त्यस्तै आउँथे ती सुधारिए म धन्यवाद दिन चाहन्छु । अब विशेष गरेर यी कुराहरू यस्तो अवस्थामा छ सभामुख महोदय । नीति तथा कार्यक्रमहरू १ वर्षको लागि आउने गर्दछ । ०७५/०७६ मा पनि हाम्रो नीति तथा कार्यक्रम आयो २०७६/०७७ मा पनि आएको छ । त्योभन्दा अगाडिका नीति कार्यक्रमलाई हामीले त्यति साह्रो ऊ हेरेनौं । अब हिजो सुन्नमा आयो हामीले ठूला परिकल्पनाहरू जहाजहरू ल्याउने जहाज संञ्चालन गर्ने, भन्ने कुराहरू पनि हामीले परिकल्पना नगरेका हैनम् । त्यसमा पैंसा यती नै कहाँ छुट्टायाएको हो र ? यी त कुरा गर्दैछौं प्रक्रिया बन्छ । अनि मलाई के लाग्यो भने यो ०७५/०७६ को मा के रैछ दुर्गम क्षेत्रका जनतालाई १२९ बुँदामा दुर्गम क्षेत्रका जनतालाई सहज र सुलभ हवाई यात्रा गर्न प्रदेश राजधानी सुर्खेतबाट उडान हुने हुम्ला, जुम्ला, मुगु र डोल्पामा आवतजावत गर्न हवाई इन्धनमा कार्यविधि बनाई अनुदान दिने व्यवस्था गरिनेछ । हवाई इन्धन यो फ्युल सर्च चार्ज भन्छ, त्यसको घटाउने कुरा गर्‍यौं भने अटोमेटिक त्यो घटछ । कार्यविधि सायद त्यो बन्यो होला । मान्छे त्यसैले यो सुर्खेतबाट फ्लाईटका फ्लाईट भैरहेका छन । अनि अर्को हामीले गरेका रै छौं । १५७ मा सडक पूर्वाधार विना विकासको ढोका खुल्दैन भन्ने अनुभवका आधारमा सडकमार्ग नजोडीएको जिल्ला हुम्ला र डोल्पाको सदरमुकाम जोड्न सडक १ वर्षभित्र जोडिनेछ । आज १ वर्ष नाघेजस्तो लाग्छ सभामुख महोदय । नेपाल सराकारले अगाडि सारेको अन्तर्राष्ट्रिय सीमा जोड्ने सिमीकोट हिल्सा, गमगढी नाक्चेनाग्ला, दुनै मुरिल्ला सडकलाई उच्च प्राथमिता दिइनेछ । जमुनाहिल्सा रानीघाटदेखि बर्दियाको भुरीगाउँसम्म, जाजरकोट मुस्लामदेखी जुम्लाको टोप्लासम्मका यी अरु अरु छन् म धेरै पढ्न चाहन्न यो वर्षभित्र गरिनेछ भनेर गरेका कामहरूका हामीले देख्यौं । देखियो यो पल्ट त कतै त्यो हुम्लाको नाम पनि आएन, डोल्पाको नाम पनि आएन । अनि २० नम्बरमा के भनेका रैछौं भने ठूला पूर्वाधार त्रिदेशीय द्रुतमार्ग रेलमार्ग सुर्खेतमा प्रदेश स्तरीय एअरपोर्ट, विभिन्न स्थानका अन्य एअरपोर्टहरूको स्तरोन्नतिका लागि स्तरोन्नतिका साथै पर्यटकीय एअरपोर्टहरूको रूपमा हुम्ला र रुकुममा निर्माण गर्न १ वर्षभित्र डिपिआर तयार गरी सरकारी, निजी साझेदारीमा निर्माण कार्य गरिनेछ । मैले बुझेसम्म एअरपोर्ट बनाउने काम संघीय सरकारले गर्छ । हाम्रो सरकार छ तर हामी सार्वभौमसत्ता सम्पन्न होइनौं । सार्वभौमसत्ता सम्पन्न भनेको नेपाल सरकार हो । हामीले यो हेक्का राख्नु पर्छ । सरकार श्वतःस्फूर्त भएर विस्तारित गर्न विकास बढाउनलाई हो तर हामी सार्वभौमसत्ता सम्पन्न चाहिँ होइनौं । केन्द्र हो केन्द्रले हामीलाई नियन्त्रण गर्दछ । अनि हामीले जान्यौं भने स्थानीयलाई नियन्त्रण गर्न सक्छौं । त्यो पनि सार्वभौम होइन स्वतन्त्र सरकार हो । यो कुरामा चाहिँ हामीले सोच्नुपर्ने यसैबाट देखिन्छ । अब हामीले

चाहिँ के-के चलाउन सक्छौं या सक्दैनौं भन्ने कुराहरू पनि देखिन्छ सभामुख महोदय । अब यो यो वर्षका नीति कार्यक्रममा केहि पनि नआएका कुराहरू छ । मैले भनिहाले सभामुख महोदय अनि मलाई लाग्यो त्यो मन्त्रीहरूले किन यस्तो गरे ? मन्त्रीहरूले यस्तो कार्यक्रम किन ल्याउछन् ? भन्ने हेर्दै जाँदा केही नभए पनि हामीलाई एउटा केन्द्रीय अनुभव पनि भयो प्रधानमन्त्रीको कार्यालयमा चालु खर्चबाहेक विकासे योजनाहरू भएको कम्तिमा पनि मेरो यो मनसपटलमा छैन । राज्यको कोष अर्थ मन्त्रालयमा हुन्छ माथि, यहाँ चाहिँ आर्थिक मामिलामा हुने होला । कैयौं कुराहरू पूँजीगत खर्च, चालु खर्चहरूका कोष हुन्छ । जुन हाम्रो संचित कोष छ । त्यसकारणले त अर्थमन्त्रालय चाहिने हो । यदि अर्थ मन्त्रालयप्रति मुख्यमन्त्रीको विश्वास छैन भने त्यो आफै राख्न सकिन्छ । उदाहरण हाम्रो ५ नम्बर नै छ । ५ नम्बरमा त्यहाँका मुख्यमन्त्रीले अर्थमन्त्रालय पनि आफैसँग राख्नुभएको छ । र आजकै नदेखेका कुराहरू नयाँ प्रयाक्टिस सायद अघि एकजना मन्त्रीले भन्दै हुनुहुन्छ । नयाँ कानून बनाउनु पर्‍यो एकदम त्रुटीपूर्ण भए त्यसैले अगाडि बढनु पर्‍यो । एकदम फाष्ट ट्रयाकमा भन्ने हिसाबले हो या के हो ? मलाई लाग्थ्यो मुख्यमन्त्री कार्यालयमा अहिले हाम्रा प्रमुख सचिवज्यू पनि इन्टलेक्च्युअल टाईपको आउनु'भाछ । योभन्दा पहिलाका प्रमुख सचिव चाहिँ अली नबुभ्ने हुन् कि भन्या जस्तो लाग्थ्यो । कहिले कहिले इन्टलेक्च्वालिटि नै डरलाग्दो हो कि भन्ने पनि लाग्न थाल्यो । अब अहिले आएर हामीले सबै पैंसाहरू मुख्यमन्त्री कार्यालयमा राख्ने गरेका छौं । नियति यहिबाट सुरु भएको छ सभामुख महोदय । मैले यो पढेर नै सुनाउनुपर्ने कुराहरू चाहिँ भयो । जस्तै मुखमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमा भवन मर्मत भनेर १२ लाख राखेको छ । होला गर्नु नै पर्ने होला अनि भवनको रङरोगन गर्ने वापत भनेर ८ लाख राखिएको छ त्यो पनि गर्नै पर्ने होला । त्यसपछि तल आएर अन्य सम्पत्तिको सञ्चालन तथा मर्मत सम्भार त्यो के हो अन्य सम्पती भनेको भवनमर्मत पनि हुन्छ, भवनको रङ्गरोगन पनि हुन्छ भने कि सम्पत्तिका नाम अन्य सम्पत्ति भनेको के हो ? त्यो एउटा गजबको छ । अनि अर्को छ सभामुख महोदय विशषज्ञबाट लिइने सेवा बापत १२ लाख राखियो ठीक हो विशषज्ञहरू आउँछन सेवासुविधा लिनुपर्ने होला । त्यसका लागि अहिलेका विशषज्ञ भनेका बिना पैंसाका काम गर्दैनन् १२ लाख राखियो त्यो मैले अन्यथा मानेको छैन सभामुख महोदय अनि त्यसको मुन्तिर राखेको छ अध्ययन अनुसन्धान सल्लाहकार सेवा आदिको पारिश्रमिक खर्च फेरि १२ लाख विशेषज्ञबाट लिइने सेवा वापत भनेर २४ लाख राख्न सकिन्थ्यो होला नि त हामीले मुख्यमन्त्रीको कार्यालयमा त्यो १२ लाख २४ लाखको कुरा हैन तर नियतिको कुरा त्यस्तो गरी राखेको छ । अनि अर्को छ सभामुख महोदय सफ्टवयर परामर्श सेवा खर्च भनेर ३ लाख राखिएको रैछ । योसँग मैले जोड्न खोजेको के हो भने म सिरियलवाइज जान्छु तर जोड्न खोजेको अनि खर्च संकेत ३११३२, अब ११.६.४ यताउता राखिएको छ । यो, त्यहाँ चाहिँ के भनिएको छ भने सफ्टवयर खरिद तथा परामर्श भनेर फेरि ३ लाख नै राखिएको छ । के हो यो आन्तरिक पर्यटन भ्रमण कार्यक्रम पनि रैछ । अब बाह्य पर्यटकले पुगेन अब आन्तरिक पर्यटन भ्रमण कार्यक्रम मुख्यमन्त्री कार्यालयमा भ्रमण कार्यक्रम भनेर राख्न सकिन्छ नि मुख्यमन्त्री सबै जिल्लामा जानुपर्ने होला । सबै ठाउँमा पुग्नुपर्ने होला अनि आन्तरिक पर्यटन र भ्रमण कार्यक्रम भनेर २० लाख राखिएको छ सभामुख महोदय अनि कर्णाली सेवा पुरस्कार १० लाख राखिएको छ ठीक होला । यो पुरस्कार दिनुपर्ने होला अनि मुख्यमन्त्री महिला तथा दलित आयआर्जन कार्यक्रम भनेर २ करोड राखिएको छ । मैले ठिकै होला मैले अझै सामाजिकमा पनि फेरि यही कार्यक्रम ५ करोड राखिएको देखिन्छ । यदि मन्त्रालयकै नै अधिकार चाहिने थियो भने सभामुख महोदय मुख्यमन्त्रीज्यूले म एउटा मन्त्री बने हुन्छ नि त, कि त ती मन्त्रालयलाई आफूमा गाभे हुन्छ । यहाँ पनि यस्तो देखिन्छ । अनि जनतासँग मुख्यमन्त्री कार्यक्रम, हाम्मा कुडा हाम्मा मुख्यमन्त्री, हेलो मुख्यमन्त्री, स्थलगत मुख्यमन्त्री, श्रव्यदृश्य मुख्यमन्त्री, प्रत्यक्ष प्रसारण कार्यक्रम किनभने मुख्यमन्त्री भनेर लेख्याछेन के पछाडी स्थलगत

भनेपछि त मुख्यमन्त्री कै काम भयो त्यसैले स्थलगत मुख्यमन्त्री, ५० लाख अब हाम्रा कुरा भनेर नबुझ्ने भैसकेपछि हाम्मा कुरा आएका होलान् । हाम्मा कुरामा ५० लाख श्रव्यदृश्य पनि हामीले हाइड्रोदेखी हलो भनेर कम्तिमा पनि हप्तामा एक चोटी जनतासँग प्रत्यक्ष सरोकार गर्ने विषयहरू हुन् । ५० लाख लाग्ला ५० करोडै लाग्ला तर विभिन्न खालले गरेको अनि मन्त्रीले के सिके भनेको त मुख्यमन्त्रीले यस्तो गरेपछि मुख्य, मन्त्रीहरूले नसिक्ने त कुरै भएन नि सभामुख महोदय प्रदेश समन्वय परिषद्को बैठक ३० लाख ठीक छ । हामी यसमा केही छैन । स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतसँग छुट्टायाएको पैंसा ठीक छ यो चाहिने होला । अनि संगठन तथा व्यवस्थापन सर्वेक्षण खर्च भन्यो हैन संगठन भनेको मुख्यमन्त्रालयभित्रको संगठनलाई होला त्यो त्यसको सर्वेक्षण गर्ने त्यो पनि ठिकै छ । फेरि त्यसपछि तल के राखिएको छ भने सभामुख महोदय, व्यवस्थापन परीक्षण भन्या छ । अनि माथि व्यवस्थापन गर्नलाई पहिला हुन्छ कि हुन्न भनेर परीक्षण गर्नुपर्ने हो । त्यसको लागि भनेर ५ लाख समेत छुट्टायाइएको छ । प्रदेशभित्र सञ्चालित आयोजनाहरूको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन पृष्टपोषण गर्ने १० लाख राखियो त्यो ठीक होला । प्रदेश र स्थानीय तह बीचको शासन व्यवस्था तथा अधिकार विविध पक्षहरूमा अन्तरक्रिया कार्यक्रम भन्या छ त्यो पनि ठीक होला । त्यसपछि आएर सभामुख महोदय सामाजिक सुरक्षा कार्यक्रम सामाजिक सुरक्षा कार्यक्रम भने वितरणमुखी भयो खाना, नाना र छानाको लागि ४ करोड छुट्टायाइयो, अब त्यो खाना, नाना र छाना दिनको लागि यो सामाजिक सुरक्षा भनेर वितरण गर्न लागि यत्रो ४ करोड राखेर गर्न खोजेको के हो ? हामीले हाम्रा जनताहरूलाई आत्मस्वाभिमानी बनाउदै छौं या परजीवि बनाउदै छौं । अनि त्यसपछि मुख्यमन्त्री रोजगार कार्यक्रम भनेर २ करोड ९७ लाख राखिएको छ । रोजगार मन्त्रालय कहाँ पर्छ शीर्षक होला । चुरे राष्ट्रपति, चुरे भावर त्यो के कार्यक्रम थिए त्यो पैंसा राष्ट्रपति कार्यालयमा हुँदैनथे त । पैंसा कहाँ हुन्थ्यो वन मन्त्रालयमा हुन्थ्यो । हाम्रो मुख्यमन्त्रीज्यूलाई यत्रो पैंसा राख्नको लोभ कहाँबाट जाग्यो मलाई अच्चम लागेको छ । रोजगार कार्यक्रम अनि अर्को अच्चमको छ सभामुख महोदय, श्रमविहिन सरसफाई कार्यक्रम सरकारले भन्यो कि महिनाको पहिलो १ गते श्रम गर्ने । श्रम भनेको के हो ? पैंसा लिएर गर्ने श्रम हो ? ती दिनमा के भने हामीले १ दिन गरेर हाम्रो श्रमले मुलुक बन्न सक्छ भन्ने किसिमले गरियो । महिनाको मैले जहाँसम्म सुनेको छु महिनाको पहिलो १ गते पहिला पहिला त शनिबार भन्ने गरेको थियो क्या हो । त्यसमा चाहिँ श्रम दिन सरसफाई कार्यक्रममा १२ लाख रुपैयाँ राखियो । महिनामा एकचोटि हुन्छ १२ महिनामा १२ चोटि हुने भो अनि त्यसलाई श्रम किन भन्ने सरसफाई दिन भने भैगो नि । सरसफाई कार्यक्रम गर्ने भने किन अरु केही किन्नु पर्ने होला अर्को गर्नु पर्ने होला । १ दिन गर्नको लागि १२ लाख रुपैयाँ छुट्टायाइएको छ सभामुख महोदय । श्रम श्रमको कार्यसम्पादन समन्वय तथा निर्देशन समिति केही भएन आन्तरिक नियन्त्रण प्रणाली निर्माण तथा कार्यान्वयन । आन्तरिक नियन्त्रण प्रणाली निर्माण तथा कार्यान्वयन भनेको के हो ? ढोकाभित्र पस्न पाउने नपाउने ? भन्ने हो कि है । अब अहिले डिजिटाईजका कुराहरू भएका छन् त्यो कुरा हो कि, त्यसपछि फेरि के राखिन्छ भने प्रदेश स्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण अभिमुखीकरण गर्न ५ लाख राखियो । भ्रष्टाचार नियन्त्रण सुशासन मानवअधिकार सम्बन्धमा अन्तरक्रिया जनचेतनामूलक कार्यक्रम तथा प्रचारप्रसार सामाग्री उत्पादन तथा वितरण १२ लाख । अब के मुख्यमन्त्रीको कार्यालय त्यो प्रचारप्रसार पनि बाँड्दै हिंड्ने हो ? यसैको लागि मुख्यमन्त्रीका अन्तर्गत ६ वटा मन्त्रालय बने । ६ वटा मन्त्रालयले यी यी कामहरू गर्दछन्, सबैको नाइके भनेको मुख्यमन्त्री हो । मुख्यमन्त्रीले आदेश दिने हो । यो काम तिमीले गर, प्रचारप्रसार यहाँ गर, शिक्षाबाट यो गर सामाजिकबाट यो गर भौतिकबाट यो गर त्यस्तो हो भने सरकार बन्नुभन्दा अगाडि माथि केन्द्रमा हुन्छ नि प्रधानमन्त्री कै अधक्ष्यतामा सबै मन्त्रालय भए जस्तै कि त हामी त्यो गरौं न त । यो

खालको अवस्था छ । अर्को प्रदेश समृद्धि र विकासका सम्भाव्यता पहिचान सम्बन्धमा विभिन्न क्षेत्रगत विषय विज्ञ समूह तथा सरोकारवालासँग अन्तरक्रिया छलफल कार्यक्रम गर्न १० लाख रुपैयाँ राखिएको छ । अगाडि नै भन्या छ सल्लाह लिने परामर्श लिने प्रदेश कानून परिपालना र न्यायिक समितिको अनुगमन कार्यक्रम गर्नलाई ८ लाख राखियो । त्यो कानून मन्त्रालयको कानून भन्ने हटाईदिए भैगो नि त । कानून मन्त्रालयको दायित्वभित्र होला कि यो गएर उले अनुगमन गर्ने परिपालना भयो कि भएनन्, न्यायिक समितिहरूको के भएको छ भन्ने कुरा आउला नि । अनि वार्षिक नीति तथा कार्यक्रमको नियमित अनुगमन तथा वार्षिक प्रगति समीक्षा कार्यक्रम । नीति तथा कार्यक्रमहरू अनुगमन गर्नुपर्ने नै होला अघि नै मैले भने त्यसैले मैले देखेको हुनाले दुईवटा पढेर सुनाएको हो । पहिलाका कतिका अनुगमन भए, अनि विभिन्न कानून निर्माण तथा साझेदारी मोडालिटी तयारी गरी तयारीको लागि कार्यक्रम । अब विभिन्न कानूनहरू कले बनाउने सबै कुरा त्यहाँ आउँछन् मलाई जहाँसम्म लाग्छ यस्ता पैंसाहरू कहाँ हुन्छ त कानून मन्त्रालयमा राख्नु पर्ने हो । त्यो पैंसा त त्यहिबाट खर्च हुन्छ नि । यो एकताका मलाई याद आयो सभामुख महोदय, जिल्ला विकास समिति भैसकेपछि प्राविधिक कार्यालयहरू भयो, धेरै माननीयजीहरू त्यसमा विज्ञ हुनुहुन्छ । प्राविधिक कार्यालयलाई जिल्ला विकास समितिमा गाभ्ने भन्दाखेरि ठूलो द्वन्द्व भयो प्राविधिक कार्यालयका प्रमुखहरू आउन मानेनन् । कारण के रैछ भने चेकमा हस्ताक्षर गर्न नमिल्ने, चेकमा हस्ताक्षर गर्न नपाउने भएपछि हामी किन आउने ? के मुख्यमन्त्रीजीको काम चाहिँ चेकमा हस्ताक्षर गर्ने हो र ? त्यत्रो विज्ञ भएको मन्त्रालयमा त्यत्रो विज्ञ विज्ञ सचिवज्यूहरूले यति पनि सल्लाह दिनसक्नु भएन होला र ? होला चाहिन्छ त्यहाँ तर ती कामहरू गरेवापत सम्बन्धित मन्त्रालयलाई खर्च गर्न लगाउन सकिन्छ । आफैले चेक काटन पर्ने जस्तो त मलाई लाग्दैन सभामुख महोदय । प्रदेश सरकारको कार्यालय तथा कार्य सम्पादन अनुगमन तथा मूल्याङ्कन कार्यक्रम खर्च छ त्यो ठिकै होला आश लाग्छ प्रदेश सरकारको कार्यालय तथा कार्य सम्पादनको अनुगमन तथा मूल्याङ्कन कार्यक्रम भनेर ८ लाख राखिएको छ । त्यसपछि अनुगमन तथा मूल्याङ्कन खर्च भनेर २० लाख ६२ हजार राखिएको छ सभामुख महोदय अनि त्यसको मुन्तिर छ सभामुख महोदय अनुगमन तथा भ्रमण भनेर राखिएको छ जम्मा ३ छ । ३ भनेको हजारमा भनेपछि ३ हजार, ३ मात्र राखिएको छ सभामुख महोदय यो सभामुख महोदयलाई पनि मैले देखाउन चाहे । त्यसका पछाडि कति हुने भयो त भन्दा ३ वटा जिरो थप्दा ३ हजार हुने भयो अनि अनुगमन तथा भ्रमणको लागि ३ हजारले के चाहिँ हुँदोरैछ सभामुख महोदय, र मलाई लाग्यो पैंसा छुट्टायाइयो पैंसा छुट्टाएर कार्यक्रम अनुसार पैंसा मागिएको थिएन सभामुख महोदय । कार्यक्रमअनुसार पैंसा मागिएको थिएन, पैंसा अनुसार कार्यक्रम बनाइयो जाँदैजाँदा छुट्टायाउदै जाँदा ३ रुपैयाँ बाँकी रहयो अनि अनुगमन भनेर यस्तो पनि मुख्यमन्त्री कार्यालयको सभामुख महोदय । अन्य सहायता बापत प्रदान गरिने ३ करोड राखिएको छ । अब कुन कुन सहायता हो हामीलाई थाहा छैन । अन्य सहायता हामीले बुझ्यौं किनकि दुई नम्बरमा पहिला त्यस्तो हुँदा त्यसरी सहयोग गरियो । अब बाढीपहिरो आउला त्यो सहयोग गरिएला, त्यसमा हामीले त्यो ढंगले बुझेका छौं तर अन्य भनेको के हो थाहा छैन सभामुख महोदय । बैंक खाता छोरीको सुरक्षा जीवनभरीको, छोरी सुरक्षा कार्यक्रम । छोरीको सुरक्षा दिने मुख्यमन्त्री कार्यालय हो या सामाजिक मन्त्रालय हो ? सामाजिक सुरक्षाको पैंसा दिने सामाजिक सुरक्षा, सामाजिक मन्त्रालय हो या मुख्यमन्त्रीको कार्यालय हो ? अब यो पनि के भने मैले नै छोरीहरूकोमा खातामा राख्छु भन्ने ढंगले त्यहाँ राखेर नियन्त्रण गर्ने कुरा त मुख्यमन्त्री कार्यालयको छँदै छ नि सभामुख महोदय । कर्मचारी अध्ययन छात्रवृत्ति कार्यक्रम २० लाख राखिएको छ । राम्रो होला उद्धार, राहात तथा पुनर्स्थापना खर्च भनेर १ करोड राखिएको छ । कार्यालय भवनको माथिल्लो तला थप निर्माण भनेर अब त्यहाँ धेरै भवन होलान् भन्ने मैले बुझें एउटा भवनको चाहिँ माथि तला थप्नेहोला अरुको चाहिँ मर्मत होला । त्यसपछि मन्त्रालय

परिसरभित्र भवन निर्माण छ १ करोड २० लाख यो चाहिँ थप्ने, माथिल्लो तलो थप्ने चाहिँ १ करोडको छ । १ करोडको छ तलो थप्ने अहिलेको जमानामा त हामीले बुझेको १ करोडले त एउटा घरै बन्छ होला । तलामा १ करोड जाने भयो त्यो पनि राम्रै छ किनभने मुख्यमन्त्री बस्ने ठाउँ न हो राम्रै हुनुपर्छ । एकातिर छ नाना, छाना, खाना । एकातिर चाहिँ यस्तो तलाको कुरा छ सभामुख महोदय, अर्को १ करोड २० लाख भनेर भनिएको छ त्यहाँ बनाउने कुरा होला अनि त्यसपछि अर्को २० लाख छ निर्मित भवनको संरचनात्मक सुधार खर्च । मैले देखेको चाहिँ त्यही दुईवटा विल्डिङ्ग हो अब धेरै नजाने भा'हुनाले थाहा पनि नहुन सक्दछ । त्यसपछि सभामुख महोदय सवारी साधन पार्किङ्ग सुधार खर्च भनेर १० लाख राखिएको छ कि सवारी साधनको लागि पार्किङ्ग भन्नुपर्‍यो, १० लाख लाग्ला सुधार खर्चको लागि फेरि भन्या के हो त्यो, यसको अर्थ मैले के बुझ्दछु भने पार्किङ्क पनि छ, सवारी साधनको पार्किङ्क छ पार्किङ्क निर्माण गर्ने भने भैगो नि पार्किङ्क सानो होला त्यसलाई सुधार भन्या छ । अनि मेन्टेनेन्स भन्ने वित्तिकै १० लाख चाहिन्छ कि चाहिदैन ? यो कुरामा चाहिँ हामीले ख्याल गर्नुपर्छ सभामुख महोदय । कार्यालय संचालन सम्बन्धी यन्त्र उपकरण मेशीनरी औजार भन्या छ, २२ लाख ५० हजार त्यो चाहिने होला । कम्प्यूटर सफ्टवयर निर्माण भनेको छ अब नयाँ नयाँ सफ्टवयर बनाउनु पर्ने होला ९ लाख छ, ठिकै छ । खानेपानी तथा सरसफाई संरचना निर्माण १० लाख के हो यो ? मैले नबुझेको त्यहिभित्रै चाहिँ आफ्नै चाहिँ बनाउन खोजिएको हो अथवा प्यूरीफाई स्यूरीफाई गर्न खोजिएको हो के हो थाहा भएन । अनि कर्णाली उज्यालो कार्यक्रममा ३५ करोड ५९ लाख छ । एकीकृत बस्ती विकास कार्यक्रममा २५ करोड ५० लाख छ । मुख्यमन्त्री रोजगार कार्यक्रम पूँजीगत खर्च भनेर ८ करोड छुट्टायाइएको छ सभामुख महोदय अनि त्यसको मुनि यो भनेको कति छ भने यो खास मन्त्रालयको पैंसा यहि हो भन्ने मलाई लाग्छ, ९५ करोड ४२ लाख समथिङ्ग हजार यो हुने भयो चालु र पूँजीगत गरेर होला । त्यसपछि दुई नम्बरमा राखिएको छ सभामुख महोदय, पूर्वाधार विकास कार्यक्रम र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयतर्फ विनियोजित रकम, रकमको बाँडफाँड भनेर भनिएको छ । पूर्वाधार विकास कार्यक्रम भनेर राखेको छ भैपरी आउने चालु भन्यो । भैपरी आउने चालुमा कति राख्यो, २५ करोड राखिएको छ सभामुख महोदय । त्यसछि मुनि राखिएको छ यो अब उहाँहरूको शीर्षक त छ नि अब एलएमविआईएस का कुराहरू नै होलान् 11.6.12.5 मा भैपरि आउने पूँजीगत अन्य पूँजीगत, अन्य पूँजीगत भनेर २ अरब ७५ करोड राखिएको छ । अनि त्यसपछि भैपरी आउने चालु भनेर १ अरब २० करोड राखिएको छ । टोटल जम्मा पैंसा चाहिँ ४ अरब २० करोड भएको छ सभामुख महोदय अनि त्यसमा भनिएको छ फेरि त्यो ल्याइसकेपछि जनता सडक कार्यक्रमका लागि थप भौतिक पूर्वाधार विकास मन्त्रालयमा पठाइने भनेर १ अरब ९२ करोड राखियो । पठाइने । नपठाए के हुने ? पठाइने हो भने त हिजो यो कार्यक्रममा किन आएन सभामुख महोदय । मलाई त के लागेको थियो भौतिककोले रातभरी नसुतेर ह चार दिन लगाएर कमसेकम यहाँ आएर माफी त मागे ढिलो भयो भनेर यहि पैंसा त्यहाँ जानलाई टाइम लाग्यो होला मुख्यमन्त्री कार्यालयबाट त्याँ भनेर सोचिएको थियो सभामुख महोदय । अब पठाइने भनेर अझ के त्यो आफ्नो कागजमा त्यो राखेको ठूलो भए पनि हुने हो सभामुख महोदय, १ रोड ९२ लाख पठाइने भनेर भन्या छ । वीरेन्द्रनगर खानेपानीका लागि थप गर्ने भन्यो ५० करोड राख्यो, राम्रो । थप गर्ने कहाँ कहाँ माथि थप गर्ने हो । मैले के बुझे भने थप गर्ने भनेको भौतिकमा ३ करोड रुपैयाँ आएको छ वीरेन्द्रनगरको खानेपनीको लागि भनेर त्यसैमा थप गर्ने भन्या होला नि त । त्यो चाहिँ लेख्न भौतिकमा पठाउने भनेर लेख्न छुटेको जस्तो लाग्छ । यो खालको चाहिँ आएको छ सभामुख महोदय, अनि अर्को नाग्मा-गमगढी सडक स्तरउन्नतिमा थप गर्ने ३० करोड छ । अब हिजो कराउदै थिए नाग्मा-गमगढीमा पैंसै आएन, के को थप गर्ने हो ? कि त नयाँ राखिएको छ भन्न पर्‍यो । नाग्मा-गमगढीको लागि ३०

करोड रुपैयाँ बल्याकटप गर्नको लागि छुट्टयाइको छ भनेपछि त हिजो माननीयज्यूहरू पनि यति उफ्रिएर त कराउनु हुन्नथ्यो होला नि त । ए गऱ्यो है सरकारले १ गते गरेको कुरामा यो राख्यो भन्ने आउँथ्यो होला नि त सभामुख महोदय अनि अर्को छ सभामुख महोदय रानीघाट, तेलपानी, भुरीगाउँ सडकमा थप गर्ने भनेर २० करोड राखिएको छ । हिजो यहि शीर्षकमा जस्तो लाग्छ मलाई रानीघाट, तेलपानी, भुरीगाउँ सडकमा चाहिँ साढे १२ करोड राखिएको छ भनेर माननीयज्यूहरूले बोलिरहेको सुनेको थिएँ ठीक छ । साढे ३२ करोड रुपैयाँ भयो राम्रै हो कमसेकम अघि पनि मैले गत सालको मैले पढिरहेको थिए सुरुङ्गमार्ग, छिटो मार्ग, अर्को प्रदेशसँग जोडने मार्ग कमसेकम यति त होला तर यी पैंसा त्यही नै राखेर भुरीगाउँको लागि ३२ करोड ५० लाख रुपैयाँ छुट्टाइएको छ । जसले गर्दाखेरि दुईटा प्रदेशको बीचमा चाहिँ बाटो बन्नेछ भनेको भए के बिग्रिन्थ्यो सभामुख महोदय । अनि अर्को छ सभामुख महोदय कर्णाली उज्यालो कार्यक्रम थप गर्न १४ करोड ५० लाख । सायद यहाँ कर्णाली उज्यालो कार्यक्रम भनेर यहाँ जुन छ ३५ करोड ५९ लाख त्यसैमा जोडेर राखिदिएको भए भौहाल्थ्यो नि त यहाँ तल विनियोजित गर्दाखेरि यहाँ समस्या हुने भयो त्यसलाई थप गर्न भनियो, अब पोहोर साल पनि झिलीमिली बत्ती बलिहाले होलान् गाउँ गाउँमा । त्यत्रो कराडौ पैंसाहरू थिए सभामुख महोदय अनि अर्को छ सभामुख महोदय मुख्यमन्त्रीको रोजगार कार्यक्रम चालुतर्फ थप गर्ने भनेर फेरि यहाँ ५० करोड भन्यो । यहाँ अगाडिकोमा चाहिँ ८ करोड छ, त्यो ८ करोडले पनि नपुगिसकेपछि फेरि ५० करोड थप्ने भन्ने कुरा आयो श्रम मन्त्रालय अहिले मुखयमन्त्रीको मातहतमा हो सभामुख महोदय । त्यो हो भने केही छैन । मेरो भन्नु केही छैन त्यहाँ हुन सक्छ, होइन भने त श्रम रोजगारका लागि भनेर त्यो मिलिक्क मिलिक्क बत्ती त अरु कसैको मन्त्रालयमा बलेको देख्छु त । अनि फेरि भनिएको छ सभामुख महोदय, कर्णाली ईन्जिनियरिङ्ग कम्पनी स्थापना र सञ्चालन गर्नको लागि १० करोड रुपैयाँ छुट्टायाइएको छ इन्जिनियरिङ्ग कम्पनी गर्ने हो भने अब त मलाई के लाग्यो भने यो एउटा सरकार हैन यो एउटा संस्था हो संस्थाले एउटा कम्पनी खोल्नुपर्ने भयो त्यहि कम्पनीहरू त्यही ठाउँहरूमा करारमा कर्मचारीहरू लिन सकिन्छ होलानि त सम्बन्धित मन्त्रालयमा चाहिँ प्राप्त नभएका कर्मचारीलाई, यति जना कर्मचारी थप्ने त्यही एउटा यूनिट बनाऔं भन्न सकिन्छ होला नि सभामुख महोदय । अनि फेरि भनिएको छ यहाँ तल फेरि आएर मुख्यमन्त्री रोजगार कार्यक्रमको पूँजीगत खर्च भनेर फेरि अर्को यहाँ ३ करोड एक सय दश हजार... ए ३० करोड अनि एकीकृत बस्ती विकास कार्यक्रमका लागि भनेर फेरि २३ करोड ५० लाख थप गरिएको छ । यो किन ? यस्तो किन मोह ? के को मोह ? मैले जानेको चालु खर्च उहाँहरूको भ्रमण खर्चमा पैंसा बढी हुनु होला, केही ट्रेडिङ्ग गराउनु पर्ने होला, काहिँ विदेश भ्रमण जानुपर्ने होला तर सम्पूर्ण पैंसाहरू यहि राखेर मन्त्रीहरूलाई विश्वास नगरेर त्यस्तो हो भने सभसामुख महोदय कि एकल हुनुपऱ्यो कि एकल हुनु पऱ्यो कि हैन भने ती कुराहरूलाई सम्बन्धित ठाउँमा पठायो भने यी अगाडि बढ्ने कुराहरू हुन् सभामुख महोदय अब यो पछाडिको त जस्तै माथिबाट पनि आउँदो रैछ यो सशर्त भनेर मुख्यमन्त्री कार्यालयमा दिँदोरैछ भवन सञ्चालन तथा मर्मत संभार भनेर ५ लाख दिएको छ । परार्मश सेवा खर्च भनेर दुई लाख दिएको छ । सीप विकास तथा जनचेतना तालिम गोष्ठी तथा कार्यशाला तालिम गोष्ठी भनेर माथिबाट सशर्तमा ३० लाख रुपैयाँ पठाएको रै छ । सायद यहाँका पैंसाहरू नहुने भएकाले केन्द्रीय सरकारले मुख्यमन्त्री कार्यालयलाई भनेर यसरी पठाएको होला नि सभामुख महोदय । यो खालको गऱ्यो आज मैले जोड्दै थिएँ । यही चाहिँ गरेर म पनि त्यो हेलिकिप्टरमा चढेर गए हिल्सा सीमीकोट फाष्ट्रयाक भडटटटट चाइनिजहरूलाई उता गोरैगोरा यता हामी कालैकाला बसेर गयौं हैं । आज यो १ अरब रुपैयाँ सुर्खेतदेखि हिल्सासम्मको बाटोलाई भनेर छुट्टयाएको भए के हुन्थ्यो ? यो फाष्ट्रयाकमा सभामुख महोदय म माननीयजीहरूलाई चाहिँ अनुरोध गर्न चाहन्छु फाष्ट्रायाक पनि स्तरउन्नतिको फाष्ट्रयाक छ । स्तर उन्नतिको फाष्ट्रयाक छ नयाँ फाष्ट्रयाक छैन यो बाटो धुलियाबिटबाट चाहिँ माथि

गुराँसे हुँदै जाँदै छ । धुलियाबिटबाट यो कपासे भन्नेसम्मको लागि चाहिँ अलिकति नयाँ खोल्नु पर्ला अरु नयाँ ट्र्याक स्तर उन्नति हुन्थ्यो ती स्तर उन्नति भएको अवस्थामा आज कमसेकम आज यो राजमार्गको गति त राम्रो हुन्थ्यो नि । कालिकोटसम्म असाध्यै राम्रो हुन्थ्यो नि । एक अरब त्यसमा छुट्टयाउन मिल्दैन्थ्यो सभामुख महोदय अनि हामी जहाजका परिकल्पना गरिरहेका छौं । प्राइभेटसँग बस्ने हो त्यो नीति बनाउने हो । एउटा राज्यले सञ्चालन गरेको हालत यस्तो छ सभामुख महोदय । १ अरब ती गरेको भए सायद कुनै पनि माननीयजीहरूले भन्नु हुन्थिएन राष्ट्रिय गौरबको गरेछ अरु कसैले नगरे पनि प्रदेश सरकारले १ अरब रुपैयाँ छुट्टायो अब ती स्तर उन्नति हुँदै जान्थ्ये सभामुख महोदय । त्यो प्लानिङ्ग कहाँ गयो ? त्यो पैंसा हिजो कोले तिर्यो हामीले त्यत्रो कम्पनी ल्याइसकेपछि सायद त्यो कम्पनी मैले बुझेको यहाँहरू जतिको मैले बुझेको छैन सभामुख महोदय । मन्त्रीजीहरू मुख्यमन्त्रीजी जति मैले बुझेको छैन । तर उनीहरू पनि एकखालको यो यू.एस.ए.आई.डि.का विभिन्नखालका ठेकदार कम्पनी भएजस्तै त्यो कम्पनी पनि त्यही नै हो । उले सफ्टलोनमा दियो भने आफूले काम गर्ने अथवा हाम्रो सरकारले पैंसा राखिदियो भने गर्ने १ अरब हामीले छुट्टायौं सरकार हामीले १ अरब छुट्टायौं, केन्द्रीय सरकारले चाहिँ २ अरब छुट्टयाऊ भनेको भए छुट्टयाउँथ्यो होला नि । ती कार्यक्रम ल्याउने हराएर जानी हुम्लामा, डोल्पामा १ वर्ष भित्रमा सडक पु¥याउँछौं भनेर भाषण गर्ने, हिजोदेखि धिमागतिमा भइरहेको कुरालाई आइहाल्यो भने त हामीले ल्यायौं भनेर जाहिँ कार्यक्रममा राख्ने आज त्यसका लागि भनेर १ रुपैयाँ नछुट्टयाउने अनि सरकारले अनेक कुराहरू गरेर हुन्छ । त्यसकारण सभामुख महोदय अब एउटा हिन्दीमा भनाई छ । पहिला पहिला होता था चेता नही, अभि चेता है तो होता नहि । अब सरकारको अवस्था पनि त्यहीँ पुगेको छ । अहिले चेतेको छ र अब हो ता नही । त्यसकारण नीतिका विरुद्धमा जुन नीति हामीले बोलेका थियौं सभामुख महोदय । नीतिमा हामीले बोलेका थियौं, नीति गलत भयो तिमी १ करोड किन राख्छौ नभन अहिले यस्तो कुरा नगरौं भोलि समस्या हुन सक्छ । भन्दाखेरि यहाँ बररररररररढ गरेर ताली बजाएर पास गर्ने लगाइयो अनि हामी ठूलाठूला कामहरू गर्दैछौं । हामी वितरणमुखी बजेट ल्याउदैनौं हामी अर्को गर्दैनौं भन्ने ल्याउनेले आज ५ लाखका पनि कार्यक्रम गरेर यो आइरहेको छ । त्यसकारणले सम्पूर्ण कुराले हेर्ने हो भने नीतिबाट फेल भैसकेको भन्ने हो भने मैले भन्नै पर्ने हो भने सरकार पनि फेल भैसकेको छ । फेल भैसकेको सरकारले ल्याएको बजेट मान्यजन हुन सक्दैन सभामुख महोदय । यति कुरा राख्दै म विदा हुन्छु धन्यवाद । जय नेपाल ।।

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक २०७६ अन्तर्गतको प्रदेश सभा सचिवालय कर्णाली प्रदेश योजना आयोग, लोक सेवा आयोग, मुख्यन्याधिवक्ताको कार्यालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको शीर्षकमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले रोष्टमका बायाँतर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनुहोला । अब माननीय श्री यामलाल कँडेल ।

**माननीय श्री यामलाल कँडेलः** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष ०७६/०७७ को विनियोजन विधेयक अन्तर्गत आज हामी कर्णाली प्रदेशको योजना आयोग, प्रदेश सभा, लोक सेवा आयोग, मुख्यमन्त्रीको कार्यालयमाथि छलफल गर्ने दैनिकीभित्र म उपस्थित भएको छु । विगत केही दिनदेखि यो सदनभित्र विनियोजन विधेयकका विभिन्न शीर्षक वा मन्त्रालयमा सबै माननीय सदस्यजीहरूले आफ्ना विचारहरू राख्नुभएको छ । संसद सचिवालयको कार्यसूची अनुसार समय क्रममा माननीय मन्त्रीजीहरूले माननीय सदस्यहरूको जिज्ञासामाथि प्रष्ट पार्ने कुरा भैरहेको छ । म पनि यो सभाको एउटा सदस्य भाको नाताले सबै माननीय सदस्य र माननीय मन्त्रीजीहरूको सक्रिय सहभागितालाई नजिकबाट नियालिरहेको छु । र आज म पनि यसमा सहभागी हुँ भन्ने उद्देश्यले आफ्ना केही भनाईहरू

राख्न कोशिस गरिराछु । सरकारका तर्फबाट विनियोजन विधेयक वा यो संसदमा बजेटका नाममा जे-जस्ता दस्ताबेजहरू मैले प्राप्त गरेको छु । त्यसमध्ये त्यसमा यो सदनभित्र गम्भीरतापूर्वक जसरी छलफल चलिरहेको छ, सरकारका तर्फबाट जसरी जवाफ दिइरहेको छ । यहाँभित्र छलफलमा भाग लिनेहरूलाई कस्तो किसिमको प्रभाव परेको छ थाहा छैन तर बाहिर त्यसको प्रभाव सकारात्मक परिरहेको छ । मलाई त्यस्तो लागिरहेको छैन । यसो हेर्दा त्यो सत्तापक्ष र प्रतिपक्षको कुरा हेरेर चित्त बुझउने कुरा त होला तर यो नयाँ संरचनाका हामी सबै बाहक हौं । यसलाई स्थापित गर्ने कुराको जिम्मेवारी हाम्रो हो त्यसअनुसारको जनमत र धारणा बन्यो कि बनेन प्रमुख कुरा हो । तर पनि यो दस्ताबेज प्रस्तोता त्यसको जिम्मेवारीका रूपमा रहनु पर्ने स्वभाविक छ । सम्झाइरहन पर्दैन दलीय व्यवस्था हो । कर्णाली प्रदेशमा नेकपाको सरकार छ । त्यसले गरेको सबै जिम्मेवारी कुरा त छँदै छ । तर म अहिलेसम्म यस सभामा पोजिसनलाई भन्दा कर्णाली प्रदेशको अवस्थालाई अगाडि राखेर आफ्ना विचार छलफलहरू चलाइरहेको छु नै । यो सभामार्फत् आफ्नो पनि जनप्रतिनिधिका हिसाबले सहभागिता जनाउनु मेरो दायित्व र कर्तव्य पनि हो । आर्कोतिर दलीय व्यवस्था रहेको कारणले गर्दा बनिरहेको सरकारको संरक्षण गर्नु, यसले गरेको राम्रा कामको प्रचार गर्नु उत्तिकै मेरो दायित्व र कर्तव्य हो । तर म एउटा संसद सभाको एउटा सदस्य भएको नाताले धेरै माननीयहरूले र मभन्दा पूर्ववक्ता माननीयले केस्राकेस्रामा गएर आफ्ना विचार र धारणा राख्नुभयो त्यो उहाँको कुरा हो तर म यसैका नाममा म सप्पैको खासगरी सरकारको, बजेट निर्माण कर्ताको, र म सप्पैको एउटा दुईवटा विषयमा ध्यानाकर्षण गर्न चाहन्छु । यद्यपि मलाई थाहा छ यो विनियोजन शीर्षकमा छलफल गर्दै छौं । विनियोजन शीर्षकमध्ये सरकारको नेतृत्व गर्ने मुख्यमन्त्रीको कार्यालयको विषयमा छलफल गर्ने कुरासँग जोडिएको कारणले गर्दा म त्यतातिर ध्यानाकर्षण गराउन चाहन्छु । हाम्रो एउटा यस्तो प्रदेश हो अनुमानित आय २५ लाख गरेर बजेट बनाउने प्रदेश हो । अनुमानित आय २५ लाख बनाउने प्रदेशको बजेटको प्रमुख काम हामीले प्राप्त गरेको रकम बाँड्ने काममा मात्रै हामीले आफ्नो दायित्व सम्झियौं भने हाम्रो प्रदेश जस्ताको त्यस्तै रहनेछ । त्यसकारणले यो सदनभित्र यो बजेटभित्र २५ लाखको आयलाई कसरी अगाडि बढाउने होला भन्ने कुरा छलफलको भाग केन्द्रभागमा राखेर बजेट ल्याउने कुरा प्रमुख कुरा हो मैले त्यस्तो ठानिरहेको छु । तर आएकै बजेटलाई वितरण गर्ने कुराका सन्दर्भमा जे बजेट बनाइएको छ । यद्यपि त्यसका बारेमा म कम जानकार छु । तर म अर्को एउटा विषय बाहिर पनि छलफल चलिरा छ, यहाँ पनि छलफल चलिराछ । एउटा विषय राख्न चाहन्छु । बजेट बन्छ कसरी ? बजेटले पूर्णता पाउँछ कसरी ? जस्ता छलफलहरू यहाँ चलिरहेका छन् । हामीले धारणा बनाउने सरकारले धारणा बना प्रस्तुत गरेका दस्ताबेजका आधारबाट माननीय संसदले सासंदहरूले धारणा बनाउने सदनमा अभिव्यक्त विचारका आधारबाट बाहिर, बाहिर रहेकाहरूले धारणा बनाउने अवस्था हुन्छ नै होला जस्तो लाग्छ  तर म अनुरोध गर्न चाहन्छु हामीले जे प्राप्त गरेका छौं दस्तावेजहरू । चाहे विनियोजन शीर्षकका आधारबाट गर्नुभएको छ । अब मन्त्रीजीहरूले त एकचोटी हैन दश चोटी पढेरै ल्याउनु'भा होला बनाउने सचिवहरूले त त्योभन्दा धेरै चोटी केरमेट गर्नु'भाकै होला र म अनुरोध गर्न चाहन्छु पाठ सिक्ने कुरा हो कि सदनभित्र प्रस्तुत गरिएका दस्तावेजहरू बजेटका सामान्य मान्यताहरूसँग मेल खाइरा'छैनन् यसलाई मेल खानेगरी कसरी अगाडि बढाउने हो ? प्रतिष्ठाको विषय नबनाइकन छलफल गरौं । प्रतिष्ठाको विषय बनाउनु भयो एउटा ठाउँमा पुगिन्छ । म त्यो तहमा छैन त्यो तहको स्थिति पनि निर्माण भएको छैन तर जे यहाँ प्रस्तुत भएका छन् ती दस्तावेजहरू एकआपसमा मेल खाँदैनन् । दोस्रो कुरा बजेट बनाउने हो भन्ने नाममा जुन रकम र जुन शीर्षक जहाँ पनि राखे, राखे हुन्छ भन्ने हो भने हामीले त्यस्तो किन गर्नपऱ्यो र ? जुन शीर्षक जहाँ पनि राखे हुन्छ भनेर बजेट बनाउने मान्यता छ र ? मलाई लाग्छ यस्तो त मान्यता कहिँकतै पाईंदैन । सरकार सञ्चालन गर्ने यद्यपि मैले त्यो

पढ्या छैन । त्यो कार्यविधि हुन्छ नै बनाउनु भएको छनै किनकि बेलाबखतमा सरकार सञ्चालन गर्ने कार्यविधिका बारेमा कोड गरेर विभिन्न ठाउँमा सम्बोधन गर्ने गरेको मैले बुझिरहेको छु । त्यसकारणले जुन शीर्षक जहाँ पनि राख्न कतिवेला सकिन्छ कतिबेला एताउता लग्न सकिन्छ भन्दा बजेट बनाइसकेपछि व्यवहारिक ढंगले काम गर्दै जाँदा व्यवहारिक देखिएन भने सरकारले त्यस्तो निर्णय गर्न सक्छ तर अहिले हामी बजेटको निर्माणाधिनको प्रोसेसमा छौं । सरकारले प्रस्तुत गरेको दस्ताबेज मस्यौदा हो, प्रस्ताव हो जबसम्म यहाँ पारित हुँदैन अन्तै फाइनल भएजस्तो गरी जसरी चर्चा चलाइया छ त्यो बेठीक कुरा हो, बेठीक कुरा हो जसले सरकारलाई यसको कमा र फुलिस्टप तलमाथि गयो भने त मन्त्रीज्यू तपाईको त सरकार जान्छ भनेर सल्लाह दिइरहनुभएको छ भने यदि त्यो सल्लाह मान्ने हो भने तपाईले प्रस्तुत गर्नुभएका दस्तावेजले खण्डित गरिसकेको छ त । त्यसकारणले यसलाई सुधार गर्ने कुरालाई संसदभित्र माननीय सदस्यहरूले उठाउनु भएको कुरालाई रचनात्मक छन्, महशुस गर्न लायक छन, मनन् गर्न लायक छन् भने भन्ने कुरा त मैले भनिरहन पर्दैन म भन्दा अगाडि करिब ६ जना मन्त्रीज्यूले त भनिसक्नु भयो त । ६ जना मन्त्रीज्यूले माननीय म जस्ता माननीय सदस्यले सम्मानित सभामा राखेको छलफलका आधारबाट उत्तर दिने क्रममा भनिसक्नु भयो त, माननीयजीहरूले भनेको कुरा सुधार गर्न म तयार छु, सुधार भैसक्यो बजेट व्यवस्था गर्ने घोषणा गर्नुभयो त्यले के बुझाउँछ प्रस्तुत गरेको बजेट तलमाथि भएन, प्रस्तुत गरेको बजेट तलमाथि गर्नुपर्ने कुरा हो भने यहाँ बजेट पास गर्दा शब्द पास गर्रिदैन, यहाँ पास गर्दा अंक पास गरिन्छ । सुधार गरेको अंक के हो त, त्यसकारणले म यसकारणले यो कुरा राखिरहेको छु कि यलाई प्रतिष्ठाको विषय नबनाइकन म कुनै यो मन्त्रालय त्यो मन्त्रालय भन्न चाहन्न जुन-जुन मन्त्रालयमा त्यो मन्त्रालयको प्रकृतिसँग विषय मिल्दैन जसले आर्को मन्त्रालयको खोजी गरिरहेको छ, त्यो बाटो खोजेर सरकार बेलैमा प्रस्तुत हुनेगरी अगाडि बढेको भए यतिका धेरै कुरा सुन्न पर्थ्यो र मलाई त्यस्तो लाग्दैन तर सरकार किन रिजिट छ । यहाँ आउँदा सरकार लचिलो देख्छु कागजमा सरकार रिजिट देख्छु किन हो ? म अनुरोध गर्न चाहन्छु, यो रोष्टम भनेको अन्त प्रयोग गरेको जस्तो रोष्टम हो भन्ने यदि हामीले बुझेका छौं भने मेरो विचारमा त्यो गलत कुरा हो । रोष्टम रोष्टम नै हो तर यहाँ प्रयोग गरिने रोष्टमले यो भन्दा अगाडि प्रस्तुत गरिएका कागजपत्र लिखतहरूका बारेमा कसैले प्रश्न उठायो, त्यसको जवाफ दिने सरोकारवालाहरूले यहाँ आएर जे बोल्नुहुन्छ त्यही अन्तिम फाईनल हुन्छ त । त्यसकारणले मैले यहाँ के देखिरा'छु त भन्दा सुधार गर्न मन्त्री पनि तयार हुनुहुन्छ भनिसक्नु भयो तर कागज जस्ताको त्यस्तै छ त । त्यसकारणले म कुनै विषयसँग प्रवेश नगरिकन म अनुरोध गर्न चाहन्छु यो सदनले आफूले प्राप्त गरेको मस्यौदामाथि छाँटकाट गर्न सक्छ । आफूले प्राप्त गरेको मस्यौदामाथि छलफल गर्न थपघट गर्न सक्छ तर बाहिरको मान्यता प्रचार के छ त भन्दा सरकारले प्रस्तुत गरको कागजमा तलवितल गरियो भने त बजेट त गैत हाल्यो भनेर जो सिकाउने साथीहरू बाहिर हुनुहुन्छ त्यसले सभाको सम्मानलाई बैठकको मर्यादालाई बढोत्तरी गर्दैन जस्तो मलाई लाग्छ । त्यसकारणले यहाँ जति पनि प्रश्न उठिराछ ती प्रश्नमा सरकार जसरी सरकारका मन्त्रीजीहरू जसरी प्रस्तुत हुनुभएको छ त्यसअनुसारको बाटो खोज्ने कुरा गर्नुभयो भने संसद र सरकारको बाटो भेटिन सक्छ । बाटो भेटिन सक्छ तर त्यो दिशाबाट व्यक्ति तयार हुने कागज तयार नहुने, मन्त्री तयार हुने बाटो तयार नगर्ने जुन तरीका छ, त्यसमा सरकारको तर्फबाट जो बोलिसक्नु भयो उहाँ मन्त्रीहरू अलि गम्भीरतापूर्वक सोच्नुपर्ने जरुरी र आवश्यक्ता म त्यस्तो देख्दछु । यसलाई कुनै प्रतिष्ठाको विषय बनाएर छलफल गर्नुपर्ने कुनै जरुरी छ मलाई त्यस्तो लाग्दैन यसकारणले कि कतिपय उठाइएका कुराहरू मननयोग्य छन् भनेर जो भन्नु भएको छ । त्यसअनुसार समाधान गर्नुपर्ने भन्ने कुरा म त्यस्तो देख्दछु । तेस्रो कुरा बजेट भूगोल ठूलो छ तर हिजोको तुलनामा सरकारको क्षेत्र सानो छ जनप्रतिनिधिहरूका सप्पै कुराहरू धेरै कुरा भावनासँग जोडिएका होलान् त्यलाई व्यवहारमा जोडने

कुरा, त्यलाई प्रविधिसँग मिलाउने कुरा वास्तवितासँग मिलाउने कुरा त्यो कार्यालयको तहकै कुरा होला त्यो आफ्नो ठाउँमा छ तर म फेरि पनि अनुरोध गर्न चाहन्छु, हामी कानून बनाउने ठाउँमा छौं, कानून बनाउन सक्छौं तर यस कारणले म स्मरण गराउन चाहन्छु जो सरकारको नेतृत्वमा सरकारको ठाउँमा रहनुहुने साथीहरूलाई म अनुरोध गर्न चाहन्छु । आफूले टेकेको संरचना के छ यद्यपि थाहा छैन भन्न मिल्दैन मैले सबै थाहा पाउने साथीहरू नै त्यहाँ हुनुहुन्छ । धेरै हन्डर ठक्कर खानुनै भा छ एक डेढ वर्षका बीचमा धेरै धेरै हन्डर ठक्कर खानेगरी नै हप्तादिनभित्र यहाँ छलफल भैरहेकै छ । तर महशुस यो छलफलका बेला मात्रै गर्ने छलफल सकिसकेपछि जस्ताको त्यस्तै हुने हो भने यस्तै छलफल निरन्तर रूपले चल्छ त्यले समाजलाई उत्साह दिदैन समाजलाई अगाडि बढ्ने प्रयत्न गर्दैन त्यसले निराशा व्यक्त गर्दछ । निराशा व्यक्त गर्ने परिस्थिति भयो भने यहाँभित्र रहेका कोहीलाई भलो गर्दैन यहाँभन्दा बाहिर रहेकाहरूलाई भलो हुने भए त मेरो भन्नु केही छैन । यहाँभित्र रहँदा हामी सत्ता पक्षका पनि छौं प्रतिपक्षका पनि छौं । हामी कसैको भलो गर्दैन, भलो हुने स्थिति मैले त्यस्तो देख्दिन । त्यो आधारबाट विचार र दृष्टिकोण बनाउनुपर्ने हुन्छ । यहाँ गम्भीरतापूर्वक छलफल उठेको चाहिँ आज म भन्दा अघि बोल्ने अगाडि पूर्ववक्ता माननीय सदस्यले पनि तिनै त्यस्तै बुँदामा केन्द्रित गर्नुभएको छ । अरु माननीयहरूले पनि उठाउनु भएको थियो । पूँजीगत खर्च मन्त्रीले बनाउने चालु खर्च सचिवले बनाउने, योजनाको छनौट मन्त्रीको सचिवालयले बनाउने र सचिवले नथाहापाउने, चालुको खर्च मन्त्रीको सचिवालयले नपाउने दुईटाको कम्पायल गरेर सदनमा पेश गर्ने अवस्था देखा पर्‍यो कि भन्ने लाग्छ । त्यसलाई तपाईहरूले तिनै ढंग पुर्‍याउनुपर्ने अवस्था हो भन्ने लाग्छ । त्यसकारणले अझैं पनि केही बिग्रियाछैन । काम गर्ने ठाउँमा तपाईहरू नै हुनुहुन्छ । सरकारको वैधतामाथि सरकारको प्रभावकारीता माथि उठाउनेले उठाए पनि जसले उठाउनु पर्ने हो प्रश्न कहिँकतैबाट उठेको अवस्था छैन तर वर्ष दिनको कामले लोकलाई भन्न सक्ने स्थिति निर्माण नगरेका कारणले संसदमा प्रस्तुत गरेका दस्तावेजले माननीय सदस्यहरूले उठाउनु भएको कुरालाई भन्न नसक्ने कारणले सरकारका कतिपय साथीहरूलाई असजिलो अफ्ठ्यारो लागिरहेको होला, त्यसका निम्ति त तपाईहरू नै गम्भीर बन्नुपर्ने कुरा हैन र ? त्यसकारणले म फेरि पनि अनुरोध गर्न चाहन्छु कि तपाईले यहाँ प्रस्तुत गर्नुभएको दस्तावेज एकआपसमै बजेटको सामान्य नर् मान्यताअनुसार मेल खाँदैन । त्यो मिलाउने बाटो खोज्नुहोस्, संसदले त्यही भनिराछ । जुन बजेटको हो जुन शीर्षक जुन मन्त्रालयले माग गर्दछ त्यो शीर्षक त्यसैमा राख्नुहोस् । संसद सदस्यहरूले त्यही माग गरिरहनु भएको छ । त्यसलाई अन्यथा मानेर पास गर्ने यहाँभित्रकाले हो, पास गर्ने बाहिरकाले हैन । हामी पास गर्न तयार छौं हाम्रो प्रस्ताव परिमार्जन गरेर पास गर्न तयार छौं । हाम्रो बजेट हामी सुधार गरेर पास गर्न तयार छौं भने केले रोक्छ, केहिले रोक्छ ? केही मान्यताले रोक्छ भन्नुभाछ भने, अंकले तलमाथि गर्दा रोक्छ भन्नुभाछ भने त तपाईले लेखेको एउटा कागज यदि संसदीय संघीय संसदको अनुभव हेर्नुभयो भने हिसाब एक रुपैयाँ मिलेन भने संसद अवरुद्ध भएर हप्तादिन लगाएर हिसाब मिलाएर प्रस्तुत गरेको अनुभव संघीय संसदमा पाउन सकिन्छ त । के त्यस्तो अभ्यास हामीले यहाँ गर्यौं त ? गरेनौं त यहाँ त । यहाँ त जति अंक ल्याए पनि सुधार गर्नुहोला भन्ने मान्यताका आधारबाट हामीले छलफल चलायौं त यहाँ, पाँच लाख लेख्ने ठाउँमा पाँच करोड छ । पचास पचास करोड केरे पाँच करोड लेख्ने ठाउँमा पाँच लाख छ । कति लेख्ने ठाउँमा कति लेख, कति छ यदि त्यो आधारबाट बजेट तलमाथि हुने कुरा हो भने त तपाईका दस्तावेजहरू जो बाँडिरहनु भएको छ । आज एउटा ल्याउनुहुन्छ ठिकै छ नि त भन्या छ । भोलि अर्को ल्याउनुहुन्छ ठिकै छ त भन्या छौं त हामीले त तर यो तहको हतारो पनि थिएन । सरकारले जति समय माग्छ नवित्दासम्म समय पाउँछ त तर आजको आजै ल्याउने गरी जुन हतारो देखिन्छ । राम्रै काम गरौं भन्ने होला तर पनि म अनुरोध गर्न चाहन्छु धेरै कुरा अहिले मैले उठाउन चाहन्न तर म फेरि पनि भन्न चाहन्छु, संसदले सरकारले गरेका, सरकारको

तर्फबाट दस्तावेज तयार गर्दा रहेका कमि-कमजोरीहरूलाई व्यवहारमा कतै भए महशुस गर्न सकिन्छ । तर यो संसद सचिवालयमा संसदभित्र छलफल भैसकेपछि सुधार गर्ने बाटो यही भित्रैबाट हो । यसैको माध्यमबाट हो सुधार गर्ने, आर्को माध्यमबाट सुधार गर्न सकिँदैन । त्यसरी जान सकिदैन । त्यस्तो जान सकियो भने के हुन्छ यो संस्था निष्प्रभावी हुन्छ कुरा उठाउनुको कुनै अर्थ रहेन रहेछ । जनप्रतिनिधिहरूमा नकारात्मक भावना पैदा हुन सक्दछ । त्यसले अन्ततोगत्त्वा कसैलाई सजिलो होला आमरूपमा जनतामा निराशाको सन्देश जाने एउटा स्थिति निर्माण हुन्छ । त्यसकारणले म गम्भीरतापूर्वक के अनुरोध र आग्रह गर्न चाहन्छु भने यसलाई प्रतिष्ठाको विषय नबनाउनुहोस्, यो संसदले त्यो राख्ने त्यो हैसियत राख्छ । यहीबाट जानुपर्ने हुन्छ संसदमा प्रस्तुतमा प्रस्तुत भैरहेको कुरालाई सच्याउने माध्यमको बाटो यही हो । त्यो बाटो के हो सरकार सोचिरहेको होला । त्यसरी नै प्रस्तुत हुन्छ होला तर म भन्न चाहन्छु अहिलेसम्म विनियोजन विधेयकमा प्रस्तुत गरेको माननीय मन्त्रीजीहरूले जसरी जवाफ दिनुभएको छ त्यसरी नै यो विनियोजन विधेयकको प्रस्तावक निर्णयार्थ प्रस्तुत हुँदा त्यही ढंगले प्रस्तुत हुने परिस्थिति निर्माण भयो भने थप प्रश्न उठ्ने प्रबल सम्भावना म देख्दछु । अहिले त हामी आफ्आफ्नो मन्त्रालयको छलफल चलाइरहेका छौं । एकमुष्ट विनियोजन विधेयकको प्रस्तावक अर्थ मन्त्रीज्यू हुनुहुन्छ हामी सबैलाई थाहा छ । त्यो निर्णायार्थ प्रस्तुत हुँदा जस्ताको त्यस्तै प्रस्तुत हुने भयो भने त्यतिबेला प्रश्न उठ्न सक्छन है । त्यसको निराकरण निरूपण गर्ने गरी सरकार कानुनी हिसाबले प्रक्रियाका हिसाबले प्रस्तुत हुन पर्ने जरुरी र आवश्यक्ता मैले त्यस्तो देख्छु । यसबाहेक कार्यान्वयनको पाटो जटिल छ । त्यो कसैलाई भनेर हुँदैन । त्यो हामीले नै ढंग पुऱ्याउनु पर्ने हुन्छ । हामीले नै त्यो क्षमता प्रर्दशन गर्नुपर्ने अवस्था रहन सक्छ किनकि हामी त्यो संरचनामा गैत सक्यौं त अब । त्यो संरचनामा हामी हिंडि त सक्यौं नि त । अब न समायोजनका नाममा संघलाई भन्न सकिन्छ, त्यो पनि अध्याय समाप्त भैसकेको अवस्था छ । न कुनै नाममा आर्कोलाई भन्न सकिन्छ किनकि त्यो जिम्मा हामीले संघीय संरचना अन्तर्गत प्रदेश सरकार निर्माण गरेर डेढ वर्ष चलाई त सकेका छौं । सम्मानित सदन निर्माण भैसकेको अवस्था छ त्यसमाथि हामीले बजेटमा छलफल चलाइरहेका छौं । त्यसकारणले कारण अरुका पनि होलान् तर अरुलाई देखाएर न सांसद भाग्न सक्ने अवस्था छ, न यो संसद भाग्न सक्ने अवस्था छ, न सरकार त भाग्न सक्ने कुरो नै भएन । त्यसकारणले ढंग हामीले नै पुऱ्याउने हो, यसलाई प्रतिष्ठाको विषय नबनाऔं, यलाई यो पक्ष र त्यो पक्षको विषय नबनाऔं । हामी नयाँ छौं काम सिक्दै जाँदा अगाडि कतिपय ढंग पुगेन होलान्, कतिपय प्रक्रिया पूर्ण पुऱ्याउन सकिएन होला, कतिपय भेदभावपूर्ण तरिकाले बजेट विनियोजन भए नै होला, कतिपय माथिकाले पनि यस्तै गरेका छन् हामीले पनि त त्यस्तै त गरौं । हामीले त पाँच वर्षैका लागि मन्त्री बनाइदिएको हो । मुख्यमन्त्री बनाएको होइन आफैले हामी त एकवर्षे हो हामी त दुई वर्षे हो, अहिले नै हाम्रो भाग पुऱ्याइहालौं भन्ने ढंगले बजेट तपाईहरूले विनियोजन गर्ने बाटोमा हिँडिरहनु भएको छ । त्यो किन हिँडिरहनु भएको छ ? त्यो तपाईहरूले नै बढी महशुस गर्ने कुरा हो । तर म फेरि पनि भन्न चाहन्छु यो ढंगले अगाडि बढ्ने कुरा तपाईले नै प्रस्तुत गर्नुभएका कागज पत्रका आधारबाट शोभनीय मान्न सकिदैन । उपयुक्त मान्न सकिदैन । यसलाई प्रतिष्ठाको विषय नबनाइकन माननीय सदस्यहरूको भावना अनुसार तपाईले बोले अनुसारको सरकारका प्रतिनिधिहरूले बोले अनुसारको बजेटलाई निर्णयार्थ प्रस्तुत गर्ने बाटो सही आउने दिशामा सरकार अगाडि बढ्नेछ भन्ने आशा र विश्वाससहित आफ्ना यी भनाईहरू यहि टुङ्गयाउँछु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री अम्मरबहादुर थापा । यसपछि माननीय श्री धर्मराज रेग्मी तयार रहनुहोला ।

**माननीय श्री अम्मरबहादुर थापाः** माननीय सभामुख महोदय, २०७५/०७६ बजेट हामी विनियोजन बजेटमा छलफलमा सहभागी भएका छौं । आज अन्तिम दिन । मुख्यमन्त्रीको कार्यालय, प्रदेश सभा, लोकसेवा आयोग र माहान्याधिवक्ताको कार्यालय, योजना आयोगको विषयमा चाहिँ छलफल गर्दै छौं । प्रदेश सभाको एउटा किताब प्राप्त भएको र यस प्रदेश सभामा अहिले के छ मलाई थाहा छैन । गत वर्ष पनि हामीले भनेका थियौं, संसद सचिवालयमा रहने कर्मचारीहरूको विषयमा यहाँ केही बोलेको छैन अन्यत्र विकासी अड्डामा बसेजस्ता कर्मचारीहरू यहाँ अलि नरुचाउने भएर होला संसद सचिवालय पनि चल्न सकिराको अवस्था छैन । केही विशेष सुबिधाको कुरा यहाँ आएको छैन । र यो ल्याउनु पर्दछ भन्ने मेरो सुझाब छ र यसमध्येमा सञ्चार र पत्रकार भन्याभन्यै छ । अब यो हाम्रो प्रत्क्षय प्रसारण काहाँबाट भएको छ ? कसरी भएको छ ? यसको खर्च केही छैन । त्यसकारणले यसको पनि व्यवस्थापन गर्न जरुरी छ भन्ने मलाई लाग्या छ । अब योजना आयोगको विषयमा के छलफल गरौं ? यो एउटा योजना आयोगको किताब धेरै ठूलो पढ्न नसक्ने हुन्थ्यो । मैले चार वर्षसम्म संघीय सांसद हुँदा भाग एक, भाग दुई त्यो योजना आयोगले नै निकाल्थ्यो । अर्थ मन्त्रीले बजेटको वक्तव्य पढ्थे अनि त्यो किताब यस्तो छ यलाई के भन्ने होला ? यो किन हामीले यो योजना आयोग गठन गरे हौंला ? यसको उद्देश्य के थियो होला ? यसले सरकार आफै गम्भीर छ होला । मलाई गम्भीर भए जस्तै लागिराछ र प्रदेश, प्रदेश योजना आयोग आज कहाँ छ ? यो मलाई जवाफ दिन पनि योजना आयोगका कोही सदस्य छैनन् कि जस्तो लाग्छ मलाई । त्यसकारणले यस यसैले बताउँछ यो प्रदेश कहाँ छ भनेर यसैले बताउँछ । यो प्रदेशको बजेट कहाँ छ भनेर यसैले बताउँछ । योजना आयोग भनिसकेपछि त अब यहाँभन्दा त धेरै कुरा गर्नु पर्दैन होला । अब अर्को महान्याधिवक्ताको कार्यालय छ अब त्यसको त केही पढ्नै परेन एउटा आर्को किताब आएको छ यस्तो उसलाई त जाइने सिरफ वार्षिक रूपले कहाँ के चाहिने हो खर्चपर्च उले आफूले मात्रै माग गऱ्याछ । जनता सेवाका लागि केही छँदै छैन । त्यसको त्यो उद्देश्य पनि हैन । त्यो त्यसको विषयमा धेरै प्रश्न गरिरहन पर्दैन । त्यसेले अब यो मुख्यमन्त्री, लोक सेवा आयोग त अझैं गठन भएकै छैन, त्यसलाई भोलि गठन हुने प्रक्रिया राख्नेहोला त्यो विषयमा अहिले संसदमा प्रश्न गरिहाल्नुपर्ने अवस्था छैन । अब मुख्यमन्त्रीज्यूको कार्यालय छ मैले एउटा सुझाव वास्तवमा किन बजेट राखियो के कारणले राखियो ? भन्ने मेरो प्रश्न छैन । तर यहाँ अरु मन्त्रालयको हिसाबकिताब गर्दा त्यहाँ राख्या कुरा ठिकै हो कि उहाँलाई पनि विश्वास लागेन कि जस्तो लाग्याछ । किनभने सरकारका विभागीय मन्त्रीको हविगत यस्तो छ । त्यही भएर मुख्यमन्त्रीकै कार्यालयमा राखिएको हो कि तर त्यसमा मलाई एउटा सुझाब छ मुख्यमन्त्रीज्यूलाई एउटा मन्त्रालय गठन गरेर हजुर भ्याउनु हुन्न हजुरले त्यो जाइने सारा योजना वितरण गर्न सकिदैन । एउटा मन्त्रालय नै गठन गरेर सकिदैन भने यी सबै मन्त्रालय त हजुरकै मातहतका त हुन् त । छुट्टै यो काम गर्नलाई वास्तवमा यो बजेट किन छुट्टयाउनु भो भन्ने मेरो क्वेशन छैन, तर छुट्टै काम गर्ने संयन्त्र एउटा तयार गर्न जरुरी छ । अब यो गत वर्षको जाइने कर्णाली उज्यालो जस्तै हुन्छ । कर्णाली उज्यालोको बजेट कहिँ खर्च भयो ? समीक्षा गर्नु भयो ? भएन, किनभने मुख्यमन्त्रीलाई त्यो फुर्सदै छैन । मुख्यमन्त्री भन्या त साँच्चै यी योजना कहाँ के हुन् ? निर्देशनात्मक रूपले अगाडि बढ्ने शक्ति हो । त्यसकारणले यसको विषयमा एउटा मन्त्रालय छुट्टै एउटा संयन्त्र छुट्टै बनाउनु जरुरी छ । र अहिले भौतिक मन्त्रीजीले भन्दिनु भयो सर्लक्कै पारेर, के कुरा गर्नुहुन्छ ? सुर्खेतसँग त संसार जोडिएको छ, त्यसकारणले सुर्खेतमा बजेट बढी भाको भनेर थर्काइदिहाल्नु भो अरु जिल्लामा काहिँ केही जोडिने रहिनछन्, अरु जिल्ला के टापु रहेछन् ? त्यसकारणले यो भाषा मिलाउने प्रक्रिया हो । कमिकमजोरी छ अब धेरै कुराहरू राखिसकिए अब यसमा कमेन्ट गर्न भन्दा पनि कसरी सुधार गर्नेहोला ? यो प्रदेशलाई समृद्धि बनाउने बाटो कसरी लिने होला ? हामीले आज मलाई लाग्छ यो वर्ष धेरै समृद्धिका कुरा आएका

छैनन् । सुरु हामी सरकार गठन भएबाट संसद गठन भएबाट कर्णाली प्रदेश स्रोत साधनले सम्पन्न प्रदेश, यहाँ हामी सबै प्रदेशभन्दा माथि जान सक्छौं । हाम्रो कार्यकालमा एक नम्बर, दुई, तीन नम्बर प्रदेशभन्दा पनि हामी धेरै माथि अगाडि बढ्न सक्छौं । हामीसँग त्यो स्रोतसाधन छ, भन्ने भाषण मुख्यमन्त्रीजीको म प्रदेशसभा सदस्यको चलेकै थियो । अब यो गतिले यो मतिले ताउला खाएर जाउला भन्या जस्तै भयो । त्यसकारणले यस्तो तरिकाले समृद्धि हुन्छ कि हुँदैन ? माननीयहरूले प्रश्न उठाउँछन् मन्त्रीहरूले जवाफ दिन्छन् । कोही काडाँको संसार भन्छन् कोही छोइ नै छैन भन्छन् । अब यस्तो प्रवृत्ति यहाँ रहेको छ । त्यसैले मुख्यमन्त्रीजीको कार्यालयको आज विषेश छलफल भएको हुनाले मुख्यमन्त्रीज्यू गम्भीर हुनुहुन्छ । मुख्यमन्त्रीज्यूले यी सबै कुराको ध्यान उहाँको आकर्षण भएको छ होला । त्यसैले यो ध्यानाकर्षण गरेर अब यसलाई साँच्चिकै हामीले बोलेका भाषणहरूलाई वास्तवमै प्रदेशको समृद्धिका लागि यो प्रदेशमा जे किसिमको स्रोतसाधन छ जे किसिमको हामीसँग कच्चा पदार्थ छ, यसलाई पक्का बनाएर कसरी अगाडि बढ्ने होला ? यो विषयमा चिन्ता गर्न पर्छ र यो चिन्ता गरेर यो बजेटलाई समृद्ध बनाएर अगाडि बढ्न म सुझाव दिन चाहन्छु । धन्यवाद !

**माननीय सभामुखः** माननीय श्री धर्मराज रेग्मी । यसपछि माननीय श्री ठम्मरबहादुर बिष्ट तयार रहनुहोला।

**माननीय श्री धर्मराज रेग्मीः** माननीय सभामुख महोदय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश योजना आयोग, लोक सेवा आयोग र मुख्यन्याधिवक्ताको कार्यालय तथा प्रदेश सभासँग सम्बन्धित विषयमा टिप्पणी गर्न उभिएको छु र म यो अवसरका लागि माननीय सभामुखप्रति आभारी छु । सभामुख महोदय, म यो छलफलको सुरुवात मुख्यन्यायाधिवक्ताको कार्यालयतिरबाट गर्छु सभामुख महोदय । नियमित यहाँ उठाए जस्तै पेश गरिएका कागजपत्रहरूले हाम्रो वास्तविक अवस्था दर्शाउँछ । हामी कर्णालीको हाम्रो वास्तविक अवस्था बजेटसँग पेश गरिएका कागजपत्रहरूले देखाउँछ म यो कुरा करिब-करिब यो रोष्टममा यो सधैंको छलफलमा राखिराछु सभामुख महोदय । म यो जानी-जानी यो कुरा राख्दैछु अहिले पनि मुख्यन्यायाधिवक्ताको यो डकुमेन्टबाट हेरेर चाहिँ यसमा छलफल गर्नु पर्दछ सभामुख महोदय एकपेजमा चाहिँ यो कागजहरू छ । मूलतः मुख्यन्यायाधिवक्ताकोमा दुईवटा जति रेडिमेट प्रकारका गोष्ठीहरू छन् सभामुख महोदय । सरकारी वकिल र प्रहरीसँग समसामयिक तथा प्रचलित कानून कार्यान्वयनको चुनौति र समस्या समाधानका विषयमा प्रदेश स्तरको एउटा गोष्ठी छ । यो समसामयिक गोष्ठी चाहिँ नराख्दा हुन्छ । समसामयिक चाहिँ चाहिँदैन बरु क्याटगोरिकल्ली यहाँ चाहिँ प्रदेशमा यदि मुद्दाको अभियोजनसँग सम्बन्धित हो भने सरकारी वकिल र प्रहरीसँग अनुसन्धानसँग सम्बन्धित हो भने अनुसन्धान र अभियोजनसँग सम्बन्धित बारेमा राख्न सकियो । अथवा यलाई फौजदारी कानूनको कार्यान्वयनको अवस्थाको बारेमा हो भने न्यायाधिवक्ता कार्यालयले यो चाहिँ राख्न सक्ने भयो सभामुख महोदय । यो कार्यक्रमको प्रकृति यो रेडिमेट गोष्ठी हुन्छ सभामुख महोदय । कर्मचारी तन्त्रमा एउटा समस्या केछ भन्दाखेरि कर्मचारीतन्त्रमा धेरै सुधारहरू भैरहेको छ । धेरै नयाँ-नयाँ काविल अफिसरहरू पनि आइरहेका छन् । त्यसमा सुधारहरू भैरहेको छ यद्यपि यसको एउटा समस्या के छ भने एउटा फरम्याट हुन्छ हामीसँग सभामुख महोदय । त्यही फरम्याटलाई हामी चाहिँ कार्यक्रमको रूपमा सालिन्दा चाहिँ हरेका वर्ष प्रस्तुत गर्दछौं । अब यो सरकारी वकिल कार्यालयले समसामयिक विषयमा किन गर्न पर्‍यो । कन्टेम्प्ररि विषयमा गर्ने त अरु अड्डा छँदै छन् । यसमा उहाँहरूले कि अभियोजन र अनुसन्धानसँग सम्बन्धि विषयमा गर्नु पर्‍यो कि फौजदारी न्यायको कार्यान्वयनसँग सम्बन्धित विषयहरूमा गर्नु पर्‍यो । त्यसकारणले गोष्ठीमा शीर्षक चाहिँ सच्याउन र शीर्षक सच्याएर यलाई पेश गर्दाखेरि त्यो राम्रो हुन्छ । यले अर्को एउटा गोष्ठी नियमित के अर्को गोष्ठी के गर्‍यो सभामुख महोदय भन्दाखेरि स्थानीय निकाय र प्रदेश सरकार लगायतका

प्रचलित कानून कार्यान्वयन चुनौति र समस्या समाधानका विषयमा प्रदेश स्तरीय गोष्ठी गोश्वारा प्रकृतिका गोष्ठीं हुन्छन् । व्यानर चाहिँ जे लगाए पनि हुन्छ । यसमा चाहिँ गम्भीर त्रुटी के भयो भन्दाखेरि स्थानीय निकाय भनेर प्रदेश सरकारको खासगरी न्यायाधिवक्ताको कार्यालयकै बजेटमा स्थानीय निकाय राखियो संविधानको धारा ५६ राज्य शक्तिको राज्यको संरचनाले स्थानीय निकाय भन्दैन । यो चाहिँ त्रुटी भयो अन्तबाट त्रुटी भए केही फरक पर्थेन । न्यायाधिवक्ता कार्यालकै डकुमेन्टमा चाहिँ त्रुटी भयो यसलाई स्थानीय तह राख्दाखेरि संवैधानिक भाषा हुन्छ र स्थानीय निकाय संविधानले नचिन्ने भाषा हो स्थानीय निकायसँग सम्बन्धित एउटा गोष्ठी । कार्यक्रमका लागि केही कार्यक्रम छन् सभामुख महोदय, प्रदेश स्तरीय मुख्य न्यायाधिवक्ताहरूसँग प्रचलित कानूनका विषयमा अन्तरक्रियात्मक सम्मेलन । यो चाहिँ महान्यायाधिवक्ता कार्यालयले माथि चाहिँ महान्यायाधिवक्ता कार्यालय छ त्यले चाहिँ महान्याधिवक्ता कार्यालयले सातै वटा प्रदेशका मुख्यन्यायाधिवक्ताहरूसँगको अन्तरक्रियाहरू गर्दछ र यो वर्ष पनि गऱ्या थियो सभामुख महोदय । यो महान्यायाधिवक्ता कार्यालयले गर्ने खालको कार्यक्रम जुन प्रदेश स्तरीय मुख्यन्यायाधिवक्ताहरूसँग जुन सातै प्रदेशका मुख्यन्याधिवक्ताहरूसँग हाम्रो चाहिँ कर्णाली प्रदेशको न्यायाधिवक्ताको कार्यालयले किन गोष्ठी गर्नुपऱ्यो सभामुख महोदय । यो गोष्ठी चाहिँ कसले गर्दछ भन्दाखेरि बरु हाम्रो चाहिँ मुख्यन्यायाधिवक्ताको गोष्ठीले प्रदेश स्तरका सरकारी वकिलहरूका बीचमा गर्नुपऱ्यो है । यो महान्यायाधिवक्ताको कार्यक्रम सम्भवतः यो वर्षको कार्यक्रम हेऱ्यो भने यसै अफिसमा हुने नियमित कार्यक्रम हो माथि चाहिँ ।... जनरलको अफिसमा नियमित कार्यक्रम हुन्छ अहिले पोहोर साल पनि यो गोष्ठी भाथ्यो सभामुख महोदय । अहिले पनि त्यो गोष्ठी हुन्छ त्यसकारणले यो गोष्ठीहरू चाहिँ नराख्दा चाहिँ राम्रो हुन्छ सभामुख महोदय म यो सुझाव दिन्छु कि के ध्येका साथ यी गोष्ठीहरू राखियो कि मैले फरमेट सुरुमा जे भने त्यो फरमेटको आधारमा होला । केही नियमित र सामान्य खरिदका कुराहरू छन् सरकारी कार्यालय नै हो मोटरसाईकल, स्कुटर, ल्याप्टप, कम्प्यूटर, पंखा आदि ईत्यादि सालिन्दा खरिद गरिन्छ । यो फ्रिज खरिद गर्नुभन्दा यता बरु महान्यधिवक्ताको कार्यालयमा पुस्तकालय जस्ता केही संरचनात्मक कामहरू गर्दाखेरि चाहिँ त्यो चाहिँ राम्रो हुन्थ्यो मैले यति सुझावहरू दिएँ र मुख्यन्यायाधिवक्ताको कार्यालयलाई खासगरी जनशक्ति दक्षता, क्षमता र पूर्वाधार केन्द्रित कार्यक्रमहरू हुनुपर्दछ र ती कार्यक्रमहरू चाहिँ छैनन् सभामुख महोदय, मैले यसको टिप्पणी यो गरे । मुख्यमन्त्री कार्यालयमा सभामुख महोदय मुख्यमन्त्री माननीय मुख्यमन्त्रीज्यूको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित धेरै प्रश्नहरू हुन्छन सभामुख महोदय । केबल मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई यो पुस्तकमा मात्रै सीमित रहेर हामीले चाहिँ छलफल गर्न सक्दैनौं । यो समग्र प्रक्रियाको बारेमा माननीय मुख्यमन्त्रीज्यूले जवाफ दिनुहुने छ अब मैले आशा गऱ्याछु सभामुख महोदय किनभने लामो समयदेखि मैले यो कुरा भन्दैछु, यो संसद माननीय मुख्यमन्त्रीज्यूलाई जोडदार रूपमा सुन्न चाहन्छ र सार्वजनिक रूपमा बजेटमाथिको छलफलका बारेमा माननीय मुख्यमन्त्रीज्यूलाई प्रदेशका १७ लाख मान्छेहरू सुन्न चाहन्छन् । मुख्यमन्त्री माननीय मुख्यमन्त्रीज्यूले जवाफ दिदा मुख्यमन्त्री कार्यालयसँग सम्बन्धित मात्रै नभएर समग्र सरकारको बजेट प्रणालीको बारेमा माननीय मुख्यमन्त्रीबाट जवाफ आउनु पर्दछ भन्ने मैले आशा गरे सभामुख महोदय । केही खुद्रामसिना कार्यक्रम छन् मुख्यमन्त्री कार्यालयमा पनि ती खुद्रामसिना कार्यक्रमहरूका बारेमा हेरफेर गर्न सकिएला तर यले एउटा चुनौति थपियो सभामुख महोदय, मुख्यमन्त्री कार्यालयमा के चुनौति थपियो भने अहिलेकै जनशक्तिले अहिलेकै मुख्यमन्त्री कार्यालयको संरचनाले प्रस्तावित कार्यक्रमहरू चलाउन सकिन्छ कि सकिदैन ? मुख्यमन्त्री कार्यालय जे प्रस्तावित कार्यक्रमहरू हामीले जति राख्या छौं उज्यालोसँग सम्बन्धित कार्यक्रमहरू पूर्वाधारका कार्यक्रमहरू जे राख्या छौं सभामुख महोदय यी कार्यक्रमहरू अहिलेकै चाहिँ संरचना जुन हाम्रो मुख्यमन्त्री कार्यालयको

संरचनाहरू छ । यो संरचनाले चाहिँ यी कार्यक्रमहरू सम्भव हुँदैनन् त्यसो हो भने मुख्यमन्त्री कार्यालयलाई स्ट्रेन्थ गर्नु पऱ्यो । मुख्यमन्त्री कार्यालयलाई स्ट्रेन्थ गर्दा अरु यही प्रकृतिका कामहरू गर्ने अरु मन्त्रायहरू, अरु निकायहरू छन् ती मन्त्रालय र निकायहरूको संरचना पनि थप्दै जाने र मुख्यमन्त्री कार्यालयलाई पनि स्ट्रेन्थ गर्ने हो भने त्यसको भारी चाहिँ सरकारले कसरी थाम्छ ? यसको सन्तुलन चाहिँ कसरी मिल्ने हो सभामुख महोदय किनभने यी कार्यक्रमहरू गर्न मुख्यमन्त्री कार्यालयमा पर्याप्त जनशक्ति छैन । मैले यो कुरा माननीय मुख्यमन्त्रीज्यूको यसमा ध्यानाकर्षण गराए सभामुख महोदय यति कार्यक्रमहरू चाहिँ मुख्यमन्त्री कार्यालयबाटै सञ्चालन गर्ने हो भने मुख्यमन्त्री कार्यालयको अहिलेको मौजुदा संरचनामा व्यापक परिर्वतन गर्नुपर्दछ कर्मचारी प्रशासनदेखि यही प्रकृतिका भौतिक मन्त्रालयहरू यही प्रकृतिका ऊर्जा मन्त्रालयहरू यिनै सामाजिक सुरक्षाका कार्यक्रमहरू गर्ने सामाजिक मन्त्रालयहरूमा भैरहेको जनशक्ति छ । एकापट्टि चाहिँ सरकारको कार्यक्रम र चाहिँ एकापट्टि भैरहेको जनशक्ति र संरचनाहरू खाली हुने कमजोर हुने र अर्कोपट्टि जनशक्ति र संरचना थप्नुपर्ने हो भने त्यसको सन्तुलन चाहिँ सरकारले कसरी मिलाउछ ? यसको जस्टिफिकेसन चाहिन्छ सभामुख महोदय । मैले यति कुराहरू यसमा राखें र प्रदेश परिषद् बैठक अघिल्लो पटक प्रदेश समन्वय परिषद्को बैठक र स्थानीय तहका प्रमुख प्रशासकीयहरूको बैठक एकैपटक भएको थियो मलाई जहाँसम्म लाग्छ । यो दुईवटा गोष्ठी छ फरक फरक खालको तीस लाख र दश लाखको यो दुईवटा गोष्ठीलाई एउटै गोष्ठीमा राखेर प्रमुख र उपप्रमुख आउँदा त्यही गाडिमा कार्यकारीलाई पनि आउनुहोला भनेर नै माथिबाट चाहिँ हाम्रा धेरै टाढाटाढा दुरदराजबाट सुर्खेतमा आएर फेरि गोष्ठी गरेर फर्किएर जाँदाखेरि जुन खर्चपर्च हुन्छ । यसलाई मितव्ययिता मुख्यमन्त्रीको कार्यालयले मितव्ययिताको कुरा छ । माननीय मुख्यमन्त्रीजीले उठाइराख्नु भा हुन्छ । होटलको गोष्ठीहरू बन्द गर्नु पऱ्यो, होटलको गोष्ठीहरू नगर्नुपऱ्यो यसलाई मितव्ययीतासँग लिएर जोड्दाखेरि के होला भने यो गोष्ठीलाई एउटै बनाएर मेयर र उपमेयर आउदा चाहिँ अध्यक्षय र उपाअध्क्षय आउँदा आफ्नो कार्यकारीलाई पनि लिएर आउन समन्वय परिषद्को एउटै बैठकबाट यो एजेन्डाहरू चाहिँ हल गर्न त्यसो हुँदाखेरि दुईवटा गोष्ठी नराख्दा त्यो चाहिँ राम्रो हुन्छ । खासगरी मुख्यमन्त्री कार्यालयले एउटा प्रतिवद्धता केही सामान्य कार्यक्रमहरू छ यसमा भ्रष्ट्राचार नियन्त्रण, सुशासन मानवअधिकारका सन्दर्भमा मुख्यमन्त्री कार्यालयमा यसमा बजेट पनि छ यसमा १२ लाख । मुख्यमन्त्री कार्यालयमा भ्रष्ट्राचार, सुशासन मानवअधिकारका सन्दर्भमा खरो दृष्टिकोण राख्नुपऱ्यो सभामुख महोदय यी पनि हामीले बस्दाबस्दै बजेटमाथिको छलफल गर्दागर्दै सरकारी कार्यालयका प्रमुखहरू केही कार्यालयका कर्मचारीहरू अख्तियारको नियन्त्रणमा परिरहेका छन् । वित्तीय अनुशासनको विषय तल भष्ट्रचारको विषयहरू सुशासनको विषयमा प्रदेश कमजोर भैराछ । यसमा बढी मुख्यमन्त्री कार्यालयले चासो राख्न अनुरोध गर्दछु सभामुख महोदय म निष्कर्षतिर थोरै मैले पहेंलो बत्तीको मर्यादा कायम राख्दै एउटा न्यायिक समितिवाला कार्यक्रम मैले अस्ति पनि टिप्पणी गर्दा भन्या थिएँ, आन्तरिक मामिला मन्त्रालयमा पनि छ र मुख्यमन्त्री कार्यालयमा पनि छ । यो एउटै निकायबाट गर्नुपर्ला र एउटा कार्यक्रम नदोहोऱ्याउनु पर्ला । योजना आयोगको बारेमा छ सभामुख महोदय योजना आयोग गठन पश्चात के-के कामहरू भए त्यसलाई सरकारले ती कामहरूलाई सरकारले स्वीकार गऱ्यो कि गरेन भन्ने बारेमा चाहिँ योजना आयोगको बारेमा माननीय मुख्यमन्त्रीज्यूले जवाफ दिनुपर्छ सभामुख महोदय । योजना आयोग निर्माण भैसकेपछि पनि बजेटको अवस्था जे हो अथवा योजाना आयोग हामीले संरचनाहरू थप्ने र ती संरचनाहरूले काम गर्न नसक्ने अवस्था हो अथवा थपिएका संरचनाहरूलाई हामीले राम्रोसँग काम गर्ने चाहिँ तौरतरिका जानेनौं । यसको बारेमा योजना आयोगलाई ठीक योजना आयोगको बारेमा पनि चाहिँ सानो एउटा चाहिँ यसका नियमित बजेटका कार्यक्रमहरू छन् बजेटउपर मैले टिप्पणी गरिन तर योजना आयोगको कर्णाली प्रदेश योजना आयोगको भविश्यका बारेमा के हो ? योजना

आयोग गठन गरिसकेपछि त्यसको टिओआर के हो ? त्यो टिओआर अन्तर्गत हामीले काम गर्‍यौं कि गरेनौं यो वर्षको वार्षिक बजेटमा योजना आयोगको भूमिकालाई हामीले कहाँनिर उल्लेख गरियौं यो कुराहरूको बारेमा मैले टिप्पणी गर्दै प्रदेश सभा सचिवालयमा सभामुख महोदय मैले संक्षिप्तमा यो प्रदेश सभा सचिवालयको बारेमा प्रदेश सभासँग सम्बन्धित विषयहरूमा खासगरी सासंदहरूको वृत्ति विकाससँग सम्बन्धित कार्यक्रमहरू छैनन् सभामुख महोदय । सासंदहरू भनेको जहिले पनि पार्लियामेन्टरियन भनेको रिर्सच पर्सन हो सभामुख महोदय । यो जानी-जानी चाहिँ संसदलाई कमजोर बनाउने तरिका हो अथवा चाहिँ यसमा हामीले बुद्धि पुर्‍याएनौं होश पुर्‍याएनौं सभामुख महोदय उदाहरणको लागि भन्न सकिन्छ एउटा सानो बजेट आन्तरिक तथा वैदेशिक अनुगमन मूल्याङ्कनमा चाहिँ तपाईको सभामुख महोदय यो चाहिँ ७ लाख ८० हजार जस्तो बजेट छ सभामुख महोदय यले चाहिँ यो न्यून बजेट हो यसमा चाहिँ भ्रमण पनि यही हो अनुगमन पनि यही हो, स्वदेश पनि यही हो, विदेश पनि यही हो सभामुख महोदय यसले सासंदहरूको वृत्तिविकास हुँदैन जति सासंदहरूको वृत्तिविकास भएन त्यति संसद कमजोर हुन्छ । संसद कमजोर हुनु भन्या सरकार कमजोर हुन्छ सभामुख महोदय । वृत्तिविकासको शीर्षकमा म पर्याप्त रकमहरूको व्यवस्था गर्न र खासगरी संसदमा धेरै संरचनाहरू नयाँ संसद भएकोले धेरै संरचनाहरू थप्नुपर्ने छ । साउण्डसिस्टम लगायतका संरचनाहरू यही थप्नुपर्ने छ सभामुख महोदय । म त्यतापट्टि बस्छु त्यो एसीबाट नियमित पानी चुहिन्छ सभामुख महोदय कहिलेकाहिँ मलाई डर लाग्छ त्यसको ओजन कति छ ? त्यो खस्यो भने चाहिँ के होला ? सभामुख महोदय । त्यस्तो हुँदाखेरि केही संरचनागत कुराहरू छन् हामीले बनाई राख्नुपर्ने केही संरचनागत कुराहरू भए हुनाले साउण्ड लगायत चाहिँ हल तथा कार्यालयसँग सम्बन्धित विषयहरूमा बजेट चाहिँ पर्याप्त छैन र सांसदहरूको वृत्तिविकाससँग सम्बन्धित बजेट चाहिँ प्रर्याप्त छैन यति कुराहरू राखेर मैले संक्षिप्तमा सभामुख महोदय र यसको आजको छलफलको निश्कर्षमा मैले आफ्नो भनाईलाई बजेटमा केही सैद्धान्तिक त्रुटीहरू छन् केही कार्यक्रमिक त्रुटीहरू छन्, केही नियमित खालका कार्यक्रमहरू छन् र सरकारले एउटा महत्वपूर्ण कार्य माननीय मुख्यमन्त्रीज्यूले एउटा जवाफदिदा एउटा महत्वपूर्ण पहल कदमिको सुरुवात होस् र उहाँले चाहिँ प्रदेशका जनतालाई यसबाट सम्बोधन गरेर आश्वस्त तुल्याउनु पर्दछ । मैले यति आशा गरेर माननीय सभामुखलाई सभामुख महोदयलाई यो समयका लागि हार्दिक आभार व्यक्त गर्दछु धेरै धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री ठम्मर बहादुर बिष्ट ।

**माननीय श्री ठम्मरबहादुर बिष्टः** सभामुख महोदय, हामी छ वटा मन्त्रालयको छलफलमा भाग लिदै आज मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायतका अन्य मन्त्रालयको हामी छलफलमा छौं । यस क्रममा अब यो खासगरी वार्षिक यो केरे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को विषयमा यहाँ केही बुँदाहरू जो पूर्व माननीयहरूले भने जस्तै थुप्रै बुँदाहरू उही एउटै शीर्षकमा आउनुपर्ने ठाउँ-ठाउँमा छितरिएर रहेको छ । यलाई हल गर्दै गर्नुपर्छ भन्ने मलाई लाग्छ । यहाँ यसमा पनि जस्तो यो एक ठाउँ भनिएको छ प्रदेश समन्वय परिषद्को बैठक त्यस्तै शीर्षक भनिएको छ प्रदेश र स्थानीय तहबीचको शासन र व्यवस्था तथा अधिकार र विविध पक्षहरूमा अन्तरक्रिया कार्यक्रम, त्यस्तै फेरि अर्को प्रदेश समृद्धि र विकासका सम्भावना पहिचान सम्बन्धमा विभिन्न क्षेत्रका विषय विज्ञ समूह तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा छलफल भनेर यसरी अरू पनि यहाँ एकदुई वटा बुँदाहरू छन् यस्ता बुँदाहरू यहाँ लेखिएको छ यलाई एउटै बुँदामा लेख्दाखेरि बुझ्न सजिलो हुन्छ र रकम पनि त्यहाँ बुझ्न सजिलो हुन्छ । मैले यो निवेदन गरें त्यस्तै यो अघि पनि यहाँ कुरा उठ्यो मैले त्यो विषयमा त म म गरेन । यसमा त्यस्तो यो अन्य सहायता वापत प्रदान गरिने रकम भनेर पनि भनिएको छ । अर्को यो उद्धार, राहत तथा पुर्नस्थापना खर्च भनेर पनि

उस्तै-उस्तै शीर्षकहरू आएको छ । यसलाई पनि चाहिँ तपाईको मिलाएर ल्याउनु पर्छ जस्तो मलाई लाग्छ । अब अर्को कुरा यो कर्णाली प्रदेश योजना आयोगको विषयमा यहाँ राख्दाखेरि अब यो एउटा त यो पन्नाले नै उहाँहरूले प्रतिकात्मक रूपमा यो विरोधको संकेत भनौं अथवा असन्तुष्टिको संकेत भनौं यो आको छ । यलाई त्यसरी बुझ्न सकिन्छ किनकि यो त कुनै यसको, यसको ओजन नै छैन त्यो ढंगले यहाँ पेश गरिएको छ । दोस्रो कुरा उहाँहरूका कार्यक्रम कस्ता छन् भने तथ्याङ्क संकलन र अन्तरक्रिया केरे केरे गोष्ठीमा भन्ने मात्रै उहाँहरूको छ । अब यहाँ प्रश्न उठन सक्छ अब यत्रो हामीले कर्णाली समृद्धिको कुरा गरिराखेका छौं, उहाँहरूलाई ज्वाँइ पाले जसरी पालिराख्नु पर्ने र उहाँहरूले अन्तरक्रिया गोष्ठी गरेर मजाले चाहिँ तपाईको सिध्याउने हो भने यो चाहिँ संरचना किन चाहियो ? यलाई विघठन गरौं । मैले यो आज प्रस्ताव गर्न चाहन्छु । होइन सरकारले काममा लाउन नसकेको हो भने के-के कारण हो त्यसको पनि यहाँ जवाफ चाहियो । उहाँहरूलाई त्यो हेमुलेशन हुने गरी सरकारले समायोजन गर्न नसक्या हो भने यो के कारण हो ? उहाँहरूको उपस्थितिले पनि यो कुरा देखिन्छ । तेस्रो कुरा भनेको त्योसँग सम्बन्धित यदि विकास र पूँजीगत कुराहरूमा विकासका कुराहरूमा उहाँको कुनै पनि चाहिँ रिफ्लायाक्सन नदेखिने हो भने यो राख्न पर्ने चाहिँ कुराहरू के छ ? यसको जवाफ चाहियो, मैले यो भन्न चाहन्छु । अब अर्को कुरा यहाँ अब अहिलेसम्मकै बोलेको कुराहरूमा पनि यसमा अलिकति चाहिँ तपाईको ठोस गर्नपर्ने कुराहरूमा मैले देखेको कुरा के छ भने अब एकातिर अहिलेसम्मको यो सबै प्रक्रिया हेर्दाखेरि बजेट असन्तुलित भयो । अर्कोतिर के पनि भयो भने मैले मुख्यमन्त्रीजीलाई ध्यानाकर्षण गर्न चाहन्छु । गत सालको बजेटदेखि यहाँसम्म आउँदाखेरि उहाँले जुन स्प्रीटबाट जस्तो चाहिँ कतिपय चाहिँ तपाईको यो हामीले धार्मिक क्षेत्रहरूमा लगानी नगरौं अहिले अरु क्षेत्रमा आवश्यक छ भनेर उहाँले एकदमै जोड दिएर राख्नुभाथ्यो मुख्यमन्त्रीजीले सप्पैले त्यो छलफलको विषय हाउसमा पनि बन्यो, धेरै क्षेत्रहरूमा, फोरममा पनि त्यो कुराहरू उठ्यो तर अन्ततः त्यस्ता कैयौं योजनाहरू यस्ता छन् कि जो कार्यान्वयन भएर आइसके कतिपय क्षेत्रमा त्यसो भा'हुनाले यो एउटा यो छ यहाँ । गत सालकै समीक्षा गर्न पर्दाखेरि पनि, मन्त्रीहरू कहाँ हुनुहुन्छ ? भन्ने कुरा मैले मुख्यमन्त्रीजीलाई प्रश्न गर्न चाहन्छु । अर्को कुरा अहिले अस्ति भर्खरै चाहिँ तपाईको दर्जनौ मिटिङ्ग भ्याएर आउँदाआउँदै आउँदाआउँदै अर्थमन्त्रीले अथवा चाहिँ सबै मन्त्रीहरूले यहाँ चाहिँ आफ्नो कार्यक्रम पेश गरिनै भ्याइहाल्नु भयो । यहाँ हेर्दा हेर्दै ए लाग्यो लग्यो चिलले चल्लो लग्यो भन्दाभन्दै स्वाट्टै चल्लो उडाएर लग्छ नि त्यस्तै भैगो यहाँ, भनेपछि अब एउटा गम्भीर प्रश्न मैले जहाँसम्म मुख्यमन्त्रीलाई बुझेसम्म पाँच सात वर्ष हामी युद्धकै दौरानमा पनि चाहिँ सहयात्री हौं । उहाँ सरल र सपाट मान्छे हो । मैले बुझे अनुसार यो कहिँ न कहिँ तपाईको चाहिँ अब यो उम्किन नसक्ने जालमा चाहिँ कतै न कतै चाहिँ तपाईको उहाँ फस्ने स्थितितिर जाँदै हुनुहुन्छ । त्यसकारण यहाँ गम्भीर प्रश्न उठ्न, कि मन्त्रीले टेरेनन् त्यो पनि अब छलफलको विषयमा मुख्यमन्त्रीजीले राख्न पर्छ । यो त हाउसकै विषय आमजनता यो त तपाईको तीन करोड नेपालकै जनताको विषय हो । यहाँ कोइ व्यक्तिगत कुरा छैन, १७ लाख जनताको कुरा हो । मन्त्रीले नटेरेका हुन् भने किन नटेरेका हुन् ? टेरेका हुन् भने जे कुरा अहिले पनि चाहिँ सन्तुलित बनाऔं है भनेर उहाँले भनिराख्नु भा'छ । पोहोर पनि अनावश्यक क्षेत्रमा लगानी नगर है भनेर भनिराख्नु भा'छ । यो ल्याउनु पर्ने कारण के हो ? के ले चलाइराख्या छ त मन्त्रीहरू तपाईले गम्भीर अप्रेसन गर्नुहोस् । अप्रेसन गर्नुहोस् त्यहाँ र गम्भीर समीक्षा चलाएर अब प्रश्न त खडा हुन सक्छ नि । अब यस्तो मन्त्रीमा जब टेर्दै नटेर्नेकहाँ आफू किन बस्ने ? भन्ने पनि तपाईलाई प्रश्न उठन सक्छ । हैन, टेर्दै नटेर्नेलाई किन राख्ने ? भनेर पनि तपाईले कारबाही गर्न सक्नुहुन्छ नि । एउटा बाटोमा त जान पऱ्यो नि । त्यसकारणले गर्दाखेरि एउटा गम्भीर चाहिँ तपाईको यहाँ प्रश्न खडा भा'छ । यो कुनै हामीले लुकाएर लुक्ने प्रश्न हैन । हुँदाहुँदै हुँदाहुँदै यहाँ रेलोपैरो सबै जान थाल्यो दोस्रो कुरा त्यति मात्रै छैन दोस्रो

कुरा यहाँ अर्को पनि प्राविधिक समस्याको कुराहरू के आएको छ भने यो बजेट पनि केही लाखको करोडमा, करोडको अरबमा, विभिन्न खालको एउटा सामान्य एक्सलबाट सरर गर्दाखेरि त डेविट एण्ड क्रेडिट व्यालेसिङ्ग भैहाल्छ नि त्यति नजान्ने सचिव र कर्मचारी को छन् त्यो पनि तपाईले त्यहाँ अप्रेसन गर्नुहोस् । मैले भन्न चाहन्छु सबै मन्त्रीहरूलाई पनि मैले भन्न चाहन्छु तपाईको मातहतको कर्मचारी र तपाईको त्यहाँको क्यापासिटि के हो ? अनि कहिँ जिल्लाको नामै छैन, कहिँ गाउँको नाम छैन, कहिँ केही छैन त्यो तपाईको एउटा निबन्ध जस्तो भएर ल्याएको छ विकास । त्यो हेर्नुपर्दैन ? तर जिल्ला चाहिदैन, गाउँ चाहिदैन, अब कहिँ एकातिर नगरपालिका छ जिल्ला अर्को छ । कहि एकातिर नाक जोडेको छ कसैको पुच्छर जोडयाछ । कसैको चाहिँ के जोडया छ । यस्तो गरेर यो त त्यसै पनि प्राविधिक हिसाबले बजेट त फेल भा'छ नि । त्यसकारण मैले यहाँ भन्न के चाहन्छु भने यलाई कुनै पनि हामीले मैले मुख्यमन्त्रीजीलाई नै भन्न चाहन्छु । तपाईको हाईट अझैं बढाउने हो भने एकचोटी अब हाउसमै ल्याएर छलफल चलाऔं किन यो लुकाएर लुक्ने कुरा छैन । र बाँकी जुनसुकै जब हामी मरिसकेपछि पनि आउने सरकारलाई एउटा ठूलो आईसब्रेक हुन्छ कि माननीयले भन्दाभन्दै जनताको विपरीत, प्रदेशको विपरीत यदि चाहिँ तपाईको कार्यक्रम आउँदाखेरि संशोधन हुन्छ है । हाउसमा जान्छ है फेरिपनि त्यो चाहिँ गम्भीर विषय हुन्छ भनेर उहाँहरू बेलैमा सच्चिने हुन सक्छ नि । त्यो मुख्यमन्त्रीको नै हाइट बढ्छ नि मलाई जहाँसम्म लाग्छ । तपाईहरू मन्त्रीको पनि हाईट बढ्छ किन यो कुरा त आखिरी चाहिँ तपाईको सार्वजनिक भैहाल्यो । यो दुई सय राष्ट्र हैन चन्द्रलोकमा पनि छन् अहिले पर्यटन त्यहाँ पनि पुगिसको हेरिराछन् वाइफाई । चन्द्रलोकमा पनि पुगिसक्यो अनि यो के हिँनेर मात्रै सुन्याछौं र यही एसी भित्रमात्रै छौं र हामी ? त्यसकारण अलिकति यसलाई पनि हामीले नजरअन्दाज नगरौं । मैले यो कुरा यहाँहरूलाई चाहिँ निवेदन गर्न चाहन्छु र के गरेर हुन्छ एउटा संकल्प प्रस्ताव पारित गरौं । ल अब दुईतीन दिन मलाई जहाँसम्म लाग्छ सैद्धान्तिक पाटो पूरा भैसक्यो सैद्धान्तिक पाटो पूरैपूरा भयो । अब टेक्निकल कुरामा दुईतीन दिन यलाई चाहिँ ग्याप गरेर हुन्छ कि, कानून पनि हेरौं अलिअलि, हैन यताउति गरौं । त्यसपछि लिएर तपाईको अब प्रतिपक्ष पक्ष यो ऊ भन्ने कुरा केही छैन । सबै सहभागी हौं अब सरकारले नै गर्ने हो भने पनि तपाईहरूले अब यहाँ चाहिँ संकल्प तपाईहरूले राख्न पर्‍यो, प्रतिवद्धता राख्न पर्‍यो । हैन, अब चाहिँ दुईचार जना माननीय मिलाएपछि चाहिँ अलिकति चाहिँ हामीलाई चाहिँ चेतना आउँछ भन्ने हो भने दुईचार जना माननीयसहितको टिम बनाएर दुईचार दिन अलिकति ग्याप गरौं यसले केही बिग्रिदैन । यो कता चाहिँ यो पिलएमविआईएस अर्को के आईएस भनेर यो अनेक चाहिँ तपाईको राखेर यो चाहिँ गर्न केही जरुरी छैन । किन हामीले प्रदेशको लागि गर्ने हो जनताको लागि गर्ने हो हाम्रो हाईट पनि तल हुँदैन । त्यसकारण यो ढंगले मैले जाऔं भन्न चाहन्छु । र अर्को कुरा यहाँ सँगसँगै के पनि भन्न चाहन्छु भने जस्तो यो मैले अर्को पनि एउटा अनुरोध गर्न चाहन्छु । तपाईहरूको अहिले पनि मैले सुनिराख्याछु कि कर्मचारी छैनन्, ईन्जिनियर छैनन् । म तपाईहरूलाई चाहिँ एउटा प्रस्ताव गर्न चाहन्छु । यदि छैनन् र तपाईहरूले गर्न नसक्ने हो भने ६-६ महिनाको लागि चाहिँ मन्त्रीमण्डल चेन्ज गरौं । म परुँला नपरुँला यो तपाईहरू काम पनि नगर्ने राज्यको खर्च भैहाल्ने भण्डा मात्रै हल्लाउने हो भने हामी पनि जाऔं न त बसौं न, इतिहासै रच्ने त हो । नत्र के कारणले तपाईलाई राख्न पर्ने त्यहाँ, होइन भने तपाईको टेण्डरबाट हुँदै हुँदैन । लोकसेवा जान्छ अरु जान्छ तीनचार वर्ष तपाईको अवधि त्यसै जानेवाला छ । तपाई विश्वयुद्ध लडेर कतै गोल्डमेडल प्राप्त गरेर आउनुभएको त हैन, लडया हौ भने सबै यस्तै यस्तै खेल्दै थाङ्नामा खेल्दै युद्धमा खेल्दै, पाटीमा खेल्दै आएका हौ । छुट्टै के छ त तपाईलाई त्यहाँ राख्न पर्ने ? कि भने तत्कालै तपाईले आयोग अथवा चाहिँ करार या चाहिँ तपाईको के हुन्छ ? मैले चाहिँ उपभोक्त समिति भन्दैन । जनतासहितको परिचालन र सारा तपाईको त्यसलाई चाहिँ होमिने गरेर एउटा

खालको तत्कालै भदौदेखि तपाईले गर्न सक्ने कि नसक्ने यो सरकारले ? हैन भने जतिसुकै यहाँ फेरि अन्ततः तपाईहरूले यो चाहिँ सुध्रिएर आयो, सन्तुलित भएर आयो, सच्चिएर बजेट आयो भने पनि एक रुपैयाँ त खर्च हुने स्थिति छैनन् नि त । त्यसो भएपछि यो के भयो त फोडा पहाड निक्ला चुहाँ के काम छ त यसको । त्यसकारण मैले अन्तिममा दुइटा आज विषेश संकल्प एउटा इमर्जेन्सी बिल ल्याऔं जनतासहितको सहभागितामा चाहिँ विकास गर्ने, मन्त्री पनि त्यही हुन्छ, निर्माण व्यवसाय ती हुन्छ, माननीय ती हुन्छ हैन । सबै खालका मान्छे ती हुन्छन् बाजाघाजा बजाउने जनतासहित खन्दै कुटो, खन्दै तपाईको पैंसा पनि सारा परिचालन । त्यतै खाने ती सुत्ने, मुख्यमन्त्री हामी सबै सुत्ने, कति माया पनि बढ्छ, सारा कुरा हुन्छ । अब यो अनुहार हेर्दा पनि रिस उठ्ने भैसक्यो त्यसरी गरौं न । त्यसकारण एउटा चाहिँ यो इमरजेन्सी बिल पास गरौं । अर्को संसदको एउटा चाहिँ स्वामित्व एउटा संकल्प प्रस्ताव गरेर हाउसमा जति पनि कुराहरू अब ८० प्रशेन्टदेखि मेरो पनि र अरु माननीयको पनि, मैले टोटल क्यालकुलेशन गर्‍या छु । ८० प्रशेन्टदेखि २० प्रशेन्ट र अलि कम मन्त्रालय भनेको ६० र ४० प्रशेन्टमा मलाई बजेट आको छ, मन्त्रीको तुलना गर्दा । ८० र २० मा म कसरी सहने ? कम भनेको ६० र ४० मा म कसरी सहने ? मेरो बर्माले देख्छ । यो सबै कुरा त्यही हो । त्यसकारण यसलाई ठीक ढंगले हल गरौं । मुख्यमन्त्रीले खुट्टा दह्रो गर्नुहोस् जे पर्छ हाउस छ, पाटी छ, जनता छ । र्निधक्कसँग अगाडि बढनुहोस् तपाईको हाईट अझैं बढछ । यही कुरा मैले तपाईहरूसँग राखें । धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक २०७६ अन्तर्गत विनियोजन भएको प्रदेशसभा सचिवालय, कर्णाली प्रदेश योजना आयोग, लोक सेवा आयोग, मुख्यन्यायाधिवक्ताको कार्यालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको शीर्षकहरूमाथिको छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवं जिज्ञासामा सम्बन्धित मन्त्रीले जवाफ दिनका लागि भोलि असार २९ गते बैठकको सुरुमै समय निर्धारण गरेको छु ।

माननीय सदस्यहरू, अब यो बैठक मिति २०७६ साल असार २९ गते आईतबार दिनको १ बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

# बैठक संख्या-२२ (पहिलो)

(२०७६ साल असार २९ गते आइतबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश, प्रदेश सभाको चौंथो अधिवेशनको २२ औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

...हुन्छ, बोल्नुस् माननीय सदस्य

**माननीय श्री विरबहादुर शाहीः** महोदय, सभामुख महोदय, डोल्पा जिल्ला मुड्केचुला गाउँपालिका वडा नं. १ र २, ३ मा यही २०७६ साल असार २८ गते गएको बाढीपहिरोले ९ जना वेपत्ता भइरहेको छन् र २.. २ जनाको मृत्यु मृतकहरूको शव प्राप्त भएको छ र ३ वटा घर बाढीले बगाएको छ र २ वटा काठेपुल र एउटा झुलुङ्गे पुल बाढीले बगाएर बिजुलीको पावरहाउस सहित क्षेतविक्षत भएर त्यहाँ अहिले मुड्केचुला गाउँपालिकामा कुनै पनि त्यहाँका जनताहरू वडा नं. १ देखि ३ का निराशामा छन्, सभामुख महोदय । डोल्पा जिल्लाबाट प्रशासनको टोली गएर पनि उद्दार गर्न सकिरहेको छैन सभामुख महोदय । यसको लागि कर्णाली प्रदेश सरकारलाई हेलिकप्टरबाट राहत वितरण गर्नको निमित्त म यस सदनमार्फत् सभामुखमार्फत् म ध्यानाकर्षण गर्न चाहन्छु । धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक २०७६ अन्तर्गत विनियोजन भएका प्रदेश सभा सचिवालय, कर्णाली प्रदेश योजना आयोग, लोक सेवा आयोग,

...के भो माननीय सदस्य ?
... समय अलि शुरुमै माग्नु पर्थ्यो माननीय सदस्य, ल भनौं ...

**माननीय श्री बदमी क्वारी बोहोराः** सभामुख महोदय, डोल्पा जिल्लाको मुड्केचुला गाउँपालिका वडा नं. १ देखि ३ सम्म पर्ने काशीखोला खोलामा पर्ने बाढीपहिरोको कारणले त्यहाँ तीनटा घरमा रहेको औल भन्ने त्यो वडामा तीनटा घरमा रहेको बाटा हिंड्ने बटुवा र त्यो वडाका ९-१० जना सहित १२-१३ जनाको वेपत्ता भएको खबर आएको छ । सभामुख महोदय, उक्त घटनामा परेका २ जनाको चाहिँ शव प्राप्त भएको छ र अझैं ९ जना अहिलेसम्मको समाचारमा ९ जनाको शव अझैं फेला परेको छैन र यो सभामुखमार्फत् म सभामुखज्यू मार्फत् प्रेदश सरकारलाई मृतक परिवारलाई उचित राहत र वेपत्ता परिवारलाई खोजी, उचित खोजीको लागि म सभामुख मार्फत् सभामुखज्यूमार्फत् प्रदेश सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक २०७६ अन्तर्गत विनियोजन भएका प्रदेश सभा सचिवालय, कर्णाली प्रदेश योजना आयोग, लोक सेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको शीर्षकहरूमाथिको छलफलमा माननीय सदस्यहरूले उठाउनुभएका प्रश्न एवम् जिज्ञासामा सम्बन्धित मन्त्रीले जवाफ दिनका लागि कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १३२ को उपनियम ८ बमोजिम समय निर्धारण गरेको छु । सर्वप्रथम प्रदेश सभा सचिवालय अन्तर्गतको बजेट शीर्षकहरूमाथिको छलफलमा माननीय सदस्यहरूले उठाउनुभएका प्रश्न एवम् जिज्ञासामा जवाफ दिनका लागि कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः** माननीय सभामुख महोदय, मानीयनय सभामुख महोदयको अनुमतिले आ. व. २०७६।७७ को विनियोजन विधेयक माथि छलफलको क्रममा प्रदेश सभा सचिवालयको विनियोजनमा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञाशाको जवाफ यस सम्मानित सभामा पेश गर्न चाहन्छु ।

यस कर्णाली प्रदेश सभाका माननीय सदस्यहरूको क्षमता अभिवृद्धि र समयानुकूल सेवा सुबिधा उपलब्ध गराउन प्रदेश सरकार प्रतिवद्ध रहेको व्यहोरा यस गरिमामय सदनमा अनुरोध गर्दछु । यसैगरी कर्णाली प्रदेश सभाका कर्मचारीहरूको क्षमता अभिवृद्धि र अतिरिक्त सेवा सुबिधा उपलब्ध गराउन प्रदेश सरकार प्रतिबद्ध रहेको व्यहोरा समेत सम्मानित सदनमा अवगत गराउन चाहन्छु । विनियोजन पुस्तिकाको केही ठाउँमा समितिका अध्यक्ष उल्लेख हुनुपर्नेमा अन्यथा भएकोले सो सच्याएको व्यहोरा सम्मानित सभा समक्ष अनुरोध गर्दछु । विपक्षी दलका नेताको हकमा ऐन कानूनले पाउने सुबिधा अनुसार हुने व्यहोरा पनि यस गरिमामय सदनमा निवेदन गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुखः** अब कर्णाली प्रदेश योजना आयोग, लोक सेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गतका बजेट शीर्षकहरूमाथिको छलफलमा माननीय सदस्यहरूले उठाउनुभएका प्रश्न एवम् जिज्ञाशामा जवाफ दिनका लागि कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री महेन्द्रबहादुर शाहीलाई समय दिन्छु ।

**माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीः** माननीय सभामुख महोदय देशैभरि भारी वर्षाका कारण ठूलो मानवीय क्षति हुन पुगेको छ । र करिब देशैभरिबाट गरेर ३६ जनाको मृत्यु भएको सूचना प्राप्त भएको छ । र धेरैजना वेपत्ता भएको र धेरै जना घाइते भएका धेरै धनजनको क्षति भएको छ । र यसैक्रममा कर्णाली प्रदेशको डोल्पा जिल्लामा पनि ठूलो बाढी आएर दुई जनाको मृत्यु, ९ जना वेपत्ता र त्यहाँ पनि धनजनको ठूलो क्षति भएको चाहिँ छ । यो अविरल वर्षाका कारण ज्यान गुमाउने मृतकलाई सबभन्दा पहिला हार्दिक श्रद्धाञ्जलि म अर्पण गर्न चाहन्छु र घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । र हाम्रो कर्णाली प्रदेशमा अझैं पनि वेपत्ता चाहिँ छन् र धेरै ठाउँमा फेरि त्यस्ता खबरहरू पनि आइरहेका चाहिँ छन् । र यसका लागि तत्काल कर्णाली प्रदेश सरकारले उद्धारका कार्य र राहतका कार्यलाई चाहिँ अगाडि बढाउने कुराको प्रतिवद्धता म जाहेर गर्न चाहन्छु । र अहिले पनि डोल्पाको घटनामा उद्धारका लागि हामीसँग भएको सबै कर्मचारी र प्रशासन सबै संरचानाहरू परिचालन भएका चाहिँ छन् र त्यहाँ वेपत्ताहरूको खोजी कार्यका लागि तुरुन्तै रेस्क्यू टोली भनेर काठमाडौंबाट झिकाउनका लागि पहल गरिएको छ । र मौसमी खराबीकै कारण काठमाडौंबाट आउन सकिरहेको छैन र अलिकति मौसममा केही सुधार आउन वित्तिकै पहलचाहिँ अगाडि बढाउने कुरा म सदन समक्ष जानकारी गराउन चाहन्छु । त्यसपछि यो ०७६/०७७ को बजेट आ.व. ०७६/०७७ को जो वार्षिक बजेट सदनमा पेश भएको छ र यसमा सैद्धान्तिक छलफल र सबै मन्त्रालयगत छलफलहरू करिब करिब हामी जवाफ दिनेको पनि अन्तिम चरणमा छौं । र माननीय सदस्यज्यूहरूले संसदमा अहिलेको बजेटका बारेमा छलफलका क्रममा रचनात्मक ढंगबाट असाध्यै महत्वपूर्ण छलफलहरू केही छुटेका विषयहरू अपुग विषयहरू र समग्र कर्णाली प्रदेशको विकासका लागि र आर्थिक समृद्धिका लागि हाम्रो अहिलेको आत्मगत अवस्था र हाम्रा केही वस्तुगत चुनौतिहरू छन् । यसको अक्षरसः लेखाजोखासहित सुक्ष्म अध्ययनसहित वैज्ञानिक ढंगबाट हामीले बजेट बनाउने कुरा योजना निर्माण गर्ने कुराका बारेमा असाध्यै महत्वपूर्ण सुझावहरू यहाँ पेश गर्नुभएको छ, राख्नुभएको छ र सरकारले सबै माननीय सदस्यहरूले दिनुभएको सकारात्मक र रचनात्मक सुझावलाई कर्णाली प्रदेश सरकारले एउटा सम्पत्तिको रूपमा ग्रहण गर्ने छ र ग्रहण गरेको चाहिँ छ । र

हामीले आगामी दिनहरूमा यलाई थप व्यवस्थित र हामीले सुधार गरेर लैजाने कुराको पनि म प्रतिवद्धता जाहेर गर्न चाहन्छु । हो हामी सबैले जति प्रदेशमा हामी निर्वाचित भएर आएका प्रदेश सभाका निर्वाचित सांसदहरूले समग्र कर्णाली प्रदेशको दीगो विकासका लागि हामीले यहाँ कोही पनि हामी पक्ष र प्रतिपक्ष नभएर हाम्रो एउटै यात्रा एउटै अभियान भनेको विकासको हिसाबले पछि परेको कर्णाली प्रदेशलाई तीब्रत्तर गतिमा विकास गर्नुछ, गरिब प्रदेश भनेर चिनिने कर्णाली प्रदेशलाई हामीले आत्मनिर्भर कर्णाली प्रदेश बनाउनुछ र यो आत्मनिर्भर कर्णाली प्रदेश बनाउनका लागि र विभिन्न प्रकारका असमानताहरू चाहिँ छन् यसको अन्त्य गर्नुछ । केही यहाँ हाम्रा परम्परागत केही कुसस्कारहरू चाहिँ छ यसको अन्त्य गर्नुछ । यो हाम्रो मुख्य दायित्व हो र यहाँ सुशासन कायम गर्नुछ र यो अभिभारा पूरा गर्नका लागि हामी सबैले रचनात्मक छलफल र बहसको आवश्यकता चाहिँ छ भनेर हामीले छलफल र बहस गरिराखेकाचाहिँ छौं र हामी सबैले पनि भनिराखेका छौं, कर्णाली प्रदेश हेर्दा पछाडि भए पनि सम्भावनाको दृष्टिकोणले असाध्यै राम्रो धेरै सम्भावना बोकेको कर्णाली प्रदेशचाहिँ छ र यो सम्भावनाहरूको हामीले अक्षरसः उपयोग गर्ने गरी हामीले अबका योजनाहरू, अबका हाम्रा नीतिहरू, कार्यक्रमहरू, बजेटहरू, त्यहाँ केन्द्रित गरेर जान जरुरी छ भनेर हामी सबैले बोलिराखेका चाहिँ छौं विषय उठाइराखेकाचाहिँ छौं । यो आजको आवश्यकता चाहिँ हो । यसका लागि हामीले भन्यौं पहिला पनि भन्यौं हामीले, छलफल गऱ्यौं, र यो सबै समस्याको सम्बोधन गर्नको लागि पुराना मान्छे भएर पुरानो सोच भएर पुराना हाम्रा काम गर्ने तौरतरिकाहरू पुराना हाम्रा केही संस्कारहरूभित्रबाट यो सम्भव छैन । हामी सबैमा नयाँ सोच भएर मात्रै सम्भव छ, नयाँ संस्कारको विकास गरेरमात्रै सम्भव छ भनेर हामी भन्दै पनि आइराखेका छौं । हामी सबैलाई महशुस पनि हुँदै आइराखेको चाहिँ छ । तर पनि फेरि हामीले अन्ततः कार्यान्वयनमा जाँदा हाम्रा केही फेरि पनि पुराना सोचहरू, पुराना हाम्रा केही संस्कारहरू, पुराना हाम्रा केही संस्कृतिहरूले केही अगाडि बढ्नका लागि हामीले क्रमभङ्ग गरेर अगाडि बढ्नका लागि पुराना सोच चिन्तनहरूसँग हामीले त्यलाई ब्रेक-थ्रो गर्नका लागि फेरि पनि हामीले सकिराखेका चाहिँ छैनौं । त्यही भएर हामीले लिएको नीति तथा कार्यक्रम त्यसपछिको बजेट र मन्त्रालय कार्यक्रम र चाहिँ आउँदा त्यले खासै सम्बोधन नगरेको अनुभूति सबै माननीय सदस्यहरूले यहाँ राख्नुभएको चाहिँ छ । र अब यसका लागि केही जटिलताहरू चाहिँ छन् । त्यो जटिलताहरूलाई हामीले सामना गर्नका लागि हाम्रा केही व्यवस्थापकीय पक्षहरू कमजोर छन्, प्रदेश सरकारका हाम्रा संरचानाहरू निकै कमजोर अवस्थामा चाहिँ छन् । अब डेढ वर्षको भन्या त फेरि बच्चा त बच्चै हो । अब डेढ वर्षको बच्चाबाट हामीले धेरै ठूलो आशा अपेच्छा गर्नु पनि अलिकति गाह्रै हुन्छ । र अहिलेको हाम्रो आवश्यकताले बच्चा हुन नमिल्ने, परिपक्कचाहिँ हामी हुनुपर्ने, परिपक्व अभिभावकको दायित्व पूरा गर्नुपर्ने अहिलेको हाम्रो अगाडिको चुनौति चाहिँ छ । तालमेल त्यहीनेर पुगेको चाहिँ छैन । अपेच्छा ठूलाठूला छन् । हिजोको एकात्मक राज्य व्यवस्थाबाट हाम्रा समस्याहरूको समाधान हुन सकेन । यो सबै समस्याको समाधान भनेकै संघीय व्यवस्था हो भनेर हामी यो व्यवस्थामा आएको हो । हामी यो व्यवस्थामा प्रवेश गर्ने वित्तिकै हामीप्रति ठूलो अपेच्छाचाहिँ छ, ठूलो आशा चाहिँ छ । जनताले तुरुन्तै परिणाम चाहिँ चाहेको छ । परिणाम खोजिराख्दैछ तर पनि जनताको अपेच्छाअनुसारको काम हामीले दिन सकिराको चाहिँ छैनौं । यो सुरु सुरुमा गाह्रो हुन्छ, अप्ठ्यारै हुन्छ । भर्खर भर्खर सिक्या डाइभरले हात नबस्दासम्म गाह्रो हुन्छ । पछि हात बस्दै गयो भने उलाई सजिलो लाग्न थाल्छ । त्यसो हुनाले यो प्रदेश सरकार भनेपछि अलिकति हात बस्याचाहिँ छैन । नयाँ अभ्यासमै हामी चाहिँ छौं । धेरै कामहरू गर्न बाँकी छ । अहिले पनि कर्णाली प्रदेश सरकारले आफ्ना संरचनाहरू अझैं पनि बनाउन सकेको अवस्थाचाहिँ छैन । काम गर्ने संरचनाहरू हामीसँग छैन । हाम्रा योजनाहरू कार्यक्रमहरू कार्यान्वयन गर्ने हामीसँग जनशक्ति छैन । जनशक्ति पनि अपर्याप्त छ, भएको जनशक्ति पनि अनुभवमा केही समस्या चाहिँ छ । यले

गर्दा हामीले सोच्याजस्तो अपेच्छा गऱ्याजस्तो परिणाम आउन नसकेको कुरा चाहिँ हो । यसका लागि हामीले अघिल्लो वर्ष भन्यौं यो वर्ष भनेको हामीले अध्ययनको वर्ष अनुसन्धानको वर्ष कानून निर्माणको वर्ष योजना निर्माणको वर्ष हामीले भन्यौं । र कर्णाली प्रदेशका प्राथमिकताका क्षेत्रहरूचाहिँ के हुन् भन्ने कुरा सबभन्दा हामीले पहिचान गर्ने हामी सबैले छलफल गरेर साझा निश्कर्षमा पुग्ने र त्यसको हामीले समग्र अध्ययन चाहिँ गरेर अध्ययन प्रतिवेदन तयार पार्ने र अध्ययन प्रतिवेदन तयार भइसकेपछि त्यसको आधारमा बजेटको व्यवस्थापन गर्ने र बजेटको व्यवस्थापन गरिसकेपछि त्यसको कार्यान्वयनमा हामी जाने भन्ने सोचकासाथ अघिल्लो वर्ष कर्णाली प्रदेश सरकार अगाडि बढ्यो र हामीले त्यो पूरा गर्न सकेनौं, भएन । हामीले हाम्रा क्षेत्रका सम्भावनाहरूको हामीले एउटा लिष्ट तयार पार्ने काम यी हुन् । पहिचान गर्ने कामहरू भयो तर हामीले त्यसको डिटेल सम्भाव्यता अध्ययन गर्ने काम सम्पन्न हामीले गर्न सकेनौं । जसका कारण अहिलेको यो वर्ष योजना निर्माणमा केही समस्याहरू चाहिँ पैदा भए । हामीले भनेका चाहिँ थियौं कि कर्णाली प्रदेशका पर्यटन एउटा हाम्रा लागि चाहिँ एउटा क्षेत्र हो । पर्यटनका महत्वपूर्ण क्षेत्रहरूको पहिचान गर्ने र हामीले त्यसको डिटेल अध्ययन प्रतिवेदन तयार पार्ने र त्यसपछि यो वर्ष हामीले कार्यान्वयनमा जाने सोचेका चाहिँ थियौं । यस कारणले मुख्य मुख्य पर्यटकीय क्षेत्रहरू भनेर हामीले अघिल्लो बजेटमा अघिल्लो नीति तथा कार्यक्रममा पनि हामीले लिएका चाहिँ थियौं जस्तै सुर्खेतको काँक्रिविहार, बुलबुले, दैलेख पञ्चकोशीहरू, त्यसपछि हामीले दुइटा दरबारहरू, अनि सिँजा, रारा, से-फोक्सुण्डो लगायतका केही हाम्रा महत्वपूर्ण पर्यटकीय क्षेत्रहरूको पूर्वाधार विकासका लागि हामीले अध्ययन सम्पन्न गर्ने भन्ने थियो तर हामीले ती सम्पन्न गर्न सकेनौं । त्यसपछि कृषिका पनि केही महत्वपूर्ण क्षेत्रहरूलाई चाहिँ हामीले अध्ययनको रूपमा लिने हामीले कृषिका हरेक क्षेत्रहरूलाई हामीले श्रोतकेन्द्रका रूपमा हामीले लिने माथिल्लो क्षेत्रलाई हामीले याकको श्रोतकेन्द्रको रूपमा विकास गर्ने र व्यापक उत्पादन वृद्धि गरेर जनताको आयआर्जन वृद्धि गर्ने, त्यसपछि बीचको क्षेत्र जुम्ला र डोल्पा जस्ता ठाउँहरूमा भेडापालनको एउटा श्रोतकेन्द्रको रूपमा विकास गर्ने, तल्लो बेल्टमा आइसकेपछि हामीले भैंसीबाख्राजस्ता चाहिँ पशुजन्य मासुजन्य र दूधजन्य श्रोतकेन्द्रको रूपमा हामीले खडा गर्ने भनेर हामीले भन्यौं । हाम्रो कार्यक्रम चाहिँ त्यो थियो । त्यसपछि अन्य फलफूलका केही पकेट क्षेत्रहरू र यहाँको रैथाने चाहिँ बालीका केही चाहिँ पकेट क्षेत्रका रूपमा विकास गर्ने भनेर हामीले हाम्रो टार्जेट त्यहाँ केन्द्रित भकोचाहिँ थियो । त्यसको पनि हामीले डिटेल चाहिँ अध्ययन गरेर यो वर्षको कार्यक्रमलाई त्यहाँ केन्द्रित गर्ने बजेटलाई त्यहाँ केन्द्रित गर्ने अवस्था सिर्जना हुन सकेन । त्यसपछि हामीले सामाजिक विकासका क्षेत्रमा पनि अहिले हाम्रो कार्यक्षेत्रमा परेका क्षेत्रहरूलाई हामीले उच्च प्राथिमकताका साथ लिने र सुर्खेतमा प्रदेश हस्पिटल साढे तीनसय वेडको हस्पिटल निर्माण गर्ने, दशैवटा जिल्लामा ५०-५० बेडका चाहिँ हस्पिटल निर्माण गर्ने र स्थानीय तहमा स्थानीय तहलाई आवश्यक केही सहयोग गर्ने १५ वेडका लागि भनेर हामीले हाम्रो स्वास्थ्यको प्राथमिकताका क्षेत्रहरू ती हुन् यसका लागि चाहिँ हामीले अध्ययन पूरा गर्ने भन्ने थियो । त्यसपछि शिक्षा क्षेत्रमा पनि हामीले केही नमूना स्कूल आवासीय स्कूलको रूपमा विकास गर्ने भन्ने हाम्रो टार्जेट चाहिँ थियो । र त्यसपछि पूर्वाधार क्षेत्रमा भौतिक पूर्वाधारको क्षेत्रमा मुख्य गरी सडक हामीले भन्यौं अघिल्लो वर्ष हाम्रो मुख्य पहिलो प्राथमिकता भनेको पूर्वाधार चाहिँ हो । सडक र बत्ती हो । हामीले त्यो भन्यौं र यसका लागि एक नम्बरमा कोहलपुरदेखि सुर्खेतसम्मको सडक जो चारलाइनको सडक यो हाम्रो पहिलो प्राथमिकता हो । त्यसपछि भुरीगाउँ-तेलपानी रानीघाट सडक दक्षिणलाई जोड्नका लागि यी दुइटा सडक हाम्रा पहिलो प्राथमिकतामा छन् त्यसपछि उत्तरी सडकहरूमा दुइटा करिडोरहरू भेरी करिडोर र कर्णाली करिडोरलाई र त्यसपछि अर्को हाम्रो नाग्मदेखि लिएर गमगढी हुँदै नाक्चेलाग्नासम्मको सडक यी हाम्रा पहिलो प्राथमिकताका सडकहरूचाहि हुन् । यसलाई हामीले उच्च प्राथमिकता दिनुपर्छ भनेर हामीले ती

राख्यौं । त्यसपछि थप अरु सडकहरू पनि भनेर हामीले केही २४ वटा निर्वाचन क्षेत्रमा केन्द्रित भएर अन्तर निर्वाचन क्षेत्र अन्तर जिल्लाहरू जोड्ने सडक पनि अघि बढाएर जानुपर्छ भनेर हामीले सडकका केही हामीले रणनीतिक योजनाहरूचाहिँ हामीले बनायौं । र त्यसपछि विद्युतको कुराहरू जहाँ राष्ट्रिय प्रसारण लाइन पुगेको ठाउँमा ग्रामीण विद्युतीकरण कार्यक्रम लैजाने र जहाँ अहिले तत्कालचाहिँ राष्ट्रिय प्रसारण लाइन नपुगाउन सकिने ठाउँहरूमा हामीले वैकल्पिक ऊर्जाको माध्यमबाट उज्यालोको व्यवस्था गर्ने चाहिँ हाम्रो लक्ष्य थियो । र त्यो लक्ष्य हामीले पूरा गर्न सबै हाम्रो लक्ष्यको १०० प्रतिशतमा हामी जान सकेनौं । थोरै मात्रै हामीले अगाडि बढाउन सक्यौं । र यी नसक्नुका पछाडिका चाहिँ हाम्रा कारण थिए । त्यहाँ सबै सदन जानकार चाहिँ छ । केही हाम्रा व्यवस्थापकीय पक्षहरू कमजोर चाहिँ थियो । निकै गाह्रो चाहिँ भयो, निकै चुनौतिचाहिँ भयो । चुनौतिका बीचबाट पनि हामीले धेरै कामहरू हामीले पूरा गरेका चाहिँ छौं । र अहिले फेरि हामीले अघिल्लो वर्ष धेरै हामीले अध्ययन सम्पन्न नगरिसकेको अवस्था हुँदा हामीले हाम्रो बजेटलाई केन्द्रित गरेर जाने बजेट विकेन्द्रित गरेर जाँदाखेरि परिणामचाहिँ निक्लिदैन । अहिलेसम्मको विकास नहुनुको मुख्य कारण भनेकै बजेट बढी विकेन्द्रित हुनु वितरणमुखी हुनु जसका कारण विकास यो मुलुकमा हुन सकेन यो देशमा हुन सकेन भनेर हामी भन्दै आएका चाहिँ छौं । र कर्णाली प्रदेशमा पनि जति सकिन्छ केन्द्रित गरिनुपर्छ केन्द्रित गरेर जानुपर्छ भन्ने कुरामा नै हामी सबैको जोड चाहिँ थियो त्यो हुँदाहुँदै पनि अघिल्लो वर्ष केही चाहिँ जनताहरूको मागहरू धेरै छन् । जनताका समस्याहरू साना साना समस्याहरू धेरै छन् ती साना साना समस्याहरूको पनि सम्बोधन गरेर जानुपर्छ भन्ने भइसकेपछि अघिल्लो वर्षको बजेट विकेन्द्रित हुन पुग्यो । र अहिले यो वर्ष पनि हामीले फेरि पनि केन्द्रित गर्ने केन्द्रित गरेर अगाडि बढ्ने अब हामीले बजेटलाईचाहिँ धेरै विकेन्द्रितचाहिँ गर्नु हुँदैन भन्नेमा पनि प्रदेश सरकारको जोड रह्यो र प्रदेश सरकारले नीति तथा कार्यक्रममा पनि हामी धेरै साना योजनाहरूमा प्रदेश सरकारले हात नहाल्ने साना साना योजनाहरू कार्यान्वयन गर्नुपर्‍यो भने स्थानीय तहले गर्छ अर्थात अन्य कुनै विकल्पहरूबाट पनि हामीले साना साना कामहरू अगाडि बढाउन सकिन्छ र जति सकिन्छ ठूला योजनाहरूमा हामीले बजेटचाहिँ केन्द्रित गर्ने भन्ने सोचका साथ हामी अगाडि बढेका चाहिँ छौं । र नीति तथा कार्यक्रम पनि हामीले पास गर्‍यौं । यो ठीक छ भनेर सिंगो सदनले एकमतका साथ पारित गर्‍यौं यले मलाई धेरै उत्साहित बनाएको छ । म धेरै उत्साहित चाहिँ थिएँ । अब त केही काम हुन्छ भन्ने हिसाबले । फेरि पनि केही समस्याचाहिँ थिए । अहिलेको मुख्य समस्या के थियो भन्नुहुन्छ भने अहिलेको आवश्यकता यो हो भन्ने कुरा हामीले आवश्यकताका लागि पनि हामीले नीति तथा कार्यक्रम हामीले प्रष्ट पारेका थियौं । अहिले पनि पहिलो आवश्यकता भनेको पूर्वाधार नै हो । पूर्वाधार विकासबाट हामी पछि हटेका चाहिँ छैनौं । अहिले धेरै प्रश्नहरूचाहिँ उठे, पूर्वाधार विकासमा चाहिँ सरकार पछि हटेको त होइन भन्ने विषयहरू उठ्यो तर प्रदेश सरकारको पहिलो प्राथमिकता भनेको पूर्वाधार विकास नै हो, पूर्वाधार विकासमा हामी पछि कदापि हटेका चाहिँ छैनौं । र हामीले कर्णाली प्रदेशको पूर्वाधार विकासका लागि कर्णाली प्रदेश सरकारले मात्रै हामीसँग भएको सीमित बजेटले मात्रै सम्भव छैन । त्यसका लागि मुख्यगरी संघीय सरकारले यहाँ आवश्यक सहयोग चाहिँ नगरेसम्म यहाँको पूर्वाधार विकास सम्भव छैन । हामीसँग आएको सीमित बजेट अहिले पनि छ बजेट विनियोजनका जुन मापदण्डहरू आधारहरू सिद्धान्तहरू जे बनाइएको छ यसको आधारमा जति प्रदेश कर्णाली प्रदेशमा आउनुपर्ने हो त्यही बजेटबाट कर्णाली प्रदेशको विकास सम्भव छैन । यसका लागि चाहिँ हामीले अलिकति संघीय सरकारसँग बढी नै हामीले छलफल गर्नुपर्ने आवश्यकताचाहिँ थियो । त्यसका लागि चाहिँ हामीले संघीय सरकार हामीले व्यापक छलफल गर्‍यौं र मैले पटक पटक भएका अन्तरप्रदेश परिषद्को बैठकमा, राष्ट्रिय योजना आयोगको बैठकमा, विकास समस्या समाधान समितिमा व्यापक छलफलचाहिँ गरियो, कर्णाली प्रदेशको विकासका बारेमा ।

त्यसपछि पूर्वाधार क्षेत्र मुख्यगरी ठूला सडकहरू ठूला आयोजनाहरू केन्द्रले हेर्नुपर्छ । जति सकिन्छ बढी योजनाहरू केन्द्रले हेरोस् भनेर हामीले भन्यौं र त्यसपछि अहिले कोहलपुरदेखि लिएर सुर्खेतसम्मको सडक दुई वटा भेरीकर्णाली करिडोर त्यसपछि दैलेखदेखि लिएर नाग्म हुँदै नाक्चेलाग्ना सडक लगायतका केही सडकहरू संघीय सरकारले आफ्नो कार्यक्षेत्र बनाएको छ । संघीय सरकारलाई हामीले बनाउनका लागिचाहिँ हामीले अनुरोधचाहिँ गरेका छौं । र उले यो वर्ष पनि बजेट छुट्याएको छ र कार्यान्वयनको प्रक्रियामा चाहिँ छ । र हामीले प्रदेश सरकारले संघीय सरकारले लिएका योजनाहरूबाहेक बाँकी योजनाहरूमा चाहिँ प्रदेश सरकारले चाहिँ हामीले हेर्ने प्रदेश सरकारले गर्ने भनेरचाहिँ हामीले भनेका चाहिँ थियौं र प्रदेश सरकारले तीभन्दा बाँकी सडकहरू अहिले पूर्वपश्चिम जोड्ने दुइटा सडकहरू मध्यपहाडी राजमार्ग, मदन भण्डारी राजमार्गले पूर्व-पश्चिम जोडिसकेपछि त्यसपछिका बाँकी सडकहरू प्रदेश सरकारको कार्यक्षेत्रचाहिँ बनाउनु पर्छ भनेर हामीले नीति तथा कार्यक्रममा सुर्खेत राजधानीबाट जिल्ला सदरमुकाममा पुऱ्याउने सडकका पनि जहाँ सडक पुगेको छ ट्र्याक नखोलिएको ठाउँमा ट्र्याक ओपन गर्ने जहाँ सडकहरू ट्र्याक खोलिएका छन् त्यो ठाउँमा स्तरोन्नति गर्ने, जहाँ अहिले केही सडकहरू चाहिँ बनिसकेका छन् पीच भइसकेका छन् त्यस्ता ठाउँहरूमा मर्मत सम्भार गर्नुछ भने मर्मत सम्भार गर्ने भनेर त्यो कार्यक्रम आवश्यक छ भनेर हामीले राख्यौं । त्यसपछि अर्को हामीले भन्यौं जिल्लाको सदरमुकामबाट स्थानीय तहका केन्द्रहरूसम्म पालिकाका केन्द्रहरूसम्मका सडकलाई प्रदेश सरकारको कार्यक्षेत्र सडक बनाउनुपर्छ त्यसपछि केही अन्तरप्रदेश जोड्ने सडकहरूचाहिँ छन् र केही प्रदेशभित्रका रणनीतिक सडकहरूचाहिँ छन् यी सडकहरूचाहिँ प्रदेश सरकारका प्राथमिकताका सडकको रूपमा हामीले लिनुपर्छ भनेर नीति तथा कार्यक्रम र बजेटमा ती शीर्षकहरूमा बजेट व्यवस्थापनचाहिँ गरिएकोचाहिँ थियो । र अब अहिले फेरि पनि अब एउटा फरक मोडेलको रूपमा चाहिँ जाऔं भनेर अहिले संघीय सरकारले पनि अभ्यास गर्दैछ । अलि ठूला मेगा प्रोजेक्टहरू अलि राष्ट्रिय गौरवका ठूला आयोजनाहरू सिधै प्रधानमन्त्री कार्यालयबाटै हेर्ने गरिकन केही व्यवस्था चाहिँ संघले पनि गऱ्याचाहिँ छ । मन्त्रालयको अहिलै त हाम्रो हाम्रै प्रदेशमा अहिले हामीले तीनवटा बजेट हामीले ल्यायौं । अहिले पनि हाम्रो बजेट कहाँ गैसक्यो भन्नुहुन्छ भने क्रमागतमा गइसक्यो । अब त हामीले अघिल्लो बर्षै ल्याएको किताब बजेट कार्यक्रम जो चाहिँ छ त्यो कार्यक्रम पाँच वर्षसम्म पनि कम्पिलिट गर्न सकिदैन । त्यति धेरै हामीले कार्यक्रम ल्याएका छौं, त्यति धेरै हामीले योजना ल्याएका चाहिँ छौं । अब ती योजनामा हामीले हात हालिहालियौं कि हामीले सुरुमै हात नहाल्नु पर्थ्यो, हामीले हात हालिहाल्यौं । जानेर हात हाले पनि नजानेर हात हाले पनि जे गरेर नि हात हालि नै हालियो । अब हामीले खानेपानीको पाइप ल्याएर बीच्च जंगलमा छोड्ने कुरा त भएन । आदी त खर्च भइसक्यो पाइपमा पैंसा खर्च भइसक्यो । आदी त बाटोमा खर्च भइसक्यो, आदी त सिंचाइमा खर्च भइसक्यो अब नहर पनि आदी बीच जंगलमा लिएर छोड्नु त भएन । बाटो पनि आदि बीच जंगलमा लिएर छोड्नु त भएन । अब त सरकारको लगानी त त्यहाँ लागिसक्यो । अब यदि हामीले नगर्ने, प्रदेश सरकारले नगर्ने, त्यतापट्टी हामी नलाग्ने यदि भन्ने हो भने अघिल्लो वर्षको लगानी त हाम्रो त्यसै खेरजाने भो त्यसो हुनाले त्यो बाध्यता भैसक्यो अब । हामीले त्यो पूरा गर्नै पर्छ बरु कति वर्षपछि पूरा गर्ने भन्ने कुरा एउटा कुरा होला । हाम्रो बजेटले कति पुग्छ हाम्रो त्यो प्राथमिकता हो कि होइन । आजकै प्राथमिकता हो कि होइन भन्ने कुरा आजको प्राथमकिता हाम्रो के हो को हो बरु अलिकति चारपाँच वर्षपछिको प्राथमिकताचाहिँ यदि त्यो हो भने त्यलाई बरु अलिकति कार्यान्वयनमा केही डिले गरेर ढिलासुस्ती गरेर आजै गर्नुपर्ने, भोलि नै गर्नुपर्ने, तत्काल गर्नुपर्ने, यो वर्ष गर्नुपर्ने को हुन् बरु यी हामीले प्राथमिकीकरण हामीले गरेर कार्यान्वयन गर्नुपर्ने अवस्था सिर्जना भइसक्यो । अब फेरि थप यो वर्ष नयाँ कार्यक्रमहरू फेरि पेश भएका छन्, नयाँ कार्यक्रम बनेका छन् फेरि पछिल्लो वर्ष थप अरु नयाँ कार्यक्रम बन्लान । अब यो कार्यक्रम बन्दै जाँदा,

अहिले यसो हेर्ने हो भने माथि पनि संघमा हेर्दाखेरि हिजो पञ्चायत कालमा शुरु गरिएका योजनाहरू पनि अहिलेसम्म बजेट हालिरहनु पर्ने टेण्डर गरिरहनुपर्ने अवस्था सिर्जना भएको चाहिँ छ । ३०-३५ वर्ष भइसक्यो अब ३०-३५ वर्ष अगाडि शुरु गरिएका योजनाहरू पनि अहिले अब काम गरिरहनुपर्ने सरकारले त्यो भारी बोकिरहनुपर्ने अवस्था सिर्जना भा'छ भने प्रदेशमा पनि त्यसरी थपिदै जाने त होला । यसो हुँदा सरकारले गर्ने नियमित कामहरू हामीले फेरि सबै काम गर्नै पर्ने सबै ठाउँमा सम्बोधन गर्नै पर्ने सबै योजना उत्तिकै महत्वपूर्ण हुने भा'हुँदाखेरि एकैपटक कम्पिलिट गर्न सकिदैन । त्यसो हुँदा अब अहिले केही यही फास्ट ट्र्याकमा काम गर्नुपर्ने कतिपय कामहरू छिटो एकदम फास्ट ट्र्याकमा गर्नुपर्ने हुन्छ जो कामले जनताको जीवनमा जनताको जीवनस्तरमा तुरुन्तै फरक चाहिँ तपाईको लाभ प्राप्त हुने त्यस्ता प्रकारका आयोजनाहरूलाई पहिचान गरेर हामीले प्रदेश गौरवका केही योजनाका रूपमा लिएर काम गर्न जरुरी चाहिँ छ भनेर हामीले अलिकति फरक मोडलका साथ कर्णाली प्रदेश सरकार पनि जान खोज्या चाहिँ हो त्यही भएर हामीले भौतिक पूर्वाधार विकास कोष राख्नुपर्छ भन्नेमा हामी पुग्यौं । अझैं एउटा संरचनामा जान जरुरी छ भनेर यही संसदमा विधेयक पनि पेश गरिएको चाहिँ छ । कर्णाली विकास प्राधिकरणमार्फत् केही कर्णाली प्रदेशका ठूला चाहिँ गौरवका योजनाहरूलाई सिधै काम गर्ने गरिकन जाने र त्यो फास्ट ट्र्याकमा जाने भनेर संसदमा त्यो विधेयक पनि पेश गरिएको चाहिँ छ ।र यसका लागि चाहिँ हामीले छलफल गऱ्यौं । हाम्रा प्राथमिकता के हुन् भन्ने कुराका बारेमा हामीले एउटा साझा निश्कर्ष निकालेर हाइड्रोपावर हुन सक्छ कर्णाली प्रदेशमा प्रदेश सरकारले एउटा मात्रै हाइड्रो कर्णाली प्रदेश सरकारको लगानीमा एउटा मात्रै हाइड्रोपावर बनायो भने त्यसको स्थायी आर्थिक स्रोत हाम्रो बन्छ । त्यस्तै हाम्रा केही लगानीका क्षेत्रहरू पनि हामीले पहिचान गर्नुपर्ने र हामीले लगानी चाहिँ गर्नुपर्ने केही त्यस्ता योजनाहरू चाहिँ छन्, तुरुन्तै सम्पन्न गर्नुपर्ने । जस्तै हामीले भन्यौं यही हामीले सुर्खेतकै खानेपानी त्यसपछि तेलपानीको सडक नाग्मको सडक यले हामीले हाम्रो प्रदेशको रणनीतिक महत्वका योजनाहरू चाहिँ भनेर भन्यौं । यस्तै केही ठूला योजनाहरूलाई हामीले अगाडि बढाउने गरिकन सोच्न जरुरी चाहिँ छ भनेर हामी त्यो मोडलमा जान खोजेका हौं । र त्यसपछि मन्त्रालयले आफ्ना नियमित कामहरू अगाडि बढाएर जाने र अहिले हेर्दाफिरि भन्नेबेला हामी के भन्छौं भने बरु एकपटक ढाडमा धरो बानेर भएपनि सातु खाएर भए पनि काम गरौं । स्पीड त त्यो हुने भयो भन्ने त फेरि के हुने भयो तर फेरि हाम्रो के छ भने गर्दाखेरि भोकै त कहाँ सकिदो हो भन्ने हाम्रो छ फेरि । भन्दाखेरि हामीले होइन बरु अहिले केही ठाउँका जनताले खोलाबाटै पानी बोकेर खाए पनि एक ठाउँको त सकाऔं पहिला, एक ठाउँको सकाऔं । त्यसपछि क्रमशः पालो आउँछ । हाम्रो पालो पनि आउँछ भनेर सबैले बरु पालो कुरेर बसौं । तर अलिकति मोडल काम भएर स्थायी दीगो प्रकारको समस्याको समाधान भएर आओस् बरु अलिकति बढी लगानी गरेर भए पनि होस् भन्ने कुरा चाहिँ हो । तर हामी कार्यान्वयनमा जाँदाखेरि फेरि के हुने भन्नुहुन्छ भने थुप्रै समस्या छन् । सानातिना समस्याहरू छन् । अब हाम्रा समस्या त कसा भए भन्नुहुन्छ भने भोकमरीचाहिँ फैलियाचैं छ । अब प्रदेश सरकार बन्याछ अब त भोको बस्न पर्दैन खाना त खुवाउला ज भन्ने कुरा आशा जनताले गऱ्याछन् । अब हाम्रो पैंसाबाट हेर्ने हो भने त चामल खरिद गरेर दाल खरिद गरेर लिएर बाँड्ने घर घरमा ठीक्क होला जस्तो लाग्छ । अब चामल बाँड्न थालेपछि त कसरी दीगो विकास चाहिँ होला । त्यो हुने कुरा चाहिँ भएन । अहिलेको आवश्यकता भनेको बचाउनु छ मान्छेलाई भोकबाट बचाउनुछ । अहिलेको जनताको प्राथमिकता भनेको चामलै हो । चामलै चाहेका छन् । अहिले तपाईको खाना आज साँझ खानुपर्ने भा'चाहिँ छ अनि हामीले बीउ लिएर दिने आज यो बीउ रोप्नुस् यो पाकेपछि खानुहोला भनेपछि यो पाक्दा दिनसम्म कहाँ नि भोको मान्छे बाँच्न सक्छ फेरि । त्यो बालीनाली पाक्दासम्म त मान्छे मरिजानेछ त । आज बचाउनु पहिलो चाहिँ फेरि आवश्यकता हो । त्यसोभा हुनाले अहिले हाम्रो हामी कतापट्टि छौं फेरि पनि

रुमलिएका भन्नुहुन्छ भने सानातिना समस्या, आजका समस्याहरू दैनिक डे टु डेका समस्याहरू समाधान गर्नैका लागि हामीले हम्मे हम्मे भा' छ । निकै गाह्रो गाह्रो भाको छ । अब यसबाट माथि कसरी उठ्न सक्छौं यसबाट माथि कसरी हामी लिफ्ट गर्न सक्छौं ठूलो चुनौति बन्याछ । कसरी सम्भव छ अब आफै फलाएर । भोकै छन् तर हामीले बीउमात्रै वितरण गरेर भोलि पाकेर खान सक्नेसम्मको बीचको जो ग्याप छ, त्यो ग्यापलाई कसरी परिपूर्ति गर्न सकिन्छ । के हुन सक्छ सम्भावनाहरू भन्ने कुराका बारेमा व्यापक चिन्तन-मनन गर्न जरुरीचाहिँ छ । यसका लागि हामीले हामीसँग आएको सीमित बजेट विनियोजनमा मात्रै हाम्रो ध्यान केन्द्रित भकोचाहिँ छ । हाम्रो सारा ध्यान के छ भने कति पैंसा आयो सबभन्दा पहिला संघीय सरकारले कति पैंसा चाहिँ पठायो प्रदेश सरकारमा अब त्यही पैंसा कसरी चाहिँ बाँड्ने । कोले कति लिने अब हाम्रो सबैको ध्यान त्यसैमा केन्द्रित छ । हामी सबै त्यहाँभन्दा हामी माथिचाहिँ उठ्न सकिराखेका चाहिँ छैनौं । यत्तिले मात्रै केही हुँदैन, यत्ति त तत्काल आजको समस्याको समाधान गर्नका लागि मात्रै पुग्छ । तर हामी दीगो विकास त त्यसबाट सम्भव छैन । यसका लागि चाहिँ अब हाम्रो ध्यान केन्द्रित त हुनुपर्ने भन्या बाहिरको कुरा चाहिँ हो । साझेदारी संस्थाहरूसँग छलफल गरेर साझेदारी संस्थाहरूको पूँजी ल्याउने कुरा । निजी क्षेत्रलाई हामीले चाहिँ हाम्रो कर्णाली प्रदेशमा भित्र्याएर निजी क्षेत्रको लगानी कर्णाली प्रदेशमा ल्याउने कुराहरू र हामीले ऋण सहायता लिने कुराहरू । बरु अरुचाहिँ हाम्रा पूँजीका स्रोतहरू व्यापक खोजी गर्नुपर्ने अहिलेको आवश्यकता चाहिँ छ । हाम्रो ध्यान अब त्यहाँ जान जरुरीचाहिँ छ । सिंगो सदनको ध्यान पनि त्यहिँ जान जरुरी चाहिँ छ । अब हामीले छलफल त्यहाँ चलाउनुपर्छ । यसका सम्भावना हामीले खोज्नु पऱ्यो । प्रदेश सरकारले आवश्यक पहल गरिपनि राख्याछ । अहिले कर्णाली प्रदेशमा साझेदारी संस्थाहरूको पनि बजेट बढी केन्द्रितचाहिँ भाको छ । अहिले मुख्यगरी कर्णाली प्रदेशमा सबैभन्दा बढी बजेट फगत कर्णाली प्रदेशमा गरिराखेका छन् । धेरैपटक हामीले साझेदारी संस्थाहरूसँग यही प्रदेशमा मुख्यमन्त्री कार्यालयमा बोलाएरचाहिँ हामीले धेरैपटक मिटिङ्ग गरिसक्यौं । त्यहाँ पहलचाहिँ भको छ । निजी क्षेत्रहरूसँग धेरै छलफल भाचै छ । निजी क्षेत्र पनि यहाँ आउनका लागि हामीले धेरैसँग हामीले छलफल गरिरहेका छौं । पर्यटन क्षेत्रमा लगानी गर्नुस् होटलमा लगानी गर्नुस् यसका लागि आवश्यक वातावरण प्रदेश सरकारले बनाउँछ । अन्य उद्योगमा तपाईंहरूले लगानी गर्नुस् । कृषिमा लगानी गर्नुस् भनेर निजी क्षेत्रलाई पनि हामीले छलफल गरिराखेका छौं र त्यसपछि अब आवश्यक थप लोनका बारेमा पनि अहिले पनि हामीले माथिको सडक अहिले हामीले हिल्सादेखि लिएर सुर्खेतसम्मको सडक भनेर हामीले भन्यौं । संघीय सरकारसँग व्यापक छलफल हामीले बारम्बार गऱ्यौं । अहिलेको चाहिँ ओभिआरमा बेल्ट एण्ड रोडमा यो सडकलाई हालिदिनुपर्छ पार्नुपर्छ पहिलो प्राथमिकता राख्नुपऱ्यो नेपालको भनेर पनि हामीले कुरा उठायौं । यसका लागि पनि आवश्यक वातावरणचाहिँ हामीले बनायौं अहिले पनि कमसेकम अनुमानित कति लागत लाग्छ भन्ने कुराको मात्रै हामीले अनुमानित लागत इस्टिमेट निकाल्न सक्यौं भने पनि छलफल गर्नका लागि सजिलो हुन्छ भनेर अहिले हामीले चाइनिज रेलवे कम्पनीसँग एउटा सम्झौता गरेर उसले प्रारम्भिक अध्ययन प्रतिवेदन अब केही दिनभित्र हामीलाई चाहिँ बुझाउँदै छ । र त्यसपछि चाहिँ धेरैले भनेका छन् कि हामीले यदि हामीलाई आउने र काम गर्ने वातावरणचाहिँ सिर्जना चाहिँ गर्ने हो भने हामीले एयरपोर्टका लागि लगानी गर्छौं, सडकका लागि लगानी गर्छौं र धेरै क्षेत्रमा लगानी गर्छौं भनेर निजी क्षेत्रले पनि भनिराकै छ । यो वातावरण चाहिँ हामी बनाउनुपर्छ, त्यसपछि मात्रै अलिकति बजेटचाहिँ हामीले केन्द्री कर्णाली प्रदेशमा हामीले गर्न सक्यौं भने मात्रै सम्भव छ र हामीसँग आएका यही अनुदान मात्रै संघीय सरकारबाट आएको अनुदान बजेटबाट मात्रै हामीले जतिचाहिँ बहस गरेपनि जति महिना हामीले छलफल बहस गरेपनि आखिर हामीले अपेक्षा गरेको रिजल्ट निकाल्न सकिंदैन । यसका लागि हामीले विशेष ढंगले जान जरुरी चाहिँ छ । त्यसो हुँदा सिंगो सदनको ध्यान केन्द्रित चाहिँ त्यहाँ

होस् । र हाम्रो छलफलचाहिँ त्यहाँ जाओस् भन्ने कुराहरू म भन्न चाहन्छु । अब यो बजेटका बारेमा केही विषयहरू चाहिँ उठेका छन् । यो समग्र बजेटका बारेमा त अर्थमन्त्रीले पनि यहाँ सैद्धान्तिक छलफलको क्रममा पनि जवाफ दिई सक्नुभा चाहिँ छ । र त्यसपछि मन्त्रालयगत छलफलहरू पनि दफावार छलफल नै भयो । र धेरै जवाफ फेरि माननीय मन्त्रीज्यूहरूले पनि दिई सक्नुभा चाहिँ छ । र धेरै जवाफ दिने विषय त खासै छैनन् र मुख्यगरी यहाँ उठेका विषय भनेका संसदले उठाएको विषय भनेको हामीसँग भएको सीमित चाहिँ तपाईंको बजेट जो चाहिँ छ यो बजेटलाई उत्पादक क्षेत्रमा चाहिँ केन्द्रित चाहिँ गर्नुपर्छ, अनउत्पादक क्षेत्रमा चाहिँ धेरै बजेट बाँडिनुचाहिँ हुँदैन भन्ने कुरा नै मुख्य कुरा चाहिँ यो असाध्यै राम्रो सकारात्मक कुरा चाहिँ हो यसमा प्रदेश सरकारले चाहिँ ध्यान दिन जरुरी चाहिँ छ र हामी ध्यान दिनेचाहिँ छौं सरकारले ध्यान दिने चाहिँ छ । र यसका लागि हामीले प्रतिवद्धता पनि फेरि अब हामीले जाहेर गरेका चाहिँ छौं सरकारको तर्फबाट फेरि अहिले अर्थमन्त्रीले पनि अन्तिममा चाहिँ बोल्नु हुने नै छ । र त्यहाँबाट जाने नै छ । र हामीले अहिले बनेको बजेटलाई पनि जहाँ जहाँ जुन जुन ठाउँमा तपाईंको बजेट त्यति तपाईको उत्पादक क्षेत्रमा देखिदैन जसरी यहाँ चालु बजेटको कुरा चाहिँ आ'छ । चालु बजेट अलि बढी नै भयो । मुख्यमन्त्रीको स्पीड सातु खाने भन्ने छ, होटलमा कार्यक्रम नगर्ने भन्ने छ । अब यहाँ कार्यक्रम चाहिँ आको छ फेरि होटलमा खाने यो स्वाभाविक कुरा चाहिँ थियो विषय उठ्नु । अब यो होटलमा नखाएर सातु खाने गरिकन तपाईको यो चालु बजेटलाई व्यवस्थापन गर्ने गरिकन जाने कुरा हुन्छ फेरि त्यो सरकारले गर्छ त्यसका बारेमा । अर्को कुरा अलिकति असन्तुलनको कुरा चाहिँ आयो अलि सन्तुलित चाहिँ भएन । अघिल्लो वर्ष पनि असन्तुलन भयो । अघिल्लो वर्षको असन्तुलनको मार अब कति वर्षसम्म खेप्नु पर्ने हो भन्ने कुरा चाहिँ अब आएकै थियो चर्कै ढंगले अघिल्लो वर्ष पनि । अब फेर यो वर्ष पनि केही असन्तुलन फेरि पनि कायम भाचाहिँ छ भन्ने छ । जुन ठाउँमा पैंसा खन्याएर पनि तत्काल चाहिँ काम नलाग्ने त्यस्ताचाहिँ केही क्षेत्रहरू चाहिँ होलान् कुनै आयोजनाहरू चाहिँ होला कुनै योजनाहरू चाहिँ होलान् त्यस्ता योजनाहरूलाई पनि अब हामीले पुनर्विचार चाहिँ गर्ने कार्यान्वयनमा गएर पुनर्विचार गर्ने गरिकन हामीले सोच्ने कुरा पनि हुन्छ यहाँ अब हामी त्यसरी जान्छौं । अर्को कुरा चाहिँ अब नीति तथा कार्यक्रम एकातिर बजेट अर्कोतिर भन्ने कुरा चाहिँ भयो । नीति तथा कार्यक्रमले दीगो विकासलाई लक्षित गऱ्यो, टार्जेट त्यहाँ बनायो । बजेटले तपाईंको अब चामल बाँड्ने बनायो फेरि त्यसो भोका मान्छे भोकै छन् पानी खान नपाएको मान्छे पानी त बाँड्नु पऱ्यो भन्नेतिर चाहिँ गयो बजेट अब यो फेरि । असीमित मागहरूचाहिँ हुँदै गए जनताका फेरि त्यसो । साना साना समस्याहरू छन् अब यो समस्याहरू फेरि सम्बोधन गर्दै गर्दै जाँदा त बाँड्दै बाँड्दै जाँदा तपाईंको एक करोडबाट झर्दै झर्दै तलचाहिँ कति करोडसम्म गा'छ पाँच करोडसम्म गयो ऐ पाँच लाखसम्म झरेछ फेरि त्यो एक करोडबाट तल तल जाँदैजाँदाखेरिमा त्यस्तो भएछ झुरिएछ, झुरो भएछ त्यो । अब अर्को कुरा अलि सुशासनका विषयहरू पनि उठेकाचाहिँ छन् । अब यलाई सुशासनलाई पनि अब हामीले कायम गर्ने कुरालाई हामीले अलिकति नयाँ संरचनासहित जान जरुरी चाहिँ छ । अब अलिकति हाम्रो अनियमितताहरू जो चाहिँ छन् करप्सनहरू जो भनेर चौतर्फी जताततैबाट अब आवाजहरू उठिराका चाहिँ छन् यलाई पनि कन्ट्रोल गर्नका लागि एउटा संरचना हाम्रा लागि आवश्यकता छ र त्यस्ता प्रकारका संरचनाहरू मुख्यमन्त्री कार्यालयले खडा गरेर जानेछ । अब अर्को कुरा यहाँ छ थोरै यहाँ उठेका मुख्यगरी धेरै धन्यवादचाहिँ दिन चाहन्छु मुख्यगरी यो प्रमुख प्रतिपक्षका दल नेतालाई बढो मेहेनत गरेर हिजो मुख्यमन्त्री कार्यालयको एकै बुँदा पनि नछुटाएर फेरि त्यो प्रत्येक हरफ-हरफमा गएर फेरि त्यो, यो आवश्यक छ यो छैन । यो छ यो छैन भन्नु भाको चाहिँ छ । अब आवश्यक भएको बजेटहरू कार्यान्वयन हुन्छन् अनावश्यक बजेटहरू कार्यान्वयन हुँदैनन् त्यहाँ अब । जे अहिले नगर्दा पनि नहुने चीजहरूचाहिँ त्यो हुँदैनन् फेरि त्यो त्यसोभा हुनाले अब अहिले आवश्यकताका आधारमा

चाहिँ शीर्षकहरू चाहिँ राखिएका चाहिँ हुन् । त्यो सबै बजेट खर्च हुन्छ भन्ने कुरा हुँदैन अहिले । सयको सय प्रतिशतै खर्च नहुन सक्छ । त्यो त फेरि लागत निक्लिएला इस्टीमेट निक्लला । अब अहिले पनि त्यो त कोही हामीले पहिले इस्टिमेट गरेर कुनै पनि योजनाहरू पहिला हामीले सबै प्रतिवेदन तयार पारेर यतिले यो आयोजना सम्पन्न हुनेछ भन्ने कुराको त हामीसँग छैन त्यो आधार त बेस त हामीसँग छैन । अहिले फलानो खानेपानीका लागि यति भन्दिया चाहिँ छौं अब त्यो खानेपानी त्यति पैंसाले हुन्छ भन्ने के छ र । फेरि हामी भन्छौं पुलको दायाँ वायाँ हैन सबै ठाउँमा बराबर हुनुपर्छ पुलको भन्छौं फेरि । सब्बै त्यही खोला पनि बराबर काहिँ बनेका होलान् फेरि त्यो । हैन हैन दायाँ वायाँ होइन बराबर हुनुपर्छ सिंचाइ गर्ने । सबै गाउँ र खोलाको दुइ के बराबर होला फेरि त्यो । रोडमा बराबर हुन्छ भन्छौं हामी फेरि त्यो सबै रोड पनि बराबर त्यो नापेर गाउँ बनाएका होलान् फेरि त्यो । कुनै ठाउँमा बढी लाग्ला बढी लाग्ने ठाउँमा थपिन्छ पैंसाहरू, कम लाग्ने ठाउँमा त्यो पैंसा बच्छ नपुगेको ठाउँमा जान्छ फेरि त्यो । हैन हैन यति भनेकै छ यत्ति गर्नै पर्छ भनेर गर्ने होइन फेरि त्यसो । पाँच लाख दिएकै छ, पुल एक लाखले बने पाँचलाख खर्च गर्नै पर्छ भन्ने त्यो त भोलि कहाँ छोड्छ त कले छोड्छ त फेरि त्यो अनि आर्थिक चाहिँ ऐन छैन, आर्थिक ऐन छ त्यसो भने अब हामीले ऐन नियमहरू चाहिँ छन् यसको आधारमा जाने हो । सबै कुरा तपाईको भोलि लेखापरीक्षण हुन्छ । केरे त्यत्रो अब हामीले संसदमा समिति नै बनाएका चाहिँ छौं । लेखा समिति बना चाहिँ छ । लेखा समितिले अनि टायरमा कति पैंसा चाहिँ हालेर किन्यो भन्ने कुरा उले छानविन गर्न सक्दैन, टायरको मूल्य बजारमा कति छ कतिको बील बनायो भन्ने कुरा एक एक हेर्न पाउँछ त समितिले त्यो । त्यो अधिकार त राख्छ त समितिले फेरि । त्यसो भा हुनाले आवश्यकताअनुसार खर्च हुने हो त्यो, अनावश्यक खर्च हुँदैन फेरि । तर जति बजेट शीर्षकहरू छुट्याइएका छन् ती शीर्षकहरूमा खर्च हुन्छ आवश्यक हो तर सबै पैंसा चाहिँ खर्च हुन्छ भन्ने छैन आवश्यकता अनुसार चाहिँ खर्च चाहिँ हुन्छ । यो छ यो भा हुनाले मैले अब धेरै यहाँ मैले प्रवेश चाहिँ गरिन । र त्यसपछि अब यहाँ बजेट किन राखियो भन्ने कुरा चाहिँ जो छ अर्थमा, ए यो मुख्यगरी यता मुख्यमन्त्री कार्यालयमा । यो अब हामीले पूर्वाधारकै लागि भनेर हामीले बजेट छुट्याएको चाहिँ छौं र पूर्वाधारकै लागि यो विनियोजन भको चाहिँ छ । कहाँ कहाँ कति बजेट भन्ने कुरा हामीले विनियोजन चाहिँ गरिसकेका छौं । त्यसपछि अब अर्को बजेट चाहिँ छ यहाँ अघिल्लो वर्ष तपाईको एकीकृत बस्ती विकास चाहिँ कति भए ? उज्यालो कहाँ कहाँ भयो ? भन्ने कुरा चाहिँ छ । अघिल्लो वर्षको चाहिँ बजेट भनेको अब त्यो घाटा बजेट जति हो त्यो अब त्यो मुख्यमन्त्री कार्यालयमा चाहिँ थियो । अब घाटा बजेट त कार्यान्वयन गर्नै पऱ्यो पैंसा आए पो कार्यान्वयन हुन्छ फेरि त्यो । घाटा बजेट अब त्यो त्यतिकै चाहिँ अब त्यो आए पछि गर्ने कुरा हुन्छ यो वर्ष आयो बरु अब त्यो । अब यो वर्ष घाटा बजेट चाहिँ छैन फेरि त्यो । त्यसो भा हुनाले अब यो वर्ष हामीले अगाडि बढाउनका लागि अहिले एकीकृत बस्ती विकास कार्यक्रम जो छ अहिले पनि माथि प्रधानमन्त्रीले विशेष यलाई चासोका साथ लिनुभको चाहिँ छ । र हाम्रो छलफल भए अनुसार के थियो भने जग्गाको व्यवस्थापन प्रदेश सरकारले चाहिँ गर्ने र घर संघीय सरकारले चाहिँ बनाउने भन्ने टाइपको छलफल भएको चाहिँ छ । र भोलि हामीले त्यो प्रकारको कार्यविधि चाहिँ बन्यो भने अब हामीले कार्यान्वयन गर्दाखेरिमा प्रदेश सरकार र संघीय सरकारबीचको समन्वयमा बजेट कार्यान्वयन हुन्छ यसका लागि संरचना कुनै न कुनै संरचनामार्फत् कामहरूचाहिँ हुन्छ । कोले गर्ने कसरी गर्ने कार्यविधि बनाएर यसको कार्यान्वयनमा जान्छ यो । त्यसपछि अर्को उज्यालो कार्यक्रम भन्ने चाहिँ छ । उज्यालो कार्यक्रम चाहिँ अघिल्लो वर्ष पनि भनेका चाहिँ थियौं तर पैंसा चाहिँ हाम्रो घाटा बजेटमा चाहिँ गयो र हामीले यो पटक अहिले संघीय सरकारको मातहतमा रहेर वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र जो चाहिँ छ यो र हामीबीचको साझेदारीमा हामीले छानेका हामीले छनोट गरेका जो गाउँहरू हुन्छन्

गाउँपालिकाहरू हुन्छन् कार्यालयहरू हुन्छन् त्यो ठाउँमा तपाईंको चाहिँ कार्यान्वयन गर्ने गरिकन यो बजेट साझेदारीमा यो बजेटचाहिँ जान्छ । यसमा अब मुख्यमन्त्री कार्यालयले नै काम गर्दैन समन्वय मुख्यमन्त्री कार्यालयले चाहिँ गर्छ । बजेट कोसँग सम्बन्धित चाहिँ छ । कोसँग चाही हामीले मिलेर साझेदारीमा काम गर्नुपर्ने हो उसको बीचमा चाहिँ हामीले सम्झौता गरेर काम चाहिँ हामी अगाडि बढाउँछौं । त्यसपछि अर्को कुराचाहिँ छ यहाँ मुख्यमन्त्री कार्यालयमा राखिएको यो स्वरोजगार कार्यक्रमहरू यो महिलातिर लक्ष्यित गरेर राखिएको छ । महिला दलित स्वरोजगार कार्यक्रम भनिएको छ विशेष कार्यक्रम भनेर अनि अर्को चाहिँ रोजगार कार्यक्रम भनेर भनिएको छ । यसको अलिकति नयाँ मोडयालिटीका साथ जान खोजिएको छ । नयाँ मोडलका साथ जान खोजिएको छ । यसमा अब हामीले रोजगारी पनि सिर्जना गर्ने र त्यसपछि अनि विकास पनि गर्ने । सबभन्दा पहिला हाम्रा के हुन् प्राथमिकता के हुन् हामी सबै माननीय सदस्यहरूसँग हामी सल्लाह गर्छौं छलफल गर्छौं र प्रत्येक हामीले निर्वाचन क्षेत्र केन्द्रित हामीले एउटा योजना छनोट गर्छौं । जिल्लामा केन्द्रित चाहिँ होला । र हामीले केही हाम्रा गाउँ लक्ष्यित कार्यक्रमचाहिँ होलान् । दलितका लागि दलित गाउँ लक्ष्यित कार्यक्रम चाहिँ होला । यस्ता केही हामीले गाउँहरू हामीले छान्छौं केही ठाउँहरू हामी छान्छौं र हामीले लक्ष्यित हामीले तल वर्ग भनेर त्यस्ता मान्छेहरू चाहिँ हामीले छानेर एउटा कार्यदल चाहिँ बनाएर जो बेरोजगार छन् बेरोजगारहरूको एउटा कार्यदलचाहिँ बनाएर यिनलाई रोजगारी पनि दिने विकास पनि गर्ने गरी हामीले कार्यक्रम अगाडि बढाउने यसका लागि हामीले नयाँ कार्यविधि बनाएर अहिलेको समस्या नै काम गर्ने काम गर्ने मान्छेले ज्याला नपाउने समस्या हो । त्यो कारणले गर्दाखेरि पनि यहाँ काम गर्न मान्छेले चाहँदैन । काम गर्ने धेरै चाहिँ मज्दुरहरूचाहिँ पाइँदैनन् यहाँ फेरि । अब यहीं चाहिँ सबभन्दा बढी ज्याला पाइन्छ भन्ने एउटा वातावरण सिर्जना गर्नका लागि पनि हामीले अलि नयाँ ढंगबाट विशेष कार्यक्रम भनेर कार्यविधि बनाएर यलाई कार्यान्वयन गर्न खोजिएकोचाहिँ छ । यो भनेको अलि नयाँ प्रकृतिको कार्यक्रम चाहि हुन्छ अब । यहाँ अहिले अब मेशिन प्रयोग गर्न वित्तिकै पैंसाजति मेशिनमा जान्छ । मेशिनले पैसा लिन्छ तर मान्छे गरिब छदैछ । बेरोजगारी छदैछ । उले रोजगारी त्यसो हुँदा विकासको बजेट जनताकहाँ जाने र जनताको चाहिँ आर्थिक स्रोत वृद्धि गर्ने गरिकन हामीले त्यो कार्यक्रम लिन खोजिरहेका चाहिँ छौं । यसैका लागि हामीले केन्द्रित कार्यक्रम यहाँ गरेका चाहिँ हौं । अब अरु धेरै कुराहरू भन्नुभाछ मैले मसिनो ढंगले एकदम मैले मिहिनेत गरिन जवाफमा धेरै त्यसपछि अब अर्को यो नाना खाना र छानाको कार्यक्रम पनि चाहिँ छ यलाई पनि अलिकति प्रभावकारी ढंगबाट लैजानका लागि शुरु गर्छौं र सबै मन्त्रालयका कार्यक्रमहरू त्यहाँ केन्द्रित हामीले गर्छौं । सबै मन्त्रालयका कार्यक्रम त्यसप्रति केन्द्रित कार्यक्रम चाहिँ छन् यलाई हामीले एक डोरबाट एउटै कार्यविध बनाएर हामीले कार्यान्वयन गर्ने गरी जान्छौं र अहिलेको हाम्रो मुख्य प्राथमिकता पूर्वाधार हुँदा हुँदै पूर्वाधारभित्रको दोस्रो हाम्रो प्राथमिकता भनेको गरिबी नै हो गरिबी हटाउनका लागि हाम्रो लक्षित कार्यक्रम केन्द्रित चाहिँ हुन्छ यो कार्यक्रम चाहिँ हामीले विशेष कार्यविधि सहित यो अगाडि बढाइन्छ र एकद्वार प्रणालीबाट काम चाहिँ अगाडि चाहिँ बढ्छ र अगाडि जान्छ । अब अर्को अब ईन्जिनियरिङ्ग कम्पनीको कुरा यहाँ आ चाहिँ छ अब यो कम्पनी आवश्यकता चाहिँ छ यो । यो चाहिन्छ फेरि त्यो । यही नभएर अघिल्लो वर्ष काम गर्न सकिएन । अहिले अब हामी सबै हाम्राचाहिँ प्राथमिकता योजनाका हामीले लिष्टिङ्ग गर्छौं । हामीले प्रोजेक्ट बैंक भनेका चाहिँ छौं । हामीले सबभन्दा पहिला प्रोजेक्ट बैंक हामीले तयार पार्छौं । त्यसपछि अनि त्यो ईन्जिनियरिङ्ग कम्पनीलाई हामी सबै त्यसको अध्ययनका लागि भनेर हामीले त्यलाई बुझाउछौं र त्यले सबै चाहिँ तपाईंको अध्ययन गरेर फेरि अध्ययन प्रतिवेदनसहित हाम्रो प्रोजेक्ट बैंकमा तयार हुन्छ र त्यो सबै तयार भएपछि पछिल्लो वर्ष कति बजेट, कुन योजनाका लागि चाहिन्छ भन्ने कुरा बल्ल थाहा हुन्छ । अनि जति छ त्यति अब हामीले पैंसा यहाँबाट हामीले पठाउछौं । यो जरुरी

चाहिँ छ यो आवश्यकता नत्र भने अन्दाजी जोले जति भयो अब कति दिन मन लाग्यो अब जति दिन मन लाग्यो त्यति पैंसा हाल्ने चलन चाहिँ भयो । अब मन लागेपछि हाल्ने भन्ने अंक थप्नेभन्दा पनि आवश्यकताले अंक थप्ने कुरा चाहिँ हुन्छ यसका लागि सम्भाव्यता अध्ययन नगरिकन त्यो सबभन्दा पहिला त प्रोजेक्ट त्यो फिजिवल छ कि छैन भन्ने कुराको पनि केही आधार नै छैन, मागको आधारमा हामीले योजना हालिदिएका छौं, पछि जाँदाखेरीमा त्यो फिजिवल हुँदैन अनि हामीले तुरुन्त फेरि योजना चेन्ज गर्नुपर्ने हुन्छ । त्यस्तो स्थित सिर्जना हुन नदिनका लागि एउटा स्थायी नियमित काम गर्ने गरी हामीले यो ईन्जिनियरिङ्ग कम्पनि आवश्यकता छ भनेर यलाई हामीले ल्याएकाचाहिँ हौं र यो अगाडि बढ्छ र यो लगभग लगभग हामी अब अन्तिम अन्तिम चरणमा पनि छौं यलाई अब हामीले प्रक्रियामा लैजाने गरिकन । अब योजना आयोगको कुरा चाहिँ छ यहाँ अब योजना आयोगले काम गरिराख्याचाहिँ छ । अब यले मुख्यगरी प्रदेश सरकारको प्रोफाइल तयार पार्ने काम पनि करिब करिब अन्तिम चरणमा पुगाको चाहिँ छ । यो आवधिक योजनाको चाहिँ अवधारणा पत्र तयार भइसकेको छ । त्यसो पहिलो आवधिक योजना निर्माण यो काम पनि उइले पूरा गरिसकेको चाहिँ छ । र त्यसपछि अहिलेको नीति तथा कार्यक्रम निर्माणमा पनि यले महत्वपूर्ण भूमिका निर्वाह गऱ्याचाहिँ छ र अब अहिले पञ्चवर्षीय योजनाको अन्तिमचाहिँ उइले अब फाइनल चरणमा पनि ऊ पुगिसक्या चाहिँ छ र उइले काम गरिराख्याचाहिँ छ भन्ने कुरा चाहिँ म राख्न चाहन्छु र अब उसको खासै धेरै कार्यक्रम पनि थिएन अहिले । अहिले केही अध्ययनका चाहिँ कार्यक्रमहरू चाहिँ भए ती अध्ययनका कार्यक्रम चाहिँ छन् । त्यसोभा हुनाले अब ठ्याक्कै बजेटमा जवाफै दिइहाल्नुपर्ने टाइपको चाहिँ छैन र योजना आयोग आवश्यकता छ र आवश्यकता अनुसार उइले आफ्नो काम चाहिँ गरिराख्या कुराको म जानकारी गराउन चाहन्छु । यो मुख्य न्यायाधिवक्ताको कार्यालयका पनि केही कार्यक्रमहरू चाहिँ छन् यो आवश्यकतै भएर राख्या कार्यक्रम होलान् यी । अब यसका खासै चालु टाइपका छैनन् अब यस्तै यस्तै खरिद सरिद टाइपका कार्यक्रम चाहिँ छन् अब त्यसोभा हुनाले अब यो आवश्यकै होला । तालिम सालिम त्यस्तै गोष्ठीहरू यो नियम कानूनसम्बन्धी तल यसो कुरा बुझाउने कुरा यस्ता-यस्ता छन् अब यो कानून त बुझाउनु पऱ्यो तल फेरि त्यो सबैले थाहा पाउनुपऱ्यो । त्यसोभा हुनाले यस्तै यस्तै कार्यक्रम हुन् भन्ने कुराहरू मैले राख्दै अब मैले धेरै माननीय सदस्यहरूले उठाउनुभएको विषयका प्रत्येक मैले फेरि दफा दफा नगइकन मुख्यगरी विश्वास मैले के दिलाउन चाहन्छु भने अब फेरि पनि हाम्रो बजेट जे बनेको चाहिँ छ यो बजेटलाई अब हामीले प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्ने कुरा छिट्टो कार्यान्वयन गर्ने कुरामा अब विशेष जोड प्रदेश सरकारको चाहिँ जानेछ र मुख्यमन्त्रीको ध्यान केन्द्रित त्यहाँ हुनेछ र पारदर्शी ढङ्गबाट बजेटलाई कार्यान्वयन गराउने कुरामा मुख्यमन्त्री कार्यालय र म मुख्यमन्त्री विशेषगरी लाग्नेछु र जहाँ नमिलेका कुराहरूलाई पनि अब हामीले मिलाएर लैजाने कुराहरूमा सरकार चाहिँ प्रतिवद्ध चाहिँ छ भन्ने कुराहरू चाहिँ राख्दै मेरो भनाई यहीं अन्त्य गर्दछु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभा सचिवालय, प्रदेश योजना आयोग, लोक सेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गतका शीर्षकहरूमाथिको दफावार छलफल समाप्त भएको जानकारी गराउँछु ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश विनियोजन विधेयक २०७६ अन्तर्गत विनियोजन भएका आन्तरिक मामला तथा कानून मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सामाजिक विकास मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालयको बजेट शीर्षकहरूमाथि ८ वटा खर्च कटौतिको प्रस्तावहरू प्राप्त हुन आएकोमा खर्च कटौतिको प्रस्तावकर्ता माननीय श्री जीवनबहादुर शाहीलाई आफ्ना खर्च कटौतिका प्रस्तावहरू फिर्ता लिन चाहनु हुन्छ भने फिर्ता लिन समय दिन्छु ।

**माननीय श्री जीवनबहादुर शाहीः** सम्माननीय सभामुख महोदय, मैले ८ वटा खर्च कटौतिका १ रुपैयाँ १०० रुपैयाँ र उक्त विषयमा भनेर मैले खर्च कटौतिको प्रस्ताव चाहिँ पेश गरेको थिएँ । र सरकारले यो कुनै कुराको पनि परिवर्तन नगरेको, नीतिसम्मत पनि नभएको, जवाफदेहिता पनि नभएको र गर्नुपर्ने कुराहरू केही नगरेर सरकारले मञ्चमा गएर रोष्टममा गएर यो सम्बन्धमा कुनै कुरा ननिकालेको हुनाले मैले आफ्नो खर्च कटौतिको कुराचाहिँ फिर्ता लिन चाहिन सभामुख महोदय । धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, माननीय सदस्य श्री जीवनबहादुर शाहीले विभिन्न मन्त्रालयहरूको विनियोजन भएका शीर्षकहरूमा राख्नुभएको खर्च कटौतिको प्रस्ताव फिर्ता लिन नचाहनुभएकोले उक्त खर्च कटौतिको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले 'हुन्छ' भन्नु होला । यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले 'हुन्न' भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला । **... हुन्छ ...**

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला । **... हुन्न ...**

'हुन्न' भन्ने पक्षमा माननीय सदस्यहरूको बहुमत भएकाले कर्णाली प्रदेश विनियोजन विधेयक २०७६ अन्तर्गत विनियोजन भएका आन्तरिक मामिला तथा कानून मन्त्रालय र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, सामाजिक विकास मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालयको बजेट शीर्षकहरूमाथि माननीय श्री जीवनबहादुर शाहीले प्रस्तुत गर्नुभएको खर्च कटौतिको प्रस्तावहरू बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई कर्णाली प्रदेश विनियोजन विधेयक २०७६ अन्तर्गत ०७६ पारित गरियोस् भनी पारित गरियोस् भनि सभा समक्ष प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाः** माननीय सभामुख महोदय, सबभन्दा पहिले यो प्रस्ताव राख्नुभन्दा पहिले म अलिकति केही कुराहरू यो सदनसमक्ष यो सम्मानित सभासमक्ष राख्ने अनुमति चाहन्छु । पहिलो कुरा त यो अलिकति हामी दुःखको बेलामा पनि छौं । देशव्यापि रूपमा बाढिपहिरोले असाध्यै ठूलो जनधनको क्षति भएको छ । म बाढिपहिरोबाट ज्यान गुमाउने सम्पूर्ण नेपाली दिदीबहिनी दाजुभाइहरू र हाम्रै कर्णाली प्रदेशमा पनि डोल्पा जिल्लामा गएको बाढिपहिरोबाट दुईजनाको ज्यान गएको प्रमाणित भइसकेको छ । उहाँहरू समेतको उहाँहरू समेतप्रति म हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्न चाहन्छु । धेरै व्यक्तिहरू घाइते हुनुभको छ, घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्न चाहन्छु । यो खासगरी हामी यो आर्थिक वर्ष २०७६/०७७ को आय-व्यय विवरण अर्थात बजेट पारित गर्नका निम्ति प्रस्ताव राख्ने यो चरणमा उभिएका छौं । माननीय सदस्यहरूले यस विषयमा यो सदनमा धेरै महत्वपूर्ण सुझावहरू हामीलाई दिनुभको छ । हामीले यो रोष्टममा उभिएर माननीय सदस्यहरूका यो सदनमा उठेका विभिन्न जिज्ञाशाहरू, प्रश्नहरू, सवालहरूको जवाफ दिने क्रममा केही प्रतिवद्धताहरू पनि हामीले व्यक्त गर्दै आएका छौं । काम गर्दाखेरि कतिपय कमजोरी पनि हुन्छन्, कमजोरीहरूलाई रियलाइज पनि गर्दै आएका छौं र कतिपय महत्वपूर्ण विषयहरू गम्भीर विषयहरू जो यो सम्मानित सदन हामीले प्रस्तुत गरेको अथवा सरकारले प्रस्तुत गरेको बजेट पास गर्ने पारित गर्ने यो सम्मानित सभाले उठाएका विषयहरूलाई सम्मान गर्नुपर्दछ भन्ने सरकारलाई राम्रोसँग महशुस छ, रियलाइजेशन छ । त्यसकारणचाहिँ म एक पटक माननीय

सभामुख महोदयमार्फत् यो सदनमा माननीय सदस्यहरूले बजेटको सैद्धान्तिक छलफल र विनियोजन विधेयकको दफावार छलफलमा भाग लिएर सरकारको गम्भीर ध्यानाकर्षण गराउने, कतिपय कमजोरीहरू औंल्याउने र सरकारलाई आगामी आर्थिक वर्षको निम्ति काम गर्नका लागि मार्गदर्शन गर्ने सुझावहरू दिनुभएकोमा म एक पटक सरकारको तर्फबाट बजेट प्रस्तोता मन्त्रालय आर्थिक मामिला तथा योजना मन्त्रालयको तर्फबाट र मेरो तर्फबाट हार्दिक हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्न चाहन्छु । र माननीयज्यूहरूले उठाएका र यो सदनमा उठेका केही महत्वपूर्ण विषयहरूलाई सम्बोधन गर्ने उद्देश्यले म केही प्रतिबद्धताहरू यो सदनसमक्ष राख्ने अनुमति चाहन्छु ।

- अँ पहिलो कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय अन्तर्गत रहेको कर्णाली पूर्वाधार विकास लगानी कोषको नाममा विनियोजित कूल बजेट रु. ३ अर्बमध्ये जनता सडक कार्यक्रमको लागि थप बजेट रु. १ अर्ब ९२ करोड थप गरी भौतिक पूर्वाधार विकास मन्त्रालयमा पठाउने व्यवस्था गर्ने,
- अर्को यो आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गरी सबै मन्त्रालय तथा निकायहरूको चालू शीर्षकमा रहेको, बढी भएको, दोहोरिएको, कतिपय संस्थाका नाम किटानी गरिएको तथा कार्यक्रमको महत्व र प्राथमिकताका आधारमा चालूतर्फको बजेट पूँजीगततर्फ रकमान्तर गर्ने,
- चालू खर्च शीर्षकबाट प्राप्त हुने बजेट कर्णाली प्रदेश महत्वका आयोजना तथा योजना कार्यक्रम र बजेट विनियोजनमा असन्तुलन भएका क्षेत्रमा आवश्यकताका अनुसार थप गरी बजेटको क्षेत्रगत सन्तुलन मिलाउने,
- मन्त्रालयहरूबाट प्रस्तावित योजना तथा कार्यक्रममध्ये कार्यान्वयनयोग्य नभएका र दोहोरोपन भएका योजना कार्यक्रमलाई आवश्यकताअनुसार संशोधन गरी कार्यान्वयनयोग्य र प्रतिफलयुक्त बनाउने ।

यी चार वटा प्रतिबद्धता म यो रोष्टमबाट माननीय सभामुख महोदयमार्फत् यो सदनसमक्ष व्यक्त गर्न चाहन्छु र माननीय सदस्यहरूले उठाएजस्तै कतिपय चालू शीर्षकमा बजेट बढी भयो कि अथवा आवश्यकता छैन कि या दोहोरोपना भयो भन्ने कुरालाई हामी सम्बोधन गर्ने एउटा निर्णय गरेका छौं । त्यो प्रतिबद्धा हामीले जाहेर गरेका छौं र यी विषयहरू संसदीय प्रकियाबाटै सम्बोधन गर्नका निम्ति मैले केही प्रतिवद्धताहरू यो सभासमक्ष्य राखेको छु । माननीय सभामुख महोदय, मैले यस सभामा व्यक्त गरेका यी प्रतिवद्धताहरू कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक अनुमान आय-व्ययको विवरण बजेटको अंग हुने गरी कर्णाली प्रदेश विनियोजन विधेयक २०७६ र यससँग आश्रित कर्णाली प्रदेश आर्थिक विधेयक २०७६ र कर्णाली प्रदेश ऋण उठाउने विधेयक २०७६ कर्णाली प्रदेश नियमावली २०७४ को नियम १३२ को उपनियम १२ बमोजिम यस सभाबाट पारित गरियोस् भनी प्रस्ताव गर्दछु । धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू, के होला माननीय सदस्य...

**माननीय श्री जीवनबहादुर शाहीः** मेरो नियमापत्ति छ सभामुख महोदय दफा २५ ले मुख्यमन्त्रीज्यूले माथिबाट बोल्दा बारम्बार नीति तथा कार्यक्रम सर्वसम्मतले पास भएको छ भनेर यो रोष्टमबाट बोल्नुभएको छ सभामुख महोदय । यो वर्षको नीति तथा कार्यक्रम सर्वसम्मतबाट चाहिँ पास भएको होइन । बहुमतबाट पास भएको हो, सभामुख महोदय । त्यसकारणले चाहिँ यसलाई सर्वसम्मतबाट पास भयो भनेर भन्न मिल्दैन । र अर्को कुरा सम्माननीय मुख्यमन्त्रीज्यूले नै भनिसक्नुभएको छ हाम्रो नीति एकातिर भयो कार्यक्रम अर्कातिर भयो । पैंसा त दुब्लाउँदै दुब्लाउँदै गएर ५ लाखमा पुग्यो अब हामी ठूला ठूला पूर्वाधार बनाउन नसक्ने भयौं त्यो केन्द्रीय सरकारले बनाउनुपर्ने भयो र हामीले त के हो भने ठूला ठूला

उले बनाइदिने हो आज पनि भोकानाङ्गा कर्णालीका जनतालाई हामीले त राहत बाँड्दै जानुपर्ने हो । छाना, नाना, खानाको लागि त त्यसरी बाँडिएको हो । बीउबीजन दिइसकेपछि सभामुख महोदय बीउबीजन उम्रिदासम्म पनि खान नपाउने, के आजभन्दा प्रदेश सरकार नबन्नुभन्दा अगाडि यो प्रदेश खान नपाउने साँच्चै बीउबिजन नदिँदासम्म थियो त सभामुख महोदय । त्यसकारणले जति यहाँ कुराहरू आएका छन् र हाम्रो मुख्यमन्त्रीज्यूले भन्नुभएको छ सभामुख महोदय । क्रमागत योजनाहरूका कुरा आए त्यो ठीक हो तर हामीले अहिले लेखेका छौं फेरि पनि म यो पढेर सुनाउन चाहन्छु सभामुख महोदय ।

नीतिमा प्रदेश सरकारको प्राथमिकतालाई कार्यान्वयन गर्न आवश्यक थप नीतिगत तथा कानूनी व्यवस्था गर्दै लगिने छ । लागत अनुमान सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयार भएका परियोजनाहरूमा मात्र बजेट विनियोजित गरिनेछ म फेरिपनि यलाई दोहोर्‍याएर पढ्न चाहन्छु सभामुख महोदय । लागत अनुमान, सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयार भएका परियोजनाहरूमा मात्र बजेट विनियोजन गरिनेछ । त्यसरी नै नयाँ परियोजना तथा कार्यक्रममा हकमा सम्भाव्यता अध्ययन लागत अनुमान र विस्तृत परियोजना अध्ययन प्रतिवेदनका लागि मात्र बजेट व्यवस्था गरिनेछ । ७.१ प्राथमिकता प्राप्त आयोजनाहरू कार्यान्वयन गर्न अधिकार सम्पन्न संरचना निर्माण गरी संचालन गरिनेछ । सायद त्यही ईन्जिनियरिङ्ग भनेको त्यही होला । ७.२ मा प्रदेश सरकारले रु.१ करोडभन्दा बढी लागत अनुमान भएका आयोजनाहरूमात्र बजेट विनियोजन गरिनेछ भनेर लेखिएको छ सभामुख महोदय । यो चाहिँ नीति तथा कार्यक्रम पास भइसकेपछि अब नीति तथा कार्यक्रमका विरुद्धमा बजेट आउन मिल्छ कि मिल्दैन र अहिले जुन हाम्रो आर्थिक मामिला मन्त्रीज्यूले भन्नुभएको छ सभामुख महोदय । केही ४ वटा प्रतिवद्धताहरू जनाउनुभएको छ यही सदन हो जहाँ राराको त्यो केश पर्दाखेरि उहाँले प्रतिवद्धता जनाउनुभयो । हामीले राता किताबका लागि त्यतिबेला प्रतिवद्धता जनाएको बेला हुन्छ त भनियौं तर त्यो प्रतिवद्धता कहिल्यै पनि कार्यान्वयन हुन सकेन । बजेटको शीर्षकमा के हुन्छ भने सभामुख महोदय, यो अंकमा गनिने कुरा हो यो विधेयकको जस्तो, त्यसपछि अंग भएर पास हुने कुरा हुन सक्दैन, सभामुख महोदय । त्यसकारण यो सिङ्गो सदनलाई गुम्राहमा राख्न खोजिएको र केही भावनात्मक कुराहरू गरेर यो सिङ्गो सदनलाई गुम्राहमा राख्न खोजेको र यो यही गुमाएर नै बजेट पास हुने भन्ने कुरा आएको हुनाले म सभामुख, सम्माननीय सभामुख मार्फत् के अनुरोध गर्न चाहन्छु भने कि त नीति परिवर्तन होस्, होइन भने बजेट परिवर्तन होस् । दुईमध्ये एक परिवर्तन नहुने अवस्थामा चाहिँ यो बजेट पास हुन सक्दैन । नेपाली कंग्रेस प्रतिपक्ष दलको हैसियतले यलाईचाहिँ हामी अबरुद्ध गर्न चाहन्छौं र यो अगाडि बढ्न सक्दैन सभामुख महोदय ।

**माननीय सभामुखः** होइन माननीय सदस्य, बजेटसँग असहमत हुने यहाँको अधिकार सुरक्षित छ । प्रक्रियामा गएर असहमत हुन सकिन्छ माननीय सदस्य ।

**माननीय श्री जीवनबहादुर शाहीः** सभामुख महोदय, यो नीति नियम विपरीत शक्तिकै भरमा यो हो र होइन भन्नेमा जाने हो भने त केही छैन । उहाँहरू शक्तिशाली नै हुनुहुन्छ यत्रो हुनुहुन्छ । यही रोष्टमभित्र मैले सुनेको थिए सभामुख महोदय अब मैले भन्नै पर्ने भयो । यो सरकारका मन्त्रीहरूलाई सत्तारुढ दलका माननीयज्यूहरूले नै भन्नुभएको छ कि भ्रष्ट मन्त्रीहरू भनेर त्यहाँबाट बोलिएको छ । प्रतिपक्षले त कमसे कम भ्रष्ट मन्त्री भनेर हामीले बोलेका थिएनौं सभामुख महोदय । र आज शक्तिको भरमा हुने भने विधि र विधानलाई मिचिने हो भने ती लेखेका अक्षरहरूको विषयमा हामीले जवाफ पाउनुपर्छ सभामुख महोदय । कुनै न कुनै विषयमा यदि उहाँहरूले प्रतिवद्धता जनाएको हो भने त्यो कुन कुन विषयमा के-के अंकमा हो भन्ने पनि आउनुपर्छ । यदि संशोधन गरेकै हो भने हामी त्यो पनि मान्न तयार छौं सभामुख महोदय । तर

विधेयकजस्तो गरी यसको अंग बन्नेछ भनेर गुम्राहमा राख्न पाइँदैन । त्यसकारण हामीले के हो भने हुन्छ र हुन्नमा त देखिसकेको छ सभामुख महोदय । दुई तिहाईभन्दा अझ कति चार तिहाई भनेपनि उहाँहरूसँग छ यो एकदम कमजोर प्रतिपक्ष भएको हुनाले संख्याको आधारमा उहाँहरूले जुन आएर रवाफ देखाउने हो भने हामीले पनि हामीले पाएको हक र अधिकारलाई प्रयोग गर्दै यो कागजमा लेखिएका कुराहरू सही ढंगले नआउँदासम्म यो अगाडि नबढोस् सभामुखज्यूले पनि यो कानूनको राज्य, कानुनी राज्य विधिको शासन भएको हुनाले Rule of Law भन्ने सधैं सम्माननीय सभामुखज्यूले भनिरहनुभएको छ । यो Rule of Law अनुसार नै अगाडि बढोस् । त्यसकारणले हामीले चाहिँ यो सदनलाई अवरुद्ध गरेका हौं सभामुख महोदय ।

**माननीय सभामुखः** होइन माननीय सदस्य, यो **Rule** अनुसार नै प्रक्रियामा जाने हो । प्रक्रियामा असहमति राख्नुस् । यो सदनलाई अवरुद्ध गर्न हुँदैन । प्रक्रियालाई त मानेर जानुपर्‍यो नि माननीय सदस्य ।...

**माननीय श्री जीवनबहादुर शाहीः** जबकि सरकारले गल्ती महशुस गरिसक्यो । सरकारले भन्यो हामीले गल्ती गरेका रहेछौं । बजेट दुब्लायो पातलो भयो । तर सरकार भन्दैछ अर्कोतिर कि अब हाम्रो बजेट भनेको वितरणमुखी नै हो भन्ने कुरामा यो कुन विधिमा लेखिएको छ सभामुख महोदय । त्यसकारणले यसको निक्यौंल नहुँदासम्म चाहिँ यो सदन अगाडि नबढोस् । यो बजेट पास नहोस् किनकि शक्तिको भरमा कुस्ती नै खेलेर गर्ने हो भने ठीक छ उहाँहरूले जित्नुहोला तर ऐन र कानूनमा हामी चाहिँ छोड्नेवाला छैनौं सभामुख महोदय ।

**माननीय सभामुखः** हैन कस्तो बजेट ल्याउने भन्ने कुरा सरकारको कुरा हो । माननीय सदस्यहरूले सुझाव राख्नै भएको छ । केही हतसम्म सरकारले त्यसलाई मनन् गरेर केही प्रतिवद्धताहरू पनि व्यक्त गरेको छ । यो माननीय सदस्यहरूको भावना अनुरूप नै सरकार गएको यहाँहरूलाई यहाँहरूको पक्षमै गएको जस्तो लाग्दछ । त्यसो भएर यसलाई सहयोग गर्नुपर्‍यो माननीय सदस्य बैठक अगाडि बढाउन ।

**माननीय श्री जीवनबहादुर शाहीः** सभामुख महोदय, यदि पक्षमा गएको हो भने त्यो अंकमा आउनुपर्थ्यो त । बजेट त अंकमा आएको छ । बजेट साहित्यकार गीतमा आएको छैन सभामुख महोदय । बजेट डेटामा आउँछ । बजेट हिसाबमा आउँछ । Mathematical उ हुन्छ त्यही कुराहरू यी यी कार्यक्रमहरूमा यो यो गरिएको छ भन्ने । एउटा मन्त्रालयको त हामीले किताब नै हामीले फिर्ता गरेका छौं सभामुख महोदय । र अर्को कुरा जुन नीतिमा लेखिएको कि त सभामुख महोदयले भन्नु पर्‍यो यो नीतिमा लेखिएको कुरा सच्चिसकेको छ भन्नु पर्‍यो । यदि सच्चिसकेको छैन भने योलाई अगाडि बढ्न सक्दैन सभामुख महोदय ।

**माननीय सभामुखः** बसेर सहयोग गरौं माननीय सदस्य । नियम र प्रक्रियाका कुरा गर्दाखेरि प्रक्रियालाई मानेर जानु एकदम उपयुक्त हुन्छ । प्रक्रिया सर्वमान्य कुरा हो माननीय सदस्य । प्रक्रियामा असहमति जनाऔं त्यो राइट छँदैछ ।

**माननीय श्री जीवनबहादुर शाहीः** एकदम सभामुख महोदय, हामीले प्रक्रियामा नै र नीतिमा नै असहमति जनाएको हो । सभामुखले भनेजस्तै प्रक्रिया गलत भयो । यो बलको भरमा मात्रै यो अगाडि बढेको हुनाले यो प्रक्रियालाई पुनर्विचार गरियोस् भन्ने कुरा हो सभामुख महोदय । नीतिमा एउटा कार्यक्रममा अर्को कहाँबाट हुन्छ । त्यसो हो भने नीति किन बनाइयो सभामुख महोदय । नीति बनाइसकेपछि कार्यक्रम त्यही अनुसार जानुपर्थ्यो कि नीति परिवर्तन हुनुपर्‍यो कि कार्यक्रम परिवर्तन हुनुपर्‍यो यदि त्यो ढंगले गएको

हो जुन चाहिँ सरकारका मन्त्रीहरूले प्रतिवद्धता जाहेर गर्नुभएको हो भने अंकमा परिणत हुनुपर्थ्यो सभामुख महोदय । यो शब्दमा चाहिँ भनेर हुन सक्दैन । त्यसैले सभामुख महोदय यो सिङ्गो संसदलाई गुम्राहमा राखेको भन्ने हाम्रो निक्यौंल हो सभामुख महोदय ।

**माननीय सभामुखः** हैन माननीय सदस्यहरूले उठाउनु भएका कुराहरूलाई मनन् गरेर सरकारले प्रतिवद्धतासहित प्रस्तुत भइसकेपछि त माननीय सदस्यहरूले सपोर्ट पो गर्नुपर्‍यो नि । बसेर सहयोग गरौं माननीय सदस्य ।...

आसन ग्रहण गरेर बैठक संचालनमा सहयोग गरौं माननीय सदस्य । ...

माननीय सदस्यहरूलाई मैले आग्रह गरेँ, बसेर सहयोग गरौं माननीय सदस्य ।...

म बैठकलाई अगाडि बढाउन गइराख्याछु । बसेर सहयोग गरौं माननीय सदस्य ।

**माननीय श्री जीवनबहादुर शाहीः** बैठक अगाडि बैठक बढाउने भने हामी वेल घेर्छौं सभामुख महोदय । शक्तिको भरमा सभामुख पनि हैन यो सत्ताको छायाँमा पर्ने हो भने हामीले पनि आफ्नो गर्ने कुराहरू गर्छौं । हैन भने यो नीति बमोजिम अगाडि जानुपर्‍यो सभामुख महोदय । शक्तिको भरमा गर्दाखेरि छुट छ त । हामीलाई त केही पनि हामीलाई त उ पनि छैन । यसले मुलुकभरिमा यसको परिस्थिति के हुन्छ भन्ने कुरालाई चाहिँ सबैले बुझ्नुपर्छ भन्ने हो सभामुख महोदय ।

**माननीय सभामुखः** हैन माननीय सदस्य यहाँहरूको राइट छँदैछ, बजेट असहमत बजेटप्रति असहमत हुने यहाँहरूको राइट सुरक्षित छ । प्रक्रियामा गएर सहमति, प्रक्रियामा गएर आफ्नो असहमति राखौं माननीय सदस्य ।

मैले पुनः अनुरोध गरेँ माननीय सदस्यहरूलाई बसेर बैठक सञ्चालनमा सहयोग पुर्‍याऔं ।

बसेर सहयोग गरौं माननीय सदस्य बैठक सञ्चालनका लागि । बसौं माननीय सदस्यहरु। आसनग्रहण गरौं ।

**माननीय श्री जीवनबहादुर शाहीः** एउटा पास गरियोस् सभामुख महोदय । प्रतिपक्षविना नै यो चल्ने, प्रतिपक्षका कुरा नसुनिने, सरकार दुई तिहाईको भएको हुनाले एकलौटी सबै निर्णयहरू हुन्छन् भन्ने कुरामा नै जानुपर्‍यो । सभामुखले त्यो हो भने अब हामीचाहिँ गइहाल्छौं सभामुख महोदय । हामीले यहाँ बस्नुको कुनै औचित्य छैन । होइन भने प्रतिपक्षले अथवा विपक्षले निकालेका कुरा जेन्यून हो भने सभामुख महोदयले यलाई सोच्नुपर्‍यो । होइन तिमीहरूको आवश्यकता होइन भनेर जुनखालको सभामुख महोदयबाट आयो । यदि तिमीहरूको त्यो ६ जना फिष्टेहरू उभिएर के हुन्छ त मैले अगाडि सार्छु भनेपछि सभामुखलाई सार्नलाई छुट छ । र यो प्रतिपक्ष यो सदनमा हुँदैन। र प्रतिपक्षले आफूले बाहिरबाट गर्नुपर्ने कुराहरूमा लाग्ला सदनमा फेरि हामी आउने भन्ने कुरा हुँदैन किनकि सभामुखज्यूलाई पनि जुनखालको चाहिँ कुराहरू आएको छ । सायद माथि पनि यस्तै भएका छन् भन्ने कुराहरू होला । त्यो गर्नलाई छुट छ तर यो सदनमा चाहिँ प्रतिपक्ष रहँदैन किनकि हामीले निकालेका कुराहरू जेन्यून कुराहरू छन् यसमा कुनै सुनिएको छैन । छलफल भएको छैन । फेरि चाहिँ सरकारका प्रमुखले नै गएर चाहिँ कहिले नीति तथा कार्यक्रम पूर्ण सहमतिले भएको थियो भन्दिने गरेको, गत सालमा हामीले गरेका थियौं सभामुख महोदय । त्यो बेलामा हामीले भनेका थियौं सरकार नयाँ छ । सरकार नयाँ सरकारलाई हामी प्रतिपक्षहरूले हामी साथ दिन चाहन्छौं। हामी यो प्रदेशको विकासका लागि अगाडि बढाउन चाहन्छौं भनेकै

थियौं । त्यो बेलादेखि डेढ वर्षसम्म गाडी चलाउन सिकायौं, स्टेरिङ्गमा उहाँहरूको हात राख्न लगायौं सभामुख महोदय। गाडीको स्टेरिङ्गमा हात राख्न जति जति पुरानो हुँदै गयो, उति उति गाडी स्मूथली चल्नुपर्नेमा उति उति ठाउँ ठाउँ त्यो गाडी ठोक्काउदै हिंड्न थालिसकेपछि अब त्यो ठोक्काउने जुन खालको अवस्था आइरहेको छ । र यहाँ देखिए सभामुख महोदय । जुन खालका कुराहरू आए । जुन खालको बोलीहरू यो सदनभित्र गुञ्जिए अनि सरकार ढुक्कै थियो किनकि उलाई थाहा छ । सांसद सबै आफ्ना हुन् अन्तिममा हामीले ह्वीप जारी गरिसकेपछि हुन्छ भन्ने मनसायले नै यत्रो हंगामा हुँदा पनि सरकारले त्यति साह्रो, सरकार भनेको एउटा मन्त्रीलाई भनिन्न सभामुख महोदय । जब क्याविनेटको डिसिजन हुन्छ, बल्ल त्यलाई सरकारको डिसिजन भनिन्छ । जब सरकारको प्रमुख आउँछन् त्यलाई सरकार आयो भनिने भन्ने गरिन्छ अनि ढुक्कै ढङ्गले आएर जुन चारवटा शब्दका चाहिँ त्यो गोलमोटोलमा नबुझिने प्रतिबद्धता जाहेर गरेर अनि प्रतिपक्षले उठाएका कुराहरूलाई कुनै कुरालाई पनि सम्बोधन नगरेर त्यो नीति तथा कार्यक्रमलाई नगरेर जुन हामी सबै एक उसमा छौं भन्न् एकमुष्ट शक्तिमा छौं भन्ने शक्तिको बलको कुराले चाहिँ यो आएको हो भने सभामुख महोदय सायद हिजो पनि उहाँहरूले परिकल्पना गर्नुपर्ने कुरा हुनसक्छन् । हिजो पनि उहाँहरूका एक दुई जनाबाट यत्रो आगो सल्किएको थियो होला। यदि प्रतिपक्षलाई त्यही ढंगले हेरेर त्यो न्यायोचित कुरालाई अगाडि नसुनेर अगाडि बढ्ने हो भने हाम्रो भन्नु पनि केही छैन सभामुख महोदय। मैले त भनिहाले हामीले अबको एउटा स्टेप भनेको फेरि भनेको वेल घेर्ने हो त्यसपछि भनेको हामीले सदन बहिष्कार गरेर पछिका दिनहरूमा सदनमा उपस्थित नहुने र सडक आन्दोलन गर्नुबाहेक हामीसँग अरु विकल्प हुँदैन सभामुख महोदय । यसमा चाहिँ सम्माननीय सभामुखले चाहिँ एकदम बुद्धि र विवेक प्रयोग गरेर उहाँहरूले बोलेका कुराहरूलाई पनि सम्झेर अब यो त हाम्रो ठाउँ त नबन्ने भयो भयो, अर्का कुरा सभामुख महोदय, झूठको पनि एउटा सीमा हुन्छ । हिल्सा सिमीकोट मोटर बाटो अथवा कर्णाली करिडोर भेरी करिडोरहरू केन्द्रीय सरकारले बनाएकै थियो सभामुख महोदय । यो कुनै प्रदेश सरकारले आफ्नो जिम्मामा लगेर फेरि दिएको होइन । बनाइरहेकोमा प्रदेश सरकार जान्ने भएर हामीले यसको स्तरोन्नति गर्छौं फाष्ट ट्र्याक ल्याउँछौं भनेर भनेको हो। आज केन्द्रीय सरकारले त धिमा गतिमा भए पनि बनाएकै छ नि । त्यसकारण केन्द्रीय सरकारले बनाउने भएको हुनाले हामीले बजेट छुट्याएनौं जुन जिल्लामा मोटर बाटो नै केन्द्रबाट जोडिएको मोटरबाटो पुगेको छैन । त्यसमा हामीले चाहिँ सदरमुकाममा जोड्ने र केन्द्रमा जोड्ने कुराको कुनै औचित्य छैन । हामी अर्को पनि भन्न चाहन्छौं सभामुख महोदय । म मेरा हकले यदि हामी ६ जना सांसदहरू छौं । नेपाली कांग्रेसबाट प्रतिनिधित्व गर्ने ६ जना सांसदहरू छौं उहाँहरूका नाममा परेका रकमहरू छन् भने कुन ठाउँमा हालेर त्यहाँको विकास हुने हो हामी त्यो गर्न तयार छौं सभामुख महोदय । एउटा मुख्यमन्त्रीज्यूले एकदम राम्रो कुरा निकाल्नु भएको छ, खानेपानीको कुरा हामी भन्दैनौं किनकि हामीले पनि मन्त्रीहरूलाई भनेका थियौं तपाईले पोहोरसाल दिएको सिंचाई त्यसमा चाहिँ लगत ईस्टिमेट भयो होला कति काम भयो, अब आएको पैंसा अनुसार त्यो बनाउनुस् । सडक त्यस्तै छन्, कृषि सडक त्यस्तै छन् तिनीहरूको त हाम्रो विकास भनेको के हो भने पाँच वर्षभित्र सिद्दिने विकास गर्ने हो । केही लामो दीगो विकासहरूबाहेक सरकारले के भन्न थाल्यो भने आफूले पहिला ओगड्ने अनि अहिले आएर के भन्ने भने केन्द्रीय सरकारले पूर्वाधार केन्द्रीय सरकारले नबनाएर हुँदैन भन्ने हो भने सबै पूर्वाधारका कार्यक्रमहरू रद्द गरौं । नाना छाना र खानाका लागि पैंसा बाँड्दै हिंडौं अनि यो सरकारको काम यही हो भन्ने कुरा । अर्को कुरा मलाई अच्चम्म लाग्यो कि एकीकृत विकासको कुरा पनि आइरहेको छ सभामुख महोदय । जग्गा हाम्रो नाममा कहाँ छ ? कि त केन्द्रीय सरकारको नाममा होला, संघीय सरकारको नाममा होला कि त स्थानीय तहको नाममा होला । जग्गा आफ्नो नाममा नभइको नै प्रदेश सरकारको हो। बरु कुरा के मिल्थ्यो भने प्रदेश सरकारले बिल्डिङ्ग बनाइदिने केन्द्रीय सरकारले

जग्गा मिलाइदिने भन्ने कुरा किनकि वन मन्त्रालयका अधिकांश संरचनाहरू केन्द्रीय सरकारअनुसार नै छन् । त्यसकारण यी यी कुराहरू भएको हुनाले सभामुख महोदय हामी अनुरोध गर्न चाहन्छौं, यस्तोखालको अवैधानिक ढंगले जुन आएर बल मिचाइँको ढङ्गले यलाई चाहिँ पास नगरियोस् यले गर्दाखेरि आज त केही नदेखिएला भविष्यमा कालान्तरमा गएर यसको ठूलो रूप हुन सक्छ सभामुख महोदय । त्यो म आग्रह गर्न चाहन्छु त्यो हामी आग्रह गर्न चाहन्छौं ।

**माननीय सभामुखः** हैन माननीय सदस्य । माननीय सदस्यले मलाई एउटा आरोप लगाउनु भो, प्रतिपक्ष चाहिँदैन भन्यो भनेर मैले भनेको छैन । प्रतिपक्ष चाहिन्छ बसेर सहयोग गर्नुस् भनेको छु मैले । प्रक्रिया, प्रक्रिया अगाडि बढाउनलाई सहयोग गर्नुस् भनिराख्या छु मैले ।

के हो माननीय सदस्य ...

**माननीय श्री विन्दमान बिष्टः** अहिले सदनमा जे कुरा भइराखेको छ यससम्बन्धी केही कुरा म राख्न चाहन्छु सभामुख महोदय मलाई समय चाहियो ।

हुन्छ एक मिनेटमा राखौं माननीय सदस्य ।

सभामुख महोदय, यो विनियोजन विधेयक निर्णयार्थ पेश गरिदिनुस् केरे गर्नको लागि आर्थिक मामला मन्त्रीज्यूले यहाँ प्रस्ताव पेश भइसकेको छ सभामुख महोदय । यो सदन भनेको प्रतिपक्षको भाषण मात्रै सुन्ने सदन होइन । यो सदनको आफ्नै गरिमा छ सभामुख महोदय । प्रतिपक्ष दलको लागि दलको नेताज्यूलाई माननीय सदस्यज्यूलाई जे जति अच्चम्म लागेका कुरा छन् । ती सबै अच्चम्म लागेका कुराहरू यहाँ सुन्नको निमित्त यहाँ हामी सबै सदनमा बसिराखेका छैनौं सभामुख महोदय । म यति मात्रै भन्न चाहन्छु सदनको प्रक्रिया अगाडि बढोस् र यो विनियोजन विधेयक निर्णयार्थ प्रस्तुत गरियोस् म यही माग राख्न चाहन्छु सभामुख महोदय । धन्यवाद ।।

**माननीय सभामुखः** प्रक्रियामा गएर असहमति राखौं माननीय सदस्य । बसेर सहयोग गरौं। माननीय सदस्यहरू अब यो बैठक १५ मिनेटका लागि स्थगित हुन्छ ।

□□□

# बैठक संख्या-२२ (दोस्रो)

(२०७६ साल असार २९ गते आइतबार)

**माननीय सभामुखः** माननीय सदस्यहरू १५ मिनेटका लागि स्थगित बैठक पुनः सुचारु हुन्छ । माननीय सदस्यहरू आर्थिक वर्ष २०७६/७७ को आय-व्ययको विवरणमाथिको छलफलको क्रममा प्रदेश सभामा माननीय सदस्यहरूले उठाउनुभएको महत्वपूर्ण सवालहरूलाई सम्बोधन गर्नका लागि निम्न बुँदाहरू,

१. कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहेको कर्णाली पूर्वाधार विकास लगानी कोषको नाममा विनियोजित कूल बजेट रु. ३ अर्ब मध्ये जनता सडक कार्यक्रम गर्नको लागि थप बजेट रु. १ खर्ब १ खर्ब १ अरब ९२ करोड थप गरी भौतिक पूर्वाधार विकास मन्त्रालयमा पठाउने व्यवस्था गर्ने ।

२. आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गरी सबै मन्त्रालय तथा निकायहरूको चालू शीर्षकमा रहेको, बढी भएको, दोहोरिएको कतिपय संस्थाका नाममा कीटानी गरिएको तथा कार्यक्रमको महत्व र प्राथमिकताका आधारमा चालूतर्फको बजेट पूँजीगत तर्फ रकमान्तर गर्ने ।

३. चालू खर्च शीर्षकबाट प्राप्त हुने बजेट कर्णाली प्रदेश महत्वका आयोजना तथा योजना कार्यक्रम र बजेट विनियोजनमा असन्तुलन भएका क्षेत्रमा आवश्यकता अनुसार थप गरी बजेटको क्षेत्रगत सन्तुलन मिलाउने ।

४. मन्त्रालयबाट प्रस्तावित योजना तथा कार्यक्रममध्ये कार्यान्वयनयोग्य नभएका र दोहोरोपन भएका योजना कार्यक्रमलाई आवश्यकता अनुसार संशोधन गरी कार्यान्वयनयोग्य र प्रतिफलयुक्त बनाउने ।

५. पूर्वाधार विशेष कार्यक्रमको रु. १ अर्ब २० करोड कार्यविधि बनाई निर्वाचन क्षेत्रमा कार्यान्वयन गरिनेछ ।

कर्णाली प्रदेशको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक अनुमान आयव्ययको अंग हुने गरी कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले सभा समक्ष राख्नुभएको प्रस्तावसहित कर्णाली विनियोजन विधेयक २०७६ र यससँग आश्रित कर्णाली प्रदेश आर्थिक विधेयक २०७६ र कर्णाली प्रदेश ऋण उठाउने विधेयक २०७६ लाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले 'हुन्छ' भन्नु होला । यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले 'हुन्न' भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला । ...हुन्छ...

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला । ...

हुन्न भन्ने आवाज सुनिएन तसर्थ कर्णाली प्रदेश विनियोजन विधेयक २०७६ मा माननीय आर्थिक मामिला तथा योजना मन्त्रीले जनाउनुभएको प्रतिवद्धता बजेटको अंग हुने गरी पारित गरियोस् भन्ने प्रस्तावसहित कर्णाली विनियोजन विधेयक २०७६, यससँग आश्रित कर्णाली प्रदेश आर्थिक विधेयक २०७६ र कर्णाली प्रदेश ऋण उठाउने विधेयक २०७६ सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, यस सभा अन्तर्गत गठित विभिन्न विषयगत समितिहरूको वार्षिक प्रतिवेदन पेश गर्नको लागि समय निर्धारण गरेको छु । सर्वप्रथम अर्थ तथा प्राकृतिक श्रोत समितिका अध्यक्ष माननीय श्री अम्मरबहादुर थापा ।

**माननीय श्री अम्मरबहादुर थापाः** सभामुख महोदय, प्रदेश सभा अर्थ तथा प्राकृतिक श्रोत समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्न उभिरहेको छु । र सभामुख महोदय संसदीय प्रणाली र अभ्यास र समिति प्रणालीको महत्वपूर्ण भूमिका रहेको हुन्छ र समिति प्रणालीबाटै संसदीय संसदको बहुआयामिक काम कारबाही र सरल र प्रभावकारी ढंगले हुने गर्दछ । त्यसैले सभा समिति प्रणालीको संस्थागत विकास र गर्न र यसको व्यवहारिक अभ्यासलाई सफल तुल्याउनका लागि समितिको काम कारबाही कार्य प्र कार्य प्रकृति स्पष्ट र व्यवहारिक बनाउन आवश्यक भएकाले हामीले कर्णाली प्रदेश सभा अन्तर्गत फरक फरक विषयका क्षेत्राधिकार रहेका ४ वटा समिति गठन गरेका हौं । जसमध्ये अर्थ प्राकृतिक श्रोत समिति पनि एक हो र राज्य प्रशासनलाई सहज सरल र पारदर्शिता, पारदर्शिताको दृष्टिकोणलाई उदार व्याख्या गरी यसलाई जनचाहना र जनहित अनुकूल प्रभावकारी र गुणस्तरीय हुनुपर्ने अवधारणाबाट नै संसद र संसदीय समितिको अवधारणा र विकास भएको कुरा दुई मत छैन । त्यसैले अर्थ तथा प्राकृतिक श्रोतको वैज्ञानिक र वस्तुगत प्रयोग र उपयोगबाट विकास र सामाजिक रुपान्तरणमा सघाऊ पुग्ने हुँदा हामी आमनागरिक र सामाजिक न्यायमा यो समितिको महत्वपूर्ण भूमिका रहन्छ । यस समधन यस सन्दर्भमा यस समितिको सम्बद्ध विषयमा विधि निर्माण र सरकारी कामकारबाहीमा उत्तरदायी बहन भएन/भएको सन्दर्भमा जाँचबुझ र मूल्याङ्कन गर्दै आइरहेको छ । जुन कुरा यस प्रतिवेदनमा यथास्थानमा उल्लेख र समावेश भएको भएका छन् । यस समितिको कार्यक्षेत्राधिकार भित्र आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, उद्योग र वन, पर्यटन मन्त्रालय र सो अन्तर्गतका निकायहरू पर्दछन् । हालसम्म यो समितिका बैठक सुरुदेखि हालसम्म २२ वटा र ०७५/०७६ को साउन १७ गतेबाट १९ वटा बैठक बसी यो आर्थिक वर्षमा १९ वटा बैठक बसेर निर्णय गरेका गरेको छ, जुन यस प्रतिवेदनमा विस्तारमा उल्लेख गरिएको छ र प्रतिवेदनलाई बढी जानकारीमूलक बनाउन र व्यवहारिक रूपमा बुझ्न समितिको कामकारबाही यसै साथै सबै निर्णयको अतिरिक्त समितिका प्रभावकारीताको मूल्याङ्कन समितिले भोग्नुपरेका कठिनाई पनि यस प्रतिवेदनमा समेटिएको छ । समस्या धेरै भएपनि तत्काल देखिएका समस्याको सचिवालय र कार्य समस्या धेरै भए पनि तत्काल देखिएका समस्यामा सचिवालयमा कार्यरत कर्मचारीहरूको दक्षता र क्षमता विकास र उत्प्रेरणा देखा परेको छ । हामी कर्णाली कर्णाली प्रदेशलाई माथि उठाउने कुरा बारम्बार गर्छौं । तर केन्द्र र तुलनात्मक रूपले रूपमा सुगम र अन्य प्रदेश सभाले आफ् आफ्ना सचिवालयमा कर्मचारीहरूलाई प्रदान गरेको सेवा सुविधा हामीले दिएका छैनौं । यस सन्दर्भमा तत्काल आवश्यक पहल गर्न, पहल गर्न सम्मानित सभामा सभालाई समितिको सुझाव पेश गर रहेको व्यहोरा अनुरोध छ, गर्दछु र समितिको क्षमता अभिवृद्धि र अन्य उपायबारे पनि हामीले समयमै सोच्नुपर्ने आवश्यकता रहेको व्यहोरा अनुरोध गर्दछु । समिति प्रणालीबारे रुची राख्ने र समितिको कामकारबाही र प्रक्रियामा सम्बद्ध सबैका लागि यो प्रतिवेदन उपयोगी हुने कुरामा म विश्वस्त रहँदै कर्णाली प्रदेश सभा नियमावली २०७५ नियम १५७ (१) बमोजिम यो प्रतिवेदन पेश गर्दछु र यसमा हामीले भए गरेका कामहरू र हामीले शुरुमा साउन १७ गते बैठक शुरु गर्‍यौं र त्यो बैठकबाट हामीले विभिन्न किसिमका योजनाहरू निर्णय गरेका छौं । मिति ०७५/९/२६ गते सरकारलाई सरकारलाई योजनाको पहिचान गरी लगानी केन्द्रित गर्न हामीले निर्णय गरेका थियौं । सरकारलाई यी सरकारबाट प्रथम दोस्रो र चौमासिक खर्चको माग गर्दै योजना पहिचान सार्वजनिक र गरेका थियौं । २०७५/१२/१३ गते सार्वजनिक खरिद ऐनको मातहतमा रही एक करोडभन्दा माथिका योजना तलका योजनाहरूलाई उपभोक्ताहरूबाट गर्ने त्यो भन्दा माथिका योजना अर्को विधि ठेक्कापट्टाद्वारा व्यवस्था गर्न हामीले निर्देशित गरेका थियौं । ०७५/१२/१३ गते देखि सामाजिक १२ १३ १६ सम्म सबै मन्त्रालयको समीक्षा बैठक पनि हामीले गर्‍यौं र समीक्षा बैठक गरिसकेपछि पनि हामीले सबै मन्त्रालयलाई निर्देशित गरेका छौं र विभिन्न मिति र

समयमा हामीले ती कामकारबाही सरकारलाई सचेत गराउँदै सरकारलाई अझैं गतिशील रूपले अगाडि बढ्न सुझाव हामीले दियौं तर पनि सरकारले कतिपय कुराहरू हामीले माग गरेका थियौं ती सब माग गरेका कुराहरूलाई पनि कहिल्यै समयमा नदिने र कहिल्यै प्रष्ट भाषामा नबुझिने गरेर दिने यस्ता अलिकति संसदीय समितिप्रतिको लापरबाही हो कि भन्ने हामीले महशुस गरेका छौं । त्यसैले यो यो प्रतिवेदनमा हामीले यी सबै कुराहरू उल्लेख गरेका छौं । तल उल्लेख गरेका छौं । अन्ततः प्रतिवेदनमाथि छलफलमा सक्रिय भाग लिई सर्वसम्मतिले स यसलाई पारित गर्नुहुने हाम्रो समितिका हामी ९ जना सदस्य रहेका छौं । ९ जना सदस्यहरूले यसलाई सर्वसम्मत समितिले पेश हामीले समितिमा पास गरेर स र यो प्रतिवेदन तयार गर्ने समितिका सचिव, समितका सचिवालयका कर्मचारी मित्रहरूलगायत पत्रकार तथा अन्य सबैलाई हार्दिक धन्यवाद दिन्छु । यसै समितिमा कार्यक्षेत्र कार्यविधि र कामकारबाहीमा चासो व्यक्त गर्ने निरन्तर मार्गनिर्देशन र सल्लाह दिनुहुने माननीय सभामुख एवम् उपसभामुखप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । धन्यवाद ।

**माननीय सभामुखः** अब विधायन तथा प्रदेश मामिला समितिका अध्यक्ष माननीय श्री पदमबहादुर रोकाया ।

**माननीय श्री पदमबहादुर रोकायाः** माननीय सभामुख महोदय, म सर्वप्रथम डोल्पा जिल्लाको भारी वर्षाले गर्दा मुड्कीजिउला गाउँपालिकामा मान्छेहरूको ज्यान गएको छ, घाइतेहरू भएका छन् र धनजनको क्षति भएको छ । मृतकहरूलाई पोष्टमार्टम गरेर दाहसंस्कार, घाइतेहरूलाई उपचार र बाढीपिडित राहतको लागि कर्णाली प्रदेशले छिटोभन्दा छिटो पहल गर्नुपर्‍यो । माननीय सभामुख महोदय । प्रदेश सभाको निर्वाचन पश्चात प्रदेश सभा नियमावली २०७४ को नियम १४७ अनुसार प्रदेश सभाको विभिन्न विषयगत समितिहरू गठन गर्ने क्रममा विधायन तथा प्रदेश मामिला समितिको पनि गठन भयो । विधायन तथा प्रदेश मामिला समितिले मिति २०७५ बैशाख १७ गतेदेखि आफ्नो कार्य प्रारम्भ गरेको थियो । समितिले आफ्नो कार्यप्रारम्भ गरेपछि आफ्नो जिम्मेवारीमा निरन्तर सक्रिय हुँदै आएको छ । समितिले हालसम्म विभिन्न विधेयकहरूमा परेका संशोधनहरूको आधारमा विषयका कार्यसूची निर्धारण गरी जम्मा १४ वटा बैठक बसी कार्यसम्पादन गरिसकेको छ । समितिका बैठकबाट महत्वपूर्ण निर्णयहरू भएका छन् । नियमावली अनुसार विधायन तथा प्रदेश मामिला समितिको कार्यक्षेत्र अन्तर्गत प्रदेश मन्त्रिपरिषद्को कार्यालय आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश लोक सेवा आयोग र सरकारका कामकाजको अनुगमन रहेको छ । यस समितिको कार्यक्षेत्र अनुसार हालसम्म प्रदेश सभाका सभामा छलफल भएका विधेयकहरूमाथि परेको संशोधनको सूचना अनुसार सभाबाट यस समितिमा आएका विधेयकहरूमाथि विस्तृत छलफल संशोधनकर्ता माननीयहरूको उपस्थितमा भएको थियो, माननीय सभामुख महोदय । मुलुक संघीय व्यवस्थामा गएकोले प्रदेश सरकार शुरुवाती चरणमा कानून निर्माणमा लागिरहेको अवस्थामा सरकारले ल्याएका विधेयकमाथि गहन छलफल गरी उत्कृष्ट जनमुखी बनाउन समिति लागिरहेको छ । यस क्रममा सरकारलाई सम्बन्धित विषयमा आवश्यक सल्लाह, सुझाव र निर्देशन दिंदै आएको छ । यस समितिको कार्यक्षेत्रमा पर्ने मन्त्रालयहरूबाट आएका विधेयकहरूमा माननीयहरूले राख्नुभएको संशोधनको सूचीमा माथि पटक पटक छलफल गरी निचोडमा पुर्‍याएको छ । कर्णाली प्रदेश सरकारले संविधानको कार्यान्वयनको चरणमा बनाउनुपर्ने कानूनलाई यथा यथार्थपरक बनाउन गहन छलफलबाट विधेयकमाथि भएका कमिकमजोरी हटाई कार्यान्वयनमा सहज हुने गरी विवादित नरही निचोडमा पुर्‍याएको छ । प्रदेश सरकारले गाउँसभा र नगरसभा सञ्चालनको लागि व्यवस्था गर्न बनेको विधेयक २०७५ मा रहेका व्यवहारिक पक्षलाई समयसापेक्ष बनाउन संशोधनको सूचना पेश गर्ने माननीयहरूको उपस्थितिमा छलफल गरी अन्तिम टुंगोमा पुर्‍याई हाल कार्यान्वयनको अवस्था छ । प्रदेश सभा संचालन तथा आवश्यक प्रदेश सभा सचिवालयको

नियुक्ति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई प्रदेश सभामा सक्षम सवल उच्च नैतिकता निष्पक्षता भएको व्यक्ति नियुक्त गर्नका लागि यस समितिले संशोधनकर्ता माननीयहरूको उपस्थितिमा समेत छलफल गरी निचोडमा पुऱ्यायो । माननीय सभामुख महोदय अन्त्यमा यस समितिको कार्यसम्पादनमा सहयोग पुऱ्याउनुहुने प्रदेश समाका माननीय सभामुख महोदय, माननीय उपसभामुखज्यू, समितिका माननीय सदस्यज्यू, प्रदेश सभा र सम्बन्धित मन्त्रालय प्रदेश सभाका सचिव, समिति सचिव लगायतका समिति सचिवालयका सम्बद्ध कर्मचारीहरू समितिको कार्यसँग सम्बद्ध सचिवालयका सम्पूर्ण कर्मचारीहरू समितिलाई सहयोग पुऱ्याउनुहुने तथा समितिका कामकारबाहीका विषयमा आम नागरिकलाई सुसूचित गर्ने संचार जगतलाई समेत हार्दिक धन्यवाद दिंदै प्रदेश सभा नियमावली, २०७४ को नियम १५७ बमोजिम यो प्रतिवेदन माननीय सभामुख महोदयमार्फत् यस सम्मानित सदनमा समक्ष पेश गर्दछु । धन्यवाद ।

**माननीय सभामुखः** अब सामाजिक विकास समितिका अध्यक्ष माननीय श्री राजु नेपाली ।

**माननीय श्री राजु नेपालीः** सभामुख महोदय, यो मुलुकभरि आएको बाढीपहिरोले धेरैको जनधनको क्षेति भएको छ र धेरै जना मृत्यु भएको छ । मृतकलाई हार्दिक श्रद्धाञ्जलि गर्न चाहन्छु र घाइतेप्रति शीघ्र स्वास्थ्यलाभको कामना गर्न चाहन्छु । सभामुख महोदय मुलुकको ऐन कानून र नीति निर्माण र सर्वाङ्गिण विकासमा सम्बद्ध संस्था, संस्था व्यवस्थापिकाको दायित्व जिमेवारी र भूमिकाका बारे हामी सबै चीरपरिचित नै छौं । विश्वव्यापि मान्यताको अनुकूल कुनै पनि प्रदेश संचालनका लागि ऐन कानूनको निर्माण सरकारलाई निर्देशन तथा नियन्त्रण नागरिकको प्रतिनिधित्व साथै संस्था र सरकारबीचको मान्यताको स्वरूप कार्यरत विधेयक संस्था वा संसदले आफ्नो भूमिका निर्वाह गरिएको हुन्छ । यति मात्रै होइन सरकारको कार्यक्षेत्रभित्रको आन्तरिक सुव्यवस्थाका साथै दैवी विपत्तिमा समेत सरकारी दायित्व र निभाउन दायित्व निभाउन पूर्ण भूमिका संसदको क्षेत्राधिकार भन्दा बाहिर हुँदैन । यसैले संसदको, संसदको क्षमता जागरूपता र कार्यसम्पादनलाई राज्यका सबै निकाय र नागरिकले नियमावली रही, नियमावली रहिरहन्छ नियमावलीमा रहिरहन्छ र संसदको उद्देश्य र कार्यलाई सफल सफलीभूत पार्नका लागि संविधान, ऐन, कानूनको परिधिभित्र रही एउटा छुट्टै व्यवस्थापिका गठन र संचालन प्रक्रिया विश्वभरिका मुलुकहरूमा प्रचलित रहेको पाइन्छ । हाम्रो देशको सन्दर्भमा हेर्ने हो भने केन्द्रमा संघीय संसद र ७ प्रदेशहरूमा ७ प्रदेश सभाहरू रहेका छन् । यसैगरी सबै संसद तथा प्रदेश सभाको कामकारबाही संचालन र व्यवस्थापनको लागि सचिवालयको स्थापना भई संचालन हुँदै आएको छ । सभाको कारबाही व्यवस्थित र प्रभावकारी संचालन प्रभावकारी संचालन हुँदै आएको छ । सभाको प्रभावकारी व्यवस्थित र प्रभावकारी सम्पादनमा सहयोग पुऱ्याउनु पुऱ्याउन प्रदेश सभा नियमावलीको परिच्छेद १९, १९ को नियम १४५ बमोजिम यस सभामा ४ वटा विषयगत समितिहरू गठन भएको सर्वविदितै छ । जस जसमा सामाजिक विकास समिति एक महत्वपूर्ण समिति हो । प्रदेश सभाबाट विधेयकमाथि दफावार छलफलको लागि समितिमा प्रस्ताव विधेयकमा विधेयकहरूमाथि परिमार्जन गरी परिस्कृत गर्नका साथै प्रदेश सभाका अन्य, अन्य कार्यहरूलाई व्यवस्थित र प्रभावकारी रूपमा सम्पादन गर्ने प्रदेशका काम कारबाहीप्रति प्रदेश सभाका सदस्यहरूलाई जागरुक जिम्मेवार तुल्याउन र प्रदेश सरकारलाई जनप्रति जनताप्रति उत्तर उत्तरदायी बनाउने यो समितिको महत्वपूर्ण भूमिका रहन्छ, सभामुख महोदय । कर्णाली प्रदेश प्रदेश सभा नियमावलीको परिच्छेद १९ को नियम १४५ मा ४५ बमोजिम गठित यस समितिमा हालसम्म ८ जना माननीय सदस्यज्यूहरू रहनुभएको छ । यस समितिको क्षेत्रभित्र सामाजिक विकास मन्त्रालय, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, श्रम सामाजिक न्याय र मानवअधिकारसम्बन्धी विषयहरू रहेका छन् सभामुख महोदय । यस समितिले गत आर्थिक वर्षमा सम्पादन गरेका विभिन्न कार्यहरूमा आधारित रही वार्षिक प्रतिवेदन सभा समक्ष पेश गर्न प्रबन्ध बमोजिम यो गरिमामय सभामा सभासमक्ष सामाजिक विकास समितको आर्थिक वर्ष २०७५/०७६

को वार्षिक प्रतिवेदन पेश गर्न गइरहेको व्यहोरा निवेदन गर्न चाहन्छु । सभामुख महोदय, यस समितिको पहिलो बैठक २०७५ साल बैशाख १७ गते देखि हालसम्म जम्मा ३० वटा बैठक सम्पन्न गरेको छ । यस समितिमा प्राप्त भएका विधेयकहरूमध्ये सहकारी विधेयक छलफल भई पारित भइसकेको छ भने प्राङ्गारिक सम्बन्धी प्राङ्गारिक कृषिसम्बन्धी विधेयक दफावार छलफल भई अन्तिम चरणमा पुगेको छ । सभामुख महोदय, सामाजिक विकास समितिको बैठकमा कार्यक्षेत्रसँग सम्बन्धित मन्त्रालयका मन्त्रीज्यू, सचिवज्यू, विषयविज्ञहरूलाई आमन्त्रित गरी ती मन्त्रालयले मन्त्रालयले गरेका कामकारबाही तथा ती मन्त्रालयबाट प्राप्त विधेयकहरूमा छलफल गरी आवश्यकता अनुसार निर्देशन दिइएको छ । छ भने दिइएका निर्देशनहरूको कार्यान्वयन सम्बन्धमा आवश्यकता अनुसार स्थलगत भ्रमण गरिएको थियो । समितिका काम कारबाही अध्ययन अनुसन्धानमा आधारित हुन् हुनुपर्ने तथा समितिले दिएका निर्देशनअनुसार अनु निर्देशनहरूको कार्यान्वयन प्रभावकारी हुन सके संसदीय समितिका निर्देशनहरूबाट सार्वजनिक क्षेत्रलाई समेत उत्तरदायी बनाउन सकिन्छ । आगामी दिनमा यस प्रभावकारी अध्ययन अवलोकन भ्रमणहरूलाई अरु प्रभावकारी बनाउन समिति सक्रिय रहनुपर्ने आवश्यकता महशुस गरिएको छ । सभामुख महोदय समितिलाई चुस्तदुरुस्त र व्यवस्थित गर्न समितिको बैठक संचालन कक्षमा अति आवश्यक साधनस्रोतको यथोचित व्यवस्था आवश्यक बजेटको व्यवस्था माननीय सांसद एवम् सचिवालयका कर्मचारीहरूको समयानुकूल क्षमता अभिवृद्धि लगायत प्रशिक्षणको व्यवस्था समितिको बैठकमा रेकर्डिङ्ग प्रणाली प्रत्यक्ष अभिलेखीकरण र सो सम्बन्धी दक्ष जनशक्तिको व्यवस्थाको साथै समितिमा कार्यरत कर्मचारीहरूलाई बिना बेलुका बिहान बेलुका बैठक बस्दा भत्ताको व्यवस्था गर्न आवश्यक देखिएको छ । देखिएको समेत सभामुखज्यू मार्फत् यस सभालाई जानकारी गराउन चाहन्छु । सभामुख महोदय, अन्तमा समितिको कार्यसम्पादनमा निरन्तरता सहयोग पुऱ्याउने पुऱ्याउनुहुने माननीय सभामुखज्यू, माननीय उपसभामुखज्यू, समितिका माननीय समितिका सम्पूर्ण माननीयज्यूहरू माननीय सदस्यज्यूहरू, र हार लाई हार्दिक धन्यवाद दिन चाहन्छु । त्यस्तै समितिलाई विभिन्न तरहबाट सहयोग पुऱ्याउनु हुने कर्णाली प्रदेश सभाका सचिव श्री जीवराज बुढाथोकी सामाजिक विकास समितिका सचिव श्री राजेन्द्र पौडेल लगायत सचिवालयमा कार्यरत कर्मचारी एवम् समितिका कार्यक्षेत्रभित्रका मन्त्रालयका आयोग सचिवालय विषयविज्ञहरू संचार संचारकर्मीहरू विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय दातृ संस्था संस्थाहरू संघसंस्थाहरू नागरिक समाज लगायत जनसमुदायमा समितिको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु र साथै धन्यवाद दिन चाहन्छु र यो प्रतिवेदन पनि पेश गर्न चाहन्छु । हवस् त धन्यवाद।

**माननीय सभामुखः** अब सार्वजनिक लेखा समितिका अध्यक्ष माननीय श्री दिनबन्धु श्रेष्ठ ।

**माननीय श्री दिनबन्धु श्रेष्ठः** माननीय सभामुख महोदय । सर्वप्रथम त म देशभरि यो वर्षातले बाढीपहिरोले धेरै ठूलो धनजनको क्षति भएको छ र बाढीपहिरोको कारणले वर्षातको कारणले मृतकहरूप्रति गहिरो समवेदना साथै धनजनको ठूलो क्षति भएको छ त्यसको लागि गहिरो दुःख व्यक्त गर्न चाहन्छु । यसका साथसाथै हिजो २८ गते डोल्पामा बाढीपहिरोमा परेर ११ जना वेपत्ता हुनुभएको थियो त्यसमध्ये २ जनाको ज्यान भेटिएको ९ जना अझ पनि बेपत्ता भएको खबर छ । म कर्णाली प्रदेश सरकारलाई मृतक, पहिला त मृतकप्रति समवेदना र बाढीपहिरोमा पर्नुभएका परिवारजनप्रति गहिरो दुःखका साथै कर्णाली प्रदेशको सरकारलाई म के आग्रह गर्न चाहन्छु भने र बाढीपहिरोमा परेर वेपत्ता हुनुभएको उहाँहरूको शीघ्र खोजी होस् र राहतको व्यवस्था र मृतक परिवारको लागि पनि यस कर्णाली प्रदेश सरकारले उचित राहतको व्यवस्था गरोस् भन्न चाहन्छु । माननीय सभामुख महोदय, आज हामी सार्वजनिक लेखा समिति कर्णाली प्रदेशको २०७५/२०७६ कर्णाली प्रदेशको वार्षिक प्रतिवेदन पेश गर्दैछौं । म सर्वप्रथम त यो प्रतिवेदनमा संक्षेपमा यो सम्मानित सभामा संदनमा सम्माननीय सभामुखज्यूको अनुमतिले केही कुराहरू राख्न चाहन्छु ।

सर्वप्रथम सार्वजनिक लेखा समितिको वार्षिक प्रतिवेदन ०७५/०७६ मा यसमा भएका हाम्रो समितिका अध्यक्ष लगायत सदस्यहरूको म नाम भन्न चाहन्छु । अध्यक्ष दीनबन्धु श्रेष्ठ, सदस्य माननीय करविर शाही, माननीय गणेशप्रसाद सिंह, माननीय गुलाबजंग शाह, माननीय गोपाल शर्मा, माननीय झोवा वि.क., माननीय पद्मीनी क्वाँरी बोहोरा हुनुहुन्छ र यो ७ सदस्यीय समिति छ । माननीय सभामुख महोदय, यस सभाका कामकारबाहीप्रति प्रदेश सभाका सदस्यहरूलाई जागरुक र जिम्मेवार तुल्याई प्रदेश सरकारलाई जनताप्रति उत्तरदायी बनाउनुका साथै सभाका कार्यहरूलाई व्यवस्थित र प्रभावकारी रूपमा सम्पादन गर्न र विधेययकहरूलाई परिमार्जन गरी परिस्कृत गरी गर्नका लागि यस सभाबाट ४ वटा विषयगत समितिहरू गठन भएको सर्वविदितै छ । विषयगत समितिहरूमध्ये एउटा महत्वपूर्ण विषयगत समिति सार्वजनिक लेखा समिति रहेको र यसले राज्यको कोषको खर्च संविधान ऐन नियम र कार्यविधि बमोजिम भए नभएको जाँचपड्ताल गर्न महत्वपूर्ण भूमिका खेलेको छ । सभामुख महोदय, प्रदेश सभा नियमावली २०७४ अनुसार सभामुखद्वारा मनोनित हुनुभएका माननीय सदस्यहरूबाट गठित यस समितिमा हाल ७ जना मैले अघि भनिसकेँ छौं । त्यस समितिलाई प्रदेश सभा नियमावलीले २०७४ ले प्रदेश लोक सेवा आयोग र प्रदेश मानवअधिकार आयोगबाहेक प्रादेशिक संवैधानिक आयोगका प्रतिवेदन सार्वजनिक लेखा तथा लेखा प्रदेश लेखा परीक्षकको प्रतिवेदन र बेरुजु फछ्यौंट सम्बन्धी कामकारबाही भनी कार्यक्षेत्र तोकिएको र सोही कार्यक्षेत्रभित्र रही यस समितिले आफ्नो कामकारबाही अगाडि बढाइरहेको जानकारी माननीय सभामुखज्यूमार्फत् यस सभालाई जानकारी गराउन चाहन्छु । सभामुख महोदय, यस समितिले प्रदेश सरकारलाई प्रदेश सभाप्रति जिम्मेवार तुल्याउन र कार्यक्षेत्रभित्र रही सरकारका विगत र वर्तमानका विभिन्न कामकारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन र सल्लाह प्रदान गरिरहेको साथ गरिरहेको साथै आफ्नो कार्यसम्पादन गर्दा सम्बन्धित मन्त्रालय तथा विभाग आयोग र निकायका प्रतिनिधि तथा आवश्यकता अनुसार तत् तत् विषयका विशेषज्ञहरूसँग छलफल गरी सम्बन्धित निकायलाई आवश्यक राय सल्लाह र निर्देशन दिने गरिरहेको व्यहोरा जानकारी गराउन चाहन्छु । सभामुख महोदय यस समितिको पहिलो बैठक २०७५/१/१७ गते १ देखि हालसम्म जम्मा ३३ पटक बैठक बसी आफ्नो कामकारबाही अगाडि बढाइरहेको र सम्बन्धित विषय क्षेत्रको अनुगमन, अध्ययन अनुसन्धान गरी समितिको आन्तरिक कामकारबाहीलाई अझ व्यवस्थित र प्रभावकारी बनाउन ३ जना माननीय सदस्यज्यूहरू रहनुभएको एक अध्ययन उपसमिति गठन गरेको जानकारी गराउन चाहन्छु । सभामुख महोदय यस समितिले विभिन्न समितिमा विभिन्न निकायहरूलाई दिएका राय सल्लाह र निर्देशनहरू यस प्रकारको रहेको जानकारी गराउन चाहन्छु :

- समितिको मिति २०७५/६/१४ गते बसेको बैठकले आर्थिक मामिला तथा योजना मन्त्रालयलाई प्रदेश सरकारले सार्वजनिक खर्च गर्दा सार्वजनिक खरिद सम्बन्धी प्रदेश ऐन प्रदेश सभाबाट पारित गरेर मात्र खर्च गर्ने व्यवस्था मिलाउन निर्देशन दिएको ।
- २०७५/८/२० गते बसेको बैठकले सामाजिक विकास मन्त्रालय र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयलाई चालु आर्थिक वर्षको वार्षिक कार्यक्रममा व्यक्तिगत तथा सामुहिक घर, सामुहिक संस्थाहरूको छनौट मापदण्ड र स्पष्ट आधार तयार गरी सोही आधारमा पारदर्शी ढंगबाट फर्म सहकारी तथा संस्था छनौट गरी कार्यक्रम कार्यान्वयन गर्न निर्देशन दिएको ।
- मिति २०७५/१२/०१ गते बसेको बैठकले भौतिक पूर्वाधार विकास मन्त्रालयलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत् संघीय सरकारसँग आवश्यक समन्वय गरी यथाशीघ्र आवश्यक जनशक्तिको व्यवस्था गर्न र अन्तिम अवस्थामा विना कुनै तयारी खर्च गर्ने प्रवृत्तिले बजेट दुरूपयोग हुन सक्ने भएकोले सार्वजनिक खरिद ऐन तथा नियमावलीका आधारमा विकास निर्माणलाई यथाशीघ्र अघि बढाउन निर्देशन दिएको ।

- मिति २०७५/१/१३ गते बसेको बैठकले उद्योग वन पर्यटन तथा वातावरण मन्त्रालयलाई आर्थिक वर्षको आधाभन्दा बढि समय गुज्रिसक्दा समेत पूँजीगत खर्च न्यून रहेको हुँदा अन्तिम अवस्थामा विना कुनै तयारी बजेट खर्च गर्ने प्रवृत्तिले बजेट दुरूपयोग हुन सक्ने भएकोले वार्षिक कार्यक्रमलाई यथाशीघ्र अगाडि बढाउन निर्देशन दिएको ।
- मिति २०७५/११/१७ गते बसेको बैठकले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई कर्णाली प्रदेश सरकारले आयोजना गरेको महत्वपूर्ण महत्वपूर्ण कार्यक्रम कर्णाली रारा रारा पर्यटन समुद्घाटन कार्यक्रममा आर्थिक अनुशासन उल्लंघन गरी नियमविपरीत खर्च गर्नेहरूलाई समितिले निकालेको निष्कर्षको आधारमा आवश्यक कार्वाही गर्ने निर्देशन दिएको जानकारी माननीय सभामुखज्यू मार्फत् यस सभालाई जानकारी गराउन चाहन्छु ।

सभामुख महोदय, हाल यस समितिले भौतिक पूर्वाधार विकास मन्त्रालयबाट गरिएका डीपीआर र आर्थिक मामिला तथा योजना मन्त्रालयबाट गरिएका रकमान्तर, रकमान्तरका सम्बन्धमा अध्ययन भइरहेको माननीय सभामुखज्यू मार्फत् सभामा जानकारी गराउन चाहन्छु ।

सभामुख महोदय, सभा वर्षैंभरी बस्न नसक्ने भएकोले सभाको प्रतिनिधित्व गर्दै सभाका कामकारबाही अगाडि बढाउन समितिहरूको गठन भएको व्यहोरा सर्वविदितै छ । सरकार सभा र समितिहरूप्रति जिम्मेवार जवाफदेही र उत्तरदायी हुनुपर्ने हुन्छ तर सभा र समितिहरूप्रतिको जवाफदेहिता र उत्तरदायित्वप्रति सरकार गम्भीर नभएको महशुस भएको छ । समितिले मागेको विवरणहरूको पूर्ण र समयभित्र जवाफ पठाएको देखिदैन । विभिन्न समयमा यस समितिबाट दिइएका निर्देशनहरूको पूर्णरूपमा पालना भएको नपाइएकोले समिति मार्फत् दिइएका निर्देशनहरूप्रति गम्भीर बन्न सभामार्फत् सरकारलाई निर्देशन हुन आवश्यक भएको कुरा पनि माननीय सभामुखज्यूमार्फत् सभामा जानकारी गराउन चाहन्छु ।

सभामुख महोदय, समितिलाई चुस्त र दुरुस्त र व्यवस्थित गर्न समितिको बैठक संचालन कक्षमा अति आवश्यक साधनस्रोतको यथोचित व्यवस्था व्यवस्थापन समितिको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा स्थलगत अध्ययन अनुगमन गर्न बजेटको व्यवस्थामा माननीय सदस्य एवम् सचिवालयका कर्मचारीहरूको समयानुकूल क्षमता अभिवृद्धि लगायतका विषयमा भ्रमण तथा प्रशिक्षणको व्यवस्था, समितिको बैठकमा रेकर्डिङ्ग प्रणाली र प्रत्यक्ष अभिलेखीकरण सो सम्बन्धी जनशक्तिको साथै समितिमा कार्यरत कर्मचारीहरूलाई बिहान बेलुका बैठक बस्दा भत्ताको व्यवस्था गर्न आवश्यक देखिएको समेत सभामुखज्यूमार्फत् यस सभालाई जानकारी गराउन चाहन्छु । सभामुख महोदय अन्तमा प्रभाकारी समिति प्रणाली व्यवस्थापन र संचालनबाट लोकतन्त्रको विकास हुन्छ भन्नेमा दुई मत छैन । हामीहरू संसदीय अभ्यासमा जुटेको लामो इतिहास नभए पनि समितिका निरन्तर बैठक संचालन सरकारी कामकारबाहीको अनुगमन र निर्देशन र समितिमा विधेयक दफावार छलफलको क्रममा विधेयकमा संशोधन पेश गर्ने र छलफलमा भाग लिने र माननीय सदस्यहरूको रुची र निरन्तर अभ्यासले समिति प्रणालीको विकास हुनुको साथै यसको महत्व बढिरहेको भन्न सकिन्छ । समिति एउटा सामुहिक भावना र सहयोगमा आधारित संस्था भएकोले यसमा सबैको सहयोग चासो र सक्रियतालाई आगामी दिनमा थप प्रभावकारी बनाउन समितिका पदाधिकारी एवम् सदस्य सबैको समान दायित्व बोध हुनुपर्दछ । सभामुख महोदय अब म आ.व. २०७५/०७५ को सार्वजनिक लेखा समितिको वार्षिक प्रतिवेदन माननीय सभामुखज्यू मार्फत् यस सभामा पेश गर्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू अब, यो बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित हुन्छ ।

□□□

# बैठक संख्या-२३

**(२०७६ साल भदौ २ गते सोमबार)**

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश, प्रदेश सभाको चौथो अधिवेशनको तेइसौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेशबाट पत्र प्राप्त हुन आएको छ, सो पत्रको व्यहोरा वाचन गरेर सुनाउँछु ।

श्री प्रदेश सभा सचिवज्यू,
प्रदेश सभा सचिवालय
कर्णाली प्रदेश, सुर्खेत

नेपालको संविधानको धारा १६९ को उपधारा (२) को खण्ड (ख) बमोजिम माननीय मुख्यमन्त्रीले मौजुदा मन्त्रिपरिषद्का भौतिक पूर्वाधार विकास मन्त्री मा. खड्क बहादुर खत्रीलाई पदमुक्त गरी निजले सम्हाल्दै आउनुभएको भौतिक पूर्वाधार विकास मन्त्रालयको कार्यभार मुख्यमन्त्री मा. महेन्द्र बहादुर शाही आफैंले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछु ।

केवल प्रसाद भण्डारी
मितिः– २०७६/०४/३०
प्रमुख सचिव

(पत्र पढेर सुनाईसकेपछि)

माननीय सदस्यहरू, संघीय संसद राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सेनाज्यूको यस कर्णाली प्रदेश सभामा भएको उपस्थितिले यस सभाको गरिमा अझैं उच्च भएको अनुभूति गरेको छु । नेपालको संघीय व्यवस्थापिकाको सम्मानित पदमा आसिन उहाँको व्यवस्थापिकाको मर्यादा, भूमिका, कार्य प्रक्रिया लगायतका विविध पक्षमा संगाल्नुभएका अनुभवबाट हामीलाई यस क्षेत्रको ज्ञान बृद्धिमा सघाउ पुऱ्याउने छ भन्ने कुरामा म विश्वस्त छु । उहाँलाई म स्वयम्को तर्फबाट, प्रदेश सभाका माननीय सदस्यहरू एवम् सचिवालयको तर्फबाट हार्दिक स्वागत गर्दछु ।

माननीय सदस्यहरू, अब म सम्माननीय अध्यक्षज्यूलाई आफ्ना मन्तव्य सदन समक्ष राखिदिनुहुन समय उपलब्ध गराउँछु ।

**माननीय श्री गणेशप्रसाद तिमिल्सेना (राष्ट्रिय सभा अध्यक्ष)ः** माननीय सभामुखज्यू, संघीयता कार्यान्वयनका क्रममा सबैभन्दा पहिलो, त्यो पनि सर्वसम्मतरूपमा प्रदेशको नाम र राजधानी तय गर्ने ऐतिहासिक कार्य गर्न सफल यस कर्णाली प्रदेश सभाको यो गरिमामय बैठकमा म तपाई प्रदेश सभाका माननीय सदस्यहरू र माननीय सभामुखज्यूमार्फत् समग्र कर्णालीबासी आम जनसमुदायमा हार्दिक अभिवादन व्यक्त गर्दछु ।

मनोरम प्राकृतिक सम्पदा, ऐतिहासिक सभ्यता र विकासको अपार सम्भावना बोकेको यस सुन्दर कर्णाली प्रदेशको समग्र विकास, समृद्धि र सुशासनका लागि प्रदेश सभाका सम्पूर्ण माननीय सदस्यहरूलाई शुभकामना व्यक्त गर्न म यहाँ उपस्थित भएको छु। केन्द्रीकृत शासन प्रणालीबाट उपेक्षित र पछाडि परेका र पारिएका समग्र क्षेत्रको पहुँच, पहिचान र विकासका लागि देशले संघीय प्रणाली अपनाएको छ । जननिर्वाचित संविधानसभाले जारी गरेको संविधानले सिंहदरबारमा केन्द्रित राज्यशक्ति र अधिकारलाई संघ, सात प्रदेश र ७ समय ५३ स्थानीय सरकारका निःश्रृत गरेको छ । संविधानले तीन तहका सरकारबीच स्रोत–साधन र अधिकार क्षेत्रको मात्र होइन, जिम्मेवारी र उत्तरदायित्वको पनि बाँडफाँड गरेको छ । स्वाभाविक छ, यसले जनताको विकास र समृद्धिको आकांक्षा पनि बढाएको छ । तीनै तहमा निर्वाचित जनप्रतिनिधिको सामूहिक बुद्धि, विवेक र क्षमताबाट नै समग्र राष्ट्रको विकास र सम्बृद्धि सम्भव छ । 'सुखी नेपाली र समृद्ध नेपाल' निर्माणको महाअभियानमा कर्णाली प्रदेशले अग्रणि भूमिका निर्वाह गर्न सक्छ भन्ने मेरो विश्वास छ ।

सभामुख महोदय, मानव विकास सूचकाङ्कमा पछाडि परेको कर्णाली प्रदेशले अब विगतको समीक्षा गरेर मात्र पुग्दैन, भविष्यका लागि उपयुक्त योजना निर्माण र प्रभावकारी कार्यान्वयन प्रारम्भ गरिहाल्नुपर्छ । स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाइजस्ता मानव विकासका आधारभूत क्षेत्र र सडक, विद्युत, पर्यटनजस्ता पूर्वाधार विकासका क्षेत्रमा सन्तुलित कदम चाल्नुपर्छ । सम्भावित विकासका यी पूर्वाधारलाई जनताको जीवनसँग कसरी बढीभन्दा बढी जोड्न सकिन्छ भन्नेतर्फ चिन्तन गर्न पनि माननीय सदस्यहरूसँग विशेष आग्रह गर्न चाहन्छु ।

कर्णालीको 'स्याउ, च्याउ र झ्याउ'ले यस क्षेत्रको मात्र होइन, देशकै कायापलट गर्न मद्दत गर्न सक्छ । मलाई थाहा छ, कर्णाली प्रदेशको अपार जल, जंगल, जमिन र जडिबूटी सम्पदाबाट मात्रै पनि सिंगो देश आत्मनिर्भर अर्थतन्त्रको आधार निर्माण हुन सक्छ । भेरी, कर्णाली र तीला नदीबाट मात्रै कति विद्युत उत्पादन गर्न सकिएला ? कर्णाली चिसापानी १० हजार ८ सय मेगावाट, वेतन कर्णाली ६ सय ८८ मेगावाट, फुकोट कर्णाली ४ सय २६ मेगावाट, मुगु कर्णाली १ हजार ९ सय २ मेगावाट, अपरकर्णाली ९ सय मेगावाट । अरु धेरै गर्न सकिएला । उत्पादित विद्युत कहाँ बेच्ने भन्नेमा मात्रै पनि धेरै चिन्ता नगरौं । ठूलो परिमाणमा विद्युत उत्पादन हुँदै गर्दा हाम्रा विद्युतीय आवश्यकता पनि अवश्य बढ्ने छन् । उद्योग र कलकारखानाहरूले मात्र होइन, पर्यटन र सेवा क्षेत्रले पनि प्रशस्तै विद्युत माग गर्ने निश्चित छ ।

हाम्रो ध्यान बहुउद्देश्यीय परियोजनाहरूको पहिचान, उपयुक्त डिजाइन र समयमा निर्माण सम्पन्न गर्नेमा केन्द्रित हुनुपर्छ । सिंचाई, खानेपानी, मत्स्यपालन र पर्यटन विकासलाई जलविद्युत परियोजनाहरूको अभिन्न अंगका रूपमा लिन सकेमा विकासको प्रतिफल सोझै जनताको हातमा पुग्नेछ । यस्तो कार्यले मुलुकको आत्मनिर्भर अर्थतन्त्रको विकासका लागि पनि ठूलो योगदान पुऱ्याउन सक्छ ।

डोल्पा, हुम्ला, मुगु लगायतका जिल्लाको माथिल्लो भेगलाई पर्या–पर्यटन क्षेत्रको रूपमा विकास गर्न सकिन्छ । त्यस क्षेत्रमा गर्न सकिने आधुनिक, व्यावसायिक र व्यवस्थित पशुपालनबाट सहरी क्षेत्रको मासुको माग मात्र होइन, कच्चा ऊन आयातलाई समेत प्रतिस्थापन गर्न सकिन्छ । यी तिनै पठार हुन्, जहाँको पशुपालन र भोट–तिब्बतसँगको सट्टा व्यापारले हाम्रो परम्परागत अर्थतन्त्र धानिएको थियो । अहिलेको खाँचो नयाँ सोच र व्यावसायिकताको हो, ताकि कर्णालीका गाउँ सुनसान हुने गरी युवा जनशक्ति कालापहाड र खाडी जानु नपरोस् ।

सभामुख महोदय, यार्चा, पाँचऔंले लगायतका बहुमूल्य जडिबुटीको चर्चा नगरी कर्णालीको सन्दर्भ अपूरो हुन्छ । तिनको उचित संरक्षण र व्यावसायिक प्रबर्द्धनले यस क्षेत्रको दीगो विकासमा मद्दत पुऱ्याउने निश्चित छ । अब कौडीको मूल्यमा कच्चा पदार्थको निर्यात होइन, स्वदेशमै प्रशोधन र उचित मूल्यमा निर्यातको प्रबन्ध गर्नुपर्छ । यार्चा जन्माउने पाटनको पर्यावरणप्रति सचेत भएनौं, अत्यधिक दोहन रोकेनौं भने यो आफैंमा किम्वदन्तीमा सीमित हुन पुग्नेछ, यसमा बेलैमा सचेत हुनु जरुरी छ । जलवायु परिवर्तनका नकारात्मक प्रभावहरूको न्यूनीकरण र वातावरण संरक्षणमा ध्यान पुऱ्याउनु आवश्यक छ । पूर्वाधार विकास र सम्पदाको प्रयोगलाई पनि दिगो र पर्यावरणमैत्री बनाउनेतर्फ समयमै ध्यान दिनु आवश्यक छ । अब पहाड भत्काएर सडक खन्नेभन्दा डाँडा छेडेर सडक बनाउनेतर्फ कदम चाल्नुपर्छ । हो, यो काम गर्न सकिन्छ । अहिले सुन्दा अपत्यारिलो लाग्छ तर भविष्यको बाटो त्यही हो । ०४८ सालमा मुस्ताङमा गाडी गुडाउने कुरा गर्दा कतिले पत्याउँदैनथे । कतिले घोडा र भरियाको भविष्यबारे प्रश्न उठाउँथे । आज कालीगण्डकी करिडोर निर्माणले उपल्लो मुस्ताङ हुँदै छिमेकी तिब्बतको कोरला नाकासम्मको पहुँच बढाएको छ । घोडाको काम ट्रक ट्र्याक्टरले गरेका छन् । यसले स्थानीयलाई बेरोजगार बनाएन, पर्यटन क्षेत्रको विकासले त्यहाँका स्थानीयलाई भ्याइनभ्याई छ । राम्रो आम्दानी गरेका छन् । बरु निकै ढिला गरी राष्ट्रिय राजमार्गको सञ्जालमा जोडिएको कर्णाली प्रदेशमा सडक यातायातलाई कसरी भरपर्दो र सुरक्षित बनाउन सकिन्छ भन्नेमा चिन्तन गर्नुपर्छ । यो जिम्मेवारी पनि प्रदेश सभाकै हो । कर्णाली करिडोरलाई पवीत्र धार्मिक तीर्थस्थल मानसरोवरको प्रवेशद्वारका रूपमा विकास गर्नुपर्छ । पूर्वाधार निर्माण गरी पर्यटन विकासको आशा गर्न सकिँदैन । रारा, शे-फोक्सुन्डोजस्ता उच्च हिमाली क्षेत्रमा रहेका ताल-तलैयाले कर्णाली प्रदेशलाई पर्या-पर्यटनको उत्कृष्ट गन्तव्यका रूपमा चिनाउन सक्छन्, जहाँ निकै महंगा विदेशी पर्यटक आकर्षित गर्न सकिन्छ । यसका लागि पर्यावरणीय सम्पदा संरक्षण र समुचित उपयोगको दीर्घकालीन योजना भने आवश्यक छ ।

सभामुख महोदय, सूर्य पनि अस्ताउन मात्रै पश्चिम आइपुग्छ भन्ने आहान अब फेरिदैंछ । कर्णाली प्रदेशमा निर्मित विश्वविद्यालय, अस्पताल, सञ्चाल र सडकको कनेक्टिभिटीलाई लोकतन्त्रको उपहारका रूपमा लिइनु उपयुक्त हुन्छ । मध्यपश्चिम विश्वविद्यालय, सुर्खेत–जुम्ला सडक, कर्णाली करिडोर, भेरी करिडोर, टेलिफोन र इन्टरनेट सञ्जालको विस्तार र गाउँ बस्तीमा खुलेका अस्पताल यसैका उदाहरण हुन् । राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका रूपमा कर्णाली राजमार्गको स्तरोन्नति, कोहलपुर–सुर्खेत सडक चार लेनमा विस्तार, सुर्खेत–सिमीकोट–हिल्सा सडक निर्माण आदिले वाह ! कर्णाली भन्ने दिन ल्याउँदैछ । विकासका यी परियोजनाको निरन्तर अनुगमन र खबरदारीबाट नै गुणस्तर र निर्माण सम्पन्न हुने समयसीमा ग्यारेण्टी गर्न सकिन्छ । त्यसतर्फ तपाईहरूको सचेत पहलकदमी हुनेछ भन्ने मलाई विश्वास छ । नाक्षा, सिंजा–गमगढी, नाङ्चे–लग्ना सडकको अपरिहार्यताबारे तपाईहरूलाई नै बढी हेक्का हुनुपर्छ । सबै काम एकपटक गर्न सकिँदैन, प्रदेश र स्थानीय सरकारहरूले आफ्नो प्राथमिकताक्रम आफैले तय गर्नुपर्छ । विकास खर्च असारको अन्तिममा होइन, भदौबाट गर्न थालौं । पूँजीगत खर्च कति भयो भन्ने मात्र होइन, उपलब्धि के–कति भयो भन्ने पनि लेखाजोखा गरौं । सार्वजनिक कोषबाट हुने कुनै पनि निर्माणको गुणस्तरबारे पब्लिक अडिटको परिपाटी बसालौं । कर्णाली प्रदेशलाई जातीय र वर्गीय विभेदबाट कसरी मुक्त गर्ने भन्नेमा ठोस कदम चाल्ने बेला पनि यही हो । यस प्रदेशमा कथित दलितका नाममा पछाडि पारिएका समुदायको जनसंख्या उल्लेख छ । जातीय छुवाछुत, कथित बोक्सी, धामी, झाँक्री, छाउपडीलगायतका सामाजिक कु-संस्कारको अन्त्य गर्न र आम नागरिकमा गुणस्तरीय शिक्षा र आधुनिक स्वास्थ्य सेवाको पहुँच स्थापना गर्न सरकारले प्रभावकारी कदम चाल्नुपर्छ । विकासको प्रतिफल हुने खानेसम्म होइन, हुँदा खानेसम्म कसरी पुऱ्याउन सकिन्छ भन्नेमा

ध्यान पुऱ्याउनु जरुरी छ । संविधानको पूर्ण कार्यान्वयनको माध्यमबाट नै समाजवादउन्मुख अर्थतन्त्र निर्माणको साझा लक्ष्य हासिल हुन सक्छ ।

योजना निर्माणदेखि कार्यान्वयनसम्म जनताको पहुँच स्थापित गर्नु संघीयताको मूल मर्म हो । संसदीय लोकतन्त्रमा शक्ति पृथकीकरण र सन्तुलनको विशेष अर्थ हुन्छ । संविधानले नै प्रदेश र स्थानीय तहमा कार्यकारी, विधायिकी र न्यायिक अंग र अधिकारको व्यवस्था गरेको छ । तीन तहको यस्तो संघीय प्रणाली धेरैहदसम्म नौलो र मौलिक हो। विधि निर्माणमा मात्र होइन, बजेट र योजना निर्माण, त्यसको कार्यान्वयनमा कार्यपालिकालाई सन्तुलनमा राख्ने गरी व्यवस्थापिकाको क्षेत्राधिकार तोकिएको छ । तसर्थ, प्रदेश सरकारले आफ्नो संवैधानिक सीमाभित्र कार्यकारी अधिकारको प्रयोग गरिरहँदा प्रदेश सभाले प्रदेश सरकारका कार्यहरूको निगरानी तथा निरन्तर निरीक्षण र अनुगमन गर्ने कार्यलाई प्रभावकारी बनाउनु पर्छ ।

प्रदेश सरकारका मुख्यमन्त्री र मन्त्रीहरू व्यक्तिगत र सामूहिकरूपमा जनताप्रति उत्तरदायी हुने प्रदेश सभामार्फत् नै हो । सभाका सदस्यहरूले आफ्ना मन्त्रीलाई प्रश्न सोधेर, ध्यानाकर्षण, जरुरी सार्वजनिक महत्व लगायतका प्रस्तावमा छलफल गराएर सरकारलाई थप उत्तरदायी बनाउन सक्नुहुन्छ । प्रदेश सभाको बैठक सरकारले उपलब्ध गराउने कार्यसूचीमा चल्ने हो तर सदस्यहरूको सक्रियता र रचनात्मक भूमिकाले यसलाई थप प्रभावकारी र जीवन्त बनाउन सकिन्छ । प्रदेश सभा र सभाका समितिहरूको सक्रियताले प्रदेश सरकारलाई प्रभावकारी मात्र बनाउँदैन, जनतालाई थप बलियो बनाउँछ। पारदर्शी, जवाफदेही, उत्तरदायित्व र समयको पालनामा जनप्रतिनिधि आफै मानक बन्नुपर्छ ।

संघीय संसदको माथिल्लो सदन राष्ट्रिय सभा, तपाई प्रदेश सभाका सदस्यहरू र स्थानीय तहका निर्वाचित जनप्रतिनिधिहरूको पनि प्रतिनिधि संस्था हो । सभाका ५९ सदस्यमध्ये ८ जनाले त सोझै यस प्रदेशको प्रतिनिधित्व गर्नु हुन्छ । त्यसकारणले पनि राष्ट्रिय सभाले तहगत राज्य संरचनाका समस्याको पहिचान र समाधानका लागि आवश्यक समन्वयको पहल गरिरहेको छ । संविधान कार्यान्वयनसँग सम्बन्धित कानूनहरू निर्माणको अवस्था र स्रोत साधनको उपलब्धताबारे राष्ट्रिय सरोकार तथा समन्वय समितिमार्फत् सातै प्रदेशका राजधानीमा उपस्थित भएर राष्ट्रिय सभाका माननीय सदस्यहरूले तपाईहरूसँग अन्तरक्रिया गर्नुभएको छ । साथै प्रदेशबाट प्राप्त सुझाव सहितको प्रतिवेदनमाथि गत साउन २६ गते मात्रै राष्ट्रिय सभामा छलफल गरी संघीय सरकारलाई आवश्यक सिफारिस गरिएको छ ।

प्रदेश र स्थानीय तहको नजरबाट हेर्दा केन्द्रबाट अधिकारको निक्षेपण र स्रोत साधनको हस्तान्तरणमा विलम्ब गरिएजस्तो, केन्द्रबाट हेर्दा तलबाट बढी नै हतार गरिएजस्तो देखिनु अस्वभाविक होइन । जनप्रतिनिधि वा अन्य कुनै व्यक्ति, आज आफू जहाँ छ, त्यहीं अधिकार र स्रोत साधन बढी होस् भन्ने चाहन्छ । यो स्वभाविक मानवीय चरित्र हो । तर हाम्रा अधिकार क्षेत्र र सीमाहरू संविधानले नै निर्धारित गरेका छन् । तहगत राज्य संरचनाबीच अस्वस्थ प्रतिस्पर्धा होइन, समन्वय र सहकार्य आवश्यक छ । साझा अधिकार सूचीका विषयमा मिलेर काम गर्नुको विकल्प छैन । समग्र राष्ट्रिय हितलाई केन्द्रमा राखेर काम गर्नु सबै तहका जनप्रतिनिधिको दायित्व हो । मेरो र सिंगो राष्ट्रिय सभाको प्रयास प्रदेश र स्थानीय तहमा नै बढीभन्दा बढी अधिकार र स्रोत साधन जान सकोस् भन्ने नै रहेको छ ।

राष्ट्रिय सभाको विधान व्यवस्थापन समितिमा विचाराधिन संघ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्ध व्यवस्थित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका विषयमा पनि हामीले सात वटै प्रदेश सभाका सदस्यहरू र स्थानीय तहको समेत प्रतिनिधिमूलक सहभागिता रहने गरी सुझाव संकलन गरिरहेका छौं ।

यसक्रममा भोलि कर्णाली प्रदेशको राजधानी सुर्खेतमा हुने छलफलमा म आफै उपस्थित भएर तपाईहरूको राय, सुझाव सुन्ने प्रयास गर्दैछु । संघीय संसदले गर्ने विधायनी कार्यमा प्रतिनिधिमूलक नै भए पनि प्रदेश सभा र स्थानीय तहका जनप्रतिनिधिहरूको सुझाव लिने यो परिपाटीले संघीय एकाईहरूको अन्तरसम्बन्ध सुदृढ गर्न मद्दत पुग्ने मेरो विश्वास छ । यी र यस्ता कार्यले हामी सबैको साझा संघर्षबाट स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रलाई बलियो पार्न समेत मद्दत गर्नेछ ।

लोकतन्त्रमा प्रक्रिया पनि परिणामजत्तिकै महत्वपूर्ण हुन्छ । जनताले आफ्नो नजिकको सरकार र आफूले निर्वाचित गरेका प्रतिनिधिहरूबाट अझ बढी पारदर्शिता र जवाफदेहिता खोजेका छन् । स्रोत साधनको सीमितताबीच विकास र सम्बृद्धिको जनचाहनालाई सकेसम्म छिटो पूरा गर्नु जननिर्वाचित निकायको प्राथमिक कर्तव्य हो । कुनै पनि तहका जनप्रतिनिधिले एक–अर्कालाई दोष दिएर आफ्नो प्राथमिक दायित्वबाट पन्छिन मिल्दैन ।

माननीय सभामुखज्यू, संविधान कार्यान्वयनको यो सुरुवाती चरणमा हामीले गर्ने प्रत्येक अभ्यास र राजनीतिक संस्कारले नै हामीले स्थापित गरेको संघीयता र राजनीतिक प्रणालीको गरिमा निर्धारण गर्नेछ भन्नेमा द्विविधा छैन । संविधानले तीन तहका सरकार र अन्य राजकीय संरचनाहरूबीच सहयोग, समन्वय र सहकार्यको अपेक्षा गरेको छ । संघीय संसदको माथिल्लो सदन राष्ट्रिय सभाको अध्यक्षलाई प्रदेश सभा बैठकमा गरिएको आमन्त्रणलाई पनि मैले यसैको कडीका रूपमा बुझेको छु । प्रदेश सभाको यस गरिमामय बैठकलाई सम्बोधनका लागि आमन्त्रित गर्नुभएकामा म माननीय सभामुखमार्फत् सिंगो प्रदेश सभा र प्रदेश सरकारलाई धन्यवाद ज्ञापन गर्दछु । सुखी र सम्बृद्ध कर्णाली प्रदेश निर्माणका लागि तपाईहरू सबैलाई धेरै–धेरै शुभकामना ।

माननीय सदस्यहरू, अब यो बैठक २०७६ साल भदौ ४ गते बुधबार दिनको ३ बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

# बैठक संख्या-२४

## (२०७६ साल भदौ ४ गते बुधबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश, प्रदेश सभाको चौंथो अधिवेशनको २४औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनुपर्ने विषयहरूमा आ—आफ्ना भनाई राख्न विशेष समयको व्यवस्था गरेको छु । सर्वप्रथम माननीय श्री जीवनबहादुर शाही ।

**माननीय श्री जीवनबहादुर शाहीः** सम्माननित सभामुख महोदय, सर्वप्रथम सम्मानित सभामुख महोदयमार्फत् यो सिंगो सदनलाई म मेरो व्यक्तिगत तर्फबाट र प्रतिपक्ष दलको तर्फबाट सम्माननित सभामुखज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । नेपालको इतिहासमा गणतन्त्र आइसकेपछि कर्णालीले सधैं नयाँ कामहरू गर्ने । आज पनि कर्णालीको एउटै उच्च नाम छ भने पहिलो प्रदेशको नामाकरण गऱ्यो पहिलो राजधानीको नामाकरण गऱ्यो। व्यवस्थित गऱ्यो भनेजस्तै यो पटक पनि कर्णालीले एउटा नयाँ काम गरेको छ। राष्ट्रिय सभाका अध्यक्षलाई आफूले निमन्त्रणा गरेर जुन राष्ट्रिय सभाका अध्यक्षज्यूले सम्बोधन गर्नुभएको छ । त्यो सम्बोधनले कर्णाली प्रदेशको एउटा उचाई बढेको छ र विभिन्न विचारहरू विभिन्न सोचाइहरू हामीमा हुन सक्छन् । मुलुकमा यो कार्य पनि कर्णाली प्रदेशले पहिलो गऱ्यो र यसको व्यवस्थापन गर्ने सभामुखज्यूलाई म हार्दिक धन्यवाद दिन चाहन्छु । आज हामीले पत्रपत्रिका राष्ट्रिय पत्रिकामा होलान् या स्थानीयमा होलान् र हाम्रा च्याउ झ्याउ र स्याउका जुन कृषि सम्बन्धका कुराहरू लिने हो भने उहाँले बोलिदिँदाखेरि यसको एउटा महत्व बढेको मैले देखेको छु । यहाँका जलस्रोतका कुराहरू होलान् । ठिकै छ उहाँले आफूले व्यक्तिगत ढंगले गर्न नसक्ने अवस्था भएता पनि हामीबाटै निर्वाचित हुनुभएका किनभने हाम्रो प्रदेशबाट पनि ८-८ जना अप्पर हाउसका सदस्य जसलाई हामीले नै भोट हालेर पठाएका थियौं, त्यो अपनत्व गर्ने कुराहरू उहाँले गरिदिनुभएकोमा र प्रदेशले पनि त्यलाई त्यो बाटोमा लगेको हुनाले त्यसको लागि म धन्यवाद दिन चाहन्छु । अब हामी राम्रा कुरा गरेकोमा धन्यवाद दिंदै अब आयो सायद हामी आजपछि फेरि १ महिनापछि आउँदैछौं भन्ने मलाई लागिरहेको छ । कार्यव्यस्ततामा विभिन्न चाड परे पर्व परे अनेक पर्ने भए त्यसैले २२ गतेसम्म गयो भन्ने पनि मैले सुनिरहेको छु मैले सुने यही नै कुरा होला सायद । यो ढंगले हाम्रो प्रदेशको अब विकास कसरी हुन सक्छ ? सरकारले सोच्नुपर्छ कि पर्दैन ? साउनमा हामीले बजेटहरू पास गरिसकेका छौं । सायद साउन १ गते हाम्रो बजेट पास भयो ३२ गते नै भयो जस्तो लाग्छ । आज डेढ महिना भयो कुनै कुराहरू परिवर्तन भएको मैले देखिरहेको छैन । पाँचवटा बुँदामा परिवर्तन गर्ने भनियो । त्यसमा चाहिँ पार्टीका शिर्षस्त नेतालाई राखेर त्यसमा छलफल गर्ने पार्टीका प्रमुखहरूलाई संसदीय दलका सचेतकहरूलाई राख्ने भनेर गर्ने भन्ने कुरो पनि भएको थियो तर आजका दिनसम्म पनि त्यो भएको देखिएन । यले गर्दाखेरि सायद हामीले भन्ने गरेका थियौं सभामुख महोदय कि भदौदेखि हामी काममा कार्यान्वयन गरेर अगाडि जान्छौं हामी अगाडि द्रुत गतिले अगाडि बढ्छौं । ओएन्डएमको विषयमा अस्ति काठमाडौंमा छलफल हुने सौभाग्य मैले पनि पाएको थिएँ । सम्माननीय मुख्यमन्त्रीज्यूले मलाई पनि सहभागी गराउनुभएको थियो। मलाई लाग्थ्यो आज हाम्रो हाउस बस्नुभन्दा अगाडि ओएन्डएम पनि पास भइसक्नेछ, जसले गर्दाखेरि मन्त्रालयले पनि आफूले राख्नुपर्ने दरबन्दीहरू यथावत् ढंगले राख्नेछन् र काम अगाडि बढ्नेछ भन्ने मैले सोचेको थिएँ तर त्यो पनि आज भएको देखिदैन । यो खालले जुन हामीले

क्रेडिविलीटी लियौं त्यो कायम गर्न सकेनौं भने त्योभन्दा नराम्रो केही होला भन्ने मलाई लाग्दैन । त्यसकारण अहिले त झन् एउटा अवस्था आएको छ, जसमा सबैभन्दा बढी पूर्वाधारका कामहरू हुन्छन् । पूर्वाधार अगाडि बढाउनुपर्ने कुराहरू छ । यही पूर्वाधार नभएर हाम्रोचाहिँ विकास हुन सकेन, हाम्रो पर्यटनको विकास हुन सकेन, शिक्षाको हुन सकेन, स्वास्थ्यको हुन सकेन, कृषिको हुन सकेन भनेर हामी सबै सिंगो सदनले यो पूर्वाधारतिरचाहिँ धेरै बजेटको पनि गर्‍यौं । अहिले त्यो रिक्त रहेको अवस्थामा छ । त्यो पोष्ट रिक्त रहेको अवस्थामा अब काम अगाडि कसरी बढ्न सक्छ । हिजो गरेका टेण्डरहरूका कामहरू टेण्डर भएका छन्, आजसम्म पनि काम भएको छैन । सरकारले ती टेण्डर भएका कुराहरू भए कि भएनन् ध्यान दिनुपर्थ्यो कि पर्दैनथ्यो भन्ने मलाई लाग्दछ । यी कुराहरू पनि असाध्यै महत्वपूर्ण कुराहरू हुन् भन्ने मलाई लाग्दछ सभामुख महोदय । त्यसैले यो सरकारको दायित्वभित्र पर्छ अब हाम्रा समितिहरू निष्क्रिय छन् हामी निष्क्रिय छौं । आज २२ गतेसम्मलाई सदन स्थगित हुन्छ, समितिहरू चल्दैनन् । सायद मलाई लाग्छ समितिहरू पनि अन्यौलमा छन् । समितिका अध्यक्षज्यूहरूलाई पनि म रहन्छु या रहन्न । म हुन्छु या हुन्न भन्ने अवस्थामा देखिएको छ । सायद डेढ डेढ वर्षसम्म एक महिनासम्म हुन सक्छ। डेढ डेढ वर्षसम्म समितिको अध्यक्षको आधिकारिकता नदिनु भनेको चाहिँ यो आफैमा ठूलो कमजोरी हो भन्ने लाग्छ सम्माननीय सभामुख महोदय कि हामीले बनाऔं परिवर्तन गर्ने प्रक्रियाहरूमा पुर्‍याउनुपर्छ सायद जहाँसम्म मलाई लाग्छ त्यो बेला हामीले सुझाव दिएर जुन सपथ गरायौं, त्यसैले आज केही काम भएका छन् नत्र सम्माननीय सभामुख महोदय कुनै पनि कार्य गर्दा सभा सपथ ग्रहण नलिएर त्यो कार्यान्वयन हुन सक्दैन । आज समितिहरू त्यो ढंगले सक्रिय नहुनाको कारण त्यो हो कि भन्ने मलाई लाग्दछ । जो हुनुहुन्छ उहाँहरूलाई बनाउने हो भनेपछि प्रक्रियामा चाहिँ लगेर सिध्याइदिन पर्‍यो नि त्यो त एक दिनको प्रक्रिया हो । सत्तारुढ पार्टीमा दुईतिहाइ बहुमत छ, तपाईंहरूले भनेको मान्छे नै हुन् । हामीले एउटा विधि पुर्‍याउनु पर्छ त्यले गर्दाखेरि काममा पछाडि परेको देखिन्छ । अनि विधेयकहरू कता छन् ? थाहा छैन सभामुख महोदय । कोही दर्ता भएका छन् भन्ने सुन्नमा आउँछ । कोही समितिमा गएर छलफलको क्रममा के भएर त्यो भएनन् अगाडि बढेनन् भने बढेन भन्ने कुराहरू आउनुपर्ने हो । यसरी सरकारले विजनेश नदिने र सरकारमा भएका जो मान्छेहरू जो बिउरोक्रयाटहरू हुनुहुन्छ उहाँलाई के लाग्दो रहेछ भने यी त संसदले पो हाउस चलाउनु पर्छ किन चलाएन हाम्रो त बद्नाम भयो भनेर उहाँहरू भन्नुहुन्छ तर उहाँहरूले यो कुरा बुझ्नुभएको रहेनछ । सरकारले, सरकारले यदि विधेयक ल्याएन भने त्यो जाँदैन । विधेयकहरू प्रायःजसो सबै सरकारी विधेयकहरू हुन्छन् भन्ने मलाई लाग्छ सभामुख महोदय । यसमा पनि यो प्रदेशमा अरु कुराहरू सबै राम्रो हुँदाहुँदै पनि तमाम माननीय सदस्यज्यूहरूले बोल्नुभएको छ, कहिल्यै पनि तिनका जवाफहरू आएनन् । कहिल्यै जवाफ आएनन् मैले बारम्बार भन्ने गरेको थिएँ सभामुख महोदय कि यो पिपलको चौतारीमा बोलेका कुराहरू होइनन्, यी सदनमा हरेक भन्ने गरिन्छ, सदनमा यो कुराले प्रवेश पायो, सदनमा त्यो कुराले प्रवेश पायो त्यसको जवाफ कहिल्यै पनि हामीले प्राप्त गर्न सकेनौं । म अस्तितिर घुम्दै यहाँको हस्पिटलमा म पुगेको थिएँ सभामुख महोदय । हामीले के रहरले प्रदेश हस्पिटल बनाउने भन्यौं केन्द्रलाई वास्तवमा कुनै पनि प्रदेशमा केन्द्रले छोडेको रैन्छ हामीले लग्यौं । बिल्डिङ्गहरू बनेका छन् तर भित्रको अवस्था जस्ताको त्यस्तै छ । तीनचार सय जना चाहिँ झण्डै स्टाफहरू चाहिँदारहेछन् । केन्द्रीय सरकारलाई गराउन दिएर त्यसमा अपुग कुराहरू हामीले गरेको भए सायद हाम्रो हस्पिटल सबभन्दा नमूनाको हस्पिटल हुन्थ्यो कि मेन हेर्ने माथि उले दिने बजेट त्यसमा थप बजेट पुगेन भने करारमा ल्याउनुपर्ने मेशिन किन्नुपर्ने हामीलाई रहर छ हामी यो गर्छौं भनेर अस्पतालको अवस्था त्यस्तै छ । गाउँ गाउँमा बनाउने क्लिनिकहरूको अवस्था त्यस्तै छ । टेलिमेडिसिनको कुराहरू गरिरराखेका छौं टेलिमेडिसिन गर्दाखेरि कुनचाहिँ सफ्टवयर हो ? कहाँबाट आउँछ ? भन्ने कुरालाई हामीले बुझ्नुपर्छ कि पर्दैन सभामुख महोदय । सफ्टवयर भएका कुराहरूलाई

अगाडि बढाउनु पर्छ कि पर्दैन । हिजो हाम्रो संचालन खर्च बढी भयो, त्यसमा कति परिवर्तन भयो भने त्यो पनि आएको छैन । आज पत्रकारहरूले सोध्ने गरेका छन्, रातो किताब परिवर्तित भएर आएको छैन भन्ने कुराहरू आइरहेको छ । त्यसकारण यी कुराहरूलाई पनि हामीले सोच्नुपर्‍यो । आज यो अवस्थामा हामी हाम्रो लागि एक एक सेकेण्ड महत्वपूर्ण छ । पैसाले मात्र हुन सक्दैन सम्माननीय सभामुख महोदय । ट्यालेण्टले मात्र ट्यालेन्टसीपले मात्र पनि हुन सक्दैन । समय पनि महत्वपूर्ण कुरा हो । पैंसाले मात्र संसार बन्छ भन्ने कुरा होइन । उले दिने समय उले प्रयोग गर्ने उसको बुद्धि र विवेकका कुराहरू हुन् । यी कुराहरूमा हामी अगाडि लाग्न सकिरहेका छैनौं र आज मैले एउटा समाचार हेर्दै थिएँ । बहुत खुसी लाग्यो, कर्णाली प्रदेशमा एक वर्षमा ५ हजार ७ सय ८८ उद्योगहरू दर्ता भएछन् । ५ हजार ७ समय ८८ जबकि हामी आउनुभन्दा अगाडि सबैभन्दा कम, कम उद्योग भएको हाम्रै प्रदेशमा मेरो विचारमा ५ सयको हाराहारीमा पनि थिएनन्, त्यसमा ३ हजार ३ सय ९७ घरेलु तथा साना उद्योग, ४ सय २६ लघुउद्योग, बाणिज्यतर्फ १९ सय ६५ । मझौला र ठूला उद्योगहरू कर्णालीमा नै दर्तै नभएको । मझौला र ठूलाचाहिँ दर्तै नभएको, लघु र यो घरेलु यत्रो हुनाको कारण के हो सभामुख महोदय । सायद, सायद यी कोट काण्ड त्यही होलान्, अल्लो काण्ड त्यही होलान् । घरेलुका हाकिमले लगेका ३०औं हजार ४०औं हजारका काण्डहरू अहिले एक वर्षमा यत्रो हुनाको कारण के हो भन्दाखेरि दर्ता गर्‍यो नयाँलाई दर्ता गरेर पैंसा दिने त्यसको अनुगमन हुनुपर्छ कि पर्दैन सभामुख महोदय । त्यत्रो खबर आयो त्यत्रो आयो हाम्रो आदरणीय मन्त्रीजीलाई त कोटकै उपहार । कहिले यहाँ कोटको उपहार दिने गरिन्छ कहिले राता गाडीको उपहार दिने गरिन्छ । हामी ती पनि खुसीका साथ ग्रहण गर्ने गर्छौं आनन्दका साथ हामीले । यले यो प्रदेशको इज्जत रहेको छ कि छैन । मलाई विश्वास छ यी कुराहरू बाहिर नजालान् भलै हाम्रो सुनगाभाले चाहिँ प्रसारण नगरोस् भन्न म चाहन्छु किनकि केन्द्रमा गएर केन्द्रीय प्रशासनहरूमा हामीले हाम्रो सरकारलाई जगाउने कुराहरू गरेका छौं । हाम्रो सदनको कुराहरूलाई जगाउने कुराहरू गरेका छौं । हामीले प्रतिपक्षको रूपमा कसैको विरोधमा हामी गएका छैनौं किनभने मैले सुनगाभालाई के भने हाम्रो नियन्त्रणमा गएको बेला यसलाई प्रसारण नगरिदिनु भनेर आजको कुरा भन्न चाहन्छु । हामी जगाउन चाहन्छौं किनकि कर्णाली प्रदेश गिर्यो भने न कोही पक्ष रहनेछन् कोही न कोही प्रतिपक्ष रहनेछन् तर यो भन्दैमा सरकार सुतेर बस्ने, मनपरी गर्ने यहाँ आइरहेको छ सभामुख महोदय । प्रत्येक फेरि २० प्रसेन्टका कुरा आइरहेका छन् । डीपीआरका नाममा आफ्ना आफ्ना भाइछोरा भतिजाहरूलाई चाहिँ त्यो कार्यक्रमहरू दिने कुराहरू आइरहेका छन् यसको छानविन हुनुपर्छ कि पर्दैन ? ती कुराहरू अगाडि बढ्नु पर्छ कि पर्दैन । यी कुराहरू सदनमा उठेका कुराहरू केही पनि अगाडि नबढ्ने तर एउटा पत्रपत्रिकामा लेखेको कुराहरूलाई नै आधार मानेर हामीले कहिले कारबाही गर्न पनि हामी पुगिरहेका हुन्छौं । हामीले १० करोडका विषयमा ठाउँ-ठाउँमा बोल्दै हिंड्नु पर्ने भयो कि १० करोड संसदहरूको कोष थिएन त्यो । सांसदको कोष भनेको त निर्वाचन क्षेत्रका सांसदको अध्यक्षतामा बाँड्ने पैंसालाई भनिन्छ । हामीले त्यहाँका ठूला मान्छेहरू भन्नेहरूलाई पनि सबैलाई ए त्यस्तो पो हो । यो खालको समाचारहरू गइराखेका छन् । त्यलाई पनि सायद संचार मन्त्रीज्यू हुनुहुन्छ बोलाएर यो कुरो चाहिँ गलत हो है भन्न पनि त सक्नुहुन्थ्यो होला र सांसदले पैंसा बाँड्नै हुन्न भनेर कहाँ लेखेको छ । संघीय सरकारले दिन हुने अरु प्रदेशले दिन हुने यो प्रदेशले दिन नहुने भन्ने कुरा छैन । त्यसकारण त म यो पनि भन्न चाहन्छु कि अब यति कुरा आइसकेपछि सांसदहरूलाई सांसद निर्वाचन कोष भन्नुहुन्छ या क्षेत्र विकास कोष भन्नुहुन्छ यो कर्णालीले पनि प्राप्त गर्नुपर्छ । त्यसको अनुगमन गरौं त्यसको राम्रो कुराहरू गरौं । हरेक फेरि आइरहेको छ आज हेलिकप्टरका कुराहरू त्यही आइरहेका छन् । स्वास्थ्यचौकीका कुराहरू त्यही आइरहेका छन् । सायद सरकारका मन्त्रीज्यूहरूले मेरो क्षेत्रमा यति करोड मन्त्रीको पहलमा मन्त्री त एउटा व्यक्तिको हुन सक्दैन सभामुख महोदय । मन्त्री त सारा यो प्रदेशको सरकार हो हाम्रो पनि अभिभावक हो । उहाँले दिएका पनि

फेसबुकमा कल्याणमा मन्त्रीज्यूको उसले यति आयो । फलाना ठाउँमा मन्त्रीज्यूको त्यसो हो भने मन्त्री र सांसद एउटै हुन भन्ने कुराहरूमा जानुपर्‍यो । यसको अर्थ राम्रो गर्ने मन्त्रीहरूलाई हामीले भनेका छैनौं । अधिकांशले राम्रो गर्नुभएको छ तपाईंहरू धन्यवादको पात्र हुनुहुन्छ तर हेर्दाखेरि कर्णाली काण्डैकाण्डको प्रदेश कर्णाली भ्रष्टचारीहरूको यो चाहिँ अखडा भनेर बाहिर कुरा आइसकेपछि सरकारले यसमा ध्यान दिनुपर्छ कि पर्दैन ? जुन कुराहरू हामी यहाँ बोल्छौं सार्वजनिक लेखाले कैयौं कुराहरू उठाए ती बिलाएर गए । एकपल्ट आएर सरकार प्रमुखले यहाँबाट जवाफ दिनुपर्छ कि पर्दैन ? अथवा सरकारका सम्बन्धित मन्त्रीहरूले यहाँ आएर जवाफ दिनुपर्छ कि पर्दैन ? यत्रो हामीले आज डेढ वर्षसम्म उठाएका आवाजको एक दिन पनि हामीले जवाफ पाउन सकेनौं सभामुख महोदय । त्यसैले अवस्था यस्तो छ । अझै पनि यहाँ कति बाढी पीडित अनि हामी हतारमा निर्णय गरिहाल्ने हतारमा निर्णय गर्ने फुर्सदमा पछुताउने कुराले राम्रो हुन सक्दैन । आज बजारमा हल्ला छ । बजारमा हल्ला छ सरकारले यति धेरै निर्णयहरू गरेको छ तर कुनै पनि कार्यान्वयन गरेको छैन । ठीक छ हामी जति गर्न सक्छौं त्यतिको कार्यान्वयन गरौं र अर्को कुरा म आज फेरि दोहोर्‍याएर यलाई भन्न चाहन्छु सभामुख महोदय । २० प्रसेन्ट गाउँका मान्छेहरू आज यो ५ हजारभन्दा बढी दर्ता हुन आएका कारण २० प्रसेन्टले गर्दाखेरि हामीले बजेट लिएका छौं भनेर आएका छन् यदि मान्छे चाहिने भयो भने मान्छे दिन पनि तयार छु सभामुख महोदय । म आज भन्न चाहन्न यो ढंगले अगाडि बढ्यो भने हामी अगाडि बढ्न सक्दैनौं । प्रदेशको बेइज्जत हुन चाहन्छ एउटा कुनै मन्त्रीको कुरा होइन होला आज हामी गयौं हामीले पनि मुख छोपेर हिंड्न पर्‍यो । सायद त्यस्तै प्रतिपक्ष भएको भए फलानो हो फलानो पार्टीको यहीले गर्‍यो मलाई त्यो छैन मलाई कर्णाली प्रदेशको कुनै मन्त्री कुनै सांसद कसैको पनि बद्नाम हुनु भनेको हामी सबैको हो भनेर म त्यसरी हेर्ने गरेको छु र म त्यसरी लिने गरेको छु । त्यही लिनको लागि पनि सरकार र हामी सांसदहरू जो जति छौं हामी सबै सजक भएर यो कर्णाली प्रदेशलाई साँच्चै यहाँको जुन नेचुरल रिसोर्सेसहरू छन् त्यलाई अगाडि बढाउनमा हामी लागेनौं भने अगाडि जान सक्दैन सभामुख महोदय । त्यसैले विशेषगरेर स्वास्थ्यका कुराहरू छन् शिक्षाका कुराहरू छन् पूर्वाधारका कुराहरू छन् पर्यटनका कुराहरू छन् । यो यति वर्षामा हामीले यो यो कुराहरू गर्‍यौं यति परिवर्तन भयो यो मान्छेको जीवन परिवर्तन भयो यति हजार लिटर दूध भयो भन्ने कुरा चाहिँ आजसम्म पनि आउन नसकेको अवस्थामा र इकोनोमिक बुस्ट भनेको नै यो पिरामिड स्टाइलमा हुन्छ । पिरामिड भनेको के हो भने तल ठूलो माथि साँगुरो हुने हो । त्यो पिरामिडको ठूलो भनेको यहाँ ह्याँचरी धेरै ठूला हुनुपर्‍यो फिसरी धेरै ठूला हुनुपर्‍यो दूध प्राप्त हुनुपर्‍यो अनि हामी अर्ग्यानिकका कुरा गर्छौं । अर्ग्यानिक आजसम्म कति ठाउँमा अर्ग्यानिक छ कति वर्षमा हामीले यो अर्ग्यानिक प्रदेश घोषणा गर्न सक्छौं । त्योभन्दा कतिसम्म हामीले चाहिँ भित्र्याउनु पर्छ यी सबै कुराहरूलाई स्वस्थ ढंगले सोच्यौं भने पक्कै पनि हाम्रो प्रदेश सरकारको इज्जत रहनेछ । प्रदेश सरकारको इज्जत रहनु भनेको हामी सदनको पनि इज्जत रहनु हो । यो सदनको इज्जत रहनु भनेको सिंगो प्रदेशको पनि हो। त्यसकारण यहाँ नसोच्नु यो व्यक्ति र विशेषको कुराहरू होइनन् यी कुराहरूलाई अगाडि जाने र हामीले अरुलाई पनि मर्यादा दिन सक्ने अवस्थामा जानुपर्छ । यही कुराहरू चाहिँ सतबुद्धि अब सरकारको आओस् । कहिले फास्ट ट्र्याकका नाममा गएर माथिसम्म पुगेका ती विधेयकहरू रोकिएर बस्नुपर्ने त्यस्तामा हामी नजाऔं । मेरो शुभकामना छ सरकारलाई किनकि अब यो २२ गते यो भदौ सकिएपछि अब हामी त अब आइन्छ आइन्न थाहा छैन । अरु अरु काममा जाने होला किनभने त्यसैमा यो सिदिन्छ होला । सायद केही एउटा विधेयक पनि पास नभएर जान्छ होला । यो अवस्था भएको हुनाले यी सबै कुरा रहुन् र हिजो हामीले जुन शर्तमा बजेट पास भएको थियो यो एक हप्ताभित्र नै सायद त्यही कुरा छल्नको लागि पनि सरकारले २२ गतेसम्म पुर्‍याएको हो या हाम्रा आफ्नो मन खुसीले गरेका हौं किनभने असोज पछि दशैं लाग्छ त्यसपछि मंसिर आउँछ । सायद यी प्रदेश हिउँ पर्ने प्रदेशका पनि त हामी हौं नि डोल्पामा हिउँ पर्छ होला,

कालिकोटमा हिउँ पर्छ होला, हुम्लामा हिउँ पर्छ होला, जाजरकोटको माथिल्लो ठाउँमा हिउँ पर्छ होला, दैलेखकै पनि यो वर्ष त दैलेखकै पनि डाँडामाथि गुराँसेतिर हिउँ परेको थियो । त्यसपछि फेरि हाम्रो विकास हुने छैन फेरि सरकार रुँदै आउनेछ कसैले फूर्ति लाउने तिमीले बुझेका छैनौ जानेका छैनौ त्यसैले तिमीहरूलाई हामीहरूले तालिम दिनुपर्नेछ । सकारात्मक सोचको लागि तिमीलाई तालिम दिनुपर्नेछ अगाडि बढाउनुपर्नेछ भनेर फेरि मन्त्रीज्यूको हामीले उपदेश बोक्नुपर्ने होला । त्योभन्दा अगाडि नै बिग्रिनुभन्दा अगाडि नै भदौभरिमा यी सारा कामहरू के-के हुनेहुन् त्यो अगाडि गरोस् । यो देशमा कर्णाली प्रदेशले इज्जत राखोस् यही मेरो शुभकामना व्यक्त गर्दै म यहाँहरूबाट विदा हुन्छु । धन्यवाद । जय नेपाल ।।

**माननीय सभामुखः** यसपछि माननीय श्री यामलाल कँडेल ।

**माननीय श्री यामलाल कँडेलः** माननीय सभामुख महोदय, माननीय सभामुख महोदयमार्फत् एउटा जनप्रतिनिधिका हैसियतले म सबैको दुई तीनटा विषयमा ध्यानाकर्षण गराउन चाहन्छु । यद्यपि संसदमा चल्ने सम्पूर्ण कामकारबाहीहरू हामीले निर्माण गरेको कार्य व्यवस्थाकै सरसल्लाह र निर्णयबाटै अगाडि बढिरहेको छ, बढिरहन्छ नै । त्यहाँ को-को हुनुहुन्छ हामी सबै जानकारको विषय नै हो जस्तो लाग्छ । म एउटा जनप्रतिनिधि भको नाताले यी बैठककै बारेमा कसरी अझ प्रभावकारी र मर्यादित गराउने कुरा होला भन्ने विषय नै मैले विषय प्रवेश गराउन चाहेको यद्यपि हामीले हाम्रो सभा संचालन गर्ने नियमावली संशोधन गर्नका निम्ति एउटा उपसमिति यस हाउसबाट नै बनेको छ, त्यले काम गर्दैछ । अझ परिपक्कता सहित अगाडि बढ्ने नै होला जस्तो लाग्छ । सामान्यतया अवस्था हामीले जे नियमावलीको व्यवस्था गरेका छौं संसद् सरकारले बोलाउँछ । सरकारको कार्यसूची अनुसार व्यवस्थापनको काम संसदले गर्ने गरिआएकै अवस्था छ । म दुवैलाई संसदलाई र सरकारलाई पनि गम्भीरतापूर्वक म ध्यानाकर्षण के गराउन चाहन्छु भने यो संसदको बैठक स्थगित थियो । फेरि सूचारुरूपले संचालन हुने सूचना पाएपछि मलाई लाग्छ सबै माननीय सदस्यज्यूहरू आफ्आफ्नो ठाउँबाट संसदको क्षेत्रभित्र प्रवेश गर्ने क्रममा आउने क्रम सबैले बनाउनुभयो होला नै जस्तो लाग्छ । म के अनुरोध र आग्रह गर्न चाहन्छु भने कि हाम्रो कानुनी र वैधानिक व्यवस्था हामीले वर्षमा दुइटा बैठक गर्ने गर्छौं । त्यसको आफ्आफ्नो नामाकरण गर्ने एउटा व्यवस्था चलिआएको अवस्था छ । तर हामीले जे प्रचलन अहिले गर्दै आइरहेका छौं यसैबाट नै यो संसदको मर्यादा अगाडि बढ्छ भने त ठिकै छ होइन भने म अनुरोध र आग्रह गर्न चाहन्छु कि वास्तवमा संसदको बैठक भनेको पटके संसदको बैठक भनेको एक दिन फेरि लामो समयसम्म विश्राम गर्ने गरी संसदका बैठकहरू चलाउने चल्ने कुरालाई हामीले अलि गम्भीरतापूर्वक सोच्नुपर्ने छलफल चलाउनुपर्ने अवस्थामा म एउटा जनप्रतिनिधिको नाताले यो सभाको एउटा सदस्यको नाताले यो विषय म गम्भीरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छु कि यसरी मलाई लाग्छ एउटा संसदको बैठक चल्ने चलाउने कुरामा हामी यलाई अन्यथा केही नमानिकन फेरि प्रभावकारी ढंगले अगाडि बढाउने कुरा के होला बैठक बोलाइसकेपछि माननीय सदस्यहरूको पनि भूमिकालाई प्रभावकारी बनाउने नियमित गर्न सक्ने दिनानुदिन अरु विषय प्राप्त गर्न सक्ने कसरी सक्ने कुरा होला त्यसमा सरकारले पनि आफ्ना आजसम्मको समीक्षाका आधारबाट छलफल गर्नुपर्ने पुनर्विचार गर्नुपर्ने एउटा अवस्था म देख्छु र त्यतापट्टि म सबैको ध्यानाकर्षण गराउन चाहन्छु मैले ध्यानाकर्षण गराउन खोजेको एउटा विषय यो हो । दोस्रो बिषय आज हामीले जुन संरचनाको विकास गरिरहेका छौं । जुन व्यवस्थाको प्रयोग गरिरहेका छौं । मलाई लाग्छ यो संसदभित्र रहेका हामी सबै माननीय सदस्यको साझा बलिदान र योगदानबाट प्राप्त गरेको कुरा हो । पोजिसनका हिसाबले नेकपा कहाँ छ ? कांग्रेस कहाँ छ ? यो तपसिलको विषय हो तर संघीय संसद र संघीय गणतन्त्र स्थापनार्थ लडेको र संविधान सभाबाट सर्वसम्मत ढंगले ल्याएको एउटा व्यवस्था हो । हाम्रो प्रदेश विकट छ, विकटमा एउटाको प्रभाव बढ्ने छिटफूट केही सांकेतिक कार्यक्रमहरूका आधारबाट म सबै बेलैमा सबैको

त्यतातिर ध्यानाकर्षण गराउन के चाहन्छु भने सुकममा सदरमुकाममा घोर दक्षिणपन्थीहरूको चहलपहल बढ्ने दुर्गम र विकटहरूमा अरु कसैको चहलपहल पर्ने जुन परिदृष्य देखा परिरहेको छ । नामाकरण अलग अलग छ गन्तव्य र उद्देश्य एउटै अलग अलग भनिरहेको छन् तर परिणामस्वरूप गन्तव्य दुवैको एकै ठाउँमा पुग्न सक्ने एउटा अवस्था छ । यो जनप्रतिनिधिको संस्था यो राजनीतिक संस्था त्यसको दैनानुदिन रेखदेख संचालन गर्नका निम्ति हामीले हाम्राबीचबाट सरकार बनाइरहेका छौं । त्यसकारणले यो राजनीतिक विषयमा पनि हामी सबैले आफ्आफ्ना ठाउँमा चनाखो र होशियारी बन्न सकिएन भने हामीले गौरव गरेर सयौं सहिदहरूले बलिदानस्वरूप प्राप्त गरेको जुन अवस्था र संरचनाका आज हामी आज जुन जनप्रतिनिधि छौं, त्यसका बारेमा सार्वजनिक रूपले एक पछि आर्को बर्खिलाभ गर्ने कुरा त्यसलाई हामीले एक्लाएक्लै नजरअन्दाज गर्ने कुरा कतिपय अवस्थामा अनुकूल कुरा गर्ने कुरा गरियो भने अन्तत्वगत्वा त्यले हामीले प्रतिनिधित्व गर्ने जे व्यवस्था र सिस्टम र हामीले जे संविधान प्राप्त गरेका छौं । त्यसको रक्षा गर्ने कुरामा पनि उत्तिकै ध्यान जान जरुरी छ भन्ने कुरा म सबैको यो सभासमक्ष सभामुखमार्फत् ध्यानाकर्षण गराउन चाहन्छु । नम्बर तेस्रो, असार १ गते बजेट प्रस्तुत भयो हामी सबै माननीय सदस्यहरूको सक्रिय सहभागिताबाट त्यसको अन्तमा हामीले पारित गरेको अवस्था हो । यो बजेट कार्यान्वयनको साउन महिना भनेको पूर्व तयारी भदौदेखि कार्यान्वयनको तहमा पुग्नुपर्ने अवस्था हो नै । यद्यपि सरकारको जिल्ला जिल्लाको सक्रियता हेर्दा सबै पूर्वतैयारी गरेर त्यहाँसम्म पुगेको होला भन्ने मलाई लाग्छ । यसरी नै सरकार अगाडि बढिरहेकै होला तर म फेरि पनि विनम्रतापूर्वक अनुरोध र आग्रह गर्न चाहन्छु कि हामीले पारित गरेको बजेट कार्यान्वयनको तहको पूर्वतैयारी गरिरहनुभएको छ तर अझ त्यसमा थप गतिका साथ थप निश्कर्षका साथ अगाडि बढ्न पर्ने जरुरी र आवश्यकता मैले देखिरहेको छु, त्यतापट्टि हामी सबैको ध्यान जाओस् र मूलतः सरकारको तहबाट गर्नपर्ने निर्णय, अवलम्बन गर्नुपर्ने प्रक्रियाका बारेमा ढिलासुस्ती हुँदा कार्यान्वयनमा त्यले जुन जटिलता उत्पन्न हुन्छ फलस्वरूप त्यले सरकारको कार्यसम्पादनमा प्रश्न उठ्छ । सरकारको कार्यसम्पादनमा मात्र होइन, त्यो नेकपाको कार्यसम्पादनमा प्रतिप्रश्न उठ्ने परिस्थिति निर्माण हुन्छ । त्यसकारणले त्यतापट्टि हाम्रो र खासगरी सरकारमा रहनुभएका साथीहरूको गम्भीरतापूर्वक ध्यान गएकै छ अझ ध्यान जानका निम्ति म सभामुखमार्फत् गम्भीरतापूर्वक ध्यानाकर्षण गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री सोशीला शाही । समय ५ मिनेट ।

**माननीय श्री सोशीला शाहीः** सभामुख महोदय, नेपालको संविधान २०७२ अनुसार देशको संघीय शासन व्यवस्था बमोजिम तीनैवटा निर्वाचन प्रणाली अन्तर्गत हामी प्रदेश सभाको निर्वाचन अनुसार भिन्न भिन्न दलको प्रतिनिधित्व गरी यस प्रदेश यस कर्णाली प्रदेश सभा भवनमा उपस्थित भएका हौं । पदीय दायित्व अनुसार फरक फरक जिम्मेवारी भए पनि प्रदेश सभा सदस्यको हैसियतले सबैलाई सबैलाई समान अधिकार रहन्छ म राष्ट्रिय प्रजातन्त्र पार्टीको दलको एक जना मात्र माननीय भएको हैसियतले प्रदेश सरकार गठन भएको करिब १७ महिना भए भएपछि हेपाहा मानसिकताको उपजले संसदीय दलको कार्यालय उपलब्ध गराउनुभयो । उक्त कार्यालय उपलब्ध भएको करिब १५ दिन नबित्दै बिना सूचना बिना सहकार्य छलफल बेगर के, कति, किन, कसका प्रभाव र दवावका कारणले कसको मानसिकतामा प्रत्यक्ष असर परी मानसिकता उपचार गराउनुपर्ने भएकोले संसदीय दलको कार्यालय लेखेको नेम प्लेट भएको अर्को भवनमा भवनमा मिलाएर राख्नुभएको हो ? के यो संसदीय दलको कार्यालय छाउपडी गोठ हो ? दुईचार दिनमै अर्को घरमा सार्ने, गाउँघरमा मञ्चमा गएर दलाल सामन्तकाविरुद्ध लडेर ल्याएको लोकतन्त्र राज्य व्यवस्था हो भनेर छातीमा हात ठोकेर भाषण गर्ने यही हो लोकतन्त्र ? लोकतन्त्र राज्य व्यवस्था यो त १०४ वर्षे जहानियाँ राणा शासन भन्दा पनि बढी शासन लादिएको छ । यसलाई लोकतन्त्र भनिदैन । लुटतन्त्रको

उपज हो कसैले आफ्नो मर्यादा कायम राख्न अरुको मर्यादाको पनि ख्याल नगर्न, गर्न जरुरी हुन्छ यस विषयमा सत्ता पक्षको प्रमुख सचेतकज्यूलाई पनि हेक्का रहन जान्छ । संसदीय दलको कार्यालय दिएपछि संसदीय दलको नेताले पाउने सेवा सुबिधा पाइन्छ वा पाईँदैन यसको कारणसहित जवाफको माग गर्दछु । हैन भने किन फलानो दलको संसदीय कार्यालय भनेर राख्ने ? यसरी बिना जानकारी म र मेरो दललाई अमर्यादित अपमानित र मर्यादाको मानहानि हुने तवरले व्यवहार गर्नुभएकोले केन्द्र पार्टीको निर्देशन बमोजिम वा व्यवहार गर्नुभएको कारणले सरोकारवाला निकाय र संसद सचिवालयप्रति घोर आपत्ति व्यक्त गर्दछु साथै नियम कानूनले दिन नमिल्ने भए नदिनुस् नत्र भने आफ्नो घरको व्यक्तिगत सम्पत्ति भए झैं गरी कसैको छाप र दयामायाले दिएजस्तै गरी दिएको हो भने हामीलाई उक्त कार्यालयको कुनै आवश्यकता छैन । साथै समन्वय सहकार्य छलफल बेगर दुई तिहाइको दम्ब देखाई पूर्वाग्रही तवरले एकाएक सारिएको कार्यालय हामीलाई स्वीकारयोग्य नभएको, नभएकाले यो कार्यालयमा तपाईंका अन्य नेता कार्यकर्तालाई अझैं नपुगेको भए व्यवस्था गर्न जानकारी गराउँदछु । यस्ता नियम नियति दिनप्रतिदिन बढ्दै गएकोमा समय कालखण्डमा पनि पार्टीले जुनसुकै बेला यस बिषयमा बदला लिन बाध्य हुनेछ अनि यस्ता विषयहरूको उजागर गरी बाहिर ल्याइदिनका लागि मिडियाकर्मी मित्रहरूलाई निवेदन गर्दछु । सचिवालय सचिवज्यूलाई राजनीतिक पूर्वा प्रवाह र दवावभन्दा टाढा रहेर निश्पक्ष तवरले काम गर्न कार्य गर्न गराउन पहिलो सुझाव दिंदै मेरो भनाई यही अन्त गर्दछु । जय राष्ट्रवाद ।

**माननीय सभामुखः** माननीय श्री चन्द्रबहादुर शाही ।

**माननीय श्री चन्द्रबहादुर शाहीः** सभामुख महोदय, वर्षाका कारणले कर्णाली प्रदेशका विभिन्न गाउँबस्तीहरूमा बाढीपहिरो धनजनको ठूलो क्षति भएको छ । बाटाघाटा, पुलपुलेसाहरू सब भत्किएका छन् । जनतालाई एक ठाउँबाट अर्को ठाउँ जानलाई वनपाखा जानलाई सदरमुकाम जानलाई जनताहरू बिच्छेद भएका छन् । नजिकको सरकार भनेको प्रदेश सरकार हो । प्रदेश सरकारबाट ठूलो आशा गरिरहेको कर्णाली प्रदेशका ती जनता अहिले पनि सरकारको ध्यान त्यता गएको देखिन्न । त्यसरी आज विभिन्न कामबाट बञ्चित ती जनतालाई र त्यो भत्काइएका पुलपुलेसा बाटाघाटाहरू तुरुन्तै जनतालाई सहज तुल्याउनको लागि सरकारको म ध्यानआकर्षण गर्न चाहन्छु । त्यस्तै सभामुख महोदय यही साउन ४ गते रातिको १२ बजे अज्ञात समूहले मुगु जिल्लाको खत्याड गाउँपालिका वडा नं. २ को जाम बजारमा प्रत्येक घरमा बाहिर चुकुल लगाएर पानीका धाराहरू काटेर खत्याड गाउँपालिका वडा नं. २ वडा कार्यालय र सहकारी कार्यालय लगायत अरु घरमा आगजनी गर्ने काम भएको छ । अहिले त्यो वडा कार्यालयमा रहेको सामाजिक सुरक्षा भत्ता अनि त्यो सहकारीमा रहेको जनताको सम्पत्ति लगायत अरु घरहरूमा रहेको जनताको सम्पूर्ण सम्पत्ति नष्ट भएको छ । म आन्तरिक मामिला मन्त्रीज्यू सम्बन्धित स्थलमा पुगेर फर्किनुभएको छ । अहिलेसम्म पनि ती अपराधीहरू पत्ता लागेको छैन । भागिरहेको अवस्था छ । सुरक्षाकर्मीले खोजिरहेको छ र त्यो आगलागिबाट पीडित जनताहरू अहिले पनि छटपटिरहेको अवस्था छ । त्यसो भएकोले म सरकारलाई ती पीडितहरूलाई राहत तथा ती अपराधीहरूलाई छिटो कानूनको कटघरामा ल्याउनको लागि म माग गर्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री पदमबहादुर रोकाया ।

**माननीय श्री पदमबहादुर रोकायाः** माननीय सभामुख महोदय, हामी साउन १८ गतेबाट हाम्रो सदन स्थगित भएको थियो । हामी यो १२/१३ दिनको पिरियडमा हामी आफ्आफ्नो जिल्लामा क्षेत्रमा गएका थियौं । म पनि गएको थिएँ । म जाने क्रममा र आउने क्रममा प्रदेशकै गाडी मेरो समितिको गाडी थियो गाडीमा आएको थिएँ म । बाटामा जाँदाखेरीमा गाडीहरू रोकिएका थिए । गाडी जाम भएका थिए । अनि

गाडीबाट ओर्लदाखेरिमा त्यहाँ जाम भएका साथीहरू भन्छन् । अब माननीयजी आउनुभयो एकछिन बन्द गर है एकछिन पर, माननीय माननीय जी हेर्नुहुन्छ । बाटो बाटो बन्द भएको छ कोही हाँसेर भन्थिए कोही गाली गरेर भन्थिए । त्यस्तो अवस्था यो बाटो सुर्खेतदेखि नाग्मसम्म त्यस्तो अवस्था थियो यो बाटो छ । जस्तै यो कृष्णजन्माष्टमीमा लाखे नाचेझैं गाडीहरू नाचिरहन्छन् त्यहाँ । बाटो बाटोमा ब्रेकहरू भाँचिरहेका हुन्छन्, पट्टा भाँचिरहेका हुन्छन् । सायद हाम्रै गाडीको एउटा टायरै त्यो पट्क्यो त्यहाँ त्यस्तो अवस्था यो बाटो छ । ठाउँ ठाउँ पुलहरू पाँच छ वर्ष भयो यी पुलहरू बनेका छैनन् । हामीले यो प्रदेश सरकारको कर्णाली प्रदेशको ध्यानाकर्षण गर्न चाहन्छौं । पुलहरू बनाउने ठेकेदारहरूलाई हामीले ताकेता लगाउनुपर्‍यो अनि नाग्मदेखि माथि जो गमगढी जाने बाटो छ त्यो पनि त्यस्तै नै छ, पूरै हिलैहिलो छ । हो बर्षाको टाइम हो बाटो हिलो हुनु, हुन्छ यो तर अब हामीले छिटोभन्दा छिटो कर्णाली प्रदेशले पैंसा हालेको छ । योजना दिएको छ । हामीले कसरी छिटोभन्दा छिटो गर्ने हो । रकम त पहिला पनि हालेका थियौं हामीले ०७५/०७६ को बजेट । जनता सडकमा ५ करोड हालिएको थियो । त्यो अहिलेसम्म टेण्डर भएको छ साठी पैसठ्ठी प्रसेन्ट ठेकेदारहरू घटेका छन् । अहिलेसम्म कुनै काम भएको छैन । अब त्यो पैंसा हालेरमात्र के गर्ने अहिले पनि २ करोड पहिला छुटियो फेरि ८ करोड रुपियाँ जनता सडकमा छुटिएको छ । त्यो, त्यो पनि छिटो जिल्लामा क्षेत्रमा जाओस् र हामी माननीयहरूले निर्वाचन क्षेत्र कोष ५ करोड रुपैयाँ त्यो पनि कुन ठाउँमा लगाउने हो । छिटो कार्यविधि बन्नुपर्‍यो । पैंसामात्रै छुट्याउने अन काम नहुने फेरि अर्को सालको बजेटमा प्लस हुने त्यो काम गर्नुभएन अनि बाटाहरू त्यस्तै छन् अनि अरु मन्त्रालयका अरु हाइटेक नर्सरीहरू छन् त्यहाँ म सबै ठाउँ घुमे मेरो क्षेत्रमा हाइटेक नर्सरी अधुरा छन् त्यहाँ र पर्यटन मन्त्रालयका र कृषि मन्त्रालयका एक एक नर्सरी हाइटेक नर्सरी दुइटा यस क्षेत्रमा दुइटा हाइटेक नर्सरी छन् । अहिले रकम अब त्यति छुटिएको देखिदैन । छुट्याउनु पर्छ नर्सरीमा जुन ठाउँमा आवश्यक छ जुन ठाउँमा हाइटेक नर्सरी हुनेवाला छ त्यो ठाउँमा बजेट छुट्याउनु पर्दछ । अनि स्कूल भवनहरू छन् अरु छन् । ०७५/०७६ का स्कूल पनि अधुरा छन् पैंसाहरू फ्रिज गएको छैन । हामी मन्त्री मन्त्रालयमा गयौं हामी शिक्षा निर्देशनालयमा गयौं अब दुई तीन महिनामा काम भएन पैंसा फ्रीज जानु भएन भनेर छुट्याएको छ । प्राविधिकहरू चाहिँ गएका छैनन् स्कूलमा प्राविधिकहरू नजाने प्राविधिक नगएपछि एक दिन जाने उनीहरू प्राविधिकहरू । एक दिन गएर यो काम भएन त्यो काम भएन रातैभित्र आइहाल्ने । प्राविधिकहरू बस्नुपर्दछ । काम केही न केही ७५ प्रसेन्ट भइसकेका छन् । त्यहाँ उपभोक्ता समितिले स्कूल व्यवस्थापन समितिले पैंसा पाएको छैन त्यहाँ । उनीहरू पैंसा नभएसम्म कसरी सामान ल्याउने कसरी त्यो सामान जुटाउने कसरी लगाउने ? त्यसको लागि पनि यो प्रदेश सरकारको मन्त्रालयको ध्यान आकर्षण गर्न चाहन्छौं । त्यसैगरी जस्तै हामीले ०७५/७६ मा बजेट हामीले बाँडफाँड गर्‍यौं त्यस्तै अहिले योमा यो नहोस् । छिटो कार्यविधि बनोस् छिटो नियमावली बनोस् छिटा प्राविधिकहरू हाम्रा छिटा जिल्ला क्षेत्रमा जाओस् र पारदर्शीक हिसाबले हाम्रा प्राविधिकहरूलाई हामी छिटोभन्दा छिटो पठाऔं र पठाएर मात्र भएन । जस्तो स्थानीय निकायको बजेट छ गाउँपालिकाको त्यस्तै नै प्रदेशको व्यवस्था अनुगमन गर्ने छैन अहिले । हामीले ०७५/०७६ मा बजेट हाल्यौं कले अनुगमन गर्‍यो त्यहाँ काम भएको छ कि छैन त्यहाँ ठेकेदारले प्राविधिकले अथवा उपभोक्ता समिति र प्राविधिक मिलेर त्यो काम गरे कि गरेनन् कसले अनुगमन गर्ने त्यो। हामीले देख्नै पाएका छैनौं हेर्नै पाएका छैनौं । अनुगमन गर्ने अधिकारै छैन । काम गरे कि गरेनन् कि त्यत्तिकै मिलेर पैंसा खाए कि के थाहा छ । त्यसकारणले अनुगमन गर्ने पनि पाटो हुनुपर्दछ अहिले ०७६/०७७ को बजेटमा । त्यसैकारणले यो कर्णाली प्रदेशको ध्यानाकर्षण गर्न चाहन्छु म । हामी भनिरहेका छन् कर्णाली प्रदेशमा बजेट आउँछ यो गाउँपालिका यति यो क्षेत्र यति आउँछ तर काम केही हुँदैन भनेर भनिरहेका छन् यहाँ । उनीहरू त उल्टो हामी माननीयहरूलाई आरोप लगाइराखेका छन् उनले । जस्तो गाउँपालिकाले गरेको छ प्रसेन्टको हिसाबले

लिएको छ उले, त्यस्तै कर्णाली प्रदेश सदस्य पनि प्रसेन्ट माग्छन् होला प्रसेन्ट खान्छन् होला भनेर आरोप लगाछन् त्यहाँ भने हामी त्यसको हामीले अनुगमन गर्ने पाटो, अनुगमन गर्ने हामीले पाटो हामीले गर्नुपर्दछ हामीले धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री मिना सिं रखाल ।

**माननीय श्री मिना सिं रखालः** माननीय सभामुख महोदय, मैले एउटा भिन्दै विषय छ मेरो। काहीं वर्षाले बाढी जाने धनजनको क्षेति पुऱ्याउने हो भने अहिले प्राकृतिक प्रकोप दैलेख जिल्लालाई पारेको छ । जसले गर्दाखेरि हामी दैलेख जिल्लाका केही केही ठाउँहरूमा सुख्खा खडेरी परेको अनुभव भइरहेको छ । यो कलाइमेट चेन्जको कारणले होला । दैलेख जिल्लाको नारायण नगरपालिका, महाबु गाउँपालिका, भैरवी गाउँपालिकाका केही केही वार्डहरूमा असारको महिनामा पानी पर्नुपर्थ्यो, त्यतिखेर पानी परेन । बीउ राख्न पाएनन् । काहिँ कतै पाइप लगाएर कुवाको पानी गाग्रीमा बोकेर बीउ राखेका थिए तर अहिले पर्याप्त मात्रामा पानी नपरेर मूल नफुटेर खोलानाला सुख्खा भएर खोल्साहरू सुख्खा भएर खेतको रोपाइँ भएको छैन । मैले यो सदन पछि स्थगित सदनपछि म दैलेखतिर गएँ र ती हाम्रा ९ नं वार्ड १ नं. वार्ड भैरवीको २ नं. वार्ड महावुको २ नं. वार्ड काहिँ पनि कतै मैले रोपाइँ भएको देखिन र साउनको २० गतेसम्म रोपाइँ भएको थिएन र अहिले पनि रोपाइँ भएको छैन अब रोपाइँ पनि गर्नु हुँदैन भन्ने कुरा किसानहरूले यहाँ अवगत गरिसक्नुभएको छ । र आज किसानहरू कहिले बीउ राख्ने मारमा पर्नुभो अहिले रोप्न नपाउने मारमा परिरहनुभएको छ । र त्यसैगरी मकै खेती जुन मकै खेती लगाएर र अलिकत दैलेख जनता मकैमा निर्भरमा रहेका हाम्रा दैलेखी जनता आज वन्यजन्तु बँदेल, बँदेल पसेर ६०/६५ घरहरूको खेतीबारी नष्ट गरेको छ । त्यसमा पनि ९ नं. वार्ड १ नं. वार्ड अनि भैरवीको रावतकोटमा बँदेलले सताएर त्यहाँका मकै बाली नष्ट भएको छ । त्यसैगरी सभामुख महोदय ३ गतेको हावाहुरीले नौमूले गाउँपालिकाको ५ र ६ ७ को मकै खेती तहसनहस भएर त्यहाँ कुनै पनि बोटबिरुवाहरू उठेको देखिँदैन र पत्रपत्रिकाले पनि संचार माध्यममा पुऱ्याएको छ र हामीलाई पनि समाचार त्यहाँका किसानहरूले यो अवस्थाको बारेमा जानकारी गराउनुभएको छ । त्यसैकारण सभामय सभामुख महोदयसँग प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । छिटोभन्दा छिटो ती खेत रोप्न नपाएका किसान मकैबारी नष्ट पारिएका किसानहरूको राहतको लागि केही उपलब्ध गराइदिन हुन सभामुख महोदयद्वारा प्रदेश सरकारको ध्यानाकर्षण गर्दछु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री दान सिंह परियार ।

**माननीय श्री दान सिंह परियारः** सभामुख महोदय, अस्ति मात्रै साउन ३२ गते मुगु जिल्ला छायाँनाथरारा नगरपालिका वडा नं. १, ४ र ६ को नजिकै रहेको गमगाड खोला ठूलो बर्षातको कारणले गर्दा अकस्मात बाढीपहिरो आएको कारणले गर्दा त्यो खोलाको नजिकै रहेका करिब डेढसय जना जति व्यक्तिहरूको बालीनाली पूर्णरूपमा क्षति पुऱ्याइएको अवस्था छ । त्यस्तै त्यो खोलामा पर्ने करिब ७ वटा चाहिँ काठे साँगुहरू पूरै बगाएर लगेको छ । त्यस्तै गरेर पाक्न लागेको बाली एकातिर त पूर्ण क्षति थियो नै । त्यो सँगसँगै गमगढी सदरमुकाममा बल्ने बत्ती गमगाड साना जलविद्युत आयोजना पनि उक्त दिनदेखि अहिलेसम्म निरन्तर जिल्ला सदरमुकाम लगायतका बस्तीहरू अन्धकार छन् । त्यसोभकोले मैले अस्तिको संसदमा पनि यो कुरा राख्ने मैले सोचेको थिएँ र विशेष परिस्थितिले त्यो कुरा राख्न सकिन र म अहिले विशेषगरेर उक्त प्रभावित क्षेत्रका चाहिँ सयौं जनताहरूले अहिले कर्णाली प्रदेश सरकारको तर्फबाट तत्काल उक्त क्षेत्रको चाहिँ स्थलगत अवलोकन गरियोस् भनेर माग गरिएको छ । त्यसोभको हुनाले उक्त क्षेत्रको कर्णाली प्रदेश सरकारको तर्फबाट पीडित क्षेत्रको चाहिँ तत्काल स्थलगत अवलोकन गरियोस् र त्यो सँगसँगै

नजिकै रहेका बस्तीहरूमा पर्न गएको त्रासदीलाई कम गर्नको निमित्त र भएको क्षतिलाई प्रस्तावित गर्नको निमित्त केही राहतको पनि व्यवस्था होस् र नजिकै रहेका केही मैले सुनेको ४ वटा घरहरू पनि नजिकैको बस्तीको ४ वटा घर पनि बगाएर लगेको छ त्यो घरलाई पनि कर्णाली प्रदेश सरकारको तर्फबाट प्रस्तावित गर्ने व्यवस्था गरियोस् र अन्तिममा अहिले जति पनि बाढी प्रभावित क्षेत्रहरू जति पनि वर्षातको कारणले त्रसित भएको अवस्था छ त्यसको प्रमुख प्रभावको रूपमा अहिले यो गमगाड खोलाले गरेको कारणले गर्दा कर्णाली प्रदेश सरकारको तर्फबाट तत्काल स्थलगत अवलोकन गरी आवश्यक राहत र पुनर्स्थापनको व्यवस्था गरियोस् भन्ने कुरा राख्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री ठम्मरबहादुर बिष्ट ।

**माननीय श्री ठम्मरबहादुर बिष्टः** माननीय सभामुख महोदय । विशेष समय अन्तर्गत मैले खासगरी दुइटा कुरामा केन्द्रित भएर विषय केन्द्रित हुनेछु । पहिलो कुरा विद्युतको विषय यहाँ म ध्यानाकर्षण गर्न चाहन्छु सदनमा । अहिले खासगरिकन स्वास्थ्य क्षेत्रमा शिक्षा क्षेत्रमा उद्योग क्षेत्रमा कृषि क्षेत्रमा थुप्रै क्षेत्रमा विद्युतको कारणले घरमा गृहणीलाई त्यसपछि पढ्ने विद्यार्थीदेखि लिएर वर्षा छ सर्पहरूको अरुचाहिँ किराकीरीको समस्या त छँदैछ । त्यसमा चाहिँ जनताको ज्यान जोखिममा छँदैछ । त्यसकारण यो छिनछिनमा बिजुली जाने जो खालको एउटा चाहिँ स्थितिबाट जनता आक्रान्त भको स्थिति छ यो राजधानी लगायत हाम्रो प्रदेशमा नै । त्यसोभाहुनाले यो विषय के रहेछ भनेर त्यही एक डेढ हप्ता अगाडि मैले डिएमडीसँग एमडीसँग मैले त्यहाँ कुराकानी गरेको थिएँ यो विषय अलि जटिल पनि रहेछ । त्यसकारण सरकारले यसलाई एउटा विशेष इस्यू बनाएर अगाडि बढोस् मैले यो कुरा यहाँ राख्न चाहन्छु किनकि यो विशेषगरी एउटा जसरी अहिले यो विद्युत विस्तार भइरहेको छ- जाजरकोट हुँदै दैलेख हुँदै अब के रहेछ भने दैलेखबाट कालिकोट हुँदै यो लाइन विस्तार हुँदैछ । यो जबतक हामीले १ सय ३३ के.भी. जो प्रसारण लाइन यहाँ हुँदैन, तबसम्म यो कुरा अन्त्य हुँदैन भन्ने कुरा उहाँहरूले गर्नुभो र यसको खास चाहिँ चुरो कहाँ अड्किएको छ भन्दाखेरि आइ इआइ गर्नुपर्ने कुराहरू वनसँग अडिएको छ, आरक्षमा उहाँहरूले केही काम गर्न पठाउनु भो एक दुइटा रुखहरू त्यहाँ फेरि चाहिँ तपाईको आरक्षले सेनाले समायो । यो खालको समस्याहरू छ। त्यसकारण यो त्यति छिटै सल्टिनेखालको देखिदैन । त्यसकारण मैले भन्न चाहन्छु, एउटा अल्पकालीन हिसाबले जो सामान्यतया यो रामघाट क्षेत्रमा अथवा छिन्चु क्षेत्रमा जसरी यो हर्रे क्षेत्रमा हाम्रो क्षेत्रमा जो बनिराख्या'छ त्यहाँ त हामीले अब अल्पकालीन हिसाबले तत्काल पनि गर्न सक्छौं त्यो कुरा सरकारले प्याकेज बनाओस् र दोस्रो कुरा जो दीर्घकालीन हिसाबले हल गर्नपर्ने विषय छ १ सय ३३ केभी प्रसारण लाइनको लागि छिटै एउटा मुख्य इस्यू बनाएर सरकार अगाडि बढोस् । पहिलो कुरा मैले यो कुरा राख्न चाहन्छु । दोस्रो कुरा जहाँसम्म सडकको कुरा छ अब पहिलो मान्छेको मुखै कस्तो हुन्छ भन्ने कुराले उसको एक्सप्रेसन जनाउँछ भने जस्तै राजधानी भनेको एउटा मुख हो । यहाँभित्र अहिले यो सडकको स्थिति हेर्दाखेरि कि त यो ठाउँमा धेरै लामो युद्ध भको छ क्या हो यो, प्यालेष्टाइन जस्तो युद्ध भको अथवा अफगानिस्थान जस्तो युद्ध भको ठाउँ हो कि जस्तो यो देखिन्छ, या त ठूलो भुइँचालो आएकोजस्तो खड्डाखड्डी विभिन्न खालको त्यो साइकल हिड्ने कहाँ हो, मान्छे हिँड्ने कहाँ हो, गाडी हिँड्ने कहाँ हो ? हुन त हामीकहाँ सबै एकैचोटी गर्ने भन्ने छ । ज्याप्टिङ्गदेखि के-के सबै त्यही हुन्छ उफ्रिने, दगुर्ने, तल खस्ने, माथि आउने, रसी लगाउने, पानी छिचोल्ने सबै सबै, जहाजदेखि त्यो सबै चल्ने खालको प्रविधि त्यहाँ छ । त्यसकारण यो खालको जो अवस्था छ यसबाट हामी कसरी पार पाउने ? सरकारले यलाई एउटा चाहिँ इमरजेन्सी एउटा इस्यू बनाएर अगाडि बढोस् । मैले यो कुरा यहाँ निवेदन गर्न चाहन्छु । अब फर्चुनेटली भनौं या अनफर्चुनेटली भनौं अहिले यो कार्यभार पनि मुख्यमन्त्रीकै चाहिँ तपाईको यो भौतिक यो सडकको कुराहरू बिजुलीको कुराहरू उहाँलाई नै परेको छ । त्यसकारण उहाँको

कार्यकालको शुभकामना पनि दिन चाहन्छु, उहाँलाई बधाई पनि दिन चाहन्छु साथसाथै यो कामलाई कमसेकम शरद शरद ऋतु लाग्दैछ । यो मरुभूमिमा अलिकन पानी पऱ्यो भने पनि त धेरै ठूलो कुराहरू चमत्कारिक कुराहरू हुन्छन् । त्यस्तै सरकारको विषयमा हामीले सुनिरहेका छौं देखिरहेका छौं । एकदमै मान्छेहरूले धारे हात लगाइरहेका छन्। थोरै पनि यो विद्युतको विषय र सडकको विषय राजधानीका विषयलाई हामीले केन्द्रित गर्न सक्यौं र कमसेकम यो कर्णाली प्रदेशका नागरिकहरू विदेशबाट आउने, दशैंतिहार आको छ हिउँद सिजन शरत ऋतु लाग्दैछ । यसमा अलिकति पनि हामीले एउटा म्यासेज दिन सक्यौं भने त्यो मरुभूमिमा चाहिँ वर्षा भको जस्तो यसले म्यासेज दिनेछ । त्यसकारण यो दुइटा विषयलाई समग्र मैले सरकारको र विशेषगरी सरकारको नेतृत्वको हिसाबले मुख्यमन्त्रीको र अझ यो कार्यभार उहाँले सम्हाल्दै गर्दाखेरि अब फस्ट इम्प्रेशन इज लास्ट इम्प्रेशन भनेजस्तै उहाँले पहिलो इम्प्रेशन यहींबाट चाहिँ दिनुहुनेछ । धन्यवाद !

**माननीय सभामुखः** माननीय श्री रातो कामी ।

**माननीय श्री रातो कामीः** माननीय सभामुख महोदय, खासगरिकन यस वर्षको वर्षाले रुकुम पश्चिमको क्षेत्र नं.१ र का विभिन्न ठाउँहरूमा बाढीपहिरोको कारणले विविध प्रकारका क्षतिहरू पुऱ्याएको छ । जसमा आठबीसकोट नगरपालिका वडा नं. १३ मा श्रावण १७ गते ४१ वर्षको बिरमी नेपालीको घट्ट गएको समयमा घट्ट-मान्छे सबै बगाएर खोलाले लिएको छ । अहिलेसम्मलाई लाश भेटिएको छैन र सोही वडाको घेतमा खोलाले ६ वर्षको स्कूले बच्चालाई स्कूल जाने क्रममा बगाएको छ । बगाएर मृत्यु भएको छ र यो घेतमाको हम्पा भन्ने ठाउँमा वडा नं. १३ मा ९ घर हालसम्मलाई बगाइसकेको छ र १५ घर ५० मीटर तल खस्केर बसेका चाहिँ छन् ती घरहरू पनि कोल्टो भएर बसिरहेका चाहिँ छन् । ठूलो क्षति पुऱ्याएको चाहिँ छ । यो सबैभन्दा यो वर्षको त्यहाँ बढी क्षति भएको छ र यसमा जनधनको क्षति हुने क्रममा अब ती घर भत्केका परिवारहरूको सबै श्रीसम्पत्तिहरू आधाजसो नष्ट भएको छ, मोटामोटीबाहेक चाहिँ अरु । यसमा इलाका प्रहरी कार्यालय राडी, त्यहाँ सशस्त्रको एउटा सानो टुकडी पनि छ, स्थानीय जनता, नगरपालिका जनप्रतिनिधि सबै लगायतका व्यक्तिहरूले उद्दारमा चाहिँ सक्रियतापूर्वक चाहिँ भाग लिनुभयो र यो सँगसँगै भेरी नदीले यो वर्ष बढीभन्दा बढी कटान गरेको छ । गत वर्ष त्रिवेणीमा क्षति पुऱ्याइरहेको थियो यो वर्ष त्रिवेणीमा अलिकत चाहिँ जालीको मजबुद व्यवस्थापन हुँदा त्यहाँ अहिले जालीको कारणले केही त्यहाँ सुरक्षित भएको छ र अरु थप जाली भयो भने त्यहाँ हुनेछ । मैले त्यहाँ स्थलगत रूपमा पनि म गएर हेरेको छु । मनका बगरमा २५ घरमध्येमा १० घर बगाए कटान नदी कटानबाट बगिसकेका छन् र स्कूल र १५ घर अति जोखिममा छन्, कटा काटिरहेको छ । अब त्यस्तै गरिकन ज्यामिरेमा रहेका घरहरू जोखिममा परेका चाहिँ छन् । त्यहाँ गाउँको छेउमै पुगेको छ । त्यस्तैगरिकन चाहिँ अनाबगरमा कटान भइरहेको छ । अब गम्राघाट छेपारेसम्मनको भेरी नदीले लगातार कटान गरिरहेको छ। वर्षाकाचाहिँ खेती एकैजमिन चाहिँ नष्ट भइरहेको छ । आठबिसकोट नगरपालिकाकै गत वर्ष ३१ घर क्षति हुनेगरी गएको बाढीपहिरोले यो वर्ष ९/१० घरपुर पुरै बगाएको छ र बगर गत वर्ष आधाजसो पुऱ्याथियो भने यो वर्ष पूरै त्यहाँचाहिँ बगरमा परिणत भइसक्यो । त्यहाँ यो वर्ष कूलो पनि छैन खेतीबाती पनि छैन । पहिला यो धान फल्ने ठाउँ हो, त्यसमा अहिलेचाहिँ उराठलाग्दो भैरा'छ र त्यो पूर्णरूपले क्षति भइसक्यो । त्यसको व्यवस्थापन खासगरिकन चाहिँ जलाधार क्षेत्रबाट चाहिँ यो वर्ष केही ढिला गरी भए पनि व्यवस्था गर्न खोजियाथ्यो खासगरीकन वर्षाको कारणले हालेका जालीहरू पनि पूरैचाहिँ फेरि तल पुऱ्याइसक्यो र मुसीकोट नगरपालिकामा ४ घर चाहिँ भत्केका छन् र यो बाढीपहिरोको कारणले मुसीकोट नगरपालिकाका विभिन्न वडाहरूमा चाहिँ जोखिम बढिरहेको छ । वडा नं. ९, १, ८, १४, १२ मा छ भने १० नं. वडामा ४ वटा घर हालसम्मलाई भत्किसकेका चाहिँ छन् । त्यसैले गर्दा सभामुख

महोदय, यो बाढीपहिरोको कारणबाट धनजनको क्षति पनि भएको छ र त्यहाँका मानिसहरू विस्थापित भएका चाहिँ छन् । गत वर्ष र यो वर्ष गरेर करिब चाहिँ ८२ घर गत वर्षको थियो भने यो वर्ष सबै त्यो निर्वाचन क्षेत्रभरिमा चाहिँ फेरि ५० घरजसो चाहिँ विस्तापित भएका चाहिँ छन् । दुई ढाइसय विस्तापितको संख्या पुग्छ जसको घरबास पूरैचाहिँ नष्ट भएको छ । यसैले गर्दा यो क्षति भएका चाहिँ परिवारहरूलाई राहत र तिनीहरूको पुनर्वासको लागि घरबासको लागि व्यवस्थापन गर्न म कर्णाली प्रदेश सरकारसँग जोडदार माग गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, अब म प्राङ्गारिक कृषिसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि संशोधन प्रस्ताव परी सामाजिक विकास समितिमा छलफल भएपश्चात्का निर्णय र प्रतिवेदन सभा समक्ष राख्न समितिका अध्यक्ष माननीय श्री राजु नेपालीलाई समय दिन्छु ।

**माननीय श्री राजु नेपालीः** सभामुख महोदय, प्राङ्गारिक कृषि व्यवस्था गर्न बनेको विधेयक २०७५ प्रदेश सभा सचिवालयमा मिति २०७५ फागुन १४ गते दर्ता भई मिति २०७५ फागुन १८ गते सभामा छलफलको लागि टेबल भएको थियो । मिति २०७५ फागुन २७ गते प्रदेश सभामा सैद्धान्तिक छलफल पश्चात मिति २०७५ चैत्र १५ गते सभाबाट सो विधेयक सामाजिक विकास समितिमा प्रस्ताव भएको थियो । चैत्र १५, २०७५ मा बसेको यो प्रदेश सभाको बैठकको निर्णयानुसार प्राङ्गारिक कृषिसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि प्रस्तावन संसोदसहित दफावार छलफल गरी समितिको निर्णय सहितको प्रतिवेदन प्रदेश सभामा पेश गर्न यस समितिमा प्रस्ताव भएकोमा सो विधेयकमाथि दफावार छलफल गरेको गर्नको लागि समितिको २०७५ चैत्र १८ गते र चैत्र २० गते, २०७६ बैशाख ११ गते, जेठ १६ गते, जेठ १७ गते र १८ गते, असारको असारको २ गते र असार १७ गते र साउन १३ र १४ गते गरी जम्मा १० ओटा पटक पटक गरी १० ओटा बैठक बसी संशोधन प्रस्तावनमाथि व्यापक छलफल गरिए गरिएको थियो । प्राङ्गारिक कृषिसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि दफावार, दफावार छलफलमा माननीय सांसद माननीय सदस्यज्यूहरूले बोल्ने क्रम समाप्त भएपछि सो विधेयक टेबुल गर्न गर्नभएको माननीय मन्त्रीज्यू, संशोधनको सूचना दर्ता गराउनुभएको भएका माननीय सांसदज्यूहरू सम्बन्धित मन्त्रालयका सचिव, विषयविज्ञसँग समेत वृहत छलफल गरेको गरिएको थियो । उक्त छलफलमा सक्रियरूपमा सहभागी हुनुभएका माननीय मन्त्रीज्यू, संशोधनकर्ता माननीय सदस्यज्यूहरूले विषयविज्ञहरू छलफलमा सक्रिय भूमिका निभाउनुभएका सम्बन्धित मन्त्रालयका कर्मचारीहरू लगायत सचिवालयका कर्मचारीहरूप्रति आभार प्रकट गर्न चाहन्छु । सभामुख महोदय । समितिको बैठकले प्रस्तावित संशोधन तथा अन्य सम्बद्ध विषयवस्तु सहित विधेयकको आवश्यकता, महत्व र औचित्यको आधारमा देहायबमोजिम संशोधन गरी अन्तिम रूप दिई सोही व्यहोराको प्रतिवेदन माननीय सभामुख महोदयसमक्ष पेश गर्ने पे..समितिको सर्वसम्मत निर्णय भए बमोजिम उक्त संशोधनसहितको प्रतिवेदन माननीय सभामुख महोदय समक्ष पेश गर्न चाहन्छु । हवस् त धन्यवाद ।।

**माननीय सभामुखः** माननीय सदस्यहरू, अब यो बैठक २०७६ साल भदौ २२ गते आइतबार दिनको ३ बजेसम्मका लागि स्थगित हुन्छ ।

□□□

# बैठक संख्या-२५

(२०७६ साल भदौ २२ गते आइतबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश, प्रदेश सभाको चौंथो अधिवेशनको २५औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनुपर्ने विषयहरूमा यथास्थानबाट आफ्ना भनाइ राख्न विशेष समयको व्यवस्था गरेको छु । सर्वप्रथम माननीय श्री जीवनबहादुर शाही । माननीय सदस्यले रोष्टम प्रयोग गर्न सक्नुहुन्छ ।

**माननीय श्री जीवनबहादुर शाहीः** सम्माननीय सभामुख महोदय, सम्माननीय सभामुख महोदयको अनुमतिले म यो विशेष समयमा केही विशेष कुराहरू राख्न चाहन्छु । हामी जतिजति पुराना र बुढा हुँदै जान्छौं, त्यतित्यति संसद पनि पातलिदै जाने कताकता अल्छी लागेको हो कि भन्ने महशुस जस्तो भइरहेको छ, सभामुख महोदय । सबैभन्दा पहिला चाही अहिले भर्खरकै काण्डहरू चलिरहेका छन्- गाई काण्ड । कर्णाली प्रदेशलाई काण्डैकाण्डले नछोड्ने भो सभामुख महोदय । धन्नै ३ सय ७० वटा चौपायहरू नेपालगंजबाट यो कर्णाली प्रदेशका लागि पठाइयो । २ सय ९१ मध्येमा ३७ । ३ सय ७० चाहिं बाँकेले जिल्ला प्रशासनले चलानीसहित चाहिं ३ सय ७० पठाउने भन्यो तर आउँदाखेरि २ सय ९१ आए । त्यसमा ३७ मरेका छन् र २ सय २८ चाहिं फिर्ता गरिएको छ । के यो कर्णाली प्रदेश साँच्चै पहिला पहिला यो हुम्ला, जुम्लालाई कर्मचारीलाई रिस उठ्यो भने सरुवा गर्ने वेस्ट पेपर बास्केट केन्द्र जस्तै बनाइन्थ्यो । के आज यो सबैको वेस्ट पेपर बास्केट हो ? या के हो ? आजसम्म सरकारले यसको विषयमा बोलेको सुन्नमा आएन । के हो ? सत्यतथ्य के हो ? र दैलेखले पनि चिठी लेखेको छ, समन्वय समितिले पादुका कताकताको लागि चाहि हामीले स्वस्थ गाईहरू पठाउनु भनेर लेखेको पत्र देखिन्छ, र त्यो पत्रमा ८ गते समन्वय समितले यहाँ लेखेको छ, ९ गते नगरपालिकाले लेखेको छ ९ गते नै जिल्ला, केरे, ८ गते नै जिल्ला प्रशासनले लेखेको छ, भनेपछि त हामी त यति साँच्चै यो स्मार्ट सिटी भइसकेछ नि एकैदिन सबैको चिठी एकैचोटी हुने र आउने जुन ढंगले भएको छ । र यहाँ म यही बाटो भएर आएँ, जुन वायाँबाट जान्छ यदि कारणवश एक्सीडेण्ट हुन सक्छ, यदि गाईहरू फुत्केका हुन् भने पनि वायाँतिर खस्नु पर्नेमा यताबाट जाने दाहिने जहाँ भीर छ त्यहाँ खसालियो र यी गाईहरू मारिएको देखिन्छ । यसको लागि पनि सरकार मौन रहनु पर्ने कुरा होइन, हामीले विशेष चासो राख्नु पर्दछ भन्ने मलाई लाग्दछ । सभामुख महोदय ।

र अर्को महत्वपूर्ण कुरा हामी सधैं विशेष समय लिउँला अरु कुनै समय लिउँला हामीले बोलेका कुराहरू आजसम्म पनि कार्यान्वयन हुन सकेनन् । आज पनि हामी धन्नैधन्नै, धन्नैधन्नै फेरि एक महिनापछिको मिटिङ्गमा हामी आइपुगेका छौं । र सरकारले जुन बजेट ल्याएको थियो, त्यो बजेटको संशोधनको कुरा कहाँसम्म पुग्यो ? के भयो ? आजसम्म पनि त्यो सुन्न पाइएको छैन । हामीलाई त्यतिबेला बचन दिइएको थियो, सभामुख महोदय, कि यो बजेटको छलफल हुन्छ, चालुलाई घटाउँछौं र तपाईंहरूलाई बोलाउँछौं भनिएको थियो अब भदौ अन्तिम भयो हाम्रो बजेटहरू सबै डिस्प्याच हुने बेलामा सम्म पनि आजसम्म पनि एउटा बजेट आएको देखिदैन, सभामुख महोदय ।

र म यो समयमा, यसो जिल्लातिर घुम्ने मैले जमर्को गरेँ । सरकारले गरेका कामकारबाहीहरू र हामी सांसदहरू कति उत्तरदायी भयौं भन्ने हिसाबले पनि म ठाउँठाउँमा पुगेको थिएँ । र आज साह्रै पीडा भएर आएको छ सभामुख महोदय । कर्णाली प्रदेशका हामी सांसद भन्न पनि हामीलाई लाजमर्दो भएको छ, यहाँको सरकार भन्न पनि लाजमर्दो भएको छ, यहाँको प्रतिपक्ष भनेर त झनै लाजमर्दो भएको छ किनकि सबैले भन्ने गर्दा रहेछन् प्रतिपक्ष त मौन छ, उले बोल्न सक्दैन, उले भन्न सक्दैन, उले केही गर्न सक्दैन । सरकारले त अब उले आफ्नो जुनजुन मन चाहेको छ, मनले चाहेका कुराहरू गर्ने भनेर आइरहेका छन् । यो असाध्यै जटिल कुराहरू आइरहेको छ, र देशभरिमा के भएको छ भने कर्णाली प्रदेश र कर्णालीको यो सभासद्हरु नै पनि नालायक हुन् कि भन्ने हामी सबैलाई त्यस्तो दोष आउने चाहि कुरो आइरहेको छ, सभामुख महोदय । र गाउँगाउँमा पहिलापहिला एउटा प्रचलन हुन्थ्यो, जब सरकारका मन्त्रीहरू अगाडि जान्थे, अब अहिले हामी मुख्यमन्त्री र मन्त्रीका कुराहरू गऱ्यौं, पहिलापहिला जब सरकारका मन्त्रीहरू जिल्लाजिल्लामा जान्थे, धुनचक्र मान्छेहरूको खुसी हुन्थे, नाच्थे, गाउँथे हाम्रा सरकारका मन्त्रीहरू आए भनेर भन्थे, सभामुख महोदय । तर अहिले म गाउँ जाँदा त्यहाँ देखैं मन्त्री त किन आए ? पैंसा उठाउन आए, पैसाको लागि मन्त्रीहरू आएका हुन् मुख्यमन्त्री आएका हुन्, सांसदहरू पनि त्यसैका लागि आएका हुन्, यी कुनै विकास गर्नका लागि होइन भनेर चाहि जुन एक खालको माहोल हाम्रो यो दशवटा जिल्लाहरूमा फैलिएको छ, त्यसको सत्यतथ्य के हो ? यलाई रोक्ने उपायहरू के हुन् ? हामीले गलत गरेका छौं भने गलत कुराहरूलाई रोक्ने कुरा के हो ? भनेर चाहि हामीले लाग्नु पर्ने हो कि होइन, सभामुख महोदय । मलाई २/४ वटा म उदाहरणहरू दिन चाहन्छु - कालीकोटमा सान्नीत्रिवेणी भन्ने ठाउँमा पाटनमा रु. ३६ लाखमा निर्माण भएको धर्मशाला रैछ, त्यो धर्मशाला एक महिना नहुँदै भत्केर गएको छ, गुणस्तरहिन संरचना निर्माण भएको र उप..उपभोक्ताका समितिका अध्यक्ष कृषि ज्ञान केन्द्र कालीकोटका कार्यालयका सहयोगी । मैले आज आएर बाध्य भएर भन्न पर्ने भयो, सभामुख महोदय । मैले यो भन्दा अगाडि पनि मैले भनेको थिएँ, कुनै दिन म नामहरू प्रकाशित गर्नेछु, त्यो नामहरू प्रकाशित मैले गर्नेछु त तपाईहरू आजदेखि नै त्यलाई सचेत हुनुस् भन्दाभन्दै पनि यो सदन त चुप हामी लाग्यौंलाग्यौं मन्त्रीहरूले पनि त्यसको उ गरेनन्, त्यसमा चाही सहयोगी चन्द्रबहादुर शाहीमाथि कुनै छानविन हुन सकेन । ज्ञानकेन्द्रको सहयोगीलाई उपभोक्ता समितिको अध्यक्ष बनाउन मिल्छ कि मिल्दैन ? सभामुख महोदय । यत्रो चाहिँ काण्ड चलिरहेको छ । कर्मचारी नै उपभोक्ता समितिका अध्यक्ष हुने हुन् भने अरु उपभोक्ता समिति बनाउनु पर्ने कुनै पनि छैन, सभामुख महोदय। त्यस्तै म अर्को उदाहरण दिन चाहन्छु- नरहरिनाथ-४ रिङ्गनेपानीमा रु. १५ लाखको निर्माण सम्पन्न भएको छ, ताल संरक्षण तथा पाटन निर्माण भनी । एक महिना नपुग्दै भत्केको छ, सभामुख महोदय । यही हो हाम्रो विकास ? र सुन्नमा आ'को छ, जसले यो योजना राख्यो उले रिङ्गनेपानीमा भनेको छ कि योजना त मैले राखेको हुँ मलाई १० पर्सेन्ट चाहिन्छ पैसा लेऊ । भनाभन हानाहान । अनि अर्को धर्म गरिएको छ, सभामुख महोदय । बढिमालिका धर्मशाला निर्माण गरेर धर्म गरिएको छ ७० लाख । जसमध्ये उपभोक्ता समितिका अध्यक्षको खातामा ७ लाख रुपैयाँ राखिएको छ, कोषाध्यक्षको खातामा ४ लाख गरी जम्मा ११ लाख रुपैयाँ अनियमितता गरिएको छ, त्यो भन्दा पनि मन्त्रालय पनि चुप छ, सारा चुप छ । अब यो देशमा न मन्त्रीको विश्वास छ, न चाहिँ अख्तियारको विश्वास छ, न कसैको विश्वास छ, न हाम्रो विश्वास छ, यो खालले हाम्रो गणतन्त्र फस्टाउँछ कि फस्टाउँदैन, सभामुख महोदय । एक महिना नहुँदै धर्मको नाममा बनाएको धर्मशाला ७०/७० लाख रुपैयाँ लिएर त्यसरी गरिएको छ । अनि कालीकोटमा एउटा, एउटा काण्ड भयो । घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय कालीकोटका प्रमुख सम्बन्धित मन्त्रालयमा मलेपलाई दिनुपर्छ भनेर, दिनुपर्ने हो/होइन के हो ? ५ देखि ५० प्रतिशत रकम चाहि उहाँहरूले उठाउनुभएको छ, सभामुख महोदय । तिनीहरूका पनि नाम छन्

कसले-कसले कति कति पैंसा दिए । ५० हजार कसले दियो, ७८ हजार कसले दियो ? ती पनि नामहरू छन् तर म अहिले ती नामहरू आज म प्रकाशित गर्न चाहदिन किनकि ती पत्रपत्रिकामा पनि आइसकेका छन्, सभामुख महोदय ।

अनि असार १५ मा एउटा सम्झौता भयो, असार २५ गते जडिबुडि प्रशोधन, फर्निचर उद्योग, नूडल्स उद्योग, ढाँका उद्योग जस्ता महत्वपूर्ण उद्योगहरू सबै रकम भूक्तानी दिइएको छ, १० दिनभित्रमा । के यस्तरी विकास गर्न सम्भव छ ? सभामुख महोदय । यसले गर्दाखेरि जनताहरू आतङ्कित भएका छन्, जनताहरूले भन्ने गरेका छन् - जुन हामीले परिकल्पना गरेका थियौं, जुन गरिबका लागि सरकार बनेको छ भन्ने सोचेका थियौं, आज त गरिबमारा सरकार आएछ, तिमीहरू गरिबमारा सांसद हौ, तिमीहरूप्रति हाम्रो कसैसँग पनि विश्वास छैन, न पक्षको न प्रतिपक्षको भनेर आइरहेको छ सभामुख महोदय। यस्तो जटिल विषय आउँदा पनि यो सरकार कहाँ निदाएर बसिरहेको छ र के गरिरहेको छ ? त्यो हामीले जान्न पाउनुपर्छ, सभामुख महोदय ।

त्यस्तै भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको कुराहरू पनि आइरहेका छन्- सान्नित्रिवेणी गाउँपालिकामा ६ लाई अर्गानिक गाउँ घोषणा गर्ने भनी विनियोजित रु. २६ लाख ६५ हजार रकममा चाहिँ पञ्चदेवल कृषि तथा सहकारी उत्पादन कृषक समूहले पेश्की बुझी अलपत्र पारेको र अनियमितता गरेको उजुरी हाल्दा पनि मन्त्रालयले केही हेरेन भन्ने कुराहरू आइरहेका छन्, सभामुख महोदय । कालीकोटमा कृषि ज्ञानकेन्द्रमार्फत् सञ्चालित ढाँका उद्योगबाट रु. २८ लाख संकलन भएको गुनासो प्राप्त भएका छन्, सम्बन्धित मन्त्रालयमा उजुरी समेत जाहेरी भएको तर मन्त्रालयले आजसम्म केही पनि नगरेको भन्ने आइरहेको छ, हुन त त्यो आरोप त हामीलाई पनि छ, सार्वजनिक लेखाले राराको विषयमा त्यत्रो तहल्का मच्चायो, कुरा निकाल्यो । आजसम्म पनि न हामीले त्यसको बारेमा सुन्न पायौं, न नियमित भएको सुन्न पायौं, न यो अनियमितै छ भन्ने हामीले सुन्न पायौं, तेले गर्दाखेरि कर्णाली प्रदेश बदनामित भएको छ, सभामुख महोदय । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमार्फत् उच्च प्राविधिक नर्सरी निर्माण गर्नका लागि विनियोजित रकम रु. १ करोड डोजर लगाएर मैदान सम्माइ खर्च भएको छ कालीकोटमा, सभामुख महोदय । र सुन्नमा आएको छ कि यही मन्त्रालय वा मुख्य मन्त्रालयका तिनका पनि नाम यहाँ म अहिले भन्न चाहन्न..का मान्छेहरू कर्मचारीहरू नै फेरि त्यसका पनि उपभोक्ता समितिका अध्यक्ष बनाइएको भन्ने कुरा आइरहेको छ, सभामुख महोदय । त्यसरी नै यो रुकुम जिल्लामा पनि प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट रुकुम पश्चिम सानीभेरी गापा ३ मा रहेको सानीभेरी जनप्रवाह कृषि सहकारी संस्था लिमिटेडलाई ०७५/०७६ मा प्रदान भएको रु. १ करोड ५० लाख बजेटमा तपसिलका चरम अनियमितता भएको भनेर आइरहेको छ- त्यसमा चाहि गार्मेन्ट उद्योग छन्, फलफूल उत्पादन छन्, बिरुवा खरिद तथा तथा वितरण सहकारी भवन छ निर्माण ताजा त्यसका मसँग हिसाबकिताब पनि छन्, सभामुख महोदय । यसमा के छ भने सहकारी भवन निर्माणमा चाहि १५ लाख रुपैयाँ गएको छ, त्यसमा चाहि ११ लाख खर्च भएको देखिन्छ, ४ लाख चाहि हिनामिना भएको देखिन्छ । ताजा तरकारी संकलनका लागि कूल बजेट १२ लाख गएको छ, ८ लाख खर्च भएको देखिन्छ ४ लाख चाहि अनियमितता भएको देखिन्छ । सहकारीको गाडी खरिद त्यो कूल बजेटको गाउँ..गाउँपालिकाले २० लाख दिएको छ, सहकारी आफ्नै पनि १० लाख छ उले ३० लाख खर्च गरेको देखाएको छ, गाडी बजारमा बोलेरो पिकअपको गाडी बजारमा २३ लाख ९० हजार पर्छ, तपाईहामी सबैले अहिले उसमा हेर्दा पनि थाहा हुन्छ त्यसमा अरु केही खर्चमा २ लाख लाग्यो होला भनेर अनुमान गर्दा पनि ५ लाख रुपैयाँ चाही त्यहाँ पनि हिनामिना गरेको देखिन्छ । गार्मेन्ट उद्योग संचालन कूल बजेट १ करोडमा निकासा रकम ४५ लाख भएको छ ।

कामसम्पन्नमा खर्च ४५ लाख जति भएको छ र केरे काम सम्पन्न २० लाख भएको देखिन्छ २५ लाख पनि यताउता गएको देखिन्छ । फलफूलका बिरुवाहरू खरिद र वितरणमा कूल बजेट ५० लाख गएको देखिन्छ, सभामुख महोदय । अनि कार्यसम्पन्न जम्मा २० लाखको भएको छ ३० लाख गएको देखिन्छ । त्यो सरकारले सरकारका मान्छेहरूलाई भन्दा पनि हामीलाई जबरजस्ती यो सरकारलाई यो संसदलाई त्यहाँ गएर, अरु ठाउँमा गएर शरण पर्नु पर्ने काम गर्नु चाहि कति उपयुक्त हो ? यसको लागि सरकारका मन्त्रीज्यूहरूले विशेष गरेर ध्यान पुऱ्याउनु पऱ्यो । एउटा मन्त्रीको बदनामी भएको हामी सोच्दैनौ एउटा सांसदको भएको हामी सोच्दैनौं, सिङ्गो कर्णाली प्रदेशको बदनाम भएको चाही हामीले महशुस गरेका छौं । त्यो कुनै पनि एउटा गाउँमा बस्ने साधारण कृषकदेखि लेखेर माथि मुख्यमन्त्रीसम्मको कुरामा पनि यो समस्या भएको देखिन्छ, सभामुख महोदय । र त्यसैगरी यो रुकुममै भएको रुकुमका माननीयज्यूहरू पनि यहाँ हुनुहुन्छ । सामाजिक विकास विकास मन्त्रालयको रु. १ करोडको लागतमा भएको खेलकुद मैदान रंगशाला निर्माणका लागि सुर्खेतमा डेलिकेशनमा रु. ३ लाख खर्च भएको छ भने रु. ५० लाख बराबर मात्र काम भएको छ तर भुक्तानी सबै भएको देखिन्छ, काम चाही ५० लाखको मात्र भएको छ र त्यो पैंसा लिनको लागि यहाँ डेलिकेशन आउनुपऱ्यो भनेर ३ लाख रुपैया खर्च छुट्याइएको छ तर खर्च चाहि १ करोड खर्च भएको देखिन्छ सभामुख महोदय । यो खालले के हामी के गरिरहेका छौं

हामी कस्तोमा गइरहेका छौं ? भौतिक पूर्वाधार विकास मन्त्रालयबाट पनि हाम्रो जुम्लामा चाहि रकम गएको छ करिबकरिब १ करोड ५० लाखको रकम गएको र त्यहाँ ठूलो दोष के छ भने एउटा व्यक्तिको स्याउ फाराममा गयो सामाजिक कुरामा होइन । व्यक्तिका पहुँच हुनेहरूले यी राजनीति गर्नेहरू तिमीहरू भनेका चोर हौ, डाँका हौ, फटाहा हौ, हामीलाई समेत भनिएको छ - हामी राजनीति गर्ने व्यक्तिको कुनै पनि हामी विश्वास गर्न सक्दैनौ किनकि यो ठाउँमा एउटा उदाहरण दिएर भने एउटा व्यक्तिको फाराममा डेढ करोड रुपैयाँ जान्छ भने जनताका लागि चाहि काममा गएको छैन भन्ने कुरा आइरहेको छ, सभामुख महोदय । त्यस्तै हामीले बारम्बार भन्यौं आज भन्ने गरिँदो रहेछ हिजो केन्द्रीय सरकार हुँदासम्म हामीले कसैले केही भन्दैनथे जब प्रदेश सरकार भयो प्रदेश सांसद भयो आज सुर्खेतबाट कालिकोट पुग्ने बाटो हेर्ने हो भने त्यो बाटो छियाछिया भएको छ त्यहाँका ल्याउने स्याउहरू ल्याउन सकिएका छैनन् किनकि स्याउ ल्यायो भने स्याउ एउटा यस्तो डेलिकेट फलफूल हो, त्यो ठोक्किएर खत्तम हुन्छ । खाल्डैखाल्डा छन् अनि भन्छन् आफ्नो मुख्यमन्त्री जसले आफ्नो जिल्लासम्म सडक बनाउन नसक्नेले यो प्रदेश कसरी बनाउन सक्छ ? यहाँका तिमीहरू माननीयहरू आफ्नो ठाउँमा बाटो पुऱ्याउन नसक्ने, खाल्डा पुर्न नसक्नेले तिमी कसरी बनाउन सक्छौ भनेर भनिरहेका छन् । खाल्डैखाल्डा भएमा जीप धकेल्दाखेरि अस्ति गमगडी जानेक्रममा एक जना मान्छेको मृत्यु भएको छ पछाडीबाट गएर, यस्तो खालको भइरहेको छ, सभामुख महोदय । त्यसैगरी त्यो अचम्म अचम्मका कुराहरू रहेछन् यहाँ हामी यस्ता कुरामा हेर्दैनौं । जुम्लाको तीला नदीमा एउटा मोटरेवल पुल रहेछ, सभामुख महोदय । त्यो पुल बनेको छ । त्यो पुलबाट धेरै ठाउँमा जान मिल्ने त्यो पुल क्रस तील नदीको पुल क्रस गरिसकेपछि जाजरकोट जान मिल्ने, पछि त्यहीबाट मनाङमुस्ताङ जान मिल्ने, डोल्पामा जान मिल्ने । त्यो धन्नै केन्द्रीय सरकारले ५ करोड जतिको पैसा खर्च गरेको छ तर अलिकति त्यहाँका जुन जिरो प्वाइन्टमा भएका जनताहरूलाई अप्ठेरो परिसकेपछि उनीहरूले त्यो पुललाई चाही पुरिदिएका छन् । त्यसमा हामीले यो प्रदेश सरकारले ५० देखि १ करोडसम्म पैसा राख्ने हो भने उनीहरूले पाउने मुआब्जाको लागि काम पाउने कुराहरूमा अगाडि बढ्ने तर त्यस्तो कुरामा हामी कहिलै पनि ध्यान दिदैनौं हामी त्यो बाटो बनाउन ध्यान दिंदैनौ तर भाषण मात्र हामी गरेर भन्छौं यो प्रदेशलाई संसारको राम्रो बनाउन चाहन्छौं । कम्तिमा पनि पोखराजत्तिको बनाइदिएको भए यो प्रदेशको महत्व अर्को हुन्थ्यो, सभामुख महोदय । अनि मलाई अच्चम लाग्यो आज हामी सबै समान भइसकेका छौं,

सबै जनताका नेता भएका छौं, जनताका पार्टी भएका छौं तर मैले जुम्लामा गएर देख्दा चन्दननाथ नगरपालिकामा एउटा खेलकुदको सरकारी जग्गा रहेछ त्यो एउटा पार्टीले तत्कालीन पार्टीले कब्जा गरेर राखेर अहिले पनि भाडा उठाएर बस्नु त्यो हाम्रा लागि कति मर्यादित हुन सक्छ कति त्यलेचाहि हाम्रोचाहि सोभा बढाउँछ सभामुख महोदय । म फेरि पनि कालीकोटमा जान चाहन्छु किनकि कालिकोटका अहिले त हाम्रो साविकको कर्णालीलाई साह्है लाजमर्दो भएको छ ७ जना मन्त्रीमण्डलमा ५ जना मन्त्रीमण्डलचाहि साविकको कर्णालीमा छ मुख्यमन्त्री कालीकोटका, भौतिक मन्त्री कालीकोटका, आन्तरिक मामिला मन्त्री जुम्लाका, सामाजिक मन्त्री हुम्लाका, पर्यटन मन्त्री डोल्पाका सिरिप एउटा मात्र जिल्ला बाँकी छ त्यो पनि भौतिक उतातिर दिने हो भने त्यहाँ ५ वटा जिल्लालाई कभर हुने गरी गरेको छ । यति हुँदा पनि त्यहाँको कुनै पनि विकास नहुनु, त्यहाँ नै चरम किसिमको भ्रष्टाचार हुनु, एक जिल्लाले अर्को जिल्लालाई र एक गाउँपालिकाले अर्को गाउँपालिकालाई पनि हामीभन्दा धेरै बजेट राखेको भनेर तोक र आदेशका भरमा आज पनि त्यो परम्परा चल्ने हो भने यो कसरी चल्न सक्ला ? त्यसरी मैले फेरि नरहरिनाथ गाउँपालिकाले लालीघाट-कुनाथरी जुन जो एयरपोर्ट छ त्यो गापामा निर्माण गर्ने उ.स. ले उपभोक्ता समितिले के गरेको छ भने सम्झौता गरेको छ प्रतिघण्टा रु. ३ हजार ६ सय स्काभेटर चलाएकोमा र ४ हजार चाहिँ ब्रेकर यूज गरेकोमा भनेर गरेको छ तर ५ सय ६० प्वाइन्ट ५ घण्टाको प्रतिघण्टा रु. ९ हजारको दरले भ्याटसहित भनेर ५७ लाख ५२ हजार त्यसरीचाहि यस्तो खालको अनियमितता भएर पठाउँदाखेरि पनि आजसम्म पनि त्यसको कुनै छलफल हुन सकिरहेको छैन, सभामुख महोदय । के हाम्रो प्रदेश भ्रष्टाचारैभ्रष्टाचारले चाहिँ भ्रष्टाचारयुक्त प्रदेश हो ? यो एउटा सरकारलाई मात्र होइन, मैले फेरि पनि दोहोऱ्याएर भन्न चाहन्छु- यो संसदलाई हामीलाई र सभामुखज्यूलाई पनि यसको चाहिँ हामीलाई प्रभाव पर्ने भएको हुनाले यी-यी कुराहरूको चाँडोभन्दा चाँडो हामीले चाहिँ जवाफ पाउनुपर्छ भन्ने मलाई लाग्छ, सभामुख महोदय । त्यसरी नै अहिले कर्मचारी समायोजन भइरहेको छ **ONM** हामीले तयार गरिरहेका छौं त्यसमा एउटा टोली चाहि सिर्जना गरिएको रहेछ तर कुनै पनि युनियन ट्रेड-युनियनका मान्छेहरूसँग हामीले सहकार्य नगरेर छलफल नगरेर गर्दाखेरि आज धेरै मान्छेहरू फाजिलमा पर्ने भएका छन् । मलाई जहाँसम्म लाग्छ कृषि मन्त्रालयको अवस्था त्यही होला, भौतिकको अवस्था त्यही होला यलाई हाम्रो ठाउँमा अहिले आएर विराटनगरको दाँजोमा गरेर हामीले गराउन मिल्छ कि मिल्दैन हामीले मर्जका नाममा मानिसहरूलाई रोजगारीबाट हटाउन मिल्छ कि मिल्दैन ? त्यो कमसेकम सबैलाई राखेर छलफल गरेको भए, यो अझै उत्तम हुन्थ्यो र अगाडि बढ्थ्यो तर सुन्नमा के आयो भने ३५/३६ लाख चाहि हामीले पैंसा दिइसकेका छौं कन्सल्टेन्सीले लिइसकेको छ । त्यसैले बेरुजु नआउनको लागि पनि अहिले यो काम चाहिँ अगाडि बढ्दैन तर बेरुजु नआउनको लागि पनि हामीले पैंसा दिएछौं भनेर मुख्य मन्त्रालयको प्रमुख सचिवज्यूले यस्तो खालको जवाफ दिन मिल्छ कि मिल्दैन, सभामुख महोदय । त्यसैले हामी साह्रै लज्जित भएका छौं, शरम लाग्छ सबैको अनुहार देखाउन नसक्ने अवस्थामा भएको हुनाले यो सरकारले यी कुराहरू छिटोभन्दा छिटो निराकरण गरेर हामीले जवाफ पाउनुपर्छ । यदि हामीले त्यो प्राप्त गरेनौं यी भनेका कुराका पनि पहिला जस्तै कराउँदै जान्छन्, भन्दै जान्छन् काग कराउँदै गर्छ पिना सुक्दै गर्छ हामी केही गर्ने छैनौं भन्ने कुरामा जानेहो भने हामी बाध्य भएर अरु आन्दोलन गर्नुपर्ने पनि अवस्थाहरू आउन सक्लान् । हामीले जहिले पनि कर्णाली प्रदेशलाई समृद्ध बनाउने प्रदेश बलियो बनाउने भनेका थियौं र कुनै मन्त्रीलाई मात्र धनी बनाउनको लागि र व्यक्तिगत सम्पति कमाउन र जनतालाई रुवाएर चाहि १५ दिनमा सारा पैंसा सिद्दाउनको लागि यो सरकार बनेको होइन, यो प्रदेश बनेको होइन । जसले गर्दा कर्णाली प्रदेशको काम र कारबाहीले गर्दाखेरि भोलिचाहि यो संघीयता चाहिं धरापमा नपरोस् भन्ने कुरा मैले शुभकामना व्यक्त गर्दै म विदा हुन्छु । धन्यवाद । जय नेपाल ।।

**माननीय सभामुखः** माननीय श्री सीताकुमारी नेपाली ।

**माननीय श्री सीताकुमारी नेपालीः** माननीय सभामुख महोदय, नेपालगञ्ज उपमहानगरपालिकाले ठूलो संख्यामा दैलेख गाईहरू दैलेख पठाउँदै गर्दा संख्यात्मक हिसाबले आइसकेको छ ती गाईहरू मारिएको अवस्थामा सुर्खेतका विभिन्न ठाउँहरूमा छरिएको अवस्था र हामीले सामाजिक संजालहरूबाट पनि के पायौं भने दैलेख जिल्लाको जिल्ला समन्वय समितिले माग गरेको भन्ने पत्र पनि सामाजिक संजालमा देख्यौं । नेपालगञ्ज उपमहानगरपालिकाले गाई पठाउने दैलेख जिल्ला समन्वय समितिले गाई मगाउने तर सुर्खेत जिल्लाका विभिन्न ठाउँहरूमा ती गाईहरू फालिने र अहिले सुर्खेत जिल्लालाई डम्पिङ स्थान बनाउने । के साँच्चै सुर्खेत जिल्लालाई गाईहरू मारेर डम्पिङ साइड बनाउन मिल्छ ? र यो विषयमा म माननीय सभामुखज्यू मार्फत् सरकारको ध्यानाकर्षण गर्न चाहन्छु । यो विषयमा सत्यतथ्य के-के हो ?यसको छानविन गरियोस् भन्ने कुरा राख्न चाहन्छु ।

त्यस्तै अर्को विषय २०७१ साल श्रावण २९ गतेको अविरल वर्षाका कारण आज पनि सुर्खेत जिल्लाका विभिन्न ठाउँहरूमा बाढीपिडितहरू पालमुनि बसिरहेका छन् ती पालमुनि बस्ने बाढीपीडितहरू पाँचपाँच वर्षसम्म पालमुनि बस्दाखेरि उनीहरूको अवस्था कस्तो छ । रोजगारीको सिलसिलामा जानेक्रममा विभिन्न दुर्घटनामा परेका छन् । पालमुनि जन्मिएका बच्चाहरू स्कूल जाने अवस्था भएको छ तर ती विद्यार्थीहरूले स्कूल जान पाइरहेको अवस्था छैन । पालमुनि बस्दै गर्दाखेरि बिजुली छैन, पानी छैन, कुन अवस्थामा ती बाढीपीडितहरू बसिरहेका छन् ? कर्णाली प्रदेश सरकारले बाढीपीडितहरूको समस्यालाई समाधानका गर्नका निम्ति हामीले बारम्बार संसदमा कुरा उठाउँदै गर्दा सरकारले कार्यविधि बनायो, घर बनाउनका निम्ति ३ लाख दिने निर्णय पनि गऱ्यो । जेठको महिनामा धुमधाम कार्यक्रम पनि भयो त्यो कार्यक्रममा हामी पनि सहभागी थियौं। हामीलाई लागेको थियो सुर्खेत जिल्लाका बाढीपीडितहरूको समस्या समाधान हुन्छ, अब पालबाट बाढीपिडितहरू बाहिर निस्किन्छन् भन्ने हामीलाई लागेको थियो तर पालबाट बाहिर अहिले पनि ननिस्किरहेको अवस्था छ । हामी ती बाढीपीडितहरूकोमा जाँदै गर्दाखेरि ती बाढीपीडितहरूले थुप्रै गुनासाहरू हामीलाई सुनाएका छन् । हामी जनप्रतिनिधि हुनुको नाताले बाढीपीडितहरूको समस्यामात्र होइन अरुका समस्याहरू पनि हामीले बारम्बार उठाउँदै आइरहेका छौं तर यी समस्याहरू ज्यूकातिउँ किन ? माननीय सभामुखज्यूमार्फत् म कर्णाली प्रदेश सरकारको ध्यानाकर्षण पनि गर्न चाहन्छु र विशेषगरेर आन्तरिक मामला तथा कानून मन्त्रालयले जुन कार्ययोजना बनाएर बाढीपीडितहरूलाई पालबाट बाहिर ल्याउनुपर्ने हो अहिलेसम्म कुनै कार्यविधि नबनाइकन घर बनाउनका निम्ति ३ लाख रुपैयाँ दिने त भनियो तर जग्गा पनि छैन, जमिन पनि छैन, घर पनि छैन, तिनलाई घर बनाउने पैंसा ३ लाख दिएर कहाँ बनाउने तिनले घर ? अत्यन्तै समस्यामा अहिले बाढीपीडितहरू रहेको अवस्था छ । त्यसैले ती बाढीपीडितहरूको समस्यालाई छिटोभन्दा छिटो त्यो समस्यालाई हल गरियोस् र जग्गा नभएका बाढीपीडितहरूको समस्यालाई हल गर्नका निम्ति एकीकृत बस्ती विकासको योजनामार्फत् हुन्छ या जग्गा किन्नका निम्ति सरकारले थप बजेटको व्यवस्था गरेर हुन्छ, छिटोभन्दा छिटो जग्गाको व्यवस्था गरेर बाढीपीडितहरूलाई पालबाट बाहिर ल्याइयोस् भन्ने कुरा म सभामुखमार्फत् कर्णाली प्रदेश सरकारको ध्यान आकर्षण गर्न चाहन्छु र कम्तिमा जनताले कर्णाली प्रदेशका बाढीपीडितहरूले विशेष गरेर सुर्खेतमा ५ वर्षदेखि पालमुनि बसेका बाढीपीडितहरूले सरकार छ भन्ने कुराको अनुभूति छिटोभन्दा छिटो गर्ने अवस्था सिर्जना गरोस् भन्ने कुरा राख्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री पद्मा खड्का । समय ५ मिनेट ।

**माननीय श्री पद्मा खड्काः** सभामुख महोदय, आज यो चौंथो अधिवेशनको २५औं बैठकमा विशेष समयमा मैले प्रदेश सरकारलाई ध्यानाकर्षण गराउनुपर्ने महत्वपूर्ण विषय यहाँ उठाउन गइरहेको छु यो विषय उठिसकेको पनि छ र गम्भीर ध्यानाकर्षण पनि सरकारको हुनेछ भन्ने कुरा राख्न चाहन्छु । "सक्छौ राम्रो काम गर, सक्दैनौ अर्काको बचाऊ नगर" विषय प्रसङ्ग नेपालगञ्ज उपमहानगरपालिका र दैलेख जिल्ला समन्वय समिति । भदौ महिनाको १३ गते नेपालगञ्ज उपमहानगरपालिकाले ३७० चलानी नं.मा भनिएको छ तर चाहिँ गाईगोरुको २९१ यहाँ ल्याएर कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरको वडा नं. १४ को कटुका जंगलमा जो राजधानीको उत्तरी जलाधार संवेदनशील क्षेत्र हो त्यो क्षेत्रमा गाईगोरुलाई एकदमै जुनखालको अवस्थामा हामीले त्यो चित्र देख्न पायौं त्यो असाध्यै मानवीय व्यवहार कहाँ हरायो होला भन्ने अहिले प्रश्न उठिरहेको छ । यस्तो संवेदनशील कार्य जसरी गरियो, यो एकदमै आपत्तिजनक छ र कर्णाली प्रदेशको राजधानीमा यो ५ नं. प्रदेश बाँके उपमहानगरपालिकाले जुन कार्य अगाडि बढायो त्यो कार्यले सिंगो ५ नं. प्रदेशको म ध्यानाकर्षण गर्न चाहन्छु र सँगसँगै सामाजिक सद्भाव र सामाजिक उत्तरदायित्व एउटा खलबल्याउने गरी धार्मिक सम्प्रभूत्ता जुनखालको एउटा स्थिति सिर्जना गराउने हिसाबले जुन कार्य गरिएको छ यो एकदमै आपत्तिजनक छ र यसको लागि पनि गृहमन्त्रालयको छानविन टोली, प्रदेश प्रहरीको छानविन टोली, र नेपालगञ्ज उपमहानगरपालिकाको छानविन टोली, स्थलगत अनुगमनपछिको दैलेख जिल्ला समन्वय समितिको पत्र, यो पत्रले पक्कै पनि यो बीचमा केही षडयन्त्र भइरहेको छ भन्ने कुरा जनाउँछ । यसका लागि पनि कर्णाली प्रदेश सरकारले अहिलेसम्म पनि एउटा वक्तव्य जारी नगर्नु अहिलेसम्म पनि एउटा केही सूचना ननिकाल्नु यो कसरी हामीचाहिँ हेरिरहेका छौं । यसकारणले पनि सरकारको गम्भीर ध्यानाकर्षण गर्न चाहन्छु र अहिले हामीले सुर्खेतमा कर्णाली प्रदेशको राजधानीमा जति यहाँ गाईगोरुहरू ल्याएर छाडिएका थिए सबै फिर्ता गरे भन्ने पनि कुरा गरिएको छ तर छैन राजधानीका विभिन्न सडकमा कानमा ट्याग लगाइरहेका गाईगोरुहरू यत्रछत्र छरिएर रहेका छन् । आजमात्रै दुईटा एक्सीडेन्ट यो सुर्खेतमा हिजो र दुई दिन अगाडि दुईटा एक्सीडेन्ट भए वीरेन्द्रनगरको ६ एरिचोकमा । एरिचोकमा एक्सीडेन्ट हुने चुँडामणि कँडेल आज लखनऊमा उपचार गराइरहनुभएको छ । र त्यहाँ पनि गाईको मृत्यु भयो र घाइते मोटरसाइकल चालक आज उपचार गराइरहनु भएको छ भने हिजोमात्र फेरि वीरेन्द्रनगर १२ को बटाला चोकमा गोरुको मृत्यु भएको छ र घाइतेको आज अप्रेशन हुँदैछ । यस्तो दिनप्रतिदिन घट्ना घटिरहेको छ, दिनप्रतिदिन मान्छेले आफ्नो सामान्य रूपमा जीवन जीउन पाउनुपर्ने अधिकारलाई अहिले एउटा उपमहानगरपालिकाले छाडा रूपमा ल्याएर राजधानीमा यस्तो गरिरहँदा पनि हाम्रो सरकार किन मौन छ ? हाम्रो सरकारले किन कुरा उठाइरहेको छैन ? यो विषय असाध्यै गम्भीर छ । यसका लागि पनि हाम्रो कर्णाली प्रदेश सरकारले केही न केही एक्सन लिएर यसको कडाभन्दा कडा छानविन गरिनुपर्छ । र उपमहानगरपालिकाले गरेको कार्य दैलेख जिल्ला समन्वय समितिले पठाएको त्यो पत्र कसरी के सँग जोडिएको छ ? के भइरहेको छ ? त्यो बीचको अन्तरसम्बन्ध के हो ? यसको बारेमा तुरुन्त कर्णाली प्रदेश सरकारले छानविन गरोस् भन्ने म आफ्नो भनाई राख्न चाहन्छु र सँगै मैले रुकुमको रिमाबाट छुटेको बस जाजरकोट हुँदै सुर्खेतको हर्रेमा दुर्घटना भयो, धेरै दर्जनौंभन्दा दर्जनौं घाइते भए ३ जनाको मृत्यु भयो तर हाम्रो कर्णाली प्रदेश सरकारले कहिँकतै घाइतेलाई मलम लाउने र कुनै केही शोक बक्तव्य निकाल्ने कुरा पनि मैले देखिन । यो कुरा पनि हाम्रो प्रदेशमा भइरहेका दुर्घटना हाम्रा प्रदेशमा भइरहेका घाइतेहरूको लागि पनि केही कुरा आवाजहरू निकाल्न निकाल्नु पर्छ होला । यो सरकारले निकाल्छ होला भनेर हामीले हेरिरहेका थियौं । तर कहिँ कतै देखेनौं । यसको लागि पनि मैले प्रदेश सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री विन्दमान बिष्ट ।

**माननीय श्री विन्दमान बिष्टः** माननीय सभामुख महोदय, आजको विशेष समयमा मैले एउटा विषयमा मात्र ध्यानाकृष्ट गराउन चाहन्छु माननीय सभामुखमार्फत् प्रदेश सरकारको। योभन्दा अगाडि थुप्रै चर्चा भइसकेको छ, मेरो त्यसमा जोड कति मात्र हो त भन्दाखेरि गाईहरू यहाँ ल्याइयो बाटोमा अलपत्र पारियो केही गाईहरूको मृत्यु पनि भयो, अगाडि भने जस्तै उत्तरी जलाधारमा त्यो संख्यामा गाईहरू मर्दाखेरि यो बर्खाको समयमा ठूलो महामारी फैलन सक्ने सम्भावना त्यो खतरा पनि हो यहाँको लागि त्यसो हुँदाखेरि प्रदेश सरकारको म गम्भीरतापूर्वक के ध्यानाकर्षण गराउन चाहन्छु त भन्दाखेरि छानविन समिति बनाओस् । बाँके जिल्ला प्रशासन कार्यालयले चलानी गरेको आधारमा गाडीको रुटपरमिट पनि छैन केही पनि छैन तर कर्णाली प्रदेश कर्णाली प्रदेशभित्र प्रवेश गर्ने क्रममा यहाँको प्रहरीले रुटपरमिट हेर्ने निकायले ट्राफिकले त्यो कुराको चेकजाँच किन गर्न सकेन । लगायतका विषयहरू छानविनको दायरामा ल्याउनु पर्दछ । र तत्काल कर्णाली प्रदेश सरकारले हुन त विभिन्न निकायले आफ्ना छानविन समितिहरू बनाएका छन् । यी यी घटनाहरूलाई केरे निराकरण गर्नको लागि आगामी दिनमा निराकरण गर्नको निमित्त कहिल्यै हुन नदिनको निमित्त नदोहोरिने अवस्था सिर्जना गर्नको निमित्त छानविन समिति बनाएर एउटा उपयुक्त निकास निकाल्नु पर्ने आवश्यकता छ त्यो अनुसारको एउटा वातावरण बनाओस् कर्णाली प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । अहिले यत्रतत्र गाईहरू छरिएका छन् । दिनदिने दुर्घटनाहरू भइराखेका छन्, यो अहिले छरिएर रहेका गाईगोरुहरू चौपायहरू जति छन् सडकमा अलपत्र जो छन् तिनीहरूको कारणले गर्दा दुर्घटना बढिरहेको छ त्यसको नियन्त्रण गर्ने उपाय के हो कर्णाली प्रदेश सरकारले त्यसको लागि पनि उपयुक्त कदम चालोस् भनेर यो कर्णाली प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । कैयौं दुर्घटनाहरू भइराखेका छन् अस्तिमात्र मैले सुन्दै थिएँ बसपार्क नजिकै एउटा दुर्घटना भो बाइकसँग गाई ठोकियो, गाई मऱ्यो दुर्घटना भो त्यसपछि गएर त्यो बाइक ठोकिएको एक्सीडेन्ट भएको मान्छेलाई गौहत्याको मुद्दा चलिराखेको छ सभामुख महोदय । त्यसपछि गएर अस्तिमात्र अर्को एउटा दुर्घटना भो लखनऊमा केरे उपचार भइराखेको भन्ने कुरा भो त्यसपछि गएर डेथ भएको मान्छेको डेथ भएको त्यो बाइकचालकको डेथ भएको समाचार आइराखेको छ । लगायतका थुप्रै दुर्घटनाहरू दिनप्रतिदिन बढिराखेका छन् यसको छिटोभन्दा छिटो ती चौपायाहरूलाई नियन्त्रण गरेर उचित व्यवस्थापन नगर्ने हो भने पछि दुर्घटनाको रेसियो बढ्दै जाने मानवीय क्षति बढ्दै जाने र त्यसपछि गएर अनावश्यक जनताहरूले दुःख पाइराख्ने स्थिति जो भइराखेको छ त्यसको नियन्त्रण गर्ने कुरा र त्यसपछि गएर जे घटना घट्यो त्यसको छनविन समिति बनाएर दोषीलाई कारबाहीको दायरामा ल्याउनको निमित्त कर्णाली प्रदेश सरकारले आफ्नो तर्फबाट आफ्नो धारणा सार्वजनिक गर्ने छानविन समिति बनाउने र त्यसपछि गएर आगामी दिनमा यी घटनाहरू नदोहोरिनको निमित्त दोहोरिन नदिनको निमित्त एउटा वैज्ञानिक विकल्पको रूपमा अथवा बाटोको रूपमा हामीले तय गर्नुपर्ने आवश्यकता छ । अब ती बुढाखाडा गाईहरू गोरुहरू के को लागि दैलेख मगाइयो किन दैलेखको जिल्ला समन्वय समितिले त्यो केरे पत्र लेखेको कुरा बाहिर सार्वजनिक भो यसको बारेमा पनि गम्भीरतापूर्वक छानविन हुन जरुरी छ । त्यसकारणले गर्दाखेरि अगाडि नै लेखेको भएपनि विभिन्न माननीयज्यूहरूले यहाँ प्रश्न उठाउनु भएको छ त्यो पत्रको बारेमा पनि मेरो भनाई के छ भन्नुहुन्छ भन्दाखेरि पत्र लेख्यो ल ठीक छ त्यस्ता गाईहरू जो बुढा छन् त्यस्ता गोरुहरू जसले जोत्न सक्दैनन् जो गाई छन् जो पाल्न लायक छैन ती गाईहरू किन मगाइयो त कर्णाली प्रदेशमा यसको बारेमा पनि के नियतका साथ ती गाईहरू मगाइयो र त्यसपछि गएर बाटोमा किन फालियो यसको बारेमा टप टु बटम गम्भीरतापूर्वक छानविन गरेर एउटा छानविन गर्नको निमित्त एउटा समिति कर्णाली प्रदेश सरकारले

बनाओस् र त्यसपछि गएर त्यो दोषीलाई कारबाहीको निमित्त सिफारिस गरोस् कारबाही गरोस् यो कुरामा म ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।।

**माननीय सभामुखः** माननीय श्री गणेश प्रसाद सिंह ।

**माननीय श्री गणेश प्रसाद सिंहः** माननीय सभामुखज्यू, मैले मेरो जाजरकोट जिल्ला क्षेत्र नं.१ को केही घटना मैले विशेष समय लिएर राख्न चाहन्छु । जाजरकोट जिल्ला भ्रमणको समयमा र त्यो २०७६ साल भाद्र ११ गते ९ बजे भेरी नगरपालिकाको वडा नं.२ तिमिले गाउँमा त्यो दिनमा भीषण वर्षा बाढीपहिरो भयो र त्यो दिनमा एउटा घर पहिरोमा भत्किएर ३२ वर्षको श्रीमती पार्वती वली ३२ वर्षको आमा र छोरी मोतिकला वली वर्ष ९ की कक्षा ४ नेराप्रावि तिमिले गाउँमा पढ्दै गरेकी, र वर्ष ३ की धनसरा वली तीन आमाछोरीको मृत्यु भएको छ । र उहाँहरूको राहत क्षतिपूर्ति कर्णाली सभामुख मार्फत् प्रदेश सरकारले व्यवस्था गरोस् र .उहाँको श्रीमान् पार्वती वलीको श्रीमान् बिरामी हुनुहुन्छ र सामान्य उपचारपछि उहाँ सन्चो हुनुभएको छ, एक छोरा र बाउ मात्र बचेको अवस्था हो । सोही दिन कुशे गाउँपालिकाको कुशेपाटन क्षेत्रमा चरिचराउको लागि गएका धेरै किसानहरूका भेडाबाख्राहरूका बथानमा त्यहाँचाहिँ चटयाङ्ग परेर धेरै भेडाहरू मरेका छन् । मैले अलिकति तपसिलमा लिष्ट पनि म यहाँहरूलाई जानकारी गराउन चाहन्छु । यो किसानहरूको व्यक्तिगत लगानी हो र ठूलो क्षति भएको छ । त्यसो हुँदाखेरि मैले किसान रत्न बहादुर शाह कुशे ५ भीमे उहाँका ५० वटा भेडा मरेका छन् ४७ वटा भेडा वेपत्ता भएर हराएका छन् । किसान दुर्गाबहादुर रोकाय कुशे ८ का ८३ वटा भेडा मरेका छन्, २२ वेपत्ता भएर हराएका छन् । किसान गणेशबहादुर घर्ती कुशे ७ का ४६ वटा भेडा मरेका छन् २ वटा हराएका छन् । किसान नरबहादुर बस्नेत बारेकोट वडा नं. ३ का ५० वटा मरेका ५ वटा हराएका छन् । जम्मा २२९ वटा भेडाहरू मरेका छन् ७६ वटा वेपत्ता भएका छन् र किसानहरूको धेरै ठूलो मतलव पशुचौपाया भेडा चरिचराउको लागि पाटनमा गोठ लिने चलन हुन्छ र हिजोआज पनि घोडीभेडीहरू पाटनमा छन् र त्यहाँ धेरै ठूलो क्षति भएको छ र यो क्षतिप्रति कर्णाली प्रदेश सरकारले सहानुभूतिपूर्वक क्षतिपूर्ति र राहतको व्यवस्था गरोस् भनेर म निवेदन दिन निवेदन गर्न चाहन्छु साथै कारबाहीको लागि यो सरकारलाई अनुरोध गर्न चाहन्छु । र साथै दशैं आइरहेको छ र जनगुनासो र जनप्रतिनिधि स्थानीय तहका जनप्रतिनिधि सबैको जनताहरूको जनगुनासो के छ भन्दाखेरि त्यहाँ सदरमुकाम खलङ्गा भेरी नगरपालिका जाजरकोट गरिखालीबाट पाँचकाटे हुँदै कुशे गाउँपालिकासम्म जाने सडक अवरुद्ध भएको छ र हाम्रो कर्णाली प्रदेश सरकार भौतिक मन्त्रालय अथवा कर्णाली प्रदेश सरकारले सभामुखमार्फत् कर्णाली प्रदेश सरकारले त्यो दशैंभन्दा अगाडि त्यहाँ ठेकेदार..केन्द्र सरकारको सडक डिभिजन चौरजहारीमार्फत् ठेक्काद्वारा बाटो खनिएको छ र ठेकेदार परिचालन गरी तत्काल दशैं अगाडि असोज पहिलो हप्ता बाटो जीप चल्नलायक बनाइयोस् अहिले पनि बिमारीहरू गाउँबाट सदरमुकाममा ल्याउने स्थिति छैन। र मान्छेहरू पैदलयात्रा २/३ दिन लगाएर हिंडेर आइरहेको स्थिति हो । अब यतातिर केन्द्र सरकारको भौतिक पूर्वाधार मन्त्रालयमा प्रदेश सरकारले लविङ्ग गरोस् यसको व्यवस्था गरोस् साथै भेरी करिडोरको भेरी नगरपालिका ४ पासागाडबाट रिम्न हुँदै त्यो भेरी नगरपालिकाको खण्ड नगरपालिका नलगाड नगरपालिकाको खण्ड रुकुमको आठविसकोट नगरपालिका खण्ड र माथि मुड्कीचोली/मुड्कीचोला गाउँपालिकासम्म बाटोहरू ठाउँठाउँमा भत्किएको छ भेरीले कटान गरेको छ र त्यहाँ धेरै मान्छेहरूले दुःख पाएका छन् र सडक भत्किएको छ त्यसको पनि चौरजहारी सडक विभागमार्फत् प्रदेश सरकारले पहल गरेर त्यहाँ व्यवस्था गरियोस् र गाउँमा अहिले चाहिँ टेलिकम टावर छैन र त्यहाँ समस्या पर्‍यो कुनै दुर्घटना भयो भनेपछि सम्पर्क/सम्पर्कविच्छेद छ टेलिकम टावरको विषयमा पनि प्रदेश सरकारले मतलव सरकारस्तरमा ल मतलव मध्यस्तता गरोस्

प्रदेश सरकारले सभामुखज्यू मार्फत् प्रदेश सरकारले यो टेलिकम टावर तत्काल व्यवस्था गरोस् । र योसँगै मध्यराजमार्गको कुदुमा पर्ने यो भेरी पुल अहिले ४ वर्ष भो अलपत्र छ । त्यसको बारेमा प्रदेश सरकारले केन्द्र सरकारसँग मध्यपहाडीको यसको कार्यालय दाङ्ग र दैलेखमा भएको कार्यालयलाई ताकेता गरोस् । यी तत्काली समस्या जनगुनासो र जनप्रतिनिधि स्थानीय तहको प्रदेश सरकारलाई आग्रह छ र म मार्फत् निवेदन पठाउनुभएको छ र कारबाहीको लागि मैले विशेष अनुरोध गर्दछु हवस् त धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री गोपाल शर्मा ।

**माननीय श्री गोपाल शर्माः** माननीय सभामुख महोदय, खासगरी विगतमा जनयुद्धको सन्दर्भमा तत्कालीन नेकपा माओवादीले चलाएको जनसत्ताले गरेको घरजग्गा रजिष्ट्रेशन म यस सन्दर्भमा खासगरी विगतको जनयुद्ध विस्तृत शान्ति सम्झौताको माध्यमबाट शान्तिप्रक्रियाको एउटा महत्वपूर्ण प्रक्रियामा अगाडि बढ्यो त्यो शान्ति सम्झौतापछि सप्पै कुराहरू व्यवस्थापन भए माननीय सभामुख महोदय । एउटा कुरा त्यहाँ छुट्यो तत्कालीन जनसत्ता माध्यम बनेर घरजग्गा रजिष्ट्रेशन गरेको थियो, सरकार चलाउँदाखेरि घरजग्गा रजिष्ट्रेशनको माध्यम बनेको थियो । रुकुममा मात्रै करिब ५३ सय लिखतहरू अहिले त्यस्तै प्रकृतिका छन् । त्यो लिखतहरूलाई वैधानिकता नदिंदाखेरि सरकारले अरु सबै कुरा जनमुक्ति सेनाको व्यवस्थापन भयो, हतियारको व्यवस्थापन भयो, अरु सबै कुराको व्यवस्थापन भयो तर तत्कालीन अवस्थामा जनसत्ता माध्यम भएको लेनदेन दुवै पक्ष सहमत भएर गरेको घर कर घर लेनदेन वा जग्गाको लेनदेन किनबेच दुवै पक्ष सहमत भएका लिखतहरू छन् अहिले पनि तर ती लिखतहरूलाई मान्यता नदिंदाखेरि ५३ सय लिखतहरू र त्यससँग सम्बन्धित व्यक्तिहरू प्रभावित छन् । अहिले एउटासँग भोगाधिकार छ र अर्कोसँग हका/हकअधिकार छ । त्यो आधारमा दुवै पक्ष अहिले बढेको त्यतिबेला जति मूल्य थियो त्यतिबेला त्यो मूल्यमा किनेको मान्छे अहिले बैधानिकता नपाउँदाखेरि अहिले फेरि बढेको मूल्य मलाई दे त्यसपछि मात्रै मैले पास दिन्छु भन्ने अवस्थाले दुवै पक्षकोबीच गम्भीरखालको एक खालको द्वन्द्व छ र मलाई के लाग्छ सरकारले यसलाई उचित ढंगले व्यवस्थापन नगर्ने हो भने गम्भीरखालको शान्तिसुरक्षामा गम्भीर असर पर्ने दिनदिनै यस्ता घटनाहरू घटिनै राखेका छन् । अहिले सरकारप्रति विश्वस्त भएर केही न केही उपाय गर्ला यसलाई निकास देला भन्ने अवस्थाले सुसुप्त अवस्थामा द्वन्द्व छ यो अलिकति समाधान भएन भने यसले विकराल रूप लिन सक्छ म माननीय सभामुखमार्फत् सरकारलाई यसको समस्या समाधान गर्न पहल गर्न ध्यानाकर्षण गराउन चाहन्छु । दोस्रो कुरा सभामुख महोदय, रुकुममा मात्रै हामीले एउटा प्रयास गऱ्यौं धेरै घटनाहरू मदिरा/मदिराजन्य घटना मदिराजन्य पदार्थको सेवनको कारणले घटनाहरू घटे विगतमा ८० प्रतिशत घटनाहरू मदिराजन्य पदार्थको सेवनको कारणले गरे । एउटा यस्तो घटना भयो कि बाबुले छोरीलाई अचनामा राखेर काटेर हत्या काट्यो हत्या गऱ्यो । अर्को घटना आफ्नो श्रीमतीलाई बन्दुकले हानेर माऱ्यो १६ गते हरितालिका तीजको दिन एक जना कमला बुढा जसले दिनभरि आफ्नो श्रीमानको दीर्घायूको निम्ति ब्रत बसिन् साँझ श्रीमानलाई खुट्टा ढोग्दाखेरि खुर्पाले हानेर मारिइन्, ती पनि त्यो रक्सी सेवनको कारणले भएको छ । यस्ता दर्जनौं घटनाहरू छन् अहिले मात्र यो एक महिनामा मात्र २१ घटनामध्ये ११ वटा घटना यस्तै खालका एउटा जबरजस्ती करणीको यही घटनासँग सम्बन्धित छ दुर्घटना भएका छन् । कुटपिटमा ४/५ जना मान्छे कुटपिट भएका छन् । एउटा हत्याको घटना यही छ । अरु त्यस्ता अंगभंगका घटनाहरू छन् । ११ वटा घटना यसैको कारणले भएका छन् । त्यसकारण मदिराजन्य व्यवस पदार्थहरूको उचित व्यवस्थापन अहिलेपनि हामी गाउँ जाँदाखेरि स्कूलको पर्खालसँगै जोडेर बोतलका पर्खालहरू लगाइएका छन् बोतलका स्कूलमा स्कूलको छेउमा राखिएका पसलहरू मदिरा पसल होइनन् ती खुद्रा पसलहरूले मदिरा बेच्ने र स्कूलको पर्खालसँगै जोडेर मद..केरे बोतलको पर्खाल

राखेको अवस्था छ । यसकारण संविधानको धारा १६ ले सम्मानपूर्वक बाँच्ने नागरिकको सम्मानपूर्वक बाँच्ने अधिकारलाई मौलिक हकको रूपमा स्थापित गरेको छ । यो मौलिक हक स्थापित गर्न र नागरिकलाई सुरक्षाको प्रत्याभूत गराउनको लागि सरकारले मदिराजन्य पदार्थलाई व्यवस्थापन गर्ने गरी नियन्त्रण गर्ने गरी र यो खालको एउटा कानून अगाडि बढाओस्, एउटा प्रक्रिया अगाडि बढओस् भन्ने कुरामा ध्यानाकर्षण गराउन चाहन्छु । र यही बीचमा बाढीपहिरोको कारणले रुकुमका झण्डै रुकुमको मनकाबगरमा १२ वटा घर अहिले बगरमा परिणत भएका छन् र घरबारविहिन अवस्थामा मनकाबगरका आदरणीय जनसमुदाय छन् । यसलाई उचित राहत व्यवस्थापनको व्यवस्था राहतको व्यवस्था सरकारले गरोस् र अर्को झण्डै एक दर्जन एकदमै अति जोगिममा घरहरू छन्, त्यसको बेलैमा ती जोखिममा रहेका घरहरूलाई बेलैमा पुनर्स्थापित गर्ने प्रयास सरकारले गरोस् । त्यसको निम्ति म माननीय सभामुखमार्फत् ध्यानाकर्षण गराउन चाहन्छु र अन्तिममा म खासगरी यो गाई प्रकरण माननीय सभामुख महोदय यो त देखिएको मात्रै हो हामी बबईभन्दा अलकति तल म अहिले दुई महिना अगाडिमात्रै मलाई के अनुभूति छ भने बबईभन्दा तल सडकबाट एकचोटी झण्डै एकसय वटा गाईहरू माथितिर आइराखेको थियो मैले त्यलाई रोकेर सोधे कहाँ लैजाने हो भन्दाखेरि माथितिर लैजाने हो भन्यो । त्यसकारण हाम्रो प्रदेशलाई अहिले देखिएको मारिएको कारणले देखिएको हो हाम्रो प्रदेशलाई डम्पिङसाइडको रूपमा प्रयोग गर्ने जो प्रयास भैराछ सरकारले यसलाई गम्भीरतापूर्वक रोकोस् र हामी यो दुवैखालका नियतवश गर्नेहरूका केही बदमासीहरूलाई छानविनको दायरामा ल्याएर कारबाही गरोस्। धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री देवी ओली ।

**माननीय श्री देवी ओलीः** सभामुख महोदय, मैले सर्वप्रथम यो सामाजिक विकृति, विसङ्गति, हत्याहिंसालाई व्यवस्थापन गर्नको निम्ति जो संवैधानिक व्यवस्था छ तीन तहका सरकारहरूको सहकार्यता समन्वय भन्ने त्यसलाई प्रदेश सरकारले विशेष ध्यान दिएर अगाडि बढाओस् भन्न चाहन्छु । कुरा आइसकेको छ - रुकुमपश्चिम मुसिकोट नगरपालिका वडा नं. ३ निवासी २७ वर्षीया नवीन खड्काले आफ्नी श्रीमतीलाई हिन्दू महिलाहरूको मात्रै नभएर नेपाली महिलाहरूको महान चाडको दिन जो उसैको दीर्घायूको कामनाको आस्थाका आधारमा निरहार ब्रत बसेर पूजाआजा गरिरहेको अवस्था रातको ८ बजे धारिलो हतियार प्रहार गरी श्रीमतीको हत्या गरेको छ । उक्त हत्यारा नियन्त्रणमा त आएको छ तर ती दुवै जनाका नाबालक ३ बच्चाबच्चीहरू छन् बच्चाबच्चीहरूको बिचल्ली छ यसको व्यवस्थापनका लागि सरकारले सोच्नुपर्छ । र यस्ता घट्नाहरू मदिराकै कारणले भएका कुराहरू प्रहरी अनुसन्धानमा पनि ८० प्रतिशत मदिराजन्य सेवनबाटै भएको भन्ने प्रतिवेदन सार्वजनिक भैसकेको छ । प्रदेश सरकारका आर्थिक मामिला मन्त्रीज्यू गएर हाम्रो रुकुम जिल्लाको आठबिसकोट नगरपालिकालाई मदिरामुक्त घोषणा पालिका घोषणा गर्ने उसमा पनि आफू सहभागी हुनुभएको छ । त्यसकारण रुकुमको मात्रै समस्या होइन आज प्रदेशकै १० वटै जिल्ला रुकुम जिल्लामा मात्रै त्यो गर्दाखेरि यतापट्टि सीमाना जोडिएका जिल्ला सल्यान, जाजरकोटमा यो व्यवस्थापनको प्रक्रिया अगाडि नबढाउदाखेरि झनै रुकुमले एक्लै गर्न खोजेको हो कि भन्ने जस्तो पनि परेको छ । त्यसकारण हरेक अरु देशको पनि उदाहरणहरू छन्, कम्तिमा पनि बिक्री गर्ने, सेवन गर्ने उमेर, स्थानहरू मात्रै पनि व्यवस्था समयसम्म पनि व्यवस्थापन गर्न सक्यो भने धेरै व्यवस्थापन हुन सक्छ । यसको लागि सरकारले कार्यविधि ल्याउन सक्छ, संकल्प प्रस्ताप ल्याउन सक्छ । यसलाई किन ध्यान दिइएको छैन ? विशेष गरेर म मदिरा व्यवस्थापनको लागि ध्यानाकर्षण गराउन चाहन्छु र यो संसदभित्र आज हामी लामो समयपछि बैठकमा उपस्थित भएका छौं र हामीले आर्थिक वर्ष २०७६/७७ को बजेटलाई संशोधनसहित पारित गरेका छौं । र गाउँमा जाँदाखेरि हामीले पाउने योजना के-के हुन् भनेर

जनताले हामीलाई सोधिरहेका छन् । सरकारले कुन कुन शीर्षकहरू संशोधन गर्न आवश्यक ठानेको छ त्यो कुरा संसदलाई जानकारी गराउनुपर्छ र यो वर्ष आर्थिक वर्षका योजनाहरू के-के हुन् त्यो कुरा संसदलाई जानकारी गराओस् भन्ने कुराको ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री कुर्मराज शाही ।

**माननीय श्री कुर्मराज शाहीः** माननीय सभामुख महोदय, भाद्र ९ गते तिलागुभा नगरपालिकाको ठाकुला भन्ने ठाउँमा अविरल बर्षाको कारण बाढी ठूलो बाढीपहिरो गएको छ । त्यले गर्दाखेरि २४ घरपरिवार विस्थापित भएका छन् र ४ घरहरू पूरै मलाई लाग्छ पुरिएका छन् र अरु २० घरपरिवारहरू तराहीमाम भएर अर्को सुरक्षित ठाउँमा ओत लाग्नुपर्ने अवस्था चाहिँ सिर्जना भएको छ । म सभामुखमार्फत् यो सरकारको ध्यानाकर्षण गराउन चाहन्छु तत्काल राहतको निम्ति । र सँगै यही बाढीपहिरोकै कारणले गर्दा कर्णाली राजमार्ग आज पनि अवरोध भको छ मुगु जुम्ला सुर्खेत आउने बाटो अवरोध भको छ । यो तत्काल खोल्नका निम्ति म प्रदेश सरकारको ध्यान आकर्षण गर्न चाहन्छु । र सँगै अहिले सबभन्दा गालको गाली खाने को त भन्दाखेरि जनप्रतिनिधि हामी नै छौं अहिले, जनताको अहिले । गाली कहाँसम्म हुन्छ भन्दाखेरि कोदोबारीमा कुकुरले दिसा गऱ्यो भने जनप्रतिनिधि के हेरेर बसेका छन्, यो आरोप खेप्नु पऱ्याछ हामीले । धेरै पसिना आयो भने यो पसिना किन आयो सरकारले के हेरेर बसेको छ, जनप्रतिनिधिले के हेरेर बसेको छ । यस्ताखालका आरोपहरू के । लोग्नेस्वास्नी झगडा गरेभने यो सरकारले के हेरेर बसेको छ, जनप्रतिनिधिले के हेरेर बसेको छ ठूलो आरोप । सँगै आरोप के जोडिएको छ भन्दाखेरि यो त सामाजिक सञ्जालमै हामीले हेरिरहेका छौं ठूलो आरोप अहिले लुटबहादुर भनेर हामीलाई भन्छन् । मलाई त के लाग्न थाल्यो भन्दाखेरि हिजो पार्टीको नेता भइरहँदाखेरि अत्यन्तै जनताले सम्मान गर्थे साँचै कुरा हो यो । अहिलेचाहिँ लुटबहादुर को हो भन्दाखेरि जनप्रतिनिधिहरू । अनि त्यसपछि भ्रष्टबहादुरहरू को भन्दाखेरि जनप्रतिनिधिहरू जो ठूलो आरोप आउने गरेको छ नि अब यो आरोपलाई चाहीं अन्त्य कसरी गर्ने होला । यो अन्त्य गर्ने एउटामात्रै मैले उपाय देखेको छु । हामीले प्राविधिकहरूलाई सायद मलाई लाग्छ कुरुसमा गएर अध्ययन गर्नुपर्छ आरोपका नाममा आरोप त गर्न सकौंला विरोध गर्न सकौंला हिजो हामी विरोध गर्दै आएका मञ्चमा नगर्ने भन्ने कुरा हैन । फेरि नेपालीहरूको हाम्रो त बानी नै छ गाली गर्न बढी जानेका छौं सकारात्मक कुरा गर्न कहिलै पनि जानेका छैनौं । यस अन्त्य कसरी गर्न सकिएला भन्दाखेरि मैले आफ्नो मेरो आफ्नो ढेड वर्षको अनुभव यहाँहरूको बीचमा भन्दैछु सबभन्दा पहिलो कुरो प्राविधिकहरूलाई हामीले सुधार्न सकेनौं भने जनप्रतिनिधले गाल खान्छन् है यो । जनप्रतिनिधिहरू गालबाट मुक्त हुनका निम्ति गालबाट बाहिर जानका निम्ति प्राविधकहरूलाई प्रदेश सरकारले एउटा राम्रो प्रस्ताव अघि सारेको छ ईन्जिनियरिङ्ग कम्पनि बनाउने । त्यले सर्वेडिजाइन गर्ने र सम्बन्धित कार्यालयको प्राविधिकले मलाई लाग्छ अनुगमन गरेर अन्तिम बिलको भुक्तानी दियो भने यो हामी गालबाट टाढा रहन्छौं भन्ने लाग्याछ मलाई । त्यो भएको हुनाले उही प्राविधिकले सर्वे गर्ने उही प्राविधिकले डिजाइन गर्ने उले नै अनुगमन गर्ने अन्तिम बिल पनि उले भुक्तानी गऱ्यो हो भने १० रुपैयाँ पर्ने चीज २० रुपैयाँ गर्दो रहेछ र १० रुपैयाँ सर्लक्कै फाइदा खाने स्थिति बन्दो रहेछ । त्योसँगै मलाई लाग्छ के लाग्छ भन्दाखेरि उपभोक्ता र प्राविधिकहरू मिलेर अहिले त मलाई के लाग्छ भन्दाखेरि तल पनि जनताहरू धेरै बाठा भएका छन्, खाली नेताहरूले माननीयहरूले जनप्रतिनिधिहरूले गाली खाने स्थिति बनेको छ मन्त्रीहरूले गाली खाने स्थिति बनेको छ तर तल मलाई के लाग्छ भन्दाखेरि प्राविधिक र उपभोक्ता समितिहरू मिलेर तपाईको उनीहरू पैंसा उठाउदारहेछन् मैले देखे अहिले । कसको नाममा भन्दाखेरि सरकारको नाममा भन्दा रहेछन्, माननीयको नाममा भन्दा रहेछन्, अर्काको नाममा अर्काको नाममा भन्दा रहेछन्। त्यो पैंसा सर्लक्कै

प्राविधिक र उपभोक्ता मिलेर खाने स्थिति बन्याछ यहाँनेर । यिनीहरूको कारणले गर्दाखेरि गाली अहिले तपाई माननीयहरूले खाएकाछन् गाली जनप्रतिनिधहरूले खाएका छन् । त्यो भएको हुनाले सबभन्दा पहिला नेपालको प्राविधिकलाई चाहिँ हामीले सुधार्न सकेनौं भने प्राविधिकलाई ठीक ट्र्याकमा ल्याउन सकेनौं भने त्यो प्राविधिकका निम्ति अर्को चेक एण्ड ब्यालेन्स गर्ने अर्को प्राविधिकको जन्म त्यो एउटा के भन्छ त्यलाई कन्सल्टेन्सी जस्तो एउटा निर्माण गर्न सकेनौं भने यो हाम्रो हालत त्यही हुने छ । हिजो पनि भएको त्यही थियो अहिले पनि त्यही भएको छ। यो कुरालाई अन्त्य गर्नको निम्ति गम्भीर ढंगले चाहिँ प्रदेश सरकारले सोचोस् म आग्रह गर्न चाहन्छु । र अर्को अन्तिममा चाहिँ अब यो खाल्डा खाल्डा परेकै छ अघि उहाँले प्रतिपक्ष दलको नेताले भन्नुभाछ । सायद मलाई लाग्छ धेरै यो बाटो हिंड्नुहुन्छ । अब यो खाल्डा पुर्ने कसले हो अब यो संघीय सरकारले प्रदेश सरकारलाई हस्तान्तरण गरेको छैन भन्ने भको छ । प्रदेश सरकारले यो खाल्डा पुर्ने चाहिँ आफ्नो अधिकार राख्छ कि राख्दैन । यदि राख्छ भने यो चाहिँ खाल्डा पुर्न पऱ्यो । साँ... गाल खाने स्थिति बनिरहेको छ । हामीले भनिरहेका छौं जनताको बीचमा चाहिन्न सरकार आउँछ यो बाटो काट्छ भन्दै गरेका छौं हामीले । जनता आश्वासन दिइरहेका छौं । त्यो प्रक्रिया ढीला होला तर तत्काल मलाई लाग्छ यो बाटो सुचारु गर्नका निम्ति गालबाट कम गाल खानका निम्ति मलाई लाग्छ यो खाल्डा पुर्न प्रदेश सरकारको ध्यान जाओस् भन्न चाहन्छु। धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री राजु नेपाली ।

**माननीय श्री राजु नेपालीः** सभामुख महोदय, सुर्खेत कर्णाली प्रदेश, प्रदेश हस्पिटलमा दिनानुदिन बिमारीहरूको अत्यधिक चाप बढिरहेको छ । बिमारीहरूको सर्वप्रथम त बिमारीप्रति शीघ्र स्वास्थ्यलाभको कामना गर्न चाहन्छु । यहाँ हामी प्रदेश हस्पिटल हुन सक्छ जनसंख्या एकदमै वृद्धि भइरहेको र त्यहाँभित्र कर्मचारीहरूको सायद अभाव होला। जस्तोसुकै सिरियस बिमारी ल्याएपनि उपचारमा ढिलाइसुस्ती हुने गरेको छ । यो जनशक्ति जुटाउनको लागि सभामुखमार्फत् सामाजिक मन्त्रालयलाई मैले ध्यानाकर्षण गर्न चाहन्छु । बिमारीहरूले सुन्नमा आइरहेको छ डेंगो बिमारी फेला परेको छ डेंगो यो एक जना पुरानै भारतमा काम गर्न जाँदाको बखतबाटै त्यो बिमारी लागेर आएको निको नभइरहेको प्रदेश हस्पिटलमा रहिरहेको र अहिले नयाँ फेरि हाम्रो पञ्चपुरी बराहतालमा एक जना नयाँ बिमारी देखिएको र त्यसै अस्पतालमा भर्ना भइरहेको हामी त्यो डेंगो रोग लागिसकेपछि हामीले सरकारमार्फत् सरकारमार्फत् नै त्यो बिमारको लागि यथाशीघ्र सत्यतथ्य बुझेर यदि डेंगो रोग लागेकै हो भने सञ्चो हुन्छ यहीं डक्टरले अथाह प्रयत्न गरौं निको पारौं । यदि सकिदैन भने कहाँ हो डेंगो रोग सन्चो हुने त्यसलाई एउटा उपाय दिऔं र डेंगो रोगबाट यो प्रदेश उन्मूलनका लागि पहिलै शतर्क बनौं र सरकारले नै त्यो बिमारीलाई एउटा कहाँ लगेर उपचार गरेर सन्चो हुन्छ । त्यसको लागि सरकारले नै सभामुखमार्फत् जवाफदेही हुने र उपचारको लागि सरकारले व्यवस्था गरोस् भन्ने म राख्न चाहन्छु । हवस् त धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री ठम्मरबहादुर बिष्ट ।

**माननीय श्री ठम्मरबहादुर बिष्टः** माननीय सभामुख महोदय, विशेष समयमा मैले एकदुई वटा कुराहरू यहाँ निवेदन गर्न चाहन्छु । पहिलो कुरा यो धेरैचोटी यो उठेको विषय हो यलाई फेरि पनि अब हामीले संसदमा उठाउन नपर्ने गरिकन यसको हल होस् भनेर मैले सभामुखमार्फत् यो निवेदन गर्न चाहन्छु । यो विषयगत समितिको कुराहरू हामी दुई वर्ष पार गरेर अब लगभग तीन वर्षतिर नै जाने हो । अहिलेसम्म पनि यसको जवाफ आएको छैन, धेरैचोटी झण्डै झण्डै दर्जनौं चोटी यो कुरा उठिसकेको छ । अब यसमा नियमावलीमा पनि यहाँ के छ भने हाम्रो संसद नियमावलीमा १४७ मा सभामुखले कार्य व्यवस्था परामर्श समितिको

परापर्शमा नियम १४६ बमोजिमका प्रत्येक समितिमा बढीमा ११ जना सदस्य मनोनयन गर्न सक्नेछ भनेर यसमा भनिएको छ । १४८ मा यस परिच्छेदमा अन्यथा व्यवस्था भएकोमा बाहेक यस परिच्छेद अन्तर्गतका प्रत्येक समितिमा सभामुखले तोकेको दिन अध्यक्षको निर्वाचन हुनेछ भनिएको छ । त्यस्तै १४९ मा सभामुखले प्रदेश सभाको समिति लिई सदस्यहरूको हेरफेर वा थपघट गर्न सक्नेछ भनेपछि यसलाई अफसुलेट अधिकार र समन्वयको अधिकार होला यता सरकारको पनि अथवा सरकारको प्रमुखको या प्रमुख सचेतकहरूको परामर्श अथवा जो व्यवस्थापन समिति भनेका छौं त्यसको अथवा चाहिँ पार्टीको नेताहरूको यसमा नपुग्ने कुरा नै हो यसमा पनि पुगेको छैन, सिदा हिसाबले । तर यो कोअर्डिनेशन गर्ने काम सभामुखको हो यो हाम्रो विधानले त्यो कुरा भन्छ त्यसकारण मैले सभामुखमार्फत् यो कुरा फेरि पनि हामीले सदनमा सधैं उठाइराख्ने विषय जो अलिकति हामीलाई लाजमर्दो स्थिति भको छ हामी कानूनका कुरा गर्छौं लोकतन्त्रका कुरा गर्छौं तर फेरि पनि हिस्सिपिटे तरिकाले हामी चलाइराखौं यसको तत्काल यो कुरालाई हल गरियोस् । दोस्रो अर्को कुरा यो उद्दार तथा विपत व्यवस्थापनको कुरा छ । अहिले अँ... जस्तो ठाउँठाउँमा बाढीपहिरोको कुराहरू पनि आइरहेका छन् । माननीयज्यूहरूले पनि भन्नुभा'छ । म पनि आफ्नो निर्वाचन क्षेत्रमा जाँदै गर्दा त्यहाँ एउटा घरमा आगलागि भयो उहाँ सडकमा आउने स्थिति भयो । हो सरकारले मृत्यु भएकोमा एक लाख रुपैयाँ दिने लगायतका निर्णयहरू गरेको छ, त्यसको लागि सरकारलाई धन्यवाद दिनै पर्छ तर मर्ने मान्छे मऱ्यो अब बाँचेकाहरूको स्थितिमा के गर्ने हो ? १२/१५ जनाको परिवार छ कैयन ठाउँमा उसको घर सबै लियो यहीं पनि खजुरादेखि लिएर कैयौं ठाउँमा अहिलेको बाढीपिडितले थुप्रै चाहीं तपाईंको जनधनको क्षति भएको छ । दोकानहरू त्यहाँ चर्लम्मै डुबेको छन् । मान्छे सडकमा आउने स्थिति छ । यसको व्यवस्था तत्कालै सरकारले यसलाई एकदम करेन्ट इस्यू हो यो अहिले फाइलहरू थन्केका छन् । यसको कुनै पनि सम्बोधन भएको छैन । त्यसकारण यो कुरा तत्काल चाहिँ हल होस् । यहाँ अब गाईको कुरा त छदैछ । गाईको सम.. गाईको भन्दा पहिले अझ मान्छेको गरौं । यहाँ त मान्छै भोकले मर्ने खालको स्थिति, मान्छै सडकमा आएर चाहिँ बेघरबार हुने स्थित छ । त्यसकारण पहिलो कुरा यो कुरालाई मैले सम्बोधन गर्न चाहन्छु । दोस्रो कुरा भनेको यो कुराको हलको लागि सरकारले एउटा ऐन हुन्छ या निर्देशिका हुन्छ या कार्यविधि हुन्छ तत्कालै वीदिन ट्वान्टीफोर आवर्स अथवा फोर्टीएट आवर्स यलाई गर्नुपऱ्यो किनकि बर्खा लागिराख्याछ घर भत्किने जनधनको क्षति हुने काम जारी छ, सरकारले ल्याएर फाइल पेण्डीङ्गमा राखेको छ । रेडक्रसमा सिडियो कार्यालय अन्त जाँदा सबै चाहिँ तपाईको दशौं लाखको क्षति छ भने त्यहाँ मुस्किलले ५ हजार / २ हजार यसरी दिने या केही कम्बल दिने त्यो मात्रै छ त्यले हल हुँदैन । यो कुरा मैले निवेदन गर्न चाहन्छु । अब अर्को कुरा अन्तिममा जो करेन्ट इस्यू छ गाईको इस्यूमा अब गाईको इस्युमा यो राष्ट्रिय इस्यू हो मैले अब एउटा अलिकति यहाँ सरकारलाई अब सबै यो संसदलाई मैले एउटा ध्यानाकर्षण के गर्न चाहन्छु भने यो कर्णाली प्रदेशको इस्यू बनाऔं । म त म यहाँ प्रश्न गर्न चाहन्छु - गाईको इस्यूको गाईको गोहीका आँसु चुहाउँदै गर्दा यो देशमा हामी सबै नेपालीले त्यो गाईलाई ३ सय ६५ दिन पनि नपाल्ने । तिहारमा आएर अलिअलि चाहिँ एक कलो दिने । धर्ममा पनि मरेको दिन त्यलाई चाहिँ चेलीबेटी लिने या बाहुनले लिने र बाटैमा छोर्ने । अब त्यो न कानूनबाट संरक्षण छ न धर्मकर्मबाट संरक्षित छ त्यो गाई डाइनोसर हुन्छ कि हुँदैन । फेरि गाईको लागि अन्तर्राष्ट्रिय नियमहरू एक्टहरू बनेका छन् सरकार नेपाल सरकारले पनि एक्टहरू बनाएको छ तसैले मैले अनुरोध गर्न चाहन्छु सरकारले नियमकानून पनि जनतालाई बुझाउनुपऱ्यो । गाईको के-के उपयोगिता छ त्यो पनि सरकारले बुझाउनु पऱ्यो सँगसँगै । अब ३ करोड नेपाली जनताले त गाईको संरक्षण गर्दैनन् न गोठमा छ त्यो गाई न घरमा छ, कि त यहीबाट निर्णय गरौं ४० जनाले हजार हजार, पाँच पाँच हजार कति गाई पर्छन् त्यो लैजाऔं हामीले किन जनतालाई त हामीले

दिने कुरा भएन, दिन पनि मिलेन । होइन भने गाई यो चाहीं गोहीको आँसु नचुहाऔं । अब तत्काल एउटा विधेयक बनाएर पास गरौं । सरकारले अब यो त व्यक्तिले पाल्ने कुरो देखिएन कि त हजुरले सरकारले नै यो चाहिँ तपाईको यो उपयोगिता छ है यसको गाई त नभई नहुने जन्तु हो, राष्ट्रिय जनावर हो ऐतिहासिकता छ यसको चाहिँ गहुँतबाट यो हुन्छ यसको रगतबाट यो हुन्छ सासबाट यो हुन्छ भनेर कि अध्ययन गरेर सरकारले एउटा विधेयक बनाएर बुझाउनु पर्‍यो र जनताले पाल्नेवाला छन् नत्र आजको मितिसम्म गाई त चाहिँ सडकमै छ । पोहोर पनि कैलालीमा घटना भएकै हो । आज यो भयो । यो त हुन्छ नै । त्यसकारण यसको लागि सरकारले यहाँ अब एउटा लगत इस्टिमेट गरौं । कर्णालीभरिमा कति गाई छन् १० हजार १५ हजार कृषिमन्त्रीजी मुस्कुराइ राख्नुभा'छ उहाँकै यो पर्छ फिल्ड पनि । त्यसकारण सरकारले तत्काल करेन्ट चाहिँ विधेयक ल्याएर गाईको संरक्षण र व्यवस्थापन गरौं । यो बाट नै चाहिँ तपाईको दीर्घकालीन हल हुन्छ, अन्यथा यो कुरा उठाउनुको कुराको लागि मात्र हुन्छ । धन्यवाद !

**माननीय सभामुखः** माननीय श्री सुशीलकुमार थापा ।

**माननीय श्री सुशीलकुमार थापाः** माननीय सभामुख महोदय, धेरै पटक कुरा उठिसकेको छ । २०७६ साल ५/१३ गते नेपालगञ्ज उपमहानगरपालिकाले दैलेखका लागि भनेर पठाएको भनिएको चौपायाहरू सुर्खेतको कटकुवामा जुनखाले गौ-हत्या गर्ने काम भयो, र गौहत्या गरियो । गौहत्याप्रति गम्भीर दुःख व्यक्त गर्न चाहन्छु । दैलेखको नाम मुछेर दैलेख पठाउने र दैलेखको नाम मुछेर बाँके उपमहानगरपालिका र दैलेखको केही थुप्रै स्थानीय तह लगायत जुन सुरुमा शिरिस्थान नाभिस्थान व्यवस्थापन समिति स्थानीय तहलाई भनेर कोड गरियो र त्यो क्षेत्रबाट स्टेटमेन्ट निकालिसकेपछि हामीले नमगाको भन्ने स्टेटमेन्ट निकालिसकेपछि हाल समन्वयले एउटा स्टेटमेन्ट निकालेको छ यद्यपि त्यतापट्टि हाम्रो गम्भीर ध्यानाकर्षण छ सरकारले पनि ध्यानाकर्षण गरेको छ । संघीय सरकारले त्यसको छानविन समिति नै बनाएर छानविन गरिरहेको छ । म सबभन्दा पहिला कर्णाली प्रदेश सरकारलाई यो गौहत्या १३ गतेको घटनाक्रमलाई छानविन गर्नका लागि संसदीय समिति बनाएर यसको छानविन गरियोस् भन्ने माग राख्न चाहन्छु किनभने यो कर्णाली प्रदेशको सुर्खेत र दैलेखको मात्रै घटना नभएर सिंगो आज ३ करोड नेपालीहरूको यो इस्यू बनेको छ । त्यसकारण त्यतातिर गम्भीर ध्यानाकर्षण गर्न चाहन्छु । २ सय ९१ वटा ती गाईगोरु ल्याएर जुन घटना गरियो ३७ वटा उक्त घटनामा ३७ वटा चौपाया मरेका छन्, २ सय २८ वटा फिर्ता भएका छन् भने २६ वटा अहिलेसम्म पनि अलपत्र अवस्थामा छन् । यस्तो दर्दनाख घटनामा जुन घटाइयो र दैलेखलाई तारो बनाएर जुन घटना घटाइयो, घटना हेर्दा सुर्खेतबाट दैलेख जाँदा सुर्खेतबाट दैलेख जाने गाडी वायाँ साइडबाट गाडी हिँड्छ दैलेखबाट आउँदा दाहिने साइडबाट आउँछ । घटना प्रकृति हेर्दा कस्तो छ भने कटकुवामा जुन घटना भयो त्यो दिन म दैलेखबाट आउँदै थिए । घटना पाको लगभग २०/२५ मिनेटपछि त्यहाँ म पुग्याथें । हेर्दा देब्रेसाइडबाट दैलेख जानुपर्नेमा दाहिने साइडमा गएर गाडीले त्यो दुर्घटना गराएको अवस्था छ । देब्रेसाइडको भित्तामै गाडी यदि पल्टिएको हो भने अनकन्ट्रोल भाको हो भने गाडी पल्टिनुपर्नेमा दाहिने साइडमा गएर भीरमा गएर गाडी केही पनि नभएर त्यो गाडी कसरी घटना भयो के त्यो गौहत्या होइन । त्यसकारण म यो प्रति सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु र दोषीलाई उचित कारबाही गरियोस् । तत्काल छानविन समिति गरेर छानविन समित बनाएर र अर्को कुरा त्यो बाटो अहिले दैलेखबाट सुर्खेत जाँदा अर्थात सुर्खेतबाट दैलेख जाँदा त्यो क्षेत्र पूरै दुर्गन्धित भएर मान्छेलाई आवतजावत गर्न पनि बडो गाह्रो भइराछ । धन्न पाँचसय मीटरजति त्यो पूरै दुर्गन्धित फैलिएको छ भोलि त्यो महामारीका रूपमा फैलेला नफैलेला भन्न सकिन्न । त्यसकारण सरकारले त्यो क्षेत्रतिर पनि

अलि गम्भीर ध्यानाकर्षण होस् र त्यो बाटोलाई व्यवस्थित गर्न तत्काल सरकारले ध्यान केन्द्रित गरोस् भन्न चाहन्छु । धन्यवाद !

**माननीय सभामुखः** माननीय श्री यज्ञबहादुर बि.सी. ।

**माननीय श्री यज्ञबहादुर बि.सी.:** सम्माननीय सभामुख महोदय, विशेष समयमा म केही सार्वजानिक विषयका कुराहरू कर्णाली प्रदेश सरकारलाई ध्यानाकर्षण गराउन गइरहेको छु । यहि साउन ७ गते राति १२ बजे परेको अबिरल १ घण्टाको वर्षाले हाम्रो राजधानी कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरका ९ नं. वार्ड नयाँगाउँ, रहरपुर, माथिल्लो पर्सेनी, तल्लो पर्सेनीमा डुबान भएर जनताका केही धनजनहरू क्षति हुन पुग्यो र त्यसको साथै शुभ फाराम कुखुराको शुभ फाराम एक जना अनिल गुप्ताले त्यो फारम गर्नुभारैछ त्यहाँ कुखुरापालन उहाँका १ हजार लोकल कुखुराका बच्चाहरू र पाँचसय दुई किलादेखि माथिका कुखुराहरूको क्षति भएको थियो भएको थियो । र त्यसको साथै कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरलाई हामीले जोखिमबाट मुक्त पार्न सकेनौं भने निश्चित रूपमा यहाँका जनताहरूको त्यो क्षेत्रको धनजनको क्षतिबाट बचाउनका लागि कर्णाली प्रदेश सरकारले समयमै त्यो निकासखोलालाई व्यवस्थित गरेर निकास खोलाको व्यवस्था गर्ने र पानी भाग जो आउँछ त्यसलाई समयमै निकास ठूलो-फराकिलो बनाएर अगाडि बढोस् कर्णाली प्रदेशको सरकार र त्यसको साथै सभामुख महोदय बराहताल वर्षाकै कारणले भेरी नदी बढेर बराहताल वडा नं.४ तरंगाको झुलङ्गे पुलको पारीपट्टि गाउँतिरको नदी भेरी नदीले कटान गरेर झुलङ्गे पुल जोखिम अवस्थामा पुगिरहेको छ । कर्णाली प्रदेश सरकारले तत्काल तटबन्धको व्यवस्था गरेर त्यो पुललाई जोखिमबाट मुक्त बचाउने प्रयास गरोस् भनेर सभामुख महोदयमार्फत् सरकारको ध्यान आकर्षण गराउन चाहन्छु ।

सभामुख महोदय, आज कर्णाली प्रदेश सरकार भइसकेपछि हामीले पनि बारम्बार सदनमा ०७१ का बाढीपिडितको बारेमा कुरा उठाइरह्यौं र बाढीपीडितलाई राहत दिन वा त्यो पालबाट छानामा ल्याउनुपर्छ घरमा ल्याउनुपर्छ भनेर बारम्बार कुरा उठायौं र कर्णाली प्रदेश सरकारले प्रतिव्यक्ति ३ लाख दिने निर्णय गऱ्यो । त्यो स्वागतयोग्य थियो सभामुख महोदय । हामीलाई लाग्थो कि कर्णाली प्रदेश सरकार भएको अब निश्चित रूपमा अनुभूति हुन्छ भन्ने लागिरहेको थियो । यसो तिनी बाढीपीडितकहाँ पुग्दा अस्ति भर्खरै कर्णाली फाउण्डेसनले आयोजना गरेको एक कार्यक्रममा हामी माननीयज्यूहरू सीता नेपाली, म स्वयम् यज्ञबहादुर बिसी र अमृता शाहीज्यू गएका थियौं । त्यहाँ धेरै गुनासाहरू आए कि अहिलेसम्म हामीले न शुद्ध स्वच्छ खानेपानी खानेपानी पाइरहेका छौं न बस्ने न उही पाल चाहिँ पनि च्यातिसकिए । हामीले अब अहिले हातमुख जोड्न पनि धौधौको भइरकेको अवस्था भएको छ भन्ने गुनासो आयो । हामीलाई लाग्थ्यो प्रदेश सरकार गठन भइसकेपछि निश्चित रूपमा हामी घरको छानामुनि जानेछौं भन्ने लागिरहेको थियो । सिरिफ तपाईहरू यहाँ अनुहार पनि नदेखाउनुस् भन्ने खालको अविश्वासको खाडल आज जनताको बीचमा भइरहेको अवस्था छ । ती पीडितहरूले अविश्वास गरिरहेका छन् हामी जनप्रतिनिधिप्रति र सिंगो कर्णाली प्रदेश सरकारप्रति । सभामुख महोदय म कर्णाली प्रदेश सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु, तिनी पीडितहरूलाई तत्काल छानामुनि ल्याउन जरुरी छ । जब यो हाम्रो ०७६/०७७ को बजेटमा हामीले विपद् व्यवस्थापन जो गरेका छौं जो बजेट पारित भएको छ ती निमुखा ती पालमुनि बसिरहेका जुन पीडितहरू छन्, र तिनलाई तत्काल छानामुनि ल्याउने प्रदेश सरकारले कदम अगाडि बढाओस् । साथै जुन ३ लाखको कुरो आएको थियो ती गिरीघाटका पीडितहरूसँग बुझ्दा (समयलाई समयलाई ध्यान दिनुहोला) १ सय ४१ घरमध्येमा त्यहाँ बसोबास गर्ने १ सय २५ र ११ जनाले मात्रै त्यो राहत पायौं भन्ने कुरा

राख्नुभएको छ । र सभामुख महोदय र यसकारण अब कर्णाली प्रदेश सरकारले यो सरकार भएको अनुभूति देओस् भन्ने कुरा राख्दै मेरो भनाई यही अन्त्य गर्छु । धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री बिमला के.सी.लाई प्राङ्गारिक कृषि सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ का सम्बन्धमा कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२० को उपनियम २ को खण्ड क बमोजिम प्रतिवेदनसहित विधेयक माथि छलफल गरियोस् भनि सभा समक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला के.सी.:** सभामुख महोदय, सम्मानित सभामा प्रदेश सरकारका तर्फबाट पेश भएको प्राङ्गारिक कृषिसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ प्रदेश सभाको बैठकबाट विषयगत समितिमा पठाउने निर्णय भएको र सामाजिक विकास समितिमा छलफल भई सभामा प्राप्त भएकोले कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२० को उपनियम २ को खण्ड (क) बमोजिम प्रतिवेदनसहित विधेयकमाथि सभामा छलफल गरियोस् भनी प्रस्ताव गर्दछु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री बिमला के.सी.ले सभामा पेश गर्नुभएको प्राङ्गारिक कृषि सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि प्रतिवेदनसहित विधेयकमाथिको छलफलका लागि समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री अमरबहादुर थापा। समय ७ मिनेट ।

**माननीय श्री अमरबहादुर थापा :** सभामुख महोदय, प्राङ्गारिक कृषिसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ मा हामी सहभागी अहिले छलफलमा सहभागी भएको छु र मलाई यसभित्र हेर्दाखेरि यो निर्देशक समितिको दफा १३ मा मन्त्री र मन्त्रालय मात्रै भनिएको छ । समितिको अध्यक्षमा त्यसलाई विभागीय मन्त्री भन्नु पर्ने हो कि यसमा मेरो सुझाव छ । प्राङ्गारिक कृषिसम्बन्धी कसुरजन्य काम गरेमा कुन ऐनले कारबाही गर्छ ? यो यो गर्न नपाइने भन्या छ तर कति सजाय हुन्छ ? कुन ऐनले यसलाई कारबाही गर्छ ? भन्ने कुराको व्यवस्था यो ऐनमा छैन । यो ऐनमा नभएपनि कुन ऐनमार्फत् कारबाही हुन्छ भन्ने कुरा हामीले ऐन पास गरिसकेपछि ऐनले बोल्नु पर्छ तर यहाँ बोलिएको छैन । प्राङ्गारिक कृषिलाई अभियानको रूपमा लागू गर्न जरुरी छ । अहिले हामी ऐन त बनाउँदैछौं । हामीले प्राङ्गारिक रूपले यो प्रदेशलाई प्राङ्गारिक बनाउने घोषणा गरिरहेका छौं । तर यसको गति बढेको छैन र अहिले मैले गाउँमा जाँदाखेरि रासायनिक मल प्रयोग गरेका किसानहरूले अहिले रासायनिक मल त्यहाँ पाएको छैन किनभने यो प्रदेश प्राङ्गारिक हिसाबले घोषणा भैसक्यो तर त्यहाँ अहिले कालोबजारी भइरहेको छ जहाँ १५ रुपैयाँले २० रुपैयाँ पर्ने युरियालाई ६०/७० रुपैयाँ हालेर जनताले जाहिने प्रयोग गरेको अवस्था छ र त्यसमा पनि पाएको अवस्था छैन । त्यसैले त्यसलाई नियन्त्रण गर्दा व्यवस्थापन गर्न हामी सक्यौं कि सकेनौं । यो व्यवस्थापन गर्नु हामीले ऐन कानून त बनाउँला तर जाहिने यसको व्यवस्थापन गर्न सकेनौं भने फेरि पनि ती जनतालाई मर्का पर्न सक्छ । त्यसकारणले सरकारको ध्यानाकर्षण होस् कि यसमा अब प्राङ्गारिक रूपले जाँदाखेरि रासायनियक कुरालाई प्रतिबन्ध त लाउनै पर्छ यसमा मेरो विवाद छैन तर यसको विकल्प दिएर मात्रै जनतालाई अगाडि बढाउनुपर्छ । यो विषयमा सरकारको ध्यान आकर्षित होस् भन्ने चाहन्छु म । अब दोस्रो कुरा के छ भन्दा प्राङ्गारिक कृषि लैजाँदाखेरि यो समितिमा पनि १ जना २ जना विशेषज्ञ राखिया रहेछ तर संशोधनमा फेरि १ जना मात्र राख्ने भन्ने आको छ । तर यो यत्रो विशाल कार्यक्रम हामी गर्दैछौं, हामी यसका विशेषज्ञ हौं कि होइनौं । हामीले यसको पहिलो चरणमा त्यत्रो अभियान सुरु गर्दैछौं त यससँग जानेकार विज्ञहरू राख्न अलि समूहगतमै राख्न पर्ने हुन्छ र त्यसको राय सल्लाहले हामीले कसरी

प्राङ्गारिक रूपमा लागू गर्न सक्छौं भन्ने कुरा हामीले अगाडि बढ्नु पर्छ । त्यसकारणले विज्ञ समूहको एउटा यसले आवश्यकता यो ऐनमा ठानेको छु मैले । वास्तवमै नेपालको संविधानको धारा ४४ ले उपभोक्ताहरूको हकको निमित्त वास्तवमै स्वस्थ बन्नका निमित्त हामीले रासायनिक चिज खाएर धेरै संकट आयो । उत्पादन धेरै भएपनि मान्छेहरूको त्यले मृत्युको रूपमा त्यो चिजले मृत्युको रूपमा धेरै मान्छेहरूलाई लिने प्रयास भइरहेको अवस्थाले हामी प्राङ्गारिक भनेका छौं । त्यसैले जनताका हकका निमित्त जुन ऐन आको छ । मैले सरसर्ती बढें । पढ्दा धेरै कुराहरू राम्रा छन् यसमा । केही छुट भएका कुराहरू मैले सुझाव दिएँ । धेरै कुराहरू राम्रा छन् तर यसलाई हामी नेपालको स्वभाव के छ भन्दा ऐन बनाउने कानून बनाउने संविधान बनाउने तर त्यसको कार्यान्वयनको क्षेत्रमा कार्यान्वयन गर्न हामी असक्षम हुने । त्यसोभा हुनाले यसलाई कडाइका साथ अगाडि बढाउन जरुरी छ र यो ऐन पास गरिसकेपछि यो ऐनलाई तत्काल प्रारम्भ भइसकेपछि यसलाई कार्यान्वयनको क्षेत्रमा अगाडि बढ्न पर्छ तर त्यहाँ जानपूर्व जनतालाई वास्तविक विकल्प नदिइकन हामी त्यसरी अगाडि बढ्यौं भने यो लागू नहुन सक्छ किनभने जनता खेतीपाती नगरेर उत्पादन नगरेर त्यत्तिकै बस्न हुँदैन । जे जस्तो अवस्थामा पनि बाँच्न पर्छ मान्छे । आज कमसेकम जाहिने १ वर्ष बाँच्ने थियो तर पनि ऊ भोकै भएर १ वर्ष बाँच्नुभन्दा ६ महिना बाँच्नलाई पनि ऊले खाएरै बाँच्नुपर्छ । त्यसोभा हुनाले यहाँका गरिब किसानका निमित्त एक त यो गरिबीको रेखामुनि रहेको प्रदेश छ तर यसैमा हामीले वास्तवमै प्राङ्गारिक रूपले अर्गानिक प्रदेश बनाउने हामी अगाडि बढेका छौं त्यसलाई राज्यले ठूलो अभियानका रूपमा प्रदेशले ठूलो अभियानका रूपमा जान जरुरी छ । ठाउँठाउँमा प्राङ्गारिक मलहरू तयार गर्न पर्‍यो अब प्राङ्गारिक भनेको त यही होला कि रासायनिक चिजलाई प्रतिबन्द लगाएर प्राङ्गारिक रूपले हिजो परम्परा तरिकाले हामीले कसरी उत्पादन गरेका थियौं त्यो उत्पादनमा जाने कुरा नै होला । हामीले वस्तुभाउ पाल्न छोडिसकेका छौं । प्राङ्गारिक मल उत्पादन गरेर त्यही मलका आधारमा उत्पादन हुने अवस्थामा हामीले त्यो वस्तुभाउ पाल्न छोडिसकेका छौं । नयाँ विधि र प्रक्रिया सरकारले दिन जरुरी छ र त्यो जनतालाई त्यतातिरबाट आफूलाई फाइदा हुने अवस्था सिर्जना भयो भने मात्र जनता त्यतातिर उन्मुख हुन्छ । अन्यता हामीले कानून कसका लागि बनाउने ती जनताका लागि, जनताको उन्नतिका लागि, जनताको प्रगतिका लागि बनाइने कानूनले जनतालाई फाइदा भएन जनताको जीवनस्तर माथि उठ्ने भएन भने त्यो ऐनले काम गर्न सक्दैन, कार्यान्वयन हुनबाट वञ्चित हुन्छ । त्यसोभाको हुनाले मैले कर्णाली प्रदेशको सरकारको जे घोषणा छ अर्गानिक कर्णाली प्रदेश भन्ने कुराको जे घोषणा छ । यो अर्गानिक बनाउनका निमित्त आज एउटा स्टेप आको छ प्राङ्गारिक ऐन पास गर्न हामी तयार भएका छौं । तर त्यो प्राङ्गारिक ऐन पास गर्नका लागि हामीले जे तयारी मैले सुझाव दिएको छु र सबै माननीयज्यूहरूका सुझावहरू छन् र जनताका सुझावहरू छन् जनताका हितमा जनताका पक्षमा जाने वातावरण सिर्जना होस् भन्ने पनि म चाहन्छु र बाँकी कुरा यो ऐनमा जे व्यवस्था भएको छ केही कुराहरू नपुग र यसलाई केरे थप गर्न सकेर यसलाई छुटेका कुरा समावेश गरेर यो ऐन पास हुने गरी यो ऐन अगाडि बढोस् र यही म शुभकामना दिन चाहन्छु । धन्यवाद !

**माननीय सभामुखः** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री बिमला के.सी.लाई प्राङ्गारिक कृषिसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि समितिको प्रतिवेदनमाथिको छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनुभएका प्रश्न एवम् जिज्ञाशामा जवाफ दिन समय दिन्छु ।

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री बिमला के.सी.:** माननीय सभामुख महोदय, हामी इतिहास नयाँ ढंगले कर्णाली प्रदेशमा रचना गर्ने सपना बोकेर आज पहिलो पटक नेपालमा पहिलो पटक अर्गानिक कृषि सम्बन्धीको कानून पारित गर्ने चरणमा छौं । पारित गर्ने चरणसम्म ल्याइपुऱ्याउने सामाजिक समितिका अध्यक्ष, समितिका सदस्यहरू, संशोधनकर्ता माननीयज्यूहरू र अहिले आफ्नो राय मत राख्ने माननीयज्यू लगायत सम्पूर्ण माननीयज्यूहरूमा म हार्दिक आभार प्रकट गर्न चाहन्छु सरकारको तर्फबाट र मन्त्रालयको तर्फबाट । यहाँहरूको योगदानमा यो विधेयक धेरै परिमार्जन भएको छ । राम्रो बनेको छ । र हामीले कर्णालीको आवश्यकतामा राम्रो बनाउन सकेका छौं भन्ने मैले ठानेको छु र मैले त्यसरी नै अध्ययन गरेको छु र मैले त्यसरी नै ग्रहण गरेको छु र बुझेको छु । नेपालमा हेर्दाखेरि खासगरी विक्रम सम्वत् २०४९ देखि यसलाई कर्माकल्चर संस्थाले अर्गानी कृषि खेतीको शुरुवात गरेको देखिन्छ । अहिलेसम्म आउँदा दर्जन जत्तिकै कार्यविधि, निर्देशिका र गाइडलाइन बनेको देखिन्छ र कानून बनेको छैन । नेपालमा पहिलो पटक कर्णाली प्रदेश सरकारले नै यो कानून पास गर्दैछ । यसको विश्वमा यसको इतिहास हेर्दाखेरि करिब ७९० वटा देशहरू संलग्न भएको स्थिति देखिन्छ । ७९० वटा देशहरूले अर्गानिक खेतीमा जानुपर्छ । विश्वलाई अब अर्गानिक खेतीका माध्यमबाट स्वस्थकर बनाउनुपर्छ वातावरण सन्तुलनको कुरादेखि लिएर सबै कुराहरू अगाडि बढाउनु पर्छ भनेर यो अभियानलाई अगाडि बढाएको देखियो । खासगरी अमेरिकाबाट १९६० सन् १९६० मा यसको अभियान एउटा किताब लेखनबाट शुरुवात भएको देखिन्छ । यसो हेर्दाखेरि हामीले आज एउटा नयाँ कामको सम्पन्नता कानूनका हिसाबले नयाँ कामको सम्पन्नता गर्दैछौं । अब हामी कर्णाली प्रदेशले कर्णाली प्रदेश सरकारले अर्गानिक प्रदेश बनाउने घोषणा गऱ्यो । तर घोषणा गरिसक्यो आधारहरू बनाउन घोषणा गरेको थियो पहिलो बैठकले सरकारको । यो सजिलो छैन, हामीले भनेजस्तो सजिलो छैन । सिक्किममा छिमेकी मुलुक भारतको सिक्किममा पनि १३ वर्ष लागेको छ । कम्प्लिट रूपमा त्यले घोषणा गर्न १३ वर्ष लागेको छ लागेको देखिन्छ भने कर्णालीमा अलि छिटो गरौंला । छिटै गरेपनि एक दशक त हामीले व्यतित गर्न पर्ने स्थिति देखिन्छ । यसका आधारहरू तयार गर्नका निम्ति पहिलो आधार भनेको कानून निर्माण नै थियो कानून निर्माणको आधार हामीले पूरा गरेका छौं, आज गर्दैछौं । त्यो सँगसँगै हामीले करिब १२ वटा आधारहरू कृषि मन्त्रालय हाम्रो कृषि मन्त्रालयले १२ वटा कर्णालीलाई अर्गानिक बनाउनका निम्ति अर्गानिक रूपमा पूर्ण रूपमा घोषणा गर्नका निम्ति आधारहरू १२ वटा आधारहरू तय गरेको छ । ती १२ वटा आधारमा पहिलो आधार भनेको कानून निर्माणको आधार थियो त्यो आधार बल्ल हामीले आज पूरा गर्दैछौं यो ऐतिहासक खुसीको क्षण हो भन्ने पनि मलाई लाग्छ । हामी एउटा अभियानमा छौं यो अभियान भनेको सामान्य पनि सामान्य हिसाबले सम्पन्न हुने अभियान पनि होइन । तीनवटै सरकारको उचित खालको समन्वय उचित खालको सहकार्यबाट मात्रै सम्पन्न हुने कुरा हो एउटा अभियानको चेतनामूलक अभियानको रूपमा यलाई लिन सकियो भने हामीले यलाई पूरा गर्न सक्छौं । त्यसो हुँदा हामी सबै जनप्रतिनिधिहरूको संवेदनशीलता यसमा हाम्रो बढेकै छ र एउटा चेतना अहिले जागरण भएकैछ । कर्णाली प्रदेशको मलको अँ..मलको आयातको स्थितिलाई हेर्दाखेरि टोट्यालिटीमा १०० प्रसेन्टलाई हामीले विभाजन गरेर हेर्दाखेरि हामीले यसको मूल्याङ्कन गर्दाखेरि १ प्रतिशत मात्रै यहाँ रसायन मल भित्रिएको छ । सबैभन्दा बढी सुर्खेतमा छ । तीन वटा जिल्ला अहिले पनि चारवटा जिल्ला चारवटा जिल्लामा खासै तीनवटा जिल्लामा पूर्ण रूपमा मल नगएको देखिन्छ, हुम्ला मुगु र डोल्पामा । का.. जुम्लामा र कालीकोटमा अहिले पनि अलि अलि गएको देखिन्छ । त्यसै हिसाबले हामीले १ प्रतिशत मल देशभरि नै हेर्दा १ प्रतिशत मल भित्रिने कुरालाई हामी क्रस गर्न सक्छौं । यो समस्यालाई समाधान गर्न सक्छौं । मेन कुरा त चेतनामूलक ढंगले हामीले यसलाई अगाडि बढाउन जरुरी छ सकिन्छ भन्ने मलाई लाग्छ । सरकारको यो प्रतिवद्धता हामी

सबैको साझा प्रतिवद्धता हो जनताको प्रतिवद्धता हो । हामी यो अभियानमा यहाँहरू माननीयज्यूहरूले सुझाव दिएको अनुसार जनप्रतिनिध सबै जनप्रतिनिध स्थानीय तहसम्मका जनप्रतिनिधिहरूको पनि यसमा ठूलो सरोकार छ सरोकारवालाहरूको ठूलो सरोकार छ । संविधानमा उपभोक्ताको हकसम्बन्धीको व्यवस्था धारा ४४ मा छ । त्यस्तै खाद्य सम्प्रभूत्ताको अधिकार छ र अघि एउटा माननीयज्यूले माननीय अमर थापाज्यूले क्वेशन उठाउनुभएको छ- हामीलाई अहिले प्रदेश सरकारले बनाउने कानूनहरूमा हामी दण्ड सजाय दिने हामीलाई व्यवस्था गर्ने त्यो खालको अधिकार छैन । हामीले जरिवानासम्म गर्न सक्छौं, दण्ड सजायको व्यवस्था गर्न सक्दैनौं । प्रचलित कानूनअनुसार जान पर्ने भएको कारणले हामील त्यो बाँकी यो यसरी गर्न सक्ने भन्ने अवस्था बनेन । त्यसो हुँदाखेरि खाद्य स../ खाद्य सम्प्रभूतासम्बन्धीको ऐनमा उल्लेख गरेका दण्ड सजायका व्यवस्थाहरू संघीय सरकारले बनाएका कानूनहरूका विषयलाई हामी प्रचलित कानून बनाएर मानेर प्रचलित कानूनभित्र रहेर हामीले दण्ड सजायको व्यवस्था प्रदेश सरकारले पनि त्यसरी गर्न सक्छौं । अब क्रमशः प्रदेश प्रहरी पनि बन्दैछ, आशा गरौं हामीले पनि त्यही प्रचलित कानूनलाई पनि कानूनलाई मानेर हामीले हाम्रो सुरक्षालाई नै अगाडि बढाएर हामी दण्ड सजायको व्यवस्था गर्नेछौं र यहाँहरूसँग मैले भन्नै पर्छ अहिले यो कानून पहिलो पटक कानून बनाउँदैछौं र त्यो सँगसँगै हामीले अर्गानि..केरे प्राङ्गारिक मल उत्पादनको निम्ति आधार तयार गरेका छौं यस वर्षदेखि हामी सुरु गर्छौं । गत वर्ष सुरु गरेको योजनाहरू खासगरी ३/४ वटा योजनाहरू सुर्खेतमै ३ वटा योजनाहरू सुरु भएका छन् । अर्गानिक नमूना गाउँको गाउँको कार्यक्रममा सबै ठाउँमा सबै नमूना गाउँमा भएका छैनन् । केही गाउँहरूमा प्राङ्गारिक मलको काम सुरु भैसकेको छ । र विषादी प..विषादी जैविक विषादीको चुनौति छ, त्यलाई पनि हामी पूरा गर्छौं यसपालि हामी विषादी नै हाम्रो प्रदेशले उत्पादन गरेको विषादी वितरण गर्ने अवस्थामा जान्छौं । कपुरकोट र हर्रेमा कपुरकोट/कपुरकोटमा घर बनेको छ र हर्रेमा पनि घर बन्न सकेन तैपनि हामी भाडामा लिएर यसपालिदेखि दुईटा विषादी परीक्षण प्रयोगशाला बनाउँछौं र हामीले अहिले कानून पास हुन वित्तिकै कानून अनुसारको व्यवस्था जे जे व्यवस्था हामीले कानूनमा गरेका छौं त्यो व्यवस्थालाई छिटोभन्दा छिटो लागू गरेर कर्णाली जनताको अँ..सपना अर्गानिक उत्पादनको माध्यमबाट हामी केरे आत्मनिर्भर मात्रै होइन निर्यात गरेर धनी बन्ने जो सपना छ, यो सपना पूरा गर्न सरकार प्रतिवद्ध छ भन्ने कुराहरू राख्दै यसका निम्ति फेरि पनि माननीयज्यूहरूले गरेको योगदानप्रति हार्दिक आभार दिन.. आभार व्यक्त गर्न चाहन्छु । र मेरा भनाईहरू अन्त्य गर्छु । हवस् त धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री बिमला के.सी.ले सभामा पेश गर्नुभएको प्राङ्गारिक कृषिसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक २०७५ समितिको प्रतिवेदनसहित विधेयकमाथिको छलफल समाप्त भएको जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री बिमला के.सी.लाई प्राङ्गारिक कृषिसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक २०७५ समितिको संशोधन प्रतिवेदनसहितलाई कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १२१ बमोजिम पारित गरियोस् भनी सभासमक्ष प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

माननीय सभामुख महोदय, प्राङ्गारिक कृषिसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि प्रदेश सभामा छलफल भैसकेकोले सामाजिक विकास समितिको प्रतिवेदनमा उल्लेख भएका संशोधन प्रस्ताव यो विधेयकको अभिन्न अंग हुने गरी समग्र विधेयक कर्णाली..समग्र विधेयक.. समग्र विधेयक कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १२१ बमोजिम यस सभाबाट पारित गरियोस् भनि प्रस्ताव गर्दछु । धन्यवाद ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री बिमला के.सी.ले प्रस्तुत गर्नुभएको प्राङ्गारिक कृषिसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ लाई समितिको संशोधन प्रतिवेदनसहित निर्णयार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला । यो प्रस्तावको विपक्षमा हुने माननीयहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला - ...हुन्छ ...

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला- ...हुन्न..

'हुन्न' भन्ने आवाजभन्दा 'हुन्छ' भन्ने आवाज प्रदेश सभामा उपस्थित सदस्य संख्याको बहुमत भएकाले प्राङ्गारिक कृषिसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक २०७५ सामाजिक विकास समितिको प्रतिवेदनमा उल्लेख भएका संशोधनको प्रस्ताव विधेयकको अभिन्न अंग हुने गरी समग्र विधेयक पारित गरियोस् भन्ने प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब यो बैठक २०७६ साल भदौ २४ गते मंगलबार दिनको ३:०० बजेसम्मका लागि स्थगित हुन्छ ।

□□□

# बैठक संख्या-२६

(२०७६ साल भदौ २४ गते मंगलबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश, प्रदेश सभाको चौंथो अधिवेशनको २६औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, सार्वजनिक सरोकारका सरोकारमा सरकारको ध्यानाकर्षण गराउनुपर्ने विषयमा यथास्थानबाट आफ्ना भनाइ राख्न चाहनुहुने माननीय सदस्यहरूलाई शून्य समयको व्यवस्था गरेको छु । सर्वप्रथम माननीय श्री झोवा वि.क. । समय १ मिनेट ।

**माननीय श्री झोवा वि.क.:** सभामुख महोदय, अनि यो बाटो सबै भत्किसकेर यता त्यही केरे कालीकोटमा मुख्यमन्त्री छ यता दैलेखमा सभामुख छ अनि जुम्लामा कानून मन्त्री छ त्यही बाटोको हालत देखेपछिमा अब सरकारीहरू प्लेनमा जान्दो होला हेलीकप्टरमा जान्छो होला हामी बाटोमा हिनेपछिमा खाल्डोखुल्टो बाटो भत्केको गाडीचाहिँ पल्टेको सबै हामीसँग गरिबसँग हामी बाटो गारीमा जान्छ हामीलाई थाहा हुन्छन् । अनि यता त्यही केरे १ हजार ४५ पालमुनि बसेको बिसापीलाई अब राहात चाहिँ त्यही केरे ३ लाख ३ लाख छुटेछ भन्छन् । यैलेसम्म चाहिँ त्यही दिएको छैन । यो चाहिँ तुरुन्त जवाफ दिनुपऱ्यो हामीलाई यो हामीलाई यो दिएको नदिएको हामीलाई थाहा हुनुपऱ्यो । त्यही पालमुनि बसेको हालत के होला हामीलाई चाहिँ गर्मीमा फ्यान चल्दैछ अनि चिसोमा यो हामीलाई हिटर चल्दैछ । सरकारी हो भनेर हामीलाई चिसोतातो फेरिफेरिकन, यो पालमुनि बसेकोलाई राहत पनि तुरुन्त तुरुन्त दिनुपऱ्यो यो मैले चाहिँ यो चाहिँ सरकारको ध्यान आकर्षित गऱ्यो । धन्यवाद ।

**माननीय श्री अम्मरबहादुर थापाः** सभामुख महोदय, अहिले देशमा डेंगो प्रकोप छ । त्येले कर्णाली प्रदेशमा पनि अहिले २/३ जना बिरामीहरू छन् भन्ने हामीलाई सुन्नमा आको छ । र यसले वास्तवमै जाहिने यो खतरनाख रोग भाको हुनाले सरकारको ध्यानाकर्षण हुन जरुरी छ र म सभामुखमार्फत् सरकारको ध्यान आकर्षण हुन चाहन्छु र यसलाई समयमै उपचार गर्न सकिएन समयमै यसको यसलाई कसरी नियन्त्रण गर्ने विधि अवलम्बन गर्न सकिएन भने यसले कर्णाली प्रदेशका अहिले डेंगो भनेकै मच्छर रछ मच्छरबाट उत्पादन हुने चिज अहिले यहाँ कर्णाली अञ्चल समेत जाहिने मच्छर पुगेका छन्, त्यसमध्येबाटै उत्पादन हुने चिज हो त्यो त्यसोभा हुनाले सरकारले तत्काल यसको उपचारका लागि अगाडि बढ्न पर्छ भन्ने माग गर्न चाहन्छु र अर्को कुरा अहिले वर्षाको मौसम छ हरेक ठाउँमा बाटाघाटाहरू बिग्रिरहेका छन् र त्यो बाटाघाटाबाट जनतालाई सहज आवतजावतको वातावरण बनाउने काम सरकारले गर्न सकोस् यही कुरा राख्न चाहन्छु । धन्यवाद ।।

**माननीय श्री यज्ञबहादुर बि.सी.:** सभामुख महोदय, यो वर्षाको कारणले सुर्खेतको बड्डीचौरदेखि लगाम वेतानसम्म जाने सडक यत्रतत्र सबै ठाउँमा भत्किएर बिजौरादेखि वेतान र लगामसम्म हालसम्म अहिले बर्षाको कारणले गाडी जान सकिरहेको छैन, म सभामुख महोदयमार्फत् तत्काल अब आउँदै गरेको दशैं र तिहार आउनु अगाडि सवैसाधारण जनतालाई आवतजावत सजिलो बनाउनका लागि कर्णाली प्रदेश सरकारलाई को म ध्यानाकर्षण गराउन चाहन्छु र साथै यो बराहतालको जुन थारी र घोडाआँखा वडा नं. ९ पर्ने वर्षायाममा सोतखोलाको कारणले बाढी आउने कारणले वारपार वारीपारी गाउँमा जान साह्रै कठिन

भएकाले सभामुख महोदय त्यहाँचाहि पुलको अति आवश्यक छ, म कर्णाली प्रदेश सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु । त्यसैगरी पञ्चपुरी ३ र बराहताल ६ को चौरखोला भन्ने ठाउँहरूमा त्यो चौरखोलाले मा बाढी आएर चौरखोलाका किनारमा रहेका खेतहरू एकदमै कटान गरिरहेको छ सभामुख महोदय त्यसमा चाहिँ सरकार यो कर्णाली प्रदेश सरकारको तटबन्दका निमित्त ध्यान जाहोस् भनेर ध्यानाकर्षण गराउन चाहन्छु । हवस्, धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, शून्य समयमा बोल्न चाहनुहुने माननीय सदस्यहरूले रोस्टममा रहेको सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनु होला । माननीय श्री अमृता शाही ।

**माननीय श्री अमृता शाहीः** सभामुख महोदय, आज मैले तीनटा कुरा राख्नेछु । समयचाहिँ १ मिनेट छ । सभामुख महोदय म अस्थि पनि त्यो कुरा उठेको छ अहिले भर्खरै एकजना माननीयले पनि भन्नु भो म आफै म लगायत ३/४ जना माननीयज्यूहरू जानुभएको थियो गएका थियौं । बाढीपीडितको एकदमै बिजोक छ । पालमुनि छन् । हाम्रो कर्णाली सरकारले बाढीपीडितको लागि जेठको महिनामा कार्यक्रम भव्यसव्य कार्यक्रम भयो । बाजा बजाउने हँ यो उसमा खुल्लामञ्चमा त्यो कार्यक्रम भयो तर बाढीपीडितले चाहिँ राहत पाएनन् त्यो कार्यक्रम गर्नभन्दा पहिला उहाँहरूले राहत दिएको भए उनीहरूको मन खुसी हुन्थ्यो होला । हामीलाई उहाँहरूले धेरै गुनासो गर्नुभो - तपाईंहरूले के गर्नुभएको छ हामी पालमुनि बसेका छौं कति दुःख छ भन्ने कुरो त अघि भर्खरै माननीयज्यूले भनिसक्नु भयो । यसको लागि सरकारको ध्यान जाओस् भन्न चाहन्छु । र अर्को सभामुख महोदय हिन्दूहरूको महान चाड चाडवाडहरू आउँदैछन् (अलि छोटोमा माननीय सदस्य) बजारमा, एक मिनेट माननीय केरे सभामुखज्यू । बजारमा महँगीले एकदमै आकाश छुवाको छ सर्वसाधारणको ढाड भाँचिने गरी महँगी बढेको छ । सरकारले त्यसको लागि के-कस्तो कदम चाल्ने हो तुरुन्तै गर्नुपर्‍यो महँगीको नियन्त्रण । सरकारले कति चोटी बजारमा गएर महँगी नियन्त्रण गरेको छ । त्यसको बारेमा पनि हामीले जानकारी पाऊँ । अर्को बाटोघाटोको कुरा गर्दा छिन्चुबाट यहाँ यो केरे सुर्खेत आउने बेला बाटोघाटो कस्तो छ त्यो कुरा हामी सर्वसाधारणलाई मात्र थाहा छ र मन्त्रीज्यूहरू हेलिकप्टरमा हिँड्नुहुन्छ उहाँहरूलाई चाहिँ जानकारी भएन होला । जानकारी सभामुखमार्फत् भन्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनुपर्ने सार्वजनिक सरोकारका विषयहरूमा यथास्थानबाट आफ्ना भनाइहरू राख्न विशेष समयको व्यवस्था गरेको छु । सर्वप्रथम, माननीय श्री दीनबन्धु श्रेष्ठ । समय ५ मिनेट ।

**माननीय श्री दीनबन्धु श्रेष्ठः** माननीय सभामुख महोदय, यहाँ जुम्लामा यो भाद्र १२ गते १ बजे तिला गाउँपालिका वडा नं. ६ सुडेगाउँको भुजवाडा पाटनमा भेडा चर्दै गर्दा एक्कासी चटयाङ्ग पर्दा सोही गाउँको ९ जना व्यक्तिको २ सय ५९ वटा भेडा मरेको जानकारी गराउन चाहन्छु सभामुख महोदय । करिब-करिब ५०/६० लाखको क्षति भएको छ र त्यो ९ जना व्यक्तिको नाउँ पनि म यहाँ राख्न चाहन्छु । मुने रावलको ३३ वटा भेडा लालबहादुर रावलको २३ वटा भेडा देव रावलको १७ वटा बाँचे रावलको २८ वटा पतिक रावलको २५ वटा रातो रावलको ३४ जयलाल रावतको ३२ महामविर रावलको ३९ र बल रावलको २८ । उनीहरूको यो आयआर्जनको एउटा स्रोत मात्रै हो । यो चटयाङ्गले यो भेडाहरू सबै मरे त्यले गर्दाखेरि म सभामुख महोदय मार्फत् यो पीडित पक्षहरूलाई सरकारले उचित राहतको व्यवस्था तत्काल गरोस् भन्ने म राख्न चाहन्छु यहाँ । त्यस्तै माननीय सभामुख महोदय हामीले कर्णाली प्रदेशको पर्यटकीय गन्तव्यमध्ये रारालाई हामीले विशेष महत्व दिएका छौं । गत साल २०७५ सालमा पनि हामीले

देशका माननीय प्रधानमन्त्री सम्माननीय प्रधानमन्त्रीलाई लिएर हामीले त्यहाँ ठूलो एउटा उत्सव र रारा महोत्सव उद्घाटन पनि गऱ्यौं तर अहिले गएर यहाँ के देखिएको छ भने सुर्खेत र नाग्मसम्मको सडकको स्थिति नाजुक छ । गाडी सहज रूपले चल्ने परिस्थित छैन र बाटो बेला बेला अवरुद्ध भएको छ । यसमा प्रदेश सरकारको तत्काल ध्यान जाओस् भन्न चाहन्छु । त्यस्तै नाग्मबाट गमगढीसम्मको बाटो त्यो बीचमा तीनटा गाउँपालिकाहरू पनि पर्छन् । अहिले त्यो बाटो चल्ने परिस्थितमा छैन । साह्रै नाजुक स्थिति छ । नाग्मबाट गमगढीसम्म अब अहिले दशैंको मुखमा तिहारको मुखमा बाह्य र आन्तरिक पर्यटकहरू आउने सिजन हो । र यो बेलामा बाटोको गति हेर्दा त्यहाँसम्म पुग्ने कुनै विकल्प हामी देख्दैनौं । दिनप्रतिदिन बाटो अरु बिग्रिरहेको छ र त्यहाँ काम गरिरहेका ठेकेदारहरूलाई तत्काल माननीय सभामुखमार्फत् कर्णाली प्रदेश सरकारको म के ध्यानाकर्षण गराउन चाहन्छु भने ठेकेदारहरूलाई तत्काल छिटोभन्दा छिटो दशैं तिहारभन्दा पहिला बाटो सुचारुरूपले सहजरूपले चल्न सक्ने र बाह्य र आन्तरिक पर्यटकहरू रारासम्म पुग्न सक्ने वातावरण बनाइयोस् । अहिले यो सिजन भनेको पर्यटक बढीभन्दा बढी पर्यटकहरू भेटिने सिजन हो । र यसमा सरकार गम्भीर भएको देखिएको छैन र यलाई सरकारले छिटोभन्दा छिटो महत्वका साथ यो बाटोलाई स्तरउन्नतितिर लागोस् भन्दै मेरा शब्द यहीं राख्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री बीर बहादुर शाही ।

**माननीय श्री बीर बहादुर शाहीः** सभामुख महोदय, यही साउन ५ गते आएको वर्षाको कारणले डोल्पा जिल्ला चुलिगाडबाट से-फोक्सुण्डोसम्मलाई ७ वटा पुल बाढीले बगाएको छ र त्यो मुख्य पर्यटन क्षेत्रलाई आवतजावत नै बन्द भएको छ र यो कर्णाली प्रदेश सरकारले यसको लागि म ध्यानाकर्षण चाहन्छु । अर्को जाजरकोट डोल्पा रुकुम जाजरकोट डोल्पा यो भेरी करिडोर सडक अहिले वर्षाको करणले अलपत्र परेको छ । ठाउँठाउँमा खाल्डा परेका छन् । आउनेजाउने एकदमै असहज अवस्था छ यसलाई यो विजयादशमीभन्दा अगाडि नै यो सरकारले यो सडकलाई यो केन्द्रीय सरकारले जब नेपाली सेना छोडिसक्यापछि यो सडकलाई कुनै पनि स्थानीय सरकारले त्यसको पूर्णता दिएको छ न चाहिँ यो प्रदेश सरकारले दिएको छ । यसलाई प्रदेश सरकारले यो दशैंभन्दा अगाडि नै यो खाल्डाखुल्डा र यो चाहिँ बाढीपहिरो आको पहिरोलाई नियन्त्रणमा लियोस् भन्ने म यो सरकारलाई धानाकर्षण गर्न चाहन्छु । अर्को यो उप्पर डोल्पा तिन्जे डिपोमा जो नूनको टेण्डर भएको थियो त्यो नूनको टेण्डर अहिले २ सय ३९ कुन्टल नून उप्पर डोल्पाको लागि ठेकेदार र जनप्रतिनिधिको मिलोमेतोमा उप्पर डोल्पाको क्याटु र मणिमलामा यो त्यहीं छोडिएको छ र त्यसको यो कर्णाली प्रदेश सरकारले यसको यो ठेकेदारलाई र त्यहाँका खाद्यको समितिलाई एकदमै कडाभन्दा कडा कारबाही गर्नुपर्छ भन्दै मैले यो कर्णाली प्रदेश सरकारलाई म ध्यानाकर्षण गर्न चाहन्छु र वर्षाको कारणले यो तिदिविदीबाट डेकदुलासम्म जाने सडक पनि काठेपुल लिएर आवतजावत जाने बन्द भएको छ । र यो सरकारले यो तत्कालचाहिँ जति ठाउँमा चाहिँ कर्णाली प्रदेशभरिमै बाढीपहिरोले असर परेको चाहिँ जुन जुन ठाउँमा छ त्यो पहाडी इलाकामा त्यसलाई एकदमै मैले ध्यानाकर्षण गर्न चाहन्छु यो सदनमार्फत् सरकारलाई यो दशैंभन्दा अगाडि नै यो सडकलाई कसरी हुन्छ जनतालाई सेवासुबिधा दिने दियोस् भन्ने मेरो यो सरकारलाई आग्रह गर्दै मेरो भनाई यही अन्त गर्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री पद्मा खड्का ।

**माननीय श्री पद्‍मा खड्का:** सभामुख महोदय, यो चौंथो अधिवेशनको २६औं बैठकमा विशेष समयमा मैले केही महत्वपूर्ण विषय यहाँ प्रदेश सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु । नेपालको संघीय सरकारको राष्ट्रिय योजना अन्तर्गत मदन भण्डारी राजमार्ग जुन कर्णाली प्रदेशको राजधानीमा सुर्खेतको मालारानीदेखि सुरु भएर बोटेचौर हुँदै दहचौर-घुमखहरे-गुमी-दशरथपुर-लेखफर्सा र चिङ्गाड हुँदै धुलियाविट, धुलियाबिटबाट बाङ्गेशिमल हुँदै पश्चिम हाम्रो लगाम बेतान र अछाम जोड्ने जुन मदन भण्डारी राजमार्ग छ ठूलो एरिया सुर्खेत कर्णाली प्रदेशको राजधानीमा जुन बाटो अहिले राष्ट्रिय राजमार्गको नाममा प्रदेश सरकारबाट पनि बजेट विनियोजन हुन नसक नसक्नु र स्थानीय पालिकाहरूले पनि त्यसलाई मर्मत सुधार हुन नसकेको अवस्थामा दिनप्रतिदिन सुर्खेतको पूर्वी क्षेत्रमा दर्जनौंभन्दा बढी घटनाहरू त्यो बाटोमा घटिरहेका छन् र त्यहाँ बन्न लागेका पुलहरू पनि अलपत्र अवस्थामा छन् । बर्षाको समयमा १ किलोमिटरको यात्रा ६ किलोमिटरको यात्रा गरेर त्यहाँचाहिँ नागरिकहरूले आफ्नो गन्तव्यमा पुग्नुपर्ने जुन कठिन अवस्था छ यसलाई छिटोभन्दा छिटो कर्णाली प्रदेश सरकारले संघीय सरकारले यो एउटा राजधानीमा जति हामीले हाम्रो क्षेत्रफल छ यो राजधानीको जुन सुर्खेतमा पर्ने क्षेत्रफल यसलाई कामको जुन गन्तव्यलाई अगाडि बढाउनु पर्ने हो यथाशीघ्र अगाडि बढाउनको लागि संघीय सरकारलाई जोडदारसँग पहल गरोस् भन्ने म आफ्नो भनाई राख्न चाहन्छु । दोस्रो विषय छ अहिले कर्णालीको स्याउले भारतमा हंगामा मच्चाइरहेको छ । हामलाई खुसी पनि लागिरहेको छ । एउटा कर्णालीको स्याउले आज भारतमा बजार पाउँदा हामी कर्णालीमा उत्पादनमा भएका स्याउहरूलाई हामीले व्यवस्थित गरेर राख्न सक्यौं भने भोलि २००/३०० रुपैयाँ केजी स्याउ भारतका यहाँ नेपालमा ल्याएर बेज्ने बेला हाम्रै कर्णालीका स्याउ बेच्न सक्यौं भने हाम्रा कर्णालीका किसानहरू कति किसानको आँखामा एउटा खुसीको अनुहार हामीले देख्न सक्छौं । त्यसकारणले मैले प्रदेश सरकारलाई के भन्न चाहन्छु भने साविकका कर्णालीका सबै जिल्लामा ठूलो मात्रामा स्याउ उत्पादन भाको छ र अहिले किसानहरूले मूल्य नपाएर जुन बजारमा आइरहेको छ त्यो स्याउ उत्पादनलाई हामीले अहिले त्यही जुन जुन जिल्लामा उत्पादन भएका स्याउहरू छन् खरिद गरेर भण्डारण गर्न सक्यौं, व्यवस्थित गरेर राख्न सक्यौं भने हाम्रो प्रदेश सरकारको हामीले अर्गानिकका कुरा गरिरहँदा त्यो ध्यान त्यतातिर ल्याउन सक्यौं भने फेरि हामी भारतबाट ल्याएर यो बेसिजनमा फेरि हाम्रा बजारमा स्याउ बेच्नुपर्ने बाध्यता हामीले सिर्जना गर्न पर्दैन भन्ने मैले लागेको छ, यतातिर कर्णाली प्रदेश सरकारले ध्यान दिनु पर्छ भन्ने मलाई लाग्याछ र सँगै साविकका भेरी र राप्ती दैलेख सुर्खेत जाजरकोट सल्यान र रुकुममा एकदमै धेरै तरकारीका विभिन्न बालीहरू उत्पादन तरकारी उत्पादन भइरहेको छ । आज किसानले एउटा किसानले हिजोमात्र मलाई के भनिरहेको छ भने हामीले कुन्टलका कुन्टल तरकारी उत्पादन गर्छौं तर हाम्रो अवस्था जहाँको तहीं छ र हामीबाट खरेदेर लग्ने मण्डीवालाको अवस्था आकास पातालको भएको छ । हामी किसानको किन दैनिकी परिवर्तन हुन सकेको छैन । खै त्यसको बजारको व्यवस्थापन गरेको ? खै त्यो बजारसँग किसानलाई जोडिएको ? भन्ने कुरा एकदम चिन्ता र चासोको विषयको छ । यो साविकका भेरी र रासीमा पर्ने जिल्लामा उत्पादन भएका तरकारीहरूलाई व्यवस्थापन गर्न यहाँ तरकारीको व्यवस्थापन गर्न कर्णाली प्रदेश सरकारले यी सबै जिल्लामा ध्यान दियोस् र साविकका कर्णालीमा स्याउ उत्पादनलाई व्यवस्थित गरेर भण्डारण गर्ने कुरामा तत्काल कर्णाली प्रदेश सरकारले आफ्नो कदम चालोस् भन्ने म शुभकामना दिन चाहन्छु । धन्यवाद !

**माननीय सभामुख:** माननीय सदस्यहरू, विशेष समयमा बोल्न चाहने माननीय सदस्यहरूले रोष्टमको वायाँतर्फ रहेका कर्मचारीकोमा नाम टिपाउनुहोला । अब माननीय श्री ठम्मर बहादुर बिष्ट ।

**माननीय श्री ठम्मरबहादुर बिष्ट :** *(अडियो रेकर्ड नसुनिएको....)*

... र एउटा ठूलो ... र अझ कर्णाली ... भनेर जो हामीले यलाई अन्य प्रदेशसँग तुलना गर्छौं त्यो स्थितिमा यो नाप तौल गुणस्तर विभाग र खाद्य प्रविधि र गुणस्तरको विषयमा सरकारले के योजना अघि बढाएको छ ? म यो प्रश्न गर्न चाहन्छु । अब यसमा गुणस्तर तथा नापतौल विभाग भन्दाखेरि केन्द्रमा उद्योग मन्त्रालयले अथवा उद्योग बाणिज्य आपूर्ति मन्त्रालयले त्यलाई कभर गरेको छ । त्यस्तै खाद्य प्रविधि तथा गुण नियन्त्रणमा कृषि मन्त्रालयले त्यलाई कभर गरेको छ । हामीले यहाँ प्रदेशसँग जोड्दाखेरि त्यो विषयमा उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयले के योजना बनाएको छ र कृषि मन्त्रालयले के योजना बनाएको छ ? यसमा अहिलेसम्म हामीले केन्द्रमा पनि काठमाडौंदेखि कैयन ठाउँहरूमा हामीले भएका अथवा ती मन्त्रालयहरूले त्यो विभागहरूले जो उपभोक्ता हित संरक्षणदेखि कैयन त्यस्ता विभागहरू छन् उनीहरूले कदम चालेको पनि हामीले देख्यौं तर त्यो कामयावी छैन त्यो केवल एउटा पटके टाइपको गर्ने एउटा प्रचारात्मक टाइपको चाहिँ भको छ, काठमाडौंकै हकमाभन्दा हाम्रो स्थिति के होला ? मैले आज मात्रै पनि यहाँ सिडियोसापसँग कुराकानी भको थियो । अरु कतिपय त्यहाँ कुराहरू आइरहेको थियो । एकदुई ठाउँमा उहाँहरूले छापा मार्नु भो । त्यो उपभोक्ता हित संरक्षणमा उहाँहरूले बुझाउनुहुन्छ तर त्यसलाई उहाँहरूले कसरी कारबाही गर्नुहुन्छ त्यसको कुनै चाहिँ तपाईको के कारबाही गर्छ या अन्य ठाउँमा त्यस्तो गलत ढंगले चाहिँ तपाईको काम गरिरहेका बिजनेशम्यानहरूलाई व्यापारीहरूलाई के असर पर्छ भन्ने कुराको हामीसँग तथ्याङ्क छैन । त्यसकारण मैले यो विषय किन उठाइराछु भन्दाखेरि एउटा अंग्रेजीमा 'स्लो प्वाइजन' भन्छ यले हामीलाई काम गरिरहेको छ । प्रत्यक्ष ढंगले ड्याङ्गै मान्छे लडेर मर्ने, गोली लागेर मर्ने, खसेर मर्ने अर्को कुरा हो यो सुकेर मर्ने । अहिले कैयन कुराहरू तपाईको मिर्गौलादेखि लिएर कलेजोदेखि लिएर अरु कैयन चाहिँ तपाईको दिमागको रोग छालाको रोग सबै यस्तो कुराहरूले भइराख्या छ । अरु हामीले कैयन यो अर्गानिक प्रदेश बनाउने ठूल्ठूला कुराहरू छदैछन् त्यो पनि गरौंला । तर मेन कुरा यो त गर्न सकिने काम हो नि । त्यसकारण एक त जनसंख्यै कम छ हाम्रो झन् हामीले नागरिकलाई सुकाइसुकाइकन बिस खुवाइखुवाइकन मार्ने यो परिणाममा त्यो खालको स्थिति भइराख्या छ । त्यसो भएर मैले सरकारको ध्यान जाओस् यो कुरा मैले यहाँ राख्न चाहन्छु । यसको अत्यन्तै वेथिति छ । अर्को कुरा त्यो नापतौलको कुरा गर्दा १ किलोको हाल्याछ कि ढुंगाको पनि हाल्याछ तपाईंको अरु त्यो थैलोको पनि हाल्याछ । अरु के-के चाहिँ तपाईंको चामलको बोरो एकातिर झुण्ड्याछ सलाईका काँटी अर्कोतिर राख्याछ । त्यो चाही के हो के हो त्यो । अँझ मैले अस्ति एउटा चाहिँ तपाईको स्याउ किन्न गएको ढक पनि त्यो पछाडि तल कताचाहिँ तपाईको बाकसमा राख्याछ । अब यस्तो भो भने तपाईको लुटतन्त्र । लुट हेर्नलाई त धेरै टाढा जान पर्दैन कल्ले हेर्ने हो त्यो । आजमात्रै पनि कुरा गर्दाखेरि सिडियोले खाने बिस्कुट मगाको तर त्यो धेरै एक्सपाएर भएको कारणले फेरि अर्को टीम पठाएर त्यलाई चाहिँ उहाँले छापा मार्न लाउनुभो । यो त केवल त्यो पनि धेरै अब प्रचलित नाम चलेको जहाँ सुरज बेकरी भन्छौं हामीले । त्यहाँ उहाँले छापा मार्नुभाछ सम्भवतः तपाईहरूले धेरै तपाई हामीले खाने पाउरोटीदेखि कैयन विषयहरू त्यहाँबाट हामी खाने गर्छौं । त्यसकारण यो खालको एउटा दर्दनाहक स्थिति छ एक । दोस्रो कुरा क्वालिटीमा कुहिएको सडेको एक्सपाएर भएको पूरै ढुसी लागेको चिजहरू हामीले खान्छौं । त्यले हाम्रो स्वास्थ्यलाई कहाँ पुऱ्याउँछ ? यो कुरा कसरी सरकारले यलाई चाहिँ तपाईको आफ्नो विषय प्रष्ट पार्ने भन्ने गम्भीर प्रश्न छ । सँगसँगै अर्को कुरा के छ भने मूल्य निर्धारण गर्ने कले हो ? जस्तो यहाँ महँगीको कुरा त त्यो आफ्नो ठाउँमा छदैछ महँगी बढ्दै जाने कुरा पनि हो क्रमशः समय अनुसार एक त महँगी ह्वात्तै बढेकै छ त्यो आफ्नो ठाउँमा छदैछ सरकारले संघीय सरकारले प्रदेश सरकारले हामीले कति गर्न सक्छौं त्यो कुरा होला । मूल्य पनि कस्तो छ भने हामीले विदेशतिर सामान किन्दा एकातिर सामान अर्कोतिर लिष्ट आउँछ त्याँ बिल आउँछ । यहाँ बिलको त परै छोडौं यहिनेर गएर

त्यो १० रुपैयाँमा पाउँछ अलि उता १२ रुपैयाँ अलि उता १५ रुपैयाँ अलि उता २० रुपैयाँ जति लिए पनि भो । एउटा मात्रै दोकान रहेछ भने त्यले जति लिए पनि भो । त्यस्तो खालको बेथिति हामीकहाँ छ । त्यले गर्दा आमजनताको ढाड सेकिराछ र सरकारको कुनै पनि चाहिँ तपाईंको अनुभूति प्रत्यक्षतः जनताले देख्न पऱ्यो नि । आफ्नो चुल्होमा आफ्नो व्यवहारमा जनताले सरकारको उपस्थिति देख्न पऱ्यो । नभए स्थानीय तह, सिंहदरबार भन्याछौं, प्रदेश सरकार भन्याछौं, संघ भन्याछौं । यो सबै गीत गाएर जति कथा हालेर त फेरि जनताले प्रत्यक्ष केही पाउँदैन । त्यसकारण यो विषयमा तत्काल यसको जवाफ पनि चाहियो र यसको कार्ययोजना बनाएर सरकार अगाडि बढोस् । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री गणेशप्रसाद सिंह ।

**माननीय श्री गणेशप्रसाद सिंहः** माननीय सभामुखज्यू, सार्वजनिक महत्वको कुरा हाम्रो जाजरकोट जिल्ला बारेकोट गाउँपालिकामा आउँदै गरेको दशैं र बाली पाकिनसकेको अवस्था भोकमरीको सम्भावना बढेर आएको हुँदा . त्यहाँ चाहिँ अब तत्काल खाद्यान्नको व्यवस्था गर्नुपर्छ भन्ने जनआवाज उठ्याछ । काउलीबगर भन्ने ठाउँमा ध्यान प्रदेश सरकारले सभामुख मार्फत् प्रदेश सरकारले खाद्य तथा आपूर्ति मन्त्रालय जीएम र खाद्य आपूर्ति सचिवज्यूकहाँ लविङ्ग गरेर यसको व्यवस्थापन तत्काल गरिदिनुपऱ्यो किनकि आधा वर्षा असोजको २०/२१ गते दशैं आउँदैछ नयाँ बाली तयार भाछैन पुरानो सिद्दियो र यसको व्यवस्थापन अब यो गास बास कपासमा गासको व्यवस्था पहिलो गर्नुपर्ने सरकारको प्रदेश सरकारको पनि भूमिका हो । सरकारले के गर्छ भन्ने प्रश्न उठेको छ । यो मैले ध्यानाकर्षण र यसको व्यवस्थापनका लागि मैले निवेदन आग्रह गरें । दोस्रो कुरा महत्वपूर्ण कुरा गत साल साउन २८/२९ गते अविरल बर्षाले बाढी आयो र यो बाढीको कर्णाली प्रदेशको रुकुम जाजरकोट र रुकुममा ठूलो क्षति भयो र यसको निमित्त केन्द्र सरकारलाई आग्रह गऱ्यौं, केन्द्र सरकार गृह मन्त्रालयको विपद व्यवस्थापन समितिको केन्द्रीय विपत् व्यवस्थापनको बैठक बस्याछ र नेपालभरिका पाँचवटा जिल्लाका बाढी पहिरो डुबान कटानका विषयमा आवश्यक व्यवस्थापन भनेर त्यहाँ निर्णय भएको छ तर हामीले यहाँ प्रदेशमा पनि डेलिकेशन गऱ्यौं र अब यो मुख्यमन्त्री र हाम्रो आन्तरिक मामिला मन्त्रीज्यूकहाँ पनि यी पेश गरिएको छ र २८ घर ध्वस्त भए भएका छन् ४२ घर पूर्ण जोखिममा थिए र यसको पुनर्वासको बारेमा अहिले पनि तल जनसमुदायहरूको सरकारले के सोचिराख्या छ भन्ने छ यसका निमित्त यसको जवाफ आन्तरिक मामिला मन्त्रीज्यूले अब दिनुहुन्छ । यसको तत्काल निकासका बारेमा प्रदेश सरकारले के सोचिराख्या छ, दोस्रो कुरा । तेस्रो कुरा अब यो आउँदै गरेको दशैंमा अब यो रुकुम जिल्लाले एउटा नयाँ काम गऱ्याछ अब यो फेरि बेलाबखतमा यहाँ सदनमा पनि माननीयज्यूहरूले राख्नुभयाछ । र त्याँ रुकुमले मदिरा निषेध नियन्त्रण गऱ्याछ र पल्लोपट्टीबाट खानेमान्छेहरू वाल्लोपट्टी हाम्रो जिल्लामा आएर मदिरा सेवन गरिराख्या अवस्था हो त्यहाँ त्याँ केही गतिविधि पनि भाकाछन् । यसको एउटा प्रदेश सरकारले प्रदेशभरिमा दशैवटा जिल्लामा सिस्टममा ल्याइदिनुपऱ्यो । खानको लागि पनि सिस्टम, ड्रिङ्किङ्ग मेथोलोजीको विकास गर्दिनुपऱ्यो । पिउने तरिका सिस्टममा ल्याएर अन्तःशुल्कले कर लिन्छ रक्सी बेचे वापत र त्यसको निमित्त पनि कति बजेदेखि कति बजेसम्म खाने एउटा सिस्टम बनाऔं, दशैजिल्लाभरिमा सिस्टममा खाने । र कुन लेवलको मान्छेले खान्छ त पब्लिकदेखि लिएर त्यसको रजिष्टर्स एउटा सिस्टम बनाइदिन पऱ्यो । कमसेकम प्रदेश सरकारले यति त गर्छ होला । केही गर्छ कि गर्दैन भन्ने प्रश्न आयो र केही गर्छ होला खाने सिस्टमको विकास गर्छ होला । त्यसपछि यसको के हुन्छ तत्काल यसको व्यवस्था गर्नुपर्छ । यसबाट विभिन्न किसिमका झैंझगडादेखि लिएर विभिन्न किसिमका नकारात्मक गतिविधिहरू मदिरा सेवन मदिरा आहारविहारले अलि अब समाजमा उत्च्छ्रिङ्खल ल्याएको कुरा हामी जग-जाहेरै कुरा भो । यसको तत्काल दशैंभन्दा अगाडि यो व्यवस्था

हुनुपऱ्यो । अर्को कुरा ट्राफिक नियमको सिस्टमलाई पनि अलि जाहिने टाइटली लानपऱ्यो । घटना घटिराख्याछन् हाम्रो जाहिने भेरी करिडोरमा कर्णाली करिडोरमा अब देशैभरिको कुरा पनि हुने भो । हाम्रो प्रदेशभरिमा अब ट्राफिकहरू उदार हुन मिल्दैन कि, हैन टाइटली जानपर्छ कि अब यहाँ दुई दुई ती-तीन घण्टा बीचमा चेकपोष्टहरू छन् तर घटनाहरू घटिराखेका छन् । यसका पछाडि के हो त यो ट्राफिक नियमको कुरा हो र उदार नहोऔं । यसको पनि एउटा सिस्टम बनाएर हामीले त भन्यौं डिजिटल प्रदेश हो र तुरुन्तै घटना हुनका निमित्त अब क्रिमिनल गतिविधि अब यात्रामा अपराधिक गतिविधि नहोन् भन्नका लागि डिजिटल डिजिटलर डिजिटलाइजको कुरा पनि गऱ्यौं । तर घट्ना घटिराख्या छन् । त्यहाँचाहि ट्राफिक नियममा उल्लङ्घन गरेर गाडी यात्रा गरिराख्याछ । त्यसो नहुनका निमित्त तत्काल प्रदेश सरकारले के गर्दैछ त यसको प्लानिङ्ग के हो ? यो कुरा पनि मैले जान्न चाहन्छु र हाम्रो जिल्लाका जनताले जान्न चाहेका छन् । यसको व्यवस्था गरियोस् भन्ने म माग गर्दछु । हवस् त धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, यस सभाको २५औं बैठकको विशेष समयमा सार्वजनिक सरोकारका विषयहरूमा माननीय सदस्यहरूले उठाउनुभएका प्रश्न एवम् जिज्ञासाको सन्दर्भमा प्रदेश सरकारका माननीय मन्त्रीहरूले आफू सम्बद्ध विषयहरूमा यस सभालाई जानकारी गराउन समय माग गर्नुभएको व्यहोरा जानकारी गराउँछु । सर्वप्रथम कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः** माननीय सभामुखज्यू, यो सभाको २५औं बैठकमा खासगरी हाम्रो मन्त्रालयसँग सम्बन्धित विषयहरूमा माननीय सदस्यहरूले आफ्ना सरोकारहरू आफ्ना सवालहरू व्यक्त गर्नुभएको छ । त्यसको खासगरी उहाँले प्रस्तुत गर्नुभएका सवालहरूको सम्बन्धमा जवाफ दिनको लागि म उपस्थित भएको छु । खासगरी यो सुर्खेतको २०७१ साउन २८ र २९ गतेको अविरल वर्षाका कारणले ठूलो मात्रामा धनजनको क्षति भयो त्यो एकदमै क्रोनिक प्रोबेलमका रूपमा यो अहिले हाम्रासामु चाहिँ अहिले पनि यो खडा भको छ । हामीले यसलाई समाधान गर्ने एउटा प्रतिवद्धता जाहेर गऱ्यौं र खासगरी हजार पैतालीस घरपरिवारहरू त्यसबाट चाहिँ पीडित हुनुहुन्थ्यो र हजार पैतालीस घरको चाहिँ हामीले निर्माण गरिदिने आवास निर्माण गरिदिने पीडितहरूको जो पालमा कष्टकर जीवनयापन गर्न बाध्य हुनुभो उहाँहरू विवश हुनुभो । त्यसको लागि कर्णाली प्रदेश सरकारले एउटा समिति आन्तरिक मामिला तथा कानून मन्त्रालयको मन्त्रीको मतलव अध्यक्षतामा एउटा समिति पनि बन्यो हामीले खासगरी एउटा सोही प्रयोजनको लागि एउटा समिति पनि बनायौं र त्यो समितिले अध्ययन पनि गऱ्यो र हजार पैतालीस जना बाढीपिडितहरूको पहिचान पनि गरिसकेपछि हामीले प्रतिपरिवार आवास निर्माणका लागि ३ लाख रुपैयाँचाहीं विनियोजन पनि गऱ्यौं दिने भनेर निर्णय पनि गऱ्यौं हामीले । निर्णय गरिसकेपछि हामीले खासगरिकन पहिलोचरणमा ज-जसको जमीन छ उहाँहरूलाई उपलब्ध गराउने, पहिलो किस्ता डेढ लाख रुपैयाँ उपलब्ध गराउने भनेर सातवटा स्थानीय तहहरूमा ६ सय ४१ घरपरिवारहरूलाई चाहिँ हामीले डेढ लाखका दरले कूल रकम ९ करोड ६१ लाख ५० हजार हामीले निकासा गरेर हामीले पठायौं र जसमध्ये ५ सय ८९ घरपरिवारलाई निकासा गाउँपालिकाले चाहिँ दिइएको हामीलाई चाहिँ जानकारी प्राप्त भएको छ । केही प्राविधिक कारणले गर्दाखेरि बाँकीको चाहिँ अब निकासा दिने स्थिति बनेन हजार पैतालीसमध्ये अब जमिन नभएको कारणले । यो ६ सय ४१ चाहिँ जमिन छ भन्ने आधारमा हामीले पठायौं, जसको चाहिँ घर बनाउन सकिने अवस्था छ भनेर बाँकीको जमिन नभको हुनाले पठाउन सकेनौं र अहिले फेरि हामीले कार्यविधि आवास निर्माण कार्यविधि, विपद् पीडित आवास निर्माण कार्यविधि हामीले चाहिँ क्याविनेटमा भर्खरै मात्र हामीले चाहिँ तपाईंको पठाका छौं । त्यो प्रमाणीकरण भएर आउँदैछ

त्यो, त्यो आयो भने हामीले दुई लाख जजसको जमीन छैन भवन निर्माणको लागि उहाँहरूलाई पनि उपलब्ध गराउने यो सुर्खेतको मात्र नभइकन सिंगो कर्णाली प्रदेशका अन्य जिल्लाहरूको बाढीपीडितहरूलाई पनि हामीले चाहिँ आवास निर्माण गरिदिने भनेर त्यो कार्यविधिमा हामीले त्यो प्रोभिजन हामीले चाहीँ प्रावधान हामीले चाहिँ लिपीबद्ध गरेका छौं । त्यो पास भयो भने हामी सुर्खेतमात्र नभइकन अन्य मत्लव कर्णाली प्रदेशका अन्य जिल्लाका जो बेघरबार बाढीपीडितहरू हुनुहुन्छ उहाँहरूलाई हामी आवास निर्माणको लागि चाहिँ हामी मत्लव रकम चाहिँ निकासा गर्छौं उहाँहरूका लागि । त्यस्तै गरेर यो बीचमा अब कालीकोटमा पनि अब आगलागि भो त्यहाँको ३२ घरपरिवारलाई हामीले चाहिँ खासगरी १ करोड ६० लाख रुपैयाँ चाहिँ हामीले उपलब्ध गरायौं । त्यो आवास निर्माण भइरहेको छ सुर्खेतमा पनि आवास निर्माणचाहिँ भइरहेको छ । त्यस्तैगरी असिना पीडितलाई दैलख खासगरी त्यसको केन्द्रचाहिँ दैलेख र मुगु थियो । त्यहाँ पनि हामीले चाहीं २ करोड क्याविनेटले चाहिँ २ करोड रुपैयाँ चाहि त्यहाँको क्षतिको विवरणका आधारमा हामीले चाहीं र हाम्रो २ करोड जो विनियोजित बजेट थियो त्यो बजेट त्यही अनुपातमा वितरण गर्ने भन्ने हामीले गरेका छौं । त्यसैगरेर अब हामीले मृतकहरूलाई पनि हामीले राहतहरू उपलब्ध गराएका छौं । र अहिले भर्खरै अब कालीकोटमा अब चाहिँ बाढी र पहिरोबाट अब क्षति भएका घरपरिवारलाई राहत चाहिँ हामीले खासगरी लजिष्टकहरू खाद्यान्नहरू हामीले उपलब्ध गराएका छौं, मन्त्रालयले गराएको छ । बारा पर्साका हावाहुरी पीडितहरूलाई हामीले १ करोड रुपैयाँ चाहिँ हामीले त्यहाँको सरकारलाई चाहिँ हामीले उपलब्ध गराएका छौं । .अब त्यसैगरेर .डोल्पा जिल्लाको मुड..मुड्कीचुला गाउँपालिकामा चाहिँ अझ ३० जना प..पहिरो प्रभावित परिवार हुनुहुन्थ्यो उहाँहरूलाई हामीले चाहिँ अब उद्दार र राहत सामग्री हामीले उपलब्ध गराएका छौं हेली हेली उद्दार नै गरेका छौं हामीले चाहिँ । यसैगरेर खत्याडमा चाहिँ अब आगलागि पीडितहरूलाई राहत सामग्री उपलब्ध गराएका छौं । त्यसैगरेर यो पश्चिम रुकुमको मुसिकोट आठबिसकोट नगरपालिकामा जो १२ घर चाहीं बाढीको कारणले गर्दाखेरि बगाएको छ । अब त्यो क्षतिको विवरण र विवरण खासगरी प्रशासन जिल्ला विपत व्यवस्थापन समितबाट हामीले मागेका छौं त्यो प्राप्त हुनुवित्तिकै त्यो राहत हामीले उपलब्ध गराउँछौं । त्यसैगरेर माननीय सदस्यज्यूले चाहिँ यहाँ एउटा हत्या खासगरी पश्चिम रुकुमको मुसिकोट नगरपालिका ३ मा कमला बुढाथोकीको यो १६ गते राति हत्या भको विषयमा अनुसन्धान गर्नको लागि उनका पति नवीन खड्कालाई चाहिँ गिरफ्तार गरिएको छ र अहिले हिरासतमा चाहिँ राखेर उहाँको चाहिँ हत्याको अनुसन्धान कार्य जारी रहेको अवस्था छ र जाजरकोटको यो संचार खासगरी टेलिफोन टावरको अवस्थाको विषयमा त्यहाँको माननीय सदस्यहरूले कुरा चाहिँ उठाउनुभएको छ । अब हामीले खासगरी यो टेलिकमसँग र संचार मन्त्रालयसँग संघीय संचार मन्त्रालयसँग हामीले खासगरी यो टावरको विषयमा हामीले समन्वय चाहिँ गरिराछौं यसअगाडि पनि समन्वय गरेर केही ठाउँहरूमा हामीले त्यो टावर निर्माणको लागि चाहिँ सहजीकरण गर्‍यौं । अब यो विषयमा पनि हामी चाहिँ संघीय संचार मन्त्रालय त्यसपछाडि टेलिकमलाई हामीले अपौचारिक ढंगले हामीले पत्राचार पनि गर्छौं र अनौपचारिक समन्वय पनि गर्छौं र त्यहाँ जनतालाई संचारको अधिकारचाहिँ हामी सुनिश्चित गर्छौं खासगरी हाम्रो मन्त्रालयसँग सम्बन्धित सरोकारहरूको विषयमा मैले केही जिज्ञासाहरूको विषयमा केही जवाफचाहिँ दिएँ र बाँकी हामी आगामी बैठकहरूका सवालहरूमा पनि निरन्तर हामी जवाफहरू हाम्रो प्रष्टीकरणहरू प्रस्तुत गर्नेछौं ।अहिलेलाई यति नै । धन्यवाद ।

**माननीय सभामुखः** अब कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री बिमला के.सी. ।

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री विमला के.सी.:** माननीय सभामुख महोदय, माननीय सदस्यहरूले कतिपय अति आवश्यक सार्वजनिक महत्वका सवालहरूमा महत्वपूर्ण यो गरिमामय सदनमा सवालहरू उठाइरहँदाखेरि सरकारले त्यसको सन्दर्भमा केही सवालहरूका बारेमा चर्चा गर्न हाम्रो मन्त्रालय भूमि व्यवस्ता कृषि तथा सहकारी मन्त्रालयको तर्फबाट म उपस्थित भएको छु । खासगरी यो बहुचर्चित र निकै संवेदनशील घटना गाई हत्या प्रकरणका सन्दर्भमा मिति २०७६ भाद्र १२ गते राति सुर्खेतको वीनपा १४ कटकुवा तथा आसपासका क्षेत्रमा सडक छेउछाउमा बेवारिसे छोडी मरेका गाईको घटनाले प्रदेश सरकारको गम्भीर ध्यानाकर्षण भएको छ, यस्तो खालको घटना निन्दनीय हो र सरकारको तर्फबाट म उक्त घटनाको बारेमा दुःख व्यक्त गर्दछु । रातिको समयमा नेपालगञ्जबाट ८ वटा ट्रकमा ल्याइएका २९१ गाईहरू बेवारिसे अवस्थामा छोडिएकोमा ३९ वटा गाई मरेका र बाँकी घाइतेको उपचार गरेर प्रहरी तथा वीरेन्द्रनगर नगरपालिकाको सहयोगमा २३३ वटा गाईहरू नेपालगञ्जै फिर्ता पठाइएको छ । घटना घटेको जानकारी पाउनासाथ पशुपंक्षी निर्देशनालयको निर्देशकसहित भेटनरीको टीम आन्तरिक मामिला मन्त्रालयबाट आवश्यक कर्मचारीको टीम र यहाँको प्रशासन सबै त्यहाँ लागेको छ । म आफै पनि त्यो घटनाको अनुगमन गर्न गएको स्थिति हो र त्यहाँ घटना घटिसकेपछि गाईहरूको उपचारको कुरा सँगसँगै मरेका गाईहरूको पोष्टमार्टम गरी पोष्टमार्टम गर्नेमा हाम्रो टिम, मन्त्रालयको टिम पूरै परिचालन गरिएको थियो । उक्त कार्यमा संलग्न भएको आरोपमा ५ वटा ट्रकसहित ५ जना चालक २ जना सहचालक तथा नेपालगञ्ज उपपहानगरपालिकाका नगर प्रहरी निरीक्षक र गाईको सप्लायर्स गर्ने सञ्चालकलाई पक्राउ गरी अनुसन्धान भइरहेको छ र उक्त कार्यमा संलग्न ७ जना नगर प्रहरीहरूलाई पक्राउ गरी अनुसन्धान गर्न पक्राउ पूर्जी जारी गरिएको छ । पक्राउ गर्ने प्रक्रियामा अगाडि छ । उक्त घटनाको बारेमा संघीय सरकारले छानविन समिति नै बनाइसकेको अवस्थामा अब प्रदेश सरकारले छुट्टै छानविन समिति नबनाई उक्त समितिलाई नै आवश्यक सहयोग गरिरहेको छ र अहिले समिति आइसकेको अवस्था हो र समिति आएर हामीसँग आवश्यक सुझाव लिएर घटनाको विषयमा छलफल चलाएर हिंडिसकेको अवस्था छ । त्यसो हुँदा संघीय सरकारले एउटा समिति बनाइसकेको सन्दर्भमा त्यो पनि दुई वटा प्रदेशको बीचमा घटना घटेको छ । अन्तरप्रदेशीय घटना बनेको छ सो सन्दर्भमा थप हामी प्रदेश सरकारको तर्फबाट समिति बनाउन आवश्यक नठानिएकोले हामीले समिति बनाउन सकेनौं र अहिले हामीले संघीय सरकारको समितिलाई नै छानविनमा सहयोग गरिरहेको अवस्था छ । त्यसो हुँदा त्योभन्दा त्यो संघीय सरकारले गर्ने भैसकेपछि कहाँ कसले के गऱ्यो यी सबै घटनाक्रमहरू माननीयज्यूहरूले उठाएका सन्दर्भमा सरकारले अहिले यो आफ्नो धारणा राख्नेभन्दा पनि छानविनबाट समितिले एउटा निष्कर्ष निकाल्ला मुद्दा पनि प्रक्रियामा अगाडि बढिसकेको छ । बरु हाम्रो धेरै चुनौतिको विषय बनेको माननीयज्यूहरूले गम्भीरतापूर्वक उठाएको क्षति भएको गाई छाडा गाईको कारणले आज वीरेन्द्रनगरमा मात्र होइन देशको धेरै ठाउँहरूमा मान्छेहरू दुर्घटनामा पर्ने स्थिति बनेको छ, अकालमा ज्यान गइरहेको छ । यो घटनाहरूलाई कसरी नूनीकरण गर्न सकिन्छ त्यो सन्दर्भमा मन्त्रालयको ध्यानाकर्षण भएको छ र त्यो घटनाले अझ बढी हामीलाई अलि पहिलेदेखि नै घोचिरहेको थियो र सचिवको नेतृत्वमा एउटा मिटिङ्ग बसिसकेको छ र कसरी अगाडि बढ्ने भन्ने सन्दर्भमा केरे हामीले एउटा बहुसरोकारवाला स्थानीय सरकार ३/४ वटा अझ सुर्खेतका भेरीगंगा, वीरेन्द्रनगर र बराताल लगायतका नजिका यी स्थानीय सरकार, जिल्ला समन्वय समिति, वन, वन महासंघसँग सम्बन्धित साथीहरू र मन्त्रालय वन मन्त्रालय पनि र हाम्रो मन्त्रालयले खासगरी मेरो मेरो अध्यक्षतामा भोलि नै ३ बजे बैठकको एउटा आयोजना गरेका छौं । माननीयहरूलाई पनि हामीले खबर गर्नेछौं र एउटा मिटिङ्ग बसेर यसको दीर्घकालीन र अल्पकालीन हिसाबले कसरी समाधान गर्ने होला? र यसका विविध खालका हामीले मान्छेहरू लगाइसकेका छौं यसको विषयमा तपाईहरूले एउटा धारणा

एउटा मतलव कन्सेप्ट पेपर बनाएर ल्याउनुस् पनि भनेका छौं यो सम्बन्धी अलिकति विज्ञता राख्ने साथीहरूलाई । हामी तीनवटै सरकार खासगरी अहिले स्थानीय सरकार र प्रदेश सरकार । प्रदेश सरकारको नेतृत्वमा समन्वयमा यो एउटा निर्णय गर्नै पर्छ र यसलाई समस्या समाधान गर्नै पर्छ भनेर हामी लागेका छौं र यो गरिनेछ यो प्रतिवद्धता म यहाँ जाहेर गर्न चाहें । अर्को माननीयज्यूहरूले खासगरी प्रतिपक्ष दलको माननीयज्यूले अनियमितताको बिषयमा गम्भीर बिषयहरू उठाउनुभएको छ । त्यसले प्रदेश सरकार र मेरो मन्त्रालयलाई धेरै निकै गम्भीरतापूर्वक ध्यानाकर्षण गरेको छ धन्यवाद दिन चाहन्छु सभामुखमार्फत् माननीयज्यूलाई । एउटा सकारात्मक सुरुवात पनि भएको छ सुशासनको पक्षमा एउटा राम्रो कदम सुरु भएको मैले अनुभूति गरेको छु । त्यसो हुँदा सबै घटनाहरूमा मन्त्रीको संलग्नता भन्ने ठानिन्छ, सबै कर्मचारीको संलग्नता पनि भन्ने ठानिन्छ । त्यसो नभएर धेरै कुराहरू मन्त्रीलाई जानकारी नहुने, सम्बन्धित कर्मचारी कार्यालय प्रमुखलाईसम्म पनि जानकारी नहुने गरी धेरै घटनाहरू घटेका देख्छौं हामीले । कार्यक्रमहरू अनियमित भएको पनि देखिन आएका छन् । त्यसो हुँदा माननीयज्यूले खासगरी हाम्रो मन्त्रालयसँग उठाएका कतिपय घटनाहरूका सन्दर्भमा हामी आफै अनुगमनका म आफै अनुगमनको क्रममा अनियमितता देखिएको स्थिति काम नभएको अवस्था देखेपछि भुक्तानी रोकेको छ भुक्तानी रोकिसकिएको छ । जसका कारणले हामी आफैलाई केही उपभोक्ताहरूले आरोप प्रतिआरोप दुनियाँ नानाथरी आरोपहरू लगाइरहेका छन् । त्यो प्रति हामी कही कति कहिँपनि बिचलित छैनौं । यो यसका विरुद्ध सुशासनका पक्षको अभियानलाई अगाडि बढाउनु पर्छ भन्ने कुरामा सरकार प्रतिवद्ध छ । सुशासनका पक्षमा उठेका यस्ता सवालहरूलाई कहिँकतै पनि हामी पूर्वाग्रही नभई, यो एउटा संस्कार बनेको छ । व्यवस्था त परिवर्तन भयो तर हाम्रो संस्कार सँस्कृति सोच चिन्तन र हाम्रा व्यवहारहरू परिवर्तन नभएका कारणले हामी गति पकड्न सकेका छैनौं । अझ कर्णालीमा त यो खालको एउटा प्रतिवद्धता साझा संकल्प राजनीतिक नेतृत्व, कर्मचारी, सरकार र नागरिक खासगरी यससँग सरोकार राख्ने नागरिक समाज, पत्रकार, बुद्धिजीवी सबै सबै मिलेर हामी एकताबद्ध भएर पारदर्शिताका पक्षमा बजेटको परिणाम का सन्दर्भमा परिणाममुखी बजेट कार्यान्वयनका सन्दर्भमा एउटा संकल्प नगर्ने हो भने एउटा क्रियाप्रतिक्रयाका साथ हामी एउटा पहल नलिने हो भने मलाई लाग्छ हामी कुरा मात्र गरेका हुनेछौं । त्यसैले हाम्रो मन्त्रालयको तर्फबाट माननीयले उठाएकाभन्दा पनि अरु केही सवालहरू पनि हामीले देखिरहेका छौं त्यो सवालका सन्दर्भमा हामीले मन्त्रालयको तर्फबाट छानविन, अनुसन्धान र अनुगमन गरिरहेका छौं । यसमा दोषी ठहर भएमा कानूनी हिसाबले कडाभन्दा कडा कारबाही मन्त्रालयको तर्फबाट उपभोक्ताका हकमा हामीले कालोसूचीमा राख्ने, भुक्तानी गराउने कुराहरूका सन्दर्भमा मतलब बेरुजु फछ्र्यौट गर्ने सन्दर्भमा हामीले त्यो प्रक्रियामा जानेछौं भने कर्मचारीहरूलाई कानुनी कार्बाही गर्ने छौं । यसका आवश्यक कानुनी कारबाहीहरूमा हामी कहिँकतै पनि विचलित हुने छैनौं र कडाभन्दा कडा कार्बाही गर्ने छौं । यसका यो सन्दर्भमा मन्त्रालयको तर्फबाट र सरकारको तर्फबाट यस्ताखालका कुराहरूलाई अब हुन त यसो यसो हुन सक्छ कर्णाली प्रदेश सभामा यो कुरा चलिरहँदा कर्णालीमा बढी बद्मासी भो भ्रष्टाचार भो अपारदर्शिता भो भन्ने कुरा उठ्न सक्छ । घटना उठाका कारणले भ्रष्टाचार हुने होइन घटना उठाका कारणले अनियमितता होइन क्वेश्चन उठाका कारणले समस्या होइन बरु सामाधानतिर जाँदैछौं भन्ने कुराको एउटा संकेत पनि हो । यसैले यस्ता कुराहरूमा हामी सबै शतर्कतापूर्वक लागौं । अनुसन्धान गरौं । सप्पैले आ-आफ्नो ठाउँमा अनुसन्धान गरेर विगतदेखिका आजसम्मका कामहरूको ठीक ढंगले अझ हामी तेस्रो पक्षबाट पनि यसको मूल्याङ्कन गराउने पक्षमा छौं र मन्त्रालय आफै पनि यसमा लागिरहेको छ । मैले यो जानकारी गराउन चाहें र प्रदेश सरकारको तर्फबाट मुख्यमन्त्री पनि सधैं भन्नुहुन्छ- परिणाममुखी बजेटको कुरा नै त्यसैले गरिएको हो । ठूला बजेट त्यसैले गरिएको साना बजेटमा छरिन्छ, छरिने बजेटमा मान्छेहरूले

चहलखेल गर्छन् । त्यसैले ठूला परिणामुखी बजेटको आवश्कता त्यसकारण हो । त्यसैले तपाईहरू सबैले ठूला बजेटको आवश्यकतामा अगाडि बढ्नुस् है बढ्नुस् भनेर पनि बारम्बार भनिरहेको कुरा हो । त्यसैले अब प्रदेश सरकार यसमा कहिँकतै पनि लचकता नअपनाइकन हामी कडाईपूर्वक जान्छौं । जो जहाँ कमजोरी हामी आफैले पनि कहिँ कमजोरी गरेका छौं भने कडाईपूर्वक कारबाही गरी पाउनुपर्छ । हामी पनि हामीमाथि पनि कारबाही गरिनुपर्छ त्यस सन्दर्भमा कहिँकतै पनि हामी समस्या आफूलाई ठान्दैनौं अगाडि बढ्ने सन्दर्भमा । यो कुरा मैले प्रतिबद्धता जाहेर गरैं । र जनयुद्धकालीन जग्गाको सन्दर्भमा माननीयज्यूले खासगरी जिल्लाको सन्दर्भमा रुकुम जिल्लामा जनयुद्धकालीन समस्याहरू जनयुद्धकालीन समयमा जनसत्ताबाट पास गरेका कारोबार गरेका जग्गाका सन्दर्भमा निकै जटिलता छ निकै चुनौतिपूर्ण अवस्था छ । मान्छेहरू घरबारविहिन भैरहने अवस्थाले हामीलाई दिने संवेदनशीलता निकै धेरै ठूलो छ । त्यसको गहिराई हामी सबैले बुझ्न नसक्ने एउटा चुनौति होला तर निकै ठूलो चुनौति छ आज मान्छेहरू फ्रस्टेट भएका छन् डिप्रेसनका रोगी भएका छन् पागल बन्न पर्ने अवस्था बनिरहेको छ । यो समस्याको समाधान संघीय सरकारले उतिबेलाको केन्द्रीय सरकारले बाबुराम प्रधानमन्त्री हुँदाखेरि एउटा निर्णय गरेको थियो, राजनीतिक निर्णय क्याविनेटबाट गरिएको थियो त्यो कारणवश विभिन्न कारणवश त्यो अगाडि बढ्न सकेन र त्यो राजनीतिक ढंगले हल गर्नुपर्छ भन्ने कुराको आवाज उठिरहेको छ हामीले पनि उठाइरहेका छौं । हामीले आज प्रदेश सरकारकातर्फबाट भूमि कानून बनाएर अगाडि बढौंभन्दा हामीले एउटा भूमि कानूनका सन्दर्भमा सैद्धान्तिक सहमतिका निम्ति कानून मन्त्रालय यसको निम्ति कानूनको सैद्धान्तिक सहमति माग्दाखेरि हाम्रो मन्त्रालयको तर्फबाट अहिले संघीय सरकारले भूमिसम्बन्धी कुनै पनि अधिकार नदिएको कारणले कानून बनाउन उपयुक्त नहुने भन्ने कुरा आइसकेको र सैद्धान्तिक सहमति नै नपाएको अवस्था छ । मन्त्रालयले चाहँदाचाहँदै पनि हाम्रा कतिपय यस्ता बाध्यता छन् संघीय सरकारको अपेक्षा गर्दागर्दै संघीय सरकारले कानूनी बाटो खोल्छ र हामीलाई अधिकार दिन्छ अनि हामी काम गर्छौं भन्ने हुँदाहुँदा पनि हामीले केही गर्न नसकेको अवस्था छ । त्यसो हुँदा अहिले एउटा समिति बनाउने कुरा हामीले गठनादेशबाट भूमि समस्या समाधान तथा सुझाव समिति भनेर एउटा गठनादेशबाट पास गऱ्यौं तर समिति बन्न सकेको छैन । समिति बनाइम बन्नुमा ढिलाइ हुनका कारण पनि के भएको छ भन्नुहोला भने केरे यो समितिको कामै छैन केही अधिकारै प्रदेश सरकार स्थानीय सरकारले संघीय सरकारले भूमि सम्बन्धी कुनै अधिकारै दियाछैन । खालि किन यो खर्च गर्नका निम्ति समिति औपचारिकताको निम्ति पनि किन समिति भन्ने क्वैशन उठेको कारणले पनि अलि ढिला हुन गएको हो । हामीलाई के लागेको छ भने अब सरकार के निष्कर्शमा पुग्दैछ भने अब संवैधानिक अधिकार अनुसार आफ्नो अधिकार प्रयोग गरौं कानून पनि बनाऔं र समिति पनि बनाऔं समस्याको समाधानतिर लाग्नै पर्छ संघीय सरकारलाई घचघच्याउनै पर्छ । संघीय सरकारसँग समन्वय गरेर यो अधिकार प्राप्ति गर्नैपर्छ र स्थानीय सरकार आज मालपोत र नापी स्थानीय सरकारमा हुनुपर्ने संवैधानिक व्यवस्था छ तर आइपुगेको छैन । प्रदेश सरकारलाई प्रशासन भूमि प्रशासनदेखि भूमि व्यवस्थापन गुठी व्यवस्थानका सारा अधिकार दिइएको छ । तर ती कुनै अधिकारहरू आज हामीले कानुनी हिसाबले पाउन सकेको स्थिति होइन । त्यसैले समस्याहरू समाधान गर्न अब हामी आफ्नो अधिकार अनुसार संवैधानिक अधिकार अनुसार अलिअलि अगाडि बढ्ने हो कि भन्ने सरकारको धारणा खासगरी मन्त्रालयको धारणा रहेको छ । त्यसका निम्ति माननीयले जुन खालको कुरा यहाँ उठाउनु भो एकदमै यो सरकारलाई सहयोग भएको छ । यो कुरा संघीय सरकारले पनि सुनेको छ र सुन्नु पर्छ । हामीले पनि बेलाबेलामा भनेका छौं संघीय सरकारले राजनीतिक ढंगले यो समस्या समाधान गरिनुपर्छ, अरु सबै समस्या समाधान हुँदै गर्दा यो समस्या समाधान गर्नुपर्छ भनेका छौं र संघीय सरकारले यो समस्या समाधान गऱ्यो भने धेरै राम्रो हुने थियो । नभए हामी आफैले कुनै न कुनै

हिसाबले यो समस्या समाधान गर्नुपर्छ भन्ने निष्कर्षमा हामी पुग्नुपर्छ र एउटा कानून पास गरेर भए पनि हामी अगाडि बढ्नुपर्छ त्यसको विकल्प छैन भन्ने मलाई लाग्दछ । त्यसका निम्ति माहोल बनेको छ माहोल बनाऔं मन्त्रालयको तर्फबाट म मन्त्रीका हिसाबले खासगरी सरकारको तर्फबाट हामी अब नयाँ स्टेपमा जानुपर्छ भन्ने सोचाइ छ । र प्राकृतिक विपतका सन्दर्भमा खासगरी  चट्याङ्गबाट जुम्लाको तिला जाजरकोटमा भेडाहरूको मतलव ठूलो क्षति भएको स्थितमा अहिले एउटा अलिकति अकर्मण्यता जस्तो अलि कानूनले नै पनि खोलिदिनुपर्ने र हामी आफैले एउटा कार्यक्षेत्र क्लिएर जस्तो हिसाबले मतलव एउटा विषयवस्तुका हिसाबले कृषिसँग सम्बन्धित पशुसँग सम्बन्धित बिषयहरू हाम्रो मन्त्रालयमा आइपुग्ने तर यी सबै क्षतिपूर्तिको कुरा आन्तरिक मामिलामा यो अधिकार भएको कारणले कार्यविभाजन त्यसरी गरेको कारणले हामीले के सूचित गरिरहेका छौं भने आन्तरिक मामिला मन्त्रालयमार्फत् यी सबै कुराहरू जस्तो बाढीका कारणले सुर्खेतमा धेरै पशुहरू/पशुचौपायाहरूको क्षति भएको थियो । माउरी माउरीघारहरू धेरै सिद्धिएका थिए बगेका थिए । यस्ता कुराहरूमा मन्त्रालयमा आन्तरिक मामिला मन्त्रालयमा हाम्रो मन्त्रालयमा आएका कुराहरूलाई पठाउने गर्‍यौं । र अहिले पनि यी कुराहरू आन्तरिक मामिला मन्त्रालयबाट सम्बोधन गर्ने प्रदेश सरकारको निर्णय छ । त्यसरी हुनेछ भनेर हामीले सूचित गरेका छौं अनुरोध गरेका छौं । र मैले जाँदाजाँदै खासगरी ज भूमिको सन्दर्भमा समस्या जनयुद्धकालीन जमिनको मात्र नभएर सुर्खेतमा धेरै ठूलो समस्या ऐलानीको छ । जग्गा लालपूर्जा पाएर पनि श्रेस्तेदार नपाउँदाखेरीको समस्या छ । सेतो पूर्जा पाएर रातो पूर्जा नपाउनेको समस्या त्यत्तिकै छ । दैलेखमा गुठी व्यवस्थापनको ठूलो चुनौति छ मान्छेहरू आज जीवन-मरणको लडाइँ लड्ने स्थिति बनेको छ । र त्यस्तै अरु समस्याहरू पनि विभिन्न खालका समस्या प्रदेशभरि छन् यी प्रदेशभरिको समस्या समाधानका निम्ति हामी एउटा साझा सदन र सरकारको बीचमा एउटा साझा छलफल चलेर अगाडि बढ्न सकियो भने प्रदेश सरकारले दिए..प्रदेश सरकारले पाएको संवैधानिक अधिकार अनुसूचीमा पाएको एकल संवैधानिक अधिकारहरू हामीले प्रयोग गर्न सकिन्छ र समस्या समाधान गर्न सकिन्छ कि भन्ने आशा अपेक्षा र एउटा विश्वास पनि अब जागृत भएको छ । यो सन्दर्भमा माननीयज्यूहरूले उठाएका कुराहरूप्रति निकै सकारात्मक सोच सरकारलाई झकझक्याउने र सरकारलाई ठीक ठाउँमा सरकारलाई ठीक ठाउँमा गाइडलाइनमा दिने गरी अगाडि बढेका यी सुझावहरूप्रति धेरै धेरै आभार तथा आभार व्यक्त गर्दै मेरा भनाइहरू अन्त्य गर्छु । हवस् त धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्य, के हो माननीय सदस्य ? के विषयमा ?

माननीय श्री मिनासिंह रखाल : सभामुख महोदय, भदौ ४ गते मैले यही सदनबाट दैलेखको प्राकृतिक प्रकोप पानी नपर्नाले खेतका रोपाइँहरू भएका छैनन् र वन्यजन्तु बनेलबाट मकैबारीहरू नष्ट भएका छन् । १५० घरधुरी अहिले ती पीडित छन् र त्यसको जवाफचाहिँ यो सरकारले दिनुपर्छ भन्ने मैले मान्यता राखेको थिएँ । र त्यो जवाफ पनि आएन । हामीले सदनमा के भनिन्छ नि, हिंड्दै जाने पाइलो मेट्दै जाने, हामी सदनमा कुरामात्रै उठाउने त्यसको जवाफ र कार्यान्वयन हुने, नहुने हो भने यो सदनमा हामीले उठाएका प्रश्नहरूको औचित्य हुने छैन । मेरो भनाई यत्तिकै राखें । हवस्, धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, अब यो बैठक २०७६ साल भदौ २५ गते बुधबार दिनको ३ बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

# बैठक संख्या-२७

(२०७६ साल भदौ २५ गते बुधबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश, प्रदेश सभाको चौंथो अधिवेशनको २७औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनुपर्ने सार्वजनिक सरोकारका विषयमा यथास्थानबाट आफ्ना भनाइ राख्न विशेष समयको व्यवस्था गरेको छु । सर्वप्रथम माननीय श्री गुलावजंग शाह । समय ५ मिनेट ।

**माननीय श्री गुलाबजंग शाहः** माननीय सभामुखज्यू, आज म खासगरी कर्णाली प्रदेश सरकारले प्रदेश कर्णाली प्रदेशभित्र कर्मचारी संगठनको एउटा संरचना निर्माण गरेको कुरा सुन्दैछु । मैले सुनेअनुसार करिब करिब कर्णाली प्रदेशभित्र २५ सय ५५ कर्मचारीको दरबन्दी स्वीकृति गरेको कुरा मेरो जानकारीमा आए अनुसार तर दरबन्दी २५ सय ५५ बनाएको आफ्नो एउटा ठाउँमा होला । तर यो दरबन्दी मिलान गर्दैगर्दा जसरी प्रदेश मन्त्रालय प्रदेश निर्देशनालय जिल्ला कार्य समिति यो तहमा जिल्लामा खासगरी अब सकभर कामको यथोचित विकास गर्नको लागि समूचित विकास गर्नको लागि जिल्लामा एउटै कार्यालय राखेर विभिन्न त्यसभित्र वन कृषि स्वास्थ्य लगायतका संगठनहरू राखेर जिल्लामा उपसचिव तहको एउटा कार्यालय प्रमुख राखेर एउटा खालको संरचना निर्माण गरेको कुरा सुन्नमा आउँदैछ तर पनि म फेरि पनि सभामुख मार्फत् भन्न चाहन्छु कि कर्णाली प्रदेश सरकारले जसरी ओएनएम गरेर कर्मचारीको दरबन्दी सिर्जना गरेको छ त्यो दरबन्दी सिर्जना गर्दै गर्दा हामीकहाँ विगत लामो समयदेखि २०३०/३५ सालदेखि एउटा संरचनागत ढंगले कर्मचारीको तह यहाँसम्म आइपुग्याछ । अहिले संघीय सरकार प्रदेश सरकार र स्थानीय तह बनाउँदै गर्दा कर्णाली प्रदेश सरकारले पनि यो संरचना निर्माण गर्दैगर्दा कहिँकतै त्यो प्रदेशभित्र रहने यो प्रदेशमा आफ्नो प्रदेश रोजेर आएका कर्मचारीलाई कहिँकतै अलिकता कुठाराघात भयो कि अथवा भोलिका दिनमा त्यो प्रदेशमा रोजेर आको कर्मचारी आफ्नो वृत्तिविकासमा कहिँनेर अवरोध भयो कि त्यो खालको महशुस मैले गरेको छु । उदाहरणको लागि वन मन्त्रालय अन्तर्गत मेरो जानकारीमा आएअनुसार तीन वटा तीनचार ओटा त्यहाँ समूह छन् । अहिले वन सेवा भनेर भनियाछ जनरल फरेष्ट्री, सोसियल..स्वायल एण्ड वाटर कन्जरभेसन एउटा अर्को फरेस्टी एण्ड रिजर्भेसन कन्जरभेसन रिजर्भेसन फरेस्ट्री एण्ड रिजर्भ रिसर्च । मेरो भनाईको अर्थ के हो भन्दा वन मन्त्रालय अन्तर्गत वन सेवा भनेर तीन प्रकारका सेवा वन मन्त्रालय अन्तर्गतकै कर्मचारी हुनेछन् त्यहाँ । अब यो कर्मचारीलाई जिल्लामा कार्यालय प्रमुख राख्दै गर्दा एउटा जनरल फरेस्ट्रीतिर भको अवसर भोलि उपसचिव तह वृद्धि हुनलाई त्यो व्यवस्थापन कसरी गर्छ सरकारले । त्यसैले अलि यो ओएनएम गरेको कुरालाई अलि व्यवस्थापन हुन सकियाछैन कि । मानिलिऔं जस्तै कृषि भन्यो भटेनरी र कृषि कसरी एउटै काम गर्न सकिन्छ र, स्वास्थ्य भन्यो आयुर्वेदिक र तपाईंको चाहिँ यो जनरल मेडिसन कसरी व्यवस्थापन गर्न सकिन्छ । त्यसैले कहिँकतै फेरि यो, यो हामीले एउटा कार्यालय बनाउँदै गर्दा त्यो कार्यालय मातहत कर्मचारीको वृत्ति विकासमा पनि अवरोध हुने, हामी उत्साहका साथ हाम्रो प्रदेशमा आका कर्मचारीलाई कहिँकतै वृत्तिविकास रोकिन्छ भनेर अलि कतै मन खिन्न हुने । म फेरि पनि भन्न चाहन्छु सभामुखमार्फत् कि सरकारले गरेको ओएनएम २५ सय ५५ दरबन्दीमध्येमा यलाई अलि मिलाएर जानुपर्ने हो कि । यो मिलाएर गएपछि हामीकहाँ आउने कर्मचारीको

मनोभावनामा पनि ठेस नपुग्ने र वास्तवमा यी कुरा मसिनो ढंगले हेर्ने हो भनेपछि कर्णाली प्रदेश सरकारले बनाएको ओएनएम अन्तर्गत अलि सबै कर्मचारी यहाँ एकदम आफ्ना होशखेलका साथ हाँसखेलका साथ रहन सक्ने वातावरण बनाओस् । सरकारले बनाउँदै गर्दा यो विभिन्न संघ संगठनहरू छन् उनीहरूलाई छलफलमा ल्याएर बनाहोला पक्कै पनि छलफलमा ल्याएर छलफल व्यापक छलफल गरेर त्यो बनाको भए अझ राम्रो हुने थियो तर पनि मेरो भनाईको भावना अन्त्यमा कहाँ हो भन्दा यो प्रदेशभित्र रहने कर्मचारी साथीहरूलाई सबैको व्यवस्थापन हुने गरी ओएनएम बनाओस् यही सुझाव राख्न चाहन्छु । हवस् त धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, विशेष समयमा बोल्न चाहनुहुने सदस्यहरूले आ-आफ्नो नाम सभामुखको डायसको वायाँतर्फ रहेका कर्मचारीकोमा उपलब्ध गराइदिनुहोला । अब माननीय श्री विन्दमान विष्ट ।

**माननीय श्री विन्दमान बिष्टः** माननीय सभामुख महोदय, आर्थिक वर्ष ०७५/७६ बजेट कार्यान्वयनको हिसाबले अत्यन्तै न्यून रहयो । खर्च हामीले धेरै कम गर्न कम गऱ्यौं । जसको कारणले गर्दाखेरि केही प्रश्नहरू पनि उठे । खर्च कम भयो त्यसमा पनि अनियमितता भो भन्ने प्रश्नहरू पनि उठिराखेका छन् । यो सम्मानित सदनमा ती प्रश्नहरू पनि उठे, सरकारको तर्फबाट आफ्ना धारणाहरू पनि त्यो सम्बन्धमा आएका छन् । म माननीय सभामुखमार्फत् यो सम्मानित सदनको ध्यानाकर्षण गराउन कहाँ के चाहन्छु त भने हाम्रो संस्कार बिग्रेको छ, हामी सबैले एकचोटी संकल्प गर्न जरुरी छ । अनियमितता, भ्रष्टाचार र कमिशनको अन्त्य गर्नको लागि । पञ्चायती व्यवस्थामा दरबारका केही सीमित मान्छेहरूले कमिशन लिने गर्थे । ०४६ सालमा बहुदलीय व्यवस्थाको स्थापना भइसकेपछि मल्टीपार्टी सिस्टममा पार्टीका नेता र कार्यकताहरू अलिकति त्यो कमिशन र भ्रष्टाचारको अनियमितताको अलिकति त्यो फराकिलो बन्न गयो र त्यसपछि त्यसको निरन्तरतामा हामी यहाँसम्म आइपुगेका छौं । म के आग्रह गर्न चाहन्छु त भन्दाखेरि हिजो हामीले आफ्ना कार्यकर्ताले अनियमितता गरेको आधारमा पार्टीका राजनीतिक पार्टीका कार्यकर्ताहरूले भ्रष्टाचार गरेको केरे भ्रष्टाचार गरेका मान्छेहरू आफ्ना राजनीतिक पार्टीका कार्यकर्ता भएको आधारमा तिनीहरूको संरक्षण गर्दै आउने एउटा हाम्रो परम्परा छ, हाम्रो संस्कार छ । त्यतिमात्र होइन कि सभामुख महोदय नेपालमा के सम्म देखियो त भन्दाखेरि भ्रष्टाचार प्रमाणित भएर जेलमा बसेका मान्छेहरू छोड्दाखेरि ठूलठूलो माला लगाएर विजयउत्सव मनाएर विजयउत्सव मनाएजस्तै गरेर नेताहरूलाई सम्मान गरेर ल्याउने अथवा भ्रष्टाचार गरेर जेल जीवन विताएर आएका मान्छेहरूलाई सम्मानित गर्ने जुन परम्परा हामीले बसाल्यौं जुन संस्कार हामीले बसाल्यौं त्यो कारणले गर्दाखेरि आज के भइराखेको छ त भन्दाखेरि भ्रष्टाचार गर्दाखेरि म दण्डित हुन्छु म सामाजिक बहिष्करणमा पर्छु भन्ने भन्दा पनि भ्रष्टाचार गर्दाखेरि सम्मानित हुन्छु भन्ने एक प्रकारको त्यो भावना पैदा भइराखेको छ । त्यो अवस्था सिर्जना भइराखेको छ । यसकारणले गर्दाखेरि हामी यो संघीय संरचना गई संघीय संरचनामा जाँदाखेरि आज नयाँ सरकारको हामीले अभ्यास गरिराखेका छौं । हाम्रो प्रदेशमा त अझ त्यसको त्यसलाई हामी, हामी सबैले संकल्प गर्न सक्यौं भनेर सरकारले नेतृत्व गर्न सक्यो भने हामीले त्यसको कमिशनको भ्रष्टचारको अनियमितताको सम्पूर्ण रूपमा नष्ट गरेर एउटा समून्नत सुशासनयुक्त समाज निर्माण गर्न सक्ने ठाउँमा हामी छौं । यो सबैको ध्यान त्यतातिर जाओस् सम्मा केरे माननीय सभामुखज्यूमार्फत् म सम्मानित सदनको ध्यानाकर्षण गराउन चाहन्छु सबै सरोकारवालाहरूको ध्यानाकर्षण गराउन चाहन्छु ।

सभामुख महोदय मेरो दोस्रो विषय छ- प्रदेश सरकारले ओएन..ओएनएम गऱ्यो, गरिसकेपछि अरु मेरो योसँग मेरो धेरै विषयहरू राख्नु छैन कति मात्रै छ त भन्दाखेरि अस्ति भर्खरैमात्र संघीय सरकारले ११ वटा वन

डिभिजन राख्ने कर्णाली प्रदेशमा भनेर निर्णय गरेको थियो । संघीय सरकारले गरेको निर्णय किन उल्ट्याइयो भन्ने प्रश्न पनि मेरो होइन मेरो सरोकार कति मात्र हो भन्दाखेरि सभामुख महोदय सुर्खेत जिल्लामा सुर्खेत वन डिभिजन र भेरी वन डिभिजन भन्ने दुईटा वन डिभिजन राखिएको थियो । कर्णाली प्रदेशका जिल्लाहरूको वनको घनत्वलाई हेर्ने हो भनेपछि सबैभन्दा अहिलेका डिभिजन जति राखिएको छ त्यो सबैभन्दा बढी वनको घनत्व भएको र त्यसको संरक्षण गर्नुपर्ने आवश्यकता भएको डिभिजन भनेको भेरी वन डिभिजन हो जो वावियाचौरमा अवस्थित छ पञ्चपुरी नगरपालिकाको वावियाचौरमा अवस्थित छ । त्यो डिभिजनलाई अहिले सुर्खेत डिभिजनमा गाभ्ने काम गरिएको छ । सभामुख महोदय म ध्यानाकर्षण गराउन चाहन्छु सभामुख मार्फत् प्रदेश सरकारको त्यो जुन वन डिभिजन जहाँ अवस्थित छ त्यहाँको ७१ प्रतिशत वन क्षेत्र हो त्यहाँको २९ प्रतिशत मात्र अन्य हो । ७१ प्रतिशत वन क्षेत्र हो त्यो वन क्रमशः विनाश हुँदै जाने अवस्था पनि छ । त्यसकारणले गर्दाखेरि त्यसको संरक्षणको लागि त्यसपछि गएर त्यहाँका जनताहरूले सही ढंगले सहज ढंगले सुबिधा प्राप्त गर्नको लागि त्यो वन डिभिजनलाई सुर्खेत वन डिभिजनमा गाभ्ने जुन प्रकारको निर्णय भएको छ भने जो सुन्न आएको छ म माननीय सभामुख मार्फत् प्रदेश सरकारको गम्भीरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छु कि एउटा डिभिजन थप्दाखेरि जो यो प्रदेशका सबै जिल्लाहरूभन्दा त्यो डिभिजनको कार्यक्षेत्रभित्र रहेको सबभन्दा बढी वन छ त्यो वनको संरक्षणको लागि आवश्यकता हुन्छ । त्यस्तैगरी १२ वटा सवडिभिजन थिए सुर्खेतमा । १२ वटा सवडिभिजनमा डिभिजनबाट ९ वटा सवडिभिजनमा झारियो भन्ने सुनेको छु । काठको तस्करी बढिराखेको छ चोरी बढिराखेको छ । यसको नियन्त्रण गर्ने यसको वनको संरक्षण गर्ने भन्दा पनि डिभिजन एउटा बनाउने सवडिभिजन त्यसपछि त्यसलाई घटाएर ९ मा झार्ने १२ बाट त्यसमा पनि त्यसपछि गएर वनरक्षक लगायतका दरबन्दुहरू दरबन्दीहरू जो थियो १२ वटा सवडिभिजनमा ६/६ जनाको दरले विगतमा दरबन्दी थियो तैपनि हामीले नियन्त्रण गर्न सकिराखेका थिएनौं भने अहिले ९ वटा वन डिभिजनमा ३/३ वटाका दरले केरे वनरक्षक राखिएको छ भन्ने मैले सुनेको छु । यो हिसाबले हेर्दाखेरि होला कहिँ आवश्यकता छैन होला वनक्षेत्र कम होला, त्यहाँ कम गरौं तर जहाँ वनको सुरक्षा गर्नुपर्ने केरे रक्षा गर्नुपर्ने छ, चोरी नियन्त्रण गर्नुपर्ने छ तस्करी नियन्त्रण गर्नुपर्ने छ र त्यसपछि गएर सम्भावित वनक्षेत्र अब फडानी भएको ठाउँमा पनि हामी वनक्षेत्रको विकास गरेर लैजान सक्ने ठाउँमा हुन्छौं । त्यलाई हामीले विकास गरेर लैजानुपर्ने आवश्यकता जो छ त्यसमा ध्यान जाओस् प्रदेश सरकारले यो निर्णयलाई करेक्सन गरोस् र भेरी वन डिभिजन यथावत् राखोस् र त्यसपछि गएर त्यो वन डिभिजन अन्तर्गतका केरे ६ वटा सवडिभिजन जो थिए त्यो सवडिभिजन यथावत् राखेर त्यसपछि गएर त्यहाँको वन क्षेत्रको सुरक्षा गर्नको लागि प्रदेश सरकारको ध्यान जाओस्, म आग्रह गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुखः** अब माननीय श्री कुर्मराज शाही ।

**माननीय श्री कुर्मराज शाहीः** माननीय सभामुख महोदय, विशेष समयमा मेरा आफ्ना दुई तीनवटा केही विशेष कुरा यो सम्मानित सदनमा राख्न चाहन्छु । यो चाहिँ एउटा हाम्रो गाउँघरमा उखान छ- पोहोरको तिहार अहिले खाने अहिलेको तिहार कहिले खाने । ०७६ को बजेट अहिले अब मलाई लाग्छ यो आर्थिक वर्षमा पनि झण्डै अब २/३ महिना वित्न थालिसक्यो बहुवर्षे योजनाहरू अहिले पनि अध्ययनकै विषयमा छन् भने अहिले कार्यान्वयन प्रक्रियामा छुनै सकिरहेको अवस्था छैनभन्दा यो आर्थिक वर्षको बजेट कहिले कार्यान्वयन गर्ने ? पोहोरको बजेट त अहिले कार्यान्वयन गर्ने प्रक्रियामा हामी चाहिँ गएका छैनौं भने अहिले आर्थिक वर्षको बजेट कहिले कार्यान्वयन गर्ने ? त्यो भको हुनाले पोहोरको तिहार अहिले खाने अहिलेको तिहार कहिले खाने ? यसको जवाफ सरकारबाट आओस् भन्न चाहन्छु । र अर्को कुरा चाहिँ यो हाम्रो

गाउँतिर अर्को कुरा छ यो तुले गाँठो भन्ने छ, यलाई कतिले बुझ्नुहुन्छ कतिले बुझ्नुहुन्न । तुले भनेको बाली हुँदोरछ, गाँठो भनेको तलको जरा हुँदोरछ । दुई तीनवटा बाली लगाइसक्दा पनि त्यो तलको तुलेगाँठो जो हो गाँठो हरियोको हरियै हुन्छ त्यो कहिल्यै मर्दैन अरे । अहिले जो कर्मचारीमा देखिएको छ नि यो समस्या, यो हामीले यो तुलेगाँठोलाई कहिले हल गर्न सक्छौं । यो तुलेगाँठोलाई हल गर्न सकिएन भने यो बजेट कार्यान्वयन हुँदैन प्रदेश सरकार असफल हुन्छ । त्यो भको हुनाले सरकारको ध्यान जाओस्- यो तुलेगाँठोलाई चाहिँ परिवर्तन गर्नका निम्ति चेन्ज गर्नका निम्ति म सरकारलाई आग्रह गर्न चाहन्छु र यसैगरी अर्को कुरा अब यो स्याउको अहिले निकै चर्चा भा'छ सायद हाम्रो स्याउ दिल्लीसम्म पुग्यो खुसीको कुरा हो । इण्डियामा मार्केट लिइरहेको छ । स्याउमा मात्रै अर्गानिक देखियो यहाँनेर रसायन प्रयोग नभएको अर्गानिक स्याउले अहिले दिल्लीको बजार पनि मार्केट लिइरहेको छ भन्ने हामीले सुनेका छौं । र यो एक महिनाको निम्ति मात्रै मार्केट नलियोस् सरकारको ध्यान यहाँनेर जाओस् । बाह्रै महिनाचाहिँ मलाई लाग्छ यो अर्गानिक स्याउ चाहिँ दिल्लीमा मार्केट लगोस् । नेपालको बजारमा यले चाहिँ बजार पाओस् यसका निम्ति विशेषगरी यसको संरक्षण गर्न कसरी सकिन्छ, यो स्याउलाई सुरक्षित राखेर सधैं उपयोग गर्न सक्ने खालको वातावरण बनाउन कसरी सक्छौं विशेषगरी कृषि मन्त्रीज्यूको यसमा ध्यान जाओस् । र अझ मैले पटक पटक सदनमा उठाउँदै आको छु- हाम्रो उत्पादन बालीमा ढुवानीको व्यवस्था गरियोस् सरकारबाट सायद अहिले पनि हुन सकेन । हामीले हाम्रो चाहिँ उत्पादन भएको फलफूलमाथि तरकारीमाथि हामीले ढुवानीको व्यवस्था सरकारले गर्न सक्यो भने यो सधैं बाह्र महिना उत्पादन भएको हाम्रो फलफूल र तरकारीले मलाई लाग्छ बाहिर मार्केट लिनेछ र आर्थिक वृद्धि हुनेछ र यले समाजवादको बाटो तय गर्छ भन्ने मलाई लाग्याछ र अर्को कुरा चाहिँ यो अहिले मन्त्रालयमा झिंगा हान्ने स्थिति भइराछ है । मन्त्रालयमा जाऔं योजना संशोधन गरौं कोही कर्मचारी भेटिदैनन् । यसो समस्या किन आइलाग्यो यहाँनेर यो समस्याको हल कहाँबाट आउँछ । पर्यटन मन्त्रीले सेवा करारमा प्राविधिकहरू नियुक्त गर्न पाउने मन्त्रालयले अनि अरु मन्त्रालयले अर्को व्यवस्था नहुन्जेलसम्म सेवा करारमा नियुक्ति गर्न किन नपाउने ? प्रश्न यहाँनेर छ नि । गएको आर्थिक वर्ष ०७६ को के..०७५/०७६ को आर्थिक वर्षमा सेवा करारले काम गरे प्राविधिकहरूले, अहिले मलाई लाग्छ किन एउटा मन्त्रालय मात्र त्यो अधिकार प्राप्त गर्‍यो अरु मन्त्रालयले किन प्राप्त गरेन यसको जवाफ सरकारबाट आओस् भन्ने म चाहन्छु । र यसैगरी अर्को कुरा चाहिँ यो मलाई लाग्छ यो, यो सामाजिक विकास मन्त्रालयबाट अहिले पनि यो मिर्गौला पीडितहरू दिनदिनै धाइरहेका छन् सामाजिक विकास मन्त्रालयमा अनि वृद्धहरू धाएका होलान्, यसैगरी स्पाइनल कर्ड उभका बिरामीहरू धाएका होलान् । सरकारले दिने आश्वासन गरेको छ हामीले प्राप्त गरेका छैनौं भन्ने ठूलो जनगुनासो आएको छ । यो गुनासोको सम्बोधन गरोर सरकारले म यो आग्रह गर्न चाहनुछु । र यसैगरी अर्को कुरा चाहिँ यो अब यो योचाहिँ भइहाल्यो । र अर्को कुरा दैलेखको बाटो हामी हिंडिरहँदाखेरि त्यो जाक्सीको पुल कोले बनाउने । त्यो जाक्सीको पुलले मलाई बनाइदेऊ भनेर हामीलाई हेरिरहेको छ । हामी मन्त्रीहरू पनि त्यही बाटो हिंडेका छौं, सायद कृषि मन्त्री पनि त्यही बाटो दुई चोटी त्यहाँ पुगेर जानु भएको छ । अहिले आन्तरिक मामिला मन्त्री पनि धेरै चोटी जानुभएको छ त्यो बाटो हिंडेर । ६/७ वर्ष भइसक्यो त्यो जाक्सीको पुल ७ वटा ठेकेदार चेन्ज भइसके त्यो जाक्सीको पुलले पूर्णता प्राप्त गर्न सकेको छैन । त्यो भको हुनाले संघीय सरकारलाई हाम्रो प्रदेश सरकारले भन्नु पर्ने हो अथवा कोले भन्ने हो अहिलेसम्म आरसीसी भको छ मलाई आरसीसी भको छैन । पटक पटक आरसीसी गर्ने प्रयत्न गरिएको छ । हावाले त्यहाँका पूरै मलाई लाग्छ केरे पोलै उठाइदिए एकपट्टी एकचोटी त्यो भको हुनाले फेरि ल्याएर जम्मा खम्बासम्बा ठोक्ने काम भको छ अहिले पनि आरसीसी गर्ने काम भएको छैन । त्यो पुलले तपाईहरूलाई हेरिरहेको छ सरापिरहेको छ, यो पुल सम्पन्न गर्नका निम्ति प्रदेश सरकारले संघीय

सरकारलाई पहल गर्नुपर्ने हो कि कले पहल गर्नुपर्ने हो, तत्काल पुल बन्नका निम्ति यो सरकारको ध्यान जाओस् भन्ने म आग्रह गर्न चाहन्छु । र अब यति भन्दै मेरो आफ्नो विशेष समयमा विशेष कुरा राख्दै म विदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री मिना सिं रखाल ।

**माननीय श्री मिना सिं रखालः** सभामुख महोदय, विशेष समय दिनुभएकोमा धन्यवाद र संविधान २०७२ भाग ३ मौलिक हक र कर्तव्यको धारा ४४ मा उपभोक्ताको हक र प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने हक हुनेछ भन्ने लेखेको छ र अहिले बजारमा महँगी पनि त्यत्तिकै चरम सीमा नाघिसकेको छ । त्यसैगरी गुणस्तरीय गुणस्तरीयहिन वस्तुहरू पनि व्यापारमा बिक्री भइरहेको देखिरहेको छ । र हाम्रा धर्म संस्कृति परम्परा संस्कारले भर्खरै मात्र गाईजात्रा तीज विशेष कार्यक्रमहरू पार गरिसकेका छौं र अब आउँदै गरेका हिन्दूको महान पर्व चाडपर्व दशैं र तिहारमा अब हिन्दूहरूलाई त्यो पर्व मनाउनु पर्ने र वर्षको एकपल्ट मनाइने चाडपर्वमा राम्रो नाना र राम्रो छाना र मीठो खानाको आशाले यो कर्णाली प्रदेश सधैंभरि आतुर भइरहेको प्रदेश हो । हामी यो प्रदेशको बासिन्दा हौं । र हामी हाम्रा भूगोलले हिमाल डाँडाकाँडा पहाडमा छरिएर बसेका कोदो र मकै रोटी र जौं खाएर बसेका भातका आशा गर्ने हाम्रो हिन्दू पर्व महान दशैं र तिहार नै हो । र यस्तो तिहार यस्तो दशैं आइरहने बेलामा हामीलाई खाद्यान्नको अभाव देखिरहेको छ र महँगीले छाना नागेको देखिएको छ । र कर्मचारीहरूको तलब भत्ता बढेको नाममा व्यापारीहरूले दिनादिन आफ्ना खाद्य पदार्थहरू, तरकारीहरू महँगी बढाउदै गइरहेको अवस्थामा म यहाँ सभामुखमार्फत् सरकारलाई के भन्न चाहन्छु भने अब यो पर्वलाई हाम्रा जनताले सहज र सजिलो तरिकाले मनाउनको लागि र खाद्यान्नको सुरक्षा गर्न पर्‍यो र सहुलियत पसल खोलेर भए पनि पसलहरूमा एकरूपता ल्याउनु पर्‍यो । र तरकारीका भाउ आफ्ना आफ्नै किसिमका छन् । चिनीका भाउ आफ्ना आफ्नै किसिमका छन् - काहिँ ७२ रुपैयाँ किलो, काहिँ ८५ रुपैयाँ किलो, काहिँ ९० रुपैयाँ किलो । यसरी चिनीको भाउ पनि एकरूपता छैन । तरकारीमा एकरूपता छैन । चामलमा एकरूपता छैन । र यो कर्णाली प्रदेशभरिमा यो विभिन्न मूल्यान विभिन्न मूल्यले को वस्तु बिक्रीमा आइरहेको हुँदा कर्णाली प्रदेशको सरकारको ध्यान त्याँ आकर्षण गर्न चाहन्छु र यी पर्वहरूलाई सहज र सहज तरिकाले मनाउने हो भने हाम्रो प्रदेश सरकारले यसको मूल्य प्रत्येक जिल्लामा एकरूपता आउने गरेर मूल्य तोकिनु पर्छ र जनताहरूको सुपथ पसलहरूको व्यवस्था गरिनुपर्छ र जनतालाई चाहिने मासु अब यस दैशैंमा धेरै मात्रामा मान्छेहरूले मासु प्रयोग गर्ने भएको हुनाले खसी बोका राँगाका मूल्य पनि तोकिदिनुपर्छ । र जनताहरूलाई सहुलियत र सुपथ मूल्यमा आफूले खाद्यान खाद्यान्न प्राप्त गर्नेको गर्ने हिसाबले यो प्रदेश सरकारको ले मूल्य तोकोस् र त्यही किसिमले यो व्यापार व्यवसाय चलोस् । र रातारात कालोधन्दा गर्ने व्यापारीहरूको निरीक्षण गरियोस् अनुसन्धान गरियोस् र तरकारी किन्न जाँदा तरकारीमा किरा परेको हुन्छ । अण्डा किनेर ल्याउँदा अण्डा खोल्लिएर पूरा पानी परेको पानी भरिएको हुन्छ र स्वयम् मैले आफूले पनि किनेर पनि विचार गरेको छु । त्यसैले कर्णाली प्रदेश सरकारको व्यापारमा बढी ध्यान जाओस् निरीक्षण र व्यवस्थापन गरोस् भन्ने म कर्णाली प्रदेश सरकारको ध्यानाकर्षणको लागि सभामुखद्वारा अनुरोध गर्दछु । हवस् धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री देवी ओली ।

**माननीय श्री देवी ओलीः** सभामुख महोदय, आज मैले अविरल वर्षाका कारण ठाउँठाउँमा जनधनको क्षति भइरहेको हामीले सुनेका छौं । यो क्षति समाचार र सार्वजनिक भएको भरमा मात्रै भन्दा पनि सरकारले स्थलगत रूपमा सम्पूर्ण धनजनको क्षतिको विवरण संकलन गरेर त्यसको उचित क्षतिपूर्तिको व्यवस्था

गरोस् । रुकुम पश्चिम जिल्ला मुसिकोट नगरपालिकाको डाँडाछिवाङ्गमा हिजोमात्र चटयाङ्गले एकजनाको मृत्यु भएको छ । सोही नगरपालिकाको चौखावाङमा एकजना घाइते हुनुभएको छ, जसको नेपालगञ्जमा उपचार भइरहेको छ । यो सबै कुरामा सरकारको गम्भीर ध्यानाकर्षण गर्न चाहन्छु र सभामुख महोदय आज तीन तहका सरकारहरू भइरहँदाखेरि पनि जनताहरूले सामान्य कुरामा सास्ती भोग्नुपर्ने अवस्था स्थितिको सिर्जना भएको छ । राप्ती राजमार्ग आज संघीय सरकारको पनि प्राथमिकतामा छैन प्रदेश सरकारको पनि छैन । त्यहाँ सीमित सडक विभागले सामान्य मर्मतको बजेट राखेकोबाहेक अरु केही छैन । जसका कारण सोही राजमार्गमा पर्ने पितिवाङ्ग खोलामा पुलको निम्ति प्रदेश सरकारले ०७५/०७६ मै बजेट व्यवस्था गरेको थियो मोटरेवल पुलको निम्ति र तत्काल समस्या समाधानको निम्ति त्यहाँ कजवे राखिएको थियो । हिजआज त्यो कजवे थुनिएका कारण त्यहाँ यातायातका साधनहरू आवत आगमन गर्न त्यहाँ अप्ठेरो भइरहेको अवस्था छ । ०७५/०७६ को बजेट कार्यान्वयनमा किन ढिलाई भइरहेको छ । यस्ता कुराहरूमा अब ०७६/०७७ मा पनि अहिलेसम्म त्यसको प्रक्रिया अगाडि बढेको छ कि छैन, यो कुरामा म विशेष गरेर ध्यानाकर्षण गराउन चाहन्छु । त्यो पुल तत्काल रूपमा यो वर्षमा निर्माण हुनुपर्छ सम्बन्धित मन्त्रालयले यसको प्रक्रिया अगाडि बढाओस् भन्ने कुरा राख्न चाहन्छु, धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री ठम्मरबहादुर बिष्ट ।

**माननीय श्री ठम्मरबहादुर बिष्टः** सभामुख महोदय, विशेष समयमा म यहाँ विशेष कुरा गर्न चाहन्छु । अब यो विशेष कुरा के छ भने हामीले यहाँ सदनमा जे-जति कुराहरू विशेष समयमा उठाउने गर्छौं सरकारले त्यो विशेष उत्तर दिने समयतालिका हुन्छ किन नाई सरकारसँग, पहिला यो प्रश्न गर्न चाहन्छु । हामीले सकी नसकी विशेष समयमा उठाउनु पर्ने अब यहाँ चाहिँ तपाईको सुन्ने मात्रै हो कि त्यो विशेष उत्तर भन्ने पनि तालिका छ त्यहाँ त्यो भको जस्तो अहिलेसम्म मलाई लाग्दैन । यति लाग्दो हो त दुई चारवटा मात्रै यहाँ सयौं उदाहरण दिन सकिन्छ । दुईचार वटा मात्रै उदाहरण दिन्छु । मदन भण्डारी राजमार्गको अहिले शितलपाटी पुऱ्याइएको छ त्यो बाटो कहाँ जाने हो थाहा छैन । त्यहाँ भएका यो मालारानीदेखि यता आएका पुलहरू अहिले पनि लापत्ता छन् निर्माण व्यवसायी कहाँ भागेका छन् त्यो थाहा छैन । त्यस्तै तपाईको हामीले यो छिन्चु जाजरकोट डोल्पा सडकको कुराहरू उठिराखेको छ त्यो बीचमा पर्ने पुलुहरूदेखि लिएर बाटो अस्तव्यस्त भको कुराहरू त्यस्तै यता कालीकोट हुँदै यता जाने गमगढी सडकको कुराहरू बीचमा पुलहरू भत्केका कुरा कैयौं कुराहरू यहाँ अहिले पनि माननीयज्यूहरूले उठाइरहनुभाछ । त्यस्तै बिजुलीको कुरा मैले कतिचोटी उठाएको छु यहाँ हावा लाग्न वित्तिकै बिजुली जान्छ त्यसको चाहिने के सरकारले चाहिँ अगाडि बढाएको छ । त्यलाई मर्मत गर्नलाई या व्यवस्थित गर्नलाई त्यो कुरा उठाइएकै छ । त्यसरी नै हामीले कैयौं कुराहरू जस्तो यही समितिकै विषयमा पनि सायद मैले नै दशौंचोटी उठाइसक्याछु । समिति समयमै बन्न पऱ्यो भनेर त्यो कुराको पनि अहिलेसम्म जवाफ हामीले पाउन सकियाछैन । त्यस्तै कर्मचारीको कुरा कमसेकम भदौ असोजदेखि त अहिले हुनुपर्छ है नभए त यो सकारकै विषयमा पनि के हो तपाईहरूको चाहिने परफरमेन्स भनेर धेरैचोटी रोष्टममा बोलिएको छ । अहिलेसम्म चाहिँ तपाईको चाहिँ त्यो काम हुने तरिका के हो त्यो पनि अहिलेसम्म आको छैन । चारबुँदे भनेर मुख्यमन्त्री र अर्थमन्त्रीजीले यहाँबाट राख्नु भो त्यो पनि कहाँ गो कुन बल्याकहोलमा छिरो त्यो पनि अहिलेसम्म थाहा छैन । अब यस्ता कैयन कुराहरू हामीले पेश गर्न सक्छौं जो कुरा यहाँ उठाइन्छ त्यस्तै मैले अस्ति भर्खरै अस्पतालका कुराहरू उठाएको छु । त्यहाँको अवस्था के छ डेंगो रोगको कुरा उठिरहेको छ । त्यसकारण यी कैयौं विषयहरू छन् । अब एउटा त उत्तर के हुने भो भने अब अब त्यो सासु मरिसकेपछि आँसु आउनुको के अर्थ हुन्छ । अहिले कुरा उठाउने आगामी बैशाखमा उत्तर दिने ।

यस्तो खालको हाम्रो छाँटकाँट छ । त्यो त २४ घण्टाभित्र दिनुपर्‍यो नि कुन सरकार को मन्त्रीसँग सम्बन्धित छ ? त्यो दिन पर्‍यो । हिजोमात्र महँगीको कुरा त्यहाँचाहि नापतौलमा घोटाला भको कुराहरू जनतालाई चाहिँ तपाईको सास्ती भइराखेका कुरा उठाइएको छ । यस्ता कैयौं कुराहरूको बिषयमा म नभ..नभए यो जाँगर नलाग्ने भो हामीलाई उठाउन । यस्तो चाहिँ यो प्रतियोगिता जस्तो अलिकति सिक्नको लागि र अलिअलि चाहिँ तपाईको अब यो कतिकति यो हाम्रो चाहिँ मिडियाले पक्डियाछ त्यहाँ त जाने नै भो नभए त यसको कुनै अर्थ छैन । मिनिङ्गलेस । त्यसकारण यस्तो मिनिङ्गलेस फोरम । यस्तो मिनिङ्गलेस हाउस । यस्तो मिनिङ्गलेस काम हामीले नगरौं । किनकि बोलिसकेपछि त सामान्य हाम्रो एउटा जनभाषामा बोलिसके पछि बोल्नै हुन्न कि पूरा गर्नुपर्छ नि त यसको जवाफ चाहियो । यो मैले यहाँ निवेदन गर्न चाहन्छु । (शब्द शब्द अलि संयमित भएर चयन गर्नुस् माननीय सदस्य) शब्द त संयमित भए जस्तो लाग्छ त्यस्तो अपशब्दै त मैले बोल्याजस्तो लाग्दैन । त्यस्तो बोलेकै भए पनि माफी चाहन्छु । जनताका इस्युहरूमा कहिलेकाहिँ त्यस्तो नापतौल हुन सक्छ । (हैन जवाफप्रति सभा नै मिनिङ्गलेस तपाईं ठान्नुहुन्छ भने त्यसको के भन्न सकिन्छ) हैन त्यसको जवाफ नआउँदा मिनिङ्गलेस हुन्छ कि हुन्न त्यसको जवाफ चाहियो नि त्यसो भए । जस्तो यहाँ हामीले जवाफ उठाइराख्दा त्यसको जवाफ नआउँदा मिनिङ्गलेस हुन्छ कि हुँदैन त्यो विषय । (हिजै प्रदेश सभाको बैठकमा सरकारको तर्फबाट उत्तर दिएको कुरा सुन्नुभाछ नि माननीय सदस्यले) त्यो विषयले कति पकड्यो भन्ने कुरा हो नि त सभामुखज्यू । विषय त त्यो मात्रै छ हामीलाई त लागिराछ डेली जनताले हामीलाई उठाइराख्याछन् त्यो दवाव जति तलबाट दवाव आउँछ त्योबाट हामीले बोल्याछौं । त्यसकारण हामीलाई यो पनि थाहा छ कि नराम्रो अथवा अपशब्द या अलिकति कडै बोल्ने कुरा पनि गलत हो तर यो पनि सभामुखलाई म अनुरोध गर्न चाहन्छु । नेपालकै पनि हामीले संविधान बनाउँदा विश्वका कैयौं उदाहरण छन् कि त्यहाँ तपाईको कैयौं चाहिँ हानाहान मारामार किन वर्गको कुरा हुन्छ नि वर्गको कुरा तपाईको एजेण्डा छिनिराख्याछ भने त्यहाँ चुप्प लागेर बस्ने कुरा होइन । त्यसकारण हामीले त्यस्तो अपशब्दै गरेको सरकारलाई नै हामीले यहाँ गाली बेइज्जती गर्न खोजेको त्यो अर्थ होइन । शब्दमा टिकेर हामीले बोलेका छौं । (विषय विषयवस्तुमा जानुस्) त्यसकारण यसमा कहिँ भएको भए माफी म चाहन्छु व्यक्तिगत ढंगले । हैन तर यसको जवाफ चाहियो भन्ने पक्षमा मैले भनेको छु मिनिङ्गलेस नै हो यो । मैले फेरि पनि दोहोर्‍याएर भन्छु । तर यो मिनिङ्गलेस नबनाइयोस् त्यसकारण यलाई चाहि तपाईंको स्तर कायम गरौं भन्ने मैले फेरि पनि अनुरोध गर्न चाहन्छु पहिलो कुरा । दोस्रो कुरा भनेको यो समितिकै विषयमा ४७ देखि ५० सम्म छ जो विषयगत समिति, त्यहाँ अहिले पनि भन्न चाहन्छु त्यलाई चाहिँ संशोधन प्रस्ताव शुरुमै हाल्न पर्‍यो । त्यो त एक्टिभ त भाछैन किनकि त्यहाँ जेष्ठ सदस्य भइसकेपछि कतिसम्म गर्ने भन्ने रहेनछ । त्यलाई कम्तिमा ६ महिनासम्म भनेर बनाइयोस् अब त्यो त्यही लुपवेलमा अहिले हामीचाहिँ गणना गर्नु परिराख्याछौं । अर्को कुरा भनेको मैले यहाँ राख्नै पर्ने कुरा यो छिन्चु भेरीगंगा नगरपालिकाको (सक्नुस् सक्नुस् माननीय सदस्य) । मैले सकिहाले त्यो अलिकति जनताको इस्यु भएका हुनाले मैले सकें है । (सक्नुस सक्नुस...छिटो) । त्यो चाहिँ बस्ती उठाईंदै छ, त्यहाँ विभिन्न बहानामा चाहिँ तपाईंको केही बस्तीहरू उठने काम भइराछ एकातिर सुकुम्बासी र जनतालाई व्यवस्थित गर्ने कुरा पनि छ । त्यसकारण त्यो ढंगले यहाँ चाहिँ माननीय मन्त्रीजी पनि यहाँ हुनुहुन्छ त्यो विषयमा कुनै पनि जनतालाई त्यहाँ घरबारविहिन बनाउने र सडकमा ल्याउने काम नहोस् । धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, विशेष समय अन्तर्गत आजको बैठकमा माननीय सदस्यहरूले सार्वजनिक सरोकारका विषयमा उठाउनुभएका प्रश्न एवम् जिज्ञासाका सम्बन्धमा सरकारको तर्फबाट प्रदेश सभाको आगामी बैठकमा सम्बोधनका लागि रुलिङ्ग गर्दछु ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश स्वयम्सेवक परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि संशोधन प्रस्ताव गरी सामाजिक विकास समितिमा छलफल भएपश्चातका निर्णय र प्रतिवेदन सभासमक्ष राख्न समितका अध्यक्ष माननीय श्री राजु नेपालीलाई समय दिन्छु ।

**माननीय श्री राजु नेपालीः** माननीय सभामुख महोदय, कर्णाली प्रदेश स्वयम्सेवक परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७७ प्रदेश सभा सचिवालयमा मिति २०७५ फागुन १४ गते दर्ता भई मिति २०७५ चैत्र १५ गते सभामा टेबुल भएको थियो । मिति २०७५ चैत्र १९ गते प्रदेश सभामा सैद्धान्तिक छलफल पश्चात मिति २०७५ चैत्र २६ गते सभाबाट सो विधेयक सामाजिक विकास समितिमा सिफारिस भएको थियो । २०७५ चैत्र २६ मा बसेको प्रदेश सभाको बैठकको निर्णयानुसार कर्णाली प्रदेश संशोधन सहित दफावार छलफल गरी समितिको निर्णय सहितको प्रतिवेदन प्रदेश सभामा पेश गर्न यस समितिमा प्रस्ताव भएको थियो । विधेयकमाथि दफावार छलफल गर्नको लागि समितिको मिति २०७६ भदौ ८, ९, १०, १३, १४, १५ र १७ गते गरी जम्मा ७ वटा बैठक बसी संशोधन प्रस्ताव सहित अन्य दफाहरूमा व्यापक छलफल गरिएको थियो । कर्णाली प्रदेश स्वयम्सेवक परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ मा माननीय करविर शाही माननीय चन्द्रबहादुर शाही माननीय जीवन बहादुर शाही माननीय दीनबन्धु श्रेष्ठ माननीय देवी वली माननीय विन्दमान बिष्टज्यूहरूले संशोधन दर्ता गर्नुभएको थियो । कर्णाली प्रदेश स्वयम्सेवक परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि दफावार छलफलमा माननीय संसदज्यूहरूले बोल्नेक्रम समाप्त भएपछि सो विधेयक टेबुल गर्नुभएका माननीय मन्त्रीज्यू संशोधनको सूचना दर्ता गराउनुभएका माननीय सदस्यज्यूहरू सम्बन्धित मन्त्रालयका सचिव र कर्मचारीहरूसँग समेत वृहत छलफल गरिएको थियो । उक्त छलफलमा सक्रिय रूपमा सहभागी हुनुभएका माननीय मन्त्रीज्यू संशोधनकर्ता माननीयज्यूहरू छलफलमा सक्रिय भूमिका निभाउनुभएका सम्बन्धित मन्त्रालयका कर्मचारीहरू लगायत सचिवालयका कर्मचारीहरूप्रति आभार प्रकट गर्न चाहन्छु ।

सभामुख महोदय, समितिको बैठकले प्रस्तावित संशोधन तथा अन्य सम्बन्धमा विषयवस्तुसहित विधेयकको आवश्यकता महत्व र औचित्यको आधारमा देहायबमोजिम संशोधन गरी अन्तिम रुम/अन्तिम रूप दिएको सोही व्यहोराको प्रतिवेदन माननीय सभामुख महोदय समक्ष पेश गर्न समितिको सर्वसम्मत निर्णय भएबमोजिम उक्त संशोधनसहितको प्रतिवेदन माननीय सभामुख समक्ष पेश गर्न चाहन्छु । हवस त धन्यवाद।

**माननीय सभामुखः** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ लाई पहिलो संशोधन गर्न बनेको विधेयकमाथि संशोधन प्रस्ताव परी अर्थ तथा प्राकृतिक स्रोत समितिमा छलफल भएपश्चातका निर्णय र प्रतिवेदन सभासमक्ष राख्न समितिका अध्यक्ष माननीय श्री अम्मरबहादुर थापालाई समय दिन्छु ।

**माननीय श्री अम्मरबहादुर थापाः** माननीय सभामुख महोदय, कर्णाली प्रदेशको आर्थिक कार्यविधि ऐन २०७४ लाई पहिलो संशोधन गर्न बनेको विधेयक पेश गर्न चाहन्छु प्रतिवेदन । माननीय सभामुख महोदय कर्णाली प्रदेश आर्थिक कार्यविध ऐन २०७४ लाई पहिलो संशोधन गर्न बनेको विधेयक प्रदेश सभा सचिवालय मिति २०७५ चैत्र १० गते दर्ता/दर्ता भई मिति २०७५, १५ गते सभामा छलफलको लागि टेबल भएको थियो र ०७५, २० गते प्रदेश सभा सैद्धान्तिक छलफल पश्चात मिति २०७५ चैत २६ गते सभाबाट विधेयक अर्थ तथा प्राकृतिक स्रोत समितिमा प्राप्त भएको थियो । यसमा अलि मेरो/मेरो भनाई छ । यसमा लेखिहालिएछ प्रतिवेदनमै पनि । तर जाहिने यो विधेयक आज मैले प्राप्त गरेको करिब करिब

१० दिन जति भो विधिपूर्वक विधेयकहरू समितिमा आउनुपर्थ्यो त्यो नआएको हुनाले चैत्रै २० गते आयो भन्ने कुरा यो प्रतिवेदनमा नलेख्या भए हुन्थ्यो कि अब प्रतिवेदन त मैले प्रस्तुत गर्ने हो तर पनि यो अब यो अलि सच्याउनु पर्छ जस्तो लाग्छ । कर्णाली प्रदेश आर्थिक कार्यविधि पहिलो संशोधन २०७४ पहिलो संशोधन गर्न बनेको विधेयकमाथि दफावार छलफलमा माननीय सदस्यज्यूहरूले बोल्ने क्रममा समाप्त, समाप्त भएपछि सो विधेयक टेबल गर्न भएको माननीय आर्थिक मामला तथा योजना मन्त्री, संशोधनको सूचना दर्ता गराउनुभएका माननीय सदस्यज्यूहरू सम्बन्धित मन्त्रालयका सचिव, विषयविज्ञहरूसँग समेत वृहत छलफल गरिएको थियो । उक्त छलफलमा सक्रिय रूपमा सहभागी हुनुभएका समितिका माननीय सदस्यज्यूहरू, संशोधनकर्ता माननीय सदस्यज्यूहरू माननीय मन्त्रीज्यूहरू विषयविज्ञ र छलफलमा सक्रिय भूमिका निभाउनुभएका सम्बन्धित मन्त्रालय कर्मचारी लगायत समितिका सचिव एवम् सचिवालयका कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । समितिको कामकारबाही सम्बन्धमा आवश्यक निर्देशन तथा समन्वय र सद्भावको लागि माननीय सभामुख र उपसभामुखज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । सभामुख महोदय, समितिको बैठकले प्रस्तावित संशोधन तथा अन्य समन्ध/सम्बद्ध विषयवस्तुसहित विधेयकको आवश्यकता र महत्व औचित्यको आधारमा देहायबमोजिम संशोधन गरी अन्तिम रूप दिई सोही व्यहोराको प्रतिवेदन माननीय सभामुख महोदय समक्ष पेश गर्ने समितिको सर्वसम्मत निर्णय भएबमोजिम उक्त संशोधनसहितको प्रतिवेदन माननीय सभामुख महोदय समक्ष पेश गर्दछु । संशोधन विधेयकको दफा १२ को उपदफा २ र ३ लाई हटाई संशोधन विधेयकमा भएको अरु सबै दफाहरूलाई यथावत् रूपमा पारित गरिएको छ र उपदफा २ मा रहेको स्वीकृति भन्ने शब्द सट्टा स्वीकृति भन्ने शब्द राखिएको र कुनै भन्ने शब्द झिकिएको छ । उपदफा ३ मा रहेको स्वीकृति भन्ने शब्दको सट्टा स्वीकृति भन्ने शब्द राखिएको छ । र यो संशोधनकर्ता माननीयज्यूहरूले राखेको विषय थियो र त्यसमा वास्तवमै मूल ऐनमै भएपछि किन यो संशोधनमै राख्न पर्‍यो भन्ने हिसाबले यो प्रतिवेदनमा छलफल गर्दा हामीले त्यो गरेर अरु यथावत राखेर हामीले यो विधेयक पेश गरेका छ/सभामुख समक्ष पेश गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, अब म सामाजिक संघसंस्था संचालन तथा व्यवस्थापन विधेयक, २०७४ माथि संशोधन प्रस्ताव परी सामाजिक विकास समितिमा छलफल भएपश्चातका निर्णय र प्रतिवेदन सभासमक्ष राख्न समितिका अध्यक्ष माननीय श्री राजु नेपालीलाई समय दिन्छु ।

**माननीय श्री राजु नेपालीः** सभामुख महोदय, सामाजिक संघसंस्था संचालन तथा व्यवस्थापन विधेयक २०७४ प्रदेश सभा सचिवालयमा मिति २०७४ चैत्र २३ गते दर्ता भई मिति २०७५ जेष्ठ ११ गते सभामा टेबुल भएको थियो । मिति २०७५ जेष्ठ २० गते प्रदेश सभामा सैद्धन्तिक छलफल र संशोधन दर्ता भएको थियो । यसपश्चात मिति २०७५ जेठ २५ गते सभाबाट सो विधेयक सामाजिक विकास समितिमा पठाउने निर्णय भएको थियो । सभामुख महोदय । २०७५ जेष्ठ २५ मा बसेको प्रदेश सभाको बैठकको निर्णयअनुसार सामाजिक संघसंस्था संचालन तथा व्यवस्थापन विधेयक २०७४ माथि प्रस्ताव संशोधनसहित दफावार छलफल गरी समितिको निर्णयसहितको प्रतिवेदन पेश प्रतिवेदन प्रदेश सभामा पेश गर्न यस समितिमा प्राप्त भएको थियो । समितिको मिति २०७५ असार २० साउन १७ साउन २६ र चैत १८ गरी जम्मा ४ वटा बैठक बसेको थियो । बसी बसी ८ घण्टा १५ मिनेट छलफल भयो । दफावार छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएपछि सो विधेयक टेबल गर्नुहुने माननीय मन्त्रीज्यू, संशोधनको सूचना दर्ता गर्नुहुने माननीय सदस्यहरूसँग छलफल गरी अन्तिम बैठकले प्रस्तावित संशोधन तथा अन्य सम्बन्धमा विषयवस्तुसहित विधेयकको सम्बन्धमा नेपालको संविधानको अनुसूची ६, ७ र ९ मा उल्लेख भएको क्रमशः प्रदेशको अधिकारसूची संघ र प्रदेशको संविधानको अनुसूची ६, ७ र ९ मा उल्लेख

भएको, भएको साझा अधिकारसूची र संघ, प्रदेश, स्थानीय तहको साझा अधिकारसूचीमा सामाजिक संघसंस्था साझा अधिकारसूचीमा, सूचीमा र संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारसूचीमा सामाजिक संघसंस्था उल्लेख भएको नदेखिएकोले र नेपालको संविधानको अनुसूची-५ को क्रमसंख्या ३५ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूचीमा वा साझा सूचीमा उल्लेख नदेखिएको कुनै विषय तथा यो संविधान र संविधान स्थानीय तहको संघीय कानूनमा नदेखिएका विषय संघको अधिकार हुने व्यवस्था भएकोले सामाजिक संघसंस्था संचालन तथा व्यवस्थापन विधेयक २०७४ प्रदेश सभाको क्षेत्र अधिकारभित्र नपर्ने समितिको निष्कर्ष भएको र उक्त विधेयकलाई फिर्ता लिन माननीय मन्त्रीज्यू समितिको बैठकमा सहमत भए, हुनुभएकोले सो विधेयकलाई सम्मानित सभाबाटै फिर्ता पठाउनुपर्ने रायसहितको प्रतिवेदन यस गरिमामय सदनमा पेश गर्दछु ।

माननीय सभामुख महोदय, समितिमा प्राप्त उक्त विधेयकमाथि छलफल गर्ने क्रममा विधेयकको मनसाय, आवश्यकता, महत्व र औचित्यसमेतलाई ध्यान दिई घनिभूत छलफल गरिएको थियो । उक्त छलफलमा सक्रिय रूपमा सहभागी हुनुहुने समितिका माननीय सदस्यज्यूहरू, संशोधनकर्ता माननीय सदस्यज्यूहरू, माननीय मन्त्रीज्यू, छलफलमा सहभागी मन्त्रालयका कर्मचारीहरूसमेत सचिव लगायत सचिवालयका कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यसैगरी समितिको काम कारबाहीको सन्दर्भमा मार्गदर्शन... मार्गदर्शन, आवश्यक निर्देशन र समन्वय तथा सद्भाव प्रकट गर्नुहुने माननीय सभामुख र उपसभामुखज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न गर्द गर्न चाहन्छु । हवस, धन्यवाद । प्रतिवेदन सभामुख समक्ष पेश गर्न चाहन्छु । हवस, धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, अब यो बैठक २०७६ साल भदौ २६ गते बिहिबार दिनको ३:०० बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

# बैठक संख्या-२८

(२०७६ साल भदौ २६ गते बिहीबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश, प्रदेश सभाको चौंथो अधिवेशनको २८औं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनुपर्ने सार्वजनिक सरोकारका विषयहरूमा यथास्थानबाट आफ्ना भनाइ राख्न विशेष समयको व्यवस्था गरेको छु । सर्वप्रथम माननीय श्री जीवनबहादुर शाही । माननीय सदस्यले रोष्टम प्रयोग गर्न सक्नुहुन्छ ।

**माननीय श्री जीवनबहादुर शाहीः** सम्माननीय सभामुख महोदय, सम्माननीय सभामुख महोदयमार्फत् आज म केही कुरा राख्न चाहन्छु । सर्वप्रथम यो सुनगाभा टेलिभिजन । सुनगाभा भनेको असाध्यै राम्रो फूल हो । मीठो बासना हुन्छ । नामै सुनगाभा तर यसको नाम चाहिँ आजबाट भनगाभा भन्ने राख्या छु । हिजो हाम्रो केही असन्तुष्टी थियो हामीले सदन अवरुद्धको हाम्रो कुरा होइन । यो जुन सरकारले गरिरहेको व्यवहारप्रतिको हाम्रो केही असन्तुष्टी थियो तर यो भनगाभा चाहिँ यहाँबाट गएर त्यहाँसम्म मात्रै पुग्यो त्योभन्दा पल्लो छेउमा त्यो क्यामरा घुमेन सायद क्यामरा बिग्रेको पनि हुन सक्छ । यी कुराहरूमा चाहिँ प्रचलन के हो भने हामीले यसरी राखिसकेपछि सुरुको जब सभामुखज्यू आउनुहुन्छ त्यो बेला यो सप्पै यहाँको हल देखाउनुपर्छ । यसकारणले यो सुनगाभा बनोस् भनगाभा नहोस् अब अन्यथा हामीले पनि किन एक्लै भयो भन्ने कुरामा चाहिँ बोल्नुपर्ने अवस्था नआओस् भनेर सम्माननीय सभामुखज्यूलाई नै म हार्दिक आग्रह गर्न चाहन्छु । अब परिस्थिति यस्तो छ- दुई जना मन्त्रीज्यूहरू हुनुहुन्छ । खाइनखाई सुतिनसुती दौडेर आइरहनुभएको छ । मन्त्रालयमा ७ जना मन्त्रा/मन्त्रीहरूको चाहिँ ठाउँ हो तर प्रदेश सरकारलाई अगाडि बढाउने आज कुन घटनाहरू घटिरहेका छन् । सरकार चाहिँ यहाँ भएको जस्तो लाग्दैन मलाई । यो हाम्रो सरकार आफ्नै बुलबुताले चलिरहेको छ या कतैबाट संचालित हो अब मलाई चाहिँ शंका लाग्न थाल्यो । हाम्रोमा भन्ने गरिन्छ देशीविदेशीबाट संचालित भनेजस्तै कतै सरकार चाहिँ एउटा रिमोट कन्ट्रोलबाट मात्र चलेको जस्तो देखिन थाल्यो सभामुख महोदय । यदि हाम्रा प्रत्येक दिनका रेकर्ड हेर्ने हो भने माननीय सांसदज्यूहरूले बोलेको रेकर्डहरू हेर्ने हो भने कुनै दिन पनि कुनै पनि सांसदले यहाँ पक्ष र प्रतिपक्षको कुरा होइन सभामुख महोदय । कुनै पनि सांसदले सरकारका पक्षमा बोलेको एउटा पनि यदि रेकर्ड पल्टाएर हेर्ने हो भने एक दिन पनि सरकारको पक्षमा बोलेको आवाज सुनिदैन । कति पिडा सत्ता पक्षका हुन् या प्रतिपक्षका हुन् । यो संसदमा सरकारप्रतिको बोली बचन त्यो छ तर सरकार बेखबर छ । रहर गर्छ कहिले धोह पुग्ने रहर गर्छ कहिले रिमी पुग्ने रहर गर्छ तर यो प्रदेशलाई कसरी अगाडि बढाउने भन्ने रहर धोको भएको जस्तो लाग्दैन । अनि सरकारले विकास किन भएन भन्छ, अब अहिले देखियो - हरेक कुरामा पहिलो वर्षभन्दा दोस्रो वर्षको प्रगति हुँदै जाने हो, दोस्रोभन्दा तेस्रो हुँदै जाने हो । हिजो पनि सभामुख महोदय, माननीय सदस्यहरूले बोलिरहनुभएको थियो- बजेट कता गयो ? आजसम्म दुई महिनासम्म बजेट संचालन अहिलेसम्म त गाउँगाउँमा काम सुरु भइसक्नुपर्थ्यो, त्यो बजेट कता अल्झ्यो हामीलाई थाहा छैन । अब यो बजेट कसरी लागू हुन सक्छ । त्यसपछि केही दिनपछि दशैं आउँदैछ दशैपछि छुट्टी हुने होला तर सरकार केन्द्रमा गएर भन्दै छ कर्मचारी भएनन् । तिमीहरू आइदिनुपर्‍यो कर्मचारी आएपछि यहाँको विकास हुन्छ तर अर्कोतिर सरकारले गर्छ भएका कर्मचारीहरूलाई काम दिदैन सभामुख महोदय ।

खानेपानीमा थुप्रै करारका कर्मचारीहरू छन्, जुन २०औं वर्ष ३०औं वर्षसम्म काम गरिरहेका छन् अनि खानेपानीको बजेट आउँछ । चालु खर्च आएन भनेर खानेपानीका ती काम गरेका करारहरूलाई चाहिँ काम गर्न दिँदैनन् । जनता आवास जो हामीले चाहिँ पिछ/पछाडि परेको विशेष गरेर दलित वर्गको लागि भनेर जनता आवास आयो त्यसको पैंसा आयो, तर त्यसमा काम गर्ने मान्छेहरूलाई चाहिँ हामीले तलब खुवाएनौं र त्यो बजेट त्यत्तिकै फ्रिज भएर गयो । उतातिर बजेट फ्रिज भएर भयो यतातिर मान्छेलाई फ्रिज गरे । अनि सरकार भन्छ हामीसँग मान्छे छैनन् । मान्छे नभएको कारणले हामीले काम गर्न सकेनौं भन्छन् सभामुख महोदय । विधेयकहरूको पनि त्यस्तै नै छ कति अपरिपक्कता भन्दा उहाँहरूले चाहिँ सुझाव दिँदाखेरि प्रतिपक्षले भन्यो होला भन्छन् । आज एउटा सामाजिक जुन विधेयक छ त्यो झण्डै १४ महिना भयो सभामुख महोदय । म सभामुख महोदयमार्फत् हाम्रो सामाजिक समितिको सभापतिज्यूलाई यहीं हुनुहुन्छ उहाँलाई म साँक्षी राखेर भन्न चाहन्छु कि पहिलो दिनमा नै यो गलत छ यो चाहिँ हाम्रो चाहिँ संविधानको विपरीत हो भन्दाखेरि त्यहाँ पनि अब यो प्रतिपक्षले बोल्यो । आज हामी १४ महिनापछि त्यलाई फिर्ता लाँदैछौं । त्यो फिर्ता लिने मान्छे पनि पाइरहेका छैनन्, फिर्ता लिने मान्छे पनि पाइरहेका छैनौं । यो खालले कसरी अगाडि बढ्न सक्छ, त्यस्तै लोक सेवा आयोगको कुरा त्यस्तै आयो । लोक सेवाको विधेयकमा यी कुराहरू हुँदैनन् विधेयकमा त्यस्तो हुन सक्दैन भन्दाभन्दै पनि जबरजस्ती गरियो । यता आएर लालमोहर लाग्यो, आज फेरि त्यो विधेयक संशोधनको लागि आउँदैछ । योभन्दा अरु अपरिपक्कता कहाँ हुन सक्छ । सम्माननीय सभामुख महोदय म हाम्रा, हाम्रा प्रमुख सचिवलाई धन्यवाद दिन चाहन्छु हिजो उहाँले एउटा मलाई सोधन लगाउनुभो, हिजो पनि हाम्रो स्वयम्सेवा उसमा एउटा राखिएको रैछ बाधा अड्काउ फुकाउ गर्ने भनेर एउटा राखिएको हामीले त्यो हटाएका थियौं । फेरि सायद उहाँहरूलाई भने होला मन्त्री मन्त्रालयले त नगर्ने मन्त्रिपरिषद्ले गर्ने । बाधा अड्काउ फुकाउ गरिसकेपछि त विधेयक बन्नै परेन, ऐन बन्नै परेन कि त हाम्रो पार्टीको विधानजस्तो भयो संघसंस्थाको विधानजस्तो भयो त्यो बाधा अड्काउ । यस्ता खालका केटाकेटीपनहरू आउने र दवाव दिने जुनखालको भइरहेको छ । जसले गर्दाखेरि हाम्रो शीर प्रत्येक दिन झुकिरहेको छ सभामुख महोदय । यो ढंगले कसरी अगाडि बढ्न सक्ला । मलाई आज अर्को कुराको पनि याद आएको छ सभामुख महोदय, सायद यो पनि १२/१४ महिनाभन्दा कम भएको छैन । सम्माननीय सभामुखको अध्यक्षतामा र आर..आन्तरिक/आन्तरिक मामिला मन्त्रीको रोहबरमा हामीले स्टाफहरूको लागि इन्सेन्टीभ कुरा गरेका थियौं । यहाँ संसदमा काम गर्ने कर्मचारीको लागि ४० प्रसेन्ट मर्यादापालकको लागि ३५ प्रसेन्ट भनेर हामीले गर्‍यौं तर सभामुख महोदय सरकारले कहिल्यै पनि पैंसा पठाएन । अनि हामी काम के खोज्छौं भने कर्मचारीले राम्रो गर्नुपर्छ भनेर हामीले काम खोज्छौं । संसारमा काहिँपनि छैन । इतिहास काहिँ पनि छैन, इन्सेन्टीभविना कोही पनि काम गर्न सक्दैनन् । अगाडि बढ्न सक्दैन अनि भन्ने गरिन्छ भएको कर्मचारीले राम्रो गरेन भनेर फेरि हामीले अर्को विधेयक ल्याउन खोज्छौं सभामुख महोदय । धन्न सभामुख महोदय र माननीय सदस्यज्यूले यो राम्रो होइन भनिसकेपछि यो के कम्पनी सम्पनीका कुराहरू आइरहेका छन् । यो खालले हामी अगाडि कहिल्यै पनि बढ्न सक्दैनौं । कसरी प्रोत्साहन दिन सकिन्छ, कसरी कर्मचारीलाई प्रोत्साहन दिन सकिन्छ भएका कर्मचारीलाई कसरी रिटेन गर्न सकिन्छ । ओएनएमका विषयमा हिजो पनि सदनमा यत्रो कुराहरू आइरहेका छन् । कुनै व्यक्ति कुनै पोष्ट विशेषका कुरा भनेका होइनौं, हाम्रो संघीयता यस मानेमा आएको हो सभामुख महोदय कि केन्द्रीकृत राज्य प्रणालीले जनताले सुख पाएनन्, केन्द्रीकृत राज्य कर्णाली प्रणालीका कारणले नेपाली जनताले दुःख पाएर नै हामीले संघीयतामा आएका हौं र घरघरमा सेवा दिनको लागि हामीले यो प्रणाली चाहिँ अपनाएका हौं भन्ने लाग्छ सभामुख महोदय तर हिजो त्यो अवस्थामा केन्द्रीकृत प्रणाली हुँदाखेरि पनि स्थापना भएका अफिसहरूलाई हटाउने, त्यसको

राम्रोसँग छलफल नगर्ने, यो सम्मानित संसदलाई चाहिँ विश्वास नगर्ने, कसैको कुनै एउटा व्यक्तिको भरमा यो चाहिँ चलाउन खोजिने हो भने हामीले हामी मर्यादित सदस्य हौं भन्ने पनि कठिन अवस्था आएको छ सभामुख महोदय । यी कुरालाई पनि हामीले गहिरो रूपले हेर्नुपर्छ भन्ने मलाई लाग्छ । आज बारम्बार उठ्छ सायद म गर्वकासाथ भन्छु सभामुख महोदय, यदि त्यो बेला सभापतिज्यूहरूको अथवा त्यो बेलाका तत्कालीन अवस्थामा हाम्रा अध्यक्षज्यूहरूको सपथग्रहण नगराको भए आज कुनै पनि समितिका कार्य पनि अगाडि बढ्ने थिएन । एउटा प्रक्रिया मिलाउनलाई कुनै गाह्रो छ, भएकाहरूलाई बनाउने हो भने पनि सम्माननीय सभामुख महोदयलाई यलाई चाहिँ केरे प्रक्रियामा लगिदिनुस् भने एकैदिनमा सिदिन्थ्यो त्यो पनि यहाँ हामीले बारम्बार कुरा उठाउनुपर्ने अवस्थाहरू रहेका छन् । मलाई त कताकता लाग्न थाल्यो- पार्टी ठूलो हो कि सरकार ठूलो भन्नेमा पनि अल्झिएको हो कि । हुन त हामीले भारतको उदाहरण लिएर भारतको सिको सिक्न खोज्छौं । भारतका अध्यक्ष गृहमन्त्री बने र मोदी प्रधानमन्त्री बने त्यहाँ हुन्छ भने यहाँ किन हुन्न भन्ने मनसायले पनि हुन सक्ला तर आज मैले यहाँ हेर्दाखेरि मुख्यमन्त्री जिल्लाको इन्चार्ज हुने मन्त्री प्रदेशको सहईन्चार्ज हुने सांसद प्रदेशको ईन्चार्ज हुने मुख्यमन्त्री जिल्लाको इन्चार्ज हुने त्यले कता हाम्रो यो विकासलाई गडबढी गरेको त छैन । त्यो कुरालाई हामीले सोच्नुपर्ने मैले त त्यो ढंगमा गयो कि कसो सभामुख महोदय । पार्टीको ह्विप लाग्ने हो या सरकारभित्र सरकारको ह्विप लाग्ने हो । यले पनि धेरै असहज परिस्थिति ल्याएको देखिन्छ र हामीले अर्काको गरेको मात्रै हेरेर अगाडि बढ्न सक्दैनौं सभामुख महोदय । यत्रो कुराहरू आइरहेका छन् अब चिन्ता के भो भने हामी मंसिर पुस माघभन्दा अगाडि अब कुनै पनि काम गर्न नसक्ने भयौं किनभने अब दशैंपछि बजेट बन्दैन सभामुख महोदय । पुस माघमा हिमाली जिल्लामा हिउँ पर्छ काम हुँदैन अनि यो वर्षको बजेट सारा फ्रिज जानेछ अनि सरकारले भन्ने छ फेरि दोष कल्लाई दिनेछ भने कर्मचारीलाई दोष दिनेछ । आज मैले भन्नै पर्छ यत्रो संकटको घडी आइरहेको बेला सम्बन्धित मन्त्रीहरू सयर गर्न गइरहनुभएको छ । कुनै चासो छैन अनि काठमाडौंमा भएका मन्त्रीहरू कर्मचारीलाई गइदेऊ तिमीहरू त्यो भूमिमा जन्मेका कर्मचारीहरू त्यो गइदिनुपऱ्यो भनेर भन्नुहुन्छ यही भूमिमा जन्मिएका काम गरिरहेकालाई उहाँहरू हटाउनुहुन्छ । जनताको सेवा र सुविधामा हिजो मैले सुनिरहेको थिएँ सभामुख महोदय, ७१ प्रतिशत जङ्गल भएको ठाउँमा सुरक्षा दिनुपर्ने त्यहाँ राख्नु पर्ने त्यहाँ उठाइन्छ, के खालको यो सरकार हो । व्यक्ति व्यक्तिका कुरा होइनन् सारा कुरालाई ठीक छ चाहिने होला नचाहिने होला यी कुरा पनि सदनका यत्रो चाहिँ संसद छ हाम्रो सातवटा प्रदेशमा सबैभन्दा चुस्तदुरुस्त वास्तवमा ४० जनाको संसदमा आएर छलफल गरेको भए त्यले राम्रो गति लिन्थ्यो होला । सभामुख महोदय, अब कुनै पनि काम नहुने भएपछि सायद यही कर्णाली प्रदेशको कारणले गर्दाखेरि संघीयता बिफल हुने कुरामा अग्रसर त मा त कतै संघीय सरकारका मन्त्रीहरू लाग्नु त भएको होइन । आज देखिन थाल्यो अरु सबै प्रदेशमा राज्यले दिएको कानूनी कुराहरू कर्मचारीको तलब बढ्ने कुरामा बढिरहेको हुन्छ सांसदको बढ्ने कुरामा बढिरहेको हुन्छ मन्त्रीको बढ्ने कुरामा बढिरहेको हुन्छ । यो प्रदेश सरकार के गर्छ भने एकदम त्यो हामी मितव्ययी छौं भन्छ तर सुन्नमा आउँछ सरकारका प्रमुखहरू सरकारका माथिल्ला लेवलमा बसेकाहरूलाई चाहिँ यो एक डेढभित्र एक डेढ वर्षभित्र नै त्यो सम्पत्ति कहाँ राख्ने र कले लुकाइदिने हो भन्ने कुरो चाहिँ उहाँहरूमा पीर छ भन्ने कुरा आइरहेको छ सभामुख महोदय । कैयौं ठाउँहरूमा हाम्रो लगानी गरिदेऊ भनेर चाहिँ आइरहेको छ भने सायद यो जनताको लागि लडेर आएका जनताको केही गर्छु भन्ने कानुनी रूपमा दिएको मान्यतालाई पनि उहाँहरूले वेवास्ता गरेको हुन सक्छ सभामुख महोदय, यी पनि जटिल कुराहरू आइरहेका छन् । अब सम्माननीय सभामुखज्यूलाई म आग्रह गर्न चाहन्छु हुन त हिजो पनि रुलिङ भएको छ जवाफका लागि । अबको जवाफहरू सिंगो सरकार अब यो सदनलाई मान मर्यादा घटाउने गरेर सरकार जता पाए पनि हिंड्ने

होइन । हामीलाई चाहियो हामीलाई यो महिनाभित्र हाम्रो बजेट पास भएको हामीलाई त्यो किताब चाहियो । यो महिनाभित्र नै बजेट निकासा भएको हामीलाई चाहियो । यदि यो महिनाभित्र हुँदैन भने सभामुख महोदय अब यो भीरबाट लड्न लागेको ढल्न लागेको सरकारलाई रामराम भन्न सकिन्न काँध थाम्न सकिदैन । सरकार छैन भने हुन्छ किनकि सरकार फेल भैसकेको छ । अझै पनि फेलिएर कुरा गर्दै जाने हो भने यहाँ कुनै कुराहरू पनि अगाडि बढ्न सक्दैन । त्यसैले यो सम्पूर्ण माननीयज्यूहरूले निकालेको कुरालाई त्यो ढंगले अगाडि बढाउन बढाइदिनको लागि म सम्माननीय सभामुखज्यूलाई हार्दिक हार्दिक अनुरोध गर्दै र यो बर्षाले जुन बिगारिरहेको छ सारा कुराहरू आएर यलाई चाहिँ अब चाहिँ रुलिङ्ग गर्नुपर्ने कुराहरूमा चाहिँ सभामुखलाई फेरि पनि अनुरोध गर्दै मेरा भनाई टुङ्गयाउँछु, धन्यवाद । जय नेपाल ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, विशेष समयमा बोल्न चाहने हुने माननीय सदस्यहरूले आफ्नो नाम सभामुखको डायसको वायाँतर्फ रहेका कर्मचारीहरूकोमा उपलब्ध गराइदिनु होला । अब माननीय श्री गुलाबजंग शाह ।

**माननीय श्री गुलाबजंग शाहः** माननीय सभामुखज्यू, माननीय सभामुखज्यूमार्फत् मैले आज विशेष समयमा मेरा सल्यान जिल्लाका केही घटनाहरू घटेका छन् त्यसलाई सरकारलाई अनुरोध गर्न चाहन्छु । खासगरी मुलुक अहिले संघीयतामा गइसकेपछि शक्तिपृथकीकरणको सिद्धान्त अनुसार वास्तवमा केन्द्रीकृत शक्तिलाई यसलाई प्रदेश तह स्थानीय तहमा विभाजन गर्ने संवैधानिक व्यवस्था अनुसार अहिले वास्तवमा तीन तहका सरकारहरू चलिरहेका छन् तर तीन तहका सरकार चल्दै गर्दा हामीले सरकारलाई केन्द्रीकृत सरकार होस् या प्रदेश सरकार होस् स्थानीय सरकार होस्, नजिकबाट अनुभूति गर्ने जो जनताको महशुस थियो । त्यो महशुसमा चाहिँ कतै कमि भएको छ कि भन्ने खालको अनुभूति अहिले संघीय संरचनामा जाँदै गर्दा जनताले महशुस गरेको म यहाँ अभिव्यक्त गर्न चाहन्छु । खासगरी सल्यान र रुकुम पश्चिमका मावि तहका केन्द्रीय परीक्षा बोर्डबाट यो प्रदेश तहको सरकारमा आएर वास्तवमा सुबिधा पाउनुपर्नेमा अझै पनि केन्द्रीय बोर्डले दाङबाट काम काम संचालन गर्नुपर्ने अवस्था छ । हामी एउटा प्रदेशका मान्छेहरू अर्को प्रदेशमा गएर सेवा लिनुपर्दा वास्तवमा भूगोलले पनि कठिनाई हुन्छ र त्यस्तो खालको कठिनाई नबनाउन म सरकारलाई सभामुखज्यूमार्फत् अनुरोध गर्न चाहन्छु । खासगरी सल्यानमा छत्तेश्वरी गाउँपालिका वार्ड नं. ५ लेखफर्सामा ०७६/५/२४ गते एउटा त्यहाँ चटयाङ्गले गर्दा शेरबहादुर खत्री र टेकबहादुर खत्रीको घरमा चटयाङ्ग परी ठूलो धनजनको क्षति भएको छ । त्यसलाई मैले सरकारले यथोचित समयमा राहत उपलब्ध गराउन अनुरोध गर्न चाहन्छु । खासगरी सल्यान छत्तेश्वरीकै एक जना महिला जो ३२ वर्षीय विन्दु वि.क. हुनुहुन्छ उहाँको मिर्गौला फेल भएर मन्त्रालय मन्त्रालयमा धाइरहनुभएको छ । सरकारले उहाँले सक्दो सहयोग गरोस् यो अनुरोध गर्न चाहन्छु । दोस्रो कुरा हिजो पनि मैले संसदमा कुरा उठाएको थिएँ कि वास्तवमा अहिले पनि प्रदेश सरकारले कर्मचारीको व्यवस्थापन गर्दै गर्दा यो हाम्रो प्रदेशमा यो भन्दा पूर्ववत् अवस्थामा जुम्ला डिभिजन, सुर्खेत डिभिजन, रुकुम पश्चिम डिभिजनमा खानेपानीमा काम गर्ने साथीहरू सरकारले ओएनएम गरेर कर्मचारीको व्यवस्थापन गर्दै गर्दा ५४/५५ सालदेखि अनवरत रूपमा काम गरेका कर्मचारीहरू त्यहाँ निम्न स्तरका कर्मचारी छन् - खानेपानी सहायक टेक्निसियन छन् केही, केही कार्यालय सहयोगी छन् । त्यसबेलादेखि काम गर्दै आइरहेका कर्मचारी यो सरकारले ओएनएम मार्फत् व्यवस्थापन गर्दै गर्दा हामीहरू आज कहाँ हो भन्ने एउटा खोजीको प्रश्नमा साथीहरू भौंतारिरहनुभएको छ । यो सरकारले गम्भीरतापूर्वक यस्ता मसिना तल्लो स्तरका कर्मचारीलाई पनि कसरी व्यवस्थापन गर्न सकिन्छ त्यो कुरा ध्यान पुराओस् भन्ने अनुरोध गर्दै विदा हुन चाहन्छु । हवस धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री सीताकुमारी नेपाली ।

**माननीय श्री सीताकुमारी नेपालीः** माननीय सभामुख महोदय, विशेष समयमा म विशेष कुरा उठाउन चाहन्छु । कर्णाली प्रदेशभित्र भूमिसम्बन्धी समस्या एउटा चुनौती बनेको छ । त्यस अन्तर्गत सुर्खेत जिल्लामा अव्यवस्थित बसोबासको व्यवस्थापन गर्नुपर्ने चुनौति पनि छ । यसलाई हामीले बारम्बार पनि उठाइ पनि राखेका छौं । सुर्खेत जिल्लामा एउटा प्रकारको समस्या छ भने अन्य जिल्लाहरूमा अन्य समस्याहरू छन् र सुर्खेत जिल्लाको सन्दर्भमा सुर्खेत जिल्लाको पूर्वी भागका विभिन्न ठाउँहरूमा पर्ति ऐलानी जग्गाहरूमा बसोबास गर्दै आइरहेको अवस्था छ र विभिन्न ऐलानी पर्ति ऐलानी जग्गामा बजारहरू पनि बनेका छन् र ती जग्गाहरू घरसारमा व्यवहारिक हिसाबले लेनदेन पनि भैराखेका छन् र बजारहरूमा पक्की घरहरू बनेको अवस्था छ । गुर्भाकोट नगरपालिका अन्तर्गत मेहेलकुना, बोटेचौर भेरीगंगा नगरपालिका अन्तर्गत मैनतडा, रामघाट, छिन्चु र लेकवेशी नगरपालिका अन्तर्गत कल्याणमा धेरैजसो पक्की घरहरू बनेका छन् भने गुमी लेकफर्सामा चाहिँ केही घरहरू बनेको अवस्था छ । यो अवस्थामा कर्णाली प्रदेश सरकारले अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्नुपर्ने एउटा प्रकारको चुनौति हामीले देखिरहेका छौं र मैले आज यो विशेष समयमा सुर्खेत जिल्लाको निर्वाचन क्षेत्र नं.१ ख अन्तर्गत भेरीगंगा नगरपालिका वडा नं.१२ को कालिकाटोलको विषयमा म सभामुख मार्फत् कर्णाली प्रदेश सरकारको ध्यान आकर्षण गर्न चाहन्छु । कर्णा.. कालिका टोलमा ४२ सालदेखि ४२ सालभन्दा पहिलादेखि बसोबास सुरुवात भएको र अहिले त्यहाँ २३ वटा घरहरूसहित एउटा धार्मिक स्थल चर्च पनि छ । केही समय अगाडि त्यहाँ संस्थाले मुद्दा दर्ता गर्‍यो र व्यक्तिले प्रति पनि लगायो र अदालतले फैसला पनि गरिसकेको छ ०६५ साल माघ २२ गते । फैसला गर्ने क्रममा कसैको हक दावी नभएको भनेर फैसला पनि गरेको छ । र त्यो बस्तीमा दलित र उत्पीडितहरू नै बसोबास गरिरहेका छन् । र त्यो विषयमा ०७३ साल माघमा स्थानीय विकास मन्त्रालयमा म प्रतिनिधि सभा सदस्य हुँदै गर्दाखेरि यो विषयमा मैले त्यहाँ ध्यानाकर्षण पनि गरेको थिएँ र स्थानीय विकास मन्त्रालयले बैकल्पिक व्यवस्थापन नहुँदासम्म नउठाउने भन्ने निर्देशन सर्कुलर पनि गरेको थियो तर मैले आज सुन्दैछु- त्यहाँ बैकल्पिक व्यवस्थाको कुरा त परै हो जाओस् अहिले त्यो बस्तीलाई उठाउन खोजिएको छ भन्ने कुरा मैले सुनिरहेको छु । सभामुख महोदय १० वर्षसम्म बसोबास गरेकाहरूलाई राज्यले व्यवस्थापन गर्नुपर्छ र त्यहाँ ३४ वर्ष भयो उनीहरू बसेको । सुर्खेतका विभिन्न ठाउँहरूमा पर्ति ऐलानी जग्गामा बसोबास हुँदै आइरहेको अवस्थामा कालिका टोलमा मात्रै उठाउने जुन प्रकारको अहिले हामीले सुनिरहेका छौं । यले गर्दाखेरि मेरो ध्यानाकर्षण पनि भएको छ त्यो विषयमा । यो समस्यालाई हल गर्नका निम्ति स्थानीय तहले जनताका डेटुडेका समस्याहरूलाई हल गर्नुपर्ने होइन डेटुडेका समस्याहरूलाई समाधान गर्नुपर्ने होइन । समाधान गर्नुको साटो हैन बैकल्पिक व्यवस्थापन नै नगरिकन उठाउने प्रकारको जुन एउटा विषय आइरहेको छ यो प्रति म ध्यानाकर्षण गर्न चाहन्छु । सभामुख महोदय जस्तो कुनै पनि व्यक्तिको जग्गामा अर्को व्यक्तिले मिचेर घर बनाउदै गर्दा तत्कालै उसले निवेदन हाले भने बनाउन पाइँदैन यदि घर बनिसकेको अवस्थामा १ वर्षभित्र निवेदन गर्‍यो भने त्यो घर भत्काउनु पर्ने अवस्था हुन्छ । यदि १ वर्षभन्दा पछि उले निवेदन दिएन भने त्यो घर नभत्किने बेलासम्म त्यो घर उसकै हुन्छ, जले मिच्या हुन्छ उसकै हुने स्थित हामीले देखेका छौं । त्यले गर्दा यत्रो ३४/३४ वर्षसम्म त्यहाँ बस्दा र पक्की घरहरू बनाउदै गर्दा किन देखिएन । अहिले एउटा उनीहरूको बसोबास हैन त्यहाँ भइरहेको छ । त्यहीं बसेर रोजीरोटी गरिरहेको अवस्था छ । र त्यो घरबाट उनीहरूलाई त्यो बस्तीबाट निकालियो भने उनको अवस्था के हुन्छ । त्यसैले, त्यसैले गर्दाखेरि म के भन्न चाहन्छु भने सभामुखज्यूमार्फत् म कर्णाली प्रदेश सरकारको सम्बन्धित मन्त्रालय र सरकारलाई पनि जोडदार माग के गर्न चाहन्छु भने कर्णाली प्रदेशका भूमिसम्बन्धी समस्याको व्यवस्थापन गरियोस् त्यसका निम्ति भूमि

सम्बन्धी आयोग वा समिति के बनाउन सकिन्छ त्यो बनाएर यस्ता प्रकारका आज त्यो भेरीगंगा नगरपालिका वडा नं. १२ अन्तर्गत कालिका टोलको समस्या आएको छ । त्यस्तै थुप्रै प्रकारका कर्णाली प्रदेशभरि विभिन्न समस्याहरू आएका छन् । त्यले गर्दा यी समस्याहरूलाई हल गर्नका निम्ति कर्णाली प्रदेश सरकारले भूमि व्यवस्थापन सम्बन्धी छिटोभन्दा छिटो आयोग वा समिति के बनाएर यस्ता प्रकारका समस्याहरू समाधान गर्न सक्छ, त्यसका निम्ति म माननीय सभामुखज्यूमार्फत् कर्णाली प्रदेश सरकारसँग जोडदार माग गर्दै आफ्ना भनाईहरू यहीं अन्त्य गर्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री चन्द्रबहादुर शाही ।

**माननीय श्री चन्द्रबहादुर शाहीः** सभामुख महोदय, मैले विशेष समयमा कर्णाली प्रदेश सरकारलाई सरकारको ध्यानाकर्षण गर्नको लागि केही कुरा राख्न चाहेको छु । मैले सर्वप्रथम एउटा देउडाको सोलोगन छ । मेरो दाइ जीवनबहादुर शाहीले यो प्रष्ट बुझ्नुहुन्छ । यो हुम्लासँग जोडिएको पनि छ एउटा पूर्व हाम्रो माओवादी पार्टीको एक जना कार्यकर्ता पूर्व एमालेको कार्यकर्ता माओवादी पार्टीमा गएछन् अनि गइसकेपछि उसको चन्दे नाम रैछ त्यहाँ गइसकेपछि उसको झलक नाम राखिएछ, देउडा खेल्न लागेछ अनि देउडा खेल्न लाग्दाखेरि अर्को खेलाडीले भनेछ, त्यो हामी गल्लावाडा हुम्लाको गल्लावाडा अनि धेरै अब अलिकता बहिरा लाटा हुने अब त्यो ठाउँ गाँडा हुने ठाउँ हो । अनि देउडा लाग्दाखेरि 'पार्टीले झलक नाम राख्यो चन्दे काठाकन' उनी बाहुन हुन् काठा भन्छन् । 'चन्दे काठाकन कति सम्झाउँ कति बुझाउँ गल्ला लाटाकन' भनेर देउडामा यो एउटा प्रचलन भन्ने र भनाई पाउने त्यस्तो छ । आज सभामुखज्यूले रुलिङ्ग गरेको गऱ्यै हुनुहुन्छ प्रतिपक्षले धम्काको धम्कायै छ । सत्ता पक्षका माननीयज्यूहरूले पनि कर्णाली प्रदेश सरकारको ध्यानाकर्षण गराको गरायैछ । संसदीय व्यवस्था भनेको त्यो व्यवस्था हो जनताका आवाजहरू जनताका जनप्रतिनिधिद्वारा संसदमा आवाज मुखरित गर्ने ती आवाज सरकारले सुनेर ती जनताका समस्या समाधान गर्नुपर्ने ठाउँमा आज संसद जनताको आवाजहरू समाधान गर्ने थलो नभइकन गफ गर्ने थलोको रूपमा सरकारले परिणत गर्दैछ । बाहिर आवाज उठेको छ भमिगत पार्टीले आवाज उठाइरहेको छ संसद भनेको देखाउने दाँत मात्रै हो । खसीको मासु देखाएर कुकुरको टाउको देखाएर कुकुरको मासु बेच्ने थलो हो भनेर बाहिर भनिरहेको छ । (खसीको टाउको देखाएर) खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने थलो भनिरहेको छ । त्यसैले सभामुख महोदय आज मुलुक बाढी पहिरोले तहसनहस छ । एक ठाउँबाट अर्को ठाउँ जनतालाई जानलाई पुल छैन । बाटो छैन । स्कूल भत्किएको छ लगायत अरु जनताका समस्या ज्यूँकातिउँ छन् ती तड्पीएका छन् जनता तड्पीएका छन् सांसदज्यूहरूले सम्मानित सदनमा यी आवाज उठाइरहनुभएको छ, सभामुखज्यूले रुलिङ्ग गरिरहनुभएको छ । तर सरकार सरकारमा रहेका मन्त्रीज्यूहरूले कहाँ पहिरो गयो एक कल फोन पनि जाँदैन । कहाँ आगलागी भयो त्यो आगलागी भएको ठाउँमा पनि त्यति ध्यान गएको देखिदैन । कहाँ बाटो भत्कियो कहाँ पुल भत्कियो आज प्रदेश सदरमुकामै भित्र पनि धेरै समस्याहरू देखा परेका छन् तर सरकार मुखदर्शक भएर बसेको छ । त्यसो भएकोले यलाई गफ गर्ने थलोको रूपमा बनाइनु हुन्न र सांसदज्यूहरूले उठाएको जनताका ती आवाजहरू संसदमा मुखरित गरेका कुराहरूलाई सम्बोधन गरिनुपर्छ भन्ने कुराहरू म यहाँ राख्न चाहन्छु । अर्को कुरा गत सालको बजेट हामीले धेरै कार्यान्वयन गर्न सकेनौं । केही केही कार्यान्वयन गऱ्यौं । कार्यान्वयन गरेका बजेटका ती योजनाहरू थुप्रै खानेपानी अधुरा छन्, थुप्रै बाटाहरू अधुरा छन्, थुप्रै स्कूलका भवनहरू अधुरा अपूरा छन् । अहिले बजेट विनियोजन हुँदाखेरि त्यो बजेट अरु नयाँ शीर्षकमा आएको छ । त्यो पुराना अधुरा अपूरा शीर्षकमा बजेट आएको छैन, अब त्यो अधुरै अपुरै रहने हो की त्यलाई पूरा गर्ने हो त्यो पनि सरकारले अहिले आफ्नो धारणा बनाएको छैन । अर्को कुरा अघि नै सत्ता पक्षका सचेतकज्यूले यहाँ केही कुरा

राखिसक्नुभको छ । ओएनएमको नाममा थुप्रै कर्मचारीहरू तड्पीयका छन् । खानेपानी सरसफाई डिभिजन कार्यालय अन्तर्गत गत साल संघले बजेट दियो । त्यो बजेट खाए, आज २१ वर्ष ३० वर्ष सेवा गरेका ती कर्मचारीहरू खापासटे ९ जना यो हाम्रो कर्णाली प्रदेशमा (छोटयाउ छोटयाउ माननीय सदस्य) कार्यालय सहयोगी १२ जना जम्मा २१/२२ जना कर्मचारी २०/३० वर्ष सेवा गरेर आज रित्तो हात लिएर घर फर्किनु पर्ने । आफ्नो बाल्यकालको जीवन अस्थायी भएर बिताएर अब खाली घर फर्किनु पर्ने अवस्था सिर्जना भएको छ । यो कुरामा सरकारको ध्यान जानुपर्छ भन्ने कुरा राख्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री पदमबहादुर रोकाया ।

**माननीय श्री पदमबहादुर रोकायाः** सम्माननीय सभामुखज्यू, म बर्षे अधिवेशनको करिब करिब अन्त्यतिर आइरहे जस्तो लाग्छ । अब केही दिनमा वर्षे अधिवेशन टुंगिने होला । हामी यो विशेष समयमा माननीयहरूले उठाउनुभएका कुरा यो भन्दा पनि धेरै पटक उठाइसके अहिले पनि उठाउँदै छन् । सुनुवाई किन हुँदैन, मन्त्रीज्यू कर्णाली प्रदेश सरकार कानमा तेल हालेर किन बस्नुहुन्छ ? कुरा सुन्नु हुँदैन कि या बोदा छन् कि काना नसुन्ने धेरै पटक कुरा उठाइसकेका छौं हामीले भर्खरै ०७६/०७७ को बजेटमा बजेट ल्याउँदा हामीले सबै माननीयहरूले असहमति जनायौं । २०/२१ दिनसम्म सदनै चल्योन । पछि बजेट संशोधन गर्ने भनेर आर्थिक मामिला मन्त्रीले संशोधनको प्रस्ताव ल्याउनु भयो । नमिलेका योजना मिलाउने नपुक भएको जिल्ला क्षेत्रमा बजेट थप्ने नाउँ न गाउँ मिलेक योजनाहरू जरो र टुप्पो नमिलेका योजनाहरूलाई मिलाउने भन्ने संशोधन आयो अनि बजेट पास भयो । कहिले हुने हो त्यो फेरि अघि हाम्रो प्रतिपक्ष दलका नेताले भन्नुभयो- जाडोको महिना आउन लागिसक्यो कर्णालीमा जम्मा हिमाली हिमाली जिल्ला छन् सिमेन्टीको काम, सिमेन्टीको काम हुँदैन, जस्तै ०७४/०७५ को बजेट ०७५/०७६ को बजेट फ्रीज गएजस्तै फेरि आठ अरब अर्को वर्ष थपिने, थपिएर अनि २८ अरब, ३६ अरबको बजेट आउने हो कि काम गर्ने हो । त्यसैकारणले म सम्बन्धित मन्त्रीजी यहाँ हुनुहुन्न कोही । कर्णालीका जडिबुटीहरू थन्किएका छन् भुल्चे, जटामसी, सेतो चिनी भन्ने खिरौला, च्याउहरूको पूर्जी रोकिएको छ । यो हामीले कर्णाली प्रदेशले पहल गर्नुपर्‍यो । यो प्रदेशबाट हुँदैन भने हामी केन्द्रीय सरकारसम्म धाउनुपर्‍यो हामीलाई अप्ठेरो परेको छ कर्णाली प्रदेशलाई अप्ठेरो परेको छ । जडिबुटी त कर्णाली प्रदेशमै हुन्छ यहाँ यही जडिबुटीले गर्दाखेरि कर्णाली प्रदेशका मान्छेहरू नून र चामल दैनिक उपभोग्य सामानहरू हामी किनेर खान्छौं । हामीले किन्ने सरकारसँग पहल गर्नुपर्‍यो यो, यो भन्दा अगाडि पनि मैले भनेको हुँ । जडिबुटीको पूर्जी खोल्नुपर्‍यो । राजश्व बढ्छ, आर्थिक उन्नति हुन्छ कर्णाली प्रदेशको उन्नति हुन्छ । हामी एक बोरा जडिबुटी बेचेर एक बोरा चामल किनेर खान्छौं कर्णाली प्रदेशका मान्छे । जडिबुटी सबै ठाउँमा हुन्छ । केही तराईका एक दुई जिल्लामा नभएपनि यहाँ पनि हुन्छ । यही सुर्खेतको माथि लेकतिर हुन्छ । दैलेखको माथि महाबुतिर हुन्छ । सबै जिल्लामा हुन्छ जडिबुटी त्यसको जडिबुटी अवलम्ब खुलाउनु पर्‍यो । हाम्रो यो जनतासरहको कुरा छ । ८ करोड रुपैयाँ २ करोड जनता सडकको पहिला बाड्यौं । ८ करोड बाँकी छ । यहाँ भन्ने गरिएको छ ८ करोड एउटै ठाउँमा हाल्ने । एउटै ठाउँमा हालेर ८ करोड अनि हाम्रा क्षेत्रका जिल्लाका जनताहरू खुसी हुन्छन् त । एउटै ठाउँमा हालेर एउटै ठाउँमा हाल्ने भनेको हुन सक्छ- हुम्लामा, कालीकोटमा, डोल्पामा त्यहाँ ८ करोड मात्रै हैन, १ अरब लाग्ने ठाउँ छ र अरु बाँकी ७ जिल्लामा त ८ करोड एक ठाउँमा लाग्ने ठाउँ छैन । ट्रेकिङ नै खोलेको छैन भने पछि अनि ८ करोक कहाँ हाल्ने । यो जनता सडक भनेको छ एक गाउँबाट अर्को गाउँ लिने । एक जिल्लाबाट अर्को जिल्ला छुने, त्यस्तो हो । त्यसैकारणले यो ८ अरब ८ करोड रुपैयाँ जनता सडकको एकै ठाउँमा हाल्न हुँदैन । मेरो मात्रै आवश्यक होइन सबै माननीयहरूको पनि त्यही आवश्यक छ । यो

८/० ठाउँमा हाल्नुपर्छ एउटै ठाउँमा ल्याउने त कुरा आएको छ । जनता आवासको कुरा आएको छ । गत सालमा पनि जनता आवास गएको थियो । अहिले पनि जनता आवासको लागि पैसा रकम छुट्टिएको छ । त्यसको लागि छिटो कार्यान्वयन हुनुपऱ्यो र भदौभित्र कार्यविधि बनाउने र नियमावली कार्यविध बनाउने अख्तियारी दिने कुरा आएको थियो । असोज लागिसक्यो गत साल जस्तै अन रकम फ्रीज होला । छिटो कार्यविधि बनाउन पऱ्यो । छिटो अख्तियारी दिन पऱ्यो । कर्मचारी छैनन् भने करारमा, करारमा कर्मचारी नियुक्ति गर्नुपऱ्यो । त्यसैकारणले यही तरिकाले उही पुराना मान्छेका आहान उखान जस्तै यही मतिले यही गतिले जाउला ताउला काख । यही हिसाबले एक तरिकाले अनि समृद्ध कर्णाली हुन सक्छ ? कर्णालीको चेहरा मुहार बदल्न सक्छ ? कर्णाली परिवर्तन हुन सक्छ ? कर्णाली प्रदेश रुपान्तरण हुन सक्छ ? सक्दैन जस्तो लाग्छ । त्यसैकारणले हामीले जनताका जनजीविकाका सवाल जस्ताका तस्तै छन् । हो बजेट आएको छ । २८/३० अरबको खानेपानीका समस्या जस्ताका तस्तै छन् । सडकका समस्या जस्ताका तस्तै छन् । सिचाईंका समस्या जस्ताका तस्तै छन् । हामीहरू आफ्नो क्षेत्र जिल्लामा जाँदाखेरीमा जनताले भनिरहेका छन् तपाई बजेट छुट्ट्याउनुहुन्छ कर्णाली प्रदेशले कुन काममा लगानी गर्नुभयो ? गत सालको अहिलेसम्म कार्यान्वयन भएका छैनन् योजनाहरू, केही कृषि सडक र पर्यटन सडक मात्रै कार्यान्वयन भएका छन् । बाँकी हाइटेक नर्सरी पनि जस्ताका तस्तै छन् । पर्यटन पदमार्ग भनेका ५०/५० करोड, लाख छन् ती जस्ताका तस्तै छन् भने अहिले साल पनि यो ०७६/०७७ को बजेट पनि त्यही नहोस् भन्ने म आग्रह गर्दछु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री कुर्मराज शाही ।

**माननीय श्री कुर्मराज शाहीः** माननीय सभामुख महोदय, विशेष समयमा मेरा आफ्ना केही विशेष भनाईहरू राख्ने अनुमति चाहन्छु । मैले हिजो पनि राखेको छु र आज पनि राख्दै छु र यहाँ चाहि अहिले हामी कर्णाली प्रदेशको सुर्खेत हाम्रो राजधानी हो । हामीले एउटा ऐतिहासिक काम गरेका छौं राजधानीको नाम ठाउँ तोकेका छौं । यो प्रदेशको नाम तोकेका छौं । यो ऐतिहासिक सफलता हो कर्णाली प्रदेशको, यो सरकारको र अहिले हामी जहाँ बसिरहेका छौं, दिनदिनै हामी हिंडिरहेका छौं । त्यसको मुहार परिवर्तन हामीले केही पनि देखेनौं करिब म एक/डेढ वर्ष भो यहाँ आको, सायद मलाई लाग्छ - कालिकोटमा म गइरहँदाखेरि अलि उत्साहजनक हुन्छ कम्तिमा बाटोसाटो काटिरहेका हामी देखेका हुन्छौं डोजर चलिरहेका देखेका हुन्छौं । यो सुर्खेतमा म बसिरहेको छु तर सुर्खेत त्यो जहाँ हाम्रो राजधानी केन्द्रित छ, जहाँ मन्त्रालय छ, जहाँ आज हामी बोलिरहेका छौं त्यसको वरिपरि हेर्दाखेरि पूरै सिंगो यले सिंगो प्रदेशलाई नै कुरूप बनाउने खालको वातावरण यसले सिर्जना गरिरहेको छ, सरकारको ध्यान यतातिर जाओस् । मोटरसाइकल एक्सिडेन्ट डेली एक्सिडेन्ट भइराछन् गाडी जुध्ने सम्भावना छ । त्यो भएको हुनाले हाम्रो वरिपरि भको यलाई चाहिँ विकास कसरी गर्न सकिन्छ यलाई सडकहरूलाई **2** लाइन कसरी बनाउन सकिन्छ यलाई पक्की कसरी बनाउन सकिन्छ, सभामुख महोदय । र यसैगरी एक वर्ष मलाई लाग्छ ५/६ महिना मात्रै भको छ यो कर्णाली राजमार्ग पीच भको ठाउँठाउँमा खाल्डाखुल्डी परिसक्यान् हेर, ठाउँठाउँमा खाल्डाखुल्डी परेका छन् । हिजो खाल्डाखुल्डी पोत्दै आउँदा मैले देखे सभामुख महोदय र यसको ध्यान चाहिँ सरकारको जाओस् भन्न म चाहन्छु । यदि ठेकेदारले गलत गरेको छ भने त्यलाई कानूनी दायरामा ल्याएर कारबाही गरियोयस् सभामुख महोदय । अनि अर्को कुरा चाहिँ यो यसैगरी मैले सुन्नमा आको कुरा गएको आर्थिक वर्षमा हामीले मन्दिरहरू हालेका थियौं । त्यो मन्दिरहरू पूरै चाहिँ मलाई लाग्छ रातो किताबबाट हटाइयो । सदनले पास गरेको थियो त्यो मन्दिर हटाइयो । ठूलो आलोचना खेप्नु पर्ने भो हामी गाउँमा गइरहँदा । तपाईहरूले मन्दिर भन्नुभएको थियो खै मन्दिर कता हरायो भन्ने खालको ठूलो

आलोचना खेप्नु पऱ्याथ्यो सरकारले र हामीले । अहिले पनि म सुन्दैछु सायद मलाई लाग्छ तटबन्धन पनि हट्‌दैछन् अरे, हामीले सदनबाट पास गरिसकेका छौं । यो तट्‌बन्धन हट्यो भने फेरि ठूलो जनताको गाली आउने सक्ने स्थिति बन्याछ । यसको बारेमा सरकारले जवाफ देओस् भन्ने म चाहन्छु । र अर्को अब यो सुर्खेतमा अर्को यो ट्राफिकको नियमलाई पालना गर्ने कुरामा हामीले हेक्का राखेका छैनौं । यो मोटरसाइकल एक्सिडेन्ट हुने धेरै खतरा, धेरै सम्भावना हामीले देखिरहेका छौं । अनियन्त्रित तरिकाले मोटरसाइकल हाँक्न दिन्छन् । यो अनियन्त्रित प्रकारले जो हाँकिरहेका मोटरसाइकललाई नियन्त्रणमा ल्याउनका निम्ति सरकारले यो ट्राफिकलाई निर्देशन देओस् भन्न म चाहन्छु । अर्को कुरा दिनदिनै चोरी पनि भइरहेको छ । यो चोरीको घटना नियन्त्रण गर्न सकेका छैनौं र चोरहरू पत्ता लाउन पनि सकेका छैनौं यहाँनेर । म पनि त्यसको एकचोटी शिकार बनेको छु सभामुख महोदय । ती चोरहरू संगठित प्रकारले चोरहरू चाहिँ मलाई लाग्छ सुर्खेतमा छन् भन्ने कुरा सुनेको छु । त्यो चोरहरूलाई अहिले पनि अनुसन्धानबाट पुलिसले अनुसन्धान गरेर त्यलाई नियन्त्रणमा ल्याउन सकेको छैन । यसको, यो प्रक्रियालाई अगाडि बढाओस् भन्न चाहन्छु । र अब अर्को कुरा चाहिँ अर्को कुरा यो चाहिँ ०७४ मा जो जवाफ दिएका थियौं आर्थिक वर्षमा, ०७५ मा त्यही जवाफ दिइरहेका छौं र अहिले पनि हामी त्यही जवाफ दिने ठाउँमा उभ्भेका छौं । अब त्यो जवाफलाई कसरी अन्त्य गर्ने होला । मैले अस्ति पनि भने यो आलोचनालाई कम गर्ने चाहिँ के माध्यम होला, यलाई हामीले अपनाउनु पर्ने देखिन्छ । मलाई के लाग्छ भन्दाखेरि सायद मलाई लाग्छ यो नयाँ घरबार भको हुनाले धेरै चीज जुटाउनुपर्ने भको हुँदा सरकारको एउटा बाध्यकारी अवस्था आफ्नोतिर होला । डाडु जुटाउनुपर्ने, पन्यू जुटाउनुपर्ने, ताउली जुटाउनुपर्ने गएको आर्थिक वर्षमा के-के जटिलता के समस्याहरू हाम्रो बीचमा थिए र बजेटलाई हामीले खर्च गर्न सकेनौं, कार्यान्वयन गर्न सकेनौं । अहिले हामी मलाई लाग्छ यो डेढ आर्थिक वर्ष सक्केर अर्को आर्थिक वर्षमा हामी प्रवेश गरेका छौं र यतिबेला व्यवस्थापन भइसक्नुपथ्र्यो, अहिले पनि व्यवस्थापनको आभाष हामीले प्राप्त गर्न सकिरहेका छैनौं । जस्तै गाउँको एउटा उखान के छ भन्दाखेरि- घरको अगाडि आँगनमा चाहिँ कागुने छेपारो भन्ने कसैले चिन्नुभा'छ कि नाई कागुने छेपारो भन्दरछ त्यसको नाम । खलाको अगाडि भित्तामा हुन्छ दिनभरि सुतिराहुन्छ मजाले आरामका साथ जब साँझ पऱ्यो भने जाडो हुँदोरछ त्यतिबेला के भन्दोरछ त्यले भन्दाखेरि लेक जाएङ्गे शब्द यही होला जस्तो लाग्छ मलाई, लेक जाएङ्गे निगाली ल्याएङ्गे घोचीघोची आगो बालेङ्गे त्यसपछि आएर मलाई चाहिँ घाम तापेर बस्छु भन्ने खालको रातभरि कराउँछ त्यो चागुने छेपारोले कति याद गर्नुभाछ तपाईहरूले हाम्रोतिर त्यस्तो हुन्छ (हिन्दी भाष) जब घाम लाग्यो भने मजाले आरामसाथ सुतिराहुन्छ । अनि बेल्का फेरि जाडो भयो अनि लेक जाएङ्गे निगाली ल्याएङ्गे फेरिचाहिँ घोचीघोची आगो बालेङ्गे अनि तातो महशुस गर्छु भन्ने खालको महशुस कागुने छेपारोले गरेको छ । यो सरकारले यो महशुस नगरोस् म आग्रह गर्न चाहन्छु । यो संघीयताको महशुस जनतालाई दिलाउनुपऱ्यो हामीले भन्दैछौं जनताको बीचमा भाषण गर्दै हिड्यौं, यो संघीयताले जनताको समस्यालाई हल गर्छ, गरिबी अन्त्य गर्छ, हाम्रो पछौटेपनलाई अन्त्य गर्छ भनेर जनताको बीचमा जुन बाचा बोलेका छौं त्यो बाचालाई एड्रेस गरेर त्यलाई सम्बोधन गरेर सरकार अगाडि जाओस् भन्ने भन्ने कुरा राख्दै म बिदा हुन्छु, धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री कृष्णा शाह ।

**माननीय श्री कृष्णा शाहः** माननीय सभामुख महोदय, नेपाल सरकाले ९ वटा सूच..सूचकको आधारमा गरिबहरूको पहिचान गर्ने त्यो पहिचान अनुसार गरिबहरूको लाई कार्ड वितरण गर्ने गरिबी परिचयपत्र वितरण गर्ने र त्यो परिचयपत्रको आधारमा गरिबहरूको जीवनस्तर उकास्नको लागि राज्यले विशेष कार्यक्रम विशेषखालका कार्यक्रमहरू ल्याउने भन्ने जुन राज्यको नेपाल सरकारको उद्देश्य अनुरूप गरिब

घरपरिवार पहिचान बोर्ड गठन गरेर सर्वेक्षण गर्ने जिम्मा दिइयो र त्यो अनुसार २६ जाजरकोट लगायत २६ वटा जिल्लामा ३ लाख ९१ हजार ८ सय ३१ घरपरिवारको सूची तयार पाऱ्यो र त्यसपछि त्यो सँगसँगै ४५ हजार घरपरिवारलाई कार्ड पनि वितरण गरियो र त्यही अनुसार गरिबी निवारण मन्त्रालयको तर्फबाट ३ प्रकारका परिचयपत्रहरू बनाइयो र वितरण गरियो । पहिलो अति गरिबलाई रातो कार्ड, त्यसपछि मध्यम गरिबलाई पहेंलो कार्ड र सामान्य गरिबलाई नीलो कार्ड त्यसरी बनाइयो र वितरण गरियो । वितरण गर्दै जाँदाखेरि विवाद उत्पन्न भयो । किन भयो भन्दाखेरि घर..भ..गरिब घरपरिवार पहिचान बोर्डले तथ्याङ्क संकलन गर्दाखेरि सर्वेक्षण गरेर तथ्याङ्क संकलन गर्दाखेरि त्यहाँनेर त्रुटी भयो । वास्तविक गरिबहरू वास्तविक गरिबको सूचीमा परेनन् र पारिएन, र विवाद भयो र त्यलाई स्थगित गरियो । अहिले फेरि आउँदाखेरि त्यही सूचक अर्थात त्यही तथ्याङ्कको आधारमा फेरि पनि गरिबी निवारण जुन गरिबीको कार्ड परिचयकार्ड वितरण गर्ने भन्ने गर्ने तयारी भैराखेको छ यो कुरा प्रदेश सरकारको कर्णाली प्रदेश सरकार यहाँका नागरिक र हाम्रो पनि यो महत्वपूर्ण विषय भएको कारणले गर्दाखेरि मैले यो विषयलाई तुरुन्त रोकियोस् र पुनः त्यसलाई पुनः सर्वेक्षण कार्यक्रम अगाडि बढाएर वास्तविक गरिबहरूको जुन तथ्याङ्कको आधारमा गरिब परिचयपत्र बाँडिनुपर्छ भन्ने कुरा मैले माननीय सभामुखमार्फत् कर्णाली प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु र नेपाल सरकारले पनि यसलाई गम्भीरतापूर्वक लिनु पर्छ र प्रदेश सरकारमार्फत् कर्णाली प्रदेश सरकारमार्फत् नेपाली, नेपाल सरकारको अर्थात संघीय सरकारको ध्यानाकर्षण गर्नेछ भन्ने कुरा राख्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री रातो कामी ।

**माननीय श्री रातो कामीः** माननीय सभामुखज्यू, रुकुम पश्चिमको मुसिकोट नगरपालिकामा २०७५ साल भदौ २५ गते साँझ स्कूलबाट फर्किरहेका विद्यार्थीहरूमध्ये कक्षा ४ मा अध्ययनरत नगरपालिकाको १० चुना माविबाट पढेर फर्किने क्रममा डिलबहादुर वि.क.की १२ वर्षको १२ वर्षकी छोरी डिलमाया वि.क. र सोही ठाउँ बस्ने रणबहादुर कामीकी वर्ष १० कि छोरी सावित्री वि.क.को पहिरोले पुरिएर मृत्यु भएको छ हिजो साँझ मात्रै । र यसैक्रममा सोही ठाउँ बस्ने ७ वर्ष सोही ठाउँ बस्ने वर्ष १० को सुमित्रा वि.क. घाइते भएर जिल्ला हस्पिटलमा उपचारार्थ छन् । र सर्वप्रथम मृतकहरूलाई हार्दिक श्रद्धाञ्जलि अर्पण गर्न चाहन्छु सँगसँगै घाइते बहिनीको स्वास्थय लाभको कामना गर्छु । र यसैक्रममा हामी यो वर्ष पनि रुकुम पश्चिममा विभिन्न प्रकारको दैवी प्रकोप व्यापक ढंगले बढ्यो यसको बारेमा चाहिँ बारबार जानकारी भइरहेको छ र सभामुखमार्फत् कर्णाली प्रदेश सरकारले मृतकहरूको उचित प्रकारको राहत र घाइतेको उपचारको लागि चाहिँ म अनुरोध गर्न चाहन्छु र सभामुख महोदय आज कर्णाली प्रदेशका बारेमा सदनमा हामी बोलिरहँदा थुप्रै प्रकारका समस्याहरू हामीले अवगत गराइरहेका छौं । र गत वर्षको बजेट कार्यान्वयन हुन सकिरहेको छैन । कतिपय भएका पनि हामीले के कस्ता भए भन्ने बारेमा हामीले आफ्नो आँखाले देख्न पाइरहेका छैनौं । यसका अनुगमनका बारेमा यसको छलफलका बारेमा समग्र विषयहरू ओझेल परिरहेका छन् । र यो वर्ष जनताको आकांक्षा विकासलाई तीब्रतर गतिमा अगाडि जाओस् भन्ने छ र हामी सरकार र मा रहेका अथवा हामी सम्बन्धित क्षेत्रबाट जनताको हुर्मत प्राप्त गरेर प्रदेशमा हामी सांसदहरू पनि छौं । हामी काम गर्ने तौरतरिका हामीले अगाडि बढाउन सकिरहेका छैनौं । हामीलाई समस्या हो या चाहिँ सरकारी संयन्त्र अथवा चाहिँ आदि इत्यादिका कुरा पनि भइरहेका छन् र यो वर्ष जति सक्यो हामीले जिल्लामा जे जति बजेटहरू विनियोजन भएका छन् ती बजेटहरूलाई जति सक्यो हामीले अगाडि बढायौं भने जनताको चाहिँ आकांक्षालाई हामीले चाहिँ पूरा गर्नेछौं र सँगसँगै कैयौं मोटरबाटोका बारेमा छलफल हामी चलाइरहेका चाहिँ छौं । ती ठाउँहरूमा अहिले पनि रुकुमपश्चिमकै मुसिकोट मतलव चाहिँ आठविसकोट

नगरपालिकाका २/३ वटा ठाउँहरूमा १०/१० हजारका दरले मतलव चाहिँ त्यस्ता स्याउ फार्महरूमा पनि स्याउ फलिरहेका चाहिँ त्यस्तोमा बाटो पुगिरहेको छैन । हामीले गत वर्ष मात्रै कर्णाली प्रदेश सरकारबाट विनियोजित बजेटलाई हामीले त्यतातिर चाहिँ केन्द्रित गरेका थियौं र त्यो बाटो अहिले खन्ने सुरसार पनि भएको छैन । यो वर्षका कैयौं बजेटहरू फेरि पनि हामीले १० करोड जनता सडक अन्तर्गतका बजेटलाई अगाडि बढाउने सन्दर्भमा यहाँ त्यसको छिनोफानो भइरहेको छैन । त्यसैले गर्दा अब यो सुझावहरू सरकारमा केन्द्रित नभएको भन्ने मलाई लाग्दैन । सुझावहरू व्यापक ढंगले केन्द्रित भएका चाहिँ छन् । काम गर्ने सन्दर्भमा अलिकति तादम्यता मिलाएर अगाडि बढ्ने कुरालाई नै अब ध्यान दिनुपर्छ । सुझावहरू केन्द्रित भएका छन् । विरोधहरू पनि केन्द्रित भएका छन् । आलोचनाहरू केन्द्रित भएका छन् । यति भए पर्याप्त हुन्छ अब यहाँभन्दा हामी पूरै गयौं भने अब चाहिँ एउटा आलोचना आलोचनामात्रै गर्दै जाँदा हामी कोही कसैलाई पनि ठीक हुनेवाला छैन । त्यसैले गर्दा सर्वप्रथम त यो विकास निर्माणलाई अगाडि बढाउन सरकारले अलि जाँगर देखाउनु पर्दछ भन्ने लाग्दछ । र सँगसँगै रुकुम जिल्लाका विभिन्न ठाउँहरूमा बाढीपहिरोबाट र ठूलाठूला चाहिँ बस्तीहरू बगरमा परिणत भएका छन्, यसमा चाहिँ जाली तटबन्ध लगायतका योजनाहरूको बारेमा प्रवक्ता माननीयज्यूले पनि भन्नुभो । योजना कटफट हुने कुरा गरिन्छ । जाली अथवा चाहिँ त्यसमा बाँस निगालो आदि इत्यादि गरेर हामीले हाम्रा बस्तीहरूलाई जोगाउने भकोले योजना कटाउनु हुँदैन भन्ने कुरा राख्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री ठम्मरबहादुर बिष्ट ।

माननीय श्री ठम्मरबहादुर बिष्ट ।

माननीय श्री ठम्मरबहादुर बिष्ट ।

**माननीय सभामुखः** सम्भवतः माननीय सदस्य उपस्थित हुनुहुन्न । माननीय सदस्यहरू, लोकतन्त्र स्थापनाका लागि कैयौं नागरिकको बलिदानपछि प्राप्त लोकतन्त्रको भरपुर प्रयोगको लागि यो सभाको स्थापना भएको कुरा बारे हामी सबै सुपरिचित छौं । प्राप्त भएको यस उपलब्धिलाई जगेर्ना गर्न र अरु विकसित तुल्याउन हामी सबैको साझा दायित्व भएकाले यस सभाको गरिमाको अवमूल्यन हुने गरी शब्दहरूको चयन गर्ने र अभिव्यक्त दिने सम्बन्धमा हामी सबै सचेत हुनुपर्ने कुरामा सबैको ध्यानाकर्षण गराउन चाहन्छु ।

मिति २०७६ भाद्र २५ गते बसेको यस सभाको बैठकको विशेष समयमा यस प्रदेश सभालाई मिनिङ्गलेस फोरमको संज्ञा दिने शब्दहरू अभिव्यक भएको सम्बन्धमा म उक्त शब्दहरूलाई सभाको रेकर्डबाट हटाउन प्रदेश सभा सचिवालयलाई निर्देशन दिन्छु ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, यो सभाको बैठकको शून्य र विशेष समयमा सार्वजनिक सरोकारका विषयहरूमा माननीय सदस्यहरूले उठाउनुभएका प्रश्न एवम् जिज्ञाशाको सन्दर्भमा कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले सरकारको कामकारबाही र धारणाका बारे यस सभालाई जानकारी गराउन समय माग गर्नुभएकाले उहाँलाई समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः** माननीय सभामुख महोदय, यो सम्मानित सदनको २८औं बैठकमा माननीय सदस्यहरूले व्यक्त गर्नुभएको सरोकारहरू सवालहरू जुन सरकारका कामकारबाहीसँग सम्बन्धित थिए । ती सरोकारहरू उपर प्रष्टीकरणका लागि रोष्टममा उभिएको छु । माननीय सदस्यज्यूहरूले यो गरिमामय सम्मानित सदनमा जनताका सवालहरूलाई प्रदेशको समृद्धिलाई शीघ्र र तीघ्र/तीब्र रूपमा सम्भव तुल्याउनको लागि र यो व्यवस्थाको औचित्यलाई खासगरी नेपाली जनताको

कर्णालीबासीहरूको लामो त्याग तपस्या बलिदानीको प्रतिफल स्वरूप प्राप्त भको यो व्यवस्थाको संस्थागत सुदृढीकरणका लागि र यसको औचित्य पुष्टी गर्नका लागि र जनताको मेन्डेडलाई शीरोपर गरेर जसरी आफ्ना जिम्मेवारी जसरी यहाँहरूले पूरा गर्नुभो । यसप्रति सरकारको गम्भीर र संवेदनशील ध्यानाकर्षण भएको छ । हामीले वास्तवमा एउटा व्यवस्था जुन व्यवस्थाले रोगको विकल्प दिन सकेन, अभावको गरिबीको विकल्प दिन सकेन, अशिक्षाको अन्धकारको विकल्प दिन सकेन जनताले विकल्प खोजी गरे त्यो व्यवस्थाले त्यो एकात्मक मुलुकले खासगरी व्यवस्थाले गरिबीको विकल्प दिन नसक्दा त्यो व्यवस्थाकै विकल्प खोजे जनताहरूले त्यो व्यवस्थाको विकल्प संघीय गणतान्त्रिक व्यवस्था हो । त्यसो भको हुनाले यो संघीय गणतान्त्रिक व्यवस्थाको विकल्प नखोज्ने स्थिति विकल्प खोज्ने स्थिति नहोस् विकल्प नखोज्ने स्थिति बनोस् र हामीले पुरानो व्यवस्थालाई जनताले सोधेका प्रश्नको जवाफ अभावको जवाफ गरिबीको जवाफ अविकासको जवाफ अशिक्षाको जवाफ हामीले दिनै पर्दछ । त्यो भनेको सामुहिक ढंगले दिनपर्दछ सरकारले हामी सांसदहरूले यस सम्मानित सदनले खासगरी ती जवाफहरू जनताका जवाफहरू सम्मानित सदनमार्फत् यहाँहरूले व्यक्त गर्नुभाछ । मैले अघिनै भनेसके यो संक्रमणकालिन केही संवेदनशीलताहरू छन् संक्रमणकालीन केही जटिलताहरू छन् जुन जटिलताले अनिवार्यरूपमा केही समस्याहरू निम्त्याउँछ । मलाई लाग्छ हामीले चाहँदा चाहँदै पनि सरकारले यो समृद्धिको यात्रालाई तीव्र र शीघ्र ढंगले सम्पादन गर्ने एउटा गन्तव्य हामीले जसरी चाहिँ तपाईको निर्दिष्ट गरेको गन्तव्यमा पुग्नका लागि भरमग्दुर प्रयास गर्दागर्दै पनि केही त्यस्ता संक्रमणकालीन जटिलताहरू छन् संक्रमणकालीन संवेदनशीलताहरू छन् त्यो संवेदनशीलताका बीचबाट गुज्रनुपर्ने हाम्रो एउटा बाध्यात्मकता छ त्यो बाध्यात्मकताको कारणले पनि हाम्रो जो कार्यसम्पादन सरकारको जो चाहिँ परफरमेन्स छ त्यो परफरमेन्समा समस्याहरू चाहिँ पैदा भका छन् । त्यसो हुँदाखेरि केही अनुभवजन्य सीमाहरू छन्, केही कानूनी बाध्यता मतलब केही अभावहरू छन्, केही संरचनागत जटिलताहरू छन्, केही मतलव संक्रमणकालीन संवेदनशीलता, जटिलता र बाध्यताहरू पनि छन् । यसको योगमा वास्तवमा यहाँहरूले जुन प्रश्नहरू जुन जिज्ञासाहरू जुन चाहिँ सवालहरू व्यक्त गर्नुभाछ हामीले चाहँदाचाहँदै पनि अब मत्लव हामी यी यावत प्रश्नहरूको जवाफ दिन हामीले चाहिँ तपाईको हामलाई निकै कठीन भइरहेको छ तर हामी दिंदै जानेछौं हामीले दिने अधिकतम कोशिस गरिरहेका छौं । समयक्रममा यी यावत प्रश्नहरूको जवाफ हामी सामुहिक ढंगले दिनेछौं सरकारले चाहिँ दिनेछ र अहिले खासगरी हिजोको बैठकमा उठेका सवालहरू जसरी चाहिँ छन् बाढीपीडितका सवालहरू थिए मैले अस्ति पनि हिजो पनि मैले अम...राखें । कि अब खासगरीकन यो कर्णाली प्रदेश आफैमा यो जटिल भूगोल र एकदम संवेदनशील भूगोल विकट एउटा बस्तीयुक्त भूगोल भको हुनाले विपतका घटनाहरू प्रतिदिन प्रतिदिन चाहिँ घटिरहेका छन् । प्रदेश सरकारले संवेदनशील हुँदै आवश्यक पऱ्यो भने हेलीलिफ्ट पनि गरेको छ राहत वितरण गर्ने र मतलव विपतमा परेका नागरिकहरूलाई चाहिँ हामीले हेली लिफ्ट पनि गरेका छौं । अब एक हप्ताभित्र हामीले कर्णालीका सबै जनताहरूको हामी बीमा गर्दैछौं । १७ लाखै कर्णालीबासीहरूका निम्ति यो हाम्रा निम्ति निकै सुखद् एउटा चाहिँ मतलव परिघटना हुनेछ एउटा कार्य हुनेछ कि एक हप्ताभित्र हामी सबै जनताको बीमा गर्दैछौं । र हामीले घरहरू १० हजार घरहरूको पनि हामी बीमा गर्दैछौं एक हप्ताभित्र चाहिँ । यो सुखद् सन्देश यो सम्मानित सदनमा जनताका प्रतिनिधिहरूलाई म अहिले सुनाउन चाहन्छु र अन्य कार्यहरू हामीले गरिरहेका छौं । राहत वितरण गर्ने भवनहरू निर्माणदेखि लिएर हामी कार्यहरू गरिरहेका छौं । बरु यसमा माननीय सदस्यज्यूहरूको सहयोगको अपेक्षा चाहिँ सरकारले गरेको छ । त्यसैगरेर यसमा चाहिँ अब अवरुद्ध सडकहरू अब यो बर्षायाममा चाहिँ खासगरी यो पहाडी बाटो र एकदम साँघुरा हाम्रा मतलव बाटाहरू भको हुनाले अवरोध चाहिँ भइरहन्छ तर हामीले अवरोध हटाउन हामीले चाहिँ समन्वयात्मक ढंगले प्रदेश सरकार प्रदेशभित्र रहेका प्रदेशको भूगोलभित्र संघीय

सरकारका र प्रदेश सरकारका निकायहरूलाई हामीले एकीकृत ढंगले परिचालन गरेका छौं र अबरोधहरू पनि लामो समय चाहिँ रहने स्थिति चाहिँ बन्न दिएका छैनौं हामीले चाहिँ । र पुलहरू अब हामीले खासगरी माननीय सदस्यज्यूहरूले पुलको निर्माणको बिलम्बताको विषयमा चाहिँ उहाँले गम्भीर सरोकार व्यक्त गर्नुभाछ यो खासगरी यो हाइवे सुर्खेत-जुम्ला हाइवेको यो हामी अब यो खासगरी अब संघीय सरकारकै अब प्रत्यक्ष अब संचालनमा यी पुलहरू चाहिँ अगाडि बढिराख्याछन् । अब समग्र प्रक्रियात्मक नेतृत्व संघीय सरकारले गरिरहेको छ तर हामी यसलाई चाहिँ ठेकदारहरूलाई अब कालोसूचीमा राख्नको लागि र उनीहरूलाई कारबाहीको प्रक्रिया अगाडि बढाउनका निम्ति हामी पत्राचार चाहिँ संघीय सरकारलाई गर्छौं हामी चाहिँ, गर्छौं । र चाहिँ यस्ता चाहिँ तपाईको गैरजिम्मेवार र राज्यको निर्देशन नमान्ने ठेकदारहरूउपर चाहिँ कारबाहीको कानुनी प्रक्रियाचाहिँ हामी अगाडि बढाउछौं सरकार प्रतिवद्ध छ । जहाँसम्म मदिराको विषयमा मदिरा भनेको अशान्तिको स्रोत हो । मदिरालाई हामीले नभएर मदिराले हामलाई निलिदिएको छ खाइदिएको छ । अझ चपाइदिएको छ भनौं निल्ने ठ्याक्कैभन्दा पनि चपाको छ, त्यसोभा हुनाले अब हामीले यो हाम्रो चाहिँ शान्तिको दुश्मन यो अशान्तिको मित्र अथवा क्याटालिष्टलाई हामीले यो प्रदेशमा हामीले चाहिँ तपाईको नियन्त्रण गर्नुपर्छ यलाई नियन्त्रण गर्नुपर्छ निषेध गर्ने अहिले सम्भव छैन । नियन्त्रणा गर्नुपर्दछ भनेर प्रदेश सरकारले अब विशेष कार्यक्रमचाहिँ अगाडि बढाउँछ, अहिले पनि त्यो चलिराख्याछ यो या त्यो ढंगले तर हामी यसलाई एकीकृत ढंगले अलि अफेन्सीभली हामी यसलाई चाहिँ योजनाबद्ध ढंगले अगाडि बढाउँछौं- हामी पात्र पनि चयन गर्छौं, स्थान पनि हामी चयन गर्छौं मदिरा बिक्रीको, त्यसैगरेर मात्रा पनि हामी निर्धारण गरिदिन्छौं र यसरी चाहिँ हामी यो प्रदेशलाई चाहिँ मदिरा नियन्त्रित प्रदे..एउटा मोडल प्रदेशका रूपमा अगाडि बढाउने हाम्रो एउटा संकल्प छ । यो प्रदेश प्रहरी गठन हुनेवित्तिकै हामी स्वीच अन गर्छौं यसको लागि चाहिँ । यहाँहरू चाहि एकदम ढुक्क रहनको लागि म अपील गर्छु र यहाँहरूको साथको म अपेक्षा पनि गर्दछु । र त्यसैगरेर यो डेंगो प्रकोपका सम्बन्धमा अब त्यो हाम्रो प्रदेशमा डेंगो चाहिँ प्रवेश भर्खरै मात्रै गरेको छ । जस्तो ६ जनामा डेंगो भेटिएको रिपोर्ट मेडिकल रिपोर्ट चाहिँ हामीलाई प्राप्त भको छ अब यो डेंगोका विरुद्धमा चाहिँ हामी अब सामुहिक ढंगले जुध्नुपर्नेछ । त्यसोभा हुनाले अब हामी आफैले पनि अब त्यसको विरुद्धमा व्यक्तिगत ढंगले पनि हामीले प्रयोग गर्ने सार्वजनिक हितमा जारी सन्देशहरू चाहिँ प्रसारित भका छन् । हामीले जनचेतना पनि फैलाउने र सरकारले पनि चाहिँ त्यो ढंगले अगाडि बढिरहेकै छ र यलाई कन्ट्रोल गर्ने वास्तवमा एकदमै डेंगो नियन्त्रित चाहिँ प्रदेश हामी बनाउन सक्छौं अब चाहिँ धेरै यो विस्तार चाहिँ अब रोक्नेतिर लागिराख्या स्थिति छ । अब अहिले सीमित छ यलाई यहींयसैमा सीमित राख्ने ढंगले सोच्नुपर्छ । त्यसको लागि चाहिँ स्वास्थ्य निर्देशनालय प्रदेश सरकारको र जिल्लास्थित स्वास्थ्य कार्यालयहरू पनि क्रियाशील भइराखेका छन् । विभिन्न प्रचारप्रसार कार्यक्रम पनि भइराछ र हस्पिटलहरूमा पनि अब एकदमै डेंगोका बिरामीहरूलाई विशेष निगरानी गर्ने विशेष ट्रिटमेन्ट गर्ने भनेर चाहिँ भनिएको छ निर्देशन गरिएको छ । अब गुणस्तर तथा नापतौल सम्बन्धीका अब केही सरोकारहरू खासगरी उपभोक्ता हितसँग सम्बन्धित सरोकारहरू पनि व्यक्त भाछन् । अब त्यसमा आज अब सूचीमै छ उपभोक्ता संरक्षण सम्बन्धी विधेयकचाहिँ यसमा केही खासगरी नियमनसँगको केही सम्बन्धित अझ ज्यादा चाहिँ यो काम भको हुनाले प्रदेश सरकारसँग अब अहिले अधिकारचाहिँ नभको स्थिति छ हामी चाहिँ समन्वय गरेर चाहिँ अगाडि बढ्छौं र यो सहायक प्रजिअको अध्यक्षतामा बजार अनुगमन समिति पनि गठित छ त्यो समितले अनुगमन गरिराख्याछ । यसलाई अलिकति म्यासिभली चाहिँ अगाडि बढाउन पर्दछ हामी चाहिँ प्रदेश सरकारचाहिँ लागिपरेको छ । बजार अनुगमन निर्देशिका चाहिँ बन्ने क्रममा छ । यो बनाउने क्रममा छौं । त्यसैगरेर अब अनुगमनका कामहरू चाहिँ भइरहेका छन् । अब सडकका विषयमा अब खासगरी जुम्ला सुर्खेत सडकको कुरा उठेको छ अब

यसमा हामीले खासगरी प्रदेश सरकारले डिसिजन गरेर यो संघीय सरकारको क्षेत्राधिकारभित्र पर्ने चाहिँ एउटा सडक भको हुनाले हामीले बजेट आउनुपूर्व पनि यसको स्तरोन्नतिका विषयमा प्रदेश सरकारले सिफारिस गरेर पठायो पनि अब केही टेण्डर अब केही ठाउँहरूमा चाहिँ टेण्डर भइरहेको स्थिति छ । केही ठाउँमा मूल्याङ्कन भाछ तर यो अपर्याप्त देखिन्छ । त्यसो हुँदाखेरि हामीले अझ जोडबल गर्नुपर्ने र यो मदन भण्डारी लोकमार्गको सुर्खेत खण्ड यो पनि संघीय सरकारकै पऱ्यो यो चाहिँ कार्यक्षेत्रभित्र अब यसका लागि पनि अब स्पीड अप गर्नको लागि यसको चाहिँ हामी आवश्यक चाहिँ समन्वय र पहलकदमी लिन्छौं यो विषयमा । प्रदेशमा कर्मचारी व्यवस्थापनका सम्बन्धमा अब हामीले खासगरी यो प्रदेशमा हाम्रो ओएनएम हामी आफै गर्छौं । केन्द्रीय सरकार संघीय सरकारले चाहिँ पठाइदिएको सांगठानिक स्ट्रक्चर यहाँको वस्तुगत आवश्यकता अनुरूप भएन भनेर हामीले चाहिँ ओएनएम अध्ययन सिमिति पनि बन्यो । त्यो समितिले चाहिँ प्रतिवेदन पेश गऱ्यो र फेरि अहिले पछि क्याबिनेटले चाहिँ अब एउटा विज्ञमार्फत् विज्ञ समितिलाई पनि हेर्न लगायौं र एउटा चाहिँ ओएनएम चाहिँ हामीले पारित गरेका छौं । यो प्रारम्भिक हो फेरि यो । यसमा खासगरी कार्यबोझ, कार्यप्रकृति र हाम्रो आवश्यकता र हाम्रा केही सीमाहरूको बीचबाट अहिले यो ओएनएम चाहिँ क्याबिनेटले पारित गरेको छ यो फेरि प्रारम्भिक हो । केही प्रतिक्रियाहरू तपाईं माननीय सदस्यज्यूहरूले व्यक्त गरेजस्तो कर्मचारीहरूको वृत्ति विकासका अवसरहरू पनि सुनिश्चित गर्ने किनभने अब कर्णाली प्रदेशमा इन्सेन्टीभ दिएर चाहिँ कर्मचारीहरूलाई हामीले आमन्त्रण गर्नुपर्ने एउटा स्थिति छ त्यो यो स्थितिका बीचबाट हामीले चाहिँ तपाईको उनीहरूका वृत्तिविकासका अवसरहरूलाई अबरुद्ध नगर्ने ढोकाहरू बन्द नगर्दिने र ढोका अझ खोल्ने खोल्नुपर्दछ भन्ने लाइनमा सोचिरहेका छौं अब केही अब मत्लव सुझावहरू पनि आइरहेका छन् । माननीयज्यूहरूले गम्भीरतापूर्वक राख्नु पनि भाछ अब क्रमशः ती सुझावहरूलाई हामीले चाहिँ समावेश गरेर एउटा चाहिँ साँच्ची नै अब एउटा सक्षम, सुदृढ, अझ सेवाग्राहीमुखी एउटा चाहिँ कर्मचारी खासगरी हाम्रो सांगठानिक संरचना विउरोक्र्यासी चाहिँ हामी निर्माण गरेर अगाडि बढ्छौं, बढ्छौ । सुझावका निम्ति हामी आभार सरकार आभारी नै छ । बजेट कार्यान्वयनका सन्दर्भमा अब खासगरी हामी अलिकति डिले चाहिँ मत्लव विलम्ब चाहिँ भाछ कार्वान्वयन चाहिँ हामी तर पनि अब हाउसको जो मेन्डेड छ त्यो मेन्डेडलाई हामीले मध्यनजर गर्दै अगाडि बढिरहेका छौं । केही कार्यान्वयनको प्रक्रियामा त प्रारम्भ चाहिँ अब यो या त्यो ढंगले अब खासगरी प्लानिङ्ग गर्ने त्यसपछाडि चाहिँ कार्ययोजनाहरू बनाउने कार्यालयहरू स्थापना गर्ने लगायतका कामहरू चाहिँ भएका छन् । अब कार्यान्वयनको प्रक्रिया अगाडि बढ्छ । खासगरी यो स्याउको बिषयमा र यहाँको फलफूलहरूका विषयमा चाहिँ माननीय सदस्यहरूले केही सरोकारहरू व्यक्त गर्नुभाछ । अब यसमा स्याउको जहाँसम्म अहिले सवाल छ । वास्तवमा स्याउ व्यापारीहरू निरुत्साहित भइरहेको स्थिति छ अहिलेसम्मको अनुभवबाट हेर्ने हो भने । एक समय कर्णालीको स्याउले चाहिँ बजार पूरै चाहिँ तपाई क्याप्चर गर्छ नियन्त्रण गर्छ बजार । त्यो छोटो अवधिको लागि त्यो भनेको मुस्किलले १५ दिन, जब चाहिँ तपाईको चीनबाट भारतबाट चाहिँ स्याउहरू आउनपुग्छ त्यसपछाडि कर्णालीको स्याउ चाहिँ तपाईको कुहिने अवस्थामा हुन्छ । थुप्रै व्यापारीहरू मत्लव आँशु झारेरै फर्केका हामीले चाहिँ देखेका छौं किनभने कोल्ड स्टोरको व्यवस्था छैन प्याकेजिङ्गको लागि हामीले आवश्यक सहयोग पर्याप्त मात्रामा गर्न सकिरहेको स्थिति छैन । बाहिरको इण्डियाको स्याउ चाहिँ तपाईको अनुदानबाट ढुवानी गर्ने हुन्छ प्याकेजिङ्गमा ढुवानी अथवा त्याँ लोनको व्यवस्था गर्ने तर हामीले अहिलेसम्म चाहिँ त्यो, त्यो स्तरमा गर्न सकिराछैन तर पनि अब सुपर स्याउ सुपरजोन एउटा कार्यक्रम प्रधानमन्त्री परियोजना अन्तर्गत यो कार्यक्रमले चाहिँ अब साना खालका कोल्ड स्टोरहरू सेलार स्टोरहरू अनुदानमा चाहिँ सुरु त गऱ्याछ यो पर्याप्त छैन । अब प्रदेश सरकारले भूमि तथा व्य..भूमि व्यवस्था कृषि सहकारी मन्त्रालयले खासगरी अब केही अनुदानका कार्यक्रम मत्लव

अहिले चाहिँ सफ्टलोन सेलार स्टोरको कार्यक्रम संचालन गरिरहेको छ र अब छिट्टै खासगरी यो डीपीआर गरेर अब ठूला चाहिँ तपाईंको कोल्ड स्टोरहरू ठूलो स्केलमा कोल्ड स्टोर चाहिँ ठूलो मात्रामा चाहिँ क्षमताका ठूलो क्षमताका कोल्ड स्टोरहरू सुरु गर्ने योजना चाहिँ बनाको स्थिति छ र समग्रतामा यी जिज्ञासाहरू चाहिँ माननीय सदस्यज्यूहरूले चाहिँ अब राख्नुभएको छ र सरकार चाहिँ यहाँहरूको जिज्ञासालाई उत्प्रेरकका रूपमा एउटा ऊर्जाका रूपमा सरकारले चाहिँ ग्रहण गरेको छ र हामी सबै यो व्यवस्थाको औचित्य पुष्टीका लागि हामी सामुहिक प्रयत्न गरौं । मलाई लाग्छ यो औचित्य पुष्टी गर्नकै लागि यहाँहरूका सवालहरू सरोकारहरू चाहिँ गम्भीरतापूर्वक संवेदनशीलतापूर्वक व्यक्त भका छन् भन्दै सरकारका तर्फबाट मैले प्रष्टीकरण चाहिँ विट मार्ने अनुमति चाहन्छु । हवस् त धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, अब म प्रदेश सभा नियमावली २०७४ को नियम १०५ मा भएको व्यवस्था अनुसार कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्द सिं बुढाको तर्फबाट आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई उपभोक्ता संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ सभासमक्ष टेबल गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः** माननीय सभामुखज्यू, उपभोक्ताको स्वास्थ्य सुबिधा र आर्थिक हित कायम राख्न उपभोग्य वस्तु वा सेवाको गुणस्तर परिमाण एवम् मूल्यको अनियमितताबाट उपभोक्ता वर्गलाई संरक्षण प्रदान गर्न तथा सुरक्षित र गुणस्तरयुक्त उपभोग्य वस्तु वा सेवाको बिक्रीवितरण निकासी पैठारी र संचय सम्बन्धी व्यवस्था गरी उपभोक्ताको हकहित संरक्षणका लागि आवश्यक कानुनी व्यवस्था गर्न वान्छनीय भएकोले उपभोक्ता संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ प्रदेश सेवा नियमावली २०७४ को नियम १०५ बमोजिम सभासमक्ष टेबल गर्दछु धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, अब यो बैठक २०७६ साल भदौ २९ गते आइतबार दिनको ३:०० बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

# बैठक संख्या-२९

(२०७६ साल भदौ २९ गते आइतबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश प्रदेश सभाको चौंथो अधिवेशनको २९औं बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायहरूको ध्यानार्कषण गराउनु पर्ने सार्वजनिक सरोकारका विषयहरूमा यथास्थानबाट आफ्ना भनाई राख्न विशेष समयको व्यवस्था गरेको छु । सर्वप्रथम माननीय श्री जीवनबहादुर शाही । माननीय सदस्य रोष्टम प्रयोग गर्न सक्नु हुन्छ।

**माननीय श्री जीवनबहादुर शाहीः** सम्माननीय सभामुख महोदय, २९औं बैठकमा मलाई पनि आज २९औं कुरा गर्न मन लागेको छ सभामुख महोदय । सरकार त गडबढ गर्थ्यो गर्थ्यो, हाम्रो सचिवालय पनि गडबढ गर्न थालेछ । सभामुख महोदय, यसो पछाडि हेरें नबोलेका माननीयज्यूहरूले पनि बोल्यो भनेर दिया रहिछन् । यो अलिकति ऐतिहासिक डकुमेन्ट भएको हुनाले भोलिका दिनमा यलाई अलिकति ख्याल गरिदिनको लागि पनि हाम्रो विशेष गरेर मैले हाम्रा प्रमुख सचिवज्यूलाई अनुरोध गरें यो अन्यथा होइन । यो यस्ता कुराहरू धेरै महत्वपूर्ण हुन्छ । टाउको फरफराउन नमिल्या हुनाले अलि देखिएन । अब यो २९औं कुरामा के छ भने सम्माननीय सभामुख महोदय, भदौको महिना सिद्दिन थाल्यो । तर हाम्रो बजेट कुन दुलामा पस्यो हामीले थाहा पाउन सकेनौं सभामुख महोदय । सरकार हाम्रो प्रिय सरकार कुम्भकरण सुतेझैं सुतेको जस्तो लाग्न थाल्यो । कुनै विधेयक जुन मन्त्रीको हो अथवा हाम्रो या त हाम्मा कुरा हाम्मा मुख्यमन्त्री भनेपछि हाम्मै कुरा गर्नुपर्ने होला यद्यपि त्यति हुँदाहुँदै बाउरे लाउने चलन मात्रै हुन थाल्यो सभामुख महोदय । मैले धेरै कुराहरू यो सदनबाट उठाएको छु । आज प्रत्येक यो हप्ताभरि बोलिरहेको छु । बजेट खोई, हाम्रो बजेट खोई, बजेट कता गयो ? आज सभामुख महोदय सबै माननीय सांसदज्यूको सम्माननीय सभामुखले अनुहार हेर्नु भो भने सबैको अनुहार निराशा छाएको छ । आज जनता, जनताका प्रतिनिधिहरूलाई तिमी गाउँ फर्केर नआऊ भनेर भन्न लाएका छन् । आज योभन्दा लाजमर्दो के हुन सक्छ सभामुख महोदय । बारम्बार यो रोष्टमबाट बोलिन्छ, सरकार बेखबर छ, सायद मलाई लाग्यो सत्ता पक्ष, प्रतिपक्ष लेखेको छ र बीचमा सरकार भन्ने शब्द नलेख्या हुनाले सरकारले यहाँ बस्नु पर्दैन कि भन्ने ठानेको हो कि भन्ने मलाई लाग्छ । आजकै सुर्खेतका घटनाहरूलाई हेर्नुस् धन्नै मान्छेको ज्यान जान थालेका छन् । बाटो, बाटोहरू हिलाम्य छन्, भौतिक मन्त्रालय कहाँनिर सुतिरहेको छ ? त्यसका विभागहरू कहाँ सुतिरहेका छन् ? ट्याम्पु पल्टेका छन्, मान्छे पल्टेका छन्, सरकारसँग माननीयहरू जाँदा सरकार उले मलाई थाहा छैन भनेर भन्छ भने अब यो यहाँको विकासको लागि कसले थाहा पाउने हो सभामुख महोदय । यो आज मात्र मैले भनेको छैन, धेरै चोटि मैले भनिसकें सभामुख महोदय । के साँच्चै यो पिपल चौतारी हो ? सदनमा उठेका कुराहरूको जवाफ सरकारले दिनु पर्छ कि पर्दैन ? हामी बजेटका कुरा गर्छौं, विनियोजन विधेयकमा छलफल हुन्छ । संशोधन प्रस्ताव आउँछ सरकारका मान्छे हेलिकप्टर चढेर चाहिँ माथि उडेर फोटो खिचिरहेका हुन्छन् । कुनै संवेदनशिलता नै देखिएन । मलाई आज लागेको थियो सरकारका महत्वपूर्ण मान्छेहरू जो विधेयकसँग सम्बन्धित सरकार प्रमुख र आर्थिक मामिला मन्त्री आउनुहुन्छ नै मैले ठानेको थिएँ । यो त हाटा गर्ने ठाउँ पो भयो सभामुख महोदय हाजिर गर्ने टाप कस्ने । यले हाम्रो विकास हुन्छ कि हुँदैन अब सांसदका जीउज्यानको सुरक्षा कसले लिन सक्छ सभामुख महोदय । अब यो सरकारले लिनु पर्छ । अन्यथा सायद होला मानिसमा वितृष्णा सिर्जना भैसकेपछि अनि

विद्रोह भित्रैबाट हुने कुराहरू पनि हुन् कि भन्ने मलाई लाग्छ तर मैले विद्रोहको कुरा त सिकाउनु पर्दैन सम्माननीय सभामुख महोदय, विद्रोह गरी गरी चाहिँ उहाँहरू आउनुभएको त्यो कुरा त बुझ्नुपर्थ्यो होला नि । सधैं हामी बोलिरहँदा हामीलाई यी आवाजहरू उठाइरहँदा सरकार बेवास्था भएर ग ग बसिरहेको हुन्छ । आजसम्म बजेट नल्याउने सरकार, यो सरकार छ कि छैन मैले पहिला पनि भनिसकेको छु र आज पनि म त्यहि भन्न चाहान्छु । म २/३ वटा उदाहरणहरू दिन चाहान्छु सभामुख महोदय । सरकार काठमाण्डौमा बस्छ अनि उले भन्छ मलाई विकासको लागि हुटहुटी छ । मेरो छाती चर्केको छ । विकास कसरी गर्ने भन्ने मैले सपना देखिरहेको छु भन्छ केन्द्रिय सरकारले सभामुख महोदय । हाम्रो विकासका ४ वटा डि भनेर भन्छन् । ड्रिम गर्नुपर्छ, डिजाइन गर्नुपर्छ अनि डेलिभर गर्नुपर्छ र अनि डिभालवमेन्ट हुन्छ तर यो सरकार के गरिरहेको छ त । ड्रिम त देखिरहेको छ तर कस्तो ड्रिम देखेको छ डट्री ड्रिम देखेको छ । अनि कस्तो ड्रिम देखेको छ डेन्जरअस ड्रिम देखेको छ । अनि कस्तो ड्रिम त्यस्तै डिजास्टर खोला बगिराहेका छन्, पुल भत्किरहेका छन्, बाटाहरूको चाहिँ चौपट भएको छ । मानिसहरू मरिरहेका छन् अनि सरकार भन्छ मलाई हुटहुटी लागेको छ । मलाई आज एउटा एकजना भाइको मलाई याद आयो । मेरो एउटा भाई पर्नेको छोरी स्टाफ नर्स पढेकी एउटा गाउँको केटोले भनेछ मैले चाहिँ डक्टर पढ्दै छु भनेर उलाई भगाएर लग्यो अनि कोठामा लग्दा उसकोमा लेखेको रहिछ, I want to be a doctor, I want to be a doctor, I want to be a doctor भनेर लेखेको रैछ । पढ्नु कहिल्लै नपर्ने कि यो सरकार त्यस्तै देखियो I want to be a doctor भनेर डक्टर हुने भएको भए सायद यहाँ सबैले I want to be a primeminister of Nepal भनेर लेखिन्थ्यो होला । यी सबै प्राईमिनिस्टर हुन्थे होलान् । त्यस्तो खालको विकासको हुटहुटीले अगाडि बढ्न सक्दैन सभामुख महोदय । पत्रकार साथीहरू एक महिना अगाडि त्यो पत्रकारले लेख्छ फलानाले यति भ्रष्टचार गऱ्यो । फलानोको श्रीमतीलाई यस्तो भयो फलानाले यस्तो गऱ्यो भनेर ब्यापक लेख्छ ती आज पनि हामीले हेऱ्यौं भने युटुबमा १/१ भ्रष्टाचार गरेर अनि हिजो अस्ति फेरि लेख्छ त्यो पत्रकारले कि यहाँ जस्ता महान व्यक्तित्वहरू कोही छैनन् । अब त शंका गर्नुपर्ने भो सभामुख महोदय यी कुराहरूलाई हामीले चाहिँ संवेदनशील हुनुपर्छ कि पर्दैन ? अनि सरकार रहर मान्छ हुँदाहुँदा भोलि सुइपरको दरबन्दी खालि हुँदा पनि सरकार त्यो दरबन्दी मैले राख्नुपर्छ भनेर अगाडि बढ्न थाल्यो सभामुख महोदय । काम चाहिँ नगर्ने मैले अहिले कुरा निकाल्दै थिए इन्सेटिभको कुरा । म आज पनि दोहोऱ्याउन चाहान्छु सभामुख महोदय किनकि यसको धेरै महत्व छ सभामुखज्यूको अध्यक्षतामा आन्तरिक मामिला मन्त्रीको रोहबरमा विपक्ष दलको नेता, सचेतकज्यूहरू हामी सबै बसेर यहाँका कर्मचारीहरूलाई फोर्टी प्रसेन्ट इन्सेटिप दिने मर्यादापालक र अरु यहाँका सुरक्षाकर्मीहरूलाई ३५ प्रसेन्ट दिने भनेर हामीले पास गऱ्यौं हामीले । ऐन पास गऱ्या होईन त्यहाँबाट पास गरेको कुरालाई आजसम्म सरकारले एक पैंसा दिएन सभामुख महोदय अनि उले के भन्छ भने काम गर्ने मान्छे नै छैनन् । काम गराउनको लागि यदि हामी त चाहान्थ्यौं ५ जनाले गर्ने काम १ जनाले गराउन सक्ने त्यो क्षमता गर्नुपऱ्यो । मलाई विश्वास छ जति हामीसँग मेनपावर छ त्यलाई चाहिँ हामीले इन्सेन्टिभ दियौं भने अगाडि बढ्न सक्छ । कर्मचारीलाई दास बनाएर बन्दुक तेर्साएर कर्मचारीले काम गर्न सक्दैन अनि सरकार परिकल्पना गर्छ कि अब इन्जिनियरिङ्ग कम्पनि चाहिँयो । उलाई प्राधिकरण चाहिँयो किनकि कर्मचारीले काम गरेन त्यो प्राधिकरणले भोलि काम गर्छ सभामुख महोदय । मानिस त उही हुन्, नेपाली नै हुन् त्यो कहिले पनि काम हुन सक्दैन । यो खालको अवस्थाले हामी, म उदाहरण दिन चाहान्छु । आज बिहान मात्रै हाम्रो सुदुरपश्चिमका सांसदज्यूहरूसँग विशेष गरेर समितिका सभापतिहरू आउनुभएको थियो, उहाँले गर्नुभएको रैछ आफ्नो प्रदेशमा ६० प्रसेन्ट कर्मचारीलाई ४० प्रसेन्ट मर्यादापालकलाई त्यति मात्र होइन सभामुख महोदय फेरि २५ रुपैयाँ दिनको दिने गरेर गरेको रैछ । त्यसकारण होला सायद तिनीहरूले त्यही गरेको हुनाले ५८ प्रतिशत भए पनि उनीहरूको बजेट खर्च भएको

छ । गत साल हाम्रो ३५ प्रतिशत मात्र भयो । त्यो पनि के हो ? म बुझ्दिन त्यै विकासका रूपमा गरेको देखिदैन । यो खालले हामी अगाडि बढ्न सक्छौ कि सक्दैनौ सभामुख महोदय । आज बजेट विनाको संसद छ बजेट विनाको सरकार छ तर सरकारका मन्त्रीहरू सयर गरेर हिंडिरहेका छन् । म प्रश्न राख्न चाहान्छु यदि २ दिनभित्र यो बजेट आउदैन भने सभामुख महोदय अब यहाँ मिठो बोलेर सम्बोधन गरेर यो अगाडि नबढ्ने रैछ किनकि सरकार त्यो बानीमा परेको छ। ढुङ्गै हाने मात्रै त्यलाई क्रान्ति सम्झिने, बन्दुकै हाने मात्र क्रान्ति सम्झिने हो भने ती कुराहरू अगाडि नबढ्लान भन्न सकिन्न सभामुख महोदय । अब हामीले यो सदनभित्र यस्तो बोल्नुपर्ने मलाई लाग्थ्यो हामीले यस्तो बोल्नु हुँदैन जब कि सदनका माननीयहरू आफ्नो गाउँ जाने अवस्थामा नजाने हुन् भने सरकारले आजसम्म बजेट निकासा नगर्ने हो भने बजेटलाई त्यही हिजो भनेको अनुसार अङ्ग नबनाउने हो भने सरकार रह्यो कहाँ ? त्यो सरकार के गरिरहेको छ ? त्यो सरकारले कसरी तलब खाइरहेको छ ? मलाई त अचम्म लागिरहेको छ सभामुख महोदय । हिजो अर्थ मन्त्रालयले १८/२० प्रसेन्ट बजेट सबैको पारिश्रमिक बढाएर गएको छ । त्यो सिस्टममा यो सरकार पनि हिंड्नु पर्छ कि पर्दैन केहीलाई हुने र केहीलाई नहुने भन्ने कुरा अगाडि बढ्न सक्छ कि सक्दैन । त्यसैले हुन सक्ला सभामुख महोदय आज विप्लपको आन्दोलन चर्किदै जाने सरकारका कारणहरू सरकारका मान्छेहरू जहाँ जहाँ पुग्छन् त्यहाँ बम विस्पोटन गर्ने अनि गाउँपालिका नगरपालिका र संविधान सभाका सांसदहरूलाई पनि चिठी लेखेर चन्दा देऊ भन्ने कुरा आईरहेको छन् कि सुरक्षा गर्नु सरकारको दायित्व थियो कि थिएन यो कारणले आज मैले अन्तिम अवस्था यो महिनाको अन्तिम अवस्थामा अन्तिम चोटी मैले भन्दैछु सभामुख महोदय अब पनि २ दिनभित्र सरकारले बजेट ल्याएन भने यो सरकार गईसकेको बजेट नबनाउने जसको हैसियत नभएको सरकारले सायद सरकारको अक्षर नलेखेको कारणले त्यही होला यो कुर्चीमा बस्ने अधिकार पनि हुन सक्दैन । त्यसकारणले चाहिँ म सम्पूर्ण सभामुख महोदयमार्फत् सम्पूर्ण सदनलाई म चाहिँ आग्रह गर्न चाहान्छु कि हामीले उनीहरूका कारणले गाली खानुपर्ने, गाउँमा हामी जान नहुने, हाम्रा बाटाहरू कच्ची नै हुने, पैंसा फ्रिज भएर जाने अनि केन्द्रीय सरकारले बजेट दिएन भनेर यहाँ रोएर बस्न पाइन्छ सरका, सभामुख महोदय । यी कुराहरूमा चाहिँ सरकारले अगाडि बढोस् कर्मचारीहरू जति पनि पुग्दारैछन, मैले क्यालकुलेसन गरेको छु । उनलाई विचाराहरू खान नपुग्ने गरी, मलाई एउटा सुन्नमा आएको त्यो यति निष्ठुरी मान्छेहरू पनि हुँदा रैछन् राति २ बजे एउटा हाकिमलाई कसैको घरमा प्रदेशमा गएर पुऱ्याउन जादाँ अनि आफ्नो ड्राइभरलाई प्रादेशिक ड्राइभरलाई राति सोध्दै पनि नसोधेर पठाउने जस्तै यो सरकारले त्यही गरिरहेको छ सभामुख महोदय । त्यसकारण यसका लागि पनि गम्भीर हुन म सभामुखज्यूमार्फत् यो सम्मानित सदनलाई म आग्रह गर्न चाहान्छु । सम्मानित सदन त्यसै भनिएको छैन सभामुख महोदय । सायद संसारका ठूला ठूला परिवर्तनहरू यी सासंदहरू हुन्छन् । यो सदनबाट पावर अफ सेपरेसन भनेर हामीले पढ्ने गर्छौ सरकार एउटा हो, सदन एउटा हो, जुडिसरी अर्को हो । जब हामीले यहाँबाट कानून पास गर्छौं अनि मात्र सरकारले त्यो कानून लागु गर्न सक्छ सरकारले गरेको कानूनमाथि न्याय भयो कि अन्याय भयो कि भएन अनि जुडिसरी अथवा न्यायलयले हेर्ने हो सभामुख महोदय । यहाँ त न्यायलय पनि सरकार आफै छ । कानून बनाउने पनि सरकार आफै छ । सुन्नमा आउँदैछ सभामुख महोदय । यो पनि म रेकर्ड गर्न चाहान्छु कि सरकारले हामीलाई पास गरिसकेका कैयौं योजनाहरू सरकारको ठाडो आदेशमा रोकिदै छन् भन्ने कुरा पनि आएको छ संसारमा काहि पनि यो प्रर्याक्टिक्स हुन सक्दैन सभामुख महोदय जब कि सदनले पास गरेका कुराहरू काहिँ पनि रोक्न मिल्दैन । त्यो गरेको छ भने त्यो अबैधानिक हुन्छ अवैधानिक गर्ने, कार्य गर्ने सरकार, सरकारको प्रमुख भएर अथवा सरकारमा बस्न मिल्दैन सभामुख महोदय । यो म चाहिँ सम्माननीय सभामुखज्यूमार्फत् यो सम्मानित संसदलाई म अनुरोध गर्न चाहान्छु । अब यो केही आजकल यस्ता घटनाहरू घटिरहेका छन् । मेरै जिल्ला हुम्लामा चंखेली गाउँपालिकामा कामको सिलसिलामा गएको

सिअहेबको उनले आत्महत्या गरे भन्ने कुरा आइरहेको छ । बजारमा धेरै ठूला ठूला हल्लाहरू आईरहेका छन् आत्महत्या गराउन स्थानीय सरकारले प्रेरित गऱ्यो भन्ने कुरा आइरहेको छ । पैंसाको कुराहरू आइरहेका छन् तर प्रदेश सरकारले हारगुहार गर्दाखेरि प्रदेश सरकार हाम्रो टाउको दुख्यो भनेपछि घुम्न जानको लागि हेलिकप्टर व्यवस्था गर्न सक्छ तर एउटा राज्यको कर्मचारीको आत्महत्या भइरहेको बेला आत्महत्या हो या हत्या हो त्यो अनुसन्धानको विषय छ भइरहँदा पनि सरकार गुमनाम भएर बसिरहेको छ सभामुख महोदय अनि यो नागरिकको हामीले चाहिँ सेवा र सुविधा दिनुपर्नेमा एउटा सरकारी कर्मचारीलाई आज एक जनालाई पऱ्यो होला आज लालबहादुर शाही भन्ने मान्छेलाई पऱ्यो होला भोलि अरुलाई पर्ला यो सरकारको दायित्व हो कि होइन सरकारको गृह प्रशासन हेर्ने यहाँ मैले देखिरहेको छैन सरकारको समग्र प्रमुख हेर्ने प्रमुख नै यहाँ हुनुहुन्न यदि काठमाण्डौ मै बस्नुपर्ने हो भने यहाँको सरकार प्रमुख भएर अथवा मन्त्री भएर बस्नु पर्ने औचित्य छ छैन सभामुख महोदय यो पनि एउटा ठूलो डरलाग्दो कुराहरू आइरहेका छन् अनि हामीले भन्छौ कर्मचारीले काम गरेनन् यसको पनि म सभामुख महोदयमार्फत् यी कुराहरू व्यवस्था गरियोस् अमेरिका जस्तो देशले भारत जस्तो देशले आफ्ना एक जना नागरिकहरू ठाउँमा गए पनि हुन्छ तर हामीले कामको शिलसिलामा गएका कर्मचारीहरूलाई उनको अत्तोपत्तो गर्दैनौ भने यो खालको अवस्था पनि नदोहोरियोस् भन्न चाहान्छु सभामुख महोदय र यसै सन्दर्भमा अब यहाँ सायद मुलककै गुन्डागर्दी बढ्दै गएको छ । राज्य सत्ता हामीले भन्ने गर्थ्यौं हामीले पढ्ने गर्छौं रुल अफ ल, रुल अफ ल तर यहाँ रुल बाई ल हुन थाल्यो सभामुख महोदय हाम्रो खजुरामा नेपाली काङ्ग्रेसको राष्ट्रिय जागरणको कार्यक्रम भइरहेको अवस्थामा त्यहाँका केही व्यक्तिहरू आएर आफूलाई गुन्डागर्दी गरेर एउटी आमासरहको त्यहाँको सभापतिको हात भाँचिएको छ सभामुख महोदय । तरुना तरुना भएको भए त झगडा गरे होलान्, कुटे होलान्, पिटे होलान् भयो कि भन्नु एउटा आमासरहको महिलालाई एउटा नेतालाई गुन्डागर्दी गरेर हातखुट्टा भाँच्ने अनि सरकार मौन भएर बस्ने हो भने अब यो देशमा के साँच्चै रुल अफ ल होइन रुल बाइ ल हुने हो भने सायद गुन्डागर्दीहरू नबढ्लान् भन्न बाँकी रहन सक्ने छैन सभामुख महोदय । मैले यो प्रदेशमा किन उठाइरहेको छु भने यो राज्यको दायित्व हो भोलि अरुलाई पनि हुन सक्छ अब यी कुराहरूको लागि पनि म मेरा यी कुराहरू रेकर्ड गराउन चाहें र अन्तमा फेरि पनि भन्न चाहान्छु सभामुख महोदय । यदि सरकारले २ दिनभित्र बजेट ल्याउदैन भने आजसम्म पास नभएको भने हामीले कुनै पनि कुराहरूको कसर बाँकी राख्ने छैनौं यति भन्दै फेरि पनि यो प्राधिकरण बनाउनको लागि ऐनहरू हैन कम्पनी गठन गर्नको लागि होइन भएका कर्मचारीहरूलाई इन्सेन्टीभ दिने भएका कर्मचारीलाई हटाउने गरिएको छ । भएका कर्मचारीहरूलाई तलब नदिएर त्यतिकै राखिएको छ अनि भएका संरचनालाई भत्काउन लागिएको छ ओएनएमका नाममा मैले अस्ति पनि बोलेको छु सभामुख महोदय । यो सदनसँग छलफल नगरेर आफ्नो हक र अधिकार हो भनेर जथाभावि जुन गर्ने गरिएको छ हामी त्यो जथाभावि ढंगले अगाडि बढ्न दिदैनौं । रुल अफ ल लागु गराउनको लागि सम्माननीय सभामुख महोदयलाई हार्दिक अनुरोध गर्दै म सम्माननीय सभामुख महोदयमार्फत् यो सदनलाई पनि अब हामीले कसैले हामीलाई गाली गरेर रोएर बस्ने होइन यदि यो गर्छ भने यो र उ नभनेर सरकारका विरुद्धमा जानुबाहेक बाँकी नरहेको हुनाले यदि कुरा राख्दै म विदा हुन्छु । धन्यवाद । जय नेपाल ।।

**माननीय सभामुखः** माननीय सदस्यहरू, विशेष समयमा बोल्न चाहानुहुने माननीय सदस्यहरूले आ-आफ्नो नाम सभामुखको डायसको बायाँतर्फ रहेका कर्मचारीहरूकोमा टिपाउनु होला ।

अब माननीय श्री धर्मराज रेग्मी ।

**माननीय श्री धर्मराज रेग्मीः** माननीय सभामुख महोदय, भदौ सकिन लाग्दा पनि सभामुख महोदय, संसदले पास गरेको बजेटसँग सम्बन्धित पुस्तिकाहरू र अख्तियारि लगायतका विषयहरू यथाशक्य भएन भने त्यसका केही दुरगामि परिणामहरू छन् । सभामुख महोदय, म संक्षेपमा खासगरी चाहिँ पछिल्लो समय मुलुकको अर्थतन्त्र केही संकटमा छ सभामुख महोदय, मुलुकको मात्रै होइन विश्वको अर्थतन्त्र संकटमा छ अर्थशास्त्रीहरू । हाम्रो नजिक छिमेकमा भारतको अर्थतन्त्रमाथि केही प्रश्नहरू उठिरहेका छन् सभामुख महोदय, यसको प्रभाव मुलुकमा पर्छ कि पर्दैन यसको प्रभाव कर्णाली प्रदेशको अर्थतन्त्रमा पर्छ कि पर्दैन हाम्रा लागि यो महत्वको बिषय हो सभामुख महोदय । अर्थतन्त्रको संकटका केही ईन्डिकेटरहरू छन् सभामुख महोदय, त्योमध्ये हामीले पछिल्लो एक दशकमा गर्न नसकेको पूँजीगत खर्चको परिचालनमा चाहिँ जुन निराशाजनक अवस्था छ, त्यो पूँजीगत खर्चको परिणाम परिचालनलाई हामीले चाहिँ आशाजनक अवस्थामा पुऱ्याउन सकेनौं । चालु खर्चको चाहिँ जुन कटौति गर्न सकेनौं सभामुख महोदय, यो १० वर्षको दौडानमा सरकार सञ्चालनमा हामी सबै छौं सभामुख महोदय, अहिले विपक्षीमा हुने साथीहरू पनि हुनुहुन्छ हामी पनि छौं आलोपालो छ यो एक दशक । यो हामी सबैको लागि साझा कुरा हो सभामुख महोदय, मुलुकको अर्थतन्त्रको एउटा संकट चाहिँ के हो भने नेपालको चालु खर्चको अवस्थालाई हामीले नियन्त्रण गर्न सकेनौं भने निराशाजनक छ र पूँजीगत खर्चलाई चाहिँ हामीले बढवा दिन सकेनौं सभामुख महोदय, मैले प्रदेशमा यो कुरा किन भन्दै छु सभामुख महोदय, भनेर भन्दाखेरि हामीले यो वर्षको बजेटचाहिँ अख्तियारि अहिलेसम्म दिन सकेको अवस्था छैन । र बजेट संसदले पास गरेको बजेटको पुस्तिका हामीले चाहिँ संसदमा ल्याएर यो वर्षको कार्यक्रमहरू जो हो यहि शिर्षकमै यति चाहिँ बजेटहरू हामीले विनियोजन गऱ्या छौं भनेर त्यो पब्लिक डोमेनमा रहने बिषय हो सभामुख महोदय, संसदले पास गरेको बजेट चाहिँ सार्वजनिक हुने बिषय हो । पब्लिक डोमेनमा रहने बिषय हो । पत्रपत्रिकाले प्रश्न उठाए भने पाउने बिषय हो । नागरिक समाजले प्रश्न उठाए भने र सर्वसाधारण नागरिकले कर्णाली प्रदेश सरकारको बजेटको बारेमा यो बजेट पास भएको यति लामो समयपछि भदौ सकिन लाग्दा चाहिँ संसदमा हामीले यो प्रश्न नउठाउनु पर्ने हो, यो उठाउनु पर्ने अवस्था छ । त्यसकारणले म प्रदेश सरकारलाई सम्मानित सभामार्फत् चाहिँ प्रदेश सरकारलाई यथाशक्य छिटोभन्दा छिटो यी विवरणहरू संसदमा पेश गर्न र अख्तियारि लगायतका आन्तरिक काम कारबाहीहरू छिटो सम्पादन गर्न म सबभन्दा पहिले विनम्रतापूर्वक यो निवेदन गर्दछु । संसदमा सरकारको उपस्थिति संख्यात्मक हिसाबले सरकारको उपस्थिति संसदमा देखिँदै देखिएन । यो चाहिँ दुर्भाग्यको कुरा हो सभामुख महोदय, हुन त संसदमा यो यस्तो बेलामा हामी संसदमा छलफल गर्दै छौं सभामुख महोदय, प्रजातन्त्रको जननि ब्रिटिस पार्लियामेन्ट ३५ दिनको लागि निलम्बन भएको छ । प्रधानमन्त्री जि मोरिसले चाहिँ ३५ दिन यो संसदको जननि भनेर हामी लामो समय छलफल गर्दै छौं । ब्रिटिस पार्लियामेन्ट ३५ दिन निलम्बन भएको छ । सबभन्दा रोचक के छ भने बेलायतीहरू संसदको पुनःस्थापनाको लागि अदालतमा जाँदै छन् । स्कटल्याण्डको एउटा कोर्टले के भन्यो भने संसद निलम्वन गर्ने बिषय चाहिँ चाहिँ प्रधानमन्त्री बोरिसको गल्ति थियो भनेर चाहिँ हाइकोर्टले हिजो आदेश गऱ्यो तत्काल तत्काल भैरहेका बिषयहरू हुन् सभामुख महोदय, अर्थात प्रजातन्त्रको जननि मानिएको बेलायतमा ३५ दिन सदन निलम्वन भैराबेला हामीले संसदको एउटा राम्रो रोचक र सकारात्मक पक्ष के छ भने हामी संसद बलियो बनाउने बारेमा छलफल गरिराछौं सभामुख महोदय । आठ सय वर्षको लामो संसदको इतिहास छ । ब्रिटिसहरूले यलाई नयाँ चाहिँ अनुभवको रूपमा नयाँ रोचक अनुभवको रूपमा उनीहरूले नजिकबाट हेरिरहेका छन् सभामुख महोदय, एउटा सांसदको रूपमा जनप्रतिनिधिको रूपमा यो बिषय मेरो चासोको बिषय पनि हो सभामुख महोदय, यसकारणले संसदमा सरकारको उपस्थिति कमजोर उपस्थिति देखियो र यो उपस्थिति संसदका लागि प्रदेश सभाका लागि यो सुखद् बिषय होइन सभामुख महोदय, म त्यता पट्टी संकेत

गर्न चाहान्छु । पूँजीगत खर्चको परिचालन मैले हामीले बजेट पास गर्दा सभामुख महोदय, पूँजीगत खर्चका केही शीर्षकहरूमा हामीले चाहिँ चालु खर्चका शीर्षकहरूलाई चाहिँ केही शीर्षकहरूलाई करेक्सन गरेर पूँजीगततर्फ खर्चतर्फ यो कुरालाई चाहिँ हामीले परिवर्तन गर्ने र चाहिँ बजेटलाई राम्रो बनाउने भन्ने बारेमा हामीले पार्लियामेन्टले चाहिँ यहि प्रदेश, सम्मानित प्रदेश सभाले पास गरेको बिल, त्यो बिल र संसदसँग सम्बन्धित मैले अगाडि माग गरेको डकुमेन्टहरू यथाशक्य चाहिँ संसदमा जानकारीमा चाहिँयो सभामुख महोदय, यति कुरा मैले विनम्रतापूर्वक अनुरोध गरेँ । मैले आज खासगरी यो अर्थतन्त्रको बिषयमा मेरो अलिकति यसमा टिप्पणी छ । सभामुख महोदय, टिप्पणी के छ भन्दाखेरि हाम्रो ग्रासहुड इकोनोमी हो सभामुख महोदय तल चाहिँ हामी ग्रामीण अर्थतन्त्रले धानिएका मान्छे हौं हामी । कर्णाली प्रदेश त यस्तो प्रदेश हो, जहाँ हामी चाहिँ नून र वर्षको सालिन्दा एकसरो कपडाबाहेक हामी अरु नखरिद्ने अवस्थामा छौं । अरु किन्नु नपर्ने अवस्थामा थियौ एसको १० वर्ष १५ वर्ष २० वर्ष अगाडिको अवस्था हाम्रो हेर्यो भने नुन र एकसरो पर्वहरूमा लुगा लाउन पर्ने अवस्थामा थियौं ग्रामीण अर्थतन्त्र त्यति बलियो थियो । वस्तु विनिमयको माध्यमबाट हामी चाहिँ पहाडबाट खासगरी चाहिँ पहाडबाट हामी पहाडी भेगहरूबाट हाम्रा उत्पादनहरू ल्याएर वस्तु विनिमयको माध्यमबाट नून किन्ने, अरु मिठाई किन्ने प्रदेशका मान्छेहरू हौं हामी । यो १०/१५ वर्षमा ग्रामीण अर्थतन्त्र यति ध्वस्त भयो सभामुख महोदय, रेमिटेन्सका कारणले हामी अर्थतन्त्र चलिरहेको छ । कर्णाली प्रदेश पनि यस्तो प्रदेश हो जहाँ रेमिट्यान्सको कारणले बढीभन्दा बढी मान्छेहरू बाहिर विदेश जाने खाडी जाने र त्यताबाट रेमिट्यान्स पठाको कारणले संघीय सरकार चल्ने प्रदेश सरकार हामी चल्ने र स्थानीय सरकार चल्ने सरकारी कामकाजहरू चल्ने अवस्थामा हाम्रो अर्थतन्त्र छ । त्यसकारणले ग्रामीण अर्थतन्त्रको जगलाई कसरी बलियो बनाउने भन्ने बारेमा प्रदेशको चाहिँ विकास बजेट तुरुन्तै परिचालन हुनुपर्‍यो सभामुख महोदय, हाम्रो जस्तो कमजोर र सानो अर्थतन्त्र भएको देशमा यो कुरा चुनौतिपूर्ण हो सभामुख महोदय । एक्लै यो संघीय सरकारको मात्रै दायित्व होइन सभामुख महोदय, एक्लै यो स्थानीय सरकारको दायित्व पनि होईन । हामी सबै सरकारको दायित्व हो । अर्थतन्त्र मजबुत बनाउनु पर्ने हाम्रो सबैको दायित्व हो सभामुख महोदय, हाम्रो प्रदेशले गरेको योगदान यसमा चाहिँ सानो हुन्छ कि ठूलो हुन्छ भनेर भन्यो भने हामीसँग पनि चाहिँ २० र २५ अर्ब चाहिँ पैसा चाहिँ हामी वार्षिक रूपमा चलाउन सक्ने ठाउँमा छौं भनेपछि यसको कन्ट्रिब्यूसन देशको जीडीबीमा हाम्रो चाहिँ तपाईको राष्ट्रको ऋण चाहिँ घट्ने कुरा प्रतिव्यक्ति आयमा चाहिँ बृद्धि हुने कुरामा हाम्रो कन्ट्रिब्यूसन पनि महत्वपूर्ण हुन्छ सभामुख महोदय । त्यसकारण मैले आज मेरो बढी चासो प्रदेशको आर्थिक मामिला मन्त्रालय यस बारेमा म के चाहिँ जानकारी छ प्रदेश सरकार यस बारेमा के चिन्ता छ ? हामीले चाहिँ खासगरी धेरै मान्छेहरू भारत कालापहाड र अर्को देशमा चाहिँ अब थर्ड कन्ट्रीहरूमा खासगरी खाडीतिर हामीले काम गर्छौं । भारु नोटको सटहिमा जुन चाहिँ १ सयको १ सय ६० हुने व्यवस्था स्थिर व्यवस्था छ सभामुख महोदय, त्यो स्थिर व्यवस्थाले भारतीय अर्थतन्त्रमा अलिकति बढि समस्या आउन वित्तिकै त्यसको प्रभाव चाहिँ प्रत्येक्ष रूपमा हामीमा पर्छ । यति कुराहरू मैले राखेर प्रदेशको अर्थ मन्त्रालय, प्रदेश सरकारलाई यो वर्षको बजेटसँग सम्बन्धित गतिविधिहरू छिटो बढाउन चालु खर्चलाई चाहिँ नियन्त्रण गर्न र पूँजीगत खर्चलाई चाहिँ बढावा दिनका लागि र यो संसदलाई उपरोक्त डकुमेन्टहरू मैले संसदमा यस अगाडि चाहिँ माग गरे ती डकुमेन्टहरू यथाशक्य संसदमा उपलब्ध गराउन म विनम्रतापूर्वक निवेदन गर्दछु सभामुख महोदय । धेरै धन्यवाद ।।

**माननीय सभामुखः** माननीय श्री कुर्मराज शाही ।

**माननीय श्री कुर्मराज शाहीः** माननीय सभामुख महोदय, यो विशेष समयमा म विशेष केही कुरा राख्ने अनुमति चाहान्छु । लामो संर्घषपछि, नेपाली जनताको लामो संघर्षपछि नेपाली जनता मात्र होइनन् । गरिब जनताको लामो संघर्षपछि सर्वहारा वर्गको लामो संघर्षपछि झोपडीमा बस्ने मान्छेको लामो संघर्षपछि एउटा व्यवस्थालाई समाप्त गरेर यो व्यवस्थालाई विदाइ गरेको छ । सभामुख महोदय, कर्णाली प्रदेशका जनताले अहिले अनुभूत गरेका छन् महशुस गरिरहेका छन् कि आर्थिक क्रान्ति भएको तीन वर्षमा मात्रै भन्ने कुराको महशुस गरेका छन् । डोजर पुगे पनि डोजरै नदेखेका मान्छेहरू, साईकल नै नदेखेका मान्छेहरू हिजो साईकल हेर्नका निम्ति नेपालगञ्ज आउनु पर्ने, सुर्खेत आउनु पर्ने आज गाडीसम्म चाहिँ मलाई लाग्छ साविकको कर्णाली प्रदेशमा पुगेको छ र जनताले साँच्चिकै क्रान्ति गऱ्यौं भन्ने खालको महशुस जनताले गरेका छन् । गणतन्त्रको अनुभूति गरेका छन् । गणतन्त्रको महशुस गरेका छन् । संघीयताको महशुस गरेका छन् । आज प्रत्येक ठाउँमा चाहिँ कम्तिमा डोजरले भएपनि ट्र्याक ओपन गर्दैछ । जनतामा निराशा पैदा भकोछैन । जनतामा आशा पैदा भएको छ । निराशा पैदा कोले गरिरहेको छ । हामीले नजिकबाट हेरिरहेका छौं । हिजो काठमाण्डौमा बस्ने मान्छे काठमाण्डौ सत्तामा बस्ने मान्छेहरू जोले सत्ता सञ्चालन गरेका थिए ती मान्छेले आज यो गणतन्त्रलाई उपहास गर्नका निम्ति गणतन्त्रलाई समाप्त पार्नका निम्ति यो संघीय व्यवस्थालाई तिलान्जलि दिनका निम्ति फेरि यो मुलुकलाई प्रतिगमनको दिशातिर लैजानको निम्ति फेरि हिजो प्रतिगमनकारी शक्तिहरू जो थिए आज विस्तारै विस्तारै मलाई लाग्छ ठाउँ-ठाउँबाट चलखेल गरिरहेका छन् । यो आभाष अहिले हामीलाई प्राप्त गरिरहेका छौं । यो चलखेल गर्नु भनेको नै गणतन्त्रमाथि फेरि बल्हाद प्रयोग गरेर मलाई लाग्छ फेरि प्रतिगमनको दिशातिर लैजाने हरकतहरू यदाकदा देखिरहेका छन् । त्यो भएको हुनाले म यो सम्मानित सदनमा भन्न चाहान्छु । सभामुख महोदय, यो हरकत ल्याउने मान्छेहरू जोले जनताको व्यवस्थामाथि लात हान्ने प्रयत्न गर्दैछन् । जनताको व्यवस्थामाथि मलाई लाग्छ बलात्कार गर्ने जो प्रयत्न गर्दैछ, त्यलाई अन्त्य गर्नका लागि यो सम्मानित सभामार्फत् म सरकारको ध्यानाकर्षण गर्न चाहान्छु । हिजो मात्रै एउटा घटना मलाई लाग्छ मन्त्री कुनै मलाई लाग्छ राम जात्रा हेर्न गएका मन्त्री होइनन् । मन्त्री विकास गर्नका निम्ति एउटा कार्यक्रममा जानुभएको थियो यो देशलाई समृद्धिको दिशामा लैजानको निम्ति त्यसको सन्देश प्रवाह गर्नका निम्ति एउटा कार्यक्रममा जानु भएको थियो । फर्किनुभयो फर्किदाखेरि अहिले प्रतिगमन चाहाने मान्छेहरू गणतन्त्र नरुचाउने मान्छेहरू हिजो मात्रै मलाई लाग्छ । नेपालगञ्जको प्लेनभित्र दुर्व्यवहार गरेका छन् । त्यो दुर्व्यवहार गर्ने मान्छेप्रति ती मान्छेहरू गणतन्त्रवादी होइनन्, ती मान्छे संघीयता रुचाउँदैनन् । ती मान्छेहरू फेरि सिध्याइएको तिलान्जलि दिएको व्यवस्थालाई पुनःस्थापित गर्नका निम्ति विभिन्न ठाउँबाट हर्कत गरिरहेका मान्छेहरूले संस्कृति, पर्यटन तथा नागरिक उडयनमा मन्त्रीमाथि योगेश भट्टराईमाथि हिजो दुर्व्यवहार गरेका छन् । म घोर भत्सर्ना गर्न चाहान्छु । तिनलाई मलाई लाग्छ प्लेनभित्र अव्यवहार गर्ने मान्छेहरू हुलहुज्जत गर्ने मान्छेलाई कानुनी व्यवस्था छ । त्यो कानुनी व्यवस्थाभित्र ल्याएर त्यलाई कडाभन्दा कडा कारबाही गर्नका निम्ति प्रदेश सरकारमार्फत् केन्द्रीय सरकारमा जाओस् भन्न म चाहान्छु र त्यो भएको हुनाले खालि निराशाका मात्रै चाहिँ कुराहरू मात्र बाँडेर अर्थ हुँदैन अब । काम त भएकै छन् त मैले त देखिरहेको छु । रफ्तारमा पो भको छैन त एकैचोटि पहाडलाई तराई बनाउन, तराईलाई पहाड बनाउन त कोले सक्छ र डेढ वर्षमा कसैले सक्दै सक्दैन तर प्रक्रियामा त जानु पऱ्यो भन्ने मात्रै हो हाम्रो त आशा भनेको । केही गर्न सक्नेवाला थिएन । पहिलो वर्ष हामी गएपनि त्यहिँ हुन्थ्यो म मन्त्री भए पनि त्यहि हुन्थ्यो अर्को कोहि मान्छे भए पनि त्यहि हुन्थ्यो । डाडु जुटाउनै पर्ने, पुनिउ जुटाउनै पर्ने, ताउली जुटाउनै पर्ने, घर बनाउनै पर्ने, अर्को बनाउनै पर्ने, अर्को बेड विस्तारा बनाउनै पर्ने, केही समय त लागेकै हो हामीलाई तर अहिले हामीलाई के लागिरहेको छ भन्दाखेरि प्रक्रियामा गयो कि गएन यो कुरा चाहिँ यो

ठूलो आशा गर्नुहुन्न ठूलो प्रतिफलको अहिले हामीले अनुभूत गर्न थाल्यौं भने हाम्रो मूर्खता हुन्छ । त्यो भको हुनाले त्यो प्रक्रियामा छिऱ्यो कि छिरेन भन्ने कुराको चाहिँ हामीले हेक्का राख्नु पर्छ । मलाई के लाग्छ भने प्रक्रियामा छिरेको जस्तो महशुस फेरि महशुस मैले गरिरहेको छु, के भन्दाखेरि यदि साचौं कुरा हो भने अहिले प्रत्येक जिल्लामा चाहिँ कार्यालय स्थापना चाहिँ भएका छन् है । सकारात्मक कुरो भन्दिनु पर्छ सरकारको कम्तिमा हिजो भौतिक पूर्वाधारको कार्यालय थिएनन् गाउँमा । आज चार दिन मात्रै अन्त जिल्लामा के भएको छ मलाई थाहा छैन, कालिकोट जिल्लामा भौतिक पूर्वाधारको कार्यालय स्थमापना भएको छ । विचरा एउटा ओभरसियर गएर सव-ईन्जिनियर गएर त्यसको हाकिम हुनु परेको बाध्यकारी अवस्था यहाँ पनि हामीसँग छ यहाँ कर्णाली प्रदेशमा । खानेपानी सिचाईमा धेरै अर्को जिल्लामा जानुपर्ने आज ती कार्यालय स्थापना विस्तारै एउटा प्रक्रिया चाहिँ सुरुवात भएको छ । यो प्रक्रियालाई निरन्तरता दिन पऱ्यो । त्यो भको हुनाले मलाई के लाग्छ भन्दाखेरि सरकारले एउटा गति भनेको छ तर हाम्रो चाहिँ भनाई के भन्दाखेरि सदनको भनाई के हुनुपर्छ अलि गति ढिला भयो है डेढ वर्ष त अभ्यास गऱ्यौं । अब यसको अनुभव त तपाईहरूले प्राप्त गरिसक्नु भयो सरकारले सरकारका विभागीय मन्त्रीले अनुभव प्राप्त गर्नुभको छ । त्यो अनुभवलाई त्यो जगमा टेकेर रफ्तार गतिलाई अगाडि बढाउनुहोस् । चाँडोभन्दा चाँडो चाहिँ जनताले अब आर्थिक क्रान्ति सुरुवात भएको महशुस गरून् भन्ने खालको चाहाना यो सदनको हो । त्यो भको हुनाले म के भन्न चाहान्छु भन्दाखेरि सायद भोलि असफल हुने कुरामा त अब हामीमै कुरा हो एउटा गाउँमा अन्तिममा मलाई के लाग्छ भन्दाखेरि, एउटा विद्यालय रहेछ थोरै सरकारलाई फेरि सुझाव दिन चाहान्छु । म (समय, समयलाई ध्यान दिनुस् माननीय सदस्य) एउटा विद्यालय रहेछ सभामुख महोदय, त्यो विद्यालयका विद्यार्थी जम्मै माछा मार्न जाँदा रहेछन् । त्यसपछि त्यो विद्यालयका चाहिँ मलाई लाग्छ जो माछा मार्ने अभिभावकहरू जो हुन् विद्यार्थीका अभिभावकहरू तिनीहरू मलाई लाग्छ खालि ताकु कुद्ने मात्र हुन्छ गाउँघरतिर । ताकु हुन्छ, काम्लो साम्लोलाई बुन्नलाई ताकु बनाउने हुन्छ । अनि त्यसपछि गएर १ वर्ष सकिएछ अन्तिममा रिजेल्ट आउँदाखेरि त्यो गाउँका पूरै विद्यार्थीहरू फेल भएछन् । अनि त्यो गाउँको एउटा ठालुले के भनेछ भने ल अब तपाईहरू त्यो गाउँको कोहि पनि विद्यार्थी पास भएनछ, त्यो विद्यालयमा अन्त अन्त ठाउँबाट आएका मान्छेहरू पास भएछन् त्यो विद्यालयका विद्यार्थी सब फेल भएछन् । अनि एक जना त्यहाँको ठालुले भनेछ । ल अब अभिभावकहरू तपाईहरू चाहिँ ताकु कात्नुस, (छोट्याउनुहोस् माननीय सदस्य), विद्यार्थीहरू अब चाहिँ माछा मार्न जानुस् भने जस्तो स्थिति नहोस् भन्न चाहन्छु । त्यो भएको हुनाले आफ्नो गतिलाई अगाडि बढाओस् प्रदेश सरकारलाई म यही अनुरोध गर्दै म बिदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री पद्मा खड्का ।

**माननीय श्री पद्मा खड्काः** माननीय सभामुख महोदय, कर्णाली प्रदेशको चौंथो अधिवेशनको २९औं बैठकमा विशेष समयमा मैले समसामयिक बिषयमा आफ्नो धारणा राख्न चाहान्छु । कर्णाली प्रदेश हामीले एउटा आशा, एउटा जुन खालको कर्णाली प्रदेश बनाउनलाई हाम्रो सबैको एउटा ठूलो चाहाना, भावना जुन खालको आशामा हामीले कर्णाली प्रदेशको गतिलाई अगाडि बढाइरहेका थियौं । कर्णाली प्रदेशको राजधानीको बिषय कर्णाली प्रदेशको नामको बिषय जसरी हामीले टुङ्ग्याउदै जाँदा हाम्रा विभिन्न कर्णाली प्रदेशका गतिविधिहरू अगाडि बढ्दै जाँदा आज यो सदनमा बोलिरहँदा कर्णाली प्रदेशको राजधानीको कुरा पटक-पटक हामीले कर्णाली प्रदेश सरकारलाई यही विशेष समयमा हामीले महत्वपूर्ण आफ्ना बिषयका रूपमा हामीले यहाँ राखिरहेका छौं । तर आज कार्यान्वयनमा जाने कुरामा कहिँकतै कार्यान्वयनको पाटो अगाडि बढेको देख्दैनम् । त्यसकारणले पनि आज पुनः तिनै बिषयलाई फेरि दोहोऱ्याएर आज हामी भन्न

यहाँ बोल्न आज हाम्रा आवाजहरू तल जनताका आवाजहरूलाई यहाँ बोल्न हामी बाध्य भएका छौं । त्यसकारणले पनि मैले कर्णाली प्रदेश राजधानीको रिङ्गरोडको बिषयलाई मैले यहाँ उठाउन गइरहेको छु । जो तीन किलोमिटरको दुरीमा अहिले आर्थिक वर्ष ०७५/७६ को बजेटबाट जुन कार्य अगाडि बढाइरहेको अवस्थामा हामीले हामी जनप्रतिनिधिहरूले सुझाब दिंदा जेठको अन्तिममा आएर असारमा बजेटको यो कार्यान्वयन गर्ने कुरालाई रोक्न पर्छ । बरु हामी २०७६ मा हामी यलाई काम गर्ने कुरालाई अगाडि बढाउनु पर्छ । अहिले बर्षामा हामीले यलाई माटो नहालौं भन्दाभन्दै पनि नमानेर त्यो कामलाई अगाडि बढाउने ठेकदारलाई पनि मैले आज कर्णाली प्रदेश सरकारले केही न केही जवाफ सोधोस् भन्न म चाहान्छु र आज जेठ र असार, साउनमा त्यहाँका नागरिकहरूले कति सास्ती ब्यहोरे भन्ने कुरा स्वयम् मैले आफूले पनि भोगेको छु । त्यो मैले यहाँ धेरै कुरा राखिरहनु पर्छ जस्तो मलाई लागिरहेको छैन । मैले पटकपटक यो सदनमा उठाइरहेको पनि छु र आज फेरि भदौको महिना सकिन लाग्दा पनि फेरि जलवायु परिवर्तन र विभिन्न कारणले होला बर्षा फेरि सुरु भए जस्तो जुन खालको यो अहिले निरन्तरको बर्षाले फेरि दिनप्रतिदिन त्यहाँका त्यो बाटो जति ३ महिनाको सास्ती ब्यहोरेर आज आइरहँदा पनि फेरि बर्षाभन्दा पनि अझ बढी सास्ती व्यहोर्नुपर्ने जुन बाटो अहिले भैरहेको छ । आज दिनप्रतिदिन मान्छेले जुन हामीले संविधान बनाइसकेर संविधानका मौलिक हकमा हामी मानव भएर हामी सुरक्षित बाँच्न पाउने अधिकार सुरक्षितसँग हिड्डुल गर्न पाउने अधिकारको आज खेलवाड भैरहेको छ । त्यो बिषयमा विकास निर्माणसँग मानवको जीवन जोडिरहेको छ । यो बिषय असाध्यै संवेदनशील छ । मैले प्रदेश सरकारलाई किन आज अनुरोध गरिरहेछुभन्दा जुन मातहतका कार्यालय आज संघीय सरकारले प्रदेश सरकारलाई हस्तान्तरण गरी सुर्खेतमा कामकारबाहिहरू बढाइरहेका कार्यालयहरू जस्तै विकास निर्माण भौतिक पूर्वाधारतर्फ सडक डिभिजनले जुन कार्यलाई अगाडि बढाइरहेको थियो र हामीले पटक-पटक अनुरोध गर्दा पनि अब छिटै हामी यलाई सुधार गर्छौं भनिरहँदा आज फेरि हामी त्यो शब्दले उहाँहरूलाई भन्न जाँदा अब हामी कसरी काम गर्ने ? कुन तरिकाले काम गर्ने ? आज कार्यालयहरू छैनन् । आज कार्यालयहरू मर्ज गरिरहेको अवस्था छ । यसले गर्दा अझै झन् थप जटिलतिर हामी गहिरहेको अवस्था देखिन्छ । विकास निर्माणले अझ नागरिकलाई दिन प्रतिदिन झन् सास्ती देखिरहेको अवस्था छ । यसलाई मैले गम्भीर प्रदेश सरकारले यो बिषयलाई जहिलेसुकै हामी उठाइरहेका छौं । तर कार्यान्वयनमा जाने कुरामा गम्भीर भएर सरकारले सोच्न पर्छ कार्यान्वयनमा जानका लागि पनि गम्भीर भएर आफ्ना प्रदेश सरकारको यो गरिमामय सदनमा उठाइरहेका बिषयलाई गम्भीरतापूर्वक सरकारले अगाडि बढाउनु पर्छ भन्ने म कुरा राख्छु र संगै हामीले पटक-पटक कर्णाली प्रदेश सरकारमा यहाँ उठाइहेका बिषय पनि हुन् । आज भदौको महिना अन्तिम हुनलाईसक्यो यहि सदनबाट विभिन्न आवाजहरू हाम्रा बजेटलाई व्यवस्थित गर्न पर्छ र कर्णालीको भूगोल सुहाउँदो बजेटलाई हामीले आवश्यक्ताअनुसार हाम्रा भूगोलहरूमा पुऱ्याउनु पर्छ र सहजै रूपमा विकास निर्माणसंगै हाम्रा सपनाहरू पूरा गर्ने जुन उद्देश्य छ । त्यो उद्देश्यलाई पूरा गर्न छिटोभन्दा छिटो बजेटलाई कार्यान्वयन गरेर अगाडि लैजाने र हामीले संशोधन यी यी बिषयहरूमा संशोधन हुन्छन् बजेटका भनेर जसरी हामीले यहाँ यो गरिमामय सदनमा बोलेका कुराहरू आज कुन कुन बिषयमा संशोधन भएका छन् । बजेटका कुन कुन शीर्षकहरू चेन्ज भएका छन् भनेर यो गरिमामय सदनले छिटोभन्दा छिटो खबर पाउनुपर्छ । छिटोभन्दा छिटो आमनागरिकले कर्णालीको बजेटलाई हेर्न पाउनु पर्छ भन्ने कुरा पनि म यो गरिमामय सदनमा राख्न चाहान्छु । र अन्तमा, कर्णाली प्रदेश सरकारले हामी नेपालीहरूको महान चाड आइसकेको छ । महान पर्वहरू नजिकै आइरहेका छन्, यी पर्वहरूमा एकदमै आफूले बाँच्न पाउने महान आशा र अभि अभिलाषा बोकेर बाहिरबाट पनि यहाँ आफ्ना दिनहरूमा आफ्ना घरहरूमा पाइला टेक्दैछन् तर घर आउँदा फेरि त्यो घरमा खुसी होइन, हर्ष होइन, दुःखका आँसु झार्ने हाम्रा विभिन्न बाटाघाटा

विकास निर्माणले गरिरहेका छन् । यो कुरालाई पनि मध्यनजर राख्दै प्रदेश सरकारले आफ्ना बन्नला'का विभिन्न योजनाहरूलाई अगाडि बढाउनका लागि पनि विशेष गम्भीर भएर सोचोस् भन्ने म एकदमै आफ्नो भनाई राख्दै मेरा भनाई अन्त्य गर्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री अम्मरबहादुर थापा ।

**माननीय श्री अम्मरबहादुर थापाः** माननीय सभामुख महोदय, अहिले तत्कालै अब केही दिनपछि हिन्दूहरूको चाड दशैं आउँदैछ र विदेशदेखि लिएर स्वदेशबाट घर फर्किने सबै जनता, नेपाली जनताहरू कर्णाली प्रदेशका जनताहरूलाई जानका लागि बाटाहरू हरेक ठाउँ संकटमा छन् । कर्णाली राजमार्ग अवरुद्ध छ । र दैलेख-सुर्खेत, सुर्खेत-दैलेखको सडकमा म हिजो मात्र आएँ ठाउँ-ठाउँमा पोखरीहरू बनेका छन् । त्यसो भएको हुनाले यो तत्कालका निम्ति हरेक जनतालाई सहज रूपले आफ्नो घरमा जाने वातावरण बनाउन र त्यसलाई त्यसरी अगाडि बढ्न सरकार सभामुखमार्फत् सरकारको ध्यानाकर्षण गराउन चाहान्छु । दैलेख जिल्लाको भगवतिमाई गाउँपालिकामा हिजो शनिबार मात्रै चट्याङ्ग पर्दा ईन्द्रजित बि.क.को घरमा चट्याङ्ग पर्दा उसको एक हल गोरु र ३ ओटा गाई र उसको श्रीमती र छोरो घाइते भाका छन् । अहिले दैलेख अस्पतालले रिफर गरेको छ रे । र त्यो अवस्थालाई प्रदेश सरकारले उपचार र जाइने क्षति पूर्तिको व्यवस्था के गर्न सकिन्छ । त्यसको लागि यो सरकारले व्यवस्था गरोस् भन्न चाहन्छु र दोस्रो कुरा सरकारले अहिले पनि अगाडि सांसदज्यूहरूले राखिसक्नु भो आज पूरा ३ महिना भयो । पूरा ३ महिनाका बीचमा पनि सरकारको बजेट कहाँ छ ? कता छ ? कसरी जाने हो ? थाहा छैन । हामीसँग छलफल हुँदा सरकारले अन्तिम विनियोजन विधेयक पास गर्दा यो विनियोजन विधेयकको अंग हुनेछ भनेर पास गरेको त्यो अंग कहाँ गयो ? त्यो भंग भैसक्यो कि त्यो लागु हुने हो कि त्यो कसरी अगाडि बढेको छ ? र यो सरकारले अहिलेसम्म त्यसको खोजी गरेको छैन । अहिले पनि यो वर्षको विकास विगतभन्दा धेरै अगाडि बढेको छ, देशमा कसैले भन्नै पर्दैन । हामीले भैरहेको कुरालाई कसरी कार्यान्वयन गरेर अगाडि बढ्ने हो । हामीले बजेट भाषण गरिसकेपछि त्यो बजेटलाई कसरी जनताका बीचमा लैजाने हो । गत विगतमा पनि त्यहि अवस्था आयो । आज पनि त्योभन्दा कुनै माथि बढेको पाउदिन अझैं घटेको छ । अहिले कर्मचारीको कुरा गर्दा समायोजन गर्दा अहिले गत वर्ष भएका कर्मचारी पनि समायोजन भएर बाहिर गएका छन्, अरु थप भएर आएकै छैनन् । सरकारले यसको व्यवस्थापन गर्न सकिरहेकै छैन भने यो वर्ष यो आर्थिक वर्षको बजेट कार्यान्वयनको क्षेत्रमा पूर्णरूपले कार्यान्वयन क्षेत्रमा जाला भन्ने भरोसा गर्ने कि नगर्ने ? हामीले संसदबाट बजेट पास गऱ्यौं । सबैले फेसबुकबाटै राख्यौं प्रत्येक निर्वाचन क्षेत्रमा यति करोड परेको छ, यी-यी योजना परेका छन् भनेर जनतालाई सूचना दिइसक्यौं तर सूचना त दियौं ती जनताले त्यो उपभोग गर्न पाउँछन् कि पाउदैनन् । त्यो उपभोग गर्ने पाउने विधि सरकारले तयार गऱ्या छ कि छैन ? गत वर्ष असार मसान्तमा आएर कामहरू सुरुवात गरियो तर ती कामहरूले पनि अहिले छानविनको दायरामा छन् । धेरै कहिँ कतै मैले सुन्याछु कतिपय काम नभएर फरफारक भएका छन् भन्ने पनि हामीलाई सुन्नमा आएको छ । स्वयम् मन्त्रीजीले अनुगमन गरेर २/३ ठाउँमा त काम भएको रहेनछ भन्ने कुरा पनि गर्नुभएको छ । त्यसो भएको हुनाले हामीले भएको बजेटलाई दुरूपयोग होइन । सदुपयोग कसरी गर्न पर्छ भन्ने कुरा हामीले ध्यान पुऱ्याउनु पर्छ । दोस्रो कुरा देशमा उठिरहेको छ । ठूलो भ्रष्टाचार भयो भ्रष्टचारको अन्त कसरी गर्ने भ्रष्ट्राचारीहरूलाई कारबाही कसरी गर्ने भन्ने छ । हामीले यो सदनमा आवाज उठाउँछौं । त्यो नियन्त्रण गर्ने विधि के हो ? त्यो विधिका कुरा गर्दैनौं । आज मैले त मलाई लागिरहेको छ, आज सबै देशका प्रधानमन्त्रीदेखि लिएर गाउँका सामान्य मानिसहरू अथवा जनप्रतिनिधिहरू र कर्मचारीहरूको सम्पतिको जाँच हुन जरूरी छ त्यो आयोग स्वतन्त्र रूपले माथि कसैले नियुक्ति भन्दा

पनि स्वतन्त्र रूपले आयोग गठन गरेर यो मुलुकको भ्रष्टचारलाई नियन्त्रण गर्ने हो भने त्यो विधिबाट तीनपुस्ते हिसाबकिताब गर्ने हो भने त्यहाँको मलाई लाग्छ नेपालको भ्रष्टाचार अन्त हुनेछ भन्ने कुरा राख्दै विदा हुन्छु । धन्यवाद ।।

**माननीय सभामुखः** माननीय श्री रातो कामी ।

**माननीय श्री रातो कामीः** माननीय सभामुखज्यू, आज हामी कर्णाली प्रदेश सरकार बनेको पौने २ वर्षको अन्तरालमा हामी यहाँ छलफल गरिरहेका छौं । आर्थिक वर्ष ०७५/०७६ को बजेट एउटा कार्यान्वयनमा गइसकेपछिको परिणाम र अहिले हामी ०७६/०७७ को बजेट विनियोजन गरेर कार्यान्वयनमा जाने तरखरमा छौं र यो २ वर्षको करिब करिब २ वर्षको अन्तरालमा जनताको बीचमा कर्णाली प्रदेश सरकारबाट देखिने गरिकन काम भएको कुरा छैन । यसैले गर्दा यो वर्ष पनि सरकारले अझैं विलम्ब गर्ने हो भने लाग्छ हामीले परिणाम देखाउन सक्तैनौं र हामी र हाम्रा बारेमा थुप्रै मान्छेले जे प्रकारको छलफल गरिराख्या छन्, तिनको संख्या अझै बढ्नेछ । त्यसैले गर्दा म सर्वप्रथम सभामुखमार्फत् कर्णाली प्रदेश सरकारले अब ढिला नगरिकन विनियोजित बजेटलाई कार्यान्वयनमा जानका लागि म अनुरोध गर्न चाहान्छु, जानुपर्दछ र सँगसँगै हाम्रो यो मुलुक लामो संघर्षपछि हामीले एउटा लोकतान्त्रिक संघीय व्यवस्था हामी ल्याएका छौं र यसका बारेमा विभिन्न प्रकारका टिकाटिप्पणी पनि भैराख्या चाहिँ छन् । हामीले मुलुकमा लोकतन्त्र स्वभावैले यो एक प्रकारको जनताले अभिमत गर्ने थलो हो र व्यवस्था हो र यो जनवाद केन्द्रियतामा आधारित जनवाद हुनुपर्नेमा अहिले व्यापक रूपमा जनवाद अराजकतातिर बढिरहेको चाहिँ छ । यसले गणतन्त्रउपर गम्भीर प्रकारका प्रश्नहरू उब्जाएको चाहिँ छ र देशमा संघीय सरकार र ७ ओटा प्रदेशमा प्रदेश सरकारहरू छन् । ७५३ ओटा तल सरकारहरू छन् । तिनका बारेमा मानिसहरूले विभिन्न प्रकारका चाहिँ भ्रमहरू उतारचढाबहरू फैलाउने गरिरहेका चाहिँ छन् । यो लाग्दछ कुनै व्यक्तिविशेष र सामान्यतया एउटा सरकारका बारेमा नभइकन सिंगो यो गणतन्त्रउपर मान्छेहरूले धावा बोलिरहेका छन् । यिनका बारेमा तत् तत् ठाउँका सरकारहरूले छानबिन गर्न र यस्ता उत्छृङ्कल र यस्ता चाहिँ एउटा व्यवस्थाका सञ्चालक अथवा व्यवस्थालाई अगाडि बढाउने मतलब चाहिँ बागडोर सम्हालेका व्यक्तिप्रति अब हमला अथवा चाहिँ विविध प्रकारले बोल्ने व्यक्तिहरूप्रति सरकारले कारबाही गर्नुपर्दछ अन्यथा यो डिसअर्डर हुन्छ अथवा कसैले पनि कसैको अर्डर नमान्ने प्रकारको प्रवृत्ति बढ्यो भने यले चाहिँ समाजमा राम्रो गर्दैन । यस बारेमा यो कुरा भन्न चाहान्छु र सँगसँगै आज हामी यो सम् संविधानमै एउटा व्यवस्था के भएको छ भने समाजवाद उन्मुख संविधान छ र हामी समाजवाद उन्मुख संविधानको मूलतः यलाई चाहिँ हामीले छलफल गर्दा समाजवादको बारेमा सरकारहरूले योजना बनाउन सकिरहेका हामीले पाइरहेका छैनौं । समाजवाद, शिक्षामा कहाँ हो समाजवाद ? स्वास्थ्यमा कसरी हो समाजवाद ? जनताका जनजीविका र मतलब चाहिँ विकास निर्माणमा कुन चाहिँ कसरी चाहिँ समाजवादतिर जाने ? संविधान समाजवाद छ भने हामीले एउटा पुरानो प्रकारको चाहिँ तरिकाबाट हामीले चाहिँ हाम्रो विकास बजेटहरू परिचालन गरेका चाहिँ छौं । हामीले चाहिँ जनवादी केन्द्रियतालाई भुलेर हामीले अभिव्यक्तिमा स्वतन्त्रता र कामकाजमा एकरूपताको जो कुरा हो । संसद एउटा पास गर्दछ र सरकार त्यसका बारेमा चाहिँ अहिले पनि अगाडि बढिराख्या छैन । त्यसैले गर्दा हामीले समाजवादी व्यवस्थालाई यलाई चाहिँ अगाडि बढाउनका लागि समाजवादका आधारभूत रूपले उत्पादन, वितरण र स्वामित्वको चाहिँ बढी प्रश्न हो जस्तो मलाई लाग्दछ । अहिले पनि एउटा पुरानो एउटा सामन्ती टाईपको चाहिँ उत्पादन प्रणाली, वितरण प्रणाली र स्वामित्व हुने गरिराख्या चाहिँ छ । त्यसैले गर्दा कर्णाली प्रदेश सरकार आफैमा हिजोका दिनहरूमा एउटा स्वतन्त्रपूर्वक रहेको, यहाँको जन मतलब चाहिँ जीविका यहाँ चाहिँ एउटा

उत्पादनमा आत्मनिर्भर भएको जनजीविका त्यो प्रकारले अगाडि चल्या र आजका मितिमा आउँदा हामीले रेमिटयान्सको कुरा मात्रै होइन, एउटा चाहिँ कालापहाड र चाहिँ एउटा मजदुरी गर्नका लागि विभिन्न मुलुकमा धाउनुपर्ने यहाँको चाहिँ उत्पादनमा हामी कोही पनि नजोडिने र सरकारबाट चाहिँ गएका उत्पादनका चाहिँ कैयौं क्रियाकलापहरू जो छन, तिनलाई पनि सही ढङ्गले सदुपयोग गर्नका लागि सही प्रकारको युनिट र त्यसको चाहिँ अनुगमन सर्भेक्षणका लागि पनि सरकारी तर्फबाट एउटा चाहिँहिक्का नराख्ने हो र त्यलाई एउटा संयन्त्र नबनाउने हो भने हामीले के हुन्छ भने भोलिका दिनहरूमा तमाम खालका समस्या उब्जन्छन् र ती समस्याले हामीलाई चाहिँ मतलब चाहिँ फ्लप गराउनेमा मद्दत पुऱ्याउन सक्दछन् तसर्थ यसलाई चाहिँ, समयमै हामीले एउटा सकारात्मक ढंगले सरकार अगाडि बढाउनका लागि हामी सबैको हातेमालो हुनेछ र सरकारले संयमित र एउटा चाहिँ एउटा सकारात्मक योजनालाई सही ढंगले अगाडि बढाउनका लागि दृढ संकल्प गरेर अगाडि बढ्नु पर्दछ भन्ने कुरा राख्न चाहान्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री राजु नेपाली ।

**माननीय श्री राजु नेपालीः** सभामुख महोदय, विशेष समयमा विशेष कुरा राख्न अनुमति चाहान्छु । सभामुख महोदय, यो साँच्चिकै नबोलौं नहुने बोल्दा बोल्दा पनि धेरै पटक आइसक्यो भन्ने पनि लाग्ला तर यो सुर्खेत उपत्यकाको रिङ्गरोडको बारेमा यो सरकारका सबै माननीय मन्त्रीज्यूहरू पनि यो कर्णाली प्रदेशकै दशओटा जिल्लाका मान्छेहरूको सायद सबैको ध्यान यतैतिर गएको जस्तो लाग्थ्यो मलाई सायद बर्षा यामले च्याप्दै गर्दा बाटाघाटा बिग्रिएर भत्किएर त्यहाँ मान्छे त हिंड्ने त कुरै छैन गाडी र घोडा भनौ तिनी गाडीका त कुरै नगरौं पैदल हिंड्न पनि सकस भइरहेको अवस्थामा यो कर्णाली प्रदेश सरकारलाई सभामुखमार्फत् ध्यानार्कषण गराउन चाहान्छु । छिटोभन्दा छिटो चाडबाडले ढाकिसकेको छ । यहाँ चारैतिरका मान्छेहरू यहाँ अवतरण गरेर यहाँबाट आफ्ना गन्तब्य स्थलतिर जानको लागि यहाँ सबैको यो संगम स्थल नै हो । यिनी यहाँ जति छन् यदि ठेक्का बोलेका छन् भनेपनि ती ठेकदार कहाँ छन् ? कुन हुन् ? त्यो पनि कर्णाली प्रदेशको सरकारले खोजीनीति गर्नु पऱ्यो । यदि नभएकै भए पनि अहिले छिटोभन्दा छिटो कसरी यो बाटाघाटालाई सुचारु गर्ने होला भन्नेतिर कर्णाली प्रदेश सरकारको ध्यान सभामुखमार्फत् जावस् भन्न चाहान्छु । मैले एउटा कर्णाली प्रदेश हस्पिटलको बारेमा पनि पटक-पटक कुरा उठाइरहेको छु किनभने त्यहाँ अशक्त र असाध्यै दयनीय अवस्था भएका मान्छेहरूलाई अहिले चेकजाँच गराउन पनि अप्ठ्यारो महशुस भएको छ । त्यहाँ टोकन सिस्टम छ । त्यहाँ लाईन लाग्नुपर्ने छ । र तिनी त्यस्ता अशक्तको बारेमा पनि कहिँकतै त्यसको व्यवस्था गर्दिनु पाएको भए हुन्थ्यो कि तर त्यो अशक्त पनि ती छन् शक्त पनि ती छन् । त्यहाँ त यस्तो अवस्था भैहाल्यो कि कोहि कसैले त्यहाँ चिट लिएर कुपन लिएर लाईनमा लाग्न सक्ने अवस्था छैन । त्यस्ता अशक्तहरूको लागि पनि केही व्यवस्था कर्णाली प्रदेश सरकारले गरोस् यो सभामुखमार्फत् मैले भन्न चाहान्छु र यो जीवनबीमा स्वास्थ्य बीमा भनेर ल्याएको छ सरकारले । स्वास्थ्य बीमाले कहिँकतै ती बुढापाकाहरूलाई असर पुगेको जस्तो मलाई लाग्छ । जान्छन् आफ्नो त्यो नागरिकता लिएर गएका हुन्छन् जानी दवाई लेख्नेले एउटा चाहिँ लेखिदिएको हुन्छ तर त्यो पूरा दबाई दिइएको हुन्न त्यहाँ । दबाई पूरा दिनु पऱ्यो जति चाहिँन्छ त्यति खानी दवाईहरू पूरा दिनु पऱ्यो । उहाँहरूलाई अझ विशेषगरी कस्तो-कस्तो खालको दबाई दिएर कस्तो सेवा दिने हो ? कस्तो सुबिधा दिने हो ? यो कर्णाली प्रदेश सरकार सभामुखमार्फत् कर्णाली प्रदेश सरकारलाई म ध्यानाकर्षण गराउन चाहान्छु हवस्त । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री ठम्मरबहादुर बिष्ट ।

**माननीय श्री ठम्मरबहादुर बिष्टः** माननीय सभामुख महोदय, मैले विशेषगरी यो विशेष समयमा विशेष सभालाई कसरी चाहिँ अझ मर्यादित व्यवस्थित र भव्यतम् बनाउने भन्ने सन्दर्भमै केही सार्वजनिक बिषयहरू यहाँ मैले राख्न गइरहेको छु । सन्दर्भ हाम्रो गत यो ०७६/०७७ को बजेटको प्रसङ्ग हो । त्यसबेला बजेट पास भयो विभिन्न अब यहाँ एउटा उचाईबाट मन्त्रीजीहरूले आफ्नो कार्यक्रमहरू पेश गर्नुभयो । हामीले आफ्नो आफ्नो चाहिँ अब भाव शैलीहरूमा अभिव्यक्ति गऱ्यौं र गरिसकेपछि त्यसको झण्डै २/४ दिनपछि लगातारै चाहिँ तपाईको यो मिडियाहरूमा र कतिपय चाहिँ फेसबुक सञ्जालहरूमा पनि यो अलि फलाना माननीयहरूले असंसदीय बोले अथवा यो असंसदीय भो, यो असंसदीय भो, यो यसो भो भन्ने खालको अलिकति धेरै टिकाटिप्पणीहरू पनि बाहिर मिडियाहरूमा भको भएर हामीले पनि के बोल्ने ? के नबोल्ने ? के संसदीय ? के असंसदीय भन्या जस्तो अलिकति अकर्मण्यता जस्तो भयो र अर्को सन्दर्भ भनेको बीचबीचमा यहाँ रेकर्डबाट पनि हटाउने कुराहरू अब आवश्यक ठानिएन भने त्यो पनि प्रसंग भएकै छ । अब संयोगवश अस्ति पनि त्यहाँ मैले केही बोल्दाखेरि मिनिङ्गलेस भन्ने एउटा शब्द परेको थियो त्यो पनि हटाइएको छ । यद्यपि त्यो हटाइएकोमा मेरो फेरि यो किन हटाउनु भयो ? भन्नेतिर मेरो अहिले प्रसंग होइन । त्यसमा मेरो आपत्ति पनि होइन त्यो एउटा ठीक छ । त्यो एउटा अन्डरस्टेन्डिङमा हटेको छ । समग्र सभाले त्यलाई आवश्यक ठानेन त्यो ठिकै छ । मेरो मात्रै प्रसंग के हो भने यसैमा कसरी हामीले यलाई चाहिँ मैले धेरै कोणबाट सोचेँ, मैले यहाँको सचिवज्यू अनि कानूनका हाम्रो चाहिँ नेतृत्व गरेका केन्द्रमा पनि मैले सोचे के छ त यसको बिषयमा केही यो संसदीय, असंसदीय बोल्ने शब्दमा या आचरणमा केही त्यस्तो छ भन्दा नाइ त्यस्तो चाहिँ डकुमेन्टेड त छैन । त्यो एउटा अन्डरस्टेन्डिङमा हुने वा सभामुखको अन्डरस्टेन्डिङमा हुने या सभाले के ठान्यो । प्रचलनमा के आएका शब्दहरू हुन् त्यसमा के स्वीकार्य हुने नहुने भन्ने आधारबाट अन्डरस्टेन्डिङमा हुने कुरा हुन् भन्ने कुराहरू उठेका थिए, मैले त्यसरी बुझे । त्यसकारण मैले फेरि सन्दर्भ यहाँ के उठाथिएँ भने मैले स्पष्ट पनि पार्न पर्थ्यो । मैले अब त्यो मिनिङ्गलेस भनेको अंग्रेजीमा अर्थहिन र त्यसको चाहिँ उल्टो मिनिङ्गफूल भन्यो भने अर्थपूर्ण भन्ने नै हुन्छ । मैले एउटा दुइटा मात्रै यहाँ दृष्टान्त राख्या थिएँ - एउटा डेढ वर्ष भो झण्डै दुईवर्षतिर अब प्रवेश गर्दैछौं सरकार कामयाबि भएन यसलाई असफल पार्न, हाम्रो सरकारलाई किनकि क्रान्तिकारी सरकार दुईतिहाईको सरकार यलाई अझैं चाहिँ एउटा हाईटमा पुऱ्याउनु पर्छ भन्ने आधार नै मेरो पोजेटिभ नै भनाई थियो किनभने क्रिटिकल लिँदा अझ त्यलाई राम्रो बनाउँछ भन्ने हाम्रो बुझाई हो । दोस्रो कुरा अर्को चाहिँ कतिपय सरकारको फोरममा सरकारले सुनेको मैले के सुनेको छु भने अब पोहोर हामीले एउटा ढंगले गऱ्यौं अहिले अब माननीयहरूको बलमा चौबिस वटा क्षेत्रमा अल्लि बढी रकम उहाँहरूले लिनुभाछ केरे । हेरौं न त अहिले उहाँहरूले कसरी कार्यान्वयन गर्नुहुने रहेछ, भन्ने कुरा उहाँहरूबाट मैले सुनेको छु । त्यसो हो भने पोहोर हाम्रा कारणले भो अहिले त माननीयका कारण देख्नु भो भनेर बराबर हौं । त्यसकारण तेस्रो वर्षदेखि गर्ने भन्ने हो कि एक यो पनि चाहिँ जवाफ चाहियो । अर्को मैले के दृष्टान्त राख्या हुँ भने सरकारको कारणले यो सभालाई तपाईको मिनिङ्गलेस नबनाइयोस् भन्ने नै मेरो दृष्टान्त थियो । जस्तो म एउटा चाहिँ उदाहरण दिन्छु । ज्ञानेन्द्र शाहीको सरकार ठीक ढंगले नचल्दा त्यसबेलाको सभा चाहिँ तपाईको कोल्याप्स भो, सरकार कोल्याप्स भो, यद्यपि तपाईको कानून नै कोल्याप्स भयो यद्यपि त्यो अर्को प्रसंगमा थियो । हामी चाहिँ एउटा नयाँ युगमा आयौं आज तपाईको लिबिया या अफगानिस्तान या इराक जे ठीक ढंगले नेतृत्व गर्न नसक्दाखेरि आज तहसनहस छ । त्यहाँ न सरकार बच्यो, न सभा बच्यो, न देश बच्यो त्यसकारण यो प्रसंगमा मैले त सभाकै सपोर्टमा र यो संस्था भनेको किन मलाई थाहा छ, संसद भनेको एउटा गरिमा हो एउटा उच्च स्तरको थलो हो । संसारले परिभाषित गरेको कुरा हो, त्यसको नेतृत्व गर्ने सभामुख अझ यसको हाई टावर पर्सनालिटी हो । त्यो कुरा त मलाई थाहा छ नि ।

त्यसकारण मैले कुनै यो सभालाई खिसिट्यूरी गर्ने या सभामुखलाई कोही गर्ने हिसाबले मैले बोलेको पनि हैन, त्यसरी म बोल्दा पनि बोल्दैन यमा मैले स्पष्ट पार्न चाहन्छु । त्यसकारण अब अर्को कुरा मैले सँगसँगै यहाँ के स्पष्ट पार्न चाहान्छु भने अब यसो हो भने एउटा कुनै न कुनै हामले अहिले मैले हेर्दा यदि संसारमा त कुनै देशमा रहेछ त्यस्तो, नेपालमा त्यो रहेनछ । कर्णालीबाट सुरु गरौं न संघीयतामा मैले अलि-अलि हेरैं अब त्यसबेला त हामी भर्खर न्वारन गऱ्या हुनाले त्यो संसदको नियमावली पास गऱ्यौं । हामीलाई पनि थाहा थिएन, त्यो अलि-अलि केन्द्रको कपि-पेस्ट जस्तो छ । जस्तो त्यो उदाहरणको लागि केन्द्रमा चाहिँ तपाईको संसदहरूले कुरा उठायो भने १ हप्ताभित्र मन्त्रीहरूले दिने जवाफ भन्ने खालको छ, अब यहाँ त तपाईको हामीले त्यसैलाई केरे ५ दिन संघमा छ, यहाँ हामीले एक हप्ता राखेका छौं । एक हप्ता किन राख्न पऱ्यो हामीले ? यो त तपाईको एउटा त्यसैको लागि त संघीयता चाहियो तुरुन्तातुरुन्ती चाहिँ सर्भिस डेलिभरि गर्नलाई त हो । त्यसकारण कम्तिमा ३ दिन राखौं न २ दिनले त तपाईको माननीयले बोली भ्याउँछ हाम्रो फोरम पनि सानो छ । तेस्रो दिनमा तयारी गरेर दिने गरौं, किन चाहिँ ७ दिन राख्न पऱ्यो ? एक । दोस्रो कुरा अर्को के हो भने कोड अफ कन्डक्टमा पनि केही बनाऔं न त हामीले सिकाऔं न त अरु बाँकी ६ प्रदेशलाई सरकारलाई संघलाई पनि हामीले सिकाऔं । नभए एउटा के खतरा हुने हो भने मेरो कुनै यसमा आशय होइन अब हामीले बोल्दा पनि के शब्द हुने हो ? के चाहिँ तपाईको अमर्यादित हुने हो र कतै रेकर्डबाट हट्ने हो या कारबाहीमा परिने हो भनेर एकदम चाहिँ एकदम त्रसित भएर राख्नु पर्ने भो । कि त एउटा कुनै रोटरी क्लब जस्तो केही बनाऔं त्यहाँ लेखेर ट्याक्क त्यहि आधारबाट राख्ने भन्ने खालको चाहिँ बनाउनु पऱ्यो । अर्को कुरा तपाईको चाहिँ सभामुखलाई पनि के प्रेसर पर्ने भो भने हैन उहाँले अलिकति सरकारको विरुद्धमा बोल्नु भा´छ, अल्लि खराबै बोल्नु भा´छ सभामुखज्यू एकदिन त उहाँलाई थला पार्नुस है भनेपछि सभामुखले गर्ने कि नगर्ने भन्ने उहाँलाई विचरा अकर्मण्यतामा पार्दिने । यस्तो खालको पनि तपाईंको चाहिँ देखियो । किन अब संस्थालाई त गर्ने कि नगर्ने भन्ने एउटा अकर्मण्यता हुन्छ । त्यसकारण कि त एउटा कोड अफ कन्डक्ट बनाऔं कि एउटा यलाई अल्लि खुकुलो बनाऔं र एउटा खालको यो सन्त्रास खालको जो बन्न गाको छ । अब जातिवित्ती यहाँ चाहिँ टेबुलै फाल्न लाग्यो अब चाहिँ तपाईको आमा गाली दिन थाल्यो, अब चाहिँ यहाँ तपाईको भताभुङ्ग गर्न थाल्यो भने त त्यहाँ लेखेकै छ त्या आठ दश जना सभा के उहाँभन्दा एक जना सांसद बलियो होला र ? ८/१० जनाले चप्याकचुपुक पारेर बाहिरै फाल्ने भनेर लेखेकै छ त । त्यो गर्ने कुरा छँदै छ । होइन भने यो सामान्य चाहिँ शब्दमा आएर यसरी टिकाटिप्पणी गर्दा अलिकति यो संसद खुम्चिन जान्छ कि त्यसकारण यसतर्फ मैले ध्यानाकर्षण गराउन चाहान्छु । धन्यवाद ।।

**माननीय सभामुखः** माननीय श्री कृष्णा शाह ।

**माननीय श्री कृष्णा शाहः** सभामुख महोदय, परिवर्तित जुन मौसमको कारण जाजरकोट जिल्लामा यो भाइरल ज्वरोको प्रकोप बढिराखेको छ र जसले गर्दा जाजरकोट अस्पतालमा भाइरल ज्वरो, टाईटफाइट र मौसमी रुघाखोकीका बिरामीहरूको दिनानुदिन चाप बढिरहेको छ भने अर्कोतिर औषधिको अभाव खड्किराखेको छ । औषधि सरकारले जिल्ला अस्पतालमार्फत् ७२ ओटा औषधिहरू निःशुल्क नागरिकहरूलाई उपलब्ध गराउने भन्ने छ तर अहिले जाजरकोट अस्पतालको फार्मेसीमा सिटामोल, आईरनचक्की लगायतका अति आवश्यक औषधिहरू सक्किराखेका छन् । अभाव भैराखेको छ र जसले गर्दाखेरि के सामान्य नागरिकहरू मेडिकल, प्राईभेट व्यक्तिगत मेडिकलहरू महङ्गो रूपमा औषधि खरिद गर्न बाध्य भएका छन् । जसले गर्दाखेरि नागरिकहरूलाई समस्या परिराखेको छ र अर्को जुन अति संवेदनशील, अति संवेदनशील सेवा डेलिभरिलाई हामी मान्छौं । त्यसको त्यो सेवाको लागि चाहिने आवश्यक सामग्रीहरू छैनन् । ल्याबमा

चाहिँने कीटहरू सकिएको छ । त्यसैगरी असारदेखि त्यहाँका स्वास्थ्यकर्मीरूले तलब भत्ता खान पाइराखेका छैनन् । एकातिर साधनस्रोत नहुँदाखेरि स्वास्थ्यकर्मीहरूलाई काम गर्न एकदम निकै कठिन परिराखेको छ भने अर्कोतिर बिरामीहरूलाई समस्या परिराखेको छ । त्यल्ले गर्दाखेरि यो किन भइरहेको छ । के कारणले यो समस्या भयो त जाजरकोट जिल्ला अस्पतालमा भन्दाखेरि त्यहाँ दरबन्दी हुँदाहुँदै पनि लेखापालको पदपूर्तिको समस्याका कारणले गर्दाखेरि यी यावत् समस्याहरू निम्ति राखेका छन् । कोष तथा लेखा नियन्त्रक कार्यालयले काजको रूपमा एक जना लेखापाल त्यहाँ खटाउँदा पनि उनी निरन्तर त्यहाँ नजाने भएकै कारण त्यहाँका हस्पिटल अस्पतालका गतिविधिमा अवरोध भइरहेको छ र जसले गर्दाखेरि अस्पतालमा अस्तव्यस्त हुने र औषधिको अभाव हुने र डाक्टरलाई काम गर्न समस्या हुने र बिरामीहरूलाई औषधि उपचारको समस्या हुने जुन समस्या भैराखेको छ, यो यसको समाधानको लागि मैले मुख्यत हाम्रो सम्बन्धित मन्त्रीज्यू पनि यहिँ हुनुहुन्छ । माननीय सभामुख महोदयमार्फत् मैले कर्णाली सरकार र मन्त्रीज्यूको ध्यानार्कषण गर्न चाहन्छु र यो समस्याको हल गर्नको लागि हाम्रो सरकार मन्त्रीज्यूले जतिसक्यो छिटो कसरी हुन्छ, लेखापालको पदको पूर्ति गर्ने सवालमा त्यतातिर अग्रसर हुनुहुने छ र सरकार हुनेछ भन्ने कुरा मैले राख्न चाहान्छु एउटा जाजरकोट जिल्लाबासीहरूको जीवनसँग जाडिएको संवेदनशील क्षेत्र अस्पताल भकै कारणले हामीले अलिकति बेवास्ता गर्दा पनि त्यहाँका आम जनतामा, आम नागरिकमा पर्ने समस्याहरूप्रति हामी सबै सरकार मन्त्रीज्यू एकदमै गम्भीर हुनुहुनेछ भन्ने कुरा मैले सभामुखमार्फत् फेरि पनि मन्त्रीज्यूको सरकारको ध्यान आर्कषण गर्न चाहान्छु । जति सक्यो छिटो लेखापालको पदपूर्ति हुनेछ भन्ने आशा र विश्वास राख्न चाहान्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री सुशीलकुमार थापा ।

**माननीय श्री सुशीलकुमार थापाः** माननीय सभामुखज्यू, मैले पटक पटक यो सम्मानित सदनमा धेरै पटक अपरकर्णालीको बारेमा कुरा उठाइरहको थिएँ र अन्य माननीयले पनि उठाउनु भएको थियो । यतिबेला भारतका एक जना राज्यमन्त्री नेपालमा अर्थात भ्रमणमा आइरहँदा उहाँले अपरकर्णाली जीएमआर कम्पनिले बनाउन नसक्ने र त्यो अपरकर्णाली भारतकै सरकारको सल्लाहामा अर्को कम्पनिलाई निर्माण गर्न दिनका लागि आग्रह गर्नुभएको छ । भदौ २ गते यसको अपरकर्णालीको जीएमआरसँगको सम्झौता सकिएको छ । प्रदेश सरकारले संघीय सरकारसँग समन्वय गरेर नेपालकै अत्यन्तै सस्तोमा जुन यो ९ सय १ मेगावाटको विद्युत बन्न सक्ने क्षमताको जुन छ, यसलाई नेपाल सरकारले नेपालकै आन्तरिक लगानीले निर्माण गर्न सक्ने यो आयोजना भएको कारणले नेपाल सरकारले बनाउनु पर्छ । र त्यसको प्रदेश सरकार र स्थानीय तहको पनि त्यसमा साझेदारी अर्थात शेयर रहने गरी जनताको शेयर रहने गरी यलाई निर्माण गर्नका लागि पहल गर्न कर्णाली प्रदेश सरकारको ध्यानार्कषण गराउन चाहान्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री गणेशप्रसाद सिंह ।

**माननीय श्री गणेशप्रसाद सिंहः** माननीय सभामुखज्यू, अघि माननीय कृष्णा शाहजीले जे कुरा राख्नुभयो त्यो अलि गम्भीरता गम्भीर समस्या पैदा भएको छ । जिल्ला अस्पतालमा तत्काल २४ घण्टाभित्र औषधिको व्यवस्था गर्नुपर्ने छ । डेङ्गो रोगको कीट परीक्षण मेसिन पनि छैन भन्ने कुरा आएको छ । त्यति मात्र होइन ह बारेकोट गाउँपालिका दुर्गम क्षेत्रको अस्पतालमा केही कारणले मान्छेको मृत्यु भएमा पोष्टमाटम गर्न पऱ्यो भने त्यहाँ चाहिँ चिरफार गर्ने औजार पनि छैन । त्यो पनि समस्या आएको छ । अब ती लगायतका समस्याहरू धेरै छन् र त्यहाँ म एकचोटि गाउँमा घुम्दा मतलब अब जनसमुदायहरूमा सचेत नागरिकहरूमा उत्साह छ, एक खालको आशा छ, भरोसा छ तर अब फेरि हामीले अलिकति डिले

गर्नुहुँदैन । यो तेस्रो बजेटको जो कार्यान्वयन भाको छ र यो तेस्रो बजेट सरकारले पिकअप लिनुपर्छ । अब त्रैमासिकको हामी संघारमा छौं । यहाँ अब सत्तापक्ष प्रतिपक्ष हामी सबैलाई चाहिएको यो सरकारको ले अगाडि बढोस् पिकअप लियोस् भन्ने हो । र यो त्रैमासिकमा अख्तियारी हुनु, जानुपर्छ कार्यविधि बन्नु पर्छ, निर्देशिका बन्नु पर्छ र अगाडि बढ्नु पर्छ काममा । अब त्यो गत साल श्रम शिविरको कार्ययोजना पास भएको छ, न्याप मोडेल भन्ने पनि छ । र हामी केही जान्दैनौं, तिहारपछि हामी अगाडि बढ्छौं । माननीयहरूले, यो मैले त फिल्डमा भन्याछु डिले अघिल्लो दुई वर्ष डिले भयो अहिले यो फास्ट ट्र्याकको वर्ष भयो, नआत्तिनुस् अगाडि बढ्छौं भन्या छौं । यो किसिमले ढिला भयो भने एक खालको निराशा आउन सक्छ, उत्साह छ । गत साल कर्मचारी केरे हाम्रा कार्यालयहरू अर्को जिल्ला जानु पर्थ्यो रुकुम, रुकुमका जाजरकोट आउनुपर्थ्यो । मैले सिंचाई खानेपानी र ऊर्जाको कार्यालय उद्घाटन गरेर गर्ने अवसर पाएँ र जनताले धन्यवाद पनि दिया, त्यो सँगसँगै केन्द्र सरकारसँग सभामुखमार्फत् प्रदेश सरकारले यो कर कार्यालयमा सबै कर्मचारीहरू यहाँ आइराख्दा रहेछन् । विशेषगरी एक हप्ता १० दिन लाग्दोरहेछ । बारेकोट गाउँपालिका र कुसेबाट शिक्षक अनलाईनको पाना नम्बर लिन आउनु पर्दा ७ दिन १० दिन लाग्दोरहेछ, लाउँदा रहेछन् । त्यसो हुँदाखेरि त्यो कार्यालय पनि एकीकृत कार्यालय प्रत्येक जिल्लामा लिएर जानुपर्छ है । केन्द्र सरकारसँग लबिङ्ग गरेर अर्थ मन्त्रालयसँग लबिङ्ग गरेर यो पनि जिल्ला-जिल्लामा लिएर जानु पर्छ । धेरै ठूलो राहत हुन्छ, धेरै ठूलो चुहावटलाई रोक्न सकिन्छ, एक । अर्को कुरा हाम्रो जिल्लामा गत साल सेतो चिनी चलानी नभएको संकलित भएको अहिले पनि २५ सय क्वीण्टल मौजुदा छ तर त्यहाँ जनता ब्यापारीहरू धेरै दुःख पाएका गुनासो गरे । यसको पनि व्यवस्था प्रदेश उद्योग मन्त्रालयले वन मन्त्रालयले केन्द्रमा लबिङ्ग गरेर यसको तत्काल निकास दिनुपर्छ र बाँकी कुराहरू दशैं-तिहार आएको छ । हैन यो अब कर्णाली करिडोरको कुरा गर्दैगर्दा भेरी करिडोर पनि संवेदनशील छ है । यो कुरा मनोवैज्ञानिक हिसाबले भेरी, राप्ती र कर्णाली डोल्पासम्मको एउटा मतलब सम्वेदनालाई ख्याल गरेर यो लाई पनि अब केन्द्र सरकारसँग लबिङ्ग गरेर यहाँ तत्काल बाटाको व्यवस्था गर्नुपर्ने छ । मान्छे, भोलि दुर्घटना हुन सक्छ, यो भनिएको छ । यो कुरा हामीले कुरा राखेका छौं र प्रदेश सरकार गम्भीर हुन आवश्यक छ । बाटाघाटा र अब यो मदिरादेखि लिएर यो ट्राफिक नियम, यो तत्काल व्यवस्था गर्नुपर्ने छ । हुन आउने फेरि अब अलिकति दुःखद् अप्रिय घटना हामीले सुन्नु पर्दा अब सामाजिक सञ्जालहरूमा, फेस बुकहरूमा, हामीले जाइने मतलब यो सबै कुराहरू हामीले जाइने सार्वजनिक गरिसक्या छौं । गत सालका २०७६/०७७ का योजनाहरू यो केही कारणले फेरि बिषयगत मन्त्रालयका योजना मैले त गाउँ-गाउँ लिएर प्रचार पनि गरेर आ'छु । रातो किताब आउँदाखेरि कतै फेरि संशोधन भयो भने यो अप्रिय दुःखद् हुनेछ । एउटा दृष्टान्त गत सालका योजनाहरू काटियो यहाँ ल्याइयो त्यो त्यही ठाउँमा त्यही वडामा पनि त अरु केही हुन सक्थ्यो नि त योजना, भन्ने छ है तल जनताको सुझाब । यसमा हामीलाई दुःख लागेको छ भन्ने छ । अहिले हामीले जस्तो एउटा मेरो हाम्रो प्रस्तावमा हामीले साइकुमारी पदमार्ग भनेर हामीले ४५/४५ लाख हालेका छौं, यहाँ काटियो भन्ने सुन्या छु तर त्यहाँ तल सरोकारवालाले के भन्छन् भने स्कन्दपुराणको हिमखण्डमा साईकुमारी तिर्थ लेखिएको छ भन्छन है । स्कन्दपुराणको हिमखण्ड भन्ने चाइने मल्लव शास्त्रमा साईकुमारी तिर्थ लेखिएको छ । यदि यो काटियो भने हामी कुन ठाउँमा जाने बहसमा कानुनी कठघरामा हामी जान तयार छौं भन्ने पनि तर्क गरे है । मान्छे यति कुरा लिएर तल बस्या छन् । हामी यहाँ डिले ढिला-ढाला गर्‍यौं भने पछि हाम्रो फेरि पहलकदमि कम छ । अहिलेसम्म उत्साह छ, मतलव खुसी छ । निराशा छैन तर डिले भयो भने होला तर सबै खुसी छन् केही हामी पाउँछौ भन्ने छ । र यसकारण सरकार गम्भीर हुन आवश्यक छ र पिकअप लिन्छ प्रदेश सरकारले भनिएको छ र पिकअप लिनका निमित्त सायद गाडि अगाडि बढिराख्या होला । यो कुरा भन्दै धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, आजको विशेष समयमा माननीय सदस्यहरूले आ-आफ्नो धारणा राख्ने क्रम समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरू, माननीय सदस्यहरूले विशेष समयमा उठाउनुभएका सार्वजनिक सरोकारका विषयहरूमा सरकारको धारणा वा जवाफ दिन प्रदेश सभाको आगामी बैठकमा दिन रुलिङ्ग गर्दछु ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री दल रावललाई सामाजिक संघसंस्था सञ्चालन तथा व्यवस्थापन विधेयक २०७४ सभाबाट फिर्ता लिनको लागि प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**सामाजिक विकास मन्त्री माननीय श्री दल रावलः** माननीय सभामुखज्यू, प्रदेश सरकारको तर्फबाट सभामा भएको र सभाबाट सामाजिक विकास समितिमा गएको संघसंस्था सञ्चालन तथा व्यवस्थापन विधेयक २०७४ समितिमा छलफल प्रश्चात प्रदेशको अधिकार क्षेत्रभित्र नपर्ने देखिएको हुँदा प्रदेश सभा नियमावली २०७४ को नियम ११९ को उपनियम ३ बमोजिम सभाबाट फिर्ता लिनको लागि प्रस्ताव गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री दल रावलले सामाजिक संघसंस्था सञ्चालन तथा व्यवस्थापन विधेयक, २०७४ सभाबाट फिर्ता लिन राख्नु भएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला । यो पक्षको विपक्षमा हुने माननीय सदस्यहरूले हुन् हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।- हुन्छ

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् । -

हुन्न भन्ने आवाज सुनिएन तसर्थ सामाजिक संघसंस्था सञ्चालन तथा व्यवस्थापन विधेयक, २०७४ सभाबाट फिर्ता गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री दल रावललाई प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ लाई सभा समक्ष टेबुल गर्न समय दिन्छु ।

**सामाजिक विकास मन्त्री माननीय श्री दल रावलः** स्वास्थ्य सेवा सञ्चालन, सञ्चालनलाई नियमित व्यवस्थित र प्रभावकारी बनाउनेका लागि सरकारी तथा नीजि स्वास्थ्य संस्थाहरूको नियमन गरी स्वास्थ्य प्रणालीहरूलाई सुदृढ बनाई कर्णाली प्रदेशको विकासमा योगदान पुऱ्याउन प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा कानुनी व्यवस्था गर्न बाञ्छनीय भएकाले प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ प्रदेश सभा नियमावली २०७४ को नियम १०५ बमोजिम सभा समक्ष टेबुल गर्दछु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री दल रावललाई कर्णाली प्रदेश स्वयम्सेवक परिचालन सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक २०७५ का सम्बन्धमा कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १२० को उपनियम २ को खण्ड (क) बमोजिम प्रतिवेदनसहित विधेयकमाथि छलफल गरियोस् भनी सभा समक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**सामाजिक विकास मन्त्री माननीय श्री दल रावलः** माननीय सभामुखज्यू, सम्मानित सभामा प्रदेश सरकारका तर्फबाट पेश भएको कर्णाली प्रदेश स्वयम्सेवक परिचालन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ प्रदेश सभाको बैठकबाट बिषयगत समितिमा पठाउने निर्णय भएको र सामाजिक विकास समितिमा छलफल भई सभामा प्राप्त भएकोले कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १२० को उपनियम २ को खण्ड क बमोजिम प्रतिवेदनसहित विधेयकमाथि सभामा छलफल गरियोस् भनि प्रस्ताव गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री दल रावलले सभामा पेश गर्नुभएको कर्णाली प्रदेश स्वयम्सेवक परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि प्रतिवेदनसहित विधेयक माथिको छलफलका लागि समय निर्धारण गरेको छु ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश स्वयम्सेवक परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि समितिको प्रतिवेदनसहितको छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले सभामुखको डयासको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीहरूकोमा नाम टिपाउनु होला ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका माननीय सामाजिक विकास मन्त्री दल रावलले सभामा राख्नुभएको कर्णाली प्रदेश स्वयम्सेवक परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि समितिको प्रतिवेदनसहित विधेयक माथिको छलफलमा कुनै पनि माननीय सदस्यहरूले भाग नलिनु भएकाले अब म कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री दल रावललाई कर्णाली प्रदेश स्वयम्सेवक परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ समितिको संशोधन प्रतिवेदनसहित कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १२१ बमोजिम पारि पारित गरियोस् भनी सभा समक्ष प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**सामाजिक विकास मन्त्री माननीय श्री दल रावलः** माननीय सभामुखज्यू, कर्णाली प्रदेश स्वयम्सेवक परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि प्रदेश सभामा छलफल भैसकेकोले सामाजिक विकास समितिको प्रतिवेदनमा उल्लेखित भएका संशोधन प्रस्ताव यो विधेयकको अभिन्न अंग हुने गरी कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १२१ बमोजिम यस सभाबाट पारित गरियोस् भनी प्रस्ताव गर्दछु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री दल रावलले सभामा प्रस्तुत गर्नुभएको कर्णाली प्रदेश स्वयम्सेवक परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ लाई समितिको संशोधन प्रतिवेदनसहित निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला । यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हून्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् । - हुन्छ ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नु होस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ कर्णाली प्रदेश स्वयम्सेवक परिचालन सम्बन्धमा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ सामाजिक समितिको प्रतिवेदनमा उल्लेख भएका संशोधनको प्रस्ताव

विधेयकको अभिन्न अंग हुने गरी समग्र विधेयक पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७६ साल भदौ ३० गते सोमबार दिनको ३:०० बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

# बैठक संख्या-३०

(२०७६ साल भदौ ३० गते सोमबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश, प्रदेश सभाको चौँथो अधिवेशनको ३०औं बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनुपर्ने सार्वजनिक सरोकारका विषयहरूमा यथास्थानबाट आफ्ना भनाई राख्न विशेष समयको व्यवस्था गरेको छु । सर्वप्रथम माननीय श्री जीवनबहादुर शाही, माननीय सदस्य रोष्टम प्रयोग गर्न सक्नुहुन्छ ।

**माननीय श्री जीवनबहादुर शाहीः** सम्माननीय सभामुख महोदय, आजको यो विशेष समय विशेष मात्र नभएर अति नै विशेष सम्वेदनशील रहेको हुनाले म यो रोष्टममा उपस्थित भएको छु । बोल्ने मौका दिनुभएकोमा सभामुख महोदयलाई हार्दिक धन्यवाद दिन चाहन्छु । म १/२ वटा कुराबाट पहिला सुरुवात गर्न चाहन्छु । याटिच्यूटको कुरा हुँदोरैछ एउटा बुढो मान्छेले भन्छ रे, ईरेजर आर मेड फर दोज हु मेक मिस्टेक । ईरेजर त्यस्ताको लागि बनाइएको हुन्छ, जसले गल्ति गर्छ अनि एउटाले योङ्ग यूथले भन्छ रे, ईरेजर आर मेड फर दोज हु आर वीलिङ्ग टु करेक्टेड देयर मिस्टेक । त्यस्ताको लागि बनाइएको हुन्छ । जसले आफ्ना गल्तिहरू सुधार्न चाहन्छ । अनि मलाई अहिले आउँदैआउँदा पसिना छटछटि छुटिरहेको छ । एसी छन् बस्ने छेउको एसी पनि बन्द छ । म कवि त होइन सभामुख महोदय, एउटा कविता आइहाल्यो मेरो मनमा,

हे सरकार भित्ता हेर्दा रातो छ भित्ता हेर्दा रातो छ ।

कोठा छ अति नै रातो कता छ सरकारको सातो कता छ सरकारको सातो ।

कसरी छुट्यो बजेटको पातो, कसरी छुट्यो बजेटको पातो ।

यो मेरो रह्यो दुई लाइने कविता सभामुख महोदय, हेर्छु संसदमा धेरै अनुभव भएका सरकारका मन्त्रीहरू हुनुहुन्छ अनि माथितिर हेर्छु मैले देख्ने गरेको बुझ्ने गरेको जब-जब सदन चलिरहन्छ जति ओटा मन्त्रालयहरू छन् ती मन्त्रालयका प्रतिनिधिहरू सदनमा उपस्थित हुन्छन् । जसले गर्दाखेरि त्यो मन्त्रालयमा मन्त्रालयका विषयमा के-के कुराहरू उठेका हुन् भनेर उनीहरूले रिपोर्टिङ्ग गरेको हुन्छ र यस्तो बेलामा, यस्तो बेलामा त मन्त्रालयका सचिवहरू, प्रमुख सचिवहरूको उपस्थित हुने प्रचलन छ । सायद हामी नयाँ अभ्यासमा भएकाले प्रचलन नभएको हुन सक्छ यो कुरा मैले किन भन्दै छु भने कुनै कार्यालयमा गएर सोध्या यो कुरा सदनमा उठेको थियो । केही थाहा छ कि भन्दा उहाँहरूले थाहा छैन हामी त गएका छैनौं भन्ने धेरै मन्त्रालयबाट कुरा आयो सभामुख महोदय, आज म यस्तो जटिल विषय उठाइरहेको छु सभामुख महोदय २२औं बैठकले विनियोजन विधेयक पास गर्‍यो । विनियोजन विधेयक पास गरिसकेपछि यो सर्वसहमतले पास भयो सभामुख महोदय जहाँ पनि सरकारका प्रमुख या सरकारका मन्त्रीले सदनलाई गुम्राहमा राख्न मिल्दैन । सरकारलाई सरकारले सदनले गरेको निर्णयहरूको विरुद्ध काहिँ जाने काहिँको पनि प्रचलन हुँदैन सभामुख महोदय तर हाम्रो प्रदेशमा अचम्मको कुरा भएछ सदनले एउटा पास गर्‍यो विधेयक बनेर अर्को आयो मैले आज ती दिनहरूलाई स्मरण गराउनै पर्छ भन्ने मलाई लागेको छ, सभामुख महोदय, जुन दिन हामीले यो विनियोजन विधेयक पास गर्‍यौं, कहिले-कहिले लाग्छ कि सरकारको

एक जना भए पनि मन्त्री हुनुपर्छ अनि मात्र सदन चल्छ भन्ने परम्परा छ । त्यो भनेको के हो भने एक जना हुँदा एक जना आउनुपर्छ अरु आउनु पर्दैन भनेको त होइन । जस्तै हाम्रो नियमावलीमा के छ भने हरेक कुराहरू मुख्यमन्त्रीले प्रस्तुत गर्ने अथवा निजले तोकेको व्यक्तिलाई भन्ने कुरा छ । मनसाय के हो भने सकभर सदन चलेको बेला विधेयकहरू चाहिँ प्रस्तुत हुँदा, बजेट विनियोजन हुँदा, महत्वपूर्ण सार्वजनिक कुराहरू हुँदा सरकारको प्रमुखको नै उपस्थिति होस् भन्ने तर सधैं सरकारको उपस्थित हुन सक्दैन त्यसकारणले निजले तोकेको भन्ने कुरा राखेकै छ । एक जना आइसकेपछि अब संसदमा के-के कुराहरू भए, सदनमा के-के कुराहरू उठाए ती उठेका कुरा हामीलाई थाहा छैन भनेर भन्न मिल्दैन सभामुख महोदय तर हाम्रो कर्णाली प्रदेशमा के देख्यो कि सदनमा कुरा उठ्यो होला हामीलाई थाहै छैन । सरकार सदनको एउटा अभिन्न अङ्ग हो । मूल कानून यहाँबाट बन्छ त्यसलाई कार्यान्वयन गर्ने सरकार हो, सरकार बेखबर छ । हामीले मैले जुन बेला हामीले आन्तरिक मामिला, आर्थिक मामिला मन्त्रीले यहाँ आउनुभो सभामुख महोदय विभिन्न विधेयकहरू फिर्ता लिने कुराहरू फिर्ता भइसकेपछि, खर्च कटौतिका कुराहरू फिर्ता लिने हुन्छ र भन्ने कुरा आइसकेपछि त्यो बेला सभामुखज्यूले भन्नुभएको थियो माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई कर्णाली प्रदेश विनियोजन विधेयक २०७६ पारित गरियोस् भनी सत्ता स, सभा समक्ष त्यसपछि हामीले विरोध जनायौं १५ मिनेटको लागि त्यो सभा स्थगित भयो त्यसपछि नौ मा माननीय सदस्यहरू अब यो बैठक १५ मिनेटको लागि स्थगित हुन्छ । हामीले विरोध गरिसकेपछि स्थगित भयो । र पछि माननीय सदस्यहरू १५ मिनेटको लागि स्थगित भएको बैठक पुनः सूचारू हुन्छ । हामीभित्र बस्यौं केही समझदारीहरू भए आइसकेपछि सभामुख महोदय माननीय सदस्यहरू आर्थिक वर्ष ०७६/०७७ को आयव्ययको विवरण ब्राकेटमा बजेट माथिको छलफलमा प्रदेश सभामा माननीय सदस्यहरूले उठाउनुभएका महत्वपूर्ण सवालहरूलाई सम्बोधन गर्नको लागि निम्न बुँदाहरू एक म सभामुख महोदय धेरै माननीयज्यूहरूले बिर्सेको हुन सक्छ त्यसकारणले पनि म यो स्मरण गराउको लागि यो बचन गर्दै छु सभामुख महोदय । (१) कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्री परिषद् कार्यालय अन्तर्गत रहेको कर्णाली पूर्वाधार विकास लगानी कोषको नाममा विनियोजित कुल बजेट रु.३ अर्बमध्ये जनता सडक कार्यक्रम गर्नको लागि थप बजेट रु. १ अर्ब ९२ करोड थप गरी भौतिक पूर्वाधार विकास मन्त्रालयमा पठाउने व्यवस्था गर्ने । (२) आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गरी सबै मन्त्रालय तथा निकायहरूको चालु शीर्षकमा रहेको, बढी भएको, दोहोरिएको, कतिपय संस्थाका नाममा किटानी गरिएको तथा कार्यक्रमको महत्व र प्राथमिकताका आधारमा चालुतर्फको बजेट पूँजीगततर्फ रकमान्तर गर्ने रकमान्तर गर्ने । (३) चालु खर्च शीर्षकबाट प्राप्त हुने बजेट कर्णाली प्रदेश महत्वका आयोजना तथा योजना कार्यक्रम र बजेट विनियोजनमा असुन्तलन भएका क्षेत्रमा आवश्यकता अनुसार थप गरी बजेटको क्षेत्रगत सन्तुलन मिलाउने । (४) मन्त्रालयबाट प्रस्तावित योजना तथा कार्यक्रममध्ये कार्यान्वयनयोग्य नभएका र दोहोरोपन भएका योजना कार्यक्रमलाई आवश्यकताअनुसार संशोधन गरी कार्यान्वयनयोग्य प्रतिफलयुक्त बनाउने । (५) पूर्वाधार विकास कार्यक्रमको रु. १ अर्ब २० करोड कार्यविधि बनाई निर्वाचन क्षेत्रमा कार्यान्वयन गरिनेछ । कर्णाली प्रदेशको आर्थिक वर्ष ०७६/०७७ वार्षिक अनुमान आयव्यय (बजेटको अङ्ग हुने गरी) फेरि पनि म भन्न चाहान्छु सभामुख महोदयको बजेट आयव्यय (बजेटको अङ्ग हुने गरी) कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले सभासमक्ष राख्नुभएको प्रस्तावसहित कर्णाली विनियोजन विधेयक २०७६ र यससंग आश्रित कर्णाली प्रदेश आर्थिक विधेयक २०७६ र कर्णाली प्रदेश ऋण उठाउने विधेयक २०७६ निर्णयार्थ प्रस्तुत गर्दछु । अब यो हुन्छ भन्नेले हुन्न भन्नेले त छँदै छ । त्यसपछि सभामुख महोदय हुन्न भन्ने आवाज सुनिएन तसर्थ कर्णाली प्रदेश विनियोजन विधेयक

२०७६ मा माननीय आर्थिक मामिला तथा योजना मन्त्रीले जनाउनुभएको प्रतिवद्धता बजेटको अङ्ग हुने गरी यो भाषा फेरि पनि मैले दोहोराउन चाहे सभामुख महोदय, योजना मन्त्रीले आर्थिक मामिला तथा योजना मन्त्रीले जनाउनुभएको प्रतिबद्धता बजेटको अङ्ग हुने गरी पारित गरियोस् भन्ने प्रस्तावसहित कर्णाली विनियोजन विधेयक २०७६ र यससँग आश्रित कर्णाली प्रदेश आर्थिक विधेयक २०७६ र कर्णाली प्रदेश ऋण उठाउने विधेयक २०७६ सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु । यसरी भयो सभामुख महोदय तर आज दुर्भाग्य आज बिहान थाहा भो प्रमाणित र परमानेन्ट कारण हुँदा यो चाहिँ अङ्ग बनेन, जुन आर्थिक मामिला मन्त्रीले प्रतिवद्धता गर्नु भो, उहाँले सरासर यो सिंगो सम्मानित संसदलाई गुम्राहमा राख्नुभयो र यो कुराको लागि कतै मैले खोजे सभामुख महोदय, कतै यो सिंगो संसद अथवा सचिवालयको पनि बदमासी त होइन कतै ? के भएको हो ? भनेर मैले आज धेरै डकूमेन्टहरू खोजे सभामुख महोदय, २०७६ साल ४ महिना १ गते जीबराज बुढाथोकी सचिवबाट हस्ताक्षरित एउटा चिठी रैछ, श्रीमान सचिवज्यू श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत विषय परिमार्जित विधेयकको मस्यौदाबारे उपरोक्त विषयमा कर्णाली प्रदेश सरकारको तर्फबाट सदनमा पेश भएको विनियोजन विधेयकको अन्तिम परिमार्जित मस्यौदाको प्रति माननीय आर्थिक मामिला तथा योजना मन्त्रीज्यूको प्रत्येक पेजमा हस्ताक्षरसहित सोको सफ्ट कपि समेत प्रमाणीकरण प्रति तयार गर्ने प्रयोजनार्थ तुरुन्तै पठाइदिनु हुन अनुरोध गर्दछु । यहाँबाट उहाँले १ गते लेख्नु भो सभामुख महोदय अनि त्यो १ गते नै यहाँबाट गइसकेपछि २ गते यो विधेयक आयो सभामुख महोदय यो विनियोजन विधेयक आयो । आइसके पछि उहाँले प्रमाणीकरण गरेर गर्नु भो सही गरेर सायद सभामुख महोदय यो आर्थिक मामिला मन्त्रीको नै सही हुनुपर्छ । प्रत्येकमा भनेकोमा यो अन्तिममा छुटेको छ उहाँले अब बिर्सिनुभयो होला तर कानुनी कुरामा छुटिसकेपछि यो प्रमाणित भएको मानिंदैन । यसरी आयो र जुन प्रतिबद्धता उहाँले यहाँ जनाउनुभयो अङ्ग हुने गरी भन्नुभयो यो पठाउँदाखेरि उहाँले पुरानै कपिलाई राखेर उहाँले पठाउनुभयो सायद उहाँको तर्क हुन सक्छ सभामुख महोदय उहाँको तर्क के हुन सक्छ भने चालु खर्च मिलाउने कुरामा कसरी हुन सक्थ्यो ? अर्को के हुन सक्थ्यो भन्ने हुन सक्छ तर एउटा सिमपल कुरा म भन्न चाहान्छु सभामुख महोदय, अरु उहाँले केही नगरेको भए पनि हामीले मुख्यमन्त्रीको कार्यालयमा भएको ५ अरब २८ करोड चानचुन पैसामध्येबाट १ अरब ९२ करोड पैंसा भौतिकमा पठाउने कुरो त यो तल्लो शीर्षकमा राख्न सकिन्थो नि त त्यसपछि जुन कार्यविधि बनाएर बनाउने कुरामा त यो यसले हामीलाई अधिकार दिएको छ सभामुख महोदय । विधेयकले हामीलाई अधिकार दिएको छ । धेरै कुराहरू रैछन् सभामुख महोदय यो सम्मानित सदनलाई म हार्दिक अनुरोध गर्न चाहान्छु । यो झिझो नमानी यहाँहरूले सुन्नु हुनेछ, यो अत्यन्तै महत्वपूर्ण कुरा र सभाको नै मर्यादा नराख्दिने कुरा, मर्यादा नै नराख्ने कुरा जुन सरकारले गऱ्यो र सरकारको आर्थिक मामिला मन्त्रीले गर्नुभयो । यहाँ अख्तियारी तथा कार्यक्रम स्वीकृति गर्ने भनेर लेखेको रैछ सभामुख महोदय । प्रचलित कानूनमा जुनसुकै कुरा लेखेको भएतापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधिनको अधिनमा रहि खर्च गर्ने अख्तियारीको यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ । २ गते यहाँ आयो यहाँबाट सभामुखले सभामुखले गर्ने प्रमाणित हो । उहाँले ७ गते यहाँ प्रमाणित गरेर पठाउनु ५ गते प्रमाणित गरेर उता पठाउनु भएको छ । अनि प्रदेश प्रमुखले २ दिन राखेर प्रमाणीकरण गरेर पठाइएको छ यता यो विधायनको केरे विधेयकको अगाडि उहाँले कभरिङ्ग लेटरसम्म पनि लेखेको छैन सभामुख महोदय, अब २ उपदफा १ बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेशले लेखा ईकाई कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम दिनेछ । अब यो बजेट अहिलेको हाम्रो यो विनियोजन विधेयकले ७ गतेबाट लागु भइसक्यो सभामुख महोदय ७ गतेबाट । यो अरु अरु दफा म पढ्दिन ५ मा के छ भने प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए पनि मन्त्रालयगत बजेट सूचना

प्रणालीमा समावेश भएको कार्यक्रम त्यस्तो कार्यक्रम कार्यन्वयन गर्ने प्रयोजनको लागि स्वीकृति कार्यक्रम मानिनेछ । एलबीआइएसको जुन हामीले कुरा गर्‍यौं त्यो मानिनेछ भन्यो तर दफा ६ उपदफा ६ मा के भन्यो भने ६ को उपदफा ५ बमोजिम मन्त्रालयगत बजेट प्रणालीमा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनुपर्ने छ भन्यो । ७ मा उपदफा ६ मा जुनसुकै कुरा लेखिएको भए पनि मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमको चौमासिक विभाजनमा संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकाएले १ तह माथिको कार्यालय प्रमुखको स्वीकृति लिनुपर्नेछ भनेर पनि यो हामीलाई अधिकार दियो । तर मन्त्रालय कार्यक्रमको उद्देश्यमा फरक नपर्ने गरी चौमासिक विभाजन गर्न संशोधन गर्न बाधा पुगेको मानिने छैन भन्यो । त्यो पनि त्यलाई नै अधिकार दियो सभामुख महोदय । ८ को उपदफा ७ बमोजिम संशोधन भएको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनुपर्ने छ भनेर भनियो सभामुख महोदय । त्यसपछि ९ मा उपदफा ६, ७ र ८ मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै खर्च शीर्षकमा पछि बाँडफाँड गर्ने गरी एकमुष्ट रकम विनियोजन भएकोमा सोको बाँडफाड तथा विभाजन गर्नुपर्ने भएमा वार्षिक कार्यक्रमको ढाँचामा चौमासिक विभाजन गरी श्रावण १५ गतेभित्र कार्यक्रमको बाँडफाँड तथा विभाजन गरी कर्णाली प्रदेश योजना आयोगको सिफारिसमा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट स्वीकृति गराउनुपर्ने छ र सो को जानकारी प्रदेश लेखा नियन्त्रण कार्यालयलाई दिनुपर्ने छ । जुन कार्यविधि बनाएर भन्ने कुरो ५ करोडको आएको छ, त्यसको लागि पनि यहाँ अधिकार छ । तर सभामुख महोदय सरकारले एउटा संशोधन विधेयक ल्यायो कसलाई टेकेर १० नम्बर दफालाई टेकेर मन्त्रालय वा निकायले स्वीकृत वार्षिक कार्यक्रम संशोधन गर्नुपर्ने भएमा सो को कारण खोली कार्यक्रमको उद्देश्यमा फरक नपर्ने गरी दोस्रो चौमासिक अवधि समाप्त भएपछि कर्णाली प्रदेश योजना आयोगको सिफारिसमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई कार्यक्रम संशोधन गर्नुपर्ने छ । रेगुलर चलिरहेको अवस्थालाई टेकेर अस्ति ल्याएर यो गर्न मिल्दैन भन्यो । यसरी सदनलाई गुम्राहमा राख्ने संसदलाई झूठो विवरण बुझाउने र सिंगो सदनको मानमर्यादा गरेर हामीले एउटा नमुना ढङ्गले ल्याएको विनियोजन बजेटलाई यसरी संसदलाई छल्ने काम गरेको हुनाले सभामुख महोदय अब यो सरकार त छ कि छैन म भन्न सक्दैन तर यस्तो गर्ने, सदनलाई गुम्राहमा राख्ने, झूठो कुरा बोल्ने, झूठो विवरण पेश गर्ने र हुँदाहुँदा सभामुखलाई समेत पनि यसरी सचिवालयले पठाएको चिठीको लाई गुम्राहमा अझ त मैले एउटा कुरा छुटाएँ सभामुख महोदय पहिला त मन्त्रीले होइन, सचिवले पठाएको छ, सचिवले सही गरेर चाहिँ विधेयक आइरहेको छ सभामुख महोदय । त्यलाई धरौटीमा राखेर फेरि मन्त्रीको झिकाइएको छ । मन्त्रीको आएकोमा चाहिँ पुरानो गत वर्षको बजेटको त्यो राखेर पठाइएको त्यो उहाँ कुन सपनामा हुनुहुन्थ्यो । कुन संसारमा हुनुहुन्थ्यो । के कल्पना गरिरहनु भाएको थियो, हामीले बुझ्न सकेनौं । यसरी आफैले बोलेको बचन र पूर्ण सर्वसम्मतले पास गरेको बजेटलाई गुम्राहमा राखेर सदनलाई उल्टो बाटोमा हिंडाउने र हाम्रो मानमर्यादा गर्ने आर्थिक मामिला मन्त्रीको हामी राजिनामा माग गर्छौं । र उहाँले राजिनामा नदिँदासम्म सभामुख महोदय, यत्रो यो यत्रो यो सदनलाई गुम्राहमा राख्ने आर्थिक मामिला मन्त्रीको राजिनामा नआउँदासम्म यो सदन अगाडि बढ्न सक्दैन । यही कुरा मैले अनुरोध गर्दै यहाँबाट बिदा हुन्छु, धन्यवाद । जय नेपाल ।।

**माननीय सभामुखः** बसौं माननीय सदस्यहरू, माननीय सदस्यले आफ्ना कुरा राख्नुभएको छ । केही प्रश्नहरू गर्नुभएको छ । माननीय आर्थिक मामिला मन्त्रीको उत्तरको कार्यक्रम पनि छ । कुरा सुनौं बैठक अगाडि सञ्चालन गर्नलाई सहयोग पुर्‍यायौं माननीय सदस्य ।

आशन ग्रहण गरौं माननीय सदस्यहरू आ–आफ्नो ठाउँमा आशन ग्रहण गरेर बैठक सञ्चालनका लागि सहयोग गरौं माननीय सदस्यहरू ।

**माननीय श्री जीवनबहादुर शाहीः** सम्माननीय सभामुख महोदयको आग्रहलाई हामीले नमान्ने कुरा छैन सभामुख महोदय, बजेटै नभएको र यो संसदलाई नै गुम्राहमा राखेर झूठो बोलिरहेको चाहीं आर्थिक मामिला मन्त्री पदमा रहिरहँदासम्म यो सदन कसरी अगाडि बढ्न सक्छ ? सभामुख महोदय, हामीले त्यो नै आवेशमा आएर भनेका छैनौं, त्यसकारणले चाहिँ हामी सम्माननीय सभामुखमार्फत् सरकारको अनुरोध गर्न चाहान्छु कि हाम्रो माग पूरा होस् अनि चाहिँ बैठक राम्रोसँग सञ्चालन हुन्छ सभामुख महोदय ।

**माननीय सभामुखः** माननीय मन्त्रीज्यूको जवाफ पनि सुनौं माननीय सदस्य ।

**माननीय श्री जीवनबहादुर शाहीः** यो सभामुख महोदय, ..... *(रेकर्ड नसुनिएको)*

**माननीय सभामुखः** जवाफको पूर्वानुमान गर्न सकिन्छ तर यही जवाफ आउँछ भनेर भन्न सकिदैन माननीय सदस्य, जवाफ सुनौं अनि त्यसपछि माननीय सदस्यको छुँदैछ ।

आसनग्रहण गर्दिएर सहयोग गरौं माननीय सदस्य...

माननीय सदस्यहरू, अब यो बैठक आधा घण्टाको लागि यही स्थगित हुन्छ ।

□□□

# बैठक संख्या-३१

**(२०७६ साल असोज ८ गते बुधबार)**

राष्ट्रिय धुन,

**माननीय सभामुख :** माननीय सदस्यहरु कर्णाली प्रदेश, प्रदेश सभाको चौथो अधिवेशनको यो ३१ औं बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरु, प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायहरुको ध्यानाकर्षण गराउनुपर्ने सार्वजनिक सरोकारका विषयहरुमा यथास्थानबाट आफ्ना भनाइ राख्न विशेष समयको व्यवस्था गरेको छु । सर्वप्रथम माननीय श्री जीवनबहादुर शाही। माननीय सदस्य रोष्टम प्रयोग गर्न सक्नुहुन्छ ।

**माननीय श्री जीवनबहादुर शाही :** सम्माननीय सभामुख महोदय, सम्माननीय महोदयका अनुमतिले यो सम्मानित संसदमा म आज केही कुराहरु राख्न चाहन्छु । हाम्रो यो सदन २०७६ भदौ ३० गतेबाट स्थगित रहेको थियो । त्यो प्रतिपक्ष दलको कारणले गर्दाखेरी स्थगित रहन गयो । र म आज यो सम्मानित संसदमा सभामुखज्यूमार्फत् म आफ्ना कुराहरु र बन्द गर्नका कारणहरु र आज खुल्नाका कारणहरु राख्न चाहन्छु म सम्माननीय सभामुख महोदय, एउटा भनाइ छ । कहाँ दुख्छ घाउ मलाई नसोध ठीकै छु, म सन्चै छु भन्ने भन्या जस्तै यी घाउ दुख्ने कुराहरु त छँदै छन्, सभामुख महोदय, र लाग्न सक्छ प्रतिपक्षले त्यसरी वन्द गरेको हो कि अहिले आएर फेरि केही उपलब्धि नभएर यो फेरि खुलेको हो कि भन्ने कुरा पनि हुन सक्छ । सम्माननीय सभामुख महोदय,, आज झण्डै ९ दिन भएछ स्थगित भएको ९ दिनका नौला कुरा नै आउने भए पुराना कुरा त आउने भएनन् । ९ दिनका नौला कुराहरुहुने नै भए । र हामीले यो सदन स्थगित गर्नको कारण २०७६ असार २९ गते जुन विनियोजन विधेयक हामीले सदनबाट पास गर्यौं । केही परिमार्जनसहित हामीले पास गर्यौं । र त्यो पास गर्ने क्रममा सिङ्गो सदनको राय, सुझाव, सल्लाहले धेरै खालका तर्कहरु आउँछन्, धेरै वितर्कहरु आउँछन्, कोइ त के भन्ने कुरा पनि आउँछ भने एउटा कमा र फुलस्टप परिवर्तन भयो भने सरकार जान्छ । सायद त्यो बेला सम्मानित सदनले निकालेको कुरा सरकार ढाल्नको लागि या कसैलाई यहाँबाट बाहिर निकाल्नको लागि गरेको थिएँन र पहिलो प्रयास पहिलो सरकारका अनुभवहरु भएको हुनाले यलाई सुधारेर जाने, अङ्ग बनाएर जाने भन्ने कुरो थियो । सभामुख महोदय, तर २ महिनासम्म पनि अङ्ग बन्न सकेन, श्रावण १५ गते भन्दा अगाडि यो अङ्ग बनिसक्नुपर्थ्यो । हाम्रो बजेट निकासा भईसक्नुपर्थ्यो मलाई जहाँसम्म लागेको छ । आजका बीचमा पनि बजेट निकासा भएन । गएको छैन । त्यस कारण हामीले संसद अवरुद्ध गर्यौं र संसद अवरुद्ध गर्ने क्रममा हामीले के भनिउँ भने जब कुरा निस्कियो प्रमाणिकरण गर्ने क्रममा हामीले अङ्ग भनेर देखाएको चिजहरु नै प्रमाणिकरण भएर आएन भनेपछि हामीले त्यो आवाज निकालिउँ सभामुख महोदय, । कि संसदलाई झुट बोलियो, संसदलाई ढुङ्गामा राखियो । र संसदलाई झुट बोल्ने र गुमरामा राख्ने आर्थिक मामिला मन्त्रिज्यूका हामीले राजिनामा माग गर्यौं । हामीले यही संसदसम्म आएर हामीले त्यो माग गर्यौं त्यसपछि त्यो भएपछि त्यो दिन स्थगित भयो २ गतेको लागि बोलाइएको थियो, बिहान हामीमुख्यमन्त्री कार्यालयमा गएर वार्ताहरु गर्दा खेरी वार्ता कुराहरु मिल्न सकेन । त्यो बेला सरकारले के भन्यो भने एउटा महसुस के गर्यो, यो हामीबाट त्रुटी भयो । हामीले जानीजानी गरेको होईन हाम्रो अज्ञानताका कारण किनकी पहिलापहिला जोश जागर तागत धेरै हुन्छ । सरकारलाई पनि हामी सबै जान्ने बुझने हामी नै छौं भन्ने पनि भएको होला । तर सरकारले भन्यो हामीबाट गम्भिर क्रुटि भयो, कमजोरी भयो, गम्भिर त्रुटी र

कमजोरी भईसकेपछि १५ गते त गईसक्यो त्यो फर्काएर ल्याउने अवस्था त छैन । हामी आत्म आलोचित हुन्छौ भन्ने कुरा आईसकेपछि आखिरी त हामी सबै मानिसै त हो नि । अब राजिनामा दिएर त्यसको निकास निस्किने अर्को विकल्प पनि देखियो । राजिनामा दिने कैलेसम्म जाने ? सायद मलाई लाग्छ अहिले पनि सभामुख महोदय, संसद आत्तिसकेको छ । १२ गतेबाट दशै छ । घटस्थापना हुँदैछ, त्यसपछि यो रिङगरिङ हुदै जाने भयो । तिहारपछि पुग्ने भो । त्यसपछि फेरि एउटा तिहारपछि पुगिसकेपछि प्रमुख प्रतिपक्ष दलको कारणले गर्दाखेरी यी सदन अगाडि वढ्न सकेन त्यसकारण बजेट आउँन सकेन । फेरि हामी नै हामी सांसदहरुलाई नै गाउँमा सबैलाई सायद सत्ता पक्षका लाई भन्ने कुरा होला हामीलाई पनि भन्ने कुरा होला । यिनीहरुको कारणले हामी हाम्रो समयमा बजेट निकास भएन भन्ने कुरा आउला भन्ने त्यो एउटा तर्क पनि आयो। अर्कोतिर मंसिरपछि त फेरि बजेटहरु अगाडि बढ्ने कुरो भएन । त्यस कारणले सभामुख महोदय, हामीले कानूनी राय, सल्लाह यो मुलुकमा कानून दिने अब कानूनी आयोगका अध्यक्ष माधव पौडेलदेखि लगेर हाम्रा यहाँकै पनि कानूनका सचिवहरु सबैसँग हामीले सुझाव लिदाखेरी कसरी यलाई अब सुल्झाउने त सरकारले आफ्नो गल्तिको महसुस गरिसकेपछि यलाई सुल्झाउने उपायहरु के हुन्, उपायलाई हामी कसरी बढाउन सक्छौं भन्ने कुराहरुमा वास्तवमा त्यो छलफलको कुरामा तपाईहरु गर्दै गर्नुस् भन्ने कुरा थियो । आज बिहान मात्रै दलका नेताहरु, हामीहरु र कानूनका विज्ञहरु, कार्य व्यवस्थाका सदस्यज्यूहरु बिहान सभामुखज्यूको हामी बसेर यसलाई निकै ३/४ घण्टासम्म यसको छलफल हामीले गयौं र यसको उपाय निकाल्ने कुराहरु के हुन सक्छ ? भनेर धेरै मन्थन भइसकेपछि कानूनी बाधा अड्चन पनि हुन सक्दैन भनेर आईसकेपछि विनियोजन विधेयक रहेन, अब विनियोजन ऐनको ९ दफालाई टेकेर ९ दफाले आदेश दिन सक्ने भन्ने कुरा आएको रहिछ। त्यसबाट नै हाम्रा भएका यी जुन सरकारले हिजो हामीलाई ५ बुँदा कमिटमेन्ट गरेको थियो। त्यो ५ बुँदा अन गरेको थियो । ति कुराहरुलाई हामी सुधाछौं, ल्याउँछौं भन्ने कुरा गरिसकेपछि हामीले ति कुराहरु माथि टेकेर अब यो सदनलाई सधैं रोकेर मात्रै अगाडि बढ्न सकिँदैन, धेरै समस्याहरु आउँछन् । तर यो सिङ्गो सदनको प्रतिपक्षले कुरा उठाएता पनि सिङ्गो सदनको मानमर्दन हुनेगरिकन जुन सरकारले गर्यो त्यो गलत गरेको थ्यो, आज पनि गलत छ । तर सरकारले भन्यो हामी रोष्टममा गएर पनि त्यसको लागि हामी क्षमायाचना गर्छौं । हामीले त्यो क्षमायाचना गरेपछि क्षमायाचना भन्दा ठूलो त के हुन सक्छ त क्षमा याचना गर्छौं र त्यो तपाईहरुले भनेका कुराहरु हामी पनि पूर्ति गर्छौं । भन्ने कुरा आईसकेपछि मलाई विश्वास छ सरकारको प्रतिनीधित्व गर्ने मन्त्रिज्यू यहाँ आएर क्षमा याचना गर्नुहुनेछ । पहिला सिङ्गो संसदप्रति आज म एउटा इतिहास भन्न चाहन्छु । जुल्फिकर अलिभुटोलाई तिमी क्षमा माग तिमीलाई मृत्युदण्ड दिन्नउ भन्दाखेरी जुल्फिकर अलिभुटोले भन्नु भो । म झुन्डिएर मर्न तयार छु तर म क्षमा माग्दिन । यहाँहरुलाई थाहा छ हाम्रा हिजका सहिदहरुलाई भन्ने गरिएको थियो । गंगालालका कुरा गर्नुस या शुक्रराजका कुरा गर्नुस राणहरुले भनेका थिएँ । तिमी माफि माग क्षमा माग, तिमीलाई मृत्युदण्ड दिन्नउँ भन्दा खेरी उहाँहरुले भन्नु भो हामी मृत्युदण्ड स्वीकार गर्छौं तर क्षमा माग्दैनौ । सरकारले कमिकमजोरीहरुले क्षमा मागिसकेपछि त यो भन्दा ठूलो मैले भन्नुपर्ने केही छ जस्तो मलाई लाग्दैन सभामुख महोदय । त्यस कारणले हामीले यहाँ भएका कुराहरुमा छलफलका कुराहरुमा भएका छन् । ५ बुँदा ति कार्यान्वयन गर्ने त्यो गर्ने प्रक्रियासरकारले अगाडि बढाईसकेको छ । राजपत्रमा निस्किसकेको छ । अनि हाम्रो त्यो अनौपचारीकरुपमा छलफल भएको सायद त्यो सरकारले त्यो गरेको होला । यहाँ एकातिर हामी कहिले कम्पनी बनाउने भन्छौं । कहिले प्राधिकरण गराउने भन्छौ तर आउने कर्मचारीहरुलाई हामीले प्रोत्साहन दिने बाटो वातावरण गरेनौं । त्यस कारण आउने कर्मचारीहरुलाई यो प्रदेशमा आउने कर्मचारीहरुलाई प्रोत्साहनको व्यवस्थापन त्यो भत्ताको व्यवस्था गर्नुपर्छ भनेरहामीले त्यो कुरा राखेका छौं । त्यसरी एउटा गजबको कुरा यो सम्पूर्ण सदनले उठाएको कुरा हो ।

सायद यो कुरा उठाउने माननीयज्यूहरुले बिर्सिसक्नु भएको होला । तर मैले चाहीं बिर्सेको छैन । २०७५ जेठ ३१ गते हामीले सभामुखज्यूको अध्यक्षतामा सबै माननीय सांसदज्यूहरुले कुरा उठाईसकेपछि यहाँको समस्या, यहाँको कर्मचारीको समस्या, यहाँका मर्यादापालकको समस्याहरु लेखिसकेपछि त्यो सदन २/४ जना माननीयज्यू वाहेक सबैले उठाउनु भएको थियो । त्यही कुरालाई महसुश गरेर हामीले २०७५ साल जेठ ३१ गते सभामुखज्यूको अध्यक्षतामा आन्तरिक मामिला मन्त्री, उपसभामुख र म स्वयं हामीले बसेर सम्झौता एउटा कार्यविधि बनाएका थियौं । त्यो के भने २०७४ साल माघ २१ गतेबाट लागू हुने गरेर संसदका कर्मचारीहरुलाई ४० प्रसेन्ट उहाँले खाईपाई आएको तलबको सुरु स्केलको ४० प्रसेन्ट, मर्यादापालकलाई २५ प्रसेन्ट किनकी मर्यादापालकहरुले उहाँहरुले राशन खानुहुन्छ भन्ने कुरा हो । त्यसपछि चलेको दिनमा १०० खाजा भनेर हामी त्यो बेला पास गर्यौं, कैले ७५ जेठ ३१ गते त्यो पनि कहाँ हरायो । सरकारलाई भन्दा हामीलाई आया छैन भन्छ । संसदले के भन्छ हामीले पठाईसकिउँ भन्छ । १ वर्षसम्म आज त यो सदन ९ दिनसम्म डेडलग भयो, यो त त्यो १ डेढ वर्षसम्मै डेड लग भएछ । त्यसै सरकारले भन्यो यो हामीलाई थाहा भएन त्यो आइपुगेन ठिकै भएन भने अब हामीले त्यसरी ७४ सालबाटै देउ भन्न मिलेन, ७५ सालको देउ भन्न पनि मिलेन तर हामीले के भनिरहेका छौं भने यो अस्तिबाट, असारबाट हाम्रो यो सदन सुरु भईसकेपछि असारबाट नै दिनुपर्छ । सम्पूर्ण अरु सबै प्रदेशमा दिइएको छ । र एकातिर हामी उहाँहरुलाई काम अराउने अर्कोतिर नहुने यो सम्पूर्ण संसदको बोली हो । यो बोलेको पनि मर्यादा रहेन भन्ने कुरा आयो र अहिले सरकारले त्यो पनि गर्ने भन्ने कुरा आएको छ । यो असारबाट लागू हुने गरेर । त्यस्तै राज्यले गरेका निर्णयहरु केन्द्रीय सरकारले कार्यालय सहयोगीदेखि लिएर राष्ट्रपतिसम्मको लागि हो । १८ देखि २० प्रतिशत पारिश्रमिकमा बृद्धि गर्यो । कर्मचारीका हकमा अर्थ मन्त्रालयले पास गरेको दिनदेखि त्यो अटोमेटिक लागू हुन्छ । त्यो यहाँ हाम्रो प्रदेशमा पनि भईसकेको छ । राष्ट्रपतिका हकमा, क्याबिनेट मन्त्रिका हकमा, अरु मन्त्रिका हकमा, संसदका हकमा त्योसम्बन्धित ठाउँका क्याबिनेटहरुले पास गर्नुपर्छ । यो कुनै हामीले अतिरिक्त कोई मागेको होईन । आज कर्णाली प्रदेश सबैभन्दा महंगो प्रदेश, कर्णाली प्रदेशमा काम गर्ने जोसुकै हुन्, कर्मचारी हुन्, या सांसदहरु हुन्, सबैभन्दा महंगीको मार र सबैभन्दा तल्लो कलमको पारिश्रमिक प्राप्त भएको यो प्रदेश हो । कुनै पनि प्रदेशमा यहाँको जतिकोछैन । अरु सबै प्रदेशमा धेरै छ । अरु सबै प्रदेशमा धेरै छ, यो प्रदेशमा मात्र हो, जहाँ कम छ । त्यैपनि हामीले केही भनेका छैनौ । तर राज्यले बृद्धि गरिसकेको कुरालाई पनि अरु सबैले हुने, यहाँका सांसदहरुले भने गलत कुरा हो । त्योतपाईहरुले तुरुन्तै क्याविनेटबाट पास गरेर अगाडि वढाउनु पर्छ भन्ने कुराहामीले राखिउँ । त्यसमा मलाई विश्वास छ सरकार तम्तयार होला । कैले—कैले सरकार भन्ने चिज यस्तो हुन्छ, उले आफूले सुविधाप्राप्त गरिसकेपछि अरुका सुविधालाई ध्यान राख्दैन । कैले—कैले भन्ने गरिन्थ्यो राजा त्रिभुवनको पालामा एक जना जनताले सरकार मैले खान पाईन भन्दाखेरी यले दुध भात पनि खान पाएको छैन भनेर भन्ने कुरो सुनेथिउँ अब सरकारका लागि मन्त्रालय छ, सुविधा छन्, गाडी छन्, अब गाडी नभए घोडा होलान्, घोडा नभएपछि अरु केही होलान् । चाहे टाउको दुखे हेलिकप्टर छ, पेट दुखे प्लेन छ तर सांसदहरु विचरा पसिना चुहाएर हिँडेका छन् । ति बिर्सेको हुन सक्छ । त्यसकारण यो नबिर्सिने कुरामा पनि उहाँहरुले अनि अरु एउटा कुरा अनावश्यक खालका हामीले संरचनाहरु तयार गयौं । कहिले प्राधिकरणका नाममा, कम्पनीका नाममा जहाँ दर्तै हुँदैन, माथिबाट कर्मचारी ल्याउनुस् । यो पनि फेल भयो भने त्यसपछि लागौं, अहिले हामी के गर्दै छौं भने एकातिर प्राधिकरण बनाउनेतिर लाग्छौं, अर्कोतिरकर्मचारीहरुलाई अगाडि नबढ्ने अवस्थामा हामी पुर्याउँछौं । त्यो गर्नुहुँदैन भन्ने कुरो भो अर्को यहाँ संसदमै उठेको छ । कार्यविधि अनियमितताको बारेमा धेरै अनियमितता भयो त्यले गर्दाखेरी कर्णाली प्रदेशलाई पनि सबैले अलि घृणितरुपमा हेर्न थाले । हामीले पनि शिर उचालेर हिँड्ने

ठाउँ छैन । जोसुकै होला, जीवन शाही होला, अर्को होला, अर्को होला, हामीले गल्ति गरेका छौं भने पनि सरकारलेएउटा समिति, त्यसका नाम के दिईन्छन् था छैन त्यो समितिले हेरोस्, यी गएका योजनाहरु कसरी गत सालका योजनाहरु पनि हेरोस् र यो संसदलाई संसदीय समिति बनाउने हामीलाई अधिकार छ । सायद मलाई विश्वास छ सभामुखज्यूले संसदीय समिति पनि बनाउनुहुन्छ होला । संसदीय समितिको छानबिन एक किसिमको हो भने सरकारले गर्ने छानबिन पनि अर्का किसिमका छन् । सरकारको बदनाम के—कति कारणबाट भईरहेको छ भन्ने कुरा पनि अगाडि बढ्ला भन्ने त्यसमासरकारले मैले त सुनेको थिइन, अघि नै एउटा पत्रकार साथीले भन्दै हुनुहुन्थ्यो । सरकारले पत्रकार सम्मेलन गरेर नै त्योबनाउने भन्ने कुरा गएको छ । के भन्छ यो रिफरेन्स अफ टर्म अफ उहाँहरुले तयार गर्नुहोला । त्यसरी जाला अनि अर्को एउटा सदनमा ठूलो कुरा निस्किरहेको छ । यो ओएनएमको बारेमा । ओएनएम ओएनएम भन्छौं जसलाईफूल फर्म अर्गनाईजेशन म्यानेजमेन्ट हो । संस्थागत व्यवस्थापनका कुराहरु । के गर्नुपर्ने कुराहरु पनि हामीले कतै अलि हचुवाको तालमा गयौं कि गर्न त हामीले गयौं तर यई सदनमा कुरा उठ्यो । भईरहेका कर्मचारीहरु खापासटे हुन्, या जनता आवासका मान्छेहरु हुन हाम्रो जनता आवासको बजेट फ्रिज गईरहेको छ । उता बजेट फ्रिज गईरहेको छ, यता कर्मचारीहरु फ्रिज भएर बसिरहेका छन् र तलब खान पाएका छैनन् । खानेपानीका पनि त्यस्तै छन्, धेरै कुराहरु कैले कैले राज्यको दायित्व के हुन्छ भने रोजगारी दिनु पनि राज्यको दायित्व हो तर यी कामको लागि कति जना म्यानपावर चाहिन्छ भनेर फेरि त्यो समेट्नु पनि सरकारको काम हो । र हामी के चाहन्छौं भने त्यस्ता कर्मचारीहरुलाई हामीले पठाउनुपर्ने भयो भनेपनि हामीलाई अनावश्यकता भयो भने अझ विसौ वर्षसम्म काम गरिसकेका ति त एउटा परम्परा पनि छनी त विसौ वर्षसम्म काम गरिसकेका कर्मचारीहरु अहिलेको अवस्थामा स्वीटेवल नहुने हुन भने उनलाई गोल्डेन ह्याण्डसेकका कुरा होलान अत के होला र तिनीहरुलाई व्यवस्थित गर्नुपर्छ भन्ने कुरा हो । किनकी मलाई जहाँसम्म लाग्छ । सम्पूर्ण माननीयज्यूहरुकोघर पुग्नु भएको छ फोन गर्नु भएको छ सभामुख महोदय, हाम्रो रोजिरोटि हाम्रो सरकार आएपछि केही पाउला प्राप्त गरौंला भन्दा आज हामीलेदशैको मुखमा आएर हाम्रा छोराछोरीहरुले एक गास भात नख्वाउने ठाउँमासरकारले पुर्याउनु हुँदैन यस्ता खालका सेन्सेटिभ कुराहरु पनि आईरहेका छन् । आखिरी गरिविकै कारणले हेर्ने हो भने त हामीले भिकै मागेर हिन्नुपर्ने कुराहरु पनि होईनन् । सभामुख महोदय, यी कुराहरुलाई पनि छन् र त्यसरी नै सदनमा उठेका कुराहरु धेरै माननीयज्यूहरुले कुरा उठाउनु भएको छ । भएका हिजो संघीय सरकारले वनाएका कार्यालयसम्म पनि बन्द गरिने अवस्था आएका छन् । केही नमिलेका कार्यालयहरु मर्ज भएका छन् । सरकारले मितव्ययिताका नाममा सिष्टम कोट लाउने, पाइन्ट लाउने, टाई लगाउने तर तलखाली खुट्टा हिँड् किनकी मितव्ययिता गर्नुपर्छ भन्ने कुरो हुँदैन । कि त सरकारले के गर्नु पर्यो भने हाप पायन्ट लाउने, गञ्जि लाउने, टोपी पनि यहाँ घेरा परेको फाटेको लाउनुपर्यो त्यो भयो भने यो हुन सक्ला होईन भने एउटा सिष्टम आईसकेपछि यलाई कसरी हामीलेराम्रो गर्दै जाने हो भने भन्ने कुरामा जानुपर्छ यलाई पनि सरकारले पुनःविचार गर्ने र पुनःविचार गर्छौ भन्नेसरकारको प्रतिबद्धता छ । र सरकारले के भनेको छ भने ओएनएमका विषयमा हामीले जुन गरेका छौं त्यो स्थायी प्रकृतिको होईन, यो अस्थाई प्रकृतिको हो भनेर भनेको छ । त्यो ठीक होला स्थायी प्रकृतिको भएन अस्थायी प्रकृतिको भयो र त्यो अस्थायी प्रकृतिको हुने क्रममा फाजिलमा परेकाहरुले तलब कहाँबाट खाने हुन् ? फाजिलमा परेकाहरुको व्यवस्थापन कसरी हुने हो तर कैले—कैले सरकारले भाषण गर्दाखेरी अल्मलिएर हो या जानेर हो नजानेर हो सरकारको काम हो सबैलाई रोजगारी दिने भन्ने जस्ता कुरा पनि आउँछन् । त्यो होईन हामीलाई ओएनएममा २५०० चाहिने हो, २४०० चाहिने हो, २७०० चाहिने हो यत्ति नै भन्ने हुँदैन । हामीले ३ नं. प्रदेशको ४ नं. प्रदेशको अथवासुदुपश्चिमकै कुरा गरौं अथवा गण्डकीकै कुरा गरेर मात्रै हाम्रो यहाँ हुन सक्दैन किनकी भौगोलिक

विकटताका कुराहरु पनि छन् त्यलाई पनि हामीले हेर्नुपर्छ । हामी पनि चाहन्छौं सस्तो भन्दा सस्तोमा धेरै भन्दा धेरै काम गर्न सकौ भन्ने हामीलाई लाग्छ । त्यस्तै नै गर्ने हो भने त सबैलाई घर पठाईदिउँ । हाम्रोसरकारका डिजिटाईज मन्त्रि त आई पुग्नु भा छैन के हो सभामुख महोदय, डिजिटल भयो भने पछि त सब स्मार्ट सिटि । सब रोबर्टले काम गर्ने १० वटा जिल्लामा १० वटा रोवर्ट राखिने ह सबै गरिहाल्छन रोवर्टले भने मान्छेले किन चाईयो । त्यो टेक्नोलोजिमा जाउँ । होईन भने व्यवस्थापन स्टेप वाई स्टेप हुन्छ भन्नेहामीलाई लाग्छ । र यी कुराहरु सबै कुराहरु सरकारले हामी गर्छौं, मिल्ने कुरा सबै मिलाउछौं र हाम्रो कमजोरी भयो हाम्रो हामी क्षमा याचना पनि गर्छौं । भन्ने सरकारले भनेको हुँदाखेरी यो आजसदन खुलाएर फेरि हामीले पनि यो काममा अगाडि तदारुकताका साथ कति बाढी पीडित छन्, कति के भएको छ कतिले के दिन सकेको अवस्था छ छैन त्यो कुरालाई पनि डिस्टव नहोस् र समयमै दशैभन्दा अगाडि नै जाओस भन्ने छ र सरकारलाई हामीले भनेका छौं । अर्को कुरा जो किताबहरु दुुईटा कितावहरु निस्किन्छन्, एउटा रातो किताब त्यसपछि हाम्रा मन्त्रालय अन्तर्गतका किताबहरु त्यसमा हामीले प्रष्टै भनेका थियौं, ५ बुँदामा सभामुख महोदय, यो संसदलाई थाहा छ ५ बुँदामा खर्च चालु खर्चघटाएर पूँजीगत वढाउने, त्यो कुनकुन ठाउँमा राख्ने, एकरुपता ल्याउने भन्ने कुराहरु पनि सबै आईसकेको हुनाले अब त्यस्तो देखिने भनेको के हो भने यो खुलिसकेपछि हामीले यी काम गर्न पाएनौ, बोल्न पाएनौं, हाम्रा समस्याहरु ज्यूँका त्यूँ नै रह्यो भन्ने कुरोमाननीय सदनबाट पनि आईसकेपछि र सम्मानित सदनकाआदरनीय माननीयज्यूले हरुले पनि सदन खोलिदिनको लागि पनि आग्रह गरेको हुनाले त्यो आग्रहलाई पनि हामीले आत्मसात गर्दै र सरकारको यो जवाफ जुन अहिले हामीले भनिउँ ति कुराहरु प्राप्त गर्नेआशाले हामीलेयो खोलेका छौं । कतै सरकार फेरि यहाँ यहाँ आईसकेपछि क्षमा याचना गर्ने कुरा का छर क्षमा याचना त गरिदैन यो कुरा हुने कुरा अहिलै का हुनसक्छ भन्ने कुरा आयो भने फेरि हामीलाई पुनःविचार गर्नुपर्ने ? कैले कैले पुनर्गठन गर्ने भन्या जस्तो कुरापुनः विचार गर्नुपर्ने अवस्था आउने छैन भन्ने कुरा राख्दै सम्माननीय सभामुखज्यूलाई फेरि एउटा अन्तमा आग्रह गर्दै संसदीय समिति पनि यो सदन स्थगित हुनुभन्दा अगाडि नै संसदीय समिति पनि गठन होस् जो जुन कुरायहाँ उठेका छन्, त्यसको छानबिन गर्नको लागि असाध्यै महत्वपूर्ण कुरा हो भन्ने कुरा राख्दै र यो ९ दिनपछि नौला कुराहरु गर्दै सदन खुलेकोमा म आफूसहित सबैलाई हार्दिक धन्यवाद दिँदै यहाँबाट विदा हुन्छु । धन्यवाद जय नेपाल ।

**सम्माननीय सभामुखः** माननीय सदस्यहरु विशेष समयमा वोल्न चाहनुहुने माननीय सदस्यहरुले आफ्नो नाम सभामुखको डायसको बायहाँतर्फ रहेका कर्मचारीहरुकोमा टिपाउनुहोला । अब माननीय श्री पदमबहादुर रोकाया । (समय ५ मिनेट)

**माननीय श्री पदमबहादुर रोकाया :** सम्माननीय सभामुख महोदय, हामी जो आज ९ दिनसम्म सदन अवरुद्ध भएको थियो, त्यसको लागि सरकार र प्रतिपक्ष दल, अरु वार्ता कमिटीलाई धन्यवाद दिन चाहन्छौं । आज यो कुरा मात्रै होईन । हामी सत्ता पक्षकै सांसदहरुले हाम्ले जो बजेट आयो, नीति तथा कार्यक्रम आयो आएको थियो । हामीले यो असन्तुलित भयो यो भनेर हामीले हस्ताक्षर अभियान सुरु गर्यौं । भन्ने गरिए सरकारको विषयमा भन्ने गरिए होईन सरकार ढाल्ने र फाल्ने विषयमा होईन हामीले बजेट असन्तुलित भयो भनेर हामीले हस्ताक्षर अभियान सुरु गरेका थियौं । सरकारले सुनुवाई गरेन । त्यस।पछि शंसोधन प्रस्ताव पढेर सुनाउनु भो हाम्रा आर्थिक मामिला मन्त्रिले हामीले वबेट पास गर्यौं र त्यसपछि हामी फेरि पनि आज सन्तुलित भएन यो प्रमाणिकरणमा आएन भनेर हामीले वोलेका संस्थापन पक्षले वोलेका थिईम मैले पनि वोलेको छु । तर सुनुवाई भएन । र प्रतिपक्ष दलले सदन अवरोध गर्दाखेरीमा बल्ल हाम्रो सरकारको मन्त्रिहरुको कान खुले । यो त हामीले पहिलै कुरा उठाएका विषय कुरा हो, यो आज नयाँ

कुरो त होईन नि । त्यसै कारणले बारम्बार यो कुरा सरकारले नदोहोर्याओस् । एउटै विषयलाई लिएर पटक—पटक यो सदन अवरोध नहोस् । त्यसै कारणले अब यो हामीले भन्ने गरेका छौं । योजना आउँछ अब करिव करिव वर्खे अधिवेशन हुन लाईसक्यो । अख्तियारी गएको छैन । जिल्लामा कैले जाने हो । हामीहरु बजेट हसन्तुलित भयो कोई ठाउँ कम भयो कोई ठाउँ बढी भयो, सन्तुलित गर्नुपर्यो भन्दाखेरीमा मन्त्रिहरु भन्नुहुन्छ रेड वुकमा आईसक्यो पास भईसक्यो थप्न सकिदैन भन्नुहुन्छ । थप्न नसकिने काट्न त सकिदो रहिछ । पोहोर साल पनि मन्त्रिहरु रेड वुकमा आईसकेछ बजेट पास भईसक्यो । सदनले पास गरिसकेको थियो मन्त्रि सबै काटिए । अहिले पनि केही योजना काटिदै छन् भन्ने कुरा सुनेका छौं हामीले । पर्यटन पदमार्ग, पर्यटन सडक अनि रेड बुकमा आईसकेका योजनाहरु सदनले पास गरिसकेका योजनाहरु कसरी काटिदै छन् त । थप्न नहुने काट्न सकिने हुनेरहिछ त ? त्यसै कारणले म यो सरकारलाई ध्यानाकर्षण गर्न चाहन्छु । अनि पोहोर साल ७५/७६ को बजेटमा ५० करोड कर्णाली उज्यालो कार्यक्रममा आएको थियो बजेटमा त्यो कुनै ठाउँ त्यो बत्तिमा बाँडिएन । अहिले पनि बीको लागि बजेट छुट्याईएको छ । नयाँ वत्तिमा सुरुवात गर्नुपर्ने नयाँ वत्तिलाई मेगाबाट ठूला वत्तिहरु दिनु साना बत्तीहरु छन् गाउँगाउँमा, ति बत्तिले आज गाउँमाथि उज्यालो बत्ति बालिरहेका छन् । तिनीहरुलाई पनि मर्मत गनुपर्ने पैसा हाल्नुपर्यो । आज मर्मत नभएर बत्तीहरु, पावर हाउसहरु आज जिर्ण भएका छन् । त्यसलाई पनि हामीले अलि प्राथमिकता दिएर केही मर्मतको लागि भएपनि बजेट छुट्याउनुपर्यो । अनि निर्वाचन क्षेत्र विकास कोष ५ करोड छ, त्यस्को पनि छिटो कार्यविधि बन्नुपर्यो । कुन ठाउँमा लगानी गर्ने हो । यहाँ भन्ने गरिन्छ जनता सडाको ८ करोड एउटै ठाउँ हाल्ने, ५ करोड निर्वाचन क्षेत्र कोष एउटै ठाउँ हाल्ने त्यो हुन सक्दैन जस्तो लाग्छ । त्यो मलाई मात्रै होईन, सबै माननीयज्यूहरुलाई यो ८ करोड एउटै ठाउँ हालेर अनि अरु गाउँपालिकामा क्यारी चित्त बुझाउँने, अरु वडामा के चित्त वुझाउने, ५ करोड एउटै ठाउँ हालेर पहिलाका माननीय संसद कोषको पैसा पाएपछि पैसा सिचाई दिएको ठाउँमा स्कूल दिए भने अनि ५ करोड एउटै ठाउँ हालेर निर्वाचन क्षेत्र कोष अनि अरुले के कसरी गर्छन् । यो कुरा हुन सक्दैन जस्तो लाग्छ । अनि अस्ति हाम्रो मन्त्रिज्यूले मदिरा नियन्त्रणको बारेमा कुरो ल्याउनु भो । त्यसको लागि धेरै राम्रो कुरा हो । मदिरा नियन्त्रण गर्नलाई पहिला हामी ४० जना माननीय र मन्त्रिहरुले मदिरा छोड्नुपर्यो । खानु भएन अनि हामी माननीय मन्त्रिहरु रक्सि खाँदै सार्वजनिक ठाउँमा बोल्दै हिंड्ने अनि शब्द नवुझेर नियन्त्रण भन्ने ? पहिला ४० जना हामीले त्यो मदिरा रक्सी छोड्नुपर्यो । अनि हामीले त्यो नियन्त्रण गर्न सकिन्छ यो प्रदेशमा । अनि नाग्मा गमगढि सडक छ । अहिले अवरोध भएको छ, ३० करोड रुपैयाँ त्यो अहिले प्रदेश सरकारले हालेको छ । त्यसको लागि धेरै—धेरै आभारी छु । प्रदेश सरकार धन्यवाद दिन चाहन्छु । हो मेरो मात्रै होईन सडक, मेरो क्षेत्र हुनाले भनेको हुँ, त्यो नाग्मा गमगढी सडक त सबैको साझा हो त्यो तर अहिले अवरोध छ । त्याँ वर्खाको पानीले बाटो अवरोध भएको छ । रारा जाने पर्यटकहरु अलपत्र परेका छन् । त्यलाई पनि छिटो भन्दा छिटो हामीले व्यवस्था गर्नुपर्दछ । ३० करोड रुपियहाँ टेण्डर केन्द्रित हुन्छ होला एउटै टेण्डर हुँदैन होला त्याँ ५/५ दिनुपर्छ हामीले । कति ५ करोड ४ करोडका ५ पान्ना दिएउँ भने त छिटो हुन्छ । ३० करोड ठेक्का एउटै ठेकेदारले लियो भने त्यो काम अर्के सालमै हुन्छ छिटो बन्दैन । त्यसै कारणले गत सालका सडकहरु यई सुर्खेतको राजधानी वीरेन्द्रनगर सडकहरु पिच भएका थिएँ असार मसान्तमा । हामी देखेका थियौं आज ति पिचहरु खाल्डाखुल्डि १ वर्ष नपुग्दै खाल्डाखुल्डि बनेका छन् त्याँ । तेई तरिका हो भने कर्णाली प्रदेश कसरी कर्णाली प्रदेश कसरी प्रगति हुन्छ । हामीले दक्ष प्राविधिक अनि अनुगमन हामीले यसलाई ध्यान गर्नुपर्छ अनि मात्रै हाम्रो कर्णाली प्रदेशको विकास उन्नति हुन्छ । धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री विरबहादुर शाही ।

**माननीय श्री विरबहादुर शाही :** माननीय सभामुख महोदय, यस आज ३१ औं बैठकको चौंथो अधिवेशनको ३१ औं बैठकमा मैले आउँदै गरेको विजयादशमीको जव साविकको कर्णालीमा अब एउटा मात्रै यात्राहवाई पिलेनको भएको कारणले अहिलेसम्म अब जाने विद्यार्थीहरु अरु नागरिकहरुलाई साह्रै अप्ठेरो पर्ने मैले देखेको छु र यसको लागि यो कर्णाली प्रदेश सरकारलाई यो सुर्खेतवाटै यो नेपाल एअरलाईन्सलाई ह्याबाट सुरुवात गर्नुपर्छ र त्यो भयो भने केही साविक कर्णालीलाई का नागरिकहरुलाई केही सहज अवस्था हुन्छ भन्ने मलाई लाईरहेको छ र अर्को कुरा जव हामीले वोल्ने गरेको छु । यो वारम्वारगएर भेरी करिडोर, जाजरकोट, डोल्पा खण्ड त्यो सँग एउटा पर्यटक क्षेत्र हो । त्यो सडक आज अलपत्र परेको छ । त्यसको अहिलेसम्म केन्द्रीय सरकारले ध्यानाकर्षण दिएको छैन । त्यसका १० वटा पुल लाग्न वाँकि नै छ अहिलेसम्म कुनै पनि त्यो केन्द्रबाट पनि ध्यान त्यसकोत्यो सडकलाई अलपत्र पारिएको छ र यो सदनमार्फत् म कर्णाली प्रदेशलाई, प्रदेश सरकारलाई यो केन्द्र सरकारलाई यो सडकलाई छिटोभन्दा छिटो यो खाल्डाखुल्डा पुरेको छैन अहिलेसम्म त्यो गाडि हिन्ने जबकी सडक डोल्पा पुग्या ेभने भनेर सञ्चारमा आएको छ । सडक पुगेको छ गाडि पुगेको छैन । यसको लागि यो संघीय सरकारले यो सडकलाई कसरी हेरेको छ र यलाई छिटो भन्दा छिटो आवतजावत गर्ने अवस्था वनाईदिनु पर्छ । र अर्को यहाँ आउँदै गरेको यो जब हामीले जो निर्वाचन क्षेत्रसँग विकास कोष भन्ने हाम्रो जो हाम्रो यो निर्णय पास भएको थियो । त्यलाईअहिले एउटै योजनामा राख्ने भन्ने हामीले सुनाईमा आएको छ र योकदापि हुन सक्दैन । जबकी हामी जनताको जनप्रतिधि हौ । सबैलाईलिएर यसको अरु भन्दा पनि मेरो निर्वाचन क्षेत्रमा यो भूगोल ठूलो छ । यसका कारणलेएउटै विकासको लागि तपाईको जनसंख्या आधार नभएर भूगोलको आधारले यसको कार्यान्वयन हुनुपर्छ । र आवश्यकता अनुसार भूगोलको आधारमा विकास कोषलाई विनियोजन गर्नुपर्छ भन्दै मेरो भनाइ यही अन्त्य गर्छु । धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री रातो कामी ।

**माननीय श्री रातो कामीः** खासगरीकन निर्वाचन क्षेत्रको यहाँ कुरो राख्न गईराको छु । रुकुम पश्चिमको निर्वाचन क्षेत्र नं. १ मा वर्षायामको बाढीपहिरोबाट गत वर्ष र यो वर्ष गरेर ६५ घरपरिवार घरवास विहिन भएका छन् । र साढे ३ सय घरपरिवार जोखिममा परेर त्यहाँ बस्न नसकिने स्थितिमा छ । कर्णाली प्रदेश सरकारले अगिल्लो वर्षपनि बाढीपीडितहरुको बारेमा एउटा राहतको एउटा प्याकेज कार्यक्रम लिएको थियो । सम्भव त यो वर्ष यो अलि ढिला भएको छ । अब हिन्दुहरुको महान चाड दशै तिहार पनि यहाँ नजिक आईपुगेको छ । निर्वाचा क्षेत्रमा विस्थापित भएका घर गुमाउनु भएका पनि घरपरिवारले हामीलाई पटक—पटक फोन गरेर हाम्रो बारेमा के कस्तो भईराख्या छ भनेर सोधिरहनु भएको छ । यस सन्दर्भमा कर्णाली प्रदेश सरकारले बाढी पहिरो पीडितहरुको राहतको कुरा र उनीहरुको उचित बसोबासको व्यवस्था गर्ने जुन प्रकारकोप्रदेश सरकारको नीति कार्यक्रम जो हो, त्यसको बारेमा यथासक्य एउटा टिम बनाएर त्यलाई अगाडि वढाउनको लागि म कर्णाली प्रदेशका सरकारको ध्यानाकर्षण गर्न चाहन्छु । र सँगसँगै यहाँ केही गम्भिर प्रश्नहरु छन्, यो हामीले जति विषयहरुमा छलफल गर्छौं । छलफल गर्दाखेरी हामीले होस् पुर्याईरहेका छैनौ । छलफल गर्दा हामीले अपेक्षामा परेका, पछि परेका क्षेत्रहरुको बारेमा हामीले यो गर्छौं, त्यो गर्छौं भनेर हामीले भोक जगाउने कामगरेका छौं । उनीहरु भोकाईरहेको अवस्थामा हामीले तिनीलाई सामान्य सान्त्वना पनि दिन सकिरहेका छैनौ । कर्णाली प्रदेश सरकारले सीमान्तकृत वर्ग र समुदायका लागि अघिल्लो वर्ष पनि बजेट हामीले किताबमा हेरेका थियौं । त्यो बजेट अहिले पनि तल

मानिसहरुले जनता आवास कार्यक्रम अन्तर्गतका घरवासका कुराहरु खोजिरहेका छन् । सामान्यतया उत्पीडित क्षेत्र र समुदायका मान्छेहरुले सानातिनाघरेलु तथा लघुउद्यम विकास कार्यक्रम, सीप विकास कार्यक्रमहरु र जुन राज्य व्यवस्थाले अगाडिदेखि नै तिनीलाई ३५ प्रसेन्टको हिसाबले गाउँ विकास समिति र हिजोका नगर विकास समितिमा पनि दिने गर्याथ्यो । अहिले हामीले नेपालमा संविधान वनिसकेपछि त्यो पुरै कटौति गरेर अहिले हामीले साङ्गोपाङ्गो ढङ्गले सोलोडोलो हिसाबले बजेट जाने र अहिले सीमान्तकृत समुदायहरु नगरपालिका र गाउँपालिकाबाट पनि त्यौँ सम्बोधन भईनरहेको उनीहरुको सीमान्तकृत समुदायका आफ्नाविभेद प्रकारका कामकाजहरुलाई अगाडि बढाउने सन्दर्भमा असाध्यै कठिनहरु भैराख्या छन् । र प्रदेश सरकारले पनि करिब—करिबति बजेटहरु कार्यान्वयन कार्यक्रमहरु सम्बन्धित क्षेत्रमा नपुर्याईकन अन्यत्र मतलब गैर सरकारी संस्थाको माध्यमबाट सामान्य प्रकारको एउटा सोलोडोलो मात्रै कार्यक्रम गर्दा उनीहरु मर्कामा गरेका छन् । त्यसैले गर्दा वैज्ञानिक तरिकाबाट कर्णाली प्रदेश सरकारले सम्बन्धित सीमान्तकृत समुदायको कुनै न कुनै एउटायूनिट बनाएर सरकारी यूनिटमार्फत् त्यलाई तलसम्मलाई खर्च गर्ने एउटा विधि बनायौं भने लाग्दछ सरकार सीमान्तकृत समुदायसम्म पुग्छ भन्ने हाम्रो ठम्याई हो । यसैले यो विषयमा कर्णाली प्रदेश सरकारकोमा ध्यानाकर्षण गर्न चाहे चाहन्छु । तर अर्को कुरा जनयुद्ध, जनआन्दोलन र विभिन्न प्रकोपबाट पीडितहरुको राहत र तिनीहरुको स्वास्थ्य उपचारको लाभको लागि प्रदेश सरकारले हामीले वुझेका छौं । विभिन्न ढङ्गले वाचा गरिरहेको छ । अर्थात् आश्वासन अगाडि वढाईरहेको छ । उनीहरुको त्यो स्वास्थ्य उपचारको लागि कुनै पनि कार्यविधि बनेको छ या छैन । प्रत्येक दिन विभिन्न क्षेत्रबाट स्वास्थ्य उपचारको लागि धेरै मतलब घाईतेहरु, अपाङ्गहरुले फोनको माध्यमबाट र अरु—अरु हिसाबले पनि हामीलाई झकझक्याईरहेका छन् । कर्णाली प्रदेश सरकारले त्यो घाईते, अपाङ्ग र खासगरिकन द्वन्द्वको समयमा र अन्य कारणले, अन्य प्रकोपबाट द्वन्द्व हुन गई अथवा पीडित हुन गई अब घाईते, अपाङ्ग रहनु भएका सबै पीडितहरुलाई घाईते, अपाङ्ग साथीहरुको उपचारका लागि पनि कर्णाली सरकारले यदि सरकारले नै वाचा गरेर गरेको जो छ यलाई कार्यान्वयन गर्नका लागि यस्ता गम्भिर र सेन्सेटिभ जो समस्याहरु छन् । जो असाध्यै छिटोभन्दा छिटो गर्नुपर्ने जो कार्य छ । यस्तो कुरामा सरकारको ध्यान जानुपर्दछ र यी कुराले मात्रै सरकारलाई एक किसिमको मतलब काम गर्न सक्यो भने यले सामञ्जस्यता प्राप्त गर्दछ भन्ने कुरा राख्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री धर्मराज रेग्मी ।

**माननीय श्री धर्मराज रेग्मी :** माननीय सभामुख महोदय, करिव ९ दिनपछि बैठक सुचारु भएको कुरा खुसिको कुरा हो । माननीय सभामुख महोदय, यस अर्थमा विपक्षी दलका नेताले अगाडि सम्बोधन गरिसक्नु भो कि विपक्षी दललाई धेरै धन्यवाद मैले भन्नुपर्छ किनभने अन्तिम बैठकमा भन्दा अघिल्लो बैठकमा विशेष समयमा मैले वोल्दा बजेटको प्रगतिको बारेमा प्रश्न गरेको थिएँ । सम्भवतः त्यो अन्तिम बैठक भको दिन अर्थ मन्त्रिको जवाफ त्यसमा केही कुरा आउँथ्यो होला मेरो अघिल्लो बैठकको प्रश्न थियो बजेटका बारेमा । त्यो दिन विपक्षी दलको नेताले वोलिसकेपछि संसद स्थगित हुने वातावरण भो अर्थ मन्त्रीज्यूले वोल्न पाउनुभएन होला । मेरो प्रश्नलम्वियो होला त्यसपछि उत्तर लम्वियो होला उहाँको । आज संसद खुलेको छ तर विषय बजेटका बारेमा विशेष संसदमा प्रवेश गरेको सभामुख महोदय, संसदको रेकर्डको लागि यो कुरा किन भन्दै छु भन्दाखेरी यो बजेटको विषय केवल विपक्षी दलको र सरकारको चासोको विषय मात्रै होईन । सभामुख महोदय, बजेटको विषय सिङ्गो संसदले पास गरेको प्रदेश सरकारको बजेटको विषयमा सिङ्गो हाउसको सिङ्गो यो प्रदेश सभाको चासोको विषय हो । यो सरकारको विपक्षीको मात्रै सरकार र विपक्षी दलको मात्रै चासोको विषय होईन । यो कारणले जनप्रतिनीधिकोरुपमा, सांसदकोरुपमा र

यो क्षेत्रको एउटा नागरिकको रुपमा यो क्षेत्रका सबैगरी १७ लाख मान्छेहरुको चासोको विषय हो । त्यसो हुँदाखेरी यो बजेट प्रदेश सभाले पारित गर्दा सभामुख महोदय, हामीले केही विषयहरु प्रदेश सभाले सरकारको माननीय मन्त्रीज्यूले जवाफ दिदा यि विषयहरु बजेटका अंगहरु बने सभामुख महोदय, । यो रेकर्डको लागि यो कुरा राखिराछु । त्यो अङ्ग भन्ने कुराहरु प्रमाणिकरण त्यहीरुपमा भएन भन्ने प्रश्न उठ्यो सभामुख महोदय, । अघिल्लो बैठकमा विपक्षी दलको नेताले त्यही प्रश्न राखेर संसद स्थगित भयो । आज केही छलफल पछि संसद खुल्या छ सभामुख महोदय, । यदि संसदले पास गरेको बजेट हुबहुरुपमा संसदले पास गरेका विधेयकहरु बजेट भनेको सरकारको अर्थ राजनीतिक दस्तावेज हो सभामुख महोदय, । यो यसमा विनियोजन विधेयक मूल विधेयक हुन्छ र बाँकी सबै विधेयकहरु त्यसमा आश्रित विधेयकहरु हुन्छन् त्यो समग्र प्याकेज विधेयक हो सभामुख महोदय, त्यसो विनियोजन विधेयक र त्योसँग सम्बन्धित आश्रित विधेयकहरु ति सबै विधेयकको एउटा कम्प्लेट प्याकेज बजेट हो । कतिपय कुरा कानूनबाट वनाउनुपर्छ त्यस कारणले पनि विनियोजन विधेयक हो । त्यसो हुँदा खेरी यो संसदबाट पास गरिसकेपछि संसदले पारित गरेको प्रस्ताव जनरल्ली तपाईको सामान्यतया यसलाई वैधता अथवा वैधानिकताको प्रश्न उठ्दैन सभामुख महोदय, । यो संसदले पास गरिसकेपछि वैधानिकता सिर्जना गराउने जनताका सार्वभौम प्रतिनीधिहरु बसेर वैधानिकता सिर्जना गराउने थलो भईसक्या हुनाले संसदले पास गरेको दस्ताबेज कतै गलत थियो कि ? भन्दाखेरी गलत थिएँन सभामुख महोदय, । संसदले पास गरेको विषयमा सामान्यतया प्रश्न उठाउन सकिदैन । तर यो विषयमा भएको प्रगति के छ ? बुकहरु त्यहीरुपमा प्रमाणिकरण भएको हो कि होईन । विधेयकहरु, ऐनहरु त्यहीरुपमा प्रमाणिकरण भएको हो कि होईन । त्यसमा सरकारका तर्फबाट के प्रगति भएको छ । र बजेट कार्यान्वयनको दिशा र दशा कानेर छ । बजेट कार्यान्वयनको अवस्था के छ । माननीय अर्थ मन्त्रीज्यूले यो विषय चै संसदमा जवाफ दिनुपर्छ सभामुख महोदय, । यो हामी सबैको चासोको विषय हो । मैले रेकर्ड गराउन चाहे । यसबाट एउटा मात्रै कुरा के हो भने सभामुख महोदय, हामीले संसदको मानमर्दन गर्नुहुँदैन र संसदको गरिमा कतै कमि हुन्छ कि भन्ने हाम्रो चिन्ता हो सभामुख महोदय, । संसदको गरिमा कतै कमि हुनुहुँदैन र संसदको महत्वलाई कम आँकलन गरियो भने सभामुख महोदय, गरिनुहुँदैन भनेर हामी सबै सचेत छौं । यो व्यावहारबाट देखिनुपर्छ । सरकार जहिले पनि संसदप्रति उत्तरदायि हुनुपर्छ सभामुख महोदय, । संसदप्रति अकाउन्टेवल हुनैपर्छ । र संसदको महत्व अलिकति पनि संसदको महत्व र गरिमाकम हुन्छकि भन्ने हामी सबैको साझा चिन्ता हो सभामुख महोदय, । मैले यो कुरा विशेषरुपमा राखें । सँगै ओएनएमका कारणले सिर्जित विवाद के हो सरकारको तर्फबाट यो विषयमा जवाफ दिनुपर्छ सभामुख महोदय, । बजेट कार्यान्वयन लगायतका विषयहरुमा कर्मचारीहरुमा एक खालको असन्तुष्टि छ । ओएनएमका कारणले सिर्जित समस्या के हो । कर्मचारीहरुको व्यवस्थापनका विषयमा सरकारले यथेष्ट प्रकारको धारणा दिनुपर्छ । कर्मचारीहरुले दशैको मौका अब तलव पाउनुपर्छ सम्भवतः त्यो विषय खुल्यो होला जस्तो मलाई लाग्छ । कर्मचारी ओएनएमका कारणले सिर्जित समस्याहरुको बारेमा मैले सरकारको ध्यानाकर्षण गराए । सार्वजनिक कार्यक्रमहरु सभामुख महोदय, मन्त्रिहरुको लाम लाग्ने परम्पराले बजेट कार्यान्वयन लगायतका नियमित काम अरुमा प्रभाव परेको छ कि छैन । सरकारलाई यो विषयमा कति महशुस भएको छ कि छैन । हुन पनि मन्त्रीहरुको आचारसंहिता पनि होला सभामुख महोदय, सरकारसँग तर सार्वजनिक कार्यक्रममा सरोकारवाला भन्दा वाहेकको विभागीय मन्त्री वाहेकको हाम्रो जुन परम्परा के छ भने आयोजकले पनि तपाईले चाहे पनि ४० जनालाई पत्र काट्ने छ । आयोजकका लागि कि त मान्छे सबै जाँदा राम्रो हो । हामी जाँदाखेरी पनि सबै जाने त्यो नभएपछि पनि विभागीय मान्छेहरु नमिल्ने ठाउँ अरुपनि जाने हामी त्यसो हुँदा हामी सार्वजनिक कार्यक्रममा धेरै हामी जाँदाखेरी अथिति व्यवस्थापन गर्नेहरुलाई पनि समस्या आयोजकलाई ।

हामी आफैले गर्दा सरकारका कामहरुत्यसमा प्रभाव पर्या छ कि छैन । यति धेरै सार्वजनिक कार्यक्रमहरुमा मन्त्रीहरुको उपस्थिति देखिन्छ सभामुख महोदय, । त्यले गर्दा के हुन्छ भने वाहिर जनमानसमा एक खालको सन्देश छ । वाहिर के छ भने संघीयता त आयो जनप्रतिनीधिहरुलाई मात्रै आयो, उनीहरु मात्रै लाम लाग्छन्, उनीहरु मत्रै लस्कर लाग्छन् अर्थात् जनताको घरमा हामीले केही चिजहरु डेलिभरी गर्न हामीले गर्नुपर्ने आन्तरिक कामहरुमा हामी कतिवेला समय पाउँछौं । नियमितता हामी उद्घाटन आदि यत्यादि काममै हुन्छौ । त्यसो हो भने उद्घाटन लगायतका कामहरु गर्नुपर्यो । कि प्रदेश सरकारबाट एउटा राम्रो प्रस्ताव के हुन्छ भने १ जना मन्त्रीलाई विभागीय जिम्मा तोक्दिने उहाँलाई उद्घाटन, समापन, विसर्जन लगायतको गतिविधिहरुको सार्वजनिक जिम्मा दिईयो भने उहाँको काम नियमित त्यो गरिराख्ने बाँकी मन्त्रीहरुले नियमितरुपमा सरकारका काम गर्दाखेरी सरकारको पनि प्रभावकारीता हुने हाम्रो पनि इज्जत जोगिने र जनताले पनि केही कुरा पाउने त्यसो हुँदा मैले गम्भिरतापूर्वक संसदमा के राखे भने अब पछिल्ला दिनहरुमा सरकारका कार्यक्रमहरुमा सरकारका मन्त्रीहरुको उपस्थित हुँदा एउटा उ छ सभामुख महोदय,, सार्वजनिक कार्यक्रममा मन्त्रीहरुको लस्कर लाग्ने, लाम लागेर जाम गर्ने परम्पराले नियमित कामहरु प्रभावित भए यसमा मेरो गहिरो ध्यानाकर्षणले सम्माननीत सभामा यो कुरा राखे । यति कुरा राखेर मैले सभामुख महोदय, बजेट कार्यान्वयनको स्थितिलाई तुरुन्तै बढाएन भने माथिल्ला जिल्लाहरुमा, हिमाली जिल्लाहरुमा हिंउ पर्ने कुरा अब लगत्तै दशैंतिहारपछि चाड पर्वहरु आका छन् । बजेट कार्यान्वयनको स्थितिमा यथासक्य टरितो प्रक्रियाहरुलाई छरितो बनाउन र सरकारको अहिलेसम्मको गतिको बारेमा म माननीय अर्थमन्त्रीज्यूको जवाफको आशा गर्दै मैले यति कुराहरु राखे सभामुख महोदय, धेरै धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री कौशिलावती खत्री ।

**माननीय श्री कौशिलावती खत्री :** माननीय सभामुख महोदय, यही २०७६ साल ५ महिना २४ गते गएको पहिरोमा परि जाजरकोट जिल्ला छेडागाड नगरपालिका वडा नं. ६ स्वानाउलीमा कालीबहादुर रावतको छोरा खड्कबहादुर रावत वर्ष २४ को युवकको मृत्यु भएको र सोहँ ठाउँमा वस्ने कौशिला रावतको छोरा निमबहादुर रावत वर्ष १५ को गम्भिर घाईते भएका छन् । उनीहरुलाई मैले नै राहतको लागि पहल गर्नको लागि जिल्ला लगायत प्रदेश सरकारको सम्बन्धित मन्त्रीलाई फोन गरेकि थिएँ । अहिलेसम्म केही पनि भएको छैन भन्ने बारम्बार फोन गर्नुहुन्छ र घाईते हुने केटा जो अनाथ हो । उसको २ वर्षको अवस्थामा नै बाबु बितेको थियो । म जाँदाखेरी सम्भवतः उसको घरमा खाने गाँस नै थिएँन । आमा घाईतेको पिँधमा बसेर रोईरहेकि थिइन् । र उसलाई मैले सम्बन्धित नगरपालिकालाई भनेर जिल्लासम्म पुग्नको लागि छेडागाड नगरपालिकाको गाडि हायर गरेर पठाएकी थिएँ । र त्यही साहुसँग २० हजार रुपैयाँ सापट गरेर उलाई दिएकी थिएँ । अहिलेसम्म दशैको मुखमा पनि साहुले त्यो पैसाको लागि उनलाई अहिले पनि सताईरहेको छ । कतैबाट उसलाई उपचारको व्यवस्था भएको छैन । त्यो केटाको हात भाँचिएको छ । टाउकोमा गम्भिर चोट छ । त्यसैले मैले मृतकको परिवारलाई राहत र त्यो अनाथ घाईतेको परिवारलाई उचित औषधिको व्यवस्था गर्नको लागि माननीय सभामुखमार्फत् कर्णाली प्रदेश सरकारको गम्भिर ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री देवी ओली ।

**माननीय श्री देवी ओली :** सभामुख महोदय, आजको विशेष समयमा म पहिलो कुरा के भन्न चाहन्छु भने सभामुख महोदय, आज यो दुनियहाँमा जति पनि परिवर्तन सामाजिक क्रान्ति, आन्दोलन भएका छन् । जे

उपलब्धि हामीले हासिल गरेका छौं । त्यसमा अमर सहिदहरुको यत्रो योगदान छ । रगतले रंगिएको छ । यो कुरा गरेर हामी पनि थाक्दैनौ । यसो कुरा गरिरहँदाखेरी मलाई मेरो मनमा एउटा त्यो दृश्यले यस्तो सिर्जना भावको सिर्जना गर्यो सभामुख महोदय, । हामी अरु धेरै लामो सूचि भएका सहिदहरुलाई त सम्बोधन गर्न समय लाग्ला खानपिनको कुरा होला संघीय सरकारले केही गरिसकेको पनि होला । तर यो प्रदेश प्रासिको आन्दोलनमा सहिद भएका जुन ४ सहिदहरुको परिवारलाई कर्णाली प्रदेश सरकारले गत आर्थिक वर्षमा गरेको जुन घोषणा थियो त्यसले उहाँको परिवारलाई छुन सकेन र उहाँहरु ऋझै सरकारको ढोकामा धाईरहनु भएको छ । त्यो दृश्य हेर्दाखेरी मलाई मेरो मनले त्यो सहिद सँगसँगै लड्दालड्दै आफ्नो अगाडिबाट जल्ले आफ्नो ज्यान गुमाउनु भएको थियो त्यो बचेकाहरु आज सरकारमा संसदमा छौं । त्यस कारण यो व्यवहार सरकारले अलिकति आफूले चासो राखेर गर्नुपर्ने छ र सहिदका परिवारलाई उपयुक्त राहत अथवा कार्यक्रम के हुन सक्छ । यतापट्टि मैले यो आन्तरिक मामिला तथा कानून मन्त्रालयको विशेष ध्यानाकर्षण गराउन चाहन्छु कि ति ४ हाम्रो प्रदेशभित्रका ४ सहिदहरुको परिवार सरकारले के सहयोग गर्न सक्छ भनेर सबै मन्त्रालयहरुमा गएर मन्त्रीहरुलाई भेटनको लागि टायम कुरेर बसेको देख्दाखेरी मेरो मनमा निराशा पैदा भएको छ सभामुख महोदय, । त्यस कारण उहाँहरुले सरकारको ढोका चार्ने सरकारले उहाँहरुको परिवारलाई खोज्नुपर्छ । र उहाँहरुलाई उपयुक्त कार्यक्रम अथवा राहतको व्यवस्था गर्नुपर्छ । पहिलो कुरा मैले यो राख्न चाहे । दोस्रो कुरा यो सरकारले त्यस्ता नागरिकहरुको उपचारको कुरा पहिलो सरकार वन्दाखेरी नै पहिलो उसमै घोषणा गरेको थियो । र आज यो २ वर्षको अवधिमा ति मृगौला पीडित, मुटु, क्यान्सरका विरामीहरुले दिएको निवेदनको चाङ छ । केही-केही निर्णय गरेर दिनुभको छ सरकारले त्यसमा हाम्रो मेरो केही भन्नु छैन । दिनुपर्छ त्यो स्वागतयोग्य नै छ । तर जो त्या निवेदन आएका निदेदनहरु छन् । हामीले सामाजिक मन्त्रालयमा वुझदाखेरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कार्यविधि बनाएर दिने हो भन्ने । हामी त्या मुख्यमन्त्रीको कार्यालयमा सोध्दाखेरी सामाजिक मन्त्रि देखाउने यसरी त्यो विरामीहरुलाई तड्पाउने जुन व्यवहार छ, यसको तुरुन्तै अन्त्य गरेर यो दशैको वेला उहाँहरुलाई कति दिन सक्नुहुन्छ अथवा दिनुहुँदैन भने हामी सक्तैनौ भन्ने खालको कुरा पनि यो उपचारका शिलशिलामा आओस भन्ने मेरो कुरा छ । तेस्रो कुरा कर्णाली प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट यहाँ यो प्रदेश राजधानीमा जुन छाडा पशुचौपायाका कारण विभिन्न घटनाहरु दुर्घटनाहरु भएका छन् । त्यसको समाधानको निम्ति समिति वन्यो भन्ने मैले सुनेको हुँ । त्यो समिति बनाएर जनगुनासोलाई मथ्थर पार्ने मात्रै हो कि त्यसको परिणाम निस्किने गरि काम गर्ने हो । आजका दिनसम्म पनि बिहान ५ वजे मैले आफूले बिहान हिडाईको क्रममा मात्रै देखेको मंगलगढीदेखि पिपिरासम्मको चोकमा त्यो चोक चोकमा गाईका बथानहरु त्यही नै छन् । त्यस कारण हामीले एउटा गुनासो आउँदाखेरी एउटा समिति बनाउने अथवा कुनै एउटा सम्बोधन अथवा आफूले वचन दिने अनि त्यसको परिणाम निस्किने गरी काम गर्न नसक्ने हो भने हाम्रो विश्वास जनताले कसरी गर्न सक्छन भन्ने कुराको प्रश्न उब्जिएको छ । त्यस कारण यसको त्यो समितिले पनि परिणाम आउनेगरी काम गरोस्, यसको निम्ति सम्बन्धित मन्त्रालयको विशेष ध्यान जानुपर्छ । भन्ने कुरा राख्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री गोपाल शर्मा ।

**माननीय श्री गोपाल शर्मा :** माननीय सभामुख महोदय, सरकार र प्रमुख विपक्षी दलको सदनमा देखिएको व्यवहार त हान्या जस्तो गर म रोया जस्तो गर्छु भन्ने अवस्थामा व्यक्त भईराखेको छ । रोचक दृश्यका हामी एक खालका पर्यवेक्षकहरु यहाँ सहभागी भईराखेका छौं । म प्रमुख विपक्षी दललाई मेरो विनम्र

अनुरोध के छ भने जोशमा सदन वन्द गर्ने र होस्मा सदन खोल्ने कुरा कहींलेकाई यो व्यवहारलाई एक चोटी पुनःविचार गर्न वा परिमार्जन गर्न वा सहज बनाउन म अनुरोध गर्दछु सवभन्दा पहिले । दोस्रो कुरा, सभामुख महोदय,, यो असोज ६ गते खासगरी चौरजहारी, रुकुमको रुकुम पश्चिमको चौरजहारी नगरपालिकामा अहिले सिटिईभिटि अन्तर्गत यज्ञश्वर बहुप्राविधिक शिक्षालय स्थापित भएको छ र त्यसले आफ्नो पठनपाठन प्रक्रिया अगाडि बढाईराखेको छ । त्यो शिक्षालयका तालिम संयोजकका रुपमा अहिले धनवीर खड्का त्याँ कार्यरत हुनुहुन्छ । उहाँ खासगरी परीक्षा सञ्चालनको लागि कर्मचारी व्यवस्थापनको लागि परीक्षा सञ्चालनको तयारी गरिराखेर गरेर अफिस जादै गर्दा उहाँलाई वाटैमा नेपाली कांग्रेसको नगर सभापति र सम्बन्धित वडाको वडा अध्यक्षसमेत रहेका भद्रबहादुर बिष्टले कुटपिट गर्नुभो । विना कारण त म कहाँ भेट्न किन आईनस् भनेर कुटपिट गरेको स्थिति रह्यो । नेपाली कांग्रेस जस्तो जिम्मेवार दलले वेलाबेलामा लोकतन्त्रको परिभाषा गर्छ र लोकतान्त्रिक व्यवहारको व्याख्या गर्छ । अहिले पनि हामी वेलाबेलामा संघीय संसदका व्यवहारहरु देखेकै छौं तर वडा अध्यक्षको हैसियत बोकेको र कंग्रेसको नगर सभापति समेतको जिम्मेवारी बोकेको व्यक्तिबाट कार्यालय प्रमुख मात्रै होईन, शिक्षालयको प्रमुखमाथि आक्रमण गर्नु एकदमै निन्दनीय छ र यो निन्दनीय कुरालाई म यहाँ भ्रत्सर्ना गर्न चाहन्छु । र सँगसँगै माननीय सभामुखमार्फत् सम्बन्धित दोषीलाई कानूनको प्रक्रियामा खासगरी तत्काल गिरफ्तार गरी कानूनी प्रक्रियामा अगाडि वढाउन म सरकारलाई अनुरोध गर्दछु । धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री सोशीला शाही ।

**माननीय श्री सोशीला शाहीः** सभामुख महोदय, आज लामो समय अन्तरालले यस सदनमा विशेष समय लिएर बोल्दै छु । करिव १ महिनाको जिल्ला भ्रमणको जिल्ला भ्रमणले मलाई यो सदनमा नबोली नहुने कौतुहलता जागेको छ । किनभने आज हामी माननीय मन्त्री, मुख्यमन्त्रि भ्रमणमा जाँदा जनताले आशा अपेक्षा र भरोसा गर्ने बेलामा घृणा गर्नुका साथै एक व्यवहारिक गाउँमा गएर पैसाको उठाउँने साउजीको नाममा चिनिने एउटा पात्रकोरुपमा चिन्न लागिरहेको अवस्था छ । यसले यसैगरी चिन्ने व्यवहार र प्रवृति पनि देखाईरहेको रहिछ । सथानीय निकाय देखि प्रदेश हुदै संघसम्म प्रतिशतको आधारमा कमिसन र ठूलो संख्यामा भ्रष्टचारको जालो फिजिएको पाईयो । अझ प्रदेशका योजनामा त धेरै भन्दा धेरै पैसाको जाल चलखेल भयो भन्ने व्यापक जनगुनासो छ । अनि यो योजना दिने, अनुदान दिने कुरामा त आफ्ना कार्यकर्ता वाहेक अरुलाई दिएमा मेरो सर्वश्व हुन्छ कि कतै पाप लाग्ने हो कि भन्ने यो सरकारको मानसिकता रहेको छ । कसैका व्यक्तिगत फर्मलाई करोडौ करोडौ दिईसक्नु भयो अझ पनि दिने कुरा तपाई कै कार्यकर्ताबाट सुन्न पाईएको छ । अझ चाखुरा, भ्याकुरा, कुखुरा पैसा दिएर ल्याएको योजना हो । अरु कसैको दावि गर्न पाईदैन भनेर खुलेआम तपाई कै कार्यकर्ताले भनिराख्नु भएको छ । यस्ता कार्य भएका हुन भने मन्त्रिदेखि मन्त्रालयका कर्मचारीसम्म यसको हिसावकिताव माग्ने समय आएको छ । कर्णाली साजमार्ग राजमार्गको फुलालुमा वन्ने कर्णाली नदिको पुलको अवस्था देख्दा दयनिय छ । कर्णाली पारीका जनताले पुल नहुँदा दुख्ख भोग्नु परेको अवस्था छ । त्यसमा चिन्ता र चासोको विषय सरकारका मन्त्री मुख्यमन्त्रीको कतै देखिदैन । किनभने त्यसमा सायद कमिसन नआउने भएर होला । त्यस्ता महत्वपूर्ण विषयमा सरकारको चाडै ध्यान जाओस अनि मन्त्रालयको योजनाको अवस्था पनि ठयाक्कै त्यस्तै छ । सिफारिस गरेर पठाएका योजना वल्लतल्ल एउटासम्म समावेश गरिन्छ । त्यही योजनालाई बङग्याई एक जना कार्यकर्ताको फोनको भरमा योजनाको अगाडि, पछाडि, बीचमा उसको भन्ने वमोजिमको नाममा थप्ने अनि माननीयले सिफारिस गरेर पठाएको योजनालाई लत्याउने यस्तै प्रवृति हो भने खबरदारी । सम्माननीय मन्त्रीज्यू म माननीय सोशीला शाहीले मात्रै होईन, जनताले तपाईलाई ढिलोचाडो कटघरामा उभ्याउने

छन् । राप्रपाको १ जना माननीयले बोलेर के हुन्छ भनेर मानसिकता बोक्नु भएको छ भने आजैबाट हटाउँदा हुन्छ । सही सत्य बोल्ने मान्छे १ जना भएपनि कुनै दिन उसको मान्यता स्थापित हुन्छ । यस्ता ज्यादति जनताले धेरै दिन सहेर बस्ने बला छैन । मन्त्रालयका योजना देखि संसदीय कार्यालयसम्म हेपाहा प्रवृत्ति देखाउनु भएको छ । यो २ तिहाई सरकारको दम्भ देखाईनु भएको छ । यसरी प्रत्येक जनताको करबाट उठाएको पैसालाई व्यक्तिगत सम्पित्त झै गरी दिने अधिकार कर्णाली प्रदेश सरकारलाई संविधानमा कतै छुट दिएको छैन सभामुख महोदय, । यसैगरी तपाईका आसेपासे कार्यकर्ता वाहेक सर्वसाधारण जनताले कर्णाली प्रदेश सरकारको आशा र अपेक्षा नगर्ने अवस्थासम्म आईपुग्दा एकपटक सोच्ने र समिक्षा गर्ने बेला भएको छ । भएको छैन । सरकार कर्णाली प्रदेशको राजधानी सुर्खेतका वीरेन्द्रनगर रहेको छ । राजा वीरेन्द्रकै नामबाट वीरेन्द्रनगर रहेको छ । वीरेन्द्रनगरको बीच बजारमा वीरेन्द्रनगर चोक रहेको छ । वीरेन्द्र चोक भने तामासिलमा लेखिएको पनि छ । तर वीरेन्द्रको शालिक राख्न के तपाईलाई लाज लागेको हो लाज मान्नु पर्दैन । लाज शालिक राख्न के त माननीय हो भन्ने वीरेन्द्रनगर भन्न पनि लाज मान्नुपर्ने हो ? राजा वीरेन्द्रले त्यो वेला राजाले सार्वजनिक सम्पतिको संरक्षण नगरेको भए आज यो सदन खुल्ला चौर बस्ने अवस्था हुन्थ्यो । अरुको राम्रो कामको अनुसार गर्न आउँदैन भने आफू राम्रो गर्न साहस गर्नु होइन भने हाम्रो कामको अनुसरण गर्न सक्नु, त्यही भएर तल वीरेन्द्र चोकमा राजा वीरेन्द्रको सालिक स्थापना गर्नुपर्दछ भन्ने जोडदार मागसहित सभामुखमार्फत् ध्यानाकर्षण गराउन चाहन्छु । एउटा शब्द मात्रै छ सभामुख महोदय,ऽ मैले भन्न चाहेको । भर्खरै मात्रै कालिकोट जिल्लाको एउटा मात्रै नेत्र ज्योति संघ, त्यो ६/६ महिनासम्म पनि त्यहाँको कर्मचारीले तलब नपाएको गुनासो छ । यहाँ सदनमा मैले कुरा उठाईदिदा कुनै सहज हुन्छ कि भन्ने मलाई लागेको कारण ६/६ महिना पहिला हिमालय पोखराले सम्पूर्ण व्यहोरेकोथ्यो अहिलेचाई त्यो छैन । त्याँ ६/६ महिना अब ३ दिनसम्म नभएपछि त्यो हामी आँखा शिविर चलाउँदैनौ भन्ने एउटा त्यहाँको कर्मचारीले मलाई सुनाएको कारणले मैले यहाँ भनेको छु । सरकारले छिटोभन्दा छिटो त्यसको व्यवस्था गरोस् भन्न चाहन्छु । हवस्त धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री पद्मा खड्का ।

**माननीय श्री पद्मा खड्काः** सभामुख महोदय, मैले विशेष समयमा सभामुखमार्फत् कर्णाली प्रदेश सरकारलाई केही महत्वपूर्ण विषयहरु ध्यानाकर्षण गराउन चाहन्छु । विशेषगरी कर्णाली प्रदेशको राजधानी तर्फबाट हामी चाहन्छौ राजधानीका राजधानीबाट सेन्टर मानी सबै जिल्लामा सहज रुपले हवाई यातायातको गराउनुपर्ने कर्णाली प्रदेश सरकारको दायित्व पनि होला । कर्णाली प्रदेश सरकारले २०७५ मा जसरी रारा भ्रमण वर्ष मनाईरहदा अब यो हवाई यात्रालाई पनि विशेष प्राथमिकता दिन्छ होला भन्ने हामीलाई लागिरहेको थियो । अहिले पनि डोल्पा, हुम्ला जस्ता महत्वपूर्ण मुगुजस्ता जिल्लाहरुमा सुर्खेत राजधानीबाट सहज रुपलेहवाई यातायात गर्न नागरिकहरुले पाईरहेको अवस्था छैन । यसलाई छिटोभन्दा छिटो कर्णाली सरकारले विषयलाई असाध्यै महत्वपूर्ण ठानेर यलाई अगाडि बढाउनुपर्छ । र यो सँगै मैले कर्णाली प्रदेश राजधानीमा रहेको विमानस्थलको बारेमा मैले कुरा गर्न राखेको छु । यो कर्णाली प्रदेशको राजधानीमा रहेको विमानस्थल जो अहिले ४५ सिटे जुन विमान यहाँ आईरहन्छ । दिनमा एउटा मात्रै विमान आउँदा यहाँ यात्रुहरुले सहज रुपलेरुपमा जसले संघीय राजधानीसँग जोड्ने कुरा छ त्यो असाध्यै असहज परिस्थिति हुन सकेको छ । र भाडादरको हिसाव हेर्दा जसले नेपालगञ्जबाट आतेजाने दोहोरो भाडा पुग्नेगरी भन्दा पनि अझ बढी यहाँ मुल्य छ । यो मारमा यहाँ कर्णालीवासीसबै जनताहरु, नागरिकहरु छन् । यस्तो महंगो भाडा तिरेर जाँदा खोज्दापनि टिकट पाउने अवस्था छैन । यलाई पनि कर्णाली प्रदेश सरकारले

कस्तो प्रकारले कसरी हेरीरहेको छ भन्ने कुरा म ध्यानाकर्षण गर्न चाहन्छु । भर्खरै मात्रै यो एयरपोर्टको विस्तारको विषयमा विभिन्न छलफल पनि चलेको कुरा हामीले सामाजिक सञ्जालबाट बाहिर थाहा पायौं । कर्णाली प्रदेश सरकार पनि त्यौं उपस्थित भको कुरा पनि हामीले थाहा पाईरहेको कुरा छ । र १८ महिना भित्र यो राजधानीमा रहेको विमानस्थललाई विस्तार गर्न सकिन्छ भनेर सरकारले वालेको कुरा पनि हामीले विभिन्न सामाजिक सञ्जालबाट सुनिरहेका छौं । के १८ महिनामा अहिले राजधानीभित्र रहेका यति वाक्लो घना बस्तीलाई कसरी व्यवस्थित गरेर कसरी मुआव्जा दिएर १८ महिनाभित्र यो विमानस्थल विस्तार गर्न सकिन्छ। हामी सरकारले कुनै छलफलमा समावेश भएर कुनै छलफलमा भाग लिएर त्यसको विस्तृत विवरणलाई मध्यनजर नगरीकन हामी एकैचोटी सरकार हामी छिटोभन्दा छिटो काम गरिहाल्छम् भनेर भन्ने, पछि कार्यान्वयनमा जानेवेला ति ढिलाईले गर्दा आज आम नागरिकलाई निराशा पैदा भएको छ । त्यस कारणले गर्दा हामी सरकारले अल्पकालिनरुपमा वनिरहेको जुन अहिले अवस्था छ त्यलाई कसरी विस्तार गर्न सकिन्छ । एकदमै सरकारले अध्ययन गर्ने र दीर्घकालिन विमानस्थलको लागि कर्णाली प्रदेशको राजधानी नजिकै रहेका वीरेन्द्रनगर ११ को जुन ११ वडा नम्वरका र सुब्बाकुनादेखि भेरी पुलसम्मको एउटा डाडो छ त्यो डाडोमा सम्भाव्यता अध्ययन गर्न कम्तीमा पनि पर्यटन मन्त्रालयले केही गन्तव्य त सुरु गर्नुपर्यो । त्यस्तै गरेर वीरेन्द्रनगर ३ मा रहेको रानीघाट भन्दा माथि रहेको उत्तर दक्षिणको त्यो डाँडा छ । २ ठाउँमा यहाँ सम्भावना देखिएको छ । यसलाई पनि कम्तीमा १ पटक अध्ययनका लागि कर्णाली प्रदेश सरकारले केही न केही पहल लिनुपर्छ जस्तो मलाई लाग्छ । दीर्घकालीनरुपमा हामीले बनाउने विमानस्थलको बारेमा केहीकर्णाली प्रदेश सरकारले आफ्नो प्रदेश सरकारको पलानमा अगाडि वढाएर पक्कै पनि लैजानुपर्छ भन्ने कुरा म सुझाव राख्न चाहन्छु । अर्को विषय छ, असाध्यै हामी मुलुकमा संघीयता आए सँगसँगै नागरिकले हामीले सिंहदरवारको अधिकार गाउँ-गाउँमा पाउछौं भनेर जसरी आशा गरिरहेका थिएँ, जसरी खुशी मनाईसकेका थिएँ तर आज धेरैभन्दा धेरै जनताहरु सेवा लिने जुन कार्यालयको अवस्था हेर्दा सिंहदरवार आएको रहिनछ भन्ने महशुस आम नागरिकले गरिरहेका छन् । जस्तै सुर्खेतको राजधानीमा रहेको मालपोत कार्यालय अहिले सुर्खेतको जुन यो सुर्खेत उपत्यका भित्रमा भईरहेको वसाईसराई अन्य जनघनत्वको जो हिसावले गर्दा मालपोतमा दिनानुदिन काम गर्ने सेवाग्राहीहरुले जुन सास्ती भोग्नुपरेको छ । त्यो सास्ती यो कर्णाली प्रदेश सरकारले देखेको छ कि छैन ? कर्णाली प्रदेश सरकारले, संघीय सरकारले जुन सहजरुपमा स्थापना गरेका कार्यालयहरुलाई आज घटाउने बेला असाध्यै कुनै छलफलमा परामर्शविनाजसरी कार्यालयहरु घटाएर आज कार्यालयमा रहेका ति निमुखा कर्मचारीको आँखाबाट आशु बगाईरहदा आज त्यस्ता महत्वपूर्ण काम कार्यालयमा जनताले दुख्ख पाउँदा तपाईहरु अहिले कर्णाली प्रदेश सरकारको ध्यान त्यता गको छ कि छैन ? आज किन त्यौं एक जना मान्छे जसको हातमा पहुँच छ, जसको हातमा जसले भन्न सक्छ त्यले २ घण्टा अथवा १ घण्टामा उले सहजरुपमा सेवा लिएको छ । जो निमुखा जनता जसले वोल्न सक्दैन तिनी ३ दिन लाएर पनि उले आफ्नो सेवा लिन सकेका छैनन् । एउटा न एउटा व्यवस्था चेन्जगर्नका लागि त्यो मालपोत कार्यालयमा टोकन प्रणाली लागू गरेर त्यहाँका सर्वसाधारण जनतालाई सहज बनाउने कुरामा कर्णाली प्रदेश सरकारको ध्यानाकर्षण होस् भन्ने कुरा राख्न चाहन्छु । अन्तमा अर्को विषय राख्न चाहन्छु । मैले कर्णाली प्रदेश सरकारलाई तनाम यहाँ अन्य माननीय सदस्यहरुले पनि कुरा राखु भको छ । मैले पनि राख्न चाहन्छु त्यो विषय । धेरैभन्दा धेरै कर्णाली प्रदेशका भौगौलिक विकटता सँगसँगै हाम्रो प्रदेशमा धेरै दीर्घ रोगीहरु छन् । आज ति दीर्घ रोगीहरु छटपटाईरहेका छन् । मृगौला पीडित होलान्, क्यान्सर पीडित होलान् हामी माननीय सदस्यहरुलाई वारम्वार फोन गरिरहनु पर्दछ । कर्णाली प्रदेश सरकारका सम्बन्धित मन्त्रालय सोध्दा कार्यविधि भा छैन भन्ने कुनै २ जना व्यवक्तिलाई कुनै नजिकबाट हेरेर क्याविनेटमा निर्णय

गर्नुहुन्छ । अरुका आशु र पसिना देख्नु भाको छ कि छैन । निर्णय गर्दा अरु ति बिरामीलाई सोच्नु भएको छ कि छैन । यदि गर्ने हो भने सबै निमुखा ति जसले उपचार गर्न नपाएर छटपटाईरहेका छन्, तिनका विषयमा पनि सोच्नुस तपाईले होइन भने २ जना मात्रैलाई पनि तपाईहरुले निर्णय गर्नु हुन्छ भने अरुका आँखाबाट आँशु बगिरहेको छन् । कर्णाली प्रदेश सरकार यहाँ छ भन्ने कुरा महशुस हुने छैन भन्ने कुरा राख्छु । धन्यवाद ।

**माननीय सभामुख :** माननीय श्री अम्मरबहादुर थापा ।

**माननीय श्री अम्मरबहादुर थापा :** माननीय सभामुख महोदय, आज ९ दिनपछि यो संसद खुलेको छ । सबैले धन्यवाद दिनु भो मलाई त दुख्ख लाग्या छ। किनभन्दा ९/९ दिनसम्म संसद अवरुद्ध हुनु यो राम्रो काम होईन । सत्ता पक्ष होस् या प्रतिपक्ष । ९ दिनसम्म समाधान नहुने आठौं दिनसम्म ९ दिनका दिन समाधान हुने प्रक्रिया यो सत्ता पक्षको लापरबाही, सरकारको लापरवाही कि चाईने प्रतिपक्षको लापरवाही हो । फेरि प्रतिपक्ष दलका नेताले राख्नु भो मञ्चमा गएर । ५ ओटा बुँदाका कुरा राख्नु भो र त्यसमा वास्तवमै चाईने विनियोजन विधेयकको अङ्ग बन्ने छ भन्ने कुरा यो सदनले पास गर्या कुरा हो । त्यो ५ ओटा बुँदामा वास्तवमै भन्ने हो भने योसंसदको बजेट दफावार छलफलदेखि हामी सांसदहरुले बारबार उठाईरहेको । अझै कैलेकाई प्रतिपक्षले भन्थ्यो १४ जनाको दस्तखत कहाँ छ ? कसरी यो चाईने भईराछ भनेर प्रश्न गर्थ्यो । हामीले यो सरकारलाई सही तरिकाले सही बाटोमा अगाडि बढोस् र जनतालाई समानुपातिक वितरण प्रणालीमा अगाडि बढोस् । भनेर हामीले सुझाव दिईरहदै र हामीले सहमतिमै राखेको एउटा विच्चमा प्रतिपक्षले के थापेर हाम्रो माग नै थियो । यो अब उपाया छैन यो चाईने विनियोजन विधेयकको अङ्ग बनोस् भन्ने त्यत्तिले धेरै २ घण्टा सदन अवरोध भो । आज सरकार यो सत्ता पक्षका कुरा किन सुन्दैन । सत्तापक्ष प्रतिपक्ष हुनुपर्ने कारण आज प्रतिपक्षले अवसर प्राप्त गर्ने मौका किन दिन्छ यो सरकारले ? हामीले पनि उहाँहरुले उठाउने कुरा समयमै सचेत गराएका छौं । समयमै होसियार गराएका छौं । दलमा छलफल भएको छ । सबै कुरामा छलफल भएर अगाडि बढिसकेपछि पनि फेरि पनि ल्याप्सेसहरु राखेर प्रतिपक्षलाई चटककै उठेर ९/९ दिनसम्म संसद अवरोध । पहिलो त एक पटक त धेरै दिन कति भाथ्यो रे १५/१६ दिन भाथ्यो । यसकारणले सरकार संसदप्रति उत्तरदायि छ कि छैन । त्यो २ तिहाई होईन २ तिहाई भन्दा अझ माथि के हुन्छ । १ तिहाई नपुग्याले सरकार चलाउने २ तिहाई भन्दा बढीले वोलेका कुराहरु, गरेका कुराहरु नहुने यो संसदको मर्यादा यो सरकार राख्छ कि राख्दैन । सत्तापक्षवाटै बोल्न पर्ने भो । त्यसैले सानो ल्याप्सेस राखेर समयमै समाधान नगर्ने, अनि समाधान नगरेर प्रतिपक्षले हात खडा गरेर बस्नोस्माननीयज्यू वस्नोस भन्या भनै गर्नपर्ने त्याँबाट चाईने संसदै अवरोध हुने । यो संसदमा यस्तो प्रक्रिया तेई संविधानसभामा निस्क्या थ्यो । निस्क्याथ्यो त्यो पनि प्रतिपक्षले गर्थे । उठेर संसदमै विरोध गरिरहे । यो विधि राम्रो होईन । संसदीय प्रणालीमा बहुमतको निर्णय हुन्छ,अल्पमतले गलत भयो भने सडकमा जान्छ । सदनलाई सडक बनाउने प्रवृति पनि राम्रो होइन । यो सडक होईन, यो सदन हो । सदनको मर्यादा सबैले राख्नुपर्दछ । प्रतिपक्षले गलत गर्यो सत्तापक्षले भने सडकमा जान्छ जनतालाई सचेत गराउँछ । आन्दोलन गर्छ, सबै कुराहरु गर्छ । यो जनताका हुने काममा अहिलेसम्म रकम निकासा भई जाने थियो सारा कुराहरु हुने थिएँ । अनि अवरुद्ध भएर ९ दिनसम्म आज कसको बुद्धि रिटेछ । ९ दिना त संसद चल्यो । त्यसो भाको हुनाले यो काम सत्ता पक्षले गर्ने जस चाईने प्रतिपक्षले लिने यो प्रवृत्ति राम्रो भएन । कर्मचारीको विषयमा वोल्या वालेई हुनुहुन्छ । हामीले पहिलै उहाँका सही संलग्न रहेर पनि नीति निर्माण गर्या रहिछ । म अर्थ समितिको अध्यक्ष अर्थ समितिले पास गरेको यो कर्मचारीहरुलाई अन्यत्र प्रदेशमा भएका सेवा सुविधा सबै ठाउँ दिएका छन् र यो

प्रदेशमा पनि हामीले के कति दिन सक्छौं? अन्त कसैले ६० दिया छ भने हामीले ७० दिने कुरा होईन सक्छौभने ७० पनि दिन सक्छौ । ६० दिया छ भने त्यसलाई कमसेकम कर्मचारीको मनोवल बढ्नेगरी हामीले मैले अर्थ समितिको अध्यक्षको हैसियतले र हाम्रो समितिले सर्वसम्मतबाट निर्णय गरेर यो प्रतिवेदनै सहित मैले संसदमा वुझाएको छु । आज पनि आवाज उठ्या उठेई छ किनहोला ? आझ पनि एउटा समितिले निर्णय गरिसक्या कुरा र संसदमा सबै सांसहरुले त्यो प्रतिवेदनमाथि सहमत जनाईसक्या कुरा यो सरकार किन लागू गर्दैन ? फेरि आज प्रतिपक्षले भोली उठाउने झगडा फेरि अवरुद्ध गर्ने छ । अनि त्यसपछि मात्रै सुन्ने यो प्रवृतिको विधि राम्रो भएन । अब अहिले तत्कालै हिन्दूहरुको महान चाड आएको छ । यो वाटाघाटाहरु, सेवा सुविधा लिने कुराहरु यो सरकार अगाडि वढोस् र कर्णाली एउटा कुरा मलाई भन्न मन लागिराछ । मैले वारवार मुख्खमन्त्रिसँग भने यो आज हामी यो सदनमा छौं । यो सदनमा हुने वातावरण सिर्जना गर्ने सहिदहरु ४/४ जना सहिदहरुको सहादत प्राप्त नगरेको भए आज हामीले सायद यो अवस्था भेटने थिएँनौहोला । ह्या दिपायल जान पथ्यो कि अथवा काई जान पथ्योहोला । ४/४ जना सहिदहरुले शाहदत गरेपछि मात्रै माथिको नेताहरुको दिमाग खुलेको थियो । सहादथ प्राप्त गर्ने र अहिले पनि आफ्नो शरीरभित्र गोलि लागिरहेका सहिदहरु छन् । त्यसवेला एउटा पिलेनबाट चार्टर गरेर लिएका ४ जना जिउँदा सहिद हुन् ति ।तिनलाई लिएर त्याँ वचाएको औषधी उपचार संघीय सरकारले गर्यो पिलेनको भाडा दिएन । अहिले त्यो भाडा दिएको नदिएको एकिन ल्याउने भनेर माथि गृहमन्त्रालयले नदिएको भनेर पठाईसकेपछि पनि त्यो सरकारलाई अनुरोध गरेर गाको छ । त्यो प्राप्त भा छैन तत्काल यो सरकारको ध्यानाकर्षण होस् भन्न म चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरु, विशेष समयमा वोल्ने माननीय सदस्यहरुको वोल्ने क्रम समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरु यस सभाको बैठकको विशेष समयमा सार्वजनिक सरोकारका विषयहरुमा माननीय सदस्यहरुले यसभन्दा पहिले र आजको बैठकमा उठाउनु भएका प्रश्न एवं जिज्ञासाका सन्दर्भमा कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले सरकारको काम कारवाही र धारणावारे यस सभालाई जानकारी गराउन समय माग गर्नुभएकाले उहाँलाई समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वाला :-** माननीय सभामुख महोदय,, प्रदेश सभाको यो गरिमामय सदनमा प्रदेश सभाका माननीय सदस्यज्यूहरुले आजको बैठक र यसभन्दा पहिलेका बैठकहरुमा उठाउनु भएका विभिन्न प्रश्नहरु छन्, जिज्ञासाहरु छन् । त्यस विषयमा सरकारका र मेरो आफ्नो मन्त्रालय आर्थिक मामिला तथा योजना मन्त्रालयका तर्फबाट प्रष्ट पार्नुपर्ने विषयमा प्रस्तुत गर्ने समय दिनु भएकोमा म माननीय सभामुखज्यूलाई धन्यवाद दिन चाहन्छु । आज लामो समयपछि सदन खुलेको छ । एक हप्ताभन्दा बढी ९ दिनसम्म संसद चलेन नवा दिन संसद अवरुद्ध नभएपनि हामीले संसद अवरुद्ध भईसकेपछि त्यो समस्या समाधानका निम्ति पहल गर्न प्रयत्न गर्न र संसदमा उठेका कुरालाई कार्यान्वयनका निम्ति पनि केही समय आवश्यक भयो । त्यस हिसाबले आज यो संसद खुलेको छ । यो सदनको बैठक सुचारु भएको छ । र यसरी अलि लामो समयपछि भएपनि यो संसद खुलेकोमा मलाई खुसी पनि लागेको छ । र यसका निम्ति अब यो संसद अवरोध गर्नेहरु प्रतिपक्ष दलका नेताले पनि यहाँ धेरै कुरा बताईसक्नु भएको छ । म यो सदन खोल्ने कुरामा उहाँले जुन खालको सहयोग गर्नुभएको छ । त्यसका निम्ति म प्रमुख प्रतिपक्ष दलका नेताहरु लगायत सम्पूर्ण नेता तथा माननीयज्यूहरुलाई धेरैधेरै धन्यवाद दिन चाहन्छु । संसद सहजीकरणका निम्ति संसद खुल्नका निम्ति अथवा यो सदन खोल्नका निम्ति बैठक बस्नका निम्ति जुन महत्वपूर्ण भूमिका खेल्नुभको छ । सबैलाई एकै ठाउँमा ल्याएर एउटा यो सहज

वातावरण निर्माण गर्नुभको छ । त्यसका निम्ति माननीय सभामुखज्यूलाई म धेरै-धेरै धन्यवाद दिन चाहन्छु । म माननीयज्यूहरुसँग माननीय सभामुखज्यूमार्फत् के अनुरोध गर्न चाहन्छु भने कतिपय कुराहरु काम गर्ने क्रममा कमजोरी पनि हुन सक्छ । र संसदले म्याण्डेट दिएका कुराहरुमा पनि हामीले भनेको बेलामा कार्यान्वयन गर्न असहजता पनि हुन सक्छन् । तर कै कतै पनि सरकारको संसदलाई गुमराहमा पार्ने याछल्ने अथवा मानमार्दन गर्ने कुनै नियत कुनै आशय सरकारको छैन । म फेरि पनि यो प्रतिबद्धता यो सदनसमक्ष यो गरिमामय बैठकमा प्रतिबद्धता व्यक्त गर्न चाहन्छु । र संसदप्रति सरकार सधैं उत्तरदायी हुन्छ । र कर्णाली प्रदेश सरकार पनि कर्णाली सभाप्रति उत्तरदायी छ । यसमा पनि कुनै द्विविधा रहनुपर्दैन । यो कुरा पनि म एक पटकदोहार्याउन चाहन्छु । खासगरी यतिवेलाअलि गम्भिररुपमा उठेको विषय भनेको आर्थिक वर्ष २०७६/७७ को बजेट आय-व्ययको विवरण बजेट पारित हुँदाखेरी विनियोजन विधेयक पारित हुँदाखेरी अथवा विनियोजन विधेयकसँग आश्रित विधेयकहरु पारित हुँदाखेरी या समग्रमा बजेट पारित हुँदाखेरी सरकारको तर्फबाट केही महत्वपूर्ण प्रतिबद्धताहरु व्यक्त गरिएका थिए । यही रोष्टमबाट त्यो प्रतिबद्धता व्यक्त गरिएको थियो । र ति प्रतिबद्धताहरु बजेटको अङ्ग बनाइएको थियो । र बजेटको अङ्ग हुनेगरी बजेट पारित भएको थियो । त्यो कुरा सरकारलाई राम्रोसँग महशुस छ हेक्का छ । ति प्रतिबद्धताहरु मात्रै होईन, कतिपय बजेटका अन्य विषयहरु पनि कार्यान्वयन गर्ने कुरामा केही ढिलाई पनि भको छ । केही कानूनी जटिलताले पनि समस्या पैदा गरेको छ । हामी आफैले पनि त्यसमा धेरै सावधानी दिन नसकेको पनि हुन सक्छ । त्यस्ता केही कमीकमजोरीहरु सरकारको तर्फबाट भएका छन् । यसमा घमण्ड गर्नुपर्ने केहीपनि छैन । ति कमीजोरीहरुमा महशुस गर्ने कुरामा हामी तयार छौं । जसरी बजेटसँगै पारित भएका ५ बुँदे प्रतिबद्धताहरु कार्यान्वयन गर्ने कुरा र समग्र बजेटका कार्यान्वयन गर्ने कुरामा सरकारको ध्यानाकर्षण गराईएको छ । र ति ध्यानाकर्षण गराईएका कुरा हामी सम्मान गर्न चाहन्छौं । र कमिकमजोरी भएका कुराप्रति आत्माआलोचित हुने कुरा महशुस गर्ने कुरा पनि म सदन समक्ष राख्न चाहन्छु । खासगरी हामीलाई केही समस्याहरु परे हामीले बजेट पारित भईसकेपछि बजेट कार्यान्वयन गर्ने कुरा र बजेटको अङ्गकोरुपमा सरकारले own गरेका ति ५ बुँदालाई कार्यान्वयन गर्ने कुरामा हामी वास्ता नगरेको तयार नभएको कुनै पनि workout नगरेको होईन । हामीले तयारी गर्दागर्दै प्रयत्न गर्दागर्दै कोसिस गर्दागर्दै पनि कतिपय कुराहरु कार्यान्वयन गर्नमा ढिलाई भएको छ । यो कुरा हामीलाई राम्रोसँग महशुस छ । खासगरी माननीयज्यूहरुले पनि उठाउनुभएको छ । यो संगठन र व्यवस्थापनसम्बन्धी प्रस्ताव हामीले कार्यान्वयन गर्नका लागि हामीले ओएनएम नयाँ ओएनएम गर्यौं । त्यसलाई कार्यान्वयन गर्नुपर्ने र त्यो कार्यान्वयन गर्नका निम्ति केही समय लाग्ने । हामीले पुरानै संगठन पुरानै संरचना पुरानै ढाँचामा बजेट कार्यान्वयन गर्ने स्थिति भएको भए बजेट कार्यान्वयनको त अगाडि वढ्थ्यो । तर फेरि यहाँजसरी विषय उठेको छ । असुविधाका कुराहरु जनताले सेवा सुविधा नजिकबाट पाउने कुरामा अघिल्लो पटक जुनसेवा कार्यालयहरु, कार्यान्वयन ईकाईहरु कतिपय जिल्लाहरुमा नहुने कारणले जुन असुविधाहरु भए । पटक-पटक यही सदनमा पनि उठेको छ । आजै पनि माननीयज्यूहरुले उठाउनु भको छ । कि जनतालाई नजिकबाट सेवा सुविधा दिनुपर्छ । त्यसका निम्ति कार्यालयहरु जनतालाई सुविधा दिनेगरी स्थापना हुनुपर्छ । त्यही अनुसार कर्मचारीको व्यवस्थापन गर्नुपर्छ । यो अलि जटिल अलि टेक्निकल काम पनि हो । त्यसैले यसमा धेरै समय पनि लाग्यो । र बारम्बार मुगुबाट जुम्ला आउनुपर्ने सेवा लिनका निम्ति, सल्यानबाट रुकुम जानुपर्ने यहाँ हुम्लाबाट सुर्खेत जानुपर्ने यस्ता कोईसनहरु आईरहेका थिएँ । यो अघिल्लो पटक संघीय सरकारले पठाएको जुनसंरचना थियो । त्यसैमा जानुपर्ने वाध्यताले हामी त्यही अनुसारबजेट कार्यान्वयन गर्न वाध्य भयौ । तर अहिले हामीले आफलै गर्न सक्ने अवस्थामा किन सहजरुपमा जनतालाई सुविधा हुनेगरी कार्यालयहरु नखोल्ने भन्ने तहमा जादाखेरी

हामीले नयाँ ओएनएम गर्यौं । नयाँ संगठन र व्यवस्थापन सम्वन्धी प्रस्ताव अगाडि सार्यौं । र यो पनि माननीयज्यूहरुले भन्यन जस्तै यो पनि थायी होईन । अब संघीय निजामति कर्मचारी ऐन पारित भयो भने हामीले प्रदेशको निजामति ऐन पारित गर्नुपर्छ । त्यसपछि संगठन र संरचनाको ढाँचा केही परिवर्तन हुन सक्छ । त्यो धेरै फरक नपर्ला तर हामीले केही चेन्ज गर्नुपर्छ। त्यसैले यो पूर्णरुपमा थायी होईन । यो एक किसिमको अस्थाई नै हो तर हामीले कमसेकमअव नयाँ ढङ्गलेसंरचना बनाउने, कार्यालय खोल्ने र त्यसका कतै कमीकमजोरी भएभने भोली फेरि त्यसलाई करेक्सन गर्ने ठाउँ पनि छ । त्यसले हामीलाई बजेट ईन्ट्रि गर्ने, बजेटनिकासा दिने, कर्मचारीहरुलाई अख्तियारी दिने कुरामाढिलाई भएको हो । किनभने पहिला त कार्यालय चाहियो । अनि कार्यालयमा कार्यालय प्रमुख हुनुपर्यो । त्याकर्मचारीहरु खटिनुपर्यो । त्यो अनुसारजहाँ कार्यालय खुले त्यो कार्यालय अनुसारकोबजेट पिएलएमवीआईएस पछि ईन्ट्रि हुनुपर्यो । यो टेक्निकल कारणले गर्दाखेरी ढिलो भएको पनि हो । यो कुरा पनि हामीले महशुस गरेका छौं । अर्को कुराजो ५ बुँदे प्रतिबद्धता हो । बजेटको अङ्कको स्पमासंसदले पारित गरेको ति कुरा कार्यान्वयन गर्नका निम्ति केही अन्यौल भयो । केही कानूनी जटिलता पनि भए । त्यसलाई कसरीकानून बनाउने कसरीबाटो फकाउने भनेर हामीले अलि धेरै वर्क आउट पनि गर्यौं । निरीक्षण परिक्षण पनि गर्यौं । साउन १५ भित्र हामीले त्यो व्यवस्थ ागर्न सकेको भए हामीले ति प्रतिबद्धता कार्यान्वयन गर्न सकेको भए समस्याहरु आउँदैनथे । साउन १५ भित्र हामीले गर्न सकेनौ जो ऐन अनुसार विनियोजन ऐन अनुसार हामीले एककुष्ट बजेट साउन १५ भित्रविनियोजन गर्नुपर्छ । त्यस्तै गरीकतिपय सुधार्नु पर्ने, परिमार्जन गर्नुपर्ने, संशोधन गर्नुपर्ने विषयहरु हामीले दोस्रो चौमासिक सकिसकेपछि गर्नुपर्छ । अब मोस्रो चौमासिक सकिन्जेल पर्खिरहने पनि बजेट कार्यान्वयनका निम्ति उपयुक्त भएन । अनि साउन १५ को मिति पनि हामीले चुकाईउँ । त्याँनिर हामीले कमजोरीहरु सकेनौ । अब त्यसपछि बाटो के हो त एउटा बाटो खोज्नुपर्यो, विकल्प खोज्नुपर्यो । हामी संसदले गरेका हरेक कुरा, हरेक निर्णयहरु कार्यान्वयन गर्न प्रतिवद्ध छौं । बजेटको अङ्कोरुपमा पारित भएका विषयहरु कार्यान्वयन गर्न पनि हामी पूर्णरुपमा प्रतिवद्ध छौं । त्यो कार्यान्वयनका निम्ति पनि हामीले प्रक्रिया अगाडि वढाईउँ । तर त्यसलाई कतिपय कुराहरु कार्यान्वयन गर्न अप्ठेरो परेकोले अब कसरी यसको बाटो लोल्ने त, सहजीकरण कसरी गर्ने भन्ने सम्बन्धमा छलफल गर्दा हामीले ऐन मै एउटाव्यवस्था जुन छ । त्यो व्यवस्था अनुसार संसदमा गरेका प्रतिबद्धता र पारित भएका विषयलाई कार्यान्वयन गर्न सकिन्छ भन्ने निष्कर्ष हामीले निकालिउँ । यो विनियोजन ऐनकोदफा ९ मा आदेश जारी गर्न सक्ने भन्ने व्यवस्था छ । यस ऐन कार्यान्वयन गर्दा कुनै वाधा उत्पन्न भएमा प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक व्यवस्था गर्न सक्नेछ । भन्ने जुनव्यवस्था छ । त्यसै आधारमा हामीले क्याविनेटले निर्णय गर्यौं । क्याविनेटको निर्णयलाई चाई हामीले राजपत्रमा प्रकाशित गर्यौं । र राजपत्रमा प्रकाशित गर्ना बित्तिकै ति विषयहरु कार्यान्वयन गर्ने काम हामीले सुरु गरेका छौं । माननीयज्यूहरुले उठाउनु भएको छ । ति प्रतिबद्धताहरुको कार्यान्वयनको प्रगति के छ त्यसको विवरण, त्यसको प्रगतिको अवस्था बताउनका निम्ति पनि ध्यानाकर्षण गराउनु भको छ । म यस विषयमा पनि यो गरिमामय सदनलाई जानकारी गराउन चाहन्छु । खासगरी हामीले यो संसदमा गरेका ५ ओटा जो प्रतिबद्धता थिएँ । ति ५ ओटा विषयलाई क्याटागोरी कार्यान्वयनका निम्ति हामीले प्रयत्न गरेका छौं । पहिलो प्रतिबद्धता थियो । कर्णाली प्रदेश सरकार मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहेको कर्णाली पूर्वाधार विकास लगानी कोषको नाममा विनियोजित बजेट कुल ३ अर्बमध्ये जनता सडक कार्यक्रम गर्नको लागि थप बजेट १अर्ब ९२ करोड थप गरी भौतिक पूर्वाधार विकास मन्त्रालयमा पठाउने व्यवस्था गर्ने यसका निम्ति हामीले यो वाधा अडकाउ फुकाउ गरिसकेपछि यो वाधा अडकाउ फुकाउ भन्ने कुरा सधै नियमित कार्यान्वयन गर्ने विषय पनि होईन । यस्तै असजिलो परेको बेलामा नै हानमीले त्यसलाईत्यो एक

किसिमले प्रिभेल गर्छ । यो बुँदाहामीले एक किसिमले कार्यान्वयन गरिसकेका छौँ । सूचना जारी हुना बित्तिकै मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले प्रस्ताव बनाएर योजना आयोगमा पठायो । योजना आयोगले यो स्वीकृत गर्यो । क्यारे सिफारीस गरेर आर्थिक मामिला तथा योजना मन्त्रालयमा पटाई त्यसलाईहामीले मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहेको कर्णाली पूर्वाधार लगानी कोषबाट १ अरव ९२ करोड भौतिक पूर्वाधार मन्त्रालयमा पठाईसकेका छौँ । त्यो ईन्ट्रि भईसकेको छ । यो कुरा म यो सदनसमक्ष जानकारी गराउन चाहन्छु । त्यस्तै गरी अर्को आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गरी सबै मन्त्रालय तथा निकायहरुको चालु शीर्षकमा रहेको, बढी भएको, दोहोरिएको, कतिपय संस्थाका नाममा किटानी गरिएको तथा कार्यक्रमको महत्व र प्राथमिकताका आधारमा चालुतर्फको बजेट पूँजीगततर्फ रकमान्तर गर्ने भन्ने यो विषयमा माननीय मुख्यमन्त्रिज्यूको अध्यक्षतामा मन्त्रीहरु र सचिवहरु सहितको बैठक हामी बसिउँ तत्काल हामीलेबजेट कार्यान्वयन गर्ने क्रममा । त्यसपछि अब त्यो तत्काल तुरुन्तै भन्ना बित्तिकै हुँदैनथ्यो । त्यसका निम्ति अध्ययन गर्नुपथ्यो । त्यसैले हामीले कर्णाली प्रदेश सरकारका प्रमुख सचिवको संयोजकत्वमा जहाँ-जहाँ त्यस्तो घटाउनुपर्ने, कटाउनुपर्ने, दोहोरिएको चालुतर्फको बजेट छ । त्यो अध्ययन गरेर घटाउनका निम्ति अथवा त्यो बजेट निकाल्नका निम्ति हामी त्यो टिम भईम । त्यो टिमले केही समय काम गरेर चालु खर्च तर्फको बजेट घटाईसकेको छ । त्यसको रिपोर्ट मुख्यमन्त्रिलाई वुझाईसकेको छ । र त्यो बजेट हामीले विनियोजन गरेका छैनौ । र म यहाँ एउटा अनुरोध पनि गर्न चाहन्छु । त्यसका निम्ति त्यो चालुतर्फ घटाईएको बजेटलाई हामीले अर्को बुँदामा के भनिउँ त भन्दाखेरी चालु खचै शीर्षकबाट प्राप्त हुने बजेट कर्णाली प्रदेश महत्वका आयोजना तथा योजना, कार्यक्रम र बजेट विनियोजनमा असन्तुलन भएका क्षेत्रमा आवश्यकता अनुसार थप गरी बजेटको क्षेत्रगत सन्तुलन मिलाउने भन्ने जो बुँदा छ । त्यस अनुसार कार्यान्वयन गर्नका लागि संसदका पदाधिकारीहरु, प्रमुख प्रतिपक्ष दलका नेता, सत्ता पक्षका नेताहरु समेत बसेर हामीले यसलाई कुन-कुन कर्णाली प्रदेश महत्वका आयोजनामा त्यो बजेट पठाउने अथवा कुन क्षेत्रमा सन्तुलन मिलेको छैन त्यो पनि अध्ययन गरिएको छ । ति क्षेत्रमा पठाउने भन्ने विषयमा छलफल गरेर हामीले एक किसिमले समन्वय गरेर त्यो बजेट कार्यान्वयनमा लैजान्छौ । यो प्रतिबद्धता पनि म यहाँहरुसँग राख्न चाहन्छु । त्यस्तैगरी चौंथो बुँदामा मन्त्रालयबाट प्रस्तावित योजना तथा कार्यक्रममध्ये कार्यान्वयन योग्य नभएका र दोहोरोपन भएका योजना कार्यक्रमलाई आवश्यकता अनुसार संशोधन गरी कार्यान्वयन योग्य र प्रतिफलयूक्त बनाउने भन्ने जुन बुँदा छ । यो बुँदा कार्यान्वयनका निम्ति कर्णाली प्रदेश योजना आयोग उपाध्यक्षको संयोजकत्वमा एउटा टिम बनाइएको छ । त्यो टिमले अध्ययन गरेर विभिन्न मन्त्रालयसँग फरक-फरक मन्त्रालयसँग अलग-अलग छलफल गरेर कार्यान्वयन गर्न नसकिने खालका, दोहोरिएका त्यस्ता खालका योजनाहरु संशोधन गर्ने गरी एउटा प्रस्ताव बनाएको छ । त्यो प्रस्तावका बारेमा पनि हामी छलफल गरेर त्यसलाई कार्यान्वयन गर्छौं । त्यसलाई फाईनल गर्छौं । यो प्रतिबद्धता पनि यहाँ राख्न चाहन्छु । त्यस्तैगरी ५ औ बुँदा भनेको पूर्वाधार विकास कार्यक्रमको १ अर्ब २० करोड कार्यविधि बनाई निर्वाचन क्षेत्रमा कार्यान्वयन गरिनेछ भन्ने विषयलाई हामीले कार्यविधि मस्यौदा हामीले गरिसकेका छौं । त्यो एक किसिमको तयारी छ । यो बीचमा संसद पनि नचलेकोले माननीय सदस्यहरु पनि यो सुर्खेतमा सबै जना हुनुहुन्थेन । त्यसैले अब आजदेखि संसद चलेको छ । हामी भोली पर्सी नै सबै माननीयज्यूहरुसँग कन्सल्ट गरेर, छलफल गरेर उहाँहरुका सुझाव लिएर यसलाई अझै परिपक्क, अझै राम्रो कसरी बनाउन सकिन्छ । उहाँहरुका सुझाव लिएर यलाई अन्तिम रुप दिएर फाईनल गरेर छिटोभन्दा छिटो हामीले यो १ अर्वे २० करोड अर्थात् प्रत्येक निर्वाचन क्षेत्रमा जाने । ५ करोड रकम हामीले विनियोजन गरेर पठाउने छौँ । यो कुरा पनि म यहाँ जानकारी गराउन चाहन्छु । यस हिसाबले ति ५ बुँदा कतिपय हामीले कार्यान्वयन गरिसकेका छौँ ।

कतिपय कार्यान्वयनका क्रममा छन् । कार्यान्वयन नभएकाहरु तत्काल कार्यान्वयन गर्ने कुरा पनि म एक किसिमले सरकारको तर्फबाट यो गरिमामय सदन समक्ष प्रतिबद्धता व्यक्त गर्न चाहन्छु । र त्यसरी हामीले चालु खर्चबाट घटाएको बजेट पूँजीगतमा हामीले रकमान्तर गरेर वा विभिन्न आयोजनामा पठाएको रकम समेतको अन्तिम हामीले जुन फाईनल बनाउँछौं । त्यो फाईनल कपी हामीले यो संसदमा जानकारी गराउने कुरा पनि म यहाँहरुसँग अनुरोध गर्न चाहन्छु । र अब समग्र बजेटको कार्यान्वयनका सन्दर्भमा पनि अब कार्यालय खुलिसकेका छन् । कर्मचारीहरु हामीले खटाईसकेका छौं । त्यसमा केही समस्याहरु आएकाले केही समय लाग्यो । खटाईसकेका छौं र आर्थिक मामिला तथा योजना मन्त्रालयबाट अब यो अख्तियारी दिनुपर्ने छुट्टै व्यवस्था छैन । बजेट पास हुना बित्तिकै अख्तियार अटोमेटिक मन्त्रालयमा जान्छ । तर त्यो बजेट कार्यान्वयनका निम्ति मार्गदर्शन जारी गर्नुपर्छ । त्यो मार्ग दर्शन आर्थिक मामिला तथा योजना मन्त्रालयले मन्त्रालयहरुमा पठाईसकेको छ । कार्यालय खुलिसकेको र अख्तियारी दिनुपर्ने कर्मचारी पनि पठाईसकेकोले हामीलेत्यो बजेट तुरुन्तैनिकासा गर्छौं र अब समग्र बजेट कार्यान्वयन पनि तत्काल अगाडि वढने कुरा म यहाँहरुलाई जानकारी गराउन चाहन्छु । अब धेरै कुराहरु माननीयज्यूहरुले उठाउनु भको छ । वास्तवमा यो सहिद परिवाररहरुका पीडाहरु, समस्याहरु लगायतका विषयहरु आगामी यो प्रदेश सभाका बैठकहरुमा सम्बन्धित मन्त्रिहरुले यसलाई प्रष्ट पार्नुहुनेछ र कतिपय कुराहरु कार्यान्वयन गर्नैपर्छ । यहाँहरुले जुन ध्यानाकर्षण गराउनु भको छ । त्यसका निम्ति कार्यान्वयनका निम्ति हामी लागिरहेका पनि छौं । र कतिपय कार्यान्वयन गर्नुपर्ने पनि छन् । त्यसमा पनि हामी गम्भिर छौं भन्ने कुरा म अनुरोध गर्न चाहन्छु । सँगसँगै अरु कतिपय विषयहरु पनि यहाँ उठेका छन् । म तिनीहरुलाई पनि संक्षेपमा प्रष्ट पार्न चाहन्छु । अब यो माननीय प्रदेश सभाका सदस्यहरुको सेवा सुविधाको कुरा छ । सेवा सुविधा बृद्धिको कुरा, दशैं खर्चको कुरा यो विषयमा संघमा नै प्रष्टता नभएको कारणले अथवा कुनै निर्णय नभएको कारणले ढिलो भएको हो । अनौपचारीकरुपमा जानकारी पाए अनुसार हिजोको क्याविनेटले पदाधिकारीहरुको सेवा सुविधाका बारेमा केही निर्णय गरेको छ । त्यो सार्वजनिक भईसकेको छैन । अनौपचारिकरुपमा हामीले जानकारी पाएका छौं । र त्यो संघमा र प्रदेशहरुमा लागू हुनेगरी नीतिगतरुपमा सबैलाई गाईडलाईन गर्ने खालको निर्णय भको छ । त्यो निर्णय सार्वजनिक हुना बित्तिकै त्यो तत्काल त्यो निर्णय हामी कार्यान्वयन गर्छौं । यसमा कुनै दुविधामा पर्नु पर्दैन, अन्यौलता पनि रहदैन, यो कुरा म प्रष्ट पार्न चाहन्छु । राष्ट्रसेवक कर्मचारीहरुको वृद्धि भएको सुविधा जो १८ देखि २० प्रसेन्ट छ । त्योकर्णाली प्रदेशका कर्मचारीलाई पनि सहजरुपमा प्राप्त गर्नुभएको छ । यसमा कुनै समस्या छैन । यो कुरा पनि म जानकारी गराउन चाहन्छु । अब प्रदेश सभामा कार्यरत कर्मचारी र मर्यादापालकहरुको अतिरिक्त सुविधाको जहाँसम्मको कुरा छ । अब अलि पहिले नै यो संसदबाट समितिले निर्णय गरेर पठाएको पनि छ । यस विषयमा हामी छलफल पनि गरिरहेका छौं । अरु प्रदेशहरुको अभ्यास के छ । जस्तो संघीय संसदको सवालमा यो जेठ महिनामा हो क्यार वैशाख महिनामा निर्णय भएर ए सरी चैत्र महिनामा निर्णय भएर असारसम्म थप सुविधाहरु दिएको थियो । त्यसपछि नयाँ आर्थिक वर्ष सुरु भैसकेपछि थप सुविधाको बारेमा कुनै निर्णय भको छैन । अहिले साउनदेखि संघीय संसदका कर्मचारी र मर्यादापालकले थप सुविधा पाउनु भएको छैन । त्यस्तैगरी कतिपय प्रदेशमात्यस्तो थप सुविधा दिएको पनि छ । त्यसैले सबै ठाउँको हामीले जानकारी पनि लिएर उपयुक्त निर्णय छिटोभन्दा छिटो हामी गर्छौं । यो विश्वास पनि म सदनलाई दिलाउन चाहन्छु । त्यस्तैगरी सम्पूर्ण कर्णाली प्रदेशका कार्यरत कर्मचारीहरुलाई अलिकति उत्साहित प्रेरित गर्नका निम्ति ईसेन्टिभ दिने कुरा पहिलैदेखि उटेको पनि छ । हामीले बजेटमा त्यो प्रतिबद्धता जाहेर पनि गरेका छौं । त्यसका निम्ति पनि हामीले वर्क आउट गरिरहेका छौं । तत्काल हामीले यो समग्र बजेट कार्यान्वयनको प्रक्रिया अगाडि बित्तिकै यो कामलाई पनि हामी टुङ्गो लगाउछौं । केही न केही कर्णालीमा

काम गर्ने कर्मचारीलाई केही न केही ईन्सेन्टिभ दिने कुरा केही न केही प्रोत्साहन भत्ता दिने कुरा हामी तयार छौं । त्यो कुरा पनि म यहाँहरुलाई अनुरोध गर्न चाहन्छु । जाँसम्म कर्मचारीहरुले तलव पाएनन् कि भन्ने कुरा छ हामी अलिकति केही जटिलताहरु पनि थिए । कर्मचारीहरुलाई तलव दिने कुरामा हामीले त्यो जटिलता फुकाएर उहाँले तलव खाने व्यवस्था हामीले गरिसकेका छौं । यो कुरा पनि म अनुरोध गर्न चाहन्छु । त्यस्तैगरी यो सदनमा पनि उठेको छ । विभिन्न ढङ्गले अघिल्लो आर्थिक वर्षको बजेट कार्यान्वयनका सन्दर्भमा कार्यक्रम, वार्षिक कार्यक्रम कार्यान्वयनका सन्दर्भमा, बजेट खर्चका सन्दर्भमा केही प्रश्नहरु उठेका छन् । ति प्रश्नहरुको समाधानका निम्ति हामीले क्याविनेटको बैठकबाट डा. भिमबहादुर खत्रीको संयोजकत्वमा ५ सदस्यीय आर्थिक वर्ष २०७५ को वार्षिक कार्यक्रम तथा बजेट खर्च सम्बन्धमा अध्ययन गर्नका लागि एउटा छानबिन समिति गठन गरेका छौं । यो संसदमा उठेको कुरालाई समेत हामीले सम्बोधन गरेका छौं । अब सरकारले छानबिन समिति बनाउने भनेको फेरि संसदलाई ओभरटेक गरेको यहाँ संसदलाई ओभर रुल गरेको जस्तो कुनै हालतमा पनि होईन । हामीले हाम्रो तरिकाले अध्ययन गर्छौं । अध्ययन गर्न लगाउँछौं । छानविन गर्न लगाउँछौं । संसदले आफूले छानविन गर्ने कुरा यहाँ संसदीय समितिहरुले गर्ने कुरामा निम्ति यसले कुनै पनि असर पार्दैन भनने कुरा पनि म प्रष्ट पार्न चाहन्छु । यो एउटा प्रश्न अलि गम्भिररुपमा पनि उठेको छ । यो संरचना र व्यवस्थापनका सम्बन्धमा ओएनएमका सम्बन्धमा केही कर्मचारीहरुलाई असुविधा भयो कि भन्ने सवालमा केही कुरा मैले अघिपनि पाए । हामी त्यसमा सिरियस पनि छौं । हामीले करेक्सन गर्दै पनि गएउँ । एउटा कुरा के हो भने मितव्ययिता अबनाउने कुरामा हामी सजग भएकै हौ । सकेसम्मखर्च कम गरौ । खर्च कम गर्नका निम्ति दरवन्दि कम वनाउनुपर्यो । कार्यालय संख्या कम गर्नुपर्यो । कार्यालय संख्या र दरवन्दी कम गराउने कुरामा कोशिश गर्यौं । सकेसम्म हामीले कम गरेका पनि छौं । तर जनतालाई असुविधा हुनेगरी यहाँ कर्मचारी फाजिलमै पर्ने गरी, यहाँ कर्मचारीले तलबै नपाउनेगरी त्यसरी कार्यालय घटाउने कामभको छैन । हामीले कतिपय समस्यामा परेका क्रममा भोली पनि खोल्न सक्छौ । यसमा कर्मचारीका कुराहरु अथवा जनताको सुविधालाई हामीले मुख्यरुपमा ध्यानमा राखेर कार्यालय स्थापना गर्ने कुरा गरेका छौं र विकास सम्वन्धी ४ ओटा मन्त्रालयका २/२ ओटा कार्यालय प्रत्येक जिल्लामा रहन्छन अब । त्यसो हो भने एउटा मन्त्रालयको २ ओटा कार्यालय एउटा जिल्लामा रहने भईसकेपछि जिल्लावाटै सबै सरकारका सबै सम्पूर्ण कामहरुको विकास निर्माणको काम हुनसक्छ । सेवा सुविधा जनताले लिन सक्छन । अब त्यो छिटै प्राक्टिसमा जान्छ । यो कुरा पनि यहाँहरुलाई अनुरोध गर्न चाहन्छु । फेरि पनि अन्तिममा माननीयज्यूहरुले उठाएका विषयहरु मैले सकेसम्म सम्बोधन गरेको छु । कतिपय विषयहरु माननीयज्यूहरुले उठाएका कतिपय विषयहरुलाई सम्बन्धित माननीय मन्त्रिज्यूहरुले पनि प्रष्ट पार्नुहुनेछ । र संसदलाई फेरि पनि सम्मान गर्दै संसदप्रति सरकार उत्तरदायि छ भनने कुराको विश्वास दिलाउदै र संसदमा गरेका प्रतिबद्धता, बजेट पास हुने बेलामा गरेका हाम्रा प्रतिबद्धता र बजेटको अङ्गकोरुपमा सरकारले ओन गरेका विषयहरु कार्यान्वयन गर्ने कुरामा ईमान्दारीताका साथ हामी लागिरहेका छौं । त्यो कार्यान्वयन गरेर हामी जाने छौं । यो प्रतिबद्धता सहित नजिकै आएको वडादशै तथा शुभ दिपावलीको अवसरका सम्पूर्ण माननीयज्यूहरु र सम्पूर्ण कर्णालीवासी दिदीबहिनी, दाजुभाइहरुलाई शुभकामनासहित आफ्ना भनाइ यही टुङ्गयाउछु धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरु अब कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्रि माननीय श्री प्रकाश ज्वालालाई कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ लाई पहिलो शंशोधन गर्न बनेको विधेयकका सम्वनधमा कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२० को २ को खण्ड ख वमोजिम प्रतिवेदन सहित विषयमाथि छलफल गरियोस भनी सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वाला :-** माननीय सभामुखज्यू सम्माननीत सभामा प्रदेश सरकारका तर्फबाट पेश भएको कर्णाली आर्थिक कार्यविधि ऐन, २०७४ लाई पहिलो संशोधन गर्न बनेको विधेयक प्रदेश सभाको बैठकबाट विषयगत समितिमा पठाउने निर्णय भएको र अर्थ तथा प्राकृतिक स्रोत समितिमा छलफल भई सभामा प्राप्त भएकोले कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १२० को उपनियम २ को खण्ड क वमोजिम प्रतिवेदन सहित विधेयकमाथि सभामा छलफल गरियोस भनी प्रस्ताव गर्दछु । धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरु, अब म कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले सभामा पेश गर्नु भएको कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ लाई पहिलो संशोधन गर्न बनेको विधेयकमाथि प्रतिवेदन सहित विधेयकमाथिको छलफलका लागि समय निर्धारण गरेको छु । माननीय सदस्यहरु कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ लाई पहिलो संशोधन गर्न बनेको विधेयामाथि समितिको प्रतिवेदन सहितको छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरुले सभामुखको वायातर्फ रहेका सचिवालयका कर्मचारहिरुकोमा नाम टिपाउनुहोला । माननीय सदस्यहरु, कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले सभामा पेश गर्नु भएको कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ लाई पहिलो संशोधन गर्न बनेको विधेयकमाथि समितिको प्रतिवेदन सहित विभेयकमाथिको छलफलमा कुनै माननीय सदस्यहरुले भाग नलिनु भएकाले अब म कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई पहिलो संशोधन गर्न बनेको विधेयक समितिको संशोधन प्रतिवेदन सहित कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १२१ वमोजिम पारित गरियोस् भनी सभासमक्ष प्रस्ताव गर्न अनुमति दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वाला :-** माननीय सभामुखज्यू, कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ लाई पहिलो संशोधन गर्न बनेको विधेयकमाथि प्रदेश सभामा छलफल भईसकेकोले अर्थ तथा प्राकृति स्रोत समिति प्रतिवेदनमा उल्लेख भएका संशोधन प्रस्ताव यो विधेयकको अङ्ग हुने गरी समग्र विधेयक कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ वमोजिम यस सभाबाट पारित गरियोस् भनी प्रस्ताव गर्दछु । धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरु, अब म कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले सभामा प्रस्तुत गर्नु भएको कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ लाई पहिलो संशोधन गर्न बनेको विधेयकलाई समितिको संशोधन प्रतिवेदन सहित निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला । यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला । यो प्रतावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् ।यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन तसर्थ कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ लाई पहिलो संशोधन गर्न बनेको विधेयक अर्थ तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदनमा उल्लेख भएका संशोधनको प्रस्ताव विधेयकको अङ्ग हुनेगरी समग्र विधेयक पारित गरियोस भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब म प्रदेशमा खेलकुदको विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि संशोधन प्रस्ताव परी सामाजिक विकास समितिमा छलफल भएपश्चात निर्णय र प्रतिवेदन सभासमक्ष राख्न समितिका अध्यक्ष माननीय श्री राजु नेपालीलाई समय दिन्छु ।

**माननीय श्री राजु नेपाली :** सभामुख महोदय, प्रदेशमा खेलकुद विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ प्रदेश सभामा सचिवालयमा समिति २०७५ फागुन १४ गते दर्ता भई मिति २०७५ फागुन २६ गते सभामा टेवुल भएको थियो । मिति २०७५ चैत्र ४ गते प्रदेश सभाको सैद्धान्तिक छलफलपश्चात् मिति २०७५ चैत्र १५ गते सभाबाट सो विधेयक सामाजिक विकास समितिमा प्राप्त भएको थियो । २०७५ चैत्र १५ गते वसेको प्रदेश सभाको बैठकको निर्णय अनुसार प्रदेश सभामा खेलकुदको विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि प्रस्ताव संशोधनसहित दफावार छलफल गरी समितिको निर्णय सहितको प्रतिवेदन प्रदेश सभामा पेश गर्न यस समितिमा प्राप्त भएको थियो । विधेयकमाथि दफावार छलफल गर्नको लागि समितिको मिति २०७६ भदौ १७ गते २३ गते बिहान ८ वजे र दिउँसोको १ वजे २५ गते र २७ गते गरी जम्मा ५ ओटा बैठक वसेको संशोधन प्रस्ताव सहित अन्य दफावार दफाहरुमा व्यापक छलफल गरिएको थियो । प्रदेश सभामा खेलकुदको विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ मा माननीय अमृता शाही, माननीय करवीर शाही, माननीय जीवन वहादुर शाही,माननीय दीनवन्धु श्रेष्ठ, माननीय विन्दमान बिष्ट, माननीय हिम वहादुर शाही र माननीय झोवा विक ज्यूहरुले संशोधन प्रस्ताव राख्नु भएको थियो । प्रदेश सभामा खेलकुदको विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि दफवार छलफलमा माननीय सदस्यज्यूहरुले आफ्ना विचार राख्ने क्रम समाप्त भएपछि सो विधेयक टेवुल गर्नु भएका माननीय मन्त्रीज्यू संशोधनको सूचना दर्ता गराउनु भएका माननीय सदस्यज्यूहरु, सम्बन्धित मन्त्रालयका कर्मचारीहरुसँग समेत वृहतरुपमा छलफल गरिएको थियो । उक्त छलफलमा सक्रियरुपमा सहभागी हुनुभएका समितिका माननीय सदस्यज्यूहरु, संशोधन प्रस्ताव कर्ता माननीय सदस्यज्यूहरु र माननीय मन्त्रीज्यू छलफलमा सहभागी मन्त्रालयका कर्मचारीहरु, समितिका सचिव लगायत सचिवालयका कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन्छु । यसैगरी समितिको काम कारवाहीको सन्दर्भमा मार्ग निर्देशन आवश्यकता निर्देशन र समन्वय तथा सदभाव प्रकट गर्नुहुने माननीय सभामुख र उपसभामुखज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । सभामुख महोदय, समितिमा प्राप्तपश्चात संशोधन सहितमाथि छलफल गर्ने क्रम विज्ञ,विशेज्ञ र सम्वद्ध सरोकारवालाहरुका राय सल्लाह सुझावहरु विधेयकको मनशाय, आवश्यकता,महत्व र औचित्यलाई ध्यान दिई घनिभूत छलफल गरिएको थियो । सोही आधारमा देहाय वमोजिम ३६ दफाहरु रहेको संशोधन प्रस्ताव सहितको प्रतिवेदन मिति २०७६ भदौ २७ गते समितिको बैठकबाट पारित गरी सभामा पेश गर्ने सर्वसहमत निर्णय भए वमोजिम यो प्रतिवेदन सम्माननीय सदनसमक्ष पेश गर्दछु । धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरु, अब यो बैठक २०७६ साल असोज ९ गते बिहीबार दिनको ३ बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

# बैठक संख्या-३२

## (२०७६ साल असोज ९ गते बिहीबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरु, कर्णाली प्रदेश, प्रदेश सभाको चौंथो अधिवेशनको ३२ औ बैठकको कारवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरु प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायहरुको ध्यानाकर्षण गराउनुपर्ने सार्वजनिक सरोकारका विषयहरुमा यथास्थानबाट आफ्ना भनाइ राख्न विशेष समयको व्यवस्था गरेको छु ।

सर्वप्रथम माननीय श्री अमृता शाही । (समय ५ मिनेट )

**माननीय श्री अमृता शाही** : सभामुख महोदय, आज म ३२ औ बैठकको २/३ वटा कुरा राख्न गईरहेको छु । सभामसख महोदय, आज बिहान मैले समाचार सुन्दै गर्दा डेङ्गो प्रभावित ४६ जना पुगेछन् सुर्खेत जिल्लामा अहिले यसको लागि कर्णाली प्रदेश सरकारले के-कस्ता कार्यक्रम लिएको छ । मैले अरु जिल्लाहरुमा धुँवाले त्यो मच्छेरलाई अथवा मारेको हो कि भगाको हो देखेको थिएँ । औषधि पानीहरुमा छरेको देखेको थिएँ । यहाँ के छ त्यसको व्यवस्था छिटोभन्दा छिटो गरियोस् सभामुखमार्फत् प्रदेश सरकारको ध्यानाकर्षण गराउँछु । र सभामुख महोदय, महान् चाड दशै वडादशै, तिहार आउदै छ । हाम्रो वजारहरुमा सब चिज महङ्गी भएको छ । सव चिजको छुईखानु केही पनि छैन । गरिब जनताले कसरी मनाउने चाडवाड त्यो विशेष सहुलियत पसलहरु छ भन्दा त मैले सुने १/२ ठाउँ । यत्रो जनताहरुलाई १/२ ठाउँ पसलले काम गर्दैन होला, सायद आ-आफ्ना ठाउँमा त्यस्तो पसलहरु धेरै खोलेको भए उहाँहरुलाई एकदम सहुलियत हुन्थ्योहोला । चिनी तेस्तै महङ्गो छ मैदा, सुजि,चामलहरु, दालहरु,उपभोग्य वस्तुहरु एकदमै महङ्गी भएको छ । कर्णाली प्रदेश सरकारले यसमा विशेष चाडवाडको मुखमा आएर एकदमै ध्यान दिनुपर्छ जस्तो लाग्छ मलाई एकदमै यो नभई नहुने कुरा हो र अर्को कुरा यो अखाद्य वस्तु, अखाद्य रङ मिसिएको मिठाईहरु अब चाडवाडमा एकदमै छ्यापछ्यासी पाईन्छ । यसको लागि पनि सरकारले कुनै पहल गरोस् भन्ने कुरा राख्दै राख्छु र अर्को कुरा चाडवाड आउदै छ । यात्रुहरु वसको छतछतमा बसेर नउडेर काठमाण्डौबाट अथवा आफ्ना आफ्ना गन्तव्यबाट घर फर्किदै गर्दा बाटोको हाल हिजो अस्ति पनि कुरा उठ्यो उठीरहेको थियो त्यो बाटो भित्रै वस्ने यात्रुलाई पनि कति डर लाग्दो र आपत छ भने छतमा बस्ने यात्रुहरु कसरी हिन्ने र एकदमै यो बाटोघाटोको किन सरकारले ख्याल गरेको छैन । चाडवाडको बेला यात्रुको चाप हुन्छ । बाटोघाटो विग्रेको छ । अनि त्यो बाटोघाटो विगार्यो भने यात्रुहरु आफ्नो गन्तव्यमा पुग्न सक्दैनन् । यसको लागि प्रदेश सरकारको ध्यान एकदमै छिटोभन्दा छिटो जाओस् भन्न चाहन्छु सभामुखमार्फत् र हाम्रो यो कर्णाली प्रदेश सरकारले अहिलेसम्म नी हामी माननीयज्यूहरुले जति बोलिए बाटोघाटो, स्वास्थ्य सेवाको बारेमा तर अहिलेसम्म नि हाम्रो बोलेको सरकारले नसुनेको हो कि या त हाम्रो बोली टाठो भएन र होकी के हो ? सभामुखमार्फत् यो सरकारको एकदम हाम्रो कुरा छिटोभन्दा छिटो हामीले आज सदनमा बोलेपछि भोलिपल्ट त्यो सरकारले सुनेर जनताको समस्या समाधान गरोस् भन्ने चाहन्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरु विशेष समयमा वोल्न चाहनुहुने माननीय सदस्यहरुले आफ्नो नाम सभामुखको डायसको बायाँतर्फ रहेका कर्मचारीहरुकोमा टिपाउनुहोला । माननीय झोवा वि.क ।

**माननीय श्री झोवा वि.क.:** सभामुख महोदय, म यो विशेष समयमा बोलेर अब यो चाडपर्व दशै आईसकेपछिमा यो स्वदेशी विदेशीको यो केरे विद्यार्थीहरु चाडपर्वको लागि घर आउनलाई अब पिलेनमा गएपछिमा धेरै पिलेन नै पाउँदैन । यताबाट पिलेन उडदैन अनि नेपालगंज जानुपर्ने नेपालगंजमा पिलेन पाउदै पाउदैन । यहाँ सुर्खेतबाट गमगढी उडान गरेपछिमा त्यो सरकारको ध्यानाकर्षण गर्नुहोला । सभामुखमार्फत् अनि यो गाडिमा गएपछिमा एता दै खोलातिर विग्रेछ भन्छ सुनारखोला विग्रेछ भन्छ । यता गाडि जाँदैन यो विद्यार्थीहरु कसरी जाउँला ? म आफै पढ्न नपाएपछि म विद्यार्थीहरुको चासो राख्न म गईराख्या छ । यो विद्यार्थीहरु घर फिर्ता अब वर्ष दिनको २ चोटी मात्र दशैंतिहार आउँछन् । बुवाआमा भेट्नको लागि आउँछन् । घर जानलाई फेरि यता गाडिको बाटो बिग्रेर अब पिलेन यता सुर्खेतबाट गमगढी उडान गरेपछिमा छिटै नै हुन्छ कि मेरो भनाइ यति नै हो । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री ठम्मरबहादुर बिष्ट ।

**माननीय श्री ठम्मरबहादुर बिष्ट :** माननीय सभामुख महोदय, मैले विशेष समय अन्तर्गत १/२ ओटा कुराहरु यहाँ उजागर गर्न गईरहेको छु । विशेषगरी सन्दर्भ भनेको बजेटकै विषयमा मैले केही ध्यानाकर्षण गर्न चाहन्छु । हामीले असार ३१ गते पारित गरेको बजेट आज ३ महिना अगाडि गुज्रदै छ । जे हामीले पोहोर साल व्यहोरीउँ । जे एउटा खालको अब एउटा कालो वर्षको रुपमा पोहोर हामीले एउटा कर्णाली प्रदेशमा जो दर्ज भयो, अहिले फेरि त्यो खालको हविगतमा हामी बढ्दैछौं । त्यसकारण मैले विशेष त हिजो सदन खोल्दै गर्दाखेरी मैले भन्न चाहन्छु कि विशेषगरी सत्ता पक्षको स्वेच्छाचारी स्थिति र प्रतिपक्षको जो नाकाम स्थितिले गर्दाखेरी हामीले यो भाग्न परिराख्या छ, त्यसको दृष्टान्त र त्यो खालको स्थिति नदोहोरियोस् पनि मैले अनुरोध गर्न चाहन्छु । किनकी चाहे त्यो हुन त यहाँ हिजो प्रतिपक्षको नेताले सारै कार्यान्वयन गर्न हतार भको र मलाई हतार भको कारणले गर्दाखेरी त्यो हुटहुटी भा कारणले सरकारसँग सम्झौता गरे मैले छिटै भन्नु भो । तर मैले उहाँलाई प्रश्न सोध्न चाहन्छु । एकातिर निरन्तर हामी सत्तापक्षका सांसदहरुले बजेट कार्यान्वयन सन्दर्भमा गतिविधिलाई अगाडि वढाउने सन्दर्भमा सचामा ध्यानाकर्षण गरिरहेका छौं सभामुखमार्फत् । तर नहिले पनि एउटा शिखण्डीकोरुपमा यहाँ पेश भईरहेको कुरा दृष्तान्तलाई देखाउछ । त्यो सन्दर्भमा चाहे त्यो ७५/७६ को बजेटलाई जाने कुरा होस् । चाहे त्यो त्यसमा त्यलाई कार्यान्वयन नहुने कुरा होस् । यहाँ रातो वुकमा आएको अनुसार बजेट नआएको कुरा होस् । यहाँ त भौतिक मन्त्रालय अन्तर्गत हुने कामहरुमा खर्च नभएको कुरा होस् । त्यसवेला प्रतिपक्ष काँ जान्छ । मैले प्रश्न गर्न चाहन्छु । त्यस्तै अस्ति ७६/७७ को बजेटमा जव यहाँ जो ४ बुँदे अङ्ग बनाएर पेश गर्ने सरकारले माननीय आर्थिक मामिला मन्त्रीले यहाँ पेश गर्नुभो । उहाले अब जनता म ओराल्चु अब पुरैसांसद वहिष्कार गर्ने बाहिर जान्छौ भनेर उहाँले ठूलो ध्वास लाउनु भो । ५ मिनेटपछि फेरि आउनुभो जवकि त्यो ४ बुँदा त हामीले जनता सडकदेखि सबै कुरा गरेकै थियौं । लास्ट पूर्वाधारमा ५ करोड भन्नेमा चुनावमाचुनाव क्षेत्रमा ५ करोड भन्ने आफूलेअपनत्व जस्तो लिएर उहाँले एउटा ठूलो त्यहाँ गल्ति गर्नुभो । जोकि त्यो त अङ्गको रुपमा आउनु नै गलत थियो । दोस्रो कुरा त्यो कुरा सम्वोभन नहुदै हतार भएर उहाँले सम्झौता गर्नुभो । जो कुराको लापरवाहीको कारणले आज सरकारले त्यो अङ्गै गुमाएर बजेट ल्याउँदै छ । त्यो अङ्ग भनेको फरक चिज हो । तपाईले कसैको आखा क्वाच्चै फुटालेर एउटा अङ्ग फुटालेर यो माफि भो भनेर हुन्छ । त्यस्तै हो यो । सिङ्गै अङ्ग गुमाएर मन्त्रीले ल्याउने त्यो पनि माफि भैहाल्ने अनि सिङ्गै अङ्ग गुमाएर ल्याउदाखेरी प्रतिपक्षले माफि दिने पनि मिल्ने त्यो तपाईहरु २ जनाको यहाँ २ पक्षको लेनदेनको कुरा हो यसरस् मिल्छ । यो मिल्दैन । फेरि अर्को प्रश्न म गर्न चाहन्छु । अहिलेपनि अस्ति जो भिम वहादुर खत्रीकोनेतृत्वमा बनेको त्यो पनि अवैध तरिकाले वनाईयो । अहिलेसम्म संसद र

सरकारले गर्न नसकेको कुरा भिम वहादुर खत्रीले गर्न सक्छन । उनलाई एउटात्याँ अब कलंकित बनाउने कामहरु सुरु भएको छ । कसरी हुन सक्छ । ३/४ ओटा बुँदा छन् जस्तो दोहोरो परेको बजेटलाई, आवश्यकता नभएको बजेटलाई जो किटानी गरिएको छ, संस्थाको बजेटलाई त्यलाई हटाउने भनिएको छ । कसरी हटाउन सक्नुहुन्छ । सन्तुलित बजेट पूँजीगत बजेटमा जोडिने भन्ने कुरा छ । कसरी बनाउन सक्नुहुन्छ २/२ वर्ष हामीले संसद र सरकार लाएर नवनाको कसरी भिम वहामुर खत्रीले बनाउन सक्छ । यो अर्कोसंसदलाई एउटातपाईको एउटा धोति लाउने काम भएको छ । समितिको काम त्यो हईन माननीय सदस्य वोलावोल । अर्को प्रश्न गर्न चाहन्छु अब सरकारका आर्थिक मामिला मन्त्री र प्रतिपक्ष दलको नेतालाई के यी कुरा अब आउँछन त । २/२ वर्षसम्म प्रतिबद्धता गर्ने र छोडने काम भईराछ भने अहिले यो कुराकोतपाईको ग्यारेन्टी के छ । अब बजेट सन्तुलित भएर आउँछ, कार्यान्वयन प्रक्रियामा जान्छ । अब फेरि बेमानी हुँदैन भन्ने कुरामा व्ल्याक एन हवाईट नआएसम्म त हामीले विश्वास गर्ने ठाउँ नै रहेन । त्यसकारण मैले यो कुनै आरोप लाको कुरा होईन । प्रतिपक्षले खेल्ने भूमिका हामी त आखिरी हुन्छ भन्नै पर्ने एउटा वाध्यतामा छौं । न भए हाम्रो कुल नै नष्ट हुने भो । सरकार फुटने भो त्यो एउटा धर्ममा हामी टेकेर हुन्छ भन्नै पर्ने हाम्रोमुटु फुटेरै यहाँ भन्नुपर्ने भाछ । जुन जतिसुकै उफ्रिए पनि तर प्रतिपक्ष भनेको एउटा सुन्दर एउटा पक्ष होनी संसदको । खोई त अडान लिएको रामंरी थाहा छ हामीले मंसिर १० गते हामीले स्वकीय र हाम्रो तलब भत्ताको कुरा गर्दैगर्दा गएको अघिल्लै जेठ २५ गते प्रतिपक्ष दलको नेता बसेर उहाँहरुले गाडि लिने, तेल लिने, डाईभर लिने निर्णय गर्नुभाथ्यो कि थिएन । अहिले पनि ५ हजार अतिथि सत्कार भनेर प्रतिपक्ष दलको नेताले वुझनुहुन्छ । १७५० सचिवालय व्यवस्थापन भनेर वुझ्नुहुन्छ । गाडि तपाईसँग छ, २५ हजार त तपाईले घरभाडा वुझ्नुहुन्छ । अनि यहाँ ठूलो कुरा गर्ने, अनि यहाँ कार्यान्वयनको चिन्ता भो अनि प्रजातन्त्रको दुहाईदिने ? त्यस कारणले गर्दा मैले सारमा भन्न खोजेको के हो भने सत्तापक्ष स्वेच्छाचारी प्रतिपक्ष जो नालायक सावित भएको छ । अब त हामी त्यसै पनि तपाईको एक किसिमले लाचारी भएका छौं ।के हामी हुन्छ भन्ने भष्म रेखादेखि अगाडि जान सक्ने स्थिति छैन । त्यस कारण यो कुराको लागि पुनः मैले यो भनेर हुँदैन तुरुन्तै सरकारको सामूहिक प्रतिपक्ष सहितको सामूहिक प्रतिबद्धता यहाँ चाहिन्छ हईन भने सदन यो खालको ५ वर्षे कालो युगमा साबित हुँदैछ, कर्णाली प्रदेश यसको लागि गम्भिर ध्यानाकर्षण मैले सभामुखज्यूमार्फत् गर्न चाहन्छु । मैले अन्तिममा अर्को कुरा के भन्न चाहेको छु भने यहाँ सरकारबाट सुनियो । यो ओएनएमको नाममा यो त अस्थायी प्रकृतिको हो भन्ने कुरा पनि सुनियो । के अस्थायी प्रकृतिमा एकछिन भनेर तपाई नाङ्गै हिँड्न सक्नुहुन्छ । एकछिन भनेर पानीको सट्टा तेल खान सकिन्छ । एकछिन भनेर तपाई कांग्रेस वा कम्युनिष्ट वा कम्युनिष्ट वा कांग्रेस हुन सक्नुहुन्छ । खबरदार १२/१४ वटा कार्यालय सुर्खेतबाट हटाईएका छन् । के को प्रतिशोधमा तपाईले हटाउनु भको छ । १४ वटा कार्यालय हटाईएका छन् । जो जनतालाई सरोकार राख्ने कार्यालय हुन् । के हिजो सामन्तवादी सत्ताको तपाईले प्रतिशोध यहाँ वीरेन्द्रनगरबाट सुर्खेतबाट लिने खोज्नुभाछ । संयोगले अपर कर्णालीले मूख्यमन्त्री र मन्त्रीहरु हुनुहुन्छ । म गलत पनि हुन सक्छु । गलत यो किसिमले गर्नुभो भने भोलि दिनको परिणाम राम्रो हुने छैन । तत्कालै यो सच्याउनुस्, तत्कालै कार्यालय तपाईको पुनःस्थापित गर्नुस् । त्यसको कुनै विकल्प छैन । कुनै कुराले पनि मानिदैन । एकछिन हो, अस्थाई हो यस्तो पनि कुरा हो, कहीं सरकारको बोल्ने कुरा के थिति बसाल्दै छौं हामी । कारण यसको लागि पनि पुनःसरकारले तुरुन्तै यसको जवाफ देओस् मैले यही कुरा राख्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री गणेशप्रसाद सिंह ।

**माननीय श्री गणेशप्रसाद सिंह :** माननीय सभामुखज्यू अलिकति मैले माननीय सभामुखज्यू समक्ष विधिको बारेमा अलिकति मैले विशेष अनुरोध गर्न चाहे । अब हामी केही सदनहरुमा आधा घण्टा १ घण्टा हुँदै आज हामी डेढ घण्टा पनि हामीले कुर्नुपर्यो । यसो हुँदाखेरी अलि समयको बारेमा मेरो विशेष आग्रह र एउटा गरिमामय सदनलाई व्यवस्थिततिर समय तालिकामा प्रयोग गर्नको लागि म विशेष अनुरोध गर्दछु । मलाइ लाग्यो र यो कुरा अभिव्यक्त गर्न म पुगे । किनकी समयको अलिकति समय के हो त ? हामी यहाँ ३ वजे मिटिङमा आउँछौं । ४ रै वजे हो भने ४ रै वजे गर्दा राम्रो हुन्थ्यो । हामी आधा घण्टा १ घण्टा डेड घण्टा दिले हुनुपर्यो । यो सरकारले पनि उपस्थितिको लागि अलिकति टाईमटेबल मिलाउनुपर्यो । केही गर्ने काम अग्रिम तयारी गरेर आउनपर्यो । र सचिवालयले पनि अलिकति समयको व्यवस्थापन गर्नुपर्यो । यसो हुँदाखेरी यो अब संसदलाई गरिमामय बनाउने कुराको यो एउटा महत्वपूर्ण कार्य हो । हाम्रो उपस्थिति हाम्रो सहभागिता हाम्रो चाईने मतलब हाम्रो कुरा हाम्रो धारणाहरु राखाईको हिसावले हानमीले विशेष समयमा, शून्य समयमा महत्वपूर्ण निर्वाचनका, जिल्लाका, प्रदेशभरीका धेरै महत्वपूर्ण कुराहरु राखेका छौं । ति समयमा यो सरकारले का-कता-कति चाईने ध्यान दिन्छ, कति कता मतलबले लविङ गर्छ । केन्द्र सरकारसँग, स्थानीय तहसँग अब महत्वपूर्ण कुराहरु हामीले राखेका छौं । ति ट्रान्सपोर्टेशनसँग सम्बन्धित छन् । तिनी सुरक्षासँग सम्बन्धित छन् । तिनी मादक पदार्थसँग सम्बन्धित छन् । तिनी औषधी स्वास्थ्य मतलब जनताको स्वास्थ्यसँग सम्बन्धित छन् । र दशैं चाडवाड आईराख्या छ । माननीय हामी सबै संसदमा हामीले चाहिने दैनिक उपभोग्य वस्तुदेखि लिएर सम्पूर्ण व्यवस्थापनका कुराहरु राखिरहेका छौं । यसको सरकारले गम्भिरतापूर्वक यो व्यवस्थापन गरेको कुरा माननीय सांसदहरुलाई जानकारी दिनुपर्छ त्यो अनुसार हामीले मध्यस्थता फ्यासिलेट जानकारी जनतालाई गराउनुपर्छ । यो भईराख्या छ है भन्ने भन्न पाउनुपर्छ हामीले । हामीले कुरा राख्ने कुराको चाईने आउटपुट परिणाम भएको नभएको हामीले हेर्न पाउने कि नपाउने र बजेटको बारेमा धेरै छलफल गर्यौं । बजेटको बारेमा रातो कितावका देखि लिएर कार्यविधिदेखि लिएर अब यो के भन्छ । निर्देशिका बनाउने कुरामा यहाँ त्रैमासिक डिले भयो । डिले भईसकेपछि प्रतिपक्षले जे गर्यो । यो उसको आफ्नो चाईने कुरा भयो । तर हाम्रो सरकारले यो कुरा गम्भिरतापूर्वक लिएन । ३ वर्ष डिले भयो नि त । हामीले अघिल्लो वर्ष डिलेको भनिउँ । यो वर्ष फास्ट ट्र्याकको वर्ष भनिउँ । र त्यो त्यसको कार्यान्वयन क्षेत्रमा गम्भिरतापूर्वक लिएनौ है हामीले । अरु कुरामा हामी मतलब ध्यान, अरु कुरामा जोड यतातिर ध्यान मात्रै भो । आज आएर हामी भोली सदन समापन हुँदैछ । आज कार्यविधिका कुरा गर्दैछौं । माननीय सांसदहरु कार्यविधिका लागि कति दिन वस्नुपर्ने । यो सिस्टम र कार्यक्रम नीति निर्माण कार्यविधि निर्माणको के हो त कार्यतालिका ? यो कुरालाई म सभामुखमार्फत् सरकारलाई गम्भिरतापूर्वक कामको प्रायरिटि र प्राथमिकिकरण गर्न आग्रह गर्छु । जनताको जनतन्त्रको, जनताका समस्यासँग सम्बन्धित सवाल छन् । यहाँ कुराको लागि कुरा मात्रै होईन । रातो किताब आईसकेपछि कार्यान्वयनका कुरा छन् । कार्यान्वयन गर्ने कुरामा पनि धेरै कुराहरु जटिलता छ हामी बुझ्छौं । हामी सबैले वुझेका छौं । मतलब विरोधको लागि विरोध खाली चाईने आलोचनाको लागि आलोचना, कुराको लागि कुरा गर्दैनौ हामी । मतलब गर्ने पक्षमा छैन । म आफ्नो हिसाबले म यो कुरा राख्न चाहन्छु । जनशक्तिको समस्या छ । संरचनाको समस्या छ । यो जिल्लाभरीमा ओएनएमले गर्दाखेरी कैयौ ठाउँमा मतलब तलबै खान नपाउने यी समस्या आईराख्या छन् । कहीं लेखापाल छैन । कहीं केही छैन । यताको कर्मचारी उता हामी पर्या छौं । उताको उता पर्या छौं । हरेक ठाउँमा समस्याहरु छन् । यो किन हामी गर्दैछौं । यसको गम्भिरतापूर्वक यसको चाईने मापन गरेर यसको संगठनात्मक सेटिङ, जनशक्तिको सेटिङ गर्ने विधि के हो । किन यसरी उल्टोपाल्टो हुँदैछ । खानेपानीको समस्या जाजरकोटबाट आएको छ । जाजरकोटमा

लेखापालको समस्या स्वास्थ्यमा आएको छ । वन कार्यालयमा लेखापालको समस्या आएको छ । अरु थुप्रै कार्यालयहरुमा समस्या छ । मसिना-मसिना गुनासाहरु छन् । माल कार्यालय र नापी कार्यालयमा जाँदाखेरी त्या चाईने ९८ केरे १९८९ सालदेखिको तपाईको त्यो ब्याण्डिङ पेपरहरु चाईने मतलब जग्गाजमिनका कुनै खातापाता च्यातिएका छन् । यो भन्दा पहिले अर्को व्यवस्थामा हामी के भन्छ यो राजस्व पाउँथ्यौं । अहिले स्थानीय तह र प्रदेशले राजश्व दिँदैन, व्यवस्थापन गर्ने भन्छ त्याँ-त्याँ समस्या छ कि त डिजिटलाईट प्रदेशमा त्यसको खातापाता चाईने डिजिटलमा सेभ गर्नुपर्यो । कि त त्यलाई पुरानालाई चाईने राम्रो चाईने गाथा हाल्दिनुपर्यो कि त लेमिनेसन गर्दिनुपर्यो भन्नेछ । त्यसो हुँदा ५ लाख रुपैयाँ लाग्दो रहेछ । उनीहरुको म्यानेजमेन्टमा त्यो कोले हेर्ने । स्थानीयलाई भन्दा संघको कार्यालय भन्छ रे काम त आखिर जनता काम गर्या त हो । त्यही गाउँपालिका जनता काम गर्या छ नि त । त्यस्ता मसिना समस्या पनि छन् । त्यो हामी कसरी हो । कुन माध्यमबाट कुन संरचनाले बसिराख्या छ । मसिनादेखि मोटा समस्या छन् । र तत्कालीन आउने समस्या छन् । तर हामी चाईने मतलब यसो टाईम चाईने मतलबलाई ख्यालै नगरेर दिन बिताईराख्या छौं । समयको दुरुपयोग गरिराख्या छौं । गम्भिरतापूर्वक सभामुखमार्फत् सरकारले चाहेको समयको कामको चाईने प्राथमिकताकरण गरेर कामलाई द्रुत गतिमा अगाडि बढाओस् । त्यो अनुसार हामीलाई परिचालन गरोस् हामीलाई विजिनेश देओस्, व्यापार देओस्, काम देओस्, हामी चाईने मतलब त्यो अनुसार अगाडि बढ्न तयार छौं । धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरु विगतका बैठकहरु लगायत आजको बैठकमा माननीय सदस्यहरुले सार्वजनिक सरोकारका विषयहरुमा उठाउनु भएका प्रश्न तथा जिज्ञाशामा प्रदेश सरकारको धारणा र जवाफ दिन प्रदेश सभाको आगामी बैठकमा दिन रुलिङ गर्दछु । माननीय सदस्यहरु विशेष समयमा वोल्ने माननीय सदस्यहरुको वोल्ने क्रम समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरु अब म प्रदेश सभा नियमावली २०७४ को नियम १०६ भएको व्यवस्था अनुसार कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह वुढालाई उपभोक्ता संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि सामान्य छलफलको लागि सभासमक्ष प्रस्ताव पेश गर्न समय दिन्छु ।

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाः** माननीय सभामुख महोदय, उपभोक्ताको स्वास्थ्य सुविधा र आर्थिक हित कायम राख्न उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिणाम एवं मुल्यको अनियमितताबाट उपभोक्ता वर्गलाई संरक्षण प्रदान गर्न तथा सुरक्षित र गुणस्तरयूक्त वस्तु वा सेवाको विक्रि वितरण, निकासी, पैठारी र सञ्चयसम्बन्धी व्यवस्था गरी उपभोक्ताको हक हित संरक्षणकाा लगि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले उपभोक्ता संरक्षण गर्न सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ वमोजिम सामान्य छलफल गरियोस भनी सभामासमक्ष प्रस्ताव गर्दछु ।

**माननीय सभामुखः** माननीय सदस्यहरु उपभोक्ता संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथिको सामान्य छलफलमा भाग लिनुहुने माननीय सदस्यहरुका लागि समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री सिताकुमारी नेपाली ।

**माननीय श्री सिताकुमारी नेपाली :** माननीय सभामुख महोदय, उपभोक्ता संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ को सामान्य छलफलको क्रममा छौं । सर्वप्रथम उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका माननीय मन्त्रीज्यूलाई सभामुखमार्फत् धन्यवाद दिन चाहन्छु । पहिलो पटक उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट यो विधेयक संसदमा आएको छ । तर यो विधेयक आउदै गर्दा

यहाँ मैले राख्नै पर्छ । यो विधेयकमा यो गरिमामय संसदमा यो विषय पहिला पनि उठेको थियो । विधेयकमा मन्त्रीज्यूको हस्ताक्षर हुन्छ । सचिवज्यूलाई प्रदेश संसदले चिन्दैन भन्ने कुरा पहिला पनि उठेको थियो । त्यो विधेयकमा सचिव र मन्त्रीको दुईटैको सबै पानामा हस्ताक्षर भएर आएको छ । पहिलो गल्ति त पर्यटन मन्त्रालयले गर्यो-गर्यो । संसद सचिवालयले यो हेर्नुपर्छ कि पर्दैन । हामीले गलत नजिर बसाल्ने वा त्यलाई करेक्सन गर्ने बेलैमा यो कुरामा ध्यान दिनुपर्छ कि पर्दैन । त्यसैले यो उपभोक्ता संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ जो आएको छ । यो विषयमा सामान्य छलफलमा पनि भाग लिउँ कि नलिउँ मलाई त्यस्तो भईराखेको छ । हामीले यई संसदवाटै छलफल नगरिकनै यसलाई सच्याएर ल्याउनु पर्छ कि भन्ने पनि मलाई लागिरहेको छ । र अर्को कुरा यो विधेयक जो उपभोक्ता संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक भनिएको छ । उपभोक्ताको संरक्षण गर्ने हो या उपभोक्ताहरुको हक हितको संरक्षण गर्ने हो । उपभोक्ताको संरक्षण त होईन होला । उपभोक्ताहरुको हकहितको संरक्षण गर्ने होला । तर यहाँ उपभोक्ताको संरक्षण गर्ने भनेर यो विधेयक आएको छ । र उपभोक्ताको हक हितको संरक्षण हुनुपर्छ । त्यसरी आउनुपर्थ्यो भन्ने मलाई लागेको हो । र अब मैले सुरुमै पनि राखे यो यहाँ छलफल गर्ने कि नगर्ने यही संसदवाटै फिर्ता गर्नुपर्ने र सच्याएर आउने हो होईन ? म यसमा अगाडि बढौं कि नबढौं, माननीय सभामुखज्यूसँग म यो प्रश्न गर्न चाहन्छु । सभामुखको अनुमतिले मैले यो विषयमा आफ्ना धारणाहरु राख्न चाहन्छु । र यो विधेयक मैलै सरसर्ती हेरे आज सामान्य छलफलको क्रममा छौं हामीहरु । यो विधेयक संघीय संसदले बनाएको विधेयकको कपी पेष्ट छ । हामीले प्रदेशमा पहिलो पटक कानून निर्माण गर्दै छौं । कर्णाली प्रदेशको भौगोलिक अवस्था के हो ? यहाँको राजनीतिक अवस्था के हो ? यहाँको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्था के हो ? यहाँको शैक्षिक अवस्था के हो र यहाँको विकासको अवस्था के हो भन्ने कुरा कर्णाली प्रदेश सरकारले कानून निर्माण गर्दैगर्दा यो विषय अध्ययन गर्नु पर्छ कि पर्दैन ? संघीय कानूनलाई कानूनसँग बाझिने गरी प्रदेश कानून बनाउन त मिल्दैन नी त्यो कुरा हामीलाई थाहा छ । तर प्रदेशको कानून बनाउँदै गर्दा संघको कानूनको कपी पेष्ट गरेर प्रदेशको कानून बन्न सक्छ । यो कदापि सक्दैन । यहाँ कपी पेष्ट भएर आएको छ । र कपी पेष्ट मात्रै होईन माननीयज्यूहरु बीच-बीचका वाक्यहरु शब्दहरु निकालिएको छ । जसका कारणले यसको लय नै मिल्दैन । भन्न खोज्या के हो त्यो कुरा पनि बुझिदैन । यो प्रकारको यो विधेयक आएको छ । त्यले गर्दाखेरी यस्तो विधेयकले कर्णाली प्रदेशको उपभोक्ताहरुको हकहितको संरक्षण गर्न सक्ला कि नसक्ला ? मलाई एकदम चिन्ता पनि लागिरहेको छ । त्यसैले यसको नामै पनि चेन्ज गर्नुपर्ने मैले देख्छु । र नाम मात्रै होईन, विधेयक भित्रका विषयहरु पनि कर्णालीको आवश्यकता अनुसार संविधानलाई वेश बनाएर संघीय कानूनलाई वेश बनाएर कर्णालीको आवश्यकता र अवस्था अनुसारको कानून निर्माण गर्ने कुरामा भोली हामी संशोधनको प्रक्रियाबाट त अगाडि बढ्ने नै छौं । र संशोधनबाट यी कुराहरु संशोधन गरिनुपर्ने आवश्यकता मैले देखेको छु र त्यसमा हामी लाग्ने नै छौं भन्ने कुरा म राख्न म चाहन्छु । र कानूनमा प्रचलित कानून भनेर लेखिएको छ । प्रदेशको प्रचलित कानून के हो ? यो उपभोक्ता संरक्षणसँग सम्बन्धित, उपभोक्ताको हक हितसँग सम्बन्धित प्रदेशको कानून त हामी पहिलोपटक बनाउँदै छौं । अनि प्रचलित कानून के छ त यो प्रदेशको । प्रचलित कानून होईन कि प्रदेश कानून अनुसार कतिपय कुराहरु अगाडि बढाउनु पर्ने होला । त्यो कुरा पनि यहाँ आएको मैले देखेको छु । त्यस्तै यहाँ समितिहरु बनाईएको छ । परिषदहरु बनाइएको छ । ति समिति र परिषद्हरु बनाउँदै गर्दा परिषद् बनाउँदै गर्दाखेरी कम्तीमा संविधानलाई हामीले वेश मान्छौं भने त्यही संविधानलाई एउटा आधार मान्छौं भने । संविधानले समानुपातिक समावेशीता भन्ने गरेको छ नि त्यो समानुपातिक र समावेशीता सिद्धान्तका आधारमा अगाडि बढ्नुपर्ने हुन्छ नि । तर त्यो समानुपातिक

समावेशी छैन ति समितिहरु । त्यो परिषद् छैन र उपभोक्ता संरक्षण परिषद्, अनुगमन तथा क्षतिपूर्ती समिति भनेर यसरी बनाइएको छ । र अर्को कुरा अनुगमन तथा क्षतिपूर्ति अध्ययन सिफारिस समिति भनेर बनाइएको छ । त्यही पनि अझ उस्तै-उस्तै प्रकृतिका उनै-उनै व्यक्तिहरुको प्रतिनिधित्व हुने गरेर २/२ ओटा समिति बनाइएको छ । त्यो २ ओटा समिति बनाउनुपर्ने जस्तो पनि देखिदैन । र अर्को कुरा विज्ञापन गरेर गुणस्तरहीन वस्तुहरुको बिक्री वितरणलाई रोक्नुपर्ने हुन्छ । तर विज्ञापन गरेर गुणस्तरहीन वस्तुहरुको प्रचार-प्रसार हुने गरेको छ । जो गुणस्तरयूक्त छ त्यसको प्रचारै गर्न परेन । गुणस्तरहीनहरु नै बढी विज्ञापन गर्नुपर्ने हुन्छ । किनभने बिकाउनका निम्ति यो कुराहरुमा ध्यान दिनुपर्छ जस्तो मलाई लाग्छ । र मैले धेरै कुराहरु नगरिकन यो उपभोक्ता संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ को सामान्य छलफल गर्दा यसमा कपी पेष्टको धेरै कुराहरु छ । र बीच-बीचबाट शब्द र वाक्यहरु निकालिएको छ । त्यसैले हामी पहिलो पटक कर्णाली प्रदेशमा कानून निर्माण गर्दै छौं । प्रदेश स्तरको कानून हामी बनाउँदै छौं भने कर्णालीको भूगोल सुहाउँदो, कर्णालीको अवस्था सुहाउँदो र संघीय कानूनको सँग नबाझिने गरी कानून बनाउनुपर्ने देखिन्छ र त्यो अनुरुप हामी संशोधनको प्रक्रियाबाट जानपर्ने देखेका छौं । र फेरि त्यो संशोधनको प्रक्रियाबाट बनाईन्छ भने त्यो कामकाजी कानून बन्न सक्छ । यदि संशोधनको प्रक्रियाबाट यो भएन भने यो विधेयकले उपभोक्ताको हक हित गर्न सक्ने अवस्था छैन भन्ने कुरा राख्दै मेरा भनाइहरु यही अन्त्य गर्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरु उपभोक्ता संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथिको सामान्य छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरुले आ आफ्नो नाम सभामुखको डाईसको बायाँतर्फ रहेका कर्मचारीहरुकोमा टिपाउनुहोला । माननीय सदस्यहरु अब माननीय श्री देवी ओली ।

**माननीय श्री देवी ओली :** सभामुख महोदय, उपभोक्ता संरक्षण गर्ने सम्बन्धमा बनेको विधेयक, २०७५ माथि सैद्धान्तिक छलफलको क्रममा मलाई आफूलाई लागेका केही विषयहरु राख्ने अनुमति चाहन्छु । सर्वप्रथम म यो ढिलै समय भएपनि मन्त्रिज्यूले विधेयककोरुपमा ल्याउनु भको छ । हार्दिक धन्यवाद दिन चाहन्छु । आज यो कर्णाली प्रदेशमा जति पनि बसोबास गर्ने हामी नागरिकहरु छौं । यी नागरिकहरु आफ्नो भोकप्यास मेट्न पाएपछि जस्तो पनि चिज हामीले उपभोग गर्नुपर्ने बाध्यात्मक अवस्थामा हामी छौं । अहिलेसम्मको स्थिति हेर्दा मैले आफ्नो अनुगमनमा पनि त्यस्तो देख्छु । हाम्रो नेपालको पश्चिमतिर आउने जतिपनि उपभोग्य वस्तुहरु छन् । जति पनि हामीले प्रयोग गर्ने केही त्यस्ता सेवाका साधनहरु छन् । गुणस्तरहीन नै छन् । भन्ने हामीले पाएका छौं । र अहिलेसम्म सरकारले जवजव यी ठूला चाडपर्वहरु नजिक आउँछ । त्यतिखेर मात्रै वजारको अनुगमनको एउटा अयिान सञ्चालन गरेजस्तो गर्ने र अरु अवस्थामा जनतालाई सचेत बनाउने देखि लिएर अरु सबै काममा त्यति तदारुपता नदेखाईरहेको अवस्था, स्थिति अहिलेसम्म हामीले भोग्दै आएका छौं । र संविधानको धारा ३६ ले खाद्यसम्बन्धीको हक जो व्यवस्था गरेको छ मौलिक हकमा । त्यो खाद्य आपूर्ती गर्नेसँग मात्रै हामी अलिकति सम्बन्धित छौं त्यसकारण यलाई ढिलै भएपनि यो विधेयकले केही व्यवस्थित गर्न सकोस भन्ने कुरा म राख्न चाहन्छु । र यो विधेयकमा आएका कुराहरु धेरै कुराहरु संघीय कानूनको नक्कल देखिन्छ त्यहाँ । यो कर्णाली प्रदेशमा बसोबास गर्ने हामी नागरिकहरुले हाम्रो भाषा, संस्कृतिदेखि लिएर सबै कुराहरुको छना त्यहाँ आउनु पर्दछ । र सरल भाषामा बुझिने गरी हामी आम नागरिकहरुले बुझ्न सक्ने र आफ्नो अधिकारलाई पनि प्रयोग गर्न सक्ने गरी ति भाषाहरु त्याँ आउनुपर्दछ । यो कुरामा कमि देखिन्छ । सँगसँगै उपभोक्ता सम्बन्धमा उपभोक्ताको हक सम्बन्धमा संविधानको धारा ४४ ले व्यवस्था गरेको छ । प्रत्येक

उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्न गर्ने हक हुनेछ भनिएको छ । र आज यो विधेयकले अलिकति वस्तुतिर मात्रै बढी जोड दिएको मैले पाएको छु । उपभोग्य वस्तु आज हामीले वस्तु प्राप्त गरेर मात्रै हुँदैन त्यसको गुगस्तरीयता हुनुपर्छ । पानी प्यास लाग्यो भनेर हामीले सङलो पानी देख्दैमा खाने अवस्थामा आजसम्म छौं भने हामी भोली त्यो गुणस्तरीय पानी पिउनयोग्य यो विधेयकले त्यस्तो खालको व्यवस्था गर्न सक्ने धारणालाई विकसित गर्नुपर्ने पर्छ । त्यो व्यवस्था राज्यले गर्नुपर्छ । यो कानूनमा टेकेर भन्ने कुरा हो । तर यो मा अलिकति उपभोग्य वस्तुसँग मात्रै सम्बन्धित भएर आएको जीतो मलाई लागेको छ । त्यस कारण सेवालाई पनि हामीले दियौं । आज हामी यहाँबाट मानव यहाँबाट रुकुम पुग्नलाई जसरी पनि पुग्ने कुरा होईन । अघि कुरा उठिसकेको छ । विशेष समयमा हामीले सुविधाजनक ढङ्गले आफ्नो स्वास्थ्यलाई राम्रो हुने गरी त्याँसम्म हामीले आफ्नो यातायातको सवारीको साधनहरु प्रयोग गर्न पाउने हुनुपर्यो । त्यस कारण सेवाको कुरा पनि गुणस्तरीय हुनुपर्छ । त्यो कुरालाई यो विधेयकले विशेष गरेर आफ्ना उसमा कानूनी व्यवस्थाहरुमा मिलाएर ल्याउनुपर्छ भन्ने कुरा म यहाँ राख्न चाहन्छु । सभामुख महोदय, अर्को कुरा गुणस्तरीय सेवाबाट प्राप्त गरिनसकन्जी जुन खालको क्षति वस्तु तथा सेवाबाट नागरिकहरुलाई पर्ने क्षति हुन्छ त्यो क्षतिको पूर्ति गर्नको निम्ति एउटा अलिकति स्पष्ट, सरल र सहज ढङ्गले प्राप्त गर्न सक्ने खालको कानूनी व्यवस्था हुनुपर्छ । यहाँकेही समितिहरु बनाएर तेई सरकारको वरिपरि मात्रै अलि खुम्च्याउन खोजेको जस्तो आभास मैले पाएको छु । त्यस कारण यो क्षतिपूर्तिको अहिलेसम्म केही त्यस्ता गुणस्तरहीन वस्तु सेवाबाट जुन क्षति हुन्छ । त्यो क्षतिको पूर्ति पाइन्छ भन्ने पनि नागरिकहरुलाई अहिले संघीय कानून अनुसार पनि पाउने व्यवस्था हुँदाखेरी पनि त्यो सचेतना नभएका कारणले गर्दाखेरी अथवा त्यो वुझिने भाषा कानूनी भाषा एउटा सरल नभएको कारणले पनि जनताले त्यो नवुझेको हुन सक्छ । ति सेवा क्षतिपूर्ती लिनबाट वञ्चित भएको अवस्था स्थितिलाई पनि यो विधेयकले विशेष गरेर जोड दिनुपर्छ । र विशेषगरी कर्णालीवासीलाई नागरिकहरुले प्रयोग गर्ने सेवा र वस्तु दुवैमा गुणस्तरीयता कायम गर्नको निम्ति सेवामा पनि केही क्षति पुग्यो भनेर त्यो क्षतिको पूर्ती र कारवाहीको व्यवस्था कानूनले स्पष्टरुपमा यो व्यवस्था गर्नुपर्छ भन्ने कुरा म यहाँ राख्न चाहन्छु । र अन्तमा अब यो अधिवेशन पनि अन्त-अन्त हुने हामीले सङकेत पाईरहेका छौं । आज शून्य समय विशेष समयदेखि लिएर हरेक बेलामा हाम्रो कर्णाली प्रदेशभित्र विभिन्न विपद्का घटनाहरु पनि छन् । त्यस कारण हामीले धेरै तामझाम अथवा अलिकति फजुल खर्चभन्दा पनि मितव्ययी बनेर सबै एउटा सद्भाव कायम गर्ने हिसावले हाम्रा नजिक आईरहेका चाडपर्वहरु मनाउनुपर्छ । मनाउने त्यो अभियानमा हामी जाऔ र म यो सन्दर्भमा सबै माननीयज्यू, मन्त्रिज्यू लगायत राष्ट्रसेवक लगायत सम्पूर्ण कर्णालीवासीहरुलाई यो २०७६ को दिपावली त्यसपछि छट सबै वडादशैंको शुभकामना पनि अन्त्यमा दिन चाहन्छु । धन्यवाद ।

**माननीय सभामुखः** अब माननीय श्री कृष्णा शाह ।

**माननीय श्री कृष्णा शाहः** माननीय सभामुख महोदय, हामी चौंथो अधिवेशनको बैठक संख्या ३१ मा छौं । आज हामी उपभोक्ता हकहित र अधिकारको सुनिश्चित गर्ने एउटा महत्वपूर्ण विधेयकमाथि सैद्धान्तिक छलफल गरिरहेका छौं । र यो विधेयक हामीले हेर्दाखेरी सामान्य देखेपनि यसलाई हामीले समग्र कर्णालीवासी कर्णाली जनसमुदायको जीवनसँग जोडेर हेर्यौं । यो अत्यन्त महत्वपूर्ण छ । आज विश्वमा मानव जातिको अस्तित्व यदि खतरामा छ भने त्यो मानववाटै भईराखेको छ । त्यसैले उपभोक्ता हित संरक्षणको कुरा पनि मानवले नै उपभोक्ताको हक अधिकारको बारेमा वोल्ने र मान्छेले नै फेरि त्यही मान्छेको विरुद्ध काम गर्ने जुन प्रवृति बढीराखेको छ । यो अत्यन्त संवेदनशील अत्यन्त यो खतराजनक विषय बनिराखेको छ । हामी सबैलाई थाहा छ । यो जुन हामीले पाउनुपर्ने कर्णालीवासीले आफ्नो जीवन

आयू लम्ब्याउनको लागि अर्थात बाँच्नको लागि बाँचेर केही गर्नको लागि बाँचेर यो संसारलाई केही गरेर देखाउनको लागि उपभोग गर्नुपर्ने वस्तुहरु आज गुणस्तरीय छैनन् । गुणस्तरीय खाद्यवस्तु उपभोग गर्न पाउनु, मिति नगुज्रेका औषधी, फलफूल, विभिन्न खाद्यवस्तुहरु उपभोग गर्न पाउने कर्णालीवासीको नैसर्गिक अधिकार हो । गुणस्तरीय खाद्यवस्तु उपभोग गर्न पाउने कर्णालीवासीको मौलिक अधिकार हो । समयमै सेवा पाउने अर्थात् नियमित र व्यवस्थित ढङ्गले उपभोग्य वस्तुको आपूर्ती पर्याप्तरुपमा पाउने कर्णालीवासीको माग मानव अधिकारको कुरा हो । तर आज हामीले हेर्‍यौं भने यई प्रदेशको राजधानी वीरेन्द्रनगरमा पनि त्यो अधिकारको कुनै महशुस हुँदैन । कर्णालीवासीको मौलिक अधिकार माथिको हनन भईरहखेको छ । कर्णालीवासीको १७ लाख कर्णालीवासीको जीवनमाथि खेलवाड भईराखेको छ । समग्रमा भन्दाखेरी मानव अधिकारको हनन भईराखेको छ । त्यसैले हामीले कसरी त्यो सेवा सुविधा प्रवाह गर्न सक्छौं । यहाँको जनसमुदायलाई कसरी गुणस्तरीय हामीले खाद्यवस्तु उपलव्ध गराउन सक्छौ । कसरी हामीले नाप तौल गुणस्तरीयता कायम गर्न सक्छौं । कसरी सेवा सुविधा छिटोछरितो, नियमित र स्थायी ढङ्गले हामी पुर्‍याउन सक्छौं । यो कर्णाली सरकारको दायित्वको विषय हो । र हामी जनप्रतिनिधिको पनि यो दायित्वको विषय हो । यो कुरामा हामी सबै गम्भिर हुनुपर्छ । र यही कुरालाई मध्यनजर गरेर यतिवेला कर्णाली सरकारको तर्फबाट इतिहासमा पहिलोपटक उपभोक्ता संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न विधेयक बनेको विधेयक, २०७५ हाम्रो माननीय मन्त्रीज्यूले त्यस्तै मेहेनत गरेर ल्याउनु भको छ । म उहाँलाई धेरै-धेरै धन्यवाद दिन चाहन्छु । यो विधेयक अन्ततः कानून वन्नेछ । र जसले अहिले हाम्रो आम नागरिकको उपभोग गर्ने गर्न पाउने जुन अधिकारमा देखिएका समस्याहरुको यसले समाधान गर्नेछ । र त्यो उपभोग गर्न पाउने खाद्यवस्तुहरु नियमित र व्यवस्थित आपूर्ती गर्ने कुरामा त्यो समस्याको यो विधेयकले समाधान गर्नेछ भन्ने आशा अपेक्षा राख्दै फेरि पनि मन्त्रीज्यूलाई धेरै-धेरै धन्यवाद दिँदै हामी सबैले यो कानून बनिसक्यो भने यसलाई हामीले कार्यान्वयन गर्ने सवालमा हामीले हाम्रो तर्फबाट पनि आ-आफ्नो ठाउँबाट कर्तव्य निर्वाह गर्नेछौं भन्ने कुरा राख्दै मैले मेरो भनाइ अही अन्त्य गरे धन्यवाद ।

**माननीय सभामुखः** अब माननीय श्री दिनबन्धु श्रेष्ठ ।

**माननीय श्री दिनवन्धु श्रेष्ठः** माननीय सभामुख महोदय, मैले त विशेष गरेर आज उपभोक्ता संरक्षण विषयमा छलफलमा नाम लेखाएको थिएँ । तर माननीय सभामुखज्यूको आज्ञाले मात्रै अहिले भर्खरै यो सदनमा सत्तापक्षका माननीयज्यूले केही आपत्तीजनक शब्दहरु प्रयोग गर्नु भको छ । प्रतिपक्ष नेपाली कांग्रेस एवं प्रतिपक्षका नाउँमा यो गरिमामय सम्मानित सदनमा ति आपत्तीजनक शब्दहरु प्रयोग गर्न मिल्छ कि मिल्दैन ? घरिघरि त्यलाई फेरि रिपिट गर्न मिल्छ कि मिल्दैन ? एउटा सम्मानित सदनमा प्रतिपक्ष प्रमुख प्रतिपक्षको दल र नेतालाई ढाँटेर त्यो राख्न मिल्ने कि नमिल्ने माननीय सभामुखज्यू ? म माननीय सभामुखज्यूलाई आग्रह गर्न चाहन्छु । यो आपत्तीजन्य उहाँले राखेका शब्दहरुलाई रेकर्डबाट मेटाउनलाई आग्रह गर्छु । माननीय सभामुख महोदय, म यस कुरामा धेरै जाँदैन । म अर्को पटक बोलौला । तर यो अहिले आपत्तीजनक कुरा उठेको हुनाले हामी प्रतिपक्षले विकास निर्माणका कुराहरु, सरकारका कमिकमजोरीका कुराहरु, हिजो बजेट ल्याउँदाखेरी सरकारले काका कमिकमजोरी गर्‍यो र कर्णाली प्रदेशका जनताले चाहेको त्यो होईन र यो यो सच्याएर ल्याउनुपर्छ भनेर हामीले सदन अवरुद्ध गर्‍यौं । र त्यसपछि सदन सुचारु हुनुभन्दा पहिला सत्तापक्ष र प्रतिपक्षका नेताहरु बसेर छलफल भएर त्यसको अङ्ग बनाउने भनेर ५ ओटा बुँदामा सहमति भएर आको हो । हामी सबैलाई थाहा छ माननीय सभामुख महोदय, त्यसैले म यहाँनिर के भन्न चाहन्छु भने यो ईसुलाई अहिले उठाएर एउटा विवादको रुपमा लिन ठीक हुँदैन । म यसमा वाद र प्रतिवाद गर्न चाहँदैन । म भोली अर्को दिनमा म यी कुराहरु राख्ने छु भन्दै म अहिले यो

सैद्धान्तिक छलफलमा केन्द्रित हुन्छु माननीय सभामुख महोदय, अब यो महत्वपूर्ण विधेयक हो । यो उपभोक्ता संरक्षण गर्ने विधेयक, २०७५ हामीलाई लाग्छ । यो मानवमा प्रत्यक्ष जोडिएको मानवको स्वास्थ्यको लागि प्रत्यक्ष जोडिएको सरोकारवाला विधेयक हो । तर यो विधेयक आउँदाखेरी गम्भिर रुपले छलफल हुन जरुरी छ । हामीले यसमा त्रुटि गर्यौं भने त्यो मानवप्रति एउटा ठूलो खेलवाड पनि हुन जान्छ । त्यसैले अब यो भोली हामी विषयगत छलफलमा हामी त्याँ राखौला । र समितिमा राखौला । म केही कुरा यहाँ के राख्न चाहन्छु भने यसमा केही सुझावहरु त्यो विधेयक आउँदाखेरी हामीले अलिकत बढी ध्यान पुर्याउन जरुरी छ । मैले अघि पनि भने महत्वपूर्ण विधेयक हो । यो आम जनताप्रति जनतासँग प्रत्यक्ष जोडिएको विधेयक हो । खुला बजार अर्थतन्त्रमा उपभोक्ता संरक्षण र अधिकारको सुनिश्चित हुने कानून निर्माणमा सरकारले प्रभावकारी कार्यान्वयन माध्यमबाट गर्नुपर्छ । अब यो हामीले कानून त बनायौं । यो कानून के छ भने अहिले हेर्दा कतिपय विगतकै छ । यथास्थिति परम्परागतै छ । यलाई अब अहिलेको परिस्थितिमा हामीले यो उपभोक्ता संरक्षणको लागि अरु के-के हामीले चेन्ज गरेर यो कानूनमा ल्याउनु पर्दछ त भनेर यसमा केही परिवर्तन गर्न जरुरी जस्तो मलाई केही लागेको छ । अनि सरसर्ती हेर्दाखेरी त्यसमा खासै परिवर्तन देखिएन । विधेयक तयार गर्ने र सोमा कार्यान्वयन गर्न उल्लेख भएको संरचना अघि भने मैले विगतको जस्तो छ यले खासै परिवर्तन ल्याउँदैन र मेरो सुझावमा के छ भने माननीय सभामुख महोदय, उपभोक्ता अधिकार संरक्षणलाई नियमन गर्न तथा जोखिममा उपभोक्ता विपतमा पछाडि परेका समुदाय उपभोक्ता संरक्षण र अतिरिक्त अधिकारको सुनियोजित हुने र प्रभावकारी संरचनाको व्यवस्था यो विधेयकमा हुनुपर्दछ । अनुगमन पनि हाम्रो त्यसरी पनि हुनुपर्यो र पछि परेका वर्ग, विपन्न वर्गहरुको पनि अधिकारको सुनिश्चित हुने गरेर यो विधेयक, ऐन आउनुपर्छ जस्तो मलाई लाग्छ । उपभोक्ता संरक्षण र अधिकार सम्बन्धमा ऐन वनाउदा उपभोक्ता संगठनहरु र आम सरोकारवालाहरु विज्ञ र आम उपभोक्ताहरु मझ वहश गरी प्राप्त सुझाव समावेश गरेर अझ यो विधेयकमा समावेश गरेको भए अझ बढी प्रभावकारी हुन्थ्यो जस्तो मलाई लाग्दछ । माननीय सभामुख महोदय, धोकादारी, जालसाझी, अस्वस्थ प्रतिस्पर्धाको अभ्यासमा संलग्न हुने व्यवसायीलाई कडा कारवाहीको व्यवस्था पनि यो विधेयकमा हुनुपर्छ । कडाभन्दा कडा कारवाही ता कि भोलीका दिनमा त्यो उनीहरुलाई पुनः त्यो गर्ने उत्साही नमिलोस् । प्रोत्साहन नमिलोस् भनेर । प्रतिस्पर्धालाई सीमित गर्ने बजारमा एक अधिकार, एकाधिकार गर्ने, सिण्डिकेटबाट पर्टिकल हुने अवस्थाविरुद्ध कडा निगरानी, उपभोक्ताको सर्वोत्तम छनौटमा पर्नुपर्दछ । अधिकार सुनिश्चित हुनुपर्छ । यो पनि विधेयकमा हामीले लेख्नु जरुरी छ जस्तो मलाई लाग्दछ । उपभोक्ताले गुणस्तरीय वस्तु, सेवा प्राप्त गर्न सुनिश्चित हुनुपर्ने । यदि नभएमा उपभोक्ताले दावी गरेमा क्षतिपूर्ती पाउने पनि यो विधेयकमा राख्नुपर्यो । उपभोक्तालाई कुनै हानी र नोक्सानी हुने किसिमको छ र क्षतिपूर्तीको दावी गर्यौं भने त्यो पनि पाउने एउटा यो विधेयकमा राख्न जरुरी मलाई लाग्दछ । खाद्य पदार्थ जनस्वास्थ्यसँग सम्बन्धित, वित्तीय क्षेत्र आदि व्यवसाय उत्पादन तथा सेवा बारेमा विस्तृत विवरण सार्वजनिक हुनुपर्ने व्यवस्था पनि गर्नुपर्ने । सार्वजनिक सबैलाई यो सुचित र जानकारी हुन जरुरी छ । उपभोक्ता संरक्षण र अधिकारमा संलग्न गैर सरकारी क्षेत्रका नागरिक, समाज तथा सम्बन्धित विशेषज्ञहरुलाई पनि कानून कार्यान्वयन गर्ने सवालमा विशेषज्ञ सहभागी वातावरण बनाउन पनि जरुरी छ ता कि यले गर्दा यो आम जनतासँग सरोकार राख्ने विधेयकहरु प्रभावकारी, परिणाममुखी र अरु त्यो जनताको हितमा उपलब्धिमुखी हुन्छ जस्तो लाग्छ र यी केही कुराहरु पनि यो विधेयकमा समेट्नलाई म आग्रह गर्दै र अरु कुरा हामी समितिमा पनि संशोधन राखेर अर्कोचोटि फेरि गहिरो रुपले छलफल गर्नेछु भन्दै विदा हुन्छु धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरु उपभोक्ता संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथिको सामान्य छलफलमा माननीय सदस्यहरुले उठाउनु भएका प्रश्नहरुको जवाफ दिन कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढालाई समय दिन्छु ।

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढा :** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको उपभोक्ता संरक्षण गर्न सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ को सामान्य छलफलमा माननीय सदस्यहरुले उठाउनु भएको कुरामा केही तपाईको मन्त्रालयको तर्फबाट कमिकमजोरी भएको महसुस भइरहेको छ । र आगामी दिनमा ति कमिकमजोरीलाई आगामी मन्त्रालयबाट पेश हुने विधेयकमा नदोहोरिने प्रतिबद्धता म यहाँ जाहेर गर्न चाहन्छु । र माननीय सदस्यहरुले जुन कुरा यो उपभोक्ता संरक्षण मात्रै नभएर उपभोक्ता हकहित हुनुपर्ने हो यो प्रिन्ट मिस्टेकको कारणले गर्दाखेरी यो उपभोक्ता संरक्षण मात्रै भएको छ । र जुन कुराहरु यो संघको कानूनसँगको तपाईको कपी हो भन्ने कुरा जुन माननीय सदस्यहरुले राख्नु भएको छ । यो संविधानको क्षेत्र अधिकारभित्र संघ, प्रदेश र स्थानीय तहले पनि आ आफ्नो क्षेत्रबाट आ आफूले ऐन कानून बनाएर तपाई अनुगमन गर्न सक्ने व्यवस्था रहेको छ । र यो तपाईको यो एक-आपसमा यो प्रदेशको मात्रैले यसको तपाईको अलग तपाईको ऐन बनाउन सक्ने अवस्था रहँदैन । यो संघीय सरकार र तपाईको प्रदेश सरकारको पनि ऐन एकापसमा नबाझिने गरी राख्ने कुराहरु भएको हुँदा यो कपी जस्तो भए पनि यो कपी होईन । र यसमा केही कुराहरु तपाईको संघ र प्रदेशमा आ-आफ्नो क्षेत्रभित्र रहेको छ । यो कुनै पनि कपी पेष्ट होईन । र यो कुरा मैले यहाँ राख्न चाहे । र अर्को र जस्तै अब यो सचिवज्यूको पनि हस्ताक्षर कुरा रहेको छ र यो कुरा मैले अब यो पहिलोपटक विधेयक पेश गरेको हुँदा आगामी दिनमा अब यो कुरालाई मैले एउटा तपाईको सिकाईको रुपमा लिने छु र आगामी दिनमा यो कुरा हुन नदिने कुरा मैले प्रतिबद्धता गर्न चाहन्छु । र अर्को कुरा जुन हामी मानवको तपाईको हकहित र तपाईको उपभोग्य वस्तुमा गुणस्तर तपाईको गर्ने जुन विधेयक अति महत्वपूर्ण विषय छ । र यो विधेयकमा जुन विधेयकहरु तपाईको सामान्य मन्त्रालयको तर्फबाट एउटा ड्राफ्ट वनाएपनि यसलाई अझ पूर्णरुपमा छलफलको लागि अब यो समितिमा त्यसले पूर्णता पाओस्, पाउनेछ । र संशोधनमार्फत् पनि यसले तपाईको पूर्णता लिनेछ र अवश्य पनि यस तपाईको विधेयक पछि ऐन बनिसकेपछि कर्णाली प्रदेशका १७ लाख जनताले तपाईको जुन दैनिकी उपभोग्य वस्तुहरुबाट पाउने जुन गुणस्तर तपाईको वस्तुहरु तपाईको उपभोग गर्न पाउने कुराहरुमा यो सुनिश्चित तपाईको रहने यो विधेयक भएको हुँदा यसलाई प्रदेश सभाले अझ महत्वपूर्ण दिएर यसलाई तपाईको यो छिटोभन्दा छिटो ऐनको रुपमा आउन सक्यो भने अवश्य पनि जुन वजारमा भएपनि अनियमिततालाई छिटो कन्ट्रोल गर्न सकिन्छ । भन्ने कुरा मैले यहाँ राख्दै राखे धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरु कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाले सभामा प्रस्तुत गर्नुभएको उपभोक्ता संरक्षण गर्नेसम्बन्धी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथिको सामान्य छलफल समाप्त भएको जानकारी गर्दछु । माननीय सदस्यहरु अब म कर्णाली प्रदेश सरकारका उद्योग,पर्यटन वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढालाई उपभोक्ता संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ थप छलफलका लागि अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाईयोस् भनी प्रस्ताव पेश गर्न समय दिन्छु ।

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढा :** माननीय सभामुखज्यू, उपभोक्ता संरक्षण गर्न सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि सभामा सामान्य छलफल भएको र

दफावार छलफलको लागि कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ को उपनियम १ को खण्ड ख वमोजिम यस सभाबाट अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाईयोस् भनी प्रस्ताव गर्दछु ।

**माननीय सभामुख :** माननीय सदस्यहरु अब म कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातारण मन्त्री माननीय श्री नन्दसिंह बुढाले सभामा प्रस्तुत गर्नुभएको उपभोक्ता संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ लाई अर्थ तथा प्राकृतिक स्रोत समितिमा थप छलफलको लागि पठाईयोस भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला । यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् । यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन । तसर्थ उपभोक्ता संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ थप छलफलको लागि अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाईयोस भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु । माननीय सदस्यहरु कर्णाली प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद १५ व्यवस्थापन कार्यविधिको नियम १०९ को उपनियम १ अनुसार उपभोक्ता संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ मा संशोधनको सूचना पेश गर्न चाहनुहुने माननीय सदस्यहरुलाई ७२ घण्टाको समय सिमा प्रारम्भ भएको व्यहोरा जानकारी गराउँछु । माननीय सदस्यहरु अब म प्रदेश सभा नियमावली २०७४ को नियम १०६ मा भएको व्यवस्था अनुसार कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री दल रावललाई प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ माथि सामान्य छलफलका लागि सभासमक्ष प्रस्ताव पेश गर्न समय दिन्छु ।

**सामाजिक विकास मन्त्री माननीय श्री दल रावलः** माननीय सभामुखज्यू, स्वास्थ्य सेवा सञ्चालन, नियमित र प्रभावकारी बनाउनको लागि सरकारी स्वास्थ्य संस्थाहरुको नियमन गरी स्वास्थ्य प्रणालीलाई सुदृढ बनाई कर्णाली प्रदेशको विकासमा योगदान पुर्याउन प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६, कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ वमोजिम सामान्य छलफल गरियोस भनी सम्मानित सभासमक्ष प्रस्ताव गर्दछु । धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरु प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ माथिको सामान्य छलफलमा भाग लिनुहुने माननीय सदस्यहरुको लागि समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री अम्मरबहादुर थापा ।

**माननीय श्री अम्मरबहादुर थापा :** माननीय सभामुख महोदय, आज प्रदेश स्वास्थ्य सेवा प्रवाह सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि सैद्धान्तिक छलफलमा सहभागी भएको छु । र यसमा धेरै कुराहरु मैले ख्याल गरें । अध्ययन गर्दा यसमा संघीय कानूनले संघीय स्वास्थ्य ऐनले पनि भन्या छ । कि गर्भ अवस्थादेखि आठ वर्षसम्मको वच्चाको निमित्त राज्यले निःशुल्क सेवा र त्यसको पोषण सहितको व्यवस्थापन गर्नुपर्ने छ भन्ने उल्लेख छ । तर हाम्रो प्रदेश के संघीय कानूनलाई मान्य हो कि यहाँ प्रदेशमा हामीले प्रदेशमा अर्को छुट्टै कानून हामीले पनि बनाउनुपर्छ भन्ने हेक्का छ कि छैन मन्त्रीज्यूलाई । यो पनि अलि ध्यान पुर्याउनुपर्यो । दोस्रो कुरा, स्वास्थ्यमा नागरिकको हक हुनेछ भन्ने संवैधानिक व्यवस्था हो यो । प्रत्येक नेपाली नागरिकको स्वास्थ्यमा हक हुने छ । भनिसकेपछि यहाँ समग्रमा त भन्नु भा छ । सबै नागरिकहरुलाई निःशुल्क सेवा गरिने छ भन्ने छ । त्यो राम्रै विषय हो त्यो सबैलाई निःशुल्क सेवा प्राप्त गर्ने कुराहरु त्यो हक भित्र परेकै कुराहरुमध्ये राख्नु भाछ राम्रै कुरा हो । तर जेष्ठ नागरिकलाई

निःशुल्क सेवा जहाँ पनि जेष्ठ नागरिकलाई, वालवालिकालाई निःशुल्क सेवाको व्यवस्था गरिएको छ । त्यो हकभित्र स्वास्थ्यसम्बन्धी नागरिक हकभित्र राखिएको छ । संवैधानिक व्यवस्था कुरा गरेर कुरालाई पनि हामीले कानूनमा व्यवस्था गरेर अगाडि बढ्न सकेनौ भने र नागरिकका हक अधिकारहरु खोसिने हुन् । त्यसो भको हुनाले संविधानमा व्यवस्था भएका कुराहरु नखोसिएलान् तर पनि व्यवस्था गर्दा हाम्रो कानूनले त्यसलाई मर्यादित र कार्यान्वयनमा लैजाने, संविधानको मर्म, भावना अनुसार अगाडि बढ्नुपर्छ । त्यसैले यो २/३ ओटा कुराहरुलाई यसमा व्यवस्थापन गरेर अगाडि जानपर्छ । र दोस्रो कुरा अहिले यो मौलिक हकका कुराहरुमध्ये संविधानमा हामीले धेरै व्यवस्था गरेका छौं । तर सरकारले त्यसभित्रको एउटा स्वास्थ्य प्रत्येक नागरिकको स्वास्थ्यको हक पनि महत्वपूर्ण कुरा हो । र यसलाई व्यवस्थापन गर्न हामीलाई के-कस्तो लागत अथवा चाईने आर्थिक व्ययभारको आवश्यकता हो । त्यो हामीमा कमजोरी या त्यसलाई व्यवस्थापन गर्न नसकेको हामीले महसुस गर्या छौं । हरेक हक अधिकारहरुलाई कायम गर्नका निमित्त त्यसलाई कानूनमा मात्रै व्यवस्था गरेर हुँदैन । कार्यान्वयनको क्षेत्रमा त्यसलाई चाहिने व्यवस्थापनको क्षेत्रमा हामीले ध्यान पुर्याउनुपर्छ । योसम्बन्धी पनि सरकारले ध्यानपूर्वक अगाडि बढ्ने छ र यो विधेयक अहिले अन्त्य-अन्त्यतिर आएको छ । मलाई लाग्छ यो सदनमा पेश गरिएका विधेयक अर्को सदनभित्र छलफल अर्को अधिवेशनमा छलफल गर्नुपर्ने स्थिति छ । तर सिद्धान्ततः एक अधिवेशनमा पेश भएको विधेयक अर्को एक अधिवेशन जाँदा फेरि नयाँ तरिकाले आउनुपर्ने पनि हुन सक्छ । मलाई यकिनै छैन मैले सुनेको कुरा हो । अब यसलाई पनि ध्यान पुर्याउनुपर्ला । कि अब यो अधिवेशन त भोली मैले सुन्या छु । भोली १० गते अन्त्य हुँदै छ रे । आज फटाफट विधेयकहरु

**माननीय सभामुखः** कहाँबाट सुन्नु भयो माननीय सदस्य ?

**माननीय श्री अम्मरबहादुर थापाः** मैले कानूनविद्बाटै सुनेको । अस्ती हजुरले पनि सुन्नुभा हो कि भन्ने लाग्छ मलाई । मैले कानूनविद्हरुबाटै हामीलाई अलि त्यो कुरा पनि आएको थियो सायद यसमा सभामुखज्यू पनि संलग्न हुनुहुन्थ्यो कि ?

**माननीय सभामुखः** यसमा सभामुखको संलग्नता हुँदैन माननीय सदस्य । यो कानूनविद्ले पनि अन्त्य गर्ने कुरा होइन । प्रदेश प्रमुखले यो पत्र पठाउनु हुन्छ । अगाडी बढ्नुस् ।

**माननीय श्री अम्मरबहादुर थापाः** विधि त यही हो । तर यो सदनमा पेश भएको विधेयक, यो म कन्फ्युज पनि हुन सक्छु त्यसमा । त्यसैले मैले यिनै कुराहरु राखे र वास्तवमै संवेनशील कुरा स्वास्थ्यसँग सम्बन्धित भएको हुनाले यसलाई अझै परिमार्जित र अझै व्यवस्थित गरेर अगाडि बढ्नुपर्ने हुन्छ । यसलाई नागरिक समाजसम्म पनि पुर्याएर अगाडि बढ्ने विधि प्रक्रियाबाट अगाडि बढोस् । यही कुरा राख्न चाहन्छु धन्यवाद ।

**माननीय सभामुखः** अब माननीय श्री गोपाल शर्मा ।

**माननीय श्री गोपाल शर्मा** :माननीय सभामुख महोदय, प्रदेशमा स्वास्थ्य सेवा प्रवाह गर्न प्रवाह सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रस्तुत भएको र हाम्रो सन्दर्भमा यो धेरै महत्वपूर्ण विधेयक हो । यो महत्वपूर्ण विधेयक प्रस्तुत गर्नु भएकोमा माननीय सामाजिक विकास मन्त्रिज्यूलाई म विशेष धन्यवाद दिन चाहन्छु । माननीय सभामुख महोदय हाम्रो प्रदेश धेरै पछाडि परेको प्रदेश सबै हिसावले हो र स्वास्थ्य सम्वन्धीको हिसावले पनि विकराल समस्या हामीले भागिराखेका छौ । यो विधेयकले धेरै कुराहरु समेटेको छ । र हामीलाई अनुभूति भएका कुराहरुलाई यहाँ हेर्दाखेरी यी सबै अनुच्छेदहरुले, दफाहरुले समेटछन नै

भन्ने मलाई लाग्छ । यो विधेयक जरुरी पनि थियो । तर आज हामीसँग के समस्या छ भन्दाखेरी प्रत्येक गाउँमा दक्ष जनशक्तिको अभाव त छदै छ । दक्ष जनशक्ति जनस्वास्थ्यमा काम गर्ने जनशक्तिहरु हामीसँग कम मात्रै होईन । स्वास्थ्य सम्वन्धी हाम्रा कार्यालयहरु पनि कमजोर अवस्थामा छन् र कमै छन् । यसको फाईदा लिएर केही यस्ता तत्वहरु छन् । कि आज मानव स्वास्थ्यमा गम्भिर असर हुने खालका गतिविधिहरु ग्रिराखेका छन् । एकातिर स्वास्थ्य ऐन संघीय स्वास्थ्य ऐन समेत त्यसको वर्खिलाफमा संस्थाहरु खुलिराखेका छन् । निश्चित मापदण्ड अहिले पनि संघीय ईकाई कानूनले तोकेको छ । निश्चित मापदण्डका विपरीत स्वास्थ्य संस्थाहरु एकातिर खुलेआम चलिराखेका छन् । त्यसका निश्चित मापदण्ड हुँदाहुदै त्यसको उलंघन गरिराखेका छन् र त्यलाई हामीले कन्टोल गर्न सकिराखेका छैनौ । नियन्त्रण गर्न सकिराखेका छैनौ । त्यो के कारणले छ भन्दाखेरी हामीले वैकल्पिक जनशक्तिको व्यवस्थापन गर्न सकेका छैनौ । वैकल्पिक कार्यालयको व्यवस्था गर्न सकेका छैनौ । आज संविधानको हक मौलिक हकको‍रुपमा छ । जनताले स्वास्थ्य सम्वन्धी हकको कुरा गर्दाखेरी मौलिक हकको‍रुपमा कार्यान्वयन हुनुपर्छ भन्ने ठान्छ । प्रत्येक वडामा स्वास्थ्य ईकाईहरु हुने कुरा र प्रत्येक पालिकामा हस्पिटल हुने कुराहरु हामीले परिकल्पना गरेका छौ । तर ती हामीसँग छन् कि छैनन् । आज हाम्रो अवस्था त्यो प्रश्नमा हामी गम्भिर छौं । तर अहिले पनि के देखिराखेको छु भने प्रर्याप्त जथाभावी मेडिकलहरु खोलेका छन् । मेडिकल सञ्चालन कोले गर्ने कुन स्तरकोले गर्या छ । संघीय कानूनले अहिले पनि गरेको छ । हाम्रो कानूनले त्यो गर्न सक्छ कि सक्दैन । यसमा लिपिवद्ध भएका कुराहरुले हामीले त्यलाई कार्यान्वयन लिन सक्छौ कि सक्दैनौ । चुनौती छ । चुनौती यो निर्माण गर्ने मुख्य कुरा होईन । मुख्य कुरा यसको यो ऐन वनिसकेपछि यो ऐनको कार्यान्वयन गर्ने हामीसँग चुनौती छ । त्यो चुनौती मन्त्रालयले कसरी व्यवस्थापन गर्छ वा सरकारले कसरी व्यवस्थापन गर्छ । यो विधेयक ऐनमा वदलिसकेपछि ऐन कसरी कार्यान्वयन हुन्छ मुख्य सवाल त्यही छ । आज हामीले खुलेआम एउटा अहेव डक्टर सरह चिरफार गरिराखेको छ । कतिपय मातृशिशु समस्याहरु त्याँ देखा परिखेका छन् । कैयौ विरामीहरु उपचार भन्दा वढि केरे औषधीका निश्चित डोजहरु भन्दा वढि डोज दिएर मृत्यु भएका घटनाहरु छन् । जथाभावी यस्ता प्रकृतिहरु इसलाई रोक्ने गरी जो विधेयक आएको छ । यो विधेयक रोक्ने लिपिमा हेर्दाखेरी दफामा हेर्दाखेरी यसका सबै अनुच्छेदहरुमा यसले यलाई कन्टोल गर्ने व्यवस्था त देख्न सकिन्छ । तर त्यसको कार्यान्वयन कसरी हुनसक्छ मुख्य समस्या यहाँ छ । ईजाजत पत्र सम्वन्धी व्यवस्था, आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्ने सम्वन्धी कुराहरु र कर्मचारीहरुको व्यवस्थापन गर्ने कुरा, स्वास्थ्य सेवाको गुणस्तर तथा स्वास्थ्य सम्वन्धी दायित्वको कुरा, औषधी तथा उपकरण सम्वन्धी व्यवस्थाको कुरा, जन स्वास्थ्यको संरक्षण सम्वर्द्धन र वातावरण व्यवस्थापन सम्वन्धी व्यवस्था, स्वास्थ्य समन्वय समितिका कुराहरु समेत गरेर त्यलाई व्यवस्थापन गर्ने कुरा यले गरेकै छ । तर प्राय समितिहरु कसरी व्यक्त हुने गरेका छन् भने लामालामा समितिहरु वनाउने त्यो समिति आफैमा भद्रगोल हुने अवस्थाहरु पनि हुन सक्छन । मन्त्रीज्यूले यलाई अलिकति सभामुखज्यू मार्फत् यो कुरामा समितिहरु अलिकति ठूला परिणामका ठूला आकारका हुँदाखेरी त्यले चुस्त हुने र आफ्नो भूमिकालाई व्यवस्थित गर्न सक्दैन कि भन्ने तिर मेरो जोड छ र यो विधेयक हाम्रो सन्दर्भमा हाम्रो प्रदेशको सन्दर्भमा धेरै महत्वपूर्ण छ । यसको लागि म फेरि पनि धेरैधेरै धन्यवाद मन्त्रीज्यूलाई दिन चाहन्छु ।

तर यसको यो विशेष छलफल हुनुपर्छ । हामीलाई व्यापक रुपले दफावार छलफल गर्ने नै छौ । त्यसको लागि समय दिनु भएकोमा म माननीय सभामुखज्यूलाई धन्यवाद दिदै आफ्नो भनाइ टुङ्ग्याउछु । धन्यवाद ।

**माननीय सभामुख** : माननीय सदस्यहरु प्रदेश स्वास्थ्य सेवा प्रवाह सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ माथिको सामान्य छलफलमा माननीय सदस्यहरुले उठाउनु भएका प्रश्न हरुको जवाफ दिन कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री दल रावललाई समय दिन्छु ।

**सामाजिक विकास मन्त्री माननीय श्री दल रावलः** माननीय सभामुख महोदय, माननीय सभामुख महोदयको अनुमतिले माननीय सदस्यज्यूहरुले स्वास्थ्य सेवा प्रवाह गर्न बनेको विधेयकमाथि जो सैद्धान्तिक छलफलमा भाग लिएर जुन अमूल्य सुझाव दिनु भएको छ, यसका लागि माननीय सदस्यज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । र थप सुझाव सल्लाह दिएर मलाई एकदमै राम्रो कर्णाली प्रदेशका १७ लाख जनतालाई उचित स्वास्थ्य सेवा दिनको लागि प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्नको निम्ति यो अत्यन्त ऐतिहासिक कानूनको रुपमा स्थापित गर्न यहाँहरुको सहयोग र सदभावको खाँचो हुन्छ । यसका लागि पनि आशा र अपेक्षा गर्न चाहन्छु । अब जाँहासम्म माननीय अम्मरबहादुर थापाज्यूले आफूले छलफलमा भाग लिदा उठाउनु भएको कुरा छ । यसमा यो डकुमेन्टमा व्यापक व्यवस्था छ । माननीयज्यूले पक्का पढ्नु भको छ । यसका यो धारा २३, २४, २५ मा ३ ओटा धारामा कुरा उल्लेख गर्या छ । प्रजनन स्वास्थ्यको अधिकार, मातृ स्वास्थ्यको अधिकार, बाल स्वास्थ्यको अधिकार हरेक २ वर्षसम्म अनिवार्य दुध खुवाउनुपर्ने व्यवस्थादेखि लिएर सबै एकदमै स्पष्टरुपमा व्यवस्था गरिएको छ । माननीय सदस्यज्यूलाई म जानकारी दिन चाहन्छु । यसमा केही अझ थप कुरा छ भने फेरि पनि समितिमा जान्छ नै । यसमा अझै राम्रो सुझाव प्राप्त हुने मैले अपेक्षा मैले गरेको छु । त्यसैगरी आधारभूत स्वास्थ्य सेवा पसल निःशुल्क हुने भन्ने कुरा दफा ३ मा परिच्छेद-३ को दफा १२ मा स्पष्ट उल्लेख गर्या छ । नेपालको संविधान अनुसार नेपाली नागरिकहरुका आधारभूत स्वास्थ्य सेवा निःशुल्क हुन्छ भन्ने उल्लेख गरेबमोजिम यो कानूनले पनि त्यो खालको परिकल्पना गर्या छ । र कर्णालीका नागरिकहरुलाई आधारभूत स्वास्थ्य सेवा विल्कुलै निःशुल्क हुन्छ । भन्ने कुरा उल्लेख गरिसक्या हुनाले माननीय सदस्यज्यूले दिनु भएको सुझावमा अझ थप उल्लेख गर्नु पर्छ कि पर्दैन माननीयज्यूले आफै पनि हेरेर फेरि थप सुझाव दिन म आग्रह गर्न चाहन्छु । त्यसैगरी माननीय गोपाल शर्माज्यूले पनि अत्यन्तै राम्रो सुझाव दिनु भएको छ । यसका लागि माननीयज्यूलाई पनि धन्यवाद दिन चाहन्छु । अब यो विधेयक आवश्यकै थियो । किनभने स्वास्थ्य सेवा भनेको जनताको आधारभूत अधिकारको कुरा पनि भयो । र संविधानका मौलिक अधिकारका मौलिक अधिकारमा व्यवस्था भको चिज पनि भयो । त्यो भको नाताले हामीले स्वास्थ्य सेवालाई कसरी व्यवस्थित गर्न सकिन्छ । स्वास्थ्यको कानुनै नभएको होईन । संघीय स्वास्थ्य कानून छन् । अहिलेपनि नयाँ कानून आईसकेको जारी भईसक्या छ । तर पनि प्रदेशको आफ्नो परिवेशमा प्रदेशको आफ्नै मौलिकतामा अझ स्वास्थ्य सेवालाई कसरी प्रभावकारी वनाउन सकिन्छ भनेर यो स्वास्थ्य सेवा ऐन हामीले व्यापक छलफल, अत्यन्तै विज्ञहरुको सुझाव, राय, सल्लाह स्वास्थ्य क्षेत्रमा काम गर्ने संघसंस्थाहरुको पनि निकै सरसल्लाह Even माननीयज्यूहरुसँग पनि सरसल्लाह गरेरै अनौपचारीकरुपमा भएका सरसल्लाहवाट नै यो विधेयक जन्मिएको म यहाँहरुलाई अनुरोध गर्न चाहन्छु । र यो कतिपय नीजि संस्थाहरुको मनोवली छ भन्ने कुरा छ यो सत्य पनि छ । यसलाई यो विधेयकले अत्यन्तै परिच्छेद-६ को दफा २६,२७,२८,२९ र ३० मा अझ फेरि स्पष्टै उल्लेख गर्या छ । यसमा के भन्या छ भने मापदण्ड पालना गर्नुपर्ने कुराहरु प्रष्टै लेख्या छ । दफा नियमन खारेजीका कुराहरु पनि नीजि संस्थाहरुका वारेमा पनि स्पष्ट उल्लेख गर्या छ । त्यसपछि अरुभन्दा उनीहरुले सञ्चालन गरेको अस्पतालमा भएका शैयाहरुको १० प्रतिशत शैया निःशुल्क गरी जनताको लागि छुट्याउनुपर्छ भन्ने कुराको व्यवस्था पनि त्याहाँ गरिएको छ । र कष्ट जति हो अहिलेसम्म पनि कतिपय संस्थाहरुले आफ्नो कति लाग्छ सेवा शुल्क उल्लेख नगरिएको पाईन्छ । अव यो कानूनमा स्पष्ट सुरुमै

बिरामीलाई जानकारी प्राप्त हुनुपर्छ । डक्टरले चेकअप गर्दा कति लाग्छ । यो कुन-कुन सेवा दिएबापत् कति नागरिकले त्यो तिर्नुपर्ने हो । पहिलै वडापत्र जारी गरेर त्यो पनि स्पष्टरुपमा नागरिकलाई जानकारी दिनुपर्छ भन्ने लगायतका व्यवस्था यो विधेयकमा भको छ । विधेयक अत्यन्तै मेहेनत गरेर ल्याएको हो । यसमा अझै पनि थप माननीयज्यूहरुको विज्ञता, थुप्रै संघसंस्थाहरुको स्वास्थ्यसँग सम्वन्ध संघसंस्था एक्सपर्टहरु पनि आम नागरिकहरुको सञ्चारकर्मीको थुप्रै थप सुझावको पनि मैले अपेक्षा गर्या छु । भन्दै यो उसमा सैद्धान्तिक छलफलमा भाग लिएर अमुल्य सुझाव दिनुभकोमा माननीयज्यूलाई माननीय सभामुखज्यूमार्फत् फेरि पनि धन्यवाद दिँदै विदा हुन्छु । नमस्कार ।

**माननीय सभामुखः** माननीय सदस्यहरु कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री दल रावलले सभामा प्रस्तुत गर्नु भएको प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ माथिको सामान्य छलफल समाप्त भएको जानकारी गराउछु । माननीय सदस्यहरु अव म कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री दल रावललाई प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ लाई थप छलफलको लागि सामाजिक विकास समितिमा पठाईयोस् भनी प्रस्ताव पेश गर्न समय दिन्छु ।

**सामाजिक विकास मन्त्री माननीय श्री दल रावल :** माननीय सभामुखज्यू, प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ माथि सभामा सामान्य छलफल भएको र दफावार छलफलको लागि कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १०७ को उपनियम १ को खण्ड ख वमोजिम यस सभावाट सामाजिक विकास समितिमा पठाईयोस भनी सम्माननीय सभासमक्ष प्रस्ताव गर्दछु । धन्यवाद ।

**माननीय सभामुख** : माननीय सदस्यहरु, कर्णाली प्रदेश सभा नियमावली २०७४ को परिच्छेद १५ व्यवस्थापन कार्यविधिको नियम १०९ को उपनियम १ अनुसार प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ मा संशोधनको सूचना पेश गर्न चाहनुहुने माननीय सदस्यहरुलाई ७२ घण्टाको समय सिमा प्रारम्भ भएको व्यहोरा जानकारी गराउछु । माननीय सदस्यहरु अव म कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री दल रावलले सभामा प्रस्तुत गर्नुभएको प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ लाई सामाजिक विकास समितिमा थप छलफलका लागि पठाईयोस भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने मानननीय सदस्यहरुले हुन्छ भन्नुहोला । यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भननुहोस् । यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस । हुन्न भन्ने आवाज सुनिएन । तसर्थ प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ थप छलफलको लागि सामाजिक विकास समितिमा पठाईयोस भन्ने प्रस्ताव सर्वसम्मतीले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब म कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री दल रावललाई प्रदेशमा खेलकुदको विकास सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ का सम्वन्धमा कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १२० को उपनियम २ को खण्ड क वमोजिम प्रतिवेदन सहित विधेयक माथि छलफल गरियोस भनी सभामा सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**सामाजिक विकास मन्त्री माननीय श्री दल रावल :** माननीय सभामुखज्यू सम्मानित सभावाट प्रदेश सरकारका तर्फवाट पेश भएको प्रदेशमा खेलकुदको विकासका सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ प्रदेश सभाको बैठकवाट विषयगत समितिमा पठाउने निर्णय भएको र सामाजिक विकास समितिमा छलफल भई सभामा प्राप्त भएकोले कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १२० को उपनियम २ को खण्ड क वमोजिम प्रतिवेदन सहित विधेयक माथि सभामा छलफल गरियोस भनी सम्माननीत सभामा प्रस्ताव गर्दछु धन्यवाद ।

**माननीय सभामुख** : माननीय सदस्यहरु, अव म कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री दल रावलले सभामा पेश गर्नु भएको प्रदेशमा खेलकुदको विकास सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि प्रतिवेदन सहित विधेयक माथिको छलफलका लागि समय निर्धारण गरेको छु । माननीय सदस्यहरु प्रदेशमा खेलकुदको विकास सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि समितिको प्रतिवेदन सहितको छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरुले सभामुखको डाईसको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीहरुलाई नाम टिपाउनुहोला । माननीय सदस्यहरु कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री दल रावलले सभामा पेश गर्नु भएको प्रदेशमा खेलकुदको विकास सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि समितिको प्रतिवेदन सहित विधेयक माथिको छलफलमा कुनै पनि माननीय सदस्यहरुले भाग नलिनु भएकाले अव म कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री दल रावललाई प्रदेशमा खेलकुदको विकास सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ समितिको संशोधन प्रतिवेदन सहित कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १२१ वमोजिम पारित गरियोस भनी सभासमक्ष प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**सामाजिक विकास मन्त्री माननीय श्री दल रावलः** माननीय सभामुखज्यू प्रदेशमा खेलकुदको विकास सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि प्रदेश सभामा छलफल भैसकेकोले सामाजिक विकास समितिको प्रतिवेदनमा उल्लेख भएका संशोधन प्रस्ताव यो विधेयकको अङ्ग हुनेगरी समग्र विधेयक कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १२१ वमोजिम सम्मानित सभावाट पारित गरियोस भनी प्रस्ताव गर्दछु धन्यवाद ।

**माननीय सभामुख :** माननीय सदस्यहरु, अव म कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री दल रावलले सभामा प्रस्तुत गर्नु भएको प्रदेशमा खेलकुद विकास सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ लाई समितिको संशोधन प्रतिवेदन सहित पारित गरियोस भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला । यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस । यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस । हुन्न भन्ने आवाज सुनिएन । तसर्थ प्रदेशमा खेलकुदको विकास सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ सामाजिक विकास समितिको प्रतिवेदनमा उल्लेख भएका संशोधनको प्रस्ताव विधेयकको अङ्ग हुनेगरी समग्र विधेयक पारित गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले पारित भएको घोषणा गर्दछु । माननीय सदस्यहरु अव म प्रदेश सभा नियमावली २०७४ को नियम दोस्रो संशोधन सम्वन्धमा गठित नियमावली संशोधन समितिका अध्यक्ष माननीय श्री धर्मराज रेग्मीलाई समितिको प्रतिवेदन सभासमक्ष पेश गर्न अनुमति दिन्छु ।

**माननीय श्री धर्मराज रेग्मीः** माननीय सभामुख महोदय प्रदेश सभा नियमावली २०७४ लाई संशोधन गर्ने सन्दर्भमा मिति २०७६ /०३/१३ गते वसेको प्रदेश सभाको चौथो अधिवेशनको १३ औ बैठकवाट माननीय धर्मराज रेग्मी, माननीय दीनवन्धु श्रेष्ठ र माननीय देवी वली सम्मिलित नियमावली संशोधन समिति गठन भएको मा समितिको मिति २०७६/०३/१८ गते जेष्ठ सदस्य माननीय दीनवन्धु श्रेष्ठको अध्यक्षतामा वसेको पहिलो बैठकले मलाई समितिको सर्वसम्मतीले अध्यक्ष चयन गरेको थियो । उक्त समितिको प्रतिवेदन म माननीय सभामुखज्यूको अनुमतिले यस सभामा प्रस्तुत गर्न गईरहेको छु । समितिको जम्मा ५ ओटा बैठक वसेकोमा त्यसको संक्षिप्त विवरण यस प्रकार छ । सभाका सबै माननीय सदस्यज्यूहरुलाई कर्णाली प्रदेश सभा नियमावली अध्ययन गरी परिमार्जन गर्नुपर्ने विषयहरु समावेश गरी प्रथम पटक ७ दिनभित्र समितिमा लिखित सुझाव पेश गर्न अनुरोध गरी सूचना जारी गरिएको थियो । नियमावली संशोधन छलफलको लागि समितिका सदस्यहरुलाई वर्तमान नियमावलीको प्रति लगायत आवश्यक कागजातहरु सचिवालयले उपलव्ध गराएको थियो । सभाका सबै माननीय सदस्यहरुलाई पुन अर्को पटक नियमावली संशोधनका लागि सुझावहरु पठाउन सूचना जारी गरिएको थियो । ततपश्चात कर्णाली प्रदेश सभा नियमावली २०७४ मा रहेको प्रावधानहरु अद्योपान्त अध्ययन गरी सुधार गर्नुपर्ने विषयहरुलाई समितिका माननीय सदस्यहरुवाट पहिचान गर्ने कार्य भए पश्चात समितिमा रहनु भएका माननीय सदस्यहरु वाहेक सभाका अन्य सदस्यहरुवाट प्राप्त हुने सुझावहरु र अन्य प्रदेश सभाका वियमावलीहरुमा उल्लेखित कुनै उपयुक्त प्रावधान भए सो समेतको तुलनात्मक अध्ययन गरी एकमुष्ट संशोधनका विषयहरु समावेश गरी प्रतिवेदन लेखन कार्य प्रारम्भ भएकोमा माननीय सदस्यहरुवाट लिखितरुपमा कुनै सुझाव प्राप्ति भएन । नं. ५ ततपश्चात समितिको सचिवालयवाट तयार भएको संशोधन प्रस्ताव सहितको मस्यौदा प्रतिवेदन माथि व्यापक छलफल भई देहायवमोजिम उललेखित विषय वाहेक प्रतिवेदनमा उल्लेखित संख्या १ देखि ३९ सम्मका संशोधनका विषयहरु सर्वसम्मत पारित गरी सभामा पेश गर्ने निर्णय भए वमोजिम यो प्रतिवेदन पेश गरेको छु । नं. ६ यसका अतिरिक्त देहाएका विषयहरुमा सभावाटै निर्णय हुनुपर्ने व्यहोरा समेत यस प्रतिवेदन मार्फत् गर्दछु । समितकिो अध्यक्ष वा सभापति के राख्ने सन्दर्भमा यस प्रतिवेदनमा समितिको अध्यक्षको सट्टा सभापति रहने उल्लेख भएकोमा पूर्ववत अध्यक्ष रहने भन्ने समितिका सदस्य माननीय देवी ओलीज्यूको फरक मत रहेको छ । ख) समितिको विधायिकि अधिकार विधेयकको दफावार छलफल विधायन समितिमा भई सोको सभामा प्रतिवेदन गर्ने पूर्ववत प्रावधान यथावतै राख्ने वा विधायिकि अधिकार वा आफ्नो विशेष क्षेत्रमा सबै समितिले प्रयोग गर्ने भन्ने विषयमा सभावाटै टुङ्गो लगाउनुपर्ने विषय सर्वसम्मतीरुपमा पेश गरेको छु । अन्तमा समितिको बैठकमा सक्रियपूर्वक भाग लिई सहयोग पुर्याउनुहुने समितिका सदस्य माननीय दीनवन्धु श्रेष्ठ र माननीय देवी ओली समितिका माननीय सदस्यहरु र प्रदेश सभा सचिवालयलाई धन्यवाद दिन चाहन्छु । त्यसैगरी समितिलाई सद्भाव र निर्देशन प्रदान गर्नुहुने माननीय सभामुखज्यू माननीय उपसभामुखज्यू र माननीयज्यूहरु प्रति र प्रतिवेदन लेखन लगायतका समितिका बैठकका कामहरुमा सहयोग पुर्याउने समग्र सचिवालयलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । धेरै धन्यवाद ।

**माननीय सभामुख** : माननीय सदस्यहरु, अब यो बैठक २०७६ साल असोज १० गते शुक्रवार दिनको ३ बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

# बैठक संख्या-३३

(२०७६ साल असोज १० गते शुक्रबार)

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरु, कर्णाली प्रदेश प्रदेश सभाको चौंथो अधिवेशनको ३३ औ बैठकको कार्यवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरु अब म कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री महेन्द्रबहादुर शाहीलाई कर्णाली प्रदेशको आर्थिक वर्ष २०७४/७५ को महालेखा परिक्षकको वार्षिक प्रतिवेदन सभा समक्ष पेश गर्न समय दिन्छु ।

**मुख्यमन्त्री माननीय श्री महेन्द्रबहादुर शाही** : आ .व २०७४/७५ को वार्षिक प्रतिवेदन सभा समक्ष पेश गर्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरु कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री महेन्द्रबहादुर शाहीले सभामा पेश गर्नु भएको कर्णाली प्रदेशको आर्थिक वर्ष २०७४/७५ को लेखा परीक्षकको वार्षिक प्रतिवेदन प्रदेश सभा अन्तर्गत गठित सार्वजनिक लेखा समितिमा छलफलका लागि पठाउन म प्रदेश सभा सचिव लाई म निर्देशन गर्छु । माननीय सदस्यहरु अव म कर्णाली प्रदेश सभा नियमावली २०७४ को दोस्रो संशोधन प्रतिवेदन माथि सामान्य छलफलका लागि प्रस्ताव पेश गर्न संशोधन समितिका माननीय श्री धर्मराज रेग्मीलाई समय दिन्छु ।

**माननीय श्री धर्मराज रेग्मी :** माननीय सभामुखज्यू, माननीय सभामुखज्यूको अनुमतिले समयानुकुल कर्णाली प्रदेश सभा नियमावली २०७४ संशोधन गर्न आवश्यक देखिएकोले कर्णाली प्रदेश नियमावली २०७४ को नियम १०६ बमोजिम सभामा सामान्य छलफल गरियोस भनी सभा समक्ष प्रस्ताव गर्दछु । धन्यवाद ।

**माननीय सभामुख** :माननीय सदस्यहरु कर्णाली प्रदेश नियमावली २०७४ को दोस्रो संशोधन प्रतिवेदन माथि सामान्य छलफलका लागि नियमावली संशोधन समितिका अध्यक्ष माननीय श्री धर्मराज रेग्मीले सभा समक्ष पेश गर्नु भएको नियमावली संशोधन प्रतिवेदन माथिको सामाननीय छलफल प्रारम्भ हुन्छ । सर्वप्रथम माननीय श्री सिताकुमारी नेपाली । समय ७ मिनेट ।

**माननीय श्री सिताकुमारी नेपाली** : माननीय सभामुख महोदय प्रदेश सभा नियमावली २०७४ को दोस्रो संशोधनको प्रतिवेदन संशोधन माथि हामी सामान्य छलफलमा छौ । र यो नियमावलीको दोस्रो संशोधनको लागि यो गरिमामय संसदवाट ३ सदस्यीय समिति बनेको थियो । त्यो ३ सदस्यीय समितिलाई सर्वप्रथम म धन्यवाद दिन चाहन्छु । अत्यन्तै मेहनत गरेर यो नियमावली संशोधन गर्नुपर्ने कुराहरु सहित यो प्रतिवेदन ल्याउनु भएको छ । र आज हामी सामान्य छलफलमा सहभागी छौ । र सामान्य छलफलमा सहभागी हुदैगर्दा मैले केही कुराहरु राख्नुपर्छ । जस्तो मलाई लागेको छ । र यसमा संघीय संसदको नियमावली पनि छन् । प्रतिनिधिसभा राष्ट्रियसभाको नियमावलीसँग मेल खानेगरी कतिपय ठाउँमा ७४ को नियमावलीमा समावेश गर्नुपर्ने विषयहरु भएको र कतिपय छुटेका कुराहरुलाई यहाँ समावेश गरेको मैले देखेको छु । र मलाई भन्न मन लाग्यो । यो नियमावलीमा संशोधन समिति जो बनेको थियो । एउटा विशेष समिति । यो नियमावलीमा संशोधन गर्नका निम्ति त्यो समिति बनेको हो । तर यो नियमावलीको प्रतिवेदन हेर्दै गर्दा संशोधन होईन पुरैको पुरै दफा हटाईएको छ । पुरैको पुरै दफा हटाउन मिल्छ कि मिल्दैन र एउटा पुरै

परिच्छेद थपिएको छ र हटाईएको छ । पुरैको पुरै दफा हटाउन मिल्छ कि मिल्दैन र एउटा पुरै परिच्छेद थपिएको छ र अव खै मैलेत त्यो मेरो अध्ययनमा अहिलेसम्म जानकारीमा छैन । त्यो जानकारी नभएको विषय यहाँ त्यो संघीय संसदको नियमावलीमा पनि मैले त्यो देखिन । र प्रदेशको अगाडिको नियमावलीमा पनि छैन । र अहिले संशोधन जो समिति बनेको थियो त्यो संशोधन समितिले सभाको गोप्य बैठक वस्ने कुरा नयाँ परिच्छेद थपेर, थुप्रै उपदफाहरु थपेर यहाँ ल्याउनु भएको छ । सबै माननीयज्यूहरुले यो विषय पढन सक्नु हुन्छ । र कतिपय शव्दहरु मिलाउनुपर्ने छ र कतिपय शव्दहरु मिलाउँदाखेरी केही शव्दहरु झिक्ने कुरा र केही शव्दहरु संशोधन गर्ने कुरा त्यो ठिकै छ । तर कतिपय दफाहरु त्याहाँ हुँदाहुदै पनि त्यो पुरै दफा हटाएर त्यही दफामा भएका धेरै वाक्यहरु त्यही राखेर केही वाक्य फेरि थपियो थपिएको छ । यो गर्न मिल्छ कि मिल्दैन । संशोधनमा त जस्तो अगाडि नियमावलीमा भएको विषय छ त्यो नियमावलीमा भएको विषयमा भएको कुरा नहटाईकन पछि थप्नुपर्ने जुन कुरा हो । थप्नुपर्ने कुरालाईसमावेश गर्नुपर्ने हो त्यो नभईकन पहिलाको सबै दफा हटाएर फेरि नयाँ कुरा भनेर अर्को क्रम संख्या मिलाउने गरी नयाँ थप्नु भएको छ त्यो अनुसार अव दफावार हिसावले जाउला उई सामान्य छलफलमै छौ । र दफावार हिसावले जादाखेरी हामी हाम्रो राईटको कुरा पनि हो । अधिकारको कुरा पनि हो । यसमा हाम्रो नियमावलीले व्यवस्था पनि गरेको छ । नियमावलीलाई संशोधन गर्नका निम्ति विधेयकको जुन प्रक्रिया छ त्यो विधेयकको प्रक्रिया अनुसारै यो नियमावलीको संशोधन गर्न ७२ घण्टा पनि लाग्ला र त्यतिवेला हामीले संशोधनको प्रक्रिया पनि संशोधनको प्रक्रिया पनि अगाडि जाउँला र दफावार हिसावले के कुन भनेर हामीले यहाँ साविकको नियम १५० को सट्टा देहाएको देहाए वमोजिमको नियम राख्ने भनेर विषयगत समितिको काम, कर्तव्य र अधिकार भनेर राखिएको छ । यो नियमावलीमा बिशेषत विषयगत समितिको काम भनेर लेखिएको छ । र यसमा चाँई सबै दफाहरु हटाईएको छ । यसमा र नयाँ दफाहरु राखिएको छ । यो गर्न मिल्छ कि मिल्दैन । र प्रत्यायोजित व्यवस्था सम्वन्धी कार्य गर्दा ध्यान राख्नपर्ने नियमहरु पनि यहाँ उल्लेख गरिएको छ । र त्याँहा थुप्रै छ नियमहरु पनि मैले पढि पनि सकिन र मैले यी कुराहरु राख्दै एउटा विषयमा अलि वढि मेरो ध्यान आकर्षण पनि भएको छ । त्यो नियमावली समितिको म संयोजक पनि थिएँ । र संयोजक हुदै गर्दाखेरी हामीले गरिमामय संसदवाट माननीयज्यूहरुले संशोधन गर्नुपर्यो । भन्ने प्रश्न पनि उठाउनु भयो । र त्यो प्रश्न सँगै हामीले त्यो नियमावलीमा संशोधन गरेका थियौं । समितिका सभापतिको ठाउँमा समितिका अध्यक्षहरु राख्ने भनेर हामीले त्यतिवेला संशोधन गरेका थियौं । र यो नियमावली संशोधन समितिले यो सदनमा ल्याउदाखेरी अध्यक्षको ठाउमा सभापति राख्ने भनेर ल्याएको छ । र यसमा महिला प्रतिनिधिज्यूले महिला सदस्यज्यूले फरक मत पनि राख्नु भएको छ । यो सभापति र अध्यक्ष को विषयमा यति धेरै संशोधन गर्नुपर्ने के आवश्यकता खड्कियो । हामीले सुनिरहेका छौ सभापति र अध्यक्ष भन्दा सभापतिको जति वज हुन्छ त्यति अध्यक्षको हुदैन रे । त्यसो भएत स्थानीय तहका अध्यक्षहरु भएको भैगोत किन स्थानीय तहको अध्यक्षहरु राख्ने सबै ठाउँ सभापति वनाईदिए भैगो त । कतिपय संयोजक पनि हुन्छ । सभापति राख्दा वजन हुने अध्यक्ष राख्दा वजन नहुने भन्ने प्रश्न होईन यो । यो लैङ्गिक प्रश्न पनि हो । जेण्डर व्यालेन्स पनि गर्नुपर्ने आवश्यकता हुन्छ । विगतका ऐनहरु संशोधन पनि भएका छन् । जेण्डर व्यालेन्स पनि गर्नेगरी विगतमा प्रयोग गर्ने शव्दहरुलाई अहिलेको आवश्यकता अनुसार शव्दहरु चयन भएका पनि छन् । महिलामैत्री नियमावली संघीय संसद र अरु प्रदेशहरुले सभापति राख्दैगर्दा कर्णाली प्रदेशले अध्यक्ष राख्दाखेरी त्यसको गरिमा घटेको हैन यसको गरिमा वढेको छ । अध्यक्ष भन्दा खेरी तपाईहरुले भिन्नै गर्नु भएछ ।हो हाम्रो कर्णाली प्रदेश अरु प्रदेश भन्दा भिन्नै छ । यहाँको छुट्टै विशेषता छ । हामीले त्यो विशेषतामा गर्भ पनि गरेका छौ । हामीले थुप्रै नयाँ अभ्यास पनि गरेका छौ । यो पनि एउटा नयाँ अभ्यास हो । अनि यो एउटा नयाँ

अभ्यास भएको होईन । मैले पुरुष नभनिकन समितिको अध्यक्ष भन्दाखेरी त्यसको गरिमा घटने कुरा होईन त्यसैले गर्दाखेरी समितिको सभापति भन्ने जुन संशोधन ल्याउनु भएको छ । समितिको सभापति होईन कि नियमावलीमा जे छ समितिको अध्यक्ष नै कायम हुनुपर्छ । यो कर्णाली प्रदेशको महिला माननीय सबैको एउटै आवाज हो । महिला माननीयज्यूहरुले आज यो विषयमा वोल्न नाम त लेखाउनु भएको छैन । र महिला माननीयहरुको तर्फवाट म राख्न चाहन्छु । यो सभापति होईन अध्यक्ष नै हुनुपर्छ । भन्ने कुरा राख्दै आफ्ना प्रदेश नियमावली २०७५ को संशोधन माथिको सामान्य छलफलवाट विदा हुन चाहन्छु । हवस्त धन्यवाद ।

**माननीय सभामुख** :माननीय श्री धर्मराज रेग्मी ।

**माननीय श्री धर्मराज रेग्मीः** माननीय सभामुख महोदय, प्रदेश सभा नियमावली २०७४ लाई संशोधन गर्ने सन्दर्भमा मिति २०७६ /०३/१३ गते वसेको प्रदेश सभाको चौथो अधिवेशनको १३ औ बैठकवाट माननीय धर्मराज रेग्मी, माननीय दीनवन्धु श्रेष्ठ र माननीय देवी सम्मिलित नियमावली संशोधन समिति गठन भएको मा समितिको मिति २०७६/०३/१८ गते जेष्ठ सदस्य माननीय दीनवन्धु श्रेष्ठको अध्यक्षतामा वसेको पहिलो बैठकले मलाई समितिको सर्वसम्मतीले अध्यक्ष चयन गरेको थियो । उक्त समितिको प्रतिवेदन म माननीय सभामुखज्यूको अनुमतिले यस सभामा प्रस्तुत गर्न गईरहेको छु । समितिको जम्मा ५ ओटा बैठक वसेकोमा त्यसको संक्षिप्त विवरण यस प्रकार छ । सभाका सबै माननीय सदस्यज्यूहरु लाई कर्णाली प्रदेश सभा नियमावली अध्ययन गरी परिमार्जन गर्नुपर्ने विषयहरु समावेश गरी प्रथम पटक ७ दिनभित्र समितिमा लिखित सुझाव पेश गर्न अनुरोध गरी सूचना जारी गएिको थियो । नियमावली संशोधन छलफलको लागि समितिका सदस्यहरुलाई वर्तमान नियमावलीको प्रति लगायत आवश्यक कागजातहरु सचिवालयले उपलव्ध गराएको थियो । सभाका सबै माननीय सदस्यहरुलाई पुन अर्को पटक नियमावली संशोधनका लागि सुझावहरु पठाउन सूचना जारी गरिएको थियो । ततपश्चात कर्णाली प्रदेश सभा नियमावली २०७४ मा रहेको प्रावधानहरु अद्योपान्त अध्ययन गरी सुधार गर्नुपर्ने विषयहरुलाई समितिका माननीय सदस्यहरुवाट पहिचान गर्ने कार्य भए पश्चात समितिमा रहनु भएका माननीय सदस्यहरु वाहेक सभाका अन्य सदस्यहरुवाट प्राप्त हुने सुझावहरु र अन्य प्रदेश सभाका वियमावलीहरुमा उल्लेखित कुनै उपयुक्त प्रावधान भए सो समेतको तुलनात्मक अध्ययन गरी एकमुष्ट संशोधनका विषयहरु समावेश गरी प्रतिवेदन लेखन कार्य प्रारम्भ भएकोमा माननीय सदस्यहरुवाट लिखितरुपमा कुनै सुझाव प्रप्ति भएन । नं. ५ ततपश्चात समितिको सचिवालयवाट तयार भएको संशोधन प्रस्ताव सहितको मस्यौदा प्रतिवेदन माथि व्यापक छलफल भई देहायवमोजिम उललेखित विषय वाहेक प्रतिवेदनमा उल्लेखित संख्या १ देखि ३९सम्मका संशोधनका विषयहरु सर्वसम्मत पारित गरी सभामा पेश गर्ने निर्णय भए वमोजिम यो प्रतिवेदन पेश गरेको छु । नं. ६ यसका अतिरिक्त देहाएका विषयहरुमा सभावाटै निर्णय हुनुपर्ने व्यहोरा समेत यस प्रतिवेदन मार्फत् गर्दछु । समितकिो अध्यक्ष वा सभापति के राख्ने सन्दर्भमा यस प्रतिवेदनमा समितिको अध्यक्षको सट्टा सभापति रहने उल्लेख भएकोमा पूववत अध्यक्ष रहने भन्ने समितिका सदस्य माननीय देवी ओलीज्यूको फरक मत रहेको छ । ख) समितिको विधायिकि अधिकार विधेयकको दफावार छलफल विधायन समितिमा भई सोको सभामा प्रतिवेदन गर्ने पूर्ववत प्रावधान यथावतै राख्ने वा विधायिकि अधिकार वा आफ्नो विशेष क्षेत्रमा सबै समितिले प्रयोग गर्ने भन्ने विषयमा सभावाटै टुङ्गो लगाउनुपर्ने विषय सर्वसम्मतीरुपमा पेश गरेको छु । अन्तमा समितिको बैठकमा सक्रियपूर्वक भाग लिई सहयोग पुर्याउनुहुने समितिका सदस्य माननीय दीनवन्धु श्रेष्ठ र माननीय देवी ओली समितिका माननीय सदस्यहरु र प्रदेश सभा सचिवालयलाई धन्यवाद दिन चाहन्छु । त्यसैगरी समितिलाई सदभाव र निर्देशन प्रदान गर्नुहुने

माननीय सभामखज्यू माननीय उपसभामुखज्यू र माननीयज्यूहरु प्रति र प्रतिवेदन लेखन लगायतका समितिका बैठकका कामहरुमा सहयोग पुर्याउने सजग्र सचिवालयलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । धेरै धन्यवाद ।

**माननीय सभामुख** : माननीय सदस्यहरु कर्णाली प्रदेश सभा नियमावली २०७४ को दोस्रो संशोधन प्रतिवेदन माथिको सामान्य छलफल आजै समाप्त हुने भएकोले छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरुले आ-आफ्नो नाम सभामुखको डायसको बायाँतर्फ रहेका कर्मचारीहरुकोमा टिपाउनुहोला । अब माननीय श्री अम्मरबहादुर थापा ।

**माननीय श्री अम्मरबहादुर थापाः-** माननीय सभामुख महोदय, आज यो कर्णाली प्रदेशसभाको नियमावली, २०७४ दोस्रो संशोधनमा हामी सहभागी भएका छौं र यसमा वास्तवमै यो संसदले नै एउटा समिति गठन गर्यौं र त्यो समितिले धेरै दुःख उठाएर यो संशोधन प्रतिवेदन ल्याएको छ । यसको लागि म समितिका मित्रहरूलाई धन्यवाद दिन चाहान्छु र एउटा कुरा यहाँ अघि पूर्व माननीयले भने जस्तै कुनै पनि ऐन कानूनहरूको संशोधन गर्नुपर्दा त्यहाँ भित्र रहेका दफा यतिको उपदफा यति नमिलेको हुनाले हटाइएको छ भन्ने कुरा राख्ने कुरा संशोधनको मान्यता हो । यो कारणले यो दफा राख्न नपर्ने पुष्ट्याइ सँगैको प्रतिवेदनले त्यो पुष्ट्याइ सक्यो । यहि भएर त्यो उपदफा संशोधन गर्न सकिन्छ तर नियमावली नै पूरै संशोधन गर्ने भन्ने कुरा यसले अल्लि गर्न सक्दैन कि, पूरै दफै हटाइ दिने र त्यसमा चाहिने एकदमै नमिलेका कुरा छन भने मात्रै त्यसलाई पुष्ट्याइ गरेर हटाउने कुरा हो तर त्यहाँ पुष्ट्याइ पनि छैन र सिरिप चाहिँने यसको सट्टा राखिएको छ भन्नेछ । सट्टाबाट राख्दा खेरि चाहिँने पुरै हटाएर अर्को दफावार राख्ने काम, कर्तव्य र अधिकार प्रयोग गर्ने छ भनिएको छ, त्यसो भएको हुनाले नियमावली, २०७४ को संशोधन प्रतिवेदनमा पनि फेरि पनि यहाँ छलफल होला तर चाहिँ अलिकति त्यव मिलाएर जानेहोला, अहिले यो प्रतिवेदन नै सबै कुरा हो भन्ने कुरा पनि छैन । त्यो सम्बन्धी, त्यो समितिमा जाला, संशोधनका प्रस्तावहरू आउलान तर चाहिने राख्दा खेरी नै सकेसम्म समितिमै जाने नगरेर ल्याएको भन्ने भए हुन्थ्यो भन्ने मेरो मान्यता हो ।

दोस्रो कुरा, त्यो गोप्य बैठक भन्ने कुरा मैले काँही देखिन, यो त संसद भनेको खुल्ला हो । को को का बीचमा गोप्य गर्ने हो, त्यो पनि चाहिने उल्लेख छैन र के हो यो गोप्य बैठक भनेको त्यो थप्ने, थपेर गोप्य बैठक थपेर ल्याइएको छ ।यो के हो, यसको पुष्ट्याइ भएन । कुनै पनि संशोधन गर्न पर्यो भने त्यसको पुष्ट्याइ सहित आउन पर्छ । यो सिद्धान्त नै यो संशोधनको सिद्धान्त हो या त पुरै हटाउनु पर्योभने पनि त्यसको पुष्ट्याइ सहित आउन पर्छ । त्यसकारणले कुनै पनि संविधानको फलानो धारा संशोधन गरिनेछ, त्यसमा थप गरिनेछ । संविधान संशोधन गर्दा पनि त्यसो हुन्छ । ऐन कानून दफै उडाइएको जस्तो छ । साविकको नियम १५० को सट्टा देहायबमोजिम राखिएको छ । देहायबमोजिम भनेकोले गठन, समितिको गठनको क्रिया मात्र राख्छ। त्यसको काम, कर्तव्य र त्यसको अधिकार, त्यसले त्यहाँ राख्दैन । त्यसो भएको हुनाले समितिको त्यहाँ काम, कर्तव्य र अधिकारमा पनि एउटा कुरा थियो, विनियोजन बजेटको दफावार छलफलमा समितिले प्री-बजेटको छलफलको निमित्त सबै संसदहरूलाई राखेर छलफल गर्न सक्ने छ। त्यो प्री बजेटको विषयमा सम्बन्धित सदस्यको राय सल्लाह लिएर त्यसको सरकारलाई सुझाव दिनेछ । त्यो कुनै, त्यो कुनै ठाउँमा त्यो सबै ३/४/५ वटा त्यो सबै हटाइएको छ भन्दापनि त्यो सबै हटाइएको छ । यसले, १४५ ले गाइड गर्ने भन्या छ । त्यसकारणले अहिलेसम्म हामीले त्यो प्राक्टिस गरेनौ, नियमावलीमा लेखेपनि त्यो प्राक्टिकस गरेनौ । यहाँ भन्दा अगाडिको नियमावलीले भन्या थियो अर्थ समितिले प्री-बजेट छलफलको लागि सभाका सबै सदस्यहरूलाई बोलाएर छलफल गर्न सक्ने छ र त्यो छलफल गर्दा अर्थमन्त्रीलाई चाहिँने राखेर अर्थमन्त्रीलाई त्योअनुसार जाने वातावरण श्रीजना गर्नेछ भन्ने छ

र त्यो सबै कुरा उठाएर हाउसमै आउने भनेपछि यो हाउसमा आयो भने हाउसमा नै आउने हो । त्यो समितिले त्यहि निर्णय गर्न सक्दैन एउटा हाउसलाई सहज गर्नका निमित्त हाउसमा उठ्ने कुराहरूको विषयमा त्यहिनेर छलफल गरेर सहमति गरेर अगाडि बढ्ने कुराको र हाउसलाई बढी लेन्दी नबनाउने र त्यो हाउसलाई सहज बनाएर अगाडि बढ्ने कुरा गर्ने कुरालाई अहिले हटाएर मैले सुन्या छु । हाउसमै प्री-बजेट छलफल गर्ने भन्ने छ, प्री-बजेट दफावार छलफल यी कुराहरूलाई त्यो हाउसको, त्यो छलफल गर्नलाई पनि काहीँ न काहीँ यो सभामुखले गर्नुपर्यो या कुनै समितिले गर्न त्यहाँ छलफल गरेर आउन उपर्युक्त हुन्छ त्यसकारणले एउटा कुरा छ ।

अर्को कुरा, विधेयकहरू सकेसम्म अहिले त्यो तोकिया छैन, मैले सुन्या थिएँ त्यहाँ अन्यत्र तोकिया रहेनछतर तोक्दा खेरी हाउसले तोके बमोजिम त्यो त हाउसले तोके बमोजिम कै हुन्छ । यसमा आपत्ती नै छैन तर विधायिका, हामी सबै विधायिका हौं, यो संघीय संसद देखि लिएर सबै ठाउँको प्राक्टिस केहो भन्दा सम्बन्धित समितिले त्यसका कार्य क्षेत्र भित्र पर्ने समितिले पेश गरेका विधेयकहरू त्यो समितिमा छलफल हुन्छन् । त्यो छलफल भै सकेपछि मात्रै प्रतिवेदनको रूपमा हाउसमा आउँछ र त्यो हाउसले पास गरेर अगाडि बढ्ने या त्यसलाई के गर्न सकिन्छ त्यो त सरकारको अधिकार फिर्ता गर्दिने पनि हाउसले अधिकार राख्छ । त्यसो भएको हुनाले त्यो कुरालाई पनि विधायन समितिले मात्र गर्न पर्छ भन्ने चर्चा चलाइएक छ । विधायन समितिले आफ्नो कार्यक्षेत्र कानून मन्त्रालय, विधायन समितिको मातहतमा पर्छ । कानून मन्त्रालयले ल्याउयने विधेयकहरू त्यो विधायन समितिमा आउँछन् । त्यो अरू समितिमा जानु पर्ने होइन । त्यसैले मैले यसको सैद्धान्तिक कुरा के गरेको हुँ भन्दा सबै हामी विधायिका हौं । हामी सबै समितिहरूले त्यहाँ भित्र छलफल गरेर त्यसको त्यसो भए के अर्थ समितिको काम अर्थमन्त्रालयले गर्ने कामको गतिविधिहरू हेर्ने मात्रै हो । के त्यो कामलाई अर्थमन्त्रालयले गरे जस्तै अरू समितिहरू मन्त्रालय जस्तै गर्ने हुन र, होयन त्यसैले हाम्रो काम, कर्तव्य विधेयक माथि विशेष किसिमको छलफल गरेर त्यहाँ छलफल गरेर हाउसमा ल्याउने विशेष किसिमले अगाडि बढ्ने प्रक्रिया हो । त्यो प्रक्रियालाई अगाडि बढ्नु पर्छ त्यो भएको हुनाले हामीले सहज यी समिति बनाउनको औचित्य पनि त्यहि हो कि हाउसलाई सहज होस्, हाउसलाई सबै कुराले व्यवस्थित गरेर ल्याउन सकियो र सबैको रायसल्लाहले त्यो हाउसमा पेश भयो प्रतिवेदन भने त्यो प्रतिवेदनमा छलफल गरिरहनु पर्दैन । कतिपय कुराहरू अहिले पनि हामीले धेरै कुराहरू पास गरेर गइ रहेको छ । त्यसो भएको हुनाले त्यो आधारमा अगाडि बढ्न उपर्यूक्त हुन्छ भन्ने सुझाव राख्न चाहान्छु, धन्यवाद !

**माननीय सभामुखः-** अब माननीय श्री यामलाल कंडेल ।

**माननीय श्री यामलाल कंडेलः-** माननीय सभामुख महोदय, हामी सञ्चालन हुने वा संसद सञ्चालन हुने नियमावलीको दोस्रो संशोधनको छलफलमा म सहभागी छु । सम्भवतः कर्णाली प्रदेशको सभामा पेश भैरहेका विधेयकका सम्बन्धमा वा यस्ता प्रतिवेदनमा यो मेरो पहिलो सहभागिता हो जस्तो लाग्यो । यद्यपी प्रस्तोता माननीय सदस्यहरूले गम्भीरतापूर्वक छलफल गरेर नै यो प्रतिवेदन यहाँ प्रस्तुत भएको होला भन्ने मैले विश्वास लिएको छु । अहिले नै मेरो निश्कर्ष त सुनाउनु अलि हतार हुन्छ । किनभने माननीय सदस्यहरूले लामो छलफल गरेर प्राप्त गरेको प्रतिवेदन यो संस्था सञ्चालन गर्का निम्ति र प्रभावकारी बनाउनकै निम्ति बनाइएको कुरा होला, बुझ्न बाँकी छ, छलफलमा भाग लिन बाँकी छ । त्यसकारणले निश्कर्ष सुनाउन अलि हतारो हुन्छ, त्यसकारणले मेरो धारणा त मैले बनाइ रहेको छैन । धारणाका रूपले मैले प्रस्तुत गरित रहेको छैन तर आफैलाई आफूसमेत रहेर सञ्चालन गर्नुपर्ने नियमावली प्रस्तुत भै सकेपछि सबैको छलफलका निम्ति २-३ वटा विषय मैले सभासमक्ष माननीय सभामुखज्यूमार्फत् राख्न खोजेको हो ।

हामीले जस्तो बनायौं, जस्तो बनाए पनि आजसम्म हामी २०७४ को नियमावली अनुसार चलिरहेका छौं । त्यतिबेला पनि मलाई लाग्छ, गम्भीरतापूर्वक हामीले एक-आपसमा वा संसदमा चलायौं, त्यस अनुसार आजसम्म चलिआएको छौं । संशवधनको समयक्रम बदलिन सक्छ, राखिएको कुरा हटाइन सक्छ, नभएका कुरा थपिन सक्छ, यो सामान्य कुरा हो । यो तत्कालिन आवश्यकताले चाहिँ बोध ग र्ने कुरा हो तर एकछोटी प्रचलनमा आइसकेको कुरा अगाडि बढ्नका निम्ति यदि असजिलो छ वा छैन भने अफ्ठ्यारो परि रहेको छैन भने त्यता पछि संशोधनका नाममा ध्यानाकर्षण गर्ने कुरा नगर्दा राम्रो हुन्छ जस्तो लाग्छ । मलाई चाहिँ नम्बर १ किन संशोधन हामी यसकारले गर्छौं कि भैरहेको व्यवस्थाबाट कहाँ रोकिएको छ वा भै रहेको व्यवस्थाबाट समस्याको संवोधन भएको छैन, त्यसकारणले हामी नयाँ व्यवस्थाको विषयमा छलफल गर्न सक्छौं । त्यसको सदा उपयोग हुन्छ तर जुन विषय यस्ता छन्, जुन विषय यस्ता छन् भने त्यता र आकर्षित गरेर फेरि नयाँ छलफल किन हामी यात्रा गरि सकियो त दुई वर्षको यहाँसम्म आइसकियो त त्यस्तो गर्ने कुरा जसन कुनै संशोधनका नाममा गरियो भने त्यो चाहिँ त्यसले बढि छलफल गर्छ । नम्बर १, नम्बर २ आज सम्म हामीले नियमावलीले व्यवस्था गरेको जेजे अभ्यास गरिसकियो संसदले गर्यौं, समितिले गर्यौं, संसदका पदाधिकारीहरूले गरिरहनु भएको छ भने त्यो अधिकार आजको कामसम्पादन गर्दा खेरि चाहिँ तितरवितर भएको छ भने छलफल गर्न सकिन्छ, कुराकानी गर्न सकिन्छ, फेरबदल गर्न सकिन्छ, छलफल गर्न सकिन्छ, नयाँ व्यवस्था गर्न कसिन्छ तर त्यसले केही गरिरहेको छैन भने आजसम्म प्रयोग गरिरहेको अधिकार, आजसम्म परिभाषित गरिएको कार्यक्षेत्रले अहिलेको समयको मागलाई सम्बोधन गर्ने कुरामा कहिँकतै अफ्ठ्यारो छैन भने त्यता माग गर्छ । किनभने आजसम्म प्रयोग त भैसक्यो, आजसम्मको प्रयोग हामीले अफ्ठ्यारो गरिरहेको छ, असजिलो गरिरहेको छ, अगाडि बढ्ने कुरामा गाह्रो परिरहेको छ, छलफल चलाउन सकिन्छ तर आजसम्म प्रयोग गरिसकिएको जे व्यवस्था छ, त्यो व्यवस्थाले समस्या पारिरहेको छैन, छलफल गरिरहेको छैन भने त्यतापट्टि अहिले नै छलफल गर्ने कुरा हतारो हुन्छ ।

अर्को एउटा केही नयाँ व्यवस्थाको व्यवस्थाकै खराब कुरा हो तस म भन्दिन तर म यो सभासमक्ष ध्यानाकर्षण गराउन के चाहिरहेको हो त भन्दा विधेयक बनाउने तलदेखि माथिसम्मका आफ्ना-आफ्ना व्यवस्था छन्, आफ्ना-आफ-ना प्रचलन छन् । यो कर्णाली प्रदेशसभा आफैंमा सार्वभौम होस्, सबैको अनुभवलाई लिएर हामीले हाम्रो व्यवस्था गर्न सकिन्छ र हामीले हिजो बनाएको नियमावली बन्दा त्यतिबेला हामीलाई सहजीकरण गर्न आउने जो अनुभवी साथी हुनुहुन्थ्यो, उहाँसग पनि छलफल गर्दा केही मौलिकता र केही विशिष्टताका आधारबाट यो नियमावली बनाएका हौं । छलफल चलेको कुरा हो । आज मरो झट्ट फेरि त्यो राम्रो कि संसदलाई अझ परिपक्क, अझ चाहिँ केहो त भन्दाखेरि गर्नका निम्ति सदनमा सरकारले प्रस्तुत गरिसकेको विधेयक सदनमा छलफल गरेर फेरि जनतासँग समेत जाने बाटो यहाँ अवलम्बन गरेको मैले देखि रहेको छु । धेरै भन्दा धेरै जनतासँग सोध्ने कुरा एकदम राम्रो कुरा हो, छलफल चलाउने कुरा राम्रो कुरा हो, नियमावलीको व्यवस्था हुँदाहुँदै पनि हामीले अर्को अभ्यास पनि गरिरहेकै अवस्था हो । नियम बनाउँद सरकारले तत्कालको निम्ति कानूनी संवोधन गर्नका निम्ति म यहाँ जे बनाउँछु, प्रस्तुत गर्छु, त्यसबाट प्रभावित हुनेहरू प्रभावित हुने भनेको सकारात्मक र नकारात्मक ढङ्गले प्रभावित हुनेहरू स्टेप होल्डरहरू, यहाँको त्यति चलमलाएको मैले देखिरहेको छैन तर संघीय राजधानीतिर जति बेलास त्यहाँ कानून बन्थे, त्यसका सकारात्मक र नकारात्मक ढङ्गले प्रभाव पार्ने स्टेप होल्डरहरू हामी माननीय वा जनप्रतिनिधिहरू बीचमा विज्ञका नाममा होस्, प्रतिनिधिका नाममा होस्, छलफल गर्ने परिस्थिति अहिले पनि म ज्यूँका त्यट्टैं देख्छु जस्तो लाग्छ । कटुअनुभव त मेरो संविधानसभाको पनि केही अनुभव प्राप्त गर्ने एउटा कार्यकाल, यद्यपी त्यसले काम सकेन हामीलाई । हामी संविधानसभाका सदस्यलाई अलग-

अलग ठाउँमा लगेर सिकायो त केहीलाई कतै लगेर सिकायो, कोहिलाई कतै पट्टि लगेर सिकायो तर विधेयक एउटै छ, छलफल गर्ने थलो एउटै छ, पाटी एउटै छ । एउटै पाटीलाई अलग-अलग एउटै जातकालाई अलग-अलग एउटै ठाउँकालाई अलग-अलग सिकायो त त्यसले सिकाएको प्रतिफल संविधानसभामा देखियो त । ती त आज सबैको गम्भीरतापूर्वक हामी कस्तो सिस्टम बसाल्ने अलि छलफल चलाउ मेरो विचारमा मस्यौदा संसदमा मस्यौदा पेश गर्नुभन्दा अगाडि सरकारले प्राप्त छलफल गर्ने, त्यसलाई सार्वजनिक गर्ने, बहस छलफल गर्ने, गोष्टि गर्ने, विचार गोष्ठि गर्ने कुरा राम्रो छ तर त्यो त सरकारको पाटो भयो । त्यो सरकारले सोचि रहेको होला । हामी हाम्रो पाटोमा यहाँ छलफल गर्दैगर्दा यहाँ जे व्यवस्था गरिएको छ, त्यो व्यवस्था भयो भने कानून सबैका बारेमा सबैलाई चित्त बुझ्दो कानून र विधेयक आउन सक्छ । न संशोधन हाल्नेले संशोधन हाल्न सक्छ, हाल्दैन त त्यसकारणले हाम्रो कानून हाम्रो आवश्यकता अनुसार हाम्रो विशिष्टताअनुसार बनाउने कुरामा प्रभावित नहुने किसिमका विधिको अवलम्बन गरौं भन्ने हो । हामीलाई अहिलेसम्म सभा गोष्टी किन गरिरहेका छौं त सभा गोष्टीमा सबै माननीय सदस्यहरूको सरकारको सक्रिय सहभागिता छ । किन गरि रहेका छन् त विशुद्ध कर्णालीका निम्ति, विशुद्ध हामीलाई हाम्रो क्षमता अभिवृद्धिका निम्ति के आफ्ना निम्ति के त भन्दा मूल उद्देश्य कर्णालीका निम्ति मुलउद्देश्य भन्नका निम्ति कर्णालीका माननीय सदस्यहरूको क्षमता अभिवृद्धिको निम्ति केही न केही लिनको पनि त होला । कि त भनौं केही कसकैव साधन र स्रोतमा प्रयोग नगरीकन हामी विशुद्ध जनताका बीचमा आफ्नै साधन र स्रोतले मात्रै जाने गरी छलफल चलाउछौं कि भनौं । होइन हाम्रा पछाडि की बोकेर सभा चलाउनका निम्ति जाने हो भने साथी हो म सबैसँग गम्भीरतापूर्वक अनुरवध र आग्रह गर्न चाहान्छु, सदनमा पेश भैसकेपछि र माननीयहरूले सैद्धान्तिक छलफल गर्नुभन्दा अगाडि नै सार्वजनिक हुने हो भने म धेरै त्यसमा आपत्ति गर्दिन तर माननीय सदस्यहरू छलफलमा सामेल हुने माननीयहरूले त्यसमा संशोधनमा सामेल हुने माननीय सदस्यसमेतलाई समयले किटानी गर्ने, त्यसपछि विधेयक बोकेर सुझाव संकलन गर्न जाने कुरा जाँदैन नजाने कुरा त म कसरी भनौं, म यति मात्रै अनुरोध गर्न सक्छु । एकचोटी गम्भीरतापूर्वक सोचौं, एकचोटी गम्भीरतापूर्वक विचार गरौं । हामीले बनाएका सरकारी योजना त यस्ता योजना बनाउनु पर्योभनेर सिकाउँछन् तर यिनको व्यावसाय हुन्छ साथी हो । यहाँ हामीलाई कसैले कसैलाई विज्ञको हिसाबले सिकाउँछन्, साँच्चिकै त होला भनेर गरिन्छ । बुझ्दैजाँदा त्यहि मान्छे त्यहि धन्दा गर्छ । त्यसो भन्दा अलि धेरै पुग्ला तर मेरो यहि सदनभित्रको सदस्य भएको नाताले गरेको कारणले गर्दा यहाँ भनेको हुँ । त्यसकारणले जनतासँग कानूनलाई जोड्ने कुराका आधारमा गम्भीरतापूर्वक सोचौं, जे व्यवस्था छ, त्यहि व्यवस्थाका आधारबाट जाँदा जनताको कानून कर्णालीको कानून बनाउने कुराको कति भूमिका खेल्न सकिन्छ म यतापट्टि सबैको ध्यानाकर्षण गर्न चाहान्छु । एउटा अर्को विषय छ, विषय त धेरै छन्, म धेरै सभाको महत्वपूर्ण समय लिन चाहन्न, त्यसमा सबै माननीय सदस्यहरू जो यसका सदस्य हुनुहुन्छ । उहाँका बारेमा धेरै कुरा भन्ने भएन, यो मामिलामा उहाँहरू सबैसँग मैले सिक्न पर्ने पात्र हुँ, म त्यस् मान्छे हुँ, प्रदेशसभामा अनुभव सबैका लिऊँ, अझ सकेसम्म अझ यसलाई खुल्ला र पारदर्शी बनाउने बहस चलेको समय अहिले हो । केही संघीय सरकारका केही निश्चित मामिला छन्, त्यसको निश्चित मामिलाको छलफल त्यो ठाउँमा हुन्छ, त्यो त्यसमा म जानकार राख्छु तर समकक्षमा राखेर विगतमा व्यवस्थै थिएन ।

*(**माननीय सभामुखः-** समापन सेसन छ माननीय सदस्य, त्यसमा राखुहोला विचार, विषयमा केन्द्रित हुनुहोस् ।)*

**माननीय श्री यामलाल कँडेल :** विषयमै केन्द्रित हो सभामुख महोदय, तपाईंहरूले प्रतिवेदनमा एउटा व्यवस्था के गरिएको छ भने नयाँ व्यवस्थामा म विषयमा केन्द्रित हो । गोप्य बैठक भन्ने शीर्षक एउटा परिच्छेद छुट्ट्याइएको रहेछ, म त्यहाँभित्र धेरै जान चाहन्न अहिले । म धेरै त्यसमा जान चाहन्न । विगतको नियमावलीको व्यवस्था छैन, अब प्रस्तोताले यो हाम्रो दुई वर्षको अनुभवका आधारबाट गोप्य बैठक गर्नुपर्ने कुरा पाउनु भएछ भने मैले पनि त्यसको समर्थन गरौंला त्यस्तो के विषय आएछन्, के विषय रहेछन्, के विषय छलफल गर्नुपर्ने रहेछ, हामी छलफल गरौंला तर म विनम्रतापूर्वक म अनुरोध र आग्रह गर्न चाहान्छु कि त्यले पढ्दा, त्यसले सुन्दा यो प्रदेश बैठक, प्रदेशसभाको बैठक, निर्णय गर्ने हामीले नै हो । जुनसुकै विषयमा कि अरू निर्णयमा अरू सहभागी भएको भए हुन्थ्यो, त्यसकारणले त्यो शीर्षकले हामीप्रति सकारात्मक सोच दिँदैन, सकारात्मक सोच दिँदैन । यसकारणले म यसकारणले अहिले निष्कर्ष सुनाइ राखेको छैन, किनकी प्रस्तोताहरूले यसकारणले यसको आवश्यकता ठानियो, यसकारणले यसको जरूरत ठानियो भन्नु भयो भने मैले प्रस्तुत गरेका भनाईहरूमा पुनर्विचार गर्ने कुरा धारणा बनाउने कुरा उपर्युक्त रहेछ भन्ने कुरा गर्न नै पर्ने हुन्छ । किनकी बन्द दिमाग राखेर छलफलमा भागलिने कुरा हुँदैन । तर म फेरि पनि अनुरोध गर्न चाहान्छु कि यो आज्ञै होइन, समयमा दोस्रो, तेस्रो, चौथो होला हाम्रै कार्यकालमा पनि तर सभाले न्यूनतम अनुभूति नै नगरेका कतिपय नयाँ विषय संशोधनका नाममा ल्याउने कुरा नयाँ लेखन भए अनुभवका आधारबाट, यो ठाउँका आधारबाट त्यो ठाउँका आधारबाट हुन सकिन्थ्यो तर हामी २०७४ को नियमावलीमा टेकेर नयाँ संशोधनमा भाग लिँदैछौं भने हामीलाई यो अनुभवका आधारबाट र व्यवहारका आधारबाट खड्केका विषय संशोधनमा ल्याइयो भने ती बढी व्यवहारिक हुन्छन्, यिनै कुरा मैले सभामुखमार्फत् सभाको ध्यानाकर्षण गरेर विदा हुन चाहन्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदशेसभा नियमावली, २०७४ को दोस्रो संशोधन प्रतिवेदनमाथिको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएको प्रश्नहरूको जवाफ दिन नियमावली संशोधन समितिका सदस्य माननीय श्री धर्मराज रेग्मीलाई समय दिन्छु ।

**माननीय श्री धर्मराज रेग्मीः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेशसभाको नियमावली, २०७४ को दोस्रो संशोधनको सन्दर्भमा यसको सामान्य छलफलमा भाग लिनु हुने माननीय सीता नेपाली, माननीय अम्मरबहादुर थापा र माननीय यामलाल कंडेलज्यूले राख्नु भएका महत्वपूर्ण भनाइहरूप्रति म छलफलमा सहभागी हुनु भएकोमा यहाँहरूप्रति म हार्दिक आभार व्यक्त गर्न चाहान्छु । प्रदेशसभाले यो नियमावली संशोधन समिति, यो सभाबाट पारित भएर संशोधन समितिको जिम्मा हामी ३ जना माननीयहरूलाई यसको जिम्मा दिइसकेपछि संयोगले समितिको संयोजकको जिम्मा सदस्यज्यूहरूले मलाई दिनुभयो । छलफलमा २/३ वटा विषयहरू संशोधनको मैले अलिकति ब्याकग्राउण्ड भन्नु पर्छ, सभामुख महोदय । हामीले नियमावली, २०७४ बनाइसकेपछि, २०७४ चाहिँ प्रदेशसभा स्थापना भएको सुरूको सन्दर्भमा हामीले बनाथ्यौं । कतिपय कुराहरू प्राक्टिसबाट हामीले केही काम गर्दै जाने सन्दर्भमा केही प्रदेशसभाका कामकारबाहीहरूका सन्दर्भमा, केही चाहिँ नियमावलीको अभ्यास गर्ने सवालमा, केही अफठ्याराहरू, केही सजिलाहरू, केही चिजहरु खड्किसकेपछि नियमावली हामी संशोधन गर्ने ठाउँमा पुग्यौं, सभामुख महोदय । प्रदेशसभा पुगेर प्रदेशसभालाई नियमावली संशोधन गर्नुपर्छ भन्ने विषय खड्केको कारणले प्रदेशसभाले यो समिति बनायो र हामी चाहिँ आज यो अवस्थामा आइपुग्या छौं, त्यसो हुँदा यो नियमावली प्रदेशसभामा उत्पन्न भएको समिति हो । यो निमायवली चाहिँ प्रदेशसभाको आफ्नो बिल हो, सभामुख महोदय । यो बिल यद्यपी यो विधेयक होइन, सभामुख महोदय तर यो प्रदेशसभामा उत्पन्न भएको जुन चाहीँ नियमावली छ, यो यसको आफ्नो बिजनेस हो, त्यसो हुँदाखेरी यो सभाले महत्वपूर्ण जिम्मेवारी हाम्रो समितिलाई दियो र

हाम्रो समितिले सकेसम्म हामीले सभामुख महोदय मैले हिजो प्रतिवेदनमा अनुरोध गर्या छु । दुई पटक हामीले माननीय सदस्यज्यूहरूलाई Message मार्फत् अनुरोध गर्दा दुर्भाग्यको कुरा लिखित जानकारी त धेरै परको कुरा हो मौखिकरूपमा पनि कुनै पनि माननीयज्यूहरूको त्यसमा चाहिँ सुझाव आएन सभामुख महोदय । त्यो सुझाव आएको सन्दर्भमा भएको भए फरक ढङ्गले हुन्थ्यो त्यो दुर्भाग्यपूर्ण कुरा हो । यद्यपी माननीयज्यूहरूले जुन अहिले सैद्धान्तिक छलफलमा भाग लिदा जुन चासो व्यक्त गर्नुभयो र त्यो चासो यसको फरदर प्रोसेसको लागि त्यो धेरै महत्वपूर्ण छ । त्यो गाइडलाइन्स सभामुख महोदय । यहि सभाले पारित गरेर समिति बनायो तर चाहिँ माननीय सदस्यज्यूहरूले त्यसमा सुझाव दिनु भएन यो चिन्ताको विषय हो सभामुख महोदय । यहाँ उत्पन्न विधेयक भैसकेपछि उत्पन्न यो चाहिँ नियमावलीलाई प्रोसेसेको बारेमा सभामुखले निर्धारण गरेको प्रक्रिया बमोजिम वा नियमित विधेयक सरह जाने यसको चाहिँ दुई वटा प्रोसेस रहेछ, सभामुख महोदय, २/३ ओटा कुराहरू राखे सभामुख महोदय । जो नियमावली संशोधनमा पुरै व्यवस्था हटाइएको छ कि छैन भनेर भन्यो भने पूरै व्यवस्था हटाइएको छैन सभामुख महोदय । नियमावली संशोधनमा केही व षय पहिले नै इन्डिकेट भएको भए माननीयज्यूहरूको संशोधन केही आएको भए ति दफाहरू मात्रै चाहिँ हामीले चलाउन हुन्थ्यो, सभामुख महोदय । केही माननीयज्यूहरूको त्यो संशोधन केहीमा पनि छैन । त्यसो हुँदाखेरि हामीले नियमावलीमा राखेर प्राक्टिसमा आएका केही समस्या हामीले प्रत्यक्ष, अप्रत्यक्षरूपमा माननीयज्यूहरूसँग गरेको छलफल, सभामा सभामुख, उपसभामुखले दिनुभएको मार्गनिर्देशन हामीले माननीयज्यूहरूसँग गरेको छलफलको आधारमा समितिले एउटा निचोडमा पुगेर हाउसमा यो डकुमेन्ट ल्याउनु पर्थ्यो । त्यसकारण यो डकुमेन्ट हाउसमा ल्यायौ र समग्र हाउसबाट समग्र माननीयज्यूहरू छलफलबाट, यसमा चाहिँ छुट्ने अथवा माननीयज्यूहरूको विचार यसमा नआउने भएन यो फरदर प्रोसेसमा उहाँहरूको विचार आउने भयो, सभामुख महोदय । जस्तो गोप्य बैठकका बारेमा २ वटा कुरा भयो एउटा चाहिँ गोप्य बैठकको व्यवस्था यसमा नयाँ थपियो सभामुख महोदय । यसमा नयाँ किन थपियो भन्दा हामीले सचिवालयसम्बन्धी विधेयक बनाइ सक्यौं । केही विषयहरू यसमा हटाउनुपर्ने थियो । सचिवालयसम्बन्धी पहिले चाहिँ सचिवालयसम्बन्धी कार्यान्वयन गर्ने कार्य पनि यसले गर्थ्यो, व्यवस्थापन समितिलगायत कामहरू पछि सचिवालयसम्बन्धी विधेयक आएपछि केही कुराहरू यसबाट हटाउनु पर्थ्यो । हामीले पनि ति कुराहरू यो नियमावलीबाट हटाएका छौं । गोप्य बैठकका सन्दर्भमा प्रदेशसभा नियमावली, २०७५ को त्यो व्यवस्था छ, सभामुख महोदय, त्यसमा हामीले त्यसको रिफरेन्सको रूपमा २/३ वटा विषयहरू प्रदेशमा पनि केही परिवर्तन छ, जस्तो सुरक्षा लगायतका विषयहरू प्रदेशका विषयमा पनि केही छलफल गर्नु पर्ने भयो भने गोप्य बैठक त्यो गर्नु सकिन्छ । त्यसमा मुख्यमन्त्रीले अनुरोध र सभामुखले अनुमति दिएमा भन्ने प्रावधान चाहिँ छलफलको लागि हामीले यसमा राखेका छौं । सभामुख महोदय, प्रदेशसभा नियमावलीको यो नियममा यो व्यवस्था छ । यो हामीले छलफलका लागि राख्या छौं । यद्यपी संसदको खुल्ला छलफललाई अन्त्य गरेर कतै गोप्य छलफलतिर मात्रै संसद जान खोजेको हो कि नियमावलीमा भन्यो भने मेरो बुझाइमा चाहिँ त्यो होइन, सभामुख महोदय, खुल्ला छलफलका सबै विषयहरू यसमा खुला छन् । त्यसपछि यसमा एउटा महत्वपूर्ण विषयवस्तु भयो, माननीयज्यूहरूले राखुन भएको छ, यो सभापनि कि अध्यक्ष भन्ने बारेमा प्रचलित नियमावलीमा हामीले अध्यक्षको व्यवस्था राखेका रहेछौं । यसमा प्रतिनिधिसभाको नियमावली स्थापित परम्परा आदिका आधारमा समितिमा माननीय देवी ओलीले फरक मत राख्दा राख्दै पनि समितिले चाहिँ उहाँको फरक मत सहित समतिले चाहिँ सभापतिको कुरा चाहिँ सिफारिस गरेर प्रस्तुत गरेको छ । यसमा यो हाउसमा छलफलको विषय होला तर यसमा कतै जेण्डर बाइस भएर समितिले चाहिँ जेण्डर बाइस भएको आधारमा लैङ्गिक रूपमा चाहिँ समितिले यो राखौं कि त्यो राखौं भनेर भन्दापनि राष्ट्रपति प्रचलनमा भैरहेको प्रतिनिधिसभामा

चाहिँ सभापति प्रचलनमा भैरहेको स्थापित मान्यता यो नै भयो भने पछि हामीले सभापती राख्दा जेण्डर बाइस हुँदैन । प्रतिनिधिसभाका सबै समितिहरूको नेतृत्व अधिकार समितिको महिला माननीयहरूले हुँदाहुँदै पनि समितिमा चाहिँ सभापति भएको आदि कुरा यहाँहरूको भावना बुझेर पनि हामीले चाहिँ जेण्डर बाइस यहाँ कहिँकतै छैन । विधायनको एउटा व्यवस्था रहेछ, प्रतिवेदनहरू सभाले सभामुख महोदय, अघिल्लो नियमावलीले चाहिँ विधायनको प्रतिवेदन बाहेक विधेयकका हकमा अरू प्रतिवेदन त हाम्रो प्रचलित हाम्रो प्राक्टिस हामीले सबै ठाउँमा दिने गर्यो तर विधायनको प्रतिवेदन बाहेक विधेयकका हकमा त अरू प्रतिवेदन त यहि अहिले कै व्यवस्था चिन्दैन त त्यसले तसले तर्क भन्छ भने विधायनको प्रतिवेदन सहित विधेयक ल्याएर आउनुहोस् भनेर भन्छ । हामीले अभ्यासत् सबै समितिबाट विधेयक ल्याउने गर्यौं, यद्यपी लेखा बाहेक तर भैरहेको व्यवस्था त के छ भने पछि हामीले भैरहेको व्यवस्था यो छ भनेर भनेको मात्रै हो । हामीले विधायनको प्रतिवेदन सहित ल्याउनुहोस् भन्यौ भने सबे विधेयकहरू विधायनबाट आउनुपर्ने व्यवस्था छ । हामीले बनाएको नियमावलीमा विधायनको प्रतिवेदन भन्दा अरू विधेयकका हकमा चाहिँ नियमावलीले प्रचलित नियमावलीले चाहिने हुँदैन त त्यो कुरा त सत्य हो । पूर्व बजेटका हकमा हामीले के गर्यौं भने पूर्व बजेट हाउसमा दुई वटा पूर्व बजेट माथि हामीले छलफल गर्दा हाउसमा जे स्थापित हाम्रो चाहिँ मान्यता छ त्यो स्थापित मान्यता हामीले हाउसमा चाहिँ छलफल चलायौं । हाउसबाट पूर्वबजेट चाहिँ दुई पटक हामीले अभ्यास गरिसकेका छौं भनेपछि नियमावलीमा यो कुरा हामीले क्लियर लेख्नुपर्छ भनेर चाहिँ हामीले यो प्रावधान चाहिँ स्थापित के भन्यौं भने हामीले अघिल्लो पटकका छलफलहरू अभ्यास र प्रचलित व्यवस्था माथि हामीले हामीहरूको प्रचलित व्यवस्थाका आधारमा हाउसमै छलफल गर्यौं यद्यपी यसको साइजको आधारमा हाउसमा हामीहरूले ४० जनाको हाउसमा हुँदाखेरी स्थापित अहिलेको दुई वटा बजेटमा हामीले गरेका प्राक्टिसको आधारमा यसलाई प्रदेशसभामा चाहिँ हाउसबाट टुङ्ग्याउदाँ खेरी बजेटलाई छरितो हुन्छ भनेर पनि यो त्यहि स्थापित प्रक्रियाको आधारमा गरियो । त्यसो भएको हुँदा मैले यति कुराहरू राखेर मैले बाँकी कुराहरू यसको छलफलका सन्दर्भमा माननीयज्यूहरूले महत्वपूर्ण कुरा राख्नु भएको छ यसको पुष्टयाइ छ, छुन पूरै हटाएको हो होइन समितिमा जाने गरि ल्याएको भए हुन्थ्यो । प्री बजेटको छलफल, सभापित/अध्यक्ष लगायतका विषयहरूमा बाँकी प्रक्रियागत रूपमा चाहिँ निश्चित यो निदृष्ट समितिमा गैसकेपछि माननीयज्यूहरूले यसमा छलफल गर्नुभएको छ र यहँहरूको छलफल त्यो समितिका लागि गाइडलाइन हुनेछ मैले यहि राखेर मैले महत्वपूर्ण यो सैद्धान्तिक विषयमा भाग लिइनु भएकोमा यहाँहरू प्रति आभार प्रकट गर्दै मलाई यो जिम्मेवारी दिनुभएकोमा यहाँहरू प्रति, म सभा प्रति आभार प्रकट गर्दै यति कुरा मैले यहि राख्छु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशसभा नियमावली, २०७४ को दोस्रो संशोधन प्रतिवेदन माथिको सामान्य छलफल समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरू, अब म नियमावली संशोधन समितिका अध्यक्ष माननीय श्री धर्मराज रेग्मीलाई कर्णाली प्रदेशसभा नियमावली, २०७४ को दोस्रो संशोधनको प्रतिवेदनका बुँदामाथि छलफलका लागि नियमावली संशोधन समितिमा पठाइयोस् भनि प्रस्ताव पेश गर्न समय दिन्छु।

**माननीय श्री धर्मराज रेग्मीः-** माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले कर्णाली प्रदेशसभा निमायवली, २०७४ को दोस्रो संशोधन प्रतिवेदन माथि सभामा सामान्य छलफल भएको र थप छलफलका लागि कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०७ को उपनियम (१) को खण्ड (ख) बमोजिम यस सभाबाट नियमावली संशोधन समितिमा पठाइयोस् भनि प्रस्ताव गर्दछु, धन्यवाद !

**माननीय सभामुखः-** माननीय सदस्यहरू, नियमावली संशोधन समितिका अध्यक्ष माननीय श्री धर्मराज रेग्मीले सभामा प्रस्तुत गर्नुभएको कर्णाली प्रदेशसभा नियमावली, २०७४ को दोस्रो संशोधन प्रतिवेदनका बुँदाहरू माथि छलफलका लागि निमायवली संशोधन समितिमा पठाइयोस् भन्ने प्रस्ताव निर्णयार्थ पेश गर्दछु ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नु होला ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला ।

फ्लोर- हुन्छ ।

यस प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

हुन्न भन्ने आवाज सुनिएन ।

तसर्थ, कर्णाली प्रदेशसभा नियमावली, २०७४ को दोस्रो संशोधन प्रतिवेदनका बुँदाहरू माथि छलफलका लागि नियमावली संशोधन समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, कर्णाली प्रदेशसभा नियमावली, २०७४ को दोस्रो संशोधन प्रतिवेदनमा संशोधनको सूचना पेश गर्न चाहनुहुने माननीय सदस्यहरूका लागि ७२ घण्टाको समय सीमा प्रारम्भ भएको व्यहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, यस सभाको मर्यादा र गरिमालाई कायम राख्न समय-समयमा रूलिङ्ग भैरहेको अवस्थामा पनि अझै यदाकदा संसदको मर्यादा र गरिमामा प्रश्न उठ्ने खालका शब्दहरू प्रयोगाम आइरहेका छन्, यस सन्दर्भमा सभामा मिति २०७६ असोज ९ गतेको ३२ औं बैठकको विशेष समयमा प्रयोग भएका यस प्रकारका शब्दहरूलाई म रेकर्डबाट हटाउन प्रदेशसभा सचिवालयलाई निर्देशन दिन्छु ।

केहो, माननीय सदस्य, बसौं, माननीय सदस्य, बसौं, बसौं, परेन माननीय सदस्य, बसौं ।

**माननीय श्री ठम्मरबहादुर बिष्टः-** यहि विषयमा मैले सभामुखमार्फत् सदनको ध्यानाकर्षण गरे ।

**माननीय सभामुखः-** अनुमति लिउँ माननीय सदस्य, बोल्नु भन्दा पहिले ।

**माननीय श्री ठम्मरबहादुर बिष्टः-** मैले अनुमति पाउँ माननीय सभामुखज्यू ।

**माननीय सभामुखः-** भन्नुहोस् ।

**माननीय श्री ठम्मरबहादुर बिष्टः-** विशेषगरी यो जो पूर्ववक्ता माननीयज्यूले भन्नुभयो यो सदनको नियमावलीको बीचमा टेकेर अब बीचमा जो भनिएको छ । अश्लिल वा अशिष्ट शब्दहरू वा आपत्तीजनक शब्दहरू नबोल्ने कुराहरू त्यसमा लेखिएको छ । पहिलो कुरा हिजो बोल्दैगर्दा त्यहाँ नियममा आपत्ती गरिएको छैन । उहाँले अर्को कोर्षमा बोल्नुभएको छ, दोस्रो कुरा म पनि त्यहि बीचमा टेकेर नियममा आपत्ती गर्दछु । उहाँहरूको कुरालाई किनकी अहिले यहाँ भन्दा अगाडि जतिपनि विपक्षी दलको नेताले बोल्नु भएको छ त्यसलाई रेकर्डमा ल्याइयोस्, रिप्ले गरियोस्, कम्यूनिष्ट पाटीको नाममा कति धज्जी उडाइएको छ । उहाँले त्यो गर्न मिल्छ कि मिल्दैन, नेपाली कांग्रेसलाई मैले कुनै आरोप लगाएको छैन, छ भने त्यहाँ शब्दमा हेरौं । केही पनि भनेको छैन । मैले गरेको बाहेक कुनै आरोप कुनै खालको या पाटीलाई मैले मुर्दावाद कुनै खालको चाहिने तपाईंको अपशब्द त मैले बोलेकै छैन नी । उहाँहरूले

लिएको मात्रै केहो भने उहाँहरूले जसरी चाहिँ सेवा सुविधा लिनु भयो त्यसमा संसद प्रति किन बोल्नु भएन माननीय प्रति किन बोल्नु भएन तपाईंको केहो, दोस्रो कुरा भनेको जसरी चाहिँ तपाईंको हामी त सँगसँगै छौं भने दुई वर्ष देखि तपाईंले चाहिँ अडान लिने त्यतिकै छोड्ने सरकारलाई त रचनात्मक आलौचना गर्नुहोस् न त्यसकारण यो ढङ्गले यसरी जाउँ भनेर त मैले उहाँहरूलाई मैले अझ सहयोगै पुगोस् कमसेकम त्यो हिसाबले सदनमा कति सहयोग हुन्छ । त्यो आफ्नो ठाउँमा छ कमसेकम त्यो पाटीलाई नै त्यो तपाईंहरू त्यो माथि उठाउँछ नी बाहिर पनि चलि आइराखेको छ । त्यसैले यसो नगरौ भनेर मैले त एउटा चाहिँ तपाईंको कुनै आवेगमा आएर बोलेको शब्द होइन कुनै त्यस्तो शव्द उहाँहरूले भन्नु भएको छैन । त्यसकारण अब यसरी हामीले बोलेको कुरालाई एकपछि अर्को कुनै न कुनै नाममा ताला लाउने हो भने सभामुख महोदय, हामीले बोल्ने जोश जाँगर कसरी आउँछ । जनताका प्रतिनिधिको यहाँ बहस हुने थलो पनि हो । त्यसमा हामीले अब कि त एउटा चाहिँ डिसिजन गरि यो योचाहिँ शब्दहरू बोल्न नपाइने भन्ने हामीलाई एउटा आउनु पर्यो । नत्र त कुनै न कुनै हिसाबले हामी त फेरि यो ४० जनालाई तपाईंको भोलि लाद्रे, अहिले ठम्मर बिष्टको मात्रै कुरा होइन । भोलि जसले बोल्दा खेरि यो त ४० जनालाई पुग्ने भार हो नि । त्यसले गर्दा खेरि यो कुरामा कुनै यो दम छैन । यदि म फेरि पनि सभामुखमार्फत् म आह्वान गर्न चाहान्छु । रिप्ले गर्ने हो भने अहिले चाहिँ २ वर्ष भयो सबै गरौं । मैले विशेषगरि भन्न चाहान्छु, कम्यूनिष्ट पाटीको नाममा एक एक छ । अहिले मैले त्यो नगरौं, जसरी धज्जी उडाइएको छ । उहाँले के भन्नु भएको छ भने पोलमा जसरी कुकुरले पिसाब फेर्छ त्यसरी नै हेलिकप्टरमा सरकार चल्छ के त्यो भन्न मिल्छ । आज मैले टोपी लाएर आएको छैन आज मैले टिसर्ट लाएर आएको छु, त्यो भन्न मिल्छ, त्यो संसदको चाहिँ मर्यादा भित्र पर्छ कि पर्दैन अनि यो चाहिँ...

**माननीय सभामुखः-** सकौं माननीय सदस्य ।

**माननीय श्री ठम्मरबहादुर बिष्टः-** जस्तो यो त यो चाहिँ कसरी यस्तो पनि होइन भन्नु भएको छ, त्यो मिल्छ कि मिल्दैन, त्यो हेरौ न । त्यसकारण उहाँले पछाडि चाहिँ तपाईंको सम्झना गर्न मिल्छ भने हामीले गर्ने कि नाई, त्यसो भएर हिजोको मात्रै कुरा होइन कि सबै हटाउ उहाँहरूले पनि बोलेको कुरा प्रतिपक्ष दलले बोलेको कुरा कि भने सबै रिप्ले गरेर कुन कुन हो त्यो गरौं, कि भने कुन कुन चाहिँ शब्द बोल्न हुने र नहुने त्यो कुरा चाहिँ आवश्यक जानकारी चाहियो ।

(**माननीय सभामुखः-** त्यस विषयमा माननीय सदस्यहरूले आपत्ती जनाउनु भयो भने त्यसमा हामी कुरा गरौंला, सकौ माननीय सदस्य ।)

**माननीय श्री ठम्मरबहादुर बिष्टः-** यो कुरामा मेरो आपत्ती छ यो हट्न हुन्न, धन्यवाद !

**माननीय सभामुखः-** के विषयमा माननीय सदस्य, बसौं, बसौं माननीय सदस्यहरू, राखौं ।

**माननीय श्री सिताकुमारी नेपालीः-** सभामुख महोदय, नियम आपत्तीको विषय जुन छ, नियमावलीको दफा २५ ले व्यवस्था गरेको छ । संसदमा अमर्यादित विषयहरूको यदि कुनै माननीयज्यूले उठाउनु हुन्छ भने त्यहि समयमै नियम आपत्ती गरिनुपर्छ तर त्यतिबेला नै त्यो रेक्डबाट हटाउनु पर्ने विषय हो भने त्यतिबेला नै हटाउनु पर्छ । त्योभन्दा पछिको समयमा तत्काल गरिनुपर्ने नभएर हिजो बोलेको कुरा आज हटाउने हो भने यो संसदमा हिजोका दिनमा धेरै कुराहरू त्यस्ता बोलिएका छन् । त्यो रेकर्ड हेर्न सकिन्छ । त्यसैले गर्दाखेरि नियमापत्ती, त्यो शब्द प्रयोग गरेकै अवस्थामा माननीयले बोल्दै गर्दा खेरी यदि उहाँले नियमापत्ती गर्नुहुन्थ्यो भने त्यो विषय कटाउने स्थिति बन्थ्यो तर हिजो बोलेको कुरा आज नियम आपत्ती केरे यो रेकर्डबाट हटाउने कुरा यो सान्दर्भिक छैन, धन्यवाद।

**माननीय सभामुखः-** बसौं माननीय सदस्य, माननीय सदस्यहरू मिति २०७६ जेठ १० गतेदेखि प्रारम्भ भएको चौंथो अधिवेशनको ३३ औं बैठकपछि यो अधिवेशन समापन हुन गइरहेको व्यहोरा जानकारी गराउँछु ।

यस अधिवेशनको समीक्षासहित आफ्ना विचारहरू सभासमक्ष राख्न माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउँछु ।

सर्वप्रथम माननीय श्री सोशिला शाही ।

**माननीय श्री सोशिला शाहीः-** माननीय सभामुख महोदय, चौथो अधिवेशनको ३३ औं बैठकमा उपस्थित भएका छौं र आज अधिवेशन अन्त्य पनि भन्ने कुरा जानकारी आएको छ । सभामुख महोदय, धेरै कुरा मैले गर्नु छैन, समीक्षा बारम्बार सदनमा कुराहरू उठिराखेका छन् । को मर्यादित कति छ र को मर्यादित कति छ भन्ने मूल्याङ्कन सभाले नै गर्ने छ । यसको कुरा हामीले बोलिराख्नु पर्ने केही त्यस्तो छैन जस्तो लाग्छ । र अर्को कुरा कस्तो छ भने यो आज लास्ट भको कारणले यो सदन हिउँदे वर्षे अधिवेशन अन्त्य हुने र हिउँदे अधिवेशन सुरु हुनको लागि सुरु हुने होला र मैले भन्न खोजेको सभामुख महोदय, धेरै कुराहरु छन् भन्नको लागि । तर के गर्नु ? भनेर पनि साध्य हुँदैन। लागू नै हुँदैनन् । त्यो कुराहरु लागू हुनुपर्छ । पहिला त मेरो मान्यता त्यो कुराहरु लागू भए भने कार्यान्वयन भए भने जुनसुकै विधि विधायनको हकमा हामी बोलिराख्दै जतिखेर पनि हामीले वकालत गरिराख्दै तै पनि लागू गर्ने कि नगर्ने भन्ने सन्दर्भमा यहाँ सभामुख महोदयमार्फत् भन्न चाहन्छु । सबैको आफ्नो आफ्नो मान छ । आफ्नो आफ्नो मर्यादा छ । र सभा अघि पनि छुटै मर्यादा छ । जनताको बोल्ने थलो हामीले के बोल्नुपर्छ, के बोल्नु हुँदैन भन्ने सबै माननीयज्यूहरुले पनि बुझ्नु भको नै छ । र बुझ्नु हुनेछ भन्ने म यहाँ सदनमार्फत् म भन्न चाहन्छु । म बढी जान्ने भएर हजुर समक्ष मैले सिकाउन खोजेको हैन तर किनभने एउटा मान्छे जन्मिसकेपछि कुन मान्छेको कति मान मर्यादा गर्नुपर्छ, कति गर्नुपर्दैन भन्ने मान्छेले नै बुझेको हुन्छ । मलाई लाग्छ, सभामुख महोदय, आज लगभग २ वर्ष पूरा हुन लागेको अब आउने माघमा २ वर्ष पूरा हुँदैछ र २ वर्ष अन्तरालमा हामीले के-के काम गयौं, के गरेनौ भन्ने समिक्षा पनि एकचोटी हुनुपर्थ्यो तर त्यो समिक्षा भएको छ कि छैन र त्यो जानकारी सदनमार्फत् पनि सभामुखमार्फत् र सरकारले पनि जानकारी दिनुपर्छ सदनलाई भन्ने म मान्यता राख्दछु । अहिलेसम्म कति प्रगति भको छ । कति आय–व्यय भको छ । कति भ्रष्टाचार भएको छ। कति अनियमितता भएको छ । यो सरकारले बुझ्नुपर्छ हुन्छ किनभने बुझेन भने भोलि सरकार कसैको पनि दाइजोले हुँदैन । जनता कसैका पनि निजी हुँदैनन् । ति जनताहरुले भोलि आफै निसाफ गर्नेछन् । हामी यो सदनमा बोलिराख्या छौं किनभने हामीले यस्तो काम गरेका छौं । उस्तो काम गरेका छौं भनी राख्या छौं तर जनताले नै त्यो तल, केरे त्यो–त्यो ठाउँमा गइसकेपछि भन्नेछन् कि यो काम गरेछन् । नेकपाले काम गरेको के छ नत ? के देखाए त भनने केरे जनताको मुखबाटै हजुरहरुले सुन्नुहुनेछ। हामीले भन्नुभन्दा पनि हामीले राम्रो काम गयौं भनेपछि जनताले नै एकदम प्रशंसा गर्नेछन् र गलत काम गयौं भने फेरि उनले नै गलत कामको लत्याइ गर्नेछन् । जनताले नै सही र गलत गर्नेलाई उनले नै सजाय दिनेछन् भन्न चाहन्छु । अर्को कुरा के हो भने म फेरि एक कुरा दोहोर्याएँ । मैले हिजोअस्ती मैले भनेको थिएँ । म कालिकोट जाँदै राख्दा म ठ्याक्कै गाडीबाट उत्रिनै लाग्दा ओहो सोशीला माननीय पनि त पैसा लिन आयो क्या भनेर भने । मैले त योजना पनि योजना त दिन्छैं । १/२ वटा योजना कता–कता मैले पनि दिएको थिएँ तर म त्यो पैसा लिनको लागि त्यो क्यारे त्यो ब्याग भर्नको लागि म कालिकोट गको थिएन । त्यहाँ जनताको समस्या के छ, कस्तो छ ? उहाँहरुले के बुझ्नुहुन्छ हामीलाई भन्ने मैले सोचेको थिएँ तर किनभने त्यो भन्दाखेरी त मलाई लाज लागेर आयो । किनभने यस्ता

कामहरु पनि चलिरहेको त्यो ठाउँबाट मैले सुनें र यस्ता कुराहरु सुन्नमा आएपछि भोलि सबै माननीयहरु हामी एकनासको छैनौं किनभने सबै माननीयहरु खल्ती भर्नको लागि मात्र आएका हैनन् । कोही जनताको सेवाको लागि आएको छन् र कोही आफ्नो त्यस्तो कस्तो मानसिकता बोकेर आउनु भा'छ, त्यो तपाईहरुले नै थाहा पाउनुहोस् । हैन त्यो किन भने भोलि यस्ता कुराहरु चले भने राम्रो चाहीं हुँदैन । अर्को कुरा के छ भने अब तुरुन्तको लागि हामी खटिने हो । अब यही कार्यकाल मात्रै हो । हामीले यति कार्यकालमा सम्पूर्ण गरिहाल्नुपर्छ । हामीले सम्पूर्ण घर पनि यतिखेर बनाउनुपर्छ र नेता पनि हामी यतिखेरैको लागि हो । हामीले त्यस्तो सोच्नु हुँदैन । हामीले क्षणिकको लागि सोच्यौं भनेपछि भोलि राम्रो पनि हुँदैन । सभामुखमार्फत् म केही भन्न चाहन्छु र रुप्समा जाँदै गर्दा त्यहाँको एउटा कुरा उठिराखेको थियो । पहिलाका मन्त्रीज्यूहरु आउनु भयो । कम्मल ओढायौं । हामीले ति मन्त्रीज्यूहरुले हामीलाई अहिले देखाएको हार्दिकता देखाएको खोइ त ? हामीलाई त त्यहाँ वचनबद्धता गर्नुभएको थियो १० लाख कति दिने भनेर हजुरुले त प्रतिबद्धता गर्नु भको रैछ । उहाँहरुले मलाई सुनाउनु भयो । तपाई कतिखेर तपाई हेलिकप्टर आउनु भएन ? तपाईलाई पनि त हेलिकप्टरमा आधा बाटासम्म छोडेर आए भनेर भन्दै हुनुहुन्थ्यो। नाई नाई म हेलिकप्टरबाट आको हैन । म त घुँडामा चोट लाएरै आको ३ चोटी चाहीं लडेकै हो भनेर मैले त्यहाँ चाहीं भनेको थिएँ । र यस्ता–यस्ता कुराहरु पनि त्यहाँ उठेका थिए । यस्ता कुराहरु नउठेन, राम्रो काम गर्नुपर्छ र मुख्यमन्त्रीसबै जमघट आको बेला तपाईलाई त माननीय मानेर सम्बोधन पनि गर्दैनन् क्याहो भन्नुभयो । मैले भने सम्बोधन त गरिराख्नु भको छ मलाई कत्रो सम्मान गरिराख्नु भको छ, जुन तपाईहरुले बुझ्नुभको छ । एकदम ठूलो सम्मान राख्नुभको छ भने मैले किनभने कसैलाई म नराम्रो गर्नै चाहन्न । त्यहाँ मलाई त्यहाँबाट राम्रै गरेर पठाउनु भो भनेर मैले भने हैन मैले नराम्रो भन्न चाहन्न । किनभने त्यस्ता नराम्रो भनेपछि भोलि यो सरकारमा भोलि एक जनाको मात्रै दाइजोला हुँदैन । भोलि अरु पनि छ्यासमिसे आए भनेपछि कुनै बेला यो पिडा मैले भोगेको पिडा हजुरहरु सबले बुझ्नु भको छ । र भन्न मात्रै सक्नुभको छैन कि सोशीलालाई के–के पिडा भको छ भने बुझ्नु भको छ । तर हजुरहरुले भन्नुभको छैन । आधाले त भनिसक्नु भको छ मलाई । यस्तो यस्तो भको छ हैन । तर दलको हिसाबले मलाई जुन यहाँ बारम्बार कुरा उठाइराख्याको छ । किनभने हजुरहरुले धेरैथोरै कुराहरु गर्नुहुन्छ, त्यहाँ ति कुराहरुमा सबैकुरा यहाँ भन्न चाहन्न । मैले मौका आयो भने म यी कुराहरु भन्नेछु । र हजुरहरुले बुझ्नु हुनेछ । भन्दै फेरि पनि यो विजयादशमी र दीपावलीको सम्पूर्ण देशवासीलाई म हार्दिक शुभकामना दिन चाहन्छु भन्दै आफ्ना दुई शब्द यही अन्त्य गर्न चाहन्छु । जय राष्ट्रवाद ।

**माननीय सभामुखः** माननीय श्री दीनबन्धु श्रेष्ठ ।

(बोलिसक्नुभयो माननीय सदस्य, बसौं, माननीय सदस्यले राम्रोसँग सुन्नुभाको होला । मैले फलानो माननीय सदस्य भनेर भनेको छैन। फलानो शब्द भनेको छैन । अर्मादित शब्द हटाउन भनेको छु, माननीय सदस्य बनौं । त्यस्ता शब्दहरु प्रयोग भका छन् । माननीय सदस्यहरु, बसौं, माननीय सदस्य बसौं, राम्रोसँग सुनेर प्रतिक्रिया दिउँ, बसौं ठीक छ । माननीय सदस्यले कुरा उठाउनु भको छ । अरु-अरु सन्दर्भमा पनि त्यस्तो भने भने नियमापत्ती गर्नुहोला । माननीय सदस्य बस्नुस्, यसै माननीय सदस्य जवाफ मैले दिइसकें। माननीय सदस्य हिजोको प्रदेश सभाको बैठकमा त्यस्ता शब्दहरु प्रयोग भएका छन्, केही शब्दहरु ति शब्दहरु सभाको रेकर्डबाट हटाउने भनेर मैले भनेको छु । माननीय सदस्य बसौं, माननीय सदस्यले मैले उठाउनु भो, यो शब्द प्रयोग गर्नु भो भनेर भनेको छु। बसौं, माननीय सदस्य बसौं, । माननीय सदस्य बसौं, बसौं माननीय सदस्य, अनुमति विना नै भन्नु भएन । माननीय सदस्य के भन्नु खोज्नुभयो ?

**माननीय श्री गोपाल शर्माः** सभामुख महोदय, खासगरी सभामुख महोदयले ३२ औं बैठकलाई कोड गरिसकेपछि हामी सबैले प्रष्ट रुपले बुझ्ने भाषा हिजोको सन्दर्भमा नेपाली कांग्रेसको संसदीय दल अथवा प्रतिपक्ष दलले उठाएको कुरालाई कोड गरेको देखिन्छ । हाम्रो ध्यान गम्भीररुपले केमा छ भने कुनै एउटा पक्षले उठाएको कुरालाई मात्रै सम्बोधन गर्ने हो भने त्यसप्रति सभामुख फेरि एकपक्षीय भएको जस्तो सन्देश जान्छ । सभामुख महोदय, यस्ता धेरै सन्दर्भहरु छन् । धेरै वटा यस्ता शब्दहरु छन्, प्रमुख प्रतिपक्ष दलको नेताको मात्रै । मैले अरुको भन्दैन । प्रमुख प्रतिपक्ष दलको नेताको मात्रै एकचोटी कोड गरेर हेरौं कि रिप्ले गरेर हेरौं उहाँले यस्ता अश्लील, उहाँले अश्लील होइन हिजो माननीय ठम्मर बिष्ट अथवा अरु कुनैले अश्लील शब्दहरु प्रयोग गर्नु भको छैन तर हामीले सुनेका शब्दहरु प्रमुख प्रतिपक्ष दलका नेताले यति धेरै अश्लील शब्दहरु प्रयोग गर्नुभको छ, जुन कुरा अमान्य, अमर्यादित धेरै थिए । त्यसकारण नियमापत्ती गर्ने कुरा माननीय सिता नेपालीले उठाएको कुरा नै सही हो । नियमापत्ती हो र तत्काल हटाउने कुरा हो भने तत्कालै गर्ने व्यवस्था नियमावलीमै छ । नियमावली विपरित सभामुखज्यूले जो रुलिङ्ग गर्नु भो यो चाहीं मेरो आफ्नो सन्दर्भमा पनि मैले पनि अलिकति टिप्पणी गर्न चाहें, सभामुख महोदय, यसले कम्तीमा सभामुखलाई पनि विवादित बनाउने सन्दर्भमा अलिकति बन्न सक्छ । यसलाई पुनर्विचार गरियोस् धन्यवाद ।

**माननीय सभामुखः** सुझावका लागि माननीय सदस्यलाई धन्यवाद छ । त्यस्ता शब्दहरु प्रयोग भएको माननीय सदस्यलाई लागेमा नियमापत्ती गर्नुपर्दछ । नियमापत्ती गर्नुभो भने त्यस विषयमा बसेर त्यसको विषयमा बुझेर निर्णय लिन सकिन्छ । माननीय सदस्य त्यो आगामी दिनमा हुने नै छ । माननीय सदस्यको कन्सर्नलाई पनि ध्यान दिएको छ । अब मन्तव्यको लागि माननीय श्री दीनबन्धु श्रेष्ठ ।

**माननीय श्री दीनबन्धु श्रेष्ठः** माननीय सभामुख महोदय, सर्वप्रथम त म २०७६ को वडादशैं, दीपावली एवम् छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण म हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु । हामी आज करिब–करिब जेठ १० गतेबाट सुरु भएको वर्षे अधिवेशन असोज १० समापनतिर गइरहेका छौं र यो ४ महिनाको अवधिभर हाम्रा विभिन्न विषयमा महत्वपूर्ण विषयमा यो प्रदेश सभामा छलफलहरु भयो र त्यसको समिक्षा पनि हुनुपर्थ्यो जस्तो पनि मलाई लाग्छ र अर्को कुरा यो हामीले करिब–करिब २ वर्षमा प्रवेश गर्दैछौं कर्णाली प्रदेशमा मलाई लाग्छ दुई तिहाईको सरकार बनिसकेपछि कर्णाली प्रदेशका जनताको अपेक्षा धेरै थियो होला तर हाम्रो जस्तो प्रदेशमा भौगोलिक विकटता छ । आर्थिकमा पछाडि छौं, सामाजिकमा पछाडि छौं, संस्कृतिमा पछाडि छौं, सबै दृष्टिकोणले हामीले चाहेको जस्तो प्रगति एकैचोटी हुन सम्भव छैन तर मलाई लाग्छ म जहिले पनि पोजिटिभ सकारात्मक हिसाबले अगाडि हेर्नुपर्छ भन्ने म चाहन्छु । त्यसैले प्रतिपक्षले जहिले पनि यो दुई तिहाईको सरकारका कर्णाली प्रदेशमा विकास निर्माणका कुरा हुनु कर्णाली प्रदेशका जनताका हितका कुरामा हुन्, हामीले पक्ष र विपक्ष नभनेर अगाडि बढेको स्थिति हो । हामी चाहन्छौँ विकास निर्माणमा र कर्णाली प्रदेशको प्रगति र विकासमा केही बाधक बन्नु हुँदैन । प्रतिपक्षको भूमिका भनेको सदनमा रोष्टम घेर्ने, नाराजुलुस गर्ने, विरोध गर्ने मात्रै होइन, तर प्रतिपक्षको पनि धर्म छ । प्रतिपक्षको पनि प्रतिपक्षको जिम्मा सत्ता पक्षको सरकार र प्रतिपक्षाको जिम्मा सदन हो । सरकारका कमी कमजोरीहरु प्रतिपक्षले रचनात्मक ढंगले अगाडि उठाएर सरकारलाई एउटा सक्रिय, जवाफदेहीता, जनताप्रति उत्तरदायी बनाउने कर्तव्य पनि प्रतिपक्षको हो । यलाई अर्को अर्थमा बुझिनु हुँदैन । मलाई लाग्छ, सभामुख महोदय, प्रतिपक्षले जहिले पनि सरकारलाई सरकार गलत बाटोतिर हिँडिरहेको छ कि छैन, सही बाटोमा गएको छ कि छैन, त्यलाई एउटा सरकारलाई घचघच्याउने काम पनि सरकारलाई सहयोग नै हो । यसले अलिकता सकारात्मक हिसाबले अगाडि लिनुपर्दछ जस्तो मलाई लाग्छ । अब हामीले यो

बीचमा तीनटा बजेटहरु पास गर्यौं । २०७४/०७५, २०७५/२०७६ र अहिले भर्खरै २०७६/०७७ को बजेट । अब यहाँनिर समिक्षाको विषय के छ भने माननीय सभामुख महोदय, हामीले यो बीचमा अरबौंको बजेट विनियोजन गर्यौं तर हामी कति सफल भयौं, कति विकास निर्माण कर्णाली प्रदेशका जनताले अपेक्षा गरेको जस्तो त्यो प्रतिफल दिनलाई हामी कति सफल भयौं ? मैले अघि नै भनें, सबैकुरा एकैचोटी हुँदैन । तर कति प्रतिशत गर्यौं ? त्यो समिक्षाको विषय हो । बजेट ल्याउँछौं, पास गर्छौं। ताली बजाउँछौं। योजना हाल्छौं । तर त्यो कार्यान्वयन भएन र कर्णाली प्रदेशका जनताले एउटा आश गरेकोजस्तो त्यस किसिमको प्रतिफल र रिजल्ट निस्किएन भने त्यस्तो औचित्य छैन । मलाई लाग्दछ हामी बोल्न कम गरौं, हामीले गर्नुपर्ने कर्तव्य के हो ? त्यसमा हामी सबै सजग र जिम्मेवारीपूर्वक अगाडि बढ्न जरुरी छ । अब यहाँनिर भनिरहँदा समीक्षा आफ्नो ठाउँमा छ, कर्णाली प्रदेशका जनताले सरकारको समिक्षा पनि गरेका होलान् । दुई तिहाईको सरकारको र प्रतिपक्षको पनि समिक्षा गरेका होलान् । तर म यहाँ के भन्न चाहन्छु भने हामीले सरकारलाई जहिले पनि हेर्दा सक्रिय, व्यस्त देखिरहेका छौं । फुर्सद छैन सरकारलाई । तर हामीले आश गर्यौं यति सक्रिय सरकार, निरन्तर सरकार दौडिरहेको छ । धेरै विकास निर्माण हुनुपर्ने भनेको त तर प्रतिफल त केही देखिएन । जसरी सरकार सक्रिय हुनुपर्थ्यो ? जसरी सरकार कार्यान्वयनमा लाग्नुपर्थ्यो ? जसरी सरकारले एउटा जिम्मेवारी बोध गर्नुपर्थ्यो । जसरी सरकारले कर्णाली प्रदेशका अपेक्षा र भावनालाई बुझ्नुपर्थ्यो, यो बीचको प्रतिपक्षको मूल्यांकन भनेको सरकारका क्रियाकलाप सन्तोषजनक छैन । सरकारले यो पिरियडमा जति गर्नुपर्थ्यो, त्यतातिर सरकार केन्द्रित भएको हामीले भेटेनौं । हो सरकार लाग्दै लागेन, सरकार विकास निर्माणमा ध्यानै छैन भन्न खोजेको होइन । जति हामीले अपेक्षा गरेका थियौं, यो दुई तिहाईको सरकार हो । यलाई कसैले रोक्दैन, विकास निर्माणका कुराहरु । जनताका हितका कुराहरुमा, कर्णाली प्रदेशको विकासका लागि कसैले रोक्दैन, प्रतिपक्षले पनि साथ दिन्छ । तर यत्रो ठूलो मौका हुँदाहुँदै पनि सरकार अगाडि बढेन, यो पनि समिक्षाको कुरा हो । यत्रो अवसर यो सरकारले कर्णाली प्रदेशलाई अगाडि बढाउने एउटा अवसर र जिम्मेवारी नेकपाको दुई तिहाईको सरकारले पाएको छ । किन बढ्न सकेन यो पनि समिक्षाको विषय हो र कर्णाली प्रदेशका जनतालाई यो र उ बाहनाले पन्छाउन मिल्दैन । जिम्मेवारी पदमा जिम्मेवारी लिएपछि यहो जति होहाल्ला कर्णाली प्रदेशको जनताले एउटा विश्वास गर्ने कर्णाली प्रदेशको सरकारलाई विश्वास गर्न लायकका यो यो काम गर्यौं भन्न सक्नुपर्दछ जस्तो मलाई लाग्छ । माननीय सभामुख महोदय, अब यो हामीले भर्खरै २०७६/०७७ को बजेट पास गर्यौं । त्यो बजेट करिब–करिब ३४ अर्बको हाराहारीमा छ । २०७५/०७६ को बजेट पनि कार्यान्वयन भएन, दुई/तीनटा कारणले, जनशक्तिको कारणले हो । सरकारसँग यसका कारणहरु धेरै छन् । किन भएन भन्दा यो यो कारणले भनेर । तर त्यतिखेरको विकास निर्माणका कुराहरुको मूल्यांकन गर्दा त अपेक्षा त छोड्दिउँ हामीले भन्न लायकको सम्म पनि अगाडि बढेका देखिएन । बजेट हामीसँग प्रशस्तै थियो । तर काम भएन । किन भएन ? ४ महिना, ५ महिनापछि हामीले रातो किताब पायौं । त्यो राता किताब पनि प्रतिपक्ष दलले सदन अवरुद्ध गर्छ अनि छोड्छ । होइन, माननीय संसदज्यूहरुलाई भन्न चाहन्छु, हामीले २०७५/०७६ को बजेट ४ महिनापछि पनि जिल्लामा जाँदा कुन जिल्लामा, कुन क्षेत्रमा कति विकास बजेट पर्यो, कुन–कुन शीर्षकमा पर्यो भनेर हामी माननीयहरुलाई त्यहाँका जनताहरुले सोधेपछि हामीलाई थाहा थिएन । तर यहाँ आएर नेपाली कांग्रेसले नै सदन अवरुद्ध गरेर माननीय मुख्यमन्त्रीज्यूको जवाफ र रातो किताब आउनुपर्छ भनेर हामीले राख्यौं । आयो रातो किताब । माननीय मुख्यमन्त्रीज्यूकले पनि के–के कारणले हुन सकेन, यी कुराहरु आएपछि सदन त सुचारु भयो नि त । त्यो त आम कर्णालीवासीको हित र उनको चासोकै कुरा होला । त्यो नेपाली कांग्रेस र प्रतिपक्षको मात्रै चासोको कुरा हो जस्तो मलाई लाग्दैन । तर पनि विकास निर्माण हिसाब–किताबमा २५/३० प्रतिशत भयो होला, तर

यथार्थमा त्यो पनि हुन सकेको छैन । अहिले आएर आर्थिक वर्ष २०७५/०७६, २०७६/०७७ मा त्यो टेण्डर हुँदैछ । अब हामीले अर्को ३४ अर्बको बजेट ल्यायौं । आर्थिक विनियोजन बजेट । हामीले भर्खरै पास गर्यौं । तर यो कार्यान्वयन हुने आधारहरु हामीसँग छैन । माननीय सभामुख महोदय, बजेट ल्यायौं । विकास निर्माण, योजनाका नामहरु लोकप्रिय होलान् । तर यसको कार्यान्वयन हुने आधार म देख्दैन । किनभने आज साउन १५ गते यो बजेटको अख्तियारी जानुपर्थ्यो, यो बजेट गईसकेपछि अब टेण्डर आव्हान् गरेर काम विकास निर्माण अगाडि बढ्नुपर्थ्यो । आजसम्म त्यो कुरो अगाडि बढ्न नसकेको कारणले हामीले केही दिन अगाडि मात्र त्यो बजेट आउँदा पनि प्रतिपक्ष नेपाली कांग्रेसले बजेट पास हुनुहुन्न भनेर हामीले केही बुँदागत कारण राख्यौं । यो–यो कारणले यदि आर्थिक मामिला मन्त्रीले यो आर्थिक विनियोजन बजेट २०७६/०७७ मा संशोधन गरेर नल्याउँदासम्म यलाई पास गर्दैनौं भनेर हामीले सदन अवरुद्ध गर्यौं । म स्मरण गराउन चाहन्छु, सभामुख महोदय, प्रतिपक्ष दलले विना काम सदन अवरुद्ध र छोड्ने गरेको छैन । म यहाँ राख्न चाहन्छु तर त्यसपछि १५ मिनेटलाई सदन स्थगित भयो । मलाई लाग्छ सत्तापक्ष र प्रतिपक्ष आन्तरिक मामिला आर्थिक मामिला मन्त्रीज्यूलगायत बसेर एउटा सहमति भएर पाँच बुँदामा यहाँ आइसकेपछि २०७६/०७७ को आर्थिक विनियोजन विधेयकको अंग हुनेछ भनेर सदन पेश भएर त्यो पास भयो बजेट । अंग हुने भनेर । तर हामीले पछि हेर्दा राजपत्रमा र प्रमाणीकरण गर्दा जुन–जुन कुराहरु संशोधन भएर आउनुपर्ने, जनता सडकको १ अरब ९२ करोड, त्यस्तै निर्वाचन भौतिक पूर्वाधार विकासको १ अरब २० करोड, अन्य यी बुँदाहरु त्यहाँ समावेश गरेर पाइएन । त्यो परिस्थितिमा नेपाली कांग्रेसले आवाज उठाउने कि नउठाउने ? आर्थिक मामिला मन्त्रालयले ल्याएको विनियोजन विधेयकमा जुन सहमति भएर यो गरिमामय सभामा पेश भइसकेको र किन छुटाइयो ? किन आएन ? र संसदलाई गरिमामय संसदलाई किन गुमराह गरियो भनेर हाम्रा संसदीय दलका नेताले यहाँ कुरा राखेर सदन अवरुद्ध हामीले गर्यौं । त्यो गर्नुको कारण रहर होइन, बाध्यता हो सभामुख महोदय । संसदलाई झुक्याउन पाइन्न भनेर तर छलफलमा अब ति कुराहरु सबै सम्बोधन भएर राजपत्रमा निस्कने माननीय मुख्यमन्त्रीज्यूको सचिवालयबाट १ अरब ९२ करोड र अन्य ५ बुँदामा रहेका कुराहरु कार्यान्वयनमा आइसक्यो भनेर आर्थिक मामिला मन्त्रीले माननीय मन्त्रीज्यूले यस गरिमामय संसदमा क्षमायाचना गरिसकेपछि सदनमा सुचारु गर्ने कि नगर्ने ? जुन–जुन मागको लागि नेपाली कांग्रेसले माग राख्यो, सदन अवरुद्ध गर्यो, तर ति कुरा आएर आर्थिक मामिला मन्त्रीज्यूले क्षमायाचना गरेपछि सदन रोक्नेको कुनै कारण थिएन । यदि सदनलाई अनिर्णयको बन्दी गर्ने नेपाली कांग्रेसको सोच र नियत थियो भने त्यो हुन्थेन । हाम्रो सोच र नियत त्यो होइन । छिटोभन्दा छिटो यो विकास निर्माणका कामहरु नरोकिउन्, विकास निर्माणका कामहरु अगाडि बढुन् भनेर नै सदन सुचारु भयो । हामी चाहन्छौं, अब सरकारले छिटोभन्दा छिटो बजेटको अख्तियारी दिनुपर्यो र अब जस्तै साबिकका कर्णाली अञ्चलकै माननीय मुख्यमन्त्रीज्यू लगायत अन्य मन्त्रीहरु ४/५ जना हुनुहुन्छ, अब केही दिनपछि दशैं/तिहारपछि हिमपात हुन्छ, हिउँ पर्छ, त्यहाँ काम हुन सक्दैन, अनि वर्षा सुरु हुन्छ अनि हाम्रा यी जति अरब छुट्याएपनि विकास निर्माण कहाँ पुग्छ ? यसमा मध्यनजर दिन पनि जरुरी छ जस्तो मलाई लाग्दछ । अब अर्को कुरा म यहाँ के भन्न चाहन्छु भने हामीले नेपाली कांग्रेसले अझ पनि यो प्रदेशका हकहितका कुरालाई दुई तिहाईको सरकारलाई के सहयोग गर्नुपर्छ ? हाम्रा कारणले विकास निर्माणमा अवरुद्ध भयो भने भन्नुस् । हामी अगाडि बढेर सहयोग गर्न तयार छौं तर तपाईहरुको महत्वाकांक्षा, तपाईहरुको आफ्ना व्यक्तिगत स्वार्थ या तपाईहरुको निस्कृयको जिम्मा प्रतिपक्षले लिन्न र प्रतिपक्षले आफ्नो धर्म निर्वाह गर्छ । र सरकारलाई जहिले पनि घचघच्याएर विकास निर्माण र कर्णाली प्रदेशका जनताप्रति विश्वास जगाउनुस् । अब यो सरकारले केही गर्छ भन्ने भावना पैदा गर्ने किसिमले अगाडि बढ्नुस् भन्ने हाम्रो आग्रह हो । म माननीय

सभामुखज्यू, म धेरै समय लिन चाहन्न । अन्तमा म के भन्न चाहन्छु भने हिजोको सदनमा माननीय संसदले सेवासुविधाका कुराहरु उठाउनु भयो । उठाउनु भयो, यो भन्नैपर्ने भएको हुनाले म यहाँ राख्दैछु । सेवा सुविधा नेपाली कांग्रेसका संसदीय दलका नेताले गाडीका, घरभाडा र अन्य सेवा सुविधा यति-यति भनेर भन्नुभयो । मलाई लाग्छ, हामीले पाएको नियम कानूनले नै त्यो सेवा, सुविधा माननीय संसद र पदाधिकारीहरुले पाउने होला जस्तो लाग्छ। उहाँले पाएको सेवा सुविधा पनि त्यही नियम बमोजिम नै सेवा सुविधा होला जस्तो लाग्छ । या त उहाँले सेवा सुविधा कानूनले दिन नमिल्ने हो र उहाँले नपाउने हो भने हामी अन्य माननीय संसदज्यूहरु र पदाधिकारीहरुले लिएको सेवा सुविधा के हुन् ? होइन भने नियम र कानूनले दिएको सेवा, सुविधाका विषयमा अलग ढंगले त्यो गलत हो भन्ने तरिकाले यहाँ आउनु हुन्थेन भन्ने लाग्छ । म अझ पनि भन्न चाहन्छु, यदि सेवा सुविधाको कुरा आयो भने नेपाली कांग्रेस सेवा सुविधा फिर्ता गर्न तयार छ । हामीले विगतमा पनि भनेका थियौं, सेवा सुविधाको कुरा टुंगो नलागुन्जेल नेपाली कांग्रेस विना सेवा सुविधा पनि काम गर्छ भनेर । हामी तयार छौं कि छैनौ ? त्यसैले यस्ता कुराहरु गरिमामय संसदमा एउटा जिम्मेवारी पार्टीको नेताको नाउँ लिएर हुन्थेन जस्तो मलाई लाग्छ जिम्मेवारी व्यक्तिले । अब म एउटा स्यानो कुरा, समिक्षाहरु हामी गरौंला अब अहिले हामी सत्ता र प्रतिपक्षहरुले तेरो मेरो स्यानातिना विवादमा अडेर भन्दा पनि हामी कहाँ अलमलियौं । हाम्रो गन्तव्य कहाँ हो ? कहाँ पुग्नुपर्थ्यो ? किन पुगेनौं ? छलफल गरौं बसौं र कर्णाली प्रदेशका आम जनताको हितमा र यहाँको विकास र निर्माणमा कसरी बढ्ने हो ? अझ पनि समय गएको छैन । समय गएको छैन भनेर आवश्यक काम, आफ्नो जिम्मेवारी दायित्वभन्दा हामी भाषण र उद्घाटनमा मात्रै केन्द्रित भयौं भने यो समयभरीमा हामी काहीं पुग्दैनौं ? जहाँ थियौं, त्यहाँभन्दा पछि बढ्नेछौं जस्तो मलाई लाग्दछ । सभामुख महोदय, एउटा कुरा सुर्खेत उपभोक्ता खानेपानी संस्थाको एउटा अवैध अधिवेशन भइरहेको हामीलाई जानकारी छ । म माननीय सभामुखज्यूमार्फत् कर्णाली प्रदेशको सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । यो सुर्खेत खानेपानी उपभोक्ता संस्थाको समय भदौ २१ गते समाप्त हुँदोरैछ, यसको निर्वाचन २०७२ मा भयो । त्यहीभित्रका पार्षद् ६५ जनाले यो अवैध अधिवेशन हो, हाम्रो कार्यकाल सक्किसक्यो, हामीले यो अधिवेशन गर्न सक्दैनौं भनेर उहाँहरूले सभालाई बहिष्कार गरी निस्कनुभयो । र अहिले त्यही आफ्नो कार्यकाल सक्किसकेको अध्यक्षले अवैधानिक तरिकाले त्यो उपभोक्ता समिति गठन गर्दै हुनुहुन्छ भन्ने सुन्नमा आएको छ, म यहाँ आग्रह गर्छु, समय सक्किसकेको, आधिकारिक अधिकार नभएको, अवैधानिक निर्वाचनले भोलि निम्त्याउने विवादका कुराहरूलाई सरकारले टाइममै ख्याल गरेर यसलाई रोक्नसमेत पनि म आग्रह गर्दछु । अब अरु कुरा फेरि हामीहरू छलफलमा जाउँला, भनौला धेरै बोल्यौं, धेरै यहाँ रोस्टममा आयौं तर नतिजा त जति अपेक्षा गरियाथ्यो कति पायौं त्यो तपाईं हामीलाई विदितै छ । र अन्तमा म के राख्न चाहान्छु भने यो २०७६ को वडादशैं, तिहार र छठ पर्वले हामी सबैको साथै कर्णाली प्रदेशको दुइतिहाईको सरकारको भोलि हिजोका कमिकमजोरीलाई सुधार्दै यो सदनमा सांसद र आमजनताको भावनाअनुसार अगाडि कसरी बढ्ने भन्ने इच्छाशक्ति पैदा गरेर नवदुर्गा भवानीले त्यो शक्ति प्रदान गरुन् भन्दै विदा हुन्छु धन्यवाद। नमस्ते ।

**माननीय सभामुखः** माननीय श्री यामलाल कँडेल

**माननीय श्री यामलाल कँडेल :** माननीय सभामुख महोदय, चलिरहेको अधिवेशनको समापनको पूर्वसन्ध्यामा म उपस्थित छु । हामी यहाँ बस्दा थोरै छौं तर हामीलाई देशभित्र र देश बाहिरका सबैले नियालिरहेका छन । निश्चित समयभित्र हामीले हाम्रो जिम्मेवारीलाई पूरा गर्नुपर्ने हुन्छ नै । संवैधानिक व्यवस्था अनुसार वर्षमा दुईवटा अधिवेशनहरू हुन्छन्, जसअनुसार यसलाई बजेट अधिवेशन पनि भन्ने गरिन्छ । पूर्ववक्ता माननीय सदस्यहरूले पनि धेरै कुरा भन्नुभएको छ । भनेका कुराका आधारबाट म आफ्ना कुरा भन्ने पक्षमा

छैन । म आफ्ना कुरा तपाईहरूका बीचमा संक्षिप्त रूपमा राख्न चाहान्छु । यो बजेट अधिवेशन हो, आज हामी समापनको पूर्वसन्ध्यामा छौं भने स्वभाविक रूपले यो भित्र रहेर नै छलफल चलाउनु, आत्मसमीक्षा गर्नु, सान्दर्भिक होला भन्ने मैले ठानीरहेको छु । बेलाबखतका कुरा बाहेक आमरूपमा कर्णालीका मुद्दालाई साझा विषय बनाएर यो सदनभित्र हामी पोजिसनका हिसाबले, भूमिकाका हिसाबले जहाँ-जहाँ भएपनि साझा विषय बनाएर छलफल चलाईरहेकै छौं । चलाउनु हामी सबैको कर्तव्य नै हो । किनकि त्यही भनेर जनताका आधारबाट हामी निर्वाचित भएका जनप्रतिनिधि हौं । यहि अधिवेशनको समीक्षा गर्दा र अर्कोचोटी हुने अधिवेशनलाई प्रभावकारी बनाउने कुरामै ध्यान केन्द्रित गर्नु नै हामी सबैको कुरा हो भन्ने मलाई लाग्छ। राजनीति गर्ने आ-आफ्ना फिल्ड छन्, आ-आफ्ना सिद्धान्त छन्, मूल्य र मान्यता छन् । त्यहाँ गरौंला । यहाँ पनि साझा कुरा भन्दाभन्दै पनि राजनीति हामी सबैले गरिनै रहेका छौं । विशुद्ध विकास भनेछौं, विशुद्ध सहयोग गर्‍या छौं भन्ने अर्थबाट पनि मलाई त्यस्तो लाग्दैन । विषय पाउँदासम्म राजनीति सबैले गरेकै छौं । विषय नपाउँदा समर्थन गर्नु बाहेक विकल्प छैन त किनभने त्यो विषयभन्दा प्रतिकूल विषय गइयो भने सकिन्छ। यसमा त कुनै द्विविधाको कुरा छैन । त्यसो हो भने छलफलमै बारम्बार आइराछ त, कसैले के नसोचे हुन्छ भन्दा त सत्तापक्षले सरकारले गरेका बारेमा कुराकानी गर्दा जनताका आवाजका बारेमा कुरा गर्दा कोही सरकार पक्ष कोही सरकारका विरोधीका रूपमा देखिराको छ भने त्यो भ्रममा छ । हामी, किनभने सरकारमा सबै जान सकिदैन केही साथीहरू सरकारमा सामिल हुनुभएको छ । तर हामी जनताको प्रतिनिधिको थलोमा निर्भिकतापूर्वक संसदमा भएका साथीहरूले सकारात्मक ढङ्गले लिनुभाको छ, नलिए पनि लिनुपर्ने अवस्था रहन्छ र हामीले यहाँ खुला खुलस्थ छलफल गरेको छौं । खुला खुलस्थ छलफल गर्दा कहिलेकाहीं संख्यामा थोरै भएको साथीहरू पनि हौसिएको जस्तो देख्छु कहिलेकाहिँ । ए सप्पै त लाई त गए क्या लाइनतिरै ? यहि पो हो कि मौका भनेर अलि अगाडि बढ्नु भको हुन्छ त्यस्तो मौका नभएपछि आफै खुम्चिनु भएको छ त। यो हाम्रो सदनभित्रको यथार्थता हो । हाम्रो संसदभित्रको वास्तविकता हो । हामी सरकारका नाममा नेकपाका नाममा सरकारले जे-जे गरिराछ, त्यसको अन्धसमर्थकका रूपमा यो संसदको कुनै पनि सभासद् हुनुहुन्न । त्यसकारणले जनताको जनप्रतिनिधिको थलोमा उहाँले आफूलाई लागेका कुरा निर्भिकतापूर्वक भनिरहनुभएको छ । तपाइँहरूलाई के नलागोस् भने यहाँ मात्र होइन कि उहाँहरूले आफ्ना पार्टीका फोरमहरूमा पनि निर्भिकतापूर्वक हामीले छलफल चलाईरहेका छौं । यसैको चहरका आधारबाट चाई यसले चाई के भन्दाखेरी कसैका केही चाहना छन् कि चाहानाको बीचमा चलखेल गरिराको छन् कि भन्ने अर्थबाट बुझिरहनुभएको छ भने एउटा कुरा हो । म आज तपाईहरूसँग सभामुखमार्फत् अनुरोध गर्न चाहान्छु । हाम्रो समाज यस्तो छ, सरकार भन्नाले हामी कसलाई मात्र बुझ्छौं भन्दा त, सरकार भन्नाले हामी जनप्रतिनिधिहरूबाट जो सरकारको जिम्मेवारीमा हुनुहुन्छ उहाँहरूलाई मात्र बुझ्ने आम मनोविज्ञान छ । तर सरकार भनेको अर्को सधैंभरि सही चलाउने सरकारप्रति त कसैको आँखै छैनन् त । ध्यानै छैन नि त । जबसम्म त्यो सरकार र राजनीतिक तहको सरकारको तादम्यता मिल्दैन, तबसम्म हुनुपर्ने कामहरू हुन सक्दैनन् । हामी परिवर्तन आयो, गणतन्त्रका चै वाहक हौं, हामीले नै लडेर त्यो गणतन्त्र ल्याएका हौं, त्यो गणतन्त्रको पक्षमा अन्तिमसम्म कति उभिन्छन्, हाम्रा बीचमा परीक्षणकै विषय छ । आज त हामी सबैले गणतन्त्रको वाहक भन्या छौं । समय आउँदै जाँदा गणतन्त्रका असली बाहक को हुन्, त्यो चिनिन बाँकी छ अझै । अहिले नै परीक्षा हामी सबैको सक्किएको छैन । हामी राजनीतिक तहमा नेतृत्वको तहमा जनताले अनुमोदित गरे । एकचोटी कांग्रेसका दुई तिहाई आथ्यो उसले पन्ध्र महिना चलाउन सकेन । कमसेकम हामी वर्ष त काट्दै छौं त कति राम्रो काम गरेनौं ? जनताले समीक्षा गर्लान् त । इतिहास हाम्रो अगाडि साँची छ । तर अर्को सरकार भनेको अभिन्न अङ्ग भनेको जो कर्मचारी साथीहरू हुनुहुन्छ । हामी स्वयम् राजनीतिक तहका मान्छेहरू रोज्न पाए

त कर्णाली नरोज्नी तहका मानसिकतामा छौं भने कर्मचारी साथीहरूले किन कर्णाली रोज्ने त ? पाएसम्म त्यौं रोज्नी कुरा त भइहाल्यो त। त्यसमध्ये पनि प्रदेश रोज्ने त अझै हौंला हामी । त्यसकारणले राजनीति भनेको के हो, सरकार भनेको के हो त भन्दाखेरि दुईवटा  शक्तिको जसलाई स्थायी सरकार पनि भन्ने गरिन्छ र राजनीतिक तहको तादम्यता जबसम्म मिलाउन सकिँदैन, तबसम्म गतिलाई देखिनेगरी नै अगाडि बढाउन सकिँदैन । त्यो कस्तो छ त भन्दा, त्यो परम्परागत छ, यता राजनीतिक तहमा परिवर्तन कहाँबाट आएको नयाँ सिद्धान्त नयाँ मान्यता र नयाँ संरचनामा हामी सरकारमा सामेल छौं भने पछि व्युरोक्रेसी हाम्रो कर्मचारीतन्त्र परम्परागत ढङ्गमा चलिराछ त । उ सुध्रियन । सुध्रियन भनेपछि उहाँहरूसंगै मिलेर काम गर्नुपर्ने भाछ । उहाँहरूको सहि नचल्दा एक स्टेप फाईल अगाडी बढ्दैन । तर हाम्रो त्यो कर्मचारीतन्त्र प्रति कोही कसैको गाहा छैन । सबै राजनीतिक परिवर्तनका निम्ति राजनीतिककर्मीप्रति अहिले आक्रमण सुरु भइराछ त । त्यसकारणले हामी सबैको ध्यान जानु पर्ने कुरा के हो त भन्दाखेरी सरकार त त्यतीबेला मात्र प्रभावकारी हुन्छ । त्यो दिशातिर हामी सबैको ध्यान जानुपर्यो । कसरी प्रेरित गर्ने? प्रेरित गर्ने नाममा जे पनि ल्याउन हुन्छ, मान्ने पनि कहिलेकाँही त्यस्तो तरिका देखिन्छ।   जे पनि मान्नु भयो । खुशी त होला ल्याउने साथी तर जनता बेखुशी हुने अवस्था रहन सक्छ । त्यसकारणले मेरो विचारमा यो डेड-दुई वर्षको यो सभाको अनुभवका आधारबाट हेर्दा त्यतापट्टी हामीले गम्भीरतापूर्वक ध्यान दिउँ । अहिले पनि हामीलाई चाहिनेजति जनशक्ति छैन । हामीसँग जति बजेट छ, त्यो थोरै छ तर जति बजेट छ त्यो थोरै भइराछ हामीलाई र भन्दा हुन्छ नि बजेट छैन तर जति बजेट हामीले पाउछौं, त्यो हाम्रा निम्ति धेरै भइराछ त । ध्यान त्यँहा केन्द्रित हुन पर्यो । त्यसो हो भने बजेट आइसकेपछि, बजेट अधिवेशनपछि बजेट पास गर्न र आजसम्मका दृष्य बजेट तयारीमा संलग्न हुने कर्मचारी साथीहरू, त्यसका प्रस्तोता सरकारका साथीहरूले अर्को बजेट अधिवेशन हुँदा यस्तो नहुने गरि आजै देखि तयारी गर्नुहोस । यस्तो नहुने गरि । सबैलाई थाहा छ, ढाट्नु नै पर्दैन नी, ७ जना बाहेक सबै बोल्ने जति यहाँ रेकर्ड पल्टायो भने त सर्मथक कोही पनि छैन अनि कर्मचारी साथीहरूले के लाईदिन्छन् भने कमा, फुलस्टप भएन त तिम्रो सरकार जान्छ भनेर थर्कमान पार्दिनी जस्तो लाग्छ । बैठकहरूमा जस्तो लाग्छ, हो कि होइन थाहा छैन म त्यस्तो वैठकहरूमा सामेल छैन । यहाँ रेकर्ड हेर्नि हो भने त कोही समर्थनमा छैन त यदि सरकारमा जान चाहाने हो, सरकारमा मात्र केन्द्रित गरेको भए जान्थ्यो त त्यो कुरा होइन । तपाइँहरूले ल्याउनुभएको कार्यक्रम, तपाईंहरूले विनियोजन गर्नुभएको बजेट तपाईहरूले छान्नु भएका योजनाहरू जस्ता सुकै भएपनि अर्को ५ वर्षका लागि यिनै हुन जनप्रतिनिधि त । यिनै बाट शासित हुने हो भने यिनलाई भरविश्वास गरेर जे भन्छन त्यही पहिला एउटा र परसम्म एउटा भनेर आको हुन्छ सरकार । यहाँ जब छलफल गर्दे गयो भने सरकारले आफ्ना कुरा विर्सेर सबैका कुरा टिप्न थाल्दा यो हो कि त्यो हो कि थाहै छैन सरकारलाई । उ उहाँसम्म आउदा एउटा लिएर आएको हुन्छ । म खुला खुलस्थ के हो त भन्दाखेरि यहाँ आउदा हामीहरू त जनप्रतिनिधि हौं । कालीकोटको आफ्नो समस्या छ, हुम्लाको आफ्नो समस्या छ, डोल्पाको आफ्नै समस्या छ, दैलेखको आफ्नो समस्या यसभित्र पनि हाम्रा आफ्ना निर्वाचन क्षेत्र छन्, ती आफ्ना समस्या मुखरित हुदै रननन बच्छ, त्यहाँबाट उसका पनि टिप्यो, उसका पनि टिप्यो, उसका पनि टिप्यो, उसका पनि टिप्यो अनि बजेट हामीले अर्के तरिकाले पास गरिम् । कहि नभाको कुरा हो मैले त्यसमा बहादुरी गरेको हो भन्ने पक्षमा म चाहिँ छैन । कतिपयले त हामीले नयाँ कृतिमान कायम गयौं भनेर भन्ने साथीहरू यहिँ पनि मैले देखिराछु । म त्यस्तो मान्ने पक्षमा चाई छैन । त्यो बाटो अवलम्बन नगर्दा अगाडि बढ्न सक्ने अवस्था थिएन । तर अब हामीले जे पास गरेका हौं कार्यान्वयन गर्दा अर्के भो फेरि यति त स्वीकार गर्ने पर्ने हुन्छ। कार्यान्वयन गर्दा अर्कै ठाउँमा पुगियो । म भन्न चाहान्छु कि काम गर्दाखेरि गरिएका कुरालाई इस्यूका रूपमा, प्रतिष्ठाका रूपमा, मान्यताका रूपमा अगाडि सार्नुभयो भने नयाँ

ढङ्गले फड्को मार्न सकिदैन । हामी नयाँ छौं त संसद नयाँ छ, सरकार नयाँ छ, सांसद हामी नयाँ छौं, संरचना नयाँ हो त्यसो हो भने नयाँका अभ्यासमा के हुन्छन तर त्यसलाई मान्यता राख्नुभयो भने तपाईले विकास गर्न सक्नु हुन्न । हामीले प्रस्तुत गरेको भन्दा अलग बजेट पास गर्यौं, पास गरेको भन्दा अलग प्रमाणिकरण भयो । यो सामान्य कुरा होइन, यो महत्वपूर्ण कुरा हो । तर कतिपयलाई यो सामान्य कुरा लागिराछ । त्यसमा को को संलग्न हुनुहुन्छ, सांसदले जान्ने के पास गर्यो, त्यही हो जान्ने । त्यस पास गरेअनुसारको प्रमाणिकरण र कागज ल्याउने दायित्व त्यो सँग जोडिएका जिम्मेबार साथीहरूको हो । उहाँहरूले मन खुम्च्याउन पर्नि कुनै कारण छैन । त्यसकारणले यसमा समिक्षा गर्दा म भन्न चाहान्छु, अस्थिरबाट परिणाममा पुग्न सकिदैन स्थिर बन्नु भन्दा अगाडी निर्णय गर्नुभन्दा अगाडि विवेक पुर्याउनुस तर निर्णय गरिसकेपछि जे आउँछ, परिस्थितिसँग बग्ने कुरा गर्नुभयो भने दिशानिर्देश गर्न सकिँदैन अगाडि बढ्न सकिने अवस्था रहन्न । म बजेटका सम्दर्भमा र बजेटको तहबाट त्यो प्रमाणीकरण भएर यहाँ सम्म आईपुग्दा । म के देख्छु त भन्दा यहाँ साथीहरूको मनमा छैन कि हामीले बनाएको बजेट जनप्रिय होस राम्रो होस भन्ने कुराकै आधारबाट कुरा उठाईरहेको एउटा अवस्था म त्यस्तो देख्छु । त्यसकारणले अर्को बजेट अधिवेशन आउँदा आजको अनुभवको आधारबाट शिक्षा लिने हो भने जे ल्याउँछ, त्यो समर्थन गर्न लायक बजेट हुन पर्यो । त्यलाई पास गर्नु पर्यो । त्यस आधारबाट अगाडि बढ्ने परिस्थिति हामीले गर्न पर्छ जस्तो मलाई लाग्छ । कर्णाली जस्तो प्रदेश हो । बजेट कार्यान्वयनको आज दुई महिना त बितिसक्यो । ठेगान छैन । चाहिने जति त कर्मचारी हुनुहुन्न तर ठप्पै हुने अवस्था कर्मचारीको कारण हो मलाई त्यस्तो लाग्दैन । मन्त्रीज्यूहरूको सक्रियता हेर्दा त्यस्तो देखिन्छ । तर म भन्न चाहान्छु बजेट कार्यान्वयनको अवस्था के देखिन्छ भने एउटा दृष्ठान्त तपाँईहरूलाई सुनाउ, हिजोमात्र थाहा पाए । सायद त्यो वर्षको कर्णाली प्रदेशको सबै भन्दा बढी धेरै बजेट छुट्याइएको परियोजना थियो काँक्रिविहार । त्यसका निम्ति मन्त्रीज्यूसँग, मुख्यमन्त्रीज्यूसँग, अर्थमन्त्रीज्यूसँग, कर्मचारी साथीहरूसँग पटक-पटक कुरा गरियो, टेण्डरको तहमा थियो सुन्दैछु हिजो त त्यो टेन्डर रद्व भयो । अब निर्माण व्यवसायीले ल्याएको भए कारबाही गर्नु पर्थ्यो होला । एक वर्षसम्म टेन्डर प्रक्रिया स्वीकृत गर्न नसक्ने नहुने भएपछि सुर्खेतजस्तो ठाउँमा के हुने त ? मैले के सोचे भन्दाखेरी उपभोक्ता समितिका काम हन्ड्रेड परसेन्ट हुनी टेन्डरका काम नहुनी । बजेट कार्यान्वयन भएकै छैन तर म त अझै काठमान्डौंमा नै थिए । हाम्रो सडक व्यक्तिगत रूपमा हिँड्न लायक पनि छैन । हाम्रा वीरेन्द्रनगरका सडक । तर मुख्यमन्त्रीको कार्यालयमा यसको मूल्य कति पर्छ थाहा छैन । तर मेरो समेत आकर्षण हुने गरि साइकलमैत्री बनाउने गरी सबैलाई आकर्षण गर्ने गरी साइकल त थुप्रिए त । यहाँ मैले भन्न खोजेको मतलब परियोजनाका बजेट कार्यान्वयन हुँदैनन्, योजनाका बजेट कार्यान्वयन हुँदैनन् तर सभा गोष्ठीका कुरा, भोजभतेरका कुरा, सभा, सम्मेलनका कुरा, सरकारी मालसामानका कुरा कुनै बजेटले रोकिदैन ति त काम भएका भइछन् । यो कसले थाहा पाउने ? बजेटको कुन पाटो खर्च भइराछ त भन्दा योजनाको पाटो, भन्न लायक छैन, भन्ने अङ्क छैन तर अरु केही पाटो रोकियाछ भन्दा त छैन त । राम्रो कुरा हो त्यो हिडुदा लायक हुनपर्यो तर ती साइकल कता जान्छन थाहा छैन । हिँड्न लायक पैदल हिँड्ने बाटो पनि गाह्रो छ त । म भन्न चाहान्छु म अनुरोध गर्न चाहान्छु जो मन्त्रीज्यू रातविरात वर्षा सिजन नभनीकन हिमाल पहाड तराइमा जुन सक्रियता छ, त्यो सक्रियताले तपाँईको फाइल तपाइँको योजनाको फाइल अगाडी बढुदैन साथी हो । तर तपाईहरूलाई के लाग्छ भने यी जनताहरूसँग हातेमालो लागेपछि त तपाँईहरूलाई त राम्रै भनिराको होलान तर बाँकी रहेका यी तपाइँहरूलाई भोट हाल्नेहरू जो माननीय सदस्यहरू हुनुहुन्छ, उहाँहरूको हालत बेहालको अवस्था छ । त्यसकारणले म तपाईहरूलाई अनुरोध गर्न चाहान्छु कि हाम्रो आन्तरिक स्रोत जति छ, त्यसको परफमेन्सका आधारबाट राम्रो रिजल्ट निकाल्यौं भने नआएकाहरू आउछन तर त्यतातिर रिजल्ट

निकाल्नुभएन भने आएका पनि जान्छन है साथी हो । यहाँ मित्रताका हिसाबले कोही बस्नेवाला छैन । त्यसकारणले मूल कुरा हामीले प्रस्तुत गरेको बजेटको खर्च गर्ने ल्याकत र क्षमता हामी के राख्छौं त्यसमा हाम्रो परफमेन्सको कसि लगाउने कुरा हो । तर त्यतापट्टि हामी कोही कसैको ध्यान केन्द्रित भएको मैले देख्न पाछैन । ठूला ठूला प्रोजेक्टमा कुदिराछु । त्यस्तो अवस्थाबाट कसरी मुक्त रहने हो यो कुरामा चाई हेक्का राखौं भन्ने कुरा राख्न चाहान्छु । हामी जे सिस्टममा छौं त्यसअनुसारको विचार र दृष्टिकोण र त्यसअनुसारको संरचना बनाउँ । तपाईलाई के मान्यता लागिराथ्यो तपाईं हिजो पार्टी चलाउदा म चलाउँदा के मान्यता राखिराथ्यौं त्यो तपसिलको कुरा हो आज हामी जे संरचनामा टेकिराछौं र जे संविधान र कानून अनुसारको हामी अगाडि बढिराको छौं, त्यस अनुसार अगाडि बढ्ने सोच र दृष्टिकोणहरू बनाउन पर्यो । त्यो कले बनाउन पर्‍यो त भन्दा जो सरकारमा सामिल हुनुहुन्छ उहाँहरूले बनाउन पर्‍यो त । तर म के देख्छु भने बैठक भाका भई छन्, निर्णय केही हुन्न । बैठकमा सहभागी हुने अब हामी त राजनीति रातविरात बैठक गरेका हौं । हामीलाई त केही नहोला बैठक गरिनै रहौं । तर विचरा कर्मचारी साथी १०-५ गरेकालाई रातबिरात बैठक गरिदिनुभयो भने के हुन्छ ? निर्णय भएन भने के हुन्छ ? त्यसले अमुर्तताको स्थिति सृजना गर्छ । त्यसकारणले म परियोजना केन्द्रित तपाईहरूको अगाडि बढेको कुनै ठूलो क्षेत्र हो जस्तो लाग्दैन त यो ? पहिला त हिजो मान्छे अड्चन भन्दाखेरी, सबैले सबैका कुरा थाहा पाउन यति जाँगर लगाउने हो भने सबैले सबैका कुरा थाहा पाउने अवस्थाको भूगोल छ त हाम्रो ? तर आफ्नै कुरा थाहानपाएर बेपत्ता छौं त हामी । आफ्नै कुरा थाहा छैन त । को मन्त्रीले के पेश गर्या छ, को मन्त्रीले के पेश गर्ने हो, को मन्त्री कहाँ जानी हो, सचिवले के गर्ने हो ? केही थाहा छैन त ? यो कहिले हुनी त ? त्यसकारणले बजेट कार्यान्वयनको को जुन पाटो छ झन विगतको भन्दा आज जटिल देख्छु म गए यसो २-४ ठाउँ । म त्यती धेरै जान्न तर यस्सो गएको अब विद्वान हरूले संरचना गरेको त्यो ओ एनम लाई मैले के टिप्पणी गरुँ मैले त्यसमा त्यति जानकार राख्दिन । तर तपाईंहरूको त्यो ओएनम सर्भे दिर्घकालीन प्रभाव पार्ने चिज हो । तर तपाईहरूले गर्दै जाम न त भनेर जुन प्रारम्भ गर्नु भाछ, त्यसले राम्रो गर्दैन । राम्रो गर्दैन । विज्ञहरू पनि हिजो कुनै ठाउँमा दिन विताएका आज रिटायर्ड भएपछि विज्ञताको हासिल गर्न आएका कुनै जाँगर नभएका रित पुर्याएर जाने तहको धेरै टिप्पणी मैले गर्न हुन्न, गर्न मिल्दैन तर त्यो व्युरोक्र्याटमा रहेका साथीहरूलाई संघीय कानूनको ज्ञान नभएको भनेर मैले कसरी भनु । संरचनात्मक ज्ञान नभएको भनेर कसरी भनुँ ? आजसम्ममा कर्मचारीको सेवाका फाँटहरू र क्षेत्रहरू थाहा पाएको/नपाएको भनेर कसरी भनुँ ? संघीय सरकारले पुनर्संरचना गर्दा वा समायोजन गर्दा यहाँ कति कति दरबन्दी पठाएको छैन । म थाहा नपाएको भनेर कसरी भनु तर कुनै पनि कुराको हेक्का नराखेर जिल्ला जिल्लामा प्रदेशको आफ्नो संरचना बनाउने कुरा राम्रो तर त्यो राम्रो को कुरालाई हेक्का राखेर गरिएन । निर्देशनालय अलग कुरा हो काम चलाउने कुरा हुन्न सरकारी संरचनामा । त्यही निर्देशनालय अन्तको अनुगमन गर्ने सुर्खेतको उसले कार्यान्वयन गरेको कसले अनुगमन गर्ने हो ? बरु मेरो विचारमा त्यो मन्त्रालयको कुनै विभागभित्र एउटा निर्देशनालय राखेर महाशाखा राखेर जिल्ला जिल्लामा अलग-अलग संरचना बनाउने कुरा गर्देको भए राम्रो हुन्थ्यो जस्तो लाग्छ । म अन्तको भन्दा धेरै विकास त हुन्छ त भन्दिन तर सुर्खेतको काम अरुको तुलनामा गर्न सकिन्छ । अरुको तुलनामा सुगम छ तर त्यो काम चाई निर्देशनालयको एउटा कोठाबाट एउटा कर्मचारीबाट गराउने गरी जो तोक्नुभयो के त्यसले हाम्रो जस्तो भूबनोट भएको जनघनत्वलाई के प्रतिनिधित्व गरेको संरचना भनेर सर्मथन गर्न सकिन्छ र ? विरोध गर्न कहाँ जानु ? यसो विरोध गर्यो भने उतापट्टीको साथीहरू हौसिहाल्नुहुन्छ । भेट गर्ने ठाउँ यहि थलो हो । गर्ने के होला ? म के देख्दै छु त भन्दा विज्ञका नाममा, सल्लाहका नाममा, ब्यूरोक्रेसीका नाममा, तपाइँहरूले यहाँ जनताका कुरा सुन्नुपर्ने हुन्छ, त्यहाँका कुरा सुन्दा कुनै राम्रा कुरा हुन्छन्, कुनै तर्साउने कुरा हुन्छन

जस्तो लाग्छ । यो नभए त मिल्दै मिल्दैन हजुर । म केही मन्त्रीज्यूसँग, सचिवज्यूसँग एकपटक होइन बारम्बार भनेको छु । मैले कुनै दबाबको कुरा गरेको छैन तर उहाँहरू अगाडि बढिराको छैन । त्यसकारणले बजेट कार्यान्वयनको जटिलतालाई हामी लिऔं । अगाडी बढौं । तेस्रो कुरा, हामी सबै जिम्मेवार छौं । आफ्नो काम राम्रो भनिराखेका छौं । तीन तहको सरकार छ, संघीय सरकार नेकपाको भो, प्रदेश सरकार नेकपाको भयो, यहाँको स्थानीय सरकारको केही जिम्मा त कांग्रेसकै पनि छ । तर धेरै नेकपाकै भएपनि कहिँ राम्रो गरेको सन्देश दिएर बोल्ने न कांग्रेसको अवस्था छ, न नेकपाको अवस्था छ । संघीय सरकारमा त हामीलाई भन्ने ठाउँ छ, कांग्रेसका साथीहरूले तर उहाँहरूले नै नेतृत्व गरेको ठाउँमा के नेकपाप्रति औंलो ठडाउने अवस्था छ त ? छैन । म सबैलाई अनुरोध गर्न चाहान्छु, सकारात्मक सन्देश ल्याउने कसरी हो ? गर्नेले त राम्रो काम गरिराछु भन्ने छ, भनिराछौं त । तर बाहिर हाम्रा राम्रो गयौं भन्ने समर्थक शुभचिन्तक पाउन गाह्रो छ । त्यसकारणले सकारात्मक सन्देश दिने गरी मेरो विचारमा यो मामिलामा कांग्रेस, नेकपा भनिरहनुपर्ने जरुरी छैन कि हामी एउटै यो नयाँ परिवर्तनका बाहक हौं । यो बाहक बदलियो भने, अब विचारै फेरेर गणतन्त्र होइन, धर्मनिरपेक्ष होइन, हिन्दु धर्म चाहियो भनेर बहस चलाउने अवस्था भएर कतै गए त जानेलाई ए गएछन् भन्ने कुरा हुनसक्छ तर हामीले ल्याएको यो मान्यताको हामी नेकपा र नेपाली कांग्रेस जो परिवर्तनका पक्षमा हामी उभिएका छौं । म यहाँ फेरि पनि भन्न चाहान्छु, यहाँ अघि पनि आइसक्यो त्यो बढी सरकारले नै जवाफ देला । आजको फोरम नभए अर्को फोरममा देला त्यो सरकारको कुरा हो । मैले बैठकमा पनि भनेको थिए जतिबेला प्रमुख प्रतिपक्ष दलको नेता, मुख्यमन्त्री पनि हुनुहुन्थ्यो एक हप्ताका बीचमा ३ पटक रोस्टममा प्रयोग गरेर माननीय जीवन शाहीले केही कुरा यहाँ राख्नुभयो । यसकारणले बैठकमा पनि कुनै कुरा हुन्न कि भन्ने मैले त्यहाँ कुरा राखे भनेपछि त्यस्ता कुरा राखिसकेपछि राख्नेले पनि ध्यान दिनपर्ने हुन्छ । तर मैले सरकारलाई कुनै अर्को साथीलाई कुरा राख्नुस् वा नराख्नुस् भन्न सक्ने कुरा भएन किन राख्नु भयो त्यो उहाँको कुरा भयो तर कुनै पनि कुरा पब्लिक कन्जन्सनका निम्ति जनतालाई आकर्षण गर्नका निम्ति होइन कि पुष्टि गर्ने गरेर राख्यौं भने यो सभाको प्रभावकारिता बढ्छ तर पुष्टि गर्न नसकिने मुद्दा मात्रै उठाउने कुरा गरियो भने के हुन्छ यो सभाको विश्वसनीयता र आकर्षण र विश्वासमा कमि आउँछ । त्यले अन्तत्वगत्वा हामी सबैलाई तल राख्छ । त्यसो हो भने जे अनियमितताको कुरा उठाइरहनुभएको छ, उहाँले म भन्न चाहन्छु । त्यति कुरा उठाइसकेपछि तत्काल आजको आजै उत्तिखेरै मन्त्रीज्यूहरू उठेर आफ्नो कुरा राख्नुपर्ने थियो तर हाम्रो प्रदेशमा मन्त्रीज्यूहरू बोलाउनका निम्ति सदनले पर्खेर बस्नुपर्ने अवस्था छ, यो चाहीं आगामी दिनमा दोहोरिनु दिनु हुन्न । यहाँ बैठक गर्ने भन्यो मन्त्रीज्यू त अर्को ठाउँमा गएको भन्नुहुन्छ साथीहरूले त्यस्तो अवस्था गर्नु हुँदैन सदन चलेको बेलामा मेरो यहिँ अनुरोध गर्न चाहान्छु । सक्दा सबै माननीय सदस्य मन्त्रीज्यूहरू बस्दा तपाईंहरूलाई नै फाइदा हुन्छ । तर हामीकहाँ के भनेपछि आउनै परेपछि मात्रै आउने आएर पनि सुनेर मात्र जाने कुरा गएर त्यहाँ प्रभावकारी नगर्ने कुरालाई हामीले बदल्नु पर्छ । यिनी कुरामा हामीले ध्यान र हेक्का राखौं भन्ने कुरा राख्न चाहन्छु । नउठाए पनि हुन्थ्यो अन्तमा अब हाम्रो कांग्रेसका मित्रहरू सुर्खेतप्रिय हुनुभाछ आजभोलि । आज एउटा विषय उठाउनुभयो म पनि यहिँ क्षेत्रको प्रतिनिधि भएकाले फेरि बोल्दै बोलेन भने त्यस्तै पो भयो कि भन्ने स्थिति देखिन्छ किनभने अब यही सुर्खेतमा चाहिँ अब सदन यही सभा भएपछि त यहिँ अब उता कहिलेकाहिँ यहाँ धेरै भएपछि त यहिकै प्रिय हुनुपर्‍यो होइन ? त्यसकारणले यहाँ कुरा उठ्दा राम्रै कुरा छ त्यही क्रममा उहाँले आज के उठाउँनु भयो त भन्दाखेरि यहाँ एउटा पहिला झुप्रा उपत्यका खानेपानी संस्थान थियो अहिले त्यसको नाम सुर्खेत उपत्यका खानेपानी छ । यो माननीयज्यूलाई कोले सूचना दिएछ । माननीयजी हेर्दा त पाको परिपक्वै देखिनु हुन्छ । तथ्य नै आधार बोल्ने माननीयलाई लागि रा थियो, म तीन दिनदेखि यो विषयमा संलग्न छु ।

यहाँ आएपछि त्यलाई खोल्दिन पऱ्यो किनकि यद्यपि यो सबै संलग्न हुनुपर्ने विषय हो, सरकार संघीय प्रशासन हुनुपर्ने हो त्यो संघीय संरचना अन्तर्गतको संरचना हो त्यो उपत्यका खानेपानी । त्यो विगत २५ वर्षदेखि राजनीतिक सहमति र पछिल्लो कालमा निर्वाचनको विधिबाट निर्वाचित प्रतिनिधिले उपभोक्ता समितिले सञ्चालन गरेको परियोजना हो । त्यसका लाभान्वित ग्राहक अहिले १७ र १८ हजार पुगिसकेको अवस्था छ । सयभन्दा बढी कर्मचारी छन् । त्यहाँ मूल समितिमा हिजोका तीनटै पाटी आजका दुईटा पाटी नेकपा र नेपाली कांग्रेस छ । नेपाली कांग्रेसको एउटा कोषाध्यक्ष हुनुहुन्छ । बाँकीमा समाजवादी दल र त्यसपछि नेकपाको हुनुहुन्छ । त्यस अन्तर्गत ९ ओटा कि १२ ओटा स्कीमहरू छन् । १२ ओटा कि ९ स्कीममध्ये केही एउटा दुई ओटा स्कीममा नेपाली कांग्रेसले जितेको छ । अरु बाँकी स्कीममा नेकपाले जितेको छ, त्यस्तो एउटा सभासद् र फोरम छ । त्यहाँ विगत केही समयदेखि निर्णय सर्वसम्मत गर्नुहुन्छ । आजको सभा पनि निर्णय गर्ने २० गतेको बैठक छ । गएर माननीयज्यूले अझै गएर आफ्नो कार्यकर्तालाई सोधे हुन्छ । सर्वसम्मत निर्णय गऱ्या छन् आजको साधारणसभा गर्ने भनेर । दुईटा विषयमा अदालतमा मुद्दा छ। अदालतले पनि यो व्यक्तिको मुद्दा सरह नठानेर सामाजिक सेवा प्रवाहमा प्रभाव पार्छ भनेर बेलैमा फैसला गरिदिएको भए त्यो आफ्नै ठाउँमा जाने रहन्थ्यो । दशैंको मुखमा आएर सयभन्दा बढी कर्मचारीले तलब नखाने स्थिति छ, नपाउने स्थिति छ । त्यसो भएपछि तीन दिन अगाडिदेखि कमसेकम राजनीतिक तहमा छलफल र कुराकानी गरौं भन्ने प्रयत्नका हिसाबले स्थानीय तहको नेकपा र स्थानीय तहको नेपाली कांग्रेसका बीचमा विगत २/३ दिनदेखि वार्ता छलफल चल्यो । मेरो धारणा भन्नुहुन्छ भने हिजो जनस्तरमा निर्माण गर्दाखेरि जनताको सहभागिताको निम्ति मोडेलबाट जाने कुरा उपयुक्त थियो तर आज त्यसको ग्राहक संख्या १७/१८ हजार भोलि त क्रमशः बढ्दै जाने र हामीले भेरी समेतको खानेपानी ल्याउने कुरा गर्दा त्यो जनताको चाहनाका आधारबाट छानिएको संस्थादेखि एउटा कानूनका आधारबाट गाइडेड संस्थाका रुपमा रुपान्तरित गरेर चलाउनु त्यो उपयुक्त हुन्छ भन्ने मलाई लागेको छ । त्यसमा खासै विमति छैन । कांग्रेस र नेकपाको बीचमा विमति छैन । तर उहाँहरू कांग्रेसहरू के चाहानुहुन्छ त भन्दाखेरि आजको सभा पनि गर्न नचाहाने त्यसपछि स्वतः यसको म्याद सकिसकेपछि । खाली गर्न चाहानुहुन्थ्यो । मैले कांग्रेसका साथीहरूलाई भने जे आगामी दिनमा गर्ने हो सहमतिमा जे निर्णय गर्ने हो त्यो साधारण सभाबाट गरौं तर साधारण यो सभा आज गरेर १० दिनपछि स्थगित गर्ने कुरा भएपनि गरौं, जे सहमति हुन्छ त्यो निर्णय गर्ने भए पनि गरौं भन्दा विषयमा सहमति हुने स्थिति देखा पर्यो । प्रक्रियामा उहाँहरू सामेल नहुने स्थिति देखा पर्यो। त्यसो भएपछि सर्वसम्मत ढङ्गले गरिएको साधारण सभा हो आजको सभा । फेरि पनि भोलि तपाईहरूसँग भेट्ने भेट्न पर्ने नै भको हुनाले आज भनिहाले उम्किनी भको भए जे पनि भनेर जान सकिन्थ्यो । फेरि तपाँईसँग त भोलि भेट्न पर्छ त मैले । त्यसकारणले भोलि भेट्ने हो भने भोलि भन्न सक्ने प्रमाणित गर्ने कुरा मैले यहाँहरुलाइ गर्नुपर्छ भन्न चाहान्छु कि साधारणसभा आज गर्ने सर्वसम्मत सहमति हो । आज अरु केही कुरा हुन्न निर्वाचन आयोग बन्छ । को-को बन्ने कुरा त्यहाँ सर्वदलीय सहमतिको टिम बन्ने निर्णय भाछ । कति गने निर्वाचन गर्ने भन्ने त्यहाँ टुङ्गो भाछ । त्यही कुरा साधारण सभाबाट अनुमोदित गरेर यो काम निर्वाचनलाई हस्तान्तरण गर्ने प्रक्रियाका निम्ति आयोजना गरिएको साधारण सभा हो । त्यसकारण माननीयज्यूले यहाँ भनेजस्तो अवैधानिक, नेकपाले चाइ बलजफ्ती गर्न खोजेको तर अब हामीहरूको पो यहाँ यस्तो छ कि यति धेरैकाले भनेको हुन्न त्यताकाले जे भन्यो सरकारले त्यही मानिहाल्छ । अघि नै त्यो त माननीयज्यूहरूले सभामा भनेकै कुरा हो त । हामीले भन्छौं मान्दैन, उताबाट उठ्यो कि मानिहाल्छ । अवस्था पनि त्यस्तै छ । तर त्यहाँ कुनै अल्पमत राखेर तिरस्कार गर्न खोजेको त्यस्तो गर्न खोजेको होइन । तर त्यो एउटा संवेदनशील विषय छ । त्यसलाई कसरी अगाडि दिनमा सम्पन्न गर्ने कुरा छ । किनकि यसलाई हामीले राजधानी बनाएका छौं । त्यसमा

कुनै राजनीति गर्नपर्ने कुनै जरुरी र आवश्यकता छैन। त्यो निर्वाचनको विधिबाट नजाउँ भन्ने कुरा नै छ । तर पनि कांग्रेसको साथीहरू अहिले भएको समितिलाई भ्याकुममा राख्ने, निष्प्रभावी बनाउने अनि त्यो खाली त्यो खाली ठाउँमा खाली ठाउँका आधारबाट अगाडि बढ्ने जुन कुरा छ, त्यलाई चाई नमानेकै कुरा हो । त्यलाई मात्र सकिने कुरा थिएन । तर आगामी दिनमा कसरी अगाडी बढ्ने कुरा चै हामीले छलफल चलाएको र माननीयज्यूले यहाँ भनेजस्तै त्यो अवैधानिक छैन त्यो वैधानिकको पाटो छ त्यो आधारबाट चाई त्यो समस्या मैले यति मात्र चर्चा गर्न चाँहे । यिनी कुरा राख्दै समीक्षा गर्दा म त्यति मसिनोमा जान्न आजकै यस सभाको संचालनको कुरा यदि हेर्ने हो भने हामी माननीय सदस्यलाई दिएको कार्यसूची र सभामुखलाई दिएको कार्यसूची भिन्दाभिन्दै हो कि जस्तो देखियो । यति मात्रै भन्न चाहान्छु । हामीलाई दिएको कार्यसूची माननीय सदस्यज्यूहरूलाई दिएको कार्यसूची । आज पूर्वानुमान सबैलाई थाहा छ कि आज सकिने कुरा हो तर आज नै अलि रापतापकै बैठकको दृष्य देखिने स्थिति देखा पर्यो । आजकै बैठक पनि जो रापतापकै बैठक जो समापनको शालिन ढङ्गले सकिनु पर्ने कुरा नै थियो । त्यसकारणले यसको प्रभावकारिता बढाउने कुरा हामी सबै सदस्यहरूको उत्तिकै जिम्मेवारीको कुरा हो । म यो भन्दा अगाडि पनि मैले यसै ठाउँबाट त्यतीबेला पनि सभामा बोल्नुहुने माननीय सदस्य ज्यूहरूले बोलीसकेपछि माननीय सदस्यहरूलाई नै बुझिने गरी मैले यहि रोष्टमबाट मैले आफ्नो तर्फबाट सुझाव राखेको थिँए । विरोधका पनि शब्द चयनहरू डिक्स्नेरीमा धेरै छन । प्रियगण नै छन् तर भित्रसम्म भन्न सकिने अवस्था छैन । त्यसको खोजी गर्नुपर्ने कुरामा लाग्नुपर्ने देखिन्छ । हामी पनि के हो त भन्दाखेरि हाम्रो पनि सभालाई प्रभावकारी बनाउने आएका बिलहरूलाई प्रभावकारी बनाउने कसरी अगाडी बढ्ने कुरा होला । सरकारले त अब भन्न नहुने पैसा खर्च भाकै होला जस्तो लाग्छ, खोजीनीति गर्ने मेरो पनि कुरा भएन, जरुरी पनि छैन कपि पेस्ट गर्यो यहाँ पठाईदियो । सक्किहाल्यो नी । तर हामी माननीय सदस्यहरूबाट पनि छाप लायर जाने कुरामा हेक्का पुर्याइएन भने दोष त हाम्रो आउँछ त। सरकारले के पेश गर्यो त्यो तपसिलको कुरा हुन्छ । कर्णाली सभाले पास गरेको त्यसबाट प्रमाणिकरण भने पछि त हाम्रा हातमा लाग्छ भनेपछि त न स्रोत छ, न विज्ञ छ, न हामी आफै जान्दछौं । विज्ञ हुनेहरू, स्रोत हुनेहरू, साधन हुनेहरू, संरचना हुनेहरूले कपि पेष्ट गर्छन्, हामी निमुखा, निर्धा काँ कुदै गाछ, अनि सभामा आउनेहरू कहाँबाट चाई सबै कुरामा हेक्का राख्ने । सरकारले ल्यायो राम्रै होला भन्यो छाप लाइदियो । म त्यस्तो देख्छु त । यसकारणले हाम्रो सभालाई प्रभावकारी गर्ने कुरा हो । हो हामीले अरुको पनि अनुभव लिन पर्छ तर एकरूपता हुने कुनै जरुरी छैन । बाइन हुँदैन माथिको सँग ठीक छ । तर यो ७ नम्बरसँग मिल्ने, १ नम्बरसँग मिल्ने, हिजोको प्रतिनिधिसभा वा संविधानसभासँग मिल्ने पर्ने कुनै जरुरी छैन । म खासगरी त्यो आधारबाट हामीले हाम्रो विशिष्टताका आधारबाट हामीले छलफल चलाऔं । त्यो आधारबाट अगाडिबाट बढ्ने कुरा गर्दा नै हुन्छ जस्तो लाग्छ । अब प्रतिपक्ष दलको तर्फबाट बोल्नुहुने माननीयजीले बोलेकोप्रति म विषय धेरै प्रवेश गर्नै चाहन्न । कांग्रेस के हो नेकपाको धेरै चिन्ता नगरे हुन्छ भन्न मात्रै चाहन्छु । सजाय पाए हामीले पाउने त हो नि । मैले धेरै कांग्रेसको चिन्ता किन गर्ने ? मैले चिन्ता गर्ने नेकपाको हो ? तर नेकपाका विचार र दृष्टिकोण राख्दा जनताले औंल्याउँदा औंलो ठड्याउन नसक्ने गरी मैले ध्यान दिने कुरा हो त । अब सबै हामीले गरेर भन्या छौं भन्नेछ भनेसी त त हामीले तपाईलाई धन्यवाद दिनै पर्यो त । यो बजेट पनि हाम्रै कारणले, संशोधन पनि हाम्रा कारणले, फलाना पनि हाम्रै कारणले, फलाना पनि हाम्रै कारणले, त्यो नभएसम्म सरकार त एक गति अगाडि बढ्दै सक्दैन्थ्यो भन्ने तहको प्रस्तुती जुन यहाँ गर्नुभो, के त्यही हो त वास्तविकता ? त्यही हो त वास्तविकता । त्यही हालतमा छ त ? के त्यही आधारबाट हामी नेकपाले चाहीं त्यो पार्टीगत मान्यताका आधारबाट विचार र दृष्टिकोण अगाडि बढिराछौं त भन्दाखेरी मलाई त्यस्तो लाग्दैन । त्यसकारणले हामी त के हो त भन्दाखेरी हामीले सकेसम्म राम्रो काम गर्न नसक्दा केही

गर्नैपरेन, जनताले वैकल्पीक हुन्छ, ३/४ वर्षपछि हुने चुनावमा त अर्को ठाउँमा रोज्छन् भन्ने कुरामा त हामी आफै सजक छौं त । त्यसकारणले चिन्ता हामी आ-आफ्ना गरौं । साझा विषयमा सहकार्य गरौं । एउटै पार्टी भएजस्तो गरी हाम्रा बैठक बस्छन् कि बस्दैनौं ? छलफल गर्छौं कि गर्दैनौ ? एक्ला-एक्लै आउँछौं कि ? एक स्वरले आउँछौं कि ? भिन्दा-भिन्दै आउँछौं कि ? यो हाम्रो मामिलाको कुरा हो । कांग्रेस के गर्छ, कसो गर्छ, विषय साझा छन् । सँगै छलफल हुन्छ । चिन्ता आ-आफ्नो गरौं । कर्णाली सरकार मैले नै धान्दिएजस्तो, उहाँहरु नभए त हामी त खत्तम भएजस्तो । के वास्तविकता त्यस्तो हो र ? यद्यपी सरकारले त्यस्तो ठाउँ दिया छ । त्यो साँचो कुरा हो। सरकारले किन ठाउँ दिया छ म जान्दिन है । सरकारमा भकोलाई त अर्को पार्टीको ठान्नु भएन, त्यहाँ रहेका कर्मचारी साथीलाई पनि अर्को पार्टीको ठान्दिन । तर सरकारको न्यूनतम मर्यादा गर्ने गरी, इज्जत राख्ने गरी त्यहाँबाट आउने कागज त आउनु पर्यो त । मन्त्रीको सही नआएको भए पनि त्यहाँ चाहीं त विभागीय जिम्मेवारीमा बसेका मान्छेहरु छन् त ? सचिव छन्, फाँटवाला छन्, विभागीय प्रमुख छन् । सल्लाहकार छन् । तर त्यो हरिविजोग नदेखाईदिएको भए के हुन्थ्यो रु थाहा भएन । अब विषय पस्किएपछि कानूनले र हाम्रो मान्यतैमा छ कि हामी आवधिक निर्वाचनमा विश्वास गर्ने पार्टी हो नेकपा। प्रतिपक्ष र सत्तापक्षका आधारबाट शासन सत्ता चलाउने कुराको हाम्रो प्रतिबद्धता छ भनेपछि त उहाँहरुलाई त हामीले त प्रमुख प्रतिपक्षको दर्जा त छँदैछ त । हामीले अभ्यास गर्यौं । हामीले संख्याको आधारबाट भन्ने मैले नै हो नि त । यहाँ कतिपय साथीहरुले भन्दै हुनुहुन्थ्यो चलाउँ न त । यो अभ्यासमा जानु आज हतार हुन्छ । त्यसकारणले उहाँहरुको उपस्थितिलाई पनि यथोचित सम्मान गरेर पर्खिएर बोलाएर सभा चलाको कुरा बिर्सने ? उहाँहरुले त भन्नुपर्थ्यो - हामी गए पनि हामीलाई पर्खी-पर्खी सभा गर्ने सभा कर्णाली प्रदेश हो । त्यो नेकपाको संसदीय दल हो भनेर भन्ने कुरा भन्नुपथ्र्याे, यथार्थ त त्यही हो त । तर के भन्नुभो त भन्दा म विषयमा केन्द्रित हुन चाहन्न । हिजोअस्तीका छलफलमा पनि म केन्द्रित हुन चाहन्न, तर म भन्न चाहन्छु हामी विषयमा साझा छौं । तर त्यलाई मैले यसकारणले भनिराछु कि त्यो कुरा मैले चौतारीमा पनि सुनिराछु त । यदि यहाँ भएका विषयलाई चौतारीमा बनाउने कुराको ठाउँमा मैले यो भन्दा अगाडि पनि यो सभाबाट भन्याथे र आज पनि भन्न चाहन्छु, यदि कांग्रेस त्यो तहसम्म पुग्ने हो भने सार्वजनिक लेखा समितिमा हामी सबै बसेर सर्वसम्मत ढंगले त्यो निर्णय किन गर्नपर्छ र ? यदि हामीले नेकपा जोगाउने कुरा, नेकपाको सरकारप्रति तथ्यले औंल्याएका कुराहरु नभन्ने भएको भए त के हुन्थ्यो र ? तर हामीले के भन्दाखेरी यो त्यहाँ रहेका साथीहरुले छलफल गराउनु भयो, छलफल गर्नुभो । त्यसकारणले संसदभित्रको कुरा सडकमा तपाईका निम्ति हितकर छ भने मैले नलैजानुस् भन्दिन लैजानु भयो भने यहाँभित्रको सौहार्दता, यहाँभित्रको विषयको साझा बहस वा छलफलको कुरामा पुनर्विचार गर्नुपर्ने अवस्था देखिन्छ । तपाईको आ-आफ्नो पार्टीको प्रोग्राम होला, जागरण होला, के होला, कसो होला, त्यो गरिनै रहनुस् । तर संसदभित्रको हामीले प्रतिवेदन तयार गर्दिने, त्यसमा हामी पनि सामेल हुने, नेकपा पनि सामेल हुने, अनि त्यही प्रतिवेदन देखाएर बाहिर सडकमा नेकपा नालायक हुने तहको प्रस्तुती हो भने यसको मतलब यहाँ भएका गल्ती कमजोरीहरु ढाकछोप गर्नपर्छ भन्ने होइन, तपाईले नथाहा पाउने गरी गल्ती कमजोरी उठाउने तरिकामा हामी लाग्नुपर्थ्यो । त्यो तरिका त छ नि त । त्यसकारणले म यो आधारबाट म सबै साथीहरुलाई अनुरोध गर्न चाहन्छु, त्यसकारणले यो प्रदेश हामीले कर्णालीका साझा विषयहरुलाई अगाडि बढाएको अवस्था हो । तपाईले कुनै पनि रकम कलममा पुष्टि हुने गरी लिएर आउनु भयो मलाई लाग्छ त्यो हामीले साथै दिन पर्दैन । त्यो सरकारले पुष्टि भको कुरालाई आफै मान्छ त । के प्रयत्न भा छ त अहिलेसम्म ? फेर्दै जाँदा कले के दन्त्य कथा सुनाएका आधारबाट अनि यहाँ आएर त्यहीलाई विषय बनाएर के छलफल हुन सक्छ त ? सक्दैन त ? त्यसकारणले म सबैलाई, हामी सबै माननीय सदस्यलाई म अनुरोध गर्न

चाहन्छु, पुष्टि हुने कुरा यसमा प्रवेश गरौं । यसमा हामी सबैले साझा विचार बनाऔं । हामी सबैले राम्रो काम गर्या छौं भन्ने छ । तर बाहिर राम्रो काम गरे भनेर भन्दिने मान्छेको अभाव छ । होलान् कोही, ति भन्दिने मान्छे कोठाभित्र छन् । होलान् किनभने केही न केही पाएका होलान् त । अनुदान पाएका, योजना पाएका, उपभोक्ता समितिमा भएका, तिनले त राम्रो, क्या यही हो, यही बेलाको राम्रा मान्छे यिनै होलान् । तर ति बन्द कोठाभित्र होलान् । तर हामीलाई चाहिएको छ चौरमा समर्थन गर्ने मान्छे । त्यसको वातावरण बनाउने काम हामी सबैको हो । त्यसकारणले म अन्तिममा फेरि पनि भन्न चाहन्छु । समय दशैं आइसक्यो, छोटो अवधि छ । योजना केन्द्रित बजेट कार्यान्वयनको सेड्युल तपाईले कसरी बनाउनु हुन्छ ? गत आर्थिक वर्षमै टेण्डर भएका, चाहे ति बहुवर्षीय हुन्, चाहे ति समपूरक हुन्, चाहे आर्को हुन् ? त्यहाँ मूल्यांकन गर्ने अर्को मान्छे छैन त ? त्यो मूल्यांकन मैले, तपाईले गरेर हुन्न, मैले गरेर हुन्न । नआउँदासम्म ति ठप्प लागिरहने हुन् त ? परिस्थिति म त्यस्तो देख्छु । त्यसकारणले योजना कार्यान्वयन गर्ने गरी आर्को हिउँदे अधिवेशन आउँदा सरकारको तर्फबाट गतिका साथ काम भएको अनुभूति हुने गरी यो बीचमा सरकारले आफ्नो भूमिका बढाउनु पर्ने हुन्छ । फेरि यिनै कुरा दोहोर्याउनुपर्ने भएछ भने के हुन्छ ? रहन त हामी सप्पै रहौंला, सबै आ-आफ्नै ठाउँमा, तर प्रभाव नकारात्मक हुन्छ, नकारात्मक भयो भने के हुन्छ ? यो रोष्ट्रमबाट फेरि पनि भन्न चाहन्छु हाम्रो देशका सुरक्षाकर्मीहरु यस्ता हुन् कि पहिलो चोटी आउँदा घोक्रेठ्याँक नलगाउनुपर्ने थियो त्यो ज्ञानेन्द्र शाहीलाई मञ्चमा बस्दा घोक्रेठ्याँक लगाए यहाँका सुरक्षाकर्मीहरुले । अर्कोचोटी आउँदा सलामी बजाए त । यस्तो मनोविज्ञान भएको ठाउँ हो हाम्रो देश । त्यसकारणले परिर्वतनको बाहकहरु टिक्न, परिवर्तनको बाहकलाई जोगाउन हामीलाई होसियारीपूर्वक अगाडि हिँड्नुपर्ने अवस्था रहन्छ । अहिले त जहाँ बिग्रियो, खाल्डा देखे पनि नेकपा सम्झिनै पर्यो, किनभने हामी छौं त अब । अस्ती संविधान दिवसमा गाको । त्यो नगरपालिका अगाडि हिँड्दै गाको, भाग्न भएन अब के गर्ने ? त्यो अनुसारको संवेदनशीलता आउनुपर्ने ठाउँमा आउने कुरा भयो भने हामीले केही आफ्नो ठाउँमा केही कुरा गर्न सक्छौं, त्यो दिशाका आधारबाट अगाडि बढौं भन्ने कुरा राख्दै अन्तमा आउँदै गरेका सबै चाडहरुका अवसरमा यहाँ उपस्थित सबै सभामुख महोदयमार्फत् माननीय मन्त्रीज्यूहरुलाई, माननीयज्यूहरुलाई, उपस्थित सबैलाई र यो सुन्ने सबैलाई मेरो तर्फबाट, नेकपाको तर्फबाट सबै चाडका अवसरमा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दै आफ्ना भनाइहरु यहीं टुङ्ग्याउँछु, धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरु, यस चौंथो अधिवेशनमा सभाले सम्पादन गरेका काम कारबाहीहरुको संक्षिप्त विवरण यस प्रकार रहेको छ । माननीय सदस्यहरु यस अधिवेशनको ३२ औ बैठकसम्म ५४ घण्टा १४ मिनेट ३५ सेकेण्ड समय ब्यतित भएको छ । यस अधिवेशनले प्रदेश सरकारको आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम कर्णाली प्रदेश आर्थिक विधेयक २०७६, कर्णाली विनियोजन विधेयक २०७६, कर्णाली प्रदेश ऋण उठाउने विधेयक २०७६, प्राङ्गारिक कृषिसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक २०७५, कर्णाली प्रदेश स्वयंसेवक परिचालन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५, कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ लाई पहिलो संशोधन गर्न बनेको विधेयक, प्रदेशमा खेलकुद विकास सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ पारित गर्नका साथै निर्णयहरु गरियो । यस अधिवेशनमा राष्ट्रिय सभाका सम्मानीय अध्यक्ष श्री गणेश प्रसाद तिमील्सीना यस सभामा उपस्थित भई सभा समक्ष आफ्नो विचार राखु भएकोमा यस सभाको गरिमा अझै वढेको अनुभूति भएको छ । चालु अधिवेशन अधिवेशनमा विभिन्न मानीय सदस्यहरुद्वारा सार्वजनिक सरोकार र महत्वका विविध विषयहरुमा आफ्ना विचारहरु प्रस्तुत गर्नुभएको र प्रदेश सरकारको सरोकारवालाको तर्फबाट आफ्नो धारणा प्राप्त भएका छन् । यस सम्बन्धमा सरकारले सभालाई दिएका आश्वासन र प्रतिवद्धता पूरा गर्न सरकार अझै गम्भिर हुनेमा यो सभा बिश्वस्त

रहेको छ । अन्तमा सभाको सञ्चालनमा मार्ग दर्शन गर्नुहुने र सभाप्रति सधै सद्भाव प्रकट गर्नुहुने माननीय प्रदेश प्रमुखज्यू, प्रदेश सरकारका मुख्यमन्त्रीज्यू, प्रदेश सरकारका माननीय मन्त्रीज्यूहरु, प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका नेताज्यू, माननीय सदस्यहरु, प्रदेश सरकारका प्रमुख सचिव, प्रदेश सभाका सचिव, सबै मन्त्रालयका सचिवहरु, प्रदेश सभा सचिवालयका सम्पूर्ण कर्मचारीहरु, सुरक्षा निकाय तथा मर्यादापालकहरु, सञ्चारकर्मी लगायत सम्पूर्ण सबैमा हार्दिक कृतज्ञता तथा धन्यवाद ज्ञापन गर्दछु ।

माननीय सदस्यहरु, प्रदेश प्रमुखको कार्यालयवाट प्रदेश सभाको चौथों अधिवेशन अन्त्यसम्बन्धी पत्र प्राप्त हुन आएको छ । सो पत्रको व्यहोरा म वाचन गर्छु ।

मितिः २०७६/०६/१०

**विषय : <u>प्रदेश सभाको चौंथो अधिवेशन अन्त्य गर्ने सम्बन्धमा ।</u>**

श्री प्रदेश सभा सचिवालय,
कर्णाली प्रदेश, सुर्खेत ।

प्रस्तुत विषयमा मुख्यमन्त्री महेन्द्र शाहीज्यूबाट चलानी नं. ७०४ मिति २०७६/०६/१० को पत्रद्वारा कर्णाली प्रदेशको चालु चौंथो अधिवेशनको अन्त्य गर्न कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूमा सिफारिस भई आएकोले नेपालको संविधान धारा १८३ को उपधारा २ बमोजिम मिति २०७६ आश्विन १० गते शुक्रबार रातको १२ बजेबाट कर्णाली प्रदेश सभाको चालु चौंथो अधिवेशन अन्त्य गर्न प्रदेश प्रमुखज्यूको निर्देशनानुसार जानकारीका लागि अनुरोध छ ।

आज्ञाले
देवी प्रसाद पौड्याल
निमित्त सचिव

माननीय सदस्यहरु, प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त पत्र अनुसार प्रदेश सभाको चौंथो अधिवेशन २०७६ असोज १० गते रातको १२ बजेबाट अन्त्य भएको घोषणा गर्दछु ।

□□□